७१५१
A351

ए मि ल

अनुवादक
तुलसी प्रसाद ढुङ्गेल

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
संस्कृति-विभाग

रूसोको

एमिल

अनुवादकः–

तुलसीप्रसाद ढुङ्गेल

नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान
संस्कृति विभाग

प्रकाशकः-

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
काठमाडौं, नेपाल

प्रथम संस्करणः वि. सं. २०२९

मुद्रकः-

आदर्श छापाखाना
रामशाहपथ, थापाथली
काठमाडौं, नेपाल ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव

श्री ५ महाराजाधिराजबाट हुकुम भएको छ– 'साहित्य, कला र ज्ञानविज्ञानको क्षेत्रमा अतीत कालदेखि हिमवत्खण्डले दिइआएका योगदानको विशेष महत्त्व छ।'

हुन पनि हिमवत्खण्डको साहित्यमा जीवनको माधुर्यमूल उन्मेष मात्र होइन कि त्यसमा रहेको अध्यात्मको प्रतिष्ठाबाट सौन्दर्यको काया संगीतपूर्ण पनि हुन गएको छ, कलामा पनि जीवनले भोग्नुपरेको द्वन्दको संख्यातीत विविधता मात्र होइन अनन्त आकाश पुरस्कृत हुने हृदयको इन्द्रधनुषी स्वीकृति पनि छ, ज्ञानमा बुद्धिको नीरस ऊहापोह मात्र होइन कि सत् र चित्को एकतामा तादात्म्य हुने आनन्दको अखण्ड आलोक पनि छ।

यसैले श्री ५ महाराजाधिराजबाट हिमवत्खण्डको गौरवपूर्ण परम्परामा आएको अवरोधलाइ हटाउन नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानको संस्थापन गरिबक्सेको हो। मौसूफ सरकारबाट हुकुम पनि भएको छ–'ऐतिहासिक कारणहरूले गर्दा उपर्युक्त परम्परामा बीचमा आएको व्यवधानलाइ पन्छाई नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान देशको मौलिक परम्परालाइ युगानुकूल बाटोमा अग्रसर गराउन चाहन्छ।'

मलाइ आशा मात्र होइन पूर्ण विश्वास पनि छ, श्री ५ महाराजाधिराज सरकारबाट निर्दिष्ट गरिबक्सेको पथमा प्रज्ञा–प्रतिष्ठान निरन्तर अग्रसर भई त्यसले देशको बौद्धिक तथा मानसिक आवश्यकताहरूको क्रमशः परिपूर्ति गर्ने छ र देशान्तरमा पनि हाम्रो जीवनको रूप–सौन्दर्य मात्र होइन कि कर्म-सौन्दर्य र शील–सौन्दर्यको परिचय दिनमा पनि सफलता प्राप्त गर्दै जाने छ।

केदारमान व्यथित
कुलपति
नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान

२०२६ साल जेठ

मन्तव्य

अठाह्रौं शताब्दीमा फ्रान्सले रूसो जन्मायो । जसका क्रान्तिकारी विचारले सारा यूरोप नै त्यस वेला प्रभावित भयो । शिक्षाका क्षेत्रमा रूसोले 'एमिल' लाई अघि सारेका हुन् । त्यसले त्यस वेलाको समाजलाई नयाँ बाटो देखाएको थियो । त्यो अहिले आएर नेपाली भाषामा प्रकाशित गर्न पाउँदा नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानलाई हर्ष लागेको छ । यो पुस्तक अनुवाद गर्ने व्यक्ति पनि जीवनभर शिक्षक नै हुनुभएकोले यसमा बढी स्वाभाविकताले प्रश्रय पाएको छ । प्रधानाध्यापक श्री तुलसीप्रसाद ढुंगेलले यो अनुवाद गरेर धेरै अगाडि यहाँ बुझाउनुभएको रहेछ । यो अनुवाद गरिदिनुभएकोमा उहाँलाई धेरै धन्यवाद अर्पण गर्छु, तर यो अहिले प्रकाशन हुन आयो । जे भए पनि परिश्रम खेर नगएकोमा उहाँले सन्तोष गर्नुहुने नै छ । शिक्षाको क्षेत्रमा यसले यदि समाजमा केही नयाँ प्रकाश दियो भने हाम्रो प्रयास सफल भएको हुनेछ ।

चूडानाथ भट्टराय
आयोजक
तथा
निमित्त का० मु० उप-कुलपति ।

पुस्तक–परिचय

यो पुस्तक फ्रान्सका विश्वविख्यात महान् दार्शनिक रूसोले लेखेको 'एमिल' नामक पुस्तकको नेपालीमा भाषान्तरसम्म मात्र हो। त्यसैले यस विषयमा मेरो विशेष भन्नु केही छैन र पाठकहरूका समक्ष यस पुस्तकको परिचयसम्म प्रस्तुत गर्नु छ।

मानिस जन्मँदै खराब भएर जन्मेको हुँदैन, त्यो वेला ऊ स्वभावतः असल हुन्छ। तर ऊ हुर्कंदा बढ्दा समाजको दूषित वातावरण र यसको कुरीति-कुप्रथाले प्रभावित भएर भ्रष्ट विचारको हुन जान्छ र बिग्रन्छ। त्यसैले बच्चा बच्चीहरूको शिक्षा दीक्षा शहरिया जीवनको प्रलोभनदेखि टाढा स्वच्छ पवित्र वातावरणमा विचारवान् र सच्चरित्र गुरुबाट हुनुपर्दछ। त्यो शिक्षा सैद्धान्तिक मात्र हुनु हुँदैन, प्रयोगात्मक हुनुपर्दछ। उनीहरूलाई उनीहरूको आफ्नै इन्द्रियले अनुभव गरेका कुराहरूको विषयमा हरेक कुराको ज्ञान हुनुपर्दछ। यसरी शिक्षा दिंदा कुनै बाबु–आमा, रक्षक–रक्षिका, शिक्षक–शिक्षिकाहरूबाट कुनै प्रकारको जोर–जबर्दस्ती हुनु हुँदैन। यस प्रणालीबाट उनीहरूले स्वेच्छापूर्वक खुशीराजीसँग ज्ञान प्राप्त गर्दै जान्छन् र हामी शिक्षा र तालीम प्राप्त गरिरहेका छौं भन्ने कुराको होश उनीहरूलाई नै हुँदैन।

बाह्र वर्षदेखि मुनिको अवस्था बाल्यावस्था हो। यो बाल्यावस्था सुखी अवस्था हो। यस अवस्थामा बच्चा–बच्चीहरूले निस्फिक्रीसँग हाँस्नु खेल्नु दौडनु उफ्रनु इत्यादि बाल लीला गर्न पाउनैपर्दछ। यसमा कुनै विघ्न–बाधा हुन दिनु हुँदैन यो प्रकृतिको माग हो। यसबाट बच्चा–बच्चीहरूको राम्रो शारीरिक विकास हुन्छ र साथै मस्तिष्कको पनि विकास हुँदै जान्छ। त्यसपछि आउँदछ केटाकेटीहरूको बौद्धिक विकासको अवस्था। अनि त्यसपछि मात्र आउँदछ बौद्धिक विकासको साथसाथै नैतिक विकासको अवस्था। यसै अनुसारको शिक्षा दीक्षा उनीहरूलाई दिनुपर्दछ। यी तीनै प्रकारका शिक्षा र तालीम सैद्धान्तिक

रूपबाट होइन कि प्रयोगात्मक र अनुभवको रूपबाट हुने हुनुपर्दछ । जुन राष्ट्रका बच्चा–बच्ची, केटा–केटी, युवा–युवतीहरूलाई यस प्रकारको शिक्षा र तालीम दिइन्छ त्यस राष्ट्रका नागरिकहरू सच्चा र सभ्य नागरिक बन्दछन्–र त्यस्तो भएपछि त्यस राष्ट्रको सच्चा विकास र उन्नति अवश्यम्भावी छ भन्ने इत्यादि कुराको विचार रूसोले यस 'एमिल' नामक पुस्तकमा प्रकट गरेका छन् ।

'एमिल' एउटा काल्पनिक केटाको नाम हो । यसमा आफूलाई रूसोले एउटा काल्पनिक आदर्श शिक्षकको रूपमा दर्शाएका छन् ।

तिन ताक फ्रान्समा जुन शिक्षाप्रथा चलेको थियो त्यो दूषित वातावरणमा हुन्थ्यो । र त्यो रूसोको विचारको विपरीत थियो । रूसोको यो 'एमिल' नामक पुस्तक प्रकाशित भएपछि फ्रान्स र सारा यूरोपको नै शिक्षा–जगत्‌मा हलचल मच्चियो । यूरोपका सबैजसो भाषाहरूमा यसको अनुवाद भयो । बेलायतमा त यसका दुई अनुवाद भए । फ्रान्सका शिक्षालयहरूमा यो मुख्य पाठ्य पुस्तक नै रह्यो ।

संक्षेपमा:– रूसोको विचारलाई सबैले सहर्ष स्वागत गरे र यथासम्भव यसै प्रथालाई अपनाउने प्रयास हुन थाल्यो इत्यादि ।

यो सब भएको अठारौं शताब्दीमा हो ।

यो पुस्तक फ्रान्सिसी भाषाबाट अंग्रेजी भाषामा उल्था भएको छ र यसलाई अंग्रेजी भाषाबाट नेपाली भाषामा उल्था गरिदिनुहुन्छ कि भनेर नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानका उस वेलाका सदस्य श्री सूर्यविक्रम ज्ञवालीज्यूले आग्रह गर्नुभएकोले मैले यसलाई यथासम्भव सरल नेपाली भाषामा उल्थासम्म गरेको हुँ, भाषान्तरसम्म मात्र गरेको हुनाले यसमा मेरो मौलिकता केही छैन ।

यस पुस्तकको प्रकाशनमा नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानका सदस्य श्री चूडानाथ भट्टरायज्यूले जुन दिलचस्पी र चाख लिएर यो पुस्तकलाई प्रकाशनमा ल्याइदिनुभो त्यसनिमित्त म उहाँलाई हार्दिक धन्यवाद अर्पण गर्दछु ।

हे. मा. तुलसीप्रसाद ढुङ्गेल

परमेश्वर सबै कुरा शुद्ध र असल बनाउँछन्, मानिस तिनीहरूमा हात हाल्दछ र ती कुराहरूलाई अशुद्ध र खराब तुल्याउँदछ, ऊ जबर्दस्तीसँग एउटा माटोलाई अर्को माटोमा हुने फसल पैदा गर्ने तुल्याउँदछ, एउटा वृक्षलाई अर्को वृक्षमा हुने फल फलाउने तुल्याउँदछ । ऊ काल बेला, ठाउँ र प्राकृतिक अवस्था बुझ्दैन र त्यसैले अलमलिन्छ उसले आफ्नो कुक्कुर, घोडा र दासको पनि अङ्गभङ्ग गर्दछ, उसले सब कुरालाई कुरूप तुल्याउँदछ र नाश गर्दछ, जुन कुरा नराम्रो र भयङ्कर छ, त्यसै कुरालाई ऊ मन पराउँदछ, प्रकृतिले जुन बनाएको छ, त्यो कुनै कुरा पनि ऊ रुचाउँदैन, त्यस्तो मनुष्य नै पनि उसको दृष्टिमा चढ्दैन, जसले सवारीको घोडाले जस्तै उसको पाइला (चाल) बुझ्नुपर्दछ र उसको बघैंचाका रूखहरूले जस्तै उसको रुचिअनुसार छाँटिनुपर्दछ ।

तैपनि यस कुराको शिक्षा नभए अरू खराब हुने थियो र आधा आधा कुराबाट मनुष्यजाति बन्न सक्तैन । जन्मदेखि नै मानिसलाई जस्ताको तस्तै अवस्थामा छोडिदियो भने अरू प्राणीभन्दा ऊ झन् भयङ्कर दानव जस्तै हुने थियो ।

अविवेक, अधिकार, आवश्यकता, पक्षपात, देखासिकी, यी सब सामाजिक अवस्थाहरू जसमा हामी डुबेका छौं, यिनीहरूले मानिसको प्राकृतिक स्वभावलाई दबाउने थिए र त्यसको ठाउँमा केही पनि रहने थिएन; त्यो प्राकृतिक स्वभाव संयोगले मूल सडकको बीचमा गाडिन पुगेको सानो बिरुवा जस्तै हुने थियो र त्यो कैले यता कैले उता लतारपतार हुँदै बाटो हिंड्नेहरूले कुल्चिएर किचिमिचि हुने थियो ।

कलिली चिन्तित आमा ! म तिमीसँग फिराद गर्दछु– यो सानो कलिलो बिरुवालाई मूल बाटोबाट हटाउने र थिचोमिचो पारेर दबाउने सामाजिक प्रथाबाट बचाउन सक्छ्यौ । यो मर्न नपाउँदै यसको स्याहार–सुसार गरेर यसलाई मल–जल हालिदेऊ, एकदिन यसमा फलेका फलले तिम्रो

स्याहार-सम्भारलाई पुरस्कृत तुल्याउनेछ । शुरूदेखि नै तिम्रो बच्चाको जीवको वरिपरि परखाल उठाएर घेरिदेऊ, अर्कालि योजना बनाउन नपाओस्, तिमीले नै मात्र यो काम पूरा गर्नुपर्छ ।

खनजोत र मलले बिरुवाहरू बन्दछन्, मानिस शिक्षाले बन्दछ, मानिस जन्मँदै अग्लो र बलियो भएर जन्मेको भए उसले आफ्नो बल र आकारको प्रयोग गर्न नसिकुञ्जेलसम्म ती कुराहरू उसलाई केही काम लाग्ने थिएनन् अरू उसलाई सहायता गर्न आउने अरूहरूलाई रोकेर तिनीहरूले उसको झन् खराबी गर्ने थिए, उसलाई जे मन लाग्यो सो गर्न छोडिदिएको भए आफ्ना आवश्यकताहरूको ज्ञान नहुँदै ऊ अभाव-अभावैले मर्ने थियो, हामी बाल्यावस्थाको असहायत्वको निमित्त अफसोस गर्दछौं र यदि मानिस बालकबाट शुरू नभएको भए मनुष्यजातिको नाश भइसक्ने थियो भन्ने कुरो हामी बुझ्न सक्तैनौं । हामी कमजोर भएर जन्मेका छौं र हामीलाई ज्ञान र विवेक चाहिन्छ, जन्मँदाखेरि हामीलाई जुन जुन कुराको अभाव हुन्छ र जुन जुन कुरा मानिसको अवस्थामा आएपछि हामी चाहन्छौं र पाउँछौं पनि, त्यो सबै शिक्षाको देन हो ।

यो शिक्षा हामीलाई प्रकृतिबाट, मानिसबाट या वस्तुहरूबाट प्राप्त हुन्छ । हाम्रा अङ्गहरूको र बल, तागत या शक्तिहरूको भित्री वृद्धि प्रकृतिको शिक्षाबाट हुन्छ, यस वृद्धिको प्रयोग गर्न हामी जे सिक्तछौं, त्यो मानिसहरूको शिक्षाबाट हुन्छ र हाम्रो छेउछाउको छरछिमेकको अनुभवबाट हामी जे-जति कुरा प्राप्त गर्दछौं त्यो वस्तुहरूको शिक्षाबाट हुन्छ ।

यस प्रकार हामीहरूमध्ये हरेकले तीन थरी गुरुबाट शिक्षा पाउँदछौं । उनीहरूको शिक्षा बाझियो वा आपसमा ठक्कर खायो भने शिक्षार्थी कुशिक्षित हुन आउँछ र उसको आफ्नै मनले शान्ति पाउँदैन, उनीहरूको शिक्षामा सामञ्जस्य भयो भने ऊ सोझै आफ्नो लक्ष्यमा पुग्दछ, उसको मनले शान्ति पाउँदछ र ऊ सुशिक्षित बन्दछ ।

अब शिक्षाविषयक यी तीन कुरामा प्रकृति चाहिं हाम्रो नियन्त्रणदेखि बाहिरको कुरा छ, वस्तुहरूचाहिं केही अंशमा हाम्रो शक्तिभित्र हुन्छन्, मानिसबाट हुने शिक्षा हाम्रो नियन्त्रणभित्र रहन्छ, र यसमा पनि हाम्रो शक्ति ज्यादै अनिश्चित कुरा छ, किनभने जो-जोसँग बालकको सम्बन्ध रहन्छ, ती सबैको हरेक वचन र हरेक कार्यलाई नियमित तुल्याउन कसले आशा गर्दछ ?

कलाको दृष्टिबाट हेर्‍यो भने शिक्षाको सफलता प्रायः असम्भव हुन्छ; कारण, शिक्षाको सफलताका मुख्य अवस्थाहरू हाम्रो नियन्त्रणदेखि

बाहिरका कुरा हुन् । हाम्रा प्रयत्नहरूले हामीलाई लक्ष्यको निकट सम्म ल्याउन सक्तछन्, तर त्यसमा पुगिहाल्नलाई त भाग्यले नै हामीलाई अनुग्रह गर्नुपर्छ ।

यो लक्ष्य के हो त ? हामीले अहिले बताएजस्तै यो प्रकृतिको लक्ष्य हो । तीनै प्रकारका शिक्षाले सँगसँगै कार्य गर्नुपर्ने हुनाले जुन कुरो हाम्रो नियन्त्रणदेखि बाहिरको कुरो छ । त्यसैको नेतृत्वमा हाम्रो नियन्त्रणभित्रका ती दुई कुराले लाग्नुपर्दछ । शायद यो प्रकृति भन्ने पदको अर्थ ज्यादै अस्पष्ट छ । हामी यसको व्याख्या गर्न प्रयत्न गरौं ।

मानिसहरू भन्दछन् कि प्रकृति भनेको केवल आदत हो । त्यसको मतलब के हो ? के करै शान्ति या जबर्जस्तीसँग बन्न आएका आदत होइनन्, जुन आदतले प्रकृतिलाई दबाउन सक्तैनन् ? उदाहरणस्वरूप बराबरी गरेर बढ्ने गरी रोपिएका बिरुवाहरूको आदत यस्तै हुन्छ । बिरुवाले आफ्नो बनावटी (अप्राकृतिक) आकार केही समयसम्म कायम राख्छ, तर त्यस बिरुवाले आफ्नो प्राकृतिक बाटो बदलेको हुँदैन र जब त्यसले नयाँ चालसित बढ्ने मौका पाउँछ त्यस बेला यो अग्लो र सोझो भएर बढ्दछ, मानिसको आदत पनि यस्तै हुन्छ; जहाँसम्म अवस्थाहरू उस्तै रहन्छन्, वहाँसम्म आदतहरू जस्तोसुकै अप्राकृतिक भए तापनि उस्तै रहन्छन्; तर अवस्था बदल, अनि आदतहरू हराउँछन् र प्रकृतिले फेरि आफ्नो बाटो लिन्छ, शिक्षा पनि आदत नै हो के यस्ता मानिसहरू हुँदैनन्, जसले आफ्नो शिक्षा बिर्सन्छन् अथवा गुमाउँदछन् ? फेरि अरू यस्ता मानिस पनि हुन्छन्, जो आफ्नो शिक्षामा अवलम्बित रहन्छन् । यो फरक कहाँबाट आउँछ ? यदि 'प्रकृति' शब्द प्रकृतिकै अनुकूल आदतमा नै सीमित हुने हो भने हामीले अरू भन्नुपर्ने केही छैन । हामी जन्मसिद्ध सचेतन प्राणी हौं र जन्मदेखि नै हामी आफ्नो छेउछाउका छरछिमेकका कुराबाट प्रभावित हुन्छौं । जब हामीलाई यी चेतनाहरूको ज्ञान हुन्छ, तब हामी यी चेतनाहरू जगाउने कुराहरू खोज्न या छोड्नतिर लाग्दछौं । पहिले त हामीमा यो प्रवृत्ति ती कुराहरू रमाइला लाग्ने हुन् या नरमाइला लाग्ने हुन् त्यसबाट आउँदछ, त्यसपछि ती कुराहरू हामीलाई मिल्ने कुरा हुन् या नमिल्ने कुरा हुन् त्यसबाट आउँदछ र अन्त्यमा ती कुराहरू हाम्रो सुख र भलाइका निमित्तका हुन् कि होइनन् भन्ने विचारको तर्कबाट आउँदछ । जतिजति हाम्रो तर्कशक्ति पाको हुँदै गयो, उतिउति यी प्रवृत्तिहरू मजबूत र स्थायी हुँदै जान्छन्, तर हाम्रा आदतहरूबाट अवरुद्ध भएर यिनीहरू धेरै या थोरै मात्रामा हाम्रा विवेकहीन विचारहरूद्वारा टेढा तुल्याइन्छन् । यो परिवर्तन हुनुभन्दा अघिको अवस्थालाई म हाम्रो 'भित्री

प्रकृति' हो भन्दछु ।

त्यसै कारण हरेक कुरालाई यी स्वभाविक पद्धतिहरूसित मेल खाने तुल्याउनुपर्दछ र हाम्रा तीन प्रकारका शिक्षाहरू आपसमा फरक खाने मात्र भए त बेश हुन्थ्यो; तर जब तिनीहरू आपसमा जुद्धछन्, तब के गर्न सकिन्छ ? त्यस अवस्थामा मानिसलाई उसैका निमित्त शिक्षा दिइनुको सट्टा उसलाई अरूका निमित्त शिक्षा दिइने हुन आउँछ । सामञ्जस्य आउने अर्थात् मेल खाने कुरो त असम्भव । प्रकृति अथवा समाजसँग लड्न करै लाग्ने भएकोले तिमीले या त मानिस या त नागरिक यी दुईमध्ये एउटालाई रोज्नैपर्ने हुन्छ । दुवैलाई एकै साथमा शिक्षा दिन सकिन्न मजबूतसँग सुसङ्गठित भएर रहेको र अरूहरूबाट छुट्टै रहेको सानो चाहिं सामाजिक गठन ठूलो चाहिं समाजबाट निस्कनतिर लाग्दछ । हरेक देशभक्तले विदेशीहरूलाई तुच्छ गर्दछ, उसका निम्ति तिनीहरू मनुष्य मात्र हुन्, अरू केही होइनन् । यो दोष अनिवार्य या व्यापक छ, तर महत्त्वपूर्ण छैन । हाम्रा छिमेकीहरूप्रति दया गर्नु पो त महान् कुरो हो । विदेशीहरूका बीच स्पार्टानिवासी स्वार्थी, लोभी र अन्यायी थियो, तर उसको गार्हस्थ्य जीवनमा स्वार्थहीनता, न्याय र मेलमिलापले राज्य जमाएको हुन्थ्यो, जसले आफ्ना पुस्तकहरूमा टाढाको कर्तव्यलाई अँगालेका हुन्छन् र नजीककालाई अपहेलना गर्दछन्; यस्ता विश्वबन्धुहरूमाथि विश्वास नगर, यस्ता वेदान्तीहरू आफ्ना छिमेकीहरूमाथिको सहानुभूति र प्रेम छल्नलाई तारतारी तुर्कहरूलाई प्रेम गर्ने हुन्छन् ।

प्राकृतिक मानिस आफ्नै निमित्त रहेको हुन्छ, ऊ एक हुन्छ, समूचा या सिङ्गै हुन्छ, ऊ केवल आफूमा र आफू जस्तै व्यक्तिहरूमा निर्भर गर्ने हुन्छ; नागरिक त भिन्न (अङ्कगणित हिसाबको एक तरीका) को भाज्य मात्र हो, जसको मान यसको भाजकमा निर्भर गर्दछ । मानिसको गुण या योग्यता जम्मैमा अर्थात् समुदायमा निर्भर गर्दछ । मानिसलाई अप्राकृतिक तुल्याउन, उसको स्वाधीनतालाई पराधीनतामा परिणत गराउन, एकत्वको भावलाई समूहमा मिलाउन जुन संस्थाहरू खूब समर्थ हुन्छन्, ती संस्थाहरू बेश कहलाउँछन्, जसले गर्दा आफ्नो एकत्वको भावलाई छोड्दछ । सिंगै यो एक अंश मात्र आफूलाई सम्झन थाल्दछ र साधारण या मामुली जीवनको मात्र उसलाई विचार र चेतना हुन थाल्दछ । रोमको नागरिक न त केयस थियो, न त लूसियस नै थियो; त्यस्तो त कुनै एक रोमको बासिन्दा थियो । कैदमा परेको रेगुलस आफू कार्थेजको नागरिक कहलाउँदथ्यो । विदेशी भएकोले उसले

आफ्नो मालिकको आज्ञाविना रोमको सिनेटमा संसद्–भवनमा आफ्नो स्थान लिनलाई इन्कार गऱ्यो । आफ्नो जीवन बचाउने प्रयत्न गर्नुलाई घृणा गऱ्यो । ऊ दृढ इच्छाको मानिस थियो र विजयको भावनापूर्वक निष्ठुर मृत्युलाई अँगाल्यो । रेगुलस र हाम्रो समयका मानिसहरूमा कुनै सादृश्य छैन ।

स्पार्टाको बासिन्दा पेडेरेटिस स्पार्टाको तीन सयको सभामा प्रवेशका निम्ति उपस्थित भएको थियो, तर ऊ तिरस्कृत भयो; दिक्दार हुनुको सट्टा मभन्दा योग्य अरू नै तीन सय स्पार्टानहरू रहेछन् भन्ने विचारले खुशी मनाउँदै ऊ त्यहाँबाट गयो । म सम्झन्छु, उसको विचार सत्य थियो, यसमा सन्देह गर्नुपर्ने कुरो छैन । साँच्चीको नागरिक भनेको त्यस्तो हुन्छ ।

स्पार्टाकी एउटी आमाका पाँच ओटा छोरा फौजमा थिए । एउटा दास तिनीकहाँ आइपुग्यो; थरथर काम्दै तिनले ऊसँग हालखबर सोधिन् । उसले उत्तर दियो "तिम्रा पाँचै जना छोरा मारिए" तिनले भनिन् "नीच दास ! मैले तँसँग त्यही खबर सोधेको हो ?" साथै उसले यो पनि भन्यो– "लडाइँमा विजय त हाम्रै भयो" यो सुन्नेबित्तिकै ती आइमाई देवताहरूलाई धन्यवाद चढाउनको लागि हतपतसित मन्दिरतिर गइन् । (साँच्चीको) नागरिक भनेको त त्यही हो ।

जसले सामाजिक जीवनमा प्राकृतिक मनोभावना या इच्छाहरूलाई प्राधान्य दिइरहन्छ, उसलाई आफूलाई के के चाहिन्छ, त्यसै कुराको ज्ञान हुँदैन । आफ्ना कामना र कर्तव्यहरूको बीचमा हिचकिचाउँदै त्यो सधैं आफूसँगै लडन्त गरिरहेको हुन्छ र त्यो व्यक्ति न मानिस हुन्छ, न नागरिक नै हुन्छ । त्यो न आफूलाई, न अरूलाई, कसैलाई पनि काम लाग्ने हुँदैन । त्यो हाम्रो समयको ठूलो मध्यमवर्गको कुनै फ्रान्सिसी होस्, अथवा कुनै अंग्रेज होस्, यस्तै एउटा व्यक्ति मात्र हुन आउँछ जो केही हुन त आफै हुन्, र सधैं आफूसँगै एक हुन् । मानिसले जस्तो बोल्छ त्यस्तै गर्नुपर्दछ र बल र दृढतापूर्वक त्यसै मार्गको अनुसरण गर्नुपर्दछ । जब यो अद्भुत कुरा भेट्नेछ, त्यस वेला त्यो व्यक्ति मानिस हो वा नागरिक हो, अथवा कसरी उसले यी दुवै हुने जुक्ती निकाल्ने हो, त्यस कुराको निर्णय गर्न प्रशस्त समय मिल्ने नै छ ।

यी परस्परविरोधी लक्ष्यहरूबाट दुई प्रकारका परस्परविरोधी शिक्षाप्रथाको उत्पत्ति हुन सक्तछ; एउटा हो धेरैका निमित्तको जनसाधारण प्रथा, अर्को चाहिंदो निजी र भित्री या घरायसी ।

यदि तिमी जनसाधारणप्रथाको शिक्षा भनेको के हो त्यसको मतलब

जान्न चाहन्छौ भने प्लेटोको रिपब्लिक (गणराज्य) नाम भएको ग्रन्थ पढ, जसले पुस्तकको नामबाट मात्र ग्रन्थको विचार गर्दछन्, तिनीहरूले यो ग्रन्थ राजनीतिको व्याख्या हो भन्ने ठहराउँछन्; तर यो अहिलेसम्म शिक्षा-विषयमा लेखिएका ग्रन्थहरूमध्ये सबभन्दा उत्तम व्याख्या हो ।

जनसाधारणको विचारमा प्लेटोको शिक्षासंस्था जुन जुन काल्पनिक र असत्य छ त्यस-त्यसमै निर्धारित छ । मेरो व्यक्तिगत विचारको कुरा गरूँ भने भन्छु – उनले आपनो लेखमा मात्र वर्णन गरेका भए मिकर्गसको शिक्षाप्रथा-लाई बिलकुल असम्भव भन्ने ठान्ने थिएँ । प्लेटोले मानिसको हृदयलाई स्वच्छ र शुद्ध गराउन खोजे, लिकर्गसले यसलाई आपनो प्राकृतिक बाटोबाट फर्काए ।

लोकसंस्था रहँदैन, रहन पनि सक्तैन, किनभने त्यस्तो न देश छ, न कुनैँ देशभक्त नै छ । यी शब्दहरूलाई हाम्रो भाषाबाटै काटिदिनुपर्छ । त्यसको कारणसित अहिले यहाँ हामी सम्बन्धित छैनौं, त्यसैले मलाई यो कुरा थाहा भए तापनि यो बताउनतिर म लाग्दिनँ । हाम्रा हास्यास्पद महाविद्यालयहरूलाई म लोकसंस्था ठान्दिनँ, न त म ढाँचावाल या रवाफिलो शिक्षालाई नै यस-भित्र सम्मिलत गराउन सक्तछु, किनभने एकै पल्ट दुईतिर मुख फर्केको शिक्षा-बाट केही लाभ हुन सक्तैन, किनभने यस्तो शिक्षाले परहितका निमित्त बाँच्ने भन्ने कहलाएर आफ्नै स्वार्थको विचार गर्ने आडम्बरीहरू पैदा गर्दछ । यी वकवेदान्तहरूबाट कोही छकिँदैन, किनभने हरेकको यी कुराहरूमा आपनो आपनो हिस्सा या भाग हुन्छ; यसले त केवल परिश्रमको मात्र बरबादी गराउँछ ।

यी परस्परविरोधी कुराहरूले हाम्रो मनभित्र झगडा उठाइदिन्छन्, यसरी प्रकृतिले यतातिर खिचिएर र उतातिर मानिसले खिचिएर यी दुवै जोडदार शक्तिलाई मान्न लाचारीसाथ करै लागेर हामी बीचको बाटो लिन्छौं र कुनै लक्ष्यमा पनि पुग्दैनौं; हामी आपनो मनभित्र झगडा गर्दैमा र दोमन गर्दैमा जीवन बिताउँदछौं र शान्ति मिलनुभन्दा अगाडि नै हामी खतम हुन्छौं । यसरी हामी न आपना निमित्त उपयोगी हुन्छौं, न अरूका निमित्त नै ।

अब रह्यो घरको शिक्षा अथवा प्रकृतिको शिक्षा, तर यदि कुनै मानिस आपनो निमित्त मात्र शिक्षित भएको छ भने ऊ कसरी अरूहरूसँग रहने होला यदि आफूभित्र रहेका परस्परका विरोधहरूलाई हटाएर मानिसले दुवै लक्ष्यहरू-लाई एउटै तुल्याउन सक्यो भने उसको सुखको बाटोमा रहेको एउटा ठूलो बाधा हट्छ । यस कुराको विचार गर्नलाई तिमीले मानिसको पूर्णतया वृद्धि भएको

अवस्थाहरूको अध्ययन गरेको हुनुपर्छ; तिमीले उसका रुचिहरूको राम्रो विचार गरेको हुनुपर्छ; उसको प्रगतिको विचार गरेको हुनुपर्छ; उसको पाइला पाइलाको अनुशरण गरेको हुनुपर्छ; तिमीले प्राकृतिक मानिसलाई चिनेको हुनुपर्छ; जब तिमीले यस कुराको अध्ययन गरिसकेका हुन्छौ, तब तिमीले यस दिशामा केही प्रगति गरेका छौ भन्ने म ठहराउँछु ।

यस्तो असाधारण मानिसलाई तालीम दिन के गर्नुपर्छ ? हामी धेरै कुरा गर्न सक्तछौं; तर मुख्य कुरा यो हो कि गरिइरहन लागेको कुरालाई रोक्न जुन दिशातिरबाट हुरी चलेको छ, त्यसै दिशातिर जहाज चलाउँदा हामी केवल कैले यतातिर कैले उतातिर लाग्दछौं; आँधी चलेको समुद्रमा आफ्नो ठाउँमा अड्नलाई हामीले जहाज अड्याउनुपर्दछ । याद राख नौजवान चालक ! नत्रभने तिम्रो जहाज तिमीले थाहा पाउनुभन्दा अघि नै खुस्कनेछ या लङ्गूरलाई नै घिच्याएर लंजानेछ ।

सामाजिक स्थितिमा हरेकको आफ्नो आफ्नो स्थान हुन्छ र यसका निमित्त मानिसले शिक्षित हुनैपर्छ । यदि यस्तो शिक्षित मानिसले आफ्नो स्थान छोड्यो भने त्यो अरू कुनै कुराको निमित्त योग्य हुँदैन । भाग्य उसका आमा–बाबुको मन या रुचिसँग मिल्न आयो भने मात्र उसको शिक्षा उपयोगी हुन आउँछ, नत्र त्यो शिक्षा गलत भावनाबाट हुन आएको छ भने त्यसले शिक्षार्थीलाई बिगार्छ । मिस्र देशमा जहाँ छोरोले बाबुको पेशा लिन करै लाग्दथ्यो, त्यहाँ शिक्षाको कम-से-कम एउटा निश्चित लक्ष्य हुन्थ्यो । तर जहाँ सामाजिक स्थान तोकिएको हुन्छ र जसले यो स्थिति लगाउँछन् तिनै मानिसहरू आफ्नो व्यवसायमा सधैं परिवर्तन गरि रहन्छन् भने त्यस्ताले आफ्ना छोराहरूलाई आफ्नै पेशाको निमित्तको शिक्षा दिंदा खराबी होला कि नहोला, बिचारणीय कुरा छ ।

प्राकृतिक स्थितिमा सबै मानिस बराबर हुन्छन् र उनीहरूको साजा काम मनुष्यत्वको काम हुन्छ; त्यसनिमित्त सुशिक्षित मानिस यसमा र यससँग सम्बन्धित सबै कुरामा सुचारु रूपले काम गर्न असफल हुन सक्तैन, मेरो शिष्यको शिक्षा चाहे धार्मिक संस्थाका निमित्तको होस् चाहे न्यायालयमा ऐन कानूनका निमित्तको होस्, मलाई त्यस कुराको केही परवाह छैन । उसका बाबु-आमाहरूले उसका निमित्तको व्यवसाय रोज्नुभन्दा अघि नै प्रकृतिले उसलाई मानिस हुन आह्वान गरिसकेको छ । म त उसलाई जीवन नै व्यवसाय हो भन्ने शिक्षा दिन्छु । जब उसले मलाई छोडेर जान्छ, त्यस

बखतमा ऊ न कुनै अञ्चलाधीश हुन्छ, न सिपाही या फौजी अफिसर हुन्छ, नै त कुनै पादरी या पुरोहित नै हुन्छ; ऊ त एक मानिस हुन्छ । मानिसलाई उपयुक्त हुने कुरा जति छन्, ती सबै उसले अर्कोले जत्तिकै छिटो सिक्नेछ । भाग्य उसको स्थानमा परिवर्तन गराउन व्यर्थ छ, किनभने त्यो आफ्नो उचित स्थानमा रहने हुन्छ । हाम्रो अध्ययनको मुख्य वस्तु या विषय मानिस र उसको नजीकको छरछिमेक हो । मेरो विचारमा हामीहरूमध्ये जसले जीवनको असल खराबी या सुख दुःखलाई खूब सहन गर्न सक्तछन् तिनीहरू नै सबभन्दा असल या उत्तम खालका शिक्षित हुन् । यसउसले यो सिद्ध हुन आउँछ कि सच्चा शिक्षा सिद्धान्तमा भन्दा अभ्यास या अनुभवमा रहन्छ; जब हामी जन्मनेबित्तिकैदेखि जीवनको आरम्भ गर्दछौं, अर्थात् हाम्रो जीवनको आरम्भदेखि नै हाम्रो शिक्षाको आरम्भ हुन्छ, हाम्रो शिक्षा हामीसितबाटै शुरू हुन्छ, हाम्रो पहिला गुरु हाम्रो धाई हो, प्राचीन जनहरू 'शिक्षा' यस पदलाई भिन्नै अर्थमा प्रयोग गर्दथे । यसको अर्थ हुन्थ्यो यस प्रकार शिक्षा, अनुशासन र उपदेश । यी तीन कुराहरूको तात्पर्यमा उत्तिकै भेद छ, जत्तिको गृहस्थी उपशिक्षक र शिक्षकको तात्पर्यमा छ । तर यी भेदहरूको चर्चा गर्नु वाञ्छनीय छैन र बालकले एउटै निर्देशक या पथ-प्रदर्शकको अनुशरण गर्नुपर्छ ।

त्यसो हुनाले हामीले विशेष कुरातिर होइन कि साधारण कुरातिर हेर्नुपर्दछ र हाम्रो शिक्षार्थीलाई हामीले मरणशील जीवनको सबै प्रकारका परिवर्तन र संयोग या घटनामा पर्ने संभावनामा रहेको मानिस भन्ने विचार गर्नुपर्छ । मानिसहरू हाम्रै मुलुकको माटो सुहाउने गरी जन्मेका भए, एउटै मौसम सालभर रहे र भाग्य नगुन्ने गरी मजबूतसँग अडिरहने भए निश्चित रूपसँग चलाइएको शिक्षा–प्रणाली केही लाभदायक हुने थियो र बाबुकै व्यवसाय लिन तालीम लिई त्यो व्यवसाय छोड्ने थिएन र उसलाई अरू अवस्थाका कठिनाइको सामना गर्नुपर्ने थिएन; तर जब हामीहरू मानिसको व्यावहारिक कामहरूको अस्थिर स्वभावको विचार गर्दछौं, जब हाम्रो समयको चंचल र असुविधाजनक भावनाको विचार गर्दछौं, जब मानिसको हरेक वंशले आफ्ना पुर्खाहरूले गरेको कामलाई उल्टाइरहेछ, त्यस्तो समयमा बालकले मानौं आफ्नो स्थान कहिल्यै पनि छोड्नेछैन, मानौं उसको अगल-बगलमा सधैं नोकर-चाकर या सेवकहरू रहिरहनेछन् भन्ने सम्झेर त्यसै किसिमको शिक्षा दिनुभन्दा मूर्ख र विचारहीन योजना अर्को के होला ? यसो हुँदा त त्यो अभागी व्यक्ति अलिकति तल-माथि पाइला सार्‍यो कि बिग्रिहाल्छ । यो

त उसलाई दुःख सहन गर्न समर्थ हुने शिक्षा दिनु त भएन, यो त उसलाई दुःख पर्दा मन दुख्ने तालीम दिनु पो भयो ।

मानिसहरू आफ्नो बच्चाको जीवन बचाएर राख्ने विचार मात्र गर्दछन्, यत्तिले मात्र पुग्दैन । ऊ ठूलो भएर मानिस भएपछि उसले आफ्नो जीवन कसरी बचाएर राख्नुपर्दछ, त्यस कुराको शिक्षा उसलाई दिनुपर्दछ । उसलाई प्रारब्धका धक्का सहन गर्न आवश्यक पऱ्यो भने आइसल्याण्डको बरफका बीच या माल्टाका जल्दा पहाडी चट्टानहरूमा रहन समर्थ तुल्याउने किसिमको शिक्षा दिनुपर्दछ । मृत्युबाट बचाउन प्रयत्न गर्नु व्यर्थ छ, एक वार त उसले मर्नैपर्दछ । तिम्रो होशियारी र प्रयत्नद्वारा मरेन भने पनि आखिर त यो कुरा अवश्यम्भावी छ । मृत्युलाई छल्नेभन्दा कसरी रहने त्यस कुराको शिक्षा उसलाई दिनुपर्दछ । जीवन श्वासको गिन्तीमा होइन कि कर्ममा हाम्रो बुद्धि विवेकले हाम्रो मनको, हाम्रो शक्तिको, हामीलाई आफ्नो अस्तित्वको ज्ञान दिने हाम्रो जीवनको हरेक अंशको प्रयोगमा रहन्छ, जीवन दिनहरूको गणनामा होइन कि कसरी रहने त्यस कुराका तीक्ष्ण विचारमा रहन्छ । मानिस सय वर्षसम्म बाँचेर किन नरहोस्, तर ऊ निष्क्रिय भएर रहेको छ भने उसले नबाँचेकै भन्नुपर्दछ । जवानीमै मृत्यु भएको भए उसको निमित्त बेश कुरो हुने थियो ।

हाम्रो बुद्धि गलत विचारको छ र हाम्रो रीति–स्थितिहरू नियन्त्रण, विवशता र करकापमा परेर चलिआएका छन् । मानिस जन्मेर सभ्य हुन्छ मर्दाखेरि दास (गुलाम) भएर मर्दछ । बच्चालाई गुटुमुटु पारेर लुगामा बेरिन्छ, पछि उसको मृतक शरीरलाई सन्दूकमा हालेर किला ठोकेर गाडिन्छ । जीवनभर मानिस प्रथाहरूको बन्धनमा रहन्छ ।

म सुन्छु– धेरै धाईहरू बच्चाको टाउको मलमाल गरेर राम्रो तुल्याउन सकिन्छ भन्ने बहाना गर्दछन् र तिनीहरूलाई यो गर्न दिइन्छ पनि परमेश्वरले बनाउनुभएको हाम्रा टाउका त्यस्ता राम्रा भएनन् र तिनीहरूलाई बाहिर पट्टिबाट धाईले छाँट पारिदिनुपऱ्यो, भित्रपट्टिबाट वेदान्तीहरूले छाँट पारिदिनुपऱ्यो ! हामीभन्दा क्यारिबहरू धेरै बेश अवस्थामा छन् । बच्चाले आमाको गर्भ छोडिसक्न पाएको हुँदैन, उसले आफ्ना हात खुट्टाहरू चलाइसक्न र पासरिसक्न पाएको हुँदैन, त्यसै वेला नै उसको स्वतन्त्रताको अपहरण भइसकेको हुन्छ । उसलाई गुटुमुटु पारेर कपडामा बेरिन्छ, उसको टाउको यताउति नचल्ने गरी एकै ठाउँमा पारेर उसलाई पल्टाइन्छ, उसका खुट्टाहरू पसार्न लगाइन्छ उसका पाखुराहरू दायाँ बायाँ मिलाएर राखिन्छन् र ऊ चल्नै

नसक्ने गरी उसलाई कपडा र अनेक किसिमका पेटीले बेरिन्छ। उसलै सास फेर्ने ठाउँ रहेछ भने भाग्य भयो। उसलाई उत्तानो पारेर सुताइन्छ र यसो हुनाले जुन राल उसको मुखबाट बग्नुपर्ने हो, त्यो बग्न पाउँदैन; किनभने यसनिमित्त ऊ आफ्नो टाउको एकातिर फर्काउन सक्तैन।

भर्खर जन्मेको बच्चाले आफ्ना हात खुट्टा चलाइरहनुपर्छ, किनभने धेरै बेरसम्म खुम्च्याइरहँदा हात खुट्टामा कडापन आउँछ। उसका हात खुट्टाहरू पसारिएका त हुन्छन्, तर उसले चलाउन पाउँदैन, टाउकै पनि टोपीले बन्द गरिएको हुन्छ। यसो हेर्दा बच्चा त जिउँदै त छ के भन्ने पनि भान पर्न सक्तछ।

यसरी बच्चाको विकास गराउन आवश्यक चालको मार्गमा उसका भित्री मनोभावनाहरूलाई भयानक बाधा पर्न जान्छ। बच्चाले आफ्ना अङ्गहरू चलाउने प्रयासमा व्यर्थ आफ्नो बल खेर फाल्दछ या ज्यादै ढीलो चालले आफ्नो बल प्राप्त गर्दछ। आमाको गर्भमा नै ऊ बरु बढ्ता स्वतन्त्र र कम नियन्त्रित थियो, जन्मनाले उसले केही प्राप्त गर्न सकेको छैन।

त्यो निष्क्रियता र बच्चाले आफ्ना अङ्गहरू चलाउन पाउनुमा हुने त्यस नियन्त्रणले गर्दा उसको रक्त–संचालन र ठटचौला भावनाहरू रोकिन जान्छन्, यसले बच्चाको आकार र बलको वृद्धिलाई रोकिदिन्छ। जहाँ यी लगत र अनुचित नियन्त्रणहरू हुँदैनन्, त्यहाँ सबै मानिसहरू अग्ला बलिया र राम्रो बनावट भएका हुन्छन्। जहाँ बच्चाहरू लुगाले बेरिएका र कसिएका हुन्छन्, त्यस मुलुकमा बथानका बथान कुप्रा, लंगडा, बाङ्गो खुट्टा भएका, दुब्ला र हरेक किसिमका कुरूप मानिसहरू हुन्छन्। स्वतन्त्र चालले अङ्गहरू चलाए शरीर नराम्रो होला भन्ने डर मानेर हामी त झन् हतारसित यसलाई कस्ने यन्त्रमा हालेर नराम्रो तुल्याउँछौं उनीहरूले, आफूलाई चोट पटक लगाउलान् कि भनेर हामीहरू आफ्ना बच्चाहरूलाई निःसहाय तुल्याउँछौं।

के यस्तो निष्ठुर बन्धनले स्वास्थ्य र मिजासमा निश्चय असर पार्दैन? उनीहरूको पहिला चेतना पीडा र दुःखको हुन्छ; उनीहरूको हरेक आवश्यक चलन–मलन रोकिएको उनीहरूलाई थाहा हुन्छ; उनीहरू रद्दी नाउमा राखिएको दासभन्दा पनि बढ्ता दुःखी हुन्छन्; उनीहरू व्यर्थ छटपटाउँछन्; रिसाउँछन् र रुन्छन्, कराउँछन्। बच्चाहरूको पहिला लबज नै उनीहरूको आँसु हो भन्दछन्, हुन पनि त्यसै हो। जन्मेदेखि नै तिमी उसमाथि रोकावट हाल्दछौ, तिम्रो पहिला बक्सिस नै नेल गलफन्दी हुन्छ, तिम्रो पहिला व्यवहार नै यातना या पीडा हुन्छ, उनीहरूको आवाज मात्र स्वतन्त्र हुन्छ; अनि किन

उनीहरूले अन्यायको विरुद्ध चित्त नबुझेकोमा आफ्नो आवाज नउठाऊन् ? उनीहरू रुन्छन्, किनभने तिमी उनीहरूलाई पीडा दिइरहन्छौ; तिमीलाई पनि लुगाले बरबार र कसकास पारेको भए तिमी झन् ठूलो स्वरसित कराउने थियौ ।

निर्विवेक निर्विचार या मूर्खप्रथाको उत्पति कहाँबाट भयो ? आमाहरूले आफ्ना पहिला कर्तव्यको अपहेलना गरेर आफ्ना बच्चाहरूको स्याहार शुश्रूषा गर्न इन्कार गरेकोले भाडाका धाईहरूको हातमा र विश्वासमा यो काम सुम्पनुपर्ने भयो । प्रकृतिको बन्धनविना ती धाईहरूले बिरानो मानिसका बच्चाहरूको आमा बन्नुपरेको हुनाले, उनीहरू केवल आफ्नो तकलीफ बचाउन मात्र खोज्ने हुन्छन् । लुगाले बेरबार र कसकास नपारेको बच्चाको हरदम रखवारी गरिरहनुपर्ने हुन्छ, राम्रोसित लुगाले बेरबार र कसकास पारिएको बच्चालाई एउटा कुनातिर राखिन्छ र उसको रुवाइतिर ध्यानै दिइन्न । जहिलेसम्म धाईको बेपरबाही थाहा हुन्न, जहिलेसम्म बच्चाले आफ्नो हात खुट्टा भाँच्दैन, तबसम्म ऊ मरेपनि के वास्ता ? अथवा ऊ जीवनभर निर्धो रहे पनि के परवाह ? उसको शरीरलाई हानि हुने गरी हात खुट्टा चाहिं बचाएर राखिन्छन्, र यदि कुनै खराबी हुन गयो भने यो धाईको दोष ठहरिन्न ।

यी भद्र महिला या आमाभनाउँदाहरू आफ्ना बच्चाहरूलाई एकातिर पल्टाएर आफूहरू आनन्दपूर्वक शहरको भोग–विलास र मोज-मज्जामा व्यस्त रहन्छन् । के उनीहरूलाई गाउँमा आफ्ना बच्चाहरूमाथि कस्तो व्यवहार भइरहेछ त्यस कुराको ज्ञान हुन्छ ? धाईलाई अलिकति मात्र काम परेको छ भने पनि उसले बच्चालाई लुगाको पोको झैं गरी किलामा तकलीफ पर्ने गरी झुन्ड्याएर आफू चाहिं फुर्सतसित काममा लागिरहन्छे । यस अवस्थामा बच्चाहरूको मुख रातो भएको देखिन्छ, किनकि लुगाले कसिएर बाँधिएको उनीहरूको छातीबाट अन्ततिर रक्त–संचालन हुन पाउँदैन, यो रगत टाउकोतिर गएको हुन्छ, यसैले रुने बल नहुँदा त्यो पीडित बच्चा चूप लाग्छ र फुलिएर रहेको जस्तो लाग्छ । यस्तो अवस्थामा बच्चा कतिसम्म जीवित रहन सक्ला म भन्न सक्तिनँ, तर यो धेरै कालसम्म रहन सक्तैन । बेरबार कसकास पार्ने लुगाको एउटा फाइदा यही हो ?

यस्तो भनिन्छ कि यसो नगरीकन आङ खुला राखिएका बच्चाहरू जथाभावी चल्दछन् । उनीहरूका अङ्गहरूको राम्रो विकासमा बाधा पर्ने हुन आउँछ । यो त हाम्रो दुर्बुद्धिको रित्तो तर्क मात्र हो, जुन कुरो अनुभवले कहिले

पनि प्रमाणित भएको छैन । हामीभन्दा बुद्धिमान् जातिहरूमध्येका बच्चाहरूका बथानहरूमा जो आफ्ना अङ्गहरूको पूरा प्रयोग गरेर बढ्न पाएका छन्, तिनीहरूमध्ये एउटाले पनि आफ्ना हात खुट्टा भाँचेको वा अङ्गभङ्ग गरेको तिमी पाउन सक्तैनौ । बच्चाहरूको चलाइ त्यस्तो भयङ्कर चालको हुँदैन । जब उनीहरू घाउ चोट लाग्ने किसिमसँग चल्दछन्, उनीहरूलाई दुःखको थाहा भइहाल्छ र तुरुन्त उनीहरू त्यो चाल बदलिहाल्दछन्, अर्थात् त्यसरी चलन छोड्दछन् ।

हामीले अहिलेसम्म हाम्रा कुकुर र बिरालाका छाउराहरूलाई लुगामा गुटमुट्याउने निर्णय गरिसकेका छैनौं, त्यो चलन निकालिसकेका छैनौं, के त्यसबाट उनीहरूलाई केही खराबी भएको छ त ? अवश्य छैन । म मान्दछु, बच्चाहरू गह्रौं हुन्छन्, तर उनीहरू कमजोर पनि हुन्छन्, उनीहरू त्यसरी चलनमलन गर्नै सक्तैनन् त कसरी उनीहरू आफूलाई चोटपटक लाउन सक्तछन् ? यदि उनीहरूलाई उत्तानो पारेर सुताइयो भने उनी कछुवा जस्तै यताउति वर्कन–फर्कन नसकेर नमरुन्जेलसम्म त्यहीं पल्टिरहन्छन् ।

आफ्ना बच्चाहरूलाई आफ्नो दूध चुसाउन छोड्दा पनि सन्तुष्ट नभएर स्वास्नीमानिसहरू अब फेरि कहिल्यै यो गर्न इच्छा गर्दैनन् । स्वभावतः यसको परिणाम यो हुन्छ कि मातृत्व नै एउटा बोझ हुन आउँदछ र यो हटाउने उपायहरू गरिन्छन् । यो काम फेरि शुरू हुने कुरालाई तिनीहरू नाश गर्दछन् र तिनीहरू जातिलाई नै हानिकारक हुन आउँदछन्; जुन जाति-वृद्धिको तात्पर्यले उनीहरू शोभित थिए, त्यो शोभा नै गुमाउँदछन् । जन-संख्याको ह्रास हुने अरू कारणहरूको साथै यस प्रथाले यूरोपको भाग्य या दशाको अशुभ सूचना गर्दछ । त्यहाँको कला र विज्ञान त्यहाँको वेदान्त र नैतिक सिद्धान्तहरूले चाँडै नै त्यसलाई उजाड मरुभूमि या वैरान तुल्याउनेछन् र त्यहाँका बासिन्दाहरू दुर्दशामा प्राप्त हुनेछन् ।

मैले कहिलेकाहीं ती युवती स्त्रीहरूको चलाकीलाई होशियारीपूर्वक याद गरेको छु, जो आफ्ना बच्चाहरूको स्याहार-सुसार गर्ने इच्छा गरेको बहाना गर्दछन्; तिनीहरू हामी यस इरादाबाट विचलित हुँदैनौं भन्ने देखाउनलाई होशियार रहन्छन् । तिनीहरू लोग्नेहरू, डाक्टरहरू र खास गरेर उनका आमाहरू नै यस कुरामा रोक्न अघि सरून् भन्ने जाल रच्दछन्। यदि कुनै लोग्नेले आफ्नी स्वास्नीलाई उसको बच्चाको स्याहार-सुसार गर्न दियो भने उसले आफ्नो नाश भएको ठान्दछ, मानिसहरूले उसलाई आफ्नी स्वास्नीलाई हटाउन

या पन्छाउन खोज्ने ज्यानमारा झैं ठहराउँछन् । बुद्धिमान लोग्नेले गार्हस्थ्य शान्तिको लागि पैतृक स्नेहलाई त्यागर्नुपर्दछ ! भाग्यवश गाउँका स्वास्नीमानिसहरू तिम्रा स्वास्नीहरूभन्दा धेरै संयमी र नियमी छन् । अरू भाग्यको कुरा त यो हुने थियो--यदि शहरिया स्त्रीले यसरी पाएको फुर्सतको समयलाई अरूको निमित्तमा भन्दा तिम्रा निमित्त लगाउने भइदिएको भए ।

स्वास्नीले गर्नुपर्ने कर्तव्य निःसन्देह अरू पनि हुन्छ, तर यसलाई नै घृणाको दृष्टिले हेर्ने कुरो विचार गर्दा बच्चाको निमित्त त बरु परदेशी (धाई) कै दूध चुस्नु बेश हो कि क्या ! यस प्रश्नको हल गर्नुपर्ने डाक्टरहरूले हो, र मेरो विचारमा त उनीहरूले स्वास्नीमानिसकै इच्छानुसार यसको समाधान गरेका छन् । मलाई सोध्ने हो भने त जुन आमाबाट आफ्नो जन्म भयो, त्यो स्वेच्छाचारी आमाबाट बच्चालाई अरू केही खराबी हुने भय छ भने उसको दूध चुस्नुभन्दा बरु निरोगी धाईको दूध चुस्नु बच्चाको निमित्त बेश छ ।

के यो प्रश्न शारीरिक विषयलाई मात्र लिएर विचार गर्ने हो ? के बच्चालाई उसको आमाको दूध जत्तिकै उनको हेरविचारको दरकार छैन ? आमाले इन्कार गरे तापनि अरू स्वास्नीमानिसले अथवा अरू जनावरले बच्चालाई दूद दिन सक्तछन्, तर आमाको प्रेमको बदला बच्चाका निमित्त अरू कुनै कुरा हुन सक्तैन ।

जुन स्वास्नीमानिसले आफ्नो बच्चाको सट्टा अर्काको बच्चाको स्याहार-सुसार गर्दछे, त्यो खराब आमा हो र त्यो कसरी असल धाई हुन सक्तछे ? समयमा त्यो यस्ती हुन सक्ली, अभ्यासले प्रकृतिलाई जित्न सक्ला; तर उसकी धाईले ऊप्रति आमाको स्नेह जमाउनुभन्दा अघि बच्चा सयौं चोटि मरिसकेको हुन्छ ।

र यो स्नेह जमिसकेपछि पनि यसका दोषहरू रहन्छन्; यसैले हरेक बुद्धिमती स्वास्नीमानिसले आफ्नो बच्चाको स्याहार-सुसार बाहिरियाबाट गराउँदा डर मान्नुपर्दछ ।

आमाको हक अरूसित बाँडेर लिन या बाहिरियाको पक्षमा त्यो हक नछोड्न, आफ्नो बच्चाले आफूलाईभन्दा अर्कालाई बढ्ता प्यारो गरेको देख्न आफ्नो आमाप्रति उसको जो प्रेम रहन्छ, त्यो उसको एउटा अनुग्रह जस्तो मात्र हो भन्ने सम्झन, उसकी धर्मकी माता अर्थात् धाईप्रति भने उसको जो प्रेम रहन्छ त्यो उसको कर्तव्य नै भएको देख्न के कुनै आमा तयार रहली ? किनभने जहाँ आमाको हेर-विचार स्याहार-सुसार रहन्छ,

त्यहीं बच्चाको माया, प्रेम र स्नेह रहन्छ ।

यो बाधा हटाउन बच्चाहरूलाई आफ्ना धाईहरूलाई अपहेलना गर्न र उनीहरूलाई नोकर जस्तो मात्र सम्झन सिकाइन्छ । जब धाईको काम पूरा हुन्छ, बच्चालाई उसको हातबाट झिकिन्छ, उसलाई बिदा गरिन्छ, उसको धर्मको बच्चा उसको नानीलाई बराबर भेट्न पनि दिइन्न र उसको बिलकुल बेवास्ता गरिन्छ । केही वर्षपछि बच्चाले उसलाई फेरि कहिल्यै देख्तैन । आमा चाहिँ उसको ठाउँ लिन र निष्ठुरतापूर्वक आफूले गरेको बेवास्ताको नतीजालाई सुधार्न अपेक्षा गर्दछे । तर यो गर्नु उसको ठूलो भूल हो, उसले उसलाई माया–प्रेम गर्ने छोरो होइन कि एउटा बैँगुनी धर्मपुत्र मात्र बनाउँछे, त्यसले उसलाई अकृतज्ञ या बैँगुनी हुन मात्र सिकाइरहेकी हुन्छे, अब जसरी उसले आफ्नो धाईलाई हेलाँ गर्न थालेको छ त्यसै गरी उसले पछि पछि आफूलाई जन्माउने आमालाई हेलाँ गर्न थाल्दछ ।

यदि साँच्चीको सुधारका निमित्त लडन्त गरिरहनु व्यर्थ र नैराश्यजनक कुरा नहुँदो हो त म कस्तो जोडदार शब्दमा बोल्ने थिएँ । यसमा निर्भर गर्ने अरू धेरै कुरा छन्, जो तिमीले बुझेका छैनौ । यदि सबै मानिसलाई सच्चा या असली कर्तव्यतिर फर्काउने हो भने यो आमाहरूबाट शुरू हुनुपर्छ, अनि त्यसको परिणाम गजब हुन आउँछ । हरेक किसिमको खराबी या अनिष्टको आरम्भ नै यही पहिला पापबाट हुन्छ; सारा नैतिक क्रम गडबडिन्छ; हरेक हृदयमा प्रकृति थिचिन्छ, घर अन्धकार हुन्छ; यौवन युक्त या नयाँ परिवारको दृश्यले कुनै स्वामी या लोग्नेको प्रेम जगाउँदैन, न त यसले कुनै परदेशी पाहुनाको मर्यादाको भावना जगाउँदछ । जुन आमाका बच्चाहरू उसको दृष्टिबाट दूर रहन्छन्, त्यो आमाले कम प्रतिष्ठा पाउँदछे, पारिवारिक या गार्हस्थ्य जीवन हुँदैन, प्रकृतिका सूत्रहरू आदतका सूत्रहरूले मजबूत तुल्याउन सकिँदैनन्; बाबु, आमा, छोरा, छोरी, दाजु, भाइ, दिदी, बहिनी भन्ने कुरा हराउँदछ । ती सबै प्रायः बिराना परदेशी जस्तै हुन आउँछन् र उनीहरूमध्ये आपसमा कसरी माया, स्नेह र प्रेम रहोस् ! हरेकले पहिले आफ्नै स्वार्थ हेर्दछ जब घर एक अन्धकारमय निराला स्थान हुन आउँछ, तब आनन्द अन्तै खोजिन्छ ।

तर जब आमाहरूले आफ्ना बच्चाहरूको स्याहार–सुसार आफैंले गर्न स्वीकार गर्लान्, तब नैतिकतामा सुधार आउनेछ । हरेक हृदयमा प्राकृतिक भावनाको फेरि जागरण हुनेछ, राष्ट्रलाई नागरिकहरूको खाँचो हुनेछैन, यही पहिला कदमले परस्परको स्नेह फेरि ल्याउनेछ । स्नेहमय शोभा नै यादको बिष

मारक औषधि हो । बच्चाहरू हाहा र हुहू गर्दै खेलेको खेल, जुन हामीलाई नमज्जाको लाग्दथ्यो, त्यही आनन्दमय हुन आउँदछ । बाबु र आमाको बीचमा पारस्परिक विश्वास बढ्न थाल्दछ, उनीहरूका बीचको प्रेम झन् झन् गाढा भएर आउँछ र वैवाहिक बन्धन या सम्बन्ध मजबूत हुन आउँछ आनन्दी गृह–जीवनमा आमाले अत्यन्त मधुर कर्तव्यहरू पाउँछे र बाबुले अत्यन्त लहडदहड गर्न पाउँछ, यस प्रकार यो एउटा खराबीको औपचारिक नियमले सर्वाङ्गीण सुधार ल्याउँदछ; प्रकृतिले आफ्नो हक पुनः प्राप्त गर्दछ । जहाँ स्वास्नीमानिस असल आमा हुन्छन्, वहाँ लोग्नेमानिस असल पुरुष र बाबु हुन्छन्, अर्थात् जहाँ असल स्त्री वहीं असल पुरुष ।

मेरा कुराहरू व्यर्थ छन् । जब हामी सांसारिक दुःखदेखि वाक्क हुन्छौं, तब हामी गृह-सुःखतिर फर्कंदैनौं । स्वास्नीमानिसहरूले आमा हुन छोडिसकेका छन् । त्यसैले उनीहरू आफ्नो कर्तव्यतिर फर्कंदैनन् र फर्कने पनि छैनन् । के उनीहरूले चाहे भने यो गर्न सक्लान् ? उल्टो चलनले मजबूतीसँग जरा गाडिसकेको छ। हरेकले संगठित भइसकेका आफ्ना छिमेकीहरूको विरोधलाई हटाउनु या जित्नुपर्ने हुन्छ । यस्तो उदाहरण न कसैले देखाउन सकेको छ, न कोही अनुसरण गर्न नै इच्छा गर्दछन् ।

अझै पनि कुनै कुनै यस्ता असल प्राकृतिक स्वभावका युवती स्वास्नीमानिसहरू पनि छन्, जो अरू स्वास्नीमानिसहरूको कोलाहलको विरोधी भएर उठ्तछन् र आफूलाई प्रकृतिले लगाइदिएको सुन्दर मनोहर कर्तव्यको पालना गर्दछन् । उनीहरूका निमित्त जम्मा भएर रहेको पुरस्कारले अरू स्वास्नीमानिसहरूलाई पनि उनीहरूको उदाहरणको अनुकरण गर्न खिच्न सक्ने भए कस्तो हुने थियो ! यो कुरो वास्तविकतामा आधारित छ र यसमा कहिल्यै कुनै विवाद निस्केको पाइएको छैन र म ठोकेर भन्न सक्छु– यी योग्य आमाहरूले आफ्ना लोग्नेहरूको गाढा र दृढ स्नेह आफ्ना बच्चाहरूको सच्चा प्रेम र सारा संसारको आदर पाउनेछन् । बच्चाहरूको जन्म सुविधाजनक या सजिलो रूपले हुनेछ र यसबाट दुष्परिणाम निस्कनेछैन, उनीहरूको स्वास्थ्य बलियो र मजबूत हुनेछ र उनीहरूले आफ्ना छोरीहरूले आफ्नो उदाहरणको अनुकरण गरेका देख्नेछन् र त्यो अनुकरण नमूनाको रूपमा अरूहरूले बताएको पाउनेछन् ।

जहाँ आमा आमा जस्तो हुन्न, त्यहाँ बच्चा बच्चा जस्तो हुन्न । उनीहरूको कर्तव्य पारस्परिक हुन्छ र जब एउटा खराब हिसाबसित गर्छ त आर्कोले

पनि उही हिसाबसित गर्ने नै भयो । आफ्नी आमाप्रति ऊ कत्तिको ऋणी छ, त्यस कुराको उसलाई ज्ञान नहुँदै बच्चाले आमालाई प्यारो गर्न पर्दछ । यदि आदतद्वारा आन्तरिक चित्त या भावनाको आवाजलाई मजबूत तुल्याएन भने यो चाँडै नै मर्छ र हृदय फलामको जस्तै कडा भएर रहन्छ । शुरूदेखि नै हामी प्रकृतिको मार्गबाट भड्केका छौं ।

अर्को एउटा बेचल्तीको या सानो बाटो छ, जसले हाम्रो खुट्टालाई लोभ्याएर आफूतिर लैजान्छ । आमाले आफ्नो बच्चालाई बेवास्ता गर्नुको सट्टा उसलाई ज्यादै बढ्ता माया गर्छे भने उसले उसलाई आफ्नो कण्ठ प्राण तुल्याउँछे भने, बच्चाले आफ्नो कमजोरी थाहा पाउनै नदिने गरी यसलाई बढाइदिन्छे भने, प्रकृतिको शक्तिको प्रभाव उसमाथि पर्नै नदिने आशाले हरेक पीडा या दुःख हटाइराख्छे भने, सानातिना खराबीबाट उसलाई बचाइराख्नाले पछि उसका निम्ति धेरै दुर्घटना र आपदहरू जम्मा भइरहन्छन् भन्ने कुरा बुझ्न सक्तिन भने यस्तो दया बच्चाको कमजोरीलाई लम्ब्याउने निष्ठुर दया हुन आउँदछ र पछि त्यो बालक बढेर मानिस भएपछि उसले शिथिलता सहनुपर्ने हुन्छ ।

एउटा कथा छ, थेरिसले आफ्नो छोराको शरीर अभेद्य तुल्याउनको लागि उसलाई स्टिक्स अर्थात नरकको नदीको जस्तो तातोपानीमा लगेर चोपलिदिएकी थिइन् यो उपमात्मक कथाको सत्यता स्पष्ट छ । अहिले मैले उल्लेख गरेको या बताएको निष्ठुर आमाहरू उल्टो काम गर्दछन् । तिनीहरू आफ्ना बच्चाहरूलाई सुबिस्तामा डुबाउँछन्, उनीहरूका निमित्त दुःख तयार पार्दछन्, उनीहरूले हरेक किसिमको खराबीको बाटो खोलिरहेका हुन्छन् र उनीहरूका बच्चाहरू बढेर ठूला भएपछि त्यो नभोगी सुख नपाउने हुन्छन् ।

प्रकृतिमा आफ्ना नजर दृढतासँग लगाऊ र प्रकृतिले देखाएको बाटोमा हिंड । उसले बच्चाहरूलाई काममा लगाइराख्छ, उसले सबै प्रकारका कठिनाइद्वारा उनीहरूलाई दह्रो र कडा तुल्याउँछ, र उसले तिनीहरूलाई चाँडै नै दुःख र पीडाको अर्थ सिकाँउछ । तिनीहरूले आफ्नो दाँत भाँच्तछन् र उनीहरूलाई अलि–अलि जरो पनि आउँछ, कडासित पेट दुखेर उनीहरूलाई स्वाँ–स्वाँ पनि गराउँछ, खोकी लागेर उनीहरूको घाँटी पनि अठ्याउँछ र उनीहरूलाई जुका परेर पनि दुःख दिन्छ; उनीहरूलाई रिस उठेर रगत पनि बिगारिदिन्छ र डरलाग्दोसित फुटेर निस्कने गरी यसमा अनेक प्रकारका कीटाणुहरू उत्पन्न हुन्छन् । बालक अवस्थामा रोग र आपद्ले आफ्नो मुख्य काम

गर्दछन्, अर्थात् खूब सताउँदछन् । जन्मेका आधाजसो बच्चाहरू आठ वर्ष नहुँदै मरिसक्छन् । जुन बच्चाले दुःख कष्ट खपेर तिनलाई जितेको हुन्छ, उसले बल प्राप्त गरेको हुन्छ र जब उसले आफ्नो जीवनको प्रयोग गर्न सक्तछ, तब उसले यसलाई खूब सुरक्षित हिसाबसित अड्याइराख्तछ ।

यो प्रकृतिको कानून या नियम हो, यसलाई किन काट्ने ? प्रकृतिको हस्तकला या हातको काममाथि सुधार ल्याऊँ या यसको अभिवृद्धि गराऊँ भन्ने प्रयत्नमा लाग्दा हामी यसलाई नष्ट गरिरहेछौं र प्रकृतिले गरेको याद विचार र हेरचाह सबै खेर गइरहेछ भन्ने कुरा के तिमीले बुझेनौ ? तिम्रो विचारमा जुन कुरा प्रकृतिले भित्रबाट गर्दछ, त्यो कुरा बाहिरबाट गर्दा आपद् त दुई गुना बढी हुन्छ । त्यसो होइन त्यो त झन् आपद् रोक्ने उपाय हो । अनुभवले देखाउँछ कि ज्यादै माया गरि एक या चम्पाको फूल झैं ज्यादै स्याहारिएका बच्चाहरू मर्ने बढी सम्भावना हुन्छ । यदि हामीले अति मात्रामा गरेनौं भने उनीहरूको बललाई बचाएर राख्नुमा भन्दा यसको प्रयोग गर्नमा कम खतरा हुन्छ । त्यस कारण उनीहरूले सामना गर्नुपर्ने दुःख कष्टमा बानी लगाइदिनुपर्छ । जाडो गर्मी हावा, पानी, झरी, बादल, भोक, प्यास, थकाइ इत्यादि खप्न सबन तालीम गरियोस्, उनीहरूलाई स्टीक्स नदीको तातो जल्दो पानीमा अर्थात् कष्टको नदीमा चोभलिदेऊ । उसको शारीरिक आदत जम्नुभन्दा अघि तिमीले चाहेका आदतहरू लगाउन विनाखतरा सक्तछौ, तर एक चोटि आदतहरू जमिसकेपछि यसमा परिवर्तन ल्याउनु ज्यादै खतरनाक हुन आउँछ । जुन परिवर्तन मानिसले सहन सक्तैन, के त्यो परिवर्तन बच्चाले सहन्छ ? किनभने उसका शरीरका नसा हड्डीहरू नरम र विनाप्रयास जतातिर लगाऊँ भने पनि लाग्ने र तानिने हुन्छन्, तर छिपिइसकेको मानिसका हाड नसाहरू कडा हुन्छन् र जोर जबर्दस्तीमा नपरीकन तिनीहरू आफ्नो जमिसकेको ठाउँबाट यताउति लाग्न सक्तैनन् । यसनिमित्त बच्चाको शरीर अथवा स्वास्थ्यमा केही धक्का नपरीकन तिनीहरू आफ्नो जमिसकेको ठाउँबाट यताउति लाग्न सक्तैनन् । यसनिमित्त बच्चाको शरीर अथवा स्वास्थ्यमा केही धक्का नपारीकन हामी उसलाई मजबूत या बलियो तुल्याउन सक्तछौं र त्यसमा केही बलै गर्नुपर्ने भयो भने पनि त्यसको केही गिन्ती हुँदैन मनुष्य-जीवन खतरापूर्ण हुनाले अरू वेलामा तिनीहरूको सामना गर्नुभन्दा कत्ति पनि बिगार नहुने समयमा सामना गर्नु बढिया होइन ?

जति जति बच्चा बढ्दै जान्छ, उति उति उसको गुण या मोल पनि

बढ्दै जान्छ, उसको व्यक्तिगत मोलमा उसप्रति गरिएको स्याहार सम्भारको मोल जोड्नुपर्दछ। उसका निमित्त जीवनको नोक्सानी मात्र होइन कि मृत्युको चेतना पनि हुन्छ। त्यस कारण उसको संरक्षणका निमित्त गरिने हाम्रा प्रयासहरूमा उसको भविष्यको हामीले खूब विचार गर्नुपर्दछ। उसले यौवन प्राप्त गर्नुभन्दा अघि नै जवानीका खराबीहरूबाट उसलाई बचाई राख्नुपर्छ, किनभने यदि जुन उमेरमा बच्चा उपयोगी हुन सक्तछ, त्यो उमेर नपुगुन्जेल जीवनको मोल बढदछ भने उसले असल-खराबी छुटचाउन सक्ने उमेरमा उसको दुःख प्रशस्त मात्रामा बढ्ने गरी वाल्यावस्थामा हुने अलि अलि दुःख बचाउन खोज्नु यो कस्तो बहुलट्ठी ? हाम्रा गुरुले हामीलाई सिकाएको कुरा त्यही हो ?

मानिस दुःख भोग्नलाई जन्मन्छ; दुःख नै उसको संरक्षणको उपाय हो। खालि शारीरिक पीडा थाहा पाएर मात्र उसको बाल्यावस्था सुखी हुन्छ। अरू प्रकारका दुःखभन्दा यी शारीरिक पीडाहरू धेरै नै कम दुःखदायी हुन्छन् र तिनीहरूले आत्मनाशको बाटोमा लैजाँदैनन्। वातरोगको पीडाले मानिसलाई आत्महत्या गर्न दिँदैन, मानसिक पीडाले मानिसलाई नैराश्यको मार्गतिर धकेल्दछ। हामी बाल्यावस्थाको दुःखमाथि सहानुभूति देखाउँछौं; बरु हामीले आफूमाथि नै दया देखाउनु उचित छ, किनभने हाम्रा अति उत्कृष्ट दुःख र अपशोचहरू हाम्रै सिर्जना हुन्।

भरखर जन्मेको बच्चा रुन्छ। उसका पहिले-पहिलेका दिन रुँदैमा बित्तछन्। उसलाई फुल्याउन कहिले थुमथुम्याउने, कैले हल्लाउने गरिन्छ उसलाई शान्त राख्न कहिले धम्काउने कहिले पिट्ने गरिन्छ, हामी उसले जे चाहन्छ सो गर्छौं अथवा हामी जो चाहन्छौं, सो उसलाई गराउँछौं, हामी उसको लहडअनुसार चल्छौं अथवा उसलाई हाम्रो लहडअनुसार चलाउँछौं, बीचको बाटो छैन; कि त उसले रजाइँ गर्नुपर्छ, कि भनेको मान्नुपर्छ। यस प्रकार उसका पहिला-पहिला विचारहरू कि त अत्याचारी हुकुमीको जस्तो हुन्छ, कि दासको जस्तो हुन्छ। बोल्न सक्नुभन्दा अघि आज्ञा-पालन गर्दछ, र उसले आपनो बिराम थाहा पाउनुभन्दा अघि नै अथवा बिराम गर्नुभन्दा अघि नै सजाय पाउँछ, यसरी जीवनको शुरुमै उसको कलिलो हृदयमा खराब भावनाहरूको बीउ रोपिन्छ। पछि यी कुराहरूलाई प्रकृतिबाट भएका भनिन्छ; हामी आफैंले उसलाई खराब बनाउने तकलीफ उठाएका छौं त फेरि उसको खराबीका निमित्त दुःखित हुन्छौं।

यस प्रकार बच्चा आफ्नै मनोबिकारको या उनीहरूको मनोबिकारको

शिकार बनेर छ सात वर्ष स्वास्नीमानिसहरूको हातमा बिताउँछ । यसै बीचमा तिनीहरू उसलाई अनेक किसिमका कुराहरू सिकाउँछन्; उसले बुझ्न नसक्ने शब्दहरू अथवा उसलाई काम नलाग्ने कुराहरू उसको दिमागमा लादिदिन्छन र त्यस वेला उसको हृदयमा जरा गाडिसकेका मनोविकारहरूले प्रकृतिलाई दबाइसकेका हुन्छन्। अनि यो पाखण्डी बनिसकेको बालकलाई गुरुकहाँ पठाइन्छ, गुरुले त्यस बालकमा राम्रोसित बढिसकेका कृत्रिमताका कीटाणुहरूको विकासलाई पूरा गरिदिन्छ । उसले त्यस बालकलाई आत्मज्ञान आत्मनियन्त्रण जीवन र सुखको कलादेखि बाहेक हरेक कुरा सिकाउँछ । जब ज्ञान कोचिएको, तर बुद्धिले रहित भएको शरीर र मनको कमजोर यो दास र स्वेच्छाचारी बालकलाई संसारमाथि हुत्याइन्छ र जब उसको निःसहायता, घमंड र अरू दोष र पापहरू देखा पर्न थाल्दछन्, अनि हामी मनुष्य जातिको दुर्भाग्य र कुचालप्रति विलाप गर्न थाल्दछौं । यो हाम्रो भूल हो, हाम्रं बहुलट्टीपनाबाट सिर्जना भएको प्राणी हो, प्राकृतिक मनुष्य अर्कै ढाँचामा ढालिएको हुन्छ ।

उसलाई प्रकृतिले जस्तो बनायो, उस्तै इच्छा गर्छौं ? तब उसको जन्मदेखि नै रखवारी गर । उसले संसारमा प्रवेश गर्नेबित्तिकै, अर्थात् ऊ जन्मनेबित्तिकै उसलाई अधिकारमा लिइहाल र ऊ मानिस नहुन्जेल राखिछाड, नत्रभने तिमी यस कुरामा कहिल्यै सफल हुनेछैनौ । बच्चाको सच्चा धाई आमा हो, सच्चा गुरु बाबु हो, आफ्ना कर्तव्यहरू र यी कर्तव्यहरू गर्ने काइदामा पनि सामञ्जस्य ल्याउन तिनीहरू मन्जूर गरून्, यी कुराहरू तिनीहरूमध्ये एउटाले अर्कोलाई पुग्न दिने गरून् । बच्चा कहिले एउटाको हातमा, कहिले अर्काको हातमा परोस्, यसो भो भने संसारमा सबभन्दा निपुण गुरु या मास्टरबाट भन्दा अपढ भए तापनि बुद्धिमान् बाबुबाट उसले धेरै बेस शिक्षा पाउंछ, उत्साहको अभावको प्रायश्चित्त ज्ञानबाट भन्दा ज्ञानको प्रायश्चित्त उत्साहबाट हुन्छ । जनसाधारण या लोकको कर्तव्य र व्यक्तिगत व्यापारमा कुनचाहिं महत्त्वपूर्ण ? वास्तवमा कर्तव्य ! के बाबुको कर्तव्य सबभन्दा पछि आउने कुरा हो ! यो आश्चर्यको कुरो होइन कि जुन मानिसकी स्वास्नी आफ्ना बच्चालाई दूध चुसाउन घृणा गर्दछे, त्यस मानिसले आफ्नो बच्चाको शिक्षाप्रति घृणा जनाउँदछ । पारिवारिक जीवनको चित्रभन्दा सुन्दर र मनोहर अरू कुनै चित्र हुन सक्तैन । तर जब एउटा कुराको अभाव हुन्छ, तब जम्मै कुरा बिग्रन्छन् । यदि आमा चाहिं ज्यादा सुकुमारी भएर आफ्नो बच्चाको स्याहार सम्भार गर्न सक्तिन भने ज्यादै कामको धन्दामा लागिरहने भएर आफ्नो बच्चालाई शिक्षा दिन या सिकाउन

सधाउन बाबु चाहिंलाई पनि फुर्सत हुँदैन । उनीहरूका केटाकेटीहरू स्कूल, कलेज र मठहरूमा यताउति छरिएर उनीहरूको स्नेह र मायाको घर अन्तै पाउने हुन्छन् अथवा उनीहरूको स्नेह र कुनै कुराको पनि वास्ता नगर्ने बानी बस्न आउँदछ । दाजु-भाई दिदी-बहिनीहरूको परस्परमा बहुत कम जान पहिचान हुने हुन्छ र जब उनीहरूको भेटघाट भएर सँगसँगै हुन्छन्, तब तिनीहरू आपसमा बिरानो मानिससँग व्यवहार गरेजस्तै गर्न थाल्दछन् । जब नाता-सम्बन्धीबीचमा विश्वास हुँदैन, जब परिवार समाजले जीवनको स्वाद दिन छोड्छ, तब यसको स्थान दुष्कर्म या पापले लिन थाल्दछ । यी सब कुरा कसरी सँगसँगै लट्केर रहेका हुन्छन् भन्ने कुरा जसले देख्न सक्तैन के त्यस्तो मूर्ख कुनै मानिस हुन सक्तछ ।

जुन बाबुले छोरा-छोरी पाएर उनीहरूको जीवन निर्वाहको लागि खान-पान, घर-द्वार इत्यादिको बन्दोबस्त गरिदिन्छ, उसले आफ्नो काम एक तिहाई मात्र गरेको हुन्छ । मनुष्यजातिका निमित्त मानिस पैदा गर्नुमा, राष्ट्रका निमित्त नागरिक पैदा गर्नुमा, उसको कर्तव्य रहेको हुन्छ । जुन मानिसले यी तीन थरी ऋण तिर्नु छ र यो गर्न वास्ता गर्दैन, त्यो मानिस दोषी हो, यदि उसले यो तेहोरो ऋणको एक भाग मात्र तिर्छ भने त्यो शायद जम्मै नै कुराको वास्ता नगर्ने मानिसभन्दा पनि बढी दोषी हो । जसले बाबु भईकन बाबुको कर्तव्य पूरा पालन गर्न सक्तैन, उसले बाबु हुँ भनेर बाबुको हकको दावा गर्न सक्तैन । जसले आफ्ना बाल-बच्चाहरूको प्रतिपालन गर्नु छ र उनीहरूलाई शिक्षा दीक्षा दिनु छ, उसले गरीबी, कामको मिचामिच, गलत सामाजिक प्रथा इत्यादिको निहुँ देखाएर क्षमा पाउन सक्तैन या सुख पाउँदैन । यदि कुनै स्वाभाविक विचार भएको व्यक्ति यी पवित्र कर्तव्यहरूको अवहेलना गर्दछ भने उसले तातो आँसु बगाएर पश्चात्ताप गर्नुपर्ने हुन्छ र उसलाई कहिल्यै सान्त्वना मिल्दैन ।

तर परिवारको पिता या सबभन्दा बूढो पाको धनी मानिसले लाचारीसाथ या करै लागेर पेशा गर्नुपरेको हो भन्ने बहाना देखाएर आफ्ना बालकहरूको बेवास्ता गर्छ भने त्यसले यो के गरेको हो ? जुन कर्तव्यहरू खास आफ्नै हुन् ती कर्तव्य गर्न उसले अर्को मानिसलाई ज्याला दिएर राख्तछ, पैसाको उद्देश्य भएको या लाभको लोभ भएको मानिस ! हरे शिव ! के तिमी आफ्नो बच्चाको निम्ति दोस्रो बाबु खरीद गर्न सक्छौ ? आफूलाई आफैले छकाउने काम नगर, तिमीले भाडामा राखेको जस्तोसुकै निपुण गुरु भए पनि यो हुँदैन ।

त्यो अपराधी हो जो अर्कालाई चाँडै नै आफू जस्तै तुल्याउन तालीम गर्छु भनेर अघि सर्छ ।

असल गुरुको विशिष्ट लक्षण या गुणहरूबारे धेरै तर्क-वितर्क या वाद-विवाद छन् । मलाई चाहिएको पहिलो कुरो –यसमा अरू पनि धेरै कुरा छन्– यो हो कि उसले इनामको निमित्त कामको जिम्मा लिनु हुँदैन । यस्ता ठूला कामहरू छन्, जुन कामको जिम्मा हामीले दामको निमित्त लियौं भने हाम्रो अयोग्यता प्रकट नभइछाड्दैन, अर्थात् ती कामका निमित्त हाम्रो अयोग्यता त्यहीं र तत्कालै प्रकट भइहाल्छ । यस्ता कामहरू सिपाही र गुरुका हुन्छन् ।

तिम्रो बालकलाई तालीम गर्न कसलाई कर लागेको छ ? मैले तिमीलाई भरखरै बताएँ कि यो तिमीले आफैं गर्नुपर्छ तिमी भन्लाऊ, 'म सक्तिनँ' । तिमी सक्तैनौ ? त कुनै मित्र भेट्टाऊ । म अर्को कुनै बाटो देख्तिनँ ।

गुरु ! कत्रो महात्मा ! कसैको पनि तालीम र शिक्षाका निमित्त मानिसले मानो उसको बाबु नै किन हुनुपर्छ, किन ऊ मानिसमा पनि विशिष्ट मानिस हुनुपर्छ ? यस्तो कर्तव्य तिमीले चूपचाप एउटा भाडावालको हातमा सुम्पने !

यस विषयमा तिमी जति जति विचार गर्छौं, तिमीलाई उति कठिन लागेर आउँछ । गुरु आफ्नो शिष्यका निमित्त तालीम भएको हुनुपर्छ, उसका नोकरहरू आफ्ना मालिकका निमित्त तालीम भएका हुनुपर्छ यस निमित्त कि जो जो उसका निकटमा आउँदछन्, ती सबको मनमा राम्रो प्रभाव गडेको हुनुपर्छ । जुन कुराले तिनीहरू उसको मनलाई प्रभावित गराउन सकून् । हामीले शिक्षा हासिल गर्दै जानुपर्छ; तर म भन्न सक्तिनँ कहाँसम्म जानुपर्ने हो, जुन मानिस आफैं राम्रोसित शिक्षित भएको छैन, त्यसबाट बच्चा कसरी सुशिक्षित हुन सक्तछ ?

के यस्तो व्यक्ति भेट्टाउन सकिन्छ ? म बुझ्न सक्तिनँ, यो अधःपतन हुँदै गएको अर्थात् तल तल गिर्दै गएको समयमा धर्मको उच्च स्थान यही हो भन्ने कसले जानेको छ, कसले बुझेको छ, जहाँ मानिसको आत्मा पुग्न सकोस् ? हामी मानिलिऊँ कि त्यो उच्चाइ पत्ता लागेको छ । मानिसका कर्तव्यहरूबाट विचार गर्दै जाँदा उसले के हुनुपर्छ, त्यो कुरो हामी थाहा पाउँला । म अन्जाम गर्छु, जुन बाबुले असल गुरुको मूल्यवान् महत्त्व बुझेको हुन्छ, उसले त्यस्तो गुरुविना नै कार्य सिद्ध गर्ने उपाय निकाल्दछ; किनभने यस्तो गुरु आफैं हुनुभन्दा भेट्टाउन मुश्किल हुन्छ· प्रकृतिले नै आधा काम गरिसकेको हुनाले उसले

अरू खोजी गरिरहनुपर्दैन ।

जसको दर्जा मात्र मलाई याद छ, ती एकजना महानुभावले मैले उनको छोरालाई तालीम गरिदिए हुने थियो भन्ने प्रस्ताव गरे । उनले मलाई अवश्य ठूलो इज्जत गरे, तर त्यो कुरा मैले इनकार गरेकोमा खेद मान्नुभन्दा मेरो बुद्धिमानीमा उनले आफूलाई बधाई दिनुपर्छ या धन्य सम्झनुपर्छ । मैले त्यो कुरा स्वीकार गरेको भए र मैले मेरो रीत–काइदामा भूल गरेको भए एक शिक्षा भस्मीभूत हुने थियो, र म सफल भएको भए मामला झन् खराब हुने थियो, उनको छोराले आफ्नो पदवी त्याग गरिदिने थिए र राजकुमार भएर रहनलाई इन्कार गरिदिने थिए ।

जोसुकैले मलाई यो काम दिए तापनि यस्तो काम स्वीकार गर्नलाई मेरो अयोग्यता र गुरुका कर्तव्यहरूको महत्त्वमा म ज्यादै गम्भीरतासँग विचार गर्दछु र मित्रताको नाताबाट यस कुराको दावा गरिए तापनि मेरो अस्वीकारको झन् बढी तात्पर्य निस्कनेछ म विचार गर्छु; यो पुस्तक पढेपछि थोरै मानिसले मात्र मलाई यो काम दिन इच्छा गर्नेछन् र कसैले यो गर्छ भने म उसलाई यसमा तकलीफ नउठाउन अनुरोध गर्छु । यस काममा आफ्नो अयोग्यताको पूरा विश्वास दिलाउने अनुभव मलाई प्रशस्त भइसकेको छ र यदि मलाई योग्य नै तुल्याउने मेरा गुणहरू रहेछन् भने तापनि मेरा अवस्थाहरूले यसलाई बिलकुल असम्भव तुल्याउनेछन् ।

जो मेरो मान राख्नलाई मेरो इरादाको सत्यतालाई इन्कार गर्दछन्, तिनीहरूलाई यस कुराको स्पष्टीकरण गर्दिनु मैले कर्तव्य सम्झेको छु । यदि म बढी उपयोगी कामको अभिभारा लिन अयोग्य छु त कमसेकम सजिलो चाहिं काम गर्ने प्रयास गर्ने साहस गर्नेछु म मेरा पूर्वजहरूको उदाहरणको अनुसरण गर्नेछु र कार्यको अभिभारा लिने होइन कि कलम उठाउने काम गर्नेछु र ठीक उचित काम गर्नुको सट्टा बताउन चेष्टा गर्नेछु ।

मलाई थाहा छ– यस्तो कामको अभिभारा लिंदा जुन लेखक या ग्रन्थकार सैद्धान्तिक उपायहरूका बीच स्वेच्छापूर्वक घुम्छ, त्यसले प्रयोगमा ल्याउन असम्भव हुने धेरै राम्रा–राम्रा शिक्षाहरू दिन्छ र उसले प्रयोगात्मक कुराहरू बताए तापनि तिनीहरूको यथार्थ वर्णनको र प्रयोगको उदाहरणको अभावले कार्यान्वित नभएर त्यसै रहन्छन् ।

त्यसै कारण मैले उसको उमेर उसको स्वास्थ्य उसको ज्ञान र उसको शिक्षाको कामको निमित्त चाहिने, जन्मेदेखि उमेर छिपिएर मानिस

नबनुन्जेलसम्म उसलाई बाटो देखाउने–जब कि उसलाई आफू सिवाय अर्को पथ-प्रदर्शक चाहिंदैन–त्यो जेहन इत्यादि सब कुराको अडकल आफ्नै मनमा गरेर एउटा कल्पित शिष्य लिने निर्णय गरेको छु। जुन ग्रन्थकार प्रयोगात्मक कुराबाट कल्पित कुरातिर लाग्छु कि भनेर डराउँछ, उसको निमित्त यो तरीका उपयोगी हुनेछ भन्ने मलाई लाग्दछ; किनभने जब ऊ सर्वसाधारण दस्तूरको बाटो छोड्छ, तब तुरुन्तै उसले आफ्नै रीत आफ्नो शिष्यमाथि लगाएर हेर्नुपर्छ। अनि बच्चाको विकासअनुसार अथवा मानिसको हृदयको स्वाभाविक अभिवृद्धिअनुसार आफू चलेको छ कि छैन त्यो कुरा उसले शीघ्र नै थाहा पाउनेछ; अथवा उसको निमित्त पाठकहरूले थाहा पाउनेछ।

मैले गर्न कोशिश गरेको कुरा यही हो मेरो पुस्तक नचाहिंदो गरी ठेलीदार नहोस्। जसको सत्यता स्वयं स्पष्ट छ, ती सिद्धान्तहरू मात्र बताउनमा म सन्तुष्ट छु। जुन नियमहरूले प्रमाण खोज्दछन्, ती नियमहरू एमिलमाथि या अरूहरूमाथि लगाएको छु र कसरी ती सिद्धान्तहरू अभ्यास या प्रयोगमा ल्याउन सकिन्छन् भन्ने कुरो मैले यथार्थ दर्शाएको छु। मेरो उपाय यत्तिकै नै हो, म यसमा सफल भएको छु कि छैन त्यो पाठकले नै निर्णय गर्नुपर्छ। पहिले मैले एमिलको विषयमा थोरै कुरा बताएको छु; किनभने साधारणतः जनस्वीकृत सिद्धान्तहरूभन्दा मेरा पहिलेका शैक्षिक सिद्धान्तहरू भिन्दै भए तापनि तिनीहरू यति स्पष्ट छन् कि विचारवाला मानिसले तिनीहरूले स्वीकार गर्नलाई अस्वीकार गर्न कठिन छ। तर जब म प्रगति गर्दै जान्छु, तिम्रो ढाँचादेखि भिन्दै मेरो ढाँचामा तालीम भएको शिष्य कुनै मामूली किसिमको बच्चा हुँदैन र उसलाई खास तरीका चाहिने हुन्छ। तब ऊ बराबर पर्दामा देखा पर्दछ र आखिरतिर जे भने तापनि उसलाई मेरो दरकार नहुन्जेलसम्म म एक क्षण पनि उसलाई आफ्नो दृष्टिबाट बाहिर हुन दिन्नँ।

असल शिक्षकमा हुनुपर्ने गुणतिर म अहिले लाग्दिनँ, म ती सबै गुणले युक्त छु भन्ने कुरो म आफै मानिलिऊँ। जब तिमी यो पुस्तक पढ्नेछौ, अनि देख्नेछौ मैले आफैंप्रति कत्तिको उदारता देखाएको रहेछु।

प्रचलित विचारको प्रतिकूल या उल्टा म यति मात्र भन्छु कि बालकको गुरुले समझदार हुनुको साथै तन्नेरी (जस्तो) पनि हुनुपर्दछ, यत्तिको तन्नेरी कि जत्तिको ऊ हुन सक्तछ, सम्भव छ भने बालक (जस्तै) नै हुनुपर्दछ, यसनिमित्त कि ऊ आफ्नो चेलाको साथी बनोस् र उसका खेलहरूमा भाग लिएर उसको विश्वास प्राप्त गरोस्। साँच्चीकै दृढ स्नेह जम्नको लागि बालककाल र

पाको उमेरमा मिल्ने कुरा बहुतै कम हुन्छन् । कहिलेकाहीं बालकहरूलाई बूढाहरू फुसल्याउँछन्, तर तिनीहरू उनीहरूलाई कहिल्यै पनि मन पराउँदैनन् ।

मानिसहरू यस्तो गुरु खोज्दछन्, जसले एउटा शिष्यलाई अघिबाटै तालीम गरिसकेको छ । यो रूजूल कुरो हो, एउटा मानिसले एउटै चेलालाई मात्र तालीम गर्न सक्छ । सफलताको लागि दुइटाको आवश्यकता थियो भने पहिला चाहिंको जिम्मा लिने तिम्रो के हक ? बढी अनुभवबाट के गर्नुपर्ने हो, त्यसको बढी ज्ञान तिमीलाई हुन सक्छ; तर तिमी यो गर्न कम समर्थ हुन्छौ । एक पटकको काम सफलतापूर्वक गरिएको छ भने यसमा आइपर्ने बाधा र कठिनाइको अनुभवले गर्दा तिमी यसनिमित्त प्रयास गर्न सक्तैनौ– यदि यसमा असफलता भएको छ भने पहिला प्रयासले नै दोस्रो प्रयासको निम्ति अशुभ सूचना दिन्छ ।

एउटा तरुण युवाको चार वर्ष जति पछि लाग्नु एउटा कुरो हो, अर्को चाहिंको पचास वर्षसम्म पथ-प्रदर्शक अगुवा भएर रहनु अर्कै कुरो हो । तिमी आफ्नो छोरो हुर्किसकेपछि उसको निम्ति शिक्षक राख्छौ, म चाहिं ऊ जन्मनुभन्दा अघि नै उसको निम्ति गुरु चाहन्छु । तिम्रो मानिसले हरेक पाँच–पाँच वर्षमा आफ्नो चेलो फेर्न सक्छ, मेरो चाहिंले एकभन्दा बढी चेलो कहिल्यै लिंदैन । गुरु र शिक्षकमा के फरक छ त्यो तिमी नै थाहा पाऊ । मूर्खताको अर्को मात्रा ! चेलो र शिष्यमा केही फरक देख्तछौ ? बच्चाहरूले सिक्नुपर्ने एउटै विज्ञान छ–त्यो हो मानिसका कर्तव्यहरू । यो विज्ञान एउटा छ, र, जेनोफोनले पारसीहरूको शिक्षाको विषयमा जेसुकै भने तापनि यो अदृश्य छ । अरू जुन मानिसलाई यो ज्ञान छ, म त्यसलाई शिक्षक भन्नुभन्दा गुरु भन्न मन पराउँछु; किनभने यो शिक्षाको भन्दा पथ-प्रदर्शनको या बाटो देखनाको सवाल छ । उसले शिक्षाहरू दिनु हुँदैन, उसले त चेलालाई आफैं यी कुराहरू थाहा पाउन दिनुपर्दछ ।

सबभन्दा पहिलो कुरो यो हो कि यदि गुरुले अरूको निम्ति एउटा नमूना दर्शाउन चाहन्छ भने उसलाई अरूले होशियारीपूर्वक छान्नुभन्दा उसले नै राम्रोसँग आफ्नो चेला छान्नुपर्दछ । म त उसलाई ऊ जन्मनुभन्दा अघि नै लिन्छु, त्यसैले मेरो त यो धारणा छ कि यो रोजाइ बच्चाको बुद्धि र आचरणमा निर्भर गर्न सक्तैन र जब मेरो काम सकिन्छ अनि मात्र ती कुराहरू थाहा पाइन्छन् । यदि मैले नै रोज्ने हो भने म साधारण मन भएको बालक रोज्दछु,

जस्तो मेरो चेलोमा हुनुपर्दछ भन्ने म ठान्दछु । तिनीहरू साधारण मानिस नै हुन्, जसलाई शिक्षित तुल्याउनुपर्दछ; उनीहरूको शिक्षा नै उनीहरू जस्तै अरू मानिसहरूको शिक्षाको निम्ति एउटा नमूना बन्न सक्तछ र अरूले आफ्नो बाटो भेट्टाउँछन् आफै ।

मानिसको जन्मस्थान शिक्षामा बेवास्ता गरिने कुरा होइन । मध्यम हावापानीमा मात्र उसको शरीरको पूर्ण वृद्धि हुन आउँछ । उत्कृष्ट जलवायुको बेफाइदा सजिलोसित देखिन्छ । मानिस लक्ष्य झैं एकै ठाउँमा रोपिएको हुँदैन र बाँकी जीवनभर त्यसै ठाउँमा नै बसिरहने पनि हुँदैन र एक अधिकताबाट अर्को अधिकतामा सर्दा जसले आधा बाटोको भ्रमण गरेको छ, त्यसले भन्दा उसले डबल भ्रमण गर्नुपर्दछ ।

सम जलवायुको बासिन्दाले पालैसित एक अति शीतोष्ण जलवायुबाट अर्को अतिशीतोष्ण जलवायुतिरै जाँदा उसलाई हुने फाइदा स्पष्ट छ, किनभने उसले उपर्युक्त ठाउँबाट उपर्युक्त ठाउँमा जाने मानिसले जत्तिकै हावापानी फेर्न पाए तापनि उसले आफ्नो प्राकृतिक अवस्थाबाट आधा मात्रै गए पुग्छ । फ्रान्सको बासिन्दा न्यूगिनी या ल्यापल्यान्डमा बस्न सक्छ; तर हब्सी टर्नियामा बस्न सक्दैन, न त कुनै स्याभ्वायको बासिन्दा बर्लिनमा रहन सक्तछ । यस्तो पनि प्रतीत हुन्छ कि यी दुई अधिक जलवायु भएका स्थानहरूमा मानिसको दिमाग पनि उत्तिको पूरा तवरसँग बनेको हुँदैन । हब्सीहरू र ल्यापहरू यूरोप-निवासीहरू जस्ता बुद्धिमान् हुँदैनन् । यदि मैले आफ्नो चेलोलाई विश्वको बासिन्दा तुल्याउन चाहें भने अन्तको भन्दा फ्रान्स जस्तो मध्यम जलवायुको बच्चालाई रोज्दछु ।

बाँझो माटो भएको उत्तरका मानिसहरू धेरै खान्छन्, उब्जाउ माटो भएको दक्षिणका मानिसहरू थोरै खान्छन् । यसले अर्को विभिन्नता ल्याउँछ– उत्तरको मानिस परिश्रमी हुन्छ, दक्षिणको मानिस ध्यानशील हुन्छ । समाजले देखाउँछ कि एकै ठाउँका मानिस धनी र गरीबमा पनि उस्तै भिन्नता हुन्छ । धनी उब्जाउ ठाउँमा बस्तछ, गरीब बाँझो ठाउँमा बस्तछ ।

गरीब मानिसलाई शिक्षाको दरकार हुँदैन, जीवनमा आफ्नै औकातको शिक्षा उसमाथि ठोसिन्छ । उसले अरू किसिमको शिक्षा पाउन सक्तैन । धनी मानिसले उसको स्थानबाट या उसको औकातअनुसार पाएको न उसको लागि उपयुक्त हुन्छ न समाजको लागि उपयुक्त हुन्छ । प्राकृतिक शिक्षा त जुनसुकै स्थानको मानिसलाई पनि उपयोगी हुने हुन्छ । अब धनी **मानिसलाई** गरीबोका

निमित्त तालीम गर्नुभन्दा गरीबलाई धनका निमित्त तालीम गर्नु बढी अनुचित छ । संख्याबाट गणना गर्दा धेरै धनीहरू बिग्रेका छन् । थोरै गरीबहरू धनी भएका छन् । हाम्रो शिष्य धनीहरूमध्येबाट रोजूँ, उसलाई हामीले कम-से-कम अर्को मानिस तुल्याऔंला । गरीब त हाम्रो सहायताविना आफै मनुष्यतामा आउन सक्तछ ।

त्यसै कारणले यदि एमिल खानदानी कुलको रहेछ भने पनि मैले दुःख मान्नुपर्ने कुरो छैन, गलत सामाजिक रूढीबूढीबाट खोसेर ल्याइएको ऊ अर्को शिकार हुनेछ ।

एमिल एउटा टुहुरो हो । उसको बाबु या आमा होस् वा नहोस्, त्यसको केही परवाह छैन । उनीहरूका कर्तव्यको अभिभारा मैले लिएकोले म उनीहरूको हकसित सम्बन्धित छु । उसले आफ्नी आमाको आदर गर्नुपर्दछ, तर उसले मेरो आज्ञा मान्नैपर्दछ । मेरो पहिला र एक मात्र शर्त यही हो ।

मैले फेरि एउटा कुरा यो पनि भन्नु छ कि यसबाट उत्पन्न अर्को एउटा कुरा छ– परस्परको मन्जूरीविना हामीले कहिल्यै पनि अलग हुन हुँदैन । यो कुरा बडो जरूरी छ, गुरु र चेला कहिल्यै अलग नभएर यतिको सँगसँगै रहनुपर्छ कि ती दुइटैको भाग्य एउटै भन्ने उनीहरूले सम्झनुपर्छ । मेरो विचार यही छ । जब उनीहरूले आपसमा बिरानो हुने आपसमा छुट्टिने समय नजीक आएको थाहा पाउँछन्, उनीहरू त्यहीं र तत्कालै छुट्टिइहाल्दछन् । हरेकले आफ्नो सानु संसार बनाउँछ र दुवै जना अब हामी सँगसँगै रहँदैनौं भन्ने विचारमा व्यस्त भएर आफ्नो इच्छाविरुद्ध सँगसँगै रहन्छन् । चेलोले गुरुलाई बालककालको शोभा र दण्ड जस्तो मान्दछ; गुरुले चेलोलाई बोझ जस्तो ठान्दछ, जसबाट ऊ छुटकारा पाउन चाहन्छ । दुवै छुट्टिने समयको अपेक्षा गरिरहन्छन्, उनीहरूका बीचमा सच्चा स्नेह कहिल्यै पनि नरहेकोले एकापट्टि कम पहरादारी या हेर-विचार रहन्छ र अर्कोपट्टि कम आज्ञाकारिता रहन्छ ।

तर जब उनीहरूले सधैं सँगसँगै रहनुपर्दछ भन्ने ठहराउँछन्, परस्पर प्रेम गर्नैपर्दछ र यसप्रकार उनीहरूले साँच्ची आपसमा प्रेम गर्न सिक्तछन् ।

जुन व्यक्ति मानिस हुँदा पनि आफूसँगसँगै रहन्छ, त्यस मित्रको पछि बालक झैं लाग्न चेलो लाज मान्दैन । गुरु पनि जुन प्रयासको फल आफूले भोग्न पाउँछ, ती प्रयासहरूमा दिलचस्पी लिन्छ र जुन गुणहरू उसको चेलामा परन्तुसम्म रहन्छन्, ती गुणहरू उसको वृद्धावस्थाका निमित्त भण्डार बनेर रहन्छन् ।

अघिबाटै गरेको यस्तो मन्जूरनामाले बालकलाई जन्मेकै वेलादेखि मजबूत हृष्ट-पुष्ट र निरोगी बनाउँछ। परिवारको परिधिमा या हदभित्र बाबुले रोजी-छोडी गर्न पाउँदैन। परमेश्वरले उसलाई दिएका सबै बच्चाहरू समान हुन्छन्; सबैको उत्तिकै हेरचाह हुन्छ। सबैमाथि उत्तिकै स्नेह हुन्छ। सद्दे होस् वा लूलो-लङ्गडो होस्, निर्धो होस् वा बलियो होस्, उनीहरूमध्ये प्रत्येक उसको जिम्मामा हुन्छ, जसको लागि ऊ दाता (परमेश्वर) प्रति जिम्मेदार छ र विवाह-सम्बन्धमा पति-पत्नी जत्तिकै प्रकृति पनि सम्बन्धित रहन्छ।

तर यदि तिमीले प्रकृतिले नलगाएको कर्तव्यको जिम्मा लियौ भने तिमीले अघिबाटै यो पूरा गर्ने उपाय प्राप्त गर्नुपर्दछ, नत्रभने आफूले पूरा गर्न नसक्ने कर्तव्यहरूको जिम्मा लिनु हुँदैन। यदि तिमीले निर्धो रोगी बालकको जिम्मा लियौ भने तिमी रोगी धाई हुन्छौ, शिक्षक होइन। बेकम्मा जीवनको जिम्मा लिनु समय बरबाद गर्नु मात्र हुन्छ, जुन समय जीवनको मोल बढाउनमा लगाउनुपर्दथ्यो; तिमीले एउटी हताश भएकी आमाले उसको बच्चाको मृत्युका निमित्त गाली गरेको सुन्नु-देख्नुपर्ने हुन्छ, जुन बच्चा उहिले नै मरिदिएको भए हुन्थ्यो !

ऊ चार बीस या असी वर्षसम्म बाँच्ने भए तापनि कमजोर रोगी बच्चाको हेरचाहको जिम्मा लिन म चाहन्नँ। म यस्तो चेलो लिन चाहन्नँ, जो आफ्ना निमित्त र अरूका निमित्त पनि बेकम्मा छ, जसको मुख्य काम बाँचिर रहनु मात्र छ, जसको शरीर उसको मानसिक तालीम या विकासका निमित्त बाधाजनक भएर रहेको छ। मैले आफ्ना हेरविचारका मात्रा खूबसित उसमाथि पुऱ्याएँ भने समाजलाई एक जना मानिसको हानि गराउनुको सट्टा दुई जनाको हानि गराउनु सिबाय अरू के गर्छु ? मेरो सट्टा अर्कैले यो निर्धो बच्चाको स्याहार-सुसार गरोस् म बिलकुल राजी छु। म उसको दातव्यलाई स्वीकार गर्दछु। तर मेरो त यस्तो कामका निमित्त कुनै शक्ति छैन। जसको सारा शक्ति या बल जीवित रहनको लागि मात्र चाहिन्छ, त्यस्तोलाई कहिल्यै पनि म जीवनकला सिकाउन सक्तिनँ।

मनको आज्ञा पालन गर्ने शरीर प्रशस्त मजबूत चाहिन्छ, असल नोकर बलियो हुनुपर्छ। मलाई थाहा छ बेपरहेजले इन्द्रियहरूलाई उत्तेजित गराउँछ; केही समयपछि शरीरलाई नै उत्तेजित गराउँछ, केही समयपछि शरीरलाई नै नाश गर्दछ; अर्कोतिर व्रत र तपस्याले पनि प्रायः त्यही नतीजा निकाल्दछ। शरीर जति जति कमजोर भयो उति उति अटेर हुन्छ, जति जति मजबूत भयो

उति उति आज्ञाकारी हुन्छ। सबै शारीरिक इन्द्रियहरू कमजोर शरीरमा अड्डा जमाउँछन्। तिनीहरू जति जति कम सन्तुष्टि पाउँछन्, उति उति उनीहरूको इच्छा प्रबल हुन्छ।

कमजोर शरीरले मन कमजोर तुल्याउँछ। त्यस कारण शरीरको प्रभाव यस्तो हुन्छ। यो एउटा कला हो, जसले मानिसलाई फाइदा गर्नुभन्दा बिगार गर्दछ। म बुझ्न सक्तिनँ– डाक्टरहरूले हाम्रो के रोग निको पार्दछन्; तर मलाई थाहा छ– तिनीहरूले हामीलाई भयङ्कर या घातक रोगहरू सारिदिन्छन्–कातरता, झूट विश्वास, मृत्युको भय। उनीहरूले मरेकोलाई हिंडाए भने पनि केही मतलब आउँदैन; हामीलाई मुर्दा चाहिएको छैन, उनीहरू हामीलाई मानिस दिन सक्तैनन्; हामीलाई त मानिस पो चाहिएको छ।

आजकाल औषधि एउटा फेशन हुन आएको छ; हुने पनि भयो। अल्सी र काम नभएका मानिसहरूको यो विनोद या दिलबहलाउको कुरो भएको छ, जो आफ्नो समय कसरी बिताउने हो थाहा पाउँदैनन् र यसैनिमित्त आफ्नै हेरचाह गर्नमा बिताउँछन्। यदि दुर्भाग्यले उनीहरू अमर भएर जन्मन आएका भए तिनीहरू मानिसमध्ये सबभन्दा दुःखो हुने थिए। आफूले गुमाउन नसक्ने जिन्दगी उनीहरूका निमित्त केही मूल्यवान् हुँदैनथ्यो। यस्ता मानिसहरूलाई तर्साउन र फुस्ल्याउन डाक्टरहरू चाहिन्छन्। उनीहरूले भोग्न पाउने एक मात्र आनन्द यही हुन्छ। उनीहरू नमरीकन जीवित नै छन् भन्ने कुराले एक मात्र आनन्द यही नै हुन्छ।

अहिलेलाई औषधिको निरर्थकताको विषयमा अरू केही भन्दिनँ। मेरो लक्ष्य जीवनका कर्तव्यहरूको अभ्यासमा यससँग सम्बन्धित कुराहरूको विचार गर्नु हो। तैपनि मानिसहरू सत्यको खोजीमा जसरी मिथ्यावाद लगाउँछन्, त्यस्तै मिथ्यावाद औषधिको विषयमा पनि लगाउँछन्– यो कुरो नभनी रहन सक्तिनँ। उनीहरूको यो धारणा हुन्छ कि रोगी निको हुन्छ सत्यको खोजीमा लाग्नेले यो भेट्टाउँछ। उनीहरू यो कुरो बुझ्न सक्तैनन् कि डाक्टरले एउटा मानिस बचाएको छ भने सयौंलाई खतम गरेको हुन्छ, सत्यको खोजीमा लागेकोले एउटा सत्य पत्ता लगाएको छ भने त्यसभित्र कयौं भूलहरू घुसिरहेका हुन्छन्। जुन विज्ञानले शिक्षा दिन्छ र जुन औषधिले निको पार्छ, ती अवश्य उत्तम कुरा हुन्; तर जुन विज्ञानले हामीलाई कुमार्गतिर लैजान्छ र जुन औषधिले हामीलाई मार्दछ ती अनिष्ट कुरा हुन्। हामीले तिनीहरूको छुट्टाछुट्टै ज्ञान प्राप्त गर्न सिक्नुपर्दछ। साँच्चीको कठिनाइ यही छ। हाम्रो सत्यको

ज्ञान नभईकन सन्तुष्ट छौं भने पनि असत्यको ठगाइबाट त हामीले बच्नुपर्छ; प्रकृतिबाट हामी निको हुन चाहन्नौं भने पनि डाक्टरहरूबाट त हामी मारिनु हुन्न। हामी यी दुवैबाट आफ्नो बाटो सफा तुल्याएर निस्कन सक्यौं भने स्पष्टै रूपमा हामीलाई लाभ हुनेछ। औषधि कसैलाई उपयोगी हुन्छ भन्ने कुरो म अस्वीकार गर्दिनँ; तर म जोडदार शब्दमा भन्दछु कि औषधि मनुष्य जातिका निमित्त घातक छ।

अघि पछि जस्तै तिमी मलाई भनौला कि डाक्टरहरूको दोष हुन सक्छ, तर औषधि त अचूक हुन्छ। लौ, ठीक छ, त डाक्टरविना औषधि देऊ; किनभने जब हामीसंग दुइटै हुन्छन्, कलाबाट हुने आशाभन्दा कलाकारबाट हुने भूलहरू सय खण्ड बढ्ता हुन्छ।

शरीरको खराबीको निमित्तभन्दा मनको खराबीका निमित्त आविष्कार गरिएको यो छकाउने कला दुवैका निमित्त उत्तिकै बेकामको हुन्छ; यसले हाम्रो रोग निको पार्नुभन्दा हामीलाई भयपूर्ण तुल्याउने काम गर्दछ। यसले मृत्युलाई हटाउनुभन्दा यो नजीक आइपुग्ला कि भन्ने डरले भयभीत हुने तुल्याउँछ। यसले जीवनलाई लम्ब्याउनुभन्दा सिध्याउने काम गर्दछ। यसले जीवन लम्ब्यायो भने पनि यो मनुष्यजातिको हानिका निमित्त मात्र हुन्छ, किनभने यसले हामीलाई समाजको अगाडि होशियारी लिनुपर्ने र हाम्रा कर्तव्यहरूको डर लिनुपर्ने तुल्याउँदछ। कविले एचिलेसलाई आपद् नपर्ने गरी शस्त्र–अस्त्रले सुसज्जित गराए र यसरी साहसको गुणबाट उनलाई वञ्चित गराए। यस हिसाबले त जुनसुकै मानिस पनि हुने भयो।

के तिमी साँच्चीकै बहादुर मानिस पाउन चाहन्छौ? उसलाई त्यस ठाउँमा खोज जहाँ डाक्टरहरू हुँदैनन्, जहाँ रोगका नतीजाहरू थाहा हुँदैनन् र जहाँ मृत्युको कम विचार गरिन्छ। स्वभावैले मानिस बहादुरीसँग दुःख सहन्छ र शान्तिसँग मर्दछ। डाक्टरहरू आफ्ना नियमहरूले, वेदान्तीहरू आफ्ना शिक्षाहरूले, प्रोहित पंडितहरू आफ्ना उपदेशहरूले हाम्रो हृदयलाई कमजोर तुल्याइदिन्छन् र हामीलाई मर्न डराउने तुल्याउने यिनीहरू नै हुन्।

मलाई यस्तो चेलो देऊ, जसलाई यी कुराहरूको दरकार छैन, नत्रभने ऊसँग मेरो केही गर्नु छैन। कसैले मेरो काम नबिगारोस्, म उसलाई आफै शिक्षित तुल्याउँछु; या त म उसलाई लिंदै लिन्न। जसले आफ्नो जीवनको एक खण्ड औषधिको अध्ययनमा बिताएका थिए, ती बुद्धिमान् लोकेले अघिबाटै होशियारीको लागि होस् या अलिअलि बिरामी हुँदैमा होस् बालकलाई

औषधि नखवाउनू भनेर हामीलाई सल्लाह दिएका छन् । यस विषयमा म अरू टाढा जान्छु र यो कुरो स्पष्ट रूपमा भन्दछु कि म आफ्नो निमित्त डाक्टर नबोलाउने हुनाले उसको जीवन साँच्चीकै खतरामा छ र डाक्टरले उसलाई मार्न मात्र सक्तछ भन्ने नैराश्यजनक अवस्थामा नपुगुन्जेल एमिलको निमित्त म डाक्टर बोलाउँदिनँ ।

मलाई थाहा छ, मैले ढीला गरेकोबाट डाक्टरले ठूलो फाइदा उठाउँछ । बच्चा मर्‍यो भने ऊ अबेर बोलाइयो, बच्चा निको भयो भने उसले निको पार्‍यो । बरु यही सही, डाक्टर गर्व गरोस्, तर असाध्य भयो भने मात्र, नत्र डाक्टर न बोलाउनू ।

बालक जसरी निको हुन जान्दैन, त्यस्तै बिरामी हुन चाहिं जान्दछ । एउटा कलाले अर्को कलाको ठाउँ लिन्छ र प्रायः बढी सफलता प्राप्त गर्दछ । यो प्रकृतिको कला हो, जब कुनै जनावर बिरामी हुन्छ ऊ चूपचाप रहन्छ र केही नबोलीकन दुःख खप्छ; तर हामी बिरामी मानिसहरूभन्दा रोगी जनावरहरू कम देख्छौं । कति मानिसहरू अधैर्य, भय, चिन्ता र सबभन्दा विशेष गरेर औषधिद्वारा नाश भएका छन् । ती मानिसहरूलाई बरु रोगले बचाउँदो हो । समयले नै निको पार्दो हो । मलाई कसैले बताइदेला कि जुन जनावरहरू प्रकृतिअनुसार रहन्छन्, तिनीहरूलाई कम रोग लाग्ने हुन्छ । अँ, मैले मेरो चेलोको निमित्त चाहेको त्यसै किसिमको जीवन हो । उसले पनि त्यसै गरी यसबाट फाइदा उठाउनुपर्छ ।

औषधिको एक मात्र उपयोगी अंश स्वास्थ्यरक्षा-विद्या हो र यो विद्या विज्ञानभन्दा बरु एउटा गुण हो । मानिसको मुख्य औषधि परहेज र परिश्रम हो, कामले उसको रुचिलाइ तीव्र गराउँछ र परहेजले यसलाई नियन्त्रणमा राख्न सिकाउँछ ।

कुन तरीका सबभन्दा कल्याणकारी छ, त्यो सिक्नलाई ती जातिहरूको अध्ययन गर्नुपर्दछ । जो स्वास्थ्य बल र दीर्घायुका निमित्त प्रख्यात छन् । सर्वसाधारण विचारले न हाम्रो स्वास्थ्य बढाउँछ, न जीवनलाई लम्ब्याउँछ भन्ने कुरो हामीलाई देखाउँछ भने यसबाट यो बुझिन्छ कि यो निरर्थक कला निरर्थकभन्दा पनि निरर्थक हो; किनभने शुद्ध हानि हुने कुरामा यसले समयको, मानिसहरूको र वस्तुहरूको वरबादी गराउँछ जीवनको प्रयोग गर्नमा मात्र होइन कि यसको बचावट गर्नमा लगाइएको समयलाई समेत हामीले कट्टी गर्नुपर्दछ । त्यत्ति मात्र होइन कि यदि यस समयलाई हामीले आफैलाई यातना

दिनमा बिताएका छौं भने यो खेर गएकोभन्दा पनि खराब हो, यो ज्यादै खराबीका निमित्त हो र राम्रो गणना गर्ने हो भने त्यसैअनुसारको अनुपातमा हाम्रा निमित्त बाँकी रहेको समयबाट पनि कट्टी गर्नुपर्छ। जुन मानिस डाक्टरहरूको मद्दतविना आफ्नो निमित्त र अरूहरूका निमित्त दश वर्ष बाँच्तछ, त्यो मानिस डाक्टरको शिकार भएर तीस वर्ष बिताउने मानिसभन्दा आफ्ना निमित्त र अरूका निमित्त बढ्ता जीवित रहन्छ। मैले यी दुवैको प्रयास गरेको छु यसनिमित्त म विचार गर्छु कि मेरो आफ्नै परिणाम निकाल्नमा अरू धेरैको भन्दा मेरो बढ्ता हक छ।

यिनै कारणहरूले गर्दा बलियो र निरोगी बच्चा बाहेक अरूलाई चेलो लिन इनकार गर्दछु र उसलाई स्वास्थ्यमा राख्ने मेरा सिद्धान्तहरू यिनै हुन्। स्वास्थ्य र शरीरको बनावटलाई बलियो तुल्याउन आखिरमा हातले गर्ने परिश्रम र शारीरिक कसरतको मूल्यलाई प्रमाणित गर्न म अड्नेछैन। यसलाई कसैले इनकार गर्नेछैन। दीर्घ जीवनका प्रायः सबै उदाहरण ती मानिसहरूमा पाइएका छन्, जसले खूब कसरत गरेका छन् र जसले थकावट र परिश्रम सहेका छन्। यसनिमित्त मात्र म जुन होशियारी गरुँला त्यसको यथार्थ वर्णनपट्टि पनि म अहिले लाग्दिनँ, यो कुरो स्पष्ट हुनेछ कि यो मेरो कार्यको यत्तिको मुख्य भाग हुनेछ कि अरू बढ्ता वर्णनविना नै मेरो विचार बुझ्नलाई प्रशस्त हुनेछ।

जब हाम्रो जीवन प्रारम्भ हुन्छ, तब हाम्रा आवश्यकताहरूको पनि प्रारम्भ भइहाल्छ। नवजात शिशु अर्थात् भरखर जन्मेको बच्चाको निमित्त धाई अवश्य चाहिन्छ। यदि आमाले आफ्नो कर्तव्य गरी भने झन् बेश भयो, उसलाई लिखित रूपमा उपदेशहरू दिनुपर्दछ, तर यो फाइदाको बेफाइदा पनि छ; शिक्षक आफ्नो जिम्मावाट फुक्का हुन्छ। तर यसको अपेक्षा गरिन्छ कि बच्चाको स्वार्थ र जुन मानिसको विश्वासमा यस्तो आफ्नो अमूल्य सम्पत्ति सुम्पिन लागिएको छ, त्यसप्रतिको आदरको भावनाले शिक्षकको इच्छालाई आदर गर्न आमालाई प्रेरित गराउँदछ र उसले जे गरोस्, त्यो अरूले गरेको भन्दा बेश हुन्छ। हामीले अनजान धाई नै राख्नुपर्‍यो भने शुरूमै राम्रोसित छानेर राख्नुपर्छ।

सबतिरबाट ठगिनु धनीहरूको दुर्भाग्यमध्ये एउटा दुर्भाग्य हो। मानिसजातिलाई नै तिनीहरू खराब ठान्दछन्। यो कस्तो आश्चर्य? मानिसलाई भ्रष्टाचारी तुल्याउने अर्थात् बिगार्ने धनै हो, र आफूले जानेको हतियारको दोष

थाहा पाउने पहिला व्यक्ति तिनीहरू नै हुनु ठीकै हो । जुन कुरो धनीहरू आफ्ना निमित्त आफै गर्दछन्, त्यो बाहेक उनीहरूका निमित्त हरेक कुरा नराम्रोसित गरिन्छ । तर वास्तवमा तिनीहरू केही पनि गर्दैनन् । जब धाई छान्नैपर्ने हुन्छ, त्यो काम डाक्टरका हातमा छोडिन्छ । के हुन आउँछ ? जसले सबभन्दा धेरै घूस दिन्छे, त्यही सबभन्दा बेश धाई हुन आउँछे । एमिलको धाईको बारेमा म डाक्टरसँग सल्लाह लिन्नँ; म सावधानीपूर्वक अर्को छान्दछु । म यस विषयमा डाक्टरले झैं सुचारु रूपले छलफल गर्न नसकुँला, तर म विशेष विश्वसनीय हुनेछु । लोभले डाक्टर जत्तिको छकिन्छ, मेरो उत्साहले म त्यत्तिको ठगिन्नँ ।

यो छान्ने कुरामा रहस्य केही छैन । यसका नियमहरू सबैलाई थाहा भएका कुरा हुन्; तर म विचार गर्छु कि हामीले दूध छिप्पिएको नछिप्पिएको के हो र त्यो असल कमसल कस्तो हो त्यस कुरामा बढी ध्यान दिनुपर्छ । पहिलो, दूध पानी जस्तो पातलो हुन्छ र यो प्रायः रेचक अर्थात् दिसा लगाउने हुन्छ; यसले भरखर जन्मेको बच्चाको पेटमा जमिराखेको फोहोर मैलालाई सफा गरिदिन्छ; जब बच्चा यो पचाउन सक्ने हुँदै जान्छ, अनि त्यो दूध पनि अलि अलि गरेर बाक्लो हुँदै जान्छ र एउटा पोसिलो खानेकुरो बन्दछ । अवश्य यो विनाकारण होइन कि प्रकृतिले नै बच्चाको उमेरअनुसार हरेक प्रकारका स्त्रीजातिमा दूधको परिवर्तन गरिदिन्छ ।

यस प्रकार भरखर जन्मेको बालकलाई हालै बच्चा जन्माएकी या सुत्केरी भएकी धाई चाहिन्छ । मलाई थाहा छ, यहाँनिर एउटा कठिनाइ या फसाद छ, तर जब हामी प्रकृतिको बाटो छोड्दछौं, तब सबै कल्याणको बाटोमा कठिनाइ पर्न आउँदछ । यस अवस्थामा गलत बाटोलाई नै ठीक बाटो हो भन्ने हामी ठहराउँछौं । यसैले हामी त्यसैलाई लिन्छौं ।

धाई मिजास र शरीरमा पनि उत्तिकै स्वस्थ हुनुपर्छ । फुडङ्गे स्वभाव र ठट्टाबाजी गर्ने मिजासले उसको दूधलाई बिगार्न सक्तछ । त्यसमाथि पनि शरीरको मात्र विचार गर्नु हाम्रो लक्ष्यको आधा मात्र विचार गर्नु हो । दूध असल हुन सक्तछ, तर धाई खराब हुन सक्छ । असल जीउडाल जत्तिकै असल चाल-चलनको आवश्यकता छ । यदि तिमीले दुराचारी धाई छान्यौ भने म भन्दिनँ कि उसको धर्मको बालक या नानीले उसका अवगुणहरू लिनेछ, तर तिनीहरूबाट उसलाई दुःख हुनेछ । के उसले आफ्नो दूध ख्वाउनुको साथै

दिनपर दिन बच्चालाई उत्साह, धैर्य, सुशीलता र सफाइका कुराहरू सिकाउने विचार लिनुपर्दैन ? धाई बेपरहेजी भई लोभिनी रहिछ भने उसको दूध चाँडै बिग्रिन्छ, ऊ बेहोसी र हतपते छे भने उसको दयामा छोडिएको आफ्नो संरक्षण गर्न असमर्थ या फिराद गर्न नसक्ने बिचरा अभागी बच्चाको के होला ? दुष्ट कहिल्यै कुनै कुराको निम्ति पनि बेश हुँदैन ।

त्यो छनाइ या धाई छान्ने काम झन् ज्यादै महत्त्वपूर्ण कुरा छ, किनभने उसको नानीको जस्तो शिक्षक बाहेक अरू गुरु हुनुहुँदैन । यो चलन प्राचीन जनहरूमा थियो, जो थोरै बोल्दथे र हामीभन्दा धेरै बुद्धिमानीसँग यो काम गर्दथे । धाई आफ्नी धर्मपुत्री या नानी छोरीलाई कहिल्यै छोड्दिनथी, त्यसैले धेरैजसो उनीहरूका नाटकहरूमा धाई मुख्य विश्वासको पात्र हुन्छे । जुन बच्चा पालैसित धेरै हातमा पर्दछ, त्यसको पालन-पोषण हुर्काइ-बढाइ कहिले पनि राम्रोसित हुँदैन ।

हरेक हात-फेराइमा उसले गुप्त तुलना गर्दछ, जसले गर्दा आफूलाई नियन्त्रण गर्नेहरूमाथिको उसको आदर र साथै उसमाथिको उनीहरूको हैकम बराबर कम हुँदै जान्छ । उसले एकचोटि उमेर पुगेका पाका मानिसहरू बच्चाहरूभन्दा बढ्ता बुद्धि भएका हुँदैनन् भन्ने विचार गऱ्यो भने उमेरको हैकम खतम हुन्छ र बच्चाको शिक्षा पनि खतम हुन्छ । बच्चाको आफ्ना आमा-बाबुदेखि बाहेक अरू मान्यजन हुनु हुँदैन, त्यो भएन भने उसको धाई र शिक्षक, र यही पनि त बढ्ता हो, तर यतिसम्मको विभाजन त नभई नहुने नै छ र यसको उपायको बाटोमा सबभन्दा बेश या उत्तम कुरा के छ भने जसले उसलाई नियन्त्रणमा राख्तछ, त्यो पुरुष वा स्त्रीको उसप्रतिको सोचाइको विषयमा सामञ्जस्य हुनुपर्दछ, अर्थात् बिलकुल मेल खानुपर्दछ ।

धाईले सुबिस्तापूर्वक रहन पाउनुपर्दछ, उसको खाने कुरा बेश हुनुपर्दछ र उसको जीवनको रहन-सहन अकस्मात् बदलिनुहुँदैन, अर्थात् त्यसमा अकस्मात् परिवर्तन आउनु हुँदैन, किनभने झन् बढियाकै निमित्तको भए तापनि अकस्मात्को परिवर्तन स्वास्थ्यका निमित्त भयङ्कर हुन्छ, किनभने उसको साबिकको जीवनको रहन-सहनले नै उसलाई बलियो र स्वस्थ तुल्याएको छ भने किन बदल्ने ?

गाउँ-ठाउँका स्वास्नीमानिसहरू शहरका स्वास्नीमानिसहरूभन्दा मासु कम तर सागपात बढ्ता खान्छन् र यो सागपातको भोजन उनीहरू र उनीहरूका बच्चाहरूका निमित्त लाभदायक सिवाय अरू केही हुन सक्तैन । जब

उनीहरू ठूला बडाका बच्चाहरू लिन्छन्, तिनीहरू आफूमा रस बढ्ला र बढ्ता दूध आउला भन्ने विचारले मासु र सागपातको रस खान्छन् । म यस कुरामा सहमत हुन सक्तिनँ । र यस कुराको अनुभव मलाई छ, किनभने यस्ता धाईहरूले दूध खुवाइएका बच्चाहरू पेट नदुख्ने र जुका नपर्ने पाइँदैनन् ।

यसबाट हामीले आश्चर्य मान्नुपर्ने कुरा छैन, किनभने सड्ने मांस–पदार्थमा कीराहरू थुप्रिन्छन्, तर सागपातमा यो कुरा हुँदैन । जनावरको शरीरमा उत्पन्न भए तापनि दूध सागपात-पदार्थ हो, यो (वस्तु) छेदन-क्रिया अर्थात् एकएक गरेर वस्तुहरूको भाग छुटचाउने कामबाट देखिएको छ; यो तुरुन्त अमिलो हुन्छ र जनावरको मांसपदार्थ झैं नुनिलो भाव उडेर जाने वस्तुको कुनै लक्षण नदेखाईकन यसले वृक्षबिरुवाले जस्तै न ज्यादा अमिलो, न ज्यादा नुनिलो, बीचको नुनिलो भावको पदार्थ दिन्छ ।

हिंस्रक जन्तुको दूधभन्दा शाकाहारी जन्तुको दूध बढ्ता मीठो र बढ्ता फाइदा गर्ने हुन्छ । आफ्नै पदार्थ जस्तै पदार्थले बनेकोले यसको असलपना रहिनै रहन्छ र यो सड्ने गल्ने संभावना हुँदैन । परिणामको विचार गर्‍यो भने यो सर्वविदित कुरो छ कि पीठोबाट बनेका खानेकुराहरू मासुले भन्दा बढ्ता रगत पैदा गर्दछन्, यसनिमित्त तिनीहरूले बढ्ता दूध दिनुपर्दछ । बच्चालाई ज्यादा चाँडो दूध छुटाएन भने, सागपाते खाना खुवाइयो भने र उसकी धाई शाकाहारी रहिछ भने उसलाई जुकाले दुःख देला जस्तो मलाई लाग्दैन । सागपाते खानाबाट निस्केको दूध अमिलिने धेरै सम्भव हुन्छ, तर अमिलो दूधले बेफाइदा गर्छ भन्ने कुरा म बिलकुल मान्दिनँ, सारा जातिहरूको अरू खाने कुरा हुँदैन र यसबाट कसैलाई खराबी भएको छैन । चुस्ने या पिउने भनेर बनेका र बिक्री भइरहेका सारा कुराहरू मलाई त वाहियात मात्र लाग्दछन्, अँ, कुनै यस्ता शरीर हुन्छन्, जो दूधले फष्टाउँदैनन; फेरि कुनै यस्ता छन्, जो पिउने कुरामा दूध मात्र पिउँछन्; मानिसहरू दूध फाट्ला र जम्ला भनेर डराउँछन्; त्यो गलत हो, किनभने हामीलाई थाहा छ कि दूध पेटमा पुगेर जम्दछ; यसैले यो बच्चाहरूलाई पोसिलो हुने गरी प्रशस्त खँदिलो खानेकुरा बन्दछ, यदि यो नजम्ने भए यो उनीहरूको खानेकुरा नबनीकन त्यसै बाहिर निस्केर जान्थ्यो र दूधमा पानी मिलाएर पतल्याउनु र चुसेनीहरू प्रयोग गर्नु व्यर्थ हुन्थ्यो, जसले दूध निल्छ उसले चीज (दही फटाएर बनाएको मिठाई) पचाउन सक्दछ । यो नियम विनाअपवादको नियम हो अर्थात् यो नियम सर्वत्र लागू छ । जमेको दूध नछुटेको बाच्छाको भुँडीबाट बन्दछ ।

धाईको साबिकको खाना बदल्नुभन्दा बरु त्यही किसिमको बढिया खाना अलि धेरैमा दिनु बेश होला भन्ने मलाई लाग्दछ, तरकारीलाई नपच्ने तुल्याउने खानेकुराको प्रकृतिले होइन, तर यसलाई मरमसलाहरू हालेर स्वादिष्ट तुल्याउनाले यो बेफाइदा गर्ने हुन्छ । तिम्रो भान्साको सुधार गर, सेक्न या भुट्नको निम्ति न त मखखन प्रयोग गर, न तेलको नै । नौनी, नून र दूध कहिल्यै पकाउनु हुँदैन । तरकारीहरू पानीमा पाकून् र खानेवेलामा मात्र तिनीहरूमा नून र मसलाहरू हालून् । सागपात तरकारीहरूले धाईको शरीर बिगार्नुसट्टा उसमा दूध प्रशस्त बढाउँछन् । यदि सागपात तरकारीहरू खुवाउँदा बालकको शरीरका निम्ति उत्तम छ भने मांसाहार उसकी धाईको निम्ति कसरी उत्तम हुन सक्तछ ? यी कुराहरू परस्पर-विरोधी कुरा हुन् ।

ताजा हावाले बच्चाहरूको शरीरलाई असर गर्दछ । खास गरेर पहिलेका दिनहरूमा या ज्यादा कलिलो छँदैमा यो नरम र कमलो छालाको हरेक भाग भित्र घुस्तछ; उनीहरूको कलिलो शरीरमाथि यसको प्रबल प्रभाव पर्दछ; यसको प्रभाव कहिल्यै नाश हुन सक्तैन, म तिनीहरूसँग सहमत छैन, जसले गाउँ–ठाउँकी स्वास्नीमानिसलाई उसको गाउँबाट ल्याएर उसको नानीसँगै शहरको एउटा कोठामा थुनेर राख्तछन् । म भए उसलाई शहरको गन्धे हावामा राख्नुभन्दा गाउँको ताजा हावामा पठाउने थिएँ । ऊ आफ्नी नयाँ आमाको ठाउँमा जान्छ, उसको छाप्रोमा बस्तछ, जहाँ उसको गुरु पनि साथै जान्छ । पाठकले मनमा यो सम्झनुपर्दछ कि त्यो गुरु तलबी नोकर होइन, उसको बाबुको मित्र होस् । यदि यस्तो मित्र पाउन सकिंदैन, यदि यसरी गाउँमा सारेर राख्न सकिंदैन, यदि मेरा कुनै पनि सल्लाहअनुसार काम गर्न सकिंदैन भने तिमी मलाई भनौला, 'मैले साँच्ची के गर्ने त ?' मैले तिमीलाई अघि नै भनिसकें, 'जे गरिरहेछौ त्यही गर ।' त्यहाँनिर कुनै सल्लाह चाहिंदैन ।

मानिसहरू कमिलाको पहाडमा थुप्रिन बनेका होइनन्, तर पृथ्वीलाई खनजोत गर्न यहाँ छरिएर बस्न बनेका हुन् । जति जति मानिसहरू एकै ठाउँमा थुप्रिएर बस्छन्, उति उति भ्रष्टाचारी हुन्छन् । रोग र पाप ज्यादा धेरै मानिसहरू थुप्रिएर बसेका शहरहरूका नतीजा हुन् । सबै जीवातहरूमध्येमा बथानमा बस्न उचित नभएको प्राणी मानिस हो । भेडा जस्तै एकै ठाउँमा थुप्रिएर बस्ता चाँडै मर्दछन् । मानिसको सास अरू मानिसका निमित्त घातक हुन्छ । यो कुरो अक्षरशः र दृष्टान्तरूपले पनि सत्य हो ।

मानिसहरूलाई हाम्रा डाक्टरहरूले खान्छन् । केही पुस्तापछि मनुष्य

जाति मरेर जान्छ या अधम र नीच भएर जान्छ । यसको नवीकरण चाहिन्छ र यो नवीकरण गाउँबाटै हुन्छ । नयाँ तुल्याउनको लागि तिम्रा बाल-बच्चाहरूलाई पठाऊ, अर्थात् हाम्रा ज्यादै घना बस्ती भएका शहरहरूको गन्धे हावाबाट गुमेको उनीहरूको ताकत फेरि प्राप्त गराउनको लागि खुला मैदानहरूमा पठाऊ । स्वास्नीमानिसहरू आफ्ना बच्चाहरू शहरमा पैदा होऊन् भनेर हतपतसँग घर आउँछन्; उनीहरूले यसको ठीक उल्टा काम गर्नुपर्दछ । खास गरेर ती स्वास्नीमानिसहरूले यस्तो गर्नुपर्दछ, जो आफ्ना बच्चाहरूको स्याहार-सम्भार आफैं गर्न चाहन्छन् । आफूले विचार गरिएका उनीहरूको कम हानि हुन्छ । आमाका कर्तव्यहरू गर्दै प्रकृतिको सुन्दर छटा र दृश्यहरूको वरिपरि रहँदा उनीहरूलाई जो आनन्द आउँछ, त्यसले चाँडै नै अरू किसिमका मोजमजाहरूको चाहनालाई बिर्साइदिन्छ ।

भर्खर जन्मेको बच्चालाई अलिकति रक्सी मिसाएको तातोपानीले नुहाइदिन्छन् । मलाई लाग्छ रक्सी नहाले पनि हुन्छ । प्रकृतिले ताता रक्सीहरू पैदा नगर्ने हुनाले प्राकृतिक जीवनहरूका लागि तिनीहरूको त्यस्तो महत्त्व केही छैन ।

त्यसै गरी पानी तताउनुपर्ने आवश्यकता पनि केही छैन । वास्तवमा धेरै जातिहरूमा यो चलन पनि छ कि उनीहरू भर्खर जन्मेको बच्चालाई विनाझमेला नदीमा या समुद्रमा नुहाइदिन्छन् । आफ्ना बाबु-आमाको सुकुमारपनाले गर्दा जन्मनुभन्दा अघिदेखि नै सुकुमार भएका हाम्रा बच्चाहरू अघिबाटै कमजोर भइसकेको शरीरले संसारमा आउँदछन्, जुन शरीरलाई स्वस्थ तुल्याउनको लागि चाहिने सबै अनुभवमा एकै चोटि रोक्न सकिन्न । अलि अलि गरेर या क्रमशः ती बच्चाहरूलाई प्राकृतिक बल दिलाउनुपर्दछ यही प्रथाको अनुसरण गर्न शुरू गर र त्यो चाहिं चलन बिस्तार बिस्तार छोड्दै जाऊ । तिम्रा बच्चाहरूलाई बराबर नुहाइदेऊ । तिनीहरूको फोहोरी चालले यसको आवश्यकता देखाउँछ । यदि उनीहरूलाई दलि मात्र दियो भने उनीहरूको छाला खुइलिन्छ; तर जब उनीहरू बलियो हुँदै आउँछन्, पानीको तातोपना पनि घटाउँदै लैजाऊ र यसरी आखिरमा हिउँद वर्षा दुवैमा चीसो पानीमा हिऊँ जस्तो चीसो पानीमा पनि उनीहरूलाई नुहाइदिन हुन्छ । खतरा बचाउनलाई यो परिवर्तन ढीलो, बिस्तारो र थाहा नपाइँदो किसिमको हुनुपर्दछ । यसनिमित्त ठीक नापो या परिमाणको लागि तिमी थर्मामिटर या डिग्रीको प्रयोग गर्न सक्तछौ । नुहाउने बानी एकचोटी बसालेपछि कहिल्यै

छुटाउनु हुँदैन; यो बानी जन्मभरि नै लगाइराख्नुपर्छ । सफाइको र हालको स्वास्थ्यको लागि मात्र म यस कुराको कदर गर्दिनँ, परन्तु शरीरका नसा गाँठाहरूलाई नरम तुल्याउनु र कुनै खतरा या प्रयासविना अतिशीतोष्णता अर्थात् ज्यादा गर्मी र ठण्डी सहन सक्ने बानी लगाउनु पनि एउटा राम्रो उपाय हो । जब बच्चा छिर्पिदै जान्छ, उसलाई समय-समयमा सहनसम्म सक्ने तातो पानीमा र त्यसै किसिमको चीसो पानीमा नुहाउने तालीम दिनुपर्दछ । म भए त त्यसै गर्दथें । पानी बाक्लो रस पदार्थ हुनाले हावाभन्दा बढी ठाउँहरूमा हाम्रो शरीरभित्र यो घुस्छ त्यसो हुँदा पानीमा हुने विभिन्न प्रकारका शीतक्रम सहन गर्न सिकेपछि हावाको चीसोपना हामीलाई थाहै हुँदैन ।

जब बच्चा जन्मेर पहिला सास फेर्छ, त्यस वेला उसलाई कसिने गरी कपडा या थाङ्नाले बेरबार पार्नु हुँदैन । टोपी, पटुका, पेटी, थाङ्नाहरू, कपडाहरू यस्तो केही पनि हुनु हुँदैन । खुकुलो तलसम्म आउने फलाटिनका थाङ्नाहरू होऊन्, जसबाट उसका हात-खुट्टा चलाउन बाधा नपरोस्. तिनीहरू उसको चलाइ-चटपटाइलाई रोक्ने किसिमका गह्रौं नहोऊन् र उसलाई हावा महसूस गर्न नदिने किसिमका ज्यादा न्यानो पनि नहोऊन्, उसलाई राम्रो गद्दा भएको कुलनामा राख्नू, जहाँ ऊ सजिलोसित र निर्विघ्न चलमल गर्न सकोस् । जब ऊ कन् कन् बलियो भएर आउन थाल्छ, उसलाई कोठामा यताउति बामे सर्न-दिनू; उसले आफ्ना साना साना हात खुट्टाहरू बढाउन र फैलाउन पाओस्; अनि तिमी उसले दिनपर दिन बल प्राप्त गरेको देख्नेछौ । उही उमेरको थाङ्नामा बेसरी बेरबार पारिराखेको बच्चासित उसलाई दाँजेर हेर, अनि तिमी उनीहरूको भिन्न भिन्न तवरको विकास या फस्टाइमा चकित हुनेछौ ।

यस विषयमा तिमी धाईहरूबाट ठूलो अवरोध या बाधा पाउनेछौ । किन ? आधा निसास्सिने गरी या बेसरी बेरबार पारिराखेको बच्चालाई उत्तिको हेरविचार गरिरहनुपर्दैन, अझ त्यसमाथि पनि खुला लुगा लगाएको बच्चाको फोहोर-मयल स्पष्टै थाहा हुने हुन्छ र उसलाई ज्यादै बढी हेरविचार गरिरहनुपर्ने हुन्छ । साँच्चै हो, चलन या प्रथा कुनै देशहरूमा र सबै वर्गका मानिसहरूमा उत्तर-प्रत्युत्तर गर्न नसकिने निर्विवाद कुरो हुन्छ ।

धाईहरूसँग बहस या वाद-विवाद नगर, उनीहरूलाई अह्राउनुपर्ने कुरा अह्राऊ; सोबमोजिम काम गराऊ र जुन कुरामा ध्यान दिन तिमी उसलाई आज्ञा दिन्छौ, त्यो कुरो सजिलोसित गर्न सम्भव तुल्याउन कुनै तकलीफ गर्न

बाँकी नराख । यसमा तिमीले आफ्नो भाग किन नलिने ? मामूली बच्चाहरूको विषयमा जहाँ जीउको मात्र विचार गरिन्छ त्यहाँ त्यो बच्चा बाँचुन्जेलसम्म र नमरुन्जेलसम्म केही वास्तै हुँदैन । तर हामीहरूमा जहाँ जीवनको साथै शिक्षाको प्रारम्भ हुन्छ, त्यो भरखर जन्मेको बच्चा शिक्षकको होइन कि प्रकृतिको चेलो भइसकेको हुन्छ । शिक्षकले खालि यस गुरु (प्रकृति)को अधीनमा रहेर अध्ययन गर्दछ र यही हेर्छ कि उसको आज्ञाको उल्लङ्घन नहोस् । उसले बच्चामाथि रेखदेख राख्तछ; उसले यसको विचार गर्दछ र जस्तो मुसलमानले शुक्लपक्षको पहिला हप्तामा चन्द्रमाको पहिलो उदयको मुहूर्तको खोजी गर्दछ, त्यस्तै उसले बच्चाको बुद्धिको पहिलो मन्द ज्योतिको खोजी गर्दछ । हामी सिक्न समर्थ भएर जन्मेका छौं, तर केही पनि जान्न र केही पनि बुझ्न भने होइन । अपूर्ण र अर्धवृद्धि भएको अङ्गभित्र बद्ध भएर रहेको मनलाई आफ्नै अस्तित्वको पनि याद हुँदैन । भर्खर जन्मेको बच्चाका चलमल र रुवाइ-कराइहरू ज्ञान र इच्छाविनाका प्रतिविम्ब या छाँया मात्र हुन् ।

मानिलिऊँ कि जुपिटर (वृहस्पति)को दिमागबाट पैदा भएको पूरा बढिसकेको या लाश जस्तै कुनै बच्चा मानिसको जत्रो आकार र बलसहित जन्मेर जीवनमा प्रवेश गर्‍यो भने यस्तो बालक बिलकुल मूढ, स्वचालित यन्त्र या आफै चल्ने कल, नहिँड्ने सालिक, र कुनै ज्ञान र बोध नभएको वस्तु जस्तै हुनेछ । उसले केही पनि सुन्न र देख्न सक्नेछैन, उसले कसैलाई चिन्न सक्नेछैन, ऊ जे हेर्न चाहन्छ, त्यतातिर उसले आँखा फर्काउन सक्नेछैन, उसले बाहिरका वस्तुहरूलाई थाहा नपाउने मात्र होइन कि उसले इन्द्रियहरूद्वारा कुनै कुरो थाहा पाउन सक्नेछैन । उसको आँखाले रङ देख्नेछैन, उसको कानले आवाज सुन्नेछैन ।

यदि एमिललाई बन्दूकको आवाजमा बानी लाग्यो भने म पहिले बारुद हालेर पिस्तोल पड्काउँछु । अकस्मात् झिलिक्क भएको यस किसिमको बिजुली देखेर ऊ दङ्ग पर्दछ, बढ्ता बारुद हालेर यो क्रम दोहोर्‍याउँदछु, अलि-अलि गरेर कागजसागज केही नहालीकन केही बारुद फेरि थप्तछु, त्यसपछि फेरि थप्तछु, आखिर उसलाई बन्दूकको आवाज, आतसबाजीको आवाज, तोपको आवाज र यसै गरी अत्यन्त भयंकर विस्फोटनको आवाजमा पनि बानी लगाउँदछु ।

मैले विचार गरेको छु कि गर्जनहरू साँच्चीकै भयंकर र कानलाई जोखिम गराउने भएनन् भने मेघ गर्जंदा बच्चाहरू डराउँदैनन्; तर जब

चट्काले कहिलेकाहीं जोखिम तुल्याउँदछ या मार्छ भन्ने कुरो उनीहरूलाई थाहा हुन्छ, अनि मात्र उनीहरू यसदेखि डराउँछन् । जब तर्कले भय पैदा गर्दछ, तब हामीले उनीहरूलाई आश्वासन दिँदै रहनुपर्दछ । ढीलो र होशियार चालले क्रमशः मानिस र बच्चाहरू कुनै कुनै कुरादेखि यति नडराउन सिक्तछन् । जीवनको प्रारम्भमा जब स्मरणशक्ति र कल्पनाशक्तिले काम गर्न थालेका हुँदैनन्, त्यस समयमा बच्चाले जुन कुराले इन्द्रियलाई असर गर्दछ, त्यस कुरामा मात्र ध्यान दिन्छ । उसका इन्द्रियका अनुभवहरू उसका विचारका कच्चा पदार्थ हुन्, त्यस कारण ती वस्तुहरू उसलाई उचित क्रममा देखाउनुपर्दछ, ताकि स्मरणशक्तिले भविष्यको समयमा उही क्रम उसको समझलाई दर्शाउन सकोस् । तर केवल इन्द्रिय ज्ञानतिर मात्र उसको ध्यान जाने हुनाले उसका चेतनाहरू र ती चेतनाहरू जगाउने वस्तुहरूका बीचका सम्बन्धहरू उसलाई पहिले देखाइदिनु नै प्रशस्त हुन्छ । ऊ हरेक कुरा छुन र त्यसमा हात हाल्न खोज्दछ; यी चालहरूलाई नरोक, किनभने यिनीहरूले उसलाई अमूल्य पाठहरू पढाउँछन् । यस प्रकार उसले ताता, चिसा, साह्रा, गीला वस्तुहरूको गह्रौंपन हलकापन हेरेर, छामेर, सुनेर र सबभन्दा बढ्ता अझ देखेको र छामेको कुरालाई दाँजेर छाम्दाखेरि उसको हातले कस्तो थाहा पाउँदछ; त्यो आँखाले विचार गरेर वस्तुहरूको बाहिरी तत्त्व या गुण थाहा पाउन सिक्तछ ।

आफू र आफूदेखि बाहेकको कुराको बीचमा जो भेद छ, त्यो हाम्रो चालबाट मात्र हामी सिक्तछौं; हाम्रो आफ्नै चालबाट मात्र हामीलाई ठाउँको विचार हुन्छ । बच्चाको यो विचार हुँदैन, यसनिम्ति ऊ आफू पुग्न सक्ने ठाउँको या ऊ भएको ठाउँबाट सय पाइला जतिमा पर्ने वस्तु समाल्नलाई हात पसार्दछ । तिमी यसलाई अत्याचारको एक लक्षण, त्यस वस्तुलाई नजीक आउनलाई दिएको कुनै आज्ञा अथवा तिमीलाई त्यो वस्तु नजीक ल्याइदेऊ भन्ने कुनै अह्रावट हो भन्ने ठहराउँदछौ । यो त्यस किसिमको केही होइन, त्यो त केवल उसको दिमागमा पहिले घुसेको, त्यसपछि उसको आँखाले देखेको वस्तु आफ्नो हातको नजीकै भएजस्तो उसलाई लागेको मात्र हो; र उसलाई आफ्नो पहुँचदेखि बाहिरको ठाउँको विचार हुँदैन । त्यस कारण याद राख, उसलाई यताउति लैजानुपर्दछ, एक ठाउँबाट अर्को ठाउँमा चल्न दिनुपर्दछ र उसलाई नजीक-टाढाको विचार गर्न सिकाउनको लागि उसको अगल-बगलमा भएको अदल-बदल उसलाई थाहा पाउन दिनुपर्दछ ।

जब उसले टाढा–नजीक भन्ने थाहा पाउन थाल्दछ, तब तिमीले आफ्नो युक्ति बदल्नुपर्दछ र उसको खुश परेको वेलामा होइन कि आफ्नो खुश परेको वेलामा मात्र उसलाई लैजानुपर्दछ; किनभने जब ऊ आफ्ना चेतनाहरूले गर्दा नछकिने हुन थाल्दछ, तब उसको प्रयासको तात्पर्य अर्कै हुन्छ। यो परिवर्तन गजबको हुन्छ र यसको अर्थ बुझ्नुपर्दछ।

जब अरूको मद्दत चाहिने हुन्छ, त्यस वेला साँच्चीकै आवश्यकताहरूले पर्न आएका असुबिधालाई संकेतद्वारा प्रकट गरिन्छ। त्यो हो बच्चाहरूको रुवाइ। तिनीहरू अक्सर रुन्छन् र यस्तो हुनैपर्दछ। तिनीहरूलाई चेतनाहरूको मात्र याद हुन्छ। जब यी चेतनाहरू रमाइलो लाग्ने हुन्छन्, तिनीहरू चुपचापसँग आनन्दमा मग्न भएर रहन्छन्। तर जब यी चेतनाहरू पीडाजनक हुन्छन्, तब तिनीहरू आफ्नै तरीकामा यो दुःख प्रकट गर्दछन् र यसबाट छुटकारा माग्दछन्। जब उनीहरू बिउँझन्छन्, तब चूप लागेर बस्न सक्तैनन्; कि त उनीहरू निदाएका हुन्छन्, कि त केही न केही उनीहरूको मनले थाहा पाइरहेको हुन्छ।

हाम्रा जम्मै भाषाहरू कलाका फल हुन्। धेरै कालदेखि यो एक प्रश्नको विषय हुन आएको छ कि के कहिल्यै सबैको एउटै प्राकृतिक साझा भाषा थियो कि; अवश्य त्यस किसिमको एक भाषा छ र त्यो हो उनीहरू बोल्न थाल्नुभन्दा अघिको बच्चाहरूको भाषा। यो भाषा अस्पष्ट हुन्छ, तर यसमा स्वर हुन्छ, जोड या बल हुन्छ र अर्थ हुन्छ। हाम्रो आफ्नै भाषाको प्रयोगले हामीलाई यस कुराको यत्तिको बेवास्ता गर्ने तुल्याएको छ कि हामीले यो कुरो बिलकुल बिर्सेका छौं। बच्चाहरूको अध्ययन गरौं र चाँडै नै तिनीहरूबाट हामी नयाँ तरीकाले सिक्नेछौं। धाईहरू हामीलाई यो भाषा सिकाउन सक्तछन्, तिनीहरू आफ्ना नानीहरूले उनीहरूलाई भनेको कुरा बुझ्दछन्, तिनीहरू उनीहरूलाई जबाफ दिन्छन्, र धेरै बेरसम्म उनीहरूसँग कुरा गरिरहन्छन्, र उनीहरूले शब्द-प्रयोग गरे तापनि यी शब्दहरू व्यर्थ हुन्छन्। शब्द सुनेर होइन कि शब्दको स्वरको ढंगबाट उनीहरू कुरा बुझाउँदछन्; स्वरको ढंगको जुन भाषा हो, त्यसमा उत्तिकै जोडदार संकेतको भाषा थपिन्छ। बच्चाले आफ्नो निर्बलियो हातको होइन कि मुखको प्रयोग गर्दछ। नछिप्पिएका मुखहरूबाट जुन बोली प्रकट हुन्छ, त्यो अनौठो चालको हुन्छ। बुझ्नै नसकिने गरी ज्यादै छिटो छिटो छिन-छिनमा उनीहरूको अनुहारको रूप बदलिन्छ। उनीहरूको अनुहारमा हाँसो,

इच्छा, डर बिजुली झैं तुरुन्त आएको तुरुन्त गएको देखिन्छ । हरेक वेला अनुहारको छाँट भिन्दाभिन्दै जस्तो देखिन्छ । मुखका नसाहरू हाम्रोभन्दा अवश्य बढ्ता चल्ने हुन्छन् । तर अर्कातिर, आँखाबाट भने प्रायः कुनै भाव प्रकट हुँदैन जुन उमेरमा बालकहरूलाई केवल शरीरको मात्र आवश्यकता हुन्छ, त्यस अवस्थामा तिनीहरू त्यस्तै किसिमका संकेतहरू प्रकट गर्दछन्, मुख बिगार्नु इन्द्रिय-ज्ञानको संकेत हो, दृष्टिले चाहिं भाव प्रकट गर्दछ ।

मानिसको पहिला अवस्था अभाव र निर्बलताको हुन्छ, उसको पहिला आवाज रुवाइ र आँसु हुन्छन् । बच्चाले आफ्ना आवश्यकताहरू थाहा पाउँदछ, तर जब सन्तुष्टि पाउँदैन, अनि ऊ रोएर सहायता माग्दछ । उसलाई भोक लागेको छ कि तिर्खा लागेको छ ? ऊ झन् रुन थाल्दछ । उसलाई ज्यादै जाडो भएको छ कि गर्मी भएको छ ? ऊ झन् रुन थाल्दछ । ऊ चल्नहल्न खोज्दछ, तर चूप-चूप भनेर थुमथुम्याइन्छ, अनि ऊ झन् झन् रुन थाल्दछ । ऊ सुत्न खोज्दछ, तर कच-कच भएर ऊ निदाउन पाउँदैन, अनि ऊ रुन्छ । उसलाई जति असुबिस्ता भयो, उति परिवर्तन ऊ खोज्दछ; अर्थात्, उसलाई ज्यादा असुबिस्ता भयो भने ऊ यसो गरे पनि मान्दैन, उसो गरे पनि मान्दैन । उसलाई एउटै किसिमको मात्र असुबिस्ता छ भने त्यो बताउने उसको एउटै भाषा मात्र हुन्छ । उसको ज्ञानेन्द्रियको अपूर्ण अवस्थामा उसलाई अनेक प्रकारका भावहरूको भेद थाहा हुँदैन । सब किसिमका दुःखले एउटै शोक-भावको उत्पत्ति गर्दछन् ।

जुन आँसुहरूलाई तिमी ध्यान दिनु नपर्ने ठहराउँछौं, ती यिनै आँसु हुन् र यिनीहरूले नै मानिस र उसको नजीकका बीचको पहिला सम्बन्धको सृजना गर्दछन्; सामाजिक व्यवस्थाको लामो शृंखलाको पहिला खुड्किला यहीं नै तयार हुन्छन् ।

जब बच्चालाई असुबिधा हुन्छ, तब ऊ रुन्छ । उसलाई कुनै कुराको दरकार परेको हुन्छ, जो उसले पाउन सकेको हुँदैन, तिमी उसको रखबारी गर्दछौ, के चाहिएको हो त्यो बुझन खोज्दछौ त्यो ल्याइदिन्छौ र उसलाई सन्तुष्ट तुल्याउँदछौ । तिमीले त्यो पाउन पनि सकेनौ र उसले खोजेको कुरो पुन्याइदिन पनि सकेनौ भने उसका आँसु झरि नै रहन्छन् र दिक्क लाग्ने हुन आउँदछ । बच्चालाई फुल्याउन थुमथुम्याइन्छ. उसलाई झुलाइन्छ र उसलाई सुताउन गीत पनि गाइन्छ, यदि ऊ फुलिएन भने धाई झर्कन्छे, र उसलाई डर देखाउँछे, निष्ठुर धाईहरू कहिलेकाहीं उसलाई पिट्छन् पनि । उसको जीवनको

पहिला प्रवेशमा यो कस्तो अनौठो शिक्षा ! एक चोटि रोएर दुःख दिइरहेको बच्चालाई धाईले यसरी ठटाएको मैले देखेको थिएँ, जो म कहिले पनि बिर्सनेछैन । ऊ तुरुन्त चुप लाग्यो, मैले ऊ डरायो भन्ठानें र आपनो मनमा विचार गरें, यो अधम बच्चा होला र यसलाई कडा नगरी केही पनि नमान्ने होला । तर होइन, मैले भूल गरेको रहेछु, त्यो बिचरो अभागी बच्चा रिसले निसास्सिएको थियो, उसले सास फेर्न सकेन, उसको मुख कालो भएको थियो । मैले त ऊ मर्छ कि भन्ने ठानें । मलाई मानिसको दिलको भित्री विवेक र अविवेकमा सन्देह भएको भए यही एउटा उदाहरणले मलाई विश्वास दिलाउने थियो । मलाई निश्चय छ कि कुनै उम्लिरहेको तातो झोलको थोपा संयोगले त्यस बच्चाको हातमा पर्न गएको भए उसलाई उत्तिको चोट लाग्ने थिएन, जत्तिको सानै भए तापनि उसलाई देखादेखी दुख्ने गरी दिएको चडकनले उसलाई चोट पर्‍यो ।

यसरी यो रिसाउने, जाग्ने, दिक्क हुने बानीमा ठूलो होशियारी राख्नुपर्दछ । बोर्ह्याभिको विचार यो छ कि बच्चाहरूका धेरै रोगहरू निसास्सिने किसिमका हुन्छन् । बढिसकेका मानिसको अनुपातमा उमेर हेरी बच्चाहरूको टाउको झन् ठूलो र नसा-स्थिति झन् फैलिएको हुन्छ । यसैले यो स्नायु-विकारबाट उनीहरू झन् झोकिने हुन सक्तछन् । ठूलो होशियारीपूर्वक उनीहरूबाट यस्ता नोकरहरू हटाइनुपर्दछ, जो उनीहरूलाई जिस्क्याउने, दिक्क गर्ने या चिढाउने गर्दछन् । यस्ता नोकरहरू चीसो बतास र बदलिरहने मौसमभन्दा धेरै बढ्ता खतरनाक र घातक हुन्छन् । बच्चाहरूले मानिसको इच्छाद्वारा होइन कि वस्तुहरूद्वारा मात्र रोकावटको अनुभव गरे भने उनीहरू विद्रोही अथवा रिसाहा हुँदैनन् र उनीहरूको स्वास्थ्य असल हुन्छ । यही एउटा कारण हो, जसले गर्दा हर बखत रोकावटमा रहेर राम्रो तरीकाले हुर्काइएका बढाइएका भन्ने सम्झिएका धनीका बच्चाहरू कम निर्धा, दुब्ला, बढ्ता मजबूत र बलिया-बाङ्गा हुन्छन् । तर यो कुरो सधैं याद राख्नुपर्दछ कि उनीहरूलाई सधैं रोकावट हालिरहनुबाट छुट्टै रहनु एउटा कुरो हो, उनीहरूको आज्ञा पालन गर्नु अर्थात् उनीहरूले जे जे भन्दछन्, सो सो गर्नु बिलकुल अर्कै कुरो हो । बच्चाका पहिला आँसुहरू प्रार्थना हुन्, यो कुरो याद राख, नत्रभने तिनीहरू हुकुम भएर निस्कनेछन् । पहिले सहायता माग्ने भएर शुरू गर्दछ, (सो पाएन भने) पछि चाकरी खोज्ने भएर अन्त गर्दछ । म पराधीन छु भन्ने उसको पहिला चेतना, जो उसको निर्बलता या कमजोरीको स्रोत हो, त्यसैबाट नै पछि

आज्ञा र स्वेच्छाचारी विचारको उत्पत्ति हुन्छ । यस विचारको उत्पत्ति हाम्रो सेवा-शुश्रूषाबाट भन्दा उसकै आवश्यकताहरूबाट हुन आउने हुनाले हामी नैतिक प्रभावहरू देख्न थाल्दछौं, जसका कारणहरू प्रकृतिमा हुँदैनन्; यसरी हामी देख्तछौं, शुरूकै उमेरमा पनि बच्चाको चेष्टा र रुवाइको भित्री अर्थ बुझ्नु कत्तिको जरूरी छ ।

जब बच्चाले नबोलीकन केही चीज समात्न खोज्दछ, उसले त्यो वस्तु भेट्टाउन सक्तछु भन्ने ठान्छ, किनभने उसले टाढा–नजीकको ठीक विचार गर्न सक्तैन; जब ऊ रुन्छ र आफ्नो हात पसार्छ, त्यस वेला उसले टाढा–नजीकको विचारमा भूल गर्दैन । उसले त्यस वस्तुलाई नजीक आउन आह्वान गर्दछ, या त तिमीलाई त्यो वस्तु मकहाँ ल्याइदेऊ भनेर अह्राउँछ । पहिलो कुरो, त्यो वस्तु बिस्तारै ऊ भएको ठाउँमा पुऱ्याइदेऊ; दोस्रो कुरो, रोएको सुने पनि नसुनेझैं गर । ऊ जति जति रुन्छ, उति उति तिमीले वास्ता गर्नु हुँदैन । पछि त उसले मानिसहरूलाई नअह्राउन अवश्य सिक्तछ । उसले बुझ्दछ कि मानिसहरू उसका नोकर होइनन् र वस्तुहरू उसको आवाज सुन्दैनन् । यसरी जब बच्चाले केही कुरा लिन खोज्दछ, तिमी उसलाई त्यो दिन खोज्दछौ । त्यसो होइन, उसलाई त्यो चीज दिनुभन्दा उसलाई त्यो चीज भएको ठाउँसम्म पुऱ्याइदिनु बेश । यसरी उसले आफ्नो उमेरसुहाउँदो एउटा परिणाम निकाल्दछ र उसलाई यो सुझाउ दिने अरू कुनै बाटो छैन ।

सन्त महात्मा पियरले मानिसहरूलाई ठूला बच्चा भनेका छन्, बच्चाहरूलाई साना मानिस भने पनि हुंछ । यी कथनहरू सत्य छन्, तर यिनीहरूको विवरण चाहिंछ । तर जब होवेस दुष्ट व्यक्तिलाई बलियो बच्चा भन्दछन्, उनको कथनलाई वास्तविकताले काट्तछ । सब दुष्टता कमजोरीबाट आउँदछन् । बालक दुष्ट हुंछ, किनभने ऊ कमजोर हुन्छ । उसलाई मजबूत तुल्याऊ, अनि असल हुन्छ । यदि हामीहरू सब कुरा गर्न समर्थ भएका भए हामी कहिले पनि खराबी गर्ने थिएनौं । सर्वशक्तिमान् परमेश्वरका सबै गुणहरूमा भलाइ भन्ने गुण यस्तो हो, जुन परमेश्वरको भावनाबाट अलग गराएर छुट्याउन अत्यन्त कठिन हुन्छ । जुन जातिहरूले असल र खराब शक्ति भन्ने कुरोलाई मानेका छन्, ती सबैले सधैं असलभन्दा खराब कम दर्जाको हो भन्ने ठहराएका छन्, नत्रभने उनीहरूको विचार गलत हुन जान्थ्यो । यस कुरालाई स्याभ्वाय (इटली) को पादरीको मतसँग तुलना गरेर हेर, जुन विषय यस पुस्तकमा पछि आउनेछ ।

केवल तर्कशक्तिले मात्र हामीलाई असल र खराब कुराको बोध गर्न

सिकाउँदछ ! त्यसै कारण चित्त तर्कबाट स्वाधीन छ तापनि त्यसैले हामीलाई एउटालाई प्रेम गर्ने र अर्कोलाई घृणा गर्ने तुल्याउँदछ; तथापि तर्कशक्तिविना चित्तको विकास हुन सक्तैन । तर्कशक्ति हुने उमेर या अवस्थाभन्दा अघि नै हामी अनजानमा खराबी या भलाइ गर्दछौं, हामीलाई नै असर पर्न आउने अरू मानिसहरूको कामको विषयमा कहिलेकाहीं हाम्रो चित्तमा नैतिकताको झलक आउने भए तापनि हाम्रा कामहरूमा नैतिकता हुँदैनन् । बच्चाले जे जे देख्तछ, त्यो त्यो हरेक कुरोलाई लडाउन, ढाल्न, घोप्टघाउन खोज्दछ । उसले पुग्न सक्ने ठाउँको हरेक कुरालाई भाँच्तछ, फोर्दछ । ढुंगालाई समातेझैं उसले कुनै चरोलाई समात्तछ, र उसले के गर्न लागेको हो त्यो कुरोको पत्तै नपाईकन उसको घाँटी अँठ्याउँदछ ।

यस्तो किन ? यस्तो भएको भित्री पापले, मानिसको गर्वले, शक्तिको प्रेमले, स्वार्थीपनले, ईर्ष्याले गर्दा हो भन्ने पहिले वेदान्तले बताउला । त्यसमाथि अझ वेदान्तले यो कुरो पनि थप्ला-बच्चालाई उसको कमजोरीको चेतनाले आफ्नो बल-प्रयोग गर्न मसँग बल छ भन्ने कुरामा विश्वस्त हुन उत्सुक तुल्याउँदछ । तर जीवनको मार्गमा ओरालो लागेको शरीर गलिसकेको बच्चाको निर्बलतामा प्राप्त भएको त्यो वृद्ध मानिसलाई हेर, त्यो आफू मात्र शान्त र चूपचाप छैन कि आफ्नो आसपासका सबै कुरा शान्त र चूपचाप रहून् भन्ने चाहन्छ, अलिकति यताउति हुँदा पनि त्यसले उसलाई बेचैन र दुःखित तुल्याउँदछ । मौलिक कारणमा भिन्नता नभए वृद्धावस्था र बाल्यावस्थामा उस्तै कमजोरी र उस्तै मनोविकारहरूले फरक फरक नतीजा निकाल्नु कसरी हुन्छ ? दुवैको एउटै कार्यशील सिद्धान्त एकातिर बढिरहेको हुन्छ, अर्कातिर घटिरहेको हुन्छ; एकातिर बनिरहेको हुन्छ, अर्कातिर नासिइरहेको हुन्छ; एउटा चाहिं जीवनतिर लागिरहेको हुन्छ, अर्को चाहिं मृत्युतिर लागिरहेको हुन्छ । वृद्ध मानिसको घट्दो कर्म-प्रवृत्ति उसको हृदयमै एकत्रित भएर रहन्छ, बच्चाको बढ्दो कर्म-प्रवृत्ति बाहिरतिर फैलिन्छ, यदि हामी यस्तो भन्न सक्छौं भने बच्चाले आफूलाई आफ्ना नजीकका सबैलाई जीवन दिन सक्ने सामर्थ्य भएको जस्तो ठान्दछ । बनाउनु वा बिगार्नु उसका निमित्त एकै हुन्छ । उसले जे खोज्दछ, त्यो परिवर्तन हो र सबै परिवर्तनभित्र कार्यको हलचल रहेको हुन्छ । ऊ वस्तुहरू बिगार्ने काममा मजा मान्दछ भने ती वस्तुहरू बनाउनलाई समय लाग्दछ, त्यति मात्र हो; तर तिनीहरूलाई बिगार्न चाहिं तुरुन्त हुन्छ; उसका निमित्त बिगार्ने, भत्काउने काम ज्यादा रोचक हुन्छ ।

जब प्रकृतिका निर्माता (परमेश्वर) ले यो जाँगर दिएका छन् त उनैले उसलाई बिगार नहुने गरी प्रयोग गर्न सानो शक्ति दिएका हुन्छन् । तर जब उनीहरू मानिसहरूलाई काममा प्रयोग गरिने ज्यावल जस्तो ठहराउन थाल्दछन्, तिनीहरूले उनीहरूलाई आफ्नो इच्छा पूर्ण गर्ने र आफ्नो कमजोरीको पूरक तुल्याउने काममा लगाउँदछन् । यसरी तिनीहरू हैरान गर्ने, मालिक बन्ने, जिद्दीवाल हुने, बदमाश हुने र बेजहका हुने हुन्छन् । यो विकास शक्तिको लालसाबाट उत्पन्न भएको होइन, यो त उनीहरूलाई सिकाइएको कुरो हो, किनभने अरूलाई काम लगाउनु र दुनियाँलाई हुकुममा चलाउनु कत्तिको रमाइलो हुन्छ त्यो बुझनलाई धेरै अनुभव चाहिँदैन ।

जब बच्चा बढ्दै जान्छ, बलियो हुँदै जान्छ. ऊ त्यत्तिको चंचल र चकत्रके हुँदैन र बढ्ता स्वाधीन हुन्छ । मन र शरीर राम्रोसँग सन्तुलित हुँदै जान्छन् र प्रकृतिले अब आत्मरक्षाको निमित्त जति आवश्यक छ त्यसदेखि बाहेक अरू बढ्ता चलनमलन खोज्दैन । जुन आवश्यकताले शक्तिको लालसा उठायो, त्यसैमा यसको अन्त हुने होइन, शक्तिले आत्म-प्रेमको उत्पत्ति गराउँदछ र त्यसलाई फुल्ल्याउँदछ र आदतले यसलाई बलियो तुल्याउँदछ । आवश्यकतापछि मनोविकार आउँदछ र झूटो विश्वास र घमण्डको पहिला बीजारोपण हुन्छ ।

पहिलो नीति– बच्चाहरू ज्यादा बलिया हुने त कुरै छैन, प्रकृतिले खोजेजति बल पनि उनीहरूको हुँदैन । उनीहरूको जो जति बल हुन्छ, त्यसको पूरा प्रयोग हुन दिनुपर्छ; तिनीहरू यसको दुष्प्रयोग गर्नेछैनन् ।

दोस्रो नीति– जब जब उनीहरूलाई शारीरिक बलको दरकार पर्दछ, तब तब उनीहरूलाई मद्दत दिनुपर्दछ र उनीहरूसँग नभएको बल र अनुभव दिलाउनुपर्दछ ।

तेस्रो नीति– उनीहरूलाई दिइने मद्दतमा साँच्चै चाहिने जति मात्र दिनुपर्दछ, उनीहरूलाई मनपरी र अनावश्यक मद्दत दिनु हुँदैन, किनभने त्यो प्रकृतिको माग होइन भन्ने देखेर अनावश्यक मद्दत नदिएमा तिनीहरू मनोविकारद्वारा पीडित हुँदैनन् ।

चौथो नीति– उनीहरूको बोली र छटाहरूको राम्रो अध्ययन गर्नुपर्दछ, किनभने जब उनीहरूलाई छकाउन नसकिने हुन्छ, त्यस उमेरमा प्रकृतिबाट उठेका इच्छाहरू र हठबाट उठेका इच्छाहरूका बीचको भेद छुट्याउन सकिन्छ ।

यो नियमहरूको तत्त्वको भेद के हो भने बच्चाहरूलाई बढी वास्तविक स्वतन्त्रता र कम शक्ति दिनुपर्दछ, उनीहरूलाई धेरै आफै गर्न दिनुपर्छ र थोरै

अरूबाट गराउने तुल्याउनुपर्दछ। यस प्रकार उनीहरूलाई पहिलेदेखि नै उनीहरूको आपनो शक्तिको परिधिभित्र पर्ने वस्तुहरूको मात्र इच्छा राख्ने हुन सिकाउनाले उनीहरू आपनो शक्तिभित्र नभएको जुनसुकै कुराको पनि अभाव थाहा नपाउने हुन्छन् ।

बच्चाहरूका हात-खुट्टा र शरीरलाई पूरा स्वतन्त्र छोडिदिनुको अर्को एउटा मुख्य कारण यही हो, तर यो गर्दा उनीहरू लड्ने गरी र उनीहरूलाई चोट लाग्ने गरी कुनै कुरो पनि उनीहरूको बाटोमा रहन दिनु हुँदैन, यस कुरोमा होश राख्नुपर्दछ ।

कस्सिने लुगा-कपडाहरूले बेरिएको बच्चाभन्दा आङ र पाखुराहरू निस्फिक्रीसँग चलाउन पाउने बच्चा धेरै कम रुने हुन्छ । जुन बच्चालाई शरीर-सम्बन्धी आवश्यकता थाहा हुन्छ, ऊ कतै दुख्यो अथवा पीडा भयो भने मात्र रुन्छ र यो ठूलो फाइदाको कुरो छ; किनभने उसलाई मद्दत चाहिएको बेला हामीलाई ठीकसँग थाहा हुन्छ र हामीले यथासम्भव तुरुन्तै उसलाई मद्दत दिनुपर्दछ । यदि तिमी उसको पीडा हटाउन सक्तैनौ भने तिमी जहाँ छौ उहीं बसिरहू र उसलाई खुशी तुल्याउने तरीकाले नफुस्ल्याऊ । तिम्रो थुमथुम्याइले उसको पेट दुखेको निको हुँदैन, तर त्यो पाउनलाई उसले के गर्नुपर्छ, त्यो कुरो उसले बुझ्छ, र यदि उसले आफूलाई मन लागेको बेलामा तिम्रो ध्यान खिचिने कुरो थाहा पायो भने ऊ तिम्रो मालिक बन्दछ र सारा शिक्षा भताभुंग हुन्छ ।

बच्चाहरूको चलनमलनमा जति कम नियन्त्रण भयो, उनीहरू उति कम रुने हुन्छन्, उनीहरूको रुवाइबाट कम हैरानी हुने भएपछि मानिसहरूले उनीहरूलाई रोक्न उत्तिको वास्ता राख्तैनन् । धम्की र कबूल जति जति कम भयो, उनीहरू उति उति साधु र भनेको मान्ने हुन्छन् र उनीहरू आफ्नो प्राकृतिक अवस्थाको झन् नजीक हुन्छन् । बच्चाहरूलाई रोक्ने उपाय गर्नुभन्दा उनीहरूलाई रुन दिनाले उत्तिको झगडा गर्नुपर्ने हुँदैन र यस तथ्यको मेरो प्रमाण के हो भने बेवास्ता गरिएका बच्चाहरू अरूभन्दा कम झगडालु हुन्छन् । उनीहरू उपेक्षित होऊन् भन्ने इच्छा मेरो बिलकुल होइन, अझ बरु उनीहरू के चाहन्छन् भन्ने कुरो हामीले बुझ्नु ज्यादै जरूरी छ, ता कि उनीहरूले रोइ-कराइ गरेर आपनो आवश्यकता प्रकट गर्नु नपरोस् । उनीहरूमाथि नचाहिंदो ध्यान दिनू भन्न पनि म चाहन्न । उनीहरूलाई रोएर बढी लाभ हुन्छ भने उनीहरू यो गर्न किन छोड्दछन् ? जब उनीहरूले चूपचाप या शान्त रहनाको फाइदा सिक्तछन्, उनीहरू यो सकेसम्म बचाएर राखिछोड्न खोज्दछन् ।

आखिरमा उनीहरूले यसको महत्त्व यत्तिको बढाउँदछन् कि कसैले पनि यसको मूल्य चुकाउन नसक्ने हुन्छ, तब रुँदा रुँदा उनीहरू थाक्तछन् र आखिरमा शान्त र चूपचाप हुन्छन् ।

लुगा–कपडाले कस्सिने गरी नबेरिएका, निरोगी पनि भएको र कुनै कुराको अभाव नभएको यस्तो कुनै बालक लगातार रोइरहन्छ भने त्यो त केवल आदत या ढिपीको नतीजा मात्र हो । यस्ता आँसुहरू प्रकृतिका काम होइनन् कि बच्चाकी धाईका काम हुन्, जसले उसको हठ रोक्न सकिन र यसलाई बढाइदिई, उसलाई यस कुराको विचार भएन कि आज थामथुम पार्नाले भोलि ऊ झन् झन् ठूलो स्वरसित रुनेछ ।

अझ फेरि मनोविकार या हठ उनीहरूको आँसुको कारण हुन्छ । तब कुनै रमाइलो र मजाको वस्तुतिर उनीहरूको ध्यान लगाइदिएर उनीहरूको आँसु रोक्ने एउटा निश्चित तरीका छ, जसले उनीहरूलाई रुन बिर्साउँदछ । धेरै धाईहरू यस कुरामा निपुण हुन्छन् र यसलाई ठीकसित प्रयोग गरेमा यो बडो लाभदायक हुन्छ; तर यो बडो महत्त्वपूर्ण कुरो छ कि तिमीले उसको ध्यान खिच्न खोजेका छौ भन्ने बच्चालाई पत्तै हुनु हुँदैन र तिमीले उसको बारेका विचार गरिरहेछौ भन्ने उसलाई शंकै नहुने गरी रमाइदिनुपर्छ; अचेलका धेरै धाईहरूको यो गर्ने ढंग हुँदैन ।

धेरै बच्चाहरूलाई ज्यादै चाँडो दूध छुटाइन्छ । उनीहरूलाई दूध छुटाउने बेला उनीहरूको दाँत आएपछि हो । यस बेला प्रायः दुख्ने र बिरामी हुने हुन्छ । यस समयमा प्रायः बच्चाले जे समाते पनि चपाउनलाई मुखतिर लैजान्छ । यस तरीकालाई मद्दत गर्न हस्तिहाड या हुँडारको दाँत जस्तो साह्रो वस्तु उसलाई खेल्न दिइन्छ । मलाई त लाग्छ, यसो गर्नु गलती हो । गुँद लगाएर कडा वस्तुहरू नरम हुँदैनन्; अझ यसले दाँत आउनलाई ज्यादा गाह्रो हुने र दुख्ने तुल्याउँदछ । हामी आफ्नो मार्गदर्शक प्रकृतिलाई नै लिऊँ । कुकुरका बच्चाहरूले आफ्ना उम्रन लागेका दाँतहरूको अभ्यास ढुङ्गा, फलाम र हाडहरूमाथि कहिल्यै पनि गरेको देख्दैनौ, तर उनीहरूको बंगाराले चपाउन सक्ने र उनीहरूको दाँत गाडिने काठ, छाला, झुत्रा जस्ता नरम वस्तुहरूमाथि अभ्यास गरेको देख्तछौं ।

हामी त केही गर्न पनि सक्तैनौ; आफ्ना बच्चाहरूको लागि पनि केही गर्न असमर्थ छौं; चाँदी, सुन, मुगा, स्फटिक, क्याटक्याटे–हरेक किसिम र मूल्यका खेलौनाहरू–कस्ता बेकम्मा र फजूल चीजहरू; यी सब चीजहरू फ्याँकिदेऊ । मुगा र क्याटक्याटेहरूको काम छैन । पातहरू र फल समेतको रूखको एउटा

सानो हाँगो बच्चाले चुस्न र चपाउन सक्ने जेठीमधुको एउटा डाँठ– यस्ता वस्तुले उसलाई ती खासा खेलौनाहरूले जत्तिकै रमाइदिन सक्तछन् र यसबाट कम-से-कम यो फाइदा हुन आउँछ कि ऊ जन्मेदेखि नै ढाँचा र रबाफका निमित्त हुर्कने हुँदैन ।

लिटो जस्तो गुलियो वस्तु फाइदा गर्ने खाने कुरो होइन भन्ने मानिएको छ । उमालेको दूध र नपाकेको पीठोले पत्थरी गराउँछ र पेटलाई फाइदा गर्दैन । लिटोमा रोटीमा जस्तो राम्रोसित पीठो पाक्दैन र खहरिएको हुँदैन । मेरो विचारमा रोटी र दूध या खीर बेश हुन्छ । लिटो बनाउने हो भने पीठो पहिलेबाट अलि अलि पकाउनुपर्दछ । मेरो आफ्नै मुलुकमा यसरी पकाएको पीठोबाट खूब मीठो र पुष्टिकर रस बनाउँदछन् । मासुको झोल या रस त्यस्तो फाइदा गर्ने खानेकुरो होइन र यो जति सक्यो कम खाने गर्नुपर्दछ । बच्चालाई पहिले उसको खानेकुरो चपाएर खाने बानी लगाउनुपर्दछ । दाँत चलाउनु ठीक तरीका हो र जब बच्चाले निल्न थाल्दछ, खानेकुरोसित मिसिएको र्‍यालले पाचनशक्तिलाई मद्दत गर्दछ ।

म भए त पहिले बच्चाहरूलाई सुकेका फलहरू र साह्रा बोक्राहरू चपाउन लगाउँथें, सुकेका रोटीका टुक्रा या विस्कुटहरू खेल्ने कुरा जस्तो गरेर दिन्थे । यी कुराहरू मुखमा राखेर नरम भएपछि आखिरमा निलिन्छन्; दाँतहरू आफैं उम्रन्छन् र प्रायः थाहै नभई दूध छुट्ने हुन्छ । किसानहरूको बडो राम्रो पाचनशक्ति हुन्छ र उनीहरू विना कुनै खलबली दूध छुटाइएका हुन्छन् ।

बच्चाहरू पहिलेदेखि नै बोल-चालको भाषा सुन्दछन्. उनीहरूले बुझ्न सक्नुभन्दा अघि नै अथवा बोलेको स्वरको नकल गर्न सक्नुभन्दा पनि अघि नै हामी उनीहरूसँग कुरा गर्दछौं । स्वरद्वारहरू अझै कडा हुन्छन् र अलि अलि गरेर सुनेका आवाजहरू निकाल्न सक्ने हुन्छन् । यी आवाजहरू हामीले सुनेजस्तै गरी स्पष्टसँग सुनिन्छन् कि सुनिंदैनन्, त्यसमा सन्देहै छ । धाई बच्चालाई गीतहरू र अनेक किसिमका लयले रमाइदिन सक्तछे, तर धाईको स्वरको आवाज सिवाय अरू केही पनि नबुझिने नाना थरीका फजूल शब्दहरूले बच्चालाई अलमल्याइदिने कुरोमा म विरोध गर्दछु । म त चाहन्छु, उसले सुन्ने पहिला शब्दहरू थोरै, स्पष्ट र बराबर दोहोर्‍याइएका हुनुपर्दछ, र ती शब्दहरू बच्चालाई पहिले देखाइएका वस्तुहरूसँग सम्बन्धित हुनुपर्दछ । हामीले नबुझ्ने ती घातक शब्दहरूको प्रयोगको सुविधा हामीले विचार गर्नुभन्दा अघि नै शुरू हुन्छ । झुलनामा आपनी धाईको बडबड सुनेजस्तै पाठशालाको कोठामा

छात्रले आपनो अध्यापकको शब्दबाहुल्य सुन्दछ। मलाई लाग्दछ, यी दुवै कुराबाट बालकलाई अनभिज्ञ राख्नु लाभदायक शिक्षा हुनेछ। जब हामी बोलीको विकास र बच्चाका पहिला शब्दहरूको विचार गर्दछौं, हाम्रो मनमा सब किसिमका विचारहरू थुप्रिन्छन्। हामीले जे गरे तापनि उनीहरू उही तरीकाले बोल्न सिक्तछन् र सब वेदान्ती विचारहरू बिलकुल व्यर्थ हुन्छन्।

शुरू गर्नलाई उनीहरूको आपनै व्याकरण हुन्छ, जसका नियमहरू र वाक्यविन्यास हाम्राभन्दा धेरै सरल हुन्छन्। यदि तिमीले राम्रोसित ध्यान दियौ भने तिमीहरू छक्क पर्नेछौ कि कस्तो ठीकसँग उनीहरू कुनै एकनासका नियमहरूको अनुसरण गर्दछन्, अशुद्ध त अवश्य निकै अशुद्ध हुन्छन्, तर बडा नियमित हुन्छन्, यी कुराहरू अलि खत्रा या कडा र चलनले मान्यता नदिएका हुनाले मात्र नराम्रा ठानिएका हुन्। के बच्चाले तरकारीलाई 'कक्कारी' सागलाई 'छाई', पानीलाई 'मानी' घरलाई 'घल' भन्यो भन्दैमा उसको बाबुले उसलाई हप्काउनु हुन्छ ? प्रकृतिको अनुसरण गर्नु के कुनै बिराम हो ? मैले हालसालै एकजना बाबुले आपनो बच्चालाई यस्तै कुरामा हप्काएको सुनेको छु। प्रचलित बोलीमा नमिल्ने भन्दैमा बच्चाहरूका साना अशुद्धिहरूलाई सुधार्ने प्रयास गर्नु साना साना कुरामा नचाहिंदो ध्यान दिनु र पाण्डित्यको वृथा अभिमान देखाउनु असह्य कुरो हो, किनभने समयमा स्वतः उनीहरूको सुधार भइहाल्दछ। उनीहरूको अगाडि सधैं शुद्धसँग बोल, तिमीसँग जत्तिको अरू कसैसँग पनि उनीहरू नरमाऊन् र यो निश्चय ठान कि तिमीतिरबाट कुनै सुधार नभइकन थाहै नभइकन उनीहरूको बोली तिम्रै बोलीको अनुरूप भएर जाओस्।

तर मानो उनीहरू आफैं कुरा गर्न सिक्तैनन् कि भन्ने डर मानेर झैं उनीहरूलाई ज्यादा बोल्न जोर लगाइन्छ। यो ज्यादै अनिष्ट कुरा हो र यसको बचाउ गर्नु ज्यादै मुश्किलको कुरो छ। यो गर्नाको जुन अभिप्राय हो, त्यसको ठीक विपरीत नतीजा यस दुरुत्साहले निकाल्दछ। यसले गर्दा बच्चाहरू ढीलो बोल्ने हुन्छन् र फेरि लरबराएर बोल्ने पनि हुन्छन्। उनीहरूले भनेको हरेक कुरामा अति ध्यान दिनाले बच्चाहरूलाई स्पष्टसँग बोल्ने आवश्यकता पर्दैन, र जब उनीहरू आपनो मुख खोल्दछन् उनीहरूमा धेरैजसोले ज्यादै गलत उच्चारण गर्दछन् र अस्पष्ट बोली निकाल्दछन्, जो उनीहरूको जन्मभर रहन्छ र उनीहरूले बोलेको प्रायः नबुझिने हुन्छ।

म किसानहरूसित धेरै बसेको छु र उनीहरूमध्ये लोग्नेमानिस,

स्वास्नीमानिस, लडका, लडकी जो होस् कसैले पनि तोतेबोलो बोलेको सुनिनँ। यो किन भयो? के उनीहरूका वाक–इन्द्रीयहरू हाम्राभन्दा फरक बनेका छन्? होइन, तर तिनीहरू भिन्दै चालले प्रयोग गरिएका छन्। मेरो झ्यालको सामुन्ने एउटा थुम्को छ, जहाँ त्यस ठाउँका बच्चाहरू खेल्न जम्मा हुन्छन्। तिनीहरू निकै नै टाढा भए तापनि म उनीहरूले भनेको राम्रै स्पष्टसँग छुट्याउन सक्तछु र यस पुस्तकका निमित्त राम्रा छोडकरी विवरणहरू लेख्तछु। हरेक दिन उनीहरूको उमेरको बारेमा मेरो कानले मलाई छकाउँदछ। म दश वर्षका बच्चाहरूको आवाज सुन्दछु, म हेर्दछु र तीन चार वर्षका केटाकेटीहरूको उचाइ र अनुहार देख्तछु। यो अनुभव मलाई मात्र भएको होइन; मलाई भेट्न आउने र जो जोसँग म यस कुरामा छलफल गर्दछु, ती शहरका मानिसहरू पनि सब यसै भूलमा पर्दछन्।

यो नतीजा यसबाट निस्कन्छ कि पाँच छ वर्षसम्म धाईको स्याहार-सम्भारमा रहेर हुर्के–बढेका शहरका बच्चाहरूले सुनिने गर्नलाई कानेखुसी गरेकोभन्दा बढ्ता स्वरसँग बोल्नुपर्दैन। उनीहरूको ओठ चल्नेबित्तिकै उनीहरूले के भनेका हुन्, त्यो बुझ्ने तकलीफ उठाउनुपर्दछ। उनीहरूलाई यस्ता शब्दहरू सिकाइन्छन्, जो उनीहरू अशुद्धसँग दोहोऱ्याउँदछन् र उनीहरूमा ज्यादै ध्यान दिएकोले उनीहरूसँग सधैं रहने मानिसहरूले पनि उनीहरूले भनेको कुराभन्दा उनीहरूले के भन्न खोजेका हुन्, त्यो कुरा अन्सारले मात्र बुझ्दछन्।

गाउँ–घरमा यो बिलकुल भिन्दै कुरा छ। किसानस्त्री सधैं आफ्नो बच्चाको साथमा हुन्न। त्यस कारण बच्चालाई आफूले चाहेको कुरो भन्न र बुझाउनको लागि खूब सफासित र ठूलो स्वरसित बोल्न करै लाग्दछ। आफ्ना बाबु, आमा र अरू बच्चाहरूदेखि टाढा खेततिर छरिएर रहेका बच्चाहरू आफूले बोलेको टाढासम्म सुनिने गरी बोल्ने र आफ्नो आवाजको ठूलो स्वर टाढासम्म पुऱ्याउने अनुभव प्राप्त गर्दछन् र यसरी उनीहरू टाढाका मानिसहरूसँग कुरा गर्दछन्। उच्चारण गर्न सिक्ने खास तरीका यही हो, आफूतिर ध्यान दिइरहेकी धाईको कानमा केही शब्दहरू भकभकाउँदै भनेर होइन। यस कारण जब तिमी कुनै किसानको बच्चालाई केही सवाल गर्दछौ, ऊ जवाफ दिनलाई केही धकाउन सक्तछ। तर ऊ जो भन्दछ त्यो स्पष्टसँग भन्दछ, तर शहरिया बच्चाका निमित्त भने धाईले अनुवादक या अर्थबोधक भएर काम गर्नुपर्दछ, धाई नभईकन ऊ आफ्नो मुखले के गुनगुनाइरहन्छ, त्यो कसैले केही बुझ्न सक्तैन।

जब उनीहरू ठूला हुन्छन्, लडकाहरूको महाविद्यालयमा र लडकीहरूको

मठका पाठशालाहरूमा यो दोष हटेको जस्तो ठानिन्छ, साँच्चै नै बिल्कुल घरैमा हुर्के-बढेका बच्चाहरूभन्दा यिनीहरू बढ्ता सफासित बोल्न सक्छन् । तर उनीहरू किसानहरूले जस्तै सफासित बोल्न सक्तैनन् । उनीहरूले सब कुरा कण्ठ गरेर सिक्नुपर्ने हुन्छ र उनीहरूले सिकेका कुराहरू ठूलो स्वरसित दोहोऱ्याउनुपर्ने हुन्छ, किनभने जब उनीहरू पढ्न थाल्दछन्, उनीहरू बुझ्दै नबुझिने गरी छिटो छिटो मन्त्र र जथाभावी अशुद्ध उचारण गर्न थाल्दछन् । उनीहरूले आफ्ना पाठहरू दोहऱ्याउँदा त यो झन् खराब हुन्छ, उनीहरू ठीक शब्दहरू पाउन सक्तैनन् र आफ्ना स्वर-विन्यासलाई बलपूर्वक घिसार्दछन् । यो त जब स्मरण–शक्ति हिचकिचाउँछ र जिब्रो आफैं लटपटिन्न, त्यसबेलामा मात्र सम्भव हुन्छ । यसरी उनीहरूलाई नराम्रो उच्चारणको बानी लागिरहन्छ । पछि तिमी देखौला एमिललाई यस्तो बानी लाग्नेछैन र कम-से-कम यस कारणबाट यस्तो हुनेछैन ।

म मान्दछु, अशिक्षित मानिसहरू र गाउँलेहरूमा अर्कोतिरको खराबी हुन्छ । तिनीहरू प्रायः सधैं नै ठूलो स्वरसँग बोल्दछन् । उनीहरूको उच्चारण ठीक हुँदैन र खस्रो हुन्छ, त्यसमा ज्यादा जोड हुन्छ, उनीहरूको बोली-बचनको तरीका राम्रो हुँदैन इत्यादि ।

तर यो खरावी अर्को चाहिंभन्दा भयंकर हुँदैन भन्ने मलाई लाग्दछ, किनभने बोलीको पहिला नियम आफूले भनेको बुझिने तुल्याउनु हो, र मुख्य दोष नबुझिने हुनु हो । हाम्रो बोलीमा जोड नभएको कुरामा गर्व गर्नु हाम्रो शब्द–विन्यासलाई शक्ति र सौन्दर्यले रहित गराउनुमा गर्व गर्नु हो । जोड बोलीको आत्मा हो, जोडले बोलीलाई यसको बोध र वास्तविकता दिन्छ । यो शब्द जत्तिको छकाउने हुँदैन, शायद त्यसैले होला सुशिक्षित मानिसहरू शब्द-रचनादेखि ज्यादै डराउँदछन् । हरेक कुरा उही स्वरले भन्ने चलनबाट मानिसहरू माथि उनीहरूले थाहा नपाइँदो गरी खिल्ली उडाउने या दिल्लगी गर्ने चलन निस्केको छ । बोलीमा जोड दिने चलन हटेपछि यसको ठाउँ सब किसिमका हास्यास्पद, बनावटी र क्षणभर पनि नतग्ने बोलीहरूले लिएका छन्; यस्ता बोलीहरू अदालततिर नौजवानहरूमा पाइन्छन् । यही बनावटी बोली र काइदाले गर्दा फ्रान्सीसीहरूलाई उनीहरूसंग पहिला परिचय हुंदा अरू जातिहरू घृणा र तिरस्कार गर्दछन् । उनीहरूको बोलीमा होइन कि रंगढंगमा जोड हुन्छ । उनीहरूले आफूलाई आकर्षक बनाउने काइदा त्यो होइन ।

बोलीका यी सब साना साना त्रुटिहरू जुन बच्चाहरूमा आउला भनेर

तिमी डराउँदछौ, ती केवल चानचुने कुरा हुन् ; तिनीहरूलाई रोक्न अथवा सुधार्न बिलकुल सजिलैसँग सकिन्छ । तर उनीहरूलाई सानु, अस्पष्ट, कातर स्वरमा बोल्ने तुल्याएर, उनीहरूको बानीको आलोचना गरेर, उनीहरूको स्वरलाई मन नपराएर सिकाएइका दोषहरू कहिल्यै सुध्रिन्नन् । जुन व्यक्तिले सुन्दरी महिलाहरूको समाजमा बोल्न मात्र सिकेको छ, त्यस व्यक्तिले आपना फौजको अग्रभागमा आफूले बोलेको सुनिने गराउन सक्तैन र विद्रोहमा हुल्लडबाजहरूको मनमा केही प्रभाव पार्न सक्तैन । पहिले बच्चालाई मानिसहरूसँग बोल्न सिकाऊ, अवश्यकता परेको बेलामा ऊ स्वास्नीमानिसहरूसँग पनि बोल्न सक्नेछ ।

गाउँ-ठाउँका गाउँले सरलतामा हुर्के–बढेका तिम्रा बच्चाहरूको आवाज खूब पड्कारिलो हुन्छ, उनीहरूको शहरिया बच्चाहरूको जस्तो हिचकिचाउने भकभकाउने र अड्कने आवाज हुँदैन । शहरियाहरूको सोर र बोलीको ढंग गाउँलेहरूको जस्तो हुँदैन, यदि भइहाल्यो भने पनि त्यत्तिको स्पष्ट हुँदैन, सानै उमेरदेखि नै र जति जति उनीहरू बढ्दै गए, उति उति उनीहरूको समाजमा उनीहरूको गुरु साथमै रहने हुनाले उसले आफैले शुद्धसँग बोलिदिएर गाउँले बोलीको प्रभाव मेट्न दिन अथवा सुध्रन दिन सक्तछ । मलाई थाहा छ एमिल खूब शुद्ध फ्रान्सिसी भाषा बोल्न सक्तछ, तर मभन्दा झन् स्पष्टसँग र झन् राम्रो उच्चारण गरेर बोल्न सक्नेछ । जुन बच्चा बोल्न कोशिश गरिरहेछ, उसलाई उसले बुझ्न सक्ने लवजहरू सिवाय अरू लवज सुनाउन हुँदैन र उसले उच्चारण गर्न नसक्ने लवजहरू उसले भन्नु हुँदैन, उसले कोशिश गर्दा उही वाक्–खण्डलाई स्पष्टसंग उच्चारण गर्न अभ्यास गरेझैं दोहोर्‍याइने हुन्छ । जब हिचकिचाउन थाल्दछ, उसलाई बुझ्न कोशिश नगर । भनेको कुरा सधैं उसले ध्यान दिएर सुन्ला भन्ने आशा गर्नु अन्याय हो र यो बच्चाका निमित्त बेश हुँदैन । उसको साँच्चीको आवश्यकता कतिसम्म हो, त्यो कुरो राम्रोसित हेर र बाँकी कुरो तिमीलाई बुझाउन उसैले प्रयत्न गरोस् । उसलाई बोल्ने तुल्याउन हतपत गर्नु झन् हुँदैन; जब उसलाई आवश्यकता पर्न आउँछ, तब ऊ कुरा गर्न सिक्ने हुन्छ ।

यो ठहर्‍याइएको छ कि जो धेरै ढीलो बोल्न शुरू गर्दछन्, ती कहिल्यै अरूहरूले जस्तो स्पष्टसँग बोल्न सक्तैनन् । उनीहरू ढीलो बोलेर यस्तो हिचकिचाउने भएका होइनन् कि उनीहरू हिचकिचाउने भएर ढीलो बोलेका हुन् । यसो होइन भने उनीहरूले किन यस्तो ढीलो बोल्न थालेका हुन् ? के उनीहरूलाई बोलीको त्यत्तिको आवश्यकता छैन ? के तिनीहरूले यसमा कम

प्रोत्साहन पाएका थिए ? होइन, अझ बरु यो दोष हुन आउला कि भन्ने शंकाले चिन्तित भएर चाँडै बोलेका बच्चाहरूलाईभन्दा यिनीहरूलाई बोल्न शुरू गराउन ज्यादै गाह्रो हुन्छ र यो गलत उत्साहले उनीहरूको बोलीमा गडबडी हुने तुल्याउँदछ, तर यस्तो हडवड नगरेको खण्डमा उनीहरूको बोली आफ्नो बेलामा धेरै सफा हुन सक्तछ ।

जुन बच्चाहरूलाई ज्यादा चाँडो बोल्न कर लगाइन्छ, तिनीहरूलाई शुद्धसँग उच्चारण गर्न या आफूलाई भन्न कर लगाएको कुरा बुझ्नलाई समय हुँदैन । तर उनीहरूलाई नै छोडिदिएदेखि उनीहरू पहिले सबभन्दा सरल वाक्खण्डको अभ्यास गर्दछन् र अलि अलि गरेर उनीहरूको चेष्टाले बताउने अर्थ जोड्दै लगेर तिम्रा शब्दहरू सिक्नुभन्दा पहिले उनीहरूले तिमीलाई आफ्नै शब्दहरू सिकाउँदछन् । यस युक्तिले उनीहरू आफूले नबुझुन्जेलसम्म तिम्रा लबजहरू लिंदैनन् । तिनीहरूलाई हत्तपत्त प्रयोग गर्नपट्टि नलागेर जुन अर्थमा तिमी प्रयोग गर्दछौं, त्यो अर्थ राम्रोसित विचार गरेर शुरू गर्दछन् र जब उनीहरूलाई निश्चय हुन्छ, अनि मात्र उनीहरूले तिनीहरूलाई लिन्छन् ।

साना साना बच्चाहरूले आफ्नो उमेरकोभन्दा बढी बुद्धि लगाएर प्रयोग गरेको बोलीबाट हुन आउने सबभन्दा खराब परिणाम यो हुन्छ कि उनीहरूले प्रयोग गरेका पहिला शब्दहरू हामीले बुझ्न नसक्ने हुने मात्र होइन कि हामी आफूले पत्तै नपाईकन तिनीहरूलाई गलत अर्थमा लिन्छौ, हामीलाई ठीक जबाफ दिएको जस्तो उनीहरूलाई लाग्दछ र उनीहरू हाम्रो कुरा बुझ्न सक्तैनन्, हामी उनीहरूको कुरा बुझ्न सक्तैनौ । बच्चाहरूको कुरामा हामीहरू छक्क पर्ने कारण बहुधा यही हो । उनीहरूले आफ्ना शब्दहरूमा नलाएको अर्थ हामी लगाउँदछौं । बच्चाहरूका पदहरूको जुन अर्थ हुन्छ, त्यसमा हामीहरूतिरबाट ध्यान नजानु नै उनीहरूको पहिला बेसमझको कारण हो भन्ने मलाई लाग्दछ, र यी बेसमझहरूको सोधन भए तापनि यिनीहरू उनीहरूको जीवनभर नै उनीहरूको बिचारधारालाई रँगाउँदछन् । पछाडि यी कुराहरूलाई उदाहरणद्वारा दर्शाउन मलाई अनेक मौका मिल्नेछ ।

त्यसै कारण बच्चाहरूको शब्दकोषको हद होस्, उसले विचार गर्न सक्नुभन्दा बढ्ता बोल्न सकोस्, उसका भावहरूभन्दा बढी शब्दहरू होऊन् भन्नु ज्यादै अवाञ्छनीय कुरो हो । किसानहरू शहरियाहरूभन्दा अक्सर बढ्ता धूर्त हुनाको एउटा कारण यो पनि हो कि उनीहरूको पद-संग्रह सानो हुन्छ, उनीहरूका भावहरू थोरै हुन्छन्, तर ती थोरै भावहरू उनीहरूको बुद्धिमा पूरा तवरले

जमेका हुन्छन् ।

बच्चामा अनेक प्रकारका विकास एकैसाथ भइरहेका हुन्छन् । एकै समयमा बोल्न, खान र हिंडन सिकिरहेको हुन्छ । यसको जीवनको वास्तविक प्रथम चरण यही हो । अहिलेसम्म ऊ जन्मभन्दा अघि जो थियो त्योभन्दा अलिकतिमात्र बढ्ता हुन्छ, उसलाई केवल इन्द्रिय–ज्ञान मात्र हुन्छ, उसलाई आफ्नै अस्तित्वको पनि ज्ञान हुँदैन ।

खण्ड २

अब हामी जीवनको दोस्रो चरणमा पुग्यौं । बचपन, साँच्चीकै भनूँ भने खतम भयो । भ्यालेरियसको भनाइअनुसार “ बच्चा त्यो हो, जो बोल्न सक्तैन” ।

तर म हाम्रो भाषाको चलनअनुसार त्यस उमेरसम्मलाई, जसको निमित्त अर्को पद छ, ‘बच्चा’ भन्ने यही शब्द प्रयोग गरेर अगि बढ्दछु ।

जब बच्चाहरू कुरा गर्न थाल्दछन्, त्यस वेलादेखि उनीहरू कम रुने हुन्छन् । यो क्रम बिलकुल स्वाभाविक हो । एक भाषाको स्थान अर्को भाषाले लिन्छ । उनीहरूले ‘मलाई दुख्यो’ भन्न सक्ने भएपछि उनीहरू किन रुन्थे ? वेदना ज्यादै तीव्र भएर शब्दले प्रकट गर्न नसकिने भयो भने मात्र उनीहरू रुन्छन् । तर यदि अझ पनि उनीहरू रुने भए भने त्यो दोष उनीहरूका साथमा रहने मानिसहरूको हुन्छ । जब एमिलले एक चोटि ‘मलाई दुख्यो’ भन्छ उसलाई रुने तुल्याउन ज्यादै कडा पीडा हुनुपर्दछ ।

यदि बच्चा ज्यादै निपफर र चेतनशील छ भने, यदि ऊ स्वभावत: फजूलमा रुन्छ भने म उसलाई व्यर्थ रुन दिन्छु र उसका आँसुलाई मूलमै रोकिदिन्छु । जहिलेसम्म ऊ रोइरहन्छ, म उसको नजीक जान्नँ; जब ऊ रुन छोड्दछ, अनि म तुरुन्त आउँछु । जब ऊ मलाई बोलाउन खोज्दछ, ऊ तुरुन्त चूप लाग्दछ, अथवा बरु ऊ एक चोटि मात्र कराउँदछ । बच्चाहरू संकेतहरूको अर्थ तिनका परिणामहरूबाट सिक्तछन् । उनीहरूका निमित्त संकेतको अर्थ अर्को हुँदैन । आफू एकलै भएको बेलामा बच्चाले आफूलाई जतिसुकै चोट लगाए तापनि उसको रुवाइ सुनिदिने अर्को मानिस छ भन्ने आशा उसलाई छैन भने ऊ रुँदैन । केही गरी ऊ लड्यो भने अथवा उसको टाउको ठोकिया भने, अथवा नाथ्रो फुट्यो भने, अथवा औंलाहरू काटिए भने म डराएको देखा–

उँदिनँ, न त उसलाई हप्कीदप्की लाउँछु । पहिले म जे भए पनि वास्तै गर्दिनँ । चोट त लागिसक्यो, उसले सहनैपर्दछ, मेरो जम्मै उत्साह उसलाई झन् तर्साउने मात्र हुन्छ र उसलाई झन् कातर बनाउने हुन्छ । हामीलाई चोट लाग्दा चोटले होइन कि त्यसको डरले हामी दुःखित हुन्छौं, यो वास्तविक कुरो हो, म उसलाई कम-से-कम यस दुःखबाट बचाउँछु । किनभने मैले यो जस्तो ठानेको उसले देख्तछ अवश्य त्यस्तै यो ठान्दछ । यदि म बडो चिन्तित भएर हतपत उसकहाँ गएँ भने, यदि मैले उसलाई दया–माया देखाएँ भने र उसलाई फुल्याउनपट्टि लागें भने उसले आफूलाई नराम्रो चोट लागेको रहेछ भन्ने ठान्दछ । मैले केही वास्ता नगरेको उसले थाहा पायो भने ऊ आफै निको हुन्छ र जब घाउ दुख्न छोड्छ यो निको भएछ भन्ने ठान्दछ । साहसको विषयमा पहिलो शिक्षा पाउने बेला यही हो र नडराईकन स–साना पीडाहरू सहेर हामीहरू अलि अलि गरेर ठूला ठूला पीडाहरू सहन सिक्तछौं ।

एमिललाई आफै चोट लगाउनुबाट रोक्ने तकलीफ म गर्नेछैन, अझ बरु उसले आफूलाई कहिले पनि चोट लगाएन र ऊ दुखेको थाहा नपाईकन त्यसै हुर्क्यो भने मलाई दिक्क लाग्नेछ । पीडा सहनु पहिला र अत्यन्त लाभदायक शिक्षा हो । यस्तो अनुभव हुन्छ कि साना कमजोर बच्चाहरूलाई बिना–खतरा यी बहुमूल्य पाठहरू सिकाउनु ठीक पर्दैन । तर बच्चा यस्तो हलुका चालसित लोट्तछ कि आफ्नो खुट्टा भाँच्तैन; यदि उसले लट्ठीले आफूलाई हान्यो भने ऊ आफ्नो पाखुरा भाँच्तैन; यदि उसले लाग्ने चक्कू समात्यो भने गहिरो घाउ लाग्ने गरी बलियोसित अँठ्याउँदैन । जहाँसम्म मलाइ थाहा छ, यदि बच्चालाई मूर्खता गरेर अग्लो ठाउँमा छोडिएको छैन भने, अथवा आगोको नजीक एक्लै छोडिएको छैन भने, अथवा उसले पुग्ने ठाउँमा डरलाग्दा हतियारहरू रहेका छैनन् भने, त्यसै एक्लै छोडिएको बच्चाले आफूलाई मारेको अथवा आफ्नो हात खुट्टा भाँचेको अथवा उसलाई कुनै कडा चोट लागेको सम्म पनि देखिएको छैन । उसको बचाउका लागि सबतिरबाट परिवेष्टित हुने गरी राखिएका सामाग्रीहरूको विषयमा भन्ने कुरा के छ, जसले गर्दा बच्चा पीडाको दयामा रहन्छ ? न त उसको केही साहस हुन्छ, न त कुनै अनुभव हुन्छ । ऊ सियोले घोच्दा पनि मर्छु कि भन्ने ठान्दछ र रगत देख्दा बेहोश हुन्छ ।

जुन कुरा बच्चाहरू खूब राम्रोसित आफै सिक्न सक्तछन्, त्यो कुरा उनीहरूलाई सिक्न दिनुबाट हाम्रो मूर्ख र पाण्डित्य देखाउने तरीकाले हामी सधैं रोक्छौं, तर जुनकुरा हामी मात्र उनीहरूलाई सिकाउन सक्दछौं, त्यस

धाईको बेपरबाहीले गर्दा कुनै बच्चा हुर्कर ठूलो भएपछि हिड्न असमर्थ भएको छ ? हिंडन राम्रोसित नसिकाइएका कति मानिसहरू जीवनभर नराम्रोसित या लँगडाएर हिंडेको हामी देख्तछौं ?

एमिलका निमित्त बालिष्टहरू, बच्चा हिंडाउने बाराहरू र तान्ने सिक्रीहरू हुने छैनन् अथवा कम-से-कम उसले एउटा पाइलापछि अर्को पाइला सार्न सक्ने हुनासाथ उसलाई सडकका पेटीहरूमा मात्र समातेर अडयाइनेछ र उसलाई छिटो छिटो तिनीहरूबाट पार गराइनेछ । उसलाई खुल्ला हावा नभएको कोठामा बन्द गरेर राख्नुभन्दा हरेक दिन चौरमा लगिनेछ । ऊ यताउति दगुरोस्, खूब हलचल गरोस् र बराबर लोटोस्, जति बढ्ता चोटि लोट्छ उति बेश; यसबाट उसले झन् झन् चाँडो उठ्न सिक्नेछ । स्वतन्त्रताको मजाले कोरेको, दर्फराएको, अलि अलि चोट-पटक लागेको बिर्सनेछ । मेरो चेलोले तिम्रो चेलोले भन्दा आफूलाई बढ्ता चोट-पटक लगाउनेछ, ऊ तर सधैं हाँसीखुशी रहनेछ । तिम्रा चेलाहरूलाई मेरो चेलोलाई भन्दा कम घाउचोट लाग्नेछ । तिनीहरू सधैं विफल हुन्छन्, विवश हुन्छन् र विरक्त हुन्छन्; उनीहरू केही बेश भएका छन् भन्ने कुरामा मलाई सन्देह लाग्दछ ।

बच्चाहरूको जति जति बल बढ्दै जान्छ, उति उति उनीहरूको आँसुको दरकार कम हुँदै जान्छ । धेरै कुरा उनीहरू आफ्नो निम्ति आफैं गर्न सक्ने हुन्छन्, र अरूको मद्दत कम चाहने हुन्छन् । बलको साथै यो प्रयोग गर्ने बुद्धि आउँदछ । साँच्चीको मानवजीवन प्रारम्भ हुने यही दोस्रो चरणदेखि हो । बच्चालाई आत्म-चेतना हुने वेला यही हो उसको जीवनको हरेक क्षणमा स्मरण-शक्तिले आत्माको भाव जगाउँदछ । त्यो वास्तवमा एउटा व्यक्ति हुन्छ, सधैं उही नै हुन्छ र त्यस कारण सुख-दुःख भोग्न सक्ने हुन्छ । यसैले अब हामीले उसलाई विवेकयुक्त या असल खराब सम्झन सक्ने व्यक्ति भन्ने खयाल गर्न थाल्नुपर्छ ।

हामीलाई मनुष्यजीवनका मोटामोटी हदहरू र ती हदहरूमा पुग्ने संभावनाको ज्ञान छ, तापनि हामीमध्ये कसैको पनि जीवनको सीमाभन्दा अनिश्चित कुरा अरू छैन । ज्यादै थोरै मानिस वृद्ध उमेरमा पुग्दछन् । मुख्य खतराहरू जीवनको प्रारम्भमै हुन्छन् । हाम्रो व्यतीत जीवन जति छोटो हुन्छ, उति कम बाँच्न हामीले आशा गर्नुपर्दछ । जन्मेका सब बच्चाहरू जति छन्, तिनीहरूमध्ये आधाले मुश्किलसँग युवावस्था प्राप्त गर्दछन् र यो धेरै सम्भव छ कि तिम्रो चेलो मानिस बनेर रहनेछैन ।

त्यस कारण त्यो निष्ठुर शिक्षाको के विचार गर्ने जसले अनिश्चित

भविष्यलाई वर्तमानको बलिदान गर्दछ, जसले बच्चालाई सब प्रकारको बन्धनको भारी बोकाउँदछ, र जसले कहिले पनि भोग गर्न नपाउने टाढाको सुखका निमित्त तयार गराउनको लागि उसलाई दुःखी तुल्याएर शुरू गर्दछ । यदि म त्यस शिक्षाका लक्ष्यहरूलाई बुद्धिमान्कै लक्ष्य हुन् भन्ने ठहराऊँ भने पनि असह्य दासत्वमा विवश भएका र दोषी ठहराएर अपरिमित परिश्रम गर्न लाचार भएका रद्दी जहाजका दासहरू जस्तै, र यसबाट उनीहरूलाई केही लाभ होला भन्ने निश्चय नभएका ती बिचरा अभागी बच्चाहरूलाई म कुन दृष्टिले हेरूँ ? निर्दोषी आनन्दको अवस्था आँसु दण्ड, धम्की र दासत्वमा बित्तछ । त्यो बिचरा बच्चालाई उसको असलका निमित्त यातना दिन्छौं, तर तिमी यी अन्धकार आसपासहरूबाट उसलाई छिनेर लैजान मृत्युलाई बोलाइरहेछौ भन्ने कुरा तिमी बुझ्न सक्तैनौ । उनीहरूका बाबु आमाको नचाहिंदो अति होशियारीको शिकार बन्ने कति बच्चाहरू हुन्छन्, त्यो को भन्न सक्तछ ? यस्तो निष्ठुरताबाट उम्कन पाए उनीहरू सुखी हुन्छन् । उनीहरूले लाचारीसाथ सहन गर्नुपर्ने खराबीहरूबाट उनीहरूलाई प्राप्त हुने सम्पूर्ण लाभ यही हो । जीवनको दुःख र शोकसिवाय अरू केही थाहा नपाएकोले उनीहरू विनाअपशोच मर्दछन् ।

मनुष्यहो, आफू जस्तै मानिसहरूप्रति दया गर । यो तिम्रो पहिलो कर्तव्य हो । सबै उमेर र सबै अवस्थाका मानिसहरूप्रति दया राख, सबलाई दया गर । यो मनुष्य मात्रका निमित्त नयाँ कुरा होइन । दयाभन्दा ठूलो तिमी अरू कुन बुद्धि पाउन सक्तछौ ? शैशवावस्थालाई प्यारो गर । यसका खेलकूदहरू, यसका हाँसीखुशीहरू र यसका आनन्ददायी स्वाभाविक बुद्धिहरूमा रमाऊ । जब सधैं ओठमा हाँसो रहन्छ, जब सधैं दिलमा शान्ति रहन्छ, त्यो उमेर बितेर गएकोमा कहिलेकहीं दुःखित नहुने को होला ? जुन आनन्दहरू यस्तो छिटो बितेर जान्छन्, जुन वरदानको उनीहरू दुरुपयोग गर्न सक्तैनन्, ती कुराहरूलाई यी निर्दोषी बच्चाहरूबाट किन अपहरण गर्ने ? शीघ्र व्यती भएर जाने शैशवावस्थाका दिनहरू जो तिमीलाई जस्तै उनीहरूलाई फर्केर आउँदैनन्, तिनीहरूलाई किन दुःखले भरिदिने ? बाबुहो ! तिम्रा बच्चाहरूलाई मृत्युले कहिले उसकहाँ बोलाउने हो, के त्यो कुरा तिमीहरू बताउन सक्तछौ ? प्रकृतिले उनीहरूलाई दिएको जीवनको छोटो अवधिको अपहरण गरेर आफ्ना निम्ति दुःख नथुपार । उनीहरूले जीवनको मजा थाहा पाउन थाल्नेबित्तिकैदेखि उनीहरूलाई यसमा रमाउन देऊ ? यस निमित्त कि

परमेश्वरले उनीहरूलाई जहिलेसुकै बोलाए तापनि उनीहरूले जीवनको मजाको स्वाद नपाईकन मर्न नपरोस् ।

मानिसहरूले मेरा विरुद्ध कत्तिको आवाज उठाउलान् । जुन असत्य बुद्धिले वर्तमानलाई केही ऊँ पनि नगनेर हामीलाई अगाडि अगाडि घिच्याएर लगिरहेछ, जुन असत्य बुद्धिले हामीले जति जति पीछा गऱ्यो उति उति भाग्दै जाने भविष्यलाई लगातार लघारिरहेछ, जुन असत्य बुद्धिले हामीलाई हाम्रो ठाउँबाट हटाएर कुनै अर्को ठाउँमा पुऱ्याउँदैन, त्यस बुद्धिले कराएका आवाजहरू म टाढाबाट सुन्दछु ।

तिमी भनौला, उसका दुष्प्रवृत्तिहरूलाई सुधार्ने समय यही हो, तरुण अवस्थामा वेदना कम तुल्याउनाका लागि हामीले अहिले उसको वेदना बढाइदिनुपर्दछ । किनभने शैशवावस्थामा वेदना त्यतिको थाहा हुँदैन, तर यी सब राम्रा योजनाहरूलाई पूरा गर्न सक्तछु भन्ने तिमी कसरी थाहा पाउँदछौ ? जुन खूब खासा शिक्षाले भरेर तिमी बच्चाको कमजोर मनलाई दबाइदिन्छौ, त्यसले उसलाई असलसिबाय खराबी गर्नेछैन भन्ने कुरा तिमी कसरी थाहा पाउँदछौं ? अहिले उसमाथि सन्तापै सन्ताप थुपारेर उसका निमित्त केही बचाएर राख्न सक्तछु भन्ने तिमी कसरी थाहा पाउँछौ ? यी वर्तमान अनिष्टहरूले उसको भविष्यका अनिष्टहरूको बचावट गर्दछन् भन्ने तिमीलाई निश्चय छैन भने उसको वर्तमान अवस्थालाई कल्याण हुने कुराभन्दा अकल्याण हुने कुराहरू उसमाथि ठोसेर उसलाई किन दुःख दिन्छौ ? तिनी जुन खराब प्रवृत्तिहरूलाई हटाउँछु भनेर हिंड्दछौ ती खराब प्रवृत्तिहरू प्रकृतिको भन्दा तिम्रो मूर्ख होशियारीको परिणाम होइन भन्ने के प्रमाण दिन सक्तछौ ? कुनै दिन उसलाई सुखी तुल्याउने सन्देहपूर्ण आशाले अहिले दुःखी तुल्याउनु कस्तो कच्चा किसिमको दूरदर्शिता ! यदि यस्ता भुलक्कड विचारवालाहरू स्वाधीनता र पराधीनताका बीचको आनन्दी बच्चा र खेर गएको कण्ठश्री जस्तो प्यारो नानीको बीचको भेद छुट्याउन असमर्थ छन् भने उनीहरू यो भेद सिकून् !

फजूल कल्पनाहरूको अनुसरण गर्नु हाम्रो वर्तमान अवस्थाका निमित्त कत्तिको उचित हुन्छ, त्यो हामी नबिसौं । जीव-जातिको श्रेणीमा मनुष्य-जातिको स्थान छ । मनुष्य-जीवनको श्रेणीमा शैशवावस्थाको स्थान छ । मानिसलाई मानिस जस्तै देख्नु-पर्दछ । हरेकलाई आफ्नो स्थान देऊ र उसलाई त्यसै स्थानमा राख मनुष्यको प्रकृतिअनुसार मानिसका मद-मोहरूलाई वशमा राख, उसको कल्याणका निमित्त हामीले गर्न सक्ने यत्तिकै हो । बाँकी वाह्य शक्तिहरूमा निर्भर

बदंछ,जो हाम्रो नियन्त्रणदेखि बाहिरको कुरा छ ।

जम्मै असलै असल र जम्मै खराबै खराब भन्ने कुरा हामीले जानेका छैनौं । यस जीवनमा तिनीहरू मिसिएर रहेका हुन्छन् । पूर्ण आनन्द हामीहरू कहिले पनि पाउँदैनौं, न त हामी एक क्षणभन्दा बढ्ता एउटै अवस्थामा रहन्छौं । हाम्रो शरीरमा हुने परिवर्तनहरू जस्तै हाम्रो मनका भावनाहरू बराबर अदलबदल भइरहन्छन् । असल खराबी सबैमा हुने कुरा हुन्, तर भिन्दाभिन्दै अंशमा । सबभन्दा सुखी त्यो हो जसलाई सबभन्दा कम रोग लाग्दछ, सबभन्दा दुःखी त्यो हो, जो सबभन्दा कम आरोग्य पाउँदछ । सधैं आनन्दभन्दा बढ्ता खिन्नता ! हामी सबको नसीब यस्तै छ । यस दुनियाँमा मानिसको जीवनमा सुख छैन भन्ने पनि होइन । दुःखको हरेक चेतना यसबाट उम्कने इच्छादेखि अलग रहँदैन, सुखको हरेक चेतना यसको भोग गर्ने इच्छा देखि भिन्न रहँदैन । हरेक इच्छाभित्र अभाव जनाइएको हुन्छ र सब अभाव दुःखदायी हुन्छन्; यस कारण हाम्रा इच्छाहरू र शक्तिहरूका बीचको परिमाण बराबर नरहनुमा हाम्रो दुःखीपन रहन्छ । जुन मानिसका इच्छा र शक्तिहरूको मात्रा समतुल्य छन्, त्यस्तो बुद्धिमान् मानिस पूर्णतया सुखी हुन्छ ।

तब मानिसको के बुद्धि छ ? सच्चा सुखको मार्ग कहाँ छ ? केवल हाम्रा आकांक्षाहरूको सीमा मात्र भएर पुग्दैन, किनभने ती हाम्रा शक्तिहरूभन्दा कम भए भने तिनीहरूको केही अंश निष्क्रिय हुन्छन् र हाम्रो सम्पूर्ण अस्तित्वको उपभोग गर्न हामी पाउँदैनौ, न त केवल हाम्रा शक्तिहरूको मात्र वृद्धि भएर केही हुन्छ । किनभने हामी झन् दुःखी मात्र हुन्छौं । हाम्रा आकांक्षा र शक्तिहरूका बीचको जुन भेद छ त्यो घटाउनु, शक्ति र आकांक्षाका बीच पूर्ण समानता कायम राख्नु सच्चा सुख रहन्छ । जब समानताका सम्पूर्ण शक्तिहरू सक्रिय हुन्छन्, तब मात्र हाम्रो आत्माले शान्ति पाउँछ र मानिसले आफूलाई सच्चा स्थानमा पाउँछ ।

जुन प्रकृति हरेक कुरा हाम्रो भलाइका लागि गर्दछ, उसले पहिलेदेखि नै मानिसलाई यसै अवस्थामा राखेको हुन्छ । शुरूमा प्रकृतिले मानिसलाई यस्ता इच्छाहरू मात्र दिएको हुन्छ, जो उसको आत्म रक्षाका लागि आवश्यक हुन्छन्? र यस्ता शक्तिहरू दिइएका हुन्छन्, जो उनीहरूका सन्तुष्टिका लागि पर्याप्त मात्रामा छन् । अरू बाँकी जम्मै प्रकृतिले उसको मनमा आवश्यकता परेमा झिक्नाका लागि एक प्रकारको सञ्चय कोष जस्तो गरी जम्मा गरेर राखिदिएको हुन्छ । हामीले इच्छा र शक्तिका समतुलना पाउने यही खास अवस्था

मात्र हो र त्यसै समयमा मात्र मानिस दुःखी हुँदैन, जब मनका बलिष्ठ शक्तिहरू सक्रिय हुन थाल्दछन्, त्यसै वेलादेखि नै अरू बाँकी सबैभन्दा बलवान् कल्पनाको जागरण हुन्छ र ती सबको अग्रगामी त्यही हुन्छ । यो कल्पना नै हो, जसले इष्ट या अनिष्ट जेका निम्ति होस्, हाम्रो लागि सम्भावनाको सीमा बढाइदिन्छ र त्यस कारण आकांक्षाहरूलाई सन्तुष्ट तुल्याउने आशाले उत्तेजना र पुष्टि दिन्छ । तर जुन वस्तु हाम्रो पहुँचभित्रको जस्तो हामीलाई लाग्दछ, त्यो हामीले भेट्टाउन सक्नुभन्दा छिटो भाग्दछ । जब हामी यसलाई भेट्टायौं भन्ने ठान्दछौं, यो आफै बदलिन्छ र फेरि हामीभन्दा धेरै टाढा पुग्दछ । हामीले भ्रमण गरिसकेका मुलुकहरूको अब हामीलाई याद हुँदैन र यो केही पनि होइन जस्तो हामी ठान्दछौं । जुन हाम्रो सामुन्ने रहेको छ, त्यो झन् ठूलो हुन्छ र हाम्रो अगाडि झन् झन् फैलिरहेको हुन्छ । यस प्रकार हामी आफ्नो बल सिध्याउंदछौं, तैपनि कहिल्यै आफ्नो लक्ष्यमा पुग्दैनौं । हामी जति जति भोगविलासको नजीक हुन्छौं, उति उति सुखदेखि टाढा हुन्छौं ।

अर्कातिर, मानिसको अवस्था प्राकृतिक अवस्थाको जति निकट हुन्छ, उति उसका आकांक्षाहरू र शक्तिहरूका बीचको भेद कम हुन्छ र सुख झन् टाढा हुँदैन । हरेक कुराको अभाव हुनाले ऊ कहिल्यै ज्यादा दुःखी हुँदैन । किनभने दुःख वस्तुहरूको अभावमा रहने होइन, तर तिनीहरूले उठाएको आवश्यकताहरूमा रहन्छ ।

वास्तविकताको संसारको सीमा हुन्छ, कल्पनाको संसारको हद हुँदैन । पहिलो चाहिँलाई हामी बढाउन सक्तैनौं, अर्को चाहिँलाई हामी सीमित तुल्याऔं । किनभने हामीलाई साँच्चीकै दुःखी तुल्याउने सबै दुःखहरू वास्तविक र कल्पितका बीचको भेदबाट उत्पन्न हुन्छन् । स्वास्थ्य, बल र सत् बुद्धिका अतिरिक्त जीवनका सबै कुरा विचारका कुरा हुन् । शारीरिक वेदना र मानसिक तापदेखि बाहेक हाम्रा सबै चिन्ता काल्पनिक हुन् । तिमी भनौला, यो साधारण कुरो हो, म स्वीकार गर्दछु, तर यसलाई प्रयोगात्मक रूपले लागू गर्नु साधारण कुरा होइन र अहिले हामी अभ्याससँग मात्र सम्बन्धित छौं ।

जब तिमी 'मानिस कमजोर छ' भन्दछौं, तब तिम्रो भनाइको मतलब के हो? 'कमजोर' यस पदले सम्बन्ध जनाउँछ, त्यस प्राणीको सम्बन्ध जनाउँछ, जसलाई यो लाग्दछ । कीरा फट्यांग्राहरू, जसको बल यिनीहरूलाई चाहिनेभन्दा बढ्ता हुन्छ, ती बलिया हुन्छन् । हात्ती, सिंह, विजेता, वीर या देवता नै पनि जसका आवश्यकताहरू उसको बलभन्दा बढ्ता हुन्छन्, ती कमजोर हुन्छन् ।

प्रकृतिअनुसार रहने सुखी र मरणशील आफ्नो प्रकृतिको उल्टो लडन्त गर्ने देवदूत कमजोर हुन्छ । जब मानिस मानिस हुनमा नै सन्तुष्ट रहन्छ, त्यो वास्तवमा सुखी हुन्छ, जब ऊ मानिसभन्दा बढ्ता हुन प्रयास गर्दछ, तब ऊ कमजोर हुन्छ । तर तिमी आफ्ना शक्तिहरू बढाएर आफ्नो बल बढाउन सक्छु भन्ने कल्पना नगर, यस्तो हुँदैन । जब तिम्रो अहंकारको लगातार वृद्धि हुन थाल्दछ, तब तिम्रो बल घट्न थाल्दछ । हामी आफ्नो प्रान्त कतिसम्म विस्तृत छ, त्यसको नाम लेऔं र जालभित्रको माकुरो झैं त्यसमा बसौं । हाम्रो आवश्यकताको निमित्त हामीसँग प्रशस्त बल हुनेछ । हाम्रो कमजोरीका निमित्त रुनुपर्ने कुनै कारण हुनेछैन । किनभने हामीलाई कहिल्यै यस कुराको ज्ञानै हुँदैन ।

अरू जनावरहरूका केवल त्यति मात्र शक्तिहरू हुन्छन्, जो उनीहरूको आत्मरक्षाका निमित्त आवश्यक छन् । मानिसको मात्र बढ्ता शक्ति हुन्छ । यो अनावश्यक अधिकताले उसलाई दुःखी तुल्याउनु के आश्चर्यको कुरो होइन ? हरेक जमीनमा मानिसको परिश्रमले उसको जीविकालाई चाहिँदोभन्दा बढ्ता उब्जनी निकाल्दछ । यदि उसले बुद्धिमानीपूर्वक यस बढ्ता उब्जनीको गणना गरेन भने उसलाई सधैं प्रशस्त हुन्छ । किनभने उससंग कहिल्यै पनि ज्यादा हुँदैन । फेवोरियनले भनेका छन्, "ठूलठूला सम्पत्तिबाट ठूलठूला आवश्यकताहरूको उत्पत्ति हुन्छ । जुन कुरा हामी चाहन्छौं, त्यो प्राप्त गर्ने उत्तम उपाय अवसर के हो भने जो हामीसँग छ, त्यो हटाइदिनु;" हामी आफ्नो सुख बढाउने प्रयास गरेर दुःख बढाउँदछौं । यदि मानिस सन्तुष्ट भएर रह्यो भने ऊ सुखी भएर रहन्छ र उसको कल्याण हुन्छ, किनभने पापबाट उसले के लाभ गर्नु छ र ? यदि हामी अमर भइदिएको भए हामी सब दुःखी हुने थियौं, मर्नु अवश्य कठिन छ, तर हामी सधैं बाँचिरहँदैनौं भन्ने विचार गर्नुमा आनन्द छ र यसभन्दा बढियाजीवनले यस संसारका दुःखहरूको अन्त गरिदिन्छ । यदि हामीलाई यस लोकमा नै अमरत्वको दान आइलागेको भए हामी शोकमय वरदान स्वीकार गरिसकेका हुने थियौं । कर्मको निष्ठुरता र मानिसको अन्यायको विरुद्धमा कुन सहारा, कुन आशा र कुन सान्त्वना रहन्थ्यो ? अनभिज्ञ मानिस कहिल्यै अगाडि हेर्दैन, उसलाई जीवनकोमूल्यको ज्ञान हुँदैन र यो गुमाउन ऊ डराउँदैन, बुद्धिमान् मानिस बढी महत्वका कुराहरू देखदछ र ऊ जीवनलाई भन्दा ती कुराहरूलाई । अर्ध ज्ञान र असत् बुद्धिले हामीलाई मृत्युको र त्यसपछिका कुराहरूको विचार गराउँछन् र यसरी तिनीहरू हाम्रा अनिष्टहरू माथि पनि अनिष्टहरूको सृजना गर्दछन् । बुद्धिमान् मानिस जीवनका दुःखहरूलाई राम्रोसित सहन गर्दछ । किनभने उसलाई आफू मर्नुपर्दछ भन्ने

ज्ञान हुन्छ । ढिलो या चाँडो हाम्रो जीवनलाई मृत्युनै समाप्त पार्दछ भन्ने कुराको ज्ञान हामीलाई भएन भने जीवन ज्यादै बहुमूल्य हुने थियो ।

अपराधदेखि मात्र हाम्रा दुःखहरू हाम्रो पक्षपात या गलत धारणाका परिणाम हुन् र त्यो हामीमै निर्भर गर्दछ । हाम्रा शारीरिक व्यथाहरू कि त आफै खतम भएर जान्छन्, कि त तिनीहरू हामीलाई खतम पार्दछन् । समयले अथवा मृत्युले तिनीहरूलाई निको पार्दछ । तर व्यथालाई कसरी सहने भन्ने कुराको हामीलाई जति कम ज्ञान हुन्छ, उति बढ्ता पीडा हुन्छ र हाम्रा व्यथाहरूलाई सहनुभन्दा निको पार्ने कोशिशपट्टि लागेर हामी बढ्ता दुःख पाउँदछौं । प्रकृतिअनुसार रहू, धैर्य गर, डाक्टरहरूलाई धपाऊ, तिमी मृत्युबाट त उम्कने छैनौ, तर तिमी एक पटक मात्र मर्नेछौ, जब कि डाक्टरहरू तिम्रो अस्वस्थ कल्पनाद्वारा तिमीलाई हररोज मराउँछन् । तिनीहरूको झूटो आशा देखाउने कलाले तिम्रा दिनहरू लम्ब्याउनुको सट्टा तिनमा रहेका आनन्दहरूलाई तिमीबाट अपहरण गरिदिन्छ । म सधैं प्रश्न गरिरहेको छु कि के यस कलाले मनुष्यजातिको सच्चा भलाइ गरेको छ ? साँचो हो, डाक्टरहरूले कसैलाई बचाएका छन् । जो नत्र भने मर्थे । तर ती जो बाँचेर रहन्थे, त्यस्ता लखौंको जीवन समाप्त पारिदिन्छन् । यदि तिमी बुद्धिमान् हौ भने आफ्नो हार हुने सम्भावना भएको चिट्ठामा भाग लिन अस्वीकार गर्नेछौ । दुःख पाऊ, मर या निको होऊ, तर तिमी जे गर्छौ आफू जीवित छँदै गर ।

मानिसका संस्थाहरू मूर्खता र वैपरीत्यका एउटै थुप्रा हुन् । जब जीवनले आफ्नो महत्त्व गुमाउँछ, अनि हामी यसलाई बढी महत्त्व दिन्छौं । तरुणहरूभन्दा वृद्धहरू जीवन बितेर गएकोमा दुःखित हुन्छन्, जीवनको भोगको तयारीमा लागेर उनीहरूले बिताएको जति जीवन छ, त्यो जम्मै गुमाउन चाहँदैनन् । जीवन रहन प्रारम्भ नगर्दै साठी वर्षको उमेरमा मर्नु निष्ठुर कुरा हो । आत्मरक्षाका निमित्त प्रबल इच्छा हुनाको श्रेय मानिसलाई छ र यो इच्छा रहन्छ । तर यो हामी बुझ्न सक्तैनौं कि जुन इच्छा हामीलाई लाग्दछ, त्यो बहुधा मानिसको काम हो । प्राकृतिक अवस्था मानिसको जीवनको रक्षाको उपाय हुनाले ऊ यसको संरक्षणका निमित्त इच्छुक हुन्छ । जब आत्मसंरक्षण असम्भव हुन्छ, अनि ऊ आफ्नो प्रारब्धलाई आत्मसमर्पण गरिदिन्छ र व्यर्थको सन्ताप नलिईकन मर्दछ । प्रकृति हामीलाई त्यागको पहिलो नियम सिकाउँदछ । जङ्गली जनावरहरू जस्तै असभ्य जङ्गली मानिसहरू मृत्युको विरुद्ध बहुतै कम लडन्त गर्दछन् र कुनै दुःखमनाउ नगरीकन उनीहरू यसको

सामना गर्दछन् । जब यो प्राकृतिक कानून भङ्ग गरिन्छ, तर्कशक्तिले अर्को नियम बसाल्दछ । तर थोरै मानिस यो देख्तछन् र प्रकृतिको त्याग जतिको मानिसको त्याग कहिल्यै पनि पूर्ण हुँदैन ।

बुद्धिमानी ! बुद्धिमानीले हामीलाई अघिल्तिर भविष्यमा हेर्न प्रेरणा दिइरहेछ, जुन भविष्यमा हामी कहिल्यै पुग्न सक्नेछैनौं । हाम्रा सब दुःख-सन्तापको मूल यहीं छ । मानिस जस्तो अल्प-जीवी प्राणीका निमित्त आफ्नै भएर आफैंसित रहेको वर्तमानलाई अपहेलना गरेर आफ्नो पहुँचबाहिरको भविष्यमा अघिल्तिर हेर्नु कस्तो बहुलट्टीपन हो, यो सिल्लीपन ज्यादै घातक छ, किनभने जति जति उमेर छिप्पिंदै गयो, उति उति यो बढ्दै जान्छ र बूढाबूढीहरू सधैं कातर, बुद्धिमान् र कृपणी हुनाले बरु सय तिरेर पनि भोग-विलास पाइएला भनेर आजलाई चाहिने आवश्यक कुराहरूविना पनि निर्वाह गर्न चाहन्छन् । यस प्रकार हामी हरेक कुरा समात्छौं, हरेक कुरामा संलग्न हुन्छौं । हामी समय, ठाउँ, मानिसहरू, वस्तुहरू यस्ता सब कुराहरू जति अहिले छन् र पछि हुनेछन्, तिनीहरूको विषयमा उत्सुक हुन्छौं । हामी आफै ज्यादै अल्प अंशमा छौं । भनूँ, हामी आफूलाई संसारभर फैलाउँछौं । र यो सब विस्तृत क्षेत्र हामीलाई थाहा हुने हुन्छ, यो आश्चर्यको कुरो होइन कि जब हामी सबतिर घाइते हुन्छौं, हाम्रा दुःख-सन्तापहरू बढ्दछन् । आफूले कहिल्यै नदेखेका देश या प्रान्तहरू गुम्दा कति राजा-महाराजाहरू दुःखित हुन्छन् र कति व्यापारीहरू हिन्दहरूमा भएको हानिप्रति पेरिसमा बिलौना गर्दछन् ।

के मानिसलाई सच्चा आत्माबाट पनि दूर बहकाएर लैजाने प्रकृति नै हो त ? के हरेकले आपनो भाग्य अरूहरूबाट सिक्नु र सिकीकन पनि नजान्नु प्रकृतिकै इच्छाले भएको हो त ? ताकि मानिस आफू केमा लागेको छ, त्यो कुरा थाहै नपाईकन सुखी या दुःखी भएर मर्दछ । कुनै एउटा स्वस्थ, आनन्दी, बलियो, मजबूत मानिस छ, उसलाई देख्ता मलाई खुशी लाग्छ, उसको आँखाले क्षेम-कुशल र सन्तुष्टता बताउँछन्, ऊ सुखको चित्र छ । डाँकद्वारा एउटा पत्र आइपुग्दछ । त्यो सुखी व्यक्तिले त्यो हेर्दछ, त्यो उसकै ठेगानामा आएको छ, त्यो उसले खोल्छ, पढ्छ र तत्क्षणमा ऊ बदलिन्छ, उसको मुख पहेंलो हुन्छ र बेहोश हुन्छ । जब ऊ होशमा आउँछ । अनि ऊ रुन्छ, बिलौना गर्छ, घुरघुराउँछ, आफ्नो कपाल लुछ्तछ र उसले चिच्याएर कराएको आवाजको प्रतिध्वनि हावाबाट आउदछ । तिमी भनौला, उ निसास्सिएको हुंदो हो । मूर्ख, यो कागजको टुक्राले तेरो के हानि गर्‍यो ? यसले तेरो कुन अंग भंग पार्‍यो ? यसले तँलाई कुन

अपराध गरायो ? तँलाई यस दुःखको अवस्थामा प्राप्त गराउन यसले तँमा कुन परिवर्तन ल्यायो ?

यदि यो चिठी अरूकै हातमा परेको भए, यदि कुनै दयालु हातले यसलाई आगोमा फ्याँकिदिएको भए, मेरो मनमा यो विचार आउँछ, क्षणमा सुखी क्षणमा दुःखी हुने यो मानवको प्रारब्धले हामीलाई एउटा विचित्रको समस्या ल्याइदिने थियो, तिमी भनौला, उसका दुर्भाग्यहरू साँचवीकै दुर्भाग्य थिए, मन्जूर । तर उसलाई तिनीहरूको याद थिएन, त्यसले के भो त ? उसको सुख काल्पनिक सुख थियो, म यो स्वीकार गर्दछु, स्वास्थ्य-धन सम्पत्ति, सन्तुष्ट मन– यी केवल स्वप्न मात्र हुन् । हामी अब आफ्नो स्थानमा रहेका छैनौं । हामी यसदेखि बाहिर रहेका छौं । जीवनलाई रहन योग्य तुल्याउने सब कुरा आफ्नै छँदाछँदै मृत्युदेखि यसरी भयभीत भएर रहनुमा हामीलाई के लाभ छ ?

हे मनुष्य ! आफ्नै जीवन चला र तँ दुःखी हुने छैनस् । प्रकृतिको क्रममा आफ्नै स्थानमा बसिरहनू, अनि तँलाई यसबाट कहिल्यै चुँडेर लान सक्नेछैन । आवश्यकताको कडा कानूनलाई नलत्या । व्यर्थको रोकावटमा लागेर परमेश्वरले तँलाई दिएको बलको पनि अपव्यय नगर् । यो गर्नु तेरो अस्तित्व बढाउन या लम्ब्याउनको लागि होइन कि जहाँसम्म र जबसम्म परमेश्वरलाई खुशी लाग्दछ तहाँसम्म र तबसम्म यसको संरक्षण गर्नका लागि हो । तेरो स्वाधीनता र शक्तिको विस्तार तेरो प्राकृतिक बलअनुसार मात्र हुनु ठीक छ, त्यसभन्दा बढी हुनु हुँदैन, त्यसभन्दा विशेष जे छ त्यो चाहिँ दासत्व, ठगी, कपट, र जाल मात्र हो । शक्ति पनि जब लोकमतमा निर्भर गर्दछ तब नीच किसिमको हुन्छ, किनभने आफूले पनि मानिसहरूमाथि झूटो विचारद्वारा प्रभुत्व जनाएको हुनाले तँले अरूहरूको झूटो विचारमाथि निर्भर रहनुपर्दछ । जो तेरा समीप आउँदछन्, तिनीहरूले तेरो आधिपत्यमा रहेकाहरूको अथवा जुन प्रियजनहरूको अधीनमा तँ छस् तिनीहरूको, अथवा तेरा आफ्नै परिवारको, अथवा उनीहरूका परिवारको विचारधारालाई फर्काउने उपाय मात्र गरे पुग्छ । थेमोस्टिक्लसको जस्तो तेरो जेहन भइदिएको भए मन्त्रीहरू, दरबारियाहरू, पादरीहरू, सिपाहीहरू, नोकरचाकरहरू, गफीहरू, केटाकेटीहरूले नै पनि तेरा विशाल सेनाको बीचमा तँलाई नेतृत्व गरेर लगेको तँले बुझ्ने थिइस् । तँ जे गर्छस्, तेरो वास्तविक अधिकारको विस्तार तेरा आफ्नै शक्तिहरूभन्दा परतिर हुन सक्तैन, जब तँ अर्काको नजरबाट हेर्न बाध्य हुन्छस्, तब उसले जो इच्छा गर्दछ त्यही इच्छा नले गर्नुपर्दछ । तँ अभिमानपूर्वक भन्दछस्, "मेरा जनता मेरा प्रजा हुन्"

मन्जूर । तर तँ के होस् ? तँ तेरा मन्त्रीहरूको प्रजा होस्, र तेरा मन्त्रीहरू, तिनीहरू के हुन् ? तिनीहरू आफ्ना कारिन्दाहरूका, आफ्ना गृहिणीहरूका प्रजा हुन् र आफ्ना नोकरहरूका पनि नोकर हुन् । सब अँठ्या, सब छिनेर ले र आफ्नो चाँदी दुबै हातले खन्या, तोपखानाहरू राख्, फाँसीका खम्बाहरू र पांग्राहरू खडा गर्, कानूनहरू बना, आदेशहरू जारी गर्, आफ्ना गुप्तचरहरू, सिपाहीहरू, फाँसीमा लट्काउने चाण्डालहरू, जेलखानाहरू, नेल गलफन्दीहरू बढा । बिचरा क्षुद्र मानिसहो ! यसले तिमीहरूको के असल गर्दछ ? तिमीहरूको बढिया सेवा हुँदैन, तिमीहरू उत्तिकै लुटिन्छौ, उत्तिकै ठगिन्छौ, तिमीहरू कहिल्यै पूर्ण शक्तिको निकट पुग्दैनौ । तिमीहरू सदा यही भन्छौ, 'यो हाम्रो इच्छा हो', तर सधैं अरूहरूको इच्छानुसार गर्दछौ ।

यस्तो व्यक्ति केवल एक मात्र हुन्छ, जसले आफ्नै बाटो लिन्छ–जो आफ एक्लै लिन सक्तछ । त्यसनिमित्त शक्ति होइन कि स्वतन्त्रता सबभन्दा बेश कुरो हो । साँच्चीकै स्वतन्त्र मानिस त्यो हो, जो आफूले गर्न सक्ने कुरो मात्र इच्छा गर्दछ र आफू जो इच्छा गर्दछ, त्यो गरी पनि हाल्दछ । मेरो मौलिक सिद्धान्त यही हो । यो सिद्धान्त शैशवस्थालाई लिएर लगाऊ र शिक्षाका सबै नियमहरूको उत्पत्ति यसबाट हुन्छ ।

समाजले मानिसलाई कमजोर तुल्याएको छ, आफ्नो बलमा मानिसको जुन हक छ, त्यसको अपहरण गरेर मात्र होइन कि उसका आवश्यकताहरूका निमित्त चाहिने जति बल हो, त्यसभन्दा कम तुल्याएर पनि । त्यसै कारण उसको निर्बलताको अनुपातमा उसका इच्छाहरूको वृद्धि हुन्छ । यसै हुनाले मानिसभन्दा बच्चा दुर्बल हुन्छ । यदि मानिस बलियो हुन्छ र बच्चा दुर्बल हुन्छ भने यसो भएको बच्चाको बलभन्दा मानिसको बल बिलकुल बढी भएर होइन, तर मानिसले स्वभावतः आफ्ना आवश्यकताहरूको प्राप्तिको प्रबन्ध मिलाउन सक्ने र बच्चाले सो गर्न नसक्ने भएर हो । यस प्रकार मानिसका बढ्ता इच्छाहरू हुन्छन् र बच्चाका बढ्ता मनोविकार हुन्छन् । मेरो भनाइको तात्पर्य यो हो कि ती इच्छाहरू वास्तविक आवश्यकता होइनन्, ती त अरूको सहायताबाट सन्तुष्टि पाइने कुरा मात्र हुन् ।

कमजोरीको यस अवस्थाको कारण मैले पहिले नै बताइसकेको छु । आमाबाबुको स्नेह यसको विरुद्ध प्रकृतिको तयारी हो । पैत्रिक स्नेह अति मात्रामा हुन सक्तछ, ज्यादै कम मात्रामा हुन सक्तछ या यसको दुरुपयोग हुन सक्तछ । जुन आमाबाबुहरू हाम्रा सामाजिक अवस्थाहरूभित्र रहन्छन्, तिनीहरू

आफ्ना बच्चाहरूलाई ज्यादै चाँडो यसभित्र प्रवेश गराउँछन् । उसका आवश्यकताहरू बढाएर उनीहरू उसको कमजोरीलाई छुटाउन सक्तैनन्, तिनीहरू यस कमजोरीलाई बरु झन् बढाइदिन्छन् । जुन कुरा प्रकृतिले खोज्दैन, त्यो कुरो उसबाट खोजेर, आफ्ना इच्छाहरू बढाउने उसको जुन अलिकति सामर्थ्य छ त्यसलाई आफ्नै इच्छाको अनुरूप तुल्याएर पारस्परिक निर्भरता, जुन उसको दुर्बलता या उनीहरूको स्नेहबाट उत्पन्न हुन्छ, त्यसलाई मान्यता दिनुको सट्टा ती इच्छाहरूलाई आफ्नै अथवा उसका दास तुल्याएर त्यस कमजोरीलाई झन् बढाइदिन्छन् ।

बुद्धिमान् मानिस आफ्नै स्थान राख्न समर्थ हुन्छ, तर आफ्नो स्थान कुन हो, त्यसको ज्ञान नभएको बच्चा आफ्नो स्थान राख्न असमर्थ हुन्छ । यसदेखि बाहिरका हजारौं उपाय छन् । बच्चालाई आफ्नो स्थानमा राख्ने तिनीहरूको काम हो, जसको जिम्मामा बच्चा रहन्छ र त्यो सजिलो काम हैन, त्यसले न जनावर हुनु हुन्छ, न मानिस हुनु हुन्छ, त्यसले त बच्चा हुनुपर्दछ । उसले आफ्नो कमजोरी थाहा पाउनुपर्दछ, तर यसबाट दुःख पाउनु हुँदैन, ऊ पराधीन हुनुपर्छ, तर आज्ञाकारी हुनु हुँदैन । उसले माग्नुपर्छ हुकूम चलाउ नुहुँदैन, उसका आवश्यकताहरूले गर्दा मात्र अरूको अधीनमा हुनुपर्छ र यसले गर्दा पनि हो कि उसका वास्तविक आवश्यकताहरू के हुन्, जसले उसको अस्तित्वलाई सहायता गर्दछन् या बाधा गर्दछन् त्यो कुरा ऊभन्दा उनीहरू राम्रो बुझ्दछन् । कसैको पनि, बाबुकै, पनि जुन कुरा बच्चाका निमित्त उपयोगी छैन, त्यो कुरा उसलाई गर् भन्ने हक छैन ।

जब हाम्रा स्वाभाविक प्रवृत्तिहरूमाथि मानिसको नहुँदो विश्वास र उनीहरूका संस्थाहरूबाट बाधा हुन आउँदैन, तब बच्चाहरू र मानिसहरू पनि आफ्नो स्वाधीनताको उपभोग गर्न पाउँदा सुखी हुन्छन् । तर बच्चाको स्वतन्त्रता उसको बलको अभावले गर्दा सीमित हुन्छ, आफ्ना आवश्यकताका वस्तुहरू पर्याप्त मात्रामा भएको पक्षमा आफूलाई जे इच्छा लाग्यो, सो गर्ने व्यक्ति सुखी हुन्छ । त्यसैले प्राकृतिक अवस्थामा जुन मानिस रहन्छ, त्यो सुखी हुन्छ । तर यदि कोही आफ्नो शक्तिभन्दा अधिक इच्छा गर्छ भने आफ्नो इच्छानुसार काम गर्ने व्यक्ति सुखी हुँदैन । यस अवस्थामा बच्चाहरूको विषयमा पनि यस्तै हुन्छ । सामाजिक जीवनमा मानिसहरूले उपभोग गरिने स्वतन्त्रता जस्तै बच्चाहरू केवल अपूर्ण स्वतन्त्रताको उपभोग गर्न पाउँदछन् । अरूको सहायताविना चल्न नसक्ने हुनाले हामीहरूमध्ये हरेक व्यक्ति आजपर्यन्त दुर्बल र दुःखी रहेको छ ।

हामीहरू बलिष्ठ मनुष्य बन्नुपर्ने हो, तर कानून, नियम, उपनियम, सामाजिक रीतिथिति, चालचलनको बन्धनले गर्दा हामीलाई फेरि बच्चाको जस्तै कमजोरी अवस्थामा धकेलिदिएको छ। धनी र ठूला मानिसहरू, र राजाहरू नै पनि बच्चा जस्ता मात्र हुन्। उनीहरू देख्छन् कि हामीहरू उनीहरूको दुःख छुटाउन तयार छौं। यसले गर्दा उनीहरूलाई बच्चा जस्तै मूर्ख बनाउँछन् र उनीहरूमाथि अरूले देखाएको होशियारी, सेवा, शुश्रूषाले उनीहरूलाई गर्व दिलाउँदछ। यदि उनीहरू बढे–हुर्केका मानिस हुँदा हुन् त यो कुरो तिनीहरू पाउने थिएनन्।

यी गहकिला विचारहरू हुन् र तिनीहरूले हाम्रा सामाजिक प्रथाका सबै विरोधी समस्याहरूको समाधान गरिदिन्छन्। निर्भरता दुई प्रकारका हुन्छन्: १, वस्तुमाथिको निर्भरता जुन प्रकृतिको काम हो, र २. मनुष्यमाथिको निर्भरता जुन समाजको काम हो। वस्तुमाथिको निर्भरता कर्तव्याधीन नभएकोले स्वतन्त्रतका निमित्त हानिकारक हुँदैन र यसले पाप पैदा गर्दैन। मनुष्यमाथिको निर्भरता क्रम वा नियम-विरुद्ध भएकोले यसले हरेक किसिमको पापको उत्पत्ति गर्दछ र यसबाट मालिक र दास दुवै परस्परमा भ्रष्ट हुन्छन्। यदि यो सामाजिक अनिष्टताको कुनै उपाय या औषधि छ भने त्यो हो व्यक्तिका निमित्तको कानून बदलिदिनु र व्यक्तिगत इच्छाको शक्तिको उपरि सर्वसाधारणको इच्छालाई वास्तविक शक्तिले सज्जित गराइदिनु। यदि प्रकृतिका कानूनहरू जस्तै राष्ट्रहरूका कानूनहरू कुन मनुष्य-शक्तिहरूद्वारा कहिले भङ्ग गरिन सक्तैनन् भने मानिसमाथि निर्भर गर्नु प्राकृतिक वस्तुमाथि निर्भर गर्नु हुनेछ। प्राकृतिक अवस्थाका सबै लाभहरू सार्वजनिक सम्पत्तिमा सामाजिक जीवनका सबै लाभहरूसँग सम्मिलित हुनेछन् जुन स्वतन्त्रताले मानिसलाई पापबाट बचाउँछ, त्यो स्वतन्त्रता त्यस नैतिकतासँग सम्मिलित हुनेछ, जसले मानिसलाई धर्मतिर उत्थान गरिदिनेछ।

बच्चालाई प्राकृतिक वस्तुहरूमाथि मात्र निर्भर गर्ने तुल्याएर राख। शिक्षाको यस मार्गले तिमीले प्रकृतिको क्रम या नियमको अनुसरण गरेको हुनेछ। उसका अनुचित इच्छाहरू शारीरिक बाधाहरूबाट मात्र अथवा उसकै काम परिणामबाट हुने दण्डबाट रोकियून्, यसबाट जब यस्तै अवस्थाहरू फेरि पर्दछन्, त्यसको सम्झना हुने शिक्षा हुन आउँछ, उसलाई भूल गर्न निषेध नगरीकन नै उसलाई भूल गर्न निषेध गर्नु हुन जान्छ। अनुभव अथवा शक्तिको अभावले कानूनको स्थान लिनुपर्दछ। उसले के चाहन्छ त्यो दिने होइन कि उसलाई के चाहिन्छ त्यो दिने। उसका निमित्त आज्ञा–पालनको अथवा तिम्रा

निमित्त निष्ठुरताको सवाल नहोस् । शक्तिका निमित्त होइन कि उसको स्वतन्त्रताका निमित्त चाहिने जति बल मात्र उसलाई दिनुपर्दछ, यसनिमित्त कि उसले एक किसिमको लाज मानेर तिम्रो सेवा स्वीकार गरोस् र यो नचाहिने समयलाई उसले अपेक्षा गरोस् र यसरी आत्मसहायताको सन्मान प्राप्त गरोस् ।

प्रकृति आफ्नै तरीकाले बच्चाको वृद्धि गरिदिन्छ र यस कुरालाई कहिल्यै पनि विरोध गर्नु हुँदैन । जब ऊ यताउति दौडन खोज्छ, त्यस वेला उसलाई चूपचाप बस्न लगाउनु हुँदैन । न त उसले चूपचाप बस्न खोजेको वेलामा उसलाई दौडन लगाउनु हुन्छ । यदि हामीले आफ्नो भूलले बच्चाहरूको इच्छा भङ्ग गरिदिएनौं भने उनीहरूको इच्छा उमङ्गरहित हुन्छ । मन लागुन्जेलसम्म उनीहरू दौडून्, उफ्रून् र कराऊन् । बच्चाका सबै क्रियाहरू उसको शरीरको बलको वृद्धिका निमित्तका प्रेरणा हुन्, तर यस कुरामा राम्रो विचार पुऱ्याउनुपर्छ कि ती इच्छाहरू उनीहरूले आफै पूर्ति गर्न नसकिने हुन् वा होइनन्; अर्थात् ती इच्छाहरू अरूले पूर्ति गरिदिनुपर्ने हुन् या होइनन् । त्यस वेला हामीले बडो सावधानीपूर्वक वास्तविक आवश्यकता र बनावटी आवश्यकताका बीचको भिन्नतालाई अवगत गर्नुपर्छ । अतएव भरखर कोपिलाउन लागेको सनकका आवश्यकताहरू र बढ्दो जीवनको प्रवाहका आवश्यकताहरूको बीचको भेदको राम्रो ज्ञान प्राप्त गर्नुपर्छ ।

जब बच्चा 'यो ले' र 'ऊ ले' भनेर रुन थाल्दछ, त्यस वेला के गर्नुपर्छ, सो कुरा मैले अघिबाटै बताइसकेको छु । म यहाँ यति मात्र थप्छु कि जब बच्चाले चाहेको कुरो माग्नलाई उसको बोली फुटिसकेको हुन्छ र तुरुन्त आफ्नो जिद्दी पुऱ्याउनलाई या 'नाईंनास्ति' गरेको कुरा टुङ्ग्याउनलाई आँसु बगाएर रुन थाल्छ, त्यसवेला उसले भनेको जस्तो गर्न दिनु हुँदैन । यदि उसले साँच्चीकै आफूलाई आवश्यक परेको कुरा मागेको रहेछ भने हामीले त्यो स्वीकार गर्नुपर्छ र तुरुन्त उसलाई सन्तुष्ट गराइदिनुपर्छ । तर उसका आँसुलाई मान्यता दिनु उसलाई रुनमा प्रोत्साहन दिनु जस्तो हुन्छ, उसलाई दया गरेको कुरामा सन्देह गर्न सिकाउनु जस्तो हुन्छ, हाम्रो सद्भावनाले भन्दा उसको ढिपीले प्रभाव पारेको जस्तो पर्न जान्छ । यदि उसले हामीलाई दयालु जस्तो ठहराएन भने छिटै नै हामीलाई निष्ठुर जस्तो ठहराउँछ । यदि उसले हामीलाई कमजोर ठहरायो भने ऊ चाँडै नै हठी बन्नेछ । उसलाई जुन कुरा दिने मतलब छ, त्यो तुरुन्त दिइहाल्नुपर्छ । धेरै नाईंनास्ति गर्नु हुँदैन र एकचोटि इनकार गरेपछि फेरि मन बदल्नु हुँदैन ।

सर्वोपरि, बच्चालाई नम्रताका निरर्थक वाक्यप्रणालीहरू कहिल्यै सिकाउनु हुँदैन । जो उसका आसपासका मानिसहरूलाई उसको इच्छानुसार चलाउने र उसले चाहेको कुरा उसलाई तुरुन्त दिलाउने जादू या मन्त्र जस्तै हुन जान्छन् । धनिवर्गको कृत्रिम शिक्षा उनीहरूले प्रयोग गर्ने शब्दहरू सिकाएर उनीहरूलाई विनम्र र हठी बनाउनमा कहिल्यै असफल हुँदैन, जसले गर्दा उनीहरूलाई रोक्न कोही साहस गर्दैन । उनीहरूका बच्चाहरूको न त विनयीहरूको जस्तो स्वर नै हुन्छ, न त काइदा नै हुन्छ । उनीहरूको आज्ञापालन भइ नै हाल्छ भन्ने उनीहरूलाई निश्चय जस्तै भएकैं उनीहरू घमण्डी हुन्छन् । अझ उनीहरूले आज्ञा दिएकोमा भन्दा उनीहरूले विनय गरेकोमा उनीहरूलाई बढ्ता गर्व हुन्छ । हामी यो तुरुन्त बुझ्न सक्छौं कि उनीहरूले "तपाईंको जो इच्छा" भनेको "मेरो जो इच्छा" भनेको हो र "म अनुरोध गर्छु" भनेको "म आज्ञा गर्छु" भनेको हो । कस्तो मजाको किसिमको विनयभाव जो शब्दको अर्थ बदल्न मात्र सफल हुन्छ र यसको तात्पर्य यो हुन आउँछ कि हरेक लवज आज्ञा हो । मेरो विचार भन्ने हो भने एमिल हठी हुनुभन्दा बरु गँवार हुनु बेश ठान्दछु । उसले "तपाईंको खुशी" भनेर आज्ञा दिनुभन्दा "यो गर्नोस्" भनेर विनय गर्नु जाती । उसको लबजसँग होइन कि उसको मतलबसँग मेरो सरोकार छ ।

ज्यादै कडाइ र ज्यादै पुलपुल्याइ यी दुई कुरा हुन्छन् र यी दुवै कुरालाई हटाउनुपर्छ । यदि तिमीले बच्चाहरूलाई ज्यादै दुःख दियौ भने उनीहरूको स्वास्थ्य र जीवन गुम्ला भन्ने डर हुन्छ र अहिले उनीहरू दुःखी पनि हुन्छन् । तर यदि उनीहरूलाई हरेक किसिमको असुबिधाबाट बचाउनलाई ज्यादै तकलीफ गर्‍यो भने तिमीले उनीहरूको लागि भविष्यमा दुःख थुपारी राखिदिनु जस्तो हुन्छ । यसले उनीहरूलाई निपफर अति सचेतन तुल्याउँदछ र मानिसहरूमध्ये उनीहरू आफ्नो स्थानबाट बाहिर लगिन्छन्, जुन स्थानमा तिमीले जतिसुकै परिश्रम गरे तापनि ढीलो-चाँडो उनीहरूले फर्कनैपर्ने हुन्छ । तिमी भन्लाऊ, म पनि ती खराब बाबुहरू जस्तै उही भूलमा परिरहेछु, जहाँ माथि मैले बच्चाहरूको कहिले पनि आफ्नो हुन नसक्ने भविष्यको सुखको आशा राखेर उनीहरूको वर्तमान सुखको बलिदान गर्ने दोषारोपण गरेको थिएँ ।

त्यसो होइन, जुन स्वतन्त्रता म मेरो चेलोलाई दिन्छु, त्यसले उसलाई दिएको अलि अलि कष्टको पलेसो पारिदिइहाल्छ । म बच्चाहरूलाई जाडोले

कठांग्रिएर, नीलो भएर र औंलो पनि चलाउन नसक्ने भएर हिउँमा खेलिरहेको देख्छु। उनीहरू चाहेको भए गएर आफूलाई न्यानो तुल्याउन सक्तथे, तर उनीहरू त्यो चाहँदैनन्। यदि तिमीले उनीहरूलाई भित्र आउन जोर लगायौ भने उनीहरू त्यो जाडोको कडकडाइभन्दा तिम्रो कर-लगाइको कडाइ सय खण्ड बढ्ता मान्नेछन्। तब तिमीले कराएर के हुन्छ ? जुन कष्टहरू सहन तिम्रो बच्चा तयार छ, ती कष्टहरू दिएर तिम्रा बच्चाहरूलाई दुःखी तुल्याउने ठहरिन्छु म कहिल्यै ? उसको स्वतन्त्रतालाई नरोकेर उसको वर्तमानको भलाइ र उसले खप्नुपर्ने खराबीको विरुद्ध उसलाई सुसज्जित तुल्याएर उसको भविष्यको भलाइ म प्राप्त गर्दछु। यदि उसले आफ्नो मनखुशी गर्न पायो भने तिमी र ममा कुन चाहिंलाई रोज्ने–ऊ त्यस कुरामा के एक छिन पनि हिचकिचाउला ?

के आफ्नो प्राकृतिक अवस्थामा भन्दा अन्त कहीं मानिस सच्चा सुख प्राप्त गर्न सक्तछ भन्ने विचार गर्दछौ ? र जब तिमी उसलाई सब तकलीफबाट बचाउने प्रयास गर्दछौ, तब के तिमीले उसलाई उसको प्राकृतिक अवस्थाबाट बाहिर लाने चेष्टा गरिएको होइन ? वास्तवमा मेरो भनाइ यो हो कि बच्चाले ठूलो सुखभोग गर्नाका लागि उसले सानातिना कष्ट अनुभव गर्नैपर्दछ, उसको प्रकृति नै यस्तै छ। ज्यादै शारीरिक सुबिधाले नैतिकताको हनन गर्दछ। जसले दुःख भनेको जानेको छैन त्यो व्यक्ति आफूसमानका प्राणीहरूप्रति कोमलता दर्शाउन असमर्थ हुन्छ र दयामा जुन आनन्द छ, त्यसको ज्ञान उसलाई हुँदैन ऊ वज्रहृदयको, असामाजिक मनुष्यहरूका बीच एक राक्षस नै हुन्छ।

आफ्नो बच्चालाई दुःखी तुल्याउने निश्चित तरीका तिमीलाई थाहा छ ? जे जे चाहन्छ, सो सो उसलाई दिनू। किनभने जति जति सुबिधासँग उसका चाहनाहरू सन्तुष्टि पाउँदै जान्छन्, उति उति ढीलो या चाँडो, उसले खोजेका वस्तुहरू दिन अस्वीकार गर्नमा तिमीले बाध्य हुनुपर्दछ, र यो अनपेक्षित अस्वीकारले उसले चाहेका वस्तुहरूको अभावले भन्दा बढ्ता चोट उसको दिलमा लाग्छ। ऊ पहिले तिम्रो लट्ठी चाहन्छ, त्यसपछि तिम्रो घडी, अनि त्यो उडिरहेको चरा या उसमाथि आकाशमा चम्किरहेको तारा। उसको आँखाले देखेजति सब कुरा ऊ चाहन्छ, र यदि तिमी स्वयं परमेश्वर होइनौ भने कसरी तिमी उसको चित्त बुझाउन सक्छौ ?

मानिस जुन कुरा पाउन सक्तछ, त्यो कुरा उसले स्वभावतः आफ्नै जस्तो ठहराउँदछ। यस अर्थमा हो रावैको सिद्धान्त केही मात्रामा सत्य छ, हाम्रा इच्छाहरू र तिनको पूर्तिको उपाय बढाउँदै जाऔं, अनि हाम्रा सब कुराको

मालिक बन्दछौं । यस प्रकार बच्चाले माग्नु मात्र पर्छ, पाइहाल्नेभयो भने त्यसलै आफूलाई विश्वको मालिक ठहराउँछ र सबै मानिसलाई आफ्नो दास झैं ठान्दछ, र जब आखिर बाध्य भएर उसले मागेको कुरा अस्वीकार गर्नैपर्ने हुन्छ, तब यस अस्वीकृतिलाई ऊ विद्रोहको कार्य जस्तो मान्दछ । किनभने उसको विचारमा उसले आदेश गऱ्यो कि पुऱ्याइहाल्नुपर्दछ । जबसम्म उसले तर्कशक्ति प्राप्त गरेको हुँदैन, तबसम्म उसलाई जति बुझाए पनि ती सब कुरा उसको दृष्टिमा केवल बहाना जस्तो मात्र देखिन आउँदछन् । उसले ती कुराहरूलाई निर्दयता जस्तो सम्झन्छ, अन्यायको विचारले उसको मिजासलाई कटु तुल्याइदिन्छ, हरेकलाई घृणा गर्न थालदछ । दयाको निमित्त ऊ कहिले पनि कृतज्ञता देखाउँदैन, तर त्यसमाथि पनि विरोध गऱ्यो भने त झन् रिस देखाउँछ ।

यस्तो बच्चा कहिल्यै सुखी हुन सक्ला भन्ने म कसरी विचार गरूँ? त्यो क्रोधको दास हो, ऊ भयंकर भावनाहरूको शिकार हो । सुखी ! ऊ त अत्याचारी हो, दासहरूमध्ये सबभन्दा नीच हो, र प्राणीहरूमध्ये सबभन्दा दुःखी हो । यस प्रकार हुर्काइए–बढाइएका बच्चाहरू मैले देखेको छु, जो उनीहरूको मजाको निम्ति तिमी घर भत्काइदेऔला, उनीहरूलाई गिर्जाघरको टुप्पामा रहेको वायुदर्शक चरो देऔला, मिलेर अघि बढिरहेको पल्टनलाई उनीहरूले बेन्डबाजा सुनिरहनाका लागि अड्याइदेऔला भन्ने आशा गर्थे; जब उनीहरूले भनेको जस्तो भएन, तब तिनीहरू चिच्याउँदथे, कराउँथे र कसैको कुरामा ध्यान दिँदैनथे । उनीहरूलाई सबै फुल्याउन खोज्दथे, तर व्यर्थ । जे जे भन्यो उही उही पाउने भएकोले उनीहरूका इच्छाहरू उत्तेजित भइसकेका थिए । त्यसउसले असंभव–कुराहरू माथि उनीहरूको इच्छा गडिसकेको थियो र अब उनीहरूले विरोध, कठिनाइ; दुःख र दर्दको सामना गर्नुपर्दथ्यो । गाली गर्दै, मुख फुलाउँदै, रिसाउँदै तिनीहरू दिनभर रुन्थे र कराउँथे । के उनीहरू साँच्चीकै माया गरिएका हुन् त ? शक्तिको प्रेमसँग सम्मिलित भएको कमजोरीले मूर्खाइँ र दुःख सिबाय अरू केही पैदा गर्दैन, एउटा बिग्रेको बच्चाले टेबुललाई पिट्छ, त्यस्तै अर्कोचाहिँले समुद्रलाई कोर्रा ठोक्छ । उनीहरूले सन्तुष्टि पाउनुभन्दा अघि चिरकालसम्म उनीहरू पिटिरहून् र कोर्रा ठोकिरहून् ।

यदि उनीहरूको बचपन शक्ति र अत्याचारका यी भावनाहरूले दुःखी हुन्छ भने उनीहरू ठूलो भएपछि समाजका मानिसहरूसँग उनीहरूको सम्बन्ध बढ्दै जाँदा उनीहरूको के हालत होला ? हरेक कुरा आफ्नो इशारामा चलोस् भन्ने उनीहरूको बानी लागिसकेको हुन्छ । अब जुन संसारलाई आफ्नो

इच्छानुसार चलाउन उनीहरू अपेक्षा गर्दथे, त्यो संसार बोझले दबाइँदै समाजमा प्रवेश गरेर हरेक तर्फबाट विरोधको अनुभव गर्दा उनीहरूलाई कस्तो दुःखमय आश्चर्य लाग्ला ? उनीहरूको बेअदबी चाल र बच्चाको जस्तो घमंडले उनीहरूमाथि घृणा र तिरस्कार आइलाग्छन्; उनीहरूले बेइज्जतै बेइज्जतको सामना गर्नुपर्नें हुन्छ; कटु अनुभवले चाँडै नै उनीहरूलाई यो कुरा सिकाउँदछ कि उनीहरूले न त आफ्नो स्थान, न शक्ति नै बढाउन सकेका रहेछन्। जब उनीहरू हरेक कुरा गर्न सक्तैनन्,। तब उनीहरू ठान्दछन् कि हामी केही पनि गर्न सक्तैनौं अनपेक्षित बाधाहरूले तिनीहरू साहसहीन हुन्छन्; मानिसहरूको घृणाले उनीहरू अपमानित हुन्छन्, उनीहरू नीच, कातर र ठग बन्दछन् र उनीहरूको वास्तविक तहदेखि उनीहरू जति माथि अकासिएका थिए, त्यसभन्दा धेरै तल झर्दछन्।

अब हामी प्राचीन नियमतिर फर्केर आऔं। प्रकृतिले बच्चाहरूलाई निःसहाय र माया गर्नुपर्ने बनाएको छ। के प्रकृतिले उनीहरूको आज्ञा मान्नुपर्ने र उनीहरूदेखि डराउनुपर्ने बनाएको हो ? के प्रकृतिले उनीहरूलाई प्रबल प्रभाव देखाउने चाल, कडा नजर र उनीहरूदेखि डराउनुपर्ने गरी ठूलो र धमकीपूर्ण स्वर दिएको हो ? मलाई यो कुरा याद छ कि सिंहको गर्जनले अरू जनावरहरूको मनमा ढ्यांग्रो ठोक्छ र उसको भयंकर जगर देख्नेबित्तिकै उनीहरू भयभीत भएर थर थर काम्न थाल्दछन्। तर सबै असह्य, घृणित र हास्यास्पद दृश्यहरूमध्ये उर्दीको पोशाक लाएका, आफ्ना प्रमुख (सरदार) लाई अगाडि लगाएका, बच्चाको सामुन्ने शिर झुकाउँदै उसलाई ठूलो मान-मर्यादापूर्वक सम्बोधन गरिरहेका र बच्चा चाहिं त्यसको उत्तरमा रोइरहेको र राल चुहाइरहेको कुनै दृश्य अहिलेसम्म कसैले देखेको होला ?

यदि हामीले बच्चा अवस्थाकै विचार गर्‍यौं भने बच्चा जस्तो यस्तो कमजोर र दुःखी, यस्तो अरूको कृपापात्र, यस्तो बिलकुल अरूको दया, हेरचाह र मायामा निर्भर भएर रहने अरू कोही हुन्छ ? उसको भोलाभाला मुख र हृदयस्पर्शी अनुहारको फलस्वरूप सबैले उसको कमजोरीमा चासो राखून् र उसलाई मद्दत गर्न सबै उत्सुक होऊन् भन्ने के यही प्रकृतिको तात्पर्य होइन ? एउटा क्रोधी र घमण्डी बच्चाले जोविना ऊ आफू जीवित रहन सक्तैन ती मानिसहरूमाथि हुकूम चलाउनु र मालिक्याइँ देखाउन खोज्नुभन्दा अचाक्ली र अनुचित दृश्य के अरू केही हुन सक्तछ ?

अर्कातिर बच्चाहरू बचपनको कमजोरीले कत्तिको बाँधिएका हुन्छन्, त्यो कुरो तिमी देख्तैनौ ? हाम्रो मनको तरंगअनुसार उनीहरू चल्ने तुल्याएर,

जुन स्वतन्त्रता उनीहरूको छ, जुन स्वतन्त्रताको दुरुपयोग उनीहरू गर्न सक्तैनन्, जुन स्वतन्त्रता गुमाइदिनाले न हाम्रो न उनीहरूको नै भलो हुन्छ, त्यस स्वतन्त्रताको अपहरण गरिदिएर उनीहरूको दासत्व बढाइदिनु कत्तिको निष्ठुर कुरो हो, के त्यो तिमी देख्न सक्तैनौ ? घमण्डी बच्चा जस्तो हास्यास्पद कुरा केही हुँदैन, त्यस्तै कातर बच्चाले हाम्रो दया खोज्नु जत्तिको हास्यास्पद कुरो अरू हुँदैन । असल खराब छुट्याउन सक्ने उमेर भएपछि बच्चो समुदायको दास हुन जान्छ: तब किन घरमा पनि दास तुल्याएर अघिबाट उसलाई यस्तो तुल्याउने ?जीवनको यो छोटो समय त्यो जोतबाट ऊ फुक्का होस्, जुन प्रकृतिले उसप्रति लगाएको छैन । बच्चालाई प्राकृतिक स्वतन्त्रताको प्रयोग गर्न दिनुपर्छ, जुन स्वतन्त्रताले गर्दा कम-से-कम केही समयसम्म दासत्वको पापबाट उसलाई मुक्ति मिलोस् । ती कडा गुरुहरू र ती बाबुहरूलाई मकहाँ ल्याइदेऊ । जो आफ्ना बच्चाहरूका दास छन् । ती दुवै थरीलाई उनीहरूका निरर्थक बाधाहरूसहित मकहाँ उपस्थित गराइदेऊ, र उनीहरू आफ्नो तरीकाको गर्व गर्नुभन्दा अगाडि उनीहरू एकचोटि प्रकृतिको तरीका सिकून् ।

अब म प्रयोगात्मक कुराहरूतिर फर्कन्छु । मैले अघिबाटै भनिसकें, तिम्रो बच्चा जे जे माग्छ, सो सो उसलाई दिनु हुँदैन । तर उसलाई जे जे आवश्यक छ, सो सो दिनुपर्छ । उसले आज्ञाकारिताबाट काम गर्नु हुँदैन कि आवश्यकताबाट गर्नुपर्छ ।

'आज्ञा मान्नु' र 'आज्ञा दिनु' यी दुवै वचनलाई उसको शब्द-संग्रहबाट झिकिदिनुपर्छ र अरू 'कर्तव्य' (नगरी सुख नपाउने) र 'लाचारी' यी वचनहरूलाई त उखाडि दिनैपर्छ । तर 'बल', 'आवश्यकता', 'कमजोरी', 'कर' यी शब्दहरूको उसको शब्द-संग्रहमा ठूलो ठाउँ हुनुपर्दछ । तर्क-शक्तिको उमेरभन्दा अघि धर्मार्थी व्यक्तिहरूको अथवा सामाजिक सम्बन्धहरूको विषयमा अलिकति पनि विचार गर्न सक्नु असंभव कुरो हो । त्यसनिमित्त जुन शब्दहरूले यी विचारहरू प्रकट गर्दछन्, ती शब्दहरूको प्रयोगलाई यथासम्भव हटाउनुपर्दछ । नत्र भने बच्चाले कच्चा उमेरमा नै यी शब्दहरूमा गलत विचार लगाउने हुन्छ, जुन विचार ऊ ठूलो भएपछि हामी हटाइदिन सक्तैनौ । पहिला गलत विचार, जो उसको दिमागमा घुस्छ, त्यो नै भूल र पापको कीरो हो, होशियारी या रखवारीको पहिलो कदम यही हो । हामीले यसरी काम गर्नुपर्छ कि उसले बाहिरी वस्तुहरू मात्र देखोस् र त्यस वेला उसका विचारहरू चेतनाहरूभित्रै बन्देज रहून् । ऊ आफ्नो वरिपरि पदार्थसंबन्धी या बाहिरी संसार मात्र देखोस् । यदि यस्तो

भएन भने यो निश्चय ठान कि उसले तिमीलाई बिलकुल ध्यान दिनेछैन या जुन नैतिक संसारको विषयमा तिमी फतफताउँछौ, त्यसको बिलकुल काल्पनिक भावनाहरू उसले राख्नेछ र ती भावनाहरू उसको जीवनभर मेट्न सकिनेछैन।

लोकेको मुख्य सिद्धान्त यो थियो, "बच्चाहरूसँग तर्क-वितर्क गर"। आजकल यो ढाँचा सीमामा पुगेको छ, तर यसको परिणाम बेश होला जस्तो मलाई मान्दैन। बच्चाहरूलाई हरहमेशा तर्क-विर्तकको पाठ पढाउनु ज्यादै मूर्खताको कुरो हो। मानिसका सबै मानसिक शक्तिहरूमध्ये तर्क-शक्ति सबभन्दा गहन कुरो हो र यो अन्तिम र उत्तम कुरालाई बच्चाको तालिमका निमित्त प्रयोग गर्नुपर्दछ। मानिसलाई विवेकी तुल्याउनु असल शिक्षाको छतको शिला हो। तथापि तिमी बच्चालाई उसको तर्क-शक्तिद्वारा तालीम गर्छु भनेर हिंड्छौ तिमी गलत अन्त्यमा शुरू गर्दछौ, तिमी अन्तिम लक्ष्यताई नै उपाय बनाउँछौ यदि बच्चाहरूले तर्क बुझ्ने भए उनीहरूलाई शिक्षाको आवश्यकतै हुने थिएन। तर उनीहरूको सानै उमेरदेखि नै उनीहरूले नबुझ्ने भाषामा उनीहरूसँग कुरा गर्नु त उनीहरूलाई कुरामा मात्र सन्तुष्ट रहने बानी लगाउनु हो, जति कुरा उनीहरूलाई भनिन्छन्, ती सबको सवाल गराउनु हो, उनीहरूका आफ्ना गुरुहरू जत्तिकै बुद्धिमान् छौं भन्ने विचार गराउनु हो। तिमी उनीहरूलाई वाद-विवाद गर्न र विद्रोही हुन तालीम गर्दछौ र तर्कको तात्पर्यबाट जुन लाभ होला भन्ने तिमी ठान्दछौ, त्यो लाभ वास्तवमा लोभ, भय या अहकांर, जसद्वारा तिम्रो तर्कलाई सहारा दिन तिमी लाचार हुन्छौ, त्यसबाट हुन्छ। बच्चाहरूलाई दिइने र दिन सकिने धेरैजसो नैतिक शिक्षाहरूलाई यस तरीकामा ल्याउन सकिन्छ।

गुरु– तिमीले यो गर्नै हुँदैन।

बच्चा– किन नहुनु ?

गुरु– किनभने यो बेठीक छ।

बच्चा– बेठीक ? बेठीक भनेको क्या हो ?

गुरु– जुन कुरो तिमीलाई हुन्न भनिएको छ।

बच्चा– जुन कुरा हुन्न भनिएको छ, त्यो गर्नु किन बेठीक छ ?

गुरु– आज्ञा नमानेकोमा तिमीलाई सजायँ हुन्छ।

बच्चा– कसैले पनि नहेरेको बेलामा म गर्छु।

गुरु– हामी तिम्रो चियो गर्छौं।

बच्चा– म लुक्छु।

गुरु– तिमी के गरिरहेका थियौ भनेर हामी तिमीलाई सोध्छौं।

बच्चा– म झूटो बोल्छु ।

गुरु– तिमीले झूटो बोल्नै हुँदैन ।

बच्चा– मैले झूटो बोल्नै नहुने किन ?

गुरु– किनभने, यो बेठीक हो आदि ।

यो अवश्यम्भावी चक्र हो । यसभन्दा पर जाऊ, र अनि बच्चाले तिम्रो कुरा बुझ्नेछैन । यस्तै शिक्षामा कुन किसिमको फाइदा छ यो वाद-विवादको ठाउँमा तिमी के राख्छौ, त्यो थाहा पाउने मलाई ठूलो इच्छा छ । यसले लोकेलाई पनि अलमल्याइदिनेछ । ठीक बेठीकको ज्ञान हुनु, मानिसका कर्तव्यहरूको कारण बुझ्ने बच्चाको कुनै काम होइन ।

प्रकृतिले बच्चाहरूलाई उनीहरू मानिस हुनुभन्दा अघि बच्चा नै राख्तछ । यदि हामीले यस क्रमलाई उल्टाउन खोज्यौं भने हामी जबर्दस्तीको, कच्चा र बेस्वादको फल पैदा गर्नेछौं, जुन फल पाक्नुभन्दा अगाडि नै सडिसकेको हुनेछ र हामीले बूढा बच्चाहरू र जवान डाक्टरहरू पाउनेछौं । बचपनको हेर्ने, विचार गर्ने, थाहा पाउने आफ्नै तरीका हुन्छ, हामीले हाम्रो तरीका बदल्न खोज्नुभन्दा बढ्ता मुर्ख्याइँ अरू केही हुँदैन । दश वर्षको बच्चामा विचारको आशा गर्नु ऊ पाँच फीट अलगो होला भन्ने आशा गर्नु जस्तै हो । साँच्चै त्यस उमेरमा उसका निमित्त तर्कको के प्रयोजन होला ? यो बलको लगाम हो र बच्चालाई लगामको दरकार छैन ।

तिमीले आफ्ना चेलाहरूलाई आज्ञाकारिताको कर्तव्यमा मनाउन प्रयास गर्दा तिमी कर, धम्की, त्यसभन्दा पनि झन् खराब खुशामद र घूस थपिदिन्छौ । स्वार्थले आकृष्ट भएर या करमा परेर उनीहरू तर्कबाट विश्वस्त भएको जस्तो बहाना गर्दछन् । तिमी जस्तै उनीहरू पनि छिटै बुझ्छन् कि आज्ञापालन गर्नु उनीहरूकै भलाइको लागि हो र आज्ञापालन नगर्नु उनीहरूकै खराबीको लागि हो, तर तिमी उनीहरूबाट अप्रिय कुरो मात्र खोज्ने हुनाले र अर्काको इच्छानुसार चल्नु सधैं अप्रिय कुरो हुने भएकोले उनीहरूलाई मन लागेअनुसार गर्न उनीहरू लुक्तछन् । थाहा नहुन्जेलसम्म आफूले खराबी गरिरहेको जस्तो उनीहरू ठान्दैनन् र यदि थाहा भयो भने पनि सजायको डरले उनीहरू आफूले गरेको बिराम स्वीकार गर्न तयार हुन्छन् । कर्तव्यका निमित्तको तर्क बुझ्नु उनीहरूको उमेरदेखि मास्तिरको कुरो हो । जो उनीहरूलाई यस कुरासँग साँच्चीकै परिचित गराउन सक्तछ, त्यस्तो व्यक्ति दुनियाँमा कोही छैन । सजायको डर, माफीको आशा, धर्ना–कसाइ, उत्तर दिनाको निमित्त आखिले

उनीहरूबाट जति भने पनि बिरामको स्वीकार आउँदछ र उनीहरूलाई केवल हैरान पारेको या तर्साएकोलाई तिमी उनीहरूलाई विश्वस्त तुल्याएँ भन्ने ठान्दछौ ।

यी सब कुराको परिणाम के हुन आउँछ ? पहिलो कुरो, उनीहरूले बुझ्न नसक्ने कर्तव्य उनीहरूमाथि लादेर उनीहरूलाई तिम्रो अत्याचार मान्न मन नपराउने तुल्याउँछौ र उनीहरूको प्रेमलाई फर्काइदिन्छौ । तिमीले उनीहरूलाई ठगेर झूट र इनाम पाउनाका लागि या सजायबाट उम्कनका लागि झूटो बोल्ने उपाय सिकाउँछौ । अनि भित्री तात्पर्यलाई बाहिरीत तात्पर्यको लुगाभित्र दबाउने आदत उनीहरूलाई लगाइदिएर तिमी आफैंले उनीहरूको हातमा उनीहरूलाई मौका मिल्यो कि तिमीलाई छकाउने, उनीहरूको वास्तविक चालचलनको ज्ञानबाट तिमीलाई वञ्चित गराउने र तिमीलाई र अरूलाई पनि रित्ता लवजहरूले जबाफ दिने उपायहरू राखिदिएका छौ । तिमी भन्छौ, कानूनहरू चित्तलाई बन्देज गर्ने भए तापनि हुर्किसकेका मानिसहरूमाथि पनि उत्तिकै जोडदार प्रभाव पार्दछन् । त्यो हो, तर यी मानिसहरू पनि शिक्षाले बिगारेका बच्चाहरू सिवाय अरू को हुन् र ? तिमीले छल्नु या छोडिदिनुपर्ने कुरा यही नै हो । बच्चाहरूमाथि जोड प्रयोग गर, मानिसहरूमाथि तर्क प्रयोग गर । प्रकृतिको क्रम यहीं हो । बुद्धिमान् मानिसलाई कानूनको आवश्यकता छैन ।

तिम्रो चेलालाई उसको उमेरअनुसारको व्यवहार गर । पहिलेदेखि नै उसलाई उसकै स्थानमा राख र त्यहीं बसाल । यस तात्पर्यले कि ऊ त्यो छोड्नलाई कहिल्यै प्रयास नगरोस् । तब भलाइ के हो त्यसको ज्ञान हुनुभन्दा अघि नै उसले यसको मुख्य पाठको अभ्यास गरिरहनेछ । उसलाई आदेशहरू नदेऊ । बिलकुलै नदेऊ । तिमी उसमाथि हैकम चलाउन खोज्दछौ भन्ने कुरो उसले विचारै गर्न नपाओस् । उसलाई यति मात्र ज्ञान होस् कि ऊ दुर्बल छ, तिमी बलिष्ठ छौ, तिम्रो अवस्था र उसको अवस्था फरक भएकोले ऊ तिम्रो कृपामा रहेको छ, यो कुरो ऊ बुझोस्, सिकोस् र थाहा पाओस् । जुन गन्हौं जोत प्रकृतिले हामीमाथि लादेको छ, त्यो जोत उसको गर्वपूर्ण घाँटीमा लादिएको उसले चाँडै नै थाहा पाओस् त्यो हो आवश्यकताको भारी जोत, जसको मुनि हरेक प्राणीले झुक्नैपर्छ । उसले यो आवश्यकता वस्तुहरूमा पाओस्, न कि मानिसको मनका लहडमा नियन्त्रणको लगाम जोड होस् मालिकयाइँ होइन । यदि उसले गर्न नहुने केही कुरो छ भने उसलाई मनाही नगर । तर व्याख्यान र तर्क नगरीकन उसलाई रोक । उसलाई जो दिनु छ, त्यो बिन्ती र प्रार्थना नगरीकनै पहिले उसले भन्दैमा दिइहाल र

अझ सबभन्दा याद गर्नुपर्ने कुरो के भने यसमा कुनै कबूल नरहोस् । खुशीसाथ देऊ, खुशीसाथ नदेऊ । तर तिम्रो अस्वीकार डेग नचल्ने हुनुपर्छ । जति बिन्ती गरे पनि तिमी विचलित हुनु हुँदैन, एकचोटि तिमीले (हुन्न) भनेपछि त्यो पीतलको परखाल बनोस् र त्यसलाई भत्काउन पाँच छचोटी प्रयास गरेर आफ्नो बल सिध्याउन सक्छ, तर आखिरमा यसलाई लडाउन ऊ फेरि प्रयत्न गर्नेछैन ।

यस प्रकार उसले खोजेजति सब वस्तु नपाए तापनि तिमी उसलाई धैर्यवान् एकनासको, शान्त, र सन्तोषी तुल्याउनेछौ । किनभने वस्तुहरूको प्रकृतिलाई धैर्यपूर्वक सहन गर्नु मानिसको प्रकृति हो, तर अर्काको असत् इच्छालाई होइन । यदि बच्चाले जवाफ झूटो हो भन्ने ठानेन भने 'केही बाँकी छैन' भन्ने कुरामा गडबड मचाउँदैन । त्यसमाथि बीचको अर्को मार्ग छैन । कि त तिमीले उसबाट कुनै कुराको दावा गर्नै हुँदैन, कि त उसलाई पूर्ण आज्ञाकारितामा ढाल्नैपर्छ । सबभन्दा अधम किसिमको शिक्षा के हुन्छ भने उसलाई तिम्रो र उसको इच्छाको बीचमा धरमराइरहन छोडिदिनु, सधैं तिमी गुरु कि उ गुरु, यसमा विवाद गराइरहनू । म त शतशः यही इच्छा गर्छु कि उही नै गुरु होस् ।

यो बडो आश्चर्यजनक कुरो हो कि मानिसहरूले शिक्षाको विषयमा विचार गर्न लागेदेखि बच्चाहरूलाई पथ-प्रदर्शन गराउने नकल, ईर्ष्या, रिस,घमण्ड, लोभ, नीच कातरता, उम्लनलाई सदा तत्पर शरीरको पूर्ण विकास हुनुभन्दा भन्दा अघि नै आत्मालाई भ्रष्ट गराउने भयङ्कर भावनाहरू उठाउने कुरा सिवाय अरू कुनै युक्ति निकालेका छैनन् । जुन असामयिक शिक्षाको हरेक अंश तिमी उनीहरूको मनमा जबर्दस्तसँग लाद्ने प्रयत्न गर्दछौ, त्यसले त तिमी केवल उनीहरूको दिलभित्र पाप गाड्दछौ । मूर्ख गुरुहरू आफना चेलाहरूलाई राम्रो कुरा सिकाउन खोज्दा दुष्ट तुल्याइरहेका हुन्छन्, तर उनीहरू हामी गजब गरिरहेका छौं भन्ने ठान्दछन् र उनीहरू हामीलाई साँच्चै नै भन्दछन्, 'मानिस यस्तो हुन्छ ।' हो, उनीहरूले बनाएको मानिस यस्तै हुन्छ । जुन एक मात्र उपाय सफल हुन्थ्यो, त्यो सिवाय अरू सबै उपाय लगाइएको हुन्छ । त्यो हो सुनियमित स्वतन्त्रता । जुन सम्भव छन् या असम्भव छन्, त्यस्ता कानूनहरूद्वारा मात्र तिमी बच्चालाई सुमार्गतिर लैजान समर्थ छौ भने उसको तालीमको अभिभारा नलेऊ । सम्भव र असम्भवका सिमानाहरू उसका निमित्त एकै छन् अर्थात् उसलाई यस कुराको ज्ञान हुँदैन । यस कारण तिनीहरूलाई तिम्रो इच्छानुसार बढाउन घटाउन सकिन्छ । आवश्यकताको हातद्वारा मात्र

काइँकुइँ केही पनि नगरीकन या न भुतभुताईकन ऊ रोकिन्छ, अघि सर्छ, खुम्चिन्छ । वस्तुहरूको प्रभावले मात्र उसमा पापको उत्पत्ति हुने सम्भावना नभईकन उसलाई ठीक तुल्याउन या शिक्षायोग्य तुल्याउन सकिन्छ, किनभने जबसम्म उनीहरूले केही प्राप्त गर्न सकेको हुँदैन, तबसम्म कुभावनाहरू उठ्तैनन् ।

तिम्रो चेलालाई घोक्ने पढ्ने पाठ नदेऊ, उसलाई अनुभवद्वारा मात्र शिक्षा दिनुपर्दछ । उसलाई कहिल्यै पनि सजायँ नगर, किनभने भूल गर्नु भनेको के हो, त्यस कुराको ज्ञान उसलाई हुँदैन । "मलाई क्षमा गर्नुहोस्," यसो भन्ने उसलाई कहिल्यै नतुल्याऊ, किनभने तिमीमाथि बिराम गर्न उसले जानेको हुँदैन । उसका कामहरूमा ऊ बिलकुल विवेकहीन भए तापनि अनैतिकताको काम कहिले पनि गर्न सक्तैन र उसलाई न त सजायँ गर्न उचित छ, न त गाली गर्न नै ।

यस बच्चालाई हाम्रो समयका बच्चाहरूसित तुलना गर्दा डराएको पाठकलाई म अघिबाटै देख्तछु, तर उसको भूल हो । तिम्रो चेलाहरूमाथि लगाइएको हरदमको नियन्त्रणले उनीहरूको काममा जोश त उठाउँछ, तर तिम्रो अगाडि उनीहरू जति दबेर रहन्छन्, तिम्रो दृष्टिदेखि बाहिर हुनेबित्तिकै उनीहरू प्रचण्ड हुन्छन् । जुन कडा नियन्त्रण तिमी उनीहरूमाथि लगाउँछौ, कुनै न कुनै तरीकाले उनीहरू त्यसको पलेसो पारिहाल्दछन् । शहरबाट आएका स्कूलका दुइटा लडकाहरू गाउँका सबै बच्चाहरूभन्दा गाउँलाई बढ्ता हानि गराउन सक्तछन् । एउटा नौजवान भलादमी र एउटा नौजवान किसानलाई एउटा कोठामा बन्द गरेर राख । गाउँले चाहिं आफ्नो ठाउँबाट चलमलाउनुभन्दा अघि नै शहरिया चाहिंले हरेक कुरो उल्टाउने-पल्टाउने, भाँच्ने-फोर्ने गरिसक्तछ । अघिल्लो चाहिंले एकछिनको स्वतन्त्रता भए पनि त्यसको दुरुपयोग गर्न हतार गर्ने र स्वतन्त्रताको सधैं निश्चय भएको पछिल्लो चाहिंले यस्तो नगर्ने नभइदिएको भए यस्तो किन हुन्थ्यो । तैपनि अक्सर फुस्ल्याइएका या नियन्त्रित गरिएका गाउँले बच्चाहरू जुन अवस्थामा रहून् भन्ने म चाहन्छु, त्यो भन्दा तिनीहरू अझै पर छन् ।

अकाट्य नियम यही छ कि प्रकृतिका प्रभाव या गतिविधिहरू सधैं ठीक हुन्छन्, मनुष्यको हृदयमा मौलिक पाप हुँदैन, कसरी र किन पापको प्रवेश भयो, त्यो पत्ता लगाउन सकिन्छ । एक मात्र प्राकृतिक भावना हो आत्मप्रेम या विस्तृत अर्थमा लिइएको स्वार्थ । आफूमै या हाम्रा आपना सम्बन्धहरूमा निहित

रहेको यो स्वार्थ असल छ, र अरू मानिसहरूसँग आवश्यक सम्बन्ध नहुनाले बच्चा स्वभावतः उनीहरूसित बेसरोकार रहन्छ, उसको आत्मप्रेम यसको प्रयोगबाट र यसको उपायद्वारा स्थापित भएका सम्बन्धहरूबाट असल या खराब हुने हुन्छ । स्वार्थको बाटो देखाउने तर्कशक्तिको प्रादुर्भावका निमित्तको समय पाको नहुन्जेलसम्म मुख्य कुरा के हुन्छ भने बच्चा केही पनि गर्दैन । किनभने तिमी उसको रखवारी गरिरहेका हुन्छौ या उसको कुरा ध्यान दिएर सुनिरहेका हुन्छौ । संक्षेपमा, अरू मानिसहरूसितको सम्बन्धमा ऊ केही पनि गर्दैन, तर प्रकृतिले जे भन्छ सो मात्र गर्दछ, त्यसैले ऊ केही पनि खराबी गर्दैन ।

मेरो भनाइको तात्पर्य यो होइन कि उसले कहिले पनि बदमाशी गर्दैन, कहिले पनि आफूलाई चोट लाउँदैन, उसले पुग्न सक्ने ठाउँमा रहेका बहुमूल्य गहना वस्तुहरू कहिले पनि बिगार्दैन । उसले खराबी नगरीकन धेरै नोक्सान गर्न सक्तछ । किनभने खराबी गर्नु हानिकारक इच्छामा निर्भर रहन्छ, जुन कहिले पनि उसको हुँदैन । यदि उसले एक चोटि हानि गर्न खोज्यो भने उसको सारा शिक्षा खतम हुन्छ र त्यो असल होला भन्ने आसै गर्नुपर्दैन ।

लोभले कुनै कुराहरूलाई गलत ठहराउँदछ जो तर्क-शक्तिको दृष्टिमा गलत ठहर्रिदैनन् । जब तिमी बच्चाको बेहोशीलाई स्वतन्त्र स्थान दिन्छौ त उसले बिगार्न सक्ने जुनसुकै वस्तुलाई पनि तिमीले उसको बाटोमा नपर्ने गरी राख्नुपर्छ र उसले पुग्ने गरी कुनै पनि टुट्ने फुट्ने वस्तुहरू राख्नु हुन्न । सादा र खँदिला सामानले कोठा सजाइयोस्; ऐनाहरू, चिनिया काँचका सामानहरू र बेकारका सजावटी वस्तुहरू नरहून् । मेरो चेलो एमिल जो गाउँमा हुर्के-बढेको छ, उसको कोठा ठीक किसानको जस्तै हुनेछ । एउटा सानो बच्चा बस्ने कोठा सजाउनलाई किन यत्तिको तकलीफ लिने ? तर यहाँ मेरो भूल भयो । उसले आफ्नो कोठा आफैं सजाउनेछ र हामी चाँडै देख्नेछौं उसले कसरी सजाउनेछ ।

यदि तिमीले अघिबाटैदेखि होशियारी गर्दा गर्दै पनि बच्चा केही हानि गर्ने जुक्ती गर्दछ भने, यदि उसले कुनै उपयोगी वस्तु भाँच्छ, फोर्दछ भने आफ्नो बेहोशीका निमित्त उसलाई सजाय नगर, उसलाई हप्काउनुसम्म पनि नगर । उसले गालीको शब्द सुन्नु नपरोस् । उसले तिमीलाई दिक्क पारेको छ भन्ने पनि उसले देख्न नपाओस् । त्यो वस्तु सके आफैं टुटेको या फुटेको हो भनेझैं गरी व्यवहार गर । यदि तिमी आफ्नो जिब्रो समाल्न या चूप रहन समर्थ भयौ भने आफूले ठूलो कुरा गरेको झैं तिमीले ठहराए हुन्छ ।

के यहाँनिर म शिक्षाको सबभन्दा ठूलो, सबभन्दा महत्वपूर्ण, सबभन्दा

उपयोगी नियमहरू बताउन साहस गर्न सक्तछु ? समय नबचाऊ, तर यो गुमाऊ । म आशा गर्दछु कि पाठकहरू हरेक दिन मेरो लघुलपेट (देख्नमा असत्य, तर वास्तवमा सत्य कुरा) हरूलाई क्षमा गर्नेछन् । यदि तिमी आफ्नै निमित्त विचार गर्दछौ भने तिमी यी लघुलपेटहरूलाई हटाउन सक्तैनौ र तिमीले जे भने तापनि झूठ विश्वासमा पर्नुभन्दा बरु लघुलपेटमा पर्न पसन्द गर्दछु । मनुष्य-जीवनमा सबभन्दा भयंकर समय जन्मेदेखि बाह्र वर्षसम्मको बीचको हुन्छ । भूल र पापहरूको उत्पत्ति हुने समय यही हो, जब त्यस वेलासम्म तिनीहरूलाई नाश गर्ने कुनै उपाय हुँदैन । तर जब तिनीहरूलाई नाश गर्ने उपायहरू तयार हुन्छन्, त्यस वेला उखेलिन नसक्ने गरी तिनका जराहरू गहिरोसँग गडिसकेका हुन्छन् । यदि बच्चा आमाको दूधबाट एक फड्कामा उफ्रेर तर्कशक्तिको उमेरमा आइपुग्ने भइदिएको भए अहिलेको किसिमको शिक्षा बिलकुल सुहाउने हुन्थ्यो, तर यसको प्राकृतिक वृद्धिलाई बिलकुल अर्कै किसिमको तालीमको दरकार छ । मानसिक शक्तिहरूको विकास नहुन्जेलसम्म मनलाई नखलबल्याईकन शान्तिमा छोडिदिनुपर्दछ, कारण, यो अन्धो छउन्जेल तिमीले दिएको प्रकाश ऊ देख्न सक्तैन, न त यसले विचारहरूको अपार फैलावटका बीजबाट त्यस मार्गको अनुसरण गर्न नै सक्तछ, तर्कद्वारा धमिलो चालसित पत्ता लगाइएको जुन मार्गलाई उत्तम नजरहरू पनि अनुसरण गर्न सक्तैनन् ।

त्यस कारण शैशवावस्थाको शिक्षा केवल निषेधात्मक हुनुपर्दछ । यसमा धर्म र सत्य सिकाउने होइन, तर मनलाई भूल गर्ने भावना र पापबाट बचाइराख्ने हो । यदि तिमीले बच्चालाई राम्ररी एक्लै छोडिदिन सक्यौ भने र अरूहरूलाई तिम्रो उदाहरणको अनुसरण गर्ने तुल्याउन सक्यौ भने, यदि तिमी आफ्नो चेलोलाई बलिष्ठ र स्वस्थ तुल्याएर बाह्र वर्षको उमेरसम्म ल्याउन समर्थ भयौ भने, उसले देब्रे हातबाट दाहिने हात छुट्याउन नसक्ने भए तापनि तिमीले उसको शिक्षाको प्रारम्भ गर्ने बित्तिकै उसको समझका आँखा तर्कउपर खुल्दछन् । झूठो विश्वास र बानीहरूबाट स्वतन्त्र भएर तिम्रो परिश्रमका नतीजाहरूलाई उल्टाउने कुनै कुरा हुनेछैन । तिम्रो हातमा ऊ चाँडै नै मानिसहरूमध्ये सबभन्दा बुद्धिमान् हुनेछ । शुरू गर्दा केही पनि नगरीकन अन्त गर्दा शिक्षाको महान् आश्चर्यको सिर्जना गर्नेछौ ।

प्रचलित अभ्यासलाई उल्टाइदेऊ । अनि तिमी प्रायः ठीक गर्नेछौ । बाबुहरू र गुरुहरू जो बच्चालाई बच्चा तुल्याउन होइन, किन्तु विद्वान् मानिस तुल्याउन चाहन्छन् । तिनीहरू बच्चालाई हप्काउन, दप्काउन, सुधार्न, तर्साउन,

फुस्ल्याउन, सिकाउन, वाद–विवाद गर्न ज्यादै छिटो भयो भन्ने कहिल्यै विचार गर्दैनन् । तिमी उनीहरूभन्दा बढिया गर । विवेकी होऊ । तिम्रो चेलोसित वाद–विवाद नगर । खास गरेर जुन कुरो उसलाई निको लाग्दैन, त्यस कुरामा उसलाई मंजूर गराउने प्रयास नगर । किनभने यदि रुचि नभएका कुराहरूसित सधैं तर्क–वितर्कको सम्बन्ध गराइयो भने यो उसलाई बडो कटु लाग्नेछ र यो बुझ्नलाई तयार नभइसकेको मनमा सानै उमेरमा नै तिमी यस कुराको बेइज्जत गराउनेछौ । उसको शरीर, उसका अंग–प्रत्यंगहरू, उसका चेतनाहरू, उसको तागतलाई कसरत र अभ्यास गराऊ । तर उसको मनलाई यथाशक्य निष्क्रिय तुल्याएर राख । तिनीहरूको भेद छुटयाउने जुन विचार हो त्यसका अगाडि देखापर्ने कुनै पनि राय या सल्लाहमाथि विश्वास नगर । नयाँ विचारहरूलाई रोक र हटाऊ र अनिष्टको उत्पत्ति रोक्नलाई राम्रो गर्न हतपत नगर । किनभने भलाई त तब मात्र सम्भव हुन्छ, जब यसलाई तर्क-शक्तिले प्रकाशित गराउँदछ । सबै ढीलाइहरूलाई यो समय मिलेको हो भन्ने ठान । तिमीलाई धेरै प्राप्ति भइसकेको छ, तिमी कुनै हानिविना सिमानामा पुग्दछौ । तिम्रा बच्चाहरूमा बचपन परिपक्व हुन देऊ । संक्षेपमा यदि उनीहरूले आज प्रयोग गरेको कुरा कुनै आपत्तिविना भोलिका निमित्त थामेर राख्न सकिन्छ भने त्यो आज नदेऊ । यो कुरा याद राख ।

विचारणीय कुरो अर्को छ, जसले यस तरीकाको स्थिरतालाई दृढ गराउँछ । यो बच्चाको मनको प्रवृत्ति हो, जुन हामीले उसलाई सबभन्दा उचित नैतिक शिक्षा रोज्नुभन्दा अघि राम्रोसित थाहा पाउनुपर्छ । हरेक मनको आफ्नै रूप हुन्छ, जसअनुसार यसलाई नियन्त्रण गर्नुपर्दछ, र परिश्रम उठाएको सफलता ज्यादा गरेर यसै कुरामा निर्भर गर्दछ कि उसलाई यसै तरीकाले नियन्त्रण गरियोस् न कि अर्को तरीकाले । ए बुद्धिमान् ! जन प्रकृतिको राम्रोसँग विचार गर्ने समय लेऊ । तिमी उसलाई एक लबज भन्नुभन्दा अगाडि तिम्रो चेलो कुन छाँटको छ, त्यसमा राम्रो दृष्टि पुऱ्याऊ । उसको आचरणको जुन बीज हो, त्यसले आफूलाई निस्फिक्रीसँग देखाउन पाओस् । ऊ वास्तवमा कस्तो छ, त्यो राम्रोसित बुझ्नलाई उसलाई कुनै कुरामा पनि रोक नलगाऊ । यो स्वाधीनताको समय खेर गएको भन्ने तिमी सम्झन्छौ ? बरु अझ झन् तिम्रो चेलो बेश कुरामा लाग्नेछ । किनभने जब समय अधिकतर अमूल्य हुनेछ, त्यस बेला एक क्षण पनि नगुमाउनलाई तिमी आफैं यही तरीका सिक्नेछौ । तर यदि के गर्नुपर्ने हो त्यो कुरो थाहा पाउनुभन्दा अघि नै तिमीले काम गर्न शुरू गऱ्यौ

भने तिमी जथाभावी गर्नेछौ, तिमीले भूलहरू गर्ने सम्भावना हुन्छ र तिमीले आफ्ना पाइलाहरू फर्काउनुपर्ने हुन्छ । लक्ष्यमा पुग्ने तिम्रो हतारले गर्दा तिमीलाई यसले झन् टाढा लैजानेछ । त्यो कन्जूसको नकल नगर, जो अलिकति नोक्सान होला कि भन्ने डरले धेरै नोक्सान गराउँदछ । शुरूको शैशवमा अलिकति समय त्याग गर । अनि तिम्रो चेलो ठूलो भएपछि त्यसको प्रशस्त ब्याज समेत तिमी त्यो फिर्ता पाउनेछौ, बुद्धिमान् चिकित्सक पहिले देख्नेवित्तिकै हत्तपत्त औषधि बताउँदैन, तर कुनै औषधि बताउनुभन्दा अघि बिरामीको शरीरको प्रकृतिको अध्ययन गर्दछ, पछिबाट उपचार शुरू हुन्छ, तर रोगी निको हुन्छ, हतपते डाक्टर भने उसलाई खतम पारिदिन्छ ।

तर हाम्रो बच्चालाई चेतनाहीन स्वचालित यन्त्र झैं गरी हुर्काउने बढाउने ठाउँ हामीले कहाँ पाउने ? हामीले उसलाई चन्द्रमामा राख्ने या कुनै मरुभूमिद्वीपमा राख्ने ? के हामीले उसलाई मनुष्य-समाजबाट छुट्टै राख्ने ? के उसको वरिपरि सधैं अरू मानिसहरूका भावनाहरूको दृश्य र नमूना या उदाहरण हुँदैनन् ? के ऊ आफ्नै उमेरका बच्चाहरूलाई कहिले पनि देख्तैन ? के ऊ आफ्ना बाबु-आमा, आफ्ना छिमेकीहरू, आफ्नी धाई, आफ्नी गुरुआमा, आफ्नो नोकर, आफ्नो शिक्षक, जो आखिर देवता त होइन, आदिलाई देख्तैन ? यहाँनिर एउटा साच्चीको र ठूलो कठिनाइ छ । तर के मैले तिमीलाई प्रकृतिअनुसारको शिक्षा सजिलो कुरो हो भनेर बताएँ ? मनुष्यहो ! सब असल कुराहरूलाई तिमीहरूले कठिन तुल्याएका छौ त के यो मेरो भूल हो ? म स्वीकार गर्दछु, यी कठिनाईहरूको मलाई ज्ञान छ; सके यिनीहरू अनुल्लङघनीय छन् । तर यति निश्चय छ कि हामी तिनीहरूलाई हटाउने प्रयास गरेर केही मात्रामा हटाउन सक्छौं । हामीले के प्राप्त गर्न प्रयत्न गर्नुपर्दछ, त्यो कुरो म देखाइरहेछु हामी यो प्राप्त गर्न सक्छौं भन्ने मेरो भनाइ होइन, तर म यति अवश्य भन्दछु कि जो यसको नजीक आइपुग्दछ, त्यो सफलताको सन्निकटवर्ती हुन्छ ।

याद राख ! तिमीले मानिसलाई तालीम गर्न प्रयत्न गर्नुभन्दा पहिले तिमी आफू मानिस हुनुपर्दछ, उसले अनुकरण गर्ने उदाहरण तिमी आफैंले देखाउनुपर्दछ । जबसम्म बच्चा अजान हुन्छ, तबसम्म उसको निमित्त वातावरण तयार गर्ने समय रहन्छ, ता कि उसको दृष्टिका निमित्त जो अनुकूल हुन्छ, त्यो सिवाय अरू कुनै कुरो उसको नजरमा पर्नेछैन, हरेकको मर्यादा प्राप्त गर । उनीहरूको दिललाई जित्न शुरू गर । अनि उनीहरू तिमीलाई खुशी तुल्याउने चेष्टा गर्नेछन् । यदि तिमीले उसको वरिपरिका हरेकलाई नियन्त्रण गर्न सकेनौ

भने तिमी बच्चाको गुरु हुन सक्तैनौ र तिम्रो भलोपनाको निमित्त जुन आदरको प्रादुर्भाव हुन्छ, त्यसमा आधारित भएन भने यो हैकम पर्याप्त हुँदैन । आफ्नो सम्पत्ति उडाउने र जथाभावी पैसा दिने प्रश्न छैन, पैसाले प्रेम पाएको कुरो मैले कहिल्यै थाहा पाएको छैन । तिमीले कडा हुनु हुँदैन, न त कंजूस नै हुनु हुन्छ र फेरि आफूले छुटाइदिन सक्ने कुनै दुःख छ भने त्यसमा केवल सहानुभूति मात्र देखाएर पनि हुँदैन । तिमी यसको साथसाथै आफ्नो हृदय खोल्न सक्तैनौ भने तिमीले आफ्नो थैलो खोल्नु व्यर्थ हुन्छ र अरूको हृदय तिमीप्रति सधैं बन्द रहने हुन्छ । तिमीले आफ्नै समय, ध्यान, स्नेह र आफ्नो आत्मा नै दिनुपर्दछ, नत्रभने तिमीले जेसुकै गरे तापनि मानिसहरू यो ठान्दछन् कि तिम्रो पैसा त तिमी होइनौ । दयाको ब्याजका धेरै प्रमाण छन्, जसले बढी परिणाम निकाल्दछन् र वास्तवमा दातव्यभन्दा पनि बढीउपयोगी हुन्छन् । कैयौं बिरामी र दुःखी मानिसहरूलाई दान-दातव्यको भन्दा बढ्ता आराम र सुबिस्ताको दरकार हुन्छ; कति अत्याचारमा परेका मानिसहरूलाई पैसाको भन्दा रक्षाको आवश्यकता हुन्छ। झगडा गर्नेहरूलाई मिलाइदेऊ । अड्डा-अदालतमा पर्ने नालिश फिराद उजूरीहरूलाई रोकिदेऊ । बच्चाहरूलाई कर्तव्यमा लगाइदेऊ । बाबुहरूलाई दयावन्त बनाइदेऊ। सुखी विवाहहरूलाई बढाइदेऊ । कष्टहरूलाई हटाइदेऊ । जो न्याय पाउन सक्तैनन्, त्यस्ता कमजोरहरूमाथि र बलियाले दबाइएका निर्धाहरूमाथि तिम्रो चेलाका आमा-बाबुहरूको प्रभाव लगाइदेऊ । न्यायी होऊ । मानिस भएर रहू । दयवान् बन । केवल शिक्षा मात्र नदेऊ । दान देऊ । दुःखको छुटकाराका निमित्त पैसाले भन्दा दया-मायाका कार्यहरूले धेरै बढ्ता काम गर्दछन् । अरूहरूलाई प्रेम गर. अनि अरूहरू पनि तिमीलाई प्रेम गर्नेछन्; अरूको सेवा गर; अनि अरू तिम्रो सेवा गर्नेछन्; अरूको भाइ बन; अनि उनीहरू तिम्रा बच्चा बन्नेछन् ।

यही एउटै कारणले गर्दा आफ्ना मालिकहरूदेखि बाहेक अरू सब मानिसभन्दा पतित ती दुःखी नोकर-चाकरदेखि दूर, बाहिरी झलकमलकले बच्चाहरूलाई प्रलोभित तुल्याउने र उनीहरूलाई सर्ने शहरको नीच आचरणहरूदेखि टाढा गाउँमा म एमिललाई हुर्काउन बढाउन चाहन्छु । किनभने गाउँलेहरूको पार्प भए तापनि ती नसिंगारिएका, नङ्गा, मोटा, भद्दा र खस्रा हुन्छन्, र ती लोभ्याउनेभन्दा बरु घृणा लाग्ने हुन्छन् र तिनीहरूको नकल गर्नमा कुनै तात्पर्य रहँदैन ।

गाउँमा गुरु बच्चाहरूलाई जुन वस्तुहरू देखाउन इच्छा गर्छ, ती वस्तुहरूमाथि उसको बढ्ता नियन्त्रण रहन्छ । उसको ख्याति, उसका शब्दहरू,

उसको उदाहरणको प्रभाव गाउँमा जो हुन्छ, त्यो शहरमा कहिले पनि हुन सक्तैन । ऊ गाउँमा हरेकलाई काम लाग्ने हुन्छ, त्यसनिमित्त हरेक मानिस उसको आज्ञापालन गर्न, उसबाट आदर प्राप्त गर्न, उसको चेलाको अगाडि आफूलाई जस्तो देखाउन भन्छ त्यस्तै देखाउन उत्सुक रहन्छन् । यदि पापको सुधार भएन भने दुनियाँका बीच कलंक त बच्तछ, जुन हाम्रो वर्तमान अभिप्रायलाई चाहिएको सम्पूर्ण कुरो हो ।

तिम्रो आफ्नै दोषका निमित्त अरूलाई दोष नलाऊ । बच्चाहरू तिम्रो शिक्षाले भन्दा उनीहरू जो देख्छन्, त्यसबाट कम भ्रष्ट हुन्छन् । तिमीले असल ठहराएको एउटा विचारको निमित्त तिम्रो आफ्नो असीमित मत-प्रचार, नैतिक शिक्षा र पण्डित्याइँद्वारा तिम्रा छात्रहरूलाई बीस खंड बढ्ता विचार दिन्छौ, जुन कुनै कामका हुँदैनन् । तिम्रो आफ्नो मनमा जुन चलिरहेछ, त्यही विचारले तिमी भरिपूर्ण हुन्छौ र उनीहरूको मनमा के असर पाऱ्यो त्यो कुरो तिमी देख्न सक्तैनौ । हरबखतको शब्दको प्रवाह, जसमा तिमी उनीहरूलाई डुबाइराख्छौ, के ती शब्दहरूमध्ये उनीहरूले खराब अर्थमा लिने कुनै शब्द पनि हुँदैनन् भन्ने ठान्छौ ? के तिम्रा लामा घुमाइएका व्याख्याहरूमा उनीहरू आफ्नै टीका-टिप्पणी गर्दैनन् ? के उनीहरूले बुझ्न सक्ने क्रमको सिर्जनाका लागि उनीहरू वस्तु पाउँदैनन् ? के यसलाई तिनीहरू मौका पाएमा तिम्रा विरुद्ध प्रयोग गर्नेछैनन् ? के तिमी यो कुरो होवैन भन्ने विचार गर्दछौ ?

जो भर्खरै तालीममा प्रवेश गरेको छ, त्यो सानो मान्छेको कुरो ध्यान दिएर सुन; उसलाई निस्फिक्रीसँग बोल्न देऊ, सवालहरू सोध र उसको सुबिस्तामा ऊसँग कुरा गर; अनि तिम्रा कुराहरूले उसको मनमा कस्तो अनौठा रूप लिने रहेछन्; त्यो देखेर तिमी ताजूप हुनेछौ । उसलाई हरेक कुरामा घबराहट हुन्छ र हरेक कुरो उल्टोपाल्टो पार्दछ । अघिबाट विचारै नगरिएको उसको हठ र जिद्दीले तिमीलाई दिक्क तुल्याउँदछ । कि त ऊ तिमीलाई नै चूप तुल्याउँदछ, कि त उसलाई नै चूप तुल्याउने गराउँदछ । जसलाई बोल्ने यस्तो अभिरुचि छ, त्यही मानिस चूप लागेकोमा ऊ के विचार गर्न सक्तछ ? यदि कहिल्यै उसले यो फाइदा उठाउन सक्यो र यो थाहा पनि पायो भने शिक्षालाई सलाम ! त्यसवेलादेखि सब कुरा गुम्यो । अब ऊ सिक्न कोशिश गर्दैन, तिम्रो कुरा काट्न मात्र कोशिश गर्दछ ।

अति-उत्साही शिक्षकहो ! सरल, बुद्धिमान् र मौन बन । अरूको कामहरूमा रोकावट हाल्ने होइन भने काम गर्न हतार नगर । वारंवार म

भन्दछु, यदि यो हुन सक्तछ भने खराब शिक्षा दिने डरले बरु असल शिक्षालाई नै तिरस्कार गर । यस दुनियाँमा स्वभावसँग खेलबाड गर्ने कुरामा याद राख, जुन कुरो प्रकृतिले मानिसहरूका निमित्त पृथ्वीलाई स्वर्ग बनाउनका लागि दिएको हो, र निर्दोषी बच्चालाई असल र खराब भन्ने ज्ञान दिने प्रयास नगर । किनभने तिमी बच्चालाई उसदेखि बाहिरको कुराबाट सिक्न रोक्न सक्तैनौ, उसका निमित्त उपयुक्त हुने कुराका उदाहरणहरूले उसको मनलाई प्रभावित पार्न तिम्रो आफ्नै तर्फबाट प्रयत्न नगर ।

बच्चाले विस्फोटक भावनाहरू देखेपछि तीनीहरूले उसमाथि ठूलो प्रभाव पार्दछन्, तिनीहरू बाहिर प्रकट हुँदा ज्यादै याद हुने हुन्छन्, यसले उसको मन खूब प्रभावित हुन्छ र उसको ध्यान खिचिन्छ । रिसको झोकले यत्तिको खलबल मचाउँछ कि यदि तिमी नजीकमा छौ भने त्यो थाहा नपाउने कुरै हुँदैन । कुनै गुरु या शिक्षकका निमित्त यो कुनै राम्रो वाद, प्रतिवाद या विवेचना तयार गर्ने मौका हो या होइन भन्ने कुरो तिमीले आफूलाई सोध्नैपर्दैन । के राम्रो विवेचना नगर्ने ? एक शब्द पनि नबोल्ने ? बच्चा तिमीकहाँ आओस्, आफूले देखेका कुराहरूबाट प्रभावित भएर उसले अवश्य तिमीलाई प्रश्नहरू सोध्नेछ । उत्तर सजिलो छ, जुन कुराहरूको विचार उसका चेतनाहरूमा घुसेका हुन्छन् तिनै कुराहरूबाट यो उत्तर खिचिएको हुन्छ । उसले रातो भएको मुख देख्छ, चम्किला आँखाहरू देख्छ, डरलाग्दा हाउभाउहरू देख्छ, कराएको आवाज सुन्छ; ऊ हरेक कुराले शरीरलाई असुबिस्ता भएको देखाउँदछ । कुरो नबनाईकन र गोप्य नराखीकन उसलाई स्पष्टसँग बताइदेऊ, 'यो बिचरा मानिस बिरामी छ, उसलाई जरो आएको छ ।' तिमी छोटकरीमा उसलाई रोग र यसका असरहरूको केही विचार दिने मौका छोप्न सक्छौ, किनभने त्यो पनि प्रकृतिकै कुरो हो र आवश्यकताका बन्धनहरूमध्येको एउटा कुरो हो, जुन उसले थाहा पाउनैपर्छ । यस विचारद्वारा, जो स्वयं झूटो होइन, के उसलाई बेलैमा आफूले रोग जस्तै मानेका खराब भावनाहरूको दबाउमा पर्न केही घृणा लाग्दैन ? के तिमी ठीक समयमा दिइएको यस्तो विचार ज्यादै दिक्क पार्ने धर्मोपदेशहरूभन्दा बढ्ता लाभदायक हुनेछ भन्ने ठान्दैनौ । तर यस विचारका पछिका परिणामहरूको खयाल राख ? यदि तिमीलाई आवश्यक लाग्यो भने विद्रोही बच्चालाई रोगी बच्चालाई जस्तो व्यवहार गर्ने तिम्रो अधिकार छ, जस्तै–उसलाई उसको कोठाभित्र राख्नु, दरकार पर्‍यो भने विछ्याउनामै राख्नु, उसलाई परेजमा राख्नु, उसका बढ्दा पापहरूदेखि डराउने तुल्याउनु, उसलाई निको तुल्याउनको लागि

जुन कडा उपायको तिमी प्रयोग गर्दछौ, त्यसलाई कहिले पनि सजाय जस्तो ठान्ने नतुल्याईकन ती पापहरूलाई घृणा गर्ने र तीदेखि भयभीत तुल्याउनु आदि । यदि एक छिनको उत्तेजनाले तिमी आफैंले आफूले लक्ष्य राख्नुपर्ने आफ्नो मनको शान्ति र आत्मनियन्त्रणबाट विचलित हुने संयोग पर्न आयो भने आफ्नो कसूर लुकाउने प्रयत्न नगर र हलुका तवरले हप्काएर उसलाई स्पष्ट भनिदेऊ, 'मेरो प्यारो नानी, तिमीले मेरो मन दुखायौ ।'

अझ फेरि यो एउटा महत्त्वपूर्ण कुरा छ कि जुन विचारहरूमा ऊ हुर्केको छ, तिनीहरूको सरलताबाट उत्पत्ति हुने जुन अनौठा बोलीहरू हुन्छन्, तिनीरूहको तिमीले उसको अगाडि वास्ता राख्नहुँदैन र ती कुराहरूलाई उसले बुझ्न सक्ने गरी आफ्नो मुखले भन्नु पनि हुँदैन । मूर्ख हाँसोले छ महीनाको काम बिगारिदिन्छ र जीवनभरका लागि सुधार्न नसकिने हानि गरिदिन्छ । म यो कुरो वारंवार कति दोहोऱ्याइ रहूँ कि बच्चालाई नियन्त्रणमा राख्नको लागि मानिसले आफूलाई नियन्त्रणमा राख्नुपर्छ ।

म मेरो सानो एमिलले दुई जना छिमेकीहरूका बीच धूमधामसंग झगडा भइरहेको हेरिरहेको र उनीहरूलाई ‘तिमीहरू खराब रहेछौ, तिमीहरूका लागि मलाई अपसोस छ' भन्न लागेको कल्पना गर्दछु । यस कुराको असर दर्शकहरूमा अवश्य पर्नेछ र शायद ती झगडियाहरूमा पनि पर्नेछ । नहाँसी, नहप्काई र तारीफ नगरीकन उसले यो असर देख्नुभन्दा अघि अथवा कम-से-कम उसले यस विषयमा विचार गर्न सक्नुभन्दा अघि उसले माने पनि नमाने पनि उसलाई म त्यहाँबाट लैजान्छु र उसले यस विषयको सब कुरा बिर्सने गरी झटपट उसको ध्यान अरू कुरातिर आकर्षित गराउँछु ।

हरेक कुराको विवरण दिनपट्टि नलागेर म यहाँ सर्वसाधारण नियमहरूको मात्र व्याख्या गर्दछु र कठिन पर्न आएका कुराहरूको मात्र उदाहरण दिन्छु । मलाई लाग्छ, एक मानिसको अर्को मानिससँगको सम्बन्धको र मानिसका कार्यहरूको नैतिकताको विचार उसलाई नदिईकन समाजको बीचमा बाह्र वर्षसम्मको उमेरको बच्चालाई तालीम गर्नु असम्भव हुन्छ । जबसम्म वर्तमान आवश्यकताका निमित्त सीमित तुल्याउनैपर्ने हुन्छ, तबसम्म यी विचारहरूको विकासलाई ढिल्याइ सम्म दिए पुग्छ । किनभने उसले आफूलाई हरेक कुराको मालिक भन्ने पनि नसम्झोस् र अजानमा अरूलाई हानि पनि गरोस् । यस्ता शान्त र भद्र आचरणहरू हुन्छन्, जसलाई कुनै आपत्तिविना उनीहरूको पहिलेकै निर्दोषपनामा लामो मार्गसम्म लैजान सकिन्छ । फेरि यस्ता प्रचण्ड स्वभावहरू

पनि हुन्छन्, जसका उग्र भावनाहरूको चाँडै विकास हुन्छ; त्यस्तालाई मानिस तुल्याउन तिमीले हतार गर्नैपर्छ, नत्रभने तिमीले उनीहरूलाई सिक्री लगाएर राख्नुपर्ने हुन्छ ।

हाम्रा पहिला कर्तव्यहरू आफैंप्रतिका हुन्छन् । हाम्रा पहिला विचारहरू आफैंमाथि केन्द्रित भएर रहन्छन् । हाम्रा सबै आन्तरिक भावनाहरू आफ्नै संरक्षण र कल्याणका दिशातर्फ लगाइएका हुन्छन् । यस प्रकार न्यायको पहिला भावना हामी अरूप्रति कत्तिको ऋणी छौं त्यस, विचारबाट होइन कि अरू हामीप्रति कत्तिको ऋणी छन्, त्यस भावनाबाट उत्पन्न हुन्छ । शिक्षाको सार्वजनिक विधिमा यहाँ अर्को एउटा दोष छ । यदि बच्चाहरूसँग उनीहरूको हकबारे होइन कि उनीहरूको कर्तव्यको विषयमा तिमीले कुरा गर्‍यौ भने उनीहरूले बुझ्न नसक्ने र उनीहरूलाई अभिरुचि नहुने कुरा उनीहरूलाई बताएर अन्त्यमा गलत तिमी शुरू गर्दछौ ।

मैले अहिले वर्णन गरेको जस्तै कुनै बच्चालाई तालीम गर्नुपर्‍यो भने म आफैलाई भन्नेछु, बच्चाले मानिसहरूलाई आक्रमण गर्दैन, वस्तुहरूलाई मात्र गर्दछ, र अनुभवद्वारा उसले चाँडै नै आफूभन्दा पाका र वृद्धहरूको आदर गर्न सिक्छ । तर वस्तुहरूले आफ्नो बचाउ आफै गर्दैनन् । त्यसकारण उसलाई चाहिने पहिला विचार स्वतन्त्रताको होइन कि सम्पत्तिको हो, र उसलाई यो विचार हुन सकोस् भन्ने हेतुले उसको आफ्नै भन्ने केही वस्तु हुनुपर्छ । लुगा, सरसामान र खेलौनाहरूको गणना गर्नु हुँदैन । यी कुराहरू उसले प्रयोग गरे तापनि तिनीहरू कसरी र किन उसले भेट्टायो, त्यो उसलाई थाहा हुँदैन । यी कुराहरू उसलाई दिइएका हुन् भन्नु बेश हुँदैन । किनभने दिनुको अर्थ अरूसँग भएको भन्ने हुन आउँछ । उसलाई तिमीले सिकाउन खोजेको सम्पत्तिको सिद्धान्त हो । अझ त्यसमाथि पनि दिनु भनेको सामाजिक दस्तूर हो र अहिलेसम्म बच्चालाई दस्तूरहरूको ज्ञान हुँदैन । म आशा गर्छु, मेरा पाठकहरू यो याद राख्नेछन् कि यस कुरामा र अरू पनि धेरै कुरामा बच्चाहरूलाई पूरा तवरले शिक्षा दिएका छौं भनी मानिसहरू ठान्दछन्, तर उनीहरूले तिनीहरूमाथि यस्ता शब्दहरू मात्र ठोसेका हुन्छन्, जसको अर्थ तिनीहरू बुझ्दैनन् ।

तसर्थ हामीले पहिले सम्पत्तिको उत्पत्तिको विषयमा विचार गर्नुपर्छ, किनभने यसको पहिला विचारको आरम्भ हुने यही हो । गाउँमा बस्ने बच्चालाई खेतको कामको केही ज्ञान भएको हुन्छ । यसनिमित्त आँखा र फुर्सत भए पुग्छ र उसका यी दुवै कुरा हुन्छन् । हरेक उमेरमा खास गरी बचपनमा,

सिर्जना गर्न, नकल गर्न, उत्पादन गर्न रशक्ति र स्फूर्तिको सबै लक्षण देखाउन हामी चाहन्छौं । बच्चाले आफैंले बगैंचाको काम गर्न चाहनुभन्दा अघि उसले दुई बाजी पनि मालीले बीउ छर्ने, बिरुवा रोप्ने, तरकारीहरू लगाउने आदि कामहरू बगैंचाको गरिरहेको देखेको हुँदैन होला ।

मैले अघिबाटै बताइसकेका सिद्धान्तअनुसार म उसलाई विफल गराउने छैन । बरु अझ म उसको योजनामा मंजूर गर्नेछु । उसको मनोभावको कुरामा भाग लिनेछु र उसको मजाको लागि होइन कि आफ्नै मजाको लागि म ऊसंगसँगै काम गर्नेछु । म उसको बगैंचे बन्नेछु र यो गर्नलाई उसका पाखुरा बलिया नहुन्जेलसम्म उसको निम्ति जमीन खनिदिनेछु । बोडी, भटमास या सिमी रोपेर ऊ सबैलाई आफ्नो अधिकारमा लिनेछ, र निःसन्देह यो अधिकार नुएँस बाल्बोआको अधिकारभन्दा बढ्ता पवित्र र बढ्ता सन्मान-योग्य हुनेछ, जसले दक्षिणी समुद्रको किनारमा आफ्नो झण्डा गाडेर स्पेनका राजको नाममा दक्षिण अमेरिकामाथि अधिकार जमाएका थिए ।

हामी हरेक दिन ती बोटहरूमा पानी हाल्दछौं, र अत्यन्त मजा मानेर तिनीहरू बढेको हेर्दछौं । दिन परदिन म यो मजा यसो भनेर बढाइदिन्छु, 'यिनीहरू तिम्रै हुन् ।' 'तिम्रै हुन्' यस वचनको व्याख्या गर्दा म उसलाई यो बताइदिन्छु कि यसमा उसले आफ्नो धेरै समय, मेहनत, परिश्रम र आत्मा नै लगाएको छ र यस जमीनमा उसको आत्माको एक अंश नै छ र उसको इच्छा-विरुद्ध अरू मानिसले समातिराखन खोजेको आफ्नो हात झिक्न सक्ने उसको जत्तिको हक छ, त्यत्तिकै हक उसको यस जमीनमाथि छ । सारा संसारै यसको विरोधमा किन नहोस् ।

एक राम्रो दिनमा ऊ आफ्ना हातमा बिरुवामा पानी हाल्ने भाँडो लिएर हतारहतारसित बगैंचामा जान्छ, कस्तो सन्तापजनक दृश्य । हरे शिव ! सब बोटहरू उखेलिएका । माटो खनिएको । ठाउँ नै बेपत्ता । ओहो ! मेरो परिश्रम ! मेरो काम ! त्यत्रो कोशिश र स्याहार गरेर बढाइएका फलहरू ! यी सबको के भो ? मेरो सम्पत्ति कसले चोर्‍यो ? मेरा बोटहरू कहाँ गए ? त्यो कलिलो हृदयले विद्रोह गर्दछ । अन्यायको पहिलो विचारले शोक र सन्ताप ल्याउँदछ, आँसुका धारा बग्दछन्, त्यो दुःखी बच्चाले रोएको र कराएको आवाजले आकाशै गुंजायमान हुन्छ, म पनि उसको रिस अफसोसको भागी हुन्छु, हामी आफ्नो वरिपरि हेर्दछौं र सोधपुछ गर्दछौं, आखिर यो गरेको मालीले रहेछ भन्ने हामी थाहा पाउँदछौं । हामी उसलाई बोलाउन पठाउँदछौं ।

तर हाम्रो ठूलो भूल हुन्छ हाम्रो फिराद सुनेर यावी झन् ठूलो स्वरसित फिराद गर्न थाल्दछ ।

क्या हो, भलादमीहो ! मेरो कामको सत्यानाश पारेको तपाईंहरूले नै हो ? मैले माल्टा टापूदेखि ल्याएका खर्बुजाहरू रोपेको थिएँ । मामूली नभई चौपट्ट असल भनेर मलाई बीउहरू कसैले दिएको थियो, र यी पाकेपछि तपाईंहरूलाई खुवाउंला भन्ने मेरो सुर थियो, तर तपाईंहरूले गद्‌दू चीज बोडी, भटमास, सिमीहरू रोपेर मेरा खर्बुजाहरूको नाश पारिदिनुभयो, कस्तो राम्रोसित उम्रेर बढ्न लागेका थिए, अब यिनीहरूलाई म फेरि कहिल्यै पाउन सक्तिनँ । तपाईंहरूले मेरो बडो बिगार गरिदिनुभयो र अत्यन्त स्वादिष्ट खर्बुजा खाँदाखेरिको मजाबाट आफूलाई पनि वञ्चित गराउनुभयो ।

जीन ज्याक्वेस– बिचरा रबर्ट, तिमीले हामीलाई क्षमा गर्नुपर्छ । तिमीले यसमा आफ्नो परिश्रम र दुःख लगाएका छौ । मैले बुझें, तिम्रो कामको नाश गरिदिनु, यो हाम्रो भूल भयो । हामी तिम्रो निम्ति केही बढ्‌तै बीउहरू माल्टाबाट झिकाई पठाऔंला र हाम्रो अगाडि अरू कोही नभईकन फेरि कहिल्यै हामी जमीन खन्नेछैनौं ।

रबर्ट– अँ त, भलादमीहो ! तपाईंहरूले तकलीफ लिनुपर्दैन । किनभने बाँकी जमीन अरू छैन । जुन जमीन मेरा बाबुले खनजोत गर्दथे, त्यही जमीन म खन्दछु, हरेकले त्यसै गर्छ र यो सब जमीन जो तपाईंहरू देख्नुहुन्छ, मैले सम्झेंदेखेरिदेखि अधिकृत भइआएको छ ।

एमिल–रबर्टजी, के मानिसहरू बराबर माल्टाका खर्बुजाहरू गुमाउँदछन् ?

रबर्ट– होइन, साहेब, त्यसो त अवश्य होइन, तपाईंहरू जस्ता मूर्ख भलादमीहरूलाई हामी अक्सर भेट्‌तैनौं । कसैले पनि आफ्ना छिमेकीको बघैंचामा आएर नचाहिंदो काम गर्दैन । हरेकले अर्काको कामको आदर गर्दछ, यसो गर्नाले आफ्नैको बचाउ हुन्छ ।

एमिल– तर मेरो बघैंचा छैन ।

रबर्ट– मलाई त्यसको परबाह छैन । यदि तपाईंहरूले मेरो बघैंचा बिगारिदिनुभयो भने म तपाईंहरूलाई यहाँ भित्र आउन दिनेछैन । किनभने म आफ्नो परिश्रम गुमाउन चाहन्नँ, बुझनुभो ?

जीन ज्याक्वेस–दयावान् रबर्टजी, के हामी तपाईंसँग एउटा कुरा मिलाउने सुझाउ गर्न सक्तैनौं ? तपाईं मेरो सानो दोस्त र मलाई यस बघैंचाको

एउटा कुनोमा अधियाँमा खेती गर्न दिनोस् ।

रबर्ट– तपाईंहरूले कुत तिर्नुपर्दैन, त्यसै लिनोस्, तर यो याद राख्नुहोस् कि यदि तपाईंहरूले मेरा खर्बुजाहरू छुनुभो भने म तपाईंहरूका भटमासका बोटहरू उखेलेर फ्याँकिदिनेछु ।

बच्चालाई पुराना विचारहरू कसरी सिकाउने, त्यो देखाउने प्रयासमा हामी देख्तछौं कि सम्पत्तिको विचार स्वभावतः आफ्नो कामको फलको हकदार पहिला अधिकारीतर्फ जान्छ, जो स्पष्ट र सरल कुरो हो र बच्चाले बिलकुल बुझ्न सक्ने कुरो हो । त्यसदेखि सम्पत्तिका हकहरू र तिनको अदलीबदली गर्नुसम्ममा एक खुड्किलो मात्र रहन्छ, जसपछि तिमीले यस विषयमा अड्नैपर्छ।

तिमी यो पनि देख्तछौ कि जुन व्याख्या म लिखित रूपमा दुई पृष्ठमा दिन सक्छु, त्यसलाई कार्यान्वित गर्न एक वर्ष लाग्न सक्नेछ । किनभने नैतिक विचारहरूको मार्गमा हामी छिटो छिटो अघि बढ्न पनि सक्तैनौं र हरेक पाइलालाई कमजोरीसित गाडेर छोड्न पनि सक्तैनौं । नौजवान शिक्षक बिन्ती छ, यस उदाहरणको विचार गर । र याद गर कि तिम्रा शिक्षाहरू सधैं कार्यरूपमा हुनुपर्छ, न कि शब्दरूपमा । किनभने बच्चाहरू जे उनीहरू भन्छन्, या जे उनीहरूलाई भनिन्छ, त्यो चाँडै बिर्सन्छन्, तर उनीहरूले गरेका कुरा र उनीहरूका निमित्त गरिएका कुरा, कहिले पनि बिर्संदैनन् ।

मैले भनेजस्तै गरी ढीलो चाँडो, छात्रको सुशील या उद्दण्ड, जस्तो स्वभाव छ, त्यसैअनुसार शिक्षा दिनुपर्दछ । यो प्रयोग गर्ने तरीका स्पष्ट छ । तर कठिन काममा महत्त्वपूर्ण कुराहरू कुनै पनि नछुटाउनाका लागि हामी अर्को उदाहरण लिऔं ।

खराब मिजास भएको तिम्रो बच्चाले जे छोयो त्यो हरेक कुरो बिगार्दछ । यसमा दिक्क नमान । उसले बिगार्न सक्ने हरेक कुरा ऊ नपुग्ने ठाउँमा राख । उसले प्रयोग गरिरहेका वस्तुहरूलाई उसले नास्नु, बिगार्नु गर्छ; उसलाई अरू वस्तुहरू दिन हतार नगर । उसले तिनीहरूको अभाव थाहा पाओस् । आफ्नो कोठाको झ्याल बिगार्छ भने उसमाथि रातदिन बतास लागिरहोस् र उसलाई ठण्डा लाग्ला भनेर नडराऊ । लापरबाही हुनुभन्दा ठण्डा लाग्नु जाति छ । उसले तिमीलाई असुबिस्ता गराएकोमा कहिले पनि गुनासो नगर । तर पहिले उसैलाई यो कुरो मनमा लाग्न देऊ, आखिरमा केही पनि नभनीकन झ्यालहरूको मरम्मत गर । उसले फेरि पनि झ्यालहरू फोर्‍यो,

अनि तिमी आफ्नो योजना बदल । नरिसाईकन चर्को स्वरमा उसलाई भन, 'झ्यालहरू मेरा हुन्, कति दुःख गरेर बनाउन लगाएँ, अब त म यिनीहरूलाई बिगार्न दिन्नँ,' त्यहाँपछि झ्याल नभएको एउटा अँध्यारो ठाउँमा उसलाई बन्द गरेर राख । यो अनपेक्षित कारवाईले ऊ रुन्छ र कराउँछ, कसैले वास्ता गर्दैन । ऊ थाक्छ र आफ्नो स्वर बदल्छ, ऊ रुँदै दुःख पुकार्न र लामो सास फेर्न थाल्दछ, कुनै नोकर देखा पर्छ । त्यो विद्रोही ऊसँग मलाई छोडिदेऊन भन्छ, इनकार गरेकोमा कुनै क्षमा नखोजीकन त्यो नोकर यत्ति मात्र भन्दछ, 'मैले पनि त झ्यालहरूको बचाउ गर्नुपर्दछ' र त्यहाँबाट हिँडिदिन्छ । आखिरमा त्यो बच्चा कयौं घण्टासम्म त्यहाँ रहिसकेपछि कायल हुन्छ र उसको समझमा केही प्रभाव पर्न थाल्दछ । त्यस वेला उसलाई कसैले यो सुझाउ दिन्छ,' उहाँसँग नै कुरा मिलाउनू , उहाँ नै छोडिदिनुहुन्छ, र फेरि कहिल्यै झ्याल नबिगार्नू ।' उसले खोजेको पनि त्यही हो, उसले यही भनी पठाउँछ कि तपाई आएर मलाई हेरिदिनोस् । तिमी आउनेछौ, र उसले आफ्नो योजनाको सुझाउराख्नेछ । तिमी यसो भन्दै यस कुरामा मन्जूर गर्नेछौ, 'त्यो वडो राम्रो विचार हो, त्यो हामी दुबैका निमित्त उपयुक्त कुरो हो, त्यो कुरो तिमीले अघि नै किन विचार गरेनौ ?' तब उसको प्रतिज्ञा पक्का हो त, निश्चय हो त भन्ने कुरातिर नलागी मानो उसले शपथ ग्रहण गरेर विश्वास दिलाएझैं गरी यस मन्जूरनामालाई पवित्र ठहराएर तिमी उसलाई खुशीसाथ आलिंगन गर्नेछौ र तुरुन्त उसलाई उसको कोठामा फर्काएर लैजानेछौ । यी कारबाईहरूबाट उसले प्रतिज्ञापालन र यसको उपयोगिताको विषयमा कुन धारण लेला भन्ने तिमी सम्झन्छौ ? यदि मेरो ठूलै भूल होइन भने, यदि ऊ अघिबाटै ज्यादै बिग्रिसकेको रहेनछ भने पृथ्वीमाथि यस्तो बच्चा कुनै हुँदैन, जसले यस व्यवहारको विरोध गर्न सकोस् या जसले जानी-जानीकन फेरि झयालहरू फोर्ने सपना देख्न सकोस् । समूचा विचारधाराको अनुसरण गर । त्यो उपद्रयाहा सानू बच्चाले आफ्ना सिमीहरूका निमित्त एउटा सानू प्वाल पारिरहँदा म आफ्नै बुद्धिले आफूलाई थुन्ने अँध्यारो गुफा तयार गरिरहेको छु भन्ने विचार उसलाई आएको थिएन ।

अहिले हामी मरणशील प्राणीहरूको संसारमा छौं, पापको द्वार खुला छ रूढीबूढी, दस्तूर, प्रथा र कर्तव्यहरूका साथै ठगी र झूटको उत्पत्ति भएको छ । जुन कुरो हामीले गर्न हुँदैन, त्यो कुरो गर्न जब हामी समर्थ हुन्छौं, तब हामीले जुन कुरा गर्न हुँदैनथ्यो, त्यो कुरो छिपाउन प्रयास गर्दछौं । जब स्वार्थले हामीलाई कुनै प्रतिज्ञा गराउँछ, त्यसभन्दा ठूलो स्वार्थले हामीलाई त्यो भंग गर्ने

तुल्याउन सक्तछ । दण्डबाट बच्ने गरी यो गर्नु केवल, यति मात्र सवाल छ; हामी स्वभावतः लुकाई, छिपाई र असत्यतामा आश्रय लिन्छौं । पापलाई रोक्न हामी असमर्थ भएकाले हामीले यसलाई दण्ड दिनैपर्छ । यसैका भूलहरूका साथै जीवनका दुःखहरूको आरम्भ हुन्छ ।

मैले बच्चाहरूलाई बच्चा हुन् भन्दैमा कहिल्यै सजाय गर्नु हुँदैन भन्ने कुरो दर्शाउनलाई अघिबाटै प्रशस्त भनिसकेको छु, यो सधैं उनीहरूको विरामको स्वाभाविक परिणामबाट आउनुपर्दछ । यस प्रकार उनीहरूले झूटो बोलेकोमा तिमी कराउनु हुँदैन, यसनिम्ति उनीहरूलाई उचित दण्ड पनि दिनु हुँदैन । तर उनीहरूले झूटो बोलेपछि हामीले साँचो बोलेकोमा विश्वास नगर्ने र हामीले होइन भन्दा भन्दै पनि हामीले गर्दै नगरेको कुरामा हामीमाथि दोषारोपण गर्ने भयो भने त्यसको परिणाम उनीहरूको थाप्लामा बज्रनेछ भन्ने कुरो हामीले उनीहरूलाई देखाइदिनुपर्दछ । तर बच्चाको निम्ति झूटो बोल्नुको अर्थ के हुन्छ त्यसको व्याख्या गरौं ।

झूट दुई प्रकारका हुन्छन्—एउटा चाहिं गरिसकिएको कुरासँग सम्बन्धित हुन्छ र आर्को चाहिं पछि गरिने कामसँग सम्बन्धित हुन्छ । पहिला चाहिं त्यो वेला हुन आउँछ, जब हामी झूटो तवरले कुनै कुरा गऱ्यौं या गरेनौं भनेर स्वीकार या अस्वीकार गर्दछौं । अर्थात् जब हामी जानी-जानीकन वास्तविकताको विपरीत बोल्दछौं । दोस्रो चाहिं त्यो वेला हुन आउँदछ, जब हामी जुन कुरा गर्ने हाम्रो अभिप्राय छैन, त्यो कुरा गर्ने प्रतिज्ञा गर्दछौं, अर्थात् जुन कुरा गर्ने हाम्रो इरादा छैन, त्यो कुरा गर्ने इरादा भएजस्तो हामी देखाउँछौं । यी दुई प्रकारका झूटहरू कहिले कहिले सम्मिलित भएका पाइन्छन् । तर यिनीहरूको भेद देखाउनु मेरो वर्तमान कार्य हो ।

अरूबाट मद्दत चाहिने कुरो जसलाई थाहा भएको हुन्छ, जसले हरबखत उनीहरूको दयाको अनुभव गरिरहेको हुन्छ, उसले उनीहरूलाई छकाएर उसलाई केही लाभ हुँदैन; देखादेखी यो उसका निमित्त लाभदायक कुरा हुन आउँदछ कि उनीहरूले हरेक कुरा जस्ताको तस्तो देख्न पाउनुपर्छ, नत्रभने उसको चाहनाका कुराहरू उनीहरू थाहा पाउन सक्तैनन् । त्यस कारण यो स्पष्ट छ कि वास्तविक कुराहरूको बारेमा झूट बोल्नु बच्चाहरूका निमित्त स्वाभाविक हुँदैन, तर आज्ञाकारिताको कानूनले गर्दा झूट बोल्न करै लाग्ने तुल्याउँदछ, आज्ञाकारिता रुचिकर नहुने हुनाले बच्चाहरू गुप्त रूपले सकेसम्म आज्ञाका उल्लंघन गर्दछन्, र सजाय अथवा हप्काइ छल्नाको भलाइ सत्य

बोल्नाको टाढाको भलाइभन्दा बढी मूल्यवान् लाग्दछ। तर स्वतन्त्र र प्राकृतिक शिक्षामा तिम्रो बच्चाले किन झूटो बोल्ने ? तिमीबाट उसले लुकाउनुपर्ने कुरा छ ? तिमी उसलाई विफल तुल्याउँदैनौ, तिमी उसलाई सजाय गर्दैनौ, तिमी उसबाट केही कुराको दावा गर्दैनौ। आफ्नो सानो खेल्ने साथीलाई जस्तै तिमीलाई उसले हरेक कुरा किन नभन्नु ? ऊ यस कुरालाई त्यस कुराभन्दा कत्ति बढ्ता खतरनाक देख्न सक्तैन।

कर्तव्यसम्बन्धी झूट अरू अप्राकृतिक हुन्छ, किनभने गर्ने या नगर्ने प्रतिज्ञा चली आएका दस्तूरका बाचासम्बन्धी हुन् जो प्रकृतिको अवस्थादेखि बाहिर हुन्छन् र हाम्रो स्वतन्त्रतादेखि अलग रहन्छन्। फेरि त्यसमाथि बच्चाहरूले गरेका प्रतिज्ञाहरू सबै त्यसै निरर्थक हुन्छन्, जब उनीहरू कबूल गर्दछन्, त्यस वेला उनीहरूलाई आफूले गरिरहेको कुराको पत्तै हुँदैन; कारण, वर्तमानदेखि पल्तिरको कुरा उनीहरूको साँगुरो दृष्टिले देख्न सक्तैन। जब बच्चाले वचन दिन्छ, तब ऊ झूठो बोल्न सक्तैन, किनभने ऊ विद्यमान कठिनाइबाट कसरी उम्कने त्यो मात्र सोचिरहेको हुन्छ; जसको परिणाम तुरुन्त निक्लँदैन, त्यो कुनै उपाय पनि उसका लागि एकै हुन्छ। जब उसले भविष्यका लागि प्रतिज्ञा गर्दछ, तब ऊ केही पनि प्रतिज्ञा गर्दैन, र ऊ वर्तमानमा रहने हुनाले उसको कल्पनाले भविष्यको कुनै योजना गर्न सक्तैन।

यदि भोलि झ्यालबाट हाम्फाल्ने कबूल गर्दछ भने ऊ पिटाइ खानेछैन या एक पोका मिठाइ पाउनेछ भनी उसलाई भन्यो भने ऊ तुरुन्त त्यहीं नै कबूल गरिहाल्नेछ। त्यसै अर्थले बच्चाहरूले गरेको सबै मंजूरनामालाई कानूनले मान्यता दिँदैन, र बाबुहरू र शिक्षकहरूले कडाइ गरेर प्रतिज्ञा पालन गर्नँपर्दछ भन्ने जुन दावा गर्दछन्, त्यो त बच्चाले कबूल नगरीकन पनि आफैं गर्नुपर्ने कुरालाई मात्र उल्लेख गर्दछ।

जब बच्चाले कुनै प्रतिज्ञा गर्दछ, तब उसले झूठो बोल्न सक्तैन। किनभने उसले प्रतिज्ञा गर्दा उसले के गरिरहेको छ, त्यस कुराको उसलाई ज्ञानै हुँदैन। तर उसले प्रतिज्ञा-भंग गर्दाको कुरा बेग्लै हुन्छ, जो अघि गइसकेको कुरालाई पछिल्तिर फर्केर हेर्ने झूटो हो, किनभने उसले आफूले प्रतिज्ञा गरेको छलँग सम्झन्छ, तर यो पालन गर्नाको महत्त्व उसले बुझ्न सक्तैन। भविष्यभित्रका कुराहरू देख्न असमर्थ भएकोले उसले तिनका परिणामहरू अघिबाट देख्न सक्तैन र जब उसले आफ्ना प्रतिज्ञाहरू भंग गर्दछ, तब उसले आफ्नो तर्कशक्तिको अवस्थाको विपरीत केही पनि गर्दैन।

तसर्थ बच्चाहरूले जे झूटो बोल्छन्, त्यो बिलकुल उनीहरूका शिक्षकहरूकै काम हो र उनीहरूलाई साँचो बोल्न सिकाउन बल गर्नु उनीहरूलाई झूटो बोल्ने कला सिकाउनुजतिकै हो। कदर काइदामा राख्ने, अदबमा लिने, शिक्षा दिने तिम्रो उत्साहमा त्यस निमित्तका उपायहरू कहिले पनि पर्याप्त मात्रामा तिमीसँग हुँदैनन्। तिम्रा निराधार नीति र निरर्थक सिद्धान्तहरूद्वारा उनीहरूको मनमा नयाँ नयाँ ताजा प्रभाव पार्न तिमी इच्छा गर्दछौ। तर त्यसको सट्टा बरू तिमीले उनीहरूलाई पाठ पढाएर झूटो बोल्न लगाउनुभन्दा अज्ञानी र सत्यवादी तुल्याएर छोडिदिए बेश हुने थियो।

हामीहरू, जो आफ्ना छात्रहरूलाई अभ्यास गर्ने पाठहरू मात्र दिन्छौं, जो उनीहरू चलाक हुनुभन्दा साधु होऊन् भन्ने चाहना गर्दछौं, उनीहरूले त्यो लुकाउलान् भन्ने डरले उनीहरूबाट कहिले पनि सत्यता खोज्दैनौं र उनीहरूले यो भंग गर्लान् भन्ने डरले उनीहरूबाट कहिल्यै कुनै प्रतिज्ञा खोज्दैनौं। यदि मेरो अनुपस्थितिमा कुनै बदमाशी गरिएको रहेछ भने र यो कसले गरेको हो त्यो कुरा मलाई थाहा भएन भने म सावधानीपूर्वक एमिललाई दोष लगाउनेछैन, न त उसलाई 'यो तिमीले गरेको हो' ? भनेर सोध्ने नै छु। किनभने यसो गर्दा म उसलाई इनकार सिवाय अरू के गर्न सिकाउँला ? यदि उसको अप्ठेरो मिजासले ऊसँग केही कुरा मिलाउन मलाई बाध्य गरायो भने म यस कुरामा राम्रो होश राख्नेछु कि सुझाउ कहिले पनि मबाट होइन कि सधैं ऊबाटै आओस्, जब उसले कुनै कुरा गर्न कबूल गर्छ, तब उसले आफ्नो प्रतिज्ञा पालन गर्दा तुरुन्त नै उसलाई कुनै फलदायक लाभ होस्। यदि उसले कहिल्यै आफ्नो कबूल पुऱ्याएन भने सब नरमाइला परिणामहरू उसमाथि आइलागून्, जो उसको गुरुको प्रतिहिंसाबाट होइन कि प्रकृतिको वास्तविक क्रमबाट उत्पन्न भएका उसले देखोस्। तर यस्ता निष्ठुर चालहरूको अवलम्बन गर्नै नपरीकन मलाई बहुधा यो निश्चय लाग्दछ कि एमिलले धेरै वर्षसम्म झूट बोल्नु भनेको के हो त्यो थाहा पाउनेछैन र जब ऊ यो थाहा पाउने हुन्छ, तब यसबाट के लाभ हुन्छ त्यो बुझ्न नसकेर ऊ छक्क पर्नेछ। यो बिलकुल स्पष्ट छ कि उसको कल्याण जति कम मात्रामा अरूको विचार या रायमा निर्भर रहने तुल्याउँदछु उति कम मात्रामा उसको झूट बोल्ने चाहना हुन्छ।

जब हामी सिकाउने हतारमा हुँदैनौं, तब दावा गर्ने हतार हुँदैन। हामी आफ्नो समय लिन सक्छौं र उचित अवस्थामा सिवाय अरू बेलामा कुनै कुराको दावा गर्नुपर्ने हुँदैन। तब बच्चा कम-से-कम नबिग्री रहेको हुनाले उसले आफूलाई

स्वयं तालीम गरिरहेको हुन्छ। तर जसलाई आफ्नो काम कुन तरीकाले गर्ने त्यो थाहा हुँदैन । त्यस्तो मूर्ख गुरुले कुनै भेद नछुट्याईकन, कुनै छानबीन नगरीकन, कुनै परिमाण नमिलाईकन जब आफ्नो चेलालाई कैले यो कैले ऊ प्रतिज्ञा गराउँदछ बच्चा घबराउँदछ र यी सब प्रतिज्ञाहरूको बोझले लादिन्छ, अनि ऊ बेवास्ता गर्न थाल्दछ, बिर्सन्छ र तिनीहरूलाई घृणा गर्न पनि थाल्दछ र तिनीहरूलाई निरर्थक वचन जस्तो ठानेर ऊ प्रतिज्ञा गर्ने र प्रतिज्ञा भंग गर्ने खेल खेल्न थाल्दछ । यदि तिमी ईमानदारी साथ उसलाई प्रतिज्ञा-पालन गर्ने तुल्याउन चाहन्छौ भने उसमाथि आफ्नो दाबी राख्नलाई हलुका या धीमा होऊ । झूटो बोल्ने विषयमा जो मैले यथार्थ वर्णन दिएँ त्यो धेरैजसो हामी बच्चाहरूमा ठेसिएका अरू कर्तव्यहरूमा पनि लागू हुन सक्तछ, जसले गर्दा यी कर्तव्यहरू घृणित मात्र होइन कि असम्भव नै तुल्याइने हुन्छन् । धर्म सिकाउने हाउ देखाउनको लागि तिमी उनीहरूलाई हरेक पाप मन पराउने तुल्याउँदछौ, ती पाप कर्महरूलाई निषेध गरेर तिनीहरूलाई उनीहरूको मनमा गडाइदिन्छौ, धर्मात्मा बनाउने इच्छा तिमी उनीहरूलाई दिक्क हुने गरी मन्दिरमा लैजान्छौ । परमेश्वरको प्रार्थना गर्नु नपर्ने त्यो सुखी समय कहिले आउला भनेर इच्छा गर्ने नहुन्जेलसम्म तिमी उनीहरूलाई प्रार्थनाहरू भडभडाउन सिकाउँछौ। उनीहरूलाई दानपुण्य सिकाउनलाई मानो आफैले दिनुलाई घृणा गरेझैं गरी बच्चाहरूलाई भिक्षाहरू दिन लगाउँछौ। यो चेलाले होइन कि गुरुले दिनुपर्दछ । उसले आफ्नो चेलोलाई जति प्रेम गरे तापनि उसले उससँग यस सम्मानित कर्मका निमित्त जोडका तोड गर्नुपर्छ; उसले आफूलाई यसनिमित्त म ज्यादै सानू हुनाले योग्य छैन भन्ने विचार गर्ने तुल्याउनुपर्छ ।दातव्य गर्ने त्यस व्यक्तिको काम हो, जसले आफ्नो दातव्यको र आफ्ना समाजका मानिसको आवश्यकता हरूको मूल्यांकन गर्न सक्तछ । जुन बच्चालाई यी कुराहरूको कुनै ज्ञान हुँदैन त्यस्तोले दिएकोमा केही महत्त्व हुँदैन; उसले दातव्य नगरीकन दिन्छ, दया नगरीकन दिन्छ; दिनलाई ऊ झण्डै लाज मान्दछ, किनभने तिम्रो दिलाइ र उसको दिलाइको तुलना गर्दा उसले ठान्दछ कि बच्चाले दिने मात्र रहेछ र ठूलो मानिस सरह उसको निमित्त दातव्यको आवश्यकता रहेनछ ।

याद रहोस्, जुन कुराको मूल्य बच्चाहरूलाई थाहा हुँदैन, त्यस्ता कुराहरू मात्र उनीहरूलाई दिन लगाउनुपर्दछ, जस्तो कि उनीहरूका बगलीमा रहेका धातुका टुक्राटाक्रीहरू जो उनीहरूलाई अब फेरि काम लाग्दैनन् । बच्चाले एउटा रोटी दिनुभन्दा बरु सय रुपियाँ (मुद्रा) दिनुमा खुशी मान्छ । तर यस्तो उदार बच्चालाई उसलाई मन परेका कुराहरू, जस्तो कि उसका खेलौनाहरू, उसका

गुलिया रोटीहरू, उसको खाजा आदि बाँड्न लगाऔं त हामी देख्नेछौं, हामीले उसलाई साँच्चीकै उदार तुल्याएका रहेछौं कि रहेनछौं ।

मानिसहरू अझ अर्को तरीका लगाउँदछन्, तिनीहरू अर्को बच्चालाई दिएको कुरा शीघ्र नै फिर्ता गराइदिन्छन् यसबाट हरेक कुरा दिने उसको बानी लाग्दछ, जो फिर्ता आउँछ भन्ने उसलाई थाहा हुन्छ । आफूलाई काम नलाग्ने कुरो दिने या फेरि फिर्ता आउँछ भन्ने आस भएको कुरो दिने यी दुई प्रकारका उदारता बाहेक अरू उदारता बच्चाहरूमा मैले देखेको छैन । लोके भन्दछन्, "यस्तो प्रबन्ध मिलाऊ कि सबभन्दा उदार दाताले सबभन्दा ठूलो भाग पाउँछ भन्ने कुराको विश्वास अनुभवले उनीहरूलाई दिलाओस्" बच्चालाई बाहिरी तवरबाट उदार तुल्याउनु वास्तवमा उसलाई लोभी तुल्याउनु हुन्छ । उनी पुन: भन्दछन्, ' बच्चाहरू यस प्रकार उदारताको बानी बसाल्नेछन् ।" हो, बढी ब्याजवालाको उदारताजसले सयकडा सयको आशा गर्दछ । तर जब साँच्चीकै दिनु या वास्तविक दातव्यको सवाल पर्न आउँछ, तब त्यस बानीलाई सलाम । जब तिनीहरूती दिएका कुरा फिर्ता पाउने हुँदैनन्, तब तिनीहरू दिँदैनन्, याद गर्नुपर्ने आदत मनको हो, हातको होइन । बच्चाहरूलाई सिकाइएका अरू सब गुणहरू यस्तै हुन् र यी निराधार गुण या धर्महरूको उनीहरूमा प्रचार गरेर तिमीले उनीहरूको जवानी दुःखमा खेर फालिदिन्छौ । क्या बुद्धिमानीपूर्वकको शिक्षा !

शिक्षकहरूले यस्तै बनावटी र ठगीका कामहरू गरिरहेछन् । असल होऊ; दयालु बन; उनीहरूले ठूलो भएर आफ्नो दिलमा नलिउन्जेलसम्म तिम्रा चेलाहरूको बाल्यकालमा आफ्नै उदाहरण देखाऊ । मेरो आफ्नो चेलोबाट दातव्यका कामहरू खोज्न हतार गर्नुभन्दा बरु उसकै अगाडि यस्ता कामहरू गर्दछु । तर उसको उमेरलाई नसुहाउने सन्मानको काम हुनाले म उसलाई मेरो अनुकरण गर्ने उपायहरूबाट पनि बञ्चित गराउँदछु । किनभने यो ज्यादै महत्त्वपूर्ण कुरो छ कि मानिसका कर्तव्यहरूलाई बच्चाले केवल बच्चाका कर्तव्यहरू झैं ठान्नुहुँदैन मैले गरीबहरूलाई मद्दत गरेको देख्ता यदि उसले यस विषयमा सोधे भने र उसको प्रशनका उत्तर दिने समय भएको रहेछ भने म भन्नेछु, "मेरो प्यारो बाबु, धनीहरूको अस्तितव गरीबहरूको सदिच्छाद्वारा मात्र रेहेको छ । तसर्थ उनीहरूले जसलाई खान पुग्दैन, तिनीहरूलाई खुवाउने प्रतिज्ञा गरेका छन् ।"

"तब तपाईंले यो गर्न प्रतिज्ञा गर्नु भो त ?"

"अवश्य । यसको स्वामित्वमा संलग्न रहेको जुन शर्त छ, त्यस शर्तमा

मेरो हातबाट जाने धनको मात्र म मालिक हुँ ।"

यो कुराकानी या वातचितपछि (र हामीले यो देखिसकेका छौं कि बच्चालाई कुन प्रकारले यो बुझ्ने तुल्याउन सकिन्छ) एमिलदेखि बाहेक अर्कै बच्चालाई मेरो अनुकरण गर्न र धनी मानिसले झैं, व्यवहार गर्न मन लाग्नेछ । कस्तो कुरामा मैले कम-से-कम यति याद राख्नुपर्दछ कि बिना धाक रवाफ यो गरियोस् । म इच्छा गर्छु कि बरु उसले मेरो विशेष अधिकारको अपहरण गरोस्, र दिँदाखेरि लुकेर देओस् । अँ, यो बच्चाको उमेरलाई सुहाउने आडम्बर हो र यो एक मात्र कुरो हो, जसका निमित्त म उसलाई क्षमा गर्न सक्तछु ।

मलाई थाहा छ कि यी सब नकल गर्ने गुण बानरका मात्र गुणहरू हुन् र जुन सत्कार्य सत्कार्यको रूपमा गरिन्छ र अरूको नकल गरेर गरिँदैन त्यो कार्य नैतिक रूपले असल हुन्छ । तर जब हृदयले अझै केही थाहा पाउँदैन, त्यस उमेरमा उनीहरूले बुझर गर्न नसकुन्जेलसम्म र जुन कुरो असल छ, त्यसप्रतिको प्रेमले प्रेरित भएर त्यो नगरुन्जेलसम्म तिमीले बच्चाहरूलाई ती कुराहरूको अनुकरण गर्न दिनैपर्छ, जुन कुराहरूको आदत उनीहरूमा लागोस् भन्ने तिमीअभिलाषा गर्दछौ । जस्तो पशुहरू अनुकरण गर्दछन्, त्यस्तै मानिस पनि अनुकरण गर्दछ । अनुकरणको प्रेमलाई प्रकृतिले सुचारु रूपले नियमित तुल्याएको छ; समाजमा यो एउटा पाप हुन आउँछ । बानर मानिसको नकल गर्दछ, जसदेखि ऊ डराउँछ, तर ऊ अरू पशुहरूको नकल गर्दैन जसलाई ऊ घृणा गर्दछ । आफूभन्दा माथिकाहरूले गरेको कुरो असल हुनैपर्दछ भन्ने ऊ ठान्दछ । हामीहरूमध्ये हाम्रा विदूषक या ठट्यौलाहरू जो जति असल कुरा छन्, तिनको महत्त्व घटाउने गरी नक्कल गर्दछन् र तिनीहरूलाई हास्यास्पद तुल्याउँदछन् । उनीहरूका मालिकहरूको नीचता थाहा पाएर उनीहरूभन्दा असललाई उनीहरूको समानतामा ल्याउने प्रयास गर्दछन्, अथवा जसलाई तिनीहरू प्रशंसा गर्दछन्, तिनीहरूको नक्कल गर्ने प्रयत्न गर्दछन् । उनीहरूको खराब अभिरुचि उनीहरूले छानेका उपमाहरूबाट देखिन्छ, तिनीहरू अरूलाई छकाउन खोज्दछन् र आफू झन् बुद्धिमान् र असल हुन सट्टा अरूबाट आफ्नो प्रशंसा गराउने इच्छा गर्दछन् । अनुकरणका जडहरू हाम्रो आफैंदेखि फरक हुने अभिलाषामा रहेको हुन्छ । यदि म आफ्नो अभिप्रायमा सफल हुन्छु भने एमिलको अवश्य यस्तो अभिलाषा हुनेछैन । यस कारण अनुकरणबाट उत्पत्ति हुने जस्तोसुकै बाहिरी देखावटी भलाइबाट पनि हामी अलग रहनुपर्दछ ।

तिम्रा शिक्षाका नियमहरूको परीक्षण गरेर हेर । तिमी ती सबलाई

उल्टापाल्टा परेका पाउनेछौ । खास गरेर धर्म र नैतिक शिक्षासम्बन्धी सबै कुरामा यो हुनेछ । बच्चाका निमित्त उपयुक्त हुने एक मात्र नैतिक शिक्षा जीवनको हरेक समयका निमित्त सबभन्दा महत्त्वपूर्ण शिक्षा यही हो 'कहिल्यै पनि कसैलाई चोट नलगाऊ' । यस नियमको अधीनमा नरहेको जुनसुकै सत्कार्यको नियम किन नहोस्, त्यो नै भयंकर, असत्य र विपरीत हुन्छ । त्यस्तो को छ, जो केही पनि असल गर्दैन ? हरेक व्यक्ति केही न केही असल गर्दछ, दुष्ट होस् वा धर्मात्मा । दुष्ट सय जनालाई दुःखी तुल्याएर एउटालाई सुखी तुल्याउँदछ, यसकारण हाम्रा सारा दुःखहरूको उत्पत्ति हुन्छ । उत्तम गुणहरू नकारात्मक हुन्छन्, तिनीहरू ज्यादै कठिन पनि हुन्छन् । किनभने तिनीहरू आडम्बरी हुँदैनन् र मानिसको हृदयमा ज्यादै प्यारो लाग्ने आनन्दलाई पनि स्थान दिँदैनन्, त्यो हो हामीसँग कोही न कोही त प्रसन्न छ भन्ने विचार । यदि आफ्ना छिमेकीहरूलाई कुनै हानि नोक्सानी नगर्ने यस्तो कोही मानिस छ भने उसले कत्रो भलाइ गरेको हुन्छ ? यसका निमित्त कस्तो वीर-हृदय, कस्तो प्रबल आचरणको आवश्यकता छ । यसको महत्त्व र यसको कठिनाइ यस सिद्धान्तको कुरामा मात्र होइन कि यसको अभ्यासमा रहन्छ । बच्चाहरूलाई शिक्षा दिंदा जुन कुराको होशियारी तिमीले पहिले नै राख्नुपर्दछ भन्ने म चाहन्छु, त्यसको केही विचार यसले तिमीलाई दिनेछ, जो सधैं उनीहरूको होस् वा अरूको होस् खराब आदतहरू लाग्लान् भन्ने डरले निषेध गर्न सकिन्न, जुन आदतहरू पछि सुधार्न दुःसाध्य हुन्छन् । तर यो निश्चिय छ कि जुन बच्चा उचित ढंगबाट हुर्काइएका बढाइएका छन्, उनीहरूका निमित्त यसको आवश्यकता पर्दैन । किनभने यदि उनीहरूको हृदयमा यी पापहरूको बीजारोपण भएको छैन भने उनीहरू विद्रोही, ईखालु, असत्य र लोभी हुने सम्भावना हुँदैन, तसर्थ मैले भर्खरै जे भनें त्यो कुरो साधारण नियममा भन्दा असाधारणमा लाग्दछ । तर जति जति बच्चाहरूलाई आफ्नो उचित या प्राकृतिक अवस्था छोड्ने र मानिसका पापहरू प्राप्त गर्ने मौका मिल्दछ, उति उति यी असाधारण नियमहरूको उत्पत्ति हुन्छ । जो दुनियाँको हलचलका बीच हुर्के-बढेका छन्, तिनीहरूले एकान्तमा हुर्के-बढेकाको भन्दा बेलै नभइसकेको किसिमको अर्थात् असामयिक शिक्षा पाउँछन् । त्यसनिमित्त यसले बाल्यावस्थालाई पाको हुन समय दिनु सिवाय अरू केही गरेन भने पनि यही एकान्त स्थानमा दिइने शिक्षा नै वाञ्छनीय हुन्छ ।

असाधारणहरूको बिलकुल अर्कै श्रेणी छ । प्रकृतिले वरदान दिइएकाहरू आफ्नो उमेरको तहदेखि माथि उठेका हुन्छन् । कुनै मानिस यस्ता हुन्छन्, जो

बाल्यावस्थादेखि पर हुँदैनन् । फेरि कुनै बच्चाहरू यस्ता हुन्छन्, जो प्रायः जन्मदेखि नै मानिस हुन्छन् र खुटचाउन बडो कठिन हुन्छ । जुन आमालाई कुनै बच्चा विलक्षण हुन्छ भन्ने ज्ञान हुन्छ, त्यस्ती हरेक आमालाई यो विश्वास हुन्छ कि त्यस्तो बच्चा आफ्नै बच्चा हो । उनीहरू अझ टाढा जान्छन्, विकासका साधारण लक्षणहरूलाई विलक्षण बुद्धिका लक्षण हुन् भन्ने ठहराएर गल्ती गर्दछन् । चंचलता, पूर्ति, चटका बोली, सँगसँगै खेल्ने, दौडादौड गर्ने, मजा लाग्ने सरलता आदि बाल्यावस्थाका स्वाभाविक लक्षण हुन्, यी सब कुराले यो देखाउँछन् कि बच्चा बच्चै हो ।

यो ताज्जुपको कुरो छ कि जुन बच्चालाई वकबक गर्ने प्रोत्साहन दिइन्छ र जे मन लाग्यो त्यही बोल्न दिइन्छ, जसलाई कुनै विचार र चली आएको दस्तूरबाट पनि रोकिंदैन, त्यस्तोले संयोगले कुनै बुद्धिमानीको कुरो बोल्यो भने के यो ताज्जुपको कुरो हो ? यदि एक चोटि पनि उसले यस्तो नगरेको भए उसको कुरो त्यो ज्योतिषीका भन्दा पनि अनौठो हुने थियो, जसका हजारौं भूल या झूट कुराहरूमध्ये कुनै कुनै साँचो हुन आउँदछ । चौथा हेनरी (बेलायतका राजा) भन्दथे, "तिनीहरू यति चोटि झूट बोल्दछन् कि आखिरमा उनीहरू साँचो बोल्दछन्। " यदि तिमी कुनै बुद्धिमानीको कुरा गर्न चाहन्छौ भने तिमीले खालि धेरै बेरसम्म कुरा गर्नुपर्छ । ती सज्जनहरूमाथि भगवान् रखवारी गरून् । जसको सामाजिक सन्मानमा अरू कुनै हक छैन ।

जस्तो, बच्चाको हातमा बहुमूल्य हीराहरू पर्न सक्छन्, त्यस्तै खूब राम्रा विचारहरू उसको दिमागमा उठ्न सक्छन् र उत्तम वचनहरू उसको मुखबाट निस्कन सक्छन् । तर न ती विचारहरू उसका आफ्नै हुन्, न त ती हीराहरू नै उसका आफ्नै हुन् । त्यस उमेरमा ती दुवै उसका आफ्नै हुन सक्तैनन् । बच्चाका कुरा या वचनहरूको अर्थ हाम्रा निमित्त जे हुन्छ, त्यो उसका निमित्त हुँदैन । ती वचनहरूमा जुन विचारहरू उसले संलग्न गराउँदछ, ती भिन्दै हुन्छन् । उसका विचारहरूको, यदि वास्तवमा उसका कुनै विचारहरू हुन्छन् भने, न क्रम हुन्छ, न सम्बन्ध या मिलान हुन्छ, उसका विचारहरूमा कुनै कुरा निश्चित हुँदैन । तिम्रो विलक्षण बुद्धिको भन्ने कहलिएको बच्चालाई जांचबुझ गरेर हेर– कहिले कहिले तिमी उसमा मनको ज्यादै जाँगर फुर्ती र विचारको असाधारण स्पष्टता पाउँछौ । तर बहुधा यही मन मानो, कुहिरोले घेरिएको झैं मन्द र उत्साहहीन देखिन्छ । कहिलेकाहीं ऊ तिमीभन्दा अघि अघि भाग्छ, कहिलेकाहीं ऊ चल्दै चल्दैन । अहिले तिमी उसलाई थोता भन्छौ, उनि-

तिमी उसलाई मूढ भन्छौ दुवै कुरामा तिमी गलती गर्छौ । ऊ एउटा बच्चा हो- एउटा सानू बच्चा चील हो, जो एक छिनसम्म अकास्सिएर उड्दछ र तुरुन्तै फर्केर आफ्नो गूँडभित्र आएर पस्तछ ।

बच्चा देखनमा जत्रोसुकै भए तापनि उसलाई उसको उमेरअनुसार व्यवहार गर्नुपर्दछ र ज्यादै बढ्ता अभ्यास गराएर उसको बल सिध्याइदिनु हुँदैन । यस कुरामा हामीले होश राख्नुपर्दछ । यदि कलिलो दिमाग तातो छ र कलकल बहन लाग्दछ भने यो स्वच्छन्दतर भई काम गरोस्, र यसलाई अरू बढ्ता तान्न दिनु हुँदैन । नत्रभने यसको स्वच्छता हराएर जान्छ । जब पहिला बाफहरू उडेर जान्छन्, अरू बाँकीलाई जम्मा गरेर दबाएर राखिछोड्नुपर्छ, यसनिम्ति कि पछिका वर्षहरूमा तिनीहरू जीवन-सञ्चार गराउने उष्णता र साँचीको शक्ति प्रदान गर्ने हुन सक्तछन् । यदि यस्तो भएन भने तिम्रो समय परिश्रमहरू त्यसै खेर जानेछन्, तिमी आफ्नै कामको नाश गर्नेछौ र यी मथिङ्गल चक्कराउने बाफहरूले मूर्खतापूर्वक लट्ठ भएपछि तिमीसित स्वादहीन र बेकम्मा रक्सीको झोल सिवाय केही बाँकी रहनेछैन ।

मूर्ख बच्चाहरू बढेपछि मामूली मानिस हुन्छन् । यसभन्दा निश्चित कुरो मैले कुनै खलक या वंशमा देखेको छैन । वास्तविक मूढता र बाहिरी देखौवा छकाउने मूढताका बीचको भेद छुट्याउन दुनियाँमा ज्यादै गाह्रो छ । पछिल्लो चाहिं मूढता जर्बदस्त आचरणको लक्षण हो । पहिले देख्ता यो अनौठो जस्तो लाग्दछ कि यी दुवै अधिकताका बाहिरी लक्षणहरू उस्तै हुन्छन्, तथापि यो यस्तै हुन्छ । किनभने जब मानिसका साँच्चीकै विचारहरू भइसकेका हुँदैनन्, त्यस उमेरमा विशिष्ट बुद्धि र अरू बाँकीका बीचको भेद यसैमा रह छ । साधारण बुद्धिहरू झूटा विचारहरूको अवलम्बन गर्दछन्, विशिष्ट बुद्धिले चाहिं झूटा विचारहरू सिवाय अरू केही नपाएकोले बरु कुनै विचारहरू नै लिंदैन । यसमा ऊ मूर्खसमान हुन्छ, मूर्ख केही कुराको लागि पनि योग्य हुँदैन, विशिष्ट बुद्धिले चाहिं आफ्नो निमित्त योग्य केही पनि देख्तैन । ती दुईका बीचको भेद छुट्याउने एक मात्र उपाय संयोगमा निर्भर गर्दछ, जसले विशिष्ट बुद्धिलाई यस्तो विचार दिन्छ, जो उसले बुझ्न सक्तछ, तर मूर्ख चाहिं भने सधैं त्यस्तै नै रहन्छ । बच्चा छँदा सानो 'केटो' लाई उनका बाबु आमाहरूले उनलाई जन्ममूर्ख हुन्छ भन्ने ठहराएका थिए । उनी हठी र मौनी थिए । उनीहरूले उनमा पाएको कुरा त्यत्ति थियो । यो 'सुला' को बाहिरी बैठकमा मात्र हो, जहाँ उनका काकाले उनमा भएको कुरो पत्ता लगाएका थिए । यदि उनले उनको बाटो

नमेट्टाएका भए तर्कशक्तिको उमेरमा नपुगुन्जेलसम्म उनी मूर्ख कहलिएर रहने थिए । यदि 'लोजर' को जन्म नै नभएको भए जसमा केटाले अवश्यम्भावी विलक्षण बुद्धि देखेका थिए र जसले उनका बडे बडे योजनाहरूको भविष्यवाणी गरेका थिए, तिनै केटा जन्मभर स्वप्नदर्शक या तरंगीमा गनिएर रहने थिए । जो हतपतसित बच्चाहरूको विचार गर्दछन्, तिनीहरूले भूल गर्ने सम्भावना हुन्छ, अक्सर तिनीहरू झन् आफैं बच्चाभन्दा पनि बच्चा जस्ता हुन्छन् । मेरो एक जना अधबैंशे मानिससँग परिचय थियो, जससितको मित्रतालाई म इज्जतको कुरा सम्झन्थें । तर जसलाई उनका परिवारले एउटा मूर्खमा गनेका थिए । सहसा उनी एक दार्शनिकको रूपमा प्रसिद्ध भए र मलाई सन्देह छैन–भावी सन्तानले उनलाई उनको समयका सर्वोत्तम दार्शनिकहरू र अत्यन्त गम्भीर आत्मज्ञानीहरूमध्ये एक उच्च स्थान दिनेछन् ।

बाल्यावस्थालाई सन्मानको दृष्टिले हेर र असलको निमित्त होस् या खराबको निमित्त यसको विचार गर्नलाई हतार नगर । असाधारण बच्चाहरूको विकासका निमित्त उनीहरूकै जिम्मामा छोडिदेऊ । खास तरीका अपनाउनुभन्दा अघि उनीहरूका गुणहरूको परीक्षण गर । र निश्चित रूपमा ठहराऊ । प्रकृतिको कामको जिम्मा लिनुभन्दा अघि प्रकृतिलाई नै काम गर्ने समय देऊ । नत्रभने उसको व्यवहारमा तिमीले हात हालेका हुन्छौ । तिमी भन्छौ कि मलाई समयको मूल्य थाहा छ र यो त्यसै खेर जाला भनेर म डराउँछु । तिमी यो कुरा बुझ्न सक्तैनौ कि समयको दुरुपयोग गर्नुभन्दा बरु केही पनि नगर्नु जाति छ र एउटा कुशिक्षित बच्चा बरु केही पनि नसिकेको बच्चाभन्दा धर्मदेखि धेरै टाढा हुन्छ । उसका पहिले-पहिलेका वर्षहरू उसले केही पनि नगरीकन बिताएकोमा तिमी डराउँदछौ । के, सुखी हुनु केही होइन ? दिनभरि खेल्नु, दौडादौड गर्नु केही होइन ? उसको जीवनभरमा फेरि कहिले पनि ऊ यसरी व्यस्त होवैन । प्लेटोले आफ्नो रिपब्लिक (गणतन्त्र राज्य) नामक ग्रन्थमा जुन ग्रन्थ बडो कडा ग्रन्थ भन्ने मानिएको छ– बच्चाहरूलाई चाडबाड उत्सवहरू, खेलहरू, गीतहरू, आमोद-प्रमोदहरूद्वारा मात्र शिक्षा दिन्छन् । उनले बच्चाहरूलाई सुखी हुन सिकाएकोले उनले आफ्नो तात्पर्य सिद्ध गरेको अनुभव हुन्छ । प्राचीन समयका रोमन लडकाहरूको विषयमा वर्णन गर्दा सेनेका भन्दछन्, "उनीहरू सधैं खडा रहन्थे, बसिरहने तुल्याउने कुनै कुरो पनि उनीहरूलाई सिकाइएको थिएन । उनीहरू बढेर मानिस भएपछि के उनीहरूलाई केही खराबी भएको थियो त ? तसर्थ यस्तो अनसी-

पनबेखि तिमी नडराऊ। आफ्नो जीवनको कुनै भाग त्यसै खेर जाला भनेर जुन व्यक्ति सुत्न बेमञ्जूर गर्दछ, त्यस व्यक्तिको विषयमा तिमी के विचार गरौला? तिमी भनौला, "त्यो बौलाहा हो; ऊ आफ्नो जीवनको उपभोग गरिरहेको छैन। उसले आफूलाई नै डाँका मारिरहेछ, निद्रा छल्नलाई उसले आफ्नो मृत्यु नजीक डाकिरहेछ।" याद राख–यी दुवै कुरा उस्तै हुन् र बाल्यावस्था विवेकशक्तिको निद्रा या सुषुप्त अवस्था हो।

जुन देखताखेरिको बाहिरी सुविधाले बच्चाहरूलाई शिक्षा दिइन्छ, त्यो उनीहरूको नाश हो। यसै सुविधाले नै प्रमाणित गर्दछ कि उनीहरू केही पनि सिकिरहेका हुँदैनन्। यो कुरो तिमी बुझ्न सक्तैनौ। उनीहरूको टल्कने चमकदार दिमागमा तिमीले उनीहरूलाई दर्शाएका कुराहरू ऐनामा झैं प्रतिविम्बित हुन्छन्, तर केही पनि भित्र घुस्तैन। बच्चालाई शब्दहरूको स्मरण हुन्छ र विचारहरू पुनः प्रतिविम्बित हुन्छन्। उसका श्रोताहरू उसले भनेको बुझ्छन्, तर उसका निमित्त तिनीहरू निरर्थक हुन्छन्।

स्मरण-शक्ति र तर्क-शक्ति बिलकुलै भिन्न भिन्न शक्ति हुन्, तापनि एउटा चाहिंको वास्तविक विकास अर्को चाहिंसित अलग रहेर हुन सक्तैन। तर्कशक्तिको उमेरभन्दा पहिले बच्चाले रूप या आकारहरू प्राप्त गर्दछ, विचारहरू होइन, र उनीहरूको बीचमा यही भेद छः रूपहरू बाहिरी वस्तुहरूका चित्र मात्र हुन्, तर विचारहरू चाहिं ती वस्तुविषयका भावना हुन्, जो उनीहरूको सम्बन्धद्वारा निश्चित गरिन्छन्। रूप चाहिं सम्झ्यो कि आफैं मनमा आएर बस्तछ, तर विचार चाहिं हरेकले अरू विचारहरूलाई पनि बुझाउँदछ। जब हामी कुनै कुराको रूप मनमा सम्झन्छौं। त्यस बेला हामी केवल थाहा पाउछौं मात्र, जब हामी तर्क गर्छौं त्यस बेला हामी तुलना गर्दछौं। हाम्रा चेतनाहरू केवल अकर्मण्य हुन्छन्; हाम्रा भावना या विचारहरू कर्मप्रवृत्त सिद्धान्तबाट उत्पन्न हुन्छन्, जसले विचार गर्दछ। यसको प्रमाण पछि दिइनेछ।

तसर्थ म भन्दछु बच्चाहरू विचार गर्न असमर्थ हुनाले उनीहरूको साँच्चीको स्मरण-शक्ति हुँदैन। उनीहरू आवाज, आकार या रूप र चेतनाहरूलाई मस्तिष्कमा अड्याएर राख्तछन्। तर विचारहरूलाई यो गर्न सक्तैनन्, झन् तिनका सम्बन्धहरूलाई त झन् सक्तैनन्। तिमी भन्छौ, उनीहरू रेखा-गणितका केही मूल तत्त्वहरू बुझ्दछन् र तिमी आफ्ना कुराहरूलाई प्रणाणित गरें भन्ने ठान्दछौ; त्यसो होइन, तिमी त मेरा कुराहरूलाई पो प्रमाणित गर्दछौ। तिमी यो देखाउँछौ कि बच्चाहरूले आफैं तर्क गर्न सक्नु त कता हो

कता, उनीहरू अरुहरूको तर्क पनि बुझ्न सक्तैनन् । यदि तिमीले यो बच्चा रेखागणितवालाको तरीकाको अनुसरण गर्‍यौ भने तिमी देख्नेछौ कि तिनीहरू खालि आकारको ठीक रूप र बताएर देखाइएका कुराहरू मात्र उनीहरूको सम्झाइमा अड्याएर राख्न सक्तछन्, त्यसमा अलिकति मात्र घुमाउरो, नयाँ या फरक भयो भने पनि तिनीहरूलाई मुश्किल हुन्छ; आकारलाई यदि उल्टाइदियो भने त तिनीहरू केही पनि गर्न सक्तैनन् । उनीहरूको सारा ज्ञान चेतना-समथलमा रहन्छ, कुनै कुरो पनि हनीहरूको समझको भित्रसम्म पुग्ने गरी घुसेको हुँदैन । उनीहरूको स्मरणशक्ति उनीहरूको अरू शक्तिभन्दा बढी हुँदैन । किनभने उनीहरू बढेर ठूला भएपछि बच्चा छँदा उनीहरूले जो सिकेका थिए, त्यो सधैं बराबर सिक्नुपर्ने हुन्छ।

तर बच्चाहरूको कुनै प्रकारको पनि तर्कशक्ति हुँदैन भन्ने विचार म कहिल्यै गर्दिनँ । त्यसको उल्टा अझ बरु झन् म यो विचार गर्छु, उनीहरू ती वस्तुहरूको विषयमा खूब राम्रोसित तर्क गर्दछन्, जुन वस्तुहरू उनीहरूको बास्तविक र उचित फाइदाको कुरालाई असर गर्दछन् । तर उनीहरूको बुद्धिको विस्तार कतिसम्म भएको हुन्छ, त्यस विषयमा मानिसहरू गलती गर्दछन्, र उनीहरूमा त्यो ज्ञान छ भन्ने ठहराउँदछन्, जो उनीहरूमा हुँदैन र उनीहरूलाई ती वस्तुका विषयमा तर्क गर्न लगाउँदछन्, जो उनीहरू बुझ्न सक्तैनन् । अर्को गलती, उनीहरूको ध्यान ती विषयतर्फ लगाउन प्रयत्न गर्नु हो, जुन कुरासित उनीहरूको अलिकति पनि सरोकार नै रहँदैन—जस्तो कि उनीहरूको भविष्यको स्वार्थ, उनीहरू ठूलो भएपछि हुने उनीहरूको सुख, उनीहरू मानिस भएपछि दुनियाँको उनीहरूमाथि हुने राय-आदि कुराहरू कुनै पूर्व-दृष्टि या पूर्व-विचार नभएका प्राणीहरूलाई सुनाउनु बिलकुल निरर्थक छ । तर यी बिचरा साना बच्चाहरूमाथि लादिएका अध्ययनहरू यस्ता कुराहरूतिरको लक्ष्य राखेर लैजान्छन्; जो उनीहरूको मनदेखि धेरै टाढा हुन्छन् । तिमी आफैं विचार गर्न सक्तछौ, ती कुराहरूमा उनीहरूले कत्तिको ध्यान दिन सक्लान् । जसले आफ्ना चेलाहरूलाई दिएको शिक्षाको ठूलो प्रदर्शनी गर्दछन्, ती गुरुहरूले ठीक उल्टो पारितोषिक पाउँदछन्; तैपनि उनीहरूका कामहरूले देखाउँदछन् कि उनीहरू जस्तो म विचार गर्दछु, त्यसैबमोजिम गर्दछन् । किनभने तिनीहरू के सिकाउँदछन् ? शब्दहरू ! शब्दहरू ! शब्दहरू ! उनीहरूले आफ्ना चेलाहरूलाई गर्वपूर्वक सिकाउने विज्ञानहरूमध्ये बच्चाहरूलाई साँच्चीकै लाभदायक हुने कुराहरू नरोज्नलाई उनीहरू बडो होशियारी गर्दछन्; अनि उनीहरूले ती नै विषयहरू सिकाउन बाध्य हुनैपर्दछ र उनीहरू बिलकुल असफल हुन्छन् । उनीहरूले

रोजेका विज्ञानहरू त्यस्ता हुन्छन्, जसका परिभाषाहरू जान्दैमा हामीलाई तिनको ज्ञात भएको झैं अनुभव हुन्छ; जस्तो राजदूतविद्या, भूगोलविद्या, इतिहास लेख्ने विद्या, भाषाविद्या आदि । यी अध्ययनहरू मानिसदेखि त यति दूर छन् भने बच्चाहरूदेखि कति दूर होलान् नि, यदि बच्चाले यिनीहरूको कुनै अंशको मात्र कुनै प्रयोग गर्न सक्यो भने यो एक आश्चर्यको कुरो हुन्छ ।

यो कुरो थाहा पाएर तिमीलाई ताजुप लाग्नेछ कि भाषाहरूको अध्ययनलाई म शिक्षाको एक बेकम्मा ढिकोमा गणना गर्दछु; तर तिमीले यो सम्झनुपर्छ कि म पहिले-पहिलेका या शुरूका वर्षहरूको अध्ययनको कुरो गरिरहेछु र तिमीले जे भने तापनि बाह्र-पन्ध्र वर्षमुनिको कुनै बच्चाले दुई भाषा साँच्चीकै कहिल्यै सिक्न सक्ला भन्ने म विश्वास गर्दिनँ ।

यदि भाषाहरूको अध्ययन शब्दहरू अर्थात् भाषाले आफूलाई बुझाउने रूपहरूको मात्र अध्ययन हो भने बच्चाहरूका निमित्त यो ठीकै छ । तर भाषाहरूले रूपहरू बदल्ने हुनाले तिनीहरूले प्रकट गरेका भाव या विचारहरू पनि बदल्छन् । भाषाद्वारा विचारहरू बन्दछन् र यसको भावबाट विचारहरू आफ्नो रंग लिन्छन् । तर्क मात्र सबमा हुन्छ । हरेक भाषाको आफ्नै रूप हुन्छ, त्यो एउटा भिन्नता हो, जो जातीय चाल-चलनमा हुने भिन्नताहरूको केही अंशमा कारण र केही अंशमा परिणाम हो । यस अनुमानलाई यस कुराले पुष्टि गर्दछ कि पृथ्वीका सबै जातिमा चालचलनमा परिवर्तन भएअनुसारको बोली हुँदै जान्छ र त्यसैअनुसार रहँदै या बदलिँदै जान्छ ।

प्रयोग या अभ्यासद्वारा यी विभिन्न रूपहरूमध्ये एउटाको ज्ञान बच्चालाई हुन्छ र यही भाषा मात्र उसमा तर्क-शक्ति हुने उमेरसम्म रहन्छ । दुइटा भाषाको ज्ञान प्राप्त गर्न तिनीहरूका भावनाहरूको तुलना गर्न ऊ समर्थ हुनुपर्दछ, र उसले खालि बुझ्न मात्र थालेका भावहरूको तुलना कसरी गर्न सक्तछ ? उसका निमित्त हरेक कुराको हजारौं अर्थ हुन सक्तछ, तर हरेक भावको एउटै मात्र रूप हुन सक्तछ । त्यस कारण उसले एउटै भाषा मात्र सिक्न सक्तछ । उसले अनेक भाषा सिक्न सक्तछ भनेर तिमी मलाई विश्वास दिलाउँछौ, तर म यस कुरालाई इनकार गर्दछु । मैले ती बिलक्षण बुद्धिवाला साना बच्चाहरूलाई देखेको छु, जो आधा दर्जन भाषाहरू बोल्दछन् भन्ने सम्झिएका छन् । उनीहरूले पहिले जर्मन, अनि ल्याटिन, अनि फ्रांसिसी र फेरि इटालियन भाषाहरू बोलेको मैले सुनेको छु । साँचो हो, तिनीहरू आधा दर्जन भिन्न भिन्न भाषाहरू प्रयोग गर्दथे, तर तिनीहरू सधैं जर्मन भाषा बोल्दथे । संक्षेपमा, तिमी

बच्चाहरूलाई इच्छानुसार समानार्थक शब्दहरू दिन सक्छौ; तर तिमी जो बदलिदिन्छौ, त्यो उनीहरूको भाषा होइन, शब्दहरू मात्र हुन् । उनीहरूको एउटा भाषासिवाय अर्को हुनेछैन ।

उनीहरूको कमजोरी लुकाउनलाई शिक्षकहरू मृत-भाषा या नबोलिने भाषाहरू रोज्दछन्, जसका निमित्त हामी यस्ता पारखीहरू पाउँदैनौ, जसको अधिकार निर्विवाद हुन्छ । यी भाषाहरूको सहज प्रयोग उहिले नै हराइसक्यो । यसनिमित्त उनीहरू जो पुस्तकमा पाउँछन्, त्यही नकल गरेर सन्तुष्ट हुन्छन्, र त्यसैलाई तिनीहरू बोल-चाल भन्दछन् । यदि गुरुको नै यूनानी भाषा र रोमी भाषाको ज्ञान यस्तो बेकम्मा तालको छ भने बच्चाहरूको के हुने ? उनीहरूले एक लबज नबुझीकन आपनो पहिलो किताब नै कण्ठ गरिसकेका हुँदैन्, त्यस बेला उनीहरूलाई कुनै फ्रान्सिसी भाषणलाई रोमी भाषामा अनुवाद गर्न दिइन्छ । जब उनीहरू पढाइमा निकै अगाडि बढिसक्तछन्, त्यस बेला उनीहरू गद्यमा सिसेरोका केही वचनहरू र पद्यमा भर्जिलका केही श्लोकहरू सम्मिलित गराउन थाल्दछन् । अनि उनीहरू आफूलाई रोमी भाषा बोल्न सक्ने ठहराउँदछन्, त अब उनीहरूको कुरो कसले काट्ने ?

जुनसुकै भाषाको अध्ययनमा पनि अंकित वस्तुहरूको विचार मनमा उत्पन्न गराउन नसक्ने चिह्न या अक्षरहरूको केही भाउ हुँदैन । तथापि बच्चाको शिक्षा यिनै अक्षरहरूमा सीमित गराइन्छ र उसलाई त्यो सांकेतिक वस्तु बुझ्ने तुल्याउन कोही पनि कहिल्यै सफल हुँदैन । तिमी ठान्दछौ; संसार के जस्तो छ, त्यो कुरो म उसलाई सिकाइरहेको छु, ऊ भने मानचित्र मात्र सिकिरहेको हुन्छ; उसलाई शहर, मुलुक, नदीहरूका नामहरू सिकाइन्छन्, जसको अस्तित्व उसका निमित्त आपनो अगाडिको कागजमा सिवाय अन्त हुँदैन । म एउटा भूगोलको पुस्तक कहीं देखेको सम्झन्छु, जसको शुरू यस प्रकार थियो: 'संसार के हो ?'-'कार्डबोर्डहरूको एउटा मण्डल', बच्चाको भूगोल-विद्या त्यही हो । म जोडदार शब्दमा भन्दछु भूगोलको र संसारको उत्पत्तिको वृत्तान्तको दुई वर्षसम्मको अध्ययनपछि दश वर्षमुनिको एक बच्चा पनि यस्तो हुँदैन जो आफूले सिकेका नियमहरूको मद्दतद्वारा पेरिसदेखि सेन्ट डेनिससम्मको आपनो बाटो देख्न सक्तछ । म ठोकेर भन्दछु, यी बच्चाहरूमध्ये एउटाले पनि मानचित्रको भरले न अलमलिईकन आपनो बाबुको जग्गामा जाने बाटो देख्न सक्तैन । हामीलाई पेकिन, इस्पाहान, मेक्सिको र संसारका हरेक मुलुकको स्थानको विषयमा बताउने यिनै बच्चा आचार्यहरू हुन् ।

तिमी मलाई बताउँदछौ कि बच्चाहरूलाई यस्ता अध्ययनहरूमा लगाइराख्नुपर्दछ, जसका निमित्त आँखाको मात्र आवश्यकता हुन्छ, त्यो हुन सक्तछ; तर कहीं यस्ता अध्ययनहरू हुन सक्लान् वा न सक्लान्, ती मेरा निमित्त अज्ञात छन् ।

इतिहास त केवल घटनाहरूको संग्रह मात्र हो र यसलाई बच्चाहरू समझमा लिन सक्तछन् भन्ने खयाल गरेर बच्चाहरूलाई इतिहासको अध्ययन गराउनु अझ बढी हास्यास्पद गलती हो । तर यो 'घटना' भन्ने शब्दले के बुझाउँदछ ? जुन सम्बन्धहरूले ऐतिहासिक घटनाहरूलाई रूप दिन्छन्, के ती सम्बन्धहरू बुझनलाई सहज छन् ? र के ती सम्वन्धहरूसित मेल खाने भावनाहरूको विकास बच्चाको मनमा सजिलोसँग हुन्छ ? के घटनाहरूको सच्चा ज्ञान उनीहरूको कारण र परिणामहरूको ज्ञानदेखि अलग रहन सक्तछ ? के शब्दहरूसँग इतिहासको यति थोरै मात्र सम्बन्ध छ, जुनविना इतिहास सिक्न सकिन्छ ? यदि मानिसका कार्यहरूमा तिमी शारीरिक र बाहिरी चाल मात्र पाउँदछौ भने इतिहासबाट तिमी के सिक्तछौ ? बिलकुल केही न केही । जुन जुन कुराले यस अध्ययनलाई रोचक तुल्याउँछन्, ती सब कुराले रहित तुल्याएपछि यसले तिमीलाई न आनन्द दिन्छ, न कुनै सन्देश नै । यदि कार्यहरूलाई उनीहरूको नैतिक ढङ्गबाट विचार गर्छौं भने यी नैतिक ढंगहरूलाई तिम्रा छात्रहरूले बुझिने तुल्याउन प्रयास गर; अनि तिमी चाँडै नै थाहा पाउनेछौ कि इतिहास सिक्नलाई उनीहरूको उमेर पुगेको छ कि छैन ।

याद राख, पाठक ! जो तिमीसित बोलिरहेछ, त्यो व्यक्ति न कुनै विद्वान् हो, न त कुनै दार्शनिक हो । ऊ त एउटा साधारण मानिस हो र सत्यको एक प्रेमी हो, जो कुनै एक दलतिर लागेको छैन । र जसले कुनै प्रथालाई अँगालेको छैन । त्यो एक जोगी हो, जसको अरू मानिसहरूसँग कम सहवास छ, जसलाई उनीहरूको विश्वास अपनाएर लिने कम मौका छ र जसलाई उनीहरूसँग बोलचाल या कुराकानी हुँदा आफ्नो मनमा लागेका कुराहरूमाथि विचार गर्ने बढी समय छ । मेरा कुराहरू वास्तविकतामा भन्दा सिद्धान्तमा आधारित छन् र म विचार गर्छु तिमीलाई ती सत्य कुराहरू स्पष्टसँग बुझाउन जुन विचारहरूले मलाई यी कुराहरूको सुझाउ दिए, ती विचारहरूबाट सधैं कुनै उदाहरण बताउनुभन्दा बेश उपाय म पाउन सक्तिनँ ।

कुनै परिवारकी एक योग्य आमाको साथमा केही दिन गाउँमा बिताउन

म गएको थिएँ, जो आफ्ना बच्चाहरू र उनीहरूको शिक्षाको निमित्त ठूलो तकलीफ उठाउँदथिन् । एक बिहान सबभन्दा जेठोचाहिँ लडकाले आफ्नो पाठ पढिरहेको बेलामा म त्यहीं उपस्थित थिएँ । उसका गुरुले उसलाई प्राचीन इतिहास सिकाउनलाई ठूलो प्रयास गरेका थिए र उनले त्यो बेला सिकन्दरको कथामाथि पाठ शुरू गरेर आचार्य फिलिपको प्रसिद्ध कहानीमाथि प्रकाश पारे । त्यसको एउटा चित्र नै छ र कथा साँच्चीकै अध्ययनयोग्य छ । गुरु योग्य मानिस थिए र उनले अनेक विचार प्रकट गरे, जसमा मलाई सिकन्दरको साहसको विषय निको लागेन, तर मैले उनीसँग वादविवाद गरिनँ । किनभने त्यो गर्नु उनलाई उनको चेलाको दृष्टिमा गिराउनु हुन्थ्यो । खाने बेलामा उनीहरूले त्यस बच्चालाई बोल्न लगाउन चुकेनन्, यो फ्रान्सिसी काइदा हो । त्यस उमेरको एक बच्चाको उत्सुकता, जोश र प्रशंसाको विश्वस्त अपेक्षाले उसलाई कयौं अण्ठसण्ठ कुरा बोल्ने तुल्यायो र तिनीहरूमध्ये बराबर ठीक बूँदाका कुराहरू पनि निस्कन्थे, जसले गर्दा ती मानिसहरूलाई अरू बाँकी बिर्सायो, आखिरमा आयो आचार्य फिलिपको कथा । उसले यो कथा खूब स्पष्ट र राम्रो तरीकाले भन्यो । उसकी आमाले चाहेको र बच्चाले पनि अपेक्षा गरेको अघिपछि जस्तै प्रशंसाको इनाम दिइसकेपछि उसले भनेको कुरामा छलफल शुरू भयो । उनीहरूमध्ये धेरैजसोले सिकन्दरको बेसमझ र उद्दण्डपनलाई दोष लगाए । कसैले गुरुको उदाहरणको अनुसरण गरेर उनको दृढ इरादाको प्रशंसा गरे, जसले यो देखायो कि त्यहाँ भएकामध्ये कसैले पनि त्यस कथाको जो सौन्दर्य हो, त्यो वास्तवमा देखेन । तर मैले भने यसो भनें, "सिकन्दरको आचरणमा यदि कुनै साहस या दृढता थियो भने त्यो केवल घमण्डपूर्ण लम्कीधम्कीको एक चोइटा मात्र हो ।" अनि हरेकले स्वीकार गरे कि त्यसै हो । मलाई रिस उठ्न लागिरहेको थियो र मैले जवाफ दिन आँटेको थिएँ, त्यसै बेला जो मेरो बगलमै बसेकी थिइन् र जो अहिलेसम्म बोलेकी थिइनन्, ती एउटी महिलाले मतिर झुकेर मेरो कानमा साउती गरिन्, "जीन ज्याक्वेस, अब अरू केही नबोल । तिमीले भनेको कुरो तिनीहरू कहिल्यै बुझ्दैनन् ।" मैले उनको मुखमा हेरें । उनको सल्लाहको बुद्धिमत्ता बुझें र चूपचाप रहें ।

धेरै कुराले मलाई यो सन्देह दिलाए कि हाम्रा यी बच्चा प्राध्यापकले आफूले यस्तो राम्रोसित भनेको कथाको गेडो मूठो केही पनि बुझेको थिएन । खाइसकेपछि मैले आफ्नो हातले उसको हात समातें र हामी उद्यानमा डुल्न गयौं । जब मैले उसलाई शान्तिपूर्वक बिस्तारै प्रश्नहरू सोधें, त्यस बेला मैले

पत्ता लगाएँ कि सिकन्दरको घमंडपूर्ण साहसलाई ऊ अरू कुनैभन्दा पनि बढ्ता तारीफ गर्दथ्यो । तर यो साहस केमा रहेको थियो भन्ने उसले विचार गऱ्यो होला भन्ने तिमी ठान्दछौ ?—खालि नमीठो र बेस्वादिलो रक्सी नहिचकिचाईकन र कत्ति पनि नघिनाईकन एक घुड्कोमा पिइदिनुमा । पन्ध्र दिन जतिभन्दा पनि कमैं अघि बिचरा त्यस बच्चालाई कुनै औषधि खुवाइएको थियो, जो उसले मुश्किलसँग पिउन सकेको थियो र त्यसको स्वाद अहिलेसम्म उसको मुखमा टाँस्सिएको थियो, मनु र विष खाएर मर्नु मात्र उसका निमित्त अरोचक चेतनाहरू थिए र उसको विचारमा सनायको पत्ती (एक किसिमको रेचक औषधि) मात्र विष हो भन्ने थियो ।

तर मैले स्वीकार गर्नैपर्छ कि सिकन्दरको दृढ इरादाले उसको कलिलो मनमा गहिरो छाप परेको थियो र उसले पनि दृढ इरादा गरेको थियो कि अब उसले अर्को चोटि औषधि खानुपऱ्यो भने ऊ पनि एउटा सिकन्दरै हुनेछ । व्याख्यानहरूतिर नलागीकन, जो स्पष्टतया उसको समयभन्दा बाहिर थिए, मैले उसको प्रशंसनीय इरादामा उसलाई दृढ गराएँ र जो बच्चाहरूलाई इतिहास सिकाउने अपेक्षा गर्दछन्, ती बाबु-आमा र शिक्षकहरूको ठूलो बुद्धिमत्तामाथि भित्र-भित्रै एक्लै हाँस्तै घर फर्कें ।

यस्ता शब्दहरू जस्तो राजा, बादशाह, युद्ध, कानून र क्रान्ति सजिलैसँग उनीहरूका मुखमा राखिन्छन्, तर जब यी शब्दहरूमा संलग्न हुने स्पष्ट भावहरूको सवाल उठ्तछ, तब तिनका व्याख्याहरू बघैंचे रबर्टको भन्दा पनि धेरै फरक हुन्छन् ।

म निश्चित ठान्दछु, कुनै पाठकहरू "अब अरू केही नबोल, जीन ज्याक्वेस" भन्ने कुराले असन्तुष्ट भएर सिकन्दरको आचरणमा तारीफ गर्ने कुरो मैले साँच्चीकै के देखें त भन्ने प्रशन गर्नेछन् बिचरा अनभिज्ञहरू ! यदि मैले भन्नुपर्छ भन्ने तिमी चाहन्छौ भने तिमी के बुझ्न सक्छौ र ? सिकन्दर धर्ममा विश्वास गर्दथे, उनले आफ्नो शिरको बाजी लगाएका थिए । उनले आफ्नो जिन्दगीको नै त्यस विश्वासमा बाजी लगाएका थिए, उनको महान् आत्मा यस्तो विश्वास राख्नमा योग्य थियो । त्यो घुड्को निल्नु उनमा जो विश्वास थियो त्यसलाई उदारतापूर्वक प्रकट गर्नु थियो, कुनै मरणशील मानवले पनि योभन्दा राम्रो सिद्धान्त कहिल्यै प्रकट गरेको थिएन । यदि हाम्रो समयमा कुनै सिकन्दर छ भने मलाई यस्ता कार्यहरू देखाओस् ।

यदि बच्चाहरूलाई शब्दको ज्ञान छैन भने उनीहरूलाई सुहाउने कुनै

अध्ययन हुँदैन । यदि उनीहरूका असली भावनाहरू हुँदैनन् भने उनीहरूको असली स्मरणशक्ति पनि हुँदैन । किनभने जेले चेतनाहरूलाई सम्झाउँछ मात्र, त्यसलाई म स्मरणशक्ति भन्दिनँ । उनीहरूको दिमागमा अक्षर या आकारहरूको फिहरिस्त कुँदिदिनाले के तात्पर्य आउँदछ, जसको अर्थ उनीहरूका निमित्त केही पनि हुँदैन ? जब संकेत गरिएका वस्तुहरू उनीहरू सिक्तछन् त्यो बेला उनीहरू ती सांकेतिक चिह्नहरू सिक्तछन्, दुई चोटि सिक्ने व्यर्थको तकलीफ उनीहरूलाई किन दिने ? र अझ जुन शब्दहरूको उनीहरूका निमित्त केही अर्थ हुँदैन, ती शब्दहरूलाई ज्ञान झैं स्वीकार गर्न उनीहरूलाई जब तिमी सिकाउँछौं, तब कस्ता भयंकर गलत विचारहरू तिमी उनीहरूको मनमा गडाइदिन्छौ ? आफूले यसको प्रयोग थाहा नपाईकन अर्काको शब्दमा मानिलिएको जुन पहिलो कुरो हो, जुन पहिलो पदप्रणाली हो, त्यही हो बच्चाको विचारको नाशको शुरू । यस्तो हानिबाट आफू सुधारिनुभन्दा धेरैसम्म उसले मूर्खहरूको आँखालाई तिरमिराइदिन सक्तछ ।

होइन, यदि बच्चालाई प्रकृतिले चाहेका रूपमा ढालिने दिमाग दिएको छ भने, जसले उसलाई हरेक प्रकारको विचार प्राप्त गर्न योग्य तुल्याउँदछ, तिमीले राजाहरूका नाम र साल मितिहरू, वंशावली लेख्ने कलाको नबुझिने अंडबंड कुराहरू, भूगोल र भूगोलविद्या आदि शब्दहरूले उसको दिमागमा तिमीले छापा मार्नुपर्दैन । बच्चाका लागि यी सब शब्दहरू वर्तमानका निमित्त पनि निरर्थक छन्, भविष्यका निमित्त पनि प्रयोगात्मक छैनन् । यी शब्दहरूको बाढीले उसको खिन्न र बाँझो या नीरस बाल्यावस्थालाई सताउँछन् । तर यो जुन रूपमा पनि ढालिने दिमागद्वारा ती सबै विचारहरू, जो उसले अवगत गर्न र प्रयोग गर्न सक्तछ र ती सबै कुराहरू जो उसको सुख र इच्छासँग सम्बन्धित छन्, तिनीहरूले कुनै दिन उसका कर्तव्यहरूमाथि प्रकाश दिनेछन् । उसको प्रकृति र शक्तिहरूअनुसार रहन उसलाई बाटो देखाउनका लागि यो कुरो सानै उमेरमा नमेटिने अक्षरले उसको दिमागमा लेखिदिनुपर्छ ।

पुस्तकहरूको अध्ययनविना त्यस बच्चाको जुन यस्तो स्मरणशक्ति हुन्छ, त्यो त्यसै अकार्यशील भएर रहँदैन । जुन उसले देख्छ र सुन्छ, त्यो हरेक कुराले उसको मनमा छापा लगाउँछ; मानिसका कुराहरू र कामहरूको एउटा बही नै उसले बनाउँछ र उसको विचारले यसबाट लाभ उठाउन नसकुन्जेल सम्मलाई उसको समस्त वातावरण नै एउटा पुस्तक हुन जान्छ, जसबाट उसले आफ्नो स्मरणशक्तिलाई नजानिँदोसित बढाउँछ ।

यी वस्तुहरूको छानबिन गर्नु, सधैं उसले थाहा पाउन सक्ने वस्तुहरू मात्र उसलाई देखाउनु, उसलाई थाहा दिन नहुने कुराहरू उसबाट लुकाउनु –उसको कलिलो स्मरणशक्तिलाई तालीम दिने खास तरीका यही हो र यस प्रकार उसलाई ज्ञानको एउटा भंडार दिन तिमीले प्रयत्न गर्नुपर्दछ। जसले यौवनमा उसलाई शिक्षा दिन र आजन्म उसको चरित्रनिर्माण गर्न काम दिनेछ। सांचो हो, यस तरीकाले विलक्षण बच्चाहरू पैदा गर्दैन, न त उनीहरूका गुरुहरू र गुरुमाहरूलाई कुनै श्रेय या प्रशंसा दिलाउँछ; यसले बलिष्ठ, विचारवान्, मनका पनि शरीरका पनि बलिया मानिसहरू पैदा गर्दछ, जो बच्चाहरूले जस्तै तारीफ पाउने हुँदैन कि मानिसले जस्तै सम्मान प्राप्त गर्ने हुन्छ।

एमिलले कुनै कुरो पनि कंठ गर्नेछैन, कथाहरू समेत, फन्टेका सरल र रमाइला कथाहरू समेत मुखाग्र गर्नेछैन। किनभने जस्तो इतिहासका लबजहरू इतिहास हुँदैनन्, त्यस्तै कथाका लबजहरू कथा हुँदैनन्। यस्तो नीतिकथाले बच्चाहरूलाई रमाइलो दिने मात्र होइन कि उनीहरूलाई भड्काएर कुमार्गतिर पनि लगिदिन्छ भन्ने कुराको विचार नराखीकन यी कथाहरूलाई बच्चाहरूको नैतिक आचरणको क्रम या उपाय हो भन्नलाई मानिसहरू कसरी यस्ता अन्धा हुन सक्तछन्। जुन कुरो असत्य छ, त्यसले ऊ आकर्षित हुन्छ र सत्यलाई भुल्दछ, र शिक्षा रोचक तुल्याउन अपनाइएको युक्तिले उसलाई यसबाट लाभ हुन दिंदैन। मानिसहरूलाई कथाहरूद्वारा शिक्षा दिन सकिन्छ, बच्चाहरूलाई नग्न या खुला सत्य चाहिन्छ।

सबै बच्चाहरू ला फन्टेका कथाहरू पढ्दछन्, तर तिनीहरूमध्ये एउटाले पनि तिनीहरूलाई बुझ्दैन। उनीहरूले नबुझ्नु नै बेश छ, किनभने कथाहरूको नैतिक आचार यस्तो मिश्रित छ र उनीहरूको उमेरलाई यस्तो नसुहाउँदो छ कि यसले उनीहरूलाई धर्मतिरभन्दा पापतिर प्रवृत्त गराउने बढी सम्भावना हुन्छ। तिमी चिच्याउँछौ, ती हुन् विशेष लघुलपेटहरू! (वास्तवमा सत्य, तर देखनमा असत्य) अँ, ती लघुलपेट हुन सक्तछन्; तर हामी हेरौं, तिनीहरूमा केही सत्यता छ या छैन।

म ठोकेर भन्दछु, बच्चो उसलाई सिकाइएका कथाहरू बुझ्दैन। किनभने तिमीले जस्तोसुकै प्रयत्न गरे तापनि जुन शिक्षा उसबाट तिमी निकाल्न इच्छा गर्दछौ, त्यसले त भित्री भावनाहरू खोज्दछ, जो ऊ ग्रहण गर्न सक्तैन। जुन साहित्यिक ढंगले सम्झनलाई सजिलो तुल्याउँछ, त्यसले त बुझ्नलाई झन् गाह्रो तुल्याउँछ, यसनिम्ति कि सुबिधाले गर्दा स्पष्टताको बलिदान हुन्छ। अरू

कथाहरू जस्तै त्यसै पुस्तकमा पर्न आउने बिलकुलै नबुझिने र बेकम्मा अनेकौं कथाहरूको नाम नलिईकन जुन कथाहरू बच्चाहरूलाई सिकाइन्छन्, अहिले हामी ती कथाहरूलाई लेऔं, जो लेखकले खास गरी बच्चाहरूका निमित्त लेखेको अनुभव हुन्छ ।

ला फन्टेका जम्मै कथाहरूमध्ये पाँच–छ ओटा कथाहरू मात्र मलाई थाहा छ, जो बच्चाको सरलता जस्तै सरलताको लागि प्रख्यात छन् । यिनीहरूमध्ये पहिलो चाहिंलाई म उदाहरणका निमित्त लिन्छु । किनभने यो यस्तो कथा छ, जसको नैतिक शिक्षा सबै युगलाई अत्यन्त सुहाउँदो छ, जुन बच्चाहरूले कुनै कठिनाइविना सजिलैसँग बुझदछन्, जे पढ्न उनीहरू ज्यादै मजा मान्दछन्, जसलाई यसै कारण लेखकले आफ्नू पुस्तकको शुरूमै राखेका छन् । यदि बच्चाहरूलाई आह्लादित तुल्याउने र उपदेश दिने उनको अभिप्राय हो भने यो कथा उनको उत्तम रचना हो । हामी यो पढौं र संक्षेपमा यसको परीक्षा गरौं ।

फ्याउरो र काग

(एउटा कथा)

"काग महाशय एउटा रूखमा बस्यो" – "महाशय !" त्यस शब्दको वास्तविक अर्थ के हो ? व्यक्तिवाचक नामको अगाडि रहँदा यसको अर्थ के हुन्छ ? यहाँ यसको अर्थ के हो ? काग के हो ? "एउटा रूखमा बस्यो" भनेको के हो ? "बस्यो एउटा रूखमा" हामी यसो भन्दैनौं, तर एउटा रूखमा बस्यो भन्दछौं । पद्यको उल्टोपाल्टो क्रमको विषयमा हामीले बोल्नैपर्छ । हामीले गद्य र पद्यका बीचको भेद छुट्याउनैपर्छ "दूधको एउटा रोटी उसको चुच्चोमा लिएको थियो" कुन किसिमको दूधको एउटा रोटी ? स्वीट्जरल्यान्डमा बनेको कि, बेलायतमा तयार भएको कि हल्याण्डमा बनेको ? यदि बच्चाले कागहरूलाई कहिले पनि देखेको छैन भने उनीहरूको बारेमा कुरा गरेर के फाइदा ? यदि उसले कागहरूलाई देखेको छ भने तिनीहरू आफ्नो चुच्चोमा दूधको रोटी लिन सक्तछन् भन्ने कुरो के उसले पत्याउला ? चित्रा उदाहरणहरू सधैं प्रकृतिबाट लिइनुपर्दछ ।

"फ्याउरो महाशयले त्यसको गन्धले ऐँचिएर" अर्को चाहिं गुरुजी ! तर त्यो पदवी फ्याउरोलाई सुहाउँछ, जो आफ्नो व्यवसायको छलकपट र जालझेलको गुरु हो । फ्याउरो क्या हो, त्यसको व्याख्या तिमीले गरिदिनुपर्छ र साँच्चैको फ्याउरो र कथाको फ्याउरोका बीचको भेद बताइदिनुपर्छ ।

'ऐचिएर' यो शब्द लोप भइसक्यो। तिमीले यसको व्याख्या गर्नुपर्नेछ। तिमी पद्यमा मात्र यो प्रयोग हुन्छ भनौला। शायद बच्चाले तिमीलाई प्रश्न गर्नेछ, 'किन मानिसहरू पद्यमा भिन्दै ढंगले कुरा गर्दछन् ?' तिमी त्यस प्रश्नको उत्तर कसरी देऔला ?

त्यो दूधको रोटी एउटा रूखमा बसेको एउटा कागले आफ्नो चुच्चोमा लिएको थियो। यदि त्यो फ्याउरो आफ्नू झाडी या दुलोमा बसेर त्यो गन्ध पाउन सक्तथ्यो भने यसको साँच्चैको खूब प्रबल गन्ध आएको हुनुपर्दछ। ठीक विचारको तत्त्वमा तिम्रो चेलालाई तालीम गर्ने तरीका यही हो, जसले ठीक कुराहरू बाहेक अरू सब कुरालाई तिरस्कार गरिदिन्छ र अरू कथाहरूमा सत्य र असत्यका बीचको भेद छुट्याउन समर्थ तुल्याइदिन्छ।

"यस तरीकाले ऊसँग कुरा गऱ्यो" यसरी फ्याउराहरू कुरा गर्छन् त ! तिनीहरू कागहरू जस्तै कुरा गर्छन्। ए बुद्धिमान् शिक्षक! तिमी के गर्न आँटिरहेछौ, याद राख। आफ्नो उत्तर दिनुभन्दा अगाडि तिमी राम्रो सोच-विचार गर। तिमीले ठहराएकोभन्दा यो धेरै महत्त्वपूर्ण कुरो छ।

"सलाम, काग महाशय !" – महाशय ! बच्चाले यो वचन सन्मानको हो भन्ने जान्नुभन्दा अघि यो खिसी गरेर भनेको हो भन्ने बुझ्दछ। जो.जो "काग महाशयजी" भन्दछन्, उनीहरूले "जी" शब्दको व्याख्या गर्नुपर्ने हुन्छ।

"तपाईं कस्तो राम्रो हुनुहुन्छ, मेरो दृष्टिमा कस्तो सुन्दर" भिन्न भिन्न शब्दहरूमा उही कुरो दुई चोटि दोहोऱ्याएर भनेको सुनेर बच्चा बेपरवाहीसँग बोल्न सिक्तछ। यो बाहुल्य लेखकको युक्ति हो, शब्द–प्रवाहले आफ्नो प्रशंसालाई झन् ठूलो तुल्याउने फ्याउरोको एक उपाय हो भन्दछौ भने मेरो निमित्त यो एउटा पक्कै क्षम्य कुरो हो, तर मेरो चेलाको लागि होइन।

"झूट कुरा गरेको होइन, यदि तिम्रो गीत"–"झूट कुरा गरेको होइन" यसरी मानिसहरू कहिले कहिले झूट कुरा गर्दा रहेछन्। फ्याउरो झूट त बोलिरहेछ, तर यो उसले मुखले मात्र भनेको हो भनेर यो कुरा तिमीले बच्चालाई भन्यौ भने ऊ तिम्रो विषयमा के ठहराउनेछ ?

"तिम्रो सुन्दर प्वाँख अनुकूल भएदेखि" "अनुकूल" ! अर्थ के हो? गीत र प्वाँखका यस्ता भिन्न भिन्न गुणहरूको तुलना गर्न बच्चालाई लगाउन प्रयास गर्ने ऊ यो कत्तिको बुझ्दछ त्यो तिमी देख्नेछौ।

"तिमी यस जंगलका सारा निवासीहरूको अमर पक्षी हुने

थियौं”- अमर पक्षी ! “अमर पक्षी” के हो? अकस्मात् हामी प्राचीन कालका असत्य गफहरूमाथि चक्कराइरहन्छौं- हामी पौराणिक ग्रन्थका किनारमा हुन्छौं ।

“यस जंगलका निवासीहरू” कस्तो अलंकृत भाषा ! त्यो मिथ्या प्रियवादी आफ्नो कुरालाई झन् प्रभावशाली र झन् आकर्षक तुल्याउनलाई भारी रचनाशैलीको अवलम्बन गर्दछ । के बच्चो यो चलाकी बुझला ? भारी रचनाशैली र सरल रचनाशैलीको अर्थ के हुन्छ, त्यो कुरा के बच्चो जान्दछ, र सम्भवतः कसरी जान्न सक्तछ ? यस लोकोक्तिको पूरा तात्पर्य बुझन हामीलाई बहुतै प्रबल भावनाको अनुभव भएको हुनुपर्दछ ।

“उसको राम्रो आवाज सुनाउनलाई”- यो याद राख कि बच्चाले यो पंक्ति र जम्मै कथा बुझ्नलाई उसले कागको राम्रो आवाजको अर्थ थाहा पाउनैपर्छ ।

“ऊ आफ्नो फराकिलो चुच्चो उघार्दछ र आफ्नो शिकार (रोटीको टुक्रो) खसाल्दछ”-यो भारी सुन्दर या खूब खासा पंक्ति हो । यसको ध्वनिले नै एउटा चित्र दर्शाउँदछ । म त्यो ठूलो नराम्रो मुख बाइरहेको चुच्चो देख्तछु, म त्यो दूधको रोटी हाँगाहरूबाट झरेर फुटिरहेको देख्तछु । तर यस किसिमको सौन्दर्य बच्चाहरूका निमित्त निरर्थक छ ।

“फ्याउरो यो टिप्छ र भन्छ, ‘मेरा प्यारा साहेब’-यसनिमित्त दया मूर्खता हो । तिमी अवश्य आफ्ना बच्चाहरूलाई शिक्षा दिनमा समय बरबाद गर्दैनौ ।

“तिमीले सिक्नुपर्दछ कि हरेक खुशामदी”- एउटा सर्वसाधारण स्वयंसिद्ध कहावत । बच्चाले यसको सीङ पुच्छर केही भेट्तैन ।

“त्यस व्यक्तिलाई शिकार बनाएर रहन्छ, जसले आफ्नो झूटो प्रशंसा सुन्दछ”- दश वर्षको कुनै बच्चाले पनि त्यस्तो कहिल्यै बुझेको हुँदैन ।

“निःसन्देह यो शिक्षा दूधको रोटीभन्दा बढी मूल्यांवान् छ”- यो बुझिने कुरो छ र यसको अर्थ बडो राम्रो छ । तथापि यस्ता बच्चाहरू कम हुन्छन्, जसले एकशिक्षा र एक रोटीको तुलना गर्न सक्तछन्, यस्ता पनि कम हुन्छन्, जो रोटी रोजोइनन् । त्यस कारण तिमीले उनीहरूलाई यो बुझाइदिनुपर्दछ कि यो खिसो गरेर भनेको हो । बच्चाका निमित्त कत्रो सूक्ष्मता !

“लज्जित भएको र घबराएको त्यस कागले” - केही न केहीको निरर्थक शब्दबाहुल्य र यो पाला यसनिमित्त कुनै क्षमा हुँदैन ।

"ज्यादै ढिलो भइसकेपछि किरिया हाल्यो कि त्यस्तो जालमा ऊ फेरि फस्नेछैन"

"किरिया हाल्यो" कुन गुरु यस्तो मूर्ख होला र बच्चालाई किरियाको अर्थको व्याख्या गर्न प्रयास गर्ला ?

विवरणहरूको कत्रो रास ! तर यस कथाका सबै विचारहरूलाई एक एक गरेर छुट्याउन र तिनीहरूलाई सरल र सुगम तुल्याउनका लागि अरू धेरै कुराको आवश्यकता छ । तर बच्चाहरूलाई आफूले भनेको बुझने तुल्याउनका लागि यस कुराको कसले विचार गर्दछ । अब हामी नैतिक शिक्षातर्फ अगाडि बढौं ।

के त्यस्ता मानिसहरू हुन्छन्, जसले आफ्नो लाभको लागि खुशामद गर्दछन् र झूठ बोल्दछन् भन्ने कुरा छ वर्षको बच्चालाई सिकाउनु हुन्छ ? कोही शायद यो सिकाउन सक्तछ कि कोही त्यस्ता मानिसहरू हुन्छन्, जो साना साना केटाहरूलाई मूर्ख बनाउँछन् र उनीहरूको मूर्खतापूर्वकको घमंडलाई उनीहरूको पछाडि गिल्ला गर्दछन् ।

बच्चाहरूले कथाहरू सिकेको तिमी विचार गरेर हेर । र अनि तिमी देख्नेछौ कि जब तिनीहरूलाई लागू गर्ने उनीहरूको मौका आउँछ, तिनीहरु प्राय: सधैं लेखकको अभिप्रायको ठीक विपरीत भनाइमा प्रयोग गर्दछन् । जुन दोषलाई रोक्न या सुधार्न तिमी इच्छा गर्दछौ, त्यसको होशियारीमा रहनुको सट्टा उनीहरू त्यस पापलाई मन पराउनतिर लाग्दछन्, जसद्वारा एउटाले अर्काका दोषहरूबाट लाभ उठाउँदछ, उपर्युक्त कथामा बच्चाहरू कागलाई गिल्ला गर्दछन्, तर ती सबै फ्याउरोलाई प्यारो गर्दछन् । दोस्रो कथामा तिनीहरू फटचांग्रोको उदाहरणको अनुसरण गर्लान् भन्ने तिमी अपेक्षा गर्दछौ । त्यसो होइन, उनीहरू कमिलालाई रोज्दछन् । उनीहरू आफूलाई नीचा तुल्याउनलाई केही परबाह गर्दैनन्, उनीहरू सधैं प्रधान कामलाई रोज्दछन् । यो आत्मप्रेमको अभिरुचि हो, र यो बिलकुल स्वाभाविक अभिरुचि हो । तर बच्चाहरूको लागि कस्तो भयकंर शिक्षा । कडा र लोभी बच्चाभन्दा बढी घृणित दैत्य अरू हुँदैन, जसले ऊसँग के मागेको थियो र उसले के दिन इन्कार गऱ्यो, त्यो बुझेको हुन्छ । कमिला त अझ यसभन्दा पनि बढ्ता गर्दछ, उसले इन्कार गर्न मात्र होइन कि गाली गर्न समेत उसलाई सिकाउँदछ ।

जुन जुन कथाहरूमा सिंहले मुख्य भाग लिएको हुन्छ, ती सबै कथामा बच्चा आफूलाई सिंह हुने बहाना गरेर देखाउँदछ र जब असल वस्तुहरू

बाँडिदिने काममा उसले अध्यक्षता गर्नुपर्ने हुन्छ, तब ऊ हरेक कुरा आफूले नै लिन बडो होशियार रहन्छ, तर जब उसलाई भुसुनाले लडाइदिन्छ, त्यस बेला बच्चा भुसुना हुन्छ । ऊ यो सिक्तछ कि जसलाई आफूले खुल्लम्खुल्ला हमला गर्न साहस गर्न सकिन्न, उसलाई कसरी डसेर मार्ने ?

'चिल्लो मोटो कुकुर र भोकै मर्न लागेको हुँडार' को कथाबाट जुन समय या बन्देजको शिक्षा लिन मैले उसलाई सिकाएको छु भनेर तिमी गुड्डी हाँक्तछौ, त्यो लिनुभन्दा बरु अनुचित स्वतन्त्रताको शिक्षा लिन्छ । यो कथा सुनेर एउटी सानी बच्ची खूबसित रोएको देखेको थिएँ, जुन कथा उसलाई आज्ञापालनको निमित्त वताइएको थियो । त्यो बिचरी बच्ची सिक्रीले बाँधिनलाई घृणा गर्दथी : आफ्नो घाँटीमा सिक्री बिझाएको जस्तो उसलाई लाग्यो, म हुँडार होइन भन्दै ऊ रोइरहेकी थिई । यो कुरो म कहिल्यै बिर्सनेछैन ।

यी कथाहरूमध्ये पहिलो चाहिंबाट बच्चाले अत्यन्त नीच मिथ्या प्रियवादिताको पाठ सिक्तछ, दोस्रोबाट निर्दयताको, तेस्रोबाट अन्यायको, चौथोबाट व्यंग्योक्तिको, पाँचौंबाट दुःस्वाधीनता या अनाज्ञाकारिताको । यी शिक्षाहरूमध्ये पछिल्लो चाहि उसका निमित्त कुनै कामको नभए तापनि मेरो चेलोलाईभन्दा तिम्रा चेलाहरूलाई बढ्ता सुहाउने होइन । जब यो उल्टी खान्छ भने तिम्रो शिक्षाबाट के परिणाम पाउँला भन्ने आशा गर्दछौ ? तर शायद नैतिक शिक्षाहरूको जुन प्रथाले मलाई ती कथाहरूमा आपत्ति उठाउन प्रवृत्त गराउँछ, त्यसै प्रथाले तिमीलाई अनेक कारणहरूबाट तिनीहरूमा लागिरहने तुल्याउँछ । समाज हाम्रा कुराहरूमा नैतिकताको नियम खोज्दछ, यसलाई हाम्रा कामहरूमा पनि नैतिकताको नियम चाहिन्छ र यी दुई नियमहरू बिलकुल भिन्न भिन्न छन् । अघिल्लो चाहिं प्रश्नोत्तरीमा रहन्छ र त्यो त्यहीं छुट्छ, पछिल्लो चाहिं ला फन्टेंका बच्चाहरूका निमित्तका कथाहरूमा र आमाहरूका निमित्तका कहानीहरूमा रहेको छ । उनै ग्रन्थकारले दुवै थरीका निमित्त यो गरेका छन् ।

श्रीमान् ला फन्टें ! हामी बातचीत गरौं । मेरो तरफबाट ता तपाईंका पुस्तकहरूलाई आफ्नो प्यारो अध्ययन तुल्याउने अभिभारा लिन्छु, म तपाईंलाई प्रेम गर्ने र तपाईंका कथाहरूबाट शिक्षा लिने अभिभारा लिन्छु । किन भने म आशा गर्छु कि तिनीहरूको अर्थमा म भूल गरोइनँ । मेरो चेलाको हकमा भने, तीन चौथाई उसले नबुझ्ने कुराहरू सिक्न उसका निमित्त वेश छ भन्ने कुरामा र उसले बुझ्न सक्ने ती कथाहरूमा कहिल्यै पनि ऊ क्रमलाई उल्टाउनेछैन र दुष्टले आफ्नो छलकपटको शिकार बनाएको व्यक्तिको उदाहरणबाट चेतावनी

लिनुको सट्टा त्यही दुष्टको अनुकरण गर्नेछैन भन्ने कुरामा जहाँसम्म मलाई विश्वास दिलाउनु हुन्न, त्यहाँसम्म ती कथाहरू मध्ये एउटा कथा पनि पढ्न नदिनमा माफ राख्नुहोला ।

जब म बच्चाहरूका पाठहरूलाई हटाइदिन्छु, तब म उनीहरूका दुःखहरूको मुख्य कारणलाई पनि हटाइदिन्छु, जुन उनीहरूका पुस्तकहरू हुन् । पुस्तक पढ्नु बाल्यावस्थाको अभिशाप हो, तैपनि बच्चाहरूका निमित्त यही एउटै मात्र काम देखिन्छ । एमिलले बाह्र वर्ष हुँदासम्म किताब भनेको के हो त्यो थाहा पाउनेछैन । तिमी भनौला, "तर उसले पढ्नसम्म जान्नु पर्दछ" म मान्दछु, जब पढ्नु उसका निमित्त उपयोगी हुन्छ, उसले पढ्न सिक्नैपर्छ, तर त्यस बेलासम्म उसलाई यो घिनलाग्दो कुरा मात्र हुनेछ ।

यदि आज्ञापालनको विषयमा बच्चाहरूले केही पनि गर्नुपर्दैन भने यो हुन आउँछ कि कामका निमित्त होस् या मजाका निमित्त होस्, जुन कुरा उनीहरूलाई साँच्चीकै र अहिले नै काम लाग्ने हो भन्ने लाग्दछ, त्यही कुरा मात्र उनीहरू सिक्नेछन् । सिक्नका निम्ति उनीहरूको के अर्को मतलब हुन सक्तछ ? हाम्रा अनुपस्थित मित्रहरूसँग कुरा गर्ने कला, उनीहरूका कुराहरू सुन्ने कला, उनीहरूलाई पहिले नै हाम्रा विचारहरू, इच्छाहरू र उत्सुकताहरू थाहा दिने कला – यो एउटा यस्तो कला हो जसको उपयोगिता जुनसुकै उमेरमा पनि स्पष्ट तुल्याउन सकिन्छ । यस्तो उपयोगी र रमाइलो कला बच्चाहरूका निमित्त एउटा त्रास हुन आएको छ, यो कसरी भयो ? कारण यो कि बच्चाले यसलाई आफ्नो इच्छाविरुद्ध हासिल गर्नैपर्ने हुन्छ र आफ्नो समझदेखि बाहिरका कुराहरूका निमित्त प्रयोग गर्नैपर्ने हुन्छ । यातनाको शस्त्रको प्रयोगमा आफूलाई निपुण तुल्याउने बच्चाको इच्छा हुँदैन । तर यसलाई आफ्नो आनन्दका निमित्त एउटा उपाय तुल्याउने इच्छा हुन्छ, र चाँडै नै तिमी उसलाई यसबाट रोक्न सक्नेछैनौ ।

बच्चाहरूलाई पढ्न सिकाउने उत्तम उपाय पत्ता लगाउने विषयमा मानिसहरू रडाको मचाउँदछन्, तिनीहरू तखता या घर्रा समेतका लेख्ने मेचहरू र तासहरूका नयाँ प्रथा निकाल्दछन्; तिनीहरू धाईको कोठालाई छापाखानावाला या मुद्रकको पसल तुल्याउँदछन् । लोके भए उनीहरूलाई पासाद्वारा सिकाउन खोज्दथे । कस्तो राम्रो विचार ? र अफसोसको कुरो ? तिनीहरूभन्दा बेश अर्को उपाय छ र त्यस उपायलाई प्रायः बेवास्ता गरिन्छ । यो चाहिं सिक्ने इच्छामा रहन्छ । तिम्रो छात्रमा यो इच्छा उठाइदेऊ, अनि लेख्ने मेच र

पासाको काम आउँछ–जुनसुकै उपाय पनि उपयोगी हुन आउँछ ।

चाहना दिलाऊ, संचालनशक्ति त्यही हो । एक मात्र संचालनशक्ति त्यो हो, जसले हामीलाई टाढा लैजान्छ र निर्विघ्नतापूर्वक लैजान्छ । एमिल कहिलेकाहीं उसको बाबु या आमाबाट, उसका नातादार या साथीहरूबाट निमन्त्रणाका छोटकरी पत्रहरू पाउँदछ । उसलाई कुनै भोजका लागि, कहीं डुल्न जानाका लागि, कुनै नाउको सफरका लागि, कुनै सार्वजनिक तमाशा हेर्नाका लागि निम्त्याइन्छ । यी निमंत्रणापत्रहरू छोटकरी, स्पष्ट, सादा र राम्रो तरीकाले लेखिएका हुन्छन् । यी पत्रहरू कसैले उसलाई पढिदिनुपर्छ, र खोजेका बेलामा सधैं ऊ कोही पाउन सक्तैन, जस्तो हिजो उसले तिमीमाथि देखायो, त्यस्तै उसमाथि कोही कुनै विवेक–विचार देखाउँदैन । समय बित्छ, मौका गुम्छ । आखिरमा उसलाई त्यो पत्र पढेर सुनाइन्छ, तर यो ज्यादै ढीला भइसकेको हुन्छ । हरे शिव ! उसले पढ्न मात्र जानिदिएको भए कस्तो हुन्थ्यो ! यस्तै छोटकरी, यस्तै चाहना लाग्ने अरू पत्रहरू पनि ऊ पाउँछ, ऊ तिनीहरूलाई पढ्ने प्रयास गर्न मन लाउँछ । कहिलेकाहीं ऊ मद्दत पाउँदछ, कहिलेकाहीं पाउँदै पाउँदैन । उसले भरसक गर्छ, र आखिर आधा जति अक्षर बुझदछ, भोलि मलाई पिउन जाने विषयको केही कुरा हुन्छ–कहाँ ? कोसित ? त्यो बताउन ऊ सक्तैन–बाँकी बुझ्नलाई ऊ कत्रो प्रयत्न गर्दछ । एमिललाई लेख्ने मेच चाहिएला जस्तो मलाई लाग्दैन । अब म लेख्न सिकाउनतिर अगाडि बढूँ ? होइन, शिक्षाउपरको लेखमा यी साना साना कुराहरूसित खेल्न मलाई शरम लाग्छ ।

म यहाँ केही शब्दहरू थप्दछु, जसमा ठूलो महत्त्वको कुनै नियम वा सिद्धान्त रहेको छ । त्यो यही हो–जुन कुरा प्राप्त गर्न हामी हतार गर्दैनौं, त्यो सामान्यतया छिटो र निःसन्देह प्राप्त हुन्छ । मलाई पूर्ण विश्वास छ कि एमिल दश वर्ष नपुग्दै पढ्न र लेख्न सक्नेछ, किनभने पन्ध्र वर्ष नहुञ्जेल यो गर्न सकोस् वा नसकोस् म त्यसमा केही परवाह राख्तिनँ, तर म यो चाहन्छु कि जुन कुराहरूले पढ्ने कामलाई एउटा उपयोगी कुरा तुल्याउँछन् ती सब कुरालाई समर्पण गर्नु भन्दा बरु ऊ कहिल्यै पढ्न नसिकोस् । यदि ऊ पढ्नलाई सधैं घृणा गर्छ भने उसलाई पढेर के काम ?

म जति जति छात्रलाई स्वतन्त्रतामा छोडिदिने मेरो तरीकामा जोड दिन्छु, उति उति यसका विरोधमा बाधाहरूको सामना गर्दछु । यदि तिम्रो चेलो तिमीबाट केही सिक्तैन भने अरूहरूबाट सिक्नेछ । यदि तिमी सत्यता उसको मनमा गडाइदिंदैनौ भने ऊ झूटा कुराहरू सिक्नेछ; जुन हानिकारक कुराहरू

उसलाई सिकाउन तिमी डराउँदछौ, ती कुराहरू ऊ आफ्ना वरिपरिकाहरूबाट सिक्नेछ । ती कुराहरू उसका हरेक चेतनामा घुस्नेछन् । उसको विचारशक्तिको पूर्ण विकास हुनुभन्दा अघि नै तिनीहरूले यसलाई या त नष्ट-भ्रष्ट पारिसक्तछन्, या त उसको मन निष्क्रियताद्वारा मन्द भएर जानेछ र भौतिक वस्तुहरूमाथि मग्न रहनेछ । यदि हामीले बच्चा छँदै विचार गर्ने आदत बसालेनौं भने हामी हाम्रो शेष जीवनपर्यन्त आफ्नो विचारशक्ति गुमाउनेछौं ।

म विचार गर्छु, त्यो विरोधको उत्तर म सजिलोसँग दिन सक्तथें, तर हरेक विरोधको उत्तर मैले किन दिने ? यदि मेरो तरीकाले नै तिम्रा विरोधहरूको उत्तर दिन्छ भने बेश भो, यदि दिंदैन भने यो कुनै कामको भएन । म आफ्नो व्याख्या गर्दै जान्छु ।

यदि मैले खिचेका योजनाबमोजिमका नियमहरूको तिमीले अनुसरण गर्‍यौ भने, जुन प्रचलित दस्तूरको विपरीत छन्, तिम्रो विद्वान् छात्रसँग टाढाटाढाका ठाउँमा, टाढाटाढाका देशहरूमा, दूरदूरका शताब्दीहरूमा, पृथ्वीका छेउहरूमा, स्वर्गलोकहरूंमा नै पनि घुम्नुकोसट्टा उसलाई टाढाटाढाका मैदानहरूमा लैजानुको सट्टा यदि तिमीले उसलाई उसैअनुसार रहन दियौ भने, उसकै सरोकारका कुराहरूमा उसलाई लाग्न दियौभने अनि तिमी उसलाई बुझ्न, सम्झन र तर्क समेत गर्न समर्थ भएको पाउनेछौ; यो प्रकृतिको क्रम हो । चेतनशील व्यक्ति क्रियाशील हुने हुनाले उसको बलको साथै उसको विचारशक्तिको विकास पनि हुँदै जान्छ । आत्मरक्षाका निमित्त चाहिने जति बल हो त्यतिभन्दा बढ्ता उसको बल नहुन्जेलसम्म उसको विचारशक्तिको विकास हुँदैन, र यो अधिक बल अरू प्रयोजनका लागि प्रयोग गरिन्छ । के तिमी आफ्नो चेलाको बुद्धिको विकास गराउन चाहन्छौ ? के तिमी उसको बलको वृद्धि गराउन चाहन्छौ ? उसको शरीरलाई सधैं कसरत गर्न देऊ, यसलाई बलिष्ठ र स्वस्थ बनाइदेऊ, अनि ऊ बेश र बुद्धिमान् बन्नेछ । ऊ काम गरोस्, उसले आफ्नै हातले केही कुरा बनाओस्, ऊ दौडोस्, कराओस्, ऊ सधैं चलनमलन गरिरहोस्, उसलाई बलको मानिस बन्न देऊ, अनि ऊ चाँडै नै बुद्धिको मानिस हुनेछ । यदि तिमी सधैं उसलाई यहाँ आऊ, त्यहाँ जाऊ, थाम, यो गर, त्यो नगर आदि आज्ञा दिइरहन्छौ भने यस तरीकाले तिमी उसलाई अवश्य नै मूर्ख बनाउनेछौ । यदि तिम्रो दिमागले उसका हातहरूलाई सधैं बाटो देखाउँछ भने उसको मन बेकम्मा भएर जानेछ । तर हामीले राखेका शर्तहरूलाई नबिर्स, यदि तिमी केवल एउटा पाण्डित्यदम्भी मात्र हौ भने तिम्रा निमित्त मेरो पुस्तक पढ्नु उचित छैन ।

मानो यी दुई प्रकारका क्रियाशीलताका साथ अघि बढ्नु हुँदैन कि भनेझैं गरी, मानो एउटाको काम अर्कोलाई बाटो देखाउने होइन कि भनेझैं गरी शारीरिक क्रियाशीलताले मानसिक क्रियाशीलतालाई बाधा दिन्छ भन्ने सम्झनु एउटा दुःखदायी गलती हो ।

सधैं शारीरिक हलचलमा लागिरहने दुई किसिमका मानिस हुन्छन्—ती हुन् किसानहरू र जंगली मानिसहरू, र अवश्य नै यी दुवै थरी मानसिक विकासतिर कत्ति पनि ध्यान दिंदैनन् । किसानहरू खस्रा, भद्दा र रुखा हुन्छन्, जंगली मानिसहरू उनीहरूको तीक्ष्णचेतनताको निमित्त मात्र होइन कि उनीहरूको मनको तीखो चतुर्‍याइँको निमित्त पनि प्रख्यात छन् । साधारणतया भन्दाखेरि किसानको जत्तिको मोटो बुद्धि र जंगली मानिसको जत्तिको तीक्ष्ण-बुद्धि अरू कसैको हुँदैन । यस भिन्नताको कारण के हो ? किसानले उसलाई जस्तो भनेको थियो, उस्तै गर्दछ; ऊभन्दा अगाडि उसको बाबुले के गरेको थियो, त्यही गर्दछ; ऊ आफैंले के गरेको छ, त्यही गर्दछ, ऊ आदतको प्राणी हो, ऊ प्रायः एउटा स्वचालित यन्त्र जस्तै उनै उनै कामहरूमा आफ्नो जीवन व्यतीत गर्दछ, आदत र आज्ञाकारिताले विचारको स्थान लिएको हुन्छ ।

जंगली मानिसको कुरो बिलकुलै फरक छ, ऊ एकै ठाउँमा बसिरहँदैन, उसको तोकिएको काम कुनै हुँदैन, उसले कुनै मान्य जनको आज्ञा पालन गर्नुपर्ने हुँदैन, उसले आफ्नो इच्छा सिवाय अरू कुनै ऐन-कानून जानेको हुँदैन । त्यसकारण उसले टेकेको हरेक पाइलामा आफ्नो बुद्धि खटाउन उसलाई करैलाग्दछ । ऊ परिणामहरूको विचार नगरी न चल्न सक्छ, न हिंड्न सक्छ । यस प्रकार जति जति उसको शरीरलाई कसरत पर्दछ, उति उति उसको मन सावधान रहन्छ, उसको बल र विचारको वृद्धि साथसाथै हुन्छ, र हरेकले अर्कोको विकासलाई सहायता गर्दछ ।

विद्वान् गुरु ! हाम्रा दुई चेलाहरूमध्ये कुन चाहिं जंगली मानिस जस्तो छ र कुन चाहिं किसान जस्तो छ, त्यो हामी हेरौं । तिम्रो चेलो, जो उसलाई हरदम उपदेश दिइरहन्छ, त्यस शक्तिको अधीन रहन्छ, ऊ केवल आज्ञाको शब्दमा काम गर्दछ, ऊ भोक लागेको बेलामा खान, खुशी लागेको बेलामा हाँस्न, विक्दारी लागेको बेलामा रुन साहस गर्दैन, न त ऊ एक हातको सट्टा अर्को हात दिन या उसलाई नभनीकन एउटा खुट्टा चलाउनलाई साहस गर्दछ, चाँडै नै ऊ आज्ञाबिना सास फेर्न पनि साहस गर्नेछैन । जब तिमी विचार गर्ने काम उसका निमित्त सबै आफै गरिदिन्छौ, तब उसले कुन विषयमा

विचार गरोस् भन्ने तिमी चाहन्थ्यौ ? तिम्रो दूरदर्शितामा ऊ निर्भय भई आराम गर्न पाउँछ भने उसले आफ्ना निमित्त किन विचार गर्ने ? उसलाई थाहा छ कि उसको हेर-विचार गर्ने अभिभारा तिमीले लिएका छौ, उसको भलाइ र कल्याण गर्ने जिम्मा तिमीले लिएका छौ र ऊ यस जिम्मेवारीबाट आफूलाई स्वतन्त्र ठहराउँछ । उसको विचार तिम्रो विचारमा निर्भर गर्दछ । जुन कुरामा तिमीले उसलाई मनाही गरेका छैनौ, त्यसमा खतरा छैन भन्ने ठानेर ऊ त्यो गर्दछ । उसले पानी पर्ने लक्षणहरू किन जान्नुपर्‍यो ? उसलाई थाहा छ कि उसका निमित्त बादलहरूको विचार तिमी गरिदिन्छौ । उसले आफ्नो डुल्ने समय किन मिलाउनुपर्‍यो ? उसलाई थाहा छ कि तिमी उसको खाने वेला टर्न देऔला भन्ने डर छैन । तिमीले भो पुग्यो नभनुन्जेलसम्म खाइरहन्छ, जब तिमी उसलाई थाम भन्छौ, अनि ऊ थाम्दछ । उसले आफ्नो पेटको शिक्षा या मागलाई ध्यान दिँदैन कि तिम्रो शिक्षालाई ध्यान दिन्छ । निष्क्रिय बनाएर उसको शरीरलाई सुकुमार तुल्याइदिनु व्यर्थ छ । यसले उसको बुझ्ने शक्ति तीव्र हुँदैन । अझ यसको विपरीत, जुन कुराहरू उसका निमित्त कुनै महत्त्वका हुँदैनन्, ती कुराहरूमा उसलाई उसको विचारशक्तिको प्रयोग गर्न लगाएर तिमीले उसको दृष्टिमा विचारशक्ति भन्ने कुरालाई नै अपमानित गराउने आफ्नो काम पूरा गर्दछौ । जब उसले आफ्नो तर्कशक्तिलाई आफ्ना निमित्त कुनै उपयोगी नहुने देख्तछ, तब आखिर उसले निर्णय गर्दछ कि यो फजूल कुरा रहेछ । यदि उसले नराम्रोसित तर्क गर्‍यो भने उसलाई दोष लगाइन्छ । उसका निमित्त यो जत्तिको खराबीको कुरा अरू केही हुँदैन । तर उसलाई यति चोटि दोष लगाइन्छ कि उसले यसमा ध्यान दिँदैन र यस्तो मामूली आपतदेखि अब ऊ डराउँदैन ।

तथापि तिमी यो पाउनेछौ कि उसको एउटा मन हुन्छ । मैले अघि नै बताएजस्तै तरीकामा स्वास्नीमानिसहरूसँग बकबक गर्न ऊ खूब चटाक हुन्छ । तर यदि ऊ आपद्मा पर्‍यो भने, यदि कठिन अवस्थामा उसले कुनै निर्णयमा आउनु पर्‍यो भने त्यस वेला तिमी उसलाई सबभन्दा धुस्रो-फुस्रो ज्यामीको छोरो भन्दा पनि सय खण्ड बढी हरिलट्ठक र मूढ भेट्टाउनेछौ ।

मेरो चेलो या प्रकृतिको चेलोको विषयमा भनूँ भने, ऊ शुरूदेखि नै यथासम्भव स्वावलम्बी हुन तालीम भएको छ र उसले हरबखत अरूको सहायता खोज्ने बानी लगाएको छैन । आफ्नो विद्याको भंडारको प्रदर्शनी गर्ने आदत उसको झन् छँदै छैन । बरु अझ ऊ भेद थाहा पाउने र पहिले नै विचार गर्ने अभ्यास

गर्दछ र आफूसँग सम्बन्धित हरेक कुराको विषयमा ऊ तर्क गर्दछ । ऊ बकबक गर्दैन, ऊ त काम गर्दछ । यो विशाल संसारमा के के भइरहेछ, त्यस विषयको एक लबज पनि ऊ जान्दैन, तर आफूसँग सरोकार भएको हरेक कुरालाई ऊ पूर्णतया जान्दछ। ऊ सधैं हलचल गरिरहने हुनाले उसलाई धेरै कुराहरू देख्न र उनीहरूको परिणामहरू थाहा पाउन करै लाग्दछ, र चाँडै नै प्रशस्त अनुभव प्राप्त गर्दछ । मानिस होइन कि प्रकृति उसको पाठशालाको गुरु हुन्छ र झन् छिटो सिक्तछ । किनभने उसले कुनै पाठ सिक्नु छ भन्ने उसैलाई थाहा हुँदैन। यसनिमित्त उसका मन र शरीरले साथसाथै काम गर्दछन् । उसले अरूको विचारअनुसार होइन कि आफ्नै विचारअनुसार काम गर्दछ र यस प्रकार उसले विचार र कर्मलाई सम्मिलित गराउँदछ । जब ऊ स्वास्थ्य र बलको विकास गर्दै जान्छ, तब बुद्धि र विवेकको पनि विकास गर्दै जान्छ । दार्शनिकको तर्कशक्ति र पहलमानको बल अर्थात् मानसिक शक्ति र शारीरिक बल, जुन कुराहरूलाई धेरैजसो ठूला ठूला महान् व्यक्तिहरूले प्राप्त गरेका छन्, ती कुराहरू प्रायः विरोधी कुरा हुन् भन्ने ठहराएका छन्, तापनि ती कुरा पछि हासिल गर्ने तरीका यही नै हो ।

नौजवान शिक्षक, एउटा कठिन कामविना शिक्षानियन्त्रण गर्ने र केही पनि नगरी सबै थोक गर्ने म तिम्रा अगाडि प्रस्तुत गर्दै छु । म स्वीकार गर्छु, यो कला तिम्रो उमेरदेखि बाहिरको कुरो छ । यो तिम्रो जेहेन देखाउनका निमित्तको होइन, न त तिम्रो चेलाको बाबु आमाहरूलाई तिम्रो गुण देखाउनका निमित्तको नै हो । तर सफलताको मार्ग यही एक मात्र हो । यदि तिमी साना साना बच्चाहरूलाई उपध्याहा बनाउँदैनौ भने तिमी कहिले पनि बुद्धिमान् मानिस बनाउनमा सफल हुनेछैनौ । स्पार्टा-निवासीहरूका शिक्षा यही थियो । तिनीहरूलाई किताब पढिरहन सिकाइँदैनथ्यो, उनीहरूलाई आफ्ना खानेकुराहरू चोर्न सिकाइन्थ्यो । पछिको जीवनमा के उनीहरू यसबाट केही खराब भए त ? हरेक किसिमको लडाइँमा उनीहरू आफ्ना शत्रुहरूलाई दमन गर्दथे, र ती बकबके एथेनियन्सहरू स्पार्टानहरूका चोटहरूदेखि जत्तिको भयभीत हुन्थे, त्यत्तिकै उनीहरूका बोलीहरूदेखि पनि डराउँदथे ।

जब शिक्षामाथि ज्यादै होशियारीपूर्वक ध्यान दिइन्छ, शिक्षक आफ्ना आदेशहरू जारी गर्दछ र आफूलाई मालिक ठहराउँदछ । तर वास्तवमा मालिक त बच्चा पो हुन्छ । तिमीले उसलाई दिइएका पाठहरूलाई उसले तिमीबाट ऊ जे चाहन्छ, त्यो प्राप्त गर्नमा प्रयोग गर्दछ र उसले सधैं एक घण्टाको परिश्रमको निमित्त एक हप्ताको शिष्टाचारको दरले तिमीलाई तिराउन सक्तछ । तिमीले

सधैं ऊसँग वेपार गरिरहनुपर्दछ । तिम्रो फाइदामानिका लिएका यो वेपारहरू उसको फाइदामा चलाइन्छन् र सधैं उसकै लहडका निर्देशनको अनुसरण यिनीहरू गर्दछन् । विशेष गरेर यो कुरो त्यस वेला हुन आउँदछ, जब तिमी मूर्खतापूर्वक उसले त्यो वेपारको उसको हिस्सा पूरा गरे पनि नगरे पनि उसलाई फाइदा हुने शर्त दिन्छौ, जुन प्राप्त गर्न ऊ बहुधा निश्चिन्त रहन्छ । शिक्षकले बच्चाका विचारहरू बुझनुभन्दा बच्चाले शिक्षकका विचारहरू प्रायः धेरै छिटो बुझदछ र जस्तो हुनुपर्दथ्यो, त्यो त्यही हुन्छ । किनभने यदि बच्चालाई आफ्नै भरमा छोडिदिएको भए जुन बुद्धि उसले आत्मसंरक्षणमा लगाउने थियो, त्यो जम्मै अहिले उसले आफ्नो अन्यायी शिक्षकको बन्धनबाट मुक्त हुनमा लगाउँछ । शिक्षक भने बच्चाको भावना बुझन त्यत्तिको ज्यादा आवश्यक नभएकोले कहिले कहिले उसलाई आलस्य या तमकमा छोडिदिन सुबिस्ता मान्दछ ।

अब तिम्रो चेलातिरको यसको उल्टो कुरा लिऊँ । उसले आफूलाई मालिक ठहराओस्, जब कि वास्तवमा तिमी मालिक छौ । जुन अधीनताले स्वाधीनताका रूपहरूलाई सुरक्षित राख्छ, त्यो जत्तिको पूर्ण अधीनता अरू कुनै हुँदैन । यसरी इच्छालाई नै बन्दी बनाइन्छ । ज्ञान, बल र बुद्धिले रहित यो बिचरो बच्चो तिम्रो दयाको पात्र बिलकुल हुँदैन ? उसमाथि असर पर्ने सारा वातावरणको मालिक तिमी होइनौ ? के तिमी उसलाई आफूलाई जस्तो खुशी लाग्छ त्यस्तै बनाउन सक्तैनौ ? उसको काम, उसको खेल, उसको खुशी, उसको पीडा, के यी सब कुरा तिम्रो नियन्त्रणमा रहँदा उसलाई पत्तै नहुने हुँदैन ? अवश्य नै उसले चाहेको कुरो गर्न पाउनुपर्छ । तर तिमीले उसलाई गराउन चाहेको कुरा बाहेक अरू कुनै कुरा गर्न पनि ऊ इच्छा गर्न पाउँदैन, तिमीले पहिले नै विचार नगरेको कुरामा उसले एक पाइला पनि सार्न पाउँदैन, न त तिमीले अगाडि नै नभनेको कुरामा एक लबज नै बोल्न पाउँछ ।

तसर्थ उसको मनलाई कठोर नतुल्याईकन उसको उमेरलाई सुहाउने शारीरिक अभ्यासहरूमा उसलाई लाग्न दिनुपर्छ । अनि तिमी उसलाई अरुचिकर नियन्त्रणलाई छल्नाका लागि आफ्नो धुत्याइँको विकास गराउनुको सट्टा आफ्नो वर्तमान कल्याणलाई ध्यानमा राखेर आफ्नो वातावरणबाट प्राप्त गर्न सकिने यथासम्भव भलाइ प्राप्त गर्नमा व्यस्त रहेका पाउनेछौ; र आफ्ना निमित्त आफूले पाउन सक्ने कुराहरू प्राप्त गर्न र अरूका विचारहरूको सहायताविना ती कुराहरूको उपभोग गर्न ऊ यस्ता चातुर्यपूर्ण युक्तिहरू निकाल्नेछ कि त्यो देखेर तिमी चकित हुनेछौ । आफ्नो इच्छाको मालिक आफैं हुन उसलाई छोडिदेऊ,

तर उसका मनका उमंग र लहडहरूलाई बढ्न नदेऊ । जब ऊ आफूले जे चाह्यो त्यो मात्र गर्छ, तब चाँडै नै उसले आफूले जे गर्नुपर्छ त्यो मात्र गर्दछ । उसको शरीर हरदम चलनमलनमा रहने भए तापनि जहाँसम्म उसका उचित र तत्कालीन चाहनाहरूको विषय छ त्यसलाई लिएर शुद्ध सैद्धान्तिक अध्ययनले भन्दा उसलाई ठीक हुने यस तरीकाले उसले आफ्नो विचारशक्तिको धेरै राम्रो विकास गरिरहेको तिमी पाउनेछौ ।

यस प्रकार जब तिमीले उसलाई वारंवार रोकावटमा हालिरहेको ऊ पाउँदैन, जब उसले तिमीलाई अविश्वास गर्न छोड्छ, जब उसले तिमीदेखि लुकाउनुपर्ने कुरा केही हुँदैन, तब उसले तिमीसित न झूठ बोल्नेछ, न तिमीलाई छकाउनेछ । ऊ निर्भयतापूर्वक वास्तवमा आफू जस्तो छ, उस्तै देखाउनेछ र तिमीले आफ्नो सुविधामा उसको अध्ययन गर्न र उसको मनमा सन्देह नउठ्ने गरी तिमीले उसलाई सिकाउन चाहेको सारा पाठकले उसलाई परिवेष्टित गराउन सक्तछौ ।

न त उसले तिम्रो आचरणप्रति उत्सुक र ईर्ष्यायुक्त दृष्टि राख्नेछ, न त ऊ तिम्रो भूल पक्रँदा गुप्त आनन्द मनाउनेछ । यसबाट बच्नु ठूलो कुरो हो । बच्चाका पहिला अभिप्रायहरूमध्ये एउटा यो हुन्छ, जस्तो मैले भनिसकेको छ, आफ्ना शासकहरूमा कमजोरीको स्थान भेट्टाउनु, यसले ईर्ष्याको बाटोतिर लैजाने भए तापनि यो ईर्ष्याको भावनाबाट हुने होइन कि अप्रिय पराधीनतालाई छल्ने इच्छाबाट हुने हो । उसमाथि लगाइएको जोतले लादिएर ऊ यसलाई हल्लाएर पर्याँक्न प्रयास गर्दछ र जुन दोषहरू ऊ आफ्नो गुरुमा भेट्टाउँदछ तिनले उसलाई यसनिमित्त राम्रो मौका दिन्छन् कि अर्काका दोषहरूको चियोचर्चो गर्ने र त्यसमा आनन्द मान्ने आदत अरू मानिसहरूमा छँदैछ । स्पष्टतया हामीले एमिलको हृदयमा पापको अर्को मूललाई हामीले रोकेका छौं । मेरा दोषहरूबाट केही लाभ उठाउन नपाउने हुनाले ऊ तिनीहरूको चियोचर्चो गर्नेछैन, न त उसलाई अरूहरूका दोषहरूको खोजी गर्ने प्रलोभन हुनेछ ।

यी सब तरीकाहरू कठिन प्रतीत हुन्छन् । किनभने तिनीहरू हाम्रा निमित्त नयाँ छन्, तर तिनीहरू वास्तवमा कठिन हुनुपर्दैन । यो मानिलिन मेरो हक छ कि तिमीले रोजेको कामको निमित्त आवश्यक ज्ञान तिमीमा छ, मानिसको विकासको सामान्य मार्ग तिमीलाई थाहा छ, तिमी मनुष्य जाति र मानिसको अध्ययन गर्न सक्तछौ, तिमीले उसको अगाडि राख्ने उसको उमेरलाई सुहाउने अनेक कुराहरूको तिम्रो चेलाको इच्छामाथि पर्ने आउने परिणामहरू

तिमी अघिबाट थाहा पाउँदछौ । तिनीहरूको प्रयोगका निमित्त चाहिने ज्यावलहरू र कला तिमीसँग छ, के तिमी आफ्नो कामको पण्डित होइनौ ?

तिमी बच्चाको लहड भन्दछौ, तिम्रो गलती हो । बच्चाका लहडहरू प्रकृतिका काम होइनन् कि खराब अनुशासनका हुन् । तिनीहरूले कि त आज्ञा पालन गरेका हुन्छन्, कि त आज्ञा दिएका हुन्छन् र मैले बारंबार भनेको छु कि तिनीहरूले यो कुनै पनि गर्नु हुँदैन तिमीले नै सिकाएका मनोविकारहरू तिम्रो चेलाका हुन्छन् । तिमीले आफ्नै बेसूरहरूका निमित्त सजाय खप्नु उचित छ ।

तर म कुन उपायले ती कसूरहरूलाई औषधि गरेर निको पार्न सक्तछु ? तिमी यसो भन्छौ ? त्यो तिम्रो तर्फबाट झन् बेश आचरण र ठूलो धैर्यका साथ गर्न सकिन्छ । मैले एक बाजि केही हप्ताको निमित्त एउटा बच्चाको जिम्मेवारी लिएको थिएँ । आफूले मात्र आफूले चाहेजस्तो गराउने उसको आदत थियो । त्यस कारण ऊ उमंगी थियो । पहिला दिनमा ऊ मध्यरातमा उठ्न खोज्यो, कति टाढासम्म ऊ मसित हिंड्न सक्तो रहेछ, त्यो प्रयास गर्नाका लागि जब म मस्त निद्रामा थिएँ ऊ बिछ्यौनाबाट उफ्र्यो, आफ्नो लम्बे कोट लगायो र मलाई ब्यूँझायो । म उठेर बत्ती बालें, उसले चाहेको पनि यति मात्र थियो । पन्ध्र मिनेटपछि ऊ थकायो र आफ्नो अनुभवबाट बिलकुल सन्तुष्ट भएर बिछ्यौनामा फर्केर गयो । दुई दिनपछि उसले यो फेरि दोहोर्‍यायो, त्यस बेला पनि उही सफलता पायो र मतिरबाट अधैर्यको कुनै लक्षण पाएन । उसले पल्टेर जब मलाई चुम्बन गर्‍यो, मैले उसलाई खूब शान्तिपूर्वक भनें, "मेरो प्यारो बाबु, यो सब बडो बेश भयो, तर फेरि यो गर्ने कोशिश नगर ।" यसले उसको उत्सुकता जगाइदियो र भोलिपल्टै ऊ उसै बेलामा उठ्न चुकेन र म उसको आज्ञापालन नगर्न साहस गर्छु कि गर्दिनँ त्यो बुझ्नलाई उसले मलाई उठायो । मैले उसलाई तिमी के चाहन्छौ भनेर सोधें र उसले मलाई निद्रा लागेन भन्यो "तिमीलाई अझ पुगेन" भनेर मैले जवाफ दिएँ र चूपचापसँग पल्टें । यस तरीकासंग बोलेकोले ऊ अलमल्ल परेको जस्तो देखियो उसले चकमक र फलाम भेट्टाउनलाई छामछाम छुमछुम गर्‍यो र उज्यालो निकाल्न खोज्यो उसले आफ्ना औंलाहरू बजारेको सुनेर म नहाँसी सकिनँ । आखिरमा आफूले यो मिलाउन सकिनँ भन्ने उसलाई पक्का विश्वास भएर उसले फलाम मेरो बिछ्यौनामा ल्यायो । मैले यो मलाई चाहिन्नँ भनें र पछिल्तिर फर्कें । त्यहाँपछि त्यो कराउँदै, गाउँदै, ठूलो हल्ला मचाउँदै, मेच र टेबुलहरूमा हिर्काउँदै, तर

आफूलाई कडा चोट लाग्ला कि भन्ने होशियारी गर्दै र मलाई तर्साउने आशाले चिच्याउँदै कोठामा यताउति भौंतारिंदै घुम्न थाल्यो । यी सब कुराको कुनै परिणाम निस्केन र मैले थाहा पाएँ कि ऊ हप्काउन र जङ्गिन तयार थिएन, तापनि ऊ बेवास्ता गरेर चूप लाग्न तयार थिएन ।

तर उसले आफ्नो घमंडले मेरो धैर्य उडाउनलाई दृढ इरादा गरेको थियो र आफ्नो धूमधडक यस्तो सफलता पूर्वक मचाइरह्यो कि आखिर मैले आफ्नो धैर्य राख्न सकिनँ र आफ्नो मिजास गुमाएँ । तर मैले अघिबाटै यो देखें कि यदि मैले रिसको झोक देखाएँ भने जम्मै कुरा भताभुंग हुनेछ । मैले अर्को बाटो लिने इरादा गरें । म चूपचापसित उठें, दियासलाईको बट्टा राखेको ठाउँमा गएँ ! तर त्यो पाउन सकिनँ, मैले ऊसँग त्यो मागें र ममाथि विजय प्राप्त गरें भन्ने खुशीले उसले मलाई त्यो दियो । मैले एउटा सलाई कोरें, मैनबत्ती बालें, मेरो सानो भलादमीको हात समातेर उसलाई चूपचापसित त्यहीं जोडिएको पोशाक-कोठामा लगें । त्यहाँ बलियोसँग खिडकीहरू लगाइएका हुनाले त्यहाँ उसले केही पनि बिगार्न सकेन ।

मैले त्यहाँ उसलाई बत्ती नबालीकन छोडिदिएँ, अनि उसलाई भित्र थुनेर र एक लबज पनि नबोलीकन आफ्नो बिछ्यौनामा फर्केर गएँ। त्यहाँ कत्रो हल्ला भयो । मैले अपेक्षा गरेको पनि त्यही हो र वास्ता गरिनँ। आखिरमा त्यो हल्ला थामियो मैले कान थापें, ऊ चूप लागेर थन्किएको आवाज सुनें र उसको बारेमा मलाई बिलकुल केही धन्दा लागेन । भोलिपल्ट बिहान झिसमिसेमा म त्यस कोठामा पसें र मेरो सानो विद्रोही उसको हलचलपछि लामो गद्दावाल काउचमेचमा पल्टेर मस्तसँग निदाइरहेको थियो, जुन कुरा उसका निमित्त ज्यादै आवश्यक थियो ।

मामला त्यहीं टुंगिएन, आफ्नो बच्चाले पूरै रात भनेजस्तो बिछ्यौना बाहिर बिताएको थियो भन्ने कुरो उसकी आमाले सुनिन् । त्यसले जम्मै कुरा बिगारिदियो, उनको बच्चा मरेको जत्तिकै भएको थियो। बदला लिने राम्रो मौका भेट्टाएर उसले बिरामी भएको बहाना गऱ्यो। यसबाट उसलाई केही लाभ हुँदैन भन्ने कुरो उसले देखेन । उनीहरूले डाक्टर बोलाउन पठाए । आमाको निमित्त दुर्भाग्यवश ती डाक्टर एक कार्यशील ठट्यौलो मानिस थिए र उनका डरहरूबाट आफूले मजा लिनलाई ती डरहरूलाई बढाइदिन उनले भरसक गरे, तर उनले मेरो कानमा साउती गरेर भने, "यस कुरालाई मेरो जिम्मामा छोडिदिनोस्, यस बच्चाको केही समयसम्म बिरामी हुन चाहने

रोग निको पार्न म वचन दिन्छु," वास्तवमा उनले आरामी गरेर पल्टिरहने र पथपरेजमा रहने कुरा बताइदिए, र त्यस बच्चालाई एउटा औषधिहरू बनाएर बेच्ने मानिस (कम्पाउण्डर) को हातमा सुम्पियो। ती आमा चाहिँ मतिरबाट बाहेक अरू हरेकतिरबाट ठगिएको देख्ता म कल्पन्थें। तर उनी मलाई घृणा गर्दथिन्। किनभने म उनीलाई छकाउन्नथें। कैयौं कडा दुर्वचनहरू बोलिसकेपछि उनले मलाई भनिन्, "मेरो छोरो सुकुमार छ, ऊ परिवारको एक मात्र उत्तराधिकारी छ, जे गरेर भए पनि उसको जीवनको संरक्षण हुनै पर्दछ र उसलाई विरोध गरेको मलाई मन पर्दैन।" त्यस कुरामा म उनींसित बिलकुल सहमत भएँ, तर विरोध नगर्नुको अर्थ हरेक कुरामा उसले भनेको मान्नु होइन। छोरो चाहिँसँग मैले जस्तो व्यवहार गरेको थिएँ, त्यस्तै व्यवहार आमा चाहिँसँग पनि गर्नुपर्ने मैले देखें। मैले उनलाई कडासँग जवाफ दिएँ, "श्रीमतीजी, कुनै सम्पत्तिको उत्तराधिकारीलाई कसरी शिक्षा दिने त्यो कुरो मैले जानेको छैन, र अझ विशेष कुरो त के भने म त्यस कुराको अध्ययन गर्न पनि चाहन्नँ। यस कुरालाई तपाईं निश्चित रूपमा लिन सक्नुहुन्छ।" अझ केही दिन मलाई त्यहाँ राखियो र बाबुचाहिँले कुराहरू सम्याइदिए। आमाचाहिँले बच्चाको शिक्षकलाई चाँडो फर्केर आउन लेखी पठाइन् र त्यस बच्चाले मेरो आरामीलाई गोलमाल पारेर र बिरामी भएर केही लाभ नहुने देखेर निको हुन र सुत्न जान निर्णय गऱ्यो।

त्यो सानो अन्यायीले कतिचोटि उसको अभागी शिक्षकलाई आफ्नो मनका यस्ता उमंगहरूको शिकार बनायो होला, त्यसको अन्दाजा तिमी लगाउन सक्तैनौ। किनभने उसको शिक्षा उसको आमाको दृष्टिको अधीनमा भएको थियो र उनी आफ्नो छोरो र उत्तराधिकारीको आज्ञाको उल्लंघन कुनै कुरामा पनि नगराउन चाहन्थिन्। जहिले जहिले ऊ बाहिर जान चाहन्थ्यो, तिमीले उसलाई लैजान र उसको पछि लाग्न तयार रहनुपर्छ र जब उसलाई आफ्नो शिक्षक काममा व्यस्त छन् भन्ने थाहा हुन्थ्यो, त्यसै बेला उसले होशियारीपूर्वक बाहिर जाने समय रोज्दथ्यो। मउपर त्यसै शक्तिको प्रयोग गर्न र मलाई रातमा शान्तिपूर्वक रहन दिनुपर्दा त्यसको बदला दिउँसो लिन ऊ इच्छा गर्थ्यो। मैले खुशीसाथ मन्जूर गरें र उसलाई आनन्द दिन म कति खुशी छु, त्यो स्पष्टसँग दर्शाएर मैले शुरू गरें। त्यसपछि जब उसको मनोविकारको रोग निको पार्ने कुरो पऱ्यो, अनि मैले भिन्दै किसिमसँग काम गर्न थालें।

सबभन्दा पहिला कुरा यो हो कि, उसको गल्ती छ भनेर उसलाई दर्शाइदिनुपर्दछ । यो कठिन थिएन । बच्चाहरू तत्कालको मात्र विचार गर्दछन् भन्ने कुरो बुझेर दूरदर्शिताले जुन फाइदा दिन्छ, त्यो सजिलो फाइदा मैले उठाएँ । मैले होशियारीपूर्वक घरभित्रका केही आमोदप्रमोदहरू उसलाई दिएँ, जुन ऊ खूब मन पराउँदथ्यो । जब ऊ यसमा खूब व्यस्तसित लागेको थियो, त्यसैबेला म गएँ र एक छिन डुल्न जाऔँ भन्ने सुझाउ गरेँ, तर उसले मलाई त्यसै पठाइदियो । मैले जिद्दी गरेँ, तर उसले ध्यानै दिएन । मैले हार मानेर छोडिदिनुपर्‍यो र उसले य वशीभूतको लक्षणलाई आफ्नो हेक्कामा राख्यो ।

भोलिपल्ट मेरो पालो थियो । मैले अपेक्षा गरेजस्तै, ऊ आफ्नो हलचलबाट थकित भयो । तर मैले खूब काममा व्यस्त रहेको जस्तो बहाना गरेँ । उसको निर्णयका निमित्त यति नै प्रशस्त थियो । उसलाई तुरुन्त डुल्न लैजानाको निमित्त मलाई मेरो कामबाट घिच्याउन ऊ आयो । मैले इनकार गरेँ, उसले जिद्दी गर्‍यो । मैले भनेँ, "हुन्न, तिमीले चाहेको कुरा जब मैले गरेँ, तिमीले मलाई आफ्नै जिद्दी पुर्‍याउनू भन्ने सिकायौ । म बाहिर जान्नँ ।" उसले उत्सुकतापूर्वक जवाफ दियो, "भैगो, म आफैँ एक्लै जान्छु ।" "तिम्रो खुशी" यति भनेर म फेरि आफ्ना कामतिर लागें । जब उसले देख्यो कि मैले उसको इच्छाअनुसार गरिनँ, उसले आफ्नो लुगाहरू लगायो, तर अलि असजिलोसित जब ऊ तयार भयो, ऊ आयो र शिर झुकायो । मैले पनि शिर झुकाएँ । उसले आफूले गर्न लागेका साहसपूर्ण यात्राका कथाहरूले मलाई तर्साउने कोशिश गर्‍यो । उसले कुरा गरेको सुनेर तिमी विचार गर्ने थियौ कि ऊ संसारको छेउसम्म जान लागिरहेछ । कत्ति पनि विचलित नभईकन मैले उसको यात्रा रमाइलो होस् भन्ने इच्छा प्रकट गरें । ऊ झन् झन् अलमल्ल पर्न थाल्यो । तर उसले यसमा अँध्यारो मुख लगाएन र जब ऊ जान तयार भयो, उसले आफ्नो ढोकापालेलाई मेरो पछि हिंड भन्यो । त्यस ढोकापालेले अघिबाटै सूचना पाइसकेकोले मलाई फुर्सत छैन भन्ने जवाफ दियो र फेरि उसले यो पनि भन्यो कि म गुरुजीले अह्राउनुभएको काम गरिरहेछु र पहिले मैले उहाँको आज्ञा पालन गर्नुपर्छ । एक छिनसम्म त्यो बच्चा जिल्लाराम पर्‍यो । जसले आफूलाई संसारमा सबभन्दा महत्त्वपूर्ण व्यक्ति ठहराएको थियो र जसले स्वर्ग र पृथ्वीका हरेक कुरा उसको कल्याणमा लपेटिइरहेका छन् भन्ने ठानेको थियो, त्यस्तो बच्चालाई उनीहरूले एक्लै जान देलान् भन्ने उसले कसरी विचार गर्न

सक्तथ्यो ? परन्तु अब उसले आफ्नो कमजोरी थाहा पाउन थाल्यो, र जसलाई उसको विषयमा केही थाहा छैन, त्यस्ता मानिसहरूको बीचमा म अकेला पर्दछु भन्ने उसले बुझ्यो । उसले सामना गर्नुपर्ने खतराहरू उसले अघिबाटै देख्यो, घमंडले मात्र उसलाई अड्चायो, ज्यादै बिस्तारै र मन नलाई-नलाईकन ऊ भरेङबाट ओर्ल्यो । आखिरमा ऊ बाहिर सडकमा निस्क्यो, उसले मनमा अलिकति यो सान्त्वना लिएको थियो कि केही गरी उसलाई केही खतरा पर्न या हानि हुन आयो भने त्यसको जिम्मेवार म हुनेछु ।

मैले अपेक्षा गरेको पनि ठीक त्यही थियो । अघिबाटै सब कुरा मिलाइसकिएको थियो, र यो एक किसिमको सार्वजनिक प्रदर्शनी जस्तो हुने हुनाले मैले उसको बाबुको मन्जूरी लिइसकेको थिएँ । ऊ केही पाइला मात्र अगाडि बढेको थियो, त्यसै बेला उसले आफ्नो विषयमा कहिले यतापट्टिबाट कहिले उतापट्टिबाट अनेक किसिमका कुराहरू सुन्यो "कस्तो राम्रो सानो भलादमी छिमेकी ? ऊ एक्लै कहाँ गइरहेको हो ? ऊ हराउनेछ । म उसलाई हाम्रो घरमा बोलाउँछु ।" "होश राख, नबोलाऊ, त्यो दुष्ट सानो केटो हो, जो उसको आफ्नै घरबाट निकालिएको छ, किनभने त्यो बेकम्मा छ । तिमीले दुष्ट केटाहरूलाई रोक्न हुँदैन । त्यो जहाँ मन लाग्छ जाओस् ।" "भइगो, भइगो, कृपालु परमेश्वरले उसको हेरविचार गरून् । यदि उसलाई केही हुन आयो भने मलाई दुःख लाग्नेछ ।" अलि पर गएपछि उसले आफ्नै उमेरका केही साना साना बच्चाहरूलाई भेट्यो, जसले उसलाई जिस्क्याए र उसको मजाक उडाए । जति जति पर गयो उति उति कठिनताको सामना उसले गर्नुपर्‍यो । अकेला र अपरक्षित भएकोले ऊ हरेक मानिसको कृपामा रह्यो र उसलाई ठूलो आश्चर्य लाग्ने गरी उसले यो देख्यो कि उसको काँधको गाँठो र सुनौला फित्ताले उसलाई कुनै सम्मान प्राप्त भएन ।

तर उसको रखबारी गर्ने मेरा एक जना दोस्त थिए, जोसँग त्यो बच्चा अपरिचित थियो, उसले नदेखिईकन ती दोस्तले पाइला पाइला उसको अनुसरण गरेका थिए र उचित समयमा तिनले ऊसँग बोले । पावर्सोग्न्याकको खेलमा स्त्रि ग्यानीको जस्तो अभिनय गर्न एउटा जेहनदार अभिनेताको आवश्यकता थियो र यो काम पूर्ण रूपले गरिएको थियो । उसको मनमा ठूलो भय उत्पन्न गराएर उसलाई तर्साउनु र कातर तुल्याउनुको सट्टा उसको जोखिमी कामको मूर्खतालाई यस्तो पूरापूरसँग बुझने उसलाई उनले तुल्याइदिए कि आधा घंटाको समयमा लज्जित, नम्र र मेरो मुखमा हेर्न डराउने तुल्याएर उनले उसलाई

घरमा म कहाँ ल्याइदिए, उसको हारलाई पूरा गराउन ऊ भित्र आइरहेकै बेलामा उसको बाबु बाहिर जान लाग्दा उनले उसलाई भऱ्याङमा भेटे। ऊ कहाँ गएको थियो र म किन उसको साथ थिइनँ, त्यस कुराको व्याख्या उसले गर्नुपरेको थियो, त्यो बिचरा बच्चा बरु खुशीसाथ पृथ्वीमै गड्न चाहन्थ्यो। उसको बाबुले उसलाई लम्बेचौडे गरी उसलाई हप्काउने तकलीफ उठाएनन्, तर मैले अपेक्षा गरेकोभन्दा बढ्ता कडाइसँग उनले भने, “जहिले तिमीलाई एक्लै बाहिर जान मन लाग्छ, तिमी यो गर्न सक्तछौ; तर मेरो घरमा म कुनै पनि विद्रोहीलाई राख्न चाहन्नँ। यसनिमित्त जब तिमी जान्छौ, यो राम्ररी याद राख कि तिमी फेरि कहिल्यै फर्केर नआउनू।”

मेरो कुरा गरूँ भने, मैले उसलाई केही गम्भीरतापूर्वक स्वागत गरें, तर उसलाई दोष पनि नलगाईकन र खिसी पनि नगरीकन। हामीले उससँग खेलबहाड गरिरहेका छौं भन्ने उसले थाहा पाउला भन्ने डरले मैले उसलाई दिनमा बाहिर डुल्न लैजानलाई नामन्जूर गरें। भोलिपल्ट जुन मानिसहरूले उसलाई अघिल्लो दिन बाहिर एक्लै भेट्ता उसको खिसी गरेका थिए, तिनै मानिसहरूको बीचबाट मेरो साथमा विजयको भावनाका साथ हिंडेको देख्ता मलाई बहुत खुशी लाग्यो। निश्चय नै तिमी यो सम्झन सक्तछौ कि उसले फेरि कहिले पनि मबिना बाहिर जान धम्काएन।

यी र यस्तै अरू उपायहरूले थोरै समय म उससँग रहँदाखेरि उसलाई आज्ञा नदिई, उसलाई जे गर्न पनि मनाही नगरी, उसलाई धर्मप्रचार नगरी, या उपदेश नदिई, उसलाई अनावश्यक पाठहरू दिएर थकित नतुल्याई मैले चाहेको हरेक कुरा उसलाई गराउनमा म सफल भएँ। यस कारण जब म ऊसँग कुराकानी गर्थें, ऊ खुशी हुन्थ्यो; तर जब म चूप रहन्थें, ऊ डराउँदथ्यो। किनभने ऊ जान्दथ्यो कि केही कुरा गलती भएको छ र यसैबाट ऊ आफ्नो पाठ या शिक्षा पाउँदथ्यो।

तर अब हामी आफ्नो विषयतिर फर्केर जाऔं। प्रकृतिकै मार्गप्रदर्शनको अधीन रहेको नित्य अभ्यासद्वारा शरीर बलियो हुन्छ र मनलाई कठोर तुल्याउनु त परै रहोस् यस अभ्यासले मनमा त्यस प्रकारको मात्र विचारशक्तिको विकास गराइदिन्छ। जसका निमित्त साना साना बच्चाहरू समर्थ हुन्छन् र जुन प्रकारको विचारशक्ति हरेक उमेरका निमित्त ज्यादै आवश्यक छ। यसले हामीलाई आफ्नो बल प्रयोग गर्न, हाम्रा आफ्नै शरीरहरूका र आफ्ना छरछिमेकका शरीरहरूका बीचका सम्बन्धहरू थाहा पाउन, प्राकृतिक ज्यावलहरूको प्रयोग

गर्न (जो हाम्रो पहुँचभित्र छन् र हाम्रा चेतनाहरूलाई सुहाउने छन्) सिकाउँदछ। आफ्नी आमाको दृष्टिमा रहेर घरमै हुर्केको बच्चा जो बोझ र रोकावटको ज्ञान नभएर रूख उखेल्न र चट्टान उठाउन कोशिश गर्दछ। के ऊभन्दा मूर्ख कुनै कुरा हुन सक्तछ ? पहिला चोटि जेनेभादेखि बाहिर हुँदा मैले एउटा पैयाँ गइरहेको घोडालाई समात्न कोशिश गरें र दुई लीग टाढाको मन्ट स्यालीभलाई ढुंगाले हान्न प्रयास गरें; म गाउँभरको हास्यपात्र थिएँ र जन्मभरको दुखू रहूँला भन्ने ठहरिएको थिएँ। अठार दर्षको उमेरमा हामीलाई हाम्रो प्राकृतिक दर्शनशास्त्रमा बोझ उठाउने डंडीको प्रयोग सिकाइन्छ; गाउँको बाह्र वर्षको हरेक लडका उच्च कोटिको विद्यालयको सबभन्दा चलाक शिल्पकारभन्दा बढी बोझ उठाउने डंडीको प्रयोग राम्रोसँग जान्दछ। जुन पाठहरू खेलको मैदानमा आफू-आफूबाट छात्रहरू सिक्तछन् ती पाठहरू कक्षाका कोठाभित्र सिकेका पाठहरूभन्दा सय खण्ड बढ्ता हुन्छन्।

पहिला चोटि कोठाभित्र आएको बिरालोलाई राम्रोसित हेरेर विचार गर। त्यो यताउति जान्छ, नाकले सुँघ्दै हिड्छ र हरेक कुराको जाँच गर्दछ। त्यो एक छिन पनि चूप लागेर बस्तैन। ऊ जहाँसम्म जाँचिसक्तैन र यो के हो त्यो कुरा पत्ता लगाई सक्तैन, त्यहाँसम्म त्यो हरेक कुरामा शंका गर्छ। बच्चाको कुरा पनि यस्तै हो। जब हिड्न र उसको संसारको वरिपरिको कोठामा पस्न थाल्दछ। एक मात्र भेद यो हो कि दुवै आँखाको त प्रयोग गर्दछन्, तर बच्चा आफ्ना हातहरूको प्रयोग गर्दछ र बिरालो चाहिं आफ्नो तीव्र घ्राण-चेतनाको प्रयोग गर्दछ, जुन उसलाई प्रकृतिले प्रदान गरेको छ। ठीक या बेठीकसँग सिकाइएको यही आन्तरिक चेतना हो, जसले बच्चाहरूलाई सिपालु या भद्दा, छिटो या ढीलो, बुद्धिमान् या मूर्ख बनाउँदछ।

जस्तो मानिसको पहिला चेतना आफ्नो वातावरणसित आफूलाई तुलना गर्नु, आफूले देख्ने हरेक वस्तुमा आफूसँग सरोकार भएका बुद्धिमत्ताका गुणहरू पत्ता लगाउनु हो, त्यस्तै उसको पहिला अध्ययन आत्मसंरक्षण-निमित्तको एक प्रकारको प्रयोगात्मक प्रकृति-विद्या हो। यसबाट उसलाई मोडिन्छ र उसले दुनियाँमा आफ्नो उचित स्थान पाउनुभन्दा अगाडि विचारपूर्वक ध्यान दिनुपर्ने अध्ययनहरूका लागि पठाइन्छ। जब उसका नरम र जति तान्यो उति तानिने हात-खुट्टाहरू उसका अंग-प्रत्यंगहरूमा ठीकसँग मिल्न सक्तछन्, जब उसका चेतनाहरू तीक्ष्ण हुन्छन् र मिथ्या भ्रमहरूबाट स्वतन्त्र रहन्छन्, उसका चेतनाहरू र हात-खुट्टाहरूले आफ्नो उचित काममा अभ्यास गर्ने समय त्यहीं हो। हामीहरू र वस्तुहरूको बीचको शारीरिक

सम्बन्धहरू याहा पाउन सिक्ने समय यही हो । मानिसको मनमा आउने हरेक कुरा चेतनाका द्वारहरूबाट प्रवेश गर्ने हुनाले मानिसको पहिलो विचारशक्ति चेतनाका अनुभवको विचारशक्ति हो । त्यो यही हो, जसले बुद्धिको तर्कशक्तिका निमित्तको मूल जगको काम दिन्छ । प्राकृतिक दर्शनमा हाम्रा पहिला गुरुहरू हाम्रा खुट्टाहरू, हातहरू र आँखाहरू हुन् । उनीहरूको बदला राखिएका पुस्तकहरू विवेकपूर्वकको विचार गर्न सिकाउँदैनन्, तिनीहरू हामीलाई आफ्नोभन्दा अरूहरूको विचार प्रयोग गर्न सिकाउँदछन्, तिनीहरू हामीलाई थोरै जान्न र धेरै विश्वास गर्न सिकाउँदछन् ।

तिमीले कलाको अभ्यास गर्नुभन्दा अघि पहिले आवश्यक सामानहरू जुटाउनुपर्दछ र यदि तिमीले यी सामानहरूको सुप्रयोग गर्ने हो भने प्रयोग गर्दा खप्ने प्रशस्त बलिया किसिमका बनाउनुपर्दछ । विचार गर्न सिक्नलाई हाम्रा हात-खुट्टाहरूलाई, हाम्रा चेतनाहरूलाई, जुन बुद्धिका सामान हुन्, ती हाम्रा शरीरका ज्ञानेन्द्रियहरूलाई अभ्यास गराउनुपर्दछ र यी सामानहरूको सर्वोत्तम प्रयोग गर्नलाई जुन शरीर हामीलाई ती कुराहरू दिन्छ, त्यो शरीर बलियो र स्वस्थ हुनुपर्दछ । साँच्चीको विचारशक्ति शरीरदेखि अलग रहन्छ भन्ने कुरा बिलकुल गलत हो; यो असल राम्रा शारीरिक बनावट हो, जसले मानसिक क्रियाहरूलाई सुगम र शुद्ध तुल्याउँछ ।

बच्चाको फुर्सतको लामो समय कसरी बिताउनुपर्दछ, त्यो म देखाइरहेछु र त्यस विषयको यथार्थ वर्णन गर्न लागिरहेछु, जो तिमीलाई बेठीक लाग्नेछ । तिमी भन्नेछौ, "यो एउटा अनौठा किसिमको शिक्षा हो, यसले त तपाईंकै आलोचना गराउँछ । किनभने यसले त केवल त्यो मात्र सिकाउँछ, जो कसैले सिक्नुपर्दछ । जुन कुरा कुनै होशियारी या परिश्रम नगरीकन आफैं आउँदछ, त्यो कुरा सिकाउनलाई तपाईं आपनो समय किन खेर फाल्नुहुन्छ ? जुन कुराहरू तपाईंको चेलालाई तपाईं सिकाउन इच्छा गर्नुहुन्छ, के ती सब कुराको ज्ञान नभएको कुनै बाह्र वर्षको बच्चा हुन सक्तछ ? जुन कुरा उसको गुरुले उसलाई सिकाएका छन्, त्यो कुरा उसले पनि जानेको छ ।"

भलादमीहरू हो ! यो तिमीहरूको भूल हो । म मेरो चेलालाई एउटा कला सिकाइरहेछु, जुन हासिल गर्नलाई धेरै समय र परिश्रमको दरकार पर्दछ । त्यो एउटा यस्तो कला हो, जुन तिम्रा विद्वान् छात्रहरूले अवश्य हासिल गरेका हुँदैनन् । यो त नजान्ने हुने कला हो । किनभने जो जुन कुरा वास्तवमा जान्दछ त्यो कुरा म जान्दछु भनेर विचार मात्र गर्दछ, त्यस्तो मानिसको

ज्ञान एउटा सरै सानो कुरा हो । तिमी विज्ञान सिकाउँदछौ; अच्छा बेश; म यो सिक्नका निमित्त आवश्यकता पर्ने सामानहरू बनाउनमा व्यस्त छु ।

मानिसहरू भन्दछन् कि कुनै समयमा जब भेनिसनिवासीहरूले स्पेनका राजदूतलाई सेन्ट मार्कको बडा गिर्जाघरका अनमूल्य वस्तुहरू देखाइरहेका थिए, त्यस वेला उनले यति मात्र विचार प्रकट गरेका थिए–

जब म कुनै शिक्षकले आफ्ना चेलाको विद्वत्ताको प्रदर्शनी गरिरहेको देख्दछु, त्यस वेला उसलाई उही कुरा भन्न मलाई मन लाग्दछ । जस-जसले प्राचीन कालका मानिसहरूको जीवन तरीकाको-विचार गरेका छन्, उनीहरू भन्दछन् कि जुन शारीरिक र मानसिक शक्तिले गर्दा ती मानिसहरू हाम्रो समयका मानिसहरूबाट अलग्ग छुट्टिन्छन्, त्यो उनीहरूको व्यायामिक अभ्यासले गर्दा भएको हो । यस रायमाथि मन्टेले जुन जोड दिएका छन्, त्यसले देखाउँछ कि यस कुराले उनमा ठूलो प्रभाव पारेको रहेछ; उनी बारंबार यसतिर फर्कन्छन् । बच्चाको शिक्षाको विषयमा बोल्दै उनी भन्दछन्, मन बलियो तुल्याउनलाई तिमीले शरीरका मासुका गाँठाहरूलाई साह्रो तुल्याउनुपर्दछ । बच्चालाई परिश्रममा तालीम गरेर तिमी उसलाई दुःख सहनमा तालीम गर्दछौ; मर्केको, पेट दुःखेको र शरीरका अरू खराबीहरूका कठिनाइका निमित्त उसलाई तयार गराउनलाई शारीरिक व्यायामको कठिनाइमा बच्चालाई तालीम गर्नुपर्दछ । दार्शनिक लोके, सुयोग्य रोलिन, विद्वान् पिलउरी, विद्याभिमानी डी क्राउजास, यिनीहरूको आपसको ममता विभिन्नता भए तापनि बच्चाहरूलाई प्रशस्त शारीरिक व्यायाम दिनुपर्छ भन्ने कुरामा एक मत छ । उनीहरूका शिक्षाहरूमध्ये सबभन्दा बुद्धिमत्ताको शिक्षा यही हो र यही चाहिंलाई नै निश्चित रूपमा बेवास्ता गरिन्छ । मैले यसको महत्त्वमा अघिबाटै प्रशस्त बताइसकेको छु, र लोकेको पुस्तकमाभन्दा अन्त कुन बेश कारणहरू र कुन् बुद्धिमानीका नियमहरू पाउन नसकिने हुनाले आफ्ना केही विचारहरू थप्ने आज्ञा लिएपछि यसैको उल्लेख गरेर सन्तुष्टि लिन्छु ।

बढ्दो बच्चाका हातखुट्टाहरूले उसको लुगाभित्र सजिलो र स्वतन्त्रसित चल्न पाउनुपर्दछ, कुनै कुराले पनि उनीहरूको वृद्धि र चाललाई रोक्नु हुँदैन, कुनै कुरा पनि कसिने हुनु हुँदैन, कुनै कुरा पनि जिउमा टम्मसँग मिल्नु हुँदैन, कुनै किसिमका पेटीहरू पनि हुनु हुँदैन । मानिसका निमित्त पनि अप्ठेरो र अस्वास्थ्यकर फ्रान्सिसी ढाँचाको पोशाक खास गरेर बच्चाका निमित्त खराब छ । चल्न नपाएर रोकिएका शरीरका रसहरूको संचालन हुँदैन; यिनीहरू चल्न

नपाएर सड्दछन्; यो कुरा चलमल नगर्ने र बसिरहने शरीरमा छिटो छिटो बढ्दछ; रगतहरू बिग्रन्छन् र गिजा सुन्निने र शरीरमा डाबरहरू निस्कने रोग पैदा हुन्छ, जो हामीहरूमा बराबर बढेर गइरहेछ र प्राचीनहरूमा जसको पत्तै थिएन। किनभने उनीहरूको लुगा-लवाइ र जीवनको रहनसहनको तरीकाले उनीहरूलाई यसबाट बचाएको थियो। रिसल्लाको जस्तो पोशाकले त यो दोष हटाउनु त कता हो कता, यसलाई अझ झन् बढाइदिन्छ र बच्चाको जम्मै शरीरलाई नै कसिदिन्छ, केही पेटीहरू मात्र हटाइदिएर के हुन्थ्यो। जबसम्म हुन सक्तछ, तबसम्म बच्चाहरूलाई लामा लामा चंगीहरू लगाइदिनुपर्छ, अनि त्यहाँपछि यो छाँट र ऊ छाँटको भन्ने नफर्माईकन खुकुलो लुगा लगाइदिनुपर्छ, छाँट फर्माउनु त लुगा बिछाँटको पार्ने अर्को काइदा मात्र हो। उनीहरूको शरीरको र मनको विकार यही मूल या स्रोतबाट पत्ता लगाउन सकिन्छ, जुनआफ्नो समयभन्दा अगाडि आफूलाई मानिस बनाउने उनीहरूको इच्छा हो।

चहकिला र भड्किला दुई थरीका रङ हुन्छन्। बच्चाहरू चहकिला रङहरू ज्यादा मन पराउँछन् र ती रङहरू तिनीहरूलाई बढ्ता सुहाउँदछन् पनि। यस्तो स्वाभाविक सुमेललाई खयालमा नलिनुको कारण म केही देख्तिनँ, तर जब उनीहरू भड्किलो कुनै वस्तु पसन्द गर्दछन्, तब थाहा हुन्छ कि उनीहरूको दिल रबाफतिर लागिसक्यो, ढाँचाको हरेक विचारतिर लागिसक्यो र यो पसन्द उनीहरूको आफ्नै अवश्य होइन। यो भन्न असम्भव छ कि लुगाको यस पसन्दले र यस पसन्दको मतलबले शिक्षा कत्तिको प्रभावित हुन्छ। लघुदर्शी आमाहरूले मात्र उनीहरूका बच्चाहरूलाई इनामस्वरूप गहनाहरू दिने होइन कि यस्ता मूर्ख गुरुहरू पनि छन् जसले आफ्ना चेलाहरूलाई सजायको रूपमा ज्यादै साधा र ज्यादै मोटा लुगाहरू लाउन लगाउने धम्की दिन्छन्। "यदि तिमी आफ्नो पाठ अझ राम्रोसित गर्दैनौ भने, यदि तिमी आफ्नो लुगाको अझ राम्रो स्याहार गर्दैनौ भने तिमीले त्यो सानो किसानको लडकाको जस्तै लुगा लाउनुपर्नेछ।" यो त उनीहरूलाई यो कुरा भन्नु जस्तै हो "बुझिराख, लुगाले नै मानिस बनाउँदछ।" तब हाम्रा साना साना बच्चाहरूलाई यस्तो बुद्धिमत्तापूर्ण शिक्षाबाट लाभ होला, उनीहरू पोशाक सिवाय अरू कुनै कुराको परवाह नगर्लान् र उनीहरू बाहिरतिरबाट-मात्र गुणको पारख गर्लान् भन्ने कुरामा केही आश्चर्य मान्नु छ ?

यदि मैले यस्तो बिग्रेको बच्चालाई ठीक ठेगानमा ल्याउनुपर्‍यो भने

म यो कुराको होश राख्नेछु कि उसका सबभन्दा राम्रोसँग मिलेका लुगाहरू सबभन्दा अप्ठेरा भएका छन्, सधैं अरट्ठिएको छ, कक्रिएको छ, हरेक तरहबाट उसलाई अप्ठेरो भएको छ र उसको रबाफको अगाडि उसका स्वतन्त्रता र आनन्द भागेका छन् । यदि उसले साधा लुगा लगाएका बच्चाहरूको खेलमा भाग लिन चाह्यो भने उनीहरू आफ्नो खेल बन्द गर्नेछन् र भाग्नेछन् । चाँडै नै म उसलाई उसको रबाफमा यत्तिको थकित र दिक्क तुल्याइदिनेछु, उसको सुनौला फित्तावाला कोटको यत्तिको दास तुल्याइदिनेछु कि यो उसको जीवनको एक भयंकर रोग हुन आउनेछ । र ऊ बन्दीखानाको सबभन्दा अँध्यारो कोठा देखेर त्यत्तिको डराउनेछैन, जत्तिको ऊ आफ्नो सिंगारका निमित्तको तयारीहरू देखेर डराउनेछ । त्यस बच्चालाई हाम्रा गलत धारणाहरूले दास तुल्याउनुभन्दा अगाडि उसको पहिला इच्छा स्वतन्त्र र चैनपूर्वक रहनु हुन्छ । जो उसले सधैं मन पराउँछ, त्यो उसलाई ज्यादै स्वतन्त्र छोडने सबभन्दा सादा र सबभन्दा सजिलो हुने लुगा हो ।

शरीरका आदतहरू हुन्छन् । एक थरी काममा लागिरहने जीवनलाई सुहाउने र अर्को थरी त्यसै बसिरहने जीवनलाई सुहाउने । पछिल्लो चाहिंले शरीरका रगत आदि रसहरूलाई एकैनास र एकै रूपको चालमा राखिछोड्दछ र शरीरलाई तापक्रमको अदली बदलीबाट बचाउनु पर्दछ, पहिलो चाहिं सधैं कामबाट आरामीमा, गरमबाट ठंडीमा सरिरहेको हुन्छ र शरीरलाई यी अदली बदलीहरूमा बानी लाउनुपर्दछ । यसै कारण घरभित्र बसी बसी काम गर्ने मानिसले आफूलाई सबै समय र सबै ऋतुहरूमा र सबै तापक्रममा यथाशक्य मिलाउनलाई सधैं गरम पोशाक लगाउनुपर्दछ । तर जो घाम, पानी बतासहरूमा आउनु जानु गर्दछन्, जो प्रशस्त व्यायाम गर्दछन् र जो धेरैजसो समय घर बाहिर बिताउँदछन् तिनीहरूले हावाको अदलीबदलीबाट र तापक्रमको हरेक परिमाणबाट हानि नहुने गरी बानी पार्नलाई सधैं पातलो लुगा लगाउने गर्नुपर्दछ । म दुवै थरीलाई ऋतुको परिवर्तनमा कहिल्यै लुगाहरू नबदल्ने सल्लाह दिन्छु, र मेरो चेला एमिलको कहिल्यै नबदलिने त्यो आदत हुनेछ । मेरो भनाइ यो होइन कि घरैमा बसिरहने मानिसहरूले जस्तै उसले गरममा जाडोको लुगा लाउनुपर्दछ, तर उसले कडा काम गर्ने मानिसहरूले जस्तै जाडोमा गर्मीको पोशाक लाउनुपर्दछ । सर आइज्याक न्यूटन यही गर्दथे र उनी अस्सी वर्षसम्म बाँचिरहे ।

एमिलले सालभर आफ्नो शिरमा केही पनि लाउनु हुँदैन । प्राचीन मिस्र

देशका निवासीहरू नाङ्गो शिरले हिंड्दथे । फारस देशका मानिसहरू गह्रौं मुकुटहरू लाउँदथे र अझै पनि बडा बडा फेटाहरू बाँध्छन्, जुन चार्डिनको भनाइ-अनुसार त्यहाँको हावापानीका निमित्त आवश्यक छन् । लडाइँको मैदानमा हेरोडोटसले पार्सीहरू र मिस्त्रीहरूका खप्परहरूका बीचमा जुन फरक पाए त्यस विषयमा मैले अन्त कहीं आफ्नो विचार प्रकट गरेको छु । मगजलाई चोटपटकबाट बचाउनको निम्ति मात्र होइन कि ठंडी, जरो र हावाको हरेक प्रभावबाट संरक्षण गर्नको निम्ति यो बढ्ता कडा, बढ्ता खँदिलो, कम निर्बलियो र कम छिद्र भएको हुनु वाञ्छनीय भएकोले तिमीले आफ्ना बच्चाहरूलाई हिउँद, वर्षा, दिन, रात नंगा शिर रहन दिनुपर्छ । यदि तिमी उनीहरूको रौं सफा-सुघर राख्नलाई निधारे टोपी लाउन दिन्छौ भने यो सूर्यस्नान गर्ने अर्थात् नांगो आङले घाम ताप्नेहरूले लगाउने जालीहरू जस्तै पातलो र छलंग देखिने होस् । मलाई थाहा छ कि धेरैजसो आमाहरू मेरा कुराहरूले भन्दा चार्डिनका विचारहरूले बढ्ता प्रभावित हुन्छन् र यो विचार गर्नेछन् कि सब हावापानी फारसका हावापानी हुन्, तर मैले एउटा यूरोपीय चेलालाई एशिया।निवासी तुल्याउन मन पराइनँ ।

केटाकेटीहरू प्रायः कपडाले बेरिन्छन्, खास गरेर बचपनमा । उनीहरूलाई गरममा भन्दा ठंडामा बानी लगाउनुपर्दछ, यदि उनीहरूलाई चाँडै नै ठंडीमा खुल्ला रहन दिइयो भने ज्यादा ठंडीले उनीहरूलाई केही हानि गर्दैन । तर उनीहरूको छाला ज्यादै नरम र कमलो हुन्छ र त्यसमा पसीना आउने बाटो ज्यादै खुल्ला हुन्छ, त्यस कारण उनीहरूलाई धेरै गरम भयो भने अत्यन्त थकित हुन्छन् । यस्तो देखिएको छ कि बालमृत्यु भाद्र महीनामा धेरै हुन्छ । फेरि उत्तर र दक्षिणका जातिहरूको तुलनाबाट यो निश्चित रूपमा देखिन्छ कि हामीहरू ज्यादा गरमभन्दा ज्यादा जाडो खप्नाले बढ्ता बलिया हुन्छौं । तर बच्चाको शरीर ठूलठूलो भएर बढ्दै जाने र उसका मासुका डल्लाहरू झन् झन् बलिया हुँदै जाने हुनाले उसलाई अलि अलि गरेर सूर्यको किरण सहन दिनुपर्छ; यसरी ऊ क्रमशः बिस्तार बिस्तार कुनै आपत्तिविना क्रान्ति-सीमाहरूको बल्दो गर्मी खप्न सक्ने कडा शरीरको हुन्छ । लोके हामीलाई दिएको साहसी र बुद्धिमत्तापूर्ण परामर्शको बीचमा विरोधी कुराहरू गर्दछन्, जो यस्ता होशियार विचारवान् दार्शनिकबाट होला भन्ने कसैले अपेक्षा गर्दैन । जो बच्चाहरूलाई वर्षा-हिउँद सधैं हिउँ जस्तो चीसो पानीमा नुहाइदिनुपर्छ भन्दछन्, उनै मानिस तिनीहरू गर्माएको बेलामा र चीसो घाँसमा पल्टिरहेको

बेलामा उनीहरूलाई चीसो पानी पिउन दिनु हुँदैन भन्दछन् । तर उनी तिनीहरूलाई पानी नछिर्ने अर्थात् कसिएको जुत्ता लाउन दिंदैनन्, र बच्चालाई जाडो भएको बेलाम भन्दा गर्मी भएको बेलामा बढ्ता पानी पिउन किन दिने ? र जुन अनुमान उनी हात, खुट्टा, आङ र मुखको विषयमा निकाल्दछन् के त्यही अनुमान हामी खुट्टा र आङको विषयमा निकाल्न सक्तैनौं ? यदि उनी मानिस भनेको जम्मै मुख हो भन्दछन् भने मैले मानिस भनेको जम्मै खुट्टा हो भनें भने पनि उनले मलाई किन दोष दिने ?

उनी भन्दछन्–बच्चाहरूलाई गर्मी भएको बेलामा पानी पिउनुबाट रोक्नलाई पहिले उनीहरूलाई एक टुक्रा रोटी खान तालीम गर्नुपर्दछ । बच्चालाई तिर्खाएको बेलामा रोटी खुवाउनुपर्छ भन्ने यो एउटा अनौठा कुरो हो, त्यसो हो भने ऊ भोकाएको बेलामा म उसलाई तुरन्त पानी पियाउँदछु । हाम्रा स्वाभाविक ज्ञानहरू यस्तो बेनियममा रहेका छन् कि हामीले हाम्रो जीवनलाई खतरामा नराखीकन तिनीहरूलाई राख्न सक्तैनौं भन्ने कुरामा तिमी मलाई कहिल्यै विश्वस्त तुल्याउन सक्तैनौ । यदि त्यसो भइदिएको भए मानिसले आफूलाई कसरी जीवित राख्ने त्यो कुरा सिक्नुभन्दा अगाडि ऊ बारम्बार कति पटक मरिसक्ने थियो ।

जब जब एमिल तिर्खाउँछ उसले पानी पिइहालोस् र उसले ताजा पानी पिओस् । मध्य-हिउँदमा पिए पनि र पसीनाले नुहाइएको बेलामा पिए पनि यसले उसलाई ठंडा लाग्दैन । होशियारी राख्नुपर्ने कुरा यही एक मात्र हो कि कुन किसिमको पानी उसलाई दिइन्छ । यदि यो नदीको पानी हो भने उसलाई जस्ताको तस्तै देऊ । यदि यो मूलको पानी रहेछ भने उसले पिउनुभन्दा अघि केही बेर यो खुल्ला हावामा रहोस् । गरम मौसममा नदीहरू गरम हुन्छन्, मूलको पानी यस्तो हुँदैन । किनभने यसको पानी हावासितको सम्पर्कमा रहँदैन । पानीको तापक्रम हावाको तापक्रम जत्तिकै नहुन्जेलसम्म तिमीले पर्खनुपर्छ । अर्कातिर, हिउँदमा नदीको पानीभन्दा मूलको पानी असल हुन्छ । तर हिउँदमा, खास गरेर खुला हावामा पसीना निकाल्नु असाधारण र अप्राकृतिक कुरा हुन्छ । किनभने चीसो हावा हरबखत छालामा ठक्कर खान्छ र पसीनालाई भित्रतिर धकेल्दछ र रौंका प्वालहरूलाई यसले खुला बाटो दिनुबाट रोक्दछ । एमिललाई हिउँदमा आगोको नजीकमा कसरत गराउन म चाहन्नँ, तर खुला हावामा र बरफको बीचमा यो गराउन चाहन्छु । बरफका डल्लाहरू बनाउँदै र फ्याँक्तै ऊ अलिकति मात्र गर्माउँछ भने पनि उसलाई तिर्खा लागेको बेलामा ऊ

पानी पिओस् र पानी पिइसकेपछि आफ्नो खेलमा लागिरहोस्; यसबाट केही खराब परिणाम होला भनेर तिमीले डराउनुपर्दैन र यदि अरू कसरतहरूले उसलाई पसीना कढायो भने उसलाई तिर्खा लाग्दा हिउँदमा पनि चीसो पानी पिउन हुन्छ। यति मात्र होशियारी गर्नुपर्दछ कि अलि पर रहेर पानी पिओस्। मैले विचार गरेजस्तो यस्तो ठन्डीमा उसलाई प्रशस्त ठन्डा भइसकेको हुनुपर्दछ र उसले कुनै आपत्ति विना पानी पिउन सक्तछ सर्वोपरि यो छ कि यी होशियारीहरू गरिएको कुरा उसलाई थाहा हुनुहुँदैन। उसले सधैं आफ्नो स्वास्थ्यको विचार गरिरहनुभन्दा बरु आक्कलझुक्कल ऊ बिरामी परोस् भन्ने म चाहन्छु।

बच्चाहरू ज्यादै हलचल गरिरहने हुनाले उनीहरूलाई प्रशस्त निद्रा चाहिन्छ। एउटाले अर्कोलाई मद्दत गर्छ र यसले देखाउँछ कि दुवै आवश्यक छन्। रात आरामीका निमित्त प्रकृतिले अलग्ग राखेको समय हो। यो सर्वमान्य कुरा छ कि सूर्यास्त भएपछि निद्रा मीठो र गहिरो हुन्छ, र सूर्यको किरणले हावा तातेपछि हाम्रा इन्द्रियहरू त्यत्तिको शान्त हुँदैनन्। त्यस कारणले सूर्योदय हुँदैमा उठ्नु र सूर्यास्त भइसकेपछि सुत्नु अवश्य सबभन्दा स्वास्थ्यकर युक्ति हो। त्यसउसले हाम्रो मुलुकमा मानिस र उसको साथैं अरू सबै जनावरहरूलाई वर्षामा भन्दा हिउँदमा बढ्ता निद्रा चाहिन्छ। तर शहरिया जीवन यस्तो मिश्रित यस्तो अप्राकृतिक, यस्तो मौकाहरू र परिणतिहरूको अधीनमा छ कि मानिसलाई उसले निर्वाह नै गर्न नसक्ने गरी एक टंकारको बानी लगाउन खोज्नु बुद्धिमानी हुँदैन। अवश्य नै उसले नियमअनुसार त चल्नैपर्छ, तर मुख्य नियम यही हो–यदि आवश्यकता भने नियम भंग गर्न समर्थ होऊ। यस कारण आफ्नू चेलालाई ज्यादा सुत्न दिएर सुकुमारी बनाउने मुर्ख्याइँ नगर। उसलाई पहिले कुनै बाधा नपुऱ्याईकन प्रकृतिको कानूनमा छोडिदेऊ। तर यो नबिर्स हाम्रा अवस्थाहरूमा यो नियमभन्दा माथि उठ्नुपर्छ। उसले अबेर सुत्न र चाँडो उठ्न कष्ट बिउँझन या खराब परिणाम नहुने गरी रातभर जागा रहन सक्ने हुनु पर्दछ। यी कुराहरू वेलैमा शुरू गर र सुस्त सुस्त अघि बढ। एक पटकमा एक खुड्किलो मात्र चढ। र शरीरले तिनै अवस्थाहरूमा आफूलाई मिलाउँदछ, जुनयदि ती अवस्थाहरू बढिसकेको मानिसमा ठोसिविएको भए नाश हुन्थ्यो।

दोस्रो कुरो, उसले अप्ठेरो बिछ्यौनामा सुत्ने बानी लगाउनुपर्दछ, जुन कुनै बिछ्यौना पनि अप्ठेरो नलाग्ने उत्तम उपाय हो। प्रायः जब कडा

जीवनमा एक चोटि हाम्रो बानी लाग्दछ, त्यसले हाम्रो रमाइला अनुभवहरूलाई बढाइदिन्छ; सजिलो या सुगम जीवनले असंख्य नरमाइला अनुभवहरूको निमित्त बाटो तयार पारिदिन्छ। जो सुकुमारी तरीकाबाट हुर्काइएका छन् तिनीहरू भुवामा मात्र सुत्न सक्तछन्, जसको नांगो फल्याकमा सुत्ने बानी लागेको छ, तिनीहरू जहाँ पनि सुत्न सक्तछन्। जुन मानिस तुरुन्त निदाउँछ उसका निमित्त कडा बिछ्यौना भन्ने वस्तु नै हुँदैन। जहाँ मानिस प्वांखहरू र भुवामा डुब्दछ, त्यस्तो नरम बिछ्यौनामा शरीर पग्लन्छ भन्दछन्। लगामहरूलाई ज्यादा तातो हुने कपडाले बेरिदियो भने तिनीहरू फुल्दछन्। पत्थरी र अरू रोगहरू प्रायः यसैका परिणाम हुन् र यसले अवश्य पनि शरीरलाई निर्धो तुल्याउँछ, जुन शरीर रोगको बीजस्थल हो।

सबभन्दा उत्तम बिछ्यौना त्यो हो, जहाँ हामी सबभन्दा राम्रो निद्रा पाउँदछौं। एमिल र म हाम्रा निमित्त दिउँसो यस्तै बिछ्यौना तयार गर्नेछौं। हामीलाई हाम्रा बिछ्यौनाहरू बनाउन फार्सी दासहरू चाहिंदैनन्। जब हामी माटो खनिरहन्छौं त्यस वेला हामीहरू हाम्रा सुकुलहरू पनि बनाइरहन्छौं। मलाई थाहा छ, निरोगी बालकलाई चाहेअनुसार सुताउन र उठाउन सकिन्छ। जब बच्चालाई बिछ्यौनामा सुताइन्छ र धाई उसको बकबकदेखि थाक्तछे, अनि ऊ उसलाई भन्छे, "सुत !" त्यो ऊ बिरामी भएको वेलामा "निको होऊ" भनेजस्तै हो। ठीक काइदा के हो भने उसलाई आफैं थक्न दिन ऊसँग यत्तिको कुरा गर कि उसलाई चूप लाग्न करै लाग्छ र चाँडै नै निदाउनेछ। कम-से-कम यहाँनेर धर्मोपदेशहरूको एक काम आउँछ र उसको झुलना हल्लाउँदा पनि यो गरे हुन्छ। तर यदि यो निद्रा लाग्ने औषधि राती प्रयोग गर्छौं भने दिउँसो प्रयोग नगर।

म कहिले कहिले एमिललाई ब्यूँझाउनेछु, यो उसलाई ज्यादा सुत्न नदिनलाई होइन कि उसलाई जे गर्न पनि बानी लगाउन, जुरुक्क उठेर हिंड्न समेत बानी लगाउन हो। अझ मैले आफूले चाहेअनुसार उसलाई नबोलाईकन ब्यूँझने र उठ्ने तुल्याउन सकिनं भने म आफूलाई आपना काममा अयोग्य सम्झनेछु।

यदि ऊ ज्यादा चांडो ब्यूँझ्यो भने म उसलाई थकाइ लाग्ने लामो बिहानको कुरा देखाउनेछु, ताकि उसले सुत्नमा लगाएको हरेक समयलाई आपनो लाभ जस्तो सम्झोस्। यदि ऊ ज्यादै ढीलो सुत्यो भने ऊ ब्यूँझेपछि म उसलाई उसको मन परेका खेलौना देखाउनेछु। यदि मैले ऊ तोकिएको समयमा उठोस् भन्ने चाहें भने म उसलाई भन्नेछु, "भोलि बिहान ६ बजे म माछा मार्न

जान लागेको छु या म फलानो फलानो ठाउँमा डुल्न जान लागेको छु। तिमी पनि आउने कि ?" ऊ मन्जूर गर्छ र मलाई पनि उठाइदिनोस् भन्छ। त्यो कुरा हेरीकन म हुन्छ भनुँला या नभनुँला। यदि ऊ ढीलो उठ्यो भने उसले मलाई गइसकेको पाउनेछ। यदि उसले आफैं ब्यूँझन सिकेन भने कुनै कुरा गलत भइहाल्छ।

अझ यस्तो हुन आयो भने, तर यस्तो कम हुन आउँछ कि कुनै अल्सी बच्चा आलस्यमै जमिरहन इच्छा गर्छ भने यस प्रकृतिलाई त्यसै छोडिदिनु हुँदैन, जसले उसलाई बिलकुलै मन्दबुद्धि तुल्याउन सक्तछ, तर उसलाई जगाउनलाई कुनै उत्तेजना दिनुपर्दछ। तिमीले यो बुझ्नुपर्दछ कि त्यो बल प्रयोग गर्ने सवाल होइन, तर उसलाई काममा प्रवृत्त गराउने इच्छा उठाइदिनुपर्दछ र प्रकृतिले बनाइदिएको नियमअनुसार यस्तो इच्छा विचारपूर्वक छानियो भने यसले एक पन्थ दो काज गर्दछ।

यदि कसैमा घमंड, नक्कल र ईर्ष्याविनाको कुनै शीप छ भने म त्यस्तो कुरा कुनै विचार गर्न सक्तिनँ, जसका निमित्तको कुनै चाहना अथवा कुनै इच्छा बच्चाहरूमा उठाइदिन सकिन्न। उनीहरूको उत्सुकता, उनीहरूको अनुकरण गर्ने जोश नै प्रशस्त छ, र सबभन्दा विशेष कुरा, उनीहरूमा स्वाभाविक फुर्ती हुन्छ, जसबाट लाभ उठाउने उपाय अहिलेसम्म कुनै शिक्षकले निकालेको छैन। हरेक खेलमा, जब उनीहरूलाई यो खेल मात्र हो भन्ने निश्चय हुन्छ, उनीहरू कुनै फिराद नगरीकन सहन्छन् र कष्टहरू पनि हाँसेर खप्तछन् र त्यो अरू कुरामा भइदिएको भए आँसुको भल नबगाई छोड्ने थिएनन्। त्यो सानो बच्चाको खेलमा धेरै बेर भोको बस्ने, थप्पड खाने, आगोले पोल्ने र हरेक किसिमको थकावट हुने हुन्छ, र पीडामा पनि एउटा मोहनी हुँदो रहेछ भन्ने एउटा प्रमाण हो, जेले यसको कटुता हटाउन सक्तछ। तर हरेक गुरुले यो तरकारीको रिकाबीलाई कसरी मरमसला गर्ने त्यो कुरा जान्दैन, न त कुनै छात्रले मुख नबिगारीकन यो खान सक्तछ। तर मैले होशियारी गर्नँपर्छ, नत्रभने म अपवादहरूको पछि भौंतारिनेछु।

मानिस पीडाको, रोगको, भवितव्यको, जीवनका खतराहरूको या मृत्युकै पनि दास हुने कुरा सहन सकिंदैन, यी भावनाहरूसित मानिस जति जति परिचित हुन्छ, उसलाई उति उति त्यो डर नलाग्ने हुन्छ, जुन डरले गर्दा यो सहन अधीर तुल्याएर पीडा बढाइदिन्छ। जुन दुःखहरूमा ऊ पर्दछ, ती दुःखहरूमा उसलाई जति चाँडो बानी लाग्यो, मन्टेंको भनाइअनुसार उति चाँडो यी

दुःखका काँडाहरूलाई ऊ हटाउन र आफ्नो मनलाई बलियो र अभेद्य तुल्याउन सक्छ, उसको शरीर फलामको कवच हुनेछ, जसले मुटु छेड्ने सब तीरहरूलाई रोक्तछ। मृत्यु सन्निकट हुँदा पनि जुन मृत्यु नै होइन, ऊ डराउँदैन, ऊ मर्नेछैन, ऊ या बाँच्नेछ या मर्नेछ, त्यत्तिकै हो। मन्टेंले जस्तो मोरक्कोका कुनै राजाको विषयमा भनेका थिए, त्यस्तै उसको विषयमा भन्नेछन्, "कुनै मानिसले पनि मृत्यु पर्यन्त आफ्नो जीवन कहिल्यै लम्ब्याएको थिएन।"

तर मृत्युको विषयमा कुरा गर्दा म मेरो चेला र विफरको बारेमा कुन उपाय अपनाउँला ? मैले उसलाई वचपनमै खोपाउने कि उसले प्रकृतिकै मार्ग लिन पर्खने ? पहिलो युक्ति हाम्रो चलनअनुसारको हो, किनभने यसले उसको जीवनलाई यसको विशेष महत्त्व भएको वेलाका निमित्त यसको कम महत्त्व भएको वेला बरु केही आपत्तिको सामना गरेरभए पनि वचाइ राख्छ। तर ठीक तौरसँग गरेको खोपाइको कामलाई हामी आपत्ति भन्ने शब्दको प्रयोग गर्न सक्तैनौं।

तर अर्को चाहिं युक्ति हाम्रा सर्वसाधारण सिद्धान्तहरूअनुसारका हुन्छन्-यो हो प्रकृतिकै भरमा उसले चाहेको जस्तो गर्न छोडिदिने, तर मानिसले हात हालेकोमा प्रकृतिले छोडिदिन्छ। प्राकृतिक मानिस सधैं तयार रहन्छ; प्रकृतिले नै उसलाई खोपाइदेओस्, हामीले भन्दा उसले झन् ठीक समय मिलाउँछ।

मैले खोपाउने कुरालाई दोष लगाएको होइन, यो तिमी विचार नगर। मेरो चेलोलाई खोप्ने कामबाट बात गराउने कुरा तिम्रा चेलाहरूमा बिलकुलै लागू हुँदैन। उनी हरू छुत–छातमा पर्दा बिफरबाट बच्नलाई तिम्रो तालीमले उनीहरूलाई तयार गराउन सक्तैन। यदि उनीहरूलाई यो रोग लाग्यो भने शायद उनीहरू मर्नेछन्। म देख्तछु कि भिन्दाभिन्दै मुलुकहरूमा खोपाउनुबाट रोक्ने काम आवश्यकता हेरीकन हुन्छ, र यसको कारण स्पष्ट छ, यसनिमित्त एमिलको विषयमा यस प्रश्नको छलफल गर्न म तैयार छैन। ठाउँ, समय र अवस्थाअनुसार उसलाई खोपाइनेछ या खोपाइनेछैन, एमिलको विषयलाई लिएर यो बेठेगानको कुरा छ। यदि उसलाई बिफर आयो भने यसबाट के हुँदो रहेछ र त्यो रोग के रहेछ, त्यो कुरो थाहा पाइने एउटा फाइदा हुन्छ। त्यो वेश कुरो हो। यदि उसलाई स्वभावतः आफैं आयो भने ऊ डाक्टरको हातदेखि बाहिर हुनेछ, जुन झन् बेश कुरो हो।

मानिसहरूको थुप्रोबाट अलग्ग राखेर दिइएको छुट्टै किसिमको

शिक्षाले यस्तो तालीम रोज्दछ, जो सस्तो हुनुभन्दा महँगो होस्, यो सस्तो शिक्षा बढी उपयोगी नै किन नहोस्। यस प्रकार सावधानी पूर्वक शिक्षित तुल्याइएका नौजवानहरू घोडा चढ्न सिक्तछन्, किनभने यो खर्चालु छ। तर उनीहरूमध्ये कोही पनि पौडी खेल्न सिक्तैनन्, किनभने यसमा केही खर्च लाग्दैन; र एउटा कालीगढ पनि कोहीभन्दा कम पौडन नजान्ने हुँदैन। अरू घोडा चढन सिकाउने पाठशालाबाट पास नभईकन पनि यात्री घोडा चढ्न, यसमा अडेर बस्न र कामका निमित्त प्रशस्त राम्रोसित घोडा चढ्न जान्दछ, तर यदि तिमी पानीमा पौडन जान्दैनौ भने डुब्नेछौ र यदि हामीलाई पौडी खेल्न सिकाइएन भने हामी पौडी खेल्न सक्तैनौं। फेरि घोडा नचढे मर्नुपर्छ भन्ने कर पनि कसैलाई छैन, न त डुबेर मर्ने सामान्य आपत्‌बाट उम्किन्छ भन्ने कसैलाई निश्चय छ। एमिललाई जमीनमा र पानीमा उत्तिकै सुबिस्ता हुनेछ। हरेक तत्त्वमा रहन सक्ने सामर्थ्य उसमा किन नहुनु ? यदि उसले उड्न सिक्न सक्यो भने चील हुनेछ। यदि उसले त्यो तातो खप्न सक्ने भए म एमिललाई आगोमा रहने छेपारो बनाउने थिएँ।

बच्चाले पौडी खेल्न सिकिरहँदा ऊ डुब्छ कि भनेर मानिसहरू डराउँदछन्, सिकिरहँदाखेरि ऊ मर्‍यो भने या उसले पौडन नजानेर ऊ मर्‍यो भने यो तिम्रो दोष हुनेछ। मूर्ख साहस घमन्डको परिणाम हो। कसैले हेरचाहा नगरेको वेलामा हामी विचारहीन मूर्ख हुँदैनौं, सारा संसारले नै हेरचाह गरिरहे तापनि एमिल विचारहीन मूर्ख हुनेछैन। अभ्यास यसको आपत्‌मा निर्भर नगर्ने हुनाले कुनै आपत्तिविना एमिलले हेलेस्पन्ट पौडेर पार गर्नेछ, उसको बाबुको बगैंचाको खोलालाई त्यसै गरी पार गर्नेछ, तर आपत्‌देखि नहडबडाउनलाई यसमा उसको बानी पनि पर्नुपर्दछ। मैले भर्खर बताएको उसको सिकारु अवस्थाको मुख्य भाग यही हो। अरू त्यसमाथि पनि उसको बलअनुसारको खतरा मिलाइदिन होशियारी गर्नेछु, र यसमा म आफू पनि भाग लिनेछु, ताकि म आपनो जीवनको जति होशियारी गर्नेछु, त्यति होशियारी उसको जीवनको गरें भने कुनै मूर्खताको काम होला भनेर डराउनु पर्दैन।

मानिसभन्दा सानो बच्चा हुन्छ। मानिसको बल र विचार-शक्ति उसमा हुँदैन। तर मानिस जस्तै देख्न र सुन्न ऊ सक्तछ। उसको स्वादको चेतना बडो राम्रो हुन्छ। ऊ कम बेखुशी हुने भए तापनि यस्तो हुन्छ, र विलासीपनबाट नभए तापनि उसले सुगन्धहरूलाई स्पष्टसँग छुट्याउन सक्तछ। हाम्रा शक्तिहरूमध्ये पहिले पाको हुने हाम्रा चेतनाहरू हुन्, र तिनीहरूलाई नै बारंबार

बेवास्ता गरिन्छ ।

चेतनाहरूलाई तालीम गर्न उनीहरूलाई प्रयोग गरेर मात्र पुग्दैन । उनीहरूको उपायद्वारा हामीले विचार गर्न, जान्न र थाहा पाउन सिक्नु पर्दछ । किनभने हामीलाई जस्तो सिकाइएको छ, त्यसदेखि बाहेक हामी छुन, देख्न र सुन्न सक्तैनौं ।

चेतनाहरूको केवल प्राकृतिक र यान्त्रिक प्रयोग हुन्छ, जसले विचारको विकास नगराईकन शरीरलाई बल दिन्छ, पौडनु, दौडनु, उफ्रनु, टुप्पोमा लट्ठीले हान्नु, ढुंगाले हान्नु थो सब बडो बेश हो । तर के हाम्रा पाखुरा र खुट्टाहरू सिबाय अरू केही छैनन् ? के हाम्रा आँखा र कानहरू पनि छैनन् ? र के यी इन्द्रियहरू अरू बाँकी इन्द्रियहरूको प्रयोगका निमित्त आवश्यक छैनन् ? केवल बलको मात्र प्रयोग नगर । सबै इन्द्रियहरूको प्रयोग गर । जसले शरीरलाई यसको बाटो देखाउँछन्, उनीहरूमध्ये हरेकको खूब राम्रो प्रयोग गर । एउटाको परिणामहरूलाई अर्कोले रोक । नाप, गन, तौल, र तुलना गर । त्यसै रोकावटको मूल्यांकन नगरुन्जेलसम्म बल प्रयोग नगर । परिणामको मूल्यांकन सधैं उपाय लगाउनुभन्दा अघि नै हुनुपर्दछ । अपर्याप्त या अधिक प्रयास हटाउनमा बच्चाको चाहना उठाइदिनुपर्छ । यदि यस प्रकारसँग उसका सबै क्रियाहरूका परिणामहरूको विचार गर्न र उसका सबै भूलहरूलाई सच्याउन उसलाई तालीम गर्‍यो भने के यो स्पष्ट छैन कि जति जति गर्छ, उति उति बुद्धिमान् हुँदै जानेछ ?

एउटा गह्रौं बोझ हटाउने कुरा लिऊँ । यदि उसले ज्यादै लामो डंडी लियो भने उसले आपनो बल खेर फाल्नेछ । यदि उसले ज्यादै छोटो डंडी लियो भने उसको बल पुग्नेछैन । अनुभवले उसलाई जस्तो डंडी चाहिन्छ, उस्तै प्रयोग गर्न सिकाउनेछ । यो ज्ञान उसको उमेरदेखि माथिको होइन । उदाहरणार्थ, एउटा भारी बोकेर लैजाने कुरा लिऊँ । यदि उसले आफूले बोक्न सक्ने जति बोक्न चाहन्छ र आफूले बोक्न नसक्नेभन्दा बढ्ता लैजान चाहँदैन भने के उसले यो बाहिर देख्तैमा यसको बोझको विचार गर्नुपर्दैन ? के ऊ उस्तै वस्तु र भिन्दै आकारको बोझको तुलना गर्न जान्दछ, या के ऊ उस्तै आकारका र भिन्दै वस्तुहरूमध्ये कुन चाहिं रोज्ने, त्यो कुरा जान्दछ ? उनीहरूको खास बोझहरूको तुलना गर्न उसले यसैमा काम गर्न थाल्नुपर्दछ । खूब उच्च शिक्षा पाएको एउटा नौजवानलाई मैले देखेको छु, जो उसले जाँचेर र नहेरुन्जेलसम्म उही एउटै बाल्टिन काठको टुक्राले भरिएकोभन्दा पानीले भरिएको बढ्ता गह्रौं हुन्छ ।

हाम्रा सबै इन्द्रियहरू समान रूपमा हाम्रो नियन्त्रणमा हुँदैनन् । उनीहरूमध्ये एक स्पर्शेन्द्रिय हाम्रो जाग्रत् अवस्थामा सधैं नै क्रियाशील रहन्छ । हामीलाई हानि-नोक्सानी गराउन सक्ने कुनै कुराबाट हामीलाई जनाउ दिन पालो बसेको पहरादार जस्तै यो हाम्रो शरीरभर फैलिएर रहेको हुन्छ । हामीले इच्छा गरे पनि नगरे पनि हामी सबभन्दा पहिले अनुभवद्वारा, हरबखतको अभ्यासद्वारा यसको प्रयोग गर्दछौं र त्यस कारण यसका निमित्त खास तालीमको आवश्यकता छैन । तथापि हामीलाई यो थाहा छ कि अन्धाहरूको स्पर्शेन्द्रिय हामीहरूको भन्दा बढ्ता निश्चित र बढ्ता सूक्ष्म हुन्छ । किनभने जुन कुरा हामी दृष्टिबाट थाहा पाउँछौं, त्यो कुरा स्पर्शबाट पाउनलाई उनीहरू बाध्य हुन्छन् । तब किन उनीहरूले जस्तै अँध्यारोमा हिंड्न, जे हामी छुन्छौं त्यो वस्तु चिन्न हाम्रा बरिपरिका वस्तुहरूको भेद छुट्याउन, संक्षेपमा, जुन कुरा उनीहरू दृष्टिविना दिउँसोको समयमा गर्दछन्, त्यो कुरा हामीले रातमा र अँध्यारोमा गर्न हामीलाई किन तालीम गरिंदैन ? सूर्य चम्कंको बेलामा या दिनको प्रकाशमा हामी उनीहरूभन्दा बेश अवस्थामा हुन्छौं, अँध्यारोमा हामीलाई बाटो देखाउने उनीहरूको पालो । यस भेदले हाम्रो आधा समय हामी अन्धा हुन्छौं । जब हामीहरू अँध्यारोमा हिंड्न डराउँदछौं, त्यो वेला साँच्चीकै अन्धाहरू आफूले के गर्नुपर्दछ, त्यो कुरा सधैं जान्दछन् । तिमी भन्नौला, हामीसँग बत्तीहरू हुन्छन् । के ? सधैं नक्कली सहायता ? आवश्यकता परेको बेला ती सधैं हाम्रा हातमा हुन्छन् भन्ने कुरा कसले निश्चय गर्न सक्तछ ? एमिलका आँखाहरू मैन बत्तीवालाको दुकानमा हुनुभन्दा उसको बरु औंलाका टुप्पाहरूमा भए हुन्थ्यो भन्ने म इच्छा गर्दछु ।

यदि रातमा तिमीलाई कुनै घरमा बन्द गरेर राखियो भने, थपडी मार र अनि तिमी थाहा पाउनेछौ कि त्यो ठाउँ ठूलो रहेछ कि सानो रहेछ, तिमी बीचमा रहेछौ कि एउटा कुनामा रहेछौ । भित्तादेखि आधा फूटपर जुन हावा मोडिन्छ र स्वतन्त्रतापूर्वक वरिपरि फैलिंदैन, त्यसले तिम्रा मुखमा भिन्दै किसिमको परिणाम पैदा गर्दछ । एकै ठाउँमा चूप चाप खडा रहू र यता उता फर्क । हावाका एउटै ज्यादै सानो झोक्काले पनि तिमीलाई त्यहाँ कुनै ढोका खुला छ कि भन्ने कुरा बताउँदछ । यदि तिमी कुनै डुंगामा छौ भने हावाले तिम्रो मुखमा हिर्काएका तरीकाबाट तिमी जतातिर गइरहेछौ, त्यो दिशा मात्र होइन कि हावाको प्रवाहले तिमीलाई ढीलो या चाँडो लगिरहेछ त्यो पनि थाहा पाउँदछौ । यी विचारहरू र अरु यस्ता धेरै विचारहरू पनि रातमा मात्र ठीक

सग गर्न सकिन्छन् । तर दिनको प्रकाशमा हामीले जतिसुकै ध्यान दिए तापनि आँखाले हामीलाई सधैं मद्दत दिन्छ या रोकावट दिन्छ, ताकि परिणामहरू हामी बाट फुत्किन्छन् । तैपनि हामी यहाँ न हात प्रयोग गर्छौं, न लट्ठी नै । कहिल्यै कुनै चीजलाई नछोईकन स्पर्शेन्द्रियबाट कति कुरा सिक्न सकिन्छ । म भए अँध्यारोमा प्रशस्त खेलहरू खेल्ने थिएँ । यो विचार पहिले यसो हेर्दाखेरिभन्दा धेरै बढी मूल्यवान् छ । मानिसहरू स्वभावतः अन्धकारदेखि डराउँछन् । त्यस्तै अरू जनावरहरू पनि छन् । यस भारतबाट ज्ञान, दृढ इच्छा, र साहसद्वारा थोरै मानिस मात्र स्वतन्त्र छन् । मैले धेरै विचारवान्, नास्तिक र दार्शनिकहरूलाई दिनको उज्यालोमा ज्यादै बहादुर र अँध्यारोमा एउटा पात चलेको आवाजमा पनि स्वास्नीमानिसहरू जस्तै डरले थर-थर कामेको देखेको छु । धाईका कथाहरूलाई यो डरको कारण देखाएइको छ, यो भूल हो । यसको स्वभाविक कारण छ । यो कारण के हो त ? कुनैले बहिराहरूलाई शंकालु र निम्न श्रेणीकाहरूलाई अन्धविश्वासी तुल्याउँछ ? त्यो हो हाम्रा आसपासका वस्तुहरूको र हाम्रो वरिपरि के भइरहेछ, त्यसको अज्ञान । टाढैबाट वस्तुहरू थाहा पाउने र उनीहरूको परिणामको विचार गर्ने बानी परिसकेको म मेरो वरिपरि कयौं जीबात्हरू छन् र सब प्रकारका चालहरू भइरहेछन्, जसले मलाई हानि नोक्सानी गर्न सक्छन् र जसबाट म आफूलाई बचाउन सक्तिनँ भन्ने कुराको कल्पना कसरी गर्न सक्तछु, जब म केही त्यस्तो देख्तिनँ जहाँ म छु त्यहाँ निर्भय छु भन्ने कुरा विचार गर्नु व्यर्थ छ । आफूले साँच्चीकै यस्तो नदेखीकन म कहिल्यै निःशंक हुन्नँ, ताकि मैले डर मान्नुपर्ने कारण सधैं हुन्छ, जो दिनको विस्तीर्ण प्रकाशमा विद्यमान थिएन । म जान्दछु कि कुनै बिरानो कुराले पनि अलिकति पनि आवाज नदिईकन ममाथि असर पुऱ्याउन सक्तैन र कस्तो ध्यानपूर्वक म सुन्दछु ! अलिकति पनि आवाजमा जसको–मतलब म बताउन सक्तिनँ, आत्मसंरक्षणको इच्छाले मलाई हरेक कुराको कल्पना गराउँदछ । जसले मलाई सावधानीमा राख्तछ र त्यस कारण ज्यादा विचार गरेको कुराले मलाई डराउने तुल्याउँदछ ।

यदि मैले कुनै आवाज सुनिनँ भने मलाई बेचैनी हुन्छ । किनभने आवाजै नदिईकन ममाथि अकस्मात् हमला हुन सक्तछ । वस्तुहरू पहिले जस्ता थिए र जस्ता हुनुपर्दछ, त्यस कुराको कल्पना मैले गर्नैपर्ने हुन्छ; म जो देख्तिनँ, त्यो मैले देख्नैपर्ने हुन्छ । यसरी आफ्नो कल्पनालाई अभ्यास विनाले झाँडै नै म यसको गुलाम बन्दछु र आफूलाई निश्चित तुल्याउन म जे गर्दछु त्यसले त

मलाई झन्झन् भयभीत तुल्याउँछ। म एउटा आवाज सुन्दछु, यो डाँकू रहेछ; म केही सुन्दिनँ, यो भूत रहेछ। आत्मसंरक्षणको विचारले उठाएको होशियारीले मलाई झन्झन् तर्साउँदछ मात्र। जुन हरेक कुराले मलाई निश्चित तुल्याउनु पर्दथ्यो, त्यो हरेक कुरा मेरो तर्कका निमित्त मात्र रहन्छ र तर्कको आवाजभन्दा चेतनाको आवाज ठूलो हुन्छ। जब डराउनुपर्ने कुरो केही छैन त त्यसको विचार गर्नाले के फाइदा? किनभने त्यस कुरामा हामीले गर्न सक्ने केही छैन।

कारणले नै उपायको संकेत दिन्छ। हरेक कुरामा आदतले कल्पनालाई दबाउँदछ। जुन नयाँ कुरा छ, त्यसले यसलाई उठाइ मात्र दिन्छ। यो कल्पना नै होइन, तर जो हामी हरेक दिन देख्तछौं, त्यससँग सम्बन्धित सम्झना मात्र हो र त्यो "Ab assuetis non fit passio" भन्ने सिद्धान्तको कारण त्यही हो। किनभने कल्पनाको ज्वालामा मात्र प्रबल भावनाहरूको जागृति हुन्छ। त्यस कारण जसलाई तिमी अन्धकारको डरको रोग निको तुल्याइदिन चाहन्छौ, उससँग केही वाद-विवाद नगर; उसलाई अक्सर अँध्यारो ठाउँमा लैजाऊ र निश्चिन्त रहू कि त्यो अभ्यास वेदान्तका सबै वादविवादहरूभन्दा बढ्ता उपयोगी हुनेछ। छाना छाउन लागेको अवालेलाई रिंगटा लाग्नु भनेको के हो, त्यो थाहा हुँदैन र जसलाई अँध्यारोमा बानी लागेको छ ऊ त्योदेखि डराउँदैन।

अँध्यारोमा खेल्ने खेलहरूबाट अर्को लाभ हुन्छ। यदि यी खेलहरू सफल हुनु छ भने यसमा रमाइलाको आवश्यकताको विषयमा म ज्यादा भन्न सक्तिनँ, अन्धकार जस्तो अँध्यारो अरू केही हुँदैन; तिम्रो बच्चालाई अँध्यारो कोठामा बन्द नगर। जब ऊ अँध्यारो ठाउँभित्र जान्छ, तब ऊ हाँसोस्; जब ऊ बाहिर आउँछ, तब ऊ हाँसोस्; ताकि उसले छोडेको खेल र अब खेल्ने खेलहरूको विचारले तरंगी कल्पनाबाट उसलाई बचाउन सकोस्, जुन कल्पनाले उसलाई पक्रन सक्तथ्यो।

जीवनमा एउटा अवस्था आउँछ, जसमा पुगेपछि हामी पछाडिपट्टि हट्छौं, मलाई लाग्छ म त्यस अवस्थामा पुगिसकेको छु। बितेको जीवनतिर फर्किरहेछु भने हुन्छ। वृद्धावस्थाको निकट आगमनले हाम्रा बाल्यावस्थाका सुखका दिनहरूको सम्झना हामीलाई गराउँछ। जब म बूढो हुन्छु, म फेरि बच्चा हुन्छु, र तीस वर्षको उमेरमा गरेका कुराहरूभन्दा दश वर्षमा गरेका कुराहरू ज्यादा झलझली सम्झन्छु। पाठकवृन्द! यदि कहिले कहिले मैले आफ्नै अनुभवबाट उदाहरणहरू देखाएँ भने त्यसमा मलाई क्षमा गर्नुहोला। यदि यो

पुस्तक राम्रोसँग लेखिनु छ भने यो लेख्ता मलाई मजा आउनुपर्दछ ।

म गाउँमा एकजना पादरी मसियः ल्याम्बर्सियरसँग बसेको थिएँ । मेरो साथी मेरा एक दाइ (काकाका छोरा) बर्नार्ड थिए । उनी मभन्दा धनी थिए र कुनै सम्पत्तिको उत्तराधिकारी पनि गनिएका थिए । आफ्ना बाबुबाट धेरै टाढा रहेको म एक गरीब टुहुरो मात्र थिएँ । मेरा दाइ बर्नार्ड ज्यादै कातर थिए, खास गरेर रातमा । उनको डर देखेर म उनीलाई खिज्याउँदथें । मसियो ल्याम्बर्सियर मेरो घमंडदेखि वाक्क भएका थिए र उनले मेरो साहसको परीक्षा गर्ने इरादा गरे । एक शरत् ऋतुको साँझ जब ज्यादै अँध्यारो थियो, उनले मलाई गिर्जाघरको साँचो दिए र उनले आफ्नो आसनमा छोडेको बाइबलको पुस्तक (ईसाईहरुको धर्म-ग्रन्थ) लिएर आऊ भने । उनले मलाई साहस दिन केही कुरा भने जसले मलाई इनकार गर्न नसक्ने तुल्यायो ।

म बत्ती नै नलिईकन हिंडें । यदि मैले बत्ती लिएको भए शायद झन् खराब हुने थियो । मैले चिहानबाट जानुपर्दथ्यो । मैले बहादुरीसँग यो पार गरें; किनभने जबसम्म खुल्ला हावामा हुन्थें, म अँध्यारोदेखि कहिल्यै डराउने थिइनँ ।

जब मैले ढोका खोलें, छानामा एक किसिमकोप्रतिध्वनि सुनें । स्वरहरुको जस्तो आवाज आयो र यसले मेरो रोमन साहसलाई हल्लायो । ढोका खोलेर म भित्र पस्न खोजें । तर जब म केही पाइला अगाडि बढें म अडें । जुन गम्भीर अन्धकारमा त्यो विशाल भवन थियो, त्यसको दृश्यले मेरो मनमा ढ्यांग्रो ठटायो र मेरा जम्मै रौंहरु ठाडा-ठाडा भए । म फर्कें, ढोकाबाट बाहिर निस्कें र सुइँकुच्चा ठोकें । चोकमा मैले सुलतान भन्ने एउटा सानो कुकुर देखें र उसले ममाथि प्रेम देखाएर मेरो खुट्टातिर उफ्रन थालेकोले मलाई फेरि साहास आयो । आफ्नो डरदेखि लज्जित भएर मैले आफ्नो पाइला फर्काएँ, सुलतानलाई मसँग लैजान खोजें । तर उसले मेरो पछि लाग्न मानेन । हतार-हतारसंग मैले ढोका खोलें र गिर्जाघरभित्र पसें । म भित्र पस्न पाएको थिइनँ, डरले मलाई फेरि सतायो र यस्तो मजबूतीसित सतायो कि मैले आफ्नो दिमाग गुमाएँ र त्यो धर्मोपदेशको आसन दाहिनेपट्टि छ भन्ने मलाई थाहा थियो तापनि मैले यसलाई देब्रेपट्टि खोजें र बेन्चहरुको बीचमा अड्केर म बिलकुल अलमलिएँ । न त्यो आसन, न ढोका, केही पनि भेट्टाउन नसकेर म मनको अवर्णनीय अवस्थामा परें । आखिर मैले ढोका भेटाएँ, र अघि गरेजस्तै गिर्जाघरबाट बाहिर निस्केर भाग्ने प्रबन्ध गरें, त्यस बेला मैले यो इरादा गरें कि दिनको उज्ज्वल

प्रकाशमा बाहेक अरू बेलामा म गिर्जाहरूभित्र पस्नेछैन ।

म घर फर्कें, र ढोकाको सिढीमा पुगेपछि, मैले अनुमान गरेजस्तै. मसियो ल्याम्वर्सियर खूबसित हाँसिरहेको मैले सुनें । उनको हाँसोको सामना गर्न लाज मानेर म ढोका खोल्न अनकनाइरहेको थिएँ, त्यसै बेला मेरो विषयमा उत्सुक भइरहेकी मिस ल्याम्बर्सियरले नोकर्नीलाई लालटिन ल्याऊ भनेको सुनें र मसियो ल्याम्बर्सियर मेरा वीर दाइलाई अघि लगाएर मलाई खोज्न जान तयार भए । अकस्मात् मेरा जम्मै डर हराए र म आफ्नो डरदेखि आफैं छक्क परें । म दौडें, गिर्जाघरतिर कुदें, बाटो नबिराईकन र छामछाम छुमछुम नगरीकन त्यसै आसनमा पुगें, बाइबल लिएँ र सिढीबाट तलतिर दौडें । तीन फड्कामा ढोका खुलै छोडेर गिर्जाघरबाहिर आइपुगें । सासै नफेरीकन म कोठाभित्र पसें र बाइबल टेबुलमाथि पर्याँकिदिएँ । डराएको त अवश्य थिएँ, तर प्रस्तावित सहायताविना मैले यो काम गरें भन्ने घमण्डले मेरो छाती फुल्न लागेको थियो ।

मैले यो कथाको उदाहरण यी खेलहरूको मजाको उदाहरणको रूपमा दिएको हो कि भनेर तिमी मलाई सोधौला । त्यसो होइन । मैले यो प्रमाणको रूपमा दिएको हो कि जोडिएको कोठामा अँध्यारोमा हाँसेको र कुरा गरेको सुनेर जो डराउँछ, उसलाई निश्चित तुल्याउनलाई यसभन्दा राम्रो विचार गरिएको कुनै कुरो अर्को हुँदैन । साँझमा तिम्रो चेलासित एक्लै खेल्नुको सट्टा तिमीले धेरै रमाइला बच्चाहरूलाई जम्मा गर्नु बेश हुन्छ, शुरु गर्नलाई उनीहरूलाई एक्लै नपठाऊ । तर धेरैलाई सँगसँगै पठाऊ र ऊ ज्यादा डराउनेछैन भन्ने अघिबाटै तिमीलाई निश्चय नभईकन एउटालाई मात्रै पठाउने साहस नगर । यिनीहरूको प्रबन्ध मिलाउनलाई कुनै सीप चाहिँदैन भन्ने कुरा विचार गरेर यी खेलहरूभन्दा मजाका र लाभदायक खेल अरू हुन्छन् भन्ने म अनुमान गर्न सक्तिनें । कुनै ठूलो कोठामा म टेबुलहरूको. आरामी-कुर्सीहरूको, कुर्सीहरूको र पर्दाहरूको एउटा भुलभुलैया बनाउने छु । यो भुलभुलैयाको अल्झाउने र अलमल्याउने घुमघुमैयाहरूमा आठ-दश ओटा झुटा बाकसहरू र उनीहरू जस्तै एउटा मिठाइहरूले भरिएको साँच्चीको बाकस राख्नेछु । स्पष्टसित र संक्षेपमा म त्यो ठाउँ बताइदिनेछु जहाँ त्यो ठीक चाहिं बाकस भेट्टाइनेछ । बच्चाहरूभन्दा बढी ध्यान दिने र उनीहरूभन्दा कम उत्तेजित हुने मानिसहरूलाई म यो भेट्टाउन प्रशस्त सूचना दिनेछु । ती साना प्रतिद्वन्द्वीहरूले प्रशस्त खिन्न हुने तुल्याएर त्यो ठीक चाहिं बाकस नभेटाउन्जेलसम्म पहिले एउटालाई,

अनि त्यहाँ पछि अर्कोलाई पठाउँदछु । उनीहरूको सीपअनुसार त्यस कामको कठिनाइ बढाइदिन्छु ।

आपनो साहसी कामको निमित्त बिलकुल घमंडले पूर्ण भएर हातमा बाकस लिएर फर्किरहेको एउटा नौजवान हर्क्युलिसको चित्रण मनमा गर ! त्यो बाकस टेबुलमा राखिन्छ र बडो समारोहका साथ खोलिन्छ । जब आशा गरिरहेका मिठाइहरूको सट्टा झ्याउमा या रुवामा राम्रोसित मिलाएर राखिएका एउटा गोबर कीरा, एउटा चिप्ले कीरा, एउटा टुक्रा अंगार अलिकति सिसौ काठका फलहरू, एउटा मूला या यस्तै अरू कुनै चीज भेट्टाउँछ, तब ती आनन्दी बच्चाहरूको जमातबाट हाँसोको बमगोला पड्किन्छ ।

अर्को पटक भरखर चून लाएको कोठामा कुनै खेलौना या असबाबको कुनै मानो चीज भित्तामा झुण्ड्याइनेछ र बच्चाहरूले भित्ता नछोईकन त्यहाँ गएर यो चीज ल्याउनुपर्नेछ । जुन बच्चा यी शर्तहरू पूरा गर्न नसकीकन त्यो चीज लिएर आउँछ, उसको टोपीको घेरामा उसको जुत्ताको टुप्पामा, उसको कोटको बगलमा अथवा बाहुलामा सेतो धब्बा लागेको हुन्छ, यसले उसको सीपको कमी देखाउँछ ।

यी खेलहरूको मजा देखाउनलाई यत्ति नै काफी छ, काफीभन्दा पनि बढी छ । यदि तिमीलाई मैले हरेक कुरा बताउने अपेक्षा गर्दछौ भने मेरो पुस्तक नपढ ।

अरूसँग तुलना गर्दा यसरी शिक्षित भएको मानिसलाई कत्रो लाभ हुन सक्तछ ! उसका खुट्टाहरू अँध्यारोमा मजबूतीसँग टेक्न उसका हातहरू हलुकासँग बानी परेका हुन्छन् । तिनीहरूले उसलाई चूक घोप्ट्याए जस्तो अँध्यारोमा पनि निर्विघ्नतापूर्वक बाटो देखाउँदछन । उसको कल्पना उसको बाल्यावस्थाको साँझका खेलहरूमा व्यस्त रहन्छ र ऊ डरलाग्दा वस्तुहरूको विचार गर्न सक्तैन । यदि ऊ हाँसो सुनेको सम्झन्छ भने यो हाँसो उसका पहिलेका खेल्ने साथीहरूको हुन्छ, न कि कुनै बहुला भूतहरूको । यदि ऊ मानिसहरूको जमात सम्झन्छ भने आइतबारका दिनका बोक्सीहरूको जमात होइन कि उसको गुरुको पढ्ने कोठामा जम्मा भएका छात्रहरूको जमात हो । रातमा मात्र यी आनन्दी सम्झनाहरूको याद हुन्छ, र यसले कहिल्यै उसलाई तर्साउँदैन । यसले त उसलाई डर होइन कि आनन्द दिलाउँछ । ऊ जुन समय पनि आफ्ना फौजले सहित भएर या रहित भएर फौजी यात्राको निमित्त तयार रहनेछ । ऊ राजा सल (Saul) को शिविरभित्र पस्नेछ, आफ्नो बाटो भेट्टाउनेछ, कसैलाई पनि नब्यूँझाईकन राजाको

पालमा पुग्नेछ र कसैले पनि नदेखीकन फर्कनेछ । न्ह्रे ससका लडाईंका घोडाहरू चोर्नुपरे तिमीले यस काममा उसलाई विश्वास गरे हुन्छ । अरू कुनै तरीकाबाट शिक्षित भएका मानिसहरूमध्ये तिमीले अर्को युलिसेस भेट्टाउनेछैनौ । मैले ती मानिसहरूलाई चिनेको छु जो आफ्ना बच्चाहरूलाई अँध्यारोमा नडराउने तुल्याउनलाई उनीहरूलाई झस्काउने कोशिश गर्दथे । यो बडो खराब युक्ति हो; यसका परिणामहरू इच्छा गरिएमा परिणामहरूको ठीक विपरीत हुन्छन् र यसले बच्चाहरूलाई झन् कातर मात्र तुल्याउँछ । न तर्कशक्तिले, न त आदतले विद्यमान आपत्को डरबाट हामीलाई बचाउन सक्तछ, जसको परिमाण र प्रकार थाहा हुँदैन, न त आकस्मिक या आश्चर्यका डरहरूबाट बचाउन सक्तछन्, जो हामीले अनुभव गरेका छौं । तथापि यस्ता भवितव्यताहरूबाट आफ्नो चेलालाई बचाइराख्न सक्तछु भनेर तिमी कसरी निश्चित हुन सक्तछौ ? मलाई लाग्दछ, उसलाई अघिबाटै दिने सबभन्दा बेश सल्लाह यही हो । म एमिललाई भन्नेछु, "त्यो आत्मरक्षाको कुरो हो । किनभने आक्रमणकारी तिमीलाई चोट लाउन खोज्छ, या तर्साउन खोज्छ, तिमीलाई थाहा दिँदैन र अनुकूलता उसको पक्षमा हुनाले तिमीले भागेर पनि आश्रय पाउन सक्तैनौ । त्यस कारण मानिस होस्, वा जनावर होस् जसले तिमीलाई थाहै नदिईकन अँध्यारोमा समात्छ, उसलाई वीरतापूर्वक पक्र ! त्यसलाई अँठ्याऊ ! सकेसम्म बल गरेर निचोर ? यदि ऊ झवकडमक्कड गर्न थाल्यो भने हिर्काऊ, हिर्काऊ, थप्पड नबचाऊ र ऊ जेसुकै भनोस् वा गरोस् ऊ को रहेछ तिमीले नचिनुन्जेलसम्म उसलाई नछोड । यस घटनाले शायद यो प्रमाणित गर्नेछ कि तिमीले डराउनुपर्ने कुरा केही थिएन । तर यसरी मर्का पर्ने गरी ठट्टा गर्नेहरूलाई यसले फेरि यस्तो गर्ने प्रयासबाट रोक्नेछ ।

स्पर्शेन्द्रिय ज्यादै प्रयोग भइरहने इन्द्रिय हो, तापनि मैले अघि बताए-जस्तै यसको भेद छुट्याउने शक्ति अरू इन्द्रियको भन्दा मोटो र अपूरो हुन्छ । किनभने यसको साथै हामी सँधै दृष्टि प्रयोग गर्दछौं । वस्तुलाई पहिले आँखाले थाहा पाउँछ र हात प्रयोग नगरीकन मन प्रायः सधैं विचार गर्दछ । अर्कोतिर हातले छामेर थाहा पाउनु सबभन्दा निश्चित हुन्छ । किनभने यसको सीमा हुन्छ । हाम्रो हात पुग्न सक्ने ठाउँसम्म मात्र यसको विस्तार हुने हुनाले यसले अरू अरू इन्द्रियहरूको हतपते विचारहरूको शुद्धि गरिदिन्छ, जुन विचारहरू थाहा नपाइएका वस्तुहरूमाथि झम्टन पुग्छन्, तर छोएर हामी जो थाहा पाउछौं, त्यो पूरासँग थाहा पाउँछौं । अझ त्यसमाथि पनि स्पर्शले ग्राहिएको

वेलामा हाम्रा मांसपिंडहरूको शक्तिलाई नसाहरूका क्रियासँग सम्मिलित गराइदिन्छ । हामी एकै चोटी उब्जेका चेतनाहरूद्वारा तापक्रम, आकार, रूपका हाम्रा विचारहरूलाई तौल र घनापनका विचारहरूसित सम्मिलित गराउँदछौं । यस प्रकार स्पर्श त्यो इन्द्रिय हो, जसले हामीमाथि बाह्य वस्तुहरूको क्रिया सबभन्दा राम्रो तौरले थाहा दिन्छ । यस इन्द्रियले हाम्रो आत्मसंरक्षणका निमित्तको आवश्यक ज्ञान बिलकुल सोझै तरीकाले हामीलाई दिन्छ ।

तालीम भएको स्पर्शले दृष्टिको ठाउँ लिन्छ भने यसले केही मात्रामै भए पनि श्रवणको ठाउँ किन नलिनु ? किनभने शब्दजनक वस्तुहरूको ठूलो आवाजले स्पर्शेन्द्रियले थाहा पाउने गरी थर्थराहट पैदा गरिदिन्छ । सैलोबाजा माथि हात राखेर र कानको प्रयोग नगरीकन कुन चालसित त्यो काठ थर्कन्छ र काम्दछ, त्यस चालबाट मात्र त्यो निस्केको आवाज तीखो छ कि धोत्रो छ, या त्यो आवाज तेहरो तारबाट आएको हो वा तलतिरबाट आएको हो, त्यो हामी छुट्याउन सक्तछौं । यदि हाम्रो स्पर्श यी भिन्नताहरू थाहा पाउन तालीम भइदिएको भए निःसन्देह हामीहरू समयमा यस्तो चेतनशील हुने थियौं कि हामी आफ्ना औंलाहरूद्वारा जम्मै स्वर सुन्न सक्ने थियौं । यदि हामी यो कुरा स्वीकार गर्दछौं भने यो स्पष्ट हुन्छ कि मानिस संगीतद्वारा सजिलैसँग वहिरासँग कुरा गर्न सक्तछ । किनभने स्वर र मात्राको उत्तिकै नियमित मिलान हुन सक्तछ, जत्तिको आवाज र स्पष्ट उच्चारणको हुन सक्तछ, ताकि उनीहरू भाषाका तत्त्वहरू झैं प्रयुक्त हुन सकून् ।

यस्ता अभ्यासहरू छन्, जसले स्पर्शेन्द्रियलाई कम र मन्द गरिदिन्छन् । अरू यस्ता अभ्यासहरू छन्, जसले यसलाई तिख्याउँदछन् र सूक्ष्म र छुट्याउन सक्ने तुल्याउँदछन् । पहिला थरी अभ्यासहरू ज्यादै चलनमलन गर्दा र साह्रा वस्तुहरू बराबर छुँदाखेरि पर्ने जोरमा हुन्छन् । तिनीहरू छाला सारो र बाक्लो तुल्याउँदछन् र यसलाई प्राकृत चेतनाले रहित तुल्याइदिन्छन् । दोस्रा थरी अभ्यासहरू ती हुन्, जसले यस चेतनालाई थोरै र वारंवारको संसर्गले विभिन्न प्रकारको तुल्याउँदछन्, ताकि हरबखत भइरहने प्रभावहरूमा मनले ध्यान दिन्छ र सजिलोसँग उनीहरूको विभिन्नता थाहा पाउन सिक्तछ । संगीतका बाजाहरूमा यो फरक स्पष्ट थाहा हुन्छ । सेलो बाजाको, सारंगी बाजाको, र बेला बाजाको पनि कडा र दुखाउने तारहरू छोइरहनाले औंलाहरूलाई नरम त तुल्याउँछ, तर यसले औंलाका टुप्पाहरूलाई कडा तुल्याउँछ । वीणाका तारलाई नरम र कोमल चालसित छोइरहनाले औंलाहरूलाई नरम

र चेतनशील तुल्याउँदछ । यस सम्बन्धमा वीणाको तारलाई नै पसन्द गर्नु पर्दछ । छालाले शरीरको अरू भागको बचावट गर्दछ, त्यस कारण हावाका असरहरूबाट छालालाई बचाउन यसलाई कडा तुल्याउनु बडो मुख्य कुरा छ । ताकि यो त्यसको अदलीबदली खप्न सकोस् । यस विषयमा म यो भन्न सक्तछु कि सधैं एकै किसिमको काममा हात लगाएर यसलाई कडा तुल्याउने पक्षमा म छैन, न त हातको छालालाई नै पनि कडा तुल्याउन हुन्छ । यसो गर्नालि स्पर्शको सूक्ष्म इन्द्रियले काम नगर्ने हुन्छ । जसले शरीरलाई के के भइरहेको छ, त्यसको खबर दिइराख्छ र यस प्रकारको संपर्कले कहिले-कहिले अंध्यारोमा पनि हामीलाई भिन्दाभिन्दै तरीकाले थर्कमान तुल्याउँछ ।

मेरो चेलाले उसको खुट्टामुन्तिर गोरुको छाला सधैं लाउन किन बाध्य हुनुपर्‍यो ? यदि उसको आफ्नै छालाले उसलाई आवश्यकता परेको बेलामा तलुवाको काम दिन्छ भने त्यसमा के नोक्सान छ ? यस कुरामा नरम छाला कहिल्यै केही उपयोगी हुँदैन भन्ने स्पष्ट हुन्छ र यसले अक्सर हानि पनि गर्न सक्ने हुन्छ । मध्य-हिउँदको मध्य-रातमा जिनेभा निवासीहरूलाई उनीहरूका शत्रुहरूले उठाउँदा उनीहरूले आफ्ना बन्दूकहरू समाते, न कि आफ्ना जुत्ताहरूको भन्न सक्तछ कि यदि त्यस शहरका निवासीहरू नांगा खुट्टाले हिंड्न नसकेका भए त्यो शहर वैरीहरूको कब्जामा पर्ने थियो ?

भविष्यमा हुने अज्ञात कुराहरूका निमित्त मानिस अघिबाटै संधैं तयार भएर रहोस् । एमिल नांगो खुट्टाले सालभर भर्‍याङमाथि, भर्‍याङमुनि र बगैंचामा यताउति दगुरोस् । उसलाई हप्काउनु त कता हो कता, अझ म उसको उदाहरणको अनुसरण गर्नेछु । म यति मात्र होशियारी गर्नेछु कि फुटेका काँचहरू यताउति नरहून् । म चाँडै नै कामको बारे, हातले गर्ने कामको बारे ऊसँग कुरा गर्न थाल्नेछु । त्यसै बेला या साथसाथै ऊ हरेक कसरत गर्न सकोस्, जसले उसको शरीरको फुर्ती बढाइदिन्छ । उसले उफ्रने, कुद्ने, रूख र परखालहरू चढ्ने अभ्यास गरोस्, ऊ आफूलाई सजिलो र दरिलोसित जुनसुकै ढंगमा पनि राख्न सिकोस् । ऊ संधैं आफ्नो तौल थाहा पाओस्, र उसले पदार्थहरूको गुरुताको विज्ञानद्वारा तिनीहरूको व्याख्या गर्न सिक्नुभन्दा धेरै अघि ऊ आफ्नो शरीरको हरेक चाल र चलाइलाई बोझका कानूनहरूले नियमित तुल्याओस् । जुन काइदाले उसको खुट्टाले जमीनमा टेकेको छ, जुन काइदाले उसको खुट्टामाथि उसको शरीर अडेको छ, त्यसै काइदाले उसले यो थाहा पाउनुपर्दछ कि उसले आफूलाई राम्रोसित थामेको छ कि छैन । सजिलो

ढङ्ग सधैं राम्रो हुन्छ र ज्यादै दृढ चालहरू खूब सुन्दर हुन्छन् । यदि म नाच सिकाउने माष्टर भइदिएको भए म मार्सेलको बाँदर चाल खेल्न इनकार गर्ने थिएँ, जुन नाच घरको मंचमा मात्र खेलिन ठीक छन्, तर मेरो चेलालाई काल्पनिक कुराहरूमा व्यस्त राख्नु भन्दा बरु उसलाई कुनै चट्टानको फेदीमा लैजाने थिएँ । त्यहां म उसलाई आफूलाई कसरी खडा राख्ने, आफ्नो जीउ र शिरलाई कसरी मिलाएर लैजाने, कसरी पहिले एउटा खुट्टा राख्ने र त्यहाँपछि एउटा हात राख्ने, ती ठाडा, कठिन र खडपड बाटोहरूबाट कसरी जाने, तल या माथि एक ठाउँबाट अर्को ठाउँमा कसरी उफ्रने आदि कुराहरू देखाउने थिएँ । उसले नाटकका नटुवाहरूको होइन कि पहाडिया बाख्राको नकल गर्नुपर्छ ।

जसरी स्पर्शले मानिसको नजीकको लगापातहरूमा आफ्ना कामहरूलाई सीमित राख्तछ, त्यसरीनै दृष्टिले आफ्नो परिधिलाई तिनीहरूदेखि पल्तिरसम्म फैलाउँदछ । भूल गराउने यसैले हो । मानिस आफ्नो आधा आकाशगर्भ एक दृष्टिमा देख्छ, एकैचोटि उब्जेका कैयौं भाव र तिनीहरूबाट उठाइएका विचारको बीचमा उसले कहिले-कहिले भूल गर्न कसरी चुक्न सक्तछ ! यस प्रकार हाम्रा इन्द्रियहरूमध्ये दृष्टि सबभन्दा कम विश्वासनीय हुन्छ किनभने यसको परिधि ज्यादै विशाल छ । अरू इन्द्रियहरूभन्दा यो धेरै अगाडि काम गर्दछ र यसको काम ज्यादै छिटो हुन्छ । र अरू इन्द्रियहरूले सच्याउनलाई ज्यादै विस्तृत हुन्छ । फेरि त्यसमाथि पनि यदि हामीले कुनै ठाउँको ज्ञान प्राप्त गर्नु छ भनेर ठाउँको एक भागलाई अर्को भागसँग तुलना गर्नु छ भने टाढाका दृश्यहरूको झूटो कल्पनाहरूको आवश्यकता हुन्छ । झूटा रूपहरूको कल्पनाविना हामी टाढाका कुनै कुरा पनि देख्न सक्तैनौं; आकार र स्वरका क्रमहरू नमिलाईकन हामी दूरताको विचार गर्न सक्तैनौं अर्थात् योविना हाम्रा निमित्त दूरताको अस्तित्व हुँदैन । यदि दुई रूखहरूमध्ये एउटा चाहिं हामीबाट सय पाइला टाढा छ र अर्को चाहिं दश पाइला टाढा र तिनीहरू बराबरी ठूला र स्पष्ट देखिनेछन् भने हामीले तिनीहरू सँगसँगै छन् भन्ने ठान्नुपर्दथ्यो । यदि हामीलाई वस्तुहरूको साँच्चीकै परिमाण अर्थात् तिनीहरूको लम्बाइ, चौडाइ र मोटाइको ज्ञान भइदिएको भए हामीलाई ठाउँको विषयमा केही थाहा हुने थिएन । हरेक कुरा हाम्रो आँखाको नजीकै लाग्ने थियो ।

कुनै वस्तु र हाम्रा आँखाको बीचमा जुन कोण बन्दछ, त्यसको माध्यमद्वारा मात्र हाम्रो दृष्टिले तिनीहरूको आकार र दूरताको अडकल गर्दछ र यो कोण मिश्रित या संयुक्त कारणहरूको साधारण असर भएको हुनाले जुन विचार

हामी गर्दछौं, त्यसले अनेक कारणहरूमध्येको भेद छुटचाउँदैन; हामी भूल गर्न बाध्य हुन्छौं। मलाई जुन कोणमा एउटा वस्तु अर्को वस्तुभन्दा सानो लाग्दछ, त्यसले यो वस्तु साँच्चीकै सानो छ या यो टाढा छ भन्ने कुरा सूचित गर्दछ या गर्दैन, त्यस दृष्टिद्वारा मात्र म कसरी बताउन सक्तछु।

यहाँ हामीले पहिलेको हाम्रो योजनालाई उल्टाउनुपर्दछ, चेतनालाई सरल तुल्याउनको सट्टा यसलाई सधैं बल दिएर झन् मजबूत तुल्याउनुपर्दछ र अर्को इन्द्रियद्वारा यो ठीक भएको नभएको जाँचेर हेर्नुपर्दछ भने आँखालाई हातको अधीन तुल्याऊ र पहिलो चाहिंको हडबडीलाई पछिल्लो चाहिंको ढीलो र विचारपूर्वकको गतिले रोक्नुपर्दछ। यस किसिमको अभ्यासको कमीले हाम्रो दृष्टिका माप या परिमाणहरू बिलकुल अपूरा हुन्छन्। हामीहरू ठीकसित र एकै दृष्टिमा उँचाइ, लमाइ, चौडाइ र दूरताको अडकल गर्न सक्तैनौं। इन्जिनीयरहरू, औभर्सियरहरू, कालिगढहरू, डकर्मीहरू र चित्रकारीहरू प्रायः छिटो देख्तछन् र दूरताहरूलाई ठीकसित अडकल गर्न सक्तछन्। यसले यो प्रमाणित गर्दछ कि दोष हाम्रा आँखाहरूमा छैन, किन्तु हामीले गर्ने यसको प्रयोगमा छ। जुन तालीमको कमी हामीमा छ, त्यो तालीम उनीहरूलाई उनीहरूको कामले नै दिन्छ र उनीहरूले दृष्टिकोणको दोहोरो परिणामहरूलाई यसका साथसाथै हुने अनुभवहरूद्वारा रोक्तछन्, जसले उनीहरूको दृष्टिकोणका दोहोरा कारणहरूका सम्बन्धहरू निर्णय गरिदिन्छन्।

जुन कुराले बच्चाहरूलाई स्वतन्त्रतापूर्वक चलाइराख्तछ, त्यो तिनीहरू सधैं गर्दछन्। दूरता नाप्न, थाहा पाउन, र अडकल गर्न उनीहरूको चाहना उठाउने असंख्य उपायहरू छन्। त्यहाँ एउटा खूब अग्लो साबूदानाको रूख छ, साबूदानाहरूलाई हामीले कसरी टिप्ने ? के खलोको भन्याङ त्यसमा पुग्ला ? त्यहाँ एउटा फराकिलो खोलो छ, हामीहरू पारिपट्टि कसरी पुग्ने ? के चोकका काठहरूमध्येको एउटा काठ एउटा किनारादेखि अर्को किनारासम्म पुग्ला ? हाम्रो झ्यालबाट हामी खाडीमा माछा मार्न चाहान्छौं, कति गजको टाँगो चाहिएला ? म दुई रूखको बीचमा एउटा पिङ हाल्न चाहन्छु, के आठ हातको डोरीले पुग्ला ? तिनीहरू मलाई भन्छन् कि नयाँ घरको हाम्रो कोठा पच्चीस फुट लम्बा चौडा होला, के यो हाम्रो निमित्त प्रशस्त पुग्ला भन्ने तिमी ठान्दछौ ? के यो त्यसभन्दा ठूलो होला ? हामी सारै भोकाएका छौं, यहाँ दुइटा गाउँ छन्, भोजन गर्न हामी कुनचाहिंमा पहिले पुग्न सक्तछौं ?

एउटा ढीलो अल्सी बच्चालाई दुगुर्न सिकाउनुपरेको थियो। ऊ कुन

कसरत रुचाउँदैनथ्यो, तर ऊ फौजी जीवनका निमित्त इच्छा गरिएको थियो। जुनसुकै प्रकारले होस्, उसको दिमागमा यो विचार घुसेको थियो कि उसको दर्जाको मानिसले केही पनि जान्नुपर्दैन र केही पनि गर्नुपर्दैन। उसको जन्मले नै उसको हातखुट्टाको र हरेक गुणको काम दिनेछ। चिरनकै सीपले पनि यो सानो भलाद्मीलाई छिटो खुट्टा भएको आएचिलेस बनाउन सक्तै नथ्यो। उसलाई कुनै पनि आज्ञा नदिने मेरो इरादाले कठिनाइलाई झन् बढायो। धर्मोपदेश गरेर, धम्की दिएर, कबूलहरू गरेर, राम्रो कुराको नकल गर्न सिकाएर, ढाँचा देखाउने इच्छा गरेर उसलाई बाटोमा ल्याउन जम्मै दावा मैले छोडिदिएको थिएँ। मैले उसलाई केही पनि नभनीकन दौडन चाहने कसरी तुल्याउने ? म आफैं दौडन्थें। तर उसले मेरो उदाहरणको अनुकरण गरोइन, र यी उपायका अरू दोषहरू थिए। त्यसमाथि फेरि उसको शरीर र मनलाई सँगसँगै काम गराउन यस अभ्यासद्वारा उसलाई शिक्षा दिन मैले कुनै उपाय खोज्नैपर्छ, मैले या जुन शिक्षकले मलाई यो उदाहरण दिए, उनले यसमा यसरी शुरू गरे।

जब म उसलाई साँझमा डुलाउन लैजान्थें, कहिले-कहिले म आपनो बगलीमा त्यस किसिमका दुइटा पाउरोटी राख्तयें, जुन किसिमको ऊ खूब मन पराउँदथ्यो। हामी बाहिर हुँदा हरेकले एक–एक ओटा खान्थ्यौं र हाम्रो डुलाइबाट खुशी भएर फर्कन्थ्यौं। एक दिन उसले मसँग तीन ओटा पाउरोटी भएको देख्यो। ऊ सजिलैसँग छ ओटा खान सक्तथ्यो। यस निम्ति उसले आपनो रोटी छिटछिटो खायो र अर्को माग्यो। मैले भनें, "हुन्न, म यो आफैं खान्छु या हामी बाँडेर खाऔं, तर म ती साना दुइटा बालकहरूले यसको निमित्त दौड छाडेको हेर्न चाहन्छु।" मैले उनीहरूलाई हामी भएको ठाउँमा बोलाएँ, उनीहरूलाई त्यो रोटी देखाएँ र यो प्रस्ताव राखें कि यसको लागि उनीहरूले दौड छोड्नुपर्छ। उनीहरू दंग परे त्यो रोटी एउटा ठूलो ढुंगामा राखिएको थियो र निशाना नै त्यही थियो। बाटो चिन्हो लाइयो, हामी बस्यौं र संकेत दिने बित्तिकै बच्चाहरू कुदे! जित्नेले रोटी समात्यो र दर्शकहरूले र उसको हारेको साथीले देख्ता देख्तै कसैमाथि दया नगरीकन उसले खायो।

रोटीभन्दा खेल बेश थियो, तर त्यसै शिक्षाले तुरुन्त असर गरेन र कुनै परिणाम निकालेन्। म हताश भइनँ, न त मैले हतार नै गरें। सिकाउनु यस्तो काम हो जसमा मानिसले समय गुमाउन र बचाउन समर्थ हुनुपर्दछ। हाम्रा डुलाइहरू चल्दै गए। कहिले कहिले हामी तीन ओटा, कहिले कहिले

चार ओटा रोटी लिन्थ्यो र बेला–बेलामा दौडनेहरूका निमित्त एउटा या दुइटा रोटी हुन्थे, पुरस्कार ठूलो भएन भने पनि प्रतिद्वन्द्वीहरूको हौसला कम हुने थिएन । विजेताको प्रशंसा हुन्थ्यो, र उसलाई धाप मारिन्थ्यो र हरेक कुरा खूब समारोहका साथ हुन्थ्यो । दौडका निमित्त ठाउँ पुर्‍याउनलाई र दौडको चाहना बढाउनलाई मैले अझ लामो बाटोको चिह्न लगाएँ र कयौं नयाँ प्रतिद्वन्द्वीहरू भर्ना गरें । लगतमा उनीहरूका नाम चढिसकन पाएका थिएनन्, र बाटो हिंड्नेहरू त्यो हेर्नलाई अड्न थाले । कराएको, खुशी भएको, ताली बजाएको सुनेर उनीहरू प्रोत्साहित हुन्थे । जब एउटाले अर्कोलाई भेट्टाउन लाग्दथ्यो, त्यसै बेला कहिलेकाहीं म मेरो सानो मान्छे जोशले काम्रिरहेको, उफ्रिरहेको र कराइरहेको देख्तथें उसका निमित्त यी मानो ओलम्पियाका खेलहरू नै थिए ।

तर दौड छोड्नेहरू सधैं न्यायपूर्वकको खेल खेल्दैनथे । तिनीहरू आपसको बाटो छेक्तथे, आपसमा धक्का दिएर लडाउँदथे, या बाटोमा ढुंगाहरू राखिदिन्थे । यस्तोमा हामीले उनीहरूलाई छुट्याउनुपर्दथ्यो र निशानाबाट बराबर टाढा पारेर भिन्दै ठाउँहरूबाट शुरू गराउनुपर्दथ्यो । यसको कारण तिमी चाँडै नै देख्नेछौ । किनभने यो मुख्य कुरालाई मैले विस्तारपूर्वक गर्नुपर्दछ ।

आफूलाई मीठो लाग्ने रोटीहरू आफ्नै आँखाको अगाडि अरूले खाएको देख्ता देख्ता थाकेर त्यो बच्चा मालिकले छिटो दगुर्ने हुनुमा केही फाइदा रहेछ कि भन्ने सन्देह गर्न थाल्यो र दुई खुट्टा आफ्नै छन् भन्ने देखेर एकलासमा उसले दौडने अभ्यास गर्न थाल्यो । मैले केही पनि नदेखेको जस्तो गरें, तर मैले देखें कि मेरो जुक्तीले काम गरेछ । जब उसले म दौडन सक्तछु भन्ने ठहरायो (मैले पनि त्यस्तै ठहराएँ) उसले अर्को रोटी पनि दिनोस् भनेर मलाई पिरोलेको जस्तो बहाना गर्‍यो । मैले इनकार गरें । उसले जिद्दी गर्‍यो र आखिरमा उसले रिसाएर भन्यो "भंगो, यसलाई ढुंगामा राख्नोस् र बाटो चिह्नो लाउनोस्, अनि हामी हेरौंला ।" मैले हाँसेर भने, "बहुत बेश । तिमीलाई खूब भोक लाग्नेछ, तर रोटी त पाउने छैनौं ।" मैले गिज्याएको कुरा उसको मनमा बिझेर उसले साहस गर्‍यो, पुरस्कार सजिलैसित जित्यो । किन भने मैले ज्यादै छोटो बाटो चिह्नो लगाएको थिएँ र यसो कुराको होस राखेको थिएँ कि सबभन्दा बेश दौड्ने चाहिं निशानादेखि बाहिर पुगोस् । यो स्पष्ट हुनेछ कि यो पहिला कदमपछि उसलाई तालीममा राख्न मलाई कठिनाइ

परेन । चाँडै नै यस किसिमको अभ्यासमा उसले यस्तो मजा मान्न थाल्यो कि कुनै कृपाबिना बाटो जति लामो भए तापनि दौडमा ती साना किसानका लडकाहरूलाई जित्न प्रायः ऊ निश्चिन्त हुन लाग्यो ।

यस प्रकार प्राप्त गरेको लाभले अर्को अनपेक्षित लाभ गरायो । जहिले सम्म ऊ इनाम कम प्राप्त गर्दथ्यो, तहिलेसम्म उसका प्रतिद्वन्दीहरू जस्तै रोटी आफैं खान्थ्यो, तर जब बराबर उसले विजय प्राप्त गर्न थाल्यो, ऊ उदार हुँदै आयो र अक्सर हार्नेहरूसित बाँडेर खान थाल्यो । त्यसले मलाई नैतिकतामा एउटा शिक्षा दियो र उदारताको जड के रहेछ, त्यो मैले देखें । म हरेक प्रतिद्वन्दीको लागि दौड शुरू गर्ने ठाउँ भिन्दा-भिन्दै चिह्नो लाउँदथें । तर बराबर टाढा नपारेको कुरा ऊ देख्तैनथ्यो । यसो गर्दा उनीहरूमध्ये एकजनालाई निशानामा पुग्न बढ्ता डौडनुपर्ने हुनाले ऊ असुविधामा पर्दथ्यो । म मेरो चेलोलाई यो उसैको खुशमा छोडिदिन्थें, तापनि यसबाट कसरी फाइदा उठाउने हो ऊ जान्दैनथ्यो । टाढाको कुरा विचारै नगरी ऊ सधैं सबभन्दा सजिलो बाटो छान्दथ्यो । ताकि उसले यो बाटो छान्दछ भन्ने कुरा सजिलैसँग म बताउन सक्तथें र मेरो खुशमा प्रायः रोटी जित्ने या हार्ने तुल्याउन सक्तथें । यस जुक्तीमा मेरो एकभन्दा बढता अभिप्राय थियो; तर फरक उसले आफैं देखोस् भन्ने मेरो युक्ति हुनाले उसलाई यो थाहा दिन प्रयास गर्दथें । ऊ बहुधा अल्सी र मोजी भए तापनि ऊ आफ्ना खेलहरूमा यस्तो उत्सुक थियो र ममाथि उसको यत्तिको पूर्ण विश्वास थियो कि म उसलाई छकाइरहेको छु भन्ने कुरा उसलाई देखाउन मलाई बडो मुश्किल पर्‍यो । यस खेलमा उसको पूरा जोश भए तापनि मैले उसलाई यो कुरा देखाउने प्रबन्ध आखिरमा जब मैले मिलाएँ, ऊ मसँग रिसायो । मैले उसलाई भनें, "तिमीले फिराद गर्नुपर्ने कुरा के छ ? जुन दातव्य म आफ्नै इच्छाले गर्न चाहन्छु, के त्यसमा शर्तहरूको मालिक म होइन ? तिमीलाई कसले दौडाउँछ ? बाटाहरू बराबर तुल्याउँला भनेर के मैले तिमीलाई कबूल गरेको थिएँ ? के तिमीले आफ्नै खुशीले रोजेको होइन ? म तिमीलाई कृपा गरिरहेछु, बाटो बराबर नपारेको तिम्रै फाइदाको लागि हो र तिमीले यसको प्रयोग गर्न जान्नुपर्दथ्यो– के यी कुराहरू तिमीले बुझेनौ ?" त्यो उसलाई स्पष्ट भयो; अब बाटो रोज्दा उसले होशियारीसित हेर्नुपर्दछ । पहिले उसले पाइला गन्न खोज्यो, तर बच्चाले पाइलाहरू ढीलो र बेठीकसित नाप्तछ । फेरि त्यसमाथि पनि मैले एक दिनमा कैयौं दौडहरू गर्ने अठोट गरें र त्यो खेल त्यस बच्चाको एक किसिमको उमंग नै भइसकेकोले दौडका निमित्त तोकिएको समयको भाग

नाप्न नजानेकोमा उसलाई अफसोस लाग्यो। यस्ता ढिलाइ बच्चाको अधैर्यसित मेल खाने हुँदैनन्। त्यस कारण राम्रोसँग हेर्न र देख्नेबित्तिकै खूब ठीकसँग टाढाको विचार गर्न कोशिश गर्‍यो। अब यस शक्तिको विस्तार र विकास गर्न बिलकुल सुगम भयो। आखिरमा केही महीनाको अभ्यासपछि र उसका भूलहरूको सुधार गरेपछि देख्नेबित्तिकै विचार गर्ने उसको शक्तिलाई तालीमद्वारा यसरी बढाएँ कि सँलेकुनै टाढाको वस्तुमाथि एउटा नक्कली या बनावटी रोटी राख्नु मात्र पर्दथ्यो, उसको दृष्टि नापीवालको जंजीरजत्तिकै ठीक भइहाल्दथ्यो।

सबै इन्द्रियहरूमध्ये दृष्टि त्यो हो, जसलाई हामी मनका विचारहरूबाट कम छुटचाउन सक्तछौं। त्यसो हुनाले देख्न सिक्नलाई धेरै समय लाग्दछ। दृष्टि र स्पर्शको तुलना गर्न र आकार र दूरताको सच्चा विवरण दिन दृष्टिलाई तालीम गर्न लामो समय लाग्दछ। सिपी माछालाई जम्मै संसार नै एउटा विन्दु जस्तो लाग्नुपर्दछ, र यदि यसको मानवीय मन भइदिएको भए पनि यसका निमित्त त्यो केही बढ्ता देखिने थिएन। हिंडेर, थाहा पाएर, गनेर र वस्तुहरूको लमाइ. चौडाइ, मोटाइ, नापेर मात्र हामीहरू तिनीहरूलाई ठीकसँग विचार गर्न सिक्तछौं। तर अर्कातिर, यदि हामीले सधैं नापिरह्यौं भने हाम्रा इन्द्रियहरूले हतियार या औजारमाथि पत्यार गर्न थाल्दछन्, तर कहिल्यै विश्वास मान्दैनन्। न त बच्चाले हठात् नापबाट विचारतिर जानुहुन्छ; सिंगको तुलना गर्न नसकुन्जेल उसले अंश या भागहरूको तुलना गर्दै रहनुपर्दछ। अन्दाज गरिएका भागहरूको ठाउँमा ठीक भागहरू उसले राख्नुपर्दछ, र सधैं हातले नाप्ने सट्टा आँखाले मात्र नाप्ने बानी लगाउनुपर्दछ। तर उसका पहिला अन्दाजहरूलाई म नापेर जाँच्न चाहन्छु, ताकि उसले आफ्ना भूलहरूको शुद्धि गरोस्! र यदि इन्द्रियहरूमाथि झूटो प्रभाव पर्न गयो भने उसले यसलाई झन् राम्रो विचारले सच्याउन सक्तछ। प्रायः जहाँ पनि प्राकृतिक नापको स्तरको प्रयोग उस्तै हुन्छ – मानिसको पाउ, उसका पसारिएका पाखुराहरूको फैलावट, उसको उचाइ। जव बच्चाले कुनै कोठाको उचाइ नाप्न चाहन्छ, उसको शिक्षकले नाप्ने दण्डको काम दिन सक्तछ। यदि ऊ गिर्जाघरको बुर्जाको उचाइको अन्दाज लिइरहेको छ भने उसले यसलाई घरले नापोस्। यदि ऊ सडक कति लीग रहेछ भन्ने जान्न चाहन्छ भने यो हिंड्दा कति घंटा लाग्छ ती घंटाहरू गनोस्। सर्वोपरि, उसका निमित्त तिमी यो नगर, यो उसले आफैं गरोस्!

…… एकै साथ वस्तुहरूका आकार जान्न र नक्कलसमेत उतार्न नसिकीकन कसैले पनि ती वस्तुहरूका विस्तार र आकारको अन्दाज लगाउन सिक्न सक्तैन।

किनभने जडमा यो नक्कल गर्ने काम बिलकुलै दूरदृश्यका नियमहरूमा निर्भर गर्दछ र यी नियमहरूको केही विचार नभईकन कोही पनि टाढाको अन्दाज गर्न सक्तैन । सबै बच्चाहरू स्वभावतः निरन्तर नक्कल गर्न खोज्ने हुनाले चित्र खिच्न कोशिश गर्दछन् । एमिलले यस कलामा विकास गरोस् भन्ने म इच्छा गर्दछु, तर यो कलाको निमित्त होइन कि यसबाट उसको आँखा ठीक होस् र हात नरम र लचकदार होस् भन्ने उद्देश्यले । यदि उसले इन्द्रियज्ञानको स्पष्टता र त्यो अभ्यासबाट हुने राम्रा शारीरिक आदतहरू प्राप्त गर्दछ भने उसले जुनसुकै काम जाने पनि हुन्छ, त्यसमा केही छैन । यसनिमित्त म उसको लागि चित्र खिच्न सिकाउने शिक्षक राख्न दिनँ, जसले उसलाई नक्कलहरूबाट नक्कल गर्न र चित्रहरूबाट चित्र खिच्न लगाउनेछ । प्रकृति नै उसको एक मात्र शिक्षक हुनुपर्दछ र वस्तुहरू नै उसका नमूना हुनुपर्दछ, उसका आँखाको अगाडि साँच्चिकै वस्तु नै हुनुपर्दछ, न कि कागतमा खिचिएको यसको नक्कल । उसले घर हेरेर मानिसको चित्र खिचोस्, ताकि उसले वस्तुहरू र तिनीहरूको आकार ठीकसँग विचार गरेर हेर्न आफूलाई तालीम गरोस्, न कि साँचो कुराको निमित्त फूटो र चलिआएका नक्कलहरू लिन । सम्झनाबाट होइन कि साँच्चीकै उसको अगाडि भएका वस्तुहरूको मात्र चित्रण गर्न म उसलाई तालीम गर्न चाहन्छु । यसबाट बारंबार दोहोर्‍याएर हेर्नाले वस्तुहरूको वास्तविक रूप उसको समझमा गड्दछ र उसले वस्तुहरूको वास्तविक रूपहरूको सट्टा बेठीक र मनमोजी रूपहरूलाई स्थान देला र भाग मिलाउने उसको विचार प्रकृतिका सौन्दर्यहरूप्रतिको उसको अभिरुचि गुमाउला भन्ने डर हुँदैन ।

मलाई थाहा छ, यस तरीकामा अवश्य नै कुनै राम्रो चीज निकाल्नुभन्दा अगाडि कैयौं कोहर र लतपत गर्नेछ र उसले सुन्दर रेखा खिच्न र चित्र कोर्नेको हलुका हात तुल्याउन निकै समय लाग्नेछ । शायद उसको दृष्टि सुन्दर नतीजातिर या चित्र कोर्नेतिर राम्रो अभिरुचि कहिल्यै परोइन । अर्कोतिर, निःसन्देह पनि उसको आँखा झन् पक्का हुनेछ, उसको हात झन् दृढ हुनेछ, उसलाई जनावरहरू बिरुवाहरू र प्राकृतिक वस्तुहरूको रूप र आकारको सच्चा सम्बन्धहरूको ज्ञान हुनेछ र साथै दूरदृश्यका परिणामहरूको उसको विचार अझ छिटो हुनेछ । मैले चाहेको कुरो त्यही हो र मेरो अभिप्राय के हो भने उसले वस्तुहरूको नक्कल गर्नुभन्दा वस्तुहरूलाई जान्नुपर्दछ ।

फेरि अरू कुरामा जस्तै यस कुरामा पनि मेरो चेलो एक्लै लागोस् भन्ने मेरो मनाइ होइन । मैले पनि सधैं उससँग यसमा भाग लिएर उसलाई यो

झन् झन् रमाइलो तुल्याइदिन म चाहन्छु । उसको प्रतिद्वन्द्वी अर्को हुनेछैन । तर मेरो भने सधैं उससँग जोडका तोड चलिरहनेछ र यसमा केही खतरा हुनेछैन । यसले हामीहरूका बीच ईर्ष्या नजगाईकन उसको काममा चाहना बढाइदिनेछ । म उसको उदाहरणको अनुसरण गर्नेछु र एउटा शीशा कलम लिनेछु । पहिले म उसले जस्तै बेढंगसँग यसको प्रयोग गर्नेछु । यदि मैले फोहर र लतपत पारिनँ भने म एउटा आएपेलेस हुनेछु । शुरू गर्दा जस्तो साना साना लडकाहरू भित्ताहरूमा लेख्तछन्, त्यस्तै मानिसको आकार खिच्नेछु, हरेक पाखुराको निम्ति एउटा एउटा धर्को हुनेछ, हरेक खुट्टाको निम्ति पनि एक-एक ओटा धर्सो हुनेछ, हातका औंलाहरू पाखुराभन्दा लामा हुनेछन्, धेरै बेरपछि हामीमध्ये कोही यो भाग नमिलेको देख्नेछ । हामी देख्नेछौं कि पिंडौला मोटो भएछ, यो मोटाइ पनि दुइटा पिंडौंलामा फरक फरक भएछ, पाखुराको लमाइ भने आङअनुसारको रहेछ । यस सुधारमा या म आफ्नो चेलाको साथसाथै जानेछु या यति कम उसभन्दा अघि बढ्नेछु कि उसले सजिलैसँग मलाई भेट्टाउनेछ र कहिलेकाहीं मभन्दा पनि अघि बढ्नेछ । हामी बुरुस र रंगहरू ल्याउनेछौं, हामी वस्तुहरूको आकार मात्र होइन कि उनीहरूको जम्मै रूप र रङ्गहरू उतार्न कोशिश गर्नेछौं । हामी छायाहरूमा रङ्ग दिनेछौं, हामी रङ्गाउनेछौं, हामी मोटा रङ्ग दिनेछौं, तर हाम्रा यी सब मोटा रङ्ग दिने काममा हामी प्रकृतिका सदस्यहरूको अनुसन्धान गरिरहनेछौं, र हामी जे गर्छौं, त्यो उही बडा गुरु (प्रकृति) को नजरमुनि गरिनेछ ।

हामीलाई हाम्रो कोठा सिंगार्ने कुराहरूको ज्यादै आवश्यकता थियो र अहिले ती हाम्रो हातमा तयार छन् । म हाम्रा रेखाचित्रहरूलाई असल ऐना बारा हालेर राख्नेछु, ताकि तिनीहरूलाई कोही नछोओस्, र तिनीहरूलाई हामीले जहाँ राखेका थियौं, त्यहीं देखेर आफ्नो आफ्नो तस्वीरको आफू-आफूले हेरचाह गर्ने मतलब हाम्रो रहन्छ । बीस-तीस चोटि दोहऱ्याएको हरेक रेखाचित्रलाई म कोठाको वरिपरि मिलाएर राख्तछु । यसरी घर खालि एउटा मोटामोटो चारपाटे आकारको हुँदाखेरिदेखि लिएर यसको सामुन्नेको दृश्य, यसको बगलपट्टिको दृश्य, यसका मिलेका भागहरू, यसका घामछाया आदि सब कुरा ठीकसित खिचिएकोसम्मको हरेक नमूनामा कलाकारले बेला-बेलामा गरेको उन्नति देखाइन्छ । यी क्रमहरूमा हामी अवश्य तस्वीरहरू पाउँछौं । यो हाम्रा निमित्त मजाको र अरूहरूका निमित्त पनि उत्सुकताको स्रोत हुनेछ, जसले हामीलाई अरू तस्वीरहरू लेख्न प्रोत्साहन दिनेछ । सबभन्दा पहिलेका र

सबभन्दा भद्दा रेखाचित्रलाई म खूब राम्रा सुनौला बाराहरूमा हालेर देखाउँछु तर जब चित्र ठीक र साँच्चीकै बेश हुन्छ, तब म त्यसलाई सादा र कालो फ्रेम दिन्छु। यसलाई आफैदेखि बाहेक अर्को गहना चाहिन्न र चित्रको सुन्दरतालाई वास्ता नगरीकन फ्रेम नराम्रो भनेर कसैको ध्यान जाँदैन भने अफसोसको कुरा हुनेछ। यसउसले हामी दुवै सादा फ्रेम मन पराउँछौं र जब हामीमध्ये एउटा व्यक्ति अर्कोका चित्रहरूलाई खिसी गर्दछ, तब त्यो दोष सुनौला फ्रेमवाला चित्रको हुनेछ। कुनै दिन शायद "सुनौला फ्रेम" भन्ने हामीहरूमध्ये यो एउटा उखान हुनेछ, र हामी यो देखेर ताजुब हुने छौं कि कति मानिसहरू सुनौला फ्रेम खोजेर वास्तवमा आफूहरू कुन किसिमका हुन, त्यो देखाउँदछन्।

मैले अघिबाटै बताइसकेको छु कि रेखागणित बच्चाको पहुँचदेखि बाहिरको कुरा छ, तर त्यो हाम्रै दोष हो। हामी यो कुरा बुझ्न सक्तैनौं कि उनीहरूको तरीका हाम्रो तरीका होइन, हाम्रा निमित्त जुन तर्कको कला छ, त्यो उनीहरूका निमित्त हेर्ने कला हुनुपर्छ। उनीहरूलाई हाम्रो तरीका सिकाउनुको सट्टा हामीले उनीहरूको लिनुपर्दछ. किनभने रेखागणित सिक्ने हाम्रो तरीका जत्तिको तर्कको कुरा हो उत्तिकै कल्पनाको कुरा हो। जब कुनै कथनको घोषणा गरिन्छ, तिमीले त्यसको प्रमाणको कल्पना गर्नुपर्छ। अर्थात् अघिबाटै सिकिसकेको कुन चाहिं कथनमा यो निर्भर गर्दछ, यो तिमीले पत्ता लगाउनुपर्दछ, र त्यस कथनबाट निस्कने सबै तर्कहरूमध्ये चाहिएको चाहिं कुन चाहिं हो, त्यो तिमीले छान्नुपर्दछ।

यस प्रकार यदि ऊ युक्तिमान् छैन भने सबभन्दा चतुर तर्कवाला पनि अलमल्लमा पर्दछ। परिणाम के हुन्छ? हामीलाई प्रमाणहरू पत्ता लगाउने तुल्याउनुको सट्टा हामीलाई तिनीहरू लेखाइन्छन्। हामीलाई तर्क गर्न सिकाउनुको सट्टा हाम्रो स्मरणशक्तिको मात्र प्रयोग गराइन्छ।

ठीक दुरुस्त क्षेत्र या चित्रहरू खिच, उनीहरूलाई सँगसँगै मिलाऊ! एउटालाई अर्कोमाथि राख! उनीहरूका सम्बन्धहरू जाँचेर हेर! र एक विचारबाट अर्को विचारमा जाँदा परिभाषाहरूको, नियमहरूको, र विशेष स्थानको बाहेक अरु प्रमाण या तर्कको कुनै रूपको एक शब्द पनि प्रयोग नगरीकन तिमीले सरल ज्यामिति पत्ता लगाउनेछौ। म एमिललाई ज्यामिति सिकाउने बहाना गर्दिनँ, बरु ऊ नै मलाई सिकाउनेछ। म सम्बन्धहरूका निमित्त तलाश गर्नेछु, उसले तिनीहरूलाई भेट्टाउनेछ, किनभने म यस्तो फाइदाले तलाश गर्नेछु, जसले उसलाई पाउने तुल्याउनेछ। उदाहरणार्थ,

एउटा वृत्त (गोल चक्र) खिच्नलाई एक जोडी परकार (कम्पास) हरूको प्रयोग गर्नु सट्टा किलामा झुण्ड्याइएको धागोको छेउमा बाँधिएको एउटा सीसा कलमले खिच्नेछु । त्यस पछि जब म एउटा अर्धव्यासलाई अर्को अर्धव्याससित तुलना गर्न खोज्दछु, एमिल मलाई गिज्याउनेछ र यो देखाउनेछ, पूरासित तानिएको एउटै धागोको लमाइ लामो छोटो हुन सक्तैन । यदि मैले ६० डिग्रीको कोणलाई नाप्न इच्छा गरें भने म त्यस कोणको टुप्पोबाट नाप्तछु, वृत्तखण्डबाट होइन, तर पूरा वृत्तबाट, किनभने बचचाहरूसितको सम्बन्धमा कुनै कुरा पनि मानिलिनु हुँदैन । म देख्तछु कि कोणका दुई रेखाको बीचमा पर्ने वृत्तको अंश एउटा वृत्तको छैटौं भाग छ । अनि म उही केन्द्र या मध्य स्थानबाट अर्को झन् ठूलो वृत्त खिच्तछु र दोस्रो वृत्तखण्ड पनि यसको वृत्तको छैटौं भाग भएको म पाउँदछु । म त्यही मध्य-विन्दुबाट फेरि अर्को तेस्रो चक्र वनाउँछु, त्यसको पनि उही परिणाम हुन्छ र म फेरि अरू अरू चक्रहरू पनि बनाउँदै जान्छु आखिर मेरो बुद्धूपनादेखि दिक्क भएर एमिलले मलाई बताउँछ कि उही कोणमा रहेको ठूलो वा सानो हरेक वृत्तखण्ड सधैं यसको वृत्तको छैटौं भाग हुन्छ । अब हामी कोण नाप्ने यंत्रको प्रयोग गर्न तयार भयौं ।

दुई संग्लन कोणहरूको योगफल दुई समकोणको बराबर हुन्छ भन्ने प्रमाणित गर्नलाई मानिसहरू वृत्तको वर्णन गर्दछन् । बरु म त यो कुरा एमिल नै वृत्तमा हेरेर विचार गरोस् भन्ने चाहन्छु र त्यसपछि म उसलाई भन्नेछु, 'यदि हामीले घेरालाई हटाएर सरल रेखाहरूमात्र रहन दियौं भने के ती कोणहरूको पनि आकार बदलिएला ?' आदि ।

चित्रहरूको जुन ठीक आकार प्रकार हुनुपर्छ, त्यसकुरालाई अपहेलन गरिन्छ । त्यो ठीक भएको मानिन्छ र प्रमाणमा जोर दिइन्छ । हामीतिर भने प्रमाणको सवाल रहनेछैन । हाम्रो मुख्य काम खूब सीधा, खूब ठीक र बराबर रेखाहरू, एउटा पूर्ण समकोण, एउटा साँच्चिकै गोलचक्र खिच्ने हुनेछ । कुनै कुनै चीज ठीक छ कि छैन, त्यो जाँच्नलाई हामीले यसका ठीक तत्वहरूमध्ये हरेकलाई बाँच्तछौं र यसले हामीलाई हरेक दिन नयाँ नयाँ तत्वहरू पत्ता लगाउने मौका दिनेछ । दुईटा अर्ध्दवृत्तहरूलाई कर्णरेखामा मिलाएर र चतुष्कोणका दुईटा अर्धभागहरूलाई व्याससित मिलाएर हामी पटचाउने छौं, कसले सबभन्दा वेश गरेको रहेछ, त्यो हेर्नलाई उसले यी दुई चित्रहरूको तुलना गर्नेछ । यो समविभाजन चतुर्भुजहरू र त्रिकोणहरू आदिमा सधैं सम्भव हुन्छ

कि हुँदैन, त्यो हामी छलफल गर्नेछौं । कहिले कहिले हामी कुनै अनुभवको परिणाम अघिबाटै बताउने, कारणहरू पत्ता लगाउने आदि प्रयास गर्नेछौं ।

मेरो चेलाका निमित्त ज्यामितिको मतलब रेखा खिच्ने रूल र परकारको सफल प्रयोग हो । उसले यो रेखा र चित्र खिच्ने कुरामा गोलमाल गर्नु हुँदैन, जसमा यी सामानहरूको प्रयोग हुँदैन । रूल र परकारलाई ताल्चाभित्र बन्द गरेर राखिने छ, ताकि उसले यो भेट्टाएर गोलमाल नपारोस् । तर कहिले कहिले हामी हाम्रा रेखाचित्रहरूलाई बाहिर डुल्न जाँदा आफ्नो साथमा लाने छौं र हामीले के गरेको हो र के गर्न खोजेको हो, त्यसबारे कुरा गर्नेछौं ।

म टुरिनमा देखेको एउटा नवजवानलाई कहिल्यै बिर्सने छैन, जसले बचपनमा हरेक दिन ज्यामितिका आकारका पाउरोटीहरू रोज्नपर्दा घेराहरू र समथलसम्बन्धी विषय सिकेको थियो, त्यो लोभी सानो व्यक्तिले कुनचाहिं सबभन्दा ठूलो हो त्यो थाहा पाउनाका निम्ति आर्किमिडेसको कलालाई सिध्याइसकेको थियो ।

जब बच्चाले चंगा उडाउँछ, उसले आफ्ना हात र आँखालाई ठीकसित तालीम गरिरहेको हुन्छ । जब उसले बल गरेर भुरुङ घुमाउँदछ, जसले आफ्नो बल बढाइरहेको हुन्छ । तर उसले केही सिकिरहेको हुँदैन । मैले कहिलेकाही सोधेको छु—सीपका खेलहरू मानिसहरूलाई जस्तै बच्चाहरूलाई किन दिइँदैनन् ? जस्तो कि टेनिस, माल, बिलियार्डस, धनुकाण चलाउने, लात्ते भकुंडो र संगीतका बाजाहरू । मलाई यो बताइयो कि यिनीहरूमध्ये कुनै उनीहरूको बलदेखि बाहेकका छन् र अरूचाहिंका निमित्त बच्चाहरूका चेतना विकसित भइसकेका छैनन् । मलाई यी कारणहरू ठीक जस्ता लाग्दैनन् । बच्चा मान्छेजत्तिको अग्लो त हुँदैन, तर ऊ उही किसिमको कोट त लाउँदछ । तीन फीट अग्लो या दुई हात उँचाई भएको बिलियार्डको टेबुलमा हाम्रो लट्ठीले ऊ खेलोस् भन्ने म चाहन्नँ । हाम्रा खेलहरूको बीचमा उसले आएर धक्कमधक्का गरोस् भन्ने पनि म चाहन्नँ, न त उसले आफ्नो सानो हातले हाम्रा र्‍याकेट चलाओस् भन्ने नै म चाहन्छु । तर उसले यस्तो कोठामा खेलोस् जसका झयालहरूको बचावट गरिएको छ । पहिले शुरूमा उसले साना नरम भकुन्डाहरूको प्रयोग गरोस् ! उसका र्‍याकेटहरू काठका होऊन् । त्यहाँ पछि उसको विकास अनुसार छालाको, कागजको र सबभन्दा पछिबाट सुकेको छालाको । तिमी चंगा रोज्दछौ, किमभने यसले कम थकाउँदछ र यसमा डर छैन । तिम्रो दोब्बर भूल छ । चंगा उडाउने महिलाहरूका निमित्तको टेबुल हो, तर महिला-

हरू छिटै भकुण्डोदेखि भाग्दछन्, उनीहरूको गोरो छाला ठक्करहरूले कडा तुल्याउन बनेको होइन र उनीहरूका मुख घाउचोटहरूका निमित्त बनेका होइनन् । तर हामी मर्दहरू बलका निमित्त बनेका हौं । के हामी यो विनाकष्ट प्राप्त गर्न सक्तछौं भन्ने तिमी ठान्दछौ ? यदि हामीमाथि हमला भयो भने हामी के संरक्षण गर्न सक्तछौं ? जुन खेलहरूमा डर छैन, ती खेलहरूमा मानिसहरू निस्फिक्रीसँग खेल्दछन् । खस्न लागेको चंगाले कसैलाई चोट लाउँदैन । तर शिरको बचावट गर्नाले जत्तिको अरू केहीले पनि पाखुरालाई त्यस्तो नरम राख्दैन र आँखालाई सुरक्षित राख्नुपर्नाले जत्तिको अरू केही पनि दृष्टिलाई त्यस्तो ठीक तुल्याउँदैन । कोठाको एउटा छेउबाट अर्को छेउतिर दौडादौड गरिरहनु, भकुण्डोले जमीनमा नछुँदैमा उफ्रेको हेर्नु र विचार गर्नु, यसलाई बल गरेर ऊ ठीकसित फर्काइदिनु यस्ता खेलहरू मानिसका निमित्त त्यस्तो ठीक हुने खेल होइनन्, जस्तो खेलहरूले मानिसलाई ठीक तुल्याउँदछन् ।

तिमी भन्दछौं, बच्चाका हात खुट्टाहरू ज्यादै कोमल हुन्छन् । तिनीहरू मानिसका जस्ता बलियो हुँदैनन्, तर ती बढ्ता नरम हुन्छन् । उसको पाखुरा कमजोर हुन्छ, तैपनि यो पाखुरा हो र जस्तो हामीहरू अरू ज्यावलाहरू प्रयोग गर्दछौं, त्यस्तै ठीक विचार गरेर यसको प्रयोग गर्नुपर्दछ । आफ्ना हातहरूको प्रयोगमा बच्चाहरूको सीप हुँदैन । त्यसै कारणले हो, उनीहरूले सीप हासिल गरून् भन्ने मैले चाहेको । मानिसको जति अभ्यास कम भयो, उति ऊ भद्दा हुन्छ । हाम्रा हात खुट्टाहरूको प्रयोग गरेर हामी तिनीहरूको प्रयोग सिक्न मात्र सक्तछौं । तर लामो अनुभवद्वारा मात्र हामी आफूलाई खूब समर्थ तुल्याउन सक्तछौं र यही अनुभव अध्ययनको साँच्चीको प्रयोजनात्मक कुरो हो, जसमा हामी आफूलाई ज्यादै सानो उमेरमा लगाउन सक्तैनौं ।

जो गरिएको छ, त्यो गर्न सकिन्छ । चलाख र सिपालु बच्चाहरू देखनुभन्दा साधारण कुरा अरू हुँदैन, जुन बच्चाका हात खुट्टा मानिसका जत्तिकै फुर्तिला हुन्छन् तिनीहरू जुनसुकै मेलामा पनि पीङ खेलिरहेका, हात समातेर हिँडिरहेका, उफ्रिरहेका, बलियो डोरीमा नाचिरहेका देखन सकिन्छन् । धेरै वर्ष अघिदेखि केटाकेटीका बथानहरूले इटलीका संयोगान्त नाटक-घरको नाचमा दर्शकहरूलाई खिचिरहेका छन् । इटली र जर्मनीमा यस्तो को छ, जसले निकोलिनीका प्रसिद्ध बच्चाहरूको स्वांगी नाचका कम्पनीको बारेमा सुनेको छैन ? के यी बच्चाहरूको अगप्रत्यंगको चलाइ, यिनीहरूको नचाइ, यिनीहरूको नक्कलगराइ, छाँटकाँट, ढाँचाकाँचा आदि कुनै ठूला नट्‌वाहरूको भन्दा कम छ ?

पहिले उनीहरूका औंला मोटा, छोटा र छाँट नपरेका हुन्छन्, खाल्टो परेका हातहरूले केही समात्न सक्तैनन् । के यसले धेरै बच्चाहरूलाई त्यस उमेरमा लेख्न पढ्न सिक्नबाट रोक्तछ, जब अरूहरू एउटा कलम या सीसाकलम समात्न सक्तैनन् ? सारा पेरिसले अझ पनि त्यो सानी दश वर्षकी अँग्रेजी लडकीलाई सम्झन्छ, जसले वीणामा गजब गरेकी थी । मैले एक जना अञ्चलाधीशको छोरा आठ वर्षको सानो बच्चालाई देखेको छु, जसलाई झण्डै ऊ जत्तिकै ठूलो बेला बजाउनलाई सानो सालिक जस्तै गरेर रिकाबीहरूको बीचमा टेबुलमा राखिएको थियो र कलाकारहरू पनि उसको काम देखेर चकित भएका थिए ।

मेरो मनमा यस्तो लाग्दछ, यी र अरू धेरै उदाहरणहरू यो प्रमाणित गर्दछन् कि बच्चाहरू हाम्रा खेलहरू खेल्न असमर्थ हुन्छन् भन्ने ठान्नु कल्पित कुरा हो र तिनीहरूमध्ये कुनैमा उनीहरू असमर्थ हुन्छन् भने यो अभ्यासको कमीले हुन्छ ।

मानसिक विकासको सट्टामा शारीरिक विकासको भूलमा म परिरहेछु भनेर तिमी मलाई भनौला । यी कुराहरू निकै भिन्दा-भिन्दै छन्, एउटाको विकास बाहिरी देखावटी मात्र हुन्छ, अर्कोको विकास वास्तविक हुन्छ । मैले देखाइसकेको छु कि बच्चाहरूको बाहिर देखिएको जस्तो मानसिक विकास भएको हुँदैन । तर जो उनीहरूले गरेको जस्तो देखिन्छ, त्यो उनीहरू साँच्चै गर्दछन् । फेरि हामीले यो कहिल्यै पनि बिर्सनुहुँदैन कि यो सबै उनीहरूलाई काम गरेको जस्तो लाग्ने, अलिकति पनि जोर नपर्ने गरी प्रकृतिले उनीहरूबाट खोजेका चालहरूको सुगम र स्वाधीन नियन्त्रण जस्तो होस्, उनीहरूलाई झन् मज्जा लाग्ने तुल्याउन बदलिने खेलहरूको कला जस्तो होस्– संक्षेपमा, उनीहरूको निमित्त यो जम्मै एक खेल जस्तो होस् । उनीहरू त्यस्तो कुन खेल खेल्दछन् जसमा म उनीहरूका निमित्त शिक्षाका सामग्रीहरू पाउन सक्तिनँ ? यदि मैले यस्तो गर्न सकिनँ भने पनि जबसम्म उनीहरू कुनै हानिबिना रमाइरहन्छन् र रमाइलोसित समय बिताइरहन्छन् तबसम्म उनीहरूको शिक्षामा उत्तिको महत्त्वपूर्ण विकास हुँदैन । तर यदि कसैले उनीहरूलाई हरेक मौकामा शिक्षा दिइरहनु छ भने यो जोर, दिक्कत र उच्चाहटबिना हुन सक्तैन ।

जसको प्रयोग सधैं भइरहने र ज्यादै महत्त्वको छ, ती दुई चेतनाहरूको विषयमा मैले भनिसकेको छु । तिनीहरूले अरू बाँकी चेतनाहरूलाई कसरी तालीम गर्ने, यस कुराको उदाहरणको काम दिन सक्तछन् । दृष्टि र स्पर्श चल र निश्चल दुवै वस्तुमा लाग्दछन् । तर श्रवणेन्द्रियलाई हावाको चलाइले मात्र

असर गर्ने हुनाले चलवस्तुले मात्र शब्द या आवाज निकाल्न सक्तछ। यदि हरेक कुरा निश्चल भइदिएको भए हामी कहिल्यै सुन्न सक्ने थिएनौं। रातमा हामी नै चाहेको बेलामा मात्र चल्ने हुनाले हामीले चल वस्तुदेखि बाहेक अरू केही-सँग डराउनुपर्दैन। त्यसकारण हामीलाई छिटो कान र अनुभव भएका चेतना-हरूबाट जुन वस्तुले ती चेतनाहरू उठाउँछ, त्यो वस्तु टाढा छ कि नजीक छ, र यसका चालहरू सुस्त छन् या उग्र छन्, त्यसको ज्ञान चाहिन्छ। जब एक-चोटि हावा चल्दछ, यो प्रतिध्वनि पैदा गर्ने आवाजको अधीन हुन्छ। यिनीहरू चेतनालाई जगाइदिन्छन् र हामीलाई अर्को दिशामा ठूलो या तीव्र आवाज सुन्ने तुल्याउँछन्। यदि तिमीले जमीनमा कान थाप्यौ भने तिमी खडा रहेको बेलामा-भन्दा मानिसहरूका स्वरको र घोडाहरूका टापको आवाज मैदानमा र उपत्य-कामा धेरै टाढा सुन्नेछौ।

जस्तो, हामीले दृष्टि र स्पर्शका बीच तुलना गरेका छौं, त्यस्तै श्रवणका निम्ति गर्नु र कुनै वस्तुबाट एक साथ उठेका दुई चेतनाहरूमध्ये कुनचाहिं राम्रो ज्ञानेन्द्रियमा पहिले पुग्दछ, त्यो थाहा पाउनु बेश छ। जब तिमी तोप झिलिक्क भएको देख्तछौ, त्यस बेला तिमीलाई अझै बचावट गर्ने या शरण लिने समय रहन्छ; तर जब तिमी आवाज सुन्दछौ, त्यस बेला ज्यादै ढीलो भइसकेको हुन्छ, गोला तिम्रो नजीकै आइपुगिसकेको हुन्छ। बिजुली र मेघ-गर्जनको बीचको समयमा आकाशको हुरीको दूरताको विचार गर्न सकिन्छ। बच्चो यी सब कुरा सिकोस्, उसको पहुँचभित्रका कुराहरू उसले अनुभवबाट पत्ता लगा-ओस्, तिमीले उसलाई बताउनुभन्दा बरु उसले तिनीहरूको विषयमा केही पनि थाहा नपाओस् भन्ने म चाहन्छु।

स्वरमा श्रवणलाई उत्तर दिने हाम्रो एउटा इन्द्रिय हुन्छ, दृष्टिलाई उत्तर दिने यस्तो इन्द्रिय हाम्रो हुँदैन र जस्तो हामी आवाजहरूलाई दोहोऱ्याउँ-छौं, त्यस्तो हामी रङ्गहरूलाई दोहोऱ्याउँदैनौं। यसले हामीलाई सक्रिय र निष्क्रिय इन्द्रियहरूमा एउटाले अर्कोलाई अभ्यास गराएर श्रवणेन्द्रियलाई बढा-उने अर्को उपाय प्रदान गर्दछ।

मानिसका तीन थरी स्वर हुन्छन्। बोल्ने अथवा स्पष्ट स्वर, गाउने अवथा मधुर स्वर, र दयालाग्दो अथवा प्रकट गर्ने स्वर, जसले भावनाहरूका भाषाको काम गर्दछ र गीत र बोलीलाई जीवन-प्रदान गर्दछ। जस्तो मानिसका हुन्छन्, त्यस्तै बच्चाका पनि यी तीन स्वर हुन्छन्। तर तिनीहरूलाई मिलाएर कसरी प्रयोग गर्ने त्यो उसले जान्दैन। हामी जस्तै ऊ हाँस्छ, कराउँछ, रुन्छ,

चिच्याउँछ, घुर्छ, तर यी स्वरहरूका घटाउ र बढाउलाई गीत र बोलीसँग कसरी मिलाउने त्यो ऊ जान्दैन । यी तीनैस्वरहरू पूर्ण संगीतमा राम्रोसित प्रकट गरिएका हुन्छन् । बच्चाहरू यस्तो संगीतका निमित्त असमर्थ हुन्छन् र उनीहरूको गवाइमा भावनाको अभाव हुन्छ । त्यस्तै प्रकार उनीहरूले बोलेको भाषामा भावको अभाव हुन्छ । उनीहरू कराउँदछन्, तर उनीहरू जोड दिएर बोल्दैनन् । उनीहरूको स्वरमा यत्तिको कम शक्ति हुन्छ, जत्तिको उनीहरूको बोलीमा कमजोर हुन्छ । मेरो चेलाको बोली अझ सफा र सादा हुनेछ, किनभने प्रबल भावनाहरू अझै जाग्रत अवस्थामा हुँदैनन् र तिनीहरूको आवाज उसको आवाजसँग मिलेको हुँदैन । त्यसकारण उसलाई वियोगान्त या संयोगान्त नाटक पढ्न नलगाऊ ! र उसलाई विस्मय या मोह उत्पन्न गराउने वाक्य सिकाउने प्रयत्न पनि नगर ! उसले बुझ्न नसक्ने कुराहरूमा स्वर निकाल्नु र उसले कहिल्यै पनि थाहा नपाएका भावनाहरू प्रकट गर्नु उसका निमित्त ज्यादै ठूलो बुद्धिमानीको कुरा हुनेछ ।

उसलाई सफासित र बुझिने गरी बोल्न, ढाँचा नपारीकन स्पष्टसित र शुद्धसित उच्चारण गर्न, गद्य र पद्यमा ठीक जोड थाहा पाउन र नक्कल गर्न, स्कूलका बच्चाहरूले जस्तै ज्यादै ठूलो स्वर नगरीकन सधैं सुनिने गरी ठिक्कको स्वरसित बोल्न सिकाऊ । कुनै कुरामा पनि केही खेर नजाओस् ।

गाउनुमा पनि त्यही तरीका लागू हुन्छ, उसको स्वर एकनासको र सक्कली हुनुपर्छ, यो जता तान्यो उतै तानिने र पूरा हुनुपर्छ, उसको कान समय र स्वरमा सचेत रहनुपर्छ, तर यसदेखि बढ्ता केही हुनुहुँदैन । वर्णनात्मक र नाटकीय गाना उसको उमेरको निमित्त नसुहाउने हुन्छ । म चाहन्छु बरु ऊ कुनै लवजहरू नगाओस्, यदि उसले लवजहरू गाउनैपर्छ भने बच्चालाई चाख लाग्ने र उसका विचारहरू जस्तै सरल गीतहरू उसका निमित्त म आफैं बनाइदिने प्रयास गर्नेछु ।

शायद तिमी यो विचार गर्नेछौ मैले एमिललाई लेख्न पढ्न सिकाउन हतार नगरेकोले म उसलाई संगीतको अध्ययन गर्न सिकाउनेछैन । ज्यादा ध्यानको जोडबाट हामी उसको दिमागलाई बचाऔं, नियमी कुराहरूतिर उसको मन फर्काउनलाई हामी हतार नगरौं । म यो स्वीकार गर्दछु कि यहाँ कठिनाइ हुने जस्तो देखिन्छ, किनभने पहिले देख्ताखेरि बोल्नका निमित्त अक्षरहरूको ज्ञानभन्दा गाउनाका निमित्त तान, गान्धार, निषाद, पंचम आदिको ज्ञान त्यतिको आवश्यक नलागे तापनि वास्तवमा तिनीहरूका बीचमा यही भेद छ ।

जब हामी बोल्छौं, हामी आफ्नै विचारहरू प्रकट गरिरहेका हुन्छौं । जब हामी गाउँछौं, हामी अरूहरूका विचार प्रकट गरिरहेका हुन्छौं । तिनीहरूलाई प्रकट गर्न हामीले तिनीहरूलाई पढ्नु पर्छ ।

तर पहिले तिनीहरूलाई पढ्नुको सट्टा तिनीहरूलाई हामीले ध्यान दिएर सुन्नुपर्छ, गीत आँखाले भन्दा कानले राम्रोसित सिक्न सकिन्छ । त्यसमाथि फेरि, गाना पूरासित सिक्नलाई हामीले गीतहरू बनाउनुपर्छ र गाउनु पनि पर्दछ, यी दुई तरीकाहरूको साथसाथै अध्ययन गर्नुपर्दछ, नत्र हामीलाई कहिले पनि संगीतको कुनै सच्चा ज्ञान हुँदैन । तिम्रो सानू उस्तादलाई पहिले खूब नियमित सुर र लयको उतारचढाउ राम्रोसित मिलेका वचनहरूमा अभ्यास गराउनुपर्दछ, त्यहाँपछि उसले यी वचनहरूलाई बहुतै सुगम स्वरको उतार, चढाउ, आलाप आदिसित मिलाओस्, त्यसपछि शुद्धसित जोडिदिएर उसलाई एउटाको अर्कासितको सम्बन्ध देखाइदिनुपर्दछ, जो सुर र लयको उतार र चढाउहरू र अडानहरूको ठीक छनाइद्वारा गर्न सकिन्छ । कुनै हालतमा पनि उसलाई कुनै असाधारण कुरा या कुनै यस्तो कुरा दिनुहुँदैन जसले उमंग या वर्णन खोज्दछ । संक्षेपमा अरू कुरा जस्तै बच्चालाई संगीतकला सिकाउँदा पनि खेलको रूपमा सिकाउनुपर्दछ ।

अहिले हामी हाम्रा शरीरहरूका बाह्यवस्तुहरूको अवस्था अर्थात् उनीहरूको तौल, रूप, रंग, घनत्व, आकार, दूरता, तापक्रम, निश्चितता, चालसँगको सम्बन्धमा पूरासित परिचित भइसकेका छौं । उनीहरूमध्ये कुन कुनसित निकटवर्ती हुने, कुन कुनसित टाढा रहने र हामीलाई चोट पटकबाट बचाउने, उनीहरूलाई कसरी रोक्ने, त्यो कुरा हामीले सिकिसकेका छौं, तर यत्तिले पुग्दैन । हाम्रो शरीर हरबखत खिएर गइरहेको हुन्छ र यसलाई सधैं नयाँ तुल्याइरहनुपर्दछ । अरू पदार्थहरूलाई आफ्नै पदार्थहरूमा परिणत गर्ने हाम्रो शक्ति छ, तापनि हामीले छानबीन गर्ने कुरा हाम्रो बेवास्ताको कुरो होइन । मानिसका निमित्त हरेक चीज खाने कुरा हुँदैन र जुन वस्तु उसका निमित्त खाने कुरा हुन सक्छ, त्यो पनि सबै एकैनाससँग सुहाउने हुँदैन, उसको जातिअनुसारको शरीरको बनावट, ऊ रहने मुलुक, उसको व्यक्तिगत मिजास, उसको अवस्थाअनुसारको रहनसहनमा यो निर्भर गर्दछ ।

जान्न र छान्न अनुभवले हामीलाई नसिकाउञ्जेल हामीले पर्खनु पर्ने भइदिएको भए हामी भोकले अथवा विषले मरिसक्ने थियौं; तर जुन दयावन्त भगवानले चेतनशील प्राणीहरूका निम्ति आनन्दलाई नै आत्म-संरक्षणको उपाय

बताइदिएका छन्, उनै भगवानले हाम्रो स्वादद्वारा हाम्रो पेटका निमित्त कुन कुरा सुहाउने हुन्छ, त्यो हामीलाई सिकाउँदछन् । प्रकृतिको अवस्थामा मानिसको आफ्नै खाने इच्छाभन्दा असल डाक्टर अर्को हुँदैन, अवश्य नै प्रकृतिको अवस्थामा मानिसले सबभन्दा स्वादिलो खानेकुरालाई सबभन्दा फाइदा गर्न पाउँदथ्यो ।

यति मात्र होइन, हाम्रा सृष्टिकर्ताले आफूले सृष्टि गरेका आवश्यकताहरू मात्र पुऱ्याइदिने होइन कि हामीले आफ्ना निमित्त सृष्टि गरेका कुराहरू पनि पुऱ्याइदिन्छन् र हाम्रा अभावहरू र आवश्यकताहरूलाई सन्तुलित राख्न उनले हाम्रा स्वादहरूलाई हाम्रो जीवनको रहनसहनसँग बदलिने र फरक हुने तुल्याएका छन् । प्रकृतिको अवस्थादेखि हामी जति-जति टाढा हुन्छौं, उति-उति हामी आफ्ना प्राकृतिक स्वादहरू गुमाउँदछौं; अर्थात् आदत दोस्रो प्रकृति हुन्छ, र यस्तो पूर्ण रूपले यसले हाम्रो वास्तविक प्रकृतिको स्थान लिन्छ कि हामीले यसको जम्मै ज्ञान गुमाइसकेका हुन्छौं ।

यसबाट यो विदित हुन आउँछ कि साँच्चीका प्राकृतिक स्वादहरू सबभन्दा सादा हुनुपर्दछ, किनभने यिनीहरू सजिलैसँग बदलिन्छन्, तर जब उनीहरू प्रबल हुन्छन्, तब उनीहरूले बदलिन नसक्ने रूप लिन्छन्, जुन मानिसले एउटा मुलुकको वातावरणमा आफूलाई मिलाउन सकेको छैन, उसले जुन मुलुकको चाल पनि सिक्न सक्छ, तर जुन मानिसले खास एउटै मुलुकको चालचलन रीतिरिवाजको अवलम्बन गरिसकेको छ, उसले तिनीहरूलाई कहिल्यै परित्याग गर्न सक्तैन ।

यो कुरा हाम्रा सबै इन्द्रियहरू खास गरेर स्वादको विषयमा साँचो प्रतीत हुन्छ । हाम्रो पहिलो खाने कुरो दूध हो, अलि अलि गरेर कडा स्वादहरूमा हाम्रो बानी पर्दछ, पहिले हामी तिनीहरूलाई मन पराउँदैनौं । फलफूल, तरकारी, सागपात, नून र मर-मसला नहालेको सेकुवा मासु प्राचीन मानिसका भोजन हुन्थे । जब जंगली मानिसले पहिलोपल्ट रक्सी चाख्तछ, ऊ आफ्नो मुख बिगार्दछ र यसलाई थुकिदिन्छ, र हामी मध्ये पनि जुन मानिसले बीस वर्षको उमेर भन्दा अघि गरम फींजदार रक्सीहरू चाखेको छैन, उसलाई तिनीहरूमा बानी लाग्न सक्तैन । बच्चा छँदा हामीले रक्सीको स्वाद नपाएको भए हामी सबै रक्सी नखाने संयमी हुने थियौं । वास्तवमा, हाम्रा स्वादहरू जति-जति साधारण हुन्छन् तिनीहरू उति-उति सामान्य हुन्छन् । तयार पारिएका खानेकुराका रिकापीहरूलाई के कसैले बारम्बार तिरस्कार गर्दछ ? रोटी या

पानी निको नमान्ने मानिसलाई तिमीले कहिल्यै भेटेका छौ ? प्रकृतिको औंलो या संकेत यही हो, अतः हाम्रो नियम पनि यही हो। जहिलेसम्म हुन्छ, बच्चाका प्राचीन स्वादहरूलाई बचाएर राख्नुपर्दछ, उसको खाने कुरा विलकुल साधारण होस्, प्रबल हरकदार स्वादहरूलाई उसको जिब्रोले थाहा नपाओस्, र उसको खानेकुरा ज्यादै एकनासको पनि नहोस् ।

अहिलेलाई, जीवनको यस किसिमको रहनसहन स्वास्थ्यकर छ कि छैन, त्यस कुराको प्रश्न म गरिरहेको छैन; मेरो विचारमा भएको त्यो कुरा होइन। मैले छानेको विषय प्रकृतिअनुसारको छ कि छैन र यसलाई अरू अवस्थासँग मिलाउन सकिन्छ या सकिँदैन, त्यो कुरा थाहा पाउनु मेरो निमित्त काफी छ । मेरो रायमा, जुन मानिसहरू बच्चाहरू ठूलो भएपछि उनीहरूले जुन खाने कुरा पाउँछन्, त्यसमा उनीहरूको बानी बस्नुपर्दछ भन्दछन्, त्यो तिनीहरूको भूल हो; उनीहरूका जीवनको रहनसहन यति फरक भएपछि तिनका खाना उही किन हुनु ? परिश्रम, चिन्ता, र पीडाले गलेको मानिसलाई उसको दिमागलाई ताजा खाने कुरा दिनका निमित्त स्वादिला खानाहरू चाहिन्छ । बढ्दो शरीर भएको भर्खर खेलेर आएको बालकलाई दुधिलो रस भएको प्रशस्त खानेकुरा चाहिन्छ । बढेर ठूलो भइसकेको मानिसको कुनै तोकिएको काम, रोजगारी र घर हुन्छ, तर कसले भन्न सक्तछ बच्चाका निमित्त भाग्यले के के जम्मा गरिराखेको हुन्छ । हामीले कुनै दिशातर्फ पनि उसको दृढ प्रवृत्ति लगाइदिनुहुँदैन, जो उसले आवश्यकता परेको बेलामा विनाकठिनाइ बदल्न सक्तैन । यदि उसले फ्रान्सीसी भान्से साथमा लगेन भने विदेशमा मर्ने गरी उसलाई नहुर्काऊ ! भविष्यको कुनै समयमा फ्रान्स मात्र एउटा देश हो जहाँ खाने कुरा ठीक हुन्छ भन्ने उसलाई नतुल्याऊ ! प्रसंगमा भनौं, आफ्नो देशको प्रशंसा गर्ने अनौठो तरीका हो अर्कातिर, मैले आफैं भन्नुपर्दछ कि फ्रान्सीसीहरू एक मात्र जाति हुन्, जसलाई असल खाने कुरो के हो थाहा छैन । किनभने उनीहरूका खाने कुराहरू खान हुने तुल्याउनलाई उनीहरूलाई यस्तो विशेष कला चाहिन्छ ।

हाम्रा विभिन्न इन्द्रियहरूमध्ये स्वादको असर हामीमाथि बहुधा पर्दछ । यस प्रकार जुन कुरा हाम्रो वातावरणको मात्र भाग भएर रहने कुरा छ, त्यसको भन्दा जो हाम्रो आफ्नै अभिन्न भाग भएर रहने कुरा छ त्यसको हामीले अझ ठीक सित विचार गर्नुपर्दछ । छुनु, सुन्नु र देख्नेलाई धेरै कुराको वास्ता रहँदैन, तर स्वादलाई प्रायः हरेक कुराले असर गर्दछ । फेरि त्यसमाथि यो

इन्द्रियको काम शारीरिक र तात्विक हुन्छ । सबै इन्द्रियहरूमध्ये यसले मात्र कल्पनालाई प्रेरण गर्दैन, या कल्पनाले यसका चेतनाहरूमा थोरै मात्र काम गर्दछ, जब कि अनुकरण र कल्पनाले अरू इन्द्रियहरूका प्रभावहरूमा सद्‌गुण ल्याइदिन्छन् । यसरी प्रायःजसो कोमल र आनन्द खोज्ने मन र साँच्चीकै प्रबल र सचेतन मिजास जो अरू इन्द्रियहरूद्वारा सजिलैसँग उत्तेजित हुन सक्छन्, सामान्यतः यसमा वास्ता गर्दैनन् । यसै कुराबाट, जसले स्वादलाई अरू इन्द्रियहरूको मुनि राखदछ र यसतिरको हाम्रो प्रवृत्तिलाई बढ्ता घृणित तुल्यउँदछ, म ठीक विपरीत परिणाम निकाल्दछु–केटाकेटीहरूलाई डो-याउने बाटो मुखतिरबाट हो । लोभ घमण्डभन्दा बेश कुरा हो, किनभने लोभ सोझै इन्द्रियरूमा निर्भर गर्ने प्राकृतिक खाने इच्छा हो, तर घमण्डचाहिं दस्तूरको परिणाम हो, यो मानिसको मनोविकारको दास हो, यसबाट हरेक किसिमको खराबी हुन सक्छ । मलाई विश्वास गर ! बच्चाले आफ्नो कुराको परवाह गर्न चाँडै नै छोड्नेछ, र जब उसको दिल ज्यादै व्यस्त हुन्छ, उसको स्वाद अल्सी हुन्छ । जब ऊ ठूलो हुन्छ, उसको खाने कुराप्रतिको लोभ अरू कैयौं प्रबल भावनाहरूद्वारा धपिन्छ, तर घमण्ड भने तिनीहरूद्वारा झन् उत्तेजित हुन्छ ! मैले कहिलेकाहीं ती मानिसहरूको अध्ययन गरेको छु, जो असल खानामा ठूलो ध्यान दिन्छन् र जसको बिहान बिउँझदैदेखिको यो विचार हुन्छ–आज हामीले के खाने होला ! र जो आफ्नो खानाको यस्तो विस्तारपूर्वक वर्णन गर्दछन्, जस्तो पोलिबियस कुनै लडाईंको बयान गर्दछन् । बल र शक्तिले रहित भएका यी मानिसहरूलाई मैले चालीस वर्षका बच्चाको रूपमा पाएको छु । खानाको लोभ कमजोर मनहरूको पाप हो । खन्चुवाको दिमाग उसको स्वादमा रहन्छ, ऊ खानसिवाय अरू केही गर्न सक्तैन । ऊ यस्तो मूढ र अयोग्य हुन्छ कि उसका निमित्त भान्सा नै एक मात्र स्थान हुन्छ र उसले केही जानेको विषयको एक मात्र कुरा रिकापीहरू हुन्छन् । केही दुःखमनाउ नगरीकन हामी उसलाई यसै काममा छोडिदिऔं, उसको लागि र हाम्रो लागि यो बेश कुरा छ ।

कुनै असल कुराको निमित्त योग्य हुन सक्ने बच्चामा लोभीपनले जरो गाड्ला कि भनेर जो डराउँदछ त्यो सानो मन भएको मानिस हो । बच्चामा आफ्नो खाने कुराको सिवाय अरू कुनै कुराको पनि विचार हुँदैन, जवानले यस कुरामा बिलकुल ध्यान दिंदैन, हरेक किसिमको खाने कुरा असल हुन्छ, र हामीले ध्यान दिनुपर्ने कुराहरू अरू छन् । नीच अभिप्रायलाई मूर्खतासँग प्रयोग गर्न तिमीले हुँदैन । तिमीले मीठा-मीठा खाने कुराहरूमा ध्यान दिनु भन्दा

त्यस सम्मानको कुरामा ध्यान दिनु बेश हुन्छ, जुन कुरा असल कर्मको परिणाम हुन्छ । बचपन रमाइला खेल र खेलबहाडहरूको समय हो र हुनुपर्दछ र म यो देख्दिन किन शुद्ध शारीरिक अभ्यासका इनाम या परिणाम तत्त्वका र बुद्धिमानीका परिणामहरू नहुनु ? यदि मेजरकाको एउटा सानू लडकाले रूखको टुप्पामा एउटा टोकरी देख्तछ र आपनो घुँयत्रोले यसलाई तल खसाल्दछ भने के यस निमित्त उसले केही पाउनु उचित छैन ? यदि स्पार्टाको एउटा सानू लड़का सय कोर्रा खाने खतराको सामना गरेर होशियारीपूर्वक सुरुक्क भान्सामा पस्छ, एउटा जिउँदो फ्याउरोको बच्चा चोर्छ, आपनो लुगाभित्र लुकाएर लैजान्छ, र यसो गर्दा त्यो फ्याउरोको बच्चाले उसलाई रगत आउन्जेलसम्म चिथोर्छ र टोक्छ, र पक्रिघुँला कि भन्ने शरमले त्यो सानो लडकाले नचलीकन र नकराईकन आपनो भुंडी च्यात्तिन दिन्छ भने के उसले आपनो शिकार राख्नु र उसले आफूलाई खाएपछि आफूले उसलाई खानु न्यायोचित छैन ? असल भोजन कहिल्यै इनाम हुनु हुँदैन, तर कहिलेकाहीं किन यो यसलाई पाउनका निमित्तको परिणाम हुन नहुनु ? मैले ढुंगामा राखेको रोटीलाई एमिलले असल दौडका निमित्तको इनाम हो भन्ने ठान्दैन, उसलाई यो थाहा छ, रोटी पाउने एक मात्र उपाय पहिले त्यहाँ पुग्नु हो ।

यसले मेरा पहिलेका साधारण खाने कुराका विषयका नियमहरूलाई काट्तैन, किनभने बच्चाको खाने रुचि जगाउन तिमीले यसलाई उत्तेजित गराउन पर्दैन, तिमीले यसलाई सन्तुष्टि मात्र दिनु पर्दछ, र यदि बच्चाको स्वादलाई राम्रो तुल्याउन तिमीले प्रयत्न गरेनौ भने बिलकुल मामूली चीजहरूले पनि यो गर्नेछ । उनीहरूलाई हर-बखत भोक लागिरहन्छ, त्यो उनीहरू बढ्नलाई चाहिने परिणाम हो र त्यही नै सबभन्दा स्वादिलो तिहुन हुनेछ । फलफूल, दूध, मामूली रोटी भन्दा अघि असल एक टुक्रा पाउरोटी, र सर्वोपरि कुरा के भने यी सब कुराहरूलाई बुद्धि पुऱ्याईकन मिलाएर दिने कला, यी उपायहरूले एकातिर कडा हरकहरूको स्वाद नदिईकन र अर्कोतिर उनीहरूलाई आपनो खाने कुरादेखि थाक्न नदिईकन तिमी बच्चाहरूका फौजलाई संसारको छेउसम्म लैजान सक्नेछौ ।

बच्चाहरूको मासु प्रतिको बेवास्ताले मासु खाने अप्राकृतिक हो भन्ने कुराको प्रमाण दिन्छ, उनीहरूको रुचि तरकारी दूध, मिठाई फलफूल इत्यादिमा हुन्छ । यदि उनीहरूको स्वास्थ्यका निमित्त नभए तापनि उनीहरूको आचरणका निमित्त बच्चाहरूको यो प्राकृतिक स्वाद बदल्ने र उनीहरूलाई मासु खाने

पुल्याउने कुरामा होश राख ! ठूलठूला मांसाहारीहरू अरू मानिसहरू भन्दा सामान्यतः भयंकर र निर्दयी हुन्छन् भन्ने कुरा होइन भनेर को भन्न सक्तछ ? यो कुरा सर्वत्र र सदैव मानिएको छ । अंग्रेजहरू उनीहरूको निर्दयताका निमित्त प्रख्यात छन्, जब कि गौर्सहरू भने मनुष्यहरू मध्ये सबभन्दा सुशील हुन्छन् । सबै जंगली मानिसहरू निर्दयी हुन्छन्, उनीहरूको चलनले नै उनीहरूलाई यस दिशातिर लागेको होइन, उनीहरूको निर्दयता उनीहरूको खानाको परिणाम हो । उनीहरू शिकारमा गए जस्तै लडाईंमा जान्छन् र मानिसहरूप्रति भालुहरूप्रति जस्तै व्यवहार गर्दछन । साँच्चै नै बेलायतमा बगरेहरू र चिरफारमा डाक्टरहरू अदालतमा प्रमाण पेश गर्न पाउँदैनन् । ठूला ठूला हत्याराहरू रगत पिएर हत्याको निमित्त आफूलाई तयार पार्दछन् । होमरले उनको नरमांसाहारी साइक्लप्सलाई भयंकर मानिस बनाएका छन्, तर उनका कमला आहारीहरू यस्ता आनन्दी छन् कि जो उनीहरूसँग व्यापार गर्न गएका थिए, तिनीहरूले उनीहरूको बीचमा रहनका निमित्त आफ्नो मुलुकलाई पनि बिर्सेका थिए ।

प्लुटार्चले भनेका थिए, "पाइथागोरास किन पशुहरूको मासु खाँदैनथे भनेर तिमी मलाई प्रश्न गर्दछौ, तर म तिमीलाई यो प्रश्न गर्दछु, त्यो पहिला मानिसलाई कत्रो साहस चाहियो होला, जसले मारिएको प्राणीहरूको मासु उठाएर आफ्नो ओठमा लग्यो, जसले मरिरहेको पशुका हाडहरू आफ्नो दाँतले फोऱ्यो, जसको अगाडि मरेका शरीरहरू र लाशहरू राखिएका थिए, र जसले ती अंगहरूलाई निल्यो, जो एकछिन अघि म्या म्या गरिरहेका थिए, ड्वाँ ड्वाँ कराइरहेका थिए, हिंडिरहेका थिए र हेरिरहेका थिए ? चेतनशील प्राणीको मुटुमा उसले आफ्नो हातले कसरी चक्कू रोप्न सक्यो, उसको आँखाले कसरी ज्यान मारेको हेर्न सक्यो, बिचरो निःसहाय जनावर रगत चुहाउँदै मरेको, घामले डढेको, र अंग भंग भएको उसले कसरी हेर्न सक्यो ? यो थलथले मासुको दृश्य ऊ कसरी सहन गर्न सक्तछ ? के यसको गन्धले नै पनि उसको भुँडी फर्काउँदैन ? यी चोटहरूबाट निस्केको रगतमा हात हाल्नु पर्दा र कालो र चिप्लो रगतका दागहरूबाट उसका औंलाहरू सफा गर्नुपर्दा के वाक्क, दिक्क र भयभीत हुँदैन !"

पहिलो बाछि प्रकृतिप्रति ईर्ष्या गरेर यो भयंकर भोजन गर्दा, जीवित प्राणीलाई आफ्नो आहारा बनाउन खोज्दा, अहिले भर्खरसम्म चरिरहेको पशुलाई खान इच्छा गर्दा, जुन भेडाले आफ्नो हात चाट्तथ्यो त्यसै भेडालाई

कत्तल गरेर काटकुट पार्न् भनेर अरूलाई अह्लाउंदा उसलाई अवश्य माथि बताए बमोजिम लागेको हुनु पर्दछ । जसले आश्चर्यजनक काम गरेका छन्, ती व्यक्तिहरू यी भयंकर भोजन शुरू गर्ने हुन्, न कि यिनीहरूलाई छोड्ने । ती प्राचीन मानिसहरूका निमित्त क्षमा थिए, तर ती क्षमाहरू हामीहरूका निमित्त छैनन्, यस्तो नभए हाम्रो क्रूर जंगलीपना सय खण्ड बढी हुनेछ ।

यो प्राचीन मानिस भन्दछ, 'देवताहरूका प्यारा मानवहो, हाम्रा समयहरूलाई तिम्रा समयहरूसँग तुलना गर; हेर, तिमीहरू कति सुखी छौ, हामी कति दुःखी थियौं, भर्खर बनेको पृथ्वी र आर्द्रताले गह्रौं भएको हावा ऋतुहरूका नियमको अधीनमा थिएनन् । भू-मंडलको तीन चौथाइ भाग सधैं जथाभावी बग्ने अनिश्चित मार्ग भएका नदीहरूको बाढीले र ताल, पोखरी, दह र अथाह थलथले धापहरूले ढाकिएको थियो । बाँकी एक चौथाइ भाग पनि जंगलहरू र बाँझा वनहरूले ढाकिएको थियो । पृथ्वीले असल फल फलाउँदैनथ्यो, खनजोतका औजारहरू हामीसँग थिएनन्, र जसले केही रोपेको थिएन उनीहरूका निमित्त बाली काट्ने समय कहिले पनि आउँदैनथ्यो । यस प्रकार हामीहरूका बीचमा सधैं भोकभोकै हुन्थ्यो । हिउँदमा झ्याउ र रूखका बोक्राहरू हाम्रा खानेकुरा हुन्थे । केही कन्दमूलहरू र हरिया लहराहरू हाम्रा भोज हुन्थे । जब मानिसहरूले जंगली साह्रा फलहरू या सिसौ वृक्षका फलहरू भेट्टाउँथे उनीहरू ती बाँझ वा बीच वृक्षहरूको अगाडि असभ्य जंगली गीतको स्वर निकालेर खुसीले नाच्दथे । उनीहरू पृथ्वीलाई आफ्नी आमा र धाई भन्दथे । यही मात्र उनीहरूको चाड थियो, यही मात्र उनीहरूको रमाइलो खेल, थियो, मानिसको अरू बाँकी जम्मै जीवन दुःख, पीडा र भोकमा बित्दथ्यो ।

आखिरमा जब नांगो पृथ्वीले हामीलाई कुनै खाने कुरा दिन छोड्यो, तब आत्मरक्षाका निमित्त प्रकृतिमाथि हात हाल्न र उनीहरूको साथै नासिनुभन्दा अरू दुःखमा परेका हाम्रा साथीहरूलाई खान हामीलाई करै लाग्यो । तर निर्दयी मानवहो ? रक्तपात गर्नलाई तिमीहरूलाई कसले कर लाउँदछ ? तिनीहरूका वरिपरिको असल वस्तुहरूको दौलत, पृथ्वीले दिएका फलफूलहरू, खेत र अंगूरबारीको भण्डारलाई हेर, चौपायाहरू तिमीहरूलाई पिउन दूध दिन्छन् र तिमीहरूको लुगाको निमित्त ऊन दिन्छन् । अरू बढ्ता तिमीहरू के खोज्छौ ? आफूले खान सक्ने र पिउन सक्नेभन्दा बढ्ता कुराहरू आफूसँग छँदाछँदै कुन बहुलट्ठीपनले तिमीहरूलाई यस्ता हत्याहरू गर्न बाध्य गराउँदछ ? हाम्री पृथ्वीमातालाई तिमीहरू किन कलंक लगाउँछौ र मलाई खाने कुरा दिएन

भनेर किन दोष लगाउँदछौ ? पवित्र कानूनहरूका आविष्कार सेरसमाथि किन पाप गर्दछौ ? मानिसहरूलाई चैन आराम दिने ब्याकसमाथि किन अपराध गर्दछौ, उनीहरूका अति उदार देनहरू मनुष्यजातिको बचावट र संरक्षणका लागि मानो पर्याप्त थिएनन् कि भने ॐ गर्न ? उनीहरूका मीठा फलफूलहरूलाई तिम्रो खाने टेबुलमाथिका हाडहरूसँग मिसाउने, चौपायाहरूले दिएको दूधलाई उनीहरूको रगतसित सँगसँगै खाने के तिम्रो त्यस्तो दिल छ ? सिंहहरू र चितुवाहरू, जसलाई तिमी जंगली जनावर भन्दछौ, तिनीहरूलाई आपनो प्राकृतिक बुद्धिको अनुसरण गर्न करै लाग्दछ र आफू बाँचेर रहूँ भन्ने हेतुले तिनीहरू अरू जनावरहरूलाई मार्दछन् । तर तिनीहरूभन्दा सय खंड बढ्ता भयंकर तिमीहरू विना कारण आपनो स्वाभाविक ज्ञानको विरुद्ध लड्दछौ, र आफूलाई अत्यन्त निर्दयी आनन्दमा छाडिदिन्छौ । जुन जनावरलाई तिमीहरू खान्छौ, ती अरूलाई खाने जनावर होइनन्, तिमीहरू हिंस्रकजनाव रलाई खाँदैनौ. तिमीहरू उनीहरूलाई आफ्नो नमूनाको रूपमा लिन्छौ । तिमीहरू केवल राम्रा सुशील साधु जनावरहरूका निमित्त क्षुधित हुन्छौ, जो कसैलाई हानि गर्दैनन्, जो तिम्रा पछि लाग्दछन् जो तिमीहरूको सेवा गर्दछन्, र उनीहरूको सेवाको परिणाममा तिमीहरू उनीहरूलाई खान्छौ !

ए अप्राकृतिक हत्यारा ! यदि तँ आफूजस्तै रगत र मासुले बनेका, आफू जस्तै बाँचेर रहने र थाहा पाउने अर्थात् आफू जस्तै जीवित र सचेत प्राणीहरूलाई खान प्राकृतिले तँलाई बनाएको हो भन्ने कुरामा जिद्दी गरेर अड्छस् भने यी भयंकर भोजनहरू गर्दा घृणालाई भित्रभित्रै दबा । ती जनावरलाई आफै मार् म भन्छु, विनाचक्कु या हथौडी आपनै हातले मार्; सिंह र भालूहरूले जस्तै आपनै नङले तिनीहरूलाई च्यात्, यसै साँढेलाई लैजा र यसलाई टुक्रा पार्, उसको छालामा तेरा नङहरू गाड्, भेडाको पाठोलाई जिउँदो छँदैमा खाइदे, यसको गरम मासु खा, यसको रगतसित यसको आत्मालाई पिइदे ! तँ भय र घृणाले थरथर काम्दछस् । तँ आफ्ना दाँतहरूको बीचमा त्यो जिउँदो फर्फराउँदो मासु हाल्न साहस गर्दैनस् ? निष्ठुर मानव ! दोहोरो हत्या गर्नलाई हो कि तँ पहिले यसलाई मार्छस्, अनि खान्छस् । यति मात्र होइन, तँ मरेको मासुलाई घृणा गर्दछस्, यसले तँलाई विरोध गराउँदछ, यसलाई आगोले बदल्नुपर्दछ, उसिन्नुपर्दछ, भुट्नुपर्दछ मर-मसला जडीबूटीहरूले यसको रूप बदलिदिनुपर्दछ । तँलाई बगरेहरू, भान्सेहरू, कवाफ बनाउन सिपालु बावर्चीहरू जसले हत्याको भयहरूलाई हटाइदिन्छन् र मरेका शरीरहरूको रूप या भेष

बदलिदिएर स्वादिलो तुल्याएर तिनीहरूको भोज गराइदिन्छन्, जसको दृश्यले नै तँलाई बिरामी तुल्याउनुपर्दथ्यो ।

यस कथनको यहाँ सम्बन्ध छैन, तापनि यसको प्रतिलिपि यहाँ उतार्ने प्रलोभनलाई म रोक्न सक्तिनँ र म विचार गर्छु कि मेरा पाठकहरूले यसको विरोध गर्नेछैनन् ।

अन्त्यमा, साधारण र सफा खानामा तिमीले आफ्ना केटाकेटी दिएको छ भने त्यसको जुनसुकै खाने कुरा उनीहरूलाई दिनहुन्छ र त्यो तिनीहरूले चाहे जति खाऊन्, दोडून् र खेलून् । तिमी निश्चिय हुन सक्तछौ कि तिनीहरूले कहिल्यै अति धेरै खाने छैनन्, र कहिल्यै उनीहरूलाई अपच हुनेछैन । तर यदि तिमीले उनीहरूलाई आधा समय भोको राख्यौ भने तिनीहरूले तिम्रो आँखा छल्ने युक्ति गर्नेछन् र उनीहरूले सकेसम्म यसबाट फाइदा उठाएर बिरामी हुनेगरी खानेछन् र फेरि अरू खान नसक्ने गरी गलगित्त हसुर्नेछन् । हाम्रो खाने इच्छा त्यस बेला मात्र हुन्छ, जब हामी रोकेर, नियन्त्रण गरेर, पथ्य दिएर, बढाएर घटाएर प्रकृतिका नियमहरूभन्दा अरू नियमहरू ठोस्ने प्रयास गर्दछौं । तराजु हाम्रो हातमा छ, तर त्यो तराजु हाम्रा मनोविकारहरूको नाप हुन्छ, न कि हाम्रा पेटहरूको । म आफ्नो सामान्य उदाहरणतर्फ फर्कन्छु, किसानहरूमध्ये खानेकुराहरूको दराज र स्याउको कोठरी सधैं खुला रहन्छन् र बच्चाहरूलाई र ठूलाहरूलाई पनि अपच भनेको थाहा हुँदैन ।

मेरो सिद्धान्तअनुसार पनि कुनै बच्चा ज्यादै ठूलो खन्चुवा हुने संयोग पर्न असम्भव छ भन्ने म ठान्दछु । उसका मन परेका खेलहरूले उसको मन यस्तो चंचल भइरहेको हुन्छ कि उसलाई सजिलैसँग उसले थाहा नपाउने गरी भोको राख्न सकिन्छ । यस्तो निर्विघ्नको र सुगम उपाय लगाउन शिक्षकहरू कसरी चुकेका होलान् ! हेरोडोटसले बताएका छन् कि लिडियाका निवासीहरूले अभावको दबाउमा परेर भोक छल्नलाई खेलहरू र अरू आमोदप्रमोदहरूको आविष्कार गर्ने निर्णय गरे र उनीहरू खानेकुराको विचारै नगरी दिन-दिनभर बिताउँदथे । तिम्रा विद्वान् शिक्षकहरूले इतिहासका पानामा यो कुरा बरंबार पढेको हुन सक्तछन्, तर केटाकेटीहरूमा यो कुरा कसरी लगाउन सकिन्छ जान्दैनन् । यी शिक्षकहरूमध्ये कसैले मलाई भन्नु सम्भव छ कि बच्चा आफ्ना पाठहरूका निमित्त आफ्नो भोजन छोड्न मन पराउँदैन । तपाईंले भन्नुभएको ठीक हो, महाशय ! म त्यस किसिमको खेलको विचार गरिरहेको थिइनँ ।

छुनाका निमित्त हेर्नु जस्तो हो, स्वादका निमित्त सुँघ्नु त्यस्तै हो। सुँघ्ने इन्द्रिय स्वादको अगाडि अगाडि जान्छ र मलाई यस पदार्थ या त्यस पदार्थले असर गर्दछ भनेर त्यसले उसलाई जनाउ दिन्छ, र अघिबाटै पाइसकेका विचारहरूअनुसार यो अनुभव खोज्ने या छोड्नेतिर उसलाई प्रवृत्त गराउँदछ। मैले यो सुनेको छु कि जंगली मानिसहरूका चेतना हाम्रा चेतनाभन्दा बिलकुल फरक हुन्छन् र मीठो या नमीठो गन्धको सम्बन्धमा उनीहरूका विचार बिलकुल भिन्दै हुन्छन्, मलाई यस कुरामा राम्रो विश्वास छ। खालि गन्धहरू मात्र त अल्प चेतनाहरू हुन् ; तिनीहरूको प्रभाव इन्द्रियहरूमाथि भन्दा अल्पमाथि बढ्ता पर्दछ, र मुख्यतया उनीहरूले उठाएका पूर्वाभासहरूद्वारा तिनीहरू काम गर्दछन्। यसो हुनाले र असभ्य जंगली मानिसहरूका अभिरुचिहरू सभ्य मानिसहरूका अभिरुचिहरूसँग नमिल्ने हुनाले गन्धहरूको विषयमा तिनीहरूले उनीहरूलाई भिन्न विचारहरू लिने तुल्याएको हुनुपर्दछ। जस्तो कुनै शिकारीलाई खूब असल तित्राको गन्ध मीठो लाग्दछ, त्यस्तै तातारी तुर्कलाई सडेको घोडाको जुरोको मासुको गन्ध मीठो लाग्ने हुनुपर्दछ। फूलका क्याङहरूबाट उठेका सुगन्ध जस्ता हाम्रा निष्क्रिय चेतनाहरू ती मानिसलाई याद नभईकन त्यसै जान्छन्, जो बगैंचामा टहल्नाका लागि खूब हिँड्दछन् र परिणाममा आनन्द पाउनाको प्रशस्त काम गर्दैनन्। भोका मानिसहरू सुगन्धहरूमा आनन्द पाउँदैनन् जसले खाने कुरा नजीक आइपुगेको बताउँदैन।

सुँघ्ने इन्द्रिय हो। यसले नसाहरूलाई आवाज दिने हुनाले कल्पनाको इन्द्रिय मगजमा यसको ठूलो प्रभाव पर्नुपर्दछ। यसले एक छिन हाम्रो मनलाई बहाल गराइदिन्छ। तर आखिरमा वाक्क गराइदिन्छ। प्रेममा यसका परिणामहरू प्रायः खूब मानिएका छन्। शृंगार कोठाका मीठा सुगन्धहरू त्यस्तो कम बन्धन होइनन्, जस्तो तिमी विचार गर्दछौ ; र म बुझ्न सक्तिनँ त्यो बुद्धिमान र अलि निर्वाचार व्यक्तिलाई बधाइ दिने हो वा उसमाथि सहानुभूति प्रकट गर्ने हो, जुन व्यक्तिका इन्द्रियहरू आपनो प्रियतमाले छातीमा लगाएका फूलहरूको वास्नाले कहिल्यै उत्तेजित हुँदैनन्।

त्यस कारणले सानै बच्चा उमेरमा घ्राणेन्द्रिय ज्यादा क्रियाशील हुनु हुँदैन। अझै प्रचण्ड भावनाहरूले उत्तेजित नभइसकेको कल्पनामा उमंग आइसकेको हुँदैन। यो कुरा विचारबाट पक्का ठहराइसकिएको छ र निश्चय हो कि गन्धको इन्द्रिय बच्चाहरूमा मन्द र बोधो हुन्छ। उनीहरूका इन्द्रियहरू ठूला मानिसका इन्द्रियहरूभन्दा कम तीव्र हुन्छन् भन्ने कुरो होइन, तर ती इन्द्रियहरूसँग

संलग्न भएको विचार चाहिं बच्चाहरूको हुँदैन । सुख र दुःखलाई उनीहरू सजिलोसँग अनुभव गर्दैनन् र हामीहरू झैं प्रशंसामा खुशी हुने र निन्दामा दुःखित हुने हुँदैनन् । मेरो सैद्धान्तिक नियमदेखि बाहिर नगईकन र तुलनात्मक-अंगविद्यातिर नलागीकन, म विचार गर्दछु कि स्वास्नीमानिसहरू लोग्ने मानिसहरूभन्दा सुगन्धलाई किन बढ्ता मन पराउँछन्, त्यो कुरा हामी सजिलैसित देख्न सक्तछौं ।

यस्तो भनिन्छ कि क्यानाडाका रक्तचर्म (राता मानिस)-हरू बचपनदेखि नै आफ्नो गन्ध थाहा पाउने इन्द्रियलाई यत्तिको सूक्ष्म या तीव्र तुल्याउने अभ्यास गर्दछन् कि कुकुर भए तापनि उनीहरू शिकारमा तिनीहरूको प्रयोग गर्दैनन्–उनीहरू आफै आफ्ना कुकुर छन् । साँच्चै नै मेरो यो विश्वास छ कि जस्तो कुकुरले आफ्नो शिकारको गन्ध पाउँछ, त्यस्तै बच्चालाई आफ्नो भोजनको गन्ध पाउने गरी तालीम गरेदेखि उनीहरूको गन्ध थाहा पाउने शक्ति त्यतिकै पूर्णरूपको हुने थियो । बच्चालाई गन्ध र स्वादको सम्बन्ध विचार गर्ने कुरा सिकाइदिएमा गन्ध थाहा पाउने इन्द्रियबाट साँच्चीको लाभ हुने कुरा म केही देख्तिनँ । यी सम्बन्धहरू सिक्न प्रकृतिले नै हामीलाई कर लगाएको छ । उनीहरूका अंग या यंत्रहरू नजीकै सँगसँगै राखिदिएर यी दुई इन्द्रियका अभ्यासहरूलाई अभिन्न तुल्याइदिएको छ, यी दुईका बीच मुखमा सिधै बाटो राखिदिएको छ, ताकि हामी केही कुराको पनि गन्ध थाहा नपाईकन स्वाद थाहा पाउँदैनौं, बच्चालाई छकाउनाका लागि यी प्राकृतिक सम्बन्धहरूलाई गोलमाल पार्न म चाहन्नँ, अर्थात् औषधिको स्वाद दबाउनलाई त्यसमा सुगन्ध मिलाइदिने पक्षमा म छैन, किनभने दुई इन्द्रियको आपसी विरोध यति ठूलो हुन्छ कि यसलाई छकाउन सकिन्न, क्रियाशील इन्द्रियले अर्को इन्द्रियलाई जति दबाउँछ उति त्यो औषधि नमीठो हुन्छ र यो अरोचक मिलान त्यस बखतमा अनुभव भएको हरेक इन्द्रियसम्म फैलिन्छ, यसनिमित्त यी इन्द्रियहरूमध्ये सबभन्दा सानो चाहिंले पनि अरू बाँकीलाई उसको कल्पनातिर बोलाइदिन्छ र खूब मीठो सुगन्ध पनि उसको निमित्त दुर्गन्धी हुन्छ । यस प्रकार हाम्रा मूर्ख होशियारीहरूले उसका रमाइला चेसनालाई हटाएर नरमाइला चेतनाहरूको संख्या बढाइदिन्छन् ।

यसपछिका पुस्तकहरूमा साधारण बुद्धि भनिने छैटौं इन्द्रियको तालीमको विषयमा मेरो भन्नु छ, साधारण बुद्धि भन्नाले यो सबै मानिसमा हुने होइन, यसलाई किन यसो भनेको भने अरू पाँचवोटाको राम्रो नियमित प्रयोगबाट यसको उत्पत्ति हुन्छ र वस्तुहरूको बाहिरी रूपहरूको जम्माजम्मी हिसाबले

तिनीहरूको प्रकृति बताउँदछ । यसनिमित्त छैटौं इन्द्रियको कुनै भिन्दै अंग हुँदैन; यसको स्थान मगजमा हुन्छ, र यसका चेतनाहरू जो शुद्ध आन्तरिक हुन्छन्; तिनीहरूलाई भावना या विचार भनिन्छ । यी भावना या विचारहरूको संख्या हाम्रो ज्ञान हो, तिनीहरूको स्पष्टता र ठीकपना विचारको ठीकपनमा निर्भर गर्दछ ; यिनीहरूमध्ये एकको अर्कोसँग तुलना गर्ने ज्ञान या कलालाई मानिसको तर्कशक्ति भन्दछन् । यस प्रकार जसलाई म चेतनाहरूको तर्कशक्ति या बच्चाको तर्कशक्ति भन्दछु, त्यो कैयौं चेतनाहरूको साथै रहेको अनुभवद्वारा साधारण विचारहरूको उत्पत्ति हुनुमा रहन्छ, जसलाई म बुद्धिको तर्कशक्ति भन्दछु, त्यो धेरै साधारण विचारहरूको सम्मेलनद्वारा मिश्रित विचारहरूको उत्पत्ति हुनुमा रहन्छ ।

यदि मेरो तरीका वास्तवमा प्रकृतिको तरीका हो भने र यदि म त्यो तरीका लगाउनमा मेरो भूल भएको छैन भने हामीले हाम्रो चेलालाई चेतनाको प्रान्तबाट बच्चाको तर्कशक्तिको सीमातिर लगेका छौं, यो सीमादेखि पारिपट्टिको हामीले लिने पहिलो खुड्किलो मानिसको खुड्किलो हुनुपर्दछ । तर यो नयाँ कदम लिनुभन्दा अगाडि हामीले अहिलेसम्म लिंदै आएको बाटोतिर पछाडि फर्केर एक छिन हेरौं । जीवनको हरेक उमेर, हरेक श्रेणीको आफ्नै पूर्णता हुन्छ, आफ्नै परिपक्वता हुन्छ । हामीले 'हुर्केर ठूलो भइसकेको मानिस' भन्ने यो बचन बराबर सुनेका छौं ; तर हामी 'हुर्केर ठूलो भइसकेको बच्चा' को विषयमा विचार गर्नेछौं । यो नयाँ अनुभव हुनेछ र कम मजाको हुनेछैन ।

सीमाबद्ध प्राणीहरूको जीवन यस्तो दीन र संकीर्ण छ कि यसलाई देख्नाले मात्र कुनै मनोविकार उठ्तैन । वास्तविकतालाई सिंगार्ने त कल्पना हो र जुन कुराले हाम्रा इन्द्रियहरूलाई छुन्छ, त्यसलाई यदि कल्पनाले आफ्नो मोहनी दिंदैन भने हाम्रो नीरस आनन्द हाम्रा इन्द्रियहरूमै मात्र बद्ध भएर रहन्छ र हृदय चाहिं भावनाशून्य भएर रहन्छ । शरद ऋतुका भण्डारहरूले सिंगारिएर शोभित धर्तीले रंगहरूको दौलत देखाउँछ, जसलाई आँखाले प्रशंसा गर्दछ; तर यस प्रशंसाले हामीलाई प्रभावित तुल्याउन सक्तैन; यो प्रशंसा भावनाबाट भन्दा विचारबाट उत्पन्न हुन्छ । वसन्त ऋतुमा मुलुक (हिउँ पर्ने मुलुक होला) रुण्डै नांगो र हरिया पातले रहित हुन्छ, वृक्षहरूले छाया दिंदैनन्, घाँस उम्रन थालिसकेको हुँदैन, तथापि दृश्यले हृदयलाई स्पर्श गर्दछ । प्रकृतिको यो नवजीवनमा हामीलाई आफ्नै जीवनको नव जागरण भएको जस्तो लाग्दछ । अघि बितेका आनन्दहरूका सम्झनाले हामीलाई घेर्दछन् । आनन्दको

भावनालाई साथ दिन सधैं तयार रहेका. खुशीका साथी भएका ती आनन्दाश्रुहरू हाम्रा आँखाका पलकहरूमा कम्पित भइरहन्छन् । त्यो दृश्य सजीव, फुर्तिलो र आनन्दपूर्ण हुन्छ, तापनि हामी त्यसलाई आँसु नखसालीकन हेर्दछौं ।

अनि यस्तो किन हुन्छ ? किनभने कल्पनाले वसन्त ऋतुको दृश्यमा अब आउने ऋतुहरूको स्वरूप ल्याएर थपिदिन्छ । आँखाले कलिलो पालुवालाई हेर्दछ, मनको आँखाले फूलहरू, फलहरू, हरिया लहरापातहरू देख्तछ र तिनीहरूले लुकाउन सक्ने रहस्यहरूलाई पनि देख्न सक्तछ । यसले त्यसपछि पालैसित आउने अवस्थाहरूलाई एक पलाको अनुभवमा ल्याएर मिलाइदिन्छ, हामी वस्तुहरू जस्तो हुने हुन्, त्यस्तो देख्तैनौं तर तिनीहरू जस्तो होऊन् भन्ने हामी चाहन्छौ, त्यस्तै देख्तछौं, किनभने कल्पनाले आफूलाई मन लागेअनुसार छान्ने अधिकार मात्र लिन्छ ।

त्यो मोहनीको स्रोत यही हो, जो हामी मनुष्य अवस्थाको पूर्णतामाभन्दा बाल्य अवस्थाका सौन्दर्यहरूमा हेर्दा पाउँदछौ । मानिसलाई हेर्दा कहिले हामी साँच्चीकै रमाउँछौं । जब उसका कामहरूको सम्झनाले हामीलाई उसको जीवन फर्केर हेर्न तुल्याउँछ र उसको जवानी हाम्रा आँखामा नयाँ रूप लिएर आउँछ । यदि हामीले उसलाई ऊ जस्तो छ, उस्तै रूपमा हेर्नुपर्‍यो भने या ऊ वृद्धावस्थामा यस्तो हुनेछ भन्ने कुराको तस्वीर खिच्नुपर्‍यो भने घर्कंदा वर्षहरूको विचारले हाम्रो सबै आनन्द नष्ट गरिदिन्छ । हतार गरेर उसको चिहानतिर लम्किरहेको मानिसलाई देख्ता केही आनन्द आउँदैन, मृत्युको मूर्तिले सब भयंकर तुल्याउँदछ ।

तर जब म कुनै दश-बाह्र वर्षको बलियो निरोगी र उसको उमेरअनुसार राम्रोसित बढेको बच्चाको विषयमा विचार गर्दछु, त्यो बेला वर्तमानको होस् वा भविष्यको होस् रमाइला विचारहरू मेरो मनमा आउँदछन् । म उसलाई उत्साही, उत्सुक जीवनले परिपूर्ण भएको, हृदयलाई छियाछिया गराउने चिन्ता फिक्रीहरूले रहित भएको दुःखदायी पछिका कुराहरूको विचारबाट स्वतन्त्र रहेको, वर्तमान अवस्थामा मग्न रहेको, आफूभन्दा पारिपट्टि विस्तृत भएर जाने देखिने जीवनको परिपूर्णतामा आनन्द मनाइरहेको देख्छु । म त्यस समयको अपेक्षा गर्दछु, जब उसले आफ्नो दिन पर दिन बढ्दो चेतना, बुद्धि र बलको प्रयोग गर्नेछ, जुन बढ्दो शक्तिहरूको ताजा प्रमाण ऊ लगातार दिंदै जान्छ । म त्यस बच्चालाई आनन्दपूर्वक हेर्दछु र त्यो पछि मान्छिस हुनेको तस्वीर झन् बढी आनन्दपूर्वक खिच्तछु । उसको उत्साही जीवनले मेरा आफ्नै

नाडीहरूलाई उत्तेजित तुल्याएको प्रतीत हुन्छ, मैले उसकै जीवनयापन गरिरहेको जस्तो लाग्दछ र उसको बलमा मैले आफ्नै जीवनलाई फेरि नयाँ तुल्याएको भान हुन्छ ।

घण्टा हान्छ, दृश्य बदलिन्छ । अकस्मात् उसको आँखा धमिलो हुन्छ, उसको आनन्द भाग्दछ । आनन्दलाई सलाम ! ऊ रमाउने स्वतन्त्र खेलहरूलाई सलाम ! कुनै एउटा कडा क्रोधी मानिसले गम्भीरतापूर्वक, 'मसँग आऊ, साहेब !' भन्दै उसको हात समात्तछ र उसलाई लैजान्छ । जब उनीहरू कोठाभित्र पसिरहन्छन् म पुस्तकहरूको एक दृश्य देख्छु । पुस्तकहरू ! उसका उमेरको एउटा बच्चाको निमित्त कस्तो नीरस मन्द खाना ! त्यो विचरा बच्चा आफूलाई घिच्याएर लैजान दिन्छ, ऊ आफ्ना वरिपरिका सबैलाई दिक्दारीको दृश्यले हेर्दछ, र चुपचाप त्यहाँबाट जान्छ, उसले खसाल्न साहस नगरिएका आँसुहरूले उसका आँखाहरू सुन्निएका हुन्छन्, र उसले प्रकट गर्न नसक्ने रुवाइले उसको छाती फुटिरहेको हुन्छ ।

कोमल हृदयको ए मेरो सुखी चेला ! तिम्रो निमित्त डराउनुपर्ने यस्तो कारण केही छैन, तिमीले जीवनको कुनै समयमा पनि श्रान्त र दिक्क हुनुपर्दैन, तिमी दिनहरूलाई फिक्रीविना र रातहरूलाई अधैर्यविना स्वागत गर्दछौ, तिमी आफ्ना आनन्दहरूले समयको गणना गर्दछौ, त्यो विचरा दुःखी बच्चा बिदा भएर (स्कूलतिर) गएकोमा तिमी हामीलाई सान्त्वना दिन्छौ । आऊ ! ऊ यहाँ आइपुग्यो र ऊ आइपुग्दा मलाई आह्लादले रोमांच हुन्छ र म देख्छु, यस आनन्दको ऊ पनि भागी हुन्छ । यो उसको मित्र हो, साथी हो, जसले उसलाई भेट्तछ । मलाई देख्नेबित्तिकै उसलाई यो थाहा हुन्छ कि अब चाँडै नै उसलाई मजा हुन्छ । हामी कहिल्यै परस्परमा पराधीन छैनौं, तर हाम्रो सधैं राम्रो मेल छ, र हामीसँगसँगै भएको बेलामा जत्तिको सुखी अरू कुनै बेलामा पनि हुँदैनौं ।

उसको मुख, उसको चेहरा, उसको छाँटकाँटले विश्वास र सन्तुष्ट बताउँदछन्, उसको अनुहारमा स्वस्थता झल्कन्छ, उसको मजबूत टेकाइले तागत जनाउँदछ, उसको रंग सुकुमारी छ, तर रोगी छैन, यसमा नरमपन या निपफरपना छैन । घाम र बतासले उसको अनुहारमा मनुष्य अवस्थाको राम्रो छापा लगाएका छन्, उसका गोल मासुका डल्लाहरूले उसको बढ्दो व्यक्तित्वका लक्षणहरू देखाउन थालिसकेका छन्, उसका आँखा अहिलेसम्म भावनाको ज्वालाले नजलिसकेका हुनाले शान्त छन्, तिनीहरू लम्बिएको अफसोसले

अँध्यारा भएका छैनन्, न त उसका गालाहरू नै हरबखतका आँसुहरूलें खोबिल्टा परेका छन् । उसका छिटा र निश्चित् चालहरूमा उसको उमेरको प्राकृतिक बल र स्वाधीनताको विश्वास हेर । उसको चालचलन स्वतन्त्र र खुला छ, तर गर्व या घमण्डको एक चिह्न पनि छैन । किताबहरूमाथि नझुकेको उसको शिर उसको छातिमाथि झर्दैन, "आफ्नो शिर ठाडो गर !" भन्नुपर्ने आवश्यकता छैन । शरम या डरले गर्दा आफ्नो शिर झुकाउनेछैन ।

भद्रपुरुष हो ! तपाईंहरू उसलाई आफ्नो बीचमा स्थान दिनुहोस, निर्धक्कसँग उसलाई सवाल गर्नुहोस्, ऊ हठ गर्ला, बकबक गर्ला, या बेअदबी कुराहरू गर्ला भन्ने डर मान्नुपर्दैन ऊ तपाईंहरूलाई अलमल्याउला । तपाईंहरूले सधैं उससँग लागिरहनुपर्छ भन्ने खोज्ला र तपाईंहरूले उसलाई हटाउन सकिन्न कि भन्ने डर पनि लिनुपर्दैन ।

तपाईंहरूले उसबाट मान–मर्यादा पनि खोज्नु हुँदैन, न त उसलाई मैले जो भन्न सिकाएको छु, त्यो उसले तपाईंहरूलाई भन्नेछ । थप विनाको, अलकांरविनाको, गर्वविनाको सादा सरल सत्यसिवाय उसबाट अरू केही अपेक्षा नगर्नुहोस्, उसका कुराहरूको असर तपाईंहरूमा के पर्न आउँछ, त्यस कुराको केही वास्ता नराखीकन साँचो ठीक कुरा गरेझैं गरी तयारीसाथ उसले ठानेका र गरेका गलत कुराहरू तपाईंहरूलाई बताइदिनेछ; पहिले शुरूदेखि नै सरलतापूर्वक उसले आफ्ना वचनहरूको प्रयोग गर्नेछ ।

हामी आफ्ना बच्चाहरूको राम्रो भविष्य बनाउन मन पराउँछौं, तर कुनै सांयोगिक वचनहरूमा हामीले झुण्ड्याएका हाम्रा आशाहरूलाई मेटिदिने मूर्खताको बाढीमा हामी सधैं पश्चाताप गर्दछौं । यदि मेरो चेलाले यस्ता भविष्यवाणीहरू गर्ने मौका कम दिन्छ भने उसले यस्तो पश्चात्ताप गर्ने मौका पनि दिंदैन, किनभने उसले कहिले पनि बेप्रयोजनको शब्द-प्रयोग गर्दैन र बकबक गरेर आफूलाई थकाउँदैन, जब उसलाई आफूले बोलेको कुरा ध्यान दिएर सुन्ने कोही छैन भन्ने थाहा हुन्छ, उसका विचारहरू थोरै हुन्छन्, तर ठीक हुन्छन् । ऊ कुनै कुरा पनि कंठ घोकेर सिक्तैन, तर धेरै कुरा अनुभवबाट जान्दछ । यदि उसले हाम्रा पुस्तकहरू अरू बच्चाहरूले भन्दा नराम्रोसँग पढ्छ भने ऊ प्रकृतिको पुस्तकमा धेरै राम्रोसँग पढ्दछ । उसका विचारहरू उसको जिब्रोमा होइन कि उसको मगजमा हुन्छन् । उसको स्मरण कम हुन्छ र विचार बढ्ता हुन्छ । ऊ एउटै भाषा मात्र बोल्न जान्दछ; तर ऊ जो भनिरहन्छ, त्यो बुझ्छ र यदि उसको कुरा अरू बच्चाहरूको जत्तिको असल छैन भने उसका कामहरू तिनी-

हरूको भन्दा धेरै असल हुन्छन् । बानी, कार्यतालिका र चालचलनको अर्थ ऊ बुझ्दैन । आज ऊ जे गरिरहेछ, त्यसमाथि हिजो उसले जे गऱ्यो, त्यसको कुनै नियन्त्रण हुँदैन; ऊ कुनै नियमको अनुसरण गर्दैन, कुनै अधिकारीलाई मान्दैन, कुनै नमूनाको नक्कल गर्दैन र उसलाई जे खुशी लाग्छ, त्यही गर्छ, त्यही बोल्छ। यसनिमित्त तिमी उसबाट तोकिएका वचनहरू र अध्ययन गरिएका रीतिहरूको आशा नगर । तर उसका विचारहरूको ठीक जस्ताको त्यस्तै प्रकाशन र उसका प्रवृत्तिहरूबाट उत्पन्न हुने चालचलनको अपेक्षा गर ।

तिमी थाहा पाउनेछौ कि उसको वर्तमान अवस्थाको सम्बन्धमा केही विचारहरू हुन्छन् र मनुष्य–अवस्थाको सम्बन्धमा कुनै विचार हुँदैन । ती विचारहरूबाट उसले के काम लिन सक्तछ ? किनभने बच्चा अहिलेसम्म समाजको क्रियाशील सदस्य हुँदैन । स्वतन्त्रताको, सम्पत्तिको र सामान्यतः के गरिन्छ त्यसको विषयमा पनि ऊसित कुरा गर । यतिसम्म तिमीले भनेको ऊ बुझ्न सक्तछ; ऊ जान्दछ कि उसका वस्तुहरू किन उसकै हुन् र किन अरू वस्तुहरू उसका होइनन्, यहाँभन्दा बढी अरू कुरा ऊ केही पनि जान्दैन । कर्तव्य या आज्ञाकारिताको विषयमा ऊसित कुरागर; तिमी कुन विषयमा कुरा गरिरहेछौ, त्यो उसले बुझ्नेछैन । उसलाई केही काम गर भनेर आज्ञा देऊ, र उसले केही ध्यान दिनेछैन, तर उसलाई भन, 'तिमीले मलाई यो मजा दियौ भने चाहिएको वेलामा म यो फिर्ता गर्नेछु' र तिमीलाई सन्तुष्टि दिन ऊ हतारिनेछ, किनभने उसले आफ्नो अधिकारको क्षेत्र बढाउन र तिमीमाथि आफ्नो हक प्राप्त गर्न बाहेक अरू केही खोज्दैन । उसलाई थाहा छ कि यी कुराहरूको मर्यादा गरिनेछ । आफ्नै स्थान नपाएकोमा, आफू कुनै गणनामा नपरेकोमा उसलाई केही अफसोस नलाग्न सक्छ; यदि उसमा यो पछिल्लो चाहिं विचार घुसेको रहेछ भने उसले प्रकृतिको क्षेत्रहरू छोडिसकेको छ र घमण्डका द्वारहरू बन्द गर्नमा तिमी असफल भएका छौं ।

उसका हकमा, उसलाई सहायताको आवश्यकता पऱ्यो भने उसले पहिले जसलाई भेट्छ, उसँग निर्धक्कसित मद्दत माग्दछ । उसले आफ्नो नोकरसित जत्तिको निर्धक्कसित मद्दत माग्दछ, उत्तिकै निर्धक्कसित राजासँग पनि माग्दछ; उसको दृष्टिमा सबै मानिस बराबर छन् । उसले मागेको तरीकाबाट तिमी बुझ्नेछौ, उसलाई थाहा छ कि तिमीले उसलाई कुनै कुरा पनि दिनु पर्ने केही कर छैन र तिम्रो कृपा मात्र मागेको हो । उसलाई यो पनि विदित छ कि तिमीबाट यो कृपा दिलाउनलाई सारा मनुष्यजाति नै चलमला-

उँदछ, उसका लबजहरू सादा र सरल हुन्छन् । उसको स्वर, उसको अनुहार, उसको चेष्टा स्वीकार र अस्वीकारमा रात्रैं बानी परेको मानिसका जस्ता हुन्छन् । यो न त दासको नीच अधीनता हो, न त मालिकको हठी स्वर हो, यो त मनुष्य-जातिउपरको नम्र विश्वास हो, यो स्वतन्त्र तथापि चेतनशील र कमजोर प्राणीको भलो र हृदयस्पर्शी सुशीलता हो, जसले स्वतन्त्र तर बलिष्ठ र दयालु प्राणीको सहायता माग्दछ । यदि तिमीले उसको अनुरोध स्वीकार गर्‍यौ भने उ तिमीलाई धन्यबाद दिनेछैन, तर उसले आफू ऋणी बनेको ठान्नेछ । यदि तिमीले अस्वीकार गर्‍यौ भने ऊ न फिराद गर्नेछ, न जिद्दी गर्नेछ; उसलाई थाहा छ, यो गर्नु व्यर्थ छ; ऊ यो भन्ने छैन उनीहरूले मलाई मद्दत गर्न इन्कार गरे र जस्तो मैले अघि नै बताइ सकेको छु, हामी आवश्यकताको विरुद्ध विद्रोह गर्दैनौं, जब एकचोटि हामीले यो थाहा पाइसकेका हुन्छौं ।

उसलाई आफ्नै भरमा छोडिदेऊ र नबोलीकन उसका कामहरूको विचार गर र कसरी ऊ यसमा लाग्दो रहेछ सो हेर । म स्वतन्त्र छु भन्ने कुराको विश्वास उसलाई चाहिंदैन, यसनिमित्त ऊ कहिले पनि बेविचारसित र म आफूले चाहेको जस्तो गर्न सक्तछु भन्ने देखाउनको लागि मात्र काम गर्दैन; के उसलाई म आफ्नो मालिक आफैं छु भन्ने कुरा थाहा छैन र ? ऊ छिटो, होशियार र तयार छ । उसका चलमलाइहरू उसको उमेरलाई सुहाउने किसिमका उत्साही छन् र कुनै तात्पर्य या लक्ष्य नभएको बच्चा तिमी कुनै पनि पाउने छैनौ । उसलाई जे सुकै चाहिए तापनि ऊ आफ्नो शक्तिदेखि बाहेकको कुनै कुरा पनि प्रयास गर्दैन । किनभने ती शक्तिहरूकै हुन्, त्यो कुरा उसले अनुभवबाट सिकिसकेको छ, उसका उपायहरू सधैं उसको मतलबलाई सुहाउने किसिमका हुनेछन्, र सफलताको निश्चय नभईकन ऊ कुनै कुराको पनि प्रयत्न गर्नेछैन : उसको आँखा तीक्ष्ण र पक्का छ, आफू जो देखतछ, त्यस विषयमा अरू मानिससँग गएर सोध्ने त्यस्तो किसिमको मूर्ख ऊ हुनेछैन । यसको जाँचबुझ उसले आफैं गर्नेछ र उसले सोध्नुभन्दा अघि उसले आफ्नो निमित्त या आफैंले के जान्न चाहन्छ त्यो पत्ता लगाउनलाई आफूले गर्न सक्ने हरेक उपाय लगाउने छ । यदि ऊ कुनै अनायासको कठिनाइमा पर्‍यो भने ऊ अरूहरूभन्दा कम विचलित हुनेछ, यदि कुनै खतरा भयो भने ऊ त्यतिको डराउने छैन । उसको कल्पना अहिलेसम्म सुषुप्त अवस्थामा छ र यसलाई उठाउने कुरा केही गरिएको छैन । वास्तवमा त्यहाँ के छ, त्यो मात्र उसले देख्तछ र त्यो कुन किसिमको खतरा हो त्यसको सच्चा मूल्यांकन गर्दछ, यस निमित्त कहिले पनि

ऊ आफ्नो दिमाग गुमाउदैन । आवश्यकताको विरोधमा ऊ कहिल्यै विरोध गर्दैन, उसलाई जहिले पनि कुनै-न-कुनै आवश्यकता परिरहेकै हुन्छ, उसले जीवनभर यो अनुभब गरिरहेकै हुन्छ, उसलाई यसमा राम्रो बानी परिसकेको हुन्छ, ऊ जेका निमित्त पनि सधैं तयार रहन्छ, काम या खेल उसका निमित्त एकै हुन्छन्, उसका खेलहरू नै उसको काम हुन्छन्, ऊ केही फरक पाउँदैन । ऊ हरेक कुरामा चाहनाको मजा र स्वतन्त्रताको सौन्दर्य या आनन्द ल्याउँदछ, र ऊ आफ्नै मनको प्रवृत्ति र आफ्नो ज्ञानको विस्तार देखाउँदछ खुशी आनन्दी चेहरा भएको, सरल-सन्तुष्ट चालामा भएको खुला हँसिलो अनुहार भएको, गहन विषयहरूमा खेलिरहेको या बहुत हलुका आमोदप्रमोदहरूमा काम गरिरहेका कुनै राम्रो बच्चालाई देख्नुभन्दा बढ्ता देख्न योग्य, यसभन्दा बढी हृदयस्पर्शी र यसभन्दा अधिक आनन्दको अरू केही हुन सक्तछ ?

तिमी अब उसलाई तुलनाद्वारा विचार गर्न चाहन्छौ ? अरू बच्चाहरूको बीचमा उसलाई राख र उसलाई आफ्नै भरमा छोडिदेऊ । कुनचाहिँ बच्चाले ज्यादै विकास गरेको रहेछ, कुनचाहिँ बच्चा बाल्यावस्थाको पूर्णताको निकटमा पुगेको रहेछ, त्यो कुरा तिमी चाँडै नै देख्नेछौ । शहरका सबै बच्चाहरूमध्ये ऊ जत्तिको सिपालु कुनै हुँदैन, ऊ जत्तिको बलियो कुनै हुँदैन । बच्चा किसानहरूमध्ये बलमा ऊ तिनीहरूको जोडा हुन्छ, सीपमा ऊ तिनीहरूभन्दा बढ्ता हुन्छ । बच्चाको पहुँचभित्रको हरेक कुरामा ऊ ठीक बेठीक विचार गर्छ, तर्क गर्छ, र बाकी कुराहरूमा पनि पूर्व विचार देखाउँदछ । तिमी भन्न सक्नेछौ, के यो काम गर्नु, दौड्नु, उफ्रनु, या मालहरू यताउति सार्नु, टाढा नजीकको अन्दाज गर्नू, खेलहरूको आविष्कार गर्नु, इनामहरू जितेर लिनु, आदिको कुरा हो त ? "प्राकृतिक उसको कुरा मान्दछ", यस्तो सुगमतासित ऊ सब कुरालाई आफ्नो इच्छामा झुकाउँदछ । ऊ नेतृत्व गर्ने र आफू जस्ता बच्चाहरूमाथि शासन चलाउने बन्दछ, बुद्धि र अनुभवले हक र अधिकारको स्थान लिन्छन् । जुनसुकै भेषमा, जुनसुकै नामले ऊ सधैं पहिला हुनेछ, जहाँसुकै पनि अरू बाँकीमाथि ऊ शासन चलाउनेछ, उनीहरू सधैं उसको श्रेष्ठतालाई मान्नेछन्, थाहा नपाईकन ऊ गुरु हुनेछ, थाहै नपाईकन उनीहरू उसको सेवा गर्नेछन् ।

ऊ शैशवको पूर्णतामा पुगिसकेको हुन्छ, उसले बच्चाको जीवर यापन गरिसकेको हुन्छ, उसको सुखको विनाश गरेर उसको विकास गरिएको होइन, उसले दुवै कुरा हासिल गरेको छ । उसले बालकको संपूर्ण बुद्धि प्राप्त गरिसकेको हुनाले ऊ आफ्नो तन्दुरुस्ती-अनुसार स्वाधीन र सुखी हुन्छ । यदि

मृत्युले उसलाई खोसेर लग्यो र हाम्रो आशा भंग गरिदियो भने हामीले उसको जीवन जस्तै उसको मृत्युमा अफसोस गर्नुपर्दैन, हामीले उसलाई दुःख दिएका थियौं भन्ने विचारले हामीलाई बढी दुःख हुँदैन । हामी भन्नेछौं, कम-से-कम बचपन त सुखी थियो, प्रकृतिले उसलाई दिएको कुनै कुरा पनि हामीले उसबाट अपहरण गरेका थिएनौं ।

यो शुरूको शिक्षामा मुख्य दोष यो छ कि यसलाई बुद्धिमानहरू मात्र कदर गर्दछन् । मूर्खहरूको दृष्टिमा यस्तो यत्नपूर्वक शिक्षित गराएको बच्चो एउटा सानो रुखो लडकासिवाय अरू केही हुँदैन । गुरुले आफ्नो चेलाको फाइदाभन्दा आफ्नो फाइदाको विचार गर्दछ । उसले यो देखाउन चाहन्छ कि समय खेर फालिएको छैन, उसले आफ्नो चेलालाई यस्ता वस्तुहरू दिन्छ, जो पसलको झ्यालमा तयारीसाथ प्रदर्शित गराउन सकिन्छन्, यी कुराहरू इच्छा लागेमा देखाउन सकिन्छन्; यदि तिनीहरू राम्रोसँग देखन सकिन्छन् भने ती उपयोगी होऊन् वा नहोऊन्, केही मतलब छैन । छानबीन नगरीकन र असल खराब नछुट्ट्याईकन उसले उसको स्मृतिलाई बेकम्मा निरर्थक कुराहरूको भार बोकाउँछ । यदि बच्चाको परीक्षा गरिनु छ भने उसलाई उसका चीजबीजहरू देखाउन लगाइन्छ, उसले तिनीहरूलाई फिजाउँछ, हेर्नेहरूलाई सन्तुष्ट तुल्याउँदछ; आफ्नो पोको पार्छ, र आफ्नो बाटो जान्छ । मेरो चेलो गरीब छ, प्रदर्शनी गर्ने उसको कुनै पोको छैन, उसले आफूलाई मात्र देखाउनु छ । अब न त कुनै मानिसको, न त कुनै बच्चाको अध्ययन एक दृष्टिमा गर्न सकिन्छ । त्यस्ता विचारवान्हरू कहाँ छन्, जसले यस बच्चाका लक्षणहरूलाई तुरुन्त खुट्ट्याउन सक्छन् ? त्यस्ता मानिसहरू छन्, तर तिनीहरू सारै कम र एकला दोकला मात्र छन्, हजार बाबुहरूमध्ये तिमीले मुस्किलसँग एउटा भेट्टाउनेछौ ।

ज्यादै धेरै सवालहरू हामीहरूलाई र खास गरेर बच्चाहरूलाई झर्को लाग्ने र मन नपर्ने हुन्छन् । केही बेरपछि उनीहरूको ध्यान मन्द भएर जान्छ, उनीहरू तिम्रा सवालहरूलाई ध्यान दिएर सुन्न छोड्दछन् र जथाभावी उत्तर दिन थाल्दछन् । यस तरीकाले उनीहरूको परीक्षा गर्नु आफ्नो पांडित्यको दम्भ देखाउनु हो र यो व्यर्थ छ । ज्यादा कुरा गर्नाले भन्दा बरु संयोगले निस्केको बोलीले बढ्ता अर्थ र बुद्धि देखाउँछ, तर याद राख, जवाफ न कुनै संयोगको कुरा हो, न त कंठ घोकेर सिकेको कुरा हो, यदि मानिसले बच्चाको विचारको अन्दाज लगाउनु छ भने उसको आफ्नो विचार नै पहिले पक्का हुनुपर्दछ ।

स्वर्गीय लर्ड हाइडले आफ्ना मित्रहरूमध्ये एक जनाको किस्सा भनेको मैले

सुनेको थिएँ, जो यस प्रकार छ । तीन वर्षको अनुपस्थितिपछि उनी इटलीबाट फर्केर आएका थिए र नौ दश वर्षको बच्चा आफ्नो छोराको प्रगतिको जाँच गर्न उत्सुक थिए । एक साँझ उनी त्यस बच्चालाई साथ लिएर डुलिरहेका थिए र उसको शिक्षक एउटा सम्म ठाउँको पारिपट्टि थिए, जहाँ स्कूलका लडकाहरू चंगा उडाइरहेका थिए । उनीहरू गएपछि बाबु चाहिँले छोरालाई सोधे, "यो छायाँ पार्ने चंगा कहाँ छ ? नहिचकिचाईकन र मास्तिर नहेरीकन त्यस बच्चाले जवाफ दियो, सडकको माथि; ठीक "लर्ड हाइडले जवाफ दिए," "त्यो सडक हाम्रो र सूर्यको बीचमा थियो" यति कुरा भएपछि बाबुले छोरालाई म्वाई खाए र उसको जाँच सिद्धएपछि उनी हिँडे । भोलिपल्ट उनले ती शिक्षकलाई उनको तलब माथि वार्षिक भत्ता समेत थपिदिएको कुरा लेखेर पठाए ।

कस्ता बाबु ! कस्तो होनहार बच्चा ! त्यो सवाल त्यस बच्चाको उमेरलाई ठीक सुहाउने छ, जवाफ बिलकुल सरल छ । तर हेर, त्यस बच्चाको विचारमा कत्तिको ठीकपन भएको बताउँदछ । यस प्रकार एरिस्टोटलको चेलाले त्यो प्रसिद्ध लडाइँको घोडालाई तह लायो, जसलाई कुनै वीरले कहिल्यै सधाउन सकेको थिएन ।

खण्ड ३

किशोर अवस्था पर्यन्त मनुष्यजीवनको सम्पूर्ण गति कमजोरीको समय हो; तथापि यी सबेरैका वर्षहरूमा एक समय आउँछ, जब बच्चाको बलले यस माथिका दवावहरूलाई भेटाउँदछ, जब त्यो बढ्दो प्राणी बिलकूल कमजोर भए तापनि केही बलियो हुन्छ । उसका आवश्यकताहरू पूर्ण विकसित भइसकेका हुँदैनन्, र उसको अहिलेको बल उनीहरूका निमित्त चाहिनेभन्दा बढ्ता हुन्छ । ऊ बहुत कमजोर मानिस हुन्थ्यो होला, तर ऊ बलियो बच्चा छ ।

मानिसको कमजोरीको कारण क्या हो ? के यो उसको बल द उसका आवश्यकताहरूमध्येको असमतामा पाइन्छ? हाम्रा उत्कृष्ट भावनाहरूले हामीलाई कमजोर तुल्याउँछन् । किनभने उनीहरूको सन्तुष्टिका निमित्त हाम्रो प्राकृतिक बल पर्याप्त हुँदैन । त्यसकारण हाम्रो अभिलाषाहरूलाई सीमित तुल्याउनु भन्नु र हाम्रो बल बडाउनु भन्नु एकै हो । जब हामी आफूले चाहेको-भन्दा बढ्ता गर्न सक्छौं, तब हामीसँग प्रशस्त बल हुन्छ र यो बचाउँदा त हामी साँच्चीकै बलिया हुन्छौं । बाल्यावस्थाको यो तेस्रो चरण हो, जसको विषयको चर्चा म अहिले गर्न लागेको छु । यसभन्दा उपयुक्त शब्द अर्को नहुनाले म अझ पनि बाल्यावस्था नै भन्दछु, किनभने हाम्रो छात्र अहिलेसम्म यौवनमा नपुगिसकेको भए तापनि किशोर अवस्थाको निकट आइपुगेको छ ।

बाह्र तेह्र वर्षको उमेरतिर बालकको बल उसलाई चाहिनेभन्दा धेरै बढ्ता हुने गरी बढ्दछ । ज्यादै प्रबल र ज्यादै भयंकर भावनाहरूको अझै प्रादुर्भाव भएको हुँदैन । उसको शारीरिक विकास अझै पूरा भएको हुँदैन र इच्छाको आह्वानलाई पर्खिरहेको झैं प्रतीत हुन्छ उसलाई जाडो र गर्मीको हद पनि थाहा हुँदैन र कुशलतापूर्वक तिनीहरूको सामना गर्दछ । उसलाई कोट

चाहिँदैन, उसको रगततातो हुन्छ, मसला चाहिँदैन, भोक नै अचार तरकारी हुन्छ, यस उमेरमा कुनै खानेकुरा नमीठो लाग्ने हुँदैन। उसलाई सुत्न मन लाग्यो भने ऊ जमीनमा पसारिन्छ र निदाउँछ। उसलाई चाहिएको कुरा जति उसले आफ्नो पहुँच भित्र पाउँदछ, कुनै काल्पनिक चाहनाहरूले उसको मनलाई दुःख दिँदैनन्, अरूले जे विचार गरून् त्यसको उसले केही परवाह गर्दैन। उसका इच्छाहरू उसको मुठीदेखि बाहिरका कुराहरूमा हुँदैनन्, ऊ आत्मपर्याप्तिमा हुने मात्र होइन, उसको जीवनमा पहिला र आखिरी चोटि उसलाई चाहिएकोभन्दा बढ्ता बल ऊसँग हुन्छ।

तिमी यो भनौला भन्ने कुरा म अघिबाटै थाहा पाउँदछु। मैले बताइएकाभन्दा बढी आवश्यकताहरू बच्चाका हुन्छन् भनेर तिमी भन्नेछैनौ, तर उसको बलविषयको कुरालाई तिमी स्वीकार गर्नेछैनौ! तिमी यो बिर्स कि म आफ्नै चेलोको विषयमा बोलिरहेछु न कि ती कठपुतलीहरूको विषयमा जो मुश्किलसँग एक कोठाबाठ अर्को कोठामा जान्छन्, जो घरभित्रै परिश्रम गर्दछन् र कागजका पोकाहरू बोकेर हिँड्दछन्। तिमी भन्छौ मानिसको बल मनुष्यपनमा मात्र देखा पर्दछ, ठीक तरीकाले उत्पन्न भएका र शरीरभरि फैलिने मनका जोशहरूले मात्र शरीरका मांसपिंडहरूलाई मजबूत, चेतनशील, कडा र लचकदर बनाउन सक्तछन् र साँच्चीकैको बल तुल्याउन सक्तछन्। यो अध्ययनको तत्वदर्शन हो, म अनुभवको कुरा गर्दछु। पहाडिया गाउँ–जिल्लाहरूमा म ठूला ठूला लडकाहरूले उनीहरूका बाबुहरूले जस्तै गोडिरहेको, खनिरहेको, जुवा मिलाइरहेको, रक्सीका पीपाहरू भरिरहेको, गाडा हाँकिरहेको देखतछु, यदि उनीहरूको आवाजले यो नजनाएको भए तिमी उनीहरूलाई ठूलै मानिस भन्ने ठान्दथ्यौ। हाम्रा शहरहरूमा पनि कामीहरूका, कौहरूका, ज्यावल बनाउनेहरूका लडकाहरू उनीहरूलाई सिकाउनेहरूजत्तिकै बलिया हुन्छन्, र उनीहरूको तालीम अलि चाँडो शुरू भएको भए उनीहरू कम सिपालु हुने थिएनन्। यदि केही फरक छ भने, म फरक छैन भन्दिनँ, यो भेद मानिसको आँधीसरिका उत्कृष्ट भावनाहरू र बच्चाका थोरै चाहनाहरूका बीचको भेदभन्दा धेरै नै कम हुन्छ। अरू त्यसमाथि पनि यो केवल शारीरिक बलको मात्र सवाल होइन, तर यो खास गरेर मानसिक बलको सवाल हो, जसले शारीरिक बललाई बल दिन्छ र निर्देशन गर्दछ। जुन अन्तरमा व्यक्तिको बल उसका चाहनाहरूभन्दा बढ्ता हुन्छ, त्यो अन्तर, मैले भनेको जस्तै बिलकुलै नभए तापनि केही अंशमा, सबभन्दा बढ्ता बलको समय हो। यो उसको जीवनमा सबभन्दा बहुमूल्य समय हो, यो

एकचोटि मात्र आउँदछ । यो बहुत छोटो हुन्छ, र यसलाई ठीक तरीकासँग प्रयोग गर्नाको महत्त्वमाथि विचार गर्दा यो ज्यादै नै छोटो हुँदो रहेछ भन्ने कुरा तिमी देख्नेछौ ।

त्यस कारण ऊसँग बढ्ता बल र सामर्थ्य हुन्छ, जो ऊसँग फेरि कहिल्यै हुनेछैन । उसले यसको के उपयोग गर्ने ? उसले यसलाई ती कामहरूमा प्रयोग गर्नेछ जेले आवश्यकता परेको बेला मद्दत गर्नेछन् । भनौं कि उसको अहिलेको यो बढ्ता बललाई भविष्यको भण्डारमा राखिछोड्नेछ, त्यो बलिष्ठ बच्चाको आफू निर्धो मानिस हुँदाखेरिको लागि बचाएर राख्नेछ, तर उसले आफ्ना वस्तुहरूलाई त्यस ठाउँमा थुप्र्याएर राख्नेछैन, जहाँ चोरहरू फोरेर पस्न सक्छन्, न त उसले ती खलाहरूमा नै राख्नेछ, जो उसका आफ्नै होइनन् । तिनीहरूलाई ठीकसँग जम्मा गरेर राख्नलाई तिनीहरू हातहरूमा र शिरमा हुनु पर्छ, तिनीहरूलाई आफूभित्रै जम्मा गर्नुपर्छ । यो समय काम, शिक्षा र सोधपुछको समय हो । यो कुरा याद राख कि यो मेरो आफ्नो निर्दयी पसन्द होइन, यो प्रकृतिकै मार्ग हो ।

मनुष्यको बुद्धि सीमित छ, कुनै मानिसलाई पनि हरेक कुराको ज्ञान नहुने मात्र होइन कि उसले अरूहरूको अल्प ज्ञान पनि प्राप्त गर्न सक्तैन । हरेक मिथ्या कथनको विपरीत सत्य हुने हुनाले जति मिथ्याहरू छन्, उति सत्यहरू छन् । त्यसकारण हामीहरूले के सिकाउने र यो कहिले सिकाउने त्यस कुराको पनि राम्रो छानबीन गर्नुपर्दछ । हाम्रो पहुँचभित्रको कुनै ज्ञान मिथ्या हुन्छ, कुनै बेकम्मा हुन्छ, कोही केवल यसको अधिकारवालालाई घमण्डले फुलाइदिने काम गर्दछन् । जेले हाम्रो कल्याणलाई साँच्चोकै सहायता गर्दछ, त्यो सानो भण्डार बुद्धिमान् मानिसको अध्ययनका निमित्त योग्य हुन्छ, र त्यस कारण जसलाई हामी बुद्धिमान् बनाउन इच्छा गर्दछौं, त्यो बच्चाका निमित्त यो योग्य हुन्छ । उसले के हो भन्ने मात्र जान्ने होइन कि के उपयोगी छ भन्ने जान्नुपर्दछ ।

यो सानो भण्डारबाट हामीले ती सत्यताहरूलाई पनि निकाल्नुपर्दछ, जसलाई बुझ्न परिपक्व बुद्धि चाहिन्छ– ती सत्यताहरू जुन मानिसको मानिसहरूसँगको सम्बन्धहरूको ज्ञान भन्ने सम्झिन्छ– यो त्यो ज्ञान हो, जुन कुनै बच्चाले प्राप्त गर्न सक्तैन; यी कुराहरू आफैं सत्य भए तापनि यिनीहरूले अरू कुराहरूको विषयमा अनुभव नभएको कच्चा मनलाई भूल या भ्रमतिर लैजान सक्छन् ।

मानिसको समूचा विचारसँगको तुलनामा अहिले हामी साँच्चीकै सानो एउटा घेराभित्र बद्ध छौं, तर यो परिधि बच्चाको मनसित नापो लिंदा अझै अत्यन्त विस्तृत क्षेत्र छ । मनुष्यज्ञानका अन्धकारमय स्थानहरू, तिमीहरूको पर्दा उठाउन कुन निर्विचार या वेधडक हातले साहस गर्ला ? हाम्रो विज्ञान भनाउँदोले त्यस दुःखी बच्चाको निमित्त कस्ता धोकाबाज खाडलहरू तयार पार्दछ । के तिमी उसलाई त्यो खतरनाक बाटोबाट डोऱ्याएर लैजान खोज्छौ र प्रकृतिको मुखबाट त्यो पर्दा हटाउन चाहन्छौं ? आफ्नो हात रोक ! न ऊ न आफू दु वँचक्राउने छैनौ भन्ने पहिले निश्चय गर ! गलतीका विस्तृत मोहनीहरू र अभिमानका नशादार बाफहरूदेखि होशियार रहू । यस सत्यतालाई सधैं आफ्ना समक्ष राख–अज्ञानले कहिले पनि कसैलाई पनि हानि गरेको छैन । गलती मात्र घातक हुन्छ, र अज्ञानबाट होइन कि आत्मविश्वासबाट हामी आफ्नो बाटो बिराउँदछौ ।

रेखा–गणितमा उसको प्रगतिले उसको बुद्धिको विकासको एउटा कसी र साँच्चीको नापोको काम दिन सक्तछ, तर के उपयोगी छ र के अनुपयोगी छ, त्यो थाहा पाउनेबित्तिकै उसलाई सैद्धान्तिक अध्ययनतिर लैजानलाई धेरै सीप र बुद्धि चाहिन्छ । उदाहरण स्वरूप, यदि तिमी उसले दुइटा रेखाहरूको बीचको बराबर माध्यम थाहा पाओस् भन्ने चाहन्छौ भने यो युक्ति निकाल कि दिइएको समचतुष्कोण बराबरको समकोण चतुर्भुज थाहा पाउनुपर्दछ, यदि दुई मध्यम समताहरू चाहिएका छन् भने तिमीले पहिले घनलाई दोहोरो तुल्याइदिनमा उसको चाहना उठाइदिने जुक्ति गर्नुपर्छ । हेर, हामीहरू कसरी बिस्तार, बिस्तार ती नैतिक विचारहरूको निकटवर्ती भइरहेछौं, जो असल र खराबका बीचको भेद थाहा पाउँछन् । यहाँसम्म हामीले आवश्यकता सिवाय कुनै कानून जानेका थिएनौं, अब हामी के उपयोगी छ, त्यो विचार गर्न लागिरहेका छौं, अब हामी चाँडै नै के उपयुक्त र ठीक छ, त्यस कुरामा चाँडै नै आइपुग्नेछौं ।

मानिसमा विभिन्न प्रकारका शक्तिहरू उही आन्तरिक प्रेरणाले जागृत हुन्छन् । शारीरिक फुर्तीले यसका बलहरूका निमित्त विकास खोज्दछ, त्यसपछि मानसिक फुर्ती आउँदछ, जसले ज्ञान खोज्दछ । बच्चाहरू पहिले हुन्छन्, त्यसपछि उत्सुक हुन्छन्, र यो उत्सुकता राम्ररी निर्देशित भएको छ भने, यो त्यस उमेरको विकासका निमित्तको माध्यम हुन जान्छ, जसको चर्चा हामी गर्न लागिरहेछौं । प्राकृतिक र प्राप्त प्रवृत्तिहरूका बीचको भेद सधैं निकाल ।

सिक्नाको निमित्त उत्साह हुन्छ, जसको विद्वान् हुने इच्छा सिवाय अरू आधार हुँदैन, अर्को उत्साह हुन्छ, जो आफूमाथि असर पर्न आउने टाढा या नजीकका सबै कुराहरूबारे मानिसको उत्सुकताबाट उत्पन्न हुन्छ । सुख–सुबिस्ताका निमित्तको मानिसको भित्री इच्छा र यसको पूर्ण सन्तुष्टिको असंभवताले यसको सन्तुष्टिको प्राप्तिका निमित्त मानिसलाई नयाँ नयाँ उपायहरूको खोजीमा प्रेरित गराउँदछ । उत्सुकताको पहिला जड यही हो । यो मानिसको हृदयमा हुने प्राकृतिक कुरा हो, तर यसको बृद्धि हाम्रो विचार र ज्ञानको विकास अनुसार हुन्छ । यदि कुनै वैज्ञानिकलाई उसका पुस्तकहरू र सामानहरूका साथ एउटा बलौटे निर्जन टापूमा छोडिदियो भने र उसको शेष जिन्दगी यहीं बिताउनु पर्दछ भन्ने उसले थाहा पायो भने उसले सौरमंडल, आकर्षण–विधि या व्यासगणित विषयमा तकलीफ उठाउने छैन । फेरि उसले कुनै किताबै पनि फुकाउने छैन, तर त्यो टापू जतिसूकै ठूलो भए तापनि ऊ यसको टाढा-टाढा छेउ–छेउका कुना-कुनासम्म पत्ता नलगाई आराम लिंदैन । त्यसकारण हाम्रा पहिलो अध्ययनदेखि नै यस्तो ज्ञानलाई छोडिदेऔं, जसको हाम्रा निमित्त प्राकृतिक आकर्षण छैन, र हामीहरू यस्ता कुराहरूमा सीमित रहूँ, जसको अध्ययन गर्न ती हामीलाई प्रेरणा दिन्छन् ।

हाम्रो द्वीप यो पृथ्वी हो, र हामीले देख्ने सबभन्दा प्रभाशील या आश्चर्यजनक वस्तु सूर्य हो । हामी आफ्ना सबभन्दा नजीकका ठाउँबाट परतिर जानेबित्तिकै यिनीहरूमध्ये एउटा या दुवै हाम्रा दृष्टिमा पर्दछन् । यस प्रकार धेरैजसो जंगली जातिहरूको तत्त्वदर्शन पृथ्वीको काल्पनिक विभाजनहरू या सूर्यको देवत्त्वतिर मुख्यतया लगाइएको छ ।

तिमी भनौला, कत्रो आकस्मिक परिवर्तन । अहिले भरखरै हामी जसले हामीलाई छुन्छ, जो हाम्रो सबभन्दा नजीकको वातावरण छ, त्यससित सम्बन्धित थियौं, र अकस्मात् तुरुन्तै हामी गोल संसारको अनुसन्धान गरिरहेछौं र विश्वको सीमानातर्फ कुदिरहेछौं । यो परिवर्तन हाम्रो बढ्दो बलको र मनको प्राकृतिक प्रवृत्तिको परिणाम हो । जहाँसम्म हामी कमजोर र निर्धा थियौं, त्यहाँसम्म आत्मरक्षाले हाम्रो ध्यान हामीमाथि एकत्रित गराएको थियो, अहिले हामी बलिष्ठ र शक्तिमान् भएकाले झन् विस्तृत क्षेत्रका निमित्तको इच्छाले हामीदेखि पल्तिर जहाँसम्म हाम्रा आँखाहरू पुग्न सक्तछन्, त्यहाँसम्म हामीलाई लैजान्छ, तर बौद्धिक संसार हामीलाई अझै अज्ञात रहेको हुनाले हाम्रा विचारहरू प्रत्यक्ष देखिने आकाश गर्भले घेरिएका छन्, र हाम्रो ज्ञान हाम्रो

अवलोकन–शक्तिको परिधिभित्र मात्र विकसित हुन्छ ।

हाम्रा चेतनाहरूलाई भावनाहरूमा परिणत गरौं, तर इन्द्रियका वस्तुहरूबाट विचारका वस्तुहरूतिर हामी तुरुन्त नउफ्रौं । अघिल्लाहरूद्वारा पछिल्लाहरू प्राप्त हुन्छन् । तर्कका पहिला कामहरूका निमित्त इन्द्रियहरूले नै मात्र बाटो देखाऊन । संसारसिवाय अर्को किताब नहोस् । वास्तविक कुराको सिवाय अरू कुराको शिक्षा नहोस् । जुन बच्चा पढ्छ, ऊ विचार गर्न छोड्छ, ऊ केवल पढ्छ मात्र, ऊ शब्दहरू प्राप्त गर्दछ, ज्ञान होइन ।

तिम्रो विद्वान् छात्रलाई प्रकृतिका रूपहरूलाई विचारपूर्वक हेर्न सिकाऊ, तिमी चाँडै नै उसको उत्सुकता जगाइदिनेछौ, तर यदि तिमी यो बढोस् भन्ने चाहन्छौ भने यस उत्सुकतालाई सन्तुष्ट तुल्याउन ज्यादा हतपत नगर । समस्याहरूलाई उसकै समक्ष राखिदेऊ र तिनीहरूलाई उसले आफै समाधान गरोस्, उसलाई यो तिमीले गर्न लगाएको भन्ने थाहा नहोस्, तर उसले आपनै निमित्त यो सिक्न लागेको भन्ने उसलाई परोस् । उसलाई विज्ञान नसिकाइयोस्, उसले यो पत्ता लगाओस् । यदि तिमीले तर्कको ठाउँमा हुकम चलाइदियौ भने उसले तर्क गर्न छोड्नेछ, ऊ केवल अरू मानिसका विचारहरूको खेलौना बन्नेछ ।

तिमी उसलाई भूगोल-विद्या सिकाउन इच्छा गर्दछौ र तिमी उसलाई साना साना भूगोलहरू, मण्डलहरू र मानचित्रहरू दिन्छौ । कत्रो धूमधामको तयारी । यी सब नमूनाहरूको के काम छ ? उसलाई वास्तविक वस्तु नै देखाएर किन शुरू नगर्ने ताकि कम-से-कम तिमीले कुरा गरिरहेको विषयमा त ऊ जानोस् ।

एक राम्रो सफा सन्ध्या समयतिर हामी कुनै उचित स्थानमा डुलिरहेछौं, जहाँ त्यो विस्तृत आकाशगर्भले अस्ताउन लागेका सूर्यको पूर्ण दृश्य देखाउंदछ, र हामी ती कुराहरूको विचार गर्दछौं, जसले त्यो अस्ताउने ठाउँलाई पहिल्याउँछन । भोलिपल्ट बिहान सूर्योदय हुनुभन्दा अघि नै ताजा हावा खानाका निमित्त हामी त्यसै ठाउँमा फर्केर जान्छौं । हामी प्रकाशका किरणहरू देख्दछौं, जो सूर्यको आगमनको घोषणा गर्दछन्; ज्योति बढ्दै जान्छ, पूर्व दिशा प्रकाशमय देखिन्छ र सूर्य देखिनुभन्दा निकै अघिदेखि नै त्यस प्रकाशले सूर्यको प्रत्यागमनको अपेक्षातिर हामीलाई लैजान्छ, हरेक क्षण सूर्यलाई देख्ने अपेक्षा हामी गर्दछौं । आखिरमा सूर्य उदाइहाल्छन् । बिजुलीको चमक जस्तो कुनै झलझलाकार बिम्ब देखा पर्दछ र सारा ठाउँ प्रकाशले परिपूर्ण हुन्छ । अन्धकारको पर्दा हटेर जान्छ, मानिसले आपनो निवासस्थानलाई ताजा नयाँ सौन्दर्यमा

देखतछ । रातमा घाँस-पातहरूले झन् ताजा नयाँ हरियाली धारण गरेका हुन्छन् । प्रातःकालको प्रकाशमा र सूर्यको पहिला किरणहरूद्वारा सुनौला रंगमा रंगाइए-काले तिनीहरू प्रकाश र रंगको प्रतिबिम्ब पार्ने शीतको चहकिलो जालीले ढाकिएका झैं देखिन्छन् । चराचुरुंगीहरू जीवनपिता परमेश्वरको स्वागत गर्न स्तुति-प्रशंसाको सामूहिक स्वर उठादछउँन्, उनीहरूमध्ये एउटा पनि मूक हुँदैन, उनीहरूको मधुर संगीत दिनमाभन्दा अहिले बढ्ता कोमल हुन्छ, यसले शान्ति-मय जागरणको शिथिलता प्रकट गर्दछ । यी सब कुराले एउटा नयाँ र ताजा-पनको प्रभाव उत्पन्न गराउँदछ जो अन्तरात्मासम्म पुग्दछ । यो जादू या मोह-नीको अल्प समय हो, जसको प्रलोभनलाई कुनै मानिस पनि रोक्न सक्तैन, यो यस्तो भारी, यस्तो सुन्दर यस्तो रमाइलो दृश्य हुन्छ कि यसलाई देख्ने मानिस प्रभावित नभई रहन सक्तैन ।

यस उत्साहले उत्तेजित भएर गुरुले यही उत्साह चेलालाई दिन खोज्दछ । आफ्नं उत्साहतिर उसको ध्यान खिचेर उसले उसको उत्साह उठाउने अपेक्षा गर्दछ । केवल मूर्खता ! प्रकृतिको वैभव मानिसको हृदयमा रहन्छ । यो देखिनलाई यो भित्री हृदयदेखि थाहा पाइनुपर्दछ । बच्चो वस्तुहरू नै त देखतछ, तर तिनीहरूको सम्बन्ध थाहा पउँदैन, तर उनीहरूको स्वरको मिलान सुन्न सक्तैन । यी सबै विभिन्न इन्द्रियज्ञानहरूबाट पैदा हुने मिश्रित विचार प्राप्त गर्नका निमित्त उसले अहिलेसम्म प्राप्त नगरेको ज्ञान, उसले अहिलेसम्म अनुभव नगरेका भावनाहरूको दरकार पर्दछ । यदि ऊ सुक्खा मैदानहरूमाथि घुमेको छैन, भने, यदि उसका खुट्टाहरूलाई मरुभूमिका बल्दा बालुवाहरूले पोलेको छैन भने, यदि उसले जल्दा चट्टानहरूबाट आएको तातो र उकुसमुकुस तुल्याउन हावाको स्वास फेरेको छैन भने राम्रो सफा बिहानको ताजा हावामा ऊ कसरी रमाउला ! फूलहरूको बास्ना, लहरापातहरूको सौन्दर्य शीतको आर्द्रता, उसको पाइलामुनिको नरम घाँसको चपरी– यी सब कुराहरूले उसका इन्द्रियहरूलाई कसरी आनन्द देलान् ? यदि प्रेम र आनन्दका भवनाहरू उसलाई अझै अज्ञात छन् भने चराहरूको गीतले उसको दिललाई कसरी आह्लादित तुल्याउलान् ? यदि उसको कल्पनाले यो रमाइलो दिनले आफ्नो साथमा ल्याएका खुशी आनन्दहरूलाई रंगाउन सक्तैन भने यसको प्रादुर्भावलाई ऊ कसरी आह्लादपूर्ण दृष्टिले हेर्न सक्तछ ? प्रकृतिलाई बनाउने हात नै अज्ञात रहुन्जेलसम्म कसरी उसले प्रकृतिको सौन्दर्य थाहा पाउन सक्तछ ।

बच्चाले बुझन नसक्ने कुरा उसलाई कहिले पनि नबताउनू; वर्णनहरू

नहोऊन्, वक्तव्य नहोस्, अलंकारहरू नहोऊन्, कविता नहोस् । विचार र अभिरुचिको समय आइसकेको छैन । स्पष्ट र छोटकरी हुँदै रहू, त्यो समय चाँडै नै आउनेछ, जब तिमीले अर्कै स्वरको अवलम्बन गर्नुपर्नेछ ।

हाम्रा नीतिहरूको तावमा हुर्केको, आफ्ना ज्यावलहरू आफैं बनाउन र आफूले प्रयास गरेर असफल नहुन्जेल अरूलाई नगुहार्ने यस बच्चाले आफूले देखेको हरेक कुरा होशियारी साथ चूपचापसित जाँचबुझ गर्नेछ । उसले सवाल गर्नुभन्दा बरु विचार गर्दछ । त्यसकारण उसलाई ठीक समयमा वस्तुहरू देखाएर सन्तोष गर; अनि जब तिमी उसको उत्सुकता पूर्णतया उठेको देख्तछौ, तब उसलाई छोटकरी प्रश्नहरू गर, जसले उसलाई उत्तर पत्ता लगाउन प्रयास गराउनेछ ।

अहिले मौकामा जब तिमीले र उसले सावधानीसाथ उदाउन लागेका सूर्यलाई हेरेका छौ, जब तिमीले उस ठाउँबाट देखिने पहाडहरू र अरू वस्तुहरू तिर उसको ध्यान आकर्षित गराएका छौ, तब स्वतन्त्रतापूर्वक उसले तिनीहरूको बारेमा बकबक गरिसकेपछि मानो विचारमा मग्न भएझैं गरी एक छिनसम्म चुपचाप रहू, र अनि भन, "म विचार गर्छु, हिजो बेलुकी सूर्य त्यहाँ अस्ताएका थिए, आज बिहान उनी यहाँ उदाए । त्यो कसरी हुन सक्तछ ?" अरू बढ्ता केही नभन, यदि उसले प्रश्नहरू सोध्यो भने तिनीहरूको उत्तर नदेऊ, अरू नै विषयमा कुरा गर ! यो कुरा उसलाई नै छोडिदेऊ र निश्चय रहू कि ऊ यस विषयमा विचार गर्नेछ ।

बच्चालाई साँच्चीकै ध्यान दिने तुल्याउन तालीम गर्नलाई, ताकि अनुभवको जुनसुकै सत्यताबाट ऊ प्रभावित होस्, उसले त्यो सत्यता पत्ता लगाउनुभन्दा अघि उत्सुकतापूर्ण दिनहरू बिताउनुपर्दछ । यदि यस तरीकाबाट ऊ प्रशस्त सिक्तैन भने यस कुरामा उसको ध्यान आकर्षित गराउने अर्को उपाय छ । यस सवाललाई अर्कातिर फर्काइदेऊ । यदि सूर्य कसरी अस्ताउने ठाउँबाट उदाउने ठाउँमा पुग्दछन् भन्ने कुरा ऊ थाहापाउँदैन भने कम-से-कम सूर्य कसरी सूर्योदयदेखि सूर्यास्तसम्म चलिरहन्छन् भन्ने कुरा उसलाई थाहा हुन्छ, उसको आँखाले उसलाई त्यो कुरा सिकाउँदछ । पहिलो प्रश्नमाथि प्रकाश पार्न दोस्रो प्रश्नको प्रयोग गर । या त तिम्रो चेलो सधैंको मूढ हो, या त त्यो सादृश्य नबुझिने गरी अस्पष्ट भयो । भूगोलमा उसको पहिला शिक्षा यही हो ।

हामी सधैं एउटा बुद्धिमत्ताको विचारबाट अर्को बुद्धिमत्ताको विचार-

तिर विस्तारै अघि बढ्ने, हुनाले फेरि अर्को विचारतिर बढ्नुभन्दा अघि हामीले उसलाई उसको हरेक विचारसित साँच्चीको जानकरीको निम्ति प्रशस्त समय दिने हुनाले र हामीले कहिले पनि हाम्रो छात्रको ध्यान जोर जबर्दस्तीसंग नखिच्ने हुनाले हामी अझै सूर्यको बाटो या पृथ्वीको आकारको ज्ञानबाट धेरै टाढा छौं, तर आकाशका ग्रहनक्षत्रगणका सबै देखिएका चालहरू उही नियममा आधारित हुनाले र पहिलो अवलोकनद्वारा अरू बाँकी सबैका अवलोकन हुने हुनाले दिन र रातको पूरा ज्ञान प्राप्त गर्नुभन्दा दैनिक क्रान्तिदेखि ग्रहणहरूसम्मको विचारतिर बढ्न समय बढी लाग्ने भए तापनि प्रयासचाहिं कम भए पुग्दछ ।

सूर्यले पृथ्वीको वरिपरि परिक्रमा गर्ने हुनाले यसले एउटा गोलाकार बनाइदिन्छ र हरेक गोलाकारमा चक्रको कुनै केन्द्र हुनैपर्दछ । यो हामी अघिदेखि नै जान्दछौं यो केन्द्र अदृश्य छ, यो पृथ्वीको बीच हो; तर हामी पृथ्वीको सतहमा दुईतिर उल्टा विन्दुहरूमा चिह्न लगाउन सक्तछौं, जो तीनओटा विन्दुबाट गएको र दुवै छेउमा आकाशसम्म लम्ब्याइएको या बाहिरसम्म निकालिएको एउटा डंठीले पृथ्वीको मेरुडण्डको र सूर्यको दैनिक बाटोको प्रतिनिधित्व गर्दछन् या नमूना देखाउँदछन् । यसको विन्दुको वरिपरि घुम्ने एउटा भुरुङ्ले मेरुदण्डमा फर्केर आकाशको नमूना देखाउँदछ । त्यस भुरुङ्मा दुई छेउहरू दुइटा ध्रुवहरू भए, उनीहरूमध्ये एउटालाई देखेर बच्चा रमाउँछ, र म सानू चाहिं सप्तऋषि ताराको पुच्छर उसलाई देखाउँदछु । अन्धकारका निम्ति यहाँ अर्को खेल छ । अलि अलि गरेर हामी ताराहरू चिन्दै आउँदछौं र यसबाट नक्षत्रहरू थाहा पाउने र तरामंडलहरूलाई हेर्ने इच्छा आउँदछ ।

मध्यग्रीष्म ऋतुमा सूर्य उदाएको हामीले देख्यौं, बडा दिनहरूमा या अरू कुनै राम्रो हिउँदको दिनमा सूर्योदय भएको हामी देख्नेछौं । किनभने हामी बिछ्यौनामा पल्टिरहने पाटे अल्सी होइनौं र हामीलाई ठंडी मजा लाग्छ । यो दोस्रो अवलोकन उही पहिलेकै ठाउँमा गर्न म इच्छा गर्दछु र चातुर्यपूर्वक त्यहाँसम्म लग्यो भने यो वा ऊ अवश्य कराएर भन्नेछ, “कस्तो मजाको कुरा ! सूर्य उही ठाउँमा उदाउँदा रहेनछन् । हाम्रा सोमाचिह्नहरू यहाँ छन् । तर सूर्य त्यहाँ उदाए । यसनिम्ति वर्खे पूर्व र हिउँदे पूर्व हुँदो रहेछ” आदि । नव-युवक शिक्षक । तिमी ठीक मार्गमा छौ । पृथ्वीको निम्ति पृथ्वीलाई नै लिएर, सूर्यको निम्ति सूर्यलाई नै लिएर विना कठिनाइ कसरी मंडलको विषय सिकाउने, त्यो कुरा यी उदाहरणहरूले तिमीलाई देखाउनुपर्दछ ।

साधारण नियमअनुसार-यदि खास वस्तु नै देखाउन असम्भव छैन भने खास वस्तुको सट्टा त्यसको नमूना कहिल्यै प्रस्तुत नगर ! किनभने बच्चाको ध्यान यसरी नमूनातिर लाग्दछ कि यसले जुन सक्कली कुरालाई जनाउँदछ, त्यो कुरा बच्चो बिर्सन्छ ।

चूरी बनाउने मंडल भद्दा र छाँट नमिलेको सामान जस्तो मलाई लाग्दछ । गोलमाले घेराहरू र यसमा देखाइएका मूर्तिहरूले बोक्सीविद्या जनाउँछ र बच्चालाई तर्साउँछ । पृथ्वी ज्यादै सानो छ, घेराहरू ज्यादै ठूला र ज्यादै असंख्य छन् ; उदाहरणस्वरूप–आधारवृत्तहरू बिलकुल निरर्थक छन्, र दफतीको मोटाइले उनीहरूलाई ज्यादै बाक्लो रूप दिन्छ र त्यसैले तिनीहरू साँच्चीकै अस्तित्व भएका घेराहरूका थुप्रा भन्ने ठानिन्छन्, र जब तिमी बच्चालाई यी काल्पनिक घेराहरू हुन् भन्दछौ ऊ केमा हेरिरहेछ त्यो बुझ्दैन र उसको बुद्धि केही बढ्दैन । बच्चाको स्थानमा आफूलाई राख्न हामी असमर्थ हुन्छौं, हामी उसको विचारभित्र पस्न सक्तैनौ, उसमा हाम्रै विचार भएजस्तो हामी ठहराउँछौं, र जब हामी आफ्नै तर्क सूत्रकोअनुसरण गर्दछौं, हामी उसको दिमागलाई गलत र अनुचित कुराहरूले भरिदिन्छौं ।

विज्ञानको अध्ययनको तरीका विश्लेषणात्मक हुनुपर्दछ कि संश्लेषणात्मक हुनुपर्दछ ? मानिसहरू यस प्रश्नमाथि विवाद उठाउँछन्, तर यिनीहरूमध्ये एउट लाई छान्नु सधैं आवश्यक छैन । कहिले कहिले उनै अनुभवहरूले दुवै तरीका प्रयोग गर्न दिन्छन्, र यस प्रकार बच्चालाई शिक्षाको तरीकाअनुसार लैजान हुन्छ, जब उसले विश्लेषणात्मक तरीका मात्र लगाइरहेछु भन्ने सम्झिन्छ । तब एकैचोटि दुवै पद्धति प्रयोग गर्दा एउटा पद्धतिले अर्को पद्धतिका परिणामहरूलाई पुष्टि गर्दछ । दुई उल्टा छेउबाट शुरू गरेर र उही मार्गको अनुसरण गरिरहेछु भन्ने पत्तै नपाईकन ऊ अकस्मात् उनीहरूको संगम हुने स्थानमा आइपुग्नेछ र यो एउटा आनन्दमय आश्चर्य हुनेछ । उदाहरणस्वरूप, म भूगोलविद्या दुवै छेउमा शुरू गर्छु र घरमा शुरू हुने यसका विभाजनहरूको नापलाई पृथ्वीको परिक्रमाको अध्ययनसित जोडिदिन्छु । बच्चालाई विश्वमंडलको अध्ययन गराउँदा जब उसले आकाशमंडलको अध्ययन गरिरहन्छ, त्यस वेला उसलाई भूगोलका विभाजनहरूतिर फर्काएर ल्याऊ र उसलाई उसको आफ्नै घर देखाऊ ।

उसको भूगोल ऊ रहने शहर र उसको बाबुको गाउँको घरबाट शुरू हुनेछ र त्यहाँपछि तिनीहरूका बीचमा ठाउँहरूको, तिनीहरूका नजीकका नदी-

हरूको, र त्यसपछि सूर्यका रूप. आकार, छवि आदिको र यसको मद्दतले आफ्नो बाटो थाहा पाउने विषयहरूको हुनेछ । भेट हुने या संगम हुने ठाउँ यही हो । उसले आफ्नै मानचित्र बनाओस्, पहिले एक दुइओटा ठाउँमात्र राखेर साधारण मानचित्र बनाओस्, उसले तिनीहरूको टाढा नजीकको कुरा र ठाउँ थाहा पाउने भएपछि बेला-बेलामा अरू कुराहरू थप्न सक्तछ । तिमी तुरुन्त देख्न सक्तछौ कि उसको आँखालाई दिशा–निरूपणयंत्र तुल्याएन उसलाई हामीले कस्तो राम्रो शुरू गराएका छौं ।

यसो भए तापनि उसलाई केही निर्देशन अवश्य चाहिन्छ, तर थोरै भए हुन्छ र त्यो थोरै पनि उसलाई पत्तै नभईकन । यदि ऊ भूल गर्दछ भने उसले आफैं गरोस्,ऊ सका गलतीहरूलाई नसच्याइदेऊ । उसले आफैंनथाहापाउन्जेलसम्म र तिनीहरूलाई न सुधारुन्जेलसम्म चुपचाप रहू, र मौका परेअनुसार बढीमा केही प्रबन्ध मिलाऊ, जसले उसलाई उसका गलतीहरू देखाओस् । यदि ऊ कहिल्यै भूल गर्दैन भने उसले कहिल्यै कुनै कुरा पनि पूरासित सिक्नेछैन । अझ उसलाई जुन चाहिएको छ, त्यो उसका स्थानीय ठाउँहरूको ठीक-ठीक ज्ञान होइन । तर त्यो उसले आफैं कसरी थाहा पाउने त्यही कुरा हो । यदि उसले तिनीहरूको मतलब बुझदछ र तिनीहरूलाई कसरी बनाउने त्यसको उसलाई स्पष्ट ज्ञान छ भने उसले ती मानचित्रहरूलाई आफ्नो दिमागमा राखोस् या नराखोस्, त्यसको केही परवाह छैन । हेर, तिम्रा छात्रहरूको ज्ञान र मेरो छात्रको अज्ञानको बीचमा कत्रो अन्तर हुदो रहेछ । उनीहरूले मानचित्रहरू सिक्तछन् । उसले तिनीहरूलाई बनाउँदछ । यहाँ उसको कोठाको निमित्त ताजा सजावटहरू छन् ।

याद राख, मेरा पद्धतिमा मुख्य कुरा यही हो–बच्चालाई धेरै कुराहरू नसिकाऊ, र उसलाई गलत र गोलमाले विचारहरू धारण गर्न नदेऊ । यदि ऊ गल्तीमा छैन भने उसले केही ज्ञान नपाए तापनि मलाई त्यसको केही परवाह छैन, र ऊ सत्यहरूको सट्टा मिथ्याहरूको धारणा नगरोस् । यस कुरामा होशियारी गर्न म उसलाई सिकाउँदछु । तर्क र ठीक विचार ढीला आउँदछन्, गलत विचारहरू थुप्रिएर आउँदछन् र यिनीहरूबाट उसलाई बचाउनुपर्दछ, तर यदि विज्ञानलाई नै तिमी आफ्नो लक्ष्य बनाउँदछौ भने तिमी अगाध र असीम महासागरमा नाविक सफर गर्दछौ, जुन महासागरमा चट्टानहरू छरिएर रहेका छन्, त्यसबाट तिमी कहिले पनि फर्कनेछैनौ । जब म ज्ञानको प्रेमी, ज्ञानका सौन्दर्यहरूमा मोहनी लागेको र आफ्ना पाइलाहरू अड्याउन नसकेर एक शाखाबाट अर्को शाखातिर छिटोछिटो दौडिरहेको यस्तो मानिसलाई म देख्तछु,

तब मलाई त्यो मानिस समुद्रको किनारमा शंखहरू जम्मा गरिरहेको बच्चा जस्तै लाग्दछ, जो कहिले शंखहरू टिप्तछ, कहिले पल्तिर देखिएकाहरूलाई लिन एकातिर फ्याँकिदिन्छ, र फेरि तिनीहरूलाई लिन्छ; आखिरमा तिनीहरूको संख्या ज्यादै धेरै हुन आएकोले छान्न असमर्थ हुन्छ, तिनीहरूलाई फ्याँकिदिन्छ, र रित्तो हात फर्कन्छ ।

पहिलेका बाल्यावस्थाका दिनहरू लामा थिए, यसको दुष्प्रयोग होला भन्ने डरले हामीले समय बिताउने मात्र प्रयास गर्‍यौं, अब अहिले अर्कै कुरा भयो, सब कुराको निम्ति उपयोगी हुने प्रशस्त समय छैन । याद राख ! प्रबल भावनाहरू नजीक आइरहेछन्, र जब तिनीहरूले ढोका घचघच्याउन थाल्दछन्, तिम्रो छात्रको कान अरू कुनै कुराका निम्ति हुनेछैन । बुद्धिको शान्त उमेर यस्तो छोटो छ, यो यस्तो छिटो उडेर जान्छ, र यतिका गर्नु छ कि तिम्रो बच्चालाई विद्वान बनाउन कोशिश गर्नु बहुलट्ठीपन हुन्छ । उसलाई अनेक विज्ञानहरू सिकाउने तिम्रो काम होइन, तर उनीहरूमा उसको अभिरुचि जगाइदिनु र त्यो अभिरुचि परिपक्व भएपछि तिनीहरू सिक्ने काइदाहरू बताइदिने तिम्रो काम हो । सबै असल शिक्षाको मूल सिद्धान्त अवश्य नै यही हो ।

यो समय पनि त्यही हो, जब कुनै दिएको वस्तुतिर लम्बे ध्यान दिन उसलाई तालीम गरिन्छ । तर यो ध्यान कहिले पनि कुनै करबलको परिणाम हुनु हुँदन, तर चाहना या इच्छाको हुनुपर्दछ, तिमीले होशियार हुनुपर्दछ कि यो उसको बलका निमित्त ज्यादै नहोस् र उसलाई दिक्क लाग्ने मात्रामा यो नपुगोस् । त्यस कारण उसको रखवारी गरिराख ! र जेसुकै हुन आए तापनि ऊ थाक्नुभन्दा अघि तिमी अड, किनभने उसले जेसुकै सिकोस् या नसिकोस् त्यसको केही परवाह छैन; तर यो चाहिं परवाह गर्नैपर्ने कुरो छ कि उसले कुनै कुरा पनि आफ्नो इच्छाविरुद्ध गर्नुहुँदैन ।

यदि ऊ प्रश्नहरू सोध्छ भने तिम्रा उत्तरहरू उसको उत्सुकता बढाइबिनसम्म भए पुग्दछ, तर यसलाई सन्तुष्ट गराउने खालका हुनुहुँदैन । सर्वोपरि कुरो यो छ कि जब तिमीले उसलाई जथाभावी कुरा गरिरहेको र आफूलाई निरर्थक सवालहरूले विरक्त गरिरहेको पाउँछौ; तब जवाफ दिनलाई तुरुन्त इनकार गरिहाल । किनभने यो स्पष्ट छ कि ऊ विद्यमान या हातको कुरालाई केही वास्ता गर्दैन, तर तिमीलाई आफ्नो सवालहरूको दास बनाउन खोज्दछ । उसका लवजहरूको भन्दा उसका अभिप्रायहरूको विचार गर । यो चेतावनी

अघि जुन चाहिएको थिएन, त्यो अब वच्चा तर्क गर्न लाग्ने भएपछि ज्यादै ठूलो महत्त्वको हुन आएको छ ।

भाववाचक सत्यताहरूका लहर हुन्छन्, जसद्वारा सबै विज्ञानहरू साधारण सिद्धान्तहरूसित सम्बन्धित छन् र हरेक आफ्नो आफ्नो पालोमा विकसित हुँदै जान्छ । यो सम्बन्ध दार्शनिक वेदान्तीहरूको पद्धति हो । अहिलेलाई हाम्रो यससित सरोकार छैन । त्यहाँ विलकुल अर्कै पद्धति छ, जसले हरेक वस्तुवाचक उदाहरणले अर्कोलाई देखाउँदछ र त्यस लहरमा सधैं दोस्रो चाहिँलाई औंल्याउँदछ । उत्सुकतालाई उत्तेजित गराइदिने र हरेक वस्तुलाई पालैसँग चाहिएको ध्यान जगाइदिने यो अनुक्रम धेरै मानिसले अनुसरण गरिएको ढङ्ग हो र यो सवै वच्चाहरूका निमित्त ठीक ढङ्ग हो । हाम्रा मानचित्रहरू वनाउने ढबहरू लिनलाई हामीले मध्याह्नरूपरेखाहरू थाहा पाउनुपर्दछ । विहान र बेलुकीका वराबर छायाहरूका बीच विभाजन भएका दुई विन्दु या ठाउँहरूले तेह्र वर्षको ज्योतिषीका निमित्त उत्तम मध्याह्नरेखाहरू प्रदान गर्दछन् । तर यी मध्याह्नरेखाहरू लोप हुन्छन्, यिनीहरूको नक्सा खिच्न समय लाग्दछ र एकै ठाउँमा काम गर्न तिमीलाई करै लाग्दछ । यतिका परिश्रम र ध्यान आखिरमा फर्को लाग्ने हुन आउँदछन् । हामीले यो कुरा अगाडि नै देखेका थियौं र यसनिमित्त तयार छौं ।

सानासाना र हरेक कुराको व्याख्याहरूमा मैले फेरि प्रवेश गर्नैपर्दछ । म मेरा पाठकहरूको गुनगुनाहट सुन्दछु । तर जनीहरूको वेमञ्जूरीको सामना गर्न म तयार छु । तर यस पुस्तकको सबभन्दा मुख्य भागलाई तिमीहरूको अधैर्यका निम्ति त्याग गर्न सक्तिनँ । तिमीहरू मलाई जति लामचक्करे भन्दछौ भन । तिमीहरूको असन्तोषको बारेमा मेरो अपनै राय छ ।

धेरै अघि मेरो छात्रले र मैले यस कुराको विचार प्रकट गर्‍यौं कि अम्बर (तृणमणि), ऐना, र मैन जस्ता केही वस्तुलाई वेसरी मल्यो भने तिनीहरूले परालहरूलाई खिच्ता रहेछन्, तर अरूहरू भने खिच्दैनन् ।

अकस्मात् हामी एउटा वस्तु पत्ता लगाउँदछौं, जसको नमलीकन टाढैबाट फलामको धूलो र फलामका सारै सानासाना टुक्राहरूलाई खिच्ने असाधारण गुण हुँदो रहेछ । अरू सबैलाई छोडेर यस खेलमा हामी कति समय बिताउँदछौं । आखिरमा हामी पत्ता लगाउँदछौं कि यो गुण फलाममै सर्दो रहेछ, जसमा जीवनको सञ्चार भएको हुन्छ । एक दिन हामीहरू हाटमा जान्छौं र एउटा जादूगरले पानीको भाँडामा उत्रिरहेको एउटा मैनको हाँस

ल्याएको रहेछ र ऊ यसलाई एउटा रोटीको टुक्राको पछि पछि दौडाउँदछ । हामीलाई खूब अचम्म लाग्दछ, तर यस्ता मानिसहरूको बारेमा कहिल्यै नसुनेको हुनाले हामी उसलाई जादूगर भन्दैनौं । जसका कारणहरू हामीलाई थाहा हुँदैनन्, तिनका परिणामहरूको विचार हामी सधैं गरिरहने हुनाले हामी निर्णयमा आइपुग्न हतार गर्दैनौं र सिक्ने मौका नपाउन्जेलसम्म हामी अज्ञानमा रहन्छौं ।

जब हामी घर आइपुग्दछौं, त्यस हाँसको बारेमा छलफल गर्दछौं र त्यस हाँसको नक्कल गर्न कोशिश गर्दछौं । हामी पूरासित चुम्बक लगाएको एउटा सियो लिन्छौं, यसलाई जहाँसम्म हुन्छ, हाँसको आकार बनाएर सेतो मैनले मोडिदिन्छौं । त्यो सियो यसको जीउको वारपार रहेको हुन्छ र यसको आँखा त्यस हाँसको चुच्चो जस्तो बनेको हुन्छ । त्यस हाँसलाई हामी पानीमा राख्तछौं र एउटा साँचोको टुप्पो यसको चुच्चोनेर राख्तछौं, र हाटको हाँस रोटीको टुक्राको पछि लागेजस्तै गरी हाम्रो हाँस साँचोको पछि लागेको देख्ता हामीलाई कत्तिको मजा लाग्यो होला त्यो कुरा तिमी सजिलैसँग बुझ्न सक्तछौ ।

त्यही साँझ खास तरीकासँग तयार गरिएका केही रोटी हाम्रा बगलीहरूमा लिएर हामी हाटमा फर्केर जान्छौं र त्यस जादूगरले आफ्नो जादू देखाइसक्नेबित्तिकै चूप लागेर बस्न नसक्ने मेरो सानो पण्डित कराएर भन्छ, "त्यो जादू एकदम सजिलो छ, त्यो म आफैं गर्न सक्तछु" । "लौ त यो गर त । एक टुक्रा फलाम र यसभित्र लुकेको त्यो रोटी ऊ आफ्नो खल्तीबाट तुरुन्त झिक्तछ । जब ऊ टेबुलको नजीक पुग्दछ र रोटी देखाउँदछ । उसको मुटु ढुक ढुक गर्दछ र उसको हात जोशले थरथर काम्दछ । त्यो हांस नजीक आउँदछ र उसको हातको पछिपछि लाग्दछ । त्यो बच्चा कराउँदछ, खुशीले उफ्रन्छ । त्यो प्रशंसा, भीडले कराएका ती आवाजहरू उसका निमित्त अति हुन्छन्, ऊ खुशीमा मग्न हुन्छ । हतास भए तापनि त्यस जादूगरले उसलाई आलिंगन गर्दछ, बधाई दिन्छ, भोलिपल्ट उससित बस्न आउन निमन्त्रणा गर्दछ र उसको सीपको तारीफ गर्न झन् ठूलो भीड जम्मा गर्ने प्रतिज्ञा गर्दछ । मेरो सानो वैज्ञानिकलाई ठूलो घमण्ड चढ्दछ, ऊ बकबक गर्न थाल्दछ, तर म उसलाई तुरुन्त रोक्तछु र प्रशंसामा निमग्न तुल्याएर उसलाई म घर लिएर जान्छु ।

अति ज्यादा उत्सुकताले त्यो बच्चा भोलिसम्म पलापला गनिरहन्छ । आफूले भेटेका जति हरेकलाई ऊ निम्ता गर्दछ, सब मनुष्य जाति नै उसको गौरव देखोस् भन्ने ऊ चाहन्छ; तोकिएको घंटासम्म पर्खनलाई उसलाई मुश्किल

पर्दछ । ऊ हतारसँग त्यस ठाउँमा जान्छ, दलान अघिबाटै भरिभराउ भइसकेको हुन्छ । जब ऊ त्यहाँभित्र पस्तछ, उसको बच्चा दिल घमण्डले फुल्दछ । पहिले अरू जादूहरू होऊन् । त्यो जादूगर आफूलाई उत्कृष्ट तुल्याउँछ र अत्यन्त आश्चर्यजनक कुराहरू गर्दछ । यिनीहरूमध्ये कुनैलाई पनि त्यस बच्चाले देख्तैन । ऊ बटारिन्छ, पसीना काढ्दछ, र मुश्किलसँग सास फेर्दछ, आपनो जेबको रोटीको टुक्रालाई आफ्नो कामिरहेको हातले छाम्दै समय बिताउँदछ । आखिरमा उसको पालो आउँदछ, त्यो जादूगरले दर्शकहरूलाई विधिपूर्वक यसको घोषणा गर्दछ, अलि केही लज्जित मुख लाएर त्यो बच्चा माथि जान्छ र उसको रोटीको टुक्रा लिन्छ । अहो, मनुष्यजीवनका क्षणिक खुशीयालीहरू ! जुन हाँस हिजो त्यस्तो तालीमी थियो, आज त्यो बिलकुल जंगली भएको छ । आपनो चुच्चो दिनुसट्टा त्यो आफ्नो पुच्छर फर्काउँछ र पौडँदै जान्छ ; त्यसले त्यो रोटी र त्यो हात छलेर जान्छ, जुन हातले हिजो ऊ तिनीहरूको पछि लाग्दाखेरिजत्तिकै सावधानीसँग त्यो रोटी समातेको थियो । दर्शकहरूको उपहासका आवाजको साथ–साथै धेरै व्यर्थ प्रयास गरिसकेपछि त्यो बच्चा म ठगिएँ भन्ने गुनासो गर्दछ - त्यो उही हाँस होइन र त्यो जादूगरले यसलाई खिचेर लियो भनेर उसको निन्दा गर्दछ ।

त्यस जादूगरले एक लवज केही नबोलीकन रोटीको एक टुक्रा लिन्छ, त्यस हाँसलाई दिन्छ, त्यो तुरुन्त यसको पछि लाग्दछ र रोटी समात्ने हातमा आउँदछ । बच्चा उही रोटीको टुक्रा लिन्छ, तर विनासफलता । त्यस हाँसले उसको प्रयासलाई खिज्याउँदछ र त्यस भाँडाको वरिपरि पौडन्छ । ज्यादै घबराहटमा परेर र अब त्यस भीडलाई मुख देखाउन लाज मानेर उसले आपनो कोशिश छोडिदिन्छ । तब त्यो जादूगर बच्चाले आफूसित ल्याएको रोटीको टुक्रा लिन्छ र आपनो रोटीको टुक्रा जस्तै गरी यसलाई सफलता-पूर्वक प्रयोग गर्दछ । उसले दर्शकहरूको अगाडि त्यो फलामको टुक्रा निकाल्दछ । हामीलाई लाजमर्नु पार्ने अर्को हाँसो भयो । तब उही रोटीको टुक्राले अघि जस्तै गरी त्यस हाँसलाई खिच्तछ । दर्शकहरूले पूरा देख्ने गरी अर्कै मानिसले काटेको एउटा रोटीको टुक्रा लिएर उही अनुभव दोहोऱ्याउँदछ । उसले यो काम आपनो पन्जा लगाएर बूढी औँलाको टुप्पाले गर्दछ । आखिरमा ऊ कोठाको बीचमा जान्छ र यस्ता मानिसहरूले प्रयोग गर्ने जोडदार स्वरमा भन्दछ कि उसको हाँसले उसको हातले जत्तिकै उसको स्वरलाई मान्दछ; ऊ बोल्दछ र त्यस हाँसले मान्दछ । ऊ यसलाई दाहिनेतिर जान आज्ञादिन्छ, ऊ जान्छ; फेरि फर्केर

आइज भन्छ, ऊ आउँदछ; उसले जो आज्ञा दियो, त्यो हाँस तुरुन्त त्यसैबमोजिम चलिहाल्दछ। बढ्दो प्रशंसाले हाम्रो हार पूरा गर्दछ। हामी अरूले नदेखिने गरी सुरुवक निस्कन्छौं र आफ्नो कोठामा बन्द भएर बस्तछौं, हामीले आफ्ना सफलताका कुराहरू हरेकलाई बताउँला भन्ने आशा गरेअनुसार भएन।

भोलिपल्ट ढोका घचघच्याएको आवाज आउँदछ। जब म ढोका खोल्छु त जादूगर पो रहेछ, जो हाम्रो चाललाई लिएर नम्र फिराद गर्दछ। उसले के गरेको थियो र हामीले उसको जादूलाई होच्याउन र उसको जीवनवृत्ति हर्न कोशिश गर्नुपर्दथ्यो। एउटा हाँसलाई आकर्षण गर्नु कुन ताजूपको कुरो हो र एउटा ईमानदार मानिसको जीवनवृत्तिको मूल्यमा हामीले यो इज्जत खरीद गर्नुपर्दथ्यो? "म तपाईंहरूलाई भन्दछु भलादमीहो! यदि मेरो रोटी कमाउने अरू कुनै वृत्ति भइदिएको भए म यसमा गर्व गर्ने थिइनँ। तपाईंहरूले पूरा विश्वास गर्नुभए हुन्छ कि आफ्नो फुर्सतको समय मात्र लगाउने तपाईंहरूलेभन्दा यस दुःखी व्यवसायमा आफ्नो जीवन बिताउने मानिसले यो काम धेरै राम्रोसित गर्न सक्तछ। मैले तपाईंहरूलाई आफ्ना उत्तम जादूहरू पहिले देखाइनँ, किनभने आफूले जानेका सबै कुराहरू एकैचोटि देखाउनु मूर्खता हुन्छ।

म सधैं आफ्ना जादूहरूलाई आकस्मिक आवश्यकताहरूका निम्ति राखिछोड्ने होशियारी गर्दछु र केटाकेटीहरूलाई बिनाचासो सरोकारबाट रोवनलाई अरू पनि जति भने पनि छन्। जे भने पनि, जे भए पनि, भलाद्मी हो! म बिलकुल सद्भावनाले त्यही जादू तपाईंहरूलाई बताइदिन आएको छु, जसले तपाईंहरूलाई त्यत्रो तकलीफ दियो। म तपाईंहरूलाई यति मात्र बिन्ती गर्छु कि मलाई मर्का पर्ने गरी तपाईंहरू यसको प्रयोग नगर्नुहोला र पछिलाई अलि बुद्धि पुऱ्याउनुहोला।

त्यहाँपछि ऊ आफ्ना सामानहरू हामीलाई देखाउँदछ र हामीलाई ठूलो आश्चर्य लाग्ने गरी हामी देख्तछौं कि टेबुलमुनि लुकाइराखेको एउटा लडकाको हातमा कुनै मजबूत चुम्बक रहेछ। त्यो मानिस आफ्ना सामग्रीहरू राख्तछ र हामीले उसलाई आफ्नो धन्यवाद ज्ञापन गरेर ऊसँग क्षमा मागिसकेपछि हामी उसलाई केही दिन प्रयत्न गर्दछौं। ऊ यो लिन अस्वीकार गर्दछ। ऊ भन्दछ, होइन, साहेबहो! म तपाईंहरूको कृतज्ञताको ऋणी हुन्नँ र तपाईंहरूको बक्सिस लिन्नँ। यी सब कुरा जे भए तापनि म तपाईंहरूलाई आफ्ना ऋणी बनाएर छोड्दछु र मेरो प्रतिहिंसा यही मात्र हो। सब प्रकारका मानिसहरूमा उदारता पाउन सकिन्छ र म आफ्नो वेतन मेरा जादू गरेर कमाउँछु, सिकाएर

होइन ।

ऊ जान लाग्दाखेरि मलाई साफ-साफ दोष लाउँछ, "म बच्चालाई क्षमा गर्न सक्तछु, उसले अज्ञानमा पाप गऱ्यो । तर, साहेब, तपाईंले त बुझ्नुपर्ने हो, तपाईंले उसलाई किन यो गर्न दिनुभयो ? तपाईंहरूसँगसँगै रहने हुनाले र ऊभन्दा तपाईं उमेरमा पाको हुनाले तपाईंले उसको हेरचाह गर्नुपर्दछ र उसलाई असल असल सल्लाह दिनुपर्दछ । तपाईंको अनुभव उसको अगुवा हुनुपर्दछ । जब ऊ बढेर ठूलो हुनेछ, उसले आफ्ना जवानीका कसूरहरूका निमित्त आफूलाई मात्र होइन कि तपाईंलाई पनि गाली गर्नेछ ।

ऊ गएपछि हामी ज्यादै निरुत्साह हुन्छौं । म आफ्नो मनमोजी चालको निमित्त आफैं दोष लाउँदछु । म त्यस बच्चासँग कबूल गर्दछु कि अर्को पालि उसका चाहनाहरू पहिले राख्तछु र ऊ भूलहरूमा पर्नुभन्दा अघि नै भूलहरू नगर्न जनाउ दिन्छु, किनभने त्यो समय आइरहेछ, जब हाम्रा सम्बन्धहरूमा परिवर्तन हुनेछ, जब गुरुको कडाइ साथीको मित्रतामा बदलिनेछ, यो परिवर्तन बिस्तारै आउनुपर्दछ तिमीले अगाडि, धेरै टाढा अगाडि हेर्नुपर्दछ ।

जुन चलाकीको रहस्य हामी थाहा पाउँदछौं, त्यो चलाकी हेर्न भोलिपल्ट हामी फेरि हाटमा जान्छौं । हामी हाम्रा सोक्रेटिस त्यस जादूगरको नजीकमा ठूलो आदरका साथ पुग्दछौं र हामी उसको मुखमा हेर्न साहस गर्दैनौं । उसले आफ्नो नम्रताको बोझले हामीलाई झुकाउँदछ, हामीलाई सबभन्दा राम्रो बस्ने ठाउँ दिन्छ, र हाम्रो माथितिर कोइलाको आगोको बोर्सी राखिदिन्छ । ऊ साबिकबमोजिम आफ्नो काम शुरू गर्दछ, तर ऊ स्नेहपूर्वक त्यस हाँसमाथि बराबर झुक्तछ र गर्वसाथ हामी बसेको ठाउँतिर हेर्दछ । हामीले त्यसको रहस्य थाहा पाएका छौं, तर हामी भन्दैनौं, यदि मेरो चेलाले आफ्नो मुख मात्र खोल्यो भने उसले मर्नुपर्नेछ ।

यो हरेक कुराको विवरणसाथको उदाहरणमा तिमीले विचार गरेकोभन्दा बढ्ता अर्थ छ । एउटैमा कतिका पाठकहरू ! घमण्डका पहिला भावनाका परिणामहरू कस्तो लाजमर्नु पार्ने हुन्छन् ! नौजवान शिक्षक ! यो पहिला भावनाको होशियारीसाथ रखवारी गर । यदि यसलाई शरम र बेइज्जत उत्पन्न गराउनमा प्रयोग गर्न सक्यौ भने तिमी निश्चित् रहू कि यो फेरि धेरै कालसम्म हुनेछैन । तिमी भनौला कस्तो नचाहिने कुरा ! कुरा त यही नै हो, यसैले हामीलाई दिशानिरूपण गर्ने यन्त्र दिन्छ, जसले हामीलाई मध्याह्न–रेखा पूरा गर्न समर्थ तुल्याउँछ !

चुम्बकले अरू वस्तुहरूमाथि पनि काम गर्दछ भन्ने कुरा सिकिसकेपछि हाम्रो दोस्रो काम हामीलाई देखाएको जस्तै सामानको एउटा टुक्रा तयार गर्नु हुन्छ । एउटा नांगो टेबुल, यसमाथि राखिएको पानीले भरिएको नगहिरो एउटा चेप्टो भाँडो पहिलेकोभन्दा राम्रोसित बनेको एउटा हाँस इत्यादि । हामी बराबर त्यो कुरा हेर्दछौं र आखिरमा हामी यो देख्दछौं कि त्यो हाँस चुप लागेर बसेको वेलामा सधैं एकातिर मात्र फर्किरहन्छ यस कुरामा हामी विचार गरि नै रहन्छौं; हामी दिशा जाँच्तछौं, हामी देख्तछौं कि यो दक्षिणबाट उत्तरतिर रहेछ । भो, अब पुग्यो। हामीले हाम्रो दिशा निरूपण गर्ने यंत्र या यही सामानको वस्तु पाउँदछौ, प्रकृतिविद्याको अध्ययन शुरू हुन्छ ।

पृथ्वीका अनेक प्रान्त छन् र यी प्रान्तहरूको तापक्रममा विभिन्नता हुन्छ । जति जति हामी ध्रुवहरूको नजीक पुग्दछौं, उति उति यो विभिन्नता स्पष्ट हुन्छ । सब वस्तुहरू गरमले फैलिन्छन् र जाडोले खुम्चिन्छन् । यसको खूब राम्रो नापो तरल पदार्थहरूमा हुन्छ र सबभन्दा बेश नापो रसहरूमा हुन्छ; त्यसै गरी शीतोष्णमापक यंत्र बनेको हो । हावाले मुखमा हिर्काउँछ; अतः हावा एउटा वस्तु हो, कुनै तरल पदार्थ हो; हामीले यसलाई देख्न नसके तापनि हामी यो थाहा पाउँदछौं । म एउटा गिलास पानीमा घोप्ट्याएर राख्तछु; हावा निस्कने बाटो यसमा नभए धो पानीले भर्दैन । यस निमित्त हावालाई रोक्न सकिन्छ । त्यस गिलासलाई फेरि पानीमा डुबाऊ; यसलाई पूरासित नभरीकन पानी हावाको ठाउँमा गएर बसिदिन्छ; यस निमित्त हावाले थिचाइमा पर्दा केही मात्रामा ठाउँ छोडिदिन्छ । दबाएर दिएको हावाले भरिएको भकुन्डो अरू चीजले भरिएको भकुन्डोभन्दा बढ्ता उफ्रन्छ; त्यसैले हावा जति तान्यो, उति तानिने हुन्छ । जब नुहाउँदा पानीमा सुत्छौं, त्यस वखतमा तिम्रो हात पानीबाट घुमाएर उठाऊ; तिमी यसमा भयंकर गह्रौंपना थाहा पाउँछौ; त्यस कारण हावा एउटा गह्रौं तत्त्व हो। हावा र अरू तरल पदार्थहरूको बीच समानता राखेर यसको बोझको नापो लिन सकिन्छ, यसै गरी वायुमापक यंत्र, एक भाँडोबाट अर्को भाँडोमा तरल पदार्थ सार्ने यंत्र, हवाई बन्दूक, र हवाई दम यन्त्र बनेका हुन् । गुरुत्वविद्या र तरल वस्तुहरूलाई दबाएर समान स्थिरतामा राख्ने विद्याका सम्पूर्ण नियमहरू यस्तै खस्रा मोटा अनुभवहरूबाट पत्ता लगाइन्छन् । यी कुनैका निमित्त पनि त्यस बच्चालाई बाह्य प्रयोगशालाको कोठरीभित्र लैजान चाहन्नँ; म सरसामान

साजसामाग्रीका लहरहरू निको मान्दिनँ। वैज्ञानिक वातावरणले विज्ञानको नाश गर्दछ। या त बच्चा ती सामानहरूले तर्सिन्छन्, या त तिनीहरूका परिणाममा दृढतापूर्वक लाग्नुपर्ने उसको ध्यान तिनीहरूका रूप र आकारहरूले गर्दा अरू दिशातिर खिचिन्छ।

हामी आफ्नो सामान आफैं बनाउँदछौं, र म यो अघिवाटै बनाउँदिनँ, तर संयोगले अनुभवको एक झलक पाएपछि हामी बिस्तार बिस्तार क्रमैसँग यो अनुभव ठीक छ कि छैन त्यो प्रमाणित गर्नको निम्ति एउटा सामानको आविष्कार गर्न खोज्दछौं। हाम्रो सामान अलि केही बेढंगको र अपूरा होस् भन्ने म चाहन्छु, तर त्यो सामान कस्तो हुनुपर्छ त्यसका र यसबाट प्राप्त हुने परिणामहरूको स्पष्ट ज्ञान हामीलाई होस्। स्थितिविज्ञानको मेरो पहिलो पाठको निम्ति, तराजु ल्याउनुको सट्टा, एउटा मेचको अडेसाको वारपार एउटा छडी राख्तछु, यसको तौल मिलाएपछि दुवै भाग म नाप्तछु, बराबर या नबराबर बोझहरू दुवै छेउमा थपिदिन्छु; चाहिएअनुसार तानेर या धकेलेर आखिरमा म देख्तछु कि बोझहरूको परिमाण र ती बोझहरू उठाउने डंडीहरूको लमाईबीचको पारस्परिक अंशको समानता यसको परिणाम हुन आयो। यस प्रकार मेरो सानो वैज्ञानिक उसले यो देख्नुभन्दा अघि एउटा तराजूलाई ठीकसँग मिलाइदिन तयार हुन्छ।

निश्चय नै यसरी आफैंले प्राप्त गरेका वस्तुहरूका विचार अरूको शिक्षाबाट प्राप्त भएका विचारहरूभन्दा धेरै नै स्पष्ट र विश्वसनीय हुन्छन् र हाम्रो तर्क-शक्तिलाई अधिकारवालालाई गुलामले मानेझैं गरी नमान्ने आदत लाग्ने मात्र होइन, किन्तु विचारहरूलाई जोड्ने र सामानको आविष्कार गर्ने सबन्धहरू पत्ता लगाउनमा बढी निपुणता हासिल गर्दछौं। यो अरूले हामीलाई दिएको कुरा केवल स्वीकार गर्नु र आफ्नो मनलाई वास्तै नराखेर कमजोर तुल्याउनुभन्दा धेरै उत्तम कुरा हो। यसो गर्नाले त हाम्रो मन त्यो मानिसको शरीर जस्तै हुन्छ, जसका नोकरहरू सधैं उसको सेवामा तयार रहन्छन्, जसलाई उनीहरू पोशाक पहिराइदिन्छन्, पाउपोश लगाइदिन्छन्, जसको घोडाले उसलाई सधैं बोकेर लैजान्छ र यसरी आखिरमा उसले आफ्ना हातखुट्टाहरूको प्रयोग बिर्सन्छ। ब्वायलो यस कुराको गर्व गर्थे कि उनले रेसिनलाई मुश्किलसँग छन्द मिलाउन सिकाएका थिए। विज्ञानका धेरै छोटकरी मार्गहरूमध्ये मुश्किलसँग सिक्ने कला सिकाउने मानिसको हामीलाई ज्यादै आवश्यकता छ।

यी ढीला परिश्रमयुक्त या कठिन प्रश्नहरूको प्रष्ट देखिने फाइदा यो छ—

ध्यान दिनुपर्ने अध्ययनमा लागिरहँदा नै छात्रले फुर्तीसाथ आफ्नो शरीरको प्रयोग गरिरहेको हुन्छ, आफ्ना अंग-प्रत्यंगलाई लच्किलो तुल्याइरहेको हुन्छ, र आफ्ना हातहरूलाई मेहनत गर्न तालीम गरिरहेको हुन्छ, ताकि ऊ मानिस भएपछि उसले तिनीहरूलाई उपयोगी बनाउन सकोस् । हाम्रा वैज्ञानिक प्रयोगहरूमा हामीलाई बाटो देखाउन र हाम्रा विचारहरूको ठीकपनलाई पूरा गर्न बनेका अति धेरै सामानहरूले हामीलाई ती विचारहरूको प्रयोग गर्न वास्ता नगर्ने तुल्याउँछ । ऊर्ध्वत्व वा अन्तर नाप्ने यन्त्रले कोडहरूका आकारको अन्दाज लगाउनु अनावश्यक तुल्याउँदछ; जुन आँखाले ठीकसँग दूरताको विचार गर्दथ्यो, त्यसले नापहरूका निमित्त जन्जीरहरूमा विश्वास गर्दछ; मैले गर्ने गरेको जस्तो हातले तौलको विचार गर्ने आवश्यकतालाई इस्पातको गजले अनावश्यक तुल्याइदिन्छ । हाम्रो साजसामान जति जति सुविधाजनक हुन्छ, हाम्रा विचारहरू उति उति मोटा र गुणहीन हुन्छन् । हामी आफूलाई साजसामान सरसामाग्रीहरूले परिवेष्टित तुल्याउँदछौं र ती कुराहरूको प्रयोग गर्न चुक्छौं, जुन कुराहरू हामी हरेकलाई प्रकृतिले दिएको छ ।

तर जब हामी यी सामानहरू बनाउन सीप लगाउँछौं जब तिनीहरूको निर्माणका निमित्त बुद्धि खटाउँछौं, तब यसबाट लाभ हुन्छ, हानि हुँदैन; हामी प्रकृतिमा कला थप्तछौं, सीप नगुमाईकन प्रवीणता हासिल गर्दछौं । बच्चालाई पुस्तकमा टाँसिइरहन लगाउनुको सट्टा म उसलाई कुनै शिल्पशालाको काममा लगाउँछु, उसका हातहरू उसको मानसिक विकासका निमित्त काम गर्दछन् । आफूलाई एउटा कामदार सम्झिरहँदैमा ऊ एउटा दार्शनिक बनिरहेको हुन्छ ।

फेरि त्यसमाथि, यस अभ्यासमा अरू फाइदाहरू छन्, जसको विषयमा म पछि बताउनेछु; र तिमी देख्नेछौ कसरी खेलको वेदान्तद्वारा मानिस मानिसको सच्चा कर्तव्यहरूमा आफूलाई उत्थान गराउन सक्तछ ।

मैले अघि नै बताइसकेको छु शुद्ध सैद्धान्तिक विज्ञान बच्चाहरूका निमित्त, जवान अवस्थामा पुग्न लागेका केटाकेटीहरूका निमित्त पनि उपयुक्त हुँदैन; तर सैद्धान्तिक प्रकृतिविद्याभित्र टाढा नगईकन याद राख– सबै उनीहरूका अनुभवहरू तर्कको कुनै सूत्रद्वारा सँगसँगै जोडिएका हुन्छन् । यसको नतीजा यो हुन्छ कि उनीहरूले मनमा ठीक श्रेणीको अनुसरण गर्न सक्तछन् र आवश्यकता परेको बेलामा सम्झिन सकिन्छन्; किनभने उनीहरूको स्मरणका निमित्त कुनै संकेत भएन भने छरिएर रहेका कुराहरू सम्झन बडो कठिन हुन्छ ।

प्रकृतिका नियमावलीको तिम्रो सोधपूछमा सबै सबभन्दा मामूली र सबभन्दा प्रख्यात कुरादेखि शुरू गर, र तिम्रो छात्रलाई यी कुराहरू कारणहरूको रूपमा होइन कि वास्तविक कुराहरूको रूपमा लिनलाई तालीम गर। म एउटा ढुंगा लिन्छु र यसलाई हावामा राख्ने बहाना गर्दछु, म आफ्नो हात खोल्दछु, त्यो ढुङ्गा खस्तछ। एमिलले मेरो काम हेरिरहेको म देख्तछु र म भन्दछु, 'यो ढुङ्गा किन खस्तछ ?'

यस प्रश्नमाथि कुन बच्चा हिचकिचाउला ? कोही पनि हिचकिचाउँदैन, यदि मैले ठूलो परिश्रमका साथ उसलाई उत्तर नदिन तालीम गरेको छु भने एमिल पनि हिचकिचाउनेछैन। उसले पनि यही भन्नेछ, 'गह्रौं हुनाले ढुङ्गा खस्तछ' 'गह्रौंको अर्थ तिमीले के बुझेका छौ ?' 'त्यो जो खस्छ' यसैले ढुङ्गा खस्छ किनभने गह्रौं चीज खस्छ। 'मेरो सानो दार्शनिकका निमित्त यहाँ एउटा कठिन प्रश्न छ। यो रीति या क्रमपूर्वकको प्रकृतिविद्यामा पहिलो पाठ हो, र उसले प्रकृतिविद्या सिकोस् या नसिकोस् साधारण विचारमा यो एउटा असल पाठ हो।

जब बच्चा बुद्धिमा विकसित हुँदै जान्छ, तब अरू जरूरी कुराहरूको खयाल राखेर हामीले उसका कामहरू छान्दा अझ बढ्ता होशियार हुनुपर्छ। जब आफ्नो कल्याण केमा छ त्यो बुझ्न सक्ने पर्याप्त ज्ञान उसमा हुन्छ, जब ऊ आफ्नो निमित्त के असल छ र के छैन त्यो विचार गर्ने जस्ता टाढा–टाढासम्म पुग्ने सम्बन्धहरूलाई अवगत गर्न सक्ने हुन्छ, तब ऊ काम र खेलको भेद छुट्याउन र खेल खालि एउटा विश्राम या मनबहलाउ मात्र हो भन्ने विचार गर्न सक्ने हुन्छ। उसका अध्ययनहरूभित्र साँच्चीकै कामका कुराहरू घुसाउन सकिन्छन् र उसले आफ्ना खेलहरूमा दिएकोभन्दा बढी ध्यान तिनीहरूले आफूतिर खिच्न सक्तछन्। सधैं बराबर भइरहने आवश्यकताको कानूनले मानिसलाई आफूलाई मन नपर्ने खराबीहरू हटाउनलाई आफूलाई मन नपर्ने कुरा गर्न चाँडै नै सिकाउँदछ। पूर्वविचारको उपयोगिता यस्तो हुन्छ, र यो पूर्वविचारको सुप्रयोग या दुष्प्रयोग गर्नुमा मनुष्यजातिको बुद्धिमानी या दुर्भाग्यको मूल कारण हुन्छ।

जसले पनि सुखको इच्छा गर्दछ, तर यो पाउनलाई सुख के हो त्यो कुरो मानिसले थाहा पाउनुपर्दछ। प्राकृतिक मानिसलाई सुख यत्तिको साधारण कुरो छ, जत्तिको उसको जीवन; यो सुख पीडा नहुनुमा रहन्छ; आरोग्य, स्वतन्त्रता र जीवनका आवश्यकताहरू यसका तत्त्व हुन्। नैतिक मानिसको

सुख अर्कै कुरो छ; तर हामी अहिले यससँग सम्बन्धित छैनौं । म यो कुरा ज्यादै बारबार दोहोऱ्याइरहन सक्तिनँ कि बस्तुहरूलाई मात्र इन्द्रियहरूले थाहा पाउन सक्तछन्, जसको चाहना बच्चाहरूका निमित्त हुन सक्तछ, खास गरेर ती बच्चाहरूका निमित्त हुन सक्तछ, जसको घमंड उत्तेजित हुँदैन जसको मन न त सामाजिक प्रथाहरूले भ्रष्ट नै भएको हुन्छ ।

जब उनीहरूले तिनीहरूलाई थाहा पाउनुभन्दा अघि आफ्ना आवश्यकताहरूलाई अघिबाटै देख्तछन्, त्यो वेला उनीहरूको बुद्धिले ठूलै कदम अगाढि चालिसकेको हुन्छ, उनीहरूले समयको मूल्य थाहा पाउन थालिसकेका हुन्छन् । तब उनीहरूलाई यो समय उपयोगी कामहरूमा लगाउन तालीम गर्नुपर्दछ; तर यो उपयोगिता यस्तो हुनुपर्छ, जस्तो उनीहरूले सजिलैसँग बुझ्न सकून् र उनीहरूको उमेर र अनुभवको पहुँचभित्रको होस् । नैतिक क्रम र सामाजिक प्रथाहरूसँग सम्बन्धित कुराहरू उनीहरूलाई अझै दिनु हुँदैन, किनभने उनीहरू यो बुझ्ने अवस्थामा हुँदैनन् । अस्पष्टसित बताइएका कुराहरू उनीहरूका निमित्त असल हुन्छन् भनेर उनीहरूले तिनमा ध्यान देलान् भन्ने अपेक्षा गर्नु मूर्खता हो । जब उनीहरू यो असल भनेको के हो त्यो बुझ्दैनन्, जब उनीहरूलाई अहिले तिमीहरूलाई चाहना नलागे तापनि पछि तिमीहरू बढेर ठूला भएपछि यो कुराहरूबाट तिमीहरूलाई फाइदा हुन आउँछ भन्ने उनीहरूले बुझ्न नसक्ने कुराहरू बताएर विश्वास दिलाउन प्रयत्न गरिन्छ, तब त्यो सब व्यर्थ हुन्छ ।

गर भन्ने आज्ञा दिएर बच्चालाई कुनै कुरो पनि नगराउनू । जुन कुरो बच्चाले असल हो भनेर आफैं बुझ्छ, त्यो सिवाय बच्चाका निमित्त कुनै कुरो पनि असल हुँदैन । जब तिमी उसको वर्तमान ज्ञानदेखि बाहिरको कुरामा उसलाई सधैं जोर लाइरहन्छौ, तब उसलाई पूर्वविचारमा अभ्यास गराइरहेछु भन्ने तिमी ठान्दछौ; तर वास्तवमा यसको कमी तिमीमै छ । उसलाई जहिले पनि नचाहिने बेकामका सामानहरू उसलाई दिएर तिमी उसबाट मानिसको सबभन्दा उपयोगी सामान साधारण विचारको अपहरण गर्दछौ । बच्चा छँदा तिमी उसलाई सुशील तुल्याएर राख्न चाहन्छौ; ऊ बढेर ठूलो भएपछि सहजविश्वासी ठगिएको व्यक्ति हुनेछ । तिमी सधैं यही भनिरहेका हुन्छौ, "तिमीले बुझ्न नसके तापनि जो म तिमीलाई भन्छु त्यो तिम्रो भलाइको लागि हो । तिमी या गर या नगर मलाई के हुन्छ ? मेरा प्रयत्नहरू बिलकुल तिम्रै निमित्त हुन् ।" यी सब राम्रा प्रवचनहरू, जसले तिमी उसलाई असल बनाउने आशा गर्दछौ, तिनीहरूले त त्यो बाटो तयार गरिरहेका हुन्छन्, जसबाट लगेर उसलाई

तरंगी. प्रलुब्ध, ठग वैद्य, गुण्डा, र हरेक किसिमको बदमाशले उसलाई आफ्नो जालमा फसाउन सक्तछ या आफ्नो बदमाशीभित्र खिच्न सक्तछ ।

मानिसले धेरै कुरा जान्नुपर्दछ, जुन बच्चाका लागि निरर्थक लाग्छ; तर जति कुरा मानिसले जान्नुपर्दछ, के ती सब कुरा बच्चाले जान्नुपर्दछ या उसले साँच्चै नै सिक्न सक्तछ ? जुन कुरा बच्चाका लागि उपयोगी हुन्छ, त्यो कुरा बच्चालाई सिकाउने प्रयत्न गर र तिमी यो देख्नेछौ कि यसले उसको जम्मै समय लिनेछ । जुन अध्ययनहरूले उसका वर्तमान आवश्यकताहरूलाई पूरा गर्दछन्, ती अध्ययनहरूलाई वास्ता नगरेर त्यस उमेरका अध्ययनहरूमा किन उसलाई जोर लाउने, जुन उमेरमा ऊ कहिल्यै पुग्नेछैन ? तिमी प्रश्न गर्दछौ, "तर के जुन कुरा उसले जान्नुपर्दछ त्यो प्रयोग गर्ने समय आएपछि त्यो सिक्नु ज्यादै ढीला हुँदैन ?" म भन्न सक्तिनँ; तर यति म अवश्य जान्दछु, यो चाँडै सिकाउनु असम्भव छ, किनभने हाम्रा सच्चा गुरुहरू अनुभव र उमंग हुन् र मानिसले मानिसलाई उपयुक्त हुने कुरा आफ्नै अवस्थाहरूअनुसार बाहेक कहिल्यै सिक्तैन । बच्चालाई यो ज्ञान हुन्छ कि उसले मानिस हुनैपर्दछ, मानिसको अवस्थाबारे उसमा हुन सक्ने सबै विचारहरू उसको शिक्षाको निमित्तका अवसर हुन्; तर जुन विचारहरू उसको पहुँचदेखि बाहिरका छन्, तिनीहरूको कुनै ज्ञान उसलाई हुनु हुँदैन । मेरो सम्पूर्ण ग्रन्थ शिक्षाको यो मूल सिद्धान्तको समर्थनमा लगातार चलिरहेको बहस हो ।

हामीले हाम्रो चेलोलाई 'उपयोगी' भन्ने शब्दको विचार दिने युक्ति गर्नेबित्तिकै हामीले उसलाई नियन्त्रण गर्ने अर्को उपाय भेट्टाइहाल्दछौं, किनभने यदि यसको अर्थ उसको उमेरसँग सम्बन्धित कुराको अर्थ हुन्छ भने र यदि उसले यसको अर्थ आफ्नो भलाईसँग सम्बन्ध भएको स्पष्ट देख्छ भने यस शब्दले उसको मनमा गहिरो असर पार्दछ । यस शब्दले तिम्रा छात्रहरूमा कुनै असर पार्दैन, किनभने तिमीले यसको अर्थ उनीहरूले बुझ्ने रूपले बताउने तकलीफ उठाएका छैनौ, र फेरि किनभने अरू मानिसहरूले सधैं उनीहरूको आवश्यकता पुऱ्याइ दिने अभिभारा लिन्छन् र यसो हुनाले उनीहरूले आफ्ना निमित्त विचार गर्नुपर्ने हुँदैन, र उपयोगिता भनेको के हो त्यो उनीहरूलाई थाहा हुँदैन ।

'त्यसको के काम छ ?' भविष्यमा यो पवित्र गुरुविधि हुन्छ, जसद्वारा उसले र मैले हाम्रो जीवनका हरेक कामको जाँचबुझ गर्दछौं । प्रश्न यही हो, जसद्वारा म सधैं सबै प्रश्नहरूको उत्तर दिन्छु । यसले मूर्ख र झर्को लाग्ने प्रश्नहरूको खोलोलाई रोक्तछ, जसले बच्चाहरू आफ्ना वरिपरिका मानिसहरूलाई

दिक्क पार्दछन् । यी हरवखतका प्रश्नहरूले कुनै परिणाम निकाल्दैनन् र उनीहरूको अभिप्राय कुनै वास्तविक लाभ उठाउनेभन्दा तिमीलाई वशमा राख्ने हो । जुन छात्रलाई जुन उपयोगी कुरा छ, त्यो जान्नको निमित्तमात्र प्रश्न गर्न सिकाइएको छ । उसले सोक्रेटिसले जस्तै प्रश्न गर्दछ. यसको निमित्त कुनै कारणबिना उसले कहिल्यै कुनै प्रश्न गर्दैन, किनभने उसलाई थाहा हुन्छ कि उसले उत्तर पाउनुभन्दा अघि आफ्नो प्रश्नको कारण दिनुपर्ने हुन्छ ।

हेर, तिम्रो चेलाको साथमा प्रयोग, गर्नको निमित्त कस्तो बलियो सामान मैले तिम्रो हातमा राखिदिएको छु । उसले कुनै कुराको कारण थाहा नपाउने हुनाले तिमी उसलाई इच्छानुसार चूप राख्न सक्तछौं; जुन कुराको सुझाउ तिमी गर्दछौ, त्यसको उपयोगिता उसलाई देखाउन तिम्रो ज्ञान र अनुभवले तिमीलाई के फाइदा दिन्छन् ? किनभने, यस विषयमा भूल नगर, जब तिमी उसलाई यो प्रश्न गर्दछौ, तिमी उसलाई तिमीलाई नै उसले यो प्रश्न गर्न सिकाइरहेका हुन्छौ र तिमीले यो अपेक्षा गर्नुपर्दछ कि तिमी भविष्यमा जुन कुरा उसलाई सुझाउ गर्दछौ उसले तिम्रै उदाहरणको अनुसरण गर्नेछ र सवाल गर्नेछ, “यसको के काम छ ?”

शिक्षकको सबभन्दा ठूलो कठिनाइ शायद यही हो । बच्चाले प्रश्न गर्दा यदि तिमीले उसलाई टारटुर मात्र पार्न खोज्यौ भने, र यदि तिमीले एउटै कारण मात्र दियौ भने उसले बुझ्न सक्नेछैन । उसले उसको विचारअनुसार होइन कि तिम्रो आफ्नै विचारअनुसार तर्क गर्दछौ भन्ने कुरा थाहा पायो भने तिमीले उसलाई भनेको कुरो तिम्रो निम्ति मात्र असल छ उसको निम्ति छैन भन्ने उसले ठहराउनेछ, तिमी उसको विश्वास गुमाउनेछौ र तिम्रो सारा परिश्रम व्यर्थ हुनेछ । तर कुन गुरु चूप लागेर बस्नेछ र आफ्नो चेलासित आफ्ना दोषहरू स्वीकार गर्नेछ ? हामी सबैले आफ्ना वास्तविक दोष या अवगुणहरू कहिल्यै पनि स्वीकार नगर्ने नियम बनाएका छौं । मैले आफ्ना विचारहरू उसलाई स्पष्ट गराउन सकिनँ भने मेरा नभएका दोषहरू पनि स्वीकार गर्ने नियम म बनाउँछु । मेरो चाल सधैं उसले बुझ्ने हुनाले उसले कहिले पनि ममाथि शंका गर्नेछैन र मेरो कल्पित अवगुणहरू स्वीकार गरेर आफ्ना वास्तविक दोषहरू लुकाउने मानिसहरूले भन्दा बढ्ता श्रेय म पाउनेछु ।

सबभन्दा पहिलो कुरो यो नबिर्स, उसले यो सिक्नुपर्छ र उसले सिक्नुपर्छ भनेर खटन गर्ने काम तिम्रो होइन; सिक्न, खोज्ने र पाउन इच्छा गर्ने काम उसको हो । तिमीले यो उसको पहुँचभित्र राखिदिनुपर्दछ दक्षतापूर्वक

इच्छा उठाइ दिनुपर्दछ र यसको सन्तुष्टिको लागि उपाय बताइदिनुपर्छ । त्यसै कारण तिम्रा प्रश्नहरू थोरै र राम्रोसित चुनिएका हुनुपर्दछ, र तिमीले उसलाई सोध्ने प्रश्नहरूभन्दा उसले तिमीलाई सोध्ने प्रश्नहरू सधैं बढी हुने हुनाले सप्ठेरो सधैं तिमीलाई पर्नेछ र बराबर उसलाई यो सोध्न सक्नेछौ, "त्यस प्रश्नको के काम छ ?" उसले यो प्रश्न बुझ्छ र यसको प्रयोग गर्न जान्दछ भने उसले जेसुकै सिकोस्, त्यसको केही परवाह छैन । तिमी उसलाई सुहाउँदो व्याख्या दिन सक्तैनौ भने बरु दिँदै नदेऊ । तिमी यो भन्न नअनकनाऊ, मसँग तिमीलाई दिने असल उत्तर छैन; मेरो भूल भयो, यो कुरो छोडिदिऊँ । यदि तिम्रो शिक्षा साँच्चीकै नराम्रोसँग छानिएको भए यसलाई बिलकुल छोडिदिनमा केही हानि छैन; यो यस्तो नभए, थोरै होशियारीले उसलाई यसको प्रयोग स्पष्ट तुल्याउने मौका तिमी चाँडै नै पाउनेछौ ।

मलाई मौखिक व्याख्या मन पर्दैन । केटाकेटीहरू तिनीहरूमा ध्यान दिँदैनन्, न त उनीहरू तिनीहरूलाई सम्झन्छन् नै । वस्तुहरू ! वस्तुहरू ! म यो ज्यादै धेरै पटक दोहोऱ्याइ रहन सक्तिनँ । हामी शब्दहरूमा नै ज्यादा जोड दिन्छौं । हामी शिक्षकहरू भडभडाउँछौं, र हाम्रा छात्रहरू हाम्रो उदाहरणको अनुसरण गर्दछन् ।

भनूँ कि हामी सूर्यको बाटो र त्यससितको हाम्रो संबन्ध थाहा पाउने तरीकाको विषयमा अध्ययन गरिरहेछौं, र त्यस बेला सहसा एमिल बीचैमा मेरो कुरा काटेर यो प्रश्न गर्दछ, त्यसको के काम छ ? म कस्तो खासा प्रवचन दिन सक्तथें, म उसको प्रश्नको उत्तरमा उसलाई कति कुरा सिकाउने मौका छोप्न सक्तथें । यात्रा या सफरको फाइदा व्यापारको महत्त्व, भिन्न भिन्न मुलुकहरूको उत्पादन, भिन्न भिन्न राष्ट्रहरूको आफ्नै खास रीति-रिवाज, पात्रो या पंचांगको प्रयोग, खेतीका निमित्त ठीक समयको गणना गर्ने काइदा, सामुद्रिक सफरको कला, समुद्रमा हाम्रो बाटो कसरी पहिल्याउने, हामी कहाँ छौं त्यो कुरा ठीकसँग थाहा नपाईकन कसरी हाम्रो बाटो थाहा पाउने इत्यादि कुरामा म बोल्न सक्तथें । राजनीति, प्राकृतिक इतिहास, ज्योतिष, नीतिशास्त्र, अन्तरराष्ट्रिय कानून यी मेरो व्याख्यामा पर्न आउँदछन्, मेरो चेलालाई यी सबै विज्ञानहरूको केही विचार दिन र तिनीहरूलाई सिक्ने उसको इच्छा उठाइदिन म यो गर्न सक्तथें । मैले यो गरिसकेपछि म आफूलाई सधैंको पण्डित्यदम्भी देखाउँदो हुँ, म आफ्नो विद्याको ठूलो प्रदर्शनी गर्दो हुँ र उसले एउटा कुरो पनि नबुझेको हुँदो हो । मलाई फेरि सोध्न ऊ इच्छुक हुन्छ, 'हाम्रा सम्बन्धहरूलाई लिने के काम

छ ?' तर मलाई झर्को लाग्ला कि भन्ने डरले ऊ साहस गर्दैन । जुन कुरो सुन्न उसलाई कर लगाइएको छ, त्यो कुरो ध्यान दिएर सुनेको जस्तो बहाना गर्नु सबभन्दा जाती छ भन्ने उसले ठान्दछ । शिक्षाका हाम्रा भारी प्रथाहरूको व्यावहारिक परिणाम यही हो ।

तर एमिललाई सरल तरीकामा शिक्षा दिइन्छ । हामी उसलाई कठिन विचार सिकाउन यत्रो परिश्रम गर्दछौं, जसको बारेमा उसले कहिले पनि केही सुनेको होओइन । पहिलो शब्दमा ऊ बुझ्दैन, ऊ भाग्नेछ, ऊ कोठामा यताउति उफ्रनेछ, र मलाई आफूले आफैंलाई भाषण दिने तुल्याएर छोडिदिनेछ । हामी झन् मामूली व्याख्या खोजौं, मेरो वैज्ञानिक विद्वत्ता उसलाई कुनै काम हुंदैन ।

जब हामी मन्ट मोरेन्सीदेखि उत्तरतिरको स्थान विचारपूर्वक हेरिरहेका थियौं, त्यस बेला एमिलले मलाई बीचैमा उसको साबिकको प्रश्न गर्‍यो, 'त्यसको के काम छ ?' मैले भनें, "तिमीले भनेको ठीक हो । यसमाथि विचार गर्न हामी समय लेऔं, र हामीले यो कुनै कामको रहनेछ भन्ने देख्यौं भने हामी यस कुरालाई छोडिदेऔंला, किनभने हामी उपयोगी खेलहरू मात्र चाहन्छौं ।" हामी अरू नै कुरा गर्न पाउँछौं र त्यस दिनलाई भूगोल एकातिर पन्छाइन्छ ।

भोलिपल्ट बिहान म बिहानको खानाभन्दा अघि डुल्न जाने सुझाउ गर्दछु, उसलाई यसभन्दा बढ्ता निको लाग्ने कुरा अरू छैन, बच्चाहरू यताउति दगुर्न सधैं तयार रहन्छन्, र ऊ वेश हिंड्या छ । हामी जंगलतिर उक्लन्छौं, जंगल फाँडेको ठाउँमा घुम्दछौं र हामी त्यहाँ हराउँदछौं; हामी कहाँ छौं त्यो हामीलाई पत्तो हुंदैन र जब हामी फर्कन खोज्दछौं, हामी बाटो थाहा पाउँदैनौं । समय बित्तछ, हामी गर्माउँछौं र भोकाउँछौं । सित्तैंमा हतारिएर यता र उति भौंतारिंदा हामी झाडीहरू, ढुंगे खाडलहरू, मैदानहरूसिवाय अरू केही भेट्तैनौं, हामीलाई बाटो देखाउने कुनै चिह्न देखिंदैन । सारै गर्माउँदै, ज्यादै थाक्तै अत्यन्त भोकाउँदै हामी झन् झन् टाढा अलमलिंदै जान्छौं । आखिरमा हामी थकाइ मार्न बस्तछौं । मेरो यो धारणा छ कि एमिलले कुनै मामूली बच्चाले झैं मात्र शिक्षा पाएको छ । ऊ विचार गर्दैन, ऊ रुन थाल्दछ, मन्ट मोरेन्सीको नजीकै छौं भन्ने विचार उसलाई छैन, जुन जंगल हाम्रो दृष्टिबाट एउटा झाडीले मात्र छोपिएको थियो । तर यो झाडी उसको निमित्त एउटा वन हुन्छ, उसको आकारको मानिस झाडीमा पुरिन्छ । एक छिनसम्म चूप रहेपछि म उत्सुकतापूर्वक शुरू गर्दछु:-

जीन ज्याक्वेस- मेरो प्यारो एमिल, बाहिर निस्कन हामीले के गर्ने ?

एमिल– मलाई थाहा छैन । म भोको छु र तिर्खाएको छु । अब म यहाँबाट चल्न सक्तिनँ ।

जीन ज्याक्वेस– मलाई मात्रै केही भएको छैन भन्ने ठान्दछौ ? यदि मैले आँसुको खाना बनाउन सक्ने भए म पनि रुन्थे । रोएर केही काम छैन । हामीले आफ्नो होशियारी गर्नुपर्दछ, खोइ, तिम्रो घडी हेरूँ, अहिले कति बजेछ ?

एमिल– मध्याह्न भइसक्यो र मलाई सारै भोक लाग्यो ।

जीन ज्याक्वेस– हो, मध्याह्न भइसक्यो, मलाईं पनि सारै भोक लाग्यो ।

एमिल– हो. तपाईंलाई पनि सारै भोक लाग्योहोला ।

जीन ज्याक्वेस– दुर्भाग्यले गर्दा मेरो खाने कुराले मलाई भेट्टाउन आउँदैन । बाह्र बजिसक्यो । हिजो यो वेला हामी मन्ट मोरेन्सीबाट जंगलको स्थान हेरिरहेका थियौं । यदि हामीले जंगलबाट मन्ट मोरेन्सी स्थान देख्न मात्र सकेको भए–

एमिल– तर हिजो हामीले जंगल देख्न सकेका थियौं, र यहाँ हामी शहर देख्न सक्तैनौं ।

जीन ज्याक्वेस– त्यही त भनेको । यदि यसलाई देख्तै नदेखीकन भेट्टाउन सकेको भए हुन्थ्यो ।

एमिल– ओहो । मेरा प्यारा दोस्त ।

जीन ज्याक्वेस– के हिजो हामीले भनेका थिएनौं कि जंगल थियो–

एमिल– मन्ट मोरेन्सीउत्तरतिर ।

जीन ज्याक्वेस– तब मन्ट मोरेन्सी हुनुपर्छ–

एमिल– जंगलको दक्षिणपट्टि ।

जीन ज्याक्वेस– मध्याह्नमा उत्तर कसरी पत्ता लाउने त्यो हामीलाई थाहा छ ।

एमिल– हो, छायाँहरुको दिशाबाट ।

जीन ज्याक्वेस– तर दक्षिण नि ?

एमिल– हामीले के गर्ने त ?

जीन ज्याक्वेस– दक्षिण उत्तरको सामुन्ने हुन्छ ।

एमिल– त्यो साँचो हो, हामीले छायाँहरुको सामुन्ने कता पर्छ, त्यो मात्र थाहा पाउनुपर्छ । दक्षिण त्यही हो ! दक्षिण त्यही हो ! मन्ट मोरेन्सी त्यहीं हुनुपर्छ । हामी त्यसैलाई त्यहाँ खोजौं ।

जीन ज्याक्वेस– शायद तिमीले भनेको ठीक हो । हामी जंगजलको बीचबाट

यही बाटो नछोडीकन जाऔं ।

एमिल– (थपडी मार्दै) ओहो ! म मन्ट मोरेन्सी देख्न सक्तछु ! त्यो त्यहीं छ, बिलकुल स्पष्ट छ, ठीक हाम्रै सामुन्ने ! खान आउनुहोस्, खाना खान आउनुहोस्, छिटो गर्नुहोस् ! आखिर ज्योतिष केही कामको रहेछ ।

निश्चय रहू, उसले यो नभने पनि उसले यो विचार गर्दछ; यदि मैले यो आफैं भनिनँ भने पनि केही परवाह छैन । ऊ बाँचुन्जेलसम्म यस दिनको शिक्षा उसले अवश्य कहिले पनि बिर्सनेछैन । मैले घरैमा मात्र उसलाई यी सब कुराको विचार गर्न सिकाएको भए उसले भोलिपल्टै मेरो भाषण बिर्सने थियो । जब जब तिमी सक्तछौ गरेर नै सिकाऊ । जब गरेर सिकाउनु सवालदेखि बाहिरको कुरो हुन्छ, तब मात्र भनेर सिकाउनुपर्छ लाग ।

शिक्षकप्रति सानो विचार लिएर मैले उनलाई हरेक प्रकारको अध्ययनको उदाहरण दिउँला भन्ने पाठकले ठान्नुपर्दैन; तर जे सिकाइन्छ, त्यो कुरो सिकाउन शिक्षकले छात्रको समझभित्र पर्न सक्ने कुराहरूको उदाहरण दिनुपर्दछ, यस कुरामा म जोड गर्दछु र फेरि पनि दोहोऱ्याएर भन्दछु कि छात्रले जुन कुरा जान्दैन, त्यसमा केही आपत्ति छैन, तर आपत्ति त यस कुरामा छ जो 'ऊ जान्दछु' भन्ने विचार गर्दछ ।

मलाई सम्झना छ, कसरी मैले एक चोटि कुनै बच्चालाई रसायनविद्याको परीक्षण दिन प्रयास गरेको थिएँ । मैले उसलाई धातुहरू गाल्ने विषयका अनेक कुराहरू देखाइसकेपछि मैले उसलाई मसी कसरी बनाइन्छ, त्यस कुराको व्याख्या गरें । मैले उसलाई बताएँ कि यसको कालोपन गंधकको तेजापले छुट्याइएको र खार गालेर थिग्राइएको मसिनो फलामका भागहरूको नतीजा मात्र हो ।

मेरो विद्वत्ताले भरिएको व्याख्यानको बीचमा त्यो सानो बदमाशले मलाई रोकेर मैले नै उसलाई सिकाएको प्रश्न सोध्यो । म खूब आत्तिएँ । एकै छिन विचार गरेपछि के गर्ने हो त्यस कुराको निर्णय मैले गरें । मैले हाम्रो घरपटीको रक्सीको आलमारीबाट अलिकति रक्सी र रक्सीको दुकानबाट ज्यादै सस्तो अलिकति रक्सी मगाएँ । मैले खार गालेको एउटा सानो शीशी लिएँ, र यी दुई किसिमका रक्सीले भरिएका दुइटा गिलासहरू आफ्नो अगाडि राखेर भनें ।

"खाने र पिउने कुराहरु तिनीहरू वास्तवमा जो छन्, त्यसभन्दा असल

देखाउनलाई मिसावट गरिन्छन् । यी मिसावटहरूले आँखा र स्वाद दुवैलाई छकाउँदछन्, तर तिनीहरू बेफाइदा गर्ने हुन्छन् र देख्ता राम्रो भए तापनि मिसावट चीज अघिको भन्दा पनि खराब हुन्छ ।

सबै पिउने कुराहरू मिसावटी हुन्छन् र अरू चीजहरूभन्दा पनि रक्सी यस्तो हुन्छ, किनभने यो ठगी पत्ता लाउन गाह्रो हुन्छ र ठग्ने मानिसलाई बढ्ता नाफा हुन्छ ।

अमिलो रक्सी मुर्दा शंखसित मिसावट गरिएको हुन्छ, मुर्दा शंख शीशाबाट तयार गरिएको चीज हो । तेजापसँग मिलाइएको शीशाको मीठो नून बन्दछ, जसले अमिलो रक्सीको कडा स्वादलाई मीठो बनाइदिन्छ । तर यो विषालु हुन्छ । यस निम्ति किसिम या गुण राम्रो थाहा नभएको रक्सी पिउनुभन्दा अघि यसमा शीशा परेको छ कि छैन, त्यो बुझ्नुपर्छ । म ता यही गर्दछु ।

मदिरामा बल्ने तेजाप मात्र परेको हुँदैन अमिलो पनि परेको हुन्छ । यो एसिड या अमिलोको धातुहरूसँग सम्बद्ध हुन्छ, यो उनीहरूसँग मिल्दछ र फलामको खिया जस्ता क्षारहरू बनाउँदछ, जुन एसिडले हावा या पानीमा गालेको फलाम मात्र हो, यसै गरी तामाको खिया पनि अमिलो रसले गालेको तामा मात्र हो ।

यसै अमिलोको संबन्ध धातुहरूसंग भन्दा खारसँग झन् बढ्ता छ, यसैले जब हामी माथि बताइएका क्षारहरूमा यो खार थपिदिन्छौं, अमिलोले धातुलाई छोडिदिन्छ, जुनसँग यो मिलेको छ, र क्षारसँग मिल्दछ ।

जुन अमिलोले गाल्दाखेरि यसलाई अड्याइराखेको थियो, त्यस अमिलोले छोडिदिएपछि त्यो धातु थिग्रिन्छ र त्यो तरल पदार्थ या रस ऐनामा जसरी पल्लोतिर देखिन्छ, त्यसरी पल्लोतिर नदेखिने वस्तु बन्दछ ।

यदि रक्सीका यी दुवै गिलासहरूमा मुर्दा शंख छ भने गाल्दाखेरि अमिलोले मुर्दा शंखलाई अड्याइराख्छ । जब म यसमा गालेको मुर्दा शंख खन्याउँछु अमिलोलाई खारसित मिल्नको निम्ति शीशालाई छोड्न करै लाग्दछ । गाल्दाखेरि नअडिएको शीशा फेरि देखा पर्छ, रक्सी बाक्लो हुन्छ, र केही बेरपछि शीशा गिलासको पींधमा रहन्छ ।

यदि रक्सीमा शीशा या अरू धातु छैन भने खार बिस्तारै अमिलोसीत मिल्नेछ, सब कुरा सफा रहनेछ र थिग्रेनी रहनेछैन ।

तब मैले मेरो गालेको खारलाई पहिले एउटा गिलासमा पछि आर्को गिलासमा खन्याएं । रक्सी हाम्रो घरबाट सफा र निर्मल बन्यो, अर्कोचाहिं तुरुन्त

मैलो भयो, र एक घण्टापछि सीसा गिलासको पींधमा थिग्रिएर रहेको सफासित देखन सकिन्थ्यो ।

मैले भने, 'यो रक्सी शुद्ध प्राकृतिक रक्सी हो र पिउन ठीक छ; अर्कोचाहिं मिसावटी र बिषालु छ । तिमीले मसी कसरी बनाउने त्यो जान्नाको उपयोगिता थाहा पाउन खोजेका थियौ । यदि तिमी मसी बनाउन सक्छौ भने रक्सीहरू कसरी मिसावटी बनाउन सकिन्छन् त्यो थाहा पाउन सक्तछौ ।"

मेरो उदाहरणबाट मलाई खूब खुशी लाग्यो, तर मैले देखें कि मेरो छात्रमा यसको असर परेन । जब मलाई यसबारे विचार गर्ने मौका मिल्यो, मैले थाहा पाएँ कि म मूर्ख भएको रहेछु, किनभने बाह्र वर्षको बच्चालाई मेरा व्याख्याहरू बुझ्नु असम्भव मात्र थिएन कि त्यस अनुभवको उपयोगिताको कुनै प्रभाव न उसमाथि परेन । उसले रक्सीका दुवै गिलासहरू चाखेको थियो र उसलाई दुवै असल लाग्यो, त्यसैले उसले 'मिसावटी' भन्ने शब्दमा कुनै मतलब राखेन । जुन कुरालाई मैले यस्तो राम्रोसँग सम्झाएको थिएं । साँचै नै अझ शब्दहरू 'बेफाइदा गर्ने' र 'विषालु' को त उसका निमित्त कुनै अर्थ न थिएन । ऊ त्यस लडकाको जस्तै हालतमा थियो, जसले फिलिप र उसको डाक्टरको कथा भनेको थियो । सबै बच्चाहरूको यही हालत हुन्छ ।

जुन कारणहरू र परिणामहरूको सम्बन्ध हामीलाई थाहा छैन, जुन असल हुन् कि खराब हुन्, त्यसको ज्ञान हामीलाई छन, जुन कुराहरूको आवश्यकता हामीले थाहा पाएका छैनौं, ती कुराहरूको अस्तित्व हाम्रा निमित्त छैन । उनीहरूसँग सम्बन्धित कुनै कुरा गर्ने आफूलाई तुल्याउन हामीलाई पूरा चाहना लाग्नु असम्भवछ । पन्ध्र वर्षको उमेरमा हामीलाई असल मानिसको सुखको ज्ञान हुन्छ, जस्तो तीस वर्षको उमेरमा हामीलाई स्वर्गको गौरवको ज्ञान हुन्छ । यदि हामीमा यी दुईमध्ये कुनैको पनि स्पष्ट विचार छैन भने हामीले तिनको प्राप्तिका लागि कुनै प्रयास गर्नु हुँदैन; यदि हामीमा तिनीहरूको स्पष्ट विचार छ भने पनि हामीले तिनीहरूको इच्छा गरेनौं भने र हामी तिनका निमित्त बनेका हौं भन्ने हामीलाई लागेन भने हामीले कुनै प्रयत्न गर्नु हुँदैन । जुन कुरा तिमी उसलाई सिकाउने इच्छा गर्दछौं, त्यस कुरामा बच्चालाई बिश्वास पार्नु उपयोगी हुन्छ, तर यदि तिमी मनाउन सक्तैनौ भने विश्वास पार्नु व्यर्थ हुन्छ । शुद्ध तर्कले हामीलाई स्वीकार गर्नु या दोष लगाउनुतिर लैजान्छ; तर यो त भावना हो, जसले कामतिर लैजान्छ, र जुन कुराको सरोकार हामीलाई छैन त्यस कुराको हामी के परवाह गर्दछौं ?

जुन कुरा उसले देख्न सक्तैन, त्यो कुरा बच्चालाई कहिल्यै नदेखाऊ। मनुष्य जाति उसलाई प्रायः अज्ञात हुनाले र तिमीले उसलाई मानिस बनाउन नसक्ने हुनाले मानिसलाई नै बच्चाको सतहमा ल्याऊ। ऊ ठूलो भएपछि उसलाई के उपयोगी हुनेछ भनेर जब तिमी विचार गरिरहन्छौ, जुन कुरा अहिले प्रयोग गर्न सक्छु भन्ने उसलाई थाहा हुन्छ, त्यस विषयको कुरा ऊसित गर। फेरि त्यसमाथि जब ऊ तर्क गर्न थाल्दछ, तब अरू बच्चाहरूसित उसको तुलना, स्पर्धा, प्रतिद्वन्द्विता नहोस्, दौडहरू दौडँदा मसमेत यसो नहोस्। ईर्ष्याबाट वा घमन्डबाट सिक्नुभन्दा बरु उसले केही पनि नसिकोस् भन्ने म इच्छा गर्दछु। साल-सालै पिच्छे उसले गरेको प्रगतिको म याद गर्दछु। अघिल्लो वर्षका परिणामहरूलाई पछिल्लो वर्षका परिणामहरूसँग म दाज्नेछु, र म भन्नेछु-तिमी यत्तिको बढिसक्यौ, तिमीले नाघेको खाल्टो त्यही हो, तिमीले बोकेर लगेको बोझ त्यही हो, तिमीले ढुंगा फ्याँकेको त्यात टाढा हो, तिमीले दम फेर्नलाई पनि नअडीकन दौड दौडेको यति टाढा हो इत्यादि ; अब तिमी के गर्न सक्तछौ हेरूँ।

यस प्रकार विनाईर्ष्या ऊ अरू बढ्ता प्रयास गर्नमा उत्साहित हुन्छ। उसले जस्तो हुन खोज्नुपर्ने हो, त्यस्तै श्रेष्ठ ऊ हुन खोज्छ। उसले अफ्ना कामहरूमा श्रेष्ठ हुन किन नखोज्नु त्यसको कुनै कारण म देखितनँ।

म पुस्तकहरूलाई घृणा गर्छु; तिनीहरूले जुन कुराहरूको विषयमा हामीलाई केही पत्तो छैन ती कुराहरूको विषयमा बोल्न मात्र सिकाउँछन्। मानिसहरू भन्दछन् कि हर्मीजले विज्ञानका तत्त्वहरूलाई प्रलयको बाढीले पनि नाश नगरोस् भनेर पत्थरका खम्बाहरूमा कुँदेका थिए। तिनीहरूलाई तिनले मानिसहरूको हृदयमा छापेको भए ती परम्परागत भएर बचेर रहन्थे। सुशिक्षित मनहरू नै खम्बा हुन्, जसमा मनुष्यज्ञान ज्यादै गहिरोसित कुँदिन्छ।

के यतिका पुस्तकहरूमा छरिएर रहेका यतिका पाठहरूलाई परस्परमा सम्बन्धित तुल्याउने अरू कुनै बाटो छैन ? के देख्न सजिलो, अनुसरण गर्न मजा लाग्ने, बच्चालाई समेत प्रोत्साहित तुल्याउने कुनै सर्वसाधारण वस्तुमा तिनीहरूलाई केन्द्रित तुल्याउने अरू कुनै तरीका छैन ? यदि हामीले कुनै यस्तो अवस्था पत्ता मात्र लाउन सकेको भए जुन अवस्थामा मानिसका सर्व आवस्यकताहरूले बच्चाको मनलाई प्रभावित तुल्याउन सक्तछन्, र जुन अवस्थामा यी आवश्यकताहरूको पूर्ति गरिदिने तरीकाहरू सजिलैसित विकसित हुन्छन्, त्यस अवस्थाको साधारण उत्साहवर्धक चित्र नै बच्चाको कल्पनाको सबभन्दा पहिलो तालीम हुनुपर्दछ।

उत्सुक दार्शनिक ! म तिम्रो आफ्नै कल्पनाले काम गरिरहेको देख्छु । त्यो तकलीफबाट आफूलाई छुटकारा देऊ । यो अवस्था अघिबाटै ज्ञात भइसकेको छ; तिमीले यसको वर्णन गर्न सक्नुभन्दा धेरै राम्रो तरीकाले तिम्रो उचित मर्यादापूर्वक, यसको वर्णन भइसकेको छ, कम-से-कम बढ्ता सत्यता र सरलतापूर्वक यो गरिएको छ । हामीसँग पुस्तकहरू हुनैपर्ने हुनाले त्यहाँ एउटा यस्तो पुस्तक छ, जो मेरो विचारमा प्रकृतिअनुसारको शिक्षाको उत्तम लेख हो । यो पहिलो पुस्तक हो, जो एमिलले पढ्नेछ । धेरै समयसम्म यो उसको पुस्तकालय बन्नेछ र यसले सधैं सम्मानित स्थान पाउनेछ । उसको पाठ्य पुस्तक यही हुनेछ र प्राकृतिक विज्ञान-विषयका हाम्रा सबै कुराहरू यसका टीका मात्र हुने छन् । ठीक विचारतिरको हाम्रो विकासको परीक्षण गर्न यसले काम दिनेछ, र हाम्रो अभिरुचि रहुन्जेलसम्म यसलाई आह्लादपूर्वक पढिनेछ । यो विचित्रको पुस्तक कुन हो ? के यो एरिस्टोटल हो ? प्लिनी हो ? बुफन हो ? होइन, यो रबिन्सन क्रूसो हो ।

रबिन्सन क्रूसो, आफ्ना मानिसहरूको मद्दतले रहित भएर, अनेक किसिमका काम गर्ने उपायहरूले वञ्चित भएर, तैपनि खानेकुरा पाएर, र केही आरामी पनि पाएर आफ्नो टापूमा रहेको थियो, यो सबै उमेरका मानिसहरूलाई चाहना लाग्ने कुरा हो, र यसलाई बच्चाहरूको लागि सबै तरहबाट आकर्षक तुल्याउन सकिन्छ । यस प्रकार हामी त्यो वैरान टापूलाई वास्तविकता तुल्याउनेछौं, जो पहिले उदाहरणको काम दिन्थ्यो । म स्वीकार गर्दछु, त्यो अवस्था सामाजिक प्राणीको अवस्था होइन, न त यो सम्भवतः एमिलको नै अवस्था हो, तर उसले अरू सबै अवस्थाहरूको निमित्त यसलाई तुलनाको कसी झैं प्रयोग गर्नुपर्दछ । उसलाई गलत धारणाहरूदेखि माथि उठाउन र बस्तुहरूको वास्तविक सम्बन्धहरूमाथि उसका विचारहरू आधारित तुल्याउन सबभन्दा निश्चित तरीका यही हुन्छ कि उसलाई एकलो मानिएको ठाउँमा राख्नुपर्दछ, र तिनीहरूको उपयोगिताको सम्बन्धमा यस्तो मानिसले जस्तो विचार गर्दछ, त्यस्तै सबै कुराहरू विचार गर्नुपर्दछ ।

असम्बद्ध कुराहरू झिकिदिंदा यो उपन्यास रबिन्सन क्रूसोको जहाज यस टापूमा आइपुगेर बिग्रेपछिदेखि शुरू हुन्छ र उसलाई यहाँबाट लैजाने जहाज यहाँ आइपुगेपछि अन्त हुन्छ, र एमिललाई यसले हामीले विचार गरिरहेको जम्मै समय भरलाई काम र खेल दुवैको निम्ति सामग्री दिन्छ । उसको दिमाग यसैले भरिनुपर्छ । ऊ सधैं उसको किल्ला, उसका बाखाहरू, उसको खेतीपातीका

कामहरूमा लागिरहनुपर्दछ । उसले हरेक कुरा पुस्तकहरूबाट होइन कि ती वस्तुहरूबाट सिकोस्, जुन यस्तो अवस्थामा उसका निमित्त आवश्यक छन् । उसले आफूलाई रबिन्सन क्रूसो नै हुँ भन्ने ठानोस् । उसले आफूलाई छालाहरू लगाएको, अग्लो टोपी लगाएको, जहाजीहरूले भिर्ने बडो तलवार भिरेको, उसलाई उस्तो नचाहिने छातासमेत लिएको, विलक्षण रूपको रबिन्सन जस्तै देखनुपर्दछ । उसले यो चाहिएला कि, ऊ चाहिएला कि, अब के गर्ने भनेर उत्सुकतापूर्वक विचार गर्नुपर्दछ । उसले आफ्नो वीर नायक रबिन्सनको चाल-चलनको परीक्षण गर्नुपर्दछ, के उसले केही पनि गर्न बाँकी राखेको छैन ? के उसले झन् राम्रोसित गर्नुपर्ने कुरा केही छैन ? उसले उसका भूलहरू होशियारीपूर्वक सम्झनुपर्दछ ताकि यस्ता अवस्थाहरूमा उसले यस्तै भूलहरू नगरोस्, किनभने यो निश्चय छ कि उसले आफ्ना निमित्त यस्तै वासस्थान बनाउने योजना गर्नेछ । यो सुखी अवस्थाको सांच्चीको हावाको किल्ला यही हो, जब बच्चालाई खानेकुरा र स्वाधीनता सिवाय अरू कुनै सुखको ज्ञान हुँदैन । जसले यो प्रयोग गराउनाका निमित्त यो उमंग उठाइदिएको छ, त्यो दक्ष शिक्षकको हातमा यस उमंगले कत्रो तात्पर्य पूरा गरिदिनेछ ! जुन बच्चा यो निर्जन वैरान टापूमा कुनै भंडार बनाउन चाहन्छ, त्यो बच्चा गुरुले सिकाउनभन्दा आफूले सिक्न बढ्ता उत्सुक हुनेछ । उसले हरेक प्रकारका उपयोगी कुराहरू जान्न खोज्नेछ र अरू कुनै कुरा पनि चाहनेछैन, तिमीलाई कडी र ऐंडी बुवं चाहिने हुनेछ । त्यस कारण उसलाई उसको टापूमा बसाल्न छिटो गर, किनभने अहिलेसम्म उसलाई आफूलाई सुखी बनाउन चाहिएको जम्मै कुरा यही हो ; किनभने त्यो दिन नजीक छ, जब, यदि उसले अझ यस टापूमा रहनुपर्छ भने, ऊ एक्लै रहेर सन्तुष्ट हुनेछैन, र जब अहिले प्रायः तिरस्कार गरिएको अनुगत भृत्यको साथले पनि उसलाई धेरै दिनसम्म पुग्नेछैन ।

प्राकृतिक कलाहरूको अभ्यास, जुन एउटा मानिस एक्लै गर्न सक्छ, त्यसले औद्योगिक कलाहरूतिर लैजान्छ, जसलाई धेरै मानिसहरूको सहयोग चाहिन्छ । प्राकृतिक कलाहरूको अभ्यास जोगीहरू र जंगली मानिसहरू गर्न सक्छन्; औद्योगिक कलाहरूको उत्पत्ति समाजमा मात्र हुन सक्तछ र तिनीहरूले समाजलाई आवश्यक तुल्याउँछन् । जबसम्म शारीरिक आवश्यकताहरूको मात्र सवाल छ, तबसम्म मानिस आफूमै पर्याप्त हुन्छ, अधिकताले श्रमको विभाजन र वितरणको आवश्यकता ल्याउँछ, किनभने यदि एउटा मानिसले एक्लै काम गरेर एक जना मानिसको रोटी कमाउन सक्तछ भने सय जना मानिसले संगसंगै

काम गरेर दुई सय जना मानिसको रोटी कमाउन सक्तछन् । जब कोही मानिसहरू अल्सी हुन्छन्, तब उनीहरूको आलस्यबाट हुन आउने हानिको पूर्ति गर्न अरूहरूले काम गर्नुपर्छ ।

तिम्रो मुख्य अभिप्राय जो उसले बुझ्न सक्तैन, ती सामाजिक सम्बन्धहरूको विचारलाई तिम्रो छात्रको बाटोदेखि बाहिर राख्ने हुनुपर्दछ, तर जब ज्ञानको विकासले मनुष्य जातिको पारस्परिक निर्भरता उसलाई देखाउन तिमी बाध्य हुन्छौ, तब उसलाई यसको नैतिक पक्ष देखाउनुको सट्टा उसको सम्पूर्ण ध्यान उद्योग र शिल्पकलाहरूतिर फर्काऊ, जसले मानिसहरूलाई परस्परमा उपयोगी तुल्याउँदछन् । जब तिमी उसलाई एक शिल्पशालाबाट अर्को शिल्पशालामा लैजान्छौ, तब उसलाई तिमीले देखाएको हरेक काममा उसले आफ्नो हातको सीप जाँचेर हेरोस् र किन ती सब कुरा गरिन्छन्, त्यो पूरा नसिकुन्जेल या कम-से-कम जुन कुराले उसको ध्यान आकर्षित गरेको छ त्यो पूरासँग नसिकुन्जेलसम्म उसलाई यो छोड्न नदेऊ । यस लक्ष्यले उसको काममा तिमीले हिस्सा लिनुपर्दछ र उसलाई एउटा उदाहरण देखाउनुपर्दछ । तिमी सिकारु बन र ऊ गुरु बनोस्; अनि तिमी अपेक्षा गर्न सक्छौ कि उसले दिनभरको व्याख्यानबाट भन्दा एक घन्टाको कामबाट बढ्ता सिक्नेछ ।

अनेकौं शिल्पकलाहरूको सर्वसाधारण जनताले गरेको मूल्यांकन तिनीहरूको सच्चा उपयोगिताको ठीक उल्टा मात्रामा हुन्छ । तिनीहरूको अनुपयोगिताअनुसार सोझै पनि मूल्यांकन गरिन्छन् । यो अपेक्षा गर्न सकिन्थ्यो । सबभन्दा उपयोगी कलाहरूमा सबभन्दा कम खर्च गरिन्छ; किनभने कामदारहरूको संख्या घटाइन्छ र जुन काम हरेकलाई चाहिन्छ, त्यसको निम्ति अवश्य नै मजदूरहरूलाई त्यस दरमा ज्याला दिइन्छ, जुन दरमा दिनाले यो गरीबहरूको पहुँच–भित्र पर्न सक्तछ । अर्कातिर, ती ठूला मानिसहरू जो शिल्पकार होइन कि कलाकार कहिन्छन्, जो धनी र अल्सीहरूका निमित्त काम गर्दछन्, तिनीहरू आपना तुच्छ चीजहरूको काल्पनिक मूल्य राख्छन्, र यो व्यर्थ परिश्रमको वास्तविक मूल्य शुद्ध काल्पनिक हुनाले त्यस मूल्यले नै बजारको भाउ बढाउँछ र तिनीहरूको मोल तिनीहरूको मूल्यअनुसारको हुन्छ । धनीहरू यी चीजहरूको यस्तो सराहना गर्दछन्, तर त्यां गरेको ती चीजहरू उपयोगी भएर होइन कि गरीबहरूको पहुँचदेखि बाहिरका भएर हो ।

यदि तिमीले आपना चेलाहरूलाई यस्तो मूर्खतापूर्ण गलत विचार लिन दियौ र आफूले समेत यसमा हिस्सा लियौ भने, उदाहरणको लागि मनूँ कि

उनीहरूले कौको ज्यासलमा भन्दा जौहरीको पसलमा बढ्ता नम्रता तिमीले देखाएको देखे भने, उनीहरूको के गति होला ? जब उनीहरूले एकातिर काल्पनिक मूल्य र अर्कोतिर वास्तविक उपयोगिताको मूल्य देख्छन्, तब उनीहरूका कलाको सच्चा मूल्य र चीजहरूको वास्नविक मूल्यको विषयमा कस्तो धारणा होला ? वस्तुको मूल्य जति जति बढ्ता हुन्छ, त्यसको उपयोगिता उति उति कम हुन्छ, के यो कुरा उनीहरू विचार गर्न सक्तछन् ? जब उनीहरूले गलत विचारहरू लिन थाल्दछन्, तब उनीहरूको अझ बढ्ता शिक्षाको सारा प्रयास तिमीले छोडिदिए हुन्छ । तिमी उनीहरूको गुरु भए तापनि उनीहरू अरू सबै छात्रहरू जस्तै हुनेछन्–तिमीले चौध वर्ष त्यसै खेर फालिदियौ ।

आफ्नो टापूलाई सजाउन दृढतापूर्वक लागेको एमिलले अर्कै दृष्टिकोणबाट वस्तुहरूलाई हेर्नेछ । रबिन्सनले भए सैयदका एकै ठाउँमा सँगसँगै राखेका सबै वस्तुहरूको भन्दा ज्यावलहरू बनाउनेको पसलको बढ्ता विचार गर्नेथियो । उसले ज्यावल बनाउनेलाई धेरै योग्य मानिसमा गणना गर्नेथियो र सैयदलाई कुनै ठग वैद्यभन्दा बढ्ता ठहऱ्याउने थिएन ।

मेरो छोराले संसारलाई जस्तो पाउँदछ, उस्तै लिनुपर्दछ, ऊ बुद्धिमान्हरूको बीचमा होइन कि मूर्खहरूको बीचमा रहनेछ; त्यस कारण उसले उनीहरूको मूर्खताहरूसँग परिचित रहनुपर्दछ, किनभने यसै माध्यमद्वारा उनीहरूको नेतृत्व गर्नुपर्दछ । वस्तुहरूको सच्चा ज्ञान असल कुरा हुन सक्तछ । तर मानिसहरू र उनीहरूका विचारहरूको ज्ञान झन् बेश कुरा हो, किनभने मनुष्यसमाजमा मानिस नै मानिसको मुख्य ज्यावल हो र सबभन्दा बुद्धिमान् मानिस त्यही हो, जसले यस ज्यावलको उत्तम प्रयोग जान्दछ । बच्चाले जुन प्रचलित प्रथाको बीचमा रहनुपर्ने हुन्छ त्यसको विपरीत काल्पनिक प्रथाको शिक्षा उसलाई दिएर के काम ? पहिले बच्चाहरूलाई बुद्धि सिकाऊ र अनि त्यहाँपछि उनीहरूलाई मनुष्यजातिको मूर्खताका कुराहरू देखाऊ ।

यी लम्बे चौडे सिद्धान्तहरू हुन्, जसलाई बाबुहरू भूल गरेर बुद्धिमत्ताका कुराहरू भन्ने ठान्दछन् र आफ्ना बच्चाहरूलाई गलत विचारहरूका दास बनाउँदछन् जुन गलत विचारहरूमा उनीहरू तालीम भएका हुन्छन्, र तिनीहरूले उनीहरूलाई विचारहीन जनसमूहको कठपुतली बनाउंदछन्, जुन जनसमूहलाई उनीहरू आफ्ना उमंगहरूको अधीनमा तुल्याउने अपेक्षा गर्दछन् । हामीले मानिसको ज्ञान प्राप्त गर्नुभन्दा अघि कति कुरा थाहा पाउनुपर्दछ । दार्शनिकको अन्तिम अध्ययन यही हो, र तिमीचाहिं यसलाई बच्चाको पहिलो पाठ तुल्याउने

अपेक्षा गर्दछौ। उसलाई हाम्रा विचारहरू सिकाउनुभन्दा पहिले उसलाई तिनीहरूका गुण या मूल्यको विचार गर्न सिकाऊ। जेलाई तिमी बुद्धिमत्ता भन्ठान्दछौ के त्यसमा तिमी मूर्खता पाउँछौ ? बुद्धिमान् बन्नलाई हामीले खराब र असलका बीचको भेद छुट्याउनुपर्दछ। तिम्रो बच्चाले कसरी मानिसहरूलाई जान्न सक्तछ, जब ऊ न त उनीहरूको विचारमाथि बिचार गर्न सक्तछ, न त उनीहरूका भूलहरू पत्ता लाउन सक्तछ ? उनीहरूका विचारहरू सत्य हुन् कि असत्य हुन् त्यो थाहा नपाईकन उनीहरू यही विचार गर्दछन् भन्ने ठहराउनु दुर्भाग्यको कुरो हो। वस्तुहरू वास्तवमा के हुन्, पहिले उसलाई त्यो कुरा सिकाऊ, अनिपछि ती वस्तुहरू हाम्रा दृष्टिमा कस्ता देखा पर्दछन् त्यो कुरा सिकाऔला तब पो ऊ सर्वसाधारण मानिसहरूका विचारहरू र सत्यताको बीचमा तुलना गर्न समर्थ हुनेछ, र गँवार मनुष्यका बथानहरूभन्दा माथि उठ्न सक्नेछ। जब तिमीलाई आफ्ना गलत धारणाहरूको याद हुँदैन र जब तिमी सर्वसाधारण मानिसहरू जस्तै हुन्छौ, तब तिमी कुनै राष्ट्र या जातिको नेतृत्व गर्न सक्तैनौ। उनीहरूको गुणको कसरी विचार गर्ने त्यो नसिकाईकन अरूहरूका विचारहरू सिकाउन थाल्यौ भने यो कुरा निश्चय छ कि तिमीले जे गरे तापनि उसले तिनै विचारहरूलाई लिनेछ र तिनीहरूलाई निर्मूल पार्नमा तिमी सफल हुनेछैनौ। त्यस हेतुले मलाई पूरा विश्वास छ कि केटाकेटीलाई ठीकसँग विचार गर्ने तुल्याउनलाई तिमीले उसलाई तिम्रो आफ्नै विचार सिकाउनुभन्दा उसकै विचारको सृजना गरिदिनुपर्छ।

तिमीले देखिहाल्यौ, अहिलेसम्म मैले मेरो चेलालाई मानिसहरूको विषय बताएको छैन; मेरो कुरालाई ध्यान दिएर सुन्ने उसको विचार हुनेछैन। अरूहरूको विचार आफैंले गर्न सक्ने तुल्याउन अरू मानिसहरूसितका उसका सम्बन्धहरू अझै उसलाई पर्याप्त मात्रामा खुलिसकेका हुँदैनन्। उसले जानेको एक मात्र व्यक्ति ऊ आफैं मात्र हुन्छ, र उसको आफ्नै व्यक्तित्वको ज्ञान उसमा ज्यादै अपूरा हुन्छ। तर यदि उसले अरूहरूको विषयमा थोरै मात्र विचार गऱ्यो भने ती विचारहरू ठीक हुन्छन्। अर्काको स्थानको विषयमा उसलाई केही थाहा हुँदैन, तर उसलाई आफ्नै स्थान थाहा हुन्छ र यसैमा ऊ अडिरहन्छ। जो उसको ज्ञानदेखि बाहिरका छन्, ती समाजिक नियमहरूले उसलाई बद्ध गराउनको सट्टा मैले उसलाई आवश्यकताको बलियो सिक्रीले बाँधेको छु। अहिलेसम्म ऊ कुनै एउटा वस्तुभन्दा अलिकति मात्र बढ्ता छ; हामी उसलाई यहीसरह व्यवहार गरौं।

प्रकृतिको हरेक वस्तु र मानिसको हरेक काम-उसको आफै निम्तिको प्रयोग, उसको आफ्नै बचावट, उसको आफ्नै संरक्षण, उसको आफ्नै सुविधाको सम्बन्धमा विचार गर्नुपर्दछ । यस प्रकार उसले सुनको भन्दा फलामको बढ्ता र हीराहरूको भन्दा काँचहरूको बढ्ता भाउ राख्नुपर्छ । त्यसै गरी लेम्पेरियर, ली ब्लांक या यूरोपका सबै जौहरीहरूलाई भन्दा कुनै सार्की या डकर्मीलाई ऊ बढ्ता आदर गर्दछ । उसको दृष्टिमा हलुवाई साँच्चीको ठूलो मानिस हुन्छ र ल्याम्बार्ड स्ट्रीटको सबभन्दा सानो हलुवाईका निमित्त उसले विज्ञानको सम्पूर्ण महाविद्यालय दिनेछ । सुनारहरूलाई, मूर्ति कुंद्नेहरूलाई, जलप लाउनेहरूलाई र कार्चुपी भर्नेहरूलाई उसले अल्सी मानिस ठह्र्याउनेछ जो बिलकुल बेकामका खेलहरू खेल्दछन् । घडी बनाउने कालिगडलाई पनि उसले त्यत्तिको मानिस ठन्याउदैंन । सुखी बच्चा समयको दास नभईकन यसको उपभोग गर्दछ, उसले यसको प्रयोग गर्दछ, तर उसलाई यसको मोल थाहा हुँदैन । मनो विकारबाट ऊ स्वतन्त्र छ । त्यसैले उसको लागि हरेक दिन एकै छ र समयको तुलना गर्ने कुनै कुरा पनि उसका निमित्त अनावश्यक छ । जब मलाई एमिल कराएको जस्तो र उसँग एउटा जेब घडी भएको जस्तो लाग्यो, तब मैले थाहा पाएँ कि यो त एउटा मामुली एमिल पो रहेछ, जसलाई मैले आफ्ना अभिप्राय शिद्ध गर्न र आफूलाई बुझिने तुल्याउन रोजेको थिएँ । अरू बच्चाहरूदेखि यस्तो फरक सच्चाचाहिं एमिल कुनै कुराको पनि उदाहरणको रूपमा आउँदैन ।

उत्तिकै प्राकृतिक र अझ बढ्ता ठीक एउटा क्रम छ, जसद्वारा उनीहरूलाई संगसंगै जोड्ने आवश्यकताका बन्धनहरूअनुसार कलाहरूको मूल्यांकन गरिन्छ । सबभन्दा उच्च श्रेणीको कला सबभन्दा स्वाधीन हुन्छ, सबभन्दा निम्न श्रेणीको चाहिं सबभन्दा पराधीन हुन्छ । यो वर्गीकरणले बहुधा सामाजिक क्रमहरूमाथि महत्त्वपूर्ण विचारहरूको सुझाउ दिन्छ ।

यो अगाडि भइसकेको जस्तै हो किनभने यो जनसाधारणको विचारमा उस्तै वैपरीत्यको अधीन छ । कच्चा पदार्थको प्रयोग सबभन्दा निम्न वर्गको काम हो र यसका निमित्त सबभन्दा थोरै ज्याला दिइन्छ, त्यस पदार्थले जति जति हात बदल्दै जान्छ उति उति त्यसको इज्जत र मोल बढ्दै जान्छ । ती पदार्थहरूलाई आखिरी रूप दिने मसिना कलाहरूको उद्योग साच्चैकै ठूलो र बढ्ता मूल्यवान् हो कि भन्ने मेरो प्रश्न होइन, तर मेरो भनाई यो हो कि जुन बहुधा उपयोगी र आवश्यक छ त्यसलाई अवश्य सम्मानको स्थान दिइन्छ, र जुन कला विलकुल स्वाधीन छ त्यो कला पराधीन कलाहरूभन्दा धेरै नै श्रेष्ठ

र सम्मानित हुन्छ कलाहरूको मोलको वास्तविक नियमहरू यिनै हुन्, अरू सबै स्वेच्छाचारी र जनसाधारणको गलत विचारको अधीन हुनछन् ।

कृषि सबभन्दा प्राचीन र सबभन्दा सम्मानित कला हो, धातुको कामलाई म दोस्रो स्थान दिन्छु, त्यहाँपछि सिकर्मीको काम इत्यादि । यदि बच्चा गवांर र गलत भावनाहरूले बिग्रेको छैन भने त्यो क्रम यही हो, जसमा उसले तिनीहरूलाई राख्नेछ । यस्ता कुराहरूमा एमिलले उसको रबिन्सनबाट कस्ता बहुमूल्य विचारहरू प्राप्त गर्नेछ । असंख्य साज-सामानहरू बढाएर भाग-भाग गरेर पूरा गरिएका कलाहरूलाई देख्ता उसले के विचार गर्नेछ ? उसले भन्नेछ, "यी सब मानिसहरू जति सिपालु छन् उत्तिकै मूर्ख छन्; जसले पनि यो सम्झनेछ कि तिनीहरूले आफ्ना आँखा र हातहरूको प्रयोग गर्न डराएर तिनको सट्टा यतिका सर-सामानहरू आविष्कार गरेका हुन् । एउटा काम गर्नलाई तिनीहरू धेरै अरू कुराहरूको दास बन्दछन् । हरेर कामदारलाई एउटा सिंगै शहर चाहिन्छ । मेरो दोस्त र म सीप प्राप्त गर्न चाहन्छौं, हामी आफ्नो साथमा लिएर हिंड्न सक्ने सामानहरू मात्र बनाउँछौं यी जुन मानिसहरू पेरिसमा आफ्नै सीपको यस्तो गर्व गर्दछन्, ती मानिसहरूको हाम्रो टापूमा केही काम छैन, तिनीहरूले सिकारू हुनुपर्नेछ ।"

पाठक, हाम्रो चेलाको शारीरिक अभ्यासहरू र हातको सीप हेर्नलाई नपर्ख, तर उसको शैशविक उत्सुकतालाई हामीले कस्तो मोड दिइरहेछौं त्यो विचार गर । उसको साधारण बुद्धि, उसको नयाँ कुरा निकाल्ने उत्साह, उसको पूर्व विचारको खयाल राख । उसको काँधमाथि उसको कस्तो टाउको हुनेछ, त्यस कुराको विचार गर । ऊ जे देख्छ या जे गर्छ त्यस विषयको हरेक कुरा जान्न र त्यो किन र कहाँबाट भो सो कुरा सिक्न ऊ खोज्नेछ । दिइएको कुनै कुरा पनि नलिईकन एउटा सामानबाट अर्को सामानतिर फर्कर पहिलो शुरूतिर जानेछ । उसले ती जुनसुकै कुरा सिक्न पनि इनकार गर्नेछ, जसका निमित्त उसले प्राप्त नगरेको पूर्वज्ञान चाहिन्छ । यदि उसले कुनै कमानी बनाएको देख्यो भने मानिसहरूले खानीबाट फलाम कसरी निकाले त्यो कुरा जान्न खोज्नेछ । यदि कुनै सन्दूकका टुक्राहरू जोडेको उसले देख्यो भने रूख कसरी काटेर ढालियो त्यो कुरा थाहा पाउन ऊ चाहनेछ । काम गर्न लागेको बेलामा हरेक ज्याबलको बारेमा उसले भन्नेछ, "यदि मैले यो नपाएको भए यस्तै ज्याबल म कसरी बनाउन सक्तो हुं या यो विना म कसरी काम चलाउन सक्तो हुं? "

तर अर्कोचाहिं भूल हटाउन कठिन छ । यदि शिक्षकलाई कुनै कामको सौख छ भने उसलाई यो धारणा हुने सम्भव हुन्छ कि बच्चालाई पनि यसमा अभिरुचि होला । याद राख, तिमी आफ्नो काममा मग्न रहन्छौ, बच्चा भने यसले गर्दा हैरान भइरहन्छ, तर यो देखाउन ऊ डराउँछ । बच्चाको कुरा पहिले आउनुपर्छ र तिमीले पूरा ध्यान उसमा दिनुपर्दछ । उसको रखवारी गर, हर बखत उसको अध्ययन गर तर यो उसलाई थाहा नहोस् । अघिबाटै उसका भावनाहरूको विचार गर, उसलाई इच्छा नभएका कुराहरू नदेऊ, उसलाई यसरी काममा अलमल्याई राख, जसरी उसलाई यसको उपयोगिता मात्र थाहा हुने नभई आफ्नो कामको मतलब बुझेर मजा लाग्ने पनि होस् ।

कलाहरूको एकता उद्योगको साटासाटमा रहन्छ, वाणिज्यको एकता मालतालहरूको साटासाटमा रहन्छ, बैंकहरूको एकता दाम या सुरक्षाहरूको साटासाटमा रहन्छ । यी सब विचारहरू साथसाथै सम्बद्ध भएर रहन्छन् र तिनीहरूको जग बघैंचे रबर्टको मद्दतले अघिबाटै लगाइसकिएको छ । खास कुनै विचारको ठाउँमा साधारण विचारको प्रादुर्भाव गराइदिनु र अनेक उदाहरणहरूद्वारा ती विचारहरूको वृद्धि गराइदिनु पहिले हामीले गर्नुपर्ने कुरा यत्ति हो । यो गर्नु उसलाई उसको कामको खेल बुझ्ने तुल्याउनु हो, प्राकृतिक इतिहासका खास उदाहरणहरूद्वारा हरेक मुलुकका खास उत्पादनहरूको ज्ञान दिनु हो, खास उदाहरणहरूद्वारा सामुद्रिक यात्रासम्बन्धी ज्ञान विज्ञानहरूको र ठाउँहरूका बीचको, जमीनको, समुद्रहरूको र नदीहरूको स्थान इत्यादिको दूरताअनुसारको साना-ठूला कठिनाइहरूको पनि ज्ञान दिनु हो ।

साटासाटविना समाज हुन सक्तैन, तौलको सबैसँग मिल्ने एउटै नापो नभईकन साटासाट हुनसक्तैन, बराबरी नभईकन तौलको सबैसँग मिल्ने एउटै नापो हुन सक्तैन । यसै कारण हरेक समाजको पहिला कानून मानिसहरूमा होस् या वस्तुहरूमा होस् कुनै प्रचलित समानता हुनुपर्दछ ।

प्राकृतिक समानतादेखि धेरै फरक मानिसहरूका बीचको समानताले ठोस कानूनको आवश्यकता ल्याउँछ, जस्तो कि सरकार र राजाहरूको बच्चाको राजनैतिक ज्ञान स्पष्ट र सीमित हुनुपर्दछ । उसलाई अगिबाटै केही ज्ञान भइसकेको सम्पत्तिको हक विषयबाहेक सरकारसम्बन्धी अरू कुनै कुरा उसलाई थाहा हुनु हुँदैन ।

वस्तुहरूका बीचको प्रचलित समानताले दामको आविष्कार गराएको छ । किनभने विभिन्न प्रकारका वस्तुहरूका मूल्यहरूको तुलनामा दाम एक मात्र

शर्त हो । यस अर्थमा दाम मात्र समाजको सच्चा सूत्र हो, तर जे पनि दाम हुन सक्तछ, उहिलेको समयमा यो गाई वस्तुहरू थिए, आजकल धेरै जातिहरूमा शंखको प्रयोग गर्ने चलन छ, स्पार्टा देशले फलाम प्रयोग गर्दथ्यो, स्वीडेनले छाला, हामीचाहिं सुन, चाँदी प्रयोग गर्दछौं ।

धातुहरू लिन ल्याउन सजिलो हुने हुनाले हरेक साटोपाटोको माध्यम छानिएको हो र हरबखत तौलने र नाप्ने तकलीफ बचाउनलाई यी धातुहरूको सिक्का बनाइएको हो, किनभने सिक्का माथिको टक या छाप दिइएको तौलको प्रमाण मात्र हो र सिक्कामा टक मार्ने हक शासकमा मात्र निहित हुन्छ, किन भने समूचा राष्ट्रलाई आफ्नो अधिकार मान्न लगाउने हक शासकको मात्र हुन्छ ।

सबभन्दा मूर्ख मानिसले पनि दामको प्रयोग थाहा पाउन सक्तछ, जब उसलाई यस तवरले बुझाइन्छ अनेक प्रकारका वस्तुहरूको बीचमा सोझै तुलना गर्नु कठिन हुन्छ, जस्तो कि, कपडा र अन्नको बीचमा, तर जब हामी दाममा एउटा साझा नापो पाउँदछौं कारखानावाल र किसानलाई यो साझा नापोको माध्यमद्वारा उनीहरूले साटोपाटो गर्न खोजेका मालहरूको मूल्यको विचार गर्न सजिलो हुन्छ । यदि यति कपडाको मूल्य यति दाम पर्छ भने र उत्ति अन्नको मूल्य उत्ति दाम पर्छ भन्ने भए तब कपडा व्यापारीले आफ्नो कपडाको सट्टा अन्न लिएर राम्रो व्यापार गर्दछ । यसरी दामको माध्यमद्वारा अनेक किसिमका वस्तुहरूका मूल्यहरूको तुलना गर्नु सम्भव हुन्छ ।

यत्तिमा सन्तुष्ट होऊ र यस संस्थाको नैतिक परिणामहरूलाई नछोऊ । हरेक कुरामा तिमीले दुष्प्रयोगभन्दा अघिबाट सुप्रयोगलाई स्पष्टसँग देखाउनुपर्छ । यदि तिमीले बच्चाहरूलाई संकेतले कसरी सांकेतिक वस्तुलाई तिरस्कृत गराउने तुल्याएको छ, दाम कसरी समाजका गलत विचारहरूको मूल हुन आएको छ, पैसाका धनी देशहरू कसरी अरू हरेक कुरामा गरीब हुनुपर्दछ इत्यादि कुरा सिकाउने प्रयत्न गर्‍यौ भने तिमीले ती बच्चाहरूलाई दार्शनिक झैं व्यवहार गरिरहनेछौ, दार्शनिकहरू झैं मात्र होइन कि ज्ञानीहरूझैं व्यवहार गरिरहनेछौ, किनभने तिमीले उनीहरूलाई त्यो कुरा सिकाउने बहाना गरिरहेछौ जुन कुरामा ज्यादै थोरै दार्शनिकहरूले मात्र हात हालेका छन् ।

बुझ्न सक्ने वास्तविक र भौतिक सम्बन्धहरूलाई नछोडीकन हाम्रो चेलाको उत्सुकता जगाउन सक्ने मजाका वस्तुहरू थुप्रै छन् र यसमा उसको समझदेखि बाहिरको एउटै मात्र विचारको प्रादुर्भाव गराउनुपर्ने पनि छैन ! शिष्यको कला यसैमा रहन्छ: साना साना कुराहरूको वृतान्तबाद

बच्चाको ध्यान फर्काइदिनु र उसका विचारहरूलाई महत्त्वपूर्ण सम्बन्धहरूतिर लगाइदिनु जो उसले एकदिन जान्नुपर्ने हुनेछ, ता कि उसले मनुष्य-समाजमा असल र खराबीको ठीकसित विचार गर्न सकोस्, शिक्षकले अघिबाटै उसको मनलाई दिइसकिएको मोडतिर सुहाउंदो कुराकानी लगेर बच्चाको मन बहलाइदिन समर्थ हुनुपर्दछ । जुन समस्यामा अरू बच्चाले कहिले पनि ध्यान दिंदैछन्, त्यस समस्याले एमिललाई छ महीना सन्तप्त तुल्याउने छ ।

हामी धनी मानिसहरूसँग खान जान लागिरहेछौं, जब हामी त्यहाँ पुग्छौं, भोजनका निम्ति हरेक कुरा तयार छ, धेरै पाहुनाहरू छन्, धेरै नोकरहरू छन्, मीठा मीठा स्वादिष्ट कुराहरूका रिकापीहरू छन्, भोज र भोजका निम्ति यी तयारीहरूमा कुनै मादक पदार्थ पनि छ, जसमा तिम्रो बानी परेको छैन । यी कुराहरूले मेरो सानो छात्रमा कत्तिको असर पार्नेछ, त्यो कुरा म थाहा पाउँछु । जब भोज चलिरहेको हुन्छ, जब एक थोकपछि अर्को थोक आइरहन्छ, जब हाम्रो चारैतिर ठूलठूलो स्वरसित कुराकानी चलिरहन्छ, म उसको कानमा साउती गरेर भन्दछु, टेबुलका यी चीजहरू यहाँ आइपुग्नुभन्दा अघि कति हातबाट चलेका होलान् भन्ने तिमी ठान्दछौ ? यी थोरै शब्दहरूले झुण्डका झुण्ड कति विचारहरूलाई स्मरणमा ल्याउँछन् ! एक क्षणमा उत्तेजनाका कुराहरू फटेर जान्छन् विचार गरिरहन्छ, सोचिरहन्छ, गणना गरिरहन्छ, चिन्तित हुन्छ । बच्चा दार्शनिकहरू भने रक्सीले या स्त्रीसमाजले उत्तेजित भएर बच्चाहरू झैं बक-बक गरिरहन्छन् । यदि ऊ प्रश्नहरू सोध्छ भने म उत्तर दिन इनकार गर्दछु, र उसलाई अर्को दिनसम्म पर्खाउँछु । ऊ अधीर हुन्छ, ऊ खान पिउन बिर्सन्छ, ऊ त्यस भोजबाट बाहिर निस्कन इच्छा गर्दछ र आफ्नो इच्छाअनुसार कुरा गर्न चाहन्छ । उत्सुकताको कस्तो वस्तु, शिक्षाको निम्ति कस्तो पुस्तक ! उसको स्वस्थ विचार बिगार्न अहिलेसम्म कुनै कुरा पनि सफल भएको छैन, जब उसले पृथ्वीको हरेक कुना लुटिएको थाहा पाउँछ, जब उसले वर्षौंसम्म कोही दुई लाख मानिसले मेहनत गरेको थाहा पाउंछ, जब उसले शायद धेरै मानिसहरूको बलिदान भएको थाहा पाउँछ, त्यो सबै उसलाई दिउँसो लगाउने र राती पोशाकखानामा राख्ने मिहीन पोशाक दिनको निम्ति हो भन्ने थाहा पाउँदछ, तब उसले ढाँचा रवाफको बारेमा के विचार गर्नेछ ।

उसले देखेका सबै कुराहरूबाट उसले आफ्नै निजी परिणामहरू निकाल्नेछ । यदि तिमीले होशियारीपूर्वक उसको रखवारी गरको छैनौ भने उसका विचारहरू अर्कै दिशातिर लाग्न सक्तछन् । जब उसले आफ्नो भोजका निमित्त

यत्तिको परिश्रम एकत्रित भएको देख्तछ, तब उसले आफूलाई दुनियाँमा एक महत्त्वको मानिस ठहऱ्याउन सक्तछ । यदि तिमीलाई उसका विचारहरू यस दिशातिर लागेको शंका लाग्यो भने तिमी सजिलैसित यो रोक्न सक्तछौ या कम-से-कम गलत विचार मेटिदिन सक्तछौ । अहिलेसम्म ऊ आफूले भोग गरेर ती वस्तुहरूलाई छुटयाएर लिन मात्र सक्तछ, तिनीहरूको बाहिरी परिणामहरूबाट मात्र ती कुरा ठीक हुन् या बेठीक हुन् त्यो विचार गर्न सक्तछ । कसरतपछिको, भोक, स्वतन्त्रता र खुशीले मीठो भएको साधा गाउँले खानेकुरासित यो भारी स्वादिष्ट तर उचाट लाग्ने खानेकुराको तुलना गर । उसलाई यति मात्र बुझने तुल्याए पुग्छ कि उसलाई त्यो रबाफिलो भोजबाट केही फाइदा भएको छैन, र उसको पेट धनाढ्यको टेबुल छोड्दा खेरि जत्ति सन्तुष्ट थियो उत्तिकै सन्तुष्ट किसानको टेबुल छोड्दा खेरि थियो, यी कुनैबाट पनि उसले आफ्नो भन्न सकिने कुरा केही प्राप्त गरेन ।

यस्तो मौकामा शिक्षकले के भन्न सक्तो हो, त्यो कल्पना गर । यी दुई भोजहरूको विचार गर र आफैं निर्णय गर कि कुनचाहिँले तिमीलाई ज्यादा आनन्द दियो, कुनचाहिँ खूब मजा लाग्ने थियो, कुनचाहिँमा तिमीले खूब पेटभर खायौ पियौ, कुनचाहिँ कम उच्चाट लाग्ने थियो, र कुनचाहिँमा परिकारहरू ज्यादै कम थिए ? तैपनि फरकको विचार गर तिमीलाई यस्तो आनन्द लाग्ने यो कालो रोटी किसानको आफ्नै खेतीपातीको उब्जाबाट बनेको हो, उसको रक्सी रंगमा मैला छ र मामूली किसिमको छ, तर फाइदा गर्ने र ताजा तुल्याउने छ, यो उसकै अगूरबारीमा बनेको हो, कपडा उसकै पाटको बनेको हो, यो हिउँदमा उसकै स्वास्नी, छोरीहरू र केटीले कातेको र बुनेको हो, खानेकुरा उनीहरूको हातले सिवाय अरूले छोएको छैन । उसको संसारमा सबभन्दा नजीकैको घट्ट र बजारको सीमाना लागेको छ । टाढा-टाढाको देशहरूका उब्जनी र तिम्रा निमित्त धेरै मानिसहरूको सेवाबाट तयार भएको त्यो अर्कोचाहिँ भोजले तिमीलाई कत्तिको मजा दियो ? तिम्रो खाना बेश नभएको भए यस दौलतले तिमीलाई के फाइदा भयो ? तिम्रा निमित्त यो कत्तिको बनेको थियो ? तिमी घरको मालिक भइदिएको भए तिम्रा निम्ति यो कम कामको हुने थियो, किनभने अरूहरूको आँखाको अगाडि आफ्नो मजा देखाउने चिन्ताले यसबाट हुने मजा आउँदैन, दुःख तिम्रो हुन्छ, मजा उनीहरूको हुन्छ ।

यो बडो राम्रो भाषण हुन सक्तछ, तर एमिलमाथि त यो त्यसै खेर जान्छ, किन कि उसले यो बुझन सक्तैन र अरूबाट आएको विचारहरूलाई ऊ

स्वीकार पनि गर्दैन । उसँग सरल तरीकाले कुरा गर । यी दुइटा अनुभवपछि कुनैदिन उसलाई भन, आज हामी खाना कहाँ खाने ? त्यस ठाउँमा खाने कि जहाँ टेबुलभर चाँदीका रिकापीहरू खचित थिए र जहाँ ठूलो ऐनाको अघिल्तिर नक्कली फूलका झयाङ र फलफूल मसलाहरू राखिएका थिए, र जहाँ फूर्तीवाल महिलाहरू तिमीलाई खेलौना जस्तो व्यवहार गर्दथे र तिमीलाई आफूले नबुझेको कुरा बोल्ने भन्ने बहाना गर्दथे, या दुई लीगपर त्यस गाउँमा ती असल मानिसहरूको साथमा खाने जो हामीलाई देख्ता बहुतै खुशी भएका थिए र हामीलाई त्यस्तो स्वादिलो नौनी दिएका थिए ? र एमिल हिचकिचाउनेछैन, ऊ घमन्डी छैन र ऊ गफी होइन, ऊ करकाप सहन सक्तैन, र ऊ मिष्टान्नको रिकापीहरूको केही वास्ता गर्दैन, तर गाउँठाउँमा दर्गुन ऊ सधैं तयार छ, र फलफूल, तरकारी, मीठो नौनी र दयालु मानिसहरूलाई ऊ खूब मन पराउंछ । हाम्रो बाटोमा उसलाई यो विचार आउनेछ, "जसजसले त्यो भारी भोज तयार गर्न परिश्रम गरे, ती सबले समय मात्र खेर फालिरहेका थिए या उनीहरूलाई जसरी मजा हुने हो त्यस कुराको विचार उनीहरूलाई थिएन ।"

मेरो उदाहरण एउटा बच्चाको निमित्त ठीक र अरू बाँकीहरूका निमित्त बेठीक हुन सक्तछ । यदि तिमी वस्तुहरूलाई उनीहरूको तरीकाबाट हेर्छौ भने तिम्रा उदाहरणहरूलाई चाहिएअनुसार कसरी बदल्ने त्यो कुरा तिमी थाहा पाउनेछौ । यो छनोट व्यक्तिव्यक्तिको मिजासको अध्ययनमा निर्भर रहन्छ, यो अध्ययन ती मौकाहरूमा निर्भर गर्दछ, जो यो मिजास देखाउन आइपर्दछन् । तिमी यो ठान्नेछौ हाम्रो पासमा रहेका यी तीन चार वर्षमा सबभन्दा जेहनदार बच्चाले पनि ऊ ठूलो भएपछि तिनीहरूको अध्ययन गर्न आफूलाई पर्याप्तमात्रामा समर्थ तुल्याउने गरी सर्व कला र विज्ञानहरूको विचार पाउन सक्तछ । तर उसलाई केको आवश्यकता छ, त्यो उसको अघिल्तिर ल्याइदिएर हामी उसलाई उसका आफ्नै अभिरुचिहरूको विकास गराउन, उसका आफ्नै गुणहरूको वृद्धि गराउन, उसको व्यक्तित्वलाई प्रेरणा दिने कुराहरूतर्फ पहिला कदम लिन समर्थ तुल्याउँछौं, र हामीलाई बाटो देखाउन हामीले प्रकृतिको कामलाई सहायता गर्न आरम्भ गर्नुपर्छ ।

यी सीमित तर उपयुक्त ज्ञानका टुक्राहरूको लहरबाट अर्को फाइदा छ । उसले तिनीहरूको सम्बन्ध र पारस्परिक निर्भरताबाट उसको आफ्नै विचारमा तिनीहरूलाई कुन क्रममा राख्ने, र धेरै मानिसहरूमा भएका गलत विचारहरूबाट आफूलाई कसरी जोगाउने त्यो उसले सिक्तछ, जुन कुराले

उनीहरूलाई आफूमा भएका गुणहरूतिर आकर्षित गर्दछन् र उनीहरूले वास्ता नगरेका कुराहरूबाट तिनीहरूलाई हटाउँछन् । जुन मानिसले सिंगै वस्तु स्पष्टसँग देख्तछ र जसलाई यसको पूर्ण ज्ञान हुन्छ, त्यो विद्वान् मानिस हुन सक्तछ, तर अघिल्लोचाहिँ बुद्धिमान् मानिस हो, र तिमी सम्झ, हामी जो प्राप्त गर्न अपेक्षा गर्दछौं त्यो ज्ञान होइन कि बुद्धि हो ।

त्यो जेसुकै होस्, मेरा तरीका मेरा उदाहरणहरूमा निर्भर रहँदैनन्; यो भिन्न-भिन्न उमेरहरूमा हुने मानिसका शक्तिहरूको परिमाणमा र ती शक्तिहरूलाई सुहाउने कामहरूको छनोटमा निर्भर रहन्छ । म विचार गर्दछु जसले झन असल परिणाम दिने देखिन्छ त्यो तरीका थाहा पाउन सजिलो छ, तर यो तरीका छात्रको किसिम, लिंग र उमेरलाई नसुहाउने भयो भने त्यसको परिणाम असल होला जस्तो मलाई लाग्दैन ।

यो दोस्रो चरणको शुरूमा हामीले यस कुराको फाइदा उठायौं कि हामीलाई आफूदेखि बाहिर पुग्न चाहिनेभन्दा बढ्ता बल हामीसँग थियो । हामीले आकाशमा घुमिसकेका छौं र पृथ्वीलाई नापिसकेका छौं, हामीले प्रकृतिका नियमहरूको खोजी गरिसकेका छौं । हामीले हाम्रो सारा टापुभर खोजिसकेका छौं । अब हामी आफैं कहाँ फर्कौं हामी थाहै नगईकन आफ्नै निवासस्थानमा आइपुगूँ । जुन शत्रुदेखि हामी डराउँदछौं, त्यही शत्रुले यो कब्जा गरेको रहेनछ भने हामी साँच्चीकै सुखी हुन्छौं । जब कि उसले यो कब्जा गर्न तयारी गरिरहेको छ ।

जब आपनो वरिपरिका जम्मै कुरालाई हामीले देखिसकेका छौं त अब गर्न के बाँकी रह्यो ? हामीले जति कुरा पाउन सक्तछौं त्यो जम्मैलाई आफ्नै प्रयोगमा ल्याउनुपर्दछ, हामीले आफ्नो उत्सुकताद्वारा हाम्रा सुविधा बढाउनुपर्दछ । कुन हामीलाई चाहिने त्यो थाहा नपाएर अहिलेसम्म हामीले सब किसिमका सामानहरू जुटाएकाछौं । जुन कुराहरू हामीलाई चाहिँदैनन्, ती कुराहरू शायद अरूहरूलाई उपयोगी होलान् र शायद उनीहरूका वस्तुहरू हामीलाई चाहिने हुन सक्लान् । यसरी हामी साटोपाटोको प्रयोग पत्ता लाउँदछौं; तर यस निमित्त हामीले परस्परका आवश्यकताहरू थाहा पाउनुपर्दछ, कुन सामानहरू अरू मानिसहरू प्रयोग गर्दछन्, र साटोपाटोमा उनीहरू के दिन सक्तछन् । दश जना मानिस छन्, उनीहरूमध्ये हरेकलाई दश औटा भिन्दा भिन्दै कुराहरू चाहिन्छन् । आपना निमित्त के चाहिन्छ, सो पाउनलाई हरेकले दश थरीको काम गर्नु पर्दछ, तर हाम्रा भिन्न भिन्न गुणहरू विचार गर्दा एउटाले यस काममा वेश

गर्न सक्तछ त अर्कोले अर्कै काममा। एउटा काममा योग्य भएको हरेकले सबै काम गर्‍यो भने उसको कुनै काम राम्रो हुंदैन या उसलाई कुनै कुराले काम दिदैंन। यी दश जना मानिसहरूको हामी एउटा समाज बनाऔं, र हरेकले जुन काममा आफू सबभन्दा सिपालु छ त्यस काममा आफूलाई ध्यानपूर्वक लगाओस् र यसमा उसले आफ्ना निमित्त र अरूका निमित्त पनि काम गरोस्। यसो गर्दा उसले अर्काको गुणबाट मानौं आफ्नै गुणबाट झैं गरी फाइदा उठाउनेछ. अभ्यासले हरेकले आफ्नो सीपलाई पूर्ण तुल्याउनेछ र यस प्रकार दशै जनाले आफ्नो आफ्नो आवश्यकता पूरा गरेर अरूका निमित्त पनि केही बचाइ दिनेछन्। हाम्रा सबै संस्थाहरूको सफासफी मूल जग यही हो। यसका परिणामहरूको यहां परीक्षा गर्ने मेरो लक्ष्य होइन। मैले यो अर्कै ग्रन्थमा गरेकोछु।

यो सिद्धान्तअनुसार, जसले आफूलाई अरूदेखि छुट्टै रहेको, कसैको मद्दत नचाहिने, र अरूबाट स्वतन्त्र ठहराउँदथ्यो त्यो व्यक्ति बिलकुल दुःखी हुन्थ्यो, ऊ बाँचेर रहन पनि सक्ने थिएन, किनभने ऊसँग आफूदेखि बाहेक अरू कोही नभएको र जम्मै पृथ्वी नै अरूहरूले अधिकारमा लिइसकेको हुनाले ऊ जीवन निर्वाहको उपाय कसरी भेट्टाउन सक्तथ्यो? जब हामी प्रकृतिको अवस्था छोड्दछौं तब अरूहरूलाई त्यसै गर्न वाध्य गराउँदछौं, आफ्ना समाजका मानिसहरू विना कोही पनि प्रकृतिको अवस्थामा रहन सक्तैन र यो सम्भव नभएको कुरामा रहन प्रयास गर्नु त वास्तवमा यसलाई छोड्नु हो, किनभने आत्मसंरक्षण गर्नु नै प्रकृतिको पहिला नियम हो।

यस प्रकार मनुष्य समाजको साँच्चैको क्रियाशील सदस्य हुन सबनुभन्दा अघि बच्चाको मनमा सामाजिक सम्बन्धहरूको विचार अलि अलि गरेर विकसित हुँदै आउँछ। एमिल देखतछ कि उसको आफ्नै प्रयोगका निमित्त सामानहरू प्राप्त गर्नलाई अरू मानिसहरूसँग उनीहरूका सामान हुनुपर्दछ र उसलाई चाहिएका र उनीहरूसँग भएका सामानहरू साटो-पाटो गरेर उसले लिन सक्तछ। म उसलाई सजिलैसित यस्तो साटोपाटोको आवश्यकता थाहा पाउने र यसबाट फाइदा लिने तुल्याउन सक्तछु।

“हजूर, मैले बाँचेर रहनैपर्छ” एउटा दुःखी निन्दात्मक लेखका लेखकले ती मन्त्रीलाई भने, जसले उनलाई त्यो बेइज्जतो कामको निमित्त हप्काए। ती बडाद्मीले गम्भीतापूर्वक भने, “म यसको आवश्यकता देखितनँ।” ती मन्त्रीका मुखबाट निक्लेको यो उत्तम जवाफ अरू कुनै मुखबाट निस्केको भए असभ्य र

असत्य हुने थियो । हरेक मानिसले जीवन निर्वाह गर्नैपर्छ, मानिसको मनुष्यता-अनुसार हरेकको मनमा असर पर्ने यस कुराले मेरो मनलाई ज्यादै प्रभावित पार्दछ । प्रकृतिले हाम्रो मनमा गडाएको घृणाहरूमध्ये मृत्युप्रतिको घृणा सबभन्दा प्रबल हुने हुनाले जुन मानिसको जीविकाको अरू उपाय छैन, उसलाई जे गर्न पनि दिनुहुन्छ । जुन सिद्धान्तहरूले सज्जन या असल मानिसलाई जीवनलाई तुच्छ कुरामा गणना गर्न र कर्तव्यको आह्वानमा यसलाई अर्पण गर्न सिकाउँछन्, ती सिद्धान्तहरू यो प्राचीन सरलतादेखि दूर हटाइन्छन् । ती राष्ट्रहरू सुखी हुन्, जहाँ विनाप्रयास र थाहा नपाइने गुणविना मानिस असल हुन सक्तछ । यदि यस संसारमा जहाँ नागरिकलाई खराबी गर्न करै लाग्दछ खराबी नगरीकन रहनै नसकिने यस्तो दुःखी अवस्था छ भने तिमीले त्यस अपराधीलाई होइन कि उसलाई अपराध गर्न बाध्य तुल्याउनेहरूलाई झुण्ड्याउनुपर्दछ ।

एमिललाई जीवन के हो त्यसको ज्ञान हुने बित्तिकै उसलाई आफ्नो जीवनको संरक्षण गर्न सिकाउन मेरो प्रथम कर्तव्य हुनेछ, अहिलेसम्म मैले अवस्था, दर्जा, हैसियत या सम्पत्तिको भेद गरेको छैन, न त भविष्यमा यसको भेद गर्नेछु, धनी मानिसको पेट गरीब मानिसको भन्दा ठूलो हुँदैन, न त उसको पाचनशक्ति नै बढिया हुन्छ । मालिकको पाखुरा दासको भन्दा बढ्ता लामो र बलियो हुँदैन, ठूलो मानिस अरू मानिसभन्दा बढ्ता अग्लो हुँदैन, र वास्तवमा प्राकृतिक आवश्यकताहरू सबैका लागि उस्तै हुन्, र ती पूर्ति गर्ने उपायहरू सबैको पहुँचभित्र हुनुपर्दछ, कुनै मानिसको पनि शिक्षा उसलाई ठीकसँग सुहाउने हुनुपर्दछ र उसमा नभएको कुराको हुनु हुँदैन । एउटै अवस्थाको निमित्तमात्र उसलाई तयार गराउन प्रयास गर्दा तिमीले उसलाई अरू कुराको निम्ति नालायक तुल्याइरहेका हुन्छौ, र भाग्यको त्यस्तै बिचार पर्न गयो भने उसमाथिको तिम्रो कामले उसलाई हानि गराउन सक्तछ । गरीबि अवस्थामा परेर फुत्रो लुगा लाएको कुनै भारदारले आफ्नो खानदानीको गलत धारणाहरू लिन थाल्यो भने त्यहाँभन्दा अनुचित कुरा अरू के होला ? धनी मानिस गरीबीको हालतमा पर्नुभन्दा घृणित कुरा के हुन्छ, जसलाई आफूले गरीबप्रति गरेको तुच्छताको सम्झना आउँदछ र जसलाई आफ्नो ज्यादै अधोगति भएको थाहा हुन्छ ! धनी भएको मालिकचाहिंले चोरको व्यवसाय लिन सक्तछ, नीच दासचाहिंले, "मैले जीवन निर्वाह गर्नैपर्दछ" भनेर जुत्ता पुछ्ने नोकरको व्यवसाय लिन सक्तछ । यो वर्तमान सामाजिक रीति नै गूढ परिवर्तनहरूको अधीन छ भन्ने विचार नगरीकन र तिमी न पहिले नै देख्न सक्तछौ न आफ्ना छोराछोरीहरूमा

प्रभाव पर्ने क्रान्तिको विरुद्ध केही बन्दोबस्त मिलाउन सक्तछौ, त्यसको विचार नगरीकन यही आधुनिक सामाजिक क्रमलाई नै गणना गरिरहन्छौ। ठूला साना हुन्छन्, धनी गरीब हुन्छन्, राजा दुनियाँदार हुन्छन् । के भाग्यले यस्तो कम प्रहार गर्दछ र यसको चोटबाट निर्विघ्न ठान्दछौ ? संकटको समय निकट आइरहेछ र हामी क्रान्तिको किनारमा छौं । तिम्रो भाग्यको जवाफदेही को हुन सक्तछ ! जो मानिसले बनाएको हो त्यो मानिसले बिगार्न सक्तछ । प्रकृतिका अक्षरहरूमात्र नमेटिने छन् र प्रकृतिले न त राजा, न धनी मानिस, न भारदार नै बनाउँदछ । यो भारदारको केटो जसलाई ठूलो व्यक्ति बनाउन तिमी शिक्षा दिइरहेछौ, ऊ अधोगतिमा पर्दा उसको के होला ? करहरूको खेतीमा रहेको यो किसान जो सुनमामात्र जीवन निर्वाह गर्न सक्तछ, गरीबी अवस्थामा पर्दा उसले के गर्नेहोला ? यो घमंडी मूर्ख जो आफ्नो हात चलाउन सक्तैन, जो वास्तवमा आफ्नो नभएको कुराको गर्व गर्दछ, सबै कुराले रहित हुँदा उसले के गर्नेहोला ? त्यस दिनमा सुखी त्यो मानिस हुनेछ, जसले आफ्नो मान या दर्जा त्याग्न सक्तछ जुन कुरो उसको आफ्नो होइन, र भाग्यको विरोधमा पनि अझ मानिस नै भएर रहन सक्तछ, त्यो पराजित राजालाई मानिसहरू जति प्रशंसा गर्न मन लाग्दछ गरून्, जो आफ्नो गद्दीको टुक्राहरूको मुनितिर बौलाहा मानिस झैं गाडिनेछ; म त उसलाई घृणाको दृष्टिले हेर्दछु, मेरो लागि त ऊ शिरपेचमात्र हो, र जब त्यो जान्छ ऊ कोही पनि होइन । जो आफ्नो शिरपेच गुमाउँदछ र यसले रहित भएर रहन्छ त्यो राजाभन्दा ठूलो हो, राजाको दर्जाबाट, जुन दर्जा एउटा कातरले ऊ एउटा बदमासले, एउटा बहुला मानिसले लिन सक्तछ, ऊ मानिसको दर्जामा पुग्दछ जुन स्थान थोरै मानिसले मात्र भर्न सक्तछन् । यस प्रकार उसले भाग्यमाथि विजय प्राप्त गर्दछ, उसले त्यसको मुखमा हेर्न सक्तछ; ऊ आफैंमा मात्र निर्भर रहन्छ, र जब ऊसँग आफूबाहेक अरू कुनै देखाउने कुरा हुँदैन, ऊ अस्तित्वविनाको होइन, ऊ कुनै व्यक्ति हो । राजाको कामसिवाय अरू केही गर्न नसके दुःखी तार्क्विनभन्दा या आफ्नू गरीबीमा हँसी गर्ने मानिसहरूको खेलौना भएर मद्दतको खोजीमा दरबार दरबार भौतारिने तर बेइज्जतीसिबाय अरू केही नपाउने, अब आफूले गर्न नपाउने कामसिवाय अरू केही गर्न नजान्ने तीन अधिराज्यको राजा या युवराजभन्दा कोरिन्थको राजाले साइराक्यूजको स्कूलको शिक्षक हुनु हजार खण्ड बेश हुन्छ ।

ऊ मानिस र नागरिक जोसुकै होस्, उसले लाभका निमित्त समाजमा लगाउने सम्पत्ति आफूसिबाय अरू केही छैन, ऊ छँदा छँदै पनि उसका अरू सबै

सम्पत्ति समाजका हुन्छन्; र जब कुनै मानिस धनी हुन्छ कि त उसले आफ्नो धनको भाग गर्दैन कि त जनताले यसको भोग गर्दछन्, पहिलो उदाहरणमा अरूलाई र आफूलाई पनि उसले डाँका मार्दछ; दोस्रो उदाहरणमा उसले उनीहरूलाई केही पनि दिदैंन। यस प्रकार उसले आफ्नो सम्पत्तिले मात्र तिर्दा समाजप्रतिको उसको ऋण सधैं नतिरिएकै हुन्छ। 'तर मेरा बाबुले आफूले धन कमाउँदै समाजको सेवा गरिरहनुभएको थियो' ठीक हो; उनले आफ्नै ऋण पो तिरे, तिम्रो त तिरेनन्। तिमी अकिञ्चन या केही सम्पत्ति नभएको भएर जन्मेको भए तिमी उत्तिको ऋणी हुने थिएनौं, तर तिमीले अहिले अरूहरूको बढ्ता ऋणी छौं, किनभने सुसम्पन्न अवस्थामा तिम्रो जन्म भएको थिय्रो। एक जना मानिसले समाजकालागि जे गरेको छ, त्यसबाट अर्काको ऋण तिर्नुपर्छ भन्ने कुरा उचित होइन, किनभने हरेक मानिस आफू जो छ, त्यसैका निमित्त ऋणी हुन्छ र उसले आफ्नै ऋणमात्र तिर्न सक्तछ र कुनै बाबुले पनि मनुष्य जातिका निमित्त कुनै कामको नहुने हक आफ्नो छोरालाई सार्न सक्तैन। तिमी भनौला 'मेरा बाबु अब आफ्नो परिश्रमको फल आफ्नो धन मलाई छाड्नु हुन्छ तब उहाँ यही त गर्नुहुन्छ' जुन मानिस जो आफूले कमाएको होइन त्यो बसी बसी खान्छ, त्यो मानिस चोर हो, र मेरो दृष्टिमा जुन मानिस केही काम नगरीकन सरकारले दिएको आमदानी खाएर रहन्छ, त्यो आफ्नो बाटोमा आउनेहरूको धन लुटेरै जीवन निर्वाह गर्ने डाँकूभन्दा केही फरक होइन। समाजको परिधिदेखि बाहिर अकेलो र कसैप्रति ऋणी नभएको मानिस आफूलाई जस्तो मन लाग्छ उसै गरी रहन सक्तछ, तर समाजमा भने ऊ या त अरूहरूलाई घाटा पारेर रहन्छ, या त आफ्नो प्रतिपालनका निमित्त मजदूरी गरेर उनीहरूको ऋणी भएर रहन्छ, यस नियमको अपवाद छैन। धनी होस् या गरीब, निर्धो होस् वा बलियो समाजको मानिसलाई काम गर्न करै लाग्दछ बसी बसी खाने हरेक अलसी मानिस चोर हो।

अब जुन काम गरेर मानिसले आफ्नो रोटी कमाउन सक्तछ, ती सबै कामहरूमध्ये प्राकृत अवस्थाको सबभन्दा नजीकको काम हस्तक्रिया हो, सबै कामहरूमध्ये शिल्पकारको काममा भाग्यको भरमा रहनुपर्दैन। शिल्पकार आफ्नै परिश्रममा मात्र निर्भर रहन्छ, ऊ स्वतन्त्र मानिस हो, तर किसान भने एउटा दास हो, किनभने आफ्नो खेतमा निर्भर रहन्छ, जहाँ बालीहरू अरूहरूले बिगारदिन सक्तछन्। कोही शत्रु, कुनै राजा, कुनै बलवान् छिमेकी या कुनै कानूनी मुद्दाले उसको खेतको अपहरण गरिदिन सक्तछ, उसको खेतको कारणबाट उसलाई अनेक किसिमको टन्टा लगाएर दुःख दिन सकिन्छ। तर यदि शिल्प-

कारमाथि दुर्व्यवहार गरियो भने ऊ तुरुन्त आफ्ना सामानहरू पोको पारेर अन्तै हिंडिदिन्छ । तथापि कृषि सबभन्दा प्राचीन र सबभन्दा इमानदारीको व्यवसाय हो, र यो अरू बाँकी सबैभन्दा उपयोगी व्यवसाय हो, त्यसै कारण जो यो काम गर्दछन् तिमीहरूका निमित्त यो बढी सम्मानित व्यवसाय हो । म एमिललाई, 'कृषि सिक' भन्दिनँ, ऊ यो कामसँग अघिदेखि परिचित छ । ऊ हरेक किसिमको ग्रामीणसित परिचित छ, उसको पहिलो काम यही थियो र ऊ बारंबार यो काम गरिरहन्छ । यस निमित्त म उसलाई भन्छु, 'तिम्रा बाबुका जमीनहरू जोत, तर यदि तिमीले यो पुर्खौंली सम्पत्ति गुमायौ भने, या यदि तिम्रो गुमाउने कुरा केही छैन भने तिमी के गरौला ? कुनै व्यवसाय सिक'।

'मेरो छोराको निम्ति व्यवसाय ? मेरो छोरो शिल्पकार ! तपाईं के विचार गरिरहनुभएको छ, साहेब ? मेमसाहेब मेरा विचारहरू तपाईंका विचारहरूभन्दा पक्का छन्, तपाईं आफ्नो छोरालाई कुनै भारदार, अमीर या राजकुमार सिवाय अरू कुनै कुरामा पनि अयोग्य तुल्याउन चाहनुहुन्छ, र कुनै दिन ऊ बेकम्माभन्दा बेकम्मा हुन सक्तछ । म उसलाई यस्तो दर्जा दिन चाहन्छु, जुन उसले कहिल्यै गुमाउन सक्तैन र जसले उसलाई सधैं सम्मान दिनेछ, म उसलाई मानिसको पदवीमा उचाल्न चाहन्छु, र तपाईंले जेसुकै भने तापनि तपाईंको दर्जामाभन्दा उसको दर्जामा उसका जोडा कम मानिसहरू हुनेछन् ।

अक्षरले मार्दछ, उत्साहले जीवन दिन्छ । उसले घृणा गरिएका गलत भावनाहरू हटाउनुभन्दा एउटा व्यवसाय सिक्नु बढी महत्त्वको कुरा होइन । अँ तिमी आफ्नो रोटी कमाउनुपर्ने अवस्थामा कहिल्यै पर्नेछैनौ, यो तिम्रो निम्ति झन् खराब कुरा छ । केही परवाह छैन, इज्जतका निम्ति काम गर, आवश्यकताको निम्ति होइन, आफ्नो अवस्थादेखिमाथि उठ्नलाई शिल्पकारको अवस्थामा ओर्लौ भाग्य र अरू हरेक कुरा जित्नलाई स्वाधीनतादेखि शुरू गर । जनताको विचारद्वारा अधिकार जमाउनलाई यसैमाथि अधिकार जमाएर शुरू गर । सम्झ कि म योग्यता या गुण खोज्दिनँ, तर केवल एउटा व्यवसाय, एउटा सक्कली व्यवसाय, केवल एउटा शिल्पकला, जसमा दिमागले भन्दा हातहरूले कडा काम गर्दछन्, तिमीलाई भाग्य जमाउनेतिर लैजाने व्यवसाय होइन कि भाग्यबाट स्वतन्त्ररहने व्यवसाय चाहन्छु । अभावको सब आपदबाट धेरै टाढा रहेका परिवारहरूमा मैले यस्ता बाबुहरू देखेको छु जसले आफ्ना बच्चाहरूलाई बुद्धिमत्तापूर्वक शिक्षितमात्र तुल्याएको होइन कि केही गरी त्यस्तै पर्न आयो भने

आफ्नो जीविका चलाउन सक्ने किसिमको ज्ञान पनि दिलाएका थिए। यी दूरदर्शी बाबु-आमाहरूले हामी ठूलो काम गरिरहेका छौं भन्ने ठानेका थिए। या केही होइन, किनभने उनीहरूले प्राप्त गराएका गुणहरू त्यही भाग्यमा निर्भर रहन्छन् जसबाट उनीहरू आफ्ना बच्चाहरूलाई स्वाधीन तुल्याउन चाहथें, तर यदि उनीहरूले आफ्ना शीपहरू देखाउन सुहाउने अवस्थामा आफूलाई पाएनन् भने मानौं केही सीप नै नभए झैं गरी उनीहरू भोकै मर्नेछन् ।

जब यो प्रभाव र जालपेचको सवाल हुन आउँदछ, तब जटिल दरिद्रतामा केही प्राप्त गर्नको लागि झैं, आफूलाई मनग्गे पुऱ्याउन र आफ्नो अगाडिको हैसियतमा पुग्न तिमी यो उपायहरू लगाउन पनि सक्तछौ । यदि तिमी कलाकारहरूको ख्यातिमा निर्भर गर्ने कलाहरूको काम लिन्छौं भने, यदि तिमी अनुग्रहबाट मात्र पाइने कामहरूका निमित्त आफूलाई योग्य तुल्याउँदछौ भने संसारदेखि वाक्क भएर जुन खुडकिलाहरूमा टेकेर आफू माथि चढियो तिनै खुडकिलाहरूमाथि घृणा पैदा हुन लागेको बेलामा त्यसले तिमीलाई कसरी मद्दत गर्ला ? तिमीले राजनीति र राजकाजको कामको अध्ययन गरेका छौं, यतिसम्म बेश भो, तर यदि तिमी मन्त्रीहरूको हजूरीयाहरूको, कर्मचारीको कान आफूतिर फर्काउन सक्तैनौ भने यस ज्ञानको प्रयोग तिमी कसरी गर्दछौ ? यदि तिमीले उनीहरूको कृपा प्राप्त गर्ने रहस्य भेट्टाएका छैनौ भने, यदि उनीहरूले तिमीलाई आफ्नै अभिरुचि या मतअनुसारको बदमास हो भन्ने बुझेनन् भने त्यो के काम लाग्छ ? तिमी एउटा शिल्पकार छौ, या कुनै चित्रकारी छौ, बेश हो, तर तिम्रा गुणहरू देखाइनुपर्दछ । के तिमी यो खुरुक्क लगेर बैठकमा प्रदर्शनी गर्ने मन्ठान्दछौ ? यसमा लाग्ने यो फाइदाबाट होइन । रूल र शिशा कलमलाई एकातिर पन्छाऊ, एउटा एक्का लिएर ढोकाढोकामा लैजाऊ; ख्यातिको बाटो त्यही हो । अहिले यो तिमीले थाहा पाउनुपर्दछ कि भलाद्मीहरूका ढोकामा ढोके र चप्रासीहरू पालो बसेका हुन्छन्, जसले एउटै भाषामात्र बुझ्दछन्, र उनीहरूका कानहरू उनीहरूका हतकेलामा हुन्छन् । यदि तिमीले सिकेका भूगोल, गणित, भाषाहरू संगीत, चित्रकला सिकाउन र चेलाहरू पनि भेट्टाउन चाहन्छौ भने तिम्रा मित्रहरू हुनुपर्दछ जसले तिम्रा प्रशंसाहरूका गीत गाउँदछन् । सम्झि राख, सीपभन्दा विद्याले बढ्ता श्रेय पाउँदछ र तिम्रो आफ्नै व्यवसाय बाहेक अरू व्यवसायद्वारा तिम्रो सीपमा कसैले पनि विश्वास गर्नेछैन । हेर, यी सहाराहरूमा तिमी थोरै मात्र निर्भर रहन सक्तछौ र तिमीले आफूसँग भएको गुण प्रयोग गर्न सक्नुभन्दा अगाडि कत्तिका सहाराहरू तिमीलाई चाहिन्छन र

तिम्रो अधोगतिमा तिम्रो के हालत होला? दुर्भाग्यले तिमीलाई असल तुल्याउनुभन्दा खराब तुल्याउँदछ । सधैं नै जनताले विचारको खेलौना बनेर तिमी ती गलत धारणाहरूदेखि माथि कसरी उठ्न सक्तछौ, जसमा तिम्रो भाग्य निर्भर रहन्छ ? जसबाट तिमी आपनो जीविका चलाउँदछौ ती डाँकाहरू र नीचताका कुराहरूलाई तिमी कत्तिको घृणा गरौला ? तिमी धनमा निर्भर रहन्थ्यौ, अब तिमी धनीमा निर्भर गर्दछौ । तिमी सधैंका दास छौ, र अझ त्यसमाथि गरीबी समेत । स्वतन्त्रताविनाको गरीबी पन ! के मानिस यसभन्दा पनि मुन्तिर गाडिन सक्छ ?

तर शारीरिक पुष्टिका निमित्त नभई मानसिक पुष्टिका निमित्त अवलम्बन गरिएको यो गूड विद्याको सट्टामा तिमीले आपना हातहरू आपनो हस्त क्रियामा निर्भर गर्‍यौ भने छकिने कुरा हुँदैन, तिम्रो व्यवसाय बाहिरको बेलालाई तयार रहन्छ । इज्जत र इमान्दारीले तिम्रो जीविकाको बाटो खुला राख्तछन् । तिमीले अब बडाद्मीहरूसित हात मल्नुपर्ने र झूटो बोल्नुपर्ने हुँदैन, गुन्डाहरूको अगाडि घिस्रनु-पस्रनु पर्दैन, यी दुवै थरीको नीच खुशामदी बन्नुपर्दैन, ऋणग्राही या चोर बन्नुपर्दैन. किनभने नंगा मानिसलाई कसैको खुशामद गर्नुपर्दैन । अरू मानिसहरूको रायसँग तिम्रो केही वास्ता छैन, तिमीले कसैलाई मान मर्यादा गर्नुपर्दैन, कुनै मूर्खलाई फुस्ल्याउनुपर्दैन, कुनै पाले पहरादारहरूलाई घूस खुवाउनुपर्दैन, कुनै स्वास्नीमानिसलाई फकाउनुपर्दैन । राज्यका कामहरू गुन्डाहरू नै चलाऊन् तिमी सबभन्दा तल्लो दर्जामा रहेर सधैं ईमान्दार रहन सक्तछौ र जीविका चलाउन समर्थ हुन्छौ । तिमी आपनो व्यवसायको पहिलो शिल्पशालामा हिंडेर जान्छौ । 'मालिक, म काम चाहन्छु' 'साथी, आपनो ठाउँ लेऊ र काम गर' खाना खाने समयभन्दा अघि नै तिमीले आपनो खाना कमाइसकेका हुन्छौ । यदि तिमी संयमी र मेहनती छौ भने हप्ता खतम हुनुभन्दा अगाडि नै तिमीले अर्को हप्ताको निम्ति जगेरा राखिसकेको हुन्छौ । तिमी स्वतन्त्रता, स्वास्थ्य, सत्यता, परिश्रम र धर्ममा रहेका हुन्छौ । समय खेर फालिएको हुँदैन, जब यसले यी परिणामहरू ल्याउँदछ ।

एमिलले एउटा कुनै व्यवसाय सिक्नेछ । तिमी भन्छौ, कम-से-मक एउटा इमानदारीको व्यवसाय' इमानदारीको भन्नाको तिम्रो मतलब के हो ? के हरेक उपयोगी व्यवसाय इमानदारीको हुँदैन ? म उसलाई लाँकेको सानु भलाद्मीलाई जस्तै कार्चोपी भर्ने, सुनको झलप लाउने र पालिस लाउने मानिस बनाउन चाहन्न, न त म उसलाई उस्ताद, नट्वा या लेखक बनाउन चाहन्छु । यो र यी

जस्तै अरू व्यवसायहरूबाहेक उसले आफ्नु व्यवसाय आफैं छानोस्, उसको पसन्दमा म हात हाल्न चाहन्न ऊ कवि हुनुभन्दा बरु जुत्ता सिउने सार्की होस् । ऊ चिनियाँ माटाको गमलामा फूलहरूको बुट्टामा रोगन लगाउने चित्रकारी हुनुभन्दा बरु सडकमा ढुंगा छाप्ने कुल्ली होस् । तर तिमी भनौला, प्रहरीहरू, जासूसहरू, र फाँसीमा लट्काउने चाण्डालहरू काम लाग्ने मानिस हुन् । यदि सरकारलाई नचाहिएमा तिनीहरूको केही काम छैन । तर त्यो भइगो । मैले भूल गरें । इमानदारीको व्यवसाय छानेर मात्र हुँदैन, यो यस्तो व्यवसाय हुनुपर्दछ जसबाट मनमा घृणित विचारहरूको विकास हुनुहुँदैन, मनुष्यत्वसँग विरोध खाने विचारहरूको वृद्धि हुनुहुँदैन हामी पहिलेकै कथातिर फर्कौं, 'हामी कुनै ईमानदारीको व्यवसाय छानौं' तर हामी यो सम्झौं कि उपयोगिताविनाको ईमानदारी हुँदैन । जसका ग्रन्थहरू बडे बडे योजना र साँघुरा विचारहरूले परिपूर्ण छन् ती यस शताब्दीका एक जना प्रसिद्ध लेखकले आफ्ना सँगतका अरू पण्डितहरूले झैं ब्रह्मचारी रहने प्रतिज्ञा गरेका थिए । तर छिमेकीको स्वास्नीको विषयमा अरूहरूभन्दा बढ्ता शंकालु आफूलाई पाएर उनले राम्रा राम्रा नोकर्नीहरूलाई आफ्नो नोकरीमा राख्ने निर्णय गरे र यसरी आफ्नो निर्विचार प्रतिज्ञाबाट जातिमाथि हुन आएको अन्यायलाई सुधार्न भरमगदूर गरे । उनले विचार गरे कि राष्ट्रका निमित्त बच्चाहरू पैदागर्नु नागरिकको कर्तव्य हो, र उनले आफ्ना बच्चाहरूलाई शिल्पकार बनाए । जब उनीहरूको राम्रोसित उमेर पुग्यो, अनि उनीहरूले जुन जुन व्यवसाय छाने त्यही त्यही व्यवसायमा उनीहरूलाई शिक्षा दिइयो, केवल अल्सी र बेकम्मा व्यवसायहरूमात्र बाहेक गरिए, जस्तो कि कपाल बनाउनेको व्यवसाय जो कहिल्यै पनि आवश्यक छैन र यदि प्रकृति हामीलाई कपाल दिनबाट थाकेन भने त्यो एकदिन चाहिंदै नचाहिने हुन आउन सक्तछ ।

यही भावनाले हामीलाई एमिलका निमित्त व्यवसाय छान्ने बाटो देखाउनेछ । तर होइन, हामीले छान्ने होइन कि एमिले नै छान्ने, किनभने जुन सिद्धान्तहरू उसको मतमा गडिसकेका छन् तिनीहरूले उसलाई बेकम्मा कुराहरूलाई घृणा गर्ने तुल्याएका छन् र ऊ कहिले पनि व्यर्थका परिश्रमहरूमा आफ्नो समय खेर फालेर सन्तुष्ट हुनेछैन, उसको व्यवसाय रबिन्सनलाई उसको टापुमा काम दिने हुनुपर्दछ ।

जब हामी बच्चाको साथमा कला र प्रकृतिका उत्पादनहरूको विचार गर्दछौं, जब हामी उसको उत्सुकतालाई जगाइदिन्छौं र यसको नेतृत्वको

अनुसरण गर्दछौं तब यदि उसको कुनै दिशामा निश्चित बुद्धि रहेछ भने उसको जेहनको पहिलो झिल्का देख्ने र उसका अभिरुचिहरू र मानसिक प्रवृत्तिहरूको अध्ययन गर्ने हामीलाई ठूलठूला मौकाहरू पर्नेछन् । तर तिमीले यो सर्वसाधारण त्यो गलती जसले जेहनको ज्वालाको सट्टा वातावरणका प्रभावहरू हुन् भनेर भूल गर्दछ र कुनै कलातिरको निश्चित प्रकृति हो भन्ने कल्पना गर्दछ । त्यसमा तिमीले चौकन्ना रहनुपर्दछ, जब कि मानिस र वानरहरूमा साधारणतः पाइने नक्कलको जोशसिवाय अरू केही हुँदैन जुन जोशले उनीहरूलाई त्यो किन गर्ने त्यो कुरा थाहा नपाईकन अरूहरूले जे गरेको देख्छन् त्यो गर्न भित्री चेतनाले प्रेरित गराउँदछ । संसार शिल्पकारहरूले पूर्ण छ, असल कलाकारहरूले झन् पूर्ण छ, जसको उनीहरूको कामका निमित्तको प्राकृतिक गुण हुँदैन र जसलाई पहिले बचपनदेखि नै करँ लागेको हुन्छ, यो अरू मानिसहरूको सामाजिक प्रथाका विचारहरूबाट हुन्छ या उनीहरूका आसपासका मानिसहरूलाई यो उत्साहबाट भएको भन्ने भान परेर हुन्छ, नत्र भने उनीहरू अभ्यास गरेको देखिएको अरू नै कुनै कलामा लाग्दथे । एउटाले ढोलक बजेको सुन्छ र ऊ सेनापति होला भन्ने कल्पना गर्दछ, अर्कोले कुनै महल देख्तछ र कालिगढ हुन चाहन्छ । हरेक मानिसले यो इज्जतको काम हो भन्ने ठहरायो भने आफूले आफ्नो अगाडि देखेको व्यवसायतिर ऊ आकर्षित हुन्छ ।

मैले एक चोटि एउटा दरवानलाई चिनेको थिएँ, जसले आफ्नो मालिकले एउटा रेखाचित्र खिचिरहेको र त्यसमा रङ लगाइरहेको देख्यो र आकृतिकार र कलाकार बन्ने विचार उसको माथामा चढ्यो । उसले एउटा सिसाकलम समात्यो, जुन उसले रङ लाउने बुरुस लिंदाखेरिमात्र छाड़्दथ्यो र जसमा ऊ आफ्नो बाँकी जीवन पर्यन्त लागिरह्यो, कालको शिक्षाविना र नियमविना ऊ आफूले देखेको हरेककुराको रेखाचित्र खिच्न थाल्यो । यो मोटर र लतपते चित्रहरूमा पूरा तीन वर्ष लगाइयो र उसका कर्तव्यहरूबाहेक अरू कुनै कुराले पनि उसलाई विचलित तुल्याउन सकेन, न त ऊ आफ्ना मामूली गुणहरूको परिणामबाट भएको थोरै विकासबाट हताश भयो । मैले उसलाई त्यो उखरमाउलो ग्रीष्म ऋतुभर दक्षिणतिरको एउटा सानु कोठामा बसेर काटेको देखेको छु, जुन कोठातिरबाट जाँदा मात्र पनि मानिस निसाँसिन्थ्यो । त्यहाँ दिनभर एउटा भूगोलको अगाडि एउटा मेचमा किला ठोकिए झैं गरी बसेर आफूलाई सन्तुष्टि नआउन्जेलसम्म अदम्य जिद्दी लिएर बराबर बराबर यसको गोलाकार चित्र खिचिरहन्थ्यो । आखिरमा उसको मालिकको मद्दतले

र कुनै एउटा कलाकारको शिक्षा अर्तीले उसले यतिसम्म विकास गऱ्यो कि उसले आपनो टोके काम छोडिदियो र आफ्नै रङ लाउने बुरुसले जीविका चलाउन थाल्यो । कुनै मात्रासम्म गुणको काम धैर्यले दिन्छ, ऊ यतिसम्म पुग्यो, तर त्यहाँ भन्दा बढ़ता होइन । यो इमान्दार लडकाका धैर्य र महान् आकांक्षा प्रसंसनीय छन् । ऊ उसको परिश्रम र दृढताको निमित्त सधैं सन्मानित हुनेछ, तर उसका रंगीन चित्रहरू सधैं तेस्रो दर्जाका हुनेछन् । उसको उत्साहलाई साँच्चिकै गुण भन्ने कसले ठानेन होला? संसारमा अभिरुचि र प्रवृत्तिको बीचमा जो भेद छ त्यो छँदैछ । बच्चाको वास्तविक जेहन या वास्तविक अभिरुचि निश्चित रूपले ठहराउनलाई आशंका गरिएकोभन्दा बढ़ता ठीक विचारहरू चाहिन्छन्, किनभने बच्चाले उसको शक्ति होइन कि उसका इच्छाहरू देखाउँदछ, र हामी शक्तिको विचार गर्नेसट्टा इच्छाहरूको विचार गरेर निर्णय गर्दछौं । म यो इच्छा गर्दछु कि कुनै विश्वसनीय व्यक्तिले शिशुअध्ययन-कलामा हामीलाई एउटा लेख दिएदेखि हुने थियो । यो कला अध्ययन योग्य छ, तर न त बाबु-आमाहरूले न त शिक्षकहरूले यसका तत्त्वहरूको पूरा ज्ञान प्राप्त गरेका हुन्छन् ।

व्यवसाय छान्ने कुरामा शायद हामी ज्यादै जोड दिइरहेछौं, यो हातको काम हुनाले एमिलको अभिरुचि ठूलो कुरा छैन र उसले अहिलेसम्म गरेका अभ्यासहरूद्वारा उसको सिकारु अवस्था आधाभन्दा बढ़ता अघिबाटै पूरा भइसकेको छ । उसले के गर्नुपर्छ भन्ने तिमी चाहन्छौ ? ऊ जे का निमित्त पनि तयार छ । ऊ कोदाली र खुर्पी चलाउन सक्तछ, ऊ चक्र यन्त्र, घन, रन्दा र रेतको प्रयोग गर्न सक्तछ, ऊ अघिबाटै यी साजमानहरूसित परिचित छ, जो धेरै व्यवसायहरूका निमित्त साधारणतः चाहिन्छन् । उसले केवल निपुण कामदारहरूको जस्तो छिटो, राम्रो र मेहनतसाथ काम गर्नलाई एउटै व्यवसायको काममा प्रशस्त सीप हासिल गर्नुपर्दछ र उसको शरीर र हातखुट्टा जतातिर पनि चल्ने हुनाले उनीहरूलाईभन्दा उसलाई बढी सुविधा हुन्छ, ऊ सजिलैसित विनाप्रयास जुन चालसित पनि चल्न सक्तछ । त्यसमाथि पनि उसका चेतनाहरू तीव्र र राम्रो अभ्यास भएका छन्, उसलाई अनेक व्यवसायका सिद्धान्तहरूको ज्ञान छ, उसको व्यवसायमा गुरुले झैं काम गर्नलाई उसलाई केवल अनुभव चाहिन्छ र अनुभव अभ्यासबाट आउँदछ । जुन हाम्रा निमित्त खुला छन् ती व्यवसायहरूमध्ये कुनचाहिँमा आफूलाई यसको गुरु बनाउन उसले आफ्नो प्रशस्त समय लगाउने ? सम्पूर्ण प्रश्न त्यही हो ।

कुनै मानिसलाई उसको लिंगलाई सुहाउने एउटा व्यवसाय देऊ, कुनै

जवान मानिसलाई उसको उमेरलाई सुहाउने एउटा व्यवसाय देऊ। घरभित्र बसी बसी खेल्ने खेलहरूले शरीरलाई कोमल र जनानाको जस्तो सुकुमार तुल्याउँदछन् र ती न त मजा लाग्ने हुन्छन् न त सुहाउने हुन्छन्। कुनै लडकाले पनि कहिल्यै पनि सुजिकार हुन चाहेको छैन। यस जनाना कामतिर मानिसलाई आकर्षण गर्ने कुनै कला चाहिन्छ। उही हातले तलबार पनि सियो पनि लिन सक्तैन । यदि म राजा भईदिएको भए सियोको काम र पोशाक बनाउने काम स्वास्नीमानिसहरूलाई र लुला-लंगडाहरूलाई मात्र गर्न दिन्थें, जो यस्तो व्यवसायहरूमा काम गर्न बाध्य हुन्छन् यदि नपुंसकहरूको दरकार थियो भने उनीहरूलाई आफ्नो मतलबको काममा लगाउनु पूर्वीया, राजाहरूको मूर्खता थियो। प्रकृतिले दिएका, प्राकृतिक इन्द्रिय नभएका ती नीच मानिसहरूको बथानलाई किन नलिने ? त्यस्ता मानिसहरू चाहिनेभन्दा पनि बढ्ता होलान् । कमजोर, निर्धो, कातर मानिसलाई प्रकृतिले बसी बसी खाने दोषी जीवन दिएको छ, ऊ स्त्री जातिहरूको बीचमा या उनीहरूको ढाँचामा रहन योग्य छ, यदि ऊ चाहन्छ भने उनीहरूको एउटा व्यवसाय लेओस्, यदि नपुंसकहरू हुनैपर्दछन् भने मानिसहरूले ती व्यक्तिहरूलाई लिऊन्, जसले अनुचित व्यवसायहरू लिएर आफ्नो लिंग या जातिको बेइज्जत गराउँदछन् । उनीहरूको छनाइले प्रकृतिको भूल जनाउँदछ, यसलाई कुनै न कुनै तरहले सच्याऊ, यसबाट तिमी कुनै हानि गर्नेछैनौ ।

म मेरो चेलाई कुनै अस्वस्थ व्यवसाय लिन मनाहि गर्दछु तर कठिन र डरलाग्दो लिनचाहिं होइन । ऊ बल र साहसको काममा अभ्यास गर्नेछ, यस्ता व्यवसायहरू पुरुषका निमित्त हुन्, स्त्री जातिका निमित्त होइनन्, जसको यिनीहरूमा भाग लिने कुनै दावा हुँदैन। के मानिसहरूलाई स्वास्नीमानिसहरूको व्यवसायहरू चोरेर लिन शरम हुँदैन ?

इटालीका पसलहरूमा स्वास्नी मानिसहरू देखिंदैनन्, बेलायत र फ्रान्सका सडकमा घुमिरेहका मानिसहरूलाई यसभन्दा रुखो अरू केही लाग्दैन । जब मैले कपडा बेच्नेहरूलाई स्वास्नीमानिसहरूका धागा, जाली, उनका कुप्पा बेचिरहेको देखें, मलाई आरनमा हिर्काउने र खलाँती फुक्ने खस्रा हातहरूमा यी सिंगारका रसजामहरू भएको सारै अनुचित लाग्यो। मैले विचार गरें 'यस देशमा स्वास्नीमानिसहरू इस्पातमा र हातहथियारहरूमा पालिस लाउने भएर बस्नुपर्छ ।' हरेकले आफ्नो आफ्नो लिंग या जातिको सरसामानहरू बनाओस् र बेचोस्, उपयोगबाट ज्ञान प्राप्त हुन्छ ।

मलाई थाहा छ मेरो अनुकल समकालीनहरूका निमित्त ज्यादै भनिसकेको

छ, त कहिले काहिँ म कुरा गर्दा गर्दै आफू बेपत्ता भएको पत्तै पाउँदिनँ । यदि कसैलाई लुगाको बचाउका निमित्त लाइने छालाको रुमाल आफ्नो अगाडिपट्टि लाउन या रन्डा समाल्न शरम लाग्दछ भने म उसलाई दुनियाँको विचारको एउटा दास मात्र ठहराउँदछु, किनभने ऊ मानिसले ठट्टा गर्दछन् भनेर जुन कुरा ठीक छ त्यो आफूले गरेकोमा रातो मुख लाउन तयार हुन्छ । तर जहाँसम्म उनीहरूले बच्चालाई हानि गराउँदैनन्, त्यहाँसम्म हामी बाबु-आमाहरूको भूल विचारहरूलाई मानौं । व्यवसायहरूको इज्जत राख्न जहाँसम्म तिनीहरूलाई हामी आफ्नो दर्जादेखि मुनितिरको ठहराउदैनौं त्यहाँसम्म हामीले हरेक व्यवसायको अभ्यास गर्न बाध्य हुनुपर्दैन । जब खुस या पसन्द हाम्रै छ र हामीलाई यही गर्नुपर्छ भन्ने कर छैन तब किन हामीले झन् रमाइलोचाहिँ, झन् आकर्षकचाहिँ, र झन् सुहाउँनेचाहिँ व्यवसाय नछान्ने ? धातुको काम उपयोगी छ, शायद अरूभन्दा बढ़ता उपयोगी छ, तर कुनै खास कारणको निम्ति नभईकन एमिलको हुनेछैन, ताल्चा बनाउने हुनेछैन, न त ऊ कुनै फलामको काम गर्ने हुनेछ । म उसलाई ज्यासलमा बस्ने एउटा साइकलप्स भएको देख्न चाहन्नँ । म उसलाई डकर्मी बनाउन चाहन्नँ सार्की बनाउन त झन् चाहन्नँ । सबै व्यवसाय गर्नुपर्छ, तर जब खुस हाम्रै छ त सफाइतिरको कुरा विचार गर्नुपर्छ, यो वर्गको गलत विचारको कुरा होइन, हाम्रा चेतनाहरूले हामीलाई बाटो देखाउँदछन् । अन्तमा, म ती मूर्खव्यवसायहरू मन पराउँदिनँ, जसमा काम गर्नेहरू यन्त्र झैं नथाकिईकन र एकनासको काम गरिरहन्छन् र जसमा मानसिक प्रयास हुँदैन । कपडा बुन्ने, मोजा बुन्ने, जाली बुन्ने जस्ता काममा बुद्धिमान् मानिसहरूलाई किन लगाउने ? यो त एउटा यन्त्रलाई अर्को यन्त्रमाथि लगाईदिनु मात्र हो । सबै कुरा विचार गर्दा मैले आफ्नो चेलाको निमित्त उसले मन पराएका व्यवसायहरूमध्ये सिकर्मीको व्यवसाय छान्दछु, यो सफा र उपयोगी छ, यो घरैमा गर्न सकिन्छ, यसले प्रशस्त कमात दिन्छ, यसले सीप र परिश्रम खोज्दछ, र हरेक दिनको प्रयोगलाई चाहिने मालहरू बनाउँदा सफाइ र अभिरुचिका निमित्त स्थान हुन्छ । यदि तिम्रो चेलाका गुणहरूले वैज्ञानिक मोड लिन पुग्दछन् भने तिमीले उसलाई उसको अभिरुचिअनुसार काम दिएमा मैले तिमीलाई दोष दिनु हुँदैन, जस्तो कि उसले गणितका निम्ति सामानहरू, ऐन हरू, दूरवीनहरू इत्यादि बनाउन सिक्न सक्तछ ।

जब एमिलले आफ्नो व्यवसाय सिक्तछ, तब म पनि यो सिक्तछु । मलाई पूरा विश्वास छ, यदि हामीले यो सँग सँगै सिकेनौं भने उसले कुनै बुर

पनि कहिल्यै पनि पूरा तौरले सिक्नेछैन । यस निमित्त हामी दुवै सिकारुको काम गर्नेछौं र हामी भलाद्मी जस्तो मानिन होइन कि सिकारू झैं ठानिन खोज्दछौं, जो ठट्टाका निमित्तका होइनन्, हामी साँच्चिकै सिकारु किन नबन्ने ? बडा पिटर कुनै जहाजका सिकर्मी थिए र आफ्ना फौजहरूको ढोलक बजाउने सिपाही थिए । के ती राजकुमार जन्ममा र गुणमा कम-से-कम तिम्रा जोडा थिएनन् ? तिमी बुझ यो कुरा एमिललाई होइन कि तिमीलाई भनेको हो, तिमी जोसुकै होऊ यो तिमीलाई नै भनेको हो ।

दुर्भाग्यले गर्दा हामी सम्पूर्ण समय शिल्पशालामा बिताउन सक्तैनौं । हामी सिकारु सिकर्मीमात्र होइनौं कि सिकारु मानिस पनि हौं । यो यस्तो व्यवसाय हो जसको सिकारु अवस्था अरू बाँकीको भन्दा लामो र बढ्ता बुद्धि र परिश्रम खोज्ने हुन्छ । हामीले के गर्ने ? के हामीले हामीलाई रण्डाको प्रयोग सिकाउन घण्टाको हिसाबले गुरु राख्ने ? त्यसो गरेको पक्षमा हामी सिकारु होइन कि छात्र बन्दछौं र हाम्रो आकांक्षा सिकर्मीको काम सिक्नेमात्र होइन कि सिकर्मी बन्ने हुन्छ । मलाई लाग्छ हप्ताको एक-दुई चोटि दिनभर हामीले हाम्रो गुरुको घरमा बिताउनुपर्दछ, ऊ उठ्ता हामी उठ्नुपर्छ, हामीले उसले भन्दा अगाडि आफ्नो काम थाल्नुपर्छ; हामीले हाम्रो खाना उसितै खानुपर्दछ, उसको आज्ञाअनुसार काम गर्नुपर्दछ, र उसको टेबुलमा खाने सौभाग्य पाएपछि हामीलाई इच्छा लाग्दछ भने हामी साह्रो बिछ्यौनामा सुत्नलाई फर्कन सक्तछौं । जीवनको सिकारु अवस्थालाई उपेक्षा नगरीकन अनेकौं व्यवसायहरू तुरुन्त सिक्ने, हस्तक्रियाको काम गर्न सिक्ने काइदा यही हो ।

जुन कुरा ठीक छ, त्यो कुरा हामी ढाँचा र रवाफ नदेखाईकन गरौं, घमण्ड रोक्न प्रयास गर्दा हामी घमण्डमा नै नपरौं । गलत धारणाउपरको हाम्रो विजयमा गर्व गर्नु गलत धारणामा पर्नु हो । यस्तो भनिन्छ, तुर्कीका बादशाहहरूको पुरानो रीतिअनुसार सुल्तानलाई आफ्नै हातले काम गर्न करै लाग्छ, र जस्तो हरेकलाई थाहा छ, राजाको हातले गरेको काम उत्तम हुन्छ । यस निमित्त उनी शाही तौरबाट आफ्ना उत्तम हस्तकलाहरू ठूलठूला भारदारहरूलाई बाँडिदिन्छन् र तिर्नुपर्ने यसको मूल्य शिल्पकारको दर्जाअनुसारको हुन्छ । यो कुरीतिमा मेरो विरोध छैन, वरु यो त फाइदाको कुरा छ र यसरी भारदारहरूलाई दुनियाँ लुटेको धनमा आफूसित भागलिन बाध्य तुल्याएर ती राजाले आफैंले दुनियाँ लुट्नु उत्तिको आवश्यक हुँदैन । अत्याचारलाई यस्तो कुनै होलो खुकुलोपना चाहिन्छ र योविना त्यो घृणित शासन अडन सक्तैनथ्यो ।

यस्तो प्रथाको साँच्चैको खराबी यो हुन्छ कि त्यस विचरालाई आफ्नै गुणको विचार आउँछ । राजा मिदासले जस्तै उसले सब कुरा आफूले छुँदा सुन हुने जस्तै देख्तछ, तर उसले गधाका कानहरू उम्रेका देख्तैन । एमिलको हातलाई हामी पैसादेखि परै राखौं, नत्र भने ऊ गधा हुनेछ, उसले काम गरोस् तर ज्याला नलेओस् । उसको कामलाई कुनै स्तरको हिसाबबाट कहिल्यै पनि विचार नगर । तर सिपालु गुरुको काम झैं ठान । यो उसले गरेको काम हो भनेर यसलाई काम झैं नठहराऊ यदि कुनै कुरा राम्रोसँग गरिएको छ भने म भन्दछु, "यो त राम्रो काम रहेछ" तर यो कसले गरेको हो? भनेर म सोध्दिनँ । यदि उसलाई प्रसन्नता आएको छ र गर्व लागेको छ र 'यो मैले गरेको हो" भन्दछ भने त्यसको वास्तै नराखेर जवाफ देऊ, "जसले गरेको होस्, त्यसको केही मतलब छैन, तर यो राम्रोसित गरिएको छ ।"

असल आमा, तिमीलाई छकाउन तयार गरिएका कुराहरूदेखि होश राख । यदि तिम्रो छोराले धेरै कुराहरू जान्दछ भने उसको ज्ञानमाथि विश्वास नगर, यदि ऊ दुर्भाग्यले धनी छ र पेरिसमा शिक्षित भएको छ भने त्यो विग्रचो जबसम्म चलाक कलाकारहरू छन् तबसम्म उसको हरेक बुद्धि हुनेछ, तर जब उसका गुरुहरूबाट ऊ छुट्तछ तब उसको कुनै बुद्धि पनि हुनेछैन । पेरिसमा धनी मानिसले हरेक कुरा जान्दछ, केही नजान्नेचाहिं गरीबहरू हुन्छन् । हाम्रो राजधानी सौखिनहरूले भरिपूर्ण छ, खास गरेर स्वास्नीमानिसहरू यस्ता छन्, जो श्री गिलेमीले आफ्ना रङहरू आविष्कार गरेझैं गरी आफ्नो काम गर्दछन् । मानिसहरूमध्ये म तीन ओटा अनौठा छूटहरू जान्दछु स्वास्नीमानिसहरूमध्ये कुनै छुट मलाई थाहा छैन, र मलाई कुनै त्यस्तो होला जस्तो लाग्दैन । सर्व-साधारण रीतबाट मानिस जस्तै कानूनको आचार्य र अञ्चलाधीश हुन्छ, त्यस्तै ऊ कलाकार र कलाको पारखी हुन्छ ।

यदि एक चोटि कुनै व्यवसाय लिनु राम्रो कुरा हो भन्ने मानिन्छ भने तिम्रा बच्चाहरूले सिक्नै नसिकीकन एउटा व्यवसाय लिनेछन् । उनीहरू जूरिचका सभासद्हरू जस्तै डाँकखानाका हाकिम नहोऊन् । एमिलका निमित्त हाम्रा यस्ता समारोहहरू नहोऊन् यो सक्कली कुरा होस्, नक्कली होइन । जुन कुरा उसले जान्दछ, त्यो नबताऊ उसले चूपचापसँग सिकोस् । उसले आफ्नो काम उत्तम बनाओस्, तर उसलाई गुरुलाई झैं स्वागत नगरियोस् ऊ नामको मात्र होइन कामको शिल्पकार हुनुपर्छ ।

यदि मैले आफ्नो भनाइको मतलब स्पष्ट गरेको छु भने तिमीले यो बुझ्नुपर्छ कि शारीरिक अभ्यास र पारस्परिक कामले मेरो चेलाको मनमा

सोच विचार उठाइदिन्छन् र अल्सीपनालाई हटाइदिन्छन् जो मानिसहरूको रायप्रति उसको बेवास्ता र उत्कृष्ट भावनाबाट उसको स्वतन्त्रताको परिणाम हुन सक्तछ। जंगली मानिस झैं अल्सी हुने होइन भने उसले किसानले जस्तो काम गर्नुपर्दछ र दार्शनिकले झैं विचार गर्नुपर्दछ। एउटाले अर्कोलाई सुस्ती नदिने गरी मन र शरीरको अभ्यास यही शिक्षाको रहस्य हो। जुन शिक्षाले मनको परिपक्वता खोज्दछ त्यस्तो शिक्षा दिन होश गर। उसले अगाडि नदेखेको सामाजिक असमानताहरू पत्ता नलगाउन्जेलसम्म लामो समयपर्यन्त एमिल शिल्पकार हुनेछैन। उसले बुझ्न सक्ने मैले उसलाई दिएका नीतिहरूमा उसले मलाई पालैसँग प्रश्न गर्न चाहनेछ। उसले हरेक शिक्षा मबाट पाउने हुनाले, ऊ झण्डै गरीबको स्थानमा हुनाले उसले यो जान्न खोज्ने छ कि म किन त्यो स्थानदेखि धेरै टाढा छु। सहसा उसले मलाई अपठेरा सवालहरू सोध्न सक्तछ, "तपाईं मलाई भन्नुहुन्छ कि तपाईं धनी हुनुहुन्छ, र म देखतछु कि तपाईं धनी नै हुनुहुन्छ। धनी मानिसले अरू बाँकी कुराहरू जस्तै उसको काम पनि समुदायबाट लिन्छ र त्यस निम्ति ऊ त्यसको ऋणी हुन्छ, किनभने ऊ मानिस हो। तपाईं समुदायका निमित्त के गरिरहनुभएकोछ? असल गुरुले त्यस कुरालाई के भन्नेछ? म जान्दिनँ। शायद उसले मूर्खतापूर्वक आफूले बच्चालाई गरेको हेरचाहको कुरा गर्नेछ। शिल्पशालाले मलाई यस कठिनाइबाट छुटाउनेछ। ए मेरो प्यारो एमिल, त्यो बडो बेश प्रश्न हो। जब तिमी आफूलाई सन्तुष्टि आउने गरी आफ्नै निमित्त उत्तर दिन सक्तछौ तब म आफ्नै निमित्त उत्तर दिने अभिभारा लिनेछु। त्यही बेला म जो बचाउन सक्तछु त्यो तिमीलाई र गरीबहरूलाई दिन होशियारी गर्नेछु, र बिलकुल बेकम्मा नहुने गरी हरेक हप्ता एउटा टेबुल या बेंच बनाउनेछु।

हामी आफ्नो निजी स्थानमा फर्किसकेका छौं। आफूलाई समाल्न सक्ने अवस्थामा प्रवेश गरेर हाम्रो बच्चा अब बच्चा नरहनलाई तयार भइसक्यो। अब ऊ त्यो आवश्यकतालाई पहिलेको-भन्दा बढ्ता बुझ्ने भइसक्यो, जसले उसलाई वस्तुहरूमाथि निर्भर रहने तुल्याउँदछ। उसका चेतनाहरू र शरीरलाई अभ्यास गराइसकेपछि तिमीले उसको मन र विचारलाई अभ्यास गराएका छौ। आखिरमा हामीले उसका अंगहरू र शक्तिहरूलाई सँगसँगै जोडिदिएका छौं। हामीले उसलाई शिल्पकार र विचारवान् व्यक्ति बनाएका छौं, अब हामीले उसलाई सहानुभूतिद्वारा विचारलाई पूरा गराउन प्रेमी र कोमल हृदयको बनाउनु छ। तर हामीले कुराहरूको यो नयाँ क्रममा प्रवेश गर्नु-भन्दा अघि

हामीले पछाडि छोड्नलागेको अवस्थातिर एक दृष्टि दिऊँ र हामी कति अगाडि बढेछौं, त्यो यथाशक्य स्पष्टतया बुझूं ।

पहिले हाम्रो चेलाका खालि चेतनाहरूमात्र थिए, अब उसका विचारहरू भए, ऊ थाहा पाउन सक्तथ्यो. अब ऊ तर्क गर्ने भयो, किनभने धेरै क्रमवध र एकै साथका चेतनाहरूको तुलनाबाट र तिनीहरूको विषयमा उठेको विचारबाट एक प्रकारको मिस्रित र जटिल चेतना पैदा हुन्छ जसलाई म विचार भन्दछु । जुन तरीकाले विचारहरू बन्दछन् त्यसले मानिसको मनलाई एउटा रंग-ढंग दिन्छ । जुन मनले वास्तविक सम्बन्धहरूबाट आफ्ना विचारहरू प्राप्त गर्दछ त्यो, पूरा हुन्छ, जुन मन बाहिरी देखौटा सम्बन्धहरूमा निर्भर गर्दछ, त्यो बाहिरी तहको हुन्छ । जसले सम्बन्धहरूलाई जस्ताको तस्तो देखतछ, उसको ठीक मन हुन्छ, जसले तिनीहरूको अन्दाज ठीकसँग लगाउन सक्तैन, उसको बेठीक मन हुन्छ, जसले वास्तविक अस्तित्व नभएका काल्पनिक सम्बन्धहरूलाई रच्तछ त्यो बहुला मानिस हो, जसले बिलकुलै कुनै सम्बन्धहरूनै देख्तैन त्यो मूढ या स्वाँठ हो चलाक मानिसहरू अरूहरूबाट विचारहरूको तुलनातिरको धेर-थोर प्रवृत्तिले र उनीहरूका बीचको सम्बन्धहरू पत्ता लगाउनाले छुटिन्छन् ।

साधारण विचारहरू एउटा अर्कोसँग दाँजिएका चेतनाहरूमात्र हुन् । मिस्रित चेतनाहरू पनि साधारण चेतनाहरूले जस्तै विचारहरूको उत्पत्ति गराउँदछन् जसलाई म साधारण विचारहरू भन्दछु । चेतनामा विचार शुद्ध निष्क्रिय हुन्छ, यसले यो बताउँछ कि म त्यो थाहा पाउँछु जो म थाहा पाउँछु । इन्द्रियज्ञान या भावनामा विचार सक्रिय हुन्छ, चेतनाहरूले थाहा नपाउने सम्बन्धहरूका बीच यसले जोडिदिन्छ, तुलना गर्दछ र भेद निकाल्दछ । सम्पूर्ण भिन्नता त्यही हो, तर यो ठूलो भिन्नता हो । प्रकृतिले हामीलाई कहिल्यै पनि छकाउँदैन । हामी आफैंलाई छकाउँदछौं ।

आठ वर्षको बच्चालाई कसैले बरफको मलाई दिएको म देखतछु । यो के हो उसलाई थाहा हुँदैन र आफ्नो मुखमा चम्चा राख्तछ । चीसोले ठिहिन्याएर ऊ कराउँदछ "ओ हो ! यसले त पोल्छ ।" उसलाई एउटा बडो तीक्ष्ण चेतना थाहा हुन्छ र आगोको ताप उसलाई सबभन्दा तीखो चेतना थाहा हुन्छ, यस निम्ति उसलाई थाहा भएको त्यही ताप हो भन्ने उसले विचार गर्दछ । तैपनि उसको भूल हुन्छ, चीसोले चोट लाउँछ, तर यसले पोल्दैन, र यी दुई चेतनाहरू फरक छन्, किनभने बढी अनुभव भएका मानिसहरूलाई यस कुराको अलमल पर्दैन । यस निम्ति जो बेठीक हुन्छ, त्यो चेतना होइन, तर यस

विषयमा बन्ने जो विचार हो, त्यो बेठीक हुन्छ । ती मानिसहरूका निम्ति ठीक यस्तै हुन्छ जो पहिलो चोटि ऐना हेर्दछन् या नेत्र सम्बन्धी यन्त्रहरू देख्तछन्, या जमीनमुनिको गहिरो गोदाममा मध्यहिउँदमा या मध्यबर्खामा पस्तछन्, या धेरै तातो या चीसो हात मनतातो पानीमा चोभल्दछन्, या दुइटा औंलाको बीचमा एउटा सानो भकुण्डो गुडाउँदछन् । यदि उनीहरू साँच्चिकै जो थाहा पाउँदछन् त्यो भनेर सन्तुष्ट हुन्छन् भने उनीहरूको विचार शुद्ध निष्क्रिय भएकोले बेठीक हुन सक्तैन, तर जब बाहिरी रूपअनुसार उनीहरू विचार गर्दछन्, उनीहरूको विचार सक्रिय हुन्छ, जुन सम्बन्धहरू वास्तवमा थाहा पाईंदैनन्, ती सम्बन्धहरूलाई यसले अनुमानद्वारा तुलना गर्दछ र प्रमाणित गर्दछ । तब यी अनुमानहरू गलत हुन पनि सक्दछन् । नहुन पनि सक्तछन् । गलतीलाई रोक्न या सच्याउन अनुभवको आवश्यकता हुन्छ ।

तिम्रो चेलालाई रातमा उसको र चन्द्रमाको बीचमा चलिरहेको बादलहरू देखाऊ, उसले विचार गर्नेछ कि चन्द्रमा उल्टो दिशातिर चलिरहनेछन् र बादलहरू निश्चल छन् । हतपतसँग गरेको अनुमानद्वारा उसले यो विचार गर्नेछ, किनभने उसले प्रायः साना साना वस्तुहरूलाई चलिरहेका र ठूला वस्तुहरूलाई निश्चल देख्तछ, र बादलहरू चन्द्रमाभन्दा ठूला देखिन्छन् जसको दूरता उसको अनुमानभन्दा बाहिरको कुरा छ । जब उसले बहिरहेको डुंगाबाट किनारमा हेर्दछ ऊ उल्टो भूलमा पर्दछ र पृथ्वी चलिरहेको छ भन्ने ठान्दछ किनभने डुंगाको चाल उसले थाहा पाउँदैन र समुद्र या नदीसमेत जम्मै निश्चल हो भन्ने ठान्दछ, जसको किनारा चलेको जस्तो भान भए पनि कुनै पनि भाग चलेको हुँदैन ।

बच्चाले पहिलो चोटि पानीमा आधा डुबेको लट्ठी देख्ता भाँचिएको लट्ठी देखेको छु ठान्दछ, त्यो चेतना ठीक हो र उसले यस्तो देखिएको कारण बुझेपछि यो सम्झना छुट्दैन । यस निम्ति तिमीले उसलाई तिमी के देख्छौ भनेर सोध्यौ भने उसले जवाफ दिन्छ, 'भाँचिएको लट्ठी' किनभने उसलाई दृढ निश्चय हुन्छ कि उसले यही चेतना अनुभव गरिरहेछ । तर जब उसको विचारले छकिएर ऊ अगाडि बढ्दछ र, म भाचिएको लट्ठी देख्तछु भनेपछि, जब उसले ठोकेर यो साँच्चीकै भाँचिएको छ भन्दछ तब जुन कुरा सत्य छैन त्यो कुरा ऊ भन्दछ । किन ? किनभने ऊ क्रियाशील हुन्छ र अब राम्रोसँग देखेकोबाट होइन कि अनुमानबाट विचार गर्दछ, जुन कुरा उसले थाहा पाएको छैन त्यस कुरालाई ऊ समर्थन गर्दछ, अर्थात् जुन विचार ऊ आफ्ना चेतनाहरूमध्ये

एउटा प्राप्त गर्दछ, त्यसलाई अर्को चेतनाले पुष्टि गर्दछ ।

हाम्रा सबै गलतीहरूको उत्पत्ति हाम्रो विचारमा हुने हुनाले, यो स्पष्ट छ कि यदि हामीलाई विचारको दरकार नभए हामीलाई सिक्नुको दरकार हुने थिएन । हामीले कहिले पनि भूल गर्ने सम्भावना हुनु हुँदैन, हामीले हाम्रो ज्ञानमाभन्दा हाम्रो अज्ञानमा सुखी हुनुपर्दछ । विद्वान्‌हरूलाई अनगिन्ती कुराहरूको ज्ञान हुन्छ, जो अनभिज्ञहरूलाई कहिले पनि हुँदैन यो कुरा कसले इनकार गर्न सक्तछ ? के विद्वान्‌हरू सत्यको नजीक छन् त ? छैनन्, जति जति टाढा उनीहरू जान्छन्, सत्यबाट उति उति टाढा उनीहरू पुग्दछन्, किनभने आफ्नो विचारको जुन घमण्ड उनीहरूलाई हुन्छ, त्यो उनीहरूको ज्ञानको वृद्धिभन्दा छिटो बढ्दछ, किनभने उनीहरूले प्राप्त गर्ने हरेक सत्यताको निमित्त उनीहरूले सयौं गलत परिणामहरू निकाल्दछन् । हरेकलाई थाहा छ कि यूरोपका विद्वान्-समाजहरू केवल मिथ्याका पाठशालाहरू हुन्, र निःसन्देह विज्ञानका प्राज्ञ संस्थानहरूमा अमेरिकाका आदिवासीहरूको सम्पूर्ण जातिमाभन्दा बढ्ता गलत विचारहरू छन् ।

हामीहरू जति जति जान्दछौं, उति उति गलती गर्दछौं, त्यसकारणले अज्ञान मात्र गलतीबाट उम्कने बाटो हो । विचारहरू नरच र तिम्रो कहिल्यै पनि गलती हुने छैन प्रकृतिको र तर्कको शिक्षा यही हो । ज्यादै थोरै कुराहरूसित हामी सोझैं सम्पर्कमा आउँदछौं र यिनीहरूलाई सजिलैसँग थाहा हुन्छ, र अरू बाँकी कुरालाई हामी बिलकुल वेवास्तासँग ख्याल गर्दछौं । एउटा जंगली मानिस सबभन्दा राम्रा कल-पूर्जाहरू चलेको हेर्नलाई या बिजुलीको सारा चमत्कार हेर्नलाई आफ्नो टाउको फर्काउँदैन । 'त्यसको मलाई के वास्ता ?' नजान्नेहरू सबैको मामूली भनाई यही हुन्छ, बुद्धिमानहरूका निमित्त यो सबभन्दा ठीक उक्ति हुन्छ ।

दुर्भाग्यले गर्दा यस उक्तिले हाम्रो काम बन्दैन । हामीलाई हरेक कुराको प्रयोजन छ, हामी हरेक कुरामा निर्भर रहन्छौ, र हाम्रो उत्सुकता स्वभावतः हाम्रा आवश्यकताहरूअनुसार बढ्दछन् त्यसै कारणले म विज्ञानको मानिसलाई धेरै उत्सुकता हुन्छ र जंगली मानिसलाई कुनै पनि उत्सुकता हुँदैन भन्दछु । जंगली मानिसले कसैको मद्दत लिनुपर्दैन, वैज्ञानिकलाई हरेक मानिसको बरकार हुन्छ र उसले प्रायः सबैको प्रशंसा गर्दछ ।

तिमी भनौला म प्रकृतिदेखि बाहिर गइरहेछु । मलाई यस्तो लाग्दैन । कल्पनाअनुसार होइन कि आवश्यकताअनुसार प्रकृतिले आफ्ना सामानहरू

छान्दछ र तिनीहरूलाई क्रमबद्ध तुल्याएर राख्तछ । अब मानिसका आवश्यकताहरू उसका अवस्थाहरूअनुसार फरक हुन्छन् । प्रकृतिको अवस्थामा रहने प्राकृतिक मानिस र समाजमा रहने प्राकृतिक मानिसको बीचमा संसारमा धेरै भेद छ । एमिल मरुभूमिमा धपाइने जंगली मानिस होइन, ऊ शहरमा रहनुपर्ने जंगली मानिस हो । उसले शहरमा आफ्नो जीविका चलाउन, यहाँका वासिन्दाहरूलाई उपयोगमा ल्याउन, उनीहरूमध्येको नभए तापनि उनीहरू मध्ये रहन उसले जान्नुपर्दछ ।

यतिका नयाँ सम्बन्धहरूको बीचमा र उनीहरूमा निर्भर रहेर उसलाई तिनीहरू चाहिन्छन् या चाहिँदैनन् त्यस कुराको तर्क उसले गर्नुपर्छ । त्यसकारण हामी उसलाई ठीकसँग तर्क गर्न सिकाऔं ।

ठीकसँग तर्क गर्न सिक्ने काइदा त्यो हो जो हाम्रो अनुभवहरूलाई सरल तुल्याउन या भूलमा नपरीकन तिनीहरूलाई अनावश्यक ठहराउन सक्ने तुल्याउनतिर प्रवृत्त हुन्छ । त्यस कारणले यो थाहा हुन आउँदछ कि अरू कुनै चाहिको पनि अवलम्बन नगरीकन हरेक चेतनाका अनुभवहरूलाई दृढ तुल्याउन हामीले सिक्नुपर्दछ, एउटा चेतनाको अनुभवलाई अर्को चेतनाको अनुभवसित दाँज्ने हाम्रो आदत भए तापनि हामीले यो गर्न सिक्नुपर्दछ । अनि हाम्रो हरेक चेतना एउटा विचार बन्न आउँदछ र यो विचार सत्यतासँग मिल्दछ । यो त्यही किसिमको ज्ञान हो जो मैले मनुष्यजीवनको तृतीय श्रेणीमा जम्मा गर्न प्रयास गरेको छु ।

अघि बढ्ने यस तरीकाले धैर्य र सावधानी खोज्दछ जो थोरै शिक्षकहरूको हुन्छ, ती विना छात्रले कहिले पनि तर्क गर्न सिक्नेछैन । उदाहरणस्वरूप, जब बच्चा यसको रूपबाट छक्किन्छ, त्यस वेलामा यदि हतपतसित तिमीले त्यस लट्ठीलाई पानी बाहिरबाट झिकिदियौ भने शायद ऊ छक्किने छैन, तर तिमीले उसलाई के सिकाए छौ ? उसले चाँडैनै आफैले सिक्न सक्नेभन्दा बढ्ता केही होइन । गर्ने ठीक कुरा त्यो होइन । सत्य कुराहरूलाई उसले आफै कसरी पत्ता लाउने त्यो कुरा उसलाई देखाएर सत्य कुराहरू सिकाउनुपर्छ । उसलाई झन् राम्रोसित सिकाउन उसका भूलहरू सुधार्न तिमीले त्यस्तो हतपत गर्नु हुँदैन । हामी एमिललाई र मलाई नै उदाहरण लेऔं ।

सर्वसाधारण तौरबाट शिक्षित भएको कुनै बच्चाले पनि मेरा काल्पनिक प्रश्नहरूमध्ये दोस्रो चाहिको उत्तर स्वीकारमा दिन चुक्नेछैन । उसले भन्नेछ, "त्यो अवश्य भाँचिएको लट्ठी हो" एमिलले उही उत्तर देला के भन्ने कुरामा

मलाई खुब सन्देह लाग्दछ । हरेक कुरा जान्नको निम्ति या जानेको जस्तो वहाना गर्नको निम्ति एमिल कुनै कारण देख्तैन, ऊ परिणामहरू निकाल्न या निष्कर्षहरूमा पुग्न कहिल्यै पनि हतार गर्दैन । ऊ प्रमाणबाट केवल तर्क गर्दछ, र यस मौकामा उसले प्रमाण पाएको छैन । यदि देखिएकोबाट मात्र हुने हो भने रूपहरूले छकाउँदछन् भन्ने कुरा ऊ जान्दछ । त्यसमाथि पनि अनुभवले उसलाई यो थाहा भएको छ कि मेरा सबभन्दा साना प्रश्नहरूका निम्ति पनि सधैं केही कारण हुन्छ, उसले यो तुरुन्तै देख्न नसके तापनि उसलाई यो थाहा हुन्छ, यस निम्ति उसलाई मूर्ख उत्तरहरू दिने आदत परेको छैन, बरु ऊ आफ्नो होशियारीमा रहन्छ र उत्तर दिनुभन्दा अगाडि कुराहरूलाई सावधानी र ध्यानपूर्वक विचार गर्दछ, आफूलाई नै सन्तुष्टि नआउने गरी ऊ कहिले पनि मलाई उत्तर दिंदैन, र दुवै गर्व लिंदैनौं तर गलती नगर्नुमा हामीलाई गर्व लाग्दछ । कुनै व्याख्या नै नपाउनमाभन्दा कुतर्क गरेर आफूलाई छकाउनमा हामीलाई बढ्ता शरम लाग्दछ । 'मलाई थाहा छैन' यो उक्ति जत्तिको हामीलाई सुहाउने र बराबर हाम्रो मुखबाट निस्कने उक्ति अरू छैन, हामी दुवै यसलाई प्रयोग गर्न लाज मान्दैनौं । चाहे उसले मूर्ख उत्तर देओस् या हाम्रो सुविस्ताको उक्ति 'मलाई थाहा छैन' भनेर त्यस उत्तरलाई छलोस् मेरो उत्तर पनि त्यही हुन्छ 'हामी यो जाँचेर हेरौं' ।

आधा पानीमा डुबेको यो लट्ठी सोझो गरी गाडिएको छ यो भाँचिएको छ कि भन्ने थाहा पाउनलाई हामीले यसलाई पानी बाहिरिबाट झिक्नु या यसलाई छुनुभन्दा पनि अघि कति कुरा गर्नुपर्ने हुन्छ ।

१, पहिले हामी यसको वरिपरि घुम्छौं र यसको भाँचिएको भाग जता पट्टिबाट पनि देख्तछौं । यस निम्ति यसलाई बदल्ने आँखा मात्र हो, आंखाहरूले वस्तुहरूलाई चल्ने तुल्याउँदैनन् ।

२, हाम्रो लट्ठीको मुन्तिर सोझै त्यस छेउमा हेर्दछौं जो पानीमाथि छ, लट्ठी निहुरेको छैन, हाम्रो आँखानिरको छेउले अर्को छेउलाई लुकाइदिन्छ के हाम्रो आँखाले लट्ठीलाई सीधा पारेको हो ?

३, हामी पानीको सतहलाई चलाउँदछौं, हामी त्यस लट्ठीलाई कैयौं टुक्रामा भाँचिएको देख्तछौं, यो बांगोटिंगो भएर चल्दछ र पानीका तरंगहरूसंगसंगै घुम्दछ । के पानीलाई हामीले चलाई दिएकोले त्यस लट्ठीलाई यसरी भांच्न, नरम तुल्याउन या पगाल्न पुग्दछ ?

४, हामी पानी हटाइदिन्छौं र पानी सुकेपछि अलि अलि गरेर त्यो

लट्ठी आफैं सोझिएको हामी देख्तछौं। यो कुरा स्पष्ट गराउन र वक्रताको नियम पत्ता लगाउन के यो प्रशस्तभन्दा बढी छैन ? त्यस कारणले हाम्रा आँखाले हामीलाई छकाउँदछन् भन्ने कुरा सत्य होइन, किनभने यस कुरासँग लगान गरिएको भूलहरू सुधार्न अरू केही बढ्ता चाहिएको हुँदैन।

मानिलिऊँ बच्चा यी अनुभवहरूको परिणाम नबुझ्ने लट्ठक रहेछ भने दृष्टिलाई मद्दत गर्न स्पर्शको सहारा लिन सक्तछौ। लट्ठीलाई पानीबाहिर ल्याउने सट्टा यो जहाँ छ, उहीं छोडिदेऊ र बच्चालाई एक छेउदेखि अर्को छेउसम्म उसको हातले छुन देऊ, उसले कोण थाहा पाउँदैन, त्यस कारणले लट्ठी भाँचिएको छैन।

तिमी मलाई भन्नेछौ यो केवल विचार मात्र होइन, तर नियमानुसारको तर्क हो। ठीक त्यसै हो, तर के तिमी देख्तैनौ, जब मनले केही भावनाहरू प्राप्त गर्दछ, तब हरेक विचार तर्कको एउटा तरीका हुन्छ ? यस निम्ति जब हामी एउटा चेतनालाई अर्को चेतनासँग तुलना गर्दछौं, हामी तर्क गर्न शुरू गर्दछौं, विचार गर्ने कला एउटै र उही कुरा हुन्।

यदि उसले यस लट्ठीले सिक्तैन भने एमिलले दूरदर्शनोपकरक कहिल्यै सिक्ने छैन। उसले कीराहरूलाई चिरेको होवैन, न त उसले सूर्यमा भएका दागहरूलाई उसले गनेको होला, तिमीले अणुवीक्षणयन्त्र भनेको के हो या दूरबीन भनेको के हो त्यो उसले बुझ्ने छैन। तिम्रा विद्वान् छात्रहरूले यस अज्ञानलाई उपहास गर्नेछन् र यो गर्नु पनि ठीक हो। उसले यी सामानहरूको प्रयोग गर्नुभन्दा अघि उसले यिनीहरूको आविष्कार गरोस् भन्ने म इच्छा गर्दछु र यसले केही समय लिनेछ भन्ने तिमी अपेक्षा गर्न सक्नेछौ।

यस अवस्थामा मेरो सम्पूर्ण तरीकाको तत्व यही हो। यदि बच्चाले औंलाहरूको बीचमा एउटा सानु भकुन्डो गुडाउँदछ र उसलाई दुइटा भकुन्डा जस्तो लाग्दछ भने एउटै भकुन्डो मात्र छ भन्ने उसलाई पूरा विश्वास नलागुञ्जेलसम्म म उसलाई यो हेर्न दिनेछैन।

म आशा गर्दछु, अहिलेसम्म मेरो चेलोले गरेको विकासलाई स्पष्टसँग देखाउन र उसले लिएको मार्ग दर्शाउन यही व्याख्यान पर्याप्त हुनेछ। तर शायद मैले उसको दृष्टिमा ल्याएका अनेकौं कुराहरूले तिमीलाई तर्साउनेछ ? ज्ञानको यस बोझले म उसको मनलाई थिच्नेछु ? त्यसो होइन, म उसलाई धेरै कुरा जान्नभन्दा नजान्न सिकाइरहेछु। म उसलाई वास्तवमा सजिलो, तर लामो, टाढासम्म पुगिने र जानलाई ढीला हुने विज्ञानको मार्ग देखाइरहेछु। म उसलाई यस बाटोमा थोरै पाइला मात्र लगिरहेछु, र म उसलाई टाढा जान दिन्नँ।

आफैंले सिक्न बाध्य भएर उसले अरूको होइन कि आफ्नै तर्क लगाउँदछ। यदि तिमीले प्रचलित दुष्प्रथाहरूमा नलाग्ने हो भने अधिकारीहरूको भनाइमा लाग्नु हुँदैन। हाम्रा धेरैजसो गलतीहरू हाम्रो आफ्नैभन्दा अरूहरूको कारणबाट हुन्छ। यो –रंवारको अभ्यासले परिश्रम र थकावटद्वारा प्राप्त गरिएको शरीरको शक्ति झैं मानसिक शक्तिको वृद्धि गराउनुपर्दछ। अर्को फाइदा के छ भने यो वृद्धि उकसो शक्तिअनुसारको हुन्छ, मनले होस् या शरीरले होस् आफूले थाम्न सक्नेभन्दा बढ्ता बोझ बोक्न सक्तैन। स्मरणमा तिनीहरूलाई थुपार्न्‌भन्दा अघि जब बुद्धिले कुराहरू ग्रहण गर्दछ, तब त्यो भन्डारबाट जति झिकिन्छ, त्यो उसको आफ्नै हुन्छ, जब कि पाको नभएको ज्ञानले ज्यादै लादिएको हाम्रो समझमा कहिल्यै केही नपाउने स्तरमा हामी हुन्छौं।

एमिल थोरै जान्दछ, तर ऊ जो जान्दछ त्यो वास्तवमा उसको आफ्नै छ, उसको अर्धज्ञान छैन। उसले जानेका र पूरा जानेका थोरै कुराहरूमध्ये यो बहुतै अमूल्य छ कि उसले अहिले नजानेका धेरै कुराहरू छन्, तर उसले कुनै दिन जान्नेछ, धेरै अरू कुराहरू छन् जुन अरू मानिसहरू जान्दछन्, तर जो उसले कहिले पनि जान्नेछैन, र असंख्य त्यस्ता कुराहरू छन् जुन कसैले कहिले पनि जान्नेछैन। ज्ञानद्वारा होइन कि तर यो प्राप्त गर्ने शक्तिद्वारा ऊ विशाल मनको छ। ऊ खुला दिलको, जेहनदार, जेका निमित्त पनि तयार, र मन्टेनले भनेझैं विद्वान् नभए तापनि सिक्न समर्थ छ। आफ्ना कामहरू 'के कारणले' र आफ्ना विश्वासहरू 'किन' भन्ने कुरा उसले जान्दछ भने म सन्तुष्ट छु। किनभने फेरि एक चोटि उसलाई ठीक ज्ञान दिने होइन कि चाहिएको बेलामा ज्ञान प्राप्त गर्ने उपाय दिने उसलाई त्यस ज्ञानको जस्ताको तस्तै मूल्यांकन गर्न, र सर्वोपरि सत्यलाई प्रेम गर्न सिकाउने मेरो अभिप्राय छ यस तरीकामा विकास ढीलो हुन्छ, तर सुदृढ हुन्छ र हामीले कहिले पनि आफ्ना पाइलाहरू फर्काउनु हुँदैन।

एमिलको ज्ञान प्रकृति र वस्तुहरूमा सीमित छ, मानसिक ज्ञान विद्या र नीतिज्ञान विद्याको साथसाथै इतिहासको नामसम्म पनि उसलाई थाहा छैन। मानिस र वस्तुहरूका बीचका मुख्य सम्बन्धहरू ऊ जान्दछ, तर मानिस-मानिसका बीचका नैतिक सम्बन्धहरूको उसलाई केही ज्ञान छैन। साधारण परिणाम निकाल्ने उसको केही शक्ति छ। विचारहरूलाई छुट्याउने गुण उसमा छैन। ती गुणहरूको बारेमा तर्क नगरीकन कुनै वस्तुहरूको सर्वसाधारणतया पाइन्छन् भन्ने कुरा ऊ थाहा पाउँछ। उसका रेखा गणितका आकार चित्रहरूको मद्दतले ठाउँको भाववाचक विचारसित ऊ परिचित छ। उसका बीजगणितका सांकेतिक

चिह्नहरूको सहायताले परिमाणको भाववाचक विचारसित ऊ परिचित छ। यी आकार र संकेतहरू ती आधार हुन्, जसमा यी विचारहरूको आधारित छन् भनिन्छ, ती आधारहरू जसमा उसका चेतनाहरू आधारित छन्। ऊ वस्तुहरूको कृति प्राथान हपाउप्रयास गर्दैन, तर आफूमाथि असर पर्ने वस्तुहरूलाई जान्न मात्र प्रयत्न गर्दछ। उसले आफूसँग सम्बन्धित आफूदेखि बाहिरका कुराहरूको विचार मात्र गर्दछ र उसको विचार ठीक र पक्का हुन्छ। यसमा मनोविकार गलत विचारको भाग हुँदैन। जुन कुराहरू आफ्ना निमित्त उपयोगी छन् ती कुराहरूलाई उसले ज्यादै मूल्यवान् ठहराउँदछ र गुणहरूको स्तर या महत्त्व कहिल्यै नघटाउने गलत विचार उसले कहिल्यै लिँदैन।

एमिल परिश्रमी, परहेजी, धैर्यवान्, दृढ, साहसपूर्ण छ। उसको कल्पना कमलै सुषुप्ति अवस्थामा छ, यस निम्ति खतराहरूका बढीचढी विचारहरू उसमा छैनन्, उसले थाहा पाउने थोरै खराबीहरूलाई धैर्यपूर्वक सहन ऊ जान्दछ, किनभने भाग्यको विरुद्ध विद्रोह गर्न उसले सिकेको छैन। मृत्युको विषयमा यसको अर्थ के हो उसलाई थाहा छैन, तर आवश्यकताको कानूनमा विना विरोध उसको आदत परेकोले यदि यसले मर्नपर्छ भने दुःखले नकराईकन र नछटपटाईकन ऊ मर्नेछ, जुन बेलालाई हामी सब घृणा गर्दछौं त्यल बेलामा प्रकृतिबाट जति दावा गर्न हामी सक्तछौं त्यो त्यही हो। मर्न सिक्ने सबभन्दा उत्तम तरीका स्वतन्त्रतामा रहनु र मनुष्यको व्यवहार या कारबारदेखि स्वाधीनरहनु हो।

संक्षेपमा, गुणको त्यो जम्मै भाग एमिलमा रहेको छ जुनसँग उसको सरोकार छ। सामाजिक गुणहरू प्राप्त गर्न उसलाई ती सम्बन्धहरूको ज्ञान मात्र चाहिएको छ, जसले ती गुणहरूलाई आवश्यक तुल्याउँदछन्, जुन ज्ञान पाउन छ विलकुल तयार छ ऊ त्यस ज्ञानकोमात्र उसलाई अभाव छ।

ऊ अरूको विषयमा विचार गर्दैन, बरु आफ्नै विषयको मात्र विचार गर्दछ र अरूले पनि त्यस्तै गरून् भन्ने चाहन्छ। ऊ उनीहरूमाथि कुनै कुराको दावा गर्दैन र उनीहरूसितको कुनै ऋण स्वीकार गर्दैन। मनुष्यसमाजको बीचमा ऊ एकलो छ, ऊ आफैंमा मात्र निर्भर रहन्छ, किनभने एउटा लडका उसको उमेरमा जो हुन सक्तछ त्यो जम्मै उही नै छ, उसका गलतीहरू छैनन्, या कम-से-कम यस्ता गलतीहरूमात्र छन्, जो अवश्यम्भावी छन्, उसका पापहरू छैनन्, या ती मात्र छन्, जसबाट कुनै मानिस उम्कन सक्तैन। उसको शरीर स्वस्थ छ, उसका अंग-प्रत्यंग जता लगायो उतै लाग्ने छन्, उसको मन ठीक र बिकार रहित छ, उसको दिल स्वतन्त्र छ र उत्कृष्ट भावनाले व्याकुल

छैन । घमण्ड जो सबभन्दा पहिलो र जोशहरूमध्ये सबभन्दा प्राकृतिक हो, त्यो उसमा देखिदैन । अरूहरूको शान्ति भंग नगरीकन प्रकृतिले दिएसम्म उसले आफ्नो जीवन सन्तुष्ट, सुखी र स्वतन्त्र रहेर बिताएकोछ । जुन बच्चा यस हालतमा आफ्नो पन्ध्रौं वर्षको उमेरमा पुगेको छ उसका शुरूका वर्षहरू व्यर्थ खेर गएका भन्ने तिमी ठान्दछौ ?

खण्ड ४

यहाँ पृथ्वीमा जीवन कति छिटो बित्तछ ? यसको पहिलो चौथाई यसको प्रयोग कसरी गर्ने हो त्यो थाहा पाउनुभन्दा अघि बितेर जान्छ, यसको सबभन्दा पछिल्लो चौथाईमा हामी जीवनको उपभोग गर्न सक्तैनौं । पहिले हामी जीवनमा कसरी टिक्ने त्यो जान्दैनौं, र जब हामी जीवनमा कसरी टिक्ने भन्ने कुरा जान्दछौं ज्यादै ढीला भइसकेको हुन्छ । यी दुई निरर्थक छेउका बीचको मध्यान्तरमा हाम्रो समयको तीन चौथाई हामी सुतेर, काम गरेर, अपशोच गरेर, नियन्त्रणमा रहेर र हरेक किसिमको दुःख सहेर खेर फाल्दछौं । जीवन छोटो भएको यो थोरै समय रहने भएर होइन, तर हामीले यसको उपभोग गर्ने कुनै समय नपाउने भएर हो । जन्म र मृत्युको घडीको बीचको लामो मध्यान्तर हुनु व्यर्थ छ, यदि यो मध्यान्तरको समय राम्रो तरीकाले बिताइएको छैन भने जीवन ज्यादै छोटो छ ।

भनिएको छ कि हामी दुई चोटि जन्मेका हुन्छौं, अस्तित्वमा जन्मेको र जीवनमा जन्मेको, मनुष्य जन्मेको र मानिस जन्मेको । जो स्वास्नीमानिसलाई अपूर्ण मानिस भन्ने खयाल गर्दछन्, तिनीहरू अवश्य गलती गर्दछन्, तर उनीहरूको बाहिरी सादृश्य हुन्छ । यौवन अवस्थासम्म दुवै थरी बच्चाहरूमा आँखाले छुट्याउन सकिने कुरा कम हुन्छ, उस्तै मुख, उस्तै रूप, उस्तै रोगन उस्तै स्वर, हरेक कुरा उस्तै हुन्छ, लडकीहरू पनि बच्चा हुन्, लडकाहरू पनि बच्चा हुन् । यसरी हरेक कुरा मिल्ने प्राणीहरूका निमित्त एउटै नाम पर्याप्त छ । पुरुषहरूको शारीरिक वृद्धि बीचमा रोकिन्छ र यो सादृश्य उनीहरूको जीवनभर रहन्छ, तिनीहरू सधैं ठूला बच्चा हुन्छन्, स्त्री जातिको यो सादृश्य कहिले पनि हराउँदैन र धेरै कुरामा उनीहरू बच्चाभन्दा विशेष हुदैनन् ।

तर, साधारणतया भन्दाखेरि, मानिस बच्चा रहनलाई बनेको होइन । उसले प्रकृतिले तोकेको बेलामा बचपनलाई आफ्नो पछाडि छाड्दछ, र यो छोटो खतराको बेलामा परिणामहरू टाढासम्म पुग्ने हुन्छन् ।

जस्तो आँधीबेरी आउनुभन्दा समुद्रका छालहरूको गर्जन हुन्छ, त्यस्तै बढ्दा उत्कट भावनाहरूको गुनगुनाहटले यो हलचलपूर्ण परिवर्तनको सूचना गर्दछ, एउटा दबेको जोशले हामीलाई सन्निकटवर्ती खतराको अनाउ दिन्छ । मिजासको परिवर्तन, बारंबार रिसको झोकको विष्फोटन, सधैं मनको उत्तेजना, यी कुराहरूले बच्चालाई प्रायः सँभालि नसक्नु तुल्याउँदछन् । जुन स्वरलाई ऊ मान्दथ्यो, त्यस स्वरको लागि ऊ बहिरो हुन्छ, त्यो जरो आएको सिंह हुन्छ, उसले आफ्नो संरक्षकमाथि विश्वास गर्दैन र नियन्त्रणमा रहन इन्कार गर्दछ । बदलिंदो मिजासको नैतिक लक्षणहरूको साथै उसको रूपमा थाहा पाइने परिवर्तनहरू हुन्छन् । उसको अनुहार विकसित हुन्छ र उसको आचरणको छाप यसमा लागेको हुन्छ । उसका गालाहरू माथिको नरम र पातलो भुवा अँध्यारो र कडा हुन्छ । उसको स्वर धोत्रो हुन्छ या यो बिलकुल दबेर जान्छ । ऊ न त बच्चा हुन्छ न त मानिस हुन्छ र न त यो जस्तो न त ऊ जस्तो बोलन सक्तछ । आत्माका द्वार उसका आँखाहरू जो अहिलेसम्म मूक थिए, अब तिनमा बोली र अर्थ हुन्छन्, बल्दो आगोले उनीहरूलाई उज्ज्वल तुल्याउँदछ, उनीहरूको सधैंको चहकिलो दृष्टिमा अझै पवित्र निर्दोषीपन हुन्छ, तर तिनीहरूमा निरर्थक प्रकाश हराइसकेको हुन्छ, उसलाई अघिबाटै थाहा भइसकेको हुन्छ कि तिनीहरूले ज्यादै धेरै कुराहरू बताउन सक्तछन्, उसले ती आँखाहरूलाई तलतिर फर्काएर लाज मान्न सिक्न थालिसकेको हुन्छ, उसको मनले थाहा पाएको के हो, त्यो उसले नजाने तापनि ऊ चेतनशील भइरहेको हुन्छ, उसलाई किन यो भएको हो, त्यो थाहा नपाईकन उसलाई बेचैनी हुन्छ । यो सब अलि अलि गरेर हुन सक्तछ र तिमीलाई प्रशस्त समय दिन सक्तछ, तर यदि उसको तीक्ष्णतामा अधैर्य हुन्छ भने, यदि उसको उत्सुकतामा बहुलट्टीपन हुन्छ भने, यदि ऊ एक क्षणमा दिक्दार हुन्छ र रिसाउँछ भने, यदि भरखर खतराको मूल हुन थालेका वस्तुहरूका अगाडि उसको नाडी धड्कन्छ र उसका आँखाहरू चम्कन्छन् भने, यदि स्वास्नीमानिसको हातले उसको हात छुँदा ऊ थरथर काम्दछ भने, यदि उनको अगाडि ऊ दुःखित र कातर हुन्छ भने हे युलिसेस ! हे बुद्धिमान् युलिसेस ! होश राख तिमीले यत्रो परिश्रमसाथ बन्द गरेका मार्गहरू खुला हुन्छन्, तिम्रो हात पतवारमा राख, नत्रभने सब खतम हुन्छ ।

मैले भनेको दोस्रो जन्म यही हो, त्यो यही समय हो, जब मानिस जीवनमा साँच्चीकै प्रवेश गर्दछ । अबदेखिलाई मानिसको कुनै मानसिक जोश पनि नयाँ कुरो हुँदैन । अहिलेसम्मका हाम्रा प्रयत्नहरू बच्चाका खेल

हुन्, अब तिनीहरू बहुतै महत्त्वपूर्ण हुन्छन् । जुन समयमा साधारणतया शिक्षाको समाप्ति हुन्छ, त्यो आरम्भ गर्ने समय यही हो, तर यस योजनाको ठीकसँग व्याख्या गर्नलाई हामी हाम्रो कथा फेरि त्यहींदेखि लिऊँ जहाँ हामीले छोडेका थियौं ।

हाम्रा जोशहरू आत्मसंरक्षणका मुख्य उपायहरू हुन् । त्यस कारण तिनीहरूलाई नाश गर्ने प्रयास गर्नु जत्तिको निरर्थक हुन्छ, उत्तिकै अनुचित हुन्छ; यो प्रकृतिलाई दबाउनु हुनेछ, र परमेश्वरको कालिगडीलाई फेरि अर्कै रूप दिनु हुनेछ । परमेश्वरले मानिसलाई आफूले दिएका जोशहरू नाश गर्न आज्ञा दिए भने उनले उसलाई रहन पनि नरहन पनि आज्ञा दिनेछन् । उनले कहिल्यै यस्तो मूर्खतापूर्ण आज्ञा दिएका छैनन्; मानिसको दिलमा यस्तो केही पनि लेखिएको छैन, र परमेश्वर जुन मानिसलाई केही गराउन चाहन्छन् उसलाई ऊ अरू मानिसको कुरामा छोड्दैनन्, उनी आफैं बोल्दछन्; उनका शब्दहरू भित्री हृदयमा लेखिन्छन् ।

अब म विचार गर्दछु कि जसले मनका जोशहरूको उत्पत्तिलाई रोक्तछन्, तिनीहरू झन्डै ती जोशहरूलाई नाश गर्नेजत्तिकै मूर्ख हुन्, र जसले अहिलेसम्मको मेरो तात्पर्य यही हो भन्ने ठान्दछन् तिनीहरूले ठूलो गलती गर्दछन् ।

तर जोशहरू मानिसका निमित्त स्वाभाविक हुन् भन्ने कुराबाट हामीले थाहा पाउने आफूभित्रका जोशहरू र अरूहरूमा हामीले देख्ने जोशहरू प्राकृतिक नै हुन् भने के हामीले तर्क–वितर्क गर्नुपर्छ र ? उनीहरूको मूल स्रोत वास्तवमा प्राकृतिक हुन्छ; तर तिनीहरूलाई हजारौं अरू खोलानालाहरूले असमेल तुल्याएका हुन्छन् । तिनीहरू ठूला नदी (जस्ता) हुन्छन्, जो हरबखत बढिरहेको हुन्छ, जसमा हामी सबभन्दा पहिलेको मूल स्रोतको एक थोपा पनि पाउन सक्तैनौं । हाम्रा प्राकृतिक जोशहरू संख्यामा थोरै हुन्छन्; स्वतन्त्रताका माध्यम तिनै हुन्, तिनीहरूले आत्मसंरक्षणतिर प्रवृत्त गराउँदछन् । जसले हामीलाई दास बनाएर नाश गर्दछन्, ती सबको स्रोत अर्कै हुन्छ । प्रकृतिले तिनीहरू हामीलाई दिएको होइन; प्रकृतिसँग विरोध गरेर हामी तिनीहरूलाई पक्रन्छौं ।

हाम्रा उमङ्गहरूको मूल, अरू बाँकी सबैको जड र उत्पत्ति स्थान, मानिससँग साथै जन्मेको, उसको जीवनभर उसलाई कहिल्यै नछोड्ने त्यो एउटै कुरो हो आत्मप्रेम; यो उमङ्ग प्राचीन हो, स्वाभाविक हो, यो अरू बाँकी सबै-

भन्दा अघिबाट आउँदछ जो एक किसिमले यसका परिवर्तन मात्र हुन् । यस अर्थमा तिनीहरू सब स्वाभाविक हुन् भन्न सकिन्छ; तर यी परिवर्तनहरूमध्ये धेरैंजसो बाहिरी प्रभावहरूका परिणाम हुन्, जुनवेगर यिनीहरू कहिले पनि हुन सक्ने थिएनन्, र यस्ता परिवर्तनहरू हामीलाई फाइदा गर्नुको सट्टा नोक्सान गर्ने हुन्छन् । तिनीहरूले मूल तात्पर्यलाई बदलिदिन्छन् र यसको लक्ष्यको विरुद्ध काम गर्दछन्; तब मानिसले आफूलाई प्रकृतिदेखि बाहिर र आफैंसँग कलहमा रहेको पाउँदछ।

आत्मप्रेम सधैं बेश हुन्छ, सधैं प्रकृतिको क्रमअनुसारको हुन्छ । हाम्रो जीवनको संरक्षण खास गरेर हामी हरेकको जिम्मामा दिइएको हुन्छ, र हाम्रो पहिलो होशियारी हाम्रो जीवनको रखवारी गर्नु हुन्छ र हुनैपर्दछ, र यदि यसमा सबभन्दा ठूलो अभिरुचि लिएनौं भने हामी कसरी हरबखत यसको रखवारी गर्न सक्तछौं ?

त्यस कारण आत्मसंरक्षणका निमित्त आत्मप्रेम आवश्यक छ र आत्मप्रेम सर्वोपरि हुनुपर्दछ र यसबाट सोझै यो निस्कन्छ कि जुन कुराले हाम्रो आत्मसंरक्षण गराउंदछ, त्यस कुरालाई हामी प्रेम गर्दछौं । हरेक बच्चाले आफ्नी धाईलाई प्यारो गर्दछ; रोमुलसले त्यो माउ चाहिं भालुलाई अवश्य प्यारो गरेको हुनुपर्दछ, जो उसलाई आफ्नो दूध चुसाउँदथी । यो स्नेह पहिले बिलकुल थाहा नपाइने हुन्छ; व्यक्ति त्यतातिर आकर्षित हुन्छ; जसले उसको कल्याण गराउँदछ र त्यतातिरबाट हटेको हुन्छ, जो उसका निमित्त हानिकारक हुन्छ; यो केवल अन्ध स्वभाव हो । जेले यो स्वभावलाई बोधमा, अभिरुचिलाई प्रेममा, नापसन्दलाई घृणामा परिणत गर्दछ, त्यो हामीलाई मदत गर्ने या नोक्सान गर्ने स्पष्ट इच्छा हो । बिनाबोध हामी वस्तुहरूमा ज्यादै उमङ्गसाथ आसक्त हुँदैनौं । जुन वस्तुहरू उनीहरूलाई दिइएको दिशातिर लाग्दछन् मात्र; तर जसबाट हामी उनीहरूको बाहिरी स्वभावबाट लाभ या हानिको अपेक्षा गर्दछौं, ती वस्तुहरूले आफ्नो इच्छा बनाउँदछन् । कुनै कुराले हाम्रो भलाइ गर्दछ, हामी यसको खोजी पनि गर्दछौं; तर हामी त्यस मानिसलाई प्यारो गर्दछौं, जसले हाम्रो भलाइ गर्दछ; कुनै कुराले हामीलाई हानि गर्दछ भने हामी त्यसबाट हट्तछौं, तर हामी त्यस मानिसलाई घृणा गर्दछौं, जसले हामीलाई हानि गर्न खोज्दछ ।

बच्चाको पहिलो बोध हुन्छ आत्म-प्रेम, यसबाट निस्कने दोस्रो बोध हुन्छ आफ्ना वरिपरिकाहरूमाथिको प्रेम; किनभने उसको कमजोरीको वर्तमान

अवस्थामा उसले ती मानिसहरूलाई मात्र जान्दछ, जसबाट ऊ मदत र हेरचाह पाउँदछ । पहिले उसकी धाई र संरक्षिकामाथिको उसको स्नेह केवल आदत मात्र हुन्छ । ऊ तिनीहरूलाई खोज्दछ, किनभने ऊ तिनीहरूलाई चाहन्छ र जब उनीहरू साथमा हुन्छन् ऊ सुखी हुन्छ; यो दयाको भावनाभन्दा स्पर्शको चेतना हो । उनीहरू उसका निमित्त उपयोगी हुने मात्र होइनन् कि उनीहरू उसका निमित्त उपयोगी हुने इच्छा पनि गर्दछन् भन्ने कुरा पत्ता लगाउन धेरै समय लाग्दछ, र त्यो वेला मात्र उसले उनीहरूलाई प्रेम गर्न थाल्दछ ।

यसनिमित्त बच्चाको मनमा दयाको बोध स्वभावतः हुँदै आउँछ, किनभने उसले आफना वरिपरिका हरेकलाई उसलाई मदत गर्नमा प्रवृत्त भएको देख्तछ र यस अनुभवबाट उसले आफ्ना जातिहरूप्रति दयालु भावनाको आदत प्राप्त गर्दछ; तर उसका सम्बन्धहरूको, उसका आवश्यकताहरूको, उसको क्रियाशील या अक्रियाशील निर्भरताको विस्तारले उसका अरूहरूसितका सम्बन्धको चेतना जगाइदिन्छ र कर्तव्यहरूको र पसन्दहरूको चेतनातिर प्रवृत्त गराउँदछ । त्यो वेला बच्चा मालिक जस्तो इखालु, छली र प्रतिहिंसाशील हुन्छ, यदि आज्ञापालनमा उसलाई लाचार तुल्याइएन भने, जब उसले उसलाई गर भनेको कुराको उपयोगिता देख्तैन, तब उसले यो उसलाई दुःख दिने इच्छाले भनेको हो भन्दछ र विद्रोह गर्दछ । मानिसहरूले भैंगो भनेर उसलाई छोडिदिए भने केही कुराले उसलाई रोक्नेबित्तिकै उसले यसलाई विद्रोह जस्तो, उसलाई रोक्ने इरादा जस्तो सम्झन्छ; उसको आज्ञा नमानेकोमा मेच या टेबुलमा हिर्काउन थाल्दछ । आत्मप्रेम, जसको सरोकार हामीसँग मात्र छ, त्यो हाम्रा आवश्यकताहरू पूरा भएमा सन्तुष्ट हुन्छ; तर स्वार्थीपन, जसले सधैं आफूलाई अरूहरूसँग तुलना गरिरहन्छ, त्यो कहिल्यै सन्तुष्ट हुँदैन र हुन पनि सक्तैन; किनभने जुन भावना अरूहरूको भन्दा हाम्रो राम्रो या बढिया होस् भन्ने चाहन्छ त्यसले अरूहरूले आफूहरूलाईभन्दा हामीलाई राम्रो या बढिया दिऊन् भन्ने खोज्दछ, जुन असम्भव छ । यस प्रकार कोमल र भला भावनाहरू आत्मप्रेमबाट उत्पन्न हुन्छन्, तर घृणा र क्रोधका भावनाहरूको उत्पत्ति स्वार्थीपनबाट हुन्छ । यसनिमित्त थोरै आवश्यकताहरू र अरूसित आफ्नो तुलना गर्दा साँगुरा हदहरूले गर्दा मानिसलाई साँच्चीकै असल तुल्याउँदछ; जुन कुराले उसलाई साँच्चीकै खराब तुल्याउँछ, त्यो हो आवश्यकताहरूको बाहुल्य र अरूहरूको विचारमा निर्भर रहनु । हामी कसरी यो सिद्धान्त लगाउन र बच्चाहरूको र मानिसहरूको हरेक उत्कट भावनालाई असल या खराबतिर

बाटो देखाउन सक्छौं, त्यो देख्नलाई सजिलो हुन्छ । साँचो हो, मानिस सधैं एक्लो रहन सक्तैन, अनि त्यसै कारण असल भएर रहन कठिन हुनेछ र जति अरूहरूसितको उसका सम्बन्धहरूको विस्तार हुँदै जान्छ, उति यो कठिनाइ अवश्य बढ्नेछ । यस कारण, सर्वोपरि, सामाजिक जीवनका खतराहरूले यो खोज्दछन् कि नयाँ नयाँ आवश्यकताहरूबाट उत्पत्ति हुने जुन नीचता हो त्यसबाट मानिसको दिललाई जोगाउन आवश्यक शीप र ध्यान लगाउनुपर्दछ ।

मानिसको ठीक अध्ययन उसको वातावरणसितको उसको सम्बन्धको अध्ययन हो । जबसम्म उसले आफ्नो वाह्य प्रकृतिद्वारा त्यस वातावरणलाई बुझ्दछ मात्र, तबसम्म उसले वस्तुहरूसितको सम्बन्धमा आफ्नै अध्ययन गर्नुपर्दछ; यो उसको बचपनको काम हो; जब उसले आफ्नो नैतिक प्रकृति बुझ्न थाल्दछ, तब उसले आफ्ना समाजका मानिसहरूसितको सम्बन्धमा आफ्नो अध्ययन गर्नुपर्दछ । यो उसको जीवनभरको काम हो, अब हामी त्यो समयमा पुगेका छौं, जब त्यो अध्ययनको प्रारम्भ हुनुपर्दछ ।

मानिसले साथी खोज्नेबित्तिकै ऊ एक्लो प्राणी हुँदैन, उसको दिल अब एक्लो हुँदैन । यसको साथै उसका जातिसितको सारा सम्बन्धहरूको, उसका हृदयका सारा स्नेहहरूको उत्पत्ति भइहाल्दछ । उसको पहिला उमङ्गले बाँकी जम्मैलाई उठाइदिन्छ ।

स्वाभाविक बुद्धिको दिशा अनिश्चित हुन्छ । पुरुष स्त्रीतिर र स्त्री पुरुषतिर आकर्षित हुन्छन्, त्यो प्रकृतिको प्रभाव हो । छनोट, ग्राह्यता, व्यक्तिगत अभिरुचिहरूतर्फ गलत विचार र आदतका काम हुन् । हामीलाई प्रेमको योग्य तुल्याउनलाई समय र ज्ञानको आवश्यकता हुन्छ । हामी तर्क नगरी प्रेम गर्दैनौं र तुलना नगरी छान्दैनौं । यी विचारहरू थाहा नपाईकन बनेका भए तापनि कम साँचो हुँदैनन् । तिमीले जे भने पनि, सच्चा प्रेम मानिसद्वारा सधैं सन्मान गरिन्छ; किनभने यसका जोशहरूले हामीलाई भडकाएर एकातिर लगे पनि, यसले कुनै घृणित गुणहरूतिर जाने हृदयको ढोका बन्द नगरे पनि, यसले यिनीहरूको उत्पत्ति गराए पनि यसमा कुनै असल लक्षणहरू हुन्छन् जुनबिना हामी प्रेमको योग्य हुन सक्तैनौं । यो ग्राह्यता जो तर्कको विरोधमा छ भन्ने कल्पना गरिन्छ त्यो वास्तवमा तर्कबाट उत्पन्न हुन्छ । हामी भन्छौं- प्रेम अन्धो हुन्छ, किनभने यसका आँखा हाम्राभन्दा असल हुन्छन् र यसले ती सम्बन्धहरू थाहा पाउँदछ, जो हामी देख्न सक्तैनौं । जुन मानिसलाई गुण या सौन्दर्यको विचार हुँदैन, त्यो मानिसका निमित्त सब स्वास्नीमानिस एकै हुन्थे र पहिले

जसलाई देख्यो उही चौपट्ट सुन्दरी लाग्ने हुन्थ्यो । प्रेम प्रकृतिबाट उत्पन्न हुँदैन, प्रेम प्रकृतिबाट टाढा छ; यो प्रकृतिका इच्छाहरूको रोक र कानून हो; प्रेमले नै स्त्री पुरुषका बीच आपस –आपसमा बेवास्ता गर्ने तुल्याउँदछ, जसलाई प्रेम गरिन्छ, उसलाई मात्र यो कुरा लाग्दैन ।

जुन पसन्द हामी थाहा पाउँदछौं, त्यसलाई जीवित तुल्याउन हामी इच्छा गर्दछौं; प्रेम पारस्परिक हुनुपर्दछ । प्रेम गरिनलाई प्रेमको लागि योग्य हुनुपर्दछ; रोजिनलाई हामी अरूभन्दा योग्य हुनुपर्दछ, कम–से–कम हाम्री प्रियतमाको दृष्टिमा । यस कारण हामी हाम्रै जनहरूमध्ये यताउति हेर्न थाल्दछौं,हामी आफूलाई उनीहरूसँग दाँज्न थाल्दछौं; त्यहाँ जोडका तोड हुन्छ, स्पर्धा हुन्छ, ईर्ष्या हुन्छ । भरिपूर्ण भएको दिल आफूलाई चिल्लाउन मन पराउँछ; गृहिणी या घरकी मालिक्नीको आवश्यकताबाट चाँडै नै साथीको आवश्यकताको उत्पत्ति हुन्छ । प्रेम गरिनु कस्तो मजाको कुरा रहेछ भन्ने जसले थाहा पाउँदछ, उसले सबैबाट प्रेम गरिन इच्छा गर्दछ र यदि सन्तुष्टि पाउन नसक्ने धेरै नभएका भए पसन्दहरू हुन सक्ने थिएनन् । प्रेम र मित्रताको साथसाथै झगडा, वैरभाव र घृणा शुरू हुन्छन् । जो मानिसहरू यी अनेक उत्कट भावनाहरूका बीच गद्दीमा विराजमान छन्, ती मानिसहरूको विचारलाई म आदरको दृष्टिले हेर्दछु र प्रेमको शक्तिले दास तुल्याइएका मूर्ख मानवहरू अरू मानिसहरूले जे विचार गर्दछन्, त्यसैमा मात्र आफ्नो अस्तित्वलाई आधारित तुल्याउँदछन् ।

यो विचारहरूलाई विस्तृत तुल्याऊ, अनि जसलाई हामी प्राकृतिक स्वार्थ भन्दछौं त्यो स्वार्थ कहाँ हुन्छ, कसरी स्वार्थ एउटा साधारण भावना हुनबाट रोकिन्छ र ठूलठूला मनहरूमा यो गर्व हुन आउँछ, त्यो तिमी बुझनेछौ । साना साना मनहरूमा यो घमण्ड हुन आउँछ र दुवैमा यो आफ्नो छिमेकीको हानि नोक्सानीलाई आहारा बनाएर रहन्छ । बच्चाको हृदयमा यस प्रकारका उत्कट भावनाहरूको कुनै बीज नहुनाले यसमा तिनीहरू आफै उत्पन्न हुन सक्तैनन्; बिउ रोप्ने त हामी नै हौं, र हाम्रै दोष नभए तिनीहरू कहिले पनि जरा हाल्न सक्तैनन् । नौजवानको कुरामा यस्तो हुँदैन; हामीले नगरे तापनि त्यस्ता भावनाहरूले प्रवेश-द्वार पाउँदछन् । त्यस कारण हाम्रा तरीकाहरू बदल्ने बेला भयो ।

चर्चाको विषय भएको जोखिमी अवस्थाको सम्बन्धमा कुनै महत्त्वपूर्ण विचारसाथ हामी शुरू गरौं । बचपनबाट जवानीमा परिवर्तन प्रकृतिले त्यत्तिको

स्पष्टसित गराउँदैन, तर यो व्यक्तिको मिजास र जातीय अवस्थाहरूअनुसार फरक हुन्छ। यस विषयमा जाडो र गरम मुलुकहरूको बीच देखिने भिन्नताहरूलाई सबै जान्दछन्, र हरेकले यो देखतछ कि उत्साह मिजासहरू अरूभन्दा चाँडै परिपक्व हुन्छन्, तर कारणहरूको बारेमा हामी गल्ती गर्न सक्तछौं र र जुन कुरा वास्तवमा मानसिक कारणहरूले हुन्छ त्यो शारीरिक कारणहरूले भएको हो भनेर हामी भन्दछौं; यो हाम्रो समयको दर्शनमा सर्वसाधारण गल्तीहरूमध्येको एउटा गल्ती हो। प्रकृतिको शिक्षा ढीलो आउँदछ; मानिसका शिक्षाहरू प्रायः असामयिक हुन्छन्। अघिल्लो कुरामा चेतनाहरूले कल्पना जगाउँदछन्; पछिल्लो कुरामा कल्पनाले चेतनाहरू जगाउँदछ; यसले चेतनाहरूलाई असामयिक क्रियाशीलता दिन्छ,जसले व्यक्तिलाई र आखिरमा जातिलाई नै दुर्बल नतुल्याई छोड्दैन। हावा पानीका प्रभावहरूको कुराभन्दा यो कुरा धेरै साधारण र धेरै विश्वसनीय कुरा छ कि अशिक्षित र जङ्गली मानिसहरूमा भन्दा शिक्षित र सभ्य जातिहरूमा जवानी र सम्भोगशक्ति सधैं बढ्ता असामयिक हुन्छ। सभ्यताको पर्दाभित्र लुकाइएका अनैतिक आदतहरू देखन केटाकेटीहरू गजब छिटा हुन्छन्। उनीहरूमाथि लादिएको भाषण, सदाचारको विषयमा दिइएका शिक्षाहरू, उनीहरूको आँखा अगाडि तिमीले लट्काउन बहाना गरेको रहश्यको पर्दा—यी कुराले उसको उत्सुकता बढाउने काम मात्र गर्दछन्। तिमी यसमा लागेको तरीकाबाट यो स्पष्ट हुन्छ कि जुन कुरा तिमी लुकाउने बहाना गर्दछौं त्यो कुरा उनीहरूलाई सिकाउने मतलब राखिन्छ; तिमीले उनीहरूलाई सिकाएका सबै कुराहरूमध्ये यो चाहिं कुरो चोपट्टै छिटो सिकिन्छ।

अनुभवबाट हेर, अनि तिमी थाहा पाउनेछौं कि यो मूर्ख तरीकाले प्रकृतिको काम छिटो छिटो गराउँदछ र आचरण बिगारिदिन्छ। हाम्रा शहरहरूमा हुने शारीरिक विकारका मुख्य कारणहरूमध्ये एउटा कारण यही हो। जवान मानिसहरूको शारीरिक शक्ति समयभन्दा अगाडि नै खतम हुनाले तिनीहरू दुब्ला हुन्छन्, पुड्का हुन्छन् र नराम्रा अनुहारका हुन्छन् र बढ्नुको सट्टा उनीहरू चाँडै नै बूढा हुन्छन् जस्तो वसन्त ऋतुमा फल फलाउन बाध्य गराइएको कुनै अङ्गूरको लहरा बैलाउँछ र शरत् ऋतुभन्दा अगाडि नै मर्दछ।

सुखी अज्ञानले बच्चाहरूको निर्दोषीपनलाई कहाँसम्म लम्ब्याउँदछ त्यो थाहा पाउनलाई तिमीले सोझा र गवाँर मानिहरूको बीचमा

रहनुपर्दछ । आफ्नै हृदयको संरक्षणमा छोडिएका दुवै जाति (लिङ्ग) का बच्चाहरूलाई बचपन र सौन्दर्यको फूलमा बचपनका खेलहरूमा लागिरहेका पारस्परिक हेलमेलले नै आफ्ना आनन्दहरू देखाइरहेका हेर्नु हृदयस्पर्शी र आनन्ददायी दृश्य हुन्छ । आखिरमा जब यी आनन्दी बच्चाहरूले बिहा गर्दछन्, उनीहरूले आफ्नो भावनाका पहिला फलहरू देखाउँछन् र त्यस कारणले झन् प्यारा हुन्छन् । बलिष्ठ र स्वस्थ बच्चाहरूका बथानहरू मेल–मिलापका चिह्न हुन्, जसलाई कुनै कुराले बदल्न सक्तैन र जो उनीहरूका शैशवावस्थाको गुणको फल हो । जुन उमेरमा मानिसलाई आफ्नो लिङ्ग या जातिको ज्ञान हुन्छ त्यस उमेरलाई प्रकृतिको कामले जत्तिकै शिक्षाका नतीजाहरूका निमित्त आदर गरिन्छ भने यो हुन आउँछकि जुन तरीकामा बच्चा हुर्के–बढेको छ त्यहीअनुसार यस उमेरलाई चाँडो आउने तुल्याउन पनि सकिन्छ या बिलम्ब गराउन पनि सकिन्छ ; र यदि यसको वृद्धिलाई छिटो तुल्याइएमा बिलम्ब तुल्याइएअनुसार शरीरको बल बढ्छ या घट्छ भने यो पनि हुन आउँछ कि हामीले जति यसलाई बिलम्ब्याउन खोज्दछौं उति झन् बलियो र मजबूत त्यो नै जवान हुनेछ । म अझै केवल शारीरिक परिणामहरूको विषयमा मात्र बोल्दै छु; तिमी चाँडै नै देख्नेछौं, यो सब यति मात्र होइन ।

यी विचारहरूबाट यसरी बारंबार छलफल गरिएको प्रश्नको समाधानमा म आइपुग्दछु–बच्चाहरूलाई हामीले शुरूको समयमा नै उनीहरूको उत्सुकताका वस्तुहरूको विषयमा प्रकाश दिने हो या सफा मिथ्याहरूले यस कुरालाई अहिले थामिराख्ने हो? मलाई लाग्छ हामीले कुनै पनि गर्नु हुँदैन । पहिले हामीले मौका दिएनौं भने यो उत्सुकता उठ्तै उठ्तैन । यस कारण हामीले यसलाई मौका दिँदै नदिने होशियारी गर्नुपर्दछ । दोस्रो, कसैलाई उत्तर दिन कर नलाग्ने प्रश्नहरूले हामीलाई ती प्रश्न सोध्नेहरूलाई छकाउन कर लगाउँदैनन् ; उससित झूटो बोल्नुभन्दा बच्चालाई चूप लाग भन्नु जाति छ । यदि तिमीले साना कुरामा उसलाई अघिबाटै बानी लगाएका छौ भने ऊ यस व्यवहारमा आश्चर्य हुनेछैन । आखिरमा, यदि तिमी उसका प्रश्नहरूको उत्तर दिने निर्णय गर्दछौ भने, नहाँसीकन, कुनै रहस्य या घबराहटबिना अत्यन्त स्पष्टतासाथ उत्तर दिने काम होस् । बच्चाको उत्सुकता बढाइदिनुभन्दा यसलाई सन्तुष्ट तुल्याइदिनु धेरै नै कम खतराको कुरा छ ।

तिम्रा उत्तरहरू सधैं गम्भीर, छोटकरी, निश्चित, र हिचकिचाहटबिनाका होऊन् । मैले यो कुरा थप्नुपर्दैन कि तिनीहरू सत्य हुनुपर्दछ । बच्चा-

जस्तो आँधीबेरी आउनुभन्दा समुद्रका छालहरूको गर्जन हुन्छ, त्यस्तै बढ्ता उत्कट भावनाहरूको गुनगुनाहटले यो हलचलपूर्ण परिवर्तनको सूचना गर्दछ, एउटा दबेको जोशले हामीलाई सन्निकटवर्ती खतराको जनाउ दिन्छ। मिजासको परिवर्तन, वारंवार रिसको झोकको विष्फोटन, सधैं मनको उत्तेजना, यी कुराहरूले बच्चालाई प्रायः सम्भालि नसक्नु तुल्याउँदछन्। जुन स्वरलाई ऊ मान्दथ्यो, त्यस स्वरको लागि ऊ बहिरो हुन्छ, त्यो जरो आएको सिंह हुन्छ, उसले आफ्नो संरक्षकमाथि विश्वास गर्दैन र नियन्त्रणमा रहन इन्कार गर्दछ। बदलिंदो मिजासको नैतिक लक्षणहरूको साथै उसको रूपमा थाहा पाइने परिवर्तनहरू हुन्छन्। उसको अनुहार विकसित हुन्छ र उसको आचरणको छाप यसमा लागेको हुन्छ। उसका गालाहरू माथिको नरम र पातलो भुवा अँध्यारो र कडा हुन्छ। उसको स्वर घोत्रो हुन्छ या यो बिलकुल दबेर जान्छ। ऊ न त बच्चा हुन्छ न त मानिस हुन्छ र न त यो जस्तो न त ऊ जस्तो बोल्न सक्तछ। आत्माका द्वार उसका आँखाहरू जो अहिलेसम्म मूक थिए, अब तिनमा बोली र अर्थ हुन्छन्, बल्दो आगोले उनीहरूलाई उज्ज्वल तुल्याउँदछ, उनीहरूको सधैंको चहकिलो दृष्टिमा अझै पवित्र निर्दोषीपन हुन्छ, तर तिनीहरूमा निरर्थक प्रकाश हराइसकेको हुन्छ, उसलाई अघिबाटै थाहा भइसकेको हुन्छ कि तिनीहरूले ज्यादै धेरै कुराहरू बताउन सक्तछन्, उसले ती आँखाहरूलाई तलतिर फर्काएर लाज मान्न सिक्न थालिसकेको हुन्छ, उसको मनले थाहा पाएको के हो, त्यो उसले नजाने तापनि ऊ चेतनशील भइरहेको हुन्छ, उसलाई किन यो भएको हो, त्यो थाहा नपाईकन उसलाई बेचैनी हुन्छ। यो सब अलि अलि गरेर हुन सक्तछ र तिमीलाई प्रशस्त समय दिन सक्तछ, तर यदि उसको तीक्ष्णतामा अधैर्य हुन्छ भने, यदि उसको उत्सुकतामा बहुलट्ठीपन हुन्छ भने, यदि ऊ एक क्षणमा झिक्दार हुन्छ र रिसाउँछ भने, यदि भरखर खतराको मूल हुन थालेका वस्तुहरूका अगाडि उसको नाडी धड्कन्छ र उसका आँखाहरू चम्कन्छन् भने, यदि स्वास्नीमानिसको हातले उसको हात छुँदा ऊ थरथर काम्दछ भने, यदि उनको अगाडि ऊ दुःखित र कातर हुन्छ भने हे युलिसेस! हे बुद्धिमान् युलिसेस! होश राख तिमीले यत्रो परिश्रमसाथ बन्द गरेका मार्गहरू खुला हुन्छन्, तिम्रो हात पतवारमा राख, नत्रभने सब खतम हुन्छ।

मैले भनेको दोस्रो जन्म यही हो, त्यो यही समय हो, जब मानिस जीवनमा साँच्चीकै प्रवेश गर्दछ। अबदेखिलाई मानिसको कुनै मानसिक जोश पनि नयाँ कुरो हुँदैन। अहिलेसम्मका हाम्रा प्रयत्नहरू बच्चाका खेल

हुन्, अब तिनीहरू बहुतै महत्त्वपूर्ण हुन्छन् । जुन समयमा साधारणतया शिक्षाको समाप्ति हुन्छ, त्यो आरम्भ गर्ने समय यही हो, तर यस योजनाको ठीकसँग व्याख्या गर्नलाई हामी हाम्रो कथा फेरि त्यहींदेखि लिऊँ जहाँ हामीले छोडेका थियौं ।

हाम्रा जोशहरू आत्मसंरक्षणका मुख्य उपायहरू हुन् । त्यस कारण तिनीहरूलाई नाश गर्ने प्रयास गर्नु जत्तिको निरर्थक हुन्छ, उत्तिकै अनुचित हुन्छ; यो प्रकृतिलाई दबाउनु हुनेछ, र परमेश्वरको कालिगडीलाई फेरि अर्कै रूप दिनु हुनेछ । परमेश्वरले मानिसलाई आफूले दिएका जोशहरू नाश गर्न आज्ञा दिए भने उनले उसलाई रहन पनि नरहन पनि आज्ञा दिनेछन् । उनले कहिल्यै यस्तो मूर्खतापूर्ण आज्ञा दिएका छैनन्; मानिसको दिलमा यस्तो केही पनि लेखिएको छैन, र परमेश्वर जुन मानिसलाई केही गराउन चाहन्छन् उसलाई ऊ अरू मानिसको कुरामा छोड्दैनन्, उनी आफैं बोल्दछन्; उनका शब्दहरू भित्री हृदयमा लेखिन्छन् ।

अब म विचार गर्दछु कि जसले मनका जोशहरूको उत्पत्तिलाई रोक्तछन्, तिनीहरू झन्डै ती जोशहरूलाई नाश गर्नेजत्तिकै मूर्ख हुन्, र जसले अहिलेसम्मको मेरो तात्पर्य यही हो भन्ने ठान्दछन् तिनीहरूले ठूलो गलती गर्दछन् ।

तर जोशहरू मानिसका निमित्त स्वाभाविक हुन् भन्ने कुराबाट हामीले थाहा पाउने आफूभित्रका जोशहरू र अरूहरूमा हामीले देख्ने जोशहरू प्राकृतिक नै हुन् भने के हामीले तर्क–वितर्क गर्नुपर्छ र ? उनीहरूको मूल स्रोत वास्तवमा प्राकृतिक हुन्छ; तर तिनीहरूलाई हजारौं अरू खोलानालाहरूले असमेल तुल्याएका हुन्छन् । तिनीहरू ठूला नदी (जस्ता) हुन्छन्, जो हरबखत बढिरहेको हुन्छ, जसमा हामी सबभन्दा पहिलेको मूल स्रोतको एक थोपा पनि पाउन सक्तैनौं । हाम्रा प्राकृतिक जोशहरू संख्यामा थोरै हुन्छन्; स्वतन्त्रताका माध्यम तिनै हुन्, तिनीहरूले आत्मसंरक्षणतिर प्रवृत्त गराउँदछन् । जसले हामीलाई दास बनाएर नाश गर्दछन्, ती सबको स्रोत अर्कै हुन्छ । प्रकृतिले तिनीहरू हामीलाई दिएको होइन; प्रकृतिसँग विरोध गरेर हामी तिनीहरूलाई पक्रन्छौं ।

हाम्रा उमङ्गहरूको मूल, अरू बाँकी सबैको जड र उत्पत्ति स्थान, मानिससँग साथै जन्मेको, उसको जीवनभर उसलाई कहिल्यै नछोड्ने त्यो एउटै कुरो हो आत्मप्रेम; यो उमङ्ग प्राचीन हो, स्वाभाविक हो, यो अरू बाँकी सबै-

भन्दा अघिबाट आउँदछ जो एक किसिमले यसका परिवर्तन मात्र हुन् । यस अर्थमा तिनीहरू सब स्वाभाविक हुन् भन्न सकिन्छ; तर यी परिवर्तनहरूमध्ये धेरैंजसो बाहिरी प्रभावहरूका परिणाम हुन्, जुनबेगर यिनीहरू कहिले पनि हुन सक्ने थिएनन्, र यस्ता परिवर्तनहरू हामीलाई फाइदा गर्नुको सट्टा नोक्सान गर्ने हुन्छन् । तिनीहरूले मूल तात्पर्यलाई बदलिदिन्छन् र यसको लक्ष्यको विरुद्ध काम गर्दछन्; तब मानिसले आफूलाई प्रकृतिदेखि बाहिर र आफैंसँग कलहमा रहेको पाउँदछ।

आत्मप्रेम सधैं वेश हुन्छ, सधैं प्रकृतिको क्रमअनुसारको हुन्छ । हाम्रो जीवनको संरक्षण खास गरेर हामी हरेकको जिम्मामा दिइएको हुन्छ, र हाम्रो पहिलो होशियारी हाम्रो जीवनको रखवारी गर्नु हुन्छ र हुनैपर्दछ, र यदि यसमा सबभन्दा ठूलो अभिरुचि लिएनौं भने हामी कसरी हरबखत यसको रखवारी गर्न सक्तछौं ?

त्यस कारण आत्मसंरक्षणका निमित्त आत्मप्रेम आवश्यक छ र आत्मप्रेम सर्वोपरि हुनुपर्दछ र यसबाट सोझै यो निस्कन्छ कि जुन कुराले हाम्रो आत्मसंरक्षण गराउंदछ, त्यस कुरालाई हामी प्रेम गर्दछौं । हरेक बच्चाले आफ्नी धाईलाई प्यारो गर्दछ; रोमुलसले त्यो माउ थाहि भालुलाई अवश्य प्यारो गरेको हुनुपर्दछ, जो उसलाई आफ्नो दूध चुसाउँदथी । यो स्नेह पहिले बिलकुल थाहा नपाइने हुन्छ; व्यक्ति त्यतातिर आकर्षिक हुन्छ; जसले उसको कल्याण गराउँदछ र त्यतातिरबाट हटेको हुन्छ, जो उसका निमित्त हानिकारक हुन्छ; यो केवल अन्ध स्वभाव हो । जेले यो स्वभावलाई बोधमा, अभिरुचिलाई प्रेममा, नापसन्दलाई घृणामा परिणत गर्दछ, त्यो हामीलाई मदत गर्ने या नोक्सान गर्ने स्पष्ट इच्छा हो । बिनाबोध हामी वस्तुहरूमा ज्यादै उमङ्गसाथ आसक्त हुँदैनौं । जुन वस्तुहरू उनीहरूलाई दिइएको दिशातिर लाग्दछन् मात्र; तर जसबाट हामी उनीहरूको बाहिरी स्वभावबाट लाभ या हानिको अपेक्षा गर्दछौं, ती वस्तुहरूले आफ्नो इच्छा बनाउँदछन् । कुनै कुराले हाम्रो भलाइ गर्दछ, हामी यसको खोजी पनि गर्दछौं; तर हामी त्यस मानिसलाई प्यारो गर्दछौं, जसले हाम्रो भलाइ गर्दछ; कुनै कुराले हामीलाई हानि गर्दछ भने हामी त्यसबाट हट्तछौं, तर हामी त्यस मानिसलाई घृणा गर्दछौं, जसले हामीलाई हानि गर्न खोज्दछ ।

बच्चाको पहिलो बोध हुन्छ आत्म-प्रेम, यसबाट निस्कने दोस्रो बोध हुन्छ आफना वरिपरिकाहरूमाथिको प्रेम; किनभने उसको कमजोरीको वर्तमान

अवस्थामा उसले ती मानिसहरूलाई मात्र जान्दछ, जसबाट ऊ मदत र हेरचाह पाउँदछ । पहिले उसको धाई र संरक्षिकामाथिको उसको स्नेह केवल आदत मात्र हुन्छ । ऊ तिनीहरूलाई खोज्दछ, किनभने ऊ तिनीहरूलाई चाहन्छ र जब उनीहरू साथमा हुन्छन् ऊ सुखी हुन्छ; यो दयाको भावनाभन्दा स्पर्शको चेतना हो । उनीहरू उसका निमित्त उपयोगी हुने मात्र होइनन् कि उनीहरू उसका निमित्त उपयोगी हुने इच्छा पनि गर्दछन् भन्ने कुरा पत्ता लगाउन धेरै समय लाग्दछ, र त्यो बेला मात्र उसले उनीहरूलाई प्रेम गर्न थाल्दछ ।

यसनिमित्त बच्चाको मनमा दयाको बोध स्वभावतः हुँदै आउँछ, किनभने उसले आफ्ना वरिपरिका हरेकलाई उसलाई मदत गर्नमा प्रवृत्त भएको देख्तछ र यस अनुभवबाट उसले आफ्ना जातिहरूप्रति दयालु भावनाको आदत प्राप्त गर्दछ; तर उसका सम्बन्धहरूको, उसका आवश्यकताहरूको, उसको क्रियाशील या अक्रियाशील निर्भरताको विस्तारले उसका अरूहरूसितका संम्बन्धको चेतना जगाइदिन्छ र कर्तव्यहरूको र पसन्दहरूको चेतनातिर प्रवृत्त गराउँदछ । त्यो बेला बच्चा मालिक जस्तो इखालु, छली र प्रतिहिंसाशील हुन्छ, यदि आज्ञापालनमा उसलाई लाचार तुल्याइएन भने, जब उसले उसलाई गर भनेको कुराको उपयोगिता देख्तैन, तब उसले यो उसलाई दुःख दिने इच्छाले भनेको हो भन्दछ र विद्रोह गर्दछ । मानिसहरूले भँगो भनेर उसलाई छोडिदिए भने केही कुराले उसलाई रोक्नेबित्तिकै उसले यसलाई विद्रोह जस्तो, उसलाई रोक्ने इरादा जस्तो सम्झन्छ; उसको आज्ञा नमानेकोमा मेच या टेबुलमा हिर्काउन थाल्दछ । आत्मप्रेम, जसको सरोकार हामीसँग मात्र छ, त्यो हाम्रा आवश्यकताहरू पूरा भएमा सन्तुष्ट हुन्छ; तर स्वार्थीपन, जसले सधैं आफूलाई अरूहरूसंग तुलना गरिरहन्छ, त्यो कहिल्यै सन्तुष्ट हुँदैन र हुन पनि सक्तैन; किनभने जुन भावना अरूहरूको भन्दा हाम्रो राम्रो या बढिया होस् भन्ने चाहन्छ त्यसले अरूहरूले आफूहरूलाईभन्दा हामीलाई राम्रो या बढिया दिऊन् भन्ने खोज्दछ, जुन असम्भव छ । यस प्रकार कोमल र भला भावनाहरू आत्मप्रेमबाट उत्पन्न हुन्छन्, तर घृणा र क्रोधका भावनाहरूको उत्पत्ति स्वार्थीपनबाट हुन्छ । यसनिमित्त थोरै आवश्यकताहरू र अरूसित आफ्नो तुलना गर्दा साँगुरा हदहरूले गर्दा मानिसलाई साँच्चीकै असल तुल्याउँदछ; जुन कुराले उसलाई साँच्चीकै खराब तुल्याउँछ, त्यो हो आवश्यकताहरूको बाहुल्य र अरूहरूको विचारमा निर्भर रहनु । हामी कसरी यो सिद्धान्त लगाउन र बच्चाहरूको र मानिसहरूको हरेक उत्कट भावनालाई असल या खराबतिर

बाटो देखाउन सक्छौं, त्यो देख्नलाई सजिलो हुन्छ । साँचो हो, मानिस सधैं एक्लो रहन सक्तैन, अनि त्यसै कारण असल भएर रहन कठिन हुनेछ र जति अरूहरूसितको उसका सम्बन्धहरूको विस्तार हुँदै जान्छ, उति यो कठिनाइ अवश्य बढ्नेछ । यस कारण, सर्वोपरि, सामाजिक जीवनका खतराहरूले यो खोज्दछन् कि नयाँ नयाँ आवश्यकताहरूबाट उत्पत्ति हुने जुन नीचता हो त्यसबाट मानिसको दिललाई जोगाउन आवश्यक शीप र ध्यान लगाउनुपर्दछ ।

मानिसको ठीक अध्ययन उसको वातावरणसितको उसको सम्बन्धको अध्ययन हो । जबसम्म उसले आफ्नो वाह्य प्रकृतिद्वारा त्यस वातावरणलाई बुझ्दछ मात्र, तबसम्म उसले वस्तुहरूसितको सम्बन्धमा आफ्नै अध्ययन गर्नुपर्दछ; यो उसको बचपनको काम हो; जब उसले आफ्नो नैतिक प्रकृति बुझ्न थाल्दछ, तब उसले आफ्ना समाजका मानिसहरूसितको सम्बन्धमा आफ्नो अध्ययन गर्नुपर्दछ । यो उसको जीवनभरको काम हो, अब हामी त्यो समयमा पुगेका छौं, जब त्यो अध्ययनको प्रारम्भ हुनुपर्दछ ।

मानिसले साथी खोज्नेबित्तिकै ऊ एक्लो प्राणी हुँदैन, उसको दिल अब एक्लो हुँदैन । यसको साथै उसका जातिसितको सारा सम्बन्धहरूको, उसका हृदयका सारा स्नेहहरूको उत्पत्ति भइहाल्दछ । उसको पहिला उमङ्गले बाँकी जम्मैलाई उठाइदिन्छ ।

स्वाभाविक बुद्धिको दिशा अनिश्चित हुन्छ । पुरुष स्त्रीतिर र स्त्री पुरुषतिर आकर्षित हुन्छन्, त्यो प्रकृतिको प्रभाव हो । छनोट, ग्राहयता, व्यक्तिगत अभिरुचिहरू-तर्फ गलत विचार र आदतका काम हुन् । हामीलाई प्रेमको योग्य तुल्याउनलाई समय र ज्ञानको आवश्यकता हुन्छ । हामी तर्क नगरी प्रेम गर्दैनौं र तुलना नगरी छान्दैनौं । यी विचारहरू थाहा नपाईकन बनेका भए तापनि कम साँचो हुँदैनन् । तिमीले जे भने पनि, सच्चा प्रेम मानिसद्वारा सधैं सम्मान गरिन्छ; किनभने यसका जोशहरूले हामीलाई भडकाएर एकातिर लगे पनि, यसले कुनै घृणित गुणहरूतिर जाने हृदयको ढोका बन्द नगरे पनि, यसले यिनीहरूको उत्पत्ति गराए पनि यसमा कुनै असल लक्षणहरू हुन्छन् जुनबिना हामी प्रेमको योग्य हुन सक्तैनौं । यो ग्राह्यता जो तर्कको विरोधमा छ भन्ने कल्पना गरिन्छ त्यो वास्तवमा तर्कबाट उत्पन्न हुन्छ । हामी भन्छौं- प्रेम अन्धो हुन्छ, किनभने यसका आँखा हाम्राभन्दा असल हुन्छन् र यसले ती सम्बन्धहरू थाहा पाउँदछ, जो हामी देख्न सक्तैनौं । जुन मानिसलाई गुण या सौन्दर्यको विचार हुँदैन, त्यो मानिसका निमित्त सब स्वास्नीमानिस एकै हुन्ये र पहिले

जसलाई देख्यो उही चौपट्ट सुन्दरी लाग्ने हुन्थ्यो । प्रेम प्रकृतिबाट उत्पन्न हुँदैन, प्रेम प्रकृतिबाट टाढा छ; यो प्रकृतिका इच्छाहरूको रोक र कानून हो; प्रेमले नै स्त्री पुरुषका बीच आपस–आपसमा बेवास्ता गर्ने तुल्याउँदछ, जसलाई प्रेम गरिन्छ, उसलाई मात्र यो कुरा लाग्दैन ।

जुन पसन्द हामी थाहा पाउँदछौं, त्यसलाई जीवित तुल्याउन हामी इच्छा गर्दछौं; प्रेम पारस्परिक हुनुपर्दछ । प्रेम गरिनलाई प्रेमको लागि योग्य हुनुपर्दछ; रोजिनलाई हामी अरूभन्दा योग्य हुनुपर्दछ, कम–से–कम हाम्री प्रियतमाको दृष्टिमा । यस कारण हामी हाम्रै जनहरूमध्ये यताउति हेर्न थाल्दछौं,हामी आफूलाई उनीहरूसँग दाँज्न थाल्दछौं; त्यहाँ जोडका तोड हुन्छ, स्पर्धा हुन्छ, ईर्ष्या हुन्छ । भरिपूर्ण भएको दिल आफूलाई चिह्नाउन मन पराउँछ; गृहिणी या घरकी मालिक्नीको आवश्यकताबाट चाँडै नै साथीको आवश्यकताको उत्पत्ति हुन्छ । प्रेम गरिनु कस्तो मजाको कुरा रहेछ भन्ने जसले थाहा पाउँदछ, उसले सबैबाट प्रेम गरिन इच्छा गर्दछ र यदि सन्तुष्टि पाउन नसक्ने धेरै नभएका भए पसन्दहरू हुन सक्ने थिएनन् । प्रेम र मित्रताको साथसाथै झगडा, वैरभाव र घृणा शुरू हुन्छन् । जो मानिसहरू यी अनेक उत्कट भावनाहरूका बीच गद्दीमा विराजमान छन्, ती मानिसहरूको विचारलाई म आदरको दृष्टिले हेर्दछु र प्रेमको शक्तिले दास तुल्याइएका मूर्ख मानवहरू अरू मानिसहरूले जे विचार गर्दछन्, त्यसैमा मात्र आपनो अस्तित्वलाई आधारित तुल्याउँदछन् ।

यी विचारहरूलाई विस्तृत तुल्याऊ, अनि जसलाई हामी प्राकृतिक स्वार्थ भन्दछौं त्यो स्वार्थ कहाँ हुन्छ, कसरी स्वार्थ एउटा साधारण भावना हुनबाट रोकिन्छ र ठूलठूला मनहरूमा यो गर्व हुन आउँछ, त्यो तिमी बुझ्नेछौ । साना साना मनहरूमा यो घमण्ड हुन आउँछ र दुवैमा यो आपनो छिमेकीको हानि नोक्सानीलाई आहारा बनाएर रहन्छ । बच्चाको हृदयमा यस प्रकारका उत्कट भावनाहरूको कुनै बीज नहुनाले यसमा तिनीहरू आफै उत्पन्न हुन सक्तैनन्; बिउ रोप्ने त हामी नै हौं, र हाम्रै दोष नभए तिनीहरू कहिले पनि जरा हाल्न सक्तैनन् । नौजवानको कुरामा यस्तो हुँदैन; हामीले नगरे तापनि त्यस्ता भावनाहरूले प्रवेश–द्वार पाउँदछन् । त्यस कारण हाम्रा तरीकाहरू बदल्ने वेला भयो ।

चर्चाको विषय भएको जोखिमी अवस्थाको सम्बन्धमा कुनै महत्त्वपूर्ण विचारसाथ हामी शुरू गरौं । बचपनबाट जवानीमा परिवर्तन प्रकृतिले व्यक्तिको

स्पष्टसित गराउँदैन, तर यो व्यक्तिको मिजास र जातीय अवस्थाहरूअनुसार फरक हुन्छ। यस विषयमा जाडो र गरम मुलुकहरूको बीच देखिने भिन्नताहरूलाई सबै जान्दछन्, र हरेकले यो देख्तछ कि उत्साह मिजासहरू अरूभन्दा चाँडै परिपक्व हुन्छन्, तर कारणहरूको बारेमा हामी गल्ती गर्न सक्तछौं र र जुन कुरा वास्तवमा मानसिक कारणहरूले हुन्छ त्यो शारीरिक कारणहरूले भएको हो भनेर हामी भन्दछौं; यो हाम्रो समयको दर्शनमा सर्वसाधारण गल्तीहरूमध्येको एउटा गल्ती हो। प्रकृतिको शिक्षा ढीलो आउँदछ; मानिसका शिक्षाहरू प्रायः असामयिक हुन्छन्। अघिल्लो कुरामा चेतनाहरूले कल्पना जगाउँदछन्; पछिल्लो कुरामा कल्पनाले चेतनाहरू जगाउँदछ; यसले चेतनाहरूलाई असामयिक क्रियाशीलता दिन्छ,जसले व्यक्तिलाई र आखिरमा जातिलाई नै दुर्बल नतुल्याई छोड्दैन। हावा पानीका प्रभावहरूको कुराभन्दा यो कुरा धेरै साधारण र धेरै विश्वसनीय कुरा छ कि अशिक्षित र जङ्गली मानिसहरूमा भन्दा शिक्षित र सभ्य जातिहरूमा जवानी र सम्भोगशक्ति सधैं बढ्ता असामयिक हुन्छ। सभ्यताको पर्दाभित्र लुकाइएका अनैतिक आदतहरू देख्न केटाकेटीहरू गजप छिटा हुन्छन्। उनीहरूमाथि लादिएको भाषण, सदाचारको विषयमा दिइएका शिक्षाहरू, उनीहरूको आँखा अगाडि तिमीले लट्काउन बहाना गरेको रहस्यको पर्दा—यी कुराले उसको उत्सुकता बढाउने काम मात्र गर्दछन्। तिमी यसमा लागेको तरीकाबाट यो स्पष्ट हुन्छ कि जुन कुरा तिमी लुकाउने बहाना गर्दछौं त्यो कुरा उनीहरूलाई सिकाउने मतलब राखिन्छ ; तिमीले उनीहरूलाई सिकाएका सबै कुराहरूमध्ये यो चाहिं कुरो चोपट्टै छिटो सिकिन्छ।

अनुभवबाट हेर, अनि तिमी थाहा पाउनेछौं कि यो मूर्ख तरीकाले प्रकृतिको काम छिटो छिटो गराउँदछ र आचरण बिगारिदिन्छ। हाम्रा शहरहरूमा हुने शारीरिक विकारका मुख्य कारणहरूमध्ये एउटा कारण यही हो। जवान मानिसहरूको शारीरिक शक्ति समयभन्दा अगाडि नै खतम हुनाले तिनीहरू दुब्ला हुन्छन्, पुड्का हुन्छन् र नराम्रा अनुहारका हुन्छन् र बढ्नुको सट्टा उनीहरू चाँडै नै बूढा हुन्छन् जस्तो वसन्त ऋतुमा फल फलाउन बाध्य गराइएको कुनै अङ्गूरको लहरा वैलाउँछ र शरत् ऋतुभन्दा अगाडि नै मर्दछ।

सुखी अज्ञानले बच्चाहरूको निर्दोषीपनलाई कहाँसम्म लम्ब्याउँदछ त्यो थाहा पाउनलाई तिमीले सोझा र गवाँर मानिहरूको बीचमा

रहनुपर्दछ । आफ्नै हृदयको संरक्षणमा छोडिएका दुवै जाति (लिङ्ग)का बच्चाहरूलाई बचपन र सौन्दर्यको फूलमा बचपनका खेलहरूमा लागिरहेका पारस्परिक हेलमेलले नै आफ्ना आनन्दहरू देखाइरहेका हेर्नु हृदयस्पर्शी र आनन्ददायी दृश्य हुन्छ । आखिरमा जब यी आनन्दी बच्चाहरूले बिहा गर्दछन्, उनीहरूले आफ्नो भावनाका पहिला फलहरू देखाउँछन् र त्यस कारणले झन् प्यारा हुन्छन् । बलिष्ठ र स्वस्थ बच्चाहरूका बथानहरू मेल–मिलापका चिह्न हुन्, जसलाई कुनै कुराले बदल्न सक्तैन र जो उनीहरूका शैशवावस्थाको गुणको फल हो । जुन उमेरमा मानिसलाई आफ्नो लिङ्ग या जातिको ज्ञान हुन्छ त्यस उमेरलाई प्रकृतिको कामले जत्तिकै शिक्षाका नतीजाहरूका निमित्त आदर गरिन्छ भने यो हुन आउँछकि जुन तरीकामा बच्चा हुर्के-बढेको छ त्यहीअनुसार यस उमेरलाई चाँडो आउने तुल्याउन पनि सकिन्छ या बिलम्ब गराउन पनि सकिन्छ ; र यदि यसको वृद्धिलाई छिटो तुल्याइएमा विलम्ब तुल्याइएअनुसार शरीरको बल बढ्छ या घट्छ भने यो पनि हुन आउँछ कि हामीले जति यसलाई बिलम्ब्याउन खोज्दछौं उति झन् बलियो र मजबूत त्यो नै जवान हुनेछ । म अझै केवल शारीरिक परिणामहरूको विषयमा मात्र बोल्दै छु; तिमी चाँडै नै देख्नेछौं, यो सब यति मात्र होइन ।

यी विचारहरूबाट यसरी बारंबार छलफल गरिएको प्रश्नको समाधानमा म आइपुग्दछु–बच्चाहरूलाई हामीले शुरूको समयमा नै उनीहरूको उत्सुकताका वस्तुहरूको विषयमा प्रकाश दिने हो या सफा मिथ्याहरूले यस कुरालाई अहिले थामिराख्ने हो? मलाई लाग्छ हामीले कुनै पनि गर्नु हुँदैन । पहिले हामीले मौका दिएनौं भने यो उत्सुकता उठ्तै उठ्तैन । यस कारण हामीले यसलाई मौका दिँदै नदिने होशियारी गर्नुपर्दछ । दोस्रो, कसैलाई उत्तर दिन कर नलाग्ने प्रश्नहरूले हामीलाई ती प्रश्न सोध्नेहरूलाई छकाउन कर लगाउँदैनन् ; उससित झूटो बोल्नुभन्दा बच्चालाई चूप लाग भन्नु जाति छ । यदि तिमीले साना कुरामा उसलाई अघिबाटै बानी लगाएका छौ भने ऊ यस व्यवहारमा आश्चर्य हुनेछैन । आखिरमा, यदि तिमी उसका प्रश्नहरूको उत्तर दिने निर्णय गर्दछौ भने, नहाँसीकन, कुनै रहस्य या घबराहटविना अत्यन्त स्पष्टतासाथ उत्तर दिने काम होस् । बच्चाको उत्सुकता बढाइदिनुभन्दा यसलाई सन्तुष्ट तुल्याइदिनु धेरै नै कम खतराको कुरा छ ।

तिम्रा उत्तरहरू सधैं गम्भीर, छोटकरी, निश्चित, र हिचकिचाहटविनाका होऊन् । मैले यो कुरा भन्नुपर्दैन कि तिनीहरू सत्य हुनुपर्दछ । बच्चा-

हरूसित झूटो बोल्नाको खतरा मानिसले नबुझीकन बच्चाहरूले मानिसहरूसित झूटो बोल्दाको खतरा उनीहरूलाई सिकाउन सकिदैन । शिक्षकले एउटा मात्र झूटो कुरो बोल्यो भने त्यसले उसको शिक्षाका परिणामहरूलाई नाश गरिदिन्छ ।

कुनै कुराहरूको विषयमा पूर्ण अज्ञान हुनु बच्चाहरूका निमित्त शायद उत्तम कुरा छ; तर जुन कुरा उनीहरूबाट सधैंका निमित लुकाउन असम्भव हुन्छ त्यो कुरा उनीहरूले चाँडै नै सिकून् । या त उनीहरूको उत्सुकता कहिल्यै पनि जगाइदिनु हुँदैन या त त्यो उमेरभन्दा अगाडि नै यसलाई सन्तुष्ट तुल्याइदिनुपर्दछ । जब यो खतराको मूल हुन आउँदछ, यस विषयमा तिम्रो चेलाप्रतिको तिम्रो आचरण उसको व्यक्तिगत अवस्थाहरूमा, जुन समाजमा चल्दछ त्यसमा, जुन हैसियतमा ऊ रहेको छ त्यसमा, ज्यादा गरेर निर्भर गर्दछ । कुनै कुरा पनि संयोगको भरमा छोडिदिनु हुँदैन; र ऊ सोह्र वर्ष हुन्जेलसम्म उसलाई जाति (लिङग)को अज्ञानमा राख्ने तिमीलाई निश्चय छैन भने याद राख कि ऊ दश हुन्जेलसम्म उसलाई यो कुराको ज्ञान नहोस् ।

बच्चाहरूसित कुरा गर्दा मानिसहरूले फर्किनु या बेखुशी हुनु हुँदैन, न त उनीहरूले कोदालीलाई कोदाली भन्न छलेर आफ्नो बाटो छोडेर हिड्नु हुन्छ; यदि मानिसहरूले यस्तो गरे भने यो कुरा सधैं थाहा भइहाल्दछ । यस विषयमा सदाचारहरू सधैं पूरा सरल हुन्छन्; तर पापले मैलिएको कल्पनाले कानलाई सधैं शङ्कालु तुल्याउँदछ र हामीलाई सधैं आफ्ना बोलीहरूलाई समालिरहन करै लाग्दछ । स्पष्ट सादा कुराहरूले केही हानि गर्दैनन्; खराब भावनाहरूलाई पो त्याग गर्नुपर्दछ ।

मानिसहरूका निमित्त नम्रता स्वाभाविक कुरा भए तापनि बच्चाहरूका निमित्त यो स्वाभाविक हुँदैन । खराबीको ज्ञानबाट मात्र नम्रता शुरु हुन्छ । जसबाट यसको उत्पत्ति हुन्छ त्यस खराबीको ज्ञान नभईकन बच्चाहरूमा नम्रताको भावना कसरी होस् ? उनीहरूलाई नम्रता र सदाचारको शिक्षा दिनु दुनियाँमा लज्जाजनक र दुष्ट कुराहरू हुन्छन् भन्ने सिकाउनु हो, र उनीहरूमा यी कुराहरू के हुन् भन्ने भित्री इच्छा उठाइदिनु हो । ढीलो चाँडो उनीहरूले यो कुरा थाहा पाउँदछन् र जुन पहिला झिल्काले कल्पनालाई छुन्छ, त्यसले अवश्य इन्द्रियहरूलाई छिटो छिटो जगाइदिनेछ । लाजहरू दोषका हुन्, सच्चा निर्दोषीपन कुनै लक्षण कुरादेखि लज्जित हुँदैन ।

बच्चाहरूका मानिसहरूका जस्तै आकांक्षाहरू हुँदैनन्, तर तिनीहरू जस्तै उनीहरू पनि उस्तै अवाञ्छनीय आवश्यकताहरूका अधीन हुन्छन् जसले

इन्द्रियहरूलाई धक्का दिन्छन्, र यस उपायबाट उनीहरूले उपयुक्ततामा उही शिक्षाहरू पाउन सक्तछन् । प्रकृतिको मनको अनुसरण गर जसले गुप्ती आनन्दहरू र घृणित आवश्यकताहरूको ज्ञानेन्द्रियहरूलाई उही एकै ठाउँमा राखेको छ; प्रकृतिले हामीलाई भिन्दा भिन्दै उमेरमा उही अघिबाटैको होशियारी सिकाउँदछ, यो उसले कहिले एउटा भावनाद्वारा, कहिले अर्कै भावनाद्वारा गराउँदछ; मानिसलाई सुशीलताद्वारा, बच्चालाई सफाइद्वारा ।

बच्चाको निर्दोषीपनको संरक्षण गर्ने म एउटै उपाय देखतछु– त्यो हो उसलाई ती मानिसहरूले परिवेष्टित गर्नु, जो उसलाई आदर गर्दछन् र प्यारो गर्दछन् । यो विना उसलाई अज्ञानमा राख्ने हाम्रा सबै प्रयासहरू ढीलो चाँडो विफल हुन्छन् । मुसुक्क हाँस्नु, आँखा झिम्क्याउनु, होश नराखीकन इशारा गर्नु इत्यादिले हामीले लुकाउन खोजेका जम्मै कुराहरू उसलाई बताइदिन्छन्; हामीले उसबाट लुकाउन चाहेको त्यहाँ केही कुरा छ भन्ने थाहा पाउन उसलाई यत्तिले प्रशस्त मात्रामा सिकाउँदछ । नम्र मानिसहरूले प्रयोग गरेका सुन्दर बोली– वचनहरूले त्यो ज्ञान प्रकट गर्दछन्, जो बच्चाहरूमा हुनु हुँदैन, र तिनीहरूका निमित्त ती बिलकुल अशोभनीय हुन्छन्; तर जब हामी बच्चाको निर्दोषीपनलाई साँच्चीकै आदर गर्दछौं, तब उसँग कुरा गर्दा हामी उसलाई सुहाउने बोली वचन पाउँदछौं । निर्दोषीपनलाई सुहाउने र मजा लाग्ने बोलीमा एक प्रकारको सफलता हुन्छ; खतरनाक उत्सुकताबाट बच्चालाई फर्काउनको निमित्त बोलीको ठीक ढङ्ग यही हो, हरेक कुराको विषयमा उसँग सरल चालसँग बोल्नाले कुनै कुरा नभनीकन छिपाएको थियो कि भन्ने शङ्का पर्दैन । नरमाइला भावनाहरूमा खस्रा बोलीहरू जोडेर कल्पनाका पहिला झिल्काहरू त तिमी निभाइदिन्छौ, तर उसले थाहा नपाईकन ती बोलीहरू सम्झन उसलाई मन नलाग्ने तुल्याइदिन्छौ । जसले हृदयदेखि नै बोलेर ठीक कुरा भन्दछन् र आफूलाई जस्तो लाग्यो त्यस्तै भन्दछन्, तिनीहरूका निमित्त घबराहटको कत्तिको बचाऊ हुन्छ ।

“साना साना बच्चाहरू कहाँबाट आउँदछन् ?” यो एउटा हैरानीको प्रश्न हो, जुन स्वभावतः बच्चाहरू गर्दछन्; यो यस्तो प्रश्न हो, जसको उत्तर मूर्खता या बुद्धिमतापूर्वक दिनाले बच्चाको जीवनभरका लागि उसको स्वास्थ्यमा नैतिकताको निर्णय हुन सक्तछ । आफ्नो छोरालाई नछकाईकन आमाले यसबाट उम्कने सबभन्दा छिटो तरीका यही हुन्छ कि उसलाई चुप लाग भन्नु । यदि मामूली कुराहरूमा उसको यो आदत लागेको छ भने र

बोल्ने यस नयाँ तरीकाबाट यसमा कुनै रहस्य छ भन्ने शङ्का लागेको छैन भने यसले आफ्नो काम गर्दछ । तर आमा चाहिं यत्तिकैमा अड्दिनन्; उनी भन्लिन् "यो विवाहित मानिसहरूको रहस्य हो; साना बच्चाहरू यसरी उत्सुक हुनु हुँदैन ।" जहाँसम्म आमाको सम्बन्ध छ त्यो सब ठीक छ, तर उनको अपहेलनयुक्त चालले गर्दा आफ्नो स्वाभिमानमा चोट लागेर त्यो सानो बच्चा विवाहित मानिसहरूको रहस्य के हो त्यो थाहा नपाउन्जेलसम्म चूप लागेर रहँदैन; यो कुरा चाँडै नै हुन आउँछ, यसमा आमा निश्चित रहन सक्छिन् ।

त्यसै प्रश्नलाई दिइएको बिलकुल फरक उत्तर म तिमीलाई बताऊँ, जुन मैले सुनेको थिएँ र जसले ममाथि धेरै प्रभाव पारेको थियो । जुन महिला बोली–वचनमा र आचरणमा नम्र थिइन् तिनीबाट यो जवाफ आएको थियो । तिनी आफ्नो बच्चाको कल्याण र धर्मको कारणको निमित्त बखत—बखतमा झूटो डर र मूर्खहरूका वाहियात उपहासहरूलाई एकातिर पन्छाउन सक्तथिन् । केही दिनअघि त्यस बच्चाले एउटा ढुङ्गा नाघेर गएको थियो, जसले बाटो बिगारेको थियो, तर त्यो कठिनाई बितेर गइसकेको थियो र बिसिइसकेको थियो, त्यो उत्सुक बच्चाले भन्यो, "बच्चाहरू कहाँबाट आउँदछन् ?" आमाले नहिचकिचाईकन भनिन्, "स्वास्नीमानिसहरू पीडा सहीकन बच्चाहरू जन्माउँदछन्, जसले गर्दा कहिले कहिले उनीहरूको जीवनलाई नै खतरा हुन्छ ।" मूर्खहरू हाँसून् र स्वाँठहरू दुःखित होऊन्; तर बुद्धिमान्‌हरू प्रश्न गरून् कि के योभन्दा बढ्ता बुद्धिमत्ताको र योभन्दा बढ्ता उपयुक्त उत्तर अर्को हुन सक्तछ ?

पहिलो कुरा, जुन प्रकृतिको आवश्यकताको विचारसित बच्चा राम्ररी परिचित छ, त्यसले गुप्ततरीकाको भावनाबाट उसका विचारहरूलाई फर्काइदिन्छ । त्यसको साथमा रहने पीडा र मृत्युका भावनाहरूले यसलाई दिक्दारीको पर्दाले ढाकिदिन्छन्, जसले कल्पनालाई मन्द तुल्याइदिन्छ र उत्सुकतालाई दबाइदिन्छ; हरेक कुराले बच्चाको जन्मको कारणहरूतिर होइन कि नतीजाहरूतिर मनलाइ लगिदिन्छ । कुरा यही हो जतातिर यस उत्तरले लगिदिन्छ । यदि यस उत्तरले सजीव तुल्याइएको अरुचिले बच्चालाई अब प्रश्न गर्न तुल्याउँदछ भने उसका विचारहरू मनुष्य–स्वभावका कमजोरीहरूतिर फर्केका हुन्छन्, जो दिक्क लाग्ने कुरा हुन्, जो दुःखका प्रतीक हुन् । यस्तो कुराकानीमा इच्छालाई बढाइदिने के मौका हुन्छ ? तैपनि हेर, सत्यपथबाट विचलित हुनु हुँदैन, उसलाई सिकाउनको निम्ति उसलाई छकाउने कुनै आवश्यकता छैन ।

तिम्रा बच्चाहरू पढ्दछन्, उनीहरूको अध्ययनभित्र उनीहरूलाई धेरै

कुराको ज्ञान हुन्छ जो उनीहरूले नपढेको भए कहिल्यै थाहा पाउने थिएनन् । उनीहरू छात्र हुन् भने अध्ययनको सुनसानमा उनीहरूको कल्पना जागृत र छिटो हुन्छ । यदि उनीहरू समाजको दुनियाँमा घुम्दछन् भने तिनीहरूले अनौठा नबुझिने भाषा सुन्छन्, उनीहरूले यस्तो चाल चलन देख्तछन् जसले उनीहरूमाथि ठूलो प्रभाव पार्दछ; उनीहरूलाई यो भनिएको हुन्छ कि उनीहरू मानिस हुन् र मानिसहरूले उनीहरूको अगाडि गरेको हरेक कुरामा त्यो उनीहरूलाई सुहाउने कसरी हुन्छ थाहा पाउनलाई उनीहरू तुरुन्त कोशिश गर्दछन्; अरूहरूको आचरण उनीहरूका निमित्त नमूना हुन्छ र अरूहरूका विचारहरू उनीहरूका निमित्त कानून हुन्छ । उनीहरूमा निर्भर रहने हुनाले उनीहरूलाई खुशी तुल्याउन उत्सुक रहने नोकरहरू उनीहरूको नैतिकतालाई हानि हुने गरी फुसल्याउँछन्; खित्का छोडी-छोडीकन हाँस्ने संरक्षिकाहरू, बच्चाहरूलाई तालीम गर्ने स्त्रीहरू चार वर्षको बच्चालाई यस्ता कुराहरू भन्दछन्, जो अत्यन्त निर्लज्ज स्वास्नीमानिसले पनि ऊ पन्ध्र वर्षको हुँदा पनि भन्न साहस गर्दिन । तिनीहरू आफूले भनेको कुरा चाँडै नै बिर्सन्छन्, तर आफूले सुनेको कुरा बच्चाले बिर्सेको हुँदैन । अश्लील कुरा कानीले विलासी आचरणको बाटो तयार गर्दछ; चलाकीका कुराले बच्चा भ्रष्ट हुन्छ, कुराको रहस्यले उसको आचरणको रहस्यलाई निश्चित गराउँदछ ।

उसको उमेरअनुसार हुर्काइएको बच्चा एक्लो हुन्छ । आफ्नो आदतमा सिबाय अरू कुरामा ऊ आसक्त हुँदैन; ऊ आफ्नो घडीलाई जत्तिकै आफ्नो दिदी बहिनीलाई प्यारो गर्दछ, र आफ्नो कुकुरलाई जत्तिकै आफ्नो साथीलाई प्यारो गर्दछ । आफ्नो जाति (लिङ्ग) र वर्गको उसलाई ज्ञान हुँदैन, स्त्री र पुरुष उत्तिकै अज्ञात हुन्छन्; उसले उनीहरूका कुरा र कामहरूलाई आफूसित सम्बन्धित तुल्याउँदैन; ऊ न उनीहरूलाई देख्छ, न उनीहरूले भनेको सुन्छ, न उनीहरूको कुरामा ध्यान दिन्छ । उसलाई उनीहरूको कुरामा जतिको वास्ता हुँदैन, त्यत्तिकै उनीहरूको काममा पनि वास्ता हुँदैन; योसँग उसको केही गर्नु छैन । यो हाम्रो तरीकाले ल्याएको नक्कली भूल होइन, यो त प्रकृतिको अज्ञान हो । त्यो समय आइपुग्यो जब उही प्रकृतिले आफ्नो चेलालाई ज्ञान दिन होशियारी गर्नेछ, र तब मात्र प्रकृतिले उसलाई बिना खतरा शिक्षाहरूबाट फाइदा उठाउन समर्थ तुल्याउनेछ । हाम्रो सिद्धान्त यही हो; यसका नियमहरूका हरेक कुरा मेरो विषयदेखि बाहिरका कुरा हुन्; मैले सुझाव दिएका अरू कुराहरूसम्बन्धी उपायहरूले यसको उदाहरणका निमित्त काम दिनेछन् ।

बढ्ता उत्कट भावनाहरूका बीच थिति कायम राख्न खोज्दछौं भने उनीहरूको विकासको समय लम्ब्याऊ, ताकि उनीहरू बढ्दै जाँदा उनीहरूले आफ्नो उचित स्थान पाऊन् । तब तिनीहरू मानिसद्वारा होइन कि प्रकृतिद्वारा नै नियन्त्रित हुन्छन् । तिम्रो काम यसलाई प्रकृतिको हातमा छोड्ने मात्र हो । तिम्रो चेला एक्लो भइदिएको भए तिमीले केही पनि गर्नुपर्ने थिएन, तर उसको वरिपरिको हरेक कुराले उसको कल्पनालाई प्रज्वलित गराइदिन्छ । प्रचलित सामाजिक प्रथाको प्रवाहको साथै ऊ बग्दछ; उसलाई उम्काउन या उतार्न तिमीले उसलाई विपरीत दिशामा जोर लाउनुपर्छ, कल्पनालाई विचारले रोक्नुपर्छ र गलत सामाजिक प्रथाको आवाजलाई तर्कद्वारा दबाउनुपर्दछ । चेतना सबै उत्कट भावनाहरूको मूल स्रोत हो, कल्पनाले तिनीहरूको मार्गको निर्णय गर्दछ । जुन प्राणीलाई आफ्ना सम्बन्धहरूको ज्ञान छ, त्यस्ता प्रत्येक प्राणी यी सम्बन्धहरूमा अदलीबदली हुँदा अवश्य विचलित हुन्छ, र जब ऊ कल्पना गर्दछ उसले आफ्नो प्रकृति अरूलाई झन् राम्रोसित सुहाएको कल्पना गर्दछ । तिनले सीमित प्राणीहरूका उत्कट भावनाहरूलाई पापमा परिणत गरिदिन्छन् । ती कल्पनाका भूल हुन्; यदि देवदूतहरूका पनि यस्ता भावनाहरू हुन्छन् भने यसमा पनि त्यही हुन्छ; किनभने कुन सम्बन्धहरू उनीहरू आफैलाई सबभन्दा राम्रोसित सुहाएका हुन्छन्, त्यो कुरा बुझनलाई उनीहरूले हरेक प्राणीको प्रकृति अवश्य थाहा पाएको हुनुपर्दछ । उत्कृष्ट भावनाहरूको प्रयोगको विषयमा मनुष्य-बुद्धिको हिसाब यही हो । पहिलो कुरा, जाति र व्यक्ति दुवैमा मानिसका वास्तविक सम्बन्धहरूको ज्ञान हुनु; दोस्रो कुरा, यी सम्बन्धहरूअनुसार सबै स्नेहहरूलाई नियन्त्रणमा राख्नु ।

के मानिस यस्ता यस्ता सम्बन्धहरूअनुसार आफ्ना सम्बन्धहरूलाई नियन्त्रण गर्ने अवस्थामा छ ? अवश्य छ, यदि ऊ आफ्नो कल्पनालाई यो वस्तु या त्यो वस्तुमा अड्याएर राख्न, या यो आदत अथवा त्यो आदत लगाउन समर्थ छ भने । फेरि त्यसमाथि, जुन अवस्थाहरूमा हाम्रो चेला राखिनेछ ती अवस्थाहरूको रोजाइबाट हामी उसको निमित्त के गर्न सक्तछौं त्यस कुरासित हाम्रो जत्तिको सरोकार छ, त्यत्तिको हाम्रो सरोकार मानिसले आफ्नो निमित्त जो गर्न सक्तछ त्यस कुरासित छैन । जेले उसलाई प्रकृतिको मार्गमा राख्न सकिन्छ त्यो उपाय देखाउनु कसरी ऊ त्यस मार्गबाट भड्केर जान सक्तछ त्यो कुरा स्पष्टसित देखाउनु हो ।

जहाँसम्म उसको चेतना उसमै बद्ध भएर रहन्छ, त्यहाँसम्म उसका

कामहरूमा नैतिकता हुँदैन; यो चेतना ऊदेखि बाहिरतिर फैलिन थालेपछि मात्र उसमा असल र खराबीका भावनाहरू र विचारहरू बन्दछन्, जसले उसलाई मानिस र आफ्नो जातिको अभिन्न भाग बनाउँदछन्। त्यस कारण हामीले यसै बूँदा या कुरामा आफ्ना विचारहरूलाई सीमित तुल्याउनुपर्दछ।

यी विचारहरू बनाउन गाह्रो छ, किनभने हामीले आफ्नो दृष्टिअगाडिका उदाहरणहरूलाई तिरस्कार गर्नुपर्दछ र ती उदाहरणहरूलाई खोज्नुपर्दछ, जसमा क्रमानुसार भएका विकासहरू प्रकृतिको क्रमको अनुसरण गर्दछन्।

भ्रष्ट, नम्र र सभ्य बच्चा, जो आफूले पाएको असामयिक शिक्षालाई प्रयोगमा ल्याउन शक्तिलाई पर्खिरहेको हुन्छ, ऊ त्यो शक्ति कहिले प्राप्त गरिन्छ, त्यस समयसम्बन्धी कुरामा कहिले पनि भूल गर्दैन। त्यस समयलाई पर्खनु त कता हो कता, उसले त झन् चाँडो आउने तुल्याउँदछ; उसले आफ्नो रगतलाई असामयिक भुमरीतिर उत्तेजित तुल्याउँदछ; इच्छाहरूको अनुभव हुनुभन्दा धेरै अगाडि आफ्ना इच्छाहरूको वस्तु के हुनुपर्दछ त्यो उसले थाहा पाउँदछ। उसलाई जेले उत्तेजित गराउँदछ, त्यो प्रकृति होइन; यो ऊ आफै हो, जसले प्रकृतिको हातलाई जोर लगाउँदछ; ऊ मानिस भएपछि उसलाई प्रकृतिले सिकाउने कुरा केही हुँदैन; वास्तवमा ऊ मानिस हुनुभन्दा धेरै अगाडि विचारमा ऊ मानिस भइसकेको थियो।

प्रकृतिको सच्चा मार्ग ढीलो र विस्तार-विस्तारको हुन्छ। अलि अलि गरेर रगत तातो भएर आउँदछ, शक्तिहरूको विस्तार हुन्छ, आचरणको निर्माण हुन्छ। तरीकालाई निर्देशन गर्ने बुद्धिमान् कामदार या शिल्पकार यसलाई प्रयोगमा ल्याउनुभन्दा अगाडि हरेक सामानलाई होशियारीपूर्वक पूरा गर्दछ। पहिला इच्छाहरू उठ्नुभन्दा अगाडि धेरै समयसम्म मन विचलित हुन्छ; लम्बिएको अज्ञानले तिनीहरू छकिन्छन्, के चाहेको हो त्यो उनीहरूलाई थाहा हुँदैन; रगत भल्न र उम्लिन थाल्दछ; बाढी आएको शक्तिले आफ्नो स्थानको विस्तार गर्न खोज्दछ। आँखा झन् झन् चहकिलो हुन्छ र अरूलाई देख्दछ; हामी आफ्ना वरिपरिका व्यक्तिहरूप्रति चाहना राख्न थाल्दछौं। हामी एक्लै रहन बनेका होइन रहेछौं भन्ने कुरा बुझ्न थाल्दछौं; यस प्रकार हाम्रो हृदय मानिसको स्नेहतिर धकेलिन्छ र माया प्रेम गर्न समर्थ हुन्छ।

सुशिक्षित नवयुवकमा पहिला भाव जो हुन्छ त्यो प्रेमको होइन कि मैत्रीको हुन्छ। उसको बढ्दो कल्पनाको पहिला काम उसलाई उसका मानिसहरू चिनाउनु हुन्छ; उसलाई (लिङ्गले स्त्री

पुरूष भेदले) भन्दा अघि जातिले असर गर्दछ । लम्बिएको निर्दोषीपनबाट यहाँ अर्को फाइदा आउँछ; बढ्दो नवयुवकको हृदयमा मनुष्यत्वको पहिलो बीजाआरोपण गर्नलाई उसको भरखर उदाउन लागेको चेतनाबाट फाइदा उठाउन सक्तछौं । यो फाइदा विशेषत: ठूलो फाइदा हो, किनभने उसको जीवनमा यो एक मात्र समय हो जब यस्ता प्रयत्नहरू वास्तवमा सफल हुन सक्तछन् ।

मैले सधैं यो कुरा विचार गरी हेरेको छु कि जवानीको शुरूमै भ्रष्ट भएका, स्वास्नीमानिसहरूतिर लागेका र भोग–विलासमा लम्पट भएका नवयुवकहरू अमानुषिक र निष्ठुर हुन्छन् । उनीहरूको उत्कृष्ट मिजासले उनीहरूलाई अधीर प्रतिहिंसात्मक र क्रोधी बनाउँदछ; एउटै कुरामा मात्र गडेको उनीहरूको कल्पनाले अरू सबै कुराहरूलाई तिरस्कार गर्दछ; कृपा र दया भन्ने कुरा उनीहरूले जानेको हुँदैन; उनीहरू आफ्नो मोजमजाका निम्ति आमा, बाबु र सारा संसारलाई नै पनि त्याग गर्न तयार हुन्छन् । अर्कोतिर, आनन्दी निर्दोषीपनमा हुर्के–बढेको एक नवयुवक प्रकृतिका पहिला उमङ्गहरुद्वारा कोमल र माया-प्रेमका भावहरूतिर खिचिन्छ; उसको दयालु र स्नेहमयी हृदय आफ्नो समाजका प्राणीहरूका दुःखहरूमा विचलित हुन्छ; जब उसले आफ्नो साथीलाई भेट्दछ तब खुशीले काम्दछ; उसका पाखुराहरू नरमसँग अङ्कमाल गर्न सक्तछन्, उसका आँखाहरू दयाका आँसुहरू खसाल्न सक्तछन्, अरूहरूलाई असुबिस्ता हुने या रिस उठ्ने काम उसबाट हुन गयो भने त्यसनिम्ति लज्जित भएर दुःखित हुन ऊ सिक्तछ । यदि उसको रगतको उत्सुक गरमपनाले उसलाई चटपटे, हतपते, र रिस उठेको तुल्यायो भने, एक छिनपछि उसको पश्चात्तापको उत्सुकतामा उसको हृदयको सम्पूर्ण स्वाभाविक दया तिमी देख्नेछौ; आफूले दिएको चोटमाथि ऊ कराउँछ, ऊ रुन्छ, ऊ आफूले बगाएको रगतको प्रायश्चित्त आफ्नै रगतले गर्दछ; उसको रिस मरेर जान्छ; उसले गरेको अपराधको चेतनाको अगाडि उसको घमण्ड आफै लज्जित हुन्छ । उसमाथि अन्याय या अपराध भएर क्रोधको सीमामा पुगेको भए तापनि ऊसँग क्षमा मागेको एक लबजले उसलाई निःशस्त्र तुल्याइदिन्छ; जसरी उसले आफ्ना गलतीहरू सुधार्दछ, त्यस्तै उसले अरूहरूका गलतीहरूलाई क्षमा गर्दछ । बढ्दो उमेर घृणा र प्रतिहिंसाको उमेर होइन; यो त दया, कृपा र उदारताको उमेर हो । हो, म यस कुरालाई समर्थन गर्दछु, र अनुभवको प्रमाणदेखि म डराउँदिनँ– असल कुलमा जन्मेको नवयुवक जसले बीस वर्षको उमेरसम्म आफ्नो निर्दोषी-

पनलाई बचाइराखेको छ ऊ त्यस उमेरमा उत्तम, अत्यन्त उदार, अत्यन्त प्रेमी र अत्यन्त प्रेमयोग्य हुन्छ । तिमीले यस्तो कुरा कहिले पनि सुनेका छैनौ; मलाई राम्रो विश्वास छ जनताका स्कूलहरूको भ्रष्टाचारमा तालीम भएका तिमी जस्ता दार्शनिकहरूलाई यो कुरा थाहा हुँदैन ।

मानिसको कमजोरीले उसलाई मिलनसार तुल्याउँदछ; हाम्रा सार्वजनिक दुःखहरूले हाम्रा हृदयहरूलाई आफूजस्तै प्राणीहरूतिर खिचदछन् । हामी मानिस नभइदिएका भए मनुष्य—जातिप्रति हाम्रा कर्तव्यहरू हुने थिएनन् । हरेक स्नेह नपुगको चिह्न हो । यदि हामीमध्ये हरेकलाई अर्काको दरकार नभए हामी उनीहरूसँग सहवास गर्ने विचार गर्ने थिएनौं । यसनिमित्त हाम्रो कमजोर सुखका मूलहरू हाम्रा कमजोरीमा छन् । साँच्चीकै सुखी मानिस त त्यागी जोगी हुन्छ; परमेश्वर मात्र पूर्ण सुखको भोग गर्दछन्; तर त्यसको अर्थ के हो त्यसको अलिकति पनि ज्ञान हामीहरूमध्ये कुन चाँहिलाई छ ? यदि कुनै अपूर्ण प्राणीलाई आत्मपर्याप्ति छ भने उसले भोग गर्ने कुरा के होला ? हाम्रो विचारमा ऊ दुःखी र एक्लो हुनेछ । जुन व्यक्तिलाई कुनै कुराको आवश्यकता छैन त्यस व्यक्तिको कसरी कुनै कुराप्रति प्रेम होला त्यो म बुझ्न सक्तिनें, न त जसको कुनै कुरा माथिको प्रेम हुँदैन त्यो कसरी सुखी हुन सक्ला भन्ने कुरा नै बुझ्न सक्तछु ।

यस कारण यो सिद्ध हुन आउँदछ कि हामीहरू हाम्रा समाजका प्राणीहरूतिर उनीहरूका सुखहरूका निमित्तको विचारले होइन कि उनीहरूका दुःखहरूका निमित्तको विचारले खिचिन्छौं, किनभने हामी उनीहरूमा स्पष्टसित हाम्रो जस्तै प्रकृति र हामीहरूप्रतिको उनीहरूको स्नेहको लक्षण देख्तछौं । यदि हाम्रा साझा आवश्यकताहरूले चाहनाको सूत्रको सृजना गर्दछन् भने हाम्रा साजा दुःखहरूले स्नेहको सूत्रको सृजना गर्दछन् । कुनै सुखी मानिसलाई देख्दा अरूहरूमा प्रेमको भन्दा ईर्ष्याको भावना पैदा हुन्छ । हामी उसलाई आफ्नो नभएको हक अन्यायपूर्वक छिनेर लिने र केवल आफनो निमित्त मात्र सुख खोज्ने भनेर दोष लगाउँदछौं, र यस व्यक्तिलाई हाम्रो दरकार छैन भन्ने विचारमा हाम्रो स्वार्थीपनले अर्को दुःख थप्तछ । तर त्यस चंडालको दुःख देख्दा उसलाई कसले दया गर्दैन ? इच्छा गर्दैमा हुन सक्ने हो भने कसले उसलाई उसको दुःखबाट छुटाउने इच्छा गर्दैन ? कल्पनाले हामीलाई सुखी मानिसको ठाउँमाभन्दा दुःखी मानिसको ठाउँमा सजिलोसँग राख्दछ; हामी थाहा पाउँदछौं कि सुखी अवस्थाले भन्दा दुःखी अवस्थाले ज्यादा नजीकबाट हाम्रो हृदयलाई छुन्छ ।

दया मीठो हुन्छ; किनभने जब हामी आफूलाई दुःख पाएको मानिसको ठाउँमा राख्दछौं, तब हामीले उसले जस्तो हामीले दुःख पाएका छैनौं भन्ने खुशीको अनुभव गर्दछौं। ईर्ष्या तीतो हुन्छ, किनभने सुखी मानिसलाई देख्दा ईर्ष्या गर्ने मानिसले आफूलाई त्यो सुखी मानिसको ठाउँमा राख्नु त कता हो कता अरु म उसको ठाउँमा छैन भन्ने विचारले उसलाई दुःख लाग्दछ। एउटाले हामीलाई उसले पाएको दुःखबाट बाहेक गरिदिएको प्रतीत हुन्छ, आर्कोले भोग गर्ने असल कुराहरूबाट हामीलाई वञ्चित गराइदिएको प्रतीत हुन्छ।

यदि तिमी एउटा नवयुवकको हृदयमा जागृत हुन लागेका चेतनाका पहिला उत्तेजनाहरूलाई तीव्र तुल्याउन र पुष्टि दिन इच्छा गर्दछौं भने, यदि तिमी उसको प्राकृत स्वभावलाई दयाको काम र विचारतिर प्रवृत्त गराइदिन चाहन्छौ भने मनुष्य जातिको सुखको गलत विचार गराउने तसबीरद्वारा उसमा घमण्ड, गर्व र ईर्ष्याका बीजहरू उम्रन नदेऊ; दरबारहरूका रबाफ र घमण्ड उसलाई शुरूदेखि नै नदेखाऊ, भड्किला तमासाका मजाहरू पनि उसलाई नदिलाऊ, उसलाई समाज र रबाफिला सभाहरूमा नलैजाऊ, यसको वास्तविक गुणको विचार गर्न सक्ने नठहराउन्जेलसम्म उसलाई समाजबाहिर पनि नलैजाऊ। ऊ मानिसहरूसित परिचित हुनुभन्दा अघि उसलाई संसार देखाउनु उसलाई तालीम गर्नु होइन कि बिगार्नु हो; उसलाई शिक्षा दिनु होइन कि भड्काउनु हो।

स्वभावैले मानिसहरू राजा, भारादार, दरबारिया, करोडपति हुँदैनन्। सबै मानिस गरीब र नङ्गा जन्मेका हुन्छन्; सबै जीवनका विषादहरू, यसका नैराश्यहरू, यसका अनिष्टहरू, यसका आवश्यकताहरू, यसका हरेक प्रकारका दुःखहरूका भागी हुन्छन् र आखिरमा सबै मृत्युका शिकार बन्दछन्। मानिस हुनाको साँच्चीको तात्पर्य यही हो, यसबाट कुनै मानव उम्कन सक्तैन। त्यसैले हामीले मनुष्यत्वका मुख्य गुणहरूको अध्ययनबाट शुरू गर्नुपर्दछ जसले वास्तवमा मनुष्य जाति बनाउँदछ।

सोह्र वर्षमा किशोर नवयुवकले पीडा हुनु के हो त्यो कुरा थाहापाउँदछ, किनभने ऊ आफैंले पीडाको अनुभव गरेको हुन्छ, तर अरुहरूलाई पनि पीडा हुन्छ भन्ने कुरा ऊ बुझ्दैन; मनले थाहा नपाईकन देख्नु ज्ञान होइन, र जस्तो मैले बारम्बार भनेको छु कि जुन बच्चाले अरूको मानसिक व्यथाको चित्रण गर्न सक्तैन उसले आफ्नो सिबाय अरूको दुःख बुझ्दैन। तर जब उसका बढ्दा चेतनाका उठानहरूले उसको कल्पनालाई जागृत गराउँदछन्, तब ऊ

आफ्ना समाजका प्राणीहरूमा आफूलाई थाहा पाउन थाल्दछ, उनीहरूको करुण क्रन्दनले उसको हृदयलाई स्पर्श गर्न थाल्दछ, र ऊ उनीहरूको दुःखमा दुःख मान्न थाल्दछ । यो यसै वेलामा हो; जब पीडित मानिसहरूको शोकजनक चित्रले उसले अहिलेसम्म थाहा नपाएको दयाको पहिला स्पर्शले उसको हृदयमा हलचल मचाइदिन्छ ।

हाम्रा छात्रहरूमा यो मौका या समय पत्ता लगाउन सजिलो छैन, यो कसको कसूर हो ? तिमीले उनीहरूलाई यति चाँडो विचारसित खेलबाड गर्न सिकायौ, तिमीले यति चाँडो यसको भाषा सिकायौ कि सधैं उही तालमा बोलिरहँदा तिनीहरूले तिम्रा शिक्षाहरूलाई तिम्रै विरुद्ध फर्काउँदछन्, र कहिले उनीहरू झूटो बोल्दछन् र जो उनीहरू भन्दछन् त्यो कहिले थाहा पाउँदछन् सो कुरा पत्ता लगाउने मौका दिँदैनन् । तर एमिललाई हेर; मैले उसलाई यो उमेरसम्म नेतृत्व गरेको छु र उसले न थाहा पाएको छ, न थाहा पाउने बहाना गरेको छ । उसले कहिले पनि प्यारो गर्नु भनेको के हो त्यो कुरा थाहा नपाउन्जेलसम्म "म तपाईंलाई खूब प्यारो गर्छु" भनेको छैन । उसको बाबुको, उसको आमाको, उसको बिरामी शिक्षकको कोठामा पस्ताखेरि उसले कस्तो अनुहार लगाउनुपर्दछ त्यो कुरा कहिले पनि उसलाई सिकाइएको छैन; उसले थाहा नपाएको दुःखको बहाना गर्ने कला उसले सिकेको छैन । कसैको मृत्युका निम्ति रुने बहाना उसले कहिले पनि गरेको छैन, किनभने मर्नु भनेको के हो त्यो उसलाई थाहा छैन । उसको चालचलनमा जत्तिकै उसको हृदयमा अचेतना छ । हरेक बच्चा जस्तै आफूसित बाहेक अरू कसैसित पनि उसको सरोकार हुँदैन, ऊ कसैमा पनि चाख राख्तैन; उसको जनप्रियताको एक मात्र कुरा यो हो कि यस्तो चाख राख्ने कुराको बहाना ऊ गर्दैन; ऊ अरूहरू जस्तो ठग या छली छैन ।

चित्त भएका प्राणीहरूको विषयमा कम विचार गर्ने हुनाले एमिललाई पीडा र मृत्यु भनेको के हो सो कुरा धेरै समयसम्म थाहा हुँदैन । रोएका र कराएका आवाजहरूले उसको दयालाई जागृत गराउन थाल्नेछन्; रगतको दृष्टिबाट उसले आपना आँखाहरू फर्काउनेछ; यी भावनाहरूको मूल स्रोत थाहा पाउनुभन्दा अघि मर्न लागेका प्राणीका छटपटीहरूले उसको मनमा कस्तो दुःख लाग्ला त्यो म भन्न सक्तिनँ; ऊ अझै मूर्ख र असभ्य रहेछ भने यी कुराहरू उसको मनमा लागोइनन्; यदि ऊ विद्वान् रहेछ भने तिनीहरूको मूल स्रोत उसले थाहा पाउनेछ; उसले आफूलाई बोध नहुने गरी ज्यादै धेरैचोटि विचारहरूको तुलना गरिसकेको हुन्छ, तर उसको मनले थाहा पाएको के हो

त्यस कुराको ज्ञान उसलाई हुँदैन ।

यसरी दया-जो पहिला सम्बन्धित भाव हो- त्यसले प्रकृतिको क्रम-अनुसार मनुष्यको हृदयलाई स्पर्श गर्दछ । चेतनशील र दयायुक्त हुनलाई बच्चाले यो थाहा पाउनुपर्दछ कि उसका समाजका मानिसहरू छन्, जसले उसले दुःख पाएझैं दुःख पाएका छन्, जसलाई उसलाई पीडा भएको झैं पीडा भएको छ, र अरू यस्ता वेदनाहरू पनि छन्, जो उसले आफैंले थाहा पाउन सक्ने हुनाले तिनीहरूको केहीं विचार उसमा हुन सक्तछ । वास्तवमा यदि हामीले आफूदेखि बाहिरपट्टि गएर दुःख पाइरहेको प्राणी नै आफूलाई सम्झेनौं भने र यदि हामीले आफ्नो प्रकृतिलाई छोडेर उसको प्रकृति लिएनौं भने हामीमा दयाको जागरण कसरी हुन सक्तछ ? उसले दुःख पाइरहेछ भन्ने हामी जति कल्पना गर्दछौं, उति हामी दुःखको अनुभव गर्दछौं; त्यो दुःख हाम्रो होइन उसको हो । यसनिमित्त आफ्नो कल्पना जागृत नहुन्जेलसम्म कोही पनि चेतनशील हुँदैन र आफूलाई आफूदेखि बाहिर लैजान शुरू गर्दैन । हाम्रो बढ्दो चेतनालाई बल र पुष्टि दिन, यसलाई निर्देशन गर्न, यसको प्राकृतिक प्रवृत्तिको अनुसरण गर्न हामीले के गर्नुपर्छ ? के हामीले त्यो नवयुवकलाई यस्ता वस्तुहरू देखाउनुपर्दैन, जसमा उसको हृदयको फैलँदो जोडको असर परोस्, जसले यसलाई बढाऊन्, जसले अरू प्राणीहरूमा विस्तार गराऊन्, जसले उसलाई आफूदेखि बाहिर लैजाऊन् ? के हामीले सावधानीपूर्वक यस्तो हरेक कुरा हटाउनुपर्दैन, जसले मानिसको निजीपन या स्वार्थको भावनाको शक्तिलाई साँगुरो तुल्याउँदछ, एकत्रित तुल्याउँछ र मजबूत तुल्याउँदछ ? अर्थात् हामीले उसमा कृपा, भलाइ, दया, उपकारी इच्छा जस्ता असल र आकर्षक भावनाहरू उठाइदिनुपर्दछ, जो स्वभावतः मानिसलाई आनन्ददायक हुन्छन्; यी भावनाहरूले ईर्ष्या, लोभ, घृणा जस्ता सबै घृणित भावनाहरूको वृद्धिलाई रोक्तछन्, जसले हाम्रो चेतनालाई शून्य मात्र होइन कि घाटावाल समेत तुल्याइदिन्छन् । जसमा यो भावनाहरू हुन्छन्, तिनीहरूका निमित्त यी अभिशाप हुन् ।

म सम्झन्छु उपर्युक्त विचारहरू जम्मैलाई दुई या तीन निश्चित, स्पष्ट र बुझ्न सजिला नियमहरूमा खिच्न सकिन्छ ।

पहिलो नियम आफूभन्दा जो बढ्ता सुखी छन्, तिनीहरूको ठाउँमा आफूलाई राख्ने- यो मनुष्य स्वभावमा हुँदैन, तर जसले हाम्रो दया खोज्दछन्, तिनीहरूको ठाउँमा राख्ने मात्र हुन्छ ।

यदि यी नियमहरूमा अपवादहरू तिमी पाउँदछौ भने तिनीहरू

वास्तविकभन्दा बढ्ता देखावटी हुन् । यसरी हामीले उनीहरूलाई मन पराए तापनि हामी धनी र ठूलाहरूको ठाउँमा आफूलाई राख्तैनौं । हाम्रो स्नेह सच्चा भए तापनि उनीहरूको सुखको एक अंश मात्र हामी पाउँदछौं । कहिले कहिले हामी धनी मानिसलाई उसको दुर्भाग्यको बीचमा पनि प्रेम गर्दछौं; जबसम्म उसको उन्नति भइरहन्छ तबसम्म उसको सच्चा मित्र हुँदैन, त्यो मात्र उसको मित्र हुन्छ जसले उसको उन्नतिमा उसको ईर्ष्या गर्नुभन्दा उसलाई दया गर्दछ ।

जीवनको कुनै अवस्थाको सुखले हाम्रो मनलाई प्रभावित तुल्याउँदछ; उदाहरणस्वरूप गाउँको गोठालाको जीवनलाई लिऊँ । यी सरल मानिसहरूलाई यस्ता सुखी देख्ताको मोहनीमाथि ईर्ष्याको विष परेको हुँदैन; हामी उनीहरूमा साँच्चीकै चाख राख्तछौं । यो किन हुन्छ ? किनभने हामीलाई यस्तो लाग्दछ कि हामी शान्ति र निर्दोषको यस अवस्थामा ओर्लन सक्तछौं, र उही सुखको उपभोग गर्न सक्तछौं; जहाँसम्म काम जत्तिकै असल इच्छा हुन्छ त्यहाँसम्म यो दुईमध्ये एक पसन्दको कुरा हुन्छ, जसले रमाइला विचारहरू मात्र ल्याउँदछ । हामीले खर्च गर्ने विचार नराखे तापनि हाम्रा ढुकुटीहरू जाँच्नु र हाम्रो आफ्नो धनको हिसाब गर्नु सधैं रमाइलो हुन्छ ।

यसबाट हामी देख्तछौं कि नौजवान किशोरलाई मनुष्यतामा प्रवृत्त गराउन उसलाई अरूहरूको चहकिलो भाग्यको प्रशंसा गर्ने तुल्याउनु हुँदैन; हामीले उसलाई जीवनको दुःखी रूप देखाइदिनुपर्दछ र उसका डरहरू जगाइ दिनुपर्दछ । यस प्रकार यो स्पष्ट हुन्छ कि अरूहरूको मुखमा बाधा नपुऱ्याईकन उसले आपनो सुखको बाटो आफै बनाउनुपर्दछ ।

दोस्रो नियम— हामी पनि त्यसै गरी दुःख पाउन सक्तछौं भन्ने कुरा थाहा नपाईकन हामी कहिल्यै अरूहरूको दुःखमा दया गर्दैनौं । यस्ता राम्रा, यस्ता अर्थपूर्ण, यस्ता हृदयस्पर्शी, यस्ता सत्य शब्दहरू अरू कुनै पनि मैले जानेको छैन ।

आपना दुनियांहरूप्रति राजाहरूको किन दया हुँदैन ? किनभने उनीहरूलाई साधारण या मामूली मानिस हुँला भन्ने कहिल्यै पनि लाग्दैन । धनीहरू गरीबहरूप्रति किन यस्ता निष्ठुर हुन्छन् ? किनभने उनीहरूलाई गरीब हुँला भन्ने डर हुँदैन । भारदारहरू जनसाधारणलाई किन तुच्छ ठान्छन् ? किनभने भारदार कहिले पनि निम्न श्रेणीको मानिस हुने छैन । तुर्कहरू किन हामीभन्दा दयालु र अतिथि-सत्कार गर्ने हुन्छन् ? किनभने उनीहरूको बिलकुल एकतन्त्री सरकारको प्रथामा

मानिसहरूको दर्जा र धन सधैं अनिश्चित र खतरापूर्ण हुन्छन्; त्यसैले उनीहरू दरिद्रता र पदच्युतिका अवस्थाहरूलाई आफूलाई सरोकार नभएका अवस्थाहरू झैं ठान्दैनन्; जसलाई आज उसले भिक्षा दिन्छ उनीहरूकै अवस्थामा भोलि ऊ आफैं पर्न सक्तछ। पूर्वी देशका कहानीहरूमा बारंबार पाइने यस विचारले उनीहरूलाई एक प्रकारको कोमलता दिन्छ। जुन हाम्रो देखावटी र कडा नैतिकतामा पाइँदैन।

यसै कारण तिम्रो चेलालाई उसको सुखको उचाईबाट तलतिर अभागीहरूका दुःखहरूमा र दुःखीहरूका तकलीफहरूमा तुच्छतापूर्वक हेर्न तालीम नगर, र जबसम्म उसले उनीहरूलाई आफूदेखि टाढा हटाइएका भन्ने सम्झन्छ तबसम्म उसलाई उनीहरूमाथि दया गर्न सिकाउँला भन्ने आशा नगर। उसलाई यस कुराको पूरा जानकारी देऊ कि यी दुःखी मानिसहरूको दुर्भाग्य एक दिन उसैको हुन सक्तछ, उसका खुट्टाहरू अथाह खाडीको किनारमा खडा छन् जसमा जुन बेला पनि हजारौं अनपेक्षित र रोक्न नसकिने दुर्भाग्यहरूले गर्दा ऊ डुब्न सक्तछ। जन्म, स्वास्थ्य, धन—दौलतमा विश्वास नराख्न उसलाई सिकाऊ; भाग्यका सब अदली—बदलीहरू उसलाई देखाऊ; उसलाई उदाहरणहरू देऊ, यस्ता उदाहरणहरू जति भने पनि हुन्छन्— जसमा ऊभन्दा माथिल्लो स्थान या दर्जाका मानिसहरू यो दुःखीहरूकोभन्दा पनि तल्लो अवस्थामा डुबेका हुन्छन्। यो भएको उनीहरूकै कसूरले होस् वा अर्काको कसूरले होस् त्यो हाम्रो अहिलेको सरोकार या वर्तमान विषय होइन; के ऊ कसूर शब्दको अर्थ जान्दछ? जुन क्रममा उसले ज्ञान प्राप्त गर्दछ, त्यसमा तिमी कहिल्यै हात नहाल, र उसलाई उसका पहुँचभित्रका उपायहरूद्वारा मात्र शिक्षा देऊ यसको लागि ठूलो विद्वत्ता चाहिँदैन किनभने ऊ जीवित मनुष्य जातिको समस्त बुद्धिले पनि यो निश्चय गर्न सक्तैन— एक घण्टाको समयमा ऊ जीवित रहने हो वा मर्ने हो, रात पर्नुभन्दा अघि नै कुनै रोगको पीडाले ऊ आफ्ना दाँत कटकटाइरहने त होइन, अब एक महीनापछि ऊ गरीब हुने हो वा धनी हुने हो, अथवा एक वर्षमा ऊ अल्जेरियाको कैदी जहाजमा दासहरूलाई धपाउने मानिसको कोर्रा खाँदै बहना ख्याइरहने त होइन? सबभन्दा मुख्य कुरा के भने उसलाई निर्दयतापूर्वक उसको प्रश्नोत्तरीको पुस्तक झैं गरेर उसलाई यो नसिकाऊ; जुन आपदहरू मानिसहरूलाई पर्दछन्, ती कुराहरू उसलाई देख्न र थाहा पाउन देऊ; जुन आपदहरू मानिसको मार्गमा हरबखत लुकेर रहन्छन्, तिनीहरूबाट उसको कल्पना चकित होस् र झस्कोस्; उसका वरिपरिका खाडलहरू

उसले देखोस्, र जब तिनीहरूको विषयमा तिमीले भनेको उसले सुन्छ तब म पनि तिनीहरूमा पर्छु कि भन्ने डरले ऊ तिमीतिर ज्यादै टाँसिइरहोस् । यसो गर्दा ऊ कातर र डरपोक हुनेछ भन्ने तिमी ठान्दछौ ? हामी हेरौंला; हामी उसको हृदय कोमल तुल्याएर शुरू गरौं, सबभन्दा गहन कुरा यही छ ।

तेस्रो नियम— जुन दया हामीहरूलाई अरूहरूप्रति लाग्दछ त्यो आंशिक हुन्छ, त्यो दुःखको परिमाण अनुसारको नभई हामी ती दुःखीहरूमाथि कत्तिको दया गर्दछौं, त्यसअनुसारको हुन्छ ।

हामी ती दुःखीहरूलाई त्यतिसम्म दया गर्दछौं, जतिसम्म उनीहरूलाई दयाको आवश्यकता छ भन्ने हामी ठहऱ्याउँदछौं । हाम्रा पीडाहरूको शारीरिक असर मानिसले ठानेकोभन्दा कम हुन्छ । पीडालाई लम्ब्याउने कल्पना हो, कल्पनाले नै पीडालाई भविष्यतिर अघि सार्दछ, र हामीलाई यसले दयनीय तुल्याउँदछ । म विचार गर्दछु, हामीहरू मानिसहरूमाथिभन्दा पशुहरूमाथि बढ्ता निठुर हुने एउटा कारण यही हो । हामीहरूमा दुवैप्रति उत्तिकै दया माया र सहानुभूति हुनुपर्ने हो तापनि यस्तो हुँदैन । हामी उसको छप्परमा रहेको गाडा तान्ने घोडालाई दया गर्दैनौं, किनभने जब ऊ आफ्नो घाँस खाइरहेको हुन्छ त्यो बेला उसले आफूले खाएको पिटाइ र उसका निमित्त थुप्रिएर रहेको कष्टहरूको बारेमा विचार गरिरहेको होला भन्ने हामी ठान्दैनौं । न त हामी यो मारिन लागेको छ भन्ने थाहा पाउँदा पाउँदै पनि खेतमा चरिरहेको भेडोलाई दया गर्दछौं, किनभने उसको के गति हुन लागेको छ त्यो कुरा यसलाई केही पनि थाहा छैन भन्ने हामी विश्वास गर्दछौं । यस प्रकार हामी आफ्ना समाजका आफूजस्तै मानिसहरूको भाग्यमा पनि निठुर हुन्छौं, र गरीबहरू यस्ता मूढ हुन्छन् कि उनीहरू यो थाहा पाउन सक्दैनन् भन्ने विचारले धनीहरू आफूले गरीबहरूमाथि गरेको अन्यायका निम्ति आफूलाई सान्त्वना दिन्छन् । मानिसले आफ्ना समाजका प्राणीहरूको विषयमा के विचार गर्दछ, त्यसबाट उसले उनीहरूको कल्याणको मूल्याङ्कन गरेको कुरा म सधैं विचार गर्दछु । जसलाई हामी अपहेलन गर्दछौं, तिनीहरूको सुखलाई हामी स्वभावतः केही पनि ठहऱ्याउँदैनौं । राजनीतिवालाहरू जनसाधारणको विषयमा तुच्छतापूर्वक बोल्दछन्, र दार्शनिकहरू मनुष्य जातिलाई सारै दुष्ट ठहराउँदछन् भन्ने कुरामा तिमीले आश्चर्य मान्नुपर्ने केही छैन ।

जनता मनुष्य जाति हुन् । जनतादेखि बाहेकका मानिसहरू संख्यामा पनि थोरै छन् कि तिनीहरू नगण्य छन् । जीवनको हरेक अवस्थामा मानिस

उस्तै हुन्छ; यदि त्यसो हो भने, जुन औकातहरूमा धेरै मानिसहरू हुन्छन् ती औकातहरूको सबभन्दा ठूलो इज्जत हुनुपर्दछ । विचारशील मानिसको आँखाको अगाडि दर्जाका सबै भेदहरू बिलाएर जान्छन्; उसले एउटा भारादारमा र एउटा आवारामा उस्तै भावनाहरू र उस्तै चेतनाहरू देख्दछ; बोलीमा अलि अलि मात्र फरक हुन्छ, र सोरमा धेरै थोरै कृत्रिमता हुन्छ र तिनीहरूका बीच वास्तवमा यदि कुनै मुख्य भेद छ भने बेफाइदा जति जम्मै तिनीहरूको तरफमा हुन्छ जो ज्यादा भ्रष्ट छन् । जनसाधारण आफू जस्ता छन् उस्तै आफूलाई देखाउँदछन्, तर ढाँचावाल संसार झूटो भेष लिन बाध्य हुन्छ; वास्तवमा यो जस्तो छ त्यस्तै यसलाई यदि हामीले देख्यौं भने हामी ऋस्कनुपर्छ ।

हाम्रा लाल बुझक्कडहरू भन्दछन्, जीवनको हरेक अवस्थामा दुःख र सुखको परिमाण बराबर हुन्छ। यो भनाई यसका परिणामहरूमा त्यत्ति निरर्थक छ जति यो प्रमाणित हुन सक्तैन । यदि सबै बराबर सुखी छन् भने किन मैले कसैको पनि बारेमा तकलीफ उठाउने ? हरेक व्यक्ति जहाँ छ, उहीं रहोस्; दासमाथि दुर्व्यवहार भइरहोस्,बिरामी दुःख पाइरहोस्; दुःखी नासिइरहोस्; उनीहरूको अवस्थामा कुनै परिवर्तनले उनीहरूलाई केही लाभ हुँदैन । तिमी धनीका दुःखहरूको गणना गर्दछौ, र उसको रित्ता सुखहरूको गर्व देखाउँदछौ; कस्तो खुल्लमखुला निर्लज्ज कुरा ! धनी मानिसका व्यथाहरू उसको हैसियतबाट आउने होइनन् कि उसले यसको दुष्प्रयोग गर्दा आफैंबाट हुने हुन्छन् । ऊ गरीबभन्दा बढ्ता दुःखी भयो भने पनि उसलाई दया गर्नुपर्दैन, किनभने उसका दुःखहरू उसले आफैंले बनाएका हुन् र उसले चाह्यो भने सुखी हुन सक्तछ । तर गरीबका पीडाहरू बाहिरी कुराहरूबाट आउँदछन्, भाग्यले उसमाथि ल्याइदिएका कठिनाइहरूबाट उत्पत्ति हुन्छन् । थकावट हैरानी, भोकबाट भएका शारीरिक पीडाहरूमा जत्ति गरे पनि उसको बानी पर्न सक्तैन, कुनै कुराले पनि उसको अवस्थाका दुःखहरूबाट उसलाई छुटाउन सक्तैनन् । उसको मालिकले उसको निम्ति उसको खुट्टा भाँचिदिने रे भन्ने कुरा अघिबाटै थाहा पाउनाले एपिक्टेटसलाई के फाइदा हुन्छ ? के यसबाट उसको वेदना केही कम हुन्छ ? उसले पीडा मात्र खप्नुपर्ने हुँदैन कि उसले भयबाट उत्पन्न हुने मनको पीर पनि खप्नुपर्ने हुन्छ । मानिसहरूलाई जत्तिको मूर्ख हामी ठह-याउँछौ त्यत्तिकै बुद्धिमान् उनीहरू भइदिएका भए अहिले तिनीहरू जस्ता छन् त्योभन्दा कति फरक हुन्थे ! यस श्रेणीका मानिसहरूलाई तिमी हेर, अनि तिमी देख्नेछौ कि उनीहरूको बोल्ने चाल फरक भए तापनि

उनीहरूको बुद्धि र साधारण चेतना तिम्रोभन्दा बढ्ता हुन्छ । मनुष्यजाति प्रति आदर राख, र सम्झ कि तिनीहरू मुख्यतः जनता नै हुन् । यदि सबै राजाहरू र दार्शनिकहरू हटाइए भने उनीहरू गुमेका सम्झिनेछैनन् र कुनै कुरा पनि योभन्दा खराब चालसँग जानेछैन । संक्षेपमा, जो उसलाई कदर गर्दैनन्, तिनीहरू सबै मानिसलाई प्रेम गर्न तिम्रो चेलालाई सिकाऊ; उसलाई यस किसिमसँग तालीम गर कि ऊ कुनै वर्गको मानिस नहोस् र सबै वर्गमा उसले उत्तिकै स्थान लेओस् । उसले सुन्ने गरी मनुष्यजातिको विषयमा कोमलतापूर्वक र अझ दयापूर्वक कुरा गर, तर तुच्छतापूर्वक कहिले पनि ननर । तिमी मानिस हौ, मनुष्य जातिको अपमान नगर ।

प्रचलित तरीकाहरूदेखि बिलकुल भिन्दै यिनै र यी जस्तै अरू तरीकाहरूद्वारा हामीले किशोर अवस्थाको नौजवानको दिलमा पुग्नुपर्दछ र उसमा प्रकृतिका पहिला जोशहरू जगाइदिनुपर्दछ; हामीले दिलको विकास गराइदिनुपर्दछ र उसका समाजका प्राणीहरूका निम्ति यसका द्वारहरू खुला गराइदिनुपर्दछ, र यी जोशहरूसँग मिसिएको स्वार्थ ययासम्भव कम हुनुपर्दछ; सर्वोपरि, घमण्ड, देखासिकी, हठ इत्यादि कुनै भावनाहरूले पनि हामीलाई अरूहरूसँग आफूलाई तुलना गर्न बाध्य तुल्याउने हुनु हुँदैन; किनभने हाम्रै विचारमा मात्र रहेको हाम्रो पहिलो स्थानको हकमा जसले दावी गर्दछन् तिनीहरूप्रति केही न केही घृणा नउठीकन यस्ता तुलनाहरू कहिले पनि गरिंदैनन् । तब हामी अन्धा, क्रोधी, खराब वा मूर्ख मानिस हुनुपर्छ; यो द्विविधा हटाउन हामी प्रयास गरौं । तिमी भन्ने छौ, ढीलोचांडो यी भयङ्कर भावनाहरू देखा पर्नेछन् । म यस कुरालाई इनकार गर्दिनँ । हरेक कुराको निमित्त कुनै समय र स्थान हुन्छ; म यति मात्र भनिरहेछु कि हामीले यी भावनाहरूलाई उठाउन मदत गर्नु हुँदैन ।

लगाउनुपर्ने तरीकाको मुख्य तत्त्व यही हो । यस कुरामा उदाहरणहरू र सादृश्यहरू व्यर्थ छन्, किनभने यहाँ हामी आचरणका असंख्य भेदहरूको आरम्भ पाउँदछौं र मैले दिएको हरेक उदाहरण लाखमा शायद एउटामा मात्र लागू होला । हृदयभित्र गाड्न जान्ने र यसलाई ठीकसित बाटो देखाउन प्रयास गर्ने छात्र र दार्शनिकले झैं बुद्धिमान शिक्षकले आफ्नो वास्तविक काम शुरू गर्ने यसै उमेरमा हो । जबसम्म नवयुवकले बहाना गर्न सिकेको हुँदैन, जबसम्म उसले बहानाको अर्थ पनि बुझेको हुँदैन, तबसम्म तिमी उसको अनुहारबाट, उसको चालबाट, उसको चेष्टाबाट उसलाई देखाइएको कुनै पनि वस्तुको असर उसमाथि परेको तिमी देखतछौ; उसको हृदयको हरेक भावना उसको

चेहरामा तिमी अध्ययन गर्दछौ; उसको चेहराको विचार गरेर उसका भावनाहरूको संरक्षण गर्न र साँच्चै नै तिनीहरूको नियन्त्रण गर्न तिमी सिक्तछौ।

साधारणतः यो देखिएको छ कि रगत घाऊहरू, रोए-कराएका आवाजहरू र पीडासँग सम्बन्ध भएका कुराहरूतिर चेतनाहरूलाई लैजाने हरेक कुराले सबै मानिसहरूलाई प्रभाव पार्दछन्। मृत्युको विचार जो बढ़्ता जटिल कुरा छ, त्यसको त्यत्तिको ठूलो नतीजा हुँदैन; मृत्युको विचारले हामीलाई पछि मात्र असर पार्दछ, र त्यो पनि उत्तिको जोरसित होइन किनभने कसैलाई पनि आफ्नै अनुभवबाट मर्नु भनेको के हो त्यो कुरा थाहा भएको छैन। मर्न लागेका मानिसहरूको पीडा थाहा पाउनलाई तिमीले मुर्दाहरू देखेको हुनुपर्दछ। तर जब यो विचार मनमा एकचोटि गड्दछ, तब हाम्रो आँखामा योभन्दा भयङ्कर दृश्य अरू हुँदैन, किनभने यसो भएको हाम्रा चेतनाहरूद्वारा उठ्ने पूर्ण नाशको विचारले हो या यो वेला हामी हरेकका निमित्त आउँदछ भन्ने विचारले हो, र जसबाट कसैलाई छुटकारा छैन त्यस अवस्थाको विचारले हामीमाथि गहिरो प्रभाव पारेको हामी थाहा पाउँदछौं।

हामीहरूमध्ये हरेकको व्यक्तिगत आचरण र उसका अघिका आदतहरू अनुसार यी भावनाहरू चालमा र परिमाणमा भिन्दाभिन्दै हुन्छन्, तर ती संसारव्यापी छन् र तिनीहरूबाट बिलकुल स्वतन्त्र कोही पनि छैन। कम जगद्व्यापी र पछि उत्पन्न हुने अरू भावनाहरू हुन्छन्, यी भावनाहरू शीघ्रचैतन्य चित्तहरूमा ज्यादा हुन्छन्; यस्ता विचारहरू नैतिक दुःख, भित्री सन्ताप, मानसिक पीडा, उदासीनता र दिक्दारीबाट उठ्तछन्। यस्ता मानिसहरू पनि हुन्छन्, जसको चित्त रुवाइ र आँसुहरूले सिवाय अरू कुनै कुराले पनि प्रभावित हुँदैन। सन्तप्त हृदयका दबेका रुवाइहरूले उनीहरू कहिले पनि दुःखित हुँदैनन्; हतोत्साह अनुहारको, सेतो र अँध्यारो चेहराको, रुन नसक्ने आँखाहरूको दृश्यले उनीहरूबाट एक थोपा आँसु चुहिँदैन। मनका दुःखहरू उनीहरूका निम्ति केही लाग्दैनन्; उनीहरू तिनीहरूलाई जोख्तछन्, उनीहरूको आफ्नो मनले केही पनि थाहा पाउँदैन; यस्ता मानिसहरूबाट कठोर कडाइपन र निष्ठुरता सिवाय अरू केही आशा नगर। उनीहरू न्यायी र ठीक हुन सक्तछन्, तर कृपालु, उदार र दयालु हुन सक्तैनन्। यदि कुनै मानिस वास्तवमा कृपालु नभईकन ठीक हुन सक्तछ भने म भन्छु, उनीहरू ठीक हुन सक्तछन्।

तर जवान मानिसहरूको, खास गरेर उचित तरीकाले शिक्षित भएका

र आफूले कहिले पनि खप्नु नपरेका नैतिक दुःखहरूको विचार नभएकाहरूको विषयमा यस कसीबाट विचार गर्नलाई हतार नगर; किनभने फेरि एकचोटी उनीहरू आफूलाई थाहा भएका दुःखहरूका निम्ति मात्र दया गर्न सक्तछन्, र यो देखदाखेरिको अचेतना चाँडै नै दयामा परिणत हुन सक्तछ जब उनीहरू यो कुरा थाहा पाउन थाल्दछन् कि मनुष्य जीवनमा उनीहरूलाई केही पनि थाहा नभएका हजारौं अनिष्टहरू छन् । एमिलको बारेमा त, यदि बचपनमा सरलता र सद्बुद्धिका निम्ति उसले ख्याति प्राप्त गरेको थियो भने उसको जवानीमा उसले प्रेमपूर्ण कोमल हृदय देखाउने छ किनभने विचारहरूको वास्तविकता ज्यादा गरेर भावनाहरूको शुद्धतामा निर्भर रहन्छ ।

तर उसलाई किन यतातिर बोलाउने ? एकभन्दा बढी पाठकहरूले अवश्य मलाई मेरो पहिलो इरादाबाट हटेको र आफ्नो चेलोको लागि कबुलेको स्थायी सुख बिर्सेकोमा दोष लाउनेछन् । शोकमा परेकाहरू, मर्न लागेकाहरू, र पीडा र दुःखका यस्ता दृश्यहरूमा जीवनको संघारमा रहेको तरुण हृदयका निम्ति के सुख छ, के आनन्द छ ? उसको उदास शिक्षक जसले उसलाई रमाइलो शिक्षा दिने प्रस्ताव गरेको थियो उसैले उसलाई दुःख पाउने जीवनमा प्रवेश गराउँदछ । यही कुरा तिनीहरूले भन्नेछन्, तर म त्यसको के परवाह गर्दछु ? मैले उसलाई सुखी झैं लाग्ने तुल्याउने होइन कि सुखी तुल्याउने प्रतिज्ञा गरेको थिएँ; यदि सधैंको झैं बाहिरी रूपहरूले छकिएर तिमी उनीहरूलाई साँच्चीकै नै ठहऱ्याउँदछौ भने के त्यसमा मेरो दोष छ ?

उनीहरूको शिक्षाको अन्त्यमा हामी दुई जना नवयुवकहरूलाई लिऔं र उनीहरू सानुन्ने–सामुन्नेका भिन्दा भिन्दै ढोकाहरूबाट संसारमा प्रवेश गरून् । एउटा चाहिं तुरुन्त ओलिम्पसको पहाडमा चढ्दछ र खूब भड्किलो समाजमा घुम्दछ, उसलाई दरबारमा पुऱ्याइन्छ, उसलाई ठूलाबडाका, धनीहरूका र सुन्दरी जनानाहरूका घरहरूमा उपस्थित गराइन्छ; म मान्दछु कि उसको जहाँ—तहीं खूब मानमर्यादा हुन्छ र म उसका निम्तिको यो आदर सत्कारको नतीजाको ज्यादा खयाल गर्दिनँ । म मान्दछु, यो अड्न सक्तछ । उसका अगाडि आनन्दहरू उठ्दछन्, उसलाई हरेक दिन नयाँ नयाँ मोजमजा मिल्दछ; उसले हरेक कुरामा आफूलाई यस्तो उत्सुकतासाथ व्यस्त गराउँदछ,जसले तिमीलाई मुग्ध गराउँदछ; तिमी उसलाई व्यस्त, उत्साहपूर्ण र उत्सुक पाउँदछौ; उसको पहिलो आश्चर्यको कामले नै तिमीमाथि ठूलो प्रभाव पार्दछ; तिमी उसलाई सुखी ठहऱ्याउँदछौ; तर उसको मनको अवस्था हेर; तिमी उसले मजा

गरिरहेको ठान्दछौ, म उसले दुःख पाइरहेको ठान्दछु ।

उसले पहिले आँखा उघार्दैखेरि के देख्दछ ? अहिलेसम्म थाहा नभएका मोजमजा या सुख आनन्द भन्ने कहलिएका कुराहरू, यी आनन्दहरूमध्ये धेरैंजसो क्षणभर मात्र उसको पहुँचभित्र रहने हुन्छन् र यी गुम्दाखेरि हुने दुःख दर्शाउने जस्ता मात्र प्रतीत हुन्छन् । के ऊ दरबारको बीचमा घुम्दछ ? उसको असजिलो उत्सुकताबाट तिमी यो देख्दछौ कि मेरो बाबुको घर किन यो दरबार जस्तो नभएको होला भनेर ऊ आफ्नो मनसित सोधिरहेको हुन्छ । हरेक प्रश्नले तिमीलाई देखाउँदछ कि ऊ हरबखत आफूलाई यो भारी ठाउँको मालिकसँग तुलना गरिरहेको हुन्छ; र यस तुलनाबाट उठ्ने जुन दीनता हो त्यो जम्मैले विद्रोह गर्दछ र उसको अहङ्कारलाई उत्तेजित तुल्याइदिन्छ । यदि उसले आफूले भन्दा राम्रो लुगा लगाएको कुनै नवयुवकलाई भेट्यो भने उसले आफ्नो बाबु–आमाको नीचताको बारेमा भिन्न–भिन्न गुनासो गरिरहेको म उसलाई पाउँदछु । यदि उसले अर्कोलिभन्दा राम्रो पोशाक लगाएको छ भने उसलाई दुःख लाग्दछ, किनभने त्यो जन्ममा र बुद्धिमा ऊ भन्दा विशिष्ट छ र उसको जम्मै सुनौला फित्तालाई सादा कपडाको कोटले लज्जित तुल्याइदिन्छ । यदि ऊ कुनै सभामा अजोडी भएर झल्कन्छ भने, यदि ऊ मलाई मानिसहरूले राम्रोसित देखून् भनेर बूढी औंलाका टुप्पाले टेकेर खडा हुन्छ भने त्यो जवान गुण्डाको घमण्ड र अभिमान होच्याउन गुप्ती तौरबाट इच्छा नगर्ने को हुन्छ ? सबै व्यक्ति उसको विरोधमा जुट्दछन्; गम्भीर मानिसका विकल गराउने दृष्टिहरू कुनै निन्दक मानिसका कटु वचनहरू उसकहाँ नपुगी छोड्दैनन्, र उसलाई घृणा गर्ने एउटै व्यक्ति मात्र रहेछ भने पनि त्यो एउटाको खिसीले अरू बाँकी जम्मैको प्रशंसालाई विषमय तुल्याइदिन्छ ।

हामी उसलाई सब कुरा दिऊँ; ऊ सुन्दर होस्, गुणी होस्; उसको शरीर राम्रोसित बनेको होस्, ऊ ठटचौलो होस्, आकर्षक होस्; स्वास्नीमानिसहरू उसको पछि दगुर्नेछन्; तर ऊ उनीसँगको प्रेममा पर्नुभन्दा अघि उनीहरू उसको पछि लाग्नाले उनीहरूले उसको प्रेम जगाउनुको सट्टा उसलाई रिस उठाउनेछन्; उसले सफलताहरू प्राप्त गर्नेछ, तर तिनीहरूको उपभोग गर्न उसलाई न त ठूलो आनन्द लाग्नेछ न त ठूलो इच्छा नै । उसका इच्छाहरू सधैं अपेक्षित हुनाले तिनीहरू उसका आनन्दहरूमध्येमा उत्पन्न हुन पाउँदैनन्, यस निम्तिउसलाई नियन्त्रणदेखि उच्चाटमात्र लाग्दछ; उसले यो थाहा पाउनुभन्दा अघि नै पनि उसको आनन्दका निम्ति बनेका स्त्रीजातिसित ऊ

दिक्क र वाक्क हुनेछ; यदि ऊ यसको पछि लागिरहन्छ भने यो घमण्डबाट मात्र हुन्छ, र यदि ऊ साँच्चीकै स्वास्नीमानिसहरूतिर लाग्यो भने पनि ऊ एउटा मात्र चम्किलो, ऊ एउटा मात्र आकर्षक नवयुवक हुनेछैन । न ता उसले आफ्ना प्रियतमाहरूलाई सधैं महान् स्वामिभक्तका स्वरूपमा पाउनेछ ।

यस्तो जीवनमा नभई नछोड्ने अवश्यम्भावी सब प्रकारका कठिनाइ, ठगी, कसूरहरू र पश्चात्तापको विषयमा म केही भन्दिनँ । हामीलाई थाहा छ कि संसारको अनुभवले हामीलाई यी कुराहरूबाट असजिलो हुन्छ; जवानीका भूलहरूमा हुने दोषहरूको विषयमा मात्र म भनिरहेछु ।

अहिलेसम्म त्यो नवयुवक आफ्ना परिवार र मित्रहरूको छातीमा रहेको हुन्छ, र उनीहरू हेरचाहको एक मात्र वस्तु भएको हुन्छ; जहाँ उसको थोरै मात्र गणना हुन्छ, त्यस ठाउँमा अकस्मात् प्रवेश गर्दा कत्रो परिवर्तन हुन आउँदछ ! जो अहिलेसम्म आफैं केन्द्र बनेर रहेको थियो, उसले आफूलाई अर्कै क्षेत्रमा डुबेको पाउँदा उसलाई कस्तो लाग्ला ! उसको आफ्नो महत्त्वका जुन विचारहरू आफ्ना मानिसहरूका बीच बनेका र बढेका थिए, ती विचारहरू बिराना मानिसहरूका बीच गुमाउनुभन्दा अगाडि नै उसले कत्रो बेइज्जत र अपमानहरू सहनुपर्ने हुन्छ ! बच्चा छँदा हरेक कुरा उसले भनेको जस्तो हुन्थ्यो; उसका सबै मानिसहरू उसकहाँ जम्मा हुन्थे; जवान मानिस भएपछि उसले हरेक मानिसलाई ठाउँ छोडिदिनुपर्दछ, अतएव यदि उसले अलिकति मात्र पनि अघिको छाँट निकाल्यो भने यसले उसलाई कत्रो शिक्षा ल्याउँदछ ! जे भन्यो सो पाउने बानी लागेकोले ऊ सजिलैसित जे पनि चाहन्छ, उसका चाहनाहरू धेरै हुन्छन् र उसलाई सधैं अभाव नै भइरहेको हुन्छ । उसलाई फुस्ल्याउने हरेक कुराले उसलाई लोभ्याउँदछ; जो अरूसँग हुन्छ त्यो ऊसँग पनि हुनैपर्दछ; ऊ हरेक कुराको लोभ गर्दछ; ऊ हरेक मानिसको डाह गर्दछ; ऊ सधैं मालिक बन्न खोज्दछ । उसलाई घमण्डले निलेको हुन्छ । उसको तरुण हृदय लगाम खुस्केका उत्कट भावनाहरू, ईर्ष्या, घृणा आदिले प्रज्वलित भएको हुन्छ; यी सबै उग्र भावनाहरूको तुरुन्त विस्फोटन हुन्छ; तिनीहरूको डसाइले कार्यव्यस्त संसारमा उसलाई भित्र पोल्दछ; रातमा तिनीहरू उसँगै फर्कन्छन्; आफैदेखि र अरूहरूदेखि असन्तुष्ट भएर ऊ फर्केर आउँदछ; हजार कल्पनाहरूले गडबड पारिएका हजार मूर्ख योजनाहरूका बीच ऊ निदाउँछ, र उसको घमण्डले उसलाई उसका स्वप्नहरूमा पनि ती कल्पित आनन्दहरू देखाउँदछन्; उसलाई यस्तो इच्छाले पीडित गराउँदछ जसको सन्तुष्टि कहिल्यै हुँदैन । तिम्रो

छात्रको निमित्त यत्ति हो; अब मेरो छात्रतर्फ फर्कौं ।

यदि उसको मनमा प्रभाव पार्ने पहिला कुरा दुःखलाग्दो हुन्छ भने उसको आफ्नै चेतना आएपछि त्यो आनन्दको कुरा हुन्छ । जब उसले आफु धेरै अनिष्ट कुराहरूबाट उम्केको देख्तछ अनि उसले कल्पना गरेकोभन्दा धेरै बढ्ता सुखी आफूलाई ठहऱ्याउँदछ । ऊ आफ्ना समाजका मानिसहरूको दुःखमा भाग लिन्छ, तर ऊ आफ्नै इच्छाले भाग लिन्छ र यसमा सुख मान्दछ; उनीहरूको दुःखमा आफूलाई दया लागेकोमा र आफू त्यसबाट बचेकोमा उसलाई खुशी लाग्दछ । शक्तिको त्यो अवस्था उसको मनले थाहा पाउँदछ, जो हामीदेखि परतिर पुग्दछ र जसले हाम्रो भलाइको बढ्ता अनावश्यक क्रियाशीलतालाई अन्तै लैजान निर्देशन गर्दछ । अर्काका दुःखहरूमा दया गर्न हामीले तिनीहरूलाई वास्तवमा जान्नुपर्दछ, तर हाम्रो मनले थाहा पाउनु हुँदैन । जब हामीले दुःख पाएका हुन्छौं, र हामीलाई दुःख पाउने डर हुन्छ तब दुःख पाउनेहरूमाथि हामी दया गर्दछौं; तर जब हामी आफैं नै दुःख पाउँदछौं तब आफूलाई सिवाय अरू कसैलाई पनि दया गर्दैनौं । तर यदि हामी सबै नै जीवनका दुःखहरूका अधीन भएकाले हामीलाई वास्तवमा आफ्ना निमित्त नचाहिने जति मात्र चेतना अरूमाथि हामीले देखायौं भने यसबाट यो बुझिन आउँदछ कि दया एउटा रमाइलो भावना हुनुपर्दछ; किनभने यसले हाम्रै पक्षमा बोल्दछ; र अर्कातिर कठोर हृदय भएको मानिस सधैं दुःखी हुन्छ, किनभने उसको हृदयको अवस्थाले अरूहरूका दुःखहरूमा देखाउने आफ्ना निमित्त नचाहिने बढ्ता चेतना उसलाई छोडेको हुँदैन ।

बाहिरी रूपहरूबाट सुखको विचार गर्न हामीहरू ज्यादा तत्पर रहन्छौं; हामी विचार गर्दछौं कि यो ज्यादै असम्भव ठाउँमा पाइन्छ, जहाँ यो सम्भवतः हुन सक्तैन, त्यहीं हामी यसलाई खोज्दछौं । मजाको उपस्थिति कहाँ हुन्छ त्यो सन्देहयुक्त कुराछ । मोजी मानिस अक्सर दुःखी हुन्छ, जो अरूलाई छकाउन र आफ्नो मनलाई पनि विक्षिप्त गराउन प्रयास गरिरहेको हुन्छ । जुन मानिसहरू आफ्ना क्लब या समाजमा रमाइला, मैत्री भावका, र सन्तुष्ट हुन्छन्, तिनीहरू घरमा अँध्यारमुखे कचकचे हुन्छन्, र उनीहरूले आफ्ना दोस्तहरूलाई दिएको मजाको साटो त नोकरहरूले यो तिर्नुपर्ने हुन्छ । सच्चा सन्तोष न मोजी हुन्छ न हल्लाबाज नै हुन्छ । यस्तो मीठो चेतनाको हामी ईर्ष्या गर्दछौं; जब हामी यसको उपभोग गर्दछौं त्यो वेला हामी यसबारे विचार गर्दछौं, हामीबाट यो यो फुत्केर जाला भन्ने डरले हामी यसमा रमाउँदछौं । साँच्चीकै सुखी मानिस

थोरै बोल्छ, थोरै हाँस्छ; उसले आफ्नो सुखलाई आफ्नो हृदयमा गडाएर राख्तछ; हल्ला गर्ने खेलहरू, उग्र खुशियालीहरूले नैराश्यको सन्तुष्टिलाई लुकाउँदछन् । तर दिक्दारी आनन्दको मित्र हो; आँसुहरू र दयाले हामीलाई अत्यन्त मीठो आनन्द दिन्छन्; र ठूलठूला आनन्दहरूले हाँसोभन्दा आँसुहरू निकाल्दछन् ।

यदि पहिले हाम्रा आमोद–प्रमोदहरूका संख्या र किसिमले हाम्रो सुख बढाएको जस्तो प्रतीत हुन्छ भने, यदि पहिले शान्त जीवनको एकनासको चाल उच्चाट लाग्ने हुन्छ भने यसलाई गडेर हेर्दा हामी पत्ता लगाउँदछौं कि मनको सबभन्दा ठूलो सुख संयमी भोगमा रहन्छ जसमा इच्छा र घृणाको निम्ति कुनै स्थान हुँदैन । उत्कट इच्छाको चञ्चलताले उत्सुकता र कमजोरी पैदा गर्दछ; हल्ला गर्ने प्रमोदहरूको रिक्तताले थकावट पैदा गर्दछ । जब हामीलाई बढ्ता सुखको कुनै कुरा थाहा हुँदैन तब हामीलाई आफ्नो अवस्थादेखि कहिल्यै थकावट लाग्दैन । थकावटबाट र उच्चाटबाट अरू मानिसहरूभन्दा असभ्य जंगली मानिसहरू कम दुःख पाउँदछन्; उनीहरूका निम्ति हरेक कुरा उस्तै हुन्छ– उनीहरू आफै मात्र छन्, उनीहरूका सम्पत्तिहरू छैनन्– र उनीहरू कहिले पनि थकित हुँदैनन् ।

संसारको मानिस प्रायः सधैं मुकुन्डो लगाउँदछ । ऊ कहिल्यै आफू हुँदैन, र बहुधा ऊ आफूलाई नै बिरानो हुन्छ । जब ऊ आफ्नै साथमा ठोसिन्छ तब ऊ अप्ठेरोमा रहन्छ । ऊ जो हो सो ऊ होइन, तर ऊ जो मालूम हुन्छ सो हो; उसले परबाह गर्ने सम्पूर्ण कुरा त्यही हो ।

मैले भर्खर बताएको नवयुवकको अनुहारमा एउटा अवर्णनीय तर बेमज्जाको हठीपन, चिप्लोपन, र बहानाको तसबीर नदेखिछोड्दिनँ जुन सादा मानिसका निमित्त छ, तर मेरो आफ्नो चेलाको चेहरामा एउटा सादा मनोहर भाव देख्तछु, जसले साँच्चीको सन्तुष्टि र मनको शान्ति जनाउँदछ; त्यस चेहराले मर्यादा र विश्वास उब्जाउँछ, र त्यसको प्रत्युत्तरमा उसको विश्वासले पनि मैत्रीभावका सम्बन्धहरूको स्थापनाको अपेक्षा गराउने प्रतीत हुन्छ । यो विचार गरिन्छ कि त्यो चेहरा प्रकृतिद्वारा तर्जुमा गरिएका कुनै ढाँचाहरूको विकास मात्र हो । मेरो त यो धारणा छ कि अझ यस विकास माथि पनि उसका हृदयका स्नेहहरूको बराबर र आदतबाटै परिरहने प्रभावद्वारा मानिसको अनुहारको छाँट बिलकुल थाहै नपाइँदो किसिमले बद्लिँ आउँदछ । यी स्नेहहरू अनुहारमा देखाइन्छन्, योभन्दा निश्चित कुरा अरू हुँदैन; र जब तिनीहरूमा

बानी नै पर्न आउँदछ तिनीहरूले अवश्य पछिसम्म रहने लक्षणहरू छोड्दछन् । त्यसै कारणले म ठान्दछु मुखको चेहराले आचरण दर्शाउँदछ, र हामीमा नभएका शक्तिहरूको व्याख्या नखोजीकन हामी कहिले कहिले परस्परको अध्ययन गर्न सक्छौं ।

बच्चाका भिन्न भिन्न दुई भावनाहरू मात्र हुन्छन्, खुशी र अफसोस; ऊ हाँस्छ या रुन्छ; उसलाई बीचको बाटो थाहा हुँदैन; ऊ सधैं एक छेउबाट अर्को छेउतिर गइरहेको हुन्छ । यी सधैंका परिवर्तनहरूले गर्दा अनुहारमा खपिरहने प्रभाव हुँदैन, र कुनै चेहरा हुँदैन, तर बच्चा जब अलि ठूलो हुन्छ र बढ्ता चेतनशील हुन्छ, उसका भावनाहरू बढ्ता तीक्ष्ण या बढ्ता स्थायी हुन्छन्, र यी झन् गहिरा भावनाहरूले मेट्न झन् गाह्रो हुने लक्षणहरू छोड्दछन्; र भावनाहरूको बानी नै परिसकेको अवस्थाको असर चेहरामा पर्दछ र यथासमयमा त्यो मेट्न नसकिने हुन आउँदछ । तैपनि यस्ता मानिसहरू पनि बराबर भेटिन्छन् जसको चेहरा उनीहरूको उमेरभन्दा फरक हुन्छ । मैले यस्ता धेरैलाई भेटेको छु र मैले सधैं यो देखेको छु जसलाई मैले विचारपूर्वक हेरेर अनुसरण गरेको छु । तिनीहरूले पनि आफ्नो सधैंको मिजास बदलेका छन् । पूर्णतया निश्चित यही अवलोकन निर्णयात्मक हो जस्तो मलाई लाग्दछ । शिक्षाको निबन्धमा बाहिरी लक्षणहरूबाट हृदयका भावनाहरूको विचार गर्न सिक्नु महत्वको कुरा हो भन्नु कुठाउँमा पर्ने कुरा होइन ।

म भन्न सक्तिनँ– मेरो नौजवानले प्रचलित प्रथाहरूको नकल गर्न नसक्तैमा र आफ्नै नभएका भावनाहरूको बहाना नगर्दैमा ऊ कम प्रिय हुनेछ । अहिलेलाई त्यो मेरो सरोकारको कुरा होइन । म यति मात्र जान्दछु कि ऊ बढ्ता स्नेही हुनेछ; र म यस कुरामा विश्वास गर्न सक्तिनँ– जसले आफ्नो सिवाय अरूको परवाह गर्दैन र अरूलाई खुशी तुल्याउनलाई आफ्ना सच्चा भावनाहरूलाई लुकाउँदछ । उसले अरूहरूप्रति स्नेह देखाउने मानिसले जत्तिकै सच्चा आनन्द पाउँदछ । तर सुखको यस भावनाको विषयमा कुनै पनि विचारवान् पाठकलाई बाटो देखाउनको लागि र मैले आफ्नै कुरा काटेर विरोधी कुरा दर्शाएको छैन भन्ने देखाउनको लागि मैले अघिबाटै प्रशस्त भनिसकेको छु जस्तो मलाई लाग्दछ ।

म आफ्नो तरीकातिर फर्कन्छु; जब त्यो खतराको उमेर नजीक आइपुग्दछ, म आफ्ना जवान चेलाहरूलाई ती दृश्यहरू देखाउँदछु, जसले उनीहरूलाई उत्तेजित गराउनुभन्दा संयमित तुल्याउँदछन्; उनीहरूको भर्खर

प्रादुर्भाव हुन लागेको कल्पनालाई ती वस्तुहरूदेखि टाढा राख्तछन् जसले उनीहरूका चेतनाहरूलाई प्रोज्ज्वल तुल्याउनुको सट्टा उनीहरूको हलचललाई रोक्तछन् । उनीहरूलाई ठूलठूला शहरहरूबाट हटाऊ, जहाँ झलकमलकका पोशाक र स्वास्नीमानिसहरूको सुन्याइँले प्रकृतिको शिक्षालाई छिटो आउने र अपेक्षित हुने तुल्याउँदछ, जहाँ हरेक कुरा उनीहरूको दृष्टिमा आनन्दै आनन्दको देखिन्छ, जसको विषयमा उनीहरूले आफैं रोज्न सक्ने उमेरमा नपुगुन्जेलसम्म उनीहरूलाई केही पनि थाहा हुँदैन । उनीहरूलाई उनीहरूको पहिलेकै घरमा फर्काएर ल्याऊ, जहाँ गाउँले सरलताले उनीहरूको उमेरका उत्कट भावनाहरूलाई झन् बिस्तारै मात्र विकास हुन दिन्छ; अथवा यदि कलाहरूप्रतिको उनीहरूको अभिरुचिले उनीहरूलाई शहरमै राख्तछ भने यही अभिरुचिद्वारा नै भयङ्कर आलस्यबाट उनीहरूको रखवारी गर । उनीहरूको संगत, कामहरू र खुशियालीहरू राम्रोसित छान । उनीहरूलाई साधारण र दयनीय चित्रहरू सिबाय अरू केही नदेखाऊ, जो हृदयस्पर्शी हुन्छन्, तर लोभ्याउने या बहकाउने चाहिं हुँदैनन् र उनीहरूका इन्द्रियहरूलाई उत्तेजित नगराईकन उनीहरूको चेतनालाई पुष्टि दिन्छन् । यो पनि याद राख कि अतिको आपद कुनै एक ठाउँमा मात्र सीमित रहँदैन र असंयमी भावनाहरूले सुधार्न नसकिने हानि गर्दछन् । तिमीले आफ्नो चेलालाई बिरामी धाई तुल्याउनुपर्दैन, न त उसलाई दयालाग्दो भाइ नै तुल्याउनुपर्दछ; सधैं पीडा र दुःखको दृश्य देखाएर उसको मनलाई दुःखित तुल्याउनुपर्दैन; तिमी उसलाई एउटा अस्पतालबाट अर्को अस्पतालमा र फाँसी दिने ठाउँबाट जेलखानामा लैजानुपर्दैन । उसलाई मानिसहरूको दुःख देखाएर कठोर होइन कि नरम तुल्याउनुपर्दछ । जब हामीले कुनै दृश्य देखिसकेका हुन्छौं, तब त्यसले हामीमाथि प्रभाव पार्न छोड्दछ । प्रयोग दोस्रो प्रकृति हो; जुन कुरा सधैं हाम्रो आँखाको अगाडि हुन्छ, त्यसले हाम्रो कल्पना उठाउन सक्तैन र कल्पनाद्वारा मात्र अरूहरूको दुःख थाहा पाउन सक्तछौं; यसै कारणले पुरोहितहरू र डाक्टरहरू, जो सधैं मृत्यु र दुःख देखिरहेका हुन्छन्, तिनीहरू यस्ता कठोर हुन्छन् । यसउसले तिम्रो चेलाले मानिसको प्रारब्ध र आफ्ना समाजका प्राणीहरूका दुःखहरू केही थाहा पाओस्, तर उसले ती कुराहरू बारंबार नदेखोस् । होशियारीपूर्वक छानिएको र ठीक समयमा देखाइएको एउटै कुराले उसलाई दयाले भर्दछ र महीनाभर विचार गरिरहने तुल्याउँदछ । कुनै कुराको विषयमा उसको विचार उसले जो देख्तछ त्यसमा उत्तिको निर्भर रहँदैन, तर उसमाथि त्यसको कस्तो प्रतिक्रिया

पर्दछ त्यसमा निर्भर रहन्छ; र कुनै वस्तुको मनमा गडिरहने प्रभाव त्यस वस्तुमै उति निर्भर रहँदैन जति उसले यसलाई हेर्ने दृष्टिकोणमाथि निर्भर रहन्छ। यस प्रकार उदाहरणहरू, शिक्षाहरू, चित्रहरूको कम प्रयोग गर्नाले तिमी इन्द्रियको डसाइलाई मन्द तुल्याउन सक्छौ र प्रकृतिको नेतृत्वको अनुसरण गर्दै प्रकृतिलाई ढील्याउन सक्छौ।

जब उसले ज्ञान प्राप्त गर्दछ, उसले यसमा विचारहरू कुन लगाउने हो त्यो छान; जब उसका उत्कट भावनाहरू जाग्रत हुन्छन्, तिनीहरूलाई दबाउने किसिमका दृश्यहरू छन्। आपनो आचरण र साहसका निमित्त विख्यात भएका एक जना घाघडानले मलाई बताएका थिए।

मेरा पिता बुद्धिमान् र ज्यादै धर्मात्मा हुनुहुन्थ्यो; उहाँले देख्नुभयो कि पहिलो जवानीमा इन्द्रियको बढ्दो प्रभावले गर्दा उहाँको छोरो (अर्थात् म आफै) स्वास्नीमानिसहरूतिर लहसिएको थियो र उहाँले उसलाई यसबाट रोक्न कुनै प्रयत्न बाँकी राख्नुभएन, तर आखिर उहाँले यत्रो होशियारी गर्दा गर्दै पनि उहाँको छोरो उहाँको नियन्त्रणबाट फुत्कन लागेको थियो। उहाँले उसलाई एउटा अस्पतालमा लैजाने निर्णय गर्नुभयो, र केही नभनीकन उसलाई एउटा कोठाभित्र लैजानुभयो जहाँ कैयौं प्राणीहरू प्रायश्चित्त गरिरहेका थिए,त्यहाँ उनीहरूको भयङ्कर उपचार भइरहेको थियो, पापकर्महरूले गर्दा उनीहरू यस दशामा प्राप्त भएका थिए। यो भयानक घिनलाग्दो विद्रोही दृश्यले त्यस नवयुवकलाई क्लान्त तुल्यायो। उसका बाबुले भने, अभागी कुकर्मी, जा तँ पाजी; तेरा नीच अभिरुचिहरूको पछि लाग्; तँ खुशीसाथ चाँडै नै यस कोठामा भर्ना हुनेछस् र अत्यन्तै लाजमर्नु पीडाहरूको शिकार बन्नेछस्; तँ मरेपछि तैँले तेरो बाबुलाई परमेश्वरलाई धन्यवाद अर्पण गर्न लाचार तुल्याउनेछस्।

यी थोरै शब्दहरू र उसले देखेको मर्मभेदी दृश्यले त्यो नव-युवकमा यस्तो प्रभाव पार्‍यो, जुन कहिले पनि मेटिन सकेन। आपनो कामअनुसार आपनो जवानी पल्टनमा बिताउनुपर्दा उसले आपना साथीहरूको कुचालहरूमा भाग लिनुभन्दा उनीहरूका सब ठट्टाहरू सहन मन परायो। ऊ मानिस हो, उसका धेरै कमजोरीहरू थिए, तर आजको दिनसम्म पनि कुनै रन्डीमाथि उसको दृष्टि पर्‍यो भने उसलाई भयानक घृणा लाग्दछ।" तिम्रो चेलालाई थोरै कुरा बताऊ, तर वेला, ठाउँ र मानिस छान; अनि आपनो शिक्षाका निमित्तका पक्का उदाहरणहरूमा विश्वास गर र निश्चित रहू कि यसले परिणाम निकाल्दछ।

जुन तरीकाबाट बचपन बिताइन्छ त्यो ठूलो कुरा होइन; जुन खराबीले यसमा प्रवेश गर्दछ, त्यसमा उपाय नलाग्ने होइन र जुन भलाइको उत्पत्ति हुन सक्तछ, त्यो पछिमात्र आउन सक्तछ; तर जब कुनै नौजवानले जीवनको आरम्भ गर्दछ, त्यो बेला यस्तो हुँदैन, जो गर्नु पर्दछ त्यसका निमित्त यो समय कहिले पनि त्यत्तिको लामो हुँदैन र यसको महत्त्वले निरन्तरको ध्यान खोज्दछ; यसै कारणले म यो लम्ब्याउने कलामा यस्तो जोड दिन्छु । असल खेतीका उत्तम नियमहरूमध्ये कामहरूलाई यथासम्भव पछिका निम्ति रोकिराख्नु एउटा नियम हो । तिम्रो प्रगति ढीलो र निश्चित होस्; नव–युवकलाई सहसा मानिस हुनबाट रोक । जब शरीर बढिरहेको हुन्छ, रगतलाई बल दिने र मांसपिंडहरूलाई तागत दिने जोशहरू बनिरहेका र फैलिरहेका हुन्छन् । यदि तिमीले उनीहरूलाई अर्कै कुलोतिर फर्काइदियौं भने र जुन कुरा शरीरको एउटा अङ्ग पूरा गर्नलाई जानुपर्दथ्यो त्यस कुरालाई अर्कै कुरा बनाउनको निम्ति जान दियौ भने दुवै कमजोरीको हालतमा रहन्छन् र प्रकृतिको काम अपूरा रहन्छ । यस परिवर्तनले गर्दा मनका क्रियाहरूमाथि असर पर्दछ, र मनले पनि शरीर जस्तै रोगी भएर दुर्बलता र शिथिलतापूर्वक काम गर्दछ । शरीरको विस्तार र बल साहस या जेहन जस्तो एउटै कुरा होइन, र म यो कुरा मान्दछु कि मनको शक्तिले शरीरको शक्तिलाई सधैं साथ दिंदैन, जब यी दुईका बीचको सम्बन्धका माध्यमहरू दोषपूर्ण हुन्छन् । जस्तोसुकै राम्रो हिसाबसित आयोजना गरिएका भए तापनि, शरीरको यन्त्रका पुर्जाहरूलाई बल दिने र ताजा राख्ने पदार्थले रहित भएको रित्तिइसकेको गुणहीन रगतको संचारमाथि चलाउने शक्तिका निम्ति निर्भर गर्दछन् भने तिनीहरूले सधैं कमजोरीसित काम गर्दछन् । पहिलेदेखि नै जसको जीवन खराब चालसित शुरू भएको छ तिनीहरूमा भन्दा जसका पहिलेका वर्षहरू असामयिक पापबाट बचाइएका छन् तिनीहरूमा मानसिक बल ज्यादा हुन्छ । त्यस कारण जुन जातिहरूका नैतिकताहरू शुद्ध हुन्छन् ती जातिहरू खराब नैतिकता हुने जातिहरूभन्दा बुद्धि र साहसमा अवश्य नै बढ्ता हुन्छन् । पछिल्लो खालका जातिहरू साना र तुच्छ गुणहरूद्वारा चम्कन्छन्, जसलाई उनीहरू बुद्धिमानी र चलाकी भन्दछन् र यो म बुझ्न सक्तिनँ । तर ती महान् तथा भलाइ र सानू विचारका लक्षणहरू जसद्वारा मानिसले ख्यातिप्राप्त गर्दछ, र ती सत्कर्महरू, धर्महरू, साँच्चीकै उपयोगी प्रयत्नहरू जसद्वारा मानिस सम्मानित हुन्छ, शुद्ध नैतिकता हुने जातिहरूमा सिवाय अरूमा पाइँदैनन् ।

शिक्षकहरूको गुनासो यो छ कि यस उमेरको बलले उनीहरूका चेलाहरूलाई बेअदब तुल्याउँदछ; म देख्छु यो यसै हो, तर के यो उनीहरूकै दोष होइन ? जब एकचोटी उनीहरूले यस बललाई इन्द्रियहरूको कुलोबाट बग्न दिएका छन् त उनीहरूले यसको बाटो बदल्न सक्तैनन् भन्ने कुरा के उनीहरूलाई थाहा छैन ? के विद्याभिमानी पण्डितका लामालामा नीरस धर्मशिक्षाहरूले एक चोटि प्रवेशद्वार पाइसकेका भोग विलासका विचारहरूलाई उसको छात्रको मनबाट मेटिदेला ? के ती विचारहरूले उसको हृदयबाट ती इच्छाहरूलाई धपाइदेलान् जुन इच्छाहरूले यो तड्पेको हुन्छ ? के ती विचारहरूले त्यो उत्कट भावनाको गरमलाई ठण्डा गराइदेलान् जसको अर्थ त्यो छात्रले बुझेको हुन्छ ? जुन एक मात्र सुखको उसलाई केही विचार भएको छ त्यसको विरुद्ध बाधाहरू पर्न आउँदा के त्यो चेलो रिसले जागोइन ? उसले यो बुझ्न सक्नुभन्दा अगाडि उसमाथि लगाइएको कडा कानूनमा आफूलाई यातना दिन प्रयास गरिरहेको मानिसको घृणा र मनोविकार सिवाय उसले अरू के देख्ला ? उसले विद्रोह गर्नु र तिमीलाई पनि घृणा गर्नु के यो अनौठा कुरा हो ?

मलाई राम्ररी थाहा छ कि यदि कुनै शिक्षक सहज–स्वभावको छ भने ऊ सह्य हुन्छ, र उसले अधिकारलाई देखावटी रूपमा मात्र राख्न सक्तछ। तर म छात्रमाथिको अधिकारको त्यो प्रयोग बुझ्न सक्तिनँ, जुन पापहरूलाई दबाउनुको सट्टा उभाडिदिएर मात्र कायम राखिन्छ; यो आगो जस्तो तेजिलो घोडालाई भीरमाथि कुद्ने तुल्याएर सघाउने प्रयत्न गर्नु जस्तै हो।

शिक्षामा बाधा हुनु त कता हो कता किशोर अवस्थाको यो उत्साह यसको शिरपेच र नक्कल गर्ने शिक्षा हो; यसैले नै तिमीलाई ऊ तिमीभन्दा बढ्ता कमजोर नभए तापनि नव-युवकको हृदयमा अधिकार जमाउन दिन्छ। उसका पहिला स्नेहहरू ती लगाम हुन्, जसद्वारा उसका चालहरूलाई नियन्त्रण गर्दछौ; ऊ स्वतन्त्र थियो, र अहिले म उसलाई तिम्रो शक्तिभित्र देख्तछु। जब ऊ कुनै कुरालाई पनि प्यारो गर्दैनथ्यो, तबसम्म ऊ आफू र आफ्ना आवश्यकताहरूदेखि बाहेक हरेक कुरादेखि स्वतन्त्र थियो; जब ऊ प्यारो गर्न थाल्दछ ऊ आफ्ना स्नेहहरूमाथि परतन्त्र हुन्छ। यस प्रकार उसलाई आफ्नो जातिसँग मिलाउने बन्धनहरू अघिबाटै बन्दछन्। जब तिमी उसको बढ्दो चेतनालाई यस दिशातिरको बाटो देखाउँदछौ यो अपेक्षा नगर कि यसले सबै मानिसहरूलाई तुरुन्तै अन्तर्गत गराउनेछ, र 'मनुष्यजाति भन्ने' शब्दको उसका निम्ति केही अर्थ हुनेछ। त्यसो होइन; यो चेतना पहिले ऊ जस्तै व्यक्तिहरूमा सीमित

भएर रहनेछ, र यी उसका निमित्त बिराना हुनेछैनन्; तर जसलाई उसले चिम्दछ, जसलाई उसको आदतले नै प्यारो तुल्याएको छ या आवश्यक तुल्याएको छ, जो देखादेखी उसले जस्तै विचार गरिरहन्छन् र मनले थाहा पाइरहन्छन्, जसले उसले खपेको जस्तै दुःख खपेको ऊ देख्तछ, जो उसले मनाएझैं आनन्द मनाउँछन्, संक्षेपमा, जो ऊ जस्तै छन् तिनीहरूलाई ऊ बढ्ता प्यारो गर्दछ। धेरै समयसम्म तालीम पाइसकेपछि अरूमा देखेका भावनाहरू र आफ्नै भावनाहरूको धेरै विचार गरिसकेपछि मात्र मनुष्यताको गूढ भावनासित आफ्ना निजी भावनाहरूलाई ऊ मिलाउन सक्तछ र जुन स्नेहहरूले उसलाई ऊ पनि मनुष्य जातिभित्रकै हो भन्ने भावना दिन सक्तछन्, ती स्नेहहरूलाई उसले आफ्ना व्यक्तिगत स्नेहहरूसित जोड्न सक्तछ।

जब उसमा स्नेहको प्रादुर्भाव हुन थाल्दछ तब उसले अरूको स्नेह थाहा पाउँदछ, र ऊ ती स्नेहका लक्षणहरूको खोजीमा लाग्दछ। त्यस वेला तिमी उसमाथि कसरी नयाँ अधिकार जमाउन सक्तछौ के त्यो तिमी देख्दैनौ ? जहाँसम्म उसलाई तिनीहरूको पत्तै थिएन, त्यहाँसम्म उसको हृदयलाई तिमीले कुन बन्धनहरूले बाँधिराखेका थियौ ? जब उसले आफूलाई हेर्दछ र तिमीले उसका निमित्त के गरेका छौ त्यो देख्दछ, जब उसले आफूलाई अरू नवयुवकहरूसित र तिमीलाई अरू शिक्षकहरूसित तुलना गर्दछ तब उसलाई कस्तो लाग्ला ? म भन्दछु, "जब उसले त्यो देख्दछ," तर याद राख यदि तिमीले उसलाई त्यो बताएनौ भने; यदि तिमीले बतायौ भने उसले त्यो बुझ्नेछैन। यदि तिमीले उसको हेरचाह गरेकोको बदला उसबाट आज्ञाकारिता खोज्यौ भने उसले यो विचार गर्नेछ कि तिमीले उसलाई छलेका रहेछौ; उसले यो देख्नेछ कि तिमीले कुनै इनाम नलिईकन उसको हेरचाह गरेको देखाउन खोज्दा तिमीले उसलाई ऋणले लाद्न र उसलाई सौदाले बाँध्न खोजेका रहेछौ, जुन सौदा उसले कहिले पनि गरेको थिएन। तिमी उसबाट जुन कुरा पाउने दावा गर्दछौ त्यो उसकै हितको लागि हो भनेर देखाउन तिमी व्यर्थ प्रयास गर्दछौ; तिमी यो दावा गर्दछौ, र यो उसको मंजूरीविना तिमीले उसका निमित्त जो गरेका छौ त्यसनिम्ति दावा गर्दछौ। जब गरीबी अवस्थामा परेको कुनै मानिसले वकीलले उसलाई दिन खोजेको दाम स्वीकार गर्दछ र उसले के गर्न खोजेको हो त्यो थाहा नपाईकन आफू उसको लगतमा परेको थाहा पाउँदछ, तब तिमी ऊ अन्यायमा पर्‍यो भनेर विरोध दर्शाउँदछौ; तब तिम्रो चेलाले स्वीकार गर्दै नगरेको हेरचाहको ज्याला उसबाट खोज्नु के झन् अन्यायको कुरो होइन ?

यदि दयारूपी लगानीको ब्याज चर्को नभइदिएको भए अकृतज्ञता धेरै कम हुने थियो । जसले हामीलाई दया गर्दछन् तिनीहरूलाई हामी प्यारो गर्दछौं, कस्तो प्राकृत भावना ? अकृतज्ञता मानिसको हकमा पाइने होइन, तर त्यहाँ स्वार्थ हुन्छ । गुनको बदला बेगुनी हुनेहरू ती मानिसहरूभन्दा कम हुन्छन्, जो आफ्नै स्वार्थका निम्ति दयाको काम गर्दछन् । यदि तिमीले आफ्ना दातव्यहरू मलाई बेच्यौ भने म मोलमा कसाकस गर्नेछु, तर यदि तिमीले पछि आफ्नै मोलमा बिक्री गर्नको निम्ति दिने बहाना गर्‍यौ भने तिमी ठगीको दोषी हुनेछौ; जुन अमूल्य छ त्यो निःस्वार्थ दातव्य हो । हृदय आफै नै कानून हो; यदि तिमीले यसलाई बाँध्ने प्रयास गर्‍यौ भने तिमी यसलाई गुमाउनेछौ; यसलाई आफ्नो स्वतन्त्रता देऊ र यसलाई आफ्नै बनाऊ । जब माझीले उसको बल्छी थाप्छ माछाहरू निःशङ्क भएर उसको वरिपरि आउँदछन्; तर जब बल्छीमा लुकेको अङ्कुशीमा तिनीहरू पर्दछन् तिनीहरू उम्कन कोशिश गर्दछन् । के माझी उपकारी भो ? के माछाहरू बेगुनी भए ? आफ्नो उपकारीले बिर्सिसकेको कुनै मानिसले आफ्नो उपकारीलाई बिर्सन सक्तछ ? अझ बरु उसलाई उसको विषयमा बोल्न आनन्द लाग्दछ; उसले विनाउमङ्ग उसको बारे विचार गर्नै सक्तैन । यदि उसले कुनै अनपेक्षित सेवा गरेर उसलाई उसले गरेको गुणको निम्ति म तपाईंलाई सम्झन्छु भन्ने देखाउने मौका पायो भने उसले आफ्नो कृतज्ञतालाई सन्तुष्ट तुल्याउन कत्तिको खुशी मान्ला ! आफ्नो उपकारीको कृतज्ञता प्राप्त गर्नमा कत्तिको आनन्द आउला! 'अब मेरो पालो आयो' भन्नमा कत्तिको मजा आउला ! वास्तवमा प्रकृतिको शिक्षा यही हो; असल कामले कहिले पनि अकृतज्ञता उत्पन्न गरेको छैन ।

त्यस कारण यदि कृतज्ञता प्राकृतिक भावना हो भने र यसका परिणामहरूलाई तिम्रा दोषहरूले नाश गरेनौ भने निश्चिन्त रहू कि तिम्रो चेलाले उसप्रति तिमीले गरेको हेरचाहको मूल्य थाहा पाउन थालेपछि यदि तिमीले यसको कुनै मूल्य राखेका छैनौ भने यसनिमित्त ऊ कृतज्ञ हुनेछ; यसले उसको हृदयमा तिम्रो एक अधिकार दिनेछ जसलाई कुनै कुराले पनि नष्ट गर्न सक्नेछैन । तर यो साँचोकै आफ्नो नहुन्जेलसम्म यो फाइदा गुम्ला कि भनेर होशियारी गर, आफ्नै महत्त्वमा जोर दिइ नरहने होशियारी गर । आफ्ना सेवाहरूको गर्व गर्‍यौ भने तिनीहरू असह्य हुन्छन्; तिनीहरूलाई तिमी बिर्सिदेऊ, अनि तिनीहरू बिर्सिंदैनन् । उसलाई मानिस जस्तो व्यवहार गर्ने समय

नआउन्जेलसम्म उसको तिमीप्रतिको कर्तव्यको सवाल उठ्न नदेऊ; र उसको कर्तव्य आफैंप्रतिको मात्र होस् । यदि तिमी उसलाई शिक्षायोग्य तुल्याउन चाहन्छौ भने उसलाई स्वतन्त्र छोड; आफू लुकेर रहू ताकि उसले तिमीलाई खोजोस् । उसैको अभिरूचिको मात्र कुरा गरेर उसको हृदयलाई कृतज्ञताको उदार भावनामा उठाऊ । ऊ बुझ्न सक्ने नहुन्जेलसम्म जो जति गरिएको छ त्यो उसको हितका निमित्त हो भन्ने कुरा म उसलाई बताउन चाहन्नथें । उसले यस्ता कुराहरू मात्र बुझेको हुन्थ्यो जो बताउँथे कि तिमी उसमा निर्भर थियौ र उसकै सेवक थियौ, तर अब प्रेम भनेको के हो त्यो कुरा उसले बुझ्न थालेको छ । उसलाई पनि यस कुराको ज्ञान भएको छ कि जेमा उसको प्रेम हुन्छ त्यसमा मानिसलाई कसरी कोमल स्नेहले बद्ध गराउँदछ, र जुन उत्साहले तिमीलाई उसका निमित्त व्यस्त राख्दछ त्यसमा अब उसले दासका बन्धनहरू देख्दैन कि मित्रको स्नेह देख्दछ । अब मित्रताको स्वरले सिवाय अरू कुनै कुराले पनि मनुष्यको हृदयलाई भारी बोकाउन सक्तैन, किनभने यसले हाम्रो हितको निमित्त सिवाय अरू कुनै कुराको निमित्त बोल्दैन भन्ने कुरा हामी जान्दछौं । हाम्रा मित्रले गल्ती गरे भन्ने हामी विचार गर्न सक्तछौं, तर उनी हामीलाई छकाइरहेछन् भन्ने कुरामा हामी विश्वास गर्न सक्तैनौं । कहिले कहिले उनको परामर्शलाई हामी तिरस्कार गर्न सक्तछौं, तर कहिले पनि यसको अपहेलना गर्दैनौं ।

आखिरमा हामी नैतिक क्रममा आइपुगेका छौं, हामी मनुष्यताको दोस्रो खुड्किलोतिर पाइला सार्दै छौं । यदि यसका निमित्तको स्थान यही नै भइदिएको भए कसरी हृदयका पहिला उमङ्गहरूले चेतनाका पहिला उत्तेजनाहरूको उत्पत्ति गर्दछन्, र कसरी प्रेम र घृणाका भावनाहरूबाट असल र खराबका पहिला भावनाहरूको उत्पत्ति हुन्छ त्यो कुरा दर्शाउने चेष्टा म गर्ने थिएँ । म यो दर्शाउने थिएँ कि न्याय र दया केवल भाववाचक शब्द मात्र होइनन्, केवल बुद्धिले बनाएको नैतिक भावना मात्र होइनन्, तर तर्कद्वारा प्रकाशित हृदयका सच्चा स्नेह हुन्, हाम्रा जन्मैदेखिका स्नेहहरूका प्राकृत परिणाम हुन् । चित्तद्वारा सहयोग नगरिएको तर्कले मात्र हामी कुनै प्राकृतिक नियमको स्थापना गर्न सक्तैनौं, र यदि मनुष्य-हृदयको स्वाभाविक आवश्यकतामा आधारित छैन भने सम्पूर्ण प्राकृतिक हक व्यर्थको स्वप्न मात्र हुन्छ । तर अहिलेलाई आत्मज्ञान-विद्या र नैतिक विद्याको विषयमा निबन्ध तयार गर्ने मेरो काम हो भन्ने म ठहराउँदिनँ, न त कुनै किसिमको पाठ्यक्रम नै तयार गर्ने मेरो काम

हो भन्ने म ठहराउँछु । यदि मैले हाम्रा विचारहरूको र हाम्रो शारीरिक वृद्धिसम्बन्धी ज्ञानको कुरा बताएँ भने अहिलेलाई त्यही पर्याप्त छ । जुन कुरालाई मैले केवल सूचित मात्र गरेको छु त्यसलाई शायद अरूहरूले क्रियाको रूपमा ल्याउनेछन् ।

अहिलेसम्म मेरो एमिलले केवल आफ्नो मात्र विचार गरेको छ, यसनिम्ति उसका जोडाहरूमाथिको उसको पहिला दृष्टिले उसलाई उनीहरूसँग तुलना गर्ने तुल्याउँदछ, र यस तुलनाले उठाएको पहिला विचार सबभन्दा पहिला हुने इच्छा हुन्छ । त्यो यहीं हो जहाँ आत्मप्रेम स्वार्थतामा परिणत हुन्छ, र स्वार्थीपनबाट उत्पत्ति हुने सम्पूर्ण भावनाहरूको आरम्भ हुने स्थान यही हो । तर जुन भावनाहरूले उसको जीवन अधिकृत हुन्छ ती भावनाहरू दयालु र कोमल हुने हुन् या कडा र निष्ठुर हुने हुन् अथवा ती भावनाहरू उपकारका र सहानुभूतिका हुने हुन् या ईर्ष्या र लोभका हुने हुन् त्यो कुराको निश्चय गर्नलाई हामीले यो थाहा पाउनुपर्दछ कि मनुष्य-समाजको कुन स्थानमा उसको विश्वास छ र त्यो स्थान प्राप्त गर्नलाई कुन किसिमका विघ्न बाधाहरू हटाउने अपेक्षा ऊ गर्दछ । यस प्रश्नमा उसलाई बाटो देखाउनलाई सबै मानिसहरूमा पर्न आउने सर्वसाधारण दुःखहरू उसलाई देखाइसकेपछि तिनीहरूका भिन्नताहरू हामीले उसलाई देखाउनु पर्दछ । प्राकृतिक र बनावटीका बीचको भिन्नता र सम्पूर्ण सामाजिक क्रमको मूल्याङ्कन गर्ने समय यही हो ।

समाजको अध्ययन व्यक्तिमा र व्यक्तिको अध्ययन समाजमा गर्नुपर्दछ । जसले राजनीति र नैतिकतालाई भिन्दा भिन्दै व्यवहार गर्न इच्छा गर्दछन्, तिनीहरूले न यो बुझ्दछन् न ऊ बुझ्दछन् ।

पहिले आफूलाई जीवनको आरंभदेखिकै असली सम्बन्धहरूमा बद्ध राखेर हेर्दा हामी देख्दछौं कि तिनीहरूद्वारा मानिसहरू कसरी प्रभावित हुन्छन् र कस्ता भावनाहरू तिनीहरूबाट उत्पन्न हुन्छन्; हामी यो पनि देख्दछौं कि यी भावनाहरूका विकासको मात्राअनुसार मानिसको अरूहरूसँगका सम्बन्धहरूको विस्तार हुन्छ या ह्रास हुन्छ । मानिसलाई स्वाधीन र स्वतन्त्र तुल्याउने पाखुराको बलले होइन कि मानसिक जोशको बन्देजले हो । जुन मानिसका आवश्यकताहरू कम हुन्छन् ऊ थोरै मानिसमा निर्भर गर्दछ, तर जुन मानिसहरूले आफ्ना फजूल इच्छाहरूलाई आफ्ना शारीरिक आवश्यकताहरूबाट कहिले पनि छुट्याउन सक्तैनन् र जसले यी आवश्यकताहरूलाई मनुष्य- समाजको आधार तुल्याएका छन्, तिनीहरूले सधैं कारणहरूलाई परिणाम ठहऱ्याएर गल्ती

गरिरहेका हुन्छन् र तिनीहरू आफ्नै तर्कले आफू भूलमा परिरहेका हुन्छन् ।

प्रकृतिको अवस्थामा मानिस-मानिसका बीचको भेद ठूलो भएर एउटाले अर्कोमा निर्भर रहनुपर्ने कुरा असम्भव हुनाले प्रकृतिको यस अवस्थामा साँच्चै नै एउटा वास्तविक र कहिले पनि नाश नहुने समानता रहन्छ । बनावटी अवस्थामा हकको एउटा व्यर्थको र बनावटी समानता हुन्छ; यो थाम्नका लागि निकालिएका उपायहरू जुन हुन्, तिनीहरू नै यसको नाश गर्ने काम गर्दछन्; र बलियाले निर्धालाई दबाउने शक्तिमाथि थपिएको समुदायको शक्तिले त्यस समानताको हनन गर्दछ जुन समानता मानिसहरूका बीच प्रकृतिले स्थापना गरेको थियो । यो पहिला विरोधी तत्त्वबाट वास्तविक र देखावटीका बीच हुने अरू सबै विरोधी तत्त्वहरूको उत्पत्ति हुन्छ जो व्यावहारिक क्रममा पाइने हुन्छन् । थोरैका निमित्त धेरै बलिदान हुन्छन्; निजी स्वार्थका निमित्त सार्वजनिक कल्याणको बलिदान हुन्छ; यी विस्तृत शब्दहरू— न्याय र आधिपत्य— हिंसाका सामग्री र अन्यायका हतियारहरूको काम दिने हुन्छन्; यसबाट यो हुन आउँदछ कि जुन उच्च श्रेणीका मानिसहरू अरू बाँकीका निमित्त उपयोगी हुने दावा गर्दछन् तिनीहरू नै अरूहरूलाई मर्का पारेर वास्तवमा आफ्नै स्वार्थ सिद्धितिर मात्र लागेका हुन्छन्; यसबाट हामी यो विचार गर्न सक्तछौं कि हक र न्यायअनुसार हामीले उनीहरूप्रति कत्तिको विवेक गर्नुपर्दछ । जुन हैसियतमा उनीहरू पुगेका छन् त्यो उनीहरूकै सुखका निमित्त ज्यादा अनुकूल छ भने हामीहरूमध्ये हरेकले आफ्नो कर्मको विषयमा कस्तो खयाल गर्नु पर्दछ, त्यो देखन बाँकी नै छ । त्यो यही अध्ययन हो जुनसँग अहिले हामी सम्बन्धित छौं; तर यो अध्ययन पूर्णतया गर्नको लागि हामीले मनुष्य-हृदयको ज्ञानले सहित भईकन शुरू गर्नुपर्दछ ।

यदि जवान मानिसहरूलाई मकुण्डो लगाएको मानिस देखाउने सवाल मात्र भइदिएको भए उसलाई देखाइरहनुपर्ने जरूरत केही थिएन, र ऊ सधैं उनीहरूकै आँखाको अघिल्तिर भइरहन्थ्यो; तर मकुण्डो मानिस नभएको हुनाले र यसको फराकिलो आकारले गर्दा उनीहरूले यसको पछि लाग्न नहुने हुनाले तिमीले आफ्नो छात्रका निमित्त मानिसहरूमा रङ भर्दा उनीहरू जस्ता छन् त्यस्तै रङ भरिदेऊ, त्यसको मतलब यो होइन कि उसले तिनीहरूलाई घृणा गरोस्, तर हेतु यो हो कि उसले तिनीहरूउपर दया गरोस्, तर तिनीहरू जस्तो हुने उसको इच्छा नहोस् । मेरो खयालमा मानिसले आफ्ना समाजका मानिसहरूको विषयमा लिने सबभन्दा बुद्धिसंगत विचार यही हो ।

यही कुरा ध्यानमा राखेर अहिलेसम्म अनुसरण गरेको मार्गको उल्टा मार्ग हामीले लिनुपर्दछ, र नवयुवकलाई उसको आफ्नै अनुभवद्वारा भन्दा अरूहरूको अनुभवद्वारा शिक्षा दिनुपर्दछ। यदि मानिसहरूले उसलाई छकाए भने उसले तिनीहरूलाई घृणा गर्नेछ; तर यदि उसलाई उनीहरूले आदरपूर्वक व्यवहार गरेर आफू–आफूलाई परस्परमा छकाइरहेको देख्यो भने उसले उनीहरूलाई दया गर्नेछ। पाइथागोरसले भनेका थिए, "संसारको तमासा ओलिम्पियाका खेलहरू जस्तो छ; कोही किनिरहेछन् र बेचिरहेछन् र आफ्नै फाइदाको मात्र विचार गर्दछन्; अरूहरू फूर्तीसाथको काम गर्दछन् र गौरवका निमित्त प्रयास गर्दछन्, र अरूहरू केवल दर्शक भएर सन्तुष्ट रहन्छन्।"

म चाहन्छु कि तिमीले यस्तो युवकको सङ्गत रोज्नुपर्दछ जसले ती मानिसहरूको कल्याण चाहन्छ जसका बीच ऊ रहन्छ र तिमीले उसलाई संसारलाई चिन्न सिकाउनुपर्दछ ता कि उसले यसमा हुने खराबीहरूको विचार गरोस्। उसलाई यस कुराको ज्ञान होस् कि मानिस स्वभावतः असल हुन्छ, उसको मनले यो कुरा थाहा पाओस्; उसले आफ्नै विचार गरेर छिमेकीको विचार गरोस्; तर समाजले मानिसहरूलाई कसरी भ्रष्ट पार्दछ र बिगार्दछ त्यो कुरा उसले देखोस्; उनीहरूका सब पापहरूको मूल उसले पत्ता लगाओस्; व्यक्तिलाई आदर गर्ने तर जन–समूहलाई तुच्छ गर्ने प्रवृत्ति उसको होस्; मानिसहरू प्रायः उही मकुण्डो लगाउँदछन् भन्ने कुरा उसले देखोस्, तर उसलाई यो कुराको पनि ज्ञान होस् कि कुनै मुखहरू तिनीहरूलाई लुकाउने मकुण्डाहरूभन्दा राम्रा हुन्छन्।

यो स्वीकार गर्नैपर्दछ कि यस तरीकामा दोषहरू छन् र यसलाई उपयोगमा ल्याउन सजिलो छैन; किनभने यदि ऊ अरू मानिसहरूको खबरी गर्न ज्यादै चाँडो मग्न रह्यो भने, र यदि तिमीले उसलाई अरूका कामहरूको विषयमा ज्यादै गडेर विचार गर्नमा तालीम गर्‍यौ भने तिमीले उसलाई इखालु र कटुभाषी, र अरूहरूको कामको विचार गर्दा हतपतसँग नबुझीकन यसै हो भनी निर्णय गर्ने तुल्याउँदछौ; खराब मतलबहरू खोज्नमा ऊ घृणित आनन्द मान्नेछ, र जुन कुरा वास्तवमा असल हुन्छ त्यस कुरामा पनि ऊ असलपना देख्न नसक्ने हुनेछ, पापको दृश्यमा उसको बानी परिसकेको हुनेछ, जस्तो हामीलाई दयारहित भएर दुःखीहरूलाई हेर्ने बानी लागेको छ त्यस्तै भएर घृणाविना उसले दुष्टहरूलाई हेर्नेछ। चाँडै नै मनुष्य जातिको कुचाल चेतावनीभन्दा पनि बढी क्षमा हुन आउनेछ; उसले भन्नेछ, "मानिस यस्तै बनेको

छ," र बाँकी अरूहरूबाट फरक हुने इच्छा उसको हुनेछैन ।

यदि तिमी उसलाई मानिसको हृदयसित मात्र होइन कि हाम्रा चित्तवृत्तिहरूलाई पापहरूतिर फर्काउने बाहिरी कारणहरूका प्रयोगलाई पनि सैद्धान्तिक रूपमा शिक्षा दिन इच्छा गर्दछौ भने अहिलेसम्म यस्तो होशियारीपूर्वक छलेर आएको भूलमा फेरि तिमी पर्दछौ । उसलाई दिइने यी शिक्षाहरू ती शिक्षाहरू जस्तै हुन्, जसले उसको आफ्नै अनुभव र आफ्नै तर्कको विकास गराउनुको सट्टा उसको मनमा उसको गुरुको अनुभव र अधिकारको वृद्धि गराइदिन्छन् । जब तिमी उसलाई अकस्मात् चेतनाका वस्तुहरूबाट तर्कका वस्तुहरूतिर लैजान्छौ, तब तिमी मनोविज्ञानको रीति लगाउँदछौ जुन बुझ्ने अवस्थामा ऊ हुँदैन ।

यी दुई बाधाहरूलाई तुरुन्त हटाउन र उसको आफ्नो हृदयलाई नबिगारीकन मनुष्यहृदयलाई आफ्नो पहुँचभित्र ल्याउन म उसलाई टाढाबाट, अरू समयहरूमा, र अरू ठाउँहरूमा मानिसहरू देखाउन चाहन्छु । इतिहासका निम्तिको समय यही हो । यसैको मदतले वेदान्तका शिक्षाहरूविना उसले मनुष्य-हृदयको अध्ययन गर्नेछ; यसैको मदतले उसले तिनीहरूलाई शान्त र मनोविकार नभएको केवल कुनै दर्शकले झैं मात्र हेर्नेछ; उसले तिनीहरूलाई उनीहरूको मतियार झैं या उनीहरूलाई दोष लाउने झैं भएर होइन कि उनीहरूको न्यायाधीश झैं भएर हेर्नेछ ।

मानिसहरू चिन्न उनीहरूका कामहरू हेर्नुपर्छ । समाजमा उनीहरूले बोलेको हामी सुन्दछौं; तिनीहरूले आफ्ना बोली वचनहरू र कामहरू देखाउँदछन्; तर इतिहासमा पर्दा एकातिर हटाइन्छ, र तिनीहरू उनीहरूका कामहरूबाट विचार गरिन्छन्, उनीहरूका बोली–वचनहरूले पनि उनीहरूलाई बुझ्न हामीलाई मदत गर्दछन्, किनभने उनीहरू के भन्दछन् र के गर्दछन् त्यसको तुलना गरेर उनीहरू के हुन् र के देखिन्छन् त्यो कुरा हामी थाहा पाउन सक्दछौं; उनी जति भेष बदल्दछन् उति स्पष्टसित उनीहरूको सच्चा स्वरूप प्रकट हुन्छ ।

दुर्भाग्यले यस अध्ययनका आफ्ना आपदहरू हुन्छन्, अनेक प्रकारका आफ्ना दोषहरू हुन्छन् । त्यो दृष्टिकोण अपनाउन कठिन छ जसले मानिसलाई आफ्ना समाजका प्राणीहरूको ठीकसित विचार गर्न समर्थ तुल्याउँदछ । मानिसका असल कामहरूको भन्दा खराब कामहरूको चित्रण गर्नु इतिहासका मुख्य दोषहरूमध्येको एउटा दोष हो । यी क्रान्ति र आपद्-विपद् हुन् जो

इतिहासलाई रोचक तुल्याउँदछन् । जहाँसम्म कुनै राष्ट्रले शान्तिपूर्ण सरकारको अधीनमा रहेर शान्तिपूर्वक वृद्धि र उन्नति गर्दछ, त्यहाँसम्म इतिहासले केही पनि भन्दैन । इतिहासले त्यस वेला मात्र ती राष्ट्रहरूको विषयमा बताउन थाल्दछ, जब तिनीहरू आत्मनिर्भर रहन समर्थ नभएर आफ्ना छिमेकी राष्ट्रहरूको मामलामा हात हाल्न थाल्दछन् या आफ्ना छिमेकी राष्ट्रहरूलाई आफ्नो मामलामा हात हाल्न दिन्छन्; इतिहासले तिनीहरूलाई त्यस वेला मात्र प्रसिद्ध तुल्याउँदछ, जब तिनीहरू ओरालो बाटो लाग्दछन्, हाम्रा सबै इतिहासहरूको त्यहाँनिर अन्त्य हुन्छ जहाँ तिनीहरूको प्रारम्भ हुनुपर्दछ । घर्कँदा राष्ट्रहरूका ठीक वृत्तान्तहरू हामीहरूसँग छन् । हामीलाई जुन कुराको अभाव छ त्यो हो बढ्दा राष्ट्रहरूको इतिहास; ती राष्ट्रहरू यस्ता सुखी र असल छन् कि तिनीहरूको विषयमा हामीलाई बताउने कुरा इतिहाससँग केही छैन; हाम्रै समयमा पनि वास्तवमा हामी यो देख्तछौं कि सबभन्दा सफल सरकारहरूको सबभन्दा कम चर्चा हुन्छ । जुन कुरा खराब छ त्यो मात्र हामी सुन्दछौं; असल कुराको चर्चा कम हुन्छ । दुष्टहरू मात्र प्रसिद्ध हुन्छन्, असलहरू बिर्सिन्छन् या खिसी गरिन्छन् र यस प्रकार इतिहासले वेदान्तले जस्तै मनुष्य जातिको सधैं बदनाम गरिरहेको हुन्छ ।

त्यसमाथि पनि यो अनिवार्य कुरा छ कि इतिहासले जो भयो त्यसत्यसको ठीक चित्रण गर्नु हुँदैन; तिनीहरू इतिहासकारको दिमागमा बदलिन्छन्; तिनीहरू उसका स्वार्थहरूले ढालिन्छन् र उसका गलत विश्वासहरूले रङ्गिन्छन् । इतिहासको पाठकलाई जस्तो घटना साँच्चीकै घट्यो त्यस्तो हेर्ने ठीक ठाउँमा कसले राखिदिन सक्तछ ? अज्ञान या पक्षपातले हरेक कुराको भेष बदलिदिन्छ । एउटा ऐतिहासिक घटनालाई पनि नबदलीकन कुराका अवस्थाहरूलाई केवल विस्तृत या संकीर्ण तुल्याएर कस्तो भिन्दै विचार या छाया दिन सकिन्छ ! उही कुरालाई अनेक दृष्टिकोणबाट हेर्न सकिन्छ, र यो उही वस्तु जस्तो देखिदैन, तथापि यो देख्ने आँखामा सिवाय अरू केही परिवर्तन भएको हुँदैन । तिमी जुन कुरा मलाई बताउँदछौ त्यो वास्तविक कुरा रहेछ भने के तिमी त्यो सत्यको सम्मान गर्दछौ ? तर होइन, तिमी यसलाई बिलकुल भिन्दै देखिने तुल्याउँदछौ, कम-से-कम एउटा रूख, दाहिने या देब्रेपट्टि एउटा पहाडको चोटी, बतासले उडाएको धूलोको एउटा बादलले कसैले थाहा नपाईकन कति चोटि लडाइँको निर्णय गरेको छ ! के त्यसले मानो आफू त्यही ठाउँमा भएजस्तै गरी निश्चित रूपले इतिहासले तिमीलाई हार–जीतको कारण

बताउन रोक्दछ ? मैले तिनीहरूको कारण थाहा नपाएपछि घटनाहरूको मलाई के प्रयोजन भो र ? जसको कारण मलाई थाहा छैन त्यस घटनाबाट म के शिक्षा पाउन सक्तछु ? इतिहासकारले साँच्ची नै मलाई एउटा कारण दिन्छ, तर उसले यो आफ्नै मनले फर्माइदिन्छ; र जसको बारेमा हामी यत्तिको सुन्छौं त्यो समालोचना नै केवल कल्पनाको कला मात्र हो, अनेकौं मिथ्याहरूमध्यबाट छानेर लिने कला हो, जुन मिथ्या मानो सत्य जस्तै हुन्छ ।

के तिमीले कहिल्यै क्लियोप्याट्रा या क्यासान्ड्रा या यस्तै किसिमको अरू कुनै किताप पढेका छौ ? ग्रन्थकार कुनै प्रख्यात घटना छान्दछन् अनि यसलाई आफ्नो स्वार्थ सुहाउँदो तुल्याउँदछन्, यसलाई आफ्नै मनले उब्जाएका कुराहरूले, हुँदै नभएका मानिसहरूले, काल्पनिक चित्रहरूले सिंगार्दछन्; यसरी आफ्नो कथालाई आकर्षक तुल्याउनलाई कहानीका कहानी जोड्दछन् । म तिम्रा इतिहासहरू र यस्ता अद्भुत कथाहरूका बीच केही भिन्नता देख्तिनँ; फरक के भने उपन्यासकारले आफ्नै कल्पनाबाट धेरै कुराहरू चित्रण गर्दछन्, र इतिहासकार चाहिं अरूले कल्पना गरेको हरेक कुरालाई नछोडीकन दासले झैं अनुसरण गर्दछन् । म यो पनि स्वीकार गर्दछु कि उपन्यासकारको असल या खराब कुनै नैतिक अभिप्राय हुन्छ जसको बारेमा इतिहासकार केही वास्ता राख्तैनन् ।

तिमी मलाई भन्नेछौ कि मानिसहरू र चालचलनहरूको सच्चा चित्रभन्दा इतिहासको तथ्य कम अभिरुचिको हुन्छ; यदि मनुष्यको हृदयको सच्चा चित्रण भएको छ भने घटनाहरू यथार्थ नलेखिएका भए तापनि केही छैन; किनभने आखिर तिमी यो भन्दछौ कि दुई हजार वर्षअघि जेसुकै भएको होस् त्यसको हामीलाई के मतलब ? तिम्रो भनाइ ठीक छ, यदि ती चित्रहरू साँच्चीकै प्रकृतिअनुसार दिइएका भए; तर यदि त्यो रूप धेरैजसो इतिहासकारको कल्पनामा पाइने हो भने जुन गल्तीलाई तिमी हटाउन खोज्दथ्यौ के त्यही गल्तीमा तिमी परिरहेका हुँदैनौ ? र इतिहासकारको अधिकारमा आत्मसमर्पण गरिदिंदा गुरुको अधिकारमा तिमी के छोडिदेओइनौ ? यदि मेरो चेलाले कल्पना-चित्र मात्र हेर्ने हो भने ती चित्रहरू बरू म आफैं खिच्नेछु; ऊ कम-से-कम उसलाई सुहाउने हुन्छ ।

युवकहरूका लागि सबभन्दा खराब इतिहासकारहरू ती हुन् जसले आफ्ना विचारहरू दिन्छन् । तथ्यहरू ! तथ्य कुराहरू ! र ऊ आफैंले निर्णय गरोस्; यसै गरी हो उसले मनुष्य जातिलाई चिन्न सिक्ने । यदि ऊ सधैं नै ग्रन्थकारको

रांयद्वारा निर्दिष्ट हुन्छ भने ऊ केवल अर्काको आंखाद्वारा हेरिरहेको हुन्छ, र जब यी आंखाहरू उसित हुँदैनन् उसले केही पनि देख्न सक्तैन ।

म आधुनिक इतिहासलाई एकातिर छोड्दछु, यसको रगढंग या गुण छैन र हाम्रा सबै मानिसहरू उस्तै हुन् भनेर मात्र होइन कि नतीजामा पूर्णतया दत्तचित्त भएका इतिहासकारहरू गाढा रङ भरिएका चित्रहरूको सिवाय अरू केहीको पनि विचार गर्दैनन् जुन चित्रहरूले केही पनि बताउँदैनन् भनेर पनि हो । प्राचीन इतिहासकारहरू प्रायः कम चित्रण गर्दछन् र आफ्ना विचारहरूमा बढ्ता बुद्धि र साधारण विचार ल्याउँदछन्, तर तिनीहरूमध्ये पनि छनोटको लागि प्रशस्त ठाउँ हुन्छ, र तिमीले सबभन्दा बुद्धिमान्‌देखि होइन कि सबभन्दा सरलदेखि शुरू गर्नुपर्दछ । म युवकको हातमा पोलिबियस या स्यालस राख्न चाहन्नँ ट्यासिटस वृद्धहरूका निमित्तका ग्रन्थकार हुन्, युवकहरू उनलाई बुझ्न सक्तैनन् । मनुष्यहृदयको गहिराइ नाप्न कोशिश गर्नुभन्दा अघि मनुष्यका कामहरूमा यसका सबभन्दा सरल आकृतिहरू देख्न सिक्नुपर्दछ । तिमीले नीतिका बचनहरूको अध्ययन गर्न शुरू गर्नुभन्दा अघि तिमीले तथ्य कुराहरूलाई स्पष्टसित पढ्न या बुझ्न समर्थ हुनुपर्दछ । नैतिक उक्तिहरूको रूपमा वेदान्त अनुभवीहरूका निमित्त मात्र समुचित हुन्छ । युवकहरूले कहिले पनि सर्वसम्बन्धी कुराको चर्चातिर लाग्नु हुँदैन; यसको सबै शिक्षा व्यक्तिगत उदाहरणहरूको विषयमा हुनुपर्दछ ।

मेरो विचारमा थ्युसिडाइडिस इतिहासकारहरूका सच्चा नमूना हुन् । उनी आफ्नो विचार नदिईकन सत्य कुराहरू बताउँदछन्; तर उनी हामीलाई आफै विचार गर्ने तुल्याउन ठीक हुने कुनै कुरा पनि छुटाउँदैनन् । उनी जो बताउँदछन्, त्यो हरेक कुरा पाठकको अगाडि राख्दछन्; तथ्यहरू र पाठकहरूको बीच आफू देखा पर्नु त परै रहोस् उनी आफूलाई परै राख्तछन्; हामीलाई पढेको जस्तो लाग्दैन, देखेको जस्तो लाग्दछ । दुर्भाग्यवश उनी लडाइँको कुरा सिवाय अरूकुनै कुरा गर्दैनन्, र उनका कथाहरूमा दुनियाँको शिक्षाप्रद कुरा हामी कुनै पाउँदैनौं, त्यो हो लडाइँको कुरा । दश हजार फौज हटेर फर्कनुको बयान र "सीजरका टिप्पणीहरूको किताप" का गुण दोषहरू प्रायः एकै किसिमका हुन् । यदि उनको हरेक हरेक कुरा बच्चाको मूर्खतातिर नढल्केको भए, यदि यो युवकको अभिरुचि बढाउने हुनुको सट्टा बिगार्ने नभइदिएको भए, चित्रणहरू नगर्ने, नैतिक उक्तिहरू नराख्ने, तथापि धाराप्रवाह बग्ने, सरल, अत्यन्त आनन्द दिन र अभिरुचि बढाउन भनी राखिएका कुराहरूले भरिपूर्ण दयावन्त

हेरोडोटस इतिहासकारहरूमध्ये सबभन्दा उत्तम इतिहासकार हुने थिए; हामीले उनको अध्ययन गर्नुभन्दा अघि बुद्धिमान् हुनुपर्दछ। लिभिको विषयमा म केही भन्दिनँ, उनको पालो आउँदै छ; तर उनी राजनीतिज्ञ हुन्, अलङ्कार-विद्याका पण्डित हुन्, र युवकका लागि उपयुक्त नहुने हरेक कुरा हुन्।

साधारणतया इतिहासको अभाव छ किनभने यसले प्रख्यात र राम्रो याद भएका कुराहरू मात्र बताउँदछ जो नाउँ, ठाउँ र मितिले तोकिन्छन्; तर यी कुराहरूको बिस्तारै हुने परिवर्तनहरू जो यस प्रकार तोकेर भन्न सकिँदैनन् ती अज्ञात रहन्छन्। हामी अवसर जितिएको अथवा हारिएको कुनै लडाइँमा क्रान्तिको देखावटी कारण पाउँदछौं जो त्यो लडाइँ हुनुभन्दा अघि नै अवश्यम्भावी थियो। नैतिक कारणहरूबाट अवश्यम्भावी भइसकेका घटनाहरूलाई मात्र लडाइँले स्पष्ट रूपमा देखाउँछ जसलाई थोरै इतिहासकारहरूले बुझ्न सक्तछन्।

हाम्रो समयका धेरै इतिहासकारहरूका विचारहरूलाई वेदान्तिक भावनाले यस दिशातिर फर्काएको छ; तर सत्यका निमित्त तिनीहरूका परिश्रमहरू लाभदायक छन् कि छैनन् त्यसमा मलाई आशङ्का छ। रीति या क्रमहरूको सीमाले सबैलाई उत्तिकै बाँधेको छ, वस्तुहरू जस्ता छन् त्यस्तै देख्न कोही खोज्दैन, तर आफ्नो रीतिमा जुन मिल्दछ त्यही मात्र देख्न सबै खोज्दछन्।

यी सब विचारहरूमा यो कुरा थप कि इतिहासले हामीलाई मानिसहरूभन्दा कामहरू देखाउँदछ. किनभने इतिहासले मानिसहरूलाई पूरा पोशाकमा कुनै रोजेका बेलाहरूमा मात्र समात्तछ; यसले ऊ देखिन तयार भएको बेलामा मात्र राजनीतिज्ञको चित्रण गर्दछ; इतिहासले उसको घरमा, उसको अध्ययन कक्षामा उसका परिवार र मित्रहरूका बीचमा उसको अनुसरण गर्दैन; यसले उसलाई राजसी रोबमा मात्र देखाउँदछ; यसले उसको भन्दा उसका पोशाकहरूको बयान गर्दछ।

व्यक्तिहरूका जीवनीहरूको अध्ययन गरेर मनुष्य–हृदयको अध्ययन शुरु गर्न म मन पराउँछु, किनभने त्यस बेला मानिसले आफूलाई व्यर्थ छिपाउँछ, इतिहासकारले जहाँतहीं उसको अनुसरण गर्दछ; उसले कहिल्यै उसलाई एक क्षणको कृपा पनि दिँदैन, न त उसले उसलाई यस्तो कुना दिन्छ जहाँ लुकेर ऊ त्यस दर्शकको तीक्ष्ण नजरबाट उम्कन सकोस्; जब ऊ आफूलाई छिपाइरहेको ठान्दछ, तब उसलाई त्यस लेखकले अत्यन्त स्पष्टसित देखाइरहेको हुन्छ।

मन्टेन भन्दछन्, "जीवनी लेख्ने लेखकहरूमध्ये जो घटनाहरूमा भन्दा

बिचारहरूमा र बाहिरबाट आउने कुरामाभन्दा भित्रबाट आउने कुरामा रमाउँदछन् ती लेखकहरूलाई म मन पराउँछु; यसै हेतुले हरेक तरहबाट प्लुटार्च मेरा निमित्तका मानिस हुन् ।"

यो सत्य हो समूहका या जातिहरूका मानिसहरूमा सामूहिक रूपमा जुन जेहन हुन्छ त्यो व्यक्तिगत मानिसको भन्दा धेरै फरक हुन्छ, र यदि हामीले यो सामूहिक रूपमा पनि जांचेनौं भने मनुष्य–हृदयको हाम्रो ज्ञान अपूरा हुन्छ; यो पनि उत्तिकै सत्य कुरा छ कि मानिसहरूको विचार गर्नलाई व्यक्तिगत रूपमा मानिसको अध्ययन गर्नुपर्दछ, र जसलाई हरेक व्यक्तिका चित्तवृत्तिहरूको पूर्ण ज्ञान छ उसले जातिको समूहमा हुने सम्मिलित नतीजाहरू अघिबाटै देख्न सक्तछ ।

अघिबाटै बनाइसकिएका कारणहरूको निम्ति र साधारण र परिचित तर सत्य र स्वाभाविक सब कुराहरूको निम्ति हामीले प्राचीनहरूतिर फर्केर जानुपर्दछ; यो कुरालाई आधुनिक शैलीवाला लेखकहरू त्याग्दछन्; यसबाट मानिसहरूको भित्री जीवन, बाहिरी जीवन दुवैको उत्तिकै असत्य चित्रण भएको हुन्छ ।

उपयुक्तताको बन्देज जीवनमा जस्तै साहित्यमा पनि हुन्छ, र यसले जुन कुरा सबको सामुन्ने हामी गर्न सक्तैनौं त्यो कुरा सबको सामुन्ने भन्न दिंदैन; र हामीले मानिसलाई अभिनयका निम्तिको भेषमा मात्र देखाउन सक्ने हुनाले हामी कहिले पनि मानिसलाई नाटचशालामा भन्दा हाम्रा पुस्तकहरूमा बढ्ता देख्तैनौं । राजाहरूका जीवनीहरू सयौं पटक लेखिन सक्तछन्, तर व्यर्थमा; अर्को सुइटोनियस हामी कहिले पनि पाउनेछैनौं ।

प्लुटार्चको उत्तमता यिनै कुराहरूमा रहन्छ जसको वर्णन गर्न अब हामीलाई इजाजत छैन । अनुकरण गर्न नसकिने सुन्दर ढंगले उनी साना साना कुराहरूमा ठूला मानिसको वर्णन गर्दछन् र आफ्ना उदाहरणहरूको छनोटमा उनी यत्तिको आनन्दित हुन्छन् कि एक शब्द, एक मुस्कान, एक संकेत अक्सर उनको प्रधान नायकको प्रकृति पर्याप्त मात्रामा जनाउँदछ । ह्यान्निबल ठट्टा गरेर आफ्ना डराएका सिपाहीहरूलाई खुशी तुल्याउँदछन् र हाँस्दै उनीहरूलाई लडाईंमा लैजान्छन् जसले इटालीलाई उनको खुट्टामा पार्दछ । आएगेसिलसले एउटा लट्ठीमा चढेर मलाई ती ठूला राजाको विजेतालाई प्यारो गर्ने तुल्याउँदछन् । एउटा गरीब गाउँको बाटो भएर जांदा आफ्ना साथीहरूसंग कुरा गर्दा गर्दै थाहै नपाईकन सीजरले आफूलाई विश्वासघाती देखाए जो म केवल

पम्पीको जोडा हुन मात्र इच्छा गर्दछु भन्ने देखाउँदथे । एक लवज नबोलीकन सिकन्दर रक्सीको एक घुट्को निल्दछन्; यो उनको जीवनमा सबभन्दा राम्रो वेला हो । आयरिस स्टाइडिस आफ्नो नाम शङ्खमा लेख्दछन् र यसरी आफ्नो उपाधिलाई उचित देखाउँदछन् । फिलोपोमेन आफ्नो लुगा एकातिर राखेर आफ्नो आतिथेयको भान्सामा दाउरा काट्दछन् । चित्रणको साँच्चीको कला यही हो । हाम्रो अनुहारमा हाम्रो स्वभाव देखिँदैन, न त हाम्रा ठूलठूला कामहरूमा हाम्रो आचरण देखिन्छ; यी साना साना कामहरू हुन्, जसले हाम्रो सक्कली रूप देखाउँदछन् । सबैका अगाडि जो गरिन्छ त्यो या त ज्यादै मामूली कुरा हुन्छ या त ज्यादै नक्कली कुरा हुन्छ, र हाम्रा आधुनिक ग्रन्थकारहरू हामीलाई अरू कुनै कुरा बताउन नचाहिँदो रबाफ देखाउँदछन् ।

टुरेनी साहेब गत शताब्दीका ठूला मानिसहरूमध्ये अवश्य नै एक ठूला मानिस थिए । मानिसहरूले साना साना कुराहरूद्वारा उनको जीवनीलाई रोचक तुल्याउने साहस गरे, जसले हामीलाई उनलाई चिन्ने र प्यारो गर्ने तुल्याउँदछन्; तर कति कुराहरू छुटाउन उनीहरू लाचार भएका छन्, जसले हामीलाई उनीलाई अरू बढ्ता चिन्ने र प्यारो गर्ने तुल्याउँदथे; तर म यहाँ केवल एउटै कुरा मात्र भरोसालाग्दो प्रमाणबाट उद्धृत गर्दछु, जुन कुरा प्लुटार्चले भए कहिले पनि छुटाउने थिएनन्, जुन कुरा थाहा भएको भए राम्सेले कहिले पनि यसको प्रवेश गराउने थिएनन् ।

एक गरम ग्रीष्म ऋतुको दिनमा भाइकाउन्ट टुरेनी एउटा सानो सेतो छोटो कोट र निधारे टोपी लगाएर आफ्नो घरको दलानमा उभिइराखेका थिए । उनका मानिसहरूमध्ये एकजना त्यहाँ आइपुग्यो र लुगाले गर्दा झुक्किएर आफूले चिनेका भान्साका ठिटाहरूमध्ये ऊ एकजना हो भन्ने ठान्यो । ऊ चाला मारेर बिस्तारै उनको पछिल्तिरबाट गयो र उनलाई बेसरी थप्पड दियो । उसले हिर्काएका मानिस हत्तपत्त फनक्क फर्के । त्यो नोकरले देख्यो कि यी त आफ्ना मालिक पो रहेछन् र उनको मुख देखेर ऊ डरले थरथर काम्यो । हताश भएर घुँडा टेक्यो र भन्यो, “साहेब, मैले त हजूरलाई जर्ज पो भन्ठानें ।” दुखेःको ठाउँ सुमसुम्याउँदै टुरेनीले ठूलो स्वरले भने, “जर्ज नै भइदिएको भए तापनि तिमीले यस्तो जोडसित हिर्काउनु हुँदैनथ्यो ।” ए अभागी लेखकहो ! तिमीहरू यो बताउन साहस गर्दैनौ । सधैं नै मनुष्यत्वविना र दयाविना रहू; तिमीहरूका नीच औचित्यमा आफ्ना कठोर हृदयलाई झन् साह्रो तुल्याऊ; आफ्नो उच्च शक्तिद्वारा आफूलाई घृणित बनाऊ । तर तिम्रो निम्ति भने, हे

प्यारा नवयुवक, जब तिमी यो कथा पढ्दछौ, छिनभरकै जोशमा देखाइएको भए तापनि सब दयाको भावनाले जब तिम्रो दिल विचलित हुन्छ यी महान् व्यक्तिका साना साना कामहरूको अध्ययन गर जब उनको नाम र जन्मको सवाल आउँदछ । याद राख, यी उनै टुरेनी हुन् जो सधैं आफ्नो भतिजालाई दर–साबिकको कुरा देखाउने जस्तो बहाना गर्दथे ता कि यो बच्चा राजघरानाको नायक हो भन्ने सबैले देख्न सकून् । यो चित्र र त्यो चित्रमा हेर, प्रकृतिमा प्रेम राख, दुनियाँको गलत विचारलाई घृणा गर, र मानिसलाई ऊ जस्तो छ त्यस्तै देख ।

होशियारीपूर्वक निर्देशन गरिएको यस्तो अध्ययनको नतीजा नवयुवकको नबिग्रेको मनमा कस्तो पर्दछ त्यो बुझ्न सक्ने मानिस कम हुन्छन् । पहिलेको बाल्यावस्थादेखि नै पुस्तकहरूले लादिएको हुनाले, विचार नगरीकन पढ्ने आदत लागेकोले हामी जो पढ्दछौं त्यसभन्दा पनि कम हामीलाई सुझ्दछ, किनभने उत्कट भावनाहरू र गलत विचारहरूको धारणा पहिलेदेखि नै हाम्रो मनमा भइरहेको हुन्छ, जसले इतिहास र मानिसहरूका जीवन–चरित्रहरू भरिएका हुन्छन्; उनीहरू जे गर्दछन् त्यो सबै प्राकृतिक जस्तो मात्र लाग्दछ, किनभने हामी आफै नै अप्राकृतिक छौं र हामी अरूलाई आफू जस्तै ठान्छौं तर मेरो एमिलको कल्पना गर जो अठार वर्षसम्म ठीक विचार र स्वस्थ हृदय कायम राख्नको उद्देश्यले मात्र होसियारीपूर्वक रखवारी गरिएको छ; उसको कल्पना गर, जब संसारको नाटचशालामा पहिला चोटी उसको आँखा पर्ने गरी पर्दा माथितिर सर्दछ; या रङ्गमञ्चको पछाडिबाट नट्वा-नट्वीहरूले आफ्ना पोशाकहरू लगाइरहेका र डोरीहरू र घिर्नीहरू गनिरहेका जसले आफ्ना स्वाँगी प्रदर्शनीहरूद्वारा दर्शकहरूका आँखाहरूलाई छकाउँदछन् त्यो हेरिरहेको उसको तसबीर मनमा खिच । उसको पहिला आश्चर्य आफ्ना समाजका मानिसप्रतिको लज्जा र घृणामा चाँडै नै परिवर्तन हुनेछ; आफैलाई छकाइरहेको र बच्चा जस्तो मूर्खतामा झुकिरहेका सारा मनुष्यजातिसित नै उसलाई रिस उठ्नेछ; केवल स्वप्नका निमित्त आफ्ना भाइहरूले परस्परमा अङ्ग-अङ्ग च्याताच्यात गरिरहेका, र मानिस हुँदा सन्तुष्ट नभएर आफूहरूलाई जङ्गली जनावरहरूमा परिणत गरिरहेका देख्ता उसलाई दुःख लाग्नेछ ।

चेलाको प्राकृतिक स्वभावमा छोडिदिएदेखि उसको किताब छनोटमा गुरुले कुनै किसिमको बुद्धि पुऱ्यायो भने यसमा केही सन्देह छैन कि विषय-वस्तुको विचार गर्ने बाटोमा जतिसुकै सानो कुरा उसले राखे तापनि यस अभ्यासले अभ्यस्त

वेदान्तको पाठ्य विषयको काम दिन्छ, र यो वेदान्त सबै रित्ता विचारहरूभन्दा बढ्ता बुझिने र दखल हुने हुन्छ जुन रित्ता विचारहरूले हाम्रा स्कूलहरूमा लडकाहरूका दिमागहरूलाई हिल्याइन्छ । पाइसका अद्भुत योजनाहरूको अध्ययन गरिसकेपछि सिनियास उनलाई विश्वविजयबाट तपाईंलाई साँच्चीको भलाइ र लाभ के हुन्छ जुन विजय ठूला आपत र दुःखहरूविना कहिल्यै तपाईं भोग गर्न सक्नु हुन्न भनेर प्रश्न गर्दछन्; यसले हामीमा एउटा चुटकिलो उक्तिको रूपमा प्रासङ्गिक अभिरूचि मात्र उठाउँदछ; तर एमिलले यसलाई एउटा बुद्धिमत्ताको विचार ठहराउनेछ जुन विचार उसलाई अघिबाटै सुझिसकेको थियो, र जुन ऊ कहिल्यै बिर्सनेछैन, किनभने यसलाई रोक्ने कुनै विपरीत गलत विचार उसको मनमा छैन । जब उसले यो बहुला मानिसको जीवनका अरू बढ्ता कुराहरू पढ्दछ अनि उसले थाहा पाउनेछ कि उसका बडे बडे योजनाहरूको नतीजा यो हुन आयो कि एउटी स्वास्नीमानिसको हातबाट उसको मृत्यु भयो, र यो खोटो वीरताको प्रशंसा गर्नुको सट्टा यो ठूलो सेनापति र ठूलो राजनीतिज्ञका पराक्रमहरूमा त्यो दुर्भाग्यको उचाइतिर लैजाने खुडकिलाहरू सिबाय अरू के उसले देख्नेछ जसले उसको जीवन र उसका योजनाहरूको लज्जापूर्ण मृत्यु ल्याउँदथ्यो ?

सबै विजेताहरू मारिएका छैनन्; सबै अर्कोको हक छिनेर लिनेहरू आफ्ना योजनाहरूमा असफल भएका छैनन् । गँवार गलत विचारहरूले रँगिएका मनहरूका दृष्टिमा तिनीहरूमध्ये धेरै सुखी देखिन्छन्, तर जो सतहमुनि हेर्दछ र मानिसहरूको सुखको उनीहरूको हृदयको अवस्थाबाट गणना गर्दछ उसले तिनीहरूका सफलताहरूको बीचमा पनि तिनीहरूको दुःख देख्नेछ । उनीहरूको अभ्युदयपछि पनि उनीहरूको मुटु धड्किरहेको र उनीहरूले सिद्धफल कहिल्यै नभेट्टाएको उसले देख्नेछ; उसले तिनीहरूलाई आल्प्स पर्वतका बीचमा अनुभव नभएका मुसाफिरहरू झैं देख्नेछ जो आफूले देखेका हरेक पर्वत शिखरलाई आखिरी शिखर यही हो भन्ने ठान्दछ, जो त्यस शिखरमा पुगेपछि उनीहरूलाई हताश लाग्ने गरी त्यस शिखरको पल्तिर अरू झन् उचा शिखरहरू रहेछन् भन्ने देख्दछन् ।

अगष्टसले आफ्ना नगरवासीहरूलाई दबाएपछि र आफ्ना प्रतिद्वन्द्वीहरूको नाश गरेपछि त्यस वेलासम्मको सबभन्दा ठूलो साम्राज्यमाथि राज्य गरे, तर यो सब महान् शक्तिले उनलाई आफ्नो टाउको भित्तामा ठोक्नबाट र आफ्ना कत्तल भएका फौजहरूलाई फिर्ता गरिदेऊ भनी रोएर भेरसलाई प्रार्थना गर्दा उनले

रोएर कराएको आवाजले उनको दरबारलाई भरिपूर्ण तुल्याउनबाट रोक्न सकेन । उनका सबै शत्रुहरूलाई जितेर रित्ता विजयहरू प्राप्त गर्नालि उनलाई के लाभ भयो जब हरेक किसिमको दुःखले उनको मार्ग भरियो, जब उनका प्रेमी मित्रहरूबाट उनको जीवनलाई धम्की प्राप्त भयो, र जब उनका नजीकका र प्रेमी जनहरूको दुर्दशा या मृत्युको निमित्त उनले बिलौना गर्नुपर्‍यो ? ती अभागी पुरुषले संसारभर शासन गर्ने इच्छा गरे, तर आफ्नै परिवारमाथि शासन गर्न सकेनन् । यस बेवास्ताको परिणाम के हुन आयो? आफ्नो भतिजा, आफ्नो धर्मपुत्र, आफ्नो ज्वाइँ जवानीको फूलमा खतम भएको उनले देखे; उनको नातिले आफ्नो दुःखी जीवन केही घडीको लागि लम्ब्याउनको निम्ति सुकुलका छेस्काहरू खाइरहेको उनले देखे; आफ्नै छोरी नातिनीहरूले उनको बदनामी गरे, तिनीहरूमध्ये एउटीको कुनै वैरान टापुमा भोक र अभावबाट मृत्यु भयो र आर्को चाहिंको एउटा मामूली व्याधाको हातबाट जेलखानामा मृत्यु भयो । यस अभागी परिवारमा सबभन्दा पछिसम्म बाँच्ने उनी आफैलाई आफ्नै स्वास्नीद्वारा एउटा जंगली जनावरलाई आफ्नो उत्तराधिकारी स्वीकार गर्न करै लाग्यो । आफ्नो गौरव र भाग्यको निम्ति यस्तो प्रख्यात भएका संसारका मालिकको यस्तो दशा भएको थियो । जो जो उनको गौरव र भाग्यको प्रशंसा गर्दछन् तिनीहरूमध्ये एउटाले पनि ती कुराहरूलाई स्वीकार गर्ला भन्ने म विश्वास गर्न सक्तिनँ ।

उदाहरणका निमित्त मैले महत्त्वाकांक्षालाई लिएको हुँ, तर मानिसको हरेक उत्कट इच्छाको चालले जसलाई पनि यस्तै शिक्षाहरू दिन्छ जसले अघि गएका मानिसको कुराबाट आफूलाई बुद्धिमान् र असल बनाउनकोलागि इतिहास पढ्नेछन् । त्यो समय नजीक आइपुगेको छ जब अगष्टसको जीवनले आएन्थोनीको जीवनले युवकको मनमा ज्यादा जोडदार प्रभाव पार्नेछ । उसका नयाँ अध्ययनहरूका अनौठा दृश्यहरूमध्ये ऊ कहाँनिर छ त्यो एमिललाई थाहा हुनेछैन; तर उत्कट भावनाहरू उठ्नुभन्दा अघि तिनीहरूको मायाजालबाट कसरी अलग रहने त्यो कुरा उसलाई अघिबाटै थाहा हुनेछ, र सधैं तिनीहरूले मानिसहरूका आँखालाई कसरी अन्धा तुल्याएका छन्, त्यो देखेर अघिबाटै सतर्क हुनेछ कि उसले आफूलाई तिनीहरूउपर छोडिदियो भने कसरी तिनीहरूले उसकै आँखालाई पनि अन्धा तुल्याउनेछन् । मलाई थाहा छ यो शिक्षाहरू उसलाई सुहाउँदा हुनेछैनन्, आवश्यकता परेमा शायद तिनीहरू कम र कुसमयका ठहरिन आउनेछन्; तर याद राख--यो अध्ययनबाट मैले पाउन

खोजेका शिक्षाहरू ती होइनन् । मेरो आफ्नै तात्पर्य थियो; यदि यो अभिप्राय पूरा भएन भने शिक्षकको दोष हुनेछ ।

सम्झ कि स्वार्थीपनको विकास हुनेबित्तिकै अरूहरूसितको सम्बन्धमा आत्महित सधैं हाम्रै साथमा रहन्छ, र नवयुवकले कहिले पनि आफूतिरै फर्केर नआईकन र आफूलाई उनीहरूसँग तुलना नगरीकन अरूलाई हेर्दैन । ठिटाहरूलाई इतिहास पढ्न सिकाउने तरीकाबाट म देख्दछु कि तिनीहरू आफूले देखेका मानिसमा परिवर्तन होस् भनेर तिनीहरू जस्ताछन् फेरि त्यस्तै हुनमा हतोत्साह तुल्याउनलाई, हरेकलाई आफू जस्तो थियो त्यस्तै मात्र रहेकोमा दुःखित तुल्याउनलाई तिमी उनीहरूलाई कुनै सिसेरो, कुनै ट्रोजान, या कुनै सिकन्दर तुल्याउनलाई प्रयास गर्दछौ । यस युक्तिमा केही फाइदाहरू पनि छन् जो म इनकार गर्दिनँ; तर जहाँसम्म एमिलको विषय छ, यदि उसले कुनै वेलामा पनि यी तुलना गर्दछ र आफू बाहेक– सोक्रेटिस होस् या केटो होस्– अरू हुन इच्छा गर्दछ भने म बिलकुल असफल भएँ; जसले आफूलाई बिरानो मानिस जस्तो ठह-याउन थाल्दछ उसले चाँडै नै आफूलाई बिलकुल बिर्सनेछ ।

यी दार्शनिकहरू होइनन् जसले मानिसहरूको विषयमा धेरै कुरा जान्दछन्, र दार्शनिकहरू जस्ता पक्षपाती म अरू कसैलाई जान्दिनँ । जंगली मानिसले हामीबारे बढ्ता बुद्धिमानीसँग विचार गर्दछ । दार्शनिकलाई आफ्ना पापहरू थाहा हुन्छ, हाम्रा पापहरूमा ऊ रिसाउँदछ, र मनमा विचार गर्दछ, "हामी सब उत्तिकै खराब छौं ।" जंगली मानिसले हामीलाई विचलित नभईकन हेर्दछ र भन्दछ, "तिमीहरू बौलाहा हौ" उसको भनाइ ठीक छ, किनभने कसैले पनि खराबीको निमित्त खराबी गर्दैन । मेरो एमिल त्यही जंगली मानिस हो, फरक यति मात्र छः एमिलले बढ्ता विचार गरेको छ उसले विचारहरूको तुलना गरेको छ, हाम्रा गल्तीहरूलाई नजीकबाट देखेको छ, ऊ आफ्नो ज्यादा पहरादारी गर्दछ, र आफूलाई थाहा भएको कुराको मात्र विचार गर्दछ ।

अरूका उत्कट भावनाहरूका विरोधमा हामीलाई उत्तेजित गराउने हाम्रै उत्कट भावनाहरू हुन्; त्यो हाम्रो स्वार्थ हो जसले हामीमा दुष्टहरूप्रति घृणा उठाउँदछ; यदि उनीहरूले हाम्रो केही हानि गरेनन् भने हामीले उनीहरूलाई घृणा गर्नुको सट्टा दया गर्नुपर्दछ । यदि उनीहरूको हृदयले नै उनीहरूका अपराधहरूलाई दण्ड गरेको हामीले थाहा पाउन सक्यौं भने हामीले तत्परतापूर्वक उनीहरूका अपराधहरूलाई क्षमा गर्नुपर्दछ । हामी अपराध थाहा

पाउँदछौं, तर सजाय देख्दैनौं; फाइदाहरू स्पष्ट हुन्छन्, तर दण्ड छिपेको हुन्छ। जुन मानिसले आफ्ना अपराधहरूका फलहरूको मजा उडाइरहेको छु भन्ने ठान्दछ, उसको मनमा ती अपराधका कामहरू असफल भएकोमा भन्दा कम पीडा हुँदैन; अभिप्राय भिन्दै हुन्छ, चिन्ता उस्तै हुन्छ। व्यर्थमा उसले आफ्नो भाग्य देखाउँदछ, र आफ्नो हृदय छिपाउँदछ; उसले जे गरे तापनि उसको चाल चलनले उसको सकली रूप देखाइहाल्छ; तर यो देख्नलाई हाम्रो हृदय उसको जस्तो बिलकुल हुनु हुँदैन।

जुन उत्कृष्ट भावनाहरू हामी अरूहरूबाट लिन्छौं, तिनीहरूले हामीलाई भडकाउँदछन्; जुन कुराहरू हाम्रा स्वार्थहरूमा ठक्कर खान्छन्, ती कुराहरूदेखि हामी व्यग्र हुन्छौं; र तिनै भावनाहरूको कारणबाट हुने तर्कको अभावले हामी अरूहरूमाथि दोषारोपण गर्दछौं, जुन हामी खुशीसाथ नकल गर्दथ्यौं। जुन काम अर्काको सट्टा हामी आफैं गर्न सक्तथ्यौं त्यो काम अर्काको हातबाट लिन जब हामी विवश हुन्छौं तब द्वेष र आफैंलाई ठग्ने काम अवश्यम्भावी हुन आउँदछन्।

मानिसको ठीक अध्ययनका निमित्त तब केको आवश्यकता छ त? मानिसहरू चिन्ने ठूलो इच्छा, विचारको निष्पक्षता, मानिसको हरेक भावना बुझ्ने प्रशस्त चेतनशील हृदय, र उत्कट भावनाबाट स्वतन्त्र रहने मनको शान्ति। यस अध्ययनको कदर गरिन संभव हुने यदि कुनै समय हाम्रो जीवनमा छ भने, त्यो यही समय हो जुन मैले एमिलका निमित्त छानेको छु। यो समयभन्दा अघि त मानिसहरू उसका निम्ति बिराना झैं हुने थिए; यसभन्दा पछि भए ऊ पनि उनीहरू झैं नै हुने थियो। जसका नतीजाहरू ऊ अघिबाटै बुझ्दछ ती रूढीबूढीहरूले अहिलेसम्म उसलाई आफ्ना दास तुल्याएका छैनन्; जसका परिणामहरू ऊ अघिबाटै थाहा पाउँदछ ती उत्कट भावनाहरूले उसको मनलाई अहिलेसम्म उत्तेजित तुल्याएका छैनन्। ऊ एउटा मानिस हो; ऊ आफ्ना भैयादहरूमा अभिरुचि राख्दछ; ऊ न्यायी मानिस छ र आफ्ना जोडाहरूको विचार गर्दछ। अब यो निश्चय छ कि यदि उसले उनीहरूको ठीकसित विचार गर्‍यो भने उनीहरूमध्ये कसैसँग पनि उसले आफ्नो ठाउँ साट्न इच्छा गर्नेछैन, किनभने तिनीहरूका सबै उत्सुक प्रयासहरूको लक्ष्य गलत विचारहरूको परिणाम हो जसको भागी ऊ हुँदैन, र त्यो लक्ष्य उसको लागि एउटा स्वप्न मात्र हो। उसको निम्ति, उसलाई चाहिएका सबै कुरा उसको पहुँचभित्र छन्। उसले कसरी अरू कसैमा निर्भर रहनुपर्ने हुन्छ जब कि ऊ आफैं स्वावलम्बी र गलत

विचारबाट स्वतन्त्र हुन्छ ? मजबूत पाखुराहरू, असल स्वास्थ्य, संयम, थोरै आवश्यकताहरू, साथै ती आवश्यकताहरू पूरा गर्ने उपायहरू उसका छन् । ऊ पूर्ण स्वाधीनतामा हुर्के बढेको छ र उसले बुझेको छ कि दासत्व सबभन्दा ठलो खराबी हो । ऊ ती दुःखी राजाहरूलाई दया गर्दछ जो आफ्ना आज्ञाकारीहरूका दास छन्; उसले ती झूट भविष्यवक्ताहरूलाई याद गर्दछ जो रित्तो ख्यातिले बढ्छन्; उसले ती धनाढ्य मूर्खहरूलाई दया गर्दछ जो आफ्नै रवाफका शहीद छन्; उसले ती आडम्बरी विलासीहरूलाई दया गर्दछ जसले यसको आनन्दको मजा उडाइरहेको झैं देखिऊँ भनेर जीवनरहित मूढतामा आफ्नो जीवन बिताइरहेको हुन्छ । उसले त्यस शत्रुलाई नै पनि दया गर्नेछ जसले उसलाई हानि पुऱ्याएको थियो, किनभने ईर्ष्याको उसको लवेदामुनि उसले उसको दुःख देख्नेछ । उसले आफ्नो मनमा विचार गर्नेछ, "यो मानिस मेरो हानि गर्ने इच्छाको अधीन भएको छ र उसको यस आवश्यकताले उसलाई मेरो दयामा राख्दछ ।"

अब एक खुट्किलो बाँकी छ, अनि हामी आफ्नो लक्ष्यमा पुग्दछौं । उपयोगी भए तापनि स्वार्थीपन भयङ्कर हथियार हो । यसले अक्सर त्यस हातलाई चोट लाउँदछ, जसले यसलाई प्रयोग गर्दछ । यसले बिना खराबी असल गर्दैन । जब एमिलले मानिसहरूमध्ये आफ्नो स्थानको विचार गर्दछ, जब उसले आफूलाई यस्तो भाग्यवान् स्थानमा रहेको पाउँदछ, उसले तिम्रो कामको निम्ति आफैलाई श्रेय दिन र जुन वास्तवमा उसको असल भाग्यको परिणाम हो, त्यसलाई आफ्ना गुणहरूको कारण ठहराउनतिर प्रवृत्त हुनेछ । उसले आफ्नो मन-मनमा भन्नेछ, "म बुद्धिमान् छु र अरू मानिसहरू मूर्ख छन् ।" उसले तिनीहरूलाई दया गर्नेछ र तुच्छ गर्नेछ; र तिनीहरूभन्दा ऊ सुखी छ भन्ने उसलाई ज्ञान हुनाले उसले आफ्ना गुणहरू बढ्ता छन् भन्ने विचार गर्नेछ । हामीले ज्यादै डराउनुपर्ने दोष यही हो, किनभने यो निर्मूल गर्न ज्यादै कठिन छ । यदि ऊ मनको यही अवस्थामा रह्यो भने हामीले जति होशियारी गरे पनि उसलाई केही फाइदा हुनेछैन, र यदि मैले छान्नुपऱ्यो भने अभिमानका मायाजालहरूलाई भन्दा पक्षपातका मायाजालहरूलाई म छान्दिनँ कि, त्यो म भन्न सक्तिनँ ।

ठूला मानिसहरू आफ्नो श्रेष्ठताको विषयमा कुनै मायाजालमा पर्दैनन्; तिनीहरूले यो देख्तछन् र यो जान्दछन्, तर उनीहरू कम संकोची हुँदैनन् । जति धेरै उनीहरूसँग हुन्छ उति उति उनीहरूलाई आफ्नो अभावको ज्ञान हुन्छ । आफ्नो कमजोरीको ज्ञानले लज्जित हुनुभन्दा हामीउपरको

उनीहरूको श्रेष्ठतामा उनीहरू कम अभिमानी हुन्छन्, र उनीहरूसँग साँचै भएका असल कुराहरूमध्ये उनीहरू बुद्धिमानीपूर्वक त्यो वरदानमा अभिमान गर्दैनन् जो उनीहरूले आफैंले प्राप्त गरेको कुरो होइन। असल मानिसलाई आफ्नो गुणको घमण्ड हुन सक्तछ, किनभने यो उसैको हो, तर बुद्धिमान् मानिसले घमण्ड गर्नुपर्ने कारण के छ? म प्याड्न भइनं भनेर टेसीनले के गऱ्यो, र म कोटिन भइनं भनेर व्वायलोले के गऱ्यो ?

जुन अवस्थाहरूसँग हाम्रो सरकार छ त्यो बिलकुल फरक छ। हामी मामूली सतहमा रहौं, मैले मानिदिएको थिएं कि मेरो चेलाको न त बिलक्षण जेहन थियो न त कुनै दोषी बुद्धि थियो। शिक्षाले मानिसलाई के गर्न सक्तो रहेछ, त्यो देखाउनको लागि मामूली मन भएको उसलाई छानें। अपवादहरूले सबै नियमहरूलाई हाँक दिन्छन्। त्यस कारण मेरो हेरचाहको परिणामस्वरूप, यदि एमिलले रहने, हेर्ने, विचार गर्ने काइदाको विषयमा अरूहरूको भन्दा आफ्नै काइदा अपनायो भने ऊ ठीक छ; तर यदि यसले गर्दा ऊ आफूलाई उनीहरूभन्दा भलो र कुलीन सम्झन्छ भने ऊ गलत छ; उसले आफैंलाई ठगिरहेको छ; उसलाई यसबाट छुटाउनुपर्दछ, अर्थात् हामीले उसलाई यस गलतीबाट रोक्नुपर्दछ, नत्रभने यो सुधार्नलाई ज्यादै ढीलो हुनेछ।

यदि कुनै मानिस बौलाहा भएको छैन भने अभिमान सिवाय अरू जुनसुकै मूर्खताको रोगबाट पनि उसलाई निको पार्न सकिन्छ; यदि यसका निमित्त कुनै औषधि वास्तवमा छ भने त्यो हो अनुभव, यस बाहेक अरू कुनै औषधि छैन; जब यो पहिले देखा पर्दछ हामी यसलाई कम-से-कम यसको अरू वृद्धिबाट रोक्न सक्तछौं। तर यसनिम्ति नवयुवकलाई ऊ पनि अरू मानिस जस्तै हो र उस्तै कमजोरीहरूको अधीन छ भन्ने प्रमाणित गरेर देखाउनलाई रित्ता वाद–विवादहरूमा आफ्नो श्वास खेर नफाल। उसलाई यो थाहा पाउने तुल्याऊ नत्रभने उसले कहिले पनि यो जान्नेछैन। यो मेरा आफ्नै नियमहरूको अपवादको अर्को उदाहरण हो। मैले स्वेच्छापूर्वक मेरो चेलोलाई हरेक दुर्घटनाको निमित्त खुला राख्नुपर्दछ, जसले उसलाई यो विश्वास दिलाउन सक्तछ कि ऊ हामीभन्दा बढ्ता बुद्धिमान् छैन। जादूगरसँगको खतराको काम भिन्न भिन्न तरीकामा बारंम्बार दोहोऱ्याइनेछ; खुशामदीहरूलाई उसमाथि फाइदा उठाउन म दिनेछु; यदि कुनै निर्विचार साथीहरूले खतराको कामतिर उसलाई तान्दछन् भने म उसलाई त्यस खतराको सामना गर्न दिनेछु। तास खेल्दा यदि ऊ फेलीहरूको फेला पऱ्यो भने उसलाई म उनीहरूबाट ठगिन दिन्छु। म

उसलाई उनीहरूलाई फुस्ल्याउन दिनेछु, फट पार्न दिनेछु, डाका मार्न दिनेछु र उसलाई टाट पारिसकेपछि उनीहरूले मुख फर्काएर उसको हँस्सी गर्नेछन्, उनीहरूले कृपा गरेर उसलाई दिएका शिक्षाहरूका निमित्त उसकै मुखिन्जेल म उनीहरूलाई धन्यवाद दिनेछु। सकेसम्म होशियारी राखेर जुन जालहरूबाट म उसको रखवारी गर्नेछु ती हुन् केवल भाँड स्वास्नीमानिसहरूका छल–कपटहरू। जुन खतराहरूमा म उसलाई पर्न दिन्छु, त्यसको भागी हुनु र जुन वेइज्जतहरू म उसलाई सहन दिन्छु त्यसको भागी हुनु– यही कुराको मात्र म पहिले नै विचार राख्नेछु। कुनै गुनगुनाहट नगरी, कुनै हप्कीदप्की नगरी, उसलाई एक लबज केही नभनी म हरेक कुरा चूपचापसित सहनेछु, र यो निश्चय ठान कि यदि यो बुद्धिमानीको चालमा नडगीकन अडिरहन सकियो भने जुन कुरा उसका निम्ति मैले सहेको ऊ देख्तछ त्यसले उसको हृदयमा उसले आफूले सहेको वा दुःख पाएकोभन्दा पनि बढ्ता प्रभाव पार्नेछ। जुन शिक्षकहरू कूठा रवांफ देखाउँछन् जो मूर्खतापूर्वक बुद्धिमान् हुने बहाना गर्दछन्, जो सधैं आफ्ना चेलाहरूलाई बच्चाहरूलाई झैं व्यवहार गरेको देखाएर र हरेक कुरामा आफूहरूमा र आफ्ना चेलाहरूका बीच रहेको भिन्नतामा जोड मारेर उनीहरूलाई हतोत्साह गराउँदछन् त्यस कुरामा ध्यान नखिचीकन म रहन सक्तिनँ। यसरी उनीहरूको नयाँ ताजा जोश र उत्साहहरूलाई मारिदिनु त परै रहोस्, उनीहरूको उत्साह बढाइदिन तिमीले कुनै प्रयत्न बाँकी राख्न हुँदैन ताकि उनीहरू तिम्रा जोडा हुन सकून्; उनीहरूलाई अघिबाटै यस्तै ठानेर व्यवहार, गर र यदि उनीहरू तिम्रो सतहसम्म उठ्न सक्तैनन् भने लाज नमानीकन उनीहरूको सतहमा ओर्लन नहिचकिचाऊ। याद राख, तिम्रो इज्जत तिम्रो हातमा छैन कि तिम्रो चेलाको हातमा छ। उसका दोषहरूका भागी बन ता कि तिमी तिनीहरूलाई सुधार्न सक, उसको बेइज्जती आफ्नै वेइज्जती ठहराऊ ता कि तिमी यसलाई मेट्न सक; ती बीर रोमनको दृष्टान्तको अनुसरण गर, जसले आफ्ना भागिरहेका सिपाहीहरूलाई एकत्रित गर्न नसकेर यस प्रकार कराउँदै आफै उनीहरूको अगुवा बने, “तिनीहरू भाग्दैनन्, तिनीहरू आफ्ना सेनापतिको पछि लाग्दछन्।” के यसले उसको बेइज्जती भयो? भएन। उनले आफ्नो गौरवको त्याग गरेर यसलाई झन् बढाए। हाम्रा मूर्ख गलत विचारहरू भए तापनि कर्तव्यको शक्तिले, गुणको जोडले हामीलाई सम्मान नल्याई छोड्दैन। एमिलप्रतिका आफ्ना कर्तव्यहरूले गर्दा यदि मैले चोट पाएँ भने यसको बदला लिने कुरा त परै रहोस्, यसमा म

गर्व लिन्छु: र यस निम्ति मलाई आदर नगर्ने यस्तो नीच मानिस यस सँसारमा होला जस्तो मलाई लाग्दैन । चेलोले आफ्नो गुरुलाई आफू जत्तिकै अनभिज्ञ या भड्केर जाने संभावना भएको ठानोस् भन्ने मेरो इच्छा होइन । यो विचार त्यस बच्चाको निमित्त ठीक छ जसले वस्तुहरू न देख्न सक्तछ न तिनीहरूको तुलना गर्न सक्तछ, जसले हरेक कुरा आफ्नो पहुँचभित्र छ भन्ने ठान्दछ, र आफ्नो विश्वास तिनीहरूमा मात्र देखाउँदछ जो उसको सतह या स्थानमा ओर्लेर आउन जान्दछन् । तर एमिलको उमेर र बुद्धिको नवयुवक यस्तो भूल गर्ने मूर्ख हुँदैन, र वाञ्छनीय कुरा पनि होइन । जुन विश्वास उसको आफ्नो गुरुप्रति हुनुपर्दछ, त्यो अर्कै प्रकारको हुन्छ । यो बुद्धिको अधीनतामा र राम्रो ज्ञानमा निर्भर गर्दछ, ती उसका निमित्त कत्तिका उपयोगी छन्, त्यो कुरा बुझेर नवयुवकले कदर गर्न सक्ने फाइदाहरूमा निर्भर गर्दछ । उसका गुरुले उसलाई प्यारो गर्दछन्, उनी बुद्धिमान् र असल मानिस छन्, जो उसको सुखको इच्छा गर्दछन् र यो कसरी प्राप्त गराउने त्यो जान्दछन् । उनको सल्लाहलाई ध्यान दिएर सुन्नु उसको आफ्नै फाइदाको लागि हो भन्ने उसले थाहा पाउनुपर्दछ । तर यदि गुरु नै चेलो जस्तै छकिन्छ भने उसले उसबाट आदर पाउन आशा गर्ने र उसलाई शिक्षा दिने हक गुमाउनेछ । यी दुई कठिनाइहरूलाई हामी कसरी हटाउन सक्छौं ? सबभन्दा बेश र सबभन्दा प्राकृतिक उपायहरूलाई रोज ऊ जस्तै स्पष्टवक्ता र सीधा साधा होऊ । जुन आपदहरूमा ऊ पर्न सक्तछ त्यसको उसलाई बताउ देऊ; कुरा बढाइ–चढाइ नगरीकन, नरिसाइकन, आफ्ना विद्वत्ताका घमण्ड नदेखाईकन र विशेषत: आज्ञाको रूपमा आफ्ना विचारहरू नदिईकन ती खतराहरू स्पष्टता र बुद्धिमत्तापूर्वक देखाइदेऊ; अत्यावश्यक नभई हैकमी स्वर ननिकाल; उसले जिद्दी गरि नै रह्यो भने उसले चाहेजस्तै गर्न देऊ, उसको पछिपछि लाग, उसको नक्कल गर र त्यो खुल्लमखुल्ला र खुशीसाथ गर; सम्भव छ भने उसका चीजहरूमा आफू पनि चल र ऊ जत्तिको रमाउँछ आफू पनि उत्तिकै रमाऊ । यदि परिणामहरू ज्यादै कडा हुने भए भने तिनीहरूलाई रोक्न तिमी नजीक भइहाल्दछौ; र जब यो नवयुवकले तिम्रो पूर्व विचार र दया देख्तछ तब के ऊ आफ्नो मनमा तुरुन्त प्रभावित हुनेछैन ? उसका सबै दोषहरू ती बन्धन मात्र हुन् जुन बन्धनहरू आवश्यकता परेमा उसलाई नियन्त्रण गर्न उसले नै तिमीलाई दिन्छ । अब यी अवस्थाहरूमा गुरुको महान् कला घटनाहरूको नियन्त्रण गर्नमा र उनका उपदेशहरूको निर्देशन गर्नमा रहन्छ ता कि उनलाई अघिबाटै यो

थाहा होस् कि कुन बेला उसले आपनो हठ छोड्ने हो र कुन बेला उसले यो गर्न इनकार गर्ने हो; यसो हुँदा उनले उसको चारैतिरबाट उसलाई अनुभवका शिक्षाहरूले परिवेष्टित गराउन सक्तछन्, तथापि कहिले पनि उसलाई उनले ठूलो खतराको सामना गर्न दिनुपर्ने हुँदैन ।

उसले कसूरहरू गर्नुभन्दाअघि उसलाई उसका दोषहरूको जनाउ देऊ; एकचोटि ती गरिसकेपछि उसलाई दोष नलगाऊ; यसो गर्दा तिमीले उसको आत्मप्रेमलाई केवल विद्रोह गर्न उत्तेजित गराउनेछौ । हामीले मन नपराउने शिक्षाबाट हामी केही पनि सिक्न सक्तैनौं । "मैले तिमीलाई यस्तो भनेको थिएँ" यो वचनभन्दा बढ्ता मूर्ख कुरा म अरू केही जान्दिनँ । तिमीले उसलाई जुन कुरा भन्यौ त्यो उसलाई सम्झाउने सबभन्दा बेश उपाय त्यो बिर्सेको जस्तो देखाउनु हो । योभन्दा पनि अझ अघि बढ, र जब तिमीले उसलाई उसले तिमीलाई विश्वास गर्न इनकार गरेकोमा लज्जित भएको पाउँदछौ त्यस लज्जालाई दयालु वचनहरूले मेटाइदेऊ । उसको निम्ति तिमीले आफूलाई बिर्सेको देख्ता र उसलाई हप्काउने सट्टा सान्त्वना दिएको देख्ता उसले तिमीलाई साँच्चीकै प्यारो गर्नेछ । तर यदि हप्की–दप्की लाएर तिमीले उसको कठिनाइ बढाइदियौ भने उसले तिमीलाई घृणा गर्नेछ र तिम्रो रायको उसले केही भाऊ राख्तैन भन्ने देखाउनलाई झैं उसले तिम्रो कुरामा कहिले पनि ध्यान नदिने नियम नै बनाउनेछ ।

जुन सान्त्वना तिमी उसलाई दिन्छौ त्यो नै उसको लागि एउटा शिक्षा हुनेछ र यो त झन ठूलो शिक्षा हुनेछ किनभने उसले यसलाई कहिले पनि शङ्का गर्दैन । उदाहरणस्वरूप, जब तिमी उसलाई यस्ता भूलहरू अरू धेरै मानिसहरूले गरेका छन् भन्दछौ उसले अपेक्षा गरेको कुरा यो हुँदैन; दयाको रूपमा तिमी उसको सुधार गरिरहेका हुन्छौं; किनभने अरूहरूभन्दा म असल छु भन्ठान्ने मानिसलाई उनीहरूको दृष्टान्तबाट आफूलाई सान्त्वना दिनु एउटा मर्मघातक कुरा हुन्छ; यसको अर्थ यो हो कि ती मानिसहरू हामीभन्दा असल होइनन् भन्ने कुरा हामीले बुझ्नुपर्दछ ।

कसूरहरूको समय कथाहरूको समय हो । जब हामी दोषी मानिसलाई कुनै कथाको पर्दाबाट दोष लाउँछौ, तब उसलाई न चिढाईकन हामी शिक्षा दिन्छौ, र अनि उसले बुझ्दछ कि त्यसको सत्यता आफैंमा घटाएर हेर्दा त्यो कथा असत्य होइन रहेछ । जुन बच्चा झूट प्रशंसाबाट कहिले पनि छकिएको छैन, उसले कथाको कुरा केही पनि बुझ्दैन जुन कुरा मैले हालसालै जाँचिर

हेरें, तर निर्विचार नवयुवक जो कुनै खुशामदीबाट भर्खरै ठगिएको छ उसले तुरन्त बुझ्दछ कि त्यो काग मूर्ख थियो । यस प्रकार यो कुराबाट उसले एउटा नैतिक सिद्धान्त प्राप्त गर्दछ, र जुन अनुभव उसले चाँडै नै बिर्सन्थ्यो, त्यो कथाद्वारा उसको मनमा कुँदिएर लेखिन्छ । नैतिक सिद्धान्तहरूको यस्तो कुनै ज्ञान हुँदैन जो हाम्रो आफ्नै अनुभवद्वारा या अरूहरूको अनुभवद्वारा प्राप्त गर्न सकिदैन । जब खतरा हुन्छ, तब यसको अनुभव उसैलाई गर्न दिनुको सट्टा हामी इतिहासको अवलम्बन गर्दछौं । जब खतरा उत्तिको ठूलो हुँदैन, तब नवयुवकलाई यसको सामना गर्न दिनु ठीक छ; तब नीतिकथाद्वारा जुन खास कुराहरूसित नवयुवक अहिले परिचित छ, तिनीहरू नै नैतिक सिद्धान्तहरूमा परिवर्तित हुन्छन् ।

तर यो नैतिक सिद्धान्तहरूको व्याख्या गरिनुपर्दछ या स्पष्ट रूपमा वर्णन गरिनुपर्दछ भन्ने मेरो इच्छा होइन । धेरैजसो कथाहरूको आखिरमा नैतिक शिक्षा रहनु जत्तिको मूर्ख र बेबुद्धिमानीको कुरा अरू हुँदैन । के पाठकले बुझ्न सक्ने नैतिक शिक्षा कथाभित्रै हुँदैन र ? तब कथाको अंत्यमा किन नैतिक शिक्षा जोडिदिने, र यसरी यो उसले आफै पत्ता लगाउनको मजाबाट उसलाई वञ्चित गरिदिने ? शिक्षा दिने कला चेलोलाई उसले आफै सिक्न इच्छा गर्ने तुल्याउनमा रहन्छ । तर यदि चेलोले सिक्न इच्छा गर्ने हो भने त्यस विषयमा उसको मन निष्क्रिय अवस्थामा रहनु हुँदैन जुन विषयमा तिमी उसलाई बताउँदछौ; तिमीले भनेको कुरा ध्यान दिएर सुन्नु सिवाय उसका निमित्त वास्तवमा अरू केही हुँदैन । शिक्षकले आफ्नो गर्वलाई चेलाहरूका अगाडि सधैं समर्पण गरिदिनुपर्दछ; उसले यो भन्न सक्नुपर्दछ, म बुझ्दछु, म यो देख्दछु, म यसको विचार गर्दै छु, म केही सिक्तै छु । इटलीका संयोगान्त नाटकहरूमा ठठोलीलाई ज्यादै थकित तुल्याउने कुराहरूमध्ये यो एउटा कुरा छ कि जुन सर्वसाधारण कुराहरू दर्शकहरू अघिबाटै ज्यादै राम्रोसित जान्दछन्, ती कुराहरूको व्याख्या गरेर उनीहरूलाई बुझाउन खोज्नु । हामीले सधैं बुझिने हुनुपर्दछ, तर जति भनिनुपर्ने कुरा हो त्यो सबै हामीले भन्न हुँदैन । तिमीले धेरै कुरा गर्‍यौ भने थोरै बताउनेछौ, किनभने आखिरमा तिमीले भनेको कुरामा कसैले ध्यान दिनेछैन । ला फन्टेनको आफूलाई फुलाउने भ्यागुतोको कथाको आखिरी चार हरफको माने के हो ? के उनी हामी यो बुझ्दैनौं कि भनेर डराएका हुन् ? के यी महान् चित्रकारले आफूले चित्रण गरेका वस्तुहरूको मुनि तिनीहरूको नाम लेख्नुपर्दछ ? उनका नीति शिक्षाहरू, सबै कुरामा लाग्ने हुनु ता परै रहोस्, दिइएका दृष्टान्त-

हरूमा पनि केही मात्रामा शिक्षालाई सीमित तुल्याउँदछन्, र ती नैतिक शिक्षाहरूलाई हामीलाई अरू कुराहरूमा लगाउन दिँदैनन् । यो अनुकरण गर्न नसकिने ग्रन्थकारका कथाहरू कुनै नवयुवकका हातमा राख्नुभन्दा अगाडि म आखिरका जम्मै कुराहरू काट्न चाहन्छु जसद्वारा उनी आफूले यस्तो स्पष्टसित रमाइलोसित भनेका कुराहरूको व्याख्या गर्ने प्रयत्न गर्दछन् । यदि तिम्रो चेलो विनाव्याख्या कथा बुझ्न सक्तैन भने व्याख्या भए तापनि उसले यो बुझ्न सक्तैन ।

अझ त्यसमाथि पनि, कथाहरूलाई खूब उपदेशक क्रममा मिलाएर राख्नुपर्दछ, बढ्दो युवकका विचारहरू र ज्ञानअनुसारको हुनुपर्दछ । हाम्रा आवश्यकता र अवस्थाको खयाल नराखीकन पुस्तकको संख्याक्रमको मात्र अनुसरण गर्नु जस्तो मूर्ख कुरा अरू केही हुन सक्तछ ? पहिले फट्याङ्ग्रो, अनि काग, अनि भ्यागुतो, त्यसपछि दुई खच्चरहरू इत्यादि । म यी दुई खच्चरहरूदेखि वाक्क भएको छु । म एउटा बच्चालाई देखेको सम्झन्छु, जसलाई पैसाका निमित्त तालीम दिइन्थ्यो, तिनीहरूले उसलाई कहिले पनि उसको इच्छामा छोडेनन्, तर सधैं उसले लिनुपर्ने व्यवसायमा जोड दिइरहन्थे । तिनीहरू उसको भविष्यको व्यवसायको विरुद्धको कुराको विचार अलिकति पनि नगरीकन उसलाई यो कथा पढ्न, सिक्न, भन्न र बारंबार दोहोऱ्याउन लगाउँदथे । मैले बच्चाहरूले सिकेका कथाहरूको वास्तविक प्रयोग गरेको कहिले पनि नभेट्टाएको मात्र होइन कि उनीहरूले यसको यस्तो प्रयोग गरेको हेर्न तकलीफ गर्ने कुनै व्यक्तिसम्म पनि देखेको छैन । नैतिक शिक्षाहरूबाट शिक्षा लिनु नै अध्ययनको तात्पर्य हो । बच्चाले कथाहरू पढिरहँदा वरिपरिका सबै मानिसहरूलाई त्यो देखाउनु सिवाय आमाको र बच्चाको वास्तविक लक्ष्य अरू केही हुँदैन । जब ऊ ती कथाहरू पढ्न नपर्ने उमेरमा पुग्दछ र तिनीहरूको प्रयोग गर्न सक्ने उमेर उसको हुन्छ तिनीहरू बिर्सिइन्छन् । म फेरि दोहोऱ्याएर भन्दछु, मानिसहरूले मात्र कथाहरू सिक्न सक्तछन्; र अब शुरू गर्ने वेला एमिलको भइसक्यो ।

म तिमीलाई हरेक कुरा बताउन चाहन्नँ । त्यसैले म ती मार्गहरूकोमात्र सूचना दिन्छु, जुन उचित मार्गदेखि भिन्न हुन्छन्; ता कि तिनीहरूलाई छोड्न सके । मैले देखाएको बाटो तिमीले लियौ भने म विचार गर्छु कि तिम्रो चेलोले मनुष्यजातिको ज्ञान र आत्मज्ञान पनि सबभन्दा सस्तो बजारमा खरीद गर्नेछ । भाग्यका बच्चाहरूको डाह नगरीकन तिमीले उसलाई

भाग्यका जालहरू देख्न र अरूहरूभन्दा म बढिया छु भन्ने विचार नगरीकन आत्मसन्तुष्टि लिन समर्थ तुल्याउनेछौं । दर्शकमध्येको एक हुन सिक्न सकोस् भनेर तिमीले उसलाई अभिनेता तुल्याएर शुरू गरेका छौ; तिमीले आफ्नो काम लगातार गर्दै जानुपर्दछ, किनभने नाच-घरबाट कुराहरू जस्ता देखिन्छन्, त्यस्तै हुन्छन्, रङ्गमंचबाट कुराहरू जस्ता छन्, त्यस्तै देखिन्छन् । साधारण परिणामको लागि हामीले टाढाको दृश्य लिनुपर्दछ, हरेक कुरा जस्ताको तस्तै देख्नलाई हामीले ज्यादा नजीकैबाट गडेर हेर्नुपर्दछ । तर एउटा नवयुवकले जीवनको कार्यमा कसरी भाग लिन सक्तछ । यसका अन्धकारमय रहस्यहरूमा प्रवेश गराइन उसको के हक छ ? उसका अभिरुचिहरू उसकै आनन्दका सीमाभित्र बद्ध हुन्छन्, अरूहरूका उपर उसको शक्ति हुँदैन । यो ऊ बिलकुल शक्तिहीन हुनु जस्तै हो । मानिस बजारको सबभन्दा सस्तो माल हो र हाम्रा सबै मुख्य सम्पत्तिका हकहरूमध्ये व्यक्तिका सम्पत्तिहरू सधैं सबभन्दा पछिल्ला गनिन्छन् ।

जब म जवान मानिसहरूको सबभन्दा फुर्तीको समयमा उनीहरूका अध्ययनहरूलाई केवल नाफा हुने कुराहरूको विचारमा सीमित भएका र पछि कुनै अनुभवविना अकस्मात् मानिसहरू र कामहरूको संसारमा डुबेका देख्तछु तब मलाई यो बुद्धि र प्रकृतिको विरुद्ध भएको जस्तो लाग्दछ र गर्नुपर्ने कुरा के हो त्यसको ज्ञान थोरै मानिसलाई मात्र हुन्छ भन्ने कुरामा मलाई आश्चर्य पनि लाग्दैन । हामीलाई यतिका रद्दी कुराहरू चाहिं सिकाउने र गर्नुपर्ने कुराको जुन कला हो त्यसलाई छुँदै नछुनु कस्तो अनौठा कुरा हो ! उनीहरू हामीलाई समाजका निमित्त योग्य तुल्याउने भनेर हिंड्दछन्, र मानौं हामीहरूमध्ये हरेकले एकान्त गुफामा ध्यान गर्ने जीवन बिताउने हो कि भनें झैं गरी त्यस प्रकारको शिक्षा हामीलाई दिइन्छ, या तो मानिसहरूसँग यस्ता सिद्धान्तका विषयहरूमा छलफल गरिन्छ, जसको सरोकार तिनीहरूलाई हुँदैन । आफ्ना छात्रहरूलाई जीवनयापन गर्ने तरीका सिकाइरहेछु भन्ने तिमी ठान्दछौ र तिमी उनीहरूलाई उनीहरूको शरीर खुम्चिने कुराहरू र कुनै अर्थ-न-वर्थका शब्दका रूपहरू सिकाउँदछौ । मैले पनि एमिललाई जीवनयात्रा कसरी गर्ने त्यो कुरा सिकाएको छु; किनभने मैले उसलाई उसको आफ्नै समाजमा रमाउन, र अझ त्यसभन्दा बढी उसले आफ्नो रोटी आफै कमाउन सिकाएको छु । तर यो मात्र पर्याप्त छैन । दुनियाँमा रहनलाई अरू मानिसहरूसँग कसरी मिलेर बस्ने त्यो कुरा उसले थाहा पाउनैपर्दछ, कुन शक्तिहरूले

उनीहरूलाई चलाउँदछन् त्यो उसले जान्नैपर्दछ, स्वार्थको असर समाजमा कस्तो पर्न आउँदछ र त्यसको प्रतिफल के हुन आउँदछ त्यसको विचार उसले गर्नैपर्दछ, ती नतीजाहरूको अनुमान उसले यस्तो ठीकसँग गर्नुपर्दछ कि ऊ कहिले पनि आफ्ना जिम्मेवारीहरूमा नचुकोस्, या कम-से-कम उसले यथासम्भव उत्तम तरीकाले प्रयत्न गरोस् । नवयुवकहरूलाई आफ्ना मामलाहरू आफैं मिलाउन कानूनले दिँदैन, न त आफ्ना सम्पत्तिहरूको बेचबिखन गर्न उनीहरू पाउँदछन्; तर यदि उनीहरूको उमेर नपुगुन्जेलसम्म उनीहरूले कहिले पनि अनुभव प्राप्त गर्दैनन् भने यी होशियारीहरूको के काम छ ? ढीलाइले उनीहरूलाई केही लाभ हुँदैन, र पन्ध्र वर्षमा भन्दा पच्चीस वर्षमा केही बढ्ता अनुभव हुँदैन । हामीले अघिबाटैदेखि होशियारी त अवश्य गर्नुपर्दछ, ता कि अज्ञानले अन्धो भएर या उत्कृष्ट भावनाहरूले उत्तेजित भएर आफैंलाई हानि नपुऱ्याओस्; तर जुन उमेरमा पनि यस्ता मौकाहरू आउँदछन् जब बुद्धिमान् मानिसको निर्देशनमा मद्दत खोज्ने अभागीहरूको पक्षमा कमजोरहरूका निमित्त हेरचाह र दयाका कामहरू गर्न सकिन्छन् ।

बच्चाहरूको ज्यादा हेरचाह गर्ने हुनाले आमाहरू र धाईहरू उनीहरूलाई प्यारो गर्दछन् । सामाजिक गुणहरूको अभ्यासले गर्दा मनुष्यप्रतिको प्रेमले हृदयलाई स्पर्श गर्दछ; असल गर्नाले हामी असल हुन्छौं; र यस लक्ष्यका निमित्त योभन्दा बढ्ता निश्चित मार्ग म अरू जान्दिनँ । उसको शक्तिभित्रका असल कामहरूमा तिम्रो चेलालाई संलग्न राख, गरीबहरूको हेतु उसको आफ्नै हेतु होस्, उनीहरूलाई उसले आफ्नो पैसाले मात्र मद्दत नगरोस् कि उसको सेवाले पनि मद्दत गरोस्; उसले उनीहरूका निमित्त काम गरोस्; उनीहरूको संरक्षण गरोस्; उसको शरीर र उसको समय उनीहरूको सेवामा रहून्; ऊ उनीहरूको गुमस्ता भएर रहोस्; उसको जीवनभर योभन्दा बढ्ता इज्जतको काम उसको निमित्त अरू केही हुनेछैन । जसको कुरा कसैले सुन्दैन त्यस्ता कति दलित मानिसहरूले न्याय पाउनेछन् जब धर्मको अभ्यासले प्रेरित भएको साहस र दृढतापूर्वक उसले उनीहरूका निमित्त न्यायको दाबा गर्दछ, जब ऊ दुःखीहरूका निमित्त, दरिद्रताले गर्दा सबैले ढोका बन्द गरिएका गरीबहरूका निमित्त, आफ्नो दुर्भाग्यले गर्दा दण्डित भएकोमा डराएर दुःख पुकार गर्न साहस नगर्नेहरूका निमित्त धनी र ठूलाहरूका सामने उपस्थित हुन्छ र यदि दरकार पऱ्यो भने राजाकै पाउदानीको अगाडि पनि खडा हुन्छ ?

के हामीले एमिललाई अन्याय गर्न नदिने दरबारिया घुमन्ते बीर

बनाइदिने ? के उसले आफूलाई जन-जीवनक्षेत्रमा उतार्नेछ, महात्मा झैं काम गर्नेछ, ठूलाहरूको अगाडि, अञ्चलाधीशहरूको अगाडि, राजाको अगाडि कानूनको संरक्षक तुल्याउनेछ? के उसले न्यायाधीशहरूलाई निवेदन–पत्र दिनेछ र न्यायालयहरूमा लड्नेछ? त्यो म भन्न सक्तिनँ । हँस्सी र खिसीका पदहरूले वस्तुहरूको प्रकृति बदलिँदैन । जुन कुराहरूलाई उसले उपयोगी र बेश ठहराउँदछ ती सब कुरा उसले गर्नेछ । त्यसभन्दा बढ्ता उसले कुनै कुरा गर्नेछैन, र उसलाई यो कुरा थाहा छ कि उसका निमित्त त्यो कुनै कुरा पनि उपयोगी र बेश हुँदैन जो उसको उमेरलाई सुहाउँदैन । उसलाई यस कुराको ज्ञान छ कि उसको पहिला कर्तव्य आफैमाथिको छ, जवान मानिसहरूले आफूमाथि अनविश्वास गर्नुपर्दछ, उनीहरूले चारैतिर होशियारीपूर्वक हेरेर काम गर्नुपर्दछ, उनीहरूले आफूभन्दा बूढापाकाप्रति आदर देखाउनुपर्दछ, विनाकारण बोलनमा मौन र बुद्धिमानी देखाउनुपर्दछ, आफूलाई सरोकार नभएको कुरामा वास्ता गर्नु हुँदैन, असल काम गर्नमा साहसिलो हुनुपर्दछ, र सत्य बोलनमा बहादुर हुनुपर्दछ ती सुविख्यात रोमनहरू यस्तै थिए जो जनजीवनमा प्रवेश गरेपछि विद्या या ज्ञानको सिवाय र न्यायको बृद्धि गराउनु र ठीक आचरणको संरक्षण गर्नु सिवाय अरू कुनै अभिप्राय नराखीकन आफ्ना दिनहरू बिताउँदथे ।

मानिसहरूमध्ये मात्र होइन कि पशुहरूमध्ये पनि हल्ला र झगडा भएको एमिललाई मन पर्दैन । उसले कहिले पनि दुइटा कुकुरहरूलाई लडाउने छैन, उसले कहिले पनि कुनै कुकुरलाई बिरालो लखार्न लगाउनेछैन । यो शान्तिप्रिय मन उसको शिक्षाका परिणामहरूमध्येको एउटा परिणाम हो, जसले उसको आत्मप्रेम, या उसको आफैप्रतिको उच्च विचारलाई कहिले पनि उत्तेजित गराएको छैन, र यसरी अरूहरूको दुःखमा र उनीहरूमाथि प्रभुत्व देखाउनमा मजा मान्न उसलाई प्रोत्साहित गरेको छैन । दुःखको दृश्यले उसलाई पनि दुःखित तुल्याउँदछ, यो प्राकृतिक भावना हो । यो घमण्डपछिका नतीजाहरूमध्येको एक नतीजा हो, जसले नवयुवकको हृदयलाई कठोर तुल्याउँदछ र जीवित र सचेत प्राणीको पीडा हेर्नमा रमाउने तुल्याउँदछ; यसले उसलाई आफ्नो अधिक बुद्धि र गुणद्वारा यस्ता दुःखहरूको पहुँचदेखि बाहिर छु भन्ने विचार गर्न तुल्याउँदछ । जो गर्वको पहुँचदेखि बाहिरछ, ऊ त्यस, पापमा पर्न सक्तैन जो गर्वबाट उत्पन्न हुन्छ । यसै कारणले एमिल शान्तिको प्रेमी छ । ऊ सुखको दृश्यमा आनन्द मान्दछ, र यदि उसले सुख ल्याउनमा

मद्दत गर्न सक्यो भने त्यसमा आफूले पनि सुख मान्नु अर्को कारण हुन्छ। मलाई यो लाग्दैन कि उसले दुःखीहरूलाई देख्ता उसलाई केवल रित्तो र निठुर दया लाग्नेछ र आफूले हटाउन सक्ने अनिष्टहरूप्रति केवल यस्तो दया देखाएर सन्तुष्ट हुनेछ। उसको दया क्रियाशील हुन्छ र यसले उसलाई धेरै कुरा सिकाउँदछ जो उसले धेरै ढीलो सिक्तथ्यो, र यदि उसको दिल धेरै कडा भइदिएको भए उसले बिलकुल केही पनि सिक्तैनथ्यो। उसले आफ्ना साथीहरू झगडा गर्न लागेको देख्यो भने ऊ उनीहरूलाई मिलाउन कोशिश गर्दछ; उसले दुःखितहरूलाई देख्यो भने उनीहरूको दुःखको कारण सोध्छ, उसले परस्परमा घृणा गर्ने दुई जना मानिसहरूलाई देख्यो भने उनीहरूको वैरभावको कारण जरा खोज्दछ; धनी र शक्तिशालीहरूको अत्याचारबाट थिचोमिचोमा परेर रोइरहेको कुनै व्यक्तिलाई उसले देख्यो भने उसले कुन उपायले त्यस अत्याचारलाई पल्टाउन सक्तछ, त्यो पत्ता लगाउन कोशिश गर्दछ र यी सब दुःखीहरूको विषयमा जुन अभिरुचि उसले लिन्छ त्यसमा उनीहरूका दुःखहरू हटाउने उपायहरू कहिले पनि उसको दृष्टिदेखि बाहिर हुँदैनन्। यस चित्तवृत्तिको कुन उपयोग हामीले गर्ने हो ता कि यसले उसको उमेरलाई सुहाउने तरीकाले प्रतिफल निकालोस्। उसका प्रयत्नहरू र ज्ञानलाई हामी निर्देशन देऔं र तिनीहरूलाई बढाउने उसको उत्साहको उपयोग गरौं।

म दोहोऱ्याउनाले कहिले पनि थाक्तिनँ। नवयुवकहरूका सबै शिक्षाहरूले कुरा गर्नेभन्दा काम गर्ने रूप लिऊन्। जुन कुरा उनीहरूले अनुभवबाट सिक्न सक्तछन्, त्यो कुनै कुरा पनि उनीहरूले पुस्तकहरूबाट नसिकून्। जब उनीहरूको भन्ने कुरा केही हुँदैन, तब उनीहरूलाई बोल्नमा अभ्यास गराउन प्रयत्न गराउनु कस्तो गलत कुरा हो; जब उनीहरूले मनाउनुपर्ने कुनै कुरा र कुनै व्यक्ति हुँदैन तब उनीहरूलाई आफ्ना स्कूलका डेस्कहरूमा उत्कृष्ट भावनाको भाषाको जोड र मनौतीका कलाहरूको सबै जोड थाहा पाउने तुल्याउन अपेक्षा गर्नु कस्तो अनुचित कुरा हो। जसले आफ्ना अभिप्रायहरूका निमित्त तिनीहरूको प्रयोग गर्न जान्दैनन् उनीहरूका निमित्त अलङ्कारका सबै नियमहरू केवल शब्दहरूको अपव्यय मात्र हुन जान्छन्। स्कूलको एउटा केटोलाई ह्यान्निबलले आफ्ना सिपाहीहरूलाई आल्प्स पर्वतहरू पार गर्न कसरी प्रोत्साहित गरेका थिए त्यस कुराको के सरोकार हुन्छ? यदि यी भारी भाषणहरूको सट्टा उसलाई एक दिनको बिदा दिन आफ्नो स्कूलको अध्यक्षलाई कसरी मनाउने त्यो कुरा देखायौ भने तिमी निश्चित रहन सक्तछौ कि उसले

तिम्रा नियमहरूमा बढ्ता ध्यान दिनेछ ।

मैले जसका भावनाहरू अहिलेसम्म विकसित भइसकेका छैनन् त्यस्तो युवकलाई अलङ्कार सिकाउन चाहें भने म लगातार उसको ध्यान यस्ता कुराहरूमा खिच्न चाहन्छु, जसले उसका भावनाहरूलाई जगाउँदछन्, र उसका इच्छाहरूलाई मान्यता दिने तुल्याउन उसले मानिसहरूसँग कसरी कुरा गर्नुपर्दछ त्यस कुराको छलफल म उसँग गर्दछु । तर एमिल वाक्पटुताको कला-अनुसारको अवस्थामा छैन । खास गरेर आफ्नो शारीरिक कल्याणसँग उसको सरोकार भएकोले मानिसहरूलाई उसको दरकारभन्दा उसलाई उनीहरूको कम दरकार छ; र आफ्ना निमित्त अरुहरूसँग केही भन्नु नपर्ने हुनाले उसले उनीहरूलाई जो गर्न मनाउन चाहन्छ त्यसले कुनै ज्यादै प्रबल भावना जगाउनलाई उसलाई त्यस्तो असर गर्दैन । यसबाट यो हुन आउँछ कि मोटामोटीमा उसको भाषा सरल र साधा हुनेछ । ऊ सधैं चाहिने जति कुरा मात्र र आफूले भनेको अरूले बुझ्नेसम्म मात्र बोल्दछ । ऊ सूत्रमय छैन, किनभने उसले सबै कुरालाई एकै ठाउँमा सम्मिलित गराउन जानेको छैन; ऊ भ्रममा बोल्दैन, किनभने ऊ कहिले पनि उत्तेजित हुँदैन । यसो भएको ऊ बिलकुलै उदास र धीमा भएकोले होइन; न त उसको उमेरले, न त उसको आचरणले, न त उसका अभिरुचिहरूले यो हुन दिन्छन् । बढ्दो उमेरको आगोमा रगतमा रहेका र वारंवार सार झिकिएका जीवन-सञ्चार गराउने भावनाहरूले उसको ताजा हृदयलाई त्यो उत्कंठा भरिदिन्छन् जुन उसका आँखाहरूमा झल्कन्छ र जुन उसका कुराहरू र कामहरूमा देखिन्छ । जुन उच्च भावनाले ऊ उत्कंठित हुन्छ त्यसले उसलाई बल र उदारता दिन्छ; मनुष्यजातिप्रतिको कोमल प्रेमले प्रभावित भएको हुनाले उसका कुराहरूले उसको हृदयका विचारहरू प्रकट गर्दछन् । त्यो कसरी हुन्छ सो म जान्दिनँ, तर अरुहरूको नक्कली वाक्-शक्तिमाभन्दा उसको खुला हृदयको उदारतामा बढ्ता सौन्दर्य या मोहनी हुन्छ; अथवा यो वाक्-शक्ति उसको छ भने त्यही मात्र सच्चा वाक्-शक्ति हुन्छ, किनभने अरुहरूलाई आफ्ना विचारहरूको भागी तुल्याउन आफ्नो मनमा जो लाग्दछ सो मात्र उसले देखाउनु छ ।

म जति जति यस कुराको विचार गर्दछु उति उति विश्वसित हुन्छु कि यसरी हाम्रा दयालु भावनाहरूलाई कर्ममा ढालेर, हाम्रा असल या खराब सफलताहरूबाट उनीहरूका कारणहरूविषयका परिणामहरू निकालेर हामी थाहा पाउँदछौं कि यस्तो उपयोगी ज्ञान कुनै हुँदैन जो एउटा नौजवानलाई दिन

सकिँदैन; त्यो र त्यसको साथै जुन सच्चा विद्या कलेजमा प्राप्त गर्न सकिन्छ त्यसले अरू बाँकी सबैभन्दा बढ्ता उपयोगी विज्ञान उसले सिक्न सक्तछ, जसको लगान उसले जीवनका तात्पर्यहरूका निमित्त सिकेको हुन्छ । आपना सामाजिक प्राणीहरूप्रति अभिरुचि राखेर उनीहरूका कामहरूको, उनीहरूका अभिरुचिहरूको, उनीहरूका खुशीहरूको विचार र तुलना कसरी गर्ने त्यो कुरा खूब छिटो गरी सिक्न र कुन कुराहरूले मानिसहरूको सुखलाई बढाउँदछन् या घटाउँदछन् त्यो प्रायः यथार्थमा अनुमान गर्न ऊ असफल हुनु असम्भव छ । जो कसैको परवाह गर्दैनन् र कहिले पनि कसैका निमित्त केही गर्दैनन्, तिनीहरूले भन्दा उसले यो कुरा असल गर्नेछ । जो सधैं आपनै स्वार्थहरूमा व्यस्त छन् ती मानिसहरू कुराहरूलाई बुद्धिमानीसँग विचार गर्न सक्तैनन् । आफूलाई जस्तो असर पर्दछ तिनीहरूले हरेक कुरालाई त्यस्तै विचार गर्दछन्; केवल आपनै अनुभवमा मात्र उनीहरू आपना विचारहरूको सृजना गर्दछन् चाहे ती असल कुराको होऊन् या खराब कुराको । उनीहरूको मन सब प्रकारका गलत विचारहरूले भरिपूर्ण भएको हुन्छ; त्यो जतिसुकै सानो किन नहोस्, उनीहरूको फाइदाको कुरालाई असर पार्ने जुनसुकै कुरा पनि उनीहरूलाई ब्रह्माण्ड उचाल्ने कुरा जस्तो लाग्दछ ।

आत्मप्रेम अरूहरूमाथि फैलाऊ, र यो धर्ममा परिणत हुन्छ, यो यस्तो धर्म या गुण हो जसको जरा हामीहरूमध्ये हरेकको हृदयमा हुन्छ । हाम्रो चिन्ता–फिक्रीको कुरा जति कम हामीमै निर्भर रहन्छ उति कम हामीले आपनो स्वार्थको मृगतृष्णाबाट डराउनुपर्ने हुन्छ; यो स्वार्थ जति सर्वसाधारण हुँदै जान्छ उति ठीक हुँदै जान्छ, र मनुष्य जातिप्रतिको प्रेम हामीभित्र रहेको न्यायप्रतिको प्रेम सिबाय अरू केही हुँदैन । त्यस कारण यदि हामी एमिललाई सत्यको प्रेमी हुन दिने इच्छा गर्दछौं भने, यदि उसले यो बुझोस् भन्ने इच्छा गर्दछौं भने उसका सबै काममा उसलाई हामी उसको स्वार्थदेखि टाढा राखौं । जति जति अरूहरूको सुखमाथि उसले आपनो सरोकार देखाउँदछ, उति उति बेश र बुद्धिमान् ऊ हुन्छ, र असल र खराबका बीच उसले कम भूल गर्नेछ, तर आपनै पूर्व विचार या गलत भावनामा बनेको अन्ध–पसन्द उसले कहिले पनि गर्दैन । अर्को मानिसको सेवा गर्न एउटा मानिसको हानि उसले किन गराउने ? जसले सबै मानिसको सुख बढाएर आफू झन् बढी सुखको भागी हुन्छ उसलाई यस कुराको के प्रयोजन छ ? आपनो स्वार्थदेखि छुट्टै सबैका कल्याणका निमित्तको यो फिक्री बुद्धिमान् मानिसको पहिला सरोकार हुन्छ, किनभने हामीहरूमध्ये

हरेक व्यक्ति मनुष्य जातिको एक हिस्सा हो, र त्यस जातिको कुनै व्यक्तिको हिस्सा होइन ।

दयाको विकार भएर शिथिल हुँदै जाने कुरा रोक्न हामीले यो सबैमा लाग्ने तुल्याउनुपर्दछ र समस्त मनुष्य जातिउपर फैलाउनुपर्दछ । तब मात्र हामी यो देखाउन सक्तछौं जब यो न्याय अनुसारको हुन्छ, किनभने सबै धर्महरूमध्ये न्याय त्यो हो जेले सार्वजनिक कल्याण गराउँदछ । तर्क र आत्मप्रेमले हामीलाई आफ्ना छिमेकीहरूप्रतिभन्दा पनि मनुष्यजातिप्रति प्रेम गर्न बाध्य तुल्याउँदछ र दुष्टहरूलाई प्रेम गर्नु अरू मानिसहरूप्रति निष्ठुर हुनु हो ।

अझ त्यसमाथि तिमीले मनमा धारणा राख्नुपर्दछ कि मेरो चेलालाई उसदेखि बाहिरको तुल्याउनलाई लगाइएका यी सबै उपायहरूको पनि उससित एउटा भिन्दै खास सम्बन्ध हुन्छ, किनभने तिनीहरूले उसलाई भित्री आनन्द दिने मात्र होइनन् कि मैले उसलाई अरुहरूप्रति दयालु हुने तुल्याउँदा म पनि उसलाई शिक्षा दिइरहेको हुन्छु ।

पहिले मैले लगाएका उपायहरू देखाएँ, अब म नतीजा देखाउनेछु । उसको मनको अगाडि खुलिरहेका कस्ता विस्तृत विचारहरू म थाहा पाउँदछु ! उसको हृदयमा कस्ता उदार भवनाहरूले साना साना विचारहरूलाई दबाउँदछन् ! हामीले उत्पन्न गराएका प्रवृत्तिहरूबाट विकसित भएको विचारको कस्तो स्पष्टता, तर्कको कस्तो शुद्धता, म देख्दछु ! जुन अनुभवले एउटा महान् हृदयका आकांक्षाहरूलाई संभावनाका साँगुरा परिधिहरूभित्र एकत्रित गराउँदछ त्यसैबाट यो भएको हो, ताकि यदि अरुहरूभन्दा बढिया मानिसले उनीहरूलाई आफ्नो समतामा उचाल्न सक्तैन भने ऊ उनीहरूको समतामा ओर्लेर आउन सक्तछ । न्यायका सच्चा सिद्धान्तहरू, सौन्दर्यका सच्चा नमूनाहरू, मानिस-मानिसका बीचका सबै नैतिक सम्बन्धहरू, क्रम या स्थितिका सबै विचारहरू— यी सबै कुराहरू उसका समझमा कुँदिएका हुन्छन्; उसले हरेक कुराको निमित्त स्थान देख्दछ र यसलाई त्यस स्थानबाट हटाउने कारणहरू पनि देख्दछ । केले भलाइ गर्दछ, केले त्यसलाई रोक्तछ, त्यो उसले देख्दछ । मानिसका प्रबल भावनाहरू थाहा नपाईकन उनीहरूबाट उत्पन्न हुने इन्द्रजालहरू र उनीहरूको कामको रूपको ज्ञान उसलाई हुन्छ ।

म त्यस बाटोमा अगाडि बढ्दछु, जुन बाटोबाट जानलाई परिस्थितिहरूले मलाई बाध्य तुल्याउँदछन्, तर मेरा पाठकहरूले मेरो अनुसरण गरून्

म जिद्दी गर्दिनँ। धेरै अघि नै उनीहरूले मलाई अद्भुत विचारहरूको देशमा भौंतारिरहेको ठहराएका छन्, तर मेरो तरफबाट म विचार गर्दछु कि उनीहरू गलत विचारको मुलुकमा वास गरिरहेछन्। जन-विश्वासहरूबाट यति टाढा भौंतारिरहँदा म तिनीहरूलाई मनमा धारण गर्न छोड्दिनँ; म तिनीहरूलाई जाँच्तछु, तिनीहरूको विचार गर्दछु, तिनीहरूको अनुसरण गरूँ या तिनीहरूलाई त्यागूँ भनेर होइन कि तिनीहरूलाई तर्कको तराजुमा तौलन सकूँ भनेर। जब तर्कले मलाई यी जन-विश्वासहरूलाई त्याग्न बाध्य गराउँदछ, तब अनुभवबाट म जान्दछु कि मेरा पाठकहरू मेरो उदाहरणको अनुसरण गर्नेछैनन्। मलाई थाहा छ कि जो उनीहरू देख्न सक्तछन्, त्यसदेखि पल्तिर जान इनकार गर्नमा उनीहरू लागिरहनेछन् र जुन नवयुवकको म वर्णन गरिरहेछु त्यसलाई उनीहरू मेरो तरङ्गी कल्पनाको सृजना हो भन्ठान्नेछन्, यसको कारण यही मात्र हो किऊ ती नवयुवकहरू जस्तो छैन जोसँग उनीहरू उसको तुलना गर्दछन्; उनीहरू यो कुरा बिर्सन्छन् कि ऊ अवश्य फरक हुनुपर्दछ किनभने ऊ बिलकुल भिन्दै ढाँचामा हुर्काइए-बढाइएको छ; ऊ बिलकुल भिन्दै विचारहरूले प्रभावित छ र एकदम भिन्दै काइदामा तालीम भएको छ; यसनिम्ति यदि ऊ मैले विचार गरेको जस्तो नभएर तिम्रा चेलाहरू जस्तो भयो भने यो ज्यादै अचम्मको कुरा हुनेछ। ऊ मानिसले बताएको होइन कि प्रकृतिले बनाएको मानिस हो। मानिसहरूले उसलाई अनौठा पाउँदछन् भने यो ताज्जुपको कुरा होइन। जब मैले यो काम आरम्भ गरें मैले जत्तिकै सुगमसित अरूहरूले पनि देख्ने कुरा सिवाय अरू कुनै कुरालाई पनि मानिलिइनँ, किनभने हाम्रो आरम्भको स्थान– मानिसको जन्म सबैका निमित्त उही हो; तर मैले प्रकृतिको उत्पत्ति गर्न खोजिरहँदा र तिमीले यसलाई भ्रष्ट गर्न खोजिरहँदा हामी जति जति टाढा जान्छौँ उति उति आफूलाई छुट्टै पाउँदछौँ। छ वर्षको उमेरमा मेरो चेला तिम्रो चेलाभन्दा फरक थिएन जसलाई बिगार्न अहिलेसम्म तिमीले समय पाएका थिएनौ; अहिले उनीहरूको बीचमा मिल्ने कुरा कुनै पनि छैन; र जब उनीहरू मनुष्यत्वको अवस्थामा पुग्दछन्, जो अब नजीक आइपुगिरहेछ, यदि मेरा सब तकलीफहरू पर्याँकिएनन् भने उनीहरू परस्परमा विलकुलै फरक देखिनेछन्। उनीहरूको ज्ञानको परिमाणमा त्यत्तिको धेरै फरक हुँदैन तर ज्ञानको किसिममा सर्वप्रकारेण फरक हुन्छ। तिमी यो कुरा देख्ता आश्चर्यचकित हुन्छौ कि उसका उदार भावनाहरू हुन्छन् जसको सूक्ष्मभन्दा सूक्ष्म अणुसम्म पनि अरूहरूमा हुँदैन, र याद राख कि उनीहरू अघिबाटै ब्रह्मज्ञानी

र दार्शनिक भइसकेका हुन्छन्, तर एमिललाई भने दार्शनिक भनेको के हो त्यसको नै अर्थ थाहा हुँदैन र उसले परमेश्वरको नाम सुनेकोसम्म पनि हुँदैन ।

तर यदि तिमी आएर मलाई भन्छौ भने, "यस्ता नवयुवकहरू हुँदैनन्, नौजवानहरू त्यस प्रकार बनेका हुँदैनन्; उनीहरूको यो उत्कण्ठा हुन्छ, त्यो उत्कण्ठा हुन्छ; उनीहरू यो गर्छन्, त्यो गर्छन्", यसो भन्नु त हाम्रा बगैंचामा सबै स्याउका रुखहरू होचा हुनाले स्याउको रुख अग्लो हुँदै हुँदैन भन्नु जस्तै हो ।

जुन आलोचकहरू खोट लाउनलाई तयार छन् ती आलोचकहरूलाई यो कुरा विचार गर्न विनय गर्दछु कि उनीहरूले भनेको हरेक कुरामा म पनि उनीहरू जतिकै परिचित छु, मैले शायद यस कुरामा बढ्ता विचार गरेको छु, उनीहरूलाई मेरो विचारमा सहमत गराएर मेरो आफ्नो कुनै स्वार्थ सिद्ध गर्नु नपर्ने हुनाले यस कुराको दावी गर्ने मेरो हक छ कि मेरो गलती कहाँ छ? कमसे-कम त्यो पत्ता लगाउने समय उनीहरूले लिनुपर्दछ । मनुष्यको प्रकृतिको जाँच उनीहरूले पूर्णतया गरून्, र शिक्षाले व्यक्तिमा कत्रो भेद गराउँदो रहेछ त्यो कुरा देखनलाई जुनसुकै पनि प्रदत्त अवस्थाहरूमा हृदयको प्रारम्भिक विकासको अनुसरण गरून्; तब उनीहरूले मेरो शिक्षा-पद्धतिलाई मैले बताएका यसका परिणामहरूसित तुलना गरून्; र मेरो तर्क कहाँनिर अनुचित छ त्यो कुरा उनीहरूले मलाई बताऊन्, र उनीहरूलाई दिने मेरो उत्तर कुनै हुनेछैन ।

यसैले मलाई जोडदार शब्दमा बोल्ने तुल्याउँदछ, र यसमा केही बिज्याइँ छैन भन्ने म ठान्दछु । मैले कुनै खास पद्धतिमा आफूलाई बद्ध तुल्याएको छैन; म यथाशक्य वाद-विवादहरूमा निर्भर रहन्नँ; र जुन कुरा मैले आफैंले विचारपूर्वक हेरेको छु त्यसैमा म विश्वास गर्दछु । जुन कुराको कल्पना मैले गरेको छु त्यसमा म आफ्ना विचारहरूलाई आधारित गराउँदिनँ, तर जुन कुरा मैले देखेको छु त्यसमा आधारित गराउँदछु । यो सत्य हो, मैले आफ्ना विचारपूर्वकका अवलोकनहरूलाई कुनै एउटा शहरका पर्खालहरूभित्र सीमित तुल्याएको छैन, न त मानिसहरूको कुनै एक मात्र श्रेणीलाई तिनीहरूको परिधि तुल्याएको छु; तर यस प्रयत्नमा व्यतीत भएको मेरो जीवनभित्र जुन हरेक श्रेणी र हरेक जातिका मानिसहरूलाई मैले देखेर विचार गर्न सकेको छु तिनीहरूको तुलना गरेर जुन कुरा एउटा जातिको छ र अर्को जातिको छैन,

जुन कुरा एउटा श्रेणीको छ र अर्को श्रेणीको छैन, त्यसलाई नक्कली ठहराएर त्यागिदिएको छु; र जुनसुकै समयमा, जुनसुकै श्रेणीमा, र जुनसुकै जातिमा पनि जुन कुरा सार्वजनिक छ त्यही मनुष्य जातिका निमित्त उचित ठहऱ्याएको छु।

अब जुन नवयुवक कुनै साँचोमा ढालिएको छैन, जो अरूको अधिकारमा या अरूको विचारमा यथाशक्य कम निर्भर गर्दछ, उसको बचपनदेखि नै यही तरीकाअनुसार उसको बाटोको अनुसरण गऱ्यौं भने ऊ ज्यादा कुनचाहिँसित मिल्ने होला, मेरो चेलासित या तिम्रो चेलासित ? मलाई यो लाग्दछ कि यदि मेरो गल्ती छ भन्ने जान्न तिमी इच्छा गर्दछौ भने तिमीले जवाफ दिनुपर्ने सवाल यही हो।

विचार गर्न शुरू गर्नु मानिसका निमित्त सजिलो कुरा होइन; तर जब एक चोटि उसले शुरू गर्दछ तब कहिले पनि छोड्न सक्तैन। एक चोटिको विचारवान् सधैंको विचारवान् हुन्छ, र विचारमा अभ्यास गरिएको बुद्धि कहिले पनि अड्दैन। त्यस कारण तिमी यो सम्झन सक्तछौ– कि त म ज्यादै विचार गर्दछु या गर्दै गर्दिनं; स्वभावतः मनुष्यको मन उघ्रन त्यत्तिको छिटो हुँदैन; र यसले पाएका मौकाहरू यसलाई दिइसकेपछि म यसलाई ज्यादै लामो समयसम्म विचारहरूको घेराभित्र बद्ध तुल्याएर राख्तछु जुन विचारहरू बढेर जानुपर्दथ्यो।

तर याद राख, पहिला कुरा यो हो कि जब म कुनै प्राकृतिक मानिसलाई तालीम गर्न चाहन्छु। म उसलाई जङ्गली बनाएर जङ्गलतिर फर्काउन चाहन्नँ, तर सामाजिक जीवनको तूफानमा रहँदा यति नै पर्याप्त छ कि उसले आफूलाई उत्कट भावनाहरू र मानिसहरूको गलत विचारहरूले हुत्याउन दिनु हुँदैन; उसले आफ्नै आँखाले हेरोस् र आफ्नै हृदयले थाहा पाओस्; उसले तर्क सिवाय अरू कुनै शक्तिलाई न अपनाओस्। यी अवस्थाहरूमा यो स्पष्ट हुन्छ कि धेरै कुराहरू उसको विचारमा आउनेछन्; उसलाई असर गर्ने, उसको मनमा बराबर आउने भावनाहरू र उसका वास्तविक आवश्यकताहरूलाई पूरा गराउने विभिन्न तरीकाहरूले उसलाई धेरै विचारहरू दिनुपर्दछ जुन उसले अरू तरहबाट पाउने थिएन या धेरै पछि मात्र पाउँदथ्यो। मनको प्राकृतिक विकास जुन हो त्यो छिटो भएर जान्छ, तर उल्टिँदैन। जुन मानिस जङ्गलहरूमा रहँदा मूर्ख रहन्छ उही मानिस शहरहरूमा दर्शक मात्र भएर रह्यो भने पनि बुद्धिमान् र विचारवान् हुन्छ। मानिसलाई

बुद्धिमान् तुल्याउने आफू भागी नभएका मूर्खताका कामहरूभन्दा बेश अरू कुनै कुरा पनि हुँदैन; र हामी यदि तिनीहरूका भागी नै रहेछौं भने पनि हामी आफ्ना मूर्खताका कामहरूका शिकार बनेनौं भने र अरूहरूले जस्तै हामीले तिनीहरूमा गल्ती ल्याएनौ भने तिनीहरूबाट पनि हामी शिक्षा पाउन सक्तछौं ।

यो पनि विचार गर कि हाम्रा शक्तिहरू इन्द्रियका वस्तुहरूमा मात्र सीमित हुने हुनाले दार्शनिक भावजनक कुराहरू या शुद्ध बौद्धिक भावनाहरू हाम्रो वशमा हुँदैनन् । यी कुराहरू प्राप्त गर्नलाई हामीले आफूलाई भौतिकतादेखि स्वतन्त्र तुल्याउनुपर्दछ जसमा हामीहरू मजबूतसँग बद्ध छौं, या ढीलो मार्गमा शनैः शनैः पाइला पाइला गरेर अघि बढ्नुपर्दछ, कि त बीचको ठाउँलाई प्रचण्ड रूपले एकदमसित उफ्रेर नाघेर पारिपट्टि पुग्नुपर्दछ जसका निमित्त कुनै बालक समर्थ हुँदैन र जसका निमित्त वयस्कहरूलाइ पनि खुड्किलाहरू चाहिन्छन्; तर यस्ता खुड्किलाहरू बनाउन तिमी के उपाय बताउँदछौं त्यो कुरा बुझ्न मलाई बडो कठिन लाग्दछ । त्यो अज्ञात शक्ति सर्वव्यापी छ, उसैले यो भूमण्डल चलाउँदछ, सबै प्राणीहरूको क्रमको रूप बनाउंदछ, तर हाम्रा आँखाले उसलाई देख्न सक्तैनन्, न त हाम्रा हातहरूले उसलाई खोजेर भेट्टाउन सक्तछन्, उसले हाम्रा इन्द्रियहरूका प्रयत्नहरूलाई छल्दछ; हामी काम देख्दछौं, तर कामदार हाम्रो दृष्टिबाट लुकेको हुन्छ । उसको अस्तित्व छ भनेर जान्नु सानो कुरा होइन, र जब हामी यति दूरसम्म पुग्दछौं, र हामी प्रश्न गर्दछौं– ऊ के हो ? ऊ कहाँ छ ? हाम्रो मन व्याकुल हुन्छ, हामी आफैं गुम हुन्छौं, के विचार गर्ने त्यो हामी थाहा पाउँदैनौं ।

लोकेले हामीलाई आत्माहरू या भूत–प्रेतहरूको अध्ययनबाट शुरू गर्नु र शारीरिक तत्त्वहरूतिर बढ्दै जानू भन्ने कुरा बताउँदछन् । यो मिथ्याविश्वास, मिथ्याविचार, र गल्तीको काइदा हो; यो प्रकृतिको तरीका होइन; यो त हाम्रो आँखा बन्द गरेर देख्न सिक्नु हो; यो कुनै ठीक सन्तुलित तर्क या विचारको कुरा होइन । हामीले आत्माहरू या भूतप्रेतहरूको विषयमा साँच्चीकै गर्न सक्नुभन्दा या यस्ता जीवहरू छन् या छैनन् भन्ने शङ्का गर्न सक्नुभन्दा धेरै अघि नै हामीले शारीरिक तत्त्वहरूको अध्ययन गरिसकेको हुनुपर्दछ । उल्टा अभ्यासले त केवल भौतिकतालाई नै मजबूत स्थान दिन्छ ।

हाम्रा इन्द्रियहरू हाम्रो ज्ञानका पहिला यन्त्र हुनाले जोसँग हामी सोझै डराउँदछौं ती शरीरधारी र चेतनशील शरीरहरू मात्र प्राणीहरू हुन् । जो

दार्शनिक विचारको छैन उसका निमित्त 'आत्मा' शब्दको अर्थ हुँदैन । विद्याहीन र बच्चाका लागि आत्मा केवल शरीर मात्र हो । के तिनीहरू ती आत्मा या भूत-प्रेतहरू रुन्छन्, बोल्छन्, लड्दछन् र हल्ला गर्दछन् भन्ने कल्पना गर्दैनन् ? अब तिमीले स्वीकार गर्नैपर्दछ कि पाखुराहरू र आवाजहरू भएका भूत-प्रेतहरू मानिस जस्तै हुन् । यसै कारणले पृथ्वीका हरेक जातिले, यहूदीहरू समेतले पनि आपनो निमित्त मूर्तिहरू बनाएका छन् । आत्मा, त्रिशक्ति, पुरुषहरू इत्यादि शब्दहरूले हामीहरू आफैं पनि ज्यादा गरेर देवताहरूलाई मनुष्यका रूप मान्दछौं; म यो स्वीकार गर्दछु, हामीलाई यो सिकाइएको छ कि परमेश्वर सर्वव्यापी छन्; तर हामी यो पनि विश्वास गर्दछौं कि हावा जताततै हुन्छ, कम-से-कम वायुमण्डलमा । पहिले मूल अर्थमा 'आत्मा' यस शब्दको अर्थ श्वास र वायुभन्दा बढ्ता अरू केही थिएन । जुन कुरा उनीहरू बुझ्दैनन् त्यो भन्न एक चोटि तिमी मानिसहरूलाई सिकाऊ, अनि तिमीलाई जे मन लाग्छ त्यो उनीहरूलाई भनाउन सजिलो हुन्छ ।

अरूहरूमाथिको हाम्रो कामको ज्ञानले हामीलाई यो सम्झने तुल्याएको हुनुपर्दछ कि हामीमाथिको उनीहरूको काम पनि त्यसै गरी भएको हुनुपर्दछ । यसरी मानिसलाई जस-जसको कामले असर गर्‍यो त्यो त्यो जीवित छ भन्ने कुरा उसले विचार गर्न थाल्यो । उनीहरूका शक्तिहरूका हदहरू उसले थाहा पाउन सकेन; त्यस कारण उसले विचार गर्‍यो कि ती शक्तिहरू असीम हुन्छन्; जब उसले तिनीहरूलाई शरीरधारी सम्झन लाग्यो तिनीहरू उसका देवताहरू भए । अति प्राचीन समयमा मानिसहरूलाई हरेक कुराको भय थियो र प्रकृतिको हरेक कुरा जीवित प्रतीत हुन्थ्यो । आत्माको जस्तै वस्तुको विचारको पनि बिस्तारै वृद्धि हुँदै आयो, किनभने वस्तु नै पनि एक भावजनक कुरो हो । यस प्रकार उनीहरूले जस्तै देवताहरूले यस संसारमा बास गरेको थियो । ताराहरू, बतासहरू, पर्वतहरू, नदीहरू, वृक्षहरू शहरहरू, उनीहरूका वासस्थानहरू नै पनि– यो हरेकको आपनो आत्मा, आपनो देवता, आपनो जीवन थियो । लेबानका मूर्तिहरू, अमेरिकाका जंगली मानिसहरूका भूत या देवताहरू, हब्सीहरूका जीवित या मृत वस्तुहरू, प्रकृतिको र मानिसको हरेक काम मनुष्यहरूका पहिला देवताहरू थिए । धेरै देवताहरूको अस्तित्वमा विश्वास उनीहरूको पहिला धर्म थियो र मूर्तिपूजा उनीहरूको सबभन्दा प्राचीन पूजाको रूप थियो । एक परमेश्वरको विचार उनीहरूको समझदेखि बाहिरको कुरा थियो; अलि अलि गरेर उनीहरूका सामान्य विचारहरू बन्दै गए, र पहिला कारणको विचार

उनीहरूलाई हुन थाल्यो र वस्तु यो पदलाई उनीहरूले एउटा अर्थ दिए जो असलमा एक भावजनक कुरा हो। यसनिम्ति परमेश्वरमा विश्वास गर्ने हरेक बच्चा मूर्तिपूजक हुन्छ, या कम-से-कम उसले देवतालाई मानिस जस्तै ठान्दछ, र जब एक चोटि कल्पनाले परमेश्वरको चित्र बनाउँदछ, तब ज्ञानद्वारा उनलाई बुझ्ने कुरा बहुतै कम हुन्छ। लोकेको क्रमले हामीलाई यही गल्तीतिर लैजान्छ।

वस्तुको विचारमा आइपुगेपछि, कसरी आइपुग्ने हो, त्यो म बुझ्न सक्तिनँ, यो स्पष्ट छ कि जुनसुकै एउटा वस्तु लिए तापनि यो मान्नैपर्छ कि त्यस वस्तुमा उल्टा र विरोधी तत्त्वहरू हुन्छन्, जस्तो कि विचार र आकार, जसमध्ये एउटा विभाज्य हुन्छ र अर्को बिलकुलै अविभाज्य हुन्छ। त्यसमाथि पनि यो मानिएको छ कि विचार भनौं या भावना भनौं त्यो जुन वस्तुमा यो रहेको हुन्छ त्यस वस्तुबाट अलग गराउन नसकिने मौलिक गुण हो र वस्तुसितको यसको सम्बन्ध वस्तु र आकारका बीचको सम्बन्ध जस्तै हुन्छ। यसबाट यो परिणाम निकालिन्छ कि जुन प्राणीहरूले यी गुणहरूमध्ये एउटा गुण गुमाउँदछन्, तिनीहरूले जसमा यो गुण हुन्छ त्यो वस्तु गुमाउँदछन्, र त्यस कारणले मृत्यु केवल यी वस्तुहरू छुट्टिएर अलग हुनु हो, र जुन प्राणीहरूमा यी दुई गुणहरू पाइन्छन् तिनीहरू ती दुई वस्तुहरूबाट बनेका हुन्छन्, जसमा, यी दुई गुणहरू हुन्छन्।

तर विचार गर अझै पनि यी दुई वस्तु या तत्त्वहरूको र दैवी प्रकृतिका बीच, र हाम्रो आत्माको हाम्रो शरीरमाथिको प्रभावको बुझ्न नसकिने विचार र हरेक जीवित प्राणीउपर परमेश्वरको प्रभावको विचारका बीच कत्रो अन्तर छ। सृष्टि, विनाश, सर्वव्यापकता, नित्यता, सर्वशक्तिमत्ता, दैवी गुणहरूका विचारहरू– यी सब विचारहरू यस्ता गोलमाले र अन्धेरमय छन् कि बहुत कम मानिस तिनीहरूलाई राम्रोसित बुझ्न सक्छन्; तर सर्वसाधारण मानिसहरूका निमित्त केही अन्धकारमय छैन, किनभने ती कुराहरू तिनीहरू कत्ति पनि बुझ्दैनन्। तब यस्ता अँधेरमय कुराहरूको ज्ञानको पूर्ण स्फुरण त्यो कलिलो मनमा कसरी हुन सक्छ जुन अझै इन्द्रियहरूको पहिला काममा व्यस्त छ, र आफूले हात हालेको कुरा सिवाय अरू केही बुझ्न सक्तैन? अनन्तका अगाध खाडीहरू हाम्रा सामने व्यर्थ देखा पर्दछन्, बच्चाले भयको अर्थ बुझ्दैन; उसका दुर्बल आँखाहरूले तिनीहरूका गहिराइहरू नाप्न सक्तैनन्। बच्चाहरूका निम्ति हरेक कुरा अनन्त छ, तिनीहरू कुनै कुराको पनि हद बताउन सक्तैनन्, उनीहरूको नापो ज्यादा ठूलो भएर होइन कि,

उनीहरूको समझ ज्यादा सानो भएर यसो हुने हो । मैले यो पनि विचार गरेको छु कि उनीहरूलाई थाहा भएका परिमाणहरूदेखि माथिभन्दा तिनीहरूभन्दा मुनि अनन्तलाई उनीहरू राख्तछन् । उनीहरूको आँखालेभन्दा उनीहरूका खुट्टाले दूरताको परिमाण विचार गर्दछन्, उनीहरूका निम्ति अनन्तको सिमाना उनीहरू जो देख्न सक्तछन् त्यसबाट लागेको हुँदैन कि उनीहरू कति टाढा जान सक्तछन् त्यसबाट लागेको हुन्छ । यदि तिमीले उनीहरूसँग परमेश्वरको शक्तिको विषयमा कुरा गर्‍यौ भने उनीहरूले उनलाई फन्डै आपनो बाबु जत्तिकै बलवान् ठहराउँछन् । उनीहरूको आपनो ज्ञान त्यो स्तरको हुन्छ जसले उनीहरू सम्भव कुराको विचार गर्दछन्, त्यसो हुनाले उनीहरूलाई जो वर्णन गरिन्छ त्यसको चित्रण उनीहरूलाई थाहा भएको कुराभन्दा सानो या कम गर्दछन् । अनभिज्ञ र दुर्बल मनका प्राकृतिक तर्कहरू यस्तै हुन्छन् । एजाक्स एचिलेसका विरुद्ध लड्न डराएका थिए, तैपनि उनले जुपिटरसित लड्न उनलाई हाँक दिए, किनभने उनले एचिलेसलाई चिनेका थिए तर जुपिटरलाई चिनेका थिएनन् । स्विट्जरल्यान्डको एउटा किसान आफूलाई सबभन्दा धनी मानिस ठहराउँदथ्यो; जब मानिसहरूले उसलाई राजा भनेको के हो त्यस कुराको व्याख्या गर्न कोशिश गरे उसले घमण्डपूर्वक सोध्यो, "के पहाडका गोचरहरूमा राजाका सय ओटा गाई हुन्छन् ?"

मलाई थाहा छ मेरो चेलाका बचपनका वर्षहरूमा उससित धर्मको कुरा नगरीकन मैले उसको जीवन-मार्गको चिह्नो लगाइदिएको देख्ता मेरा पाठकहरूमध्ये धेरैले ताजुप मान्नेछन् । पन्ध्र वर्षको उमेरसम्म उसको आत्मा हुन्छ भन्ने पनि उसलाई थाहा हुनेछैन, अठार वर्ष हुँदा पनि यससम्बन्धी कुरा सिक्न ऊ तयार हुनेछैन; किनभने ज्यादा चाँडो उसले यस विषयको कुरा सिक्यो भने उसले यस विषयको कुरा कहिले पनि नसिक्ने डर हुन्छ ।

यदि मैले ज्यादै हृदय-विदारक मूर्खताको चित्रण गर्नुपर्‍यो भने बच्चाहरूलाई प्रश्नोत्तरी सिकाउन लागिरहेको कुनै मिथ्यादम्भी पण्डितको चित्रण गर्नेछु । यदि मैले कुनै बच्चालाई बौलाहा तुल्याउन खोजें भने उसले उसको प्रश्नोत्तरीमा के सिक्यो, त्यसको व्याख्या गर्न लगाउनेछु । तिमी जवाफ दिनेछौ कि धेरैजसो धर्म- सिद्धान्तहरू रहस्यमय हुनाले मानिसको मनले ती सिद्धान्तहरू बुझ्नुभन्दा अघि त्यो बच्चा मानिस नहुन्जेलसम्म मात्र होइन कि त्यो मानिस पनि नमरुन्जेलसम्म तिमीले पर्खनुपर्छ । त्यस कुरालाई म जवाफ दिन्छु कि त्यस्ता रहस्यहरू छन्, जुन मानिसको हृदयले न बुझ्न सक्तछ, न

विश्वास नै गर्न सक्तछ, र तिमी उनीहरूलाई फटाहा तुल्याउन चाहँदैनौ भने बच्चाहरूलाई ती कुराहरू सिकाउनमा म केही प्रयोजन देख्तिनँ। त्यसमाथि पनि म जोडदार शब्दमा भन्दछु कि अद्‌भुत कुराहरू छन् भनेर मान्नलाई तिमीले कम-से-कम यो बुझ्नुपर्दछ कि तिनीहरू नबुझिने कुरा छन्, र बच्चाहरूको समझमा पनि यो आउन सक्तैन ! जब हरेक कुरा रहस्यमय हुन्छ, त्यस उमेरमा रहस्यमय भन्ने कुरा हुँदै हुँदैन ।

"यदि हामीहरू बचाइने भए हामीले ईश्वरमा विश्वास गर्नुपर्दछ" यो गलत सिद्धान्त क्रूर असहिष्णुताको मूल र सबै निष्फल शिक्षाको कारण हो, जसले केवल शब्दहरूले मात्र आफैंलाई छकाउनमा तालीम गरेर मनुष्यको विवेकशक्तिमा भयङ्कर आघात पुऱ्याउँदछ। यदि हामी अनन्त मुक्तिका पात्र छौं भने अवश्य नै एक क्षण पनि गुमाउने वेला छैन; यदि कुनै शब्दहरू दोहोऱ्याएर मात्र यो प्राप्त गर्न सकिन्छ भने हामीले आकाशमा सुगा, मैना र बच्चाहरूको बस्ती किन नबसाल्नु ? त्यसको कुनै कारण म देख्तिनँ।

धर्मको लाचारीपनले विश्वासको सम्भावना गराउँछ । जुन दार्शनिकले विश्वास गर्दैन, उसको गल्ती हुन्छ; किनभने उसले आफूले प्राप्त गरेको तर्कशक्तिको दुष्प्रयोग गर्दछ, र आफूले तिरस्कार गरेका सत्यताहरू बुझ्न ऊ समर्थ हुन्छ। तर जुन बच्चा ईसाई धर्म मान्दछ–उसले के विश्वास गर्दछ ? जो उसले बुझ्दछ; र जुन उसलाई दोहोऱ्याउन लगाइन्छ त्यो यस्तो कम उसले बुझ्दछ कि यदि तिमीले उसलाई त्यसको ठीक उल्टा भन्न लगायौ भने यो गर्न ऊ बिलकुल तयार हुनेछ । बच्चाहरूको धर्म र धेरै मानिसहरूको धर्म भूगोल-विद्याको कुरा हुन्छ। के मक्कामा जन्मेको निमित्त भन्दा रोममा जन्मेको निमित्त उनीहरू पुरस्कृत हुन्छन् ? एउटालाई मुहम्मद ईश्वरको अवतार हुन् भन्ने बताइन्छ र ऊ भन्दछ, "मुहम्मद ईश्वरको अवतार हुन्" अर्कोलाई मुहम्मद बदमाश हो भन्ने बताइन्छ, र ऊ भन्दछ, "मुहम्मद बदमाश हो।" अर्काको खुट्टामा उभिएका भए ती दुवैले त्यसको ठीक उल्टा पनि भन्ने थिए। शुरू गर्दाखिरी तिनीहरू दुवै उस्तै छन् भने के एउटोलाई स्वर्गमा र अर्कोलाई नरकमा सुम्पन सकिन्छ ? यदि कुनै बच्चाले परमेश्वरमा विश्वास गर्दछु भन्दछ भने उसले परमेश्वरमा विश्वास गर्दैन कि पीटर या जेम्समा विश्वास गर्दछ जसले उसलाई परमेश्वर भन्ने कुनै कुरा छ भनेर बताएको थियो, उसले यो युरिपाइडिसको काइदामा विश्वास गर्दछ —

"हे जुपिटर, जसको नाम सिवाय अरू केही म जान्दिनँ"

हामी यो विचार गर्दछौं कि जुन बच्चा तर्कशक्तिको उमेरभन्दा अघि मर्दछ, ऊ नित्यस्थायी परमानन्दबाट वञ्चित हुन्छ । नामकरण भइसकेका सबै बच्चाहरूको विषयमा रोमन क्याथोलिक धर्म मान्नेहरूको यही विश्वास छ, उनीहरूले कहिले पनि ईश्वरको बारेमा केही नसुनेको भए तापनि । त्यस कारण यस्ता अवस्थाहरू हुन्छन्, जसमा ईश्वरमा विश्वास नभईकन मानिस बचाइन सक्तछ, बच्चाहरू र पागलहरूका निम्ति यस्ता अवस्थाहरू पर्न आउँदछन् जब ईश्वरत्व बुझनको निम्ति चाहिने कुराहरू गर्न मानिसको मन असमर्थ हुन्छ । तिम्रो र मेरो बीचमा एक मात्र भेद म यो देख्तछु कि सात वर्षका बच्चाहरूले यो गर्न सक्तछन् भनेर तिमी देखाउन खोज्दछौ, तर पन्ध्र वर्षको उमेरमा पनि उनीहरू यसनिमित्त तयार होलान् जस्तो मलाई लाग्दैन । मेरो भनाइ ठीक हो या बेठीक हो त्यो कुरा धर्मसम्बन्धी कुनै लेखमा निर्भर रहँदैन कि प्रकृतिको इतिहासको विचारमा निर्भर रहन्छ ।

उही सिद्धान्तबाट यो स्पष्ट हुन्छ कि परमेश्वरमा विश्वास नभईकन वृद्ध उमेरमा पुगेको कुनै मानिस पनि यदि उसको अन्धोपन जानी–जानीकन भएको छैन भने पुनर्जन्ममा परमेश्वरको उपस्थितिबाट वञ्चित हुँदैन; र म भन्दछु कि यो सधैं जानी-जानीकन भएको हुँदैन । तिमी स्वीकार गर्दछौ कि रोगले गर्दा आध्यात्मिक शक्तिबाट वञ्चित भएका तर मनुष्यत्व चाहिं भएका पागलहरूको विषयमा यस्तो हुँदैन, र त्यस कारण उनीहरूको सृष्टिकर्ताबाट भलाइ पाउने हक उनीहरूको हुन्छ । तब हामीले किन बचपनदेखि नै एकान्तमा हुर्के-बढेकाहरूको विषयमा, र अरू मानिसहरूसितको सम्पर्कबाट जुन ज्ञान हुन्छ त्यो ज्ञानले रहित भएका जंगली जीवन यापन गर्नेहरूको विषयमा यो कुरा स्वीकार नगर्ने ? किनभने यस्तो जंगली मानिसले सच्चा ईश्वरको ज्ञानतिर आपना विचारहरू उठाउन सक्तैन भन्ने कुरा स्पष्टतया असम्भव हुन्छ । तर्क-शक्तिले बताउँदछ कि जानी-जानीकन गरिएका अपराधहरूका निमित्त मात्र मानिस दण्डयोग्य हुन्छ, र अजेय अज्ञानलाई कहिले पनि उसको अपराध मान्न सकिंदैन । यसबाट यो साबित हुन आउँछ कि दैवी न्यायको दृष्टिमा यदि आवश्यक ज्ञान भईकन ऊ ईश्वरमा विश्वास गर्दछ भने उसलाई नास्तिकमा गन्नु हुँदैन, र जसले आपनो हृदयलाई सत्यको विरुद्ध बन्द गरेका छन्, ती बाहेक अरू कोही पनि नास्तिकमा गनिएर दण्डित हुने हुँदैनन् ।

जो अझै बुझन सक्तैनन्, तिनीहरूलाई सत्यता बताउन हामीले होशियार हुनुपर्दछ, किनभने यसो गर्नु जबर्जस्तीसँग उनीहरूको मनमा गलती घुसा-

उन प्रयत्न गर्नु हो । नीच, कुरूप, हानिकारक, अनुचित विचारहरू हुनुभन्दा बरु ईश्वरत्वको बिचार बिलकुलै नहुनु जाती; ईश्वरत्वको अपमान गर्नुभन्दा यसलाई बुझ्न नसक्नु कम खराबी हो । सुयोग्य प्लुटार्च भन्दछन्, "प्लुटार्च डाढे हो, रिसाहा हो, अन्यायी हो, र यस्तो अत्याचारी हो कि गर्न सकिनेभन्दा बढ्ता ऊ दावा गर्दछ– मानिसहरूले यसो भन्नुभन्दा बरु प्लुटार्च भन्ने व्यक्ति नै कुनै छैन भनेको मलाई निको लाग्दछ ।"

ईश्वरको विषयमा जुन भयङ्कर विचारहरू बच्चाहरूका मनमा गडाइन्छन् ती उनीहरूका मनमा जन्मभर रहन्छन् र त्यसबाट उत्पन्न हुने मुख्य खराबी यो हुन आउँछ कि उनीहरू बढेर मानिस भइसकेपछि पनि ईश्वरको विषयमा त्यसभन्दा बढी केही बुझ्दैनन् जो उनीहरूले बच्चा छँदा बुझेका थिए । एकचोटि मैले स्वीट्जरल्याण्डमा एउटी असल र धर्मात्मा आमालाई देखेको थिएँ, जो यस सिद्धान्तको सत्यतामा यस्तो विश्वस्त थिइन् कि उनीले आफ्नो छोरा बच्चा छँदा उसलाई धर्म सिकाउन इन्कार गरिन्, किनभने तिनलाई यस कुराको डर थियो कि ऊ तर्कशक्तिको उमेरमा पुगेपछि पनि यही बच्चा शिक्षामा सन्तुष्ट रहनेछ र असल शिक्षाको वास्ता राख्नेछैन । यो बच्चा जहिले पनि भक्ति र आदरपूर्वक ईश्वरको नामको उच्चारण भएको सुन्दथ्यो, र जब यो नाम भन्न ऊ खोज्दथ्यो तब यो विषय उसको निम्ति मानो ज्यादै गम्भीर र ठूलो हो कि भने झैं गरेर उसलाई 'चूप लाग्नू' भनिन्थ्यो । यो मौनताले उसको उत्सुकता र आत्मप्रेम उठाइदियो र उसले त्यस समयको अपेक्षा गर्न थाल्यो जब उसबाट यस्तो होशियारीपूर्वक छिपाइएको रहस्यको ज्ञान उसलाई हुनेछ । जति जति कम उनीहरूले उससँग ईश्वरको विषयमा कुरा गर्दथे, जति जति कम उसलाई ईश्वरको विषयमा बोल्न दिइन्थ्यो उति उति बढ्ता ईश्वरको विषयमा ऊ विचार गर्दथ्यो; यो बच्चा जताततै ईश्वरलाई देख्तथ्यो; रहस्यको यो मूर्ख बहानाको परिणाममा मलाई ज्यादा डर लाग्ने कुरा यही हो: नवयुवकको कल्पनालाई अति उत्तेजित गराएर तिमी उसको दिमाग फर्काइदिन सक्छौ र उसलाई विश्वासी तुल्याउनको सट्टा अन्धविश्वासी तुल्याउन सक्छौ ।

तर एमिलको निम्ति हामीले यस किसिमको कुनै डर मान्नुपर्दैन । जो आफ्नो पहुँचदेखि बाहिरको कुरामा ध्यान दिन सधैं इन्कार गर्दछ, र आफूले नबुझ्ने कुराको वास्तै गर्दैन यस्ता कैयौं कुराहरू छन् जसको विषयमा उसलाई यो भन्ने आदत लागेको छ, "त्यो मेरो सरोकारको कुरा होइन" त्यो

चाहिं कुरो धेरै होस् या थोरै होस् उसको निम्ति फरक छैन, र जब ऊ यी ठूला विचारहरूमा अलमलिन थाल्दछ, यो भएको उसको ज्ञानको स्वाभाविक वृद्धिले उसका विचारहरूलाई त्यसतर्फ फर्काइदिनाले हो ।

अब हामीले त्यो बाटो देख्यौं जुनद्वारा सुधारिएको र खारिएको मानिसको मन यी रहस्यहरूको नजीक पुग्न सक्तछ, र यो कुरा स्वीकार गर्न म तयार छु कि समाजको बीचमा रहँदा पनि निकै पछिको उमेरसम्म यसले तिनीहरूलाई सहजै बुझ्न सक्तैन । उही समाजमा मनोविकारका विकासहरूलाई छिटो छिटो बढाउने कारणहरू हुनाले, र यदि यी मनोविकारहरूलाई नियन्त्रण गर्ने ज्ञानको विकासलाई हामीले छिटो छिटो बढाएनौं भने प्रकृतिको मार्ग छोड्दछौं र यसको सन्तुलनलाई खलबल्याउँदछौं । जब हामी एकातिर भएको असामयिक विकासलाई रोक्न असमर्थ हुन्छौं, तब हामीले अर्कातिर उहीअनुसारको विकास गराउनुपर्दछ ताकि प्रकृतिको क्रम नउल्टियोस्, र प्राकृतिक वस्तुहरूको विकास छुट्टाछुट्टै होइन कि साथसाथै होस्, यसनिम्ति कि आफ्नो जीवनको हरेक क्षणमा पूर्ण भएर रहेको मानिसले कहिले पनि आफूलाई एउटा अवस्थामा एक सामर्थ्य भएको र अर्को अवस्थामा अर्कै सामर्थ्य भएको नपाओस् ।

म आफ्ना अगाडि कत्रो कठिनता देख्तछु ! यो कठिनता ज्यादै ठूलो छ, किनभने यो साँच्चीका वास्तविकताहरूमाभन्दा जुन मानिसहरू कठिनताको सामना गर्न साहस गर्दैनन् ती मानिसहरूको कातरपनमा निर्भर रहन्छ । कम-से-कम आफ्नो समस्या बताउन हामी साहस गरौं । बालकलाई सधैं उसकै बाबुको धर्ममा दीक्षित गराउनुपर्दछ; उसलाई स्पष्ट प्रमाणहरू दिनुपर्दछ कि यो जुनसुकै धर्म होस्, यही नै सच्चा धर्म हो, अरू धर्महरू हास्यास्पद र बेठीक धर्म हुन् । वाद-विवादको जोड बिलकुलै त्यस तरीकामा निर्भर रहन्छ जसमा विरोध दर्शाइएको हुन्छ । जुन तुर्कले कुस्तुन्तुनियाँमा ईसाई धर्मलाई यस्तो बेठीक ठहराउँछ, त्यो एकचोटि पेरिसमा आएर हेरोस् कि त्यहाँका मानिसहरू मुहम्मदको बारेमा के विचार गर्दा रहेछन् । अरू कुरामाभन्दा धर्मका कुराहरूमा गलत विचार विजयी हुन्छ । तर जब हामी यसको बन्धन बिलकुलै तोडेको झैं देखाउँदछौं र कुनै अधिकारलाई मान्न तयार छैनौं त हामी किन एमिललाई यस्तो कुरा सिकाउन इनकार गर्दछौं जुन उसले कुनै मुलुकमा पनि आफैं सिक्न सक्तैन; हामीले उसलाई कुन धर्म दिने ? यो प्रकृतिको बच्चा कुन धर्मको हुने ? यसको उत्तर मलाई त बिलकुल सजिलो जस्तो लाग्दछ ।

हामीले उसलाई कुनै धर्मतिर नलगाउने, उसको आफ्नै ठीक विचारअनुसार आफैं रोज्ने उपायहरू निकालिदिने ।

केही परवाह छैन ! यतिसम्म उत्साह र बुद्धिमत्ताले होशियारीको स्थान लिएका छन् । म आशा गर्छु कि यी संरक्षकहरूले मलाई अहिले धोका दिनेछैनन् । पाठक, नडराऊ, म त्यो होशियारी लिनेछैन जो सत्यका प्रेमीहरूका निम्ति उचित छैन । म आफ्नो सिद्धान्त कहिले पनि बिर्सनेछैन, तर म आफ्नै विचारलाई त्यत्तिको सजिलोसँग विश्वास गर्दिनँ । जे म आफू विचार गर्दछु त्यो तिमीलाई बताउनुको सट्टा म तिमीलाई ती पुरुषका विचारहरू बताउँदछु जो मेरो विचारहरूभन्दा बढ्ता गहकिला छन् । मैले बताउन लागेका कुराहरूको सत्यताबारे म जिम्मेदार छु; ती कुराहरू ती लेखकलाई हुन आएका थिए, जसका लेखहरूका प्रतिलिपि म उतार्न लागेको छु । यस कुराबाट हामी कुनै विचारहरू निकाल्न सक्तछौं कि त्यो सोच्ने तिम्रो काम हो । तिम्रो नियमका निमित्त म तिमीलाई मेरा विचारहरू या अरूका विचारहरू दिन्नँ; म तिम्रो परीक्षाका निम्ति तिनीहरूलाई केवल तिम्रा सामने प्रस्तुत मात्र गर्दछु ।

तीस वर्षअघि इटालीको कुनै शहरमा एउटा युवक थिए । उनी आफ्नो देशबाट निकाला भएका थिए र ज्यादै गरीबी अवस्थामा परेका थिए । उनी जन्मसिद्ध क्यालिभनिष्ट थिए, तर उनको आफ्नै मूर्खताका परिणामहरूले गर्दा उनी बिरानो देशमा भगुवा बनेका थिए; उनीसँग पैसा थिएन र उनले एक गाँस रोटीका निमित्त आफ्नो धर्म बदलेका थिए । मन बदल्नेका निमित्त त्यस शहरमा बस्ने खाने एउटा घर थियो जहाँ उनले प्रवेश पाए । विरोधी विवादहरूको अध्ययनले उनको मनमा पहिले कहिल्यै नउठेका शङ्काहरू उठ्न लागे र अहिलेसम्म उनलाई सन्देह नलागेका खराबीहरूसँग उनी परिचित भए; उनले अनौठा धर्म– सिद्धान्तहरू सुने र उनलाई झन् अनौठा लाग्ने नैतिक शिक्षाहरू पाए; उनले यो खराब चाल देखे र उनी झण्डै यसको शिकार बनेका थिए । उनले त्यहाँबाट भाग्ने इरादा गरे, तर उनलाई थुनेर राखियो, उनले फिराद गरे तर उनको फिराद सुनिएन; अत्याचारीहरूको कृपाले उनले आफूलाई अपराधी झैं व्यवहार गरिएको पाए किनभने उनले उनीहरूका अपराधहरूको भागी हुन चाहेनन् । जवानीको अनुभव नभएको हृदयमा अन्याय र अत्याचारको पहिला अनुभवले जगाइएको रिसलाई तिनीहरू मात्र बुझ्न सक्तछन् जसले आफैंले अनुभव गरेका छन् । उनका आँखाबाट रिसका आँसु बग्न थाले; उनी रिसले बोलाहा भए; उनले भगवान्‌लाई पुकारे, मानिससंग प्रार्थना गरे

तर उनको पुकारमा कसैले ध्यान दिएन; उनले हरेक मानिससँग कुरा गरे, तर उनको कुरा कसैले सुनेन । जसले उनको अपमान गर्‍यो, त्यस चण्डालको अधीनका नीचसेवकहरू सिवाय अरू कोही देखेन; त्यहाँ उही अपराधका मतियारहरू मात्र थिए जो उनको अवरोधनलाई गिल्ला गर्दथे र उनलाई आफ्नै उदाहरणको अनुसरण गर्न प्रोत्साहन दिन्थे । यदि कुनै कामविशेषले एक जना सुयोग्य पादरी त्यहाँ नआएको भए उनको नाश हुने थियो । गुप्त चालले तिनीसँग कुरा गर्ने मौका उनले भेट्टाए । ती पादरी गरीब थिए र उनलाई नै मदतको आवश्यकता थियो; तर अत्याचारको शिकार बनेका ती युवकलाई उनको सहायताको बढी आवश्यकता थियो, र खतरनाक शत्रु बनाउने खतरा भए तापनि तिनले उनलाई त्यहाँबाट उम्कनुको सहायता दिन अनकनाएनन् ।

पापबाट उम्केर दरिद्रतामा फर्कनलाई ती युवकले व्यर्थ भाग्यसँग लडन्त गरे; एक क्षण त उनले मैले विजय प्राप्त गरें भन्ने विचार गरे, उनको सुभाग्यको पहिला प्रकाशमा उनले आफ्ना पीरहरू र आफ्नो संरक्षकलाई उत्तिकै बिर्से; यस अकृतज्ञताको निमित्त उनले चाँडै नै दण्ड पाए; उनका सबै आशाहरू लुप्त भए; वास्तवमा उनको यौवन मात्र उनको पक्षमा रह्यो; तर उनका अद्भुत भावनाहरूले हरेक कुरा नष्ट पारे । आफ्नो मार्ग सुगम तुल्याउनलाई न त उनको बुद्धि थियो न त शीप नै थियो; उनी न त साधारण हुन सके न त दुष्ट नै; उनले यत्तिको आशा गरे कि उनले केही पनि पाएनन् । जब उनी अधिकै दरिद्रतामा डुबेका थिए, जब उनी गाँसवासले रहित भएर भोकले मर्न लागेका थिए, उनले आफ्ना उपकारीलाई सम्झे ।

उनी उनकहाँ फर्केर गए, उनलाई भेट्टाए, र उनी दयापूर्वक स्वागत गरिए; उनलाई देख्ता ती पादरीलाई आफूले गरेको उपकारको सम्झना भयो; यस्तो सम्झनाले हृदयलाई सधैं आह्लादित तुल्याउँदछ । यी पादरी स्वभावैले दयालु थिए । आफ्नै दुःखको अनुभवले यिनी अरूहरूको दुःख बुझ्दथे, र उनको हृदयलाई उन्नतिले कडा तुल्याएको थिएन । संक्षेपमा, बुद्धिका शिक्षाहरू र उज्ज्वल गुणले उनको हृदयको स्वाभाविक दयालाई मज़बूत तुल्याएको थियो । उनले ती युवकलाई स्वागत गरे, उनको निम्ति एउटा बस्ने ठाउँको बन्दोबस्त मिलाए र उनलाई सिफारिश गरिदिए । तिनी आफ्नो खानेकुरा उनीसँग बाँडेर खान्थे, जुन दुईजनाका निमित्त मुश्किलसँग पुग्दथ्यो । उनी त्योभन्दा पनि अझ बढ़्ता गर्दथे: उनी तिनलाई शिक्षा दिन्थे, सान्त्वना दिन्थे, र धैर्यपूर्वक दुःख सहन गर्ने कठिन कला सिकाउँदथे । गलत विचार भएका मानिसहरू हो, के

तिमीहरू यो सब कुरा एउटा पादरीमा, त्यो पनि इटालीमा, होला भन्ने अपेक्षा गर्दथ्यौ ? यी योग्य पादरी स्याम्वायका एक गरीब पादरी थिए। जसले कुनै जवानीको कसूरले गर्दा आफ्ना बडा पादरीलाई चिढाएका थिए; उनले एउटा स्थान पाउनलाई आल्प्स पर्वत नाघेर गएका थिए जुन स्थान उनले आफ्नो देशमा पाउन सकेनन् । उनमा न विद्याको कमी थियो न बुद्धिको, र उनको हँसिलो चेहराले गर्दा उनले रक्षकहरू भेट्टाएका थिए । जसले उनलाई एक जना मन्त्रीकहाँ लगेर उनको छोरालाई पढाउने गुरु तुल्याएर राखिदिएका थिए । उनले पराधीनतालाई छोडेर दरिद्रतालाई रोजे; बडादमीहरूसँग कसरी व्यवहार गर्ने त्यो कुरा उनलाई थाहा थिएन । यी मन्त्रीकहाँ उनी धेरै बसेनन् र उनी बिदा भएर जाँदा तिनले उनीप्रतिको राम्रो विचार प्रकट गरेका थिए; उनको जीवनको रहन–सहन असल हुनाले उनले हरेकको हृदयमा राम्रो स्थान पाएका थिए। आफ्ना बडा पादरीबाट यिनले क्षमा पाए र उनीबाट यिनले पहाडहरूमा एउटा सानो पादरीस्थान भेट्टाए जहाँ यिनी आफ्नो शेष जीवन बिताउन सक्तथे । यसमा उनले खुशी मानेका थिए । उनको महान् आकांक्षाको हद यही थियो ।

यी युवक भगुवाबाट ती पादरी आकर्षित भए र तिनले यिनलाई खूब सवालहरू गरे । उनले देखे कि दुर्भाग्यले तिनको हृदय विदीर्ण भएको थियो, उपहास र अपमानले तिनको साहस खतम भइसकेको थियो, दुःख र ईर्ष्यामा परिणत भएको उनको अभिमानले उनलाई मानिसहरूको कठोरता र अन्यायमा उनीहरूको दुष्ट स्वभाव र सबै गुणको व्यर्थता सिवाय अरू केही नदेख्ने तुल्याएको थियो । उनले देखेका थिए कि धर्म स्वार्थताको मुकुन्डो मात्र हो, यसका पवित्र पूजाआजा, प्रार्थनाहरू मिथ्या आडम्बर या पाखण्डको पर्दा मात्र हो; रित्ता वाद-विवादका सूक्ष्मताहरूमा केवल शब्दहरूका निमित्त स्वर्ग र नर्क इनामको रूपमा दिइएको हो भन्ने कुरा उनले बुझेका थिए; मानिसहरूका फजूल कल्पनाले ईश्वरत्वको गम्भीर र पहिला भावनालाई बिगारेको हो भन्ने कुरा उनले देखेका थिए; र उनले विचार गरे जस्तै, जब ईश्वर माथिको विश्वासले उनलाई ईश्वरले नै उनलाई दिएको तर्क-शक्तिको त्याग गर्ने तुल्यायो उनले हाम्रा मूर्ख कल्पनालाई र तिनीहरूसँग सम्बन्ध भएको वस्तुलाई उत्तिकै घृणा गरे । वस्तुको वास्तविकताको ज्ञानले रहित भएकोले र तिनीहरूका उत्पत्तिहरूको विचारले रहित भएकोले अज्ञानको गाढा अन्धकारमा उनी निमग्न भएका थिए र तिनीहरूलाई अत्यन्त घृणा गर्दथे जो उनीभन्दा

हामी बढ्ता जान्दछौं भन्ने विचार गर्दथे ।

सबै धर्मको अपहेलनले मानिसका कर्तव्यहरूको अपहेलन गराउँदछ । यो जवान नास्तिकको हृदय अघिबाटै यस बाटोमा टाढा पुगिसकेको थियो तर उनको स्वभाव खराब थिएन तापनि अविश्वास र दुःखले उसको प्रकृतिलाई बिस्तार बिस्तार दबाइरहेका थिए र उनलाई नाशतर्फ घिच्याइरहेका थिए; तिनीहरूले उनलाई बदमाशको चाल र नास्तिकको नीतितिर लागिरहेका थिए ।

अवश्यम्भावी अनिष्ट वास्तवमा पूरा भइसकेको थिएन । ती युवक अनभिज्ञ थिएनन्, उनको शिक्षा बिग्रेको थिएन । उनी त्यो सुखी उमेरमा थिए जब नाडी मजबूतसँग धड्कन्छ र मुटु गरम हुन्छ र तैपनि इन्द्रियहरूको बहुलठ्ठीपनको दास बनेको हुँदैन । उनको हृदयले आफ्नो लचक गुमाएको थिएन । स्वाभाविक नम्रता र कातर स्वभावले उनलाई रोकेको थियो र उनको निम्ति त्यो समय लम्ब्याएको थियो जसभित्र हामी बडो होशियारीपूर्वक आफ्नो चेलाको रखवारी गर्दछौं ।

पाशविक भ्रष्टताको, सौन्दर्यले रहित पापको घृणित उदाहरणले उसको कल्पनालाई छिटो तुल्याउन नसकेको मात्र होइन कि त्यसले यसलाई मन्द तुल्याएको थियो । धेरै समयसम्म धर्मले होइन कि घृणाले उनको निर्दोषीपनलाई बचाइराखेको थियो जुन अझ बढ्ता बिनाशकारी प्रलोभनहरूतिर लागेर खतम हुन्थ्यो ।

ती पादरीले खतरा र त्यसबाट उम्कने बाटो देखे । कठिनताहरूले उनी हतोत्साह भएनन्, उनले आफ्नो काममा आनन्द माने; उनले यसलाई पूरा गर्ने इरादा गरे र जसलाई उनले पापबाट बलजपतीसित छिनेर ल्याएका थिए उसलाई धर्मको मार्गतिर फर्काएर लैजान दृढ सङ्कल्प गरे । उनी सावधानीपूर्वक यस काममा लागे । तात्पर्यको सौन्दर्यले उनलाई प्रोत्साहित तुल्यायो र उनको उत्साहलाई उचित हुने उपायले उनलाई प्रेरणा दियो । परिणाम जेसुकै होस् उनको परिश्रम खेर जानेछैन । जब हाम्रो एक मात्र लक्ष्य भलाइ गर्ने हुन्छ तब हामी सधैं सफल हुन्छौं ।

उनको दयाको निम्ति केही नमागीकन, उनीमाथि बेकामको चासो नराखीकन, उनमा कुनै धर्मप्रचार नगरीकन सधैं उनीसरहको ठाउँमा ओर्लेर उनलाई सधैं आफूबराबरको मानी उनी ती धर्म बदल्ने युवकको विश्वास प्राप्त गर्न थाले । म यो विचार गर्दछु, कुनै एउटा गम्भीर पुरुष एउटा जवान

अगुवाको साथी भइरहेको र धर्मले अनुचित स्वतन्त्रताको बोलीलाई यसमाथि पूर्णतया विजय प्राप्त गर्नको निमित्त सहन गरिरहेको देख्नु एउटा हृदयस्पर्शी दृश्य थियो । जब यो मूर्ख युवक आफ्ना मूर्ख विश्वासहरू लिएर उनकहाँ आयो र उनीसित आफ्नो दिल खोल्यो ती पादरीले उसको कुरा ध्यान दिएर सुने र उनलाई निर्धक्कसित बोल्न दिए; जुन कुरा खराब थियो त्यसमा आफ्नो मञ्जूरी नदिईकन उनले हरेक कुरामा चाख लिए; बेविचारको हप्काइले उसको बकबकलाई रोकेनन् या उसको खुलेको दिललाई बन्द गरेनन्; कुराकानीको मजामा हरेक कुरा बताउनमा उनलाई झन् झन् मजा लाग्यो; यसरी म आफ्नो अपराध प्रकट गरिरहेको छु भन्ने थाहा नपाईकन उनले आफ्ना सबै अपराधहरू प्रकट गरे ।

उनका विचारहरू र उनको स्वभावको पूरा अध्ययन गरिसकेपछि ती पादरीले स्पष्ट देखे कि उनको उमेर हेरी उनी अनभिज्ञ नभए तापनि उनले जान्नुपर्ने हरेक कुरा बिर्सेका थिए र जुन बेइज्जत भाग्यले उनमाथि ल्याएको थियो त्यसले उनमा असल र खराबको सबै वास्तविक विचारलाई दबाएको थियो । अधोगतिको एउटा श्रेणी हुन्छ जसले आत्माको अस्तित्वको अपहरण गर्दछ; र उसले अन्तरात्माको भित्री आवाज सुन्न सक्तैन जसको सारा चित्त खानेकुरा प्राप्त गर्नमा प्रवृत्त रहेको हुन्छ । जुन नैतिक मृत्युले उनलाई धम्काएको थियो त्यसबाट ती अभागी युवकलाई बचाउनाका निमित्त उनले तिनको आत्मप्रेमलाई फेरि जगाउन र उनलाई म असल छु भन्ने विचार गराउन थाले । उनका गुणहरूको ठीक प्रयोग गरेमा उनको भविष्य सुखी हुने कुरा तिनले उनलाई देखाए; तिनले अरुहरूका उदार कामहरूका कथाहरू भनेर उनको हृदयको हौसलादार उत्कण्ठालाई फेरि जगाइदिए; यस्ता काम गर्नेहरूप्रतिको उनको प्रशंसा जगाइदिएर आफूले पनि त्यस्तै कामहरू गर्ने उनको इच्छा उठाइदिए । उनको अल्छी र फिरन्ता जीवनबाट उनलाई शनैः शनैः हटाउनलाई तिनले उनलाई राम्रोसँग छानिएका पुस्तकहरूबाट निकालिएका सारहरूको नक्कल सार्न लगाए; तिनले यी सारहरू आफूलाई चाहिएको जस्तो बहाना गरे, र यस प्रकार उनमा कृतज्ञताको उदार विचार बढाइदिए । यी पुस्तकहरूबाट तिनले उनलाई घुमाउरो तरीकाबाट शिक्षा दिए, र यसरी तिनले उनलाई आफूप्रतिको असल विचार प्रशस्त मात्रामा फेरि प्राप्त गर्ने तुल्याए ताकि अब उनले आफूलाई बेकम्मा नठहराऊन् र आफ्नो दृष्टिमा आफैंलाई तुच्छ नठानून् ।

यी दयावन्त पुरुषले आफूले नचिनेको नजानेको चेलाको हृदयलाई आफूले शिक्षा दिएको जस्तो नदेखाईकन अधोगतिबाट उठाउन कसरी प्रयास गरे त्यो कुरा एउटा सानो घटनाले देखाउनेछु । यी पादरी उनको सत्यता र बुद्धिमत्ताको निमित्त यस्तो प्रख्यात थिए कि धेरै मानिसहरू शहरका धनी ठूला पादरीहरूलाईभन्दा यिनलाई आफ्ना दानदातव्यहरू पत्याउन पसन्द गर्दथे । एक दिन कसैले केही दाम गरीबहरूलाई बाँडिदिनू भनी उनलाई दिएको थियो र त्यस युवकले नीचतापूर्वक गरीबीको कारणले त्यसमध्येबाट केही मलाई देऊ भनेर माग्यो । उनले भने, "हुँदैन, हामी भाइभाइ हौं, तिमी मेरा मानिस हौ र मलाई विश्वास गरेर दिएको पैसा मैले छुनु हुँदैन ।" तब उनले आफ्नै खल्तीबाट उसले मागेजति पैसा दिए । जुन युवकहरू पूर्णतया भ्रष्ट भइसकेका छैनन् त्यस्ता युवकहरूको हृदयमा प्रभाव पार्नलाई यस किसिमका शिक्षाहरू कहिले पनि असफल हुँदैनन् ।

तृतीय पुरुषलाई लिएर भन्दा भन्दा म थाकिसकें र होशियारी गर्नु अब अनावश्यक छ, र हे मेरा प्यारा मित्र, तिमीलाई अब यो राम्ररी थाहा होस् कि त्यो दुःखी अगुवा मै थिएँ । म ठान्दछु, म आफ्नो जवानीका विकारहरूबाट यति टाढा हटिसकेको छु कि म तिनीहरूलाई स्वीकार गर्ने साहस गर्न सक्तछु, र जुन हातले मलाई बचायो त्यो हात कत्ति लज्जा नमानीकन मबाट सम्मानित हुन योग्य छ ।

जुन कुराले मलाई ज्यादै प्रभावित तुल्यायो त्यो थियो मेरो योग्य गुरुको गृहस्थी जीवन आडम्बरविनाको धर्म, कमजोरीविनाको दया, सधैं सफा र सच्चा कुरा, र यही कुराअनुसारको आचरण र चालचलन, जसलाई उनी उपदेशहरू दिएर मदत गर्दथे तिनीहरू सन्ध्याको प्रार्थनाका निमित्त या पाप स्वीकारका निमित्त गिर्जाघरमा जाऊन् या नजाऊन्, तोकिएका समयहरूमा व्रत बसेर मांसाहार गरून् या नगरून् त्यस कुराको उनले फिक्री लिएको मैले कहिले पनि देखिनें, न त उनी तिनीहरूमाथि अरू यस्ता शर्तहरू लगाउंदथे जुनविना यो भक्तबाट कुनै सहायताको आशा गर्नुभन्दा अगाडि मानिस भोकै मर्न सक्तथ्यो ।

उनको अगाडि एउटा नयाँ धर्मावलम्बीको उत्साह नदेखाईकन यी कुराहरूको विचारबाट म प्रोत्साहित भएँ र मैले आफ्नो विचारको बाटोलाई गुप्त राखिनें, न त उनी यसबाट दुःखित भएको देखिए । कहिले कहिले म विचार गर्दथें: मैले अवलम्बन गरेको धर्मप्रतिको मेरो बेवास्तालाई उनी परवाह

गर्दैनन्, किनभने जुन धर्ममा म हुर्के–बढेको थिएँ, त्यस धर्मप्रति मैले उत्तिकै बेवास्ता गरेको उनी देख्तछन्; उनलाई थाहा छ कि धर्मप्रतिको मेरो घृणा एउटै सम्प्रदायमा मात्र बद्ध छैन; तर जब म कहिले कहिले रोमन क्याथोलिक चर्चका सिद्धान्तहरूका विरुद्धका सिद्धान्तहरूमा उनले आफ्नो मन्जूरी दिएको र स्पष्ट रूपमा यसका विधि-विधानहरूमाथिको उनको नराम्रो विचारका कुराहरू सुन्दथें, त्यस बेला म के विचार गर्न सक्थें ? जुन रीति–रिवाजलाई उनले यस्तो कम महत्त्व दिएको जस्तो आफूलाई देखाउँदथे तिनै रीति–रिवाजहरूलाई उनले श्रद्धापूर्वक मानेको मैले नदेखेएको भए म उनलाई रोमन क्याथोलिकको भेषमा प्रोटेष्टेण्ट धर्मावलम्बी ठहराउँदथें, तर मलाई थाहा थियो कि उनी जन–जीवनमा जत्तिकै होशियारीपूर्वक गार्हस्थ्य जीवनमा पनि पादरीका कर्तव्यहरू पूरा गर्दथे र यी स्पष्ट रूपमा देखिएका परस्परमा विरोधी कुराहरूको विषयमा के विचार गर्ने त्यो कुरा म बुझ्दिनथें। जुन कसूरले उनको बेइज्जत गराएको थियो र जुन दोषलाई उनले केही अंशमा मात्र हटाउन सकेका थिए त्यसदेखि बाहेक अरू कुरामा उनको जीवन उदाहरणयोग्य थियो, उनको आचरण दोषरहित थियो, उनको कुराकानी सत्यता र बुद्धिमत्तायुक्त थियो। ज्यादै मैत्रीपूर्ण भावमा म उनीसित रहँदा मैले उनलाई दिनपर दिन झन् झन् आदर गर्न सिकें; र जब उनले यस्तो ठूलो कृपापूर्वक मेरो दिललाई पूरापूर जितेर लिए म ठूलो उत्सुकतापूर्वक त्यस समयलाई पर्खन लागें, जुन समयमा यो अनौठा जीवनको एक रूपतामा आधारित भएको सिद्धान्त म सिक्नेछु।

यो अवसर आउन धेरै समय लाग्यो। आफ्नो चेलोलाई आफ्नो विश्वासमा लिनुभन्दा अगाडि विचार र दयाका ती बीजहरूलाई, जुन बीजहरू उनले मेरो हृदयमा आरोपण गरेका थिए, अङ्कुरित गराउन प्रयास गरे। ममा दबाउनुपर्ने सबभन्दा कठिन दोष मेरो कुनै मनुष्यद्रोही भावना थियो, धनी र सफल व्यक्तिहरूका विरुद्धको ईर्ष्याको भावना थियो, जुन भावना उनीहरूको धन र सुख मानो मलाई नै मर्का पारेर प्राप्त गरेको हो कि भनेझैं प्रतीत हुन्थ्यो, र उनीहरूको कल्पित सुख मानो मेरै सुखबाट अन्यायपूर्वक छिनेर लिएको हो कि भनेझैं प्रतीत हुन्थ्यो। यौवनको मूर्ख अहङ्कार जसले बेइज्जतीका काँढाहरूलाई लत्याउँदछ त्यसले मलाई यो क्रोधी मिजासतिर ज्यादै प्रवृत्त गराएको थियो। जुन आत्मसन्मान मेरा गुरुले ममा फेरि जगाउने चेष्टा गर्नुभएको थियो त्यसले मलाई अभिमानतिर लग्यो, जसले गर्दा

मानिसहरूलाई मेरो दृष्टिमा झन् नीच तुल्यायो र मेरो घृणामाथि घृणा मात्र थपिदियो ।

यस अभिमानलाई सोझै आक्रमण नगरीकन उनले यसलाई हृदयको कठोरतानिर बढेर जानबाट रोके र मलाई आत्मसम्मान–रहित नतुल्याईकन उनले मलाई आफ्ना छिमेकीहरूलाई कम घृणा गर्ने तुल्याए । निरर्थक रित्तो सांसारिक तमासाबाट वारंवार मेरो ध्यान खिचेर र यसले छिपाइराखेका वास्तविक दुःखहरूतर्फ मेरो ध्यान फर्काइदिएर मेरा समाजका मानिसहरूका दोषहरूमा दुःख मान्न, उनीहरूका दुःखहरूमा खेद मान्न र उनीहरूको ईर्ष्या गर्नुको सट्टा उनीहरूलाई दया गर्न उनले मलाई सिकाए । आफ्नै दोषहरूको गहिरो विश्वासद्वारा मनुष्यका दोषहरूप्रति दयाले प्रेरित भएर उनी सबै मानिसलाई उनीहरूका आफ्नै अपराधहरूका र अर्काका अपराधहरूका शिकार देख्तथे ; उनी गरीबहरू धनीहरूको अत्याचारबाट र धनीहरू आफ्नै गलत विचारको अत्याचारबाट रोइरहेका देख्तथे । उनी भन्दथे "मलाई विश्वास गर, हाम्रा माया-जालहरूले हाम्रा दुःखहरूलाई लुकाउनु ता परै रहोस्, तिनीहरूले त केवल जुन कुरामा केही सार छैन त्यस कुरामा सार देखाएर ती दुःखहरूलाई बढाइदिन्छन् ; तिनीहरूले हामीलाई सब प्रकारका कल्पित दुःखहरूसित परिचित गराउँदछन्, नत्रभने त दुःखहरू हामी थाहा पाउँदैन थ्यौं । मनको शान्ति त्यस्तो हरेक कुरालाई तुच्छ गर्नमा रहन्छ जसले त्यस शान्तिलाई भङ्ग गर्दछ । जुन मानिस जीवनमा ज्यादै प्रवृत्त रहन्छ त्यसले जीवन–सुख ज्यादै कम पाउन सक्तछ; जुन मानिस ज्यादै उत्सुकतापूर्वक सुखको अभिलाषा गर्दछ त्यो मानिस सधैं ज्यादै दुःखी हुन्छ ।"

मैले दुःखित हुँदै कराएर भनें, "कस्ता अँध्यारा विचारहरू ! यदि हामीले हरेक कुरा इनकार गर्ने हो भने हामी जन्मँदै नजन्मेको भए हुने थियो; र यदि हामीले सुखलाई समेत तिरस्कार गर्नुपर्ने हो भने को सुखी हुन सक्तछ ?" "म सुखी छु" उनले एक दिन यस्तो स्वरमा जवाफ दिए जसको ममा ठूलो प्रभाव पऱ्यो । "तपाईं सुखी ! भाग्यले यसरी ठगेको, यस्तो गरीब, देशबाट निकाला भएको र सताइएको, तपाईं सुखी !" उनले जवाफ दिए, "मेरो बच्चा, म तिमीलाई खुशी साथ बताउनेछु ।"

त्यस पछिउनले मलाई यो कुरा सम्झाएर भने कि उनले मेरा अपराधहरू मैले स्वीकार गरेको सुनेको हुनाले उनी पनि आफ्ना अपराधहरू स्वीकार गर्नेछन् । मलाई अँगालो मारेर उनले भने, "म आफ्नो समस्त

हृदय तिमीलाई खोल्दछु। म त्यस्तो नभए तापनि म जस्तो छु भन्ने मलाई लाग्दछ त्यस्तै तिमीले मलाई देख्नेछौ। जब तिमी मेरा सारा अपराधहरूको स्वीकृतिका कुरा सुन्नेछौ, जब तिमीलाई मेरो हृदयको अवस्था साँच्चीकै थाहा हुनेछ अनि किन म आफूलाई सुखी ठान्दछु त्यस कुराको ज्ञान तिमीलाई हुनेछ; र म जस्तो ठान्दछु त्यस्तै तिमी ठान्दछौ भने सुखी कसरी हुने त्यो पनि तिमीलाई थाहा हुनेछ। तर यी व्याख्याहरू एक क्षणमा हुने कुरा होइनन्; मानिसको भाग्यबारे र जीवनको सच्चा अर्थ बारेका मेरा सबै विचारहरू तिमीलाई देखाउन समय लाग्नेछ; हामी कुनै ठीक समय र कुनै ठीक ठाउँ छानूँ जहाँ कुनै रोकावटविना हामी आफ्नो कुराकानी चलाइराख्न सक्नेछौं।"

म उनको कुरा सुन्न कत्तिको उत्सुक थिएँ त्यो मैले उनलाई देखाएँ। बैठक भोलिपल्टै बिहान हुने तैकात भयो। ग्रीष्म ऋतुको समय थियो; हामी झिसमिसेमा उठ्यौं। उनले मलाई शहरदेखि बाहिर पो नदीमाथिको एउटा अग्लो पहाडमा लगे, जुन नदीको मार्ग यो उर्वरा किनारहरूको बीचबाट बगेर जाँदा हामीले देख्यौं; टाढाको दृश्य आल्प्स पर्वतको लामो शृङ्खलाले सुशोभित थियो; भर्खर उदाएका सूर्यका किरणहरू मैदानहरूमाथि परिसकेका थिए र तिनीहरूले खेतहरूको वारपार वृक्षहरूका, ढिस्काहरूका र घरहरूका लामा लामा छापाहरू पारिसकेका थिए, र मानिसका आँखाले देख्न सक्ने अत्यन्त सुन्दर प्राकृतिक चित्रलाई प्रकाशका हजारौं चहकहरूले शोभायमान तुल्याइरहेका थिए। तिमी यो विचार गर्ने थियौ कि हाम्रो कुराकानीका निमित्तको विषय दिनलाई हाम्रा आँखाको अगाडि प्रकृतिले आफ्नो टलकदार खाक देखाइरहेको थियो। एक क्षणसम्म चूपचापसित यो दृश्य हेरिसकेपछि ती शान्तिका मानिसले मलाई भने,

स्याभ्वायका पादरीको धर्म–सिद्धान्त

"बाबु, विद्वत्तापूर्ण प्रवचनहरू या गंभीर वाद–विवाद मबाट होला भन्ने तिमी नदेख। म ठूलो वेदान्ती होइन, न त म त्यस्तो हुन नै इच्छा गर्दछु। तर मेरो अलिकति साधारण बुद्धि छ र सत्यताप्रति मेरो निरन्तरको भक्ति छ। तिमीसँग छलफल गर्ने मेरो इच्छा छैन, न त तिमीलाई विश्वास दिलाउने नै मेरो मतलब छ। जुन कुरा म साँच्चीकै विचार गर्दछु त्यो हृदयको पूरा सरलतापूर्वक तिमीलाई देखाउनु नै मेरा निमित्त प्रशस्त छ। मैले बोलिरहेको बेलामा आफ्नै दिलसित सल्लाह गर; मैले तिमीलाई भन्ने कुरा यत्ति हो।

यदि मेरो गल्ती रहेछ भने यो सफासफी मेरो गल्ती हो, र त्यस कारण म यसलाई आफ्नो अपराधमा गन्दिनँ; यदि तिम्रो पनि खुल्लम्खुल्ला गल्ती रहेछ भने त्यसबाट पनि ठूलो हानि छैन । यदि मेरो ठीक छ भने हामी दुवै तर्कसङ्गत विचारले युक्त छौं, विवेकको आवाज सुन्नका निमित्त हामी दुवैको उही एउटै तात्पर्य छ । म जस्तो विचार गर्दछु त्यस्तै तिमीले किन विचार नगर्नु ?

जन्मले म एउटा किसान थिएँ र गरीब थिएँ । जमीन जोत्नु मेरो पेशा थियो; तर मेरा बाबु आमाले विचार गरे कि पादरी भएर जीवन चलाउनु मेरा निमित्त राम्रो कुरा थियो र उनीहरूले मलाई महाविद्यालयमा पठाउने प्रबन्ध मिलाए । मलाई पूरा निश्चय थियो कि जुन कुरा असल हो, जुन कुरा उपयोगी हो, जुन कुरा सत्य हो त्यस कुराको खोजी गर्ने न त मेरा बाबु-आमाको न त मेरो नै कुनै विचार थियो । हामीले खोजेको यति मात्र थियो कि जसरी भए पनि पादरीको स्थानमा मेरो नियुक्ति हुनु । मलाई जे सिकाइएको थियो त्यही मैले सिकें, मलाई जे जे भन्नू भनिएको थियो त्यही मैले भनें, चाहिने जति सबै प्रतिज्ञा मैले गरें र म पादरी भएँ । तर मैले चाँडै नै पत्ता लगाएँ कि जब मैले मानिस नहुनलाई प्रतिज्ञा गरें तब मैले आफूले गर्न सक्ने जो हो त्यसभन्दा बढ्ता प्रतिज्ञा गरेछु ।

मानिसहरू हामीलाई बताउँदछन् कि भित्री चित्त पक्षपातको अधीन रहने कुरा हो, तर अनुभवबाट मलाई थाहा भयो कि भित्री चित्तले, मानिसले बनाएका नियमहरू किन नहोऊन्, प्रकृतिको क्रमको नै अनुसरण गरिरहन्छ । यो या त्यो व्यर्थ मनाही गरिन्छ; जब हामी प्रकृतिको राम्रो क्रमअनुसारको अझ झन् प्रकृतिले लगाइदिएको नियमअनुसारको काम गर्दछौं, तब पश्चायतको आवाज हामीले सुन्नुपर्दैन । सुन्यौ बाबु, प्रकृतिको प्रार्थनाको प्रभाव तिम्रा चेतनाहरूमा अझ परिसकेको छैन; जब प्रकृतिको आवाज निर्दोषीपनको आवाज हुन्छ तब चिरकालसम्म तिमी यही सुखी अवस्था रहे । याद राख, प्रकृतिको शिक्षालाई रोक्नुभन्दा उसको शिक्षालाई अपेक्षा गर्नु उसलाई झन् बढ्ता चिढ्याउनु हुन्छ; तिमीले पहिले रोक्न सिक्नुपर्छ ताकि नचिढाईकन कहिले उसको अधीनता स्वीकार गर्ने त्यो तिमी थाहा पाउन सके ।

मेरो युवावस्थादेखि नै विवाहित अवस्थालाई प्रकृतिको पहिला र अत्यन्त पवित्र संस्था मानेर म आदर गर्दथें । विवाह गर्ने हक त्यागेर विवाहको पवित्रतालाई अपवित्र नतुल्याउने इरादा मैले गरें, किनभने मेरो शिक्षा र

अध्ययन भए तापनि म सधैं सरल र नियमित जीवन-यापन गर्दथें र मेरो मनले आफ्नो स्वाभाविक बुद्धिहरूको निर्दोषीपनलाई बचाएर राखेको थियो; यी बुद्धिहरूलाई सांसारिक बुद्धिले धमिल्याउन पाएको थिएन जब कि पापको मिथ्या कुराले खटाएका प्रलोभनहरूबाट मेरो दरिद्रताले मलाई दूर राखेको थियो ।

यसै इरादाले मेरो नाशलाई प्रमाणित गऱ्यो । विवाहप्रतिको मेरो आदरले मेरो दुराचरण पत्ता लगाउने तुल्यायो । यो कलङ्कको प्रायश्चित्त हुनैपर्छ । म पक्रिएँ, शङ्का गरिएँ र आफ्नो पदबाट हटाइएँ । म आफ्नो निर्दोषीपनको भन्दा आफ्नो कुसंयमको शिकार बनें । मेरो बेइज्जतको साथै भएका गालीहरूबाट यो विश्वास गर्ने कारण थियो कि झन् ठूलो अपराधको दोषी भएपछि मानिस सजायबाट अवसर उम्कन सक्तो रहेछ ।

विचारपूर्ण मनले यस्ता अनुभवहरूबाट चाँडै नै शिक्षा लिन सक्तछ । मैले थाहा पाएँ कि न्यायका, इमान्दारीका र मानिसका हरेक कर्तव्यका मेरा पहिलेका विचारहरू यी दुःखदायी घटनाहरूबाट उल्टिए, र दिनपर दिन मैले स्वीकार गरिसकेका विचारहरूलाई एक एक गरेर गुमाउन थालें र जो-जति बाँकी थियो त्यो एक्लै अड्न सक्ने गरी पर्याप्त थिएन; र यो पनि मैले थाहा पाएँ कि जुन प्रमाणमा मेरा सिद्धान्तहरू अडेका थिए त्यो कमजोर हुँदै गएको थियो । आखिरमा मैले यो बुझ्न सकिनँ कि अब के विचार गर्ने र तिमी जस्तै म पनि उही निष्कर्षमा आएँ, तर फरक यही भो; मेरो धर्मप्रतिको अनास्था ठूलो कठिनतापूर्वक प्राप्त गरेको मनुष्यत्वको अलि अलि गरेर भएको वृद्धि थियो र यसको उन्मूलन गर्न झन् कठिन थियो । म सन्देह र अनिश्चितताको अवस्थामा थिएँ, जुन डेस्कार्टेसको विचारमा सत्यको खोजीका निमित्त जरूरी कुरा हो । यो त्यो अवस्था हो जो सधैं रहन सक्तैन, यो बेचैनी गराउने र दुःखदायी छ; केवल पापी चित्तवृत्तिहरूले र निष्क्रिय हृदयले मात्र यसलाई त्यस अवस्थामा राख्न सक्तछ । मेरो हृदय त्यसमा रमाउने किसिमको त्यस्तो भ्रष्ट थिएन, र आफ्नो भाग्यसित खुशी हुनुभन्दा आफैंसित खुशी हुनु जस्तो विचार गर्ने बानीलाई थामिराख्ने कुरा अरू केही छैन ।

त्यस कारण मरणशील मानवहरूको उदास भाग्यमाथि मैले गडेर विचार गरें, जो पतवार या बहनाविना, जो बाटो देखाउने अगुवाविना, तर कहाँबाट आफू आएको छ र कहाँ जान लागिरहेछ त्यो थाहा नपाउने अनुभव-

हीन चालकका साथमा मानिसहरूका आँधीमय मनोविकारहरूका बीचमा छोडिएका भएर मनुष्यहरूका विचारहरूका समुद्रमा उत्रिरहेका छन् । मैले आफ्नो मनमा विचार गरें. "म सत्यको प्रेमी छु, म उसलाई खोज्दछु, तर पाउन सक्तिनँ । मलाई सत्य देखाइदेऊ, म उसलाई बलियोसँग समातिराख्तछु; त्यो किन त्यो उत्सुक हृदयबाट आफ्नो मुख लुकाउँदछ, जुन हृदयले खुशीसाथ उसको पूजा गर्दछ ।"

मैले बराबर ठूलठूला दुःखहरूको अनुभव गरेको छु तापनि यस्तो बेचैनी र चिन्ताको दुःखदायी समय मेरो जिन्दगीमा कहिले पनि आएको थिएन । जब म आफ्ना लम्बे लम्बे ध्यानहरूबाट अनिश्चितता, अन्धकार, र मेरो जीवनको मूल तथा मेरा कर्तव्यहरूका विरुद्धको कुरा सिवाय कुनै कुरा नपाएर एक सन्देहबाट अर्को सन्देहतिर भौंतारिइरहन्थें ।

मानिस सत्य र सिद्धान्तमा अडेर कसरी सन्देही हुन सक्तछ त्यो कुरा म बुझ्न सक्तिनँ । यस्ता दार्शनिकहरू कि त हुनै सक्तैनन् कि त मानिसहरूमध्ये सबभन्दा दुःखी हुन्छन् । जुन कुरा हामीले जान्नुपर्दछ, त्यस कुरामा सन्देह हुनु एउटा यस्तो अवस्था हो जो मानिसको मनका निमित्त उग्र कुरा हो । यो धेरै समयसम्म सहन सकिंदैन । मनले कहिले एकातिर निर्णय गर्दछ, कहिले आर्कैतिर निर्णय गर्दछ, र यसले कुनै कुरामा पनि विश्वास नराख्नुभन्दा बरु आफै छक्किन मन पराउँछ ।

मेरो सन्देह यस कुराले बढाइदियो कि म त्यस गिर्जाघरमा हुर्केबढेको थिएँ जसले हरेक कुराको निर्णय गर्दछ र सन्देहहरू रहन दिंदैन, फलतः धर्मको एउटा कुरालाई तिरस्कार गर्नाले बाँकी अरू सबै कुरालाई तिरस्कार गर्न म बाध्य भएँ । जब मैले अनुचित निर्णयहरूलाई स्वीकार गर्न सकिनँ तब ती निर्णयहरू लिनबाट म वञ्चित भएँ जुन निर्णयहरू अनुचित थिएनन्; जब मलाई हरेक कुरामा विश्वास गर्न भनिएको थियो, तब म कुनै कुरामा पनि विश्वास गर्न सक्तिनथें, र कहाँ अड्ने त्यो मैले बुझिनँ ।

मैले दार्शनिकहरूसँग सल्लाह लिएँ, मैले उनीहरूका पुस्तकहरूको खोजी गरें र तिनीहरूका अनेक सिद्धान्तहरू जाँचेर हेरें । मैले ती सबैलाई उस्तै गर्वी, ठोकुवा, सैद्धान्तिक, देखौवा, सब कुरा जान्ने, तर केही पनि प्रमाणित गर्न नसक्ने, परस्परमा गिल्ला गर्ने र हानाहान गर्ने देखें । यो सबभन्दा पछिल्लो लक्षण जो सबैमा एकैनासे थियो, त्यस कुरामा मात्र तिनीहरू ठीक थिए भन्ने मलाई लाग्यो तिनीहरू आक्रमण गर्नमा जबर्दस्त, र बचावट गर्नमा

कमजोर छन् । तिनीहरूका कुराहरूलाई तौलेर हेर, तिनीहरू सबै विनाशी छन्; तिनीहरूका आवाजहरूको गणना गर, हरेकले आफ्नै निमित्त बोल्दछ; परस्परमा बहस गर्ने कुरामा मात्र उनीहरूको मिलान छ; उनीहरूको कुरा सुनेर मेरो अनिश्चिततादेखि बाहिरको कुनै बाटो पाउन मैले सकिनँ । विचारको यो अद्भुत विभिन्नता पहिले त मानिसको बुद्धिको कमजोरीले हुन्छ, दोस्रो घमण्डले हुन्छ । यो असम्भार यन्त्रलाई नाप्ने कुनै उपाय हामीसँग छैन; यसका कामहरूको हिसाब लगाउन हामी असमर्थ छौं; हामी न त यसका बाटो देखाउने सिद्धान्तहरू जान्दछौं; न त यसको आखिरी तात्पर्य नै हामी बुझदछौं; हामी आफूलाई नै चिन्दैनौं, हामी न त आफ्नो प्रकृतिलाई जान्दछौं, न त आफूलाई चलाउने सत्वको नै हामीलाई ज्ञान छ । मानिस एउटै हो या धेरै हो, त्यसको पनि हामीलाई बोध छैन; हामी अभेद्य रहस्यहरूले परिवेष्टित छौं, यी रहस्यहरू चेतनाको प्रान्तदेखि पारिपट्टि छन्, हामी ठान्दछौं कि आफ्नो तर्कशक्तिको प्रकाशले हामी तिनीहरूलाई भेदन गर्न सक्तछौं, तर हामी फेरि आफ्नो कल्पनामा खस्तछौं । यो कल्पित संसारको बीचबाट हरेकले आफ्नो बाटो जबर्दस्तीसँग बनाउँदै जान्छ जो उसले ठीक छ भन्ने ठान्दछ; उसको बाटोले उसलाई आफ्नो लक्ष्यतिर लैजान्छ कि लैजाँदैन त्यो कसैले भन्न सक्तैन । तैपनि हामी यो सब जान्न र बुझन अभिलाषा गर्दछौं । जुन एउटा कुरा हामी जान्दैनौं त्यो हो जान्नुपर्ने कुराको हद । वास्तविक कुरा के हो त्यो हामीमध्ये कसैले पनि देख्न सक्तैन भन्ने कुरा स्वीकार गर्नभन्दा हामी भाग्यमा विश्वास गर्न र जुन कुरा सत्य छैन त्यसमा विश्वास गर्न मन पराउँछौं । जुन अति विशाल सिङ्गोको एक टुक्रा छ जसका सिमानाहरू हाम्रो दृष्टिदेखि पारिपट्टि छन्, जुन एक टुक्रा सृष्टिकर्ताले हाम्रा मूर्खतापूर्ण कलहहरूका निमित्त छोडिदिएका छन् त्यो सिङ्गोको प्रकृतिलाई र यससँगका हाम्रा सम्बन्धहरूलाई निश्चित रूपमा जान्न खोज्नु हाम्रा निमित्त व्यर्थ छ ।

यदि दार्शनिकहरू सत्य कुरा प्रकट गर्ने अवस्थामा भइदिएका भए उनीहरूमध्ये कुनचाहिं यो गर्न परवाह गर्दो हो ? उनीहरूमध्ये हरेकलाई थाहा छ कि उसको सैद्धान्तिक क्रम अरूहरूभन्दा बढ्ता निश्चित मूलहरूमा आधारित छैन, तथापि ऊ यसलाई नै समर्थन गरिरहन्छ, किनभने यो उसको आफ्नै हो । उनीहरूमा एउटा पनि यस्तो हुँदैन जो यदि उसले संयोगले सत्य र असत्यका बीचको भेद पत्ता लगायो भने पनि अर्काले पत्ता लगाएको सत्यलाई रोज्नुभन्दा आफ्नै असत्यलाई मन पराउँदैन । त्यस्तो दार्शनिक कहाँ छ जो आफ्नै गौरवका

निमित्त संसारलाई छकाउन चाहँदैन ? यदि ऊ जन–समूहमाथि उठ्न सक्छ भने, यदि ऊ आफ्ना प्रतिद्वन्द्वीहरूमाथि विजय प्राप्त गर्न सक्छ भने उसलाई त्यसभन्दा बढ्ता के चाहियो ? धर्ममा विश्वास गर्नेहरूका बीच ऊ नास्तिक हुन्छ; नास्तिकहरूका बीच ऊ धर्ममा विश्वास गर्ने हुन खोज्दछ ।

यी सब विचारहरूबाट मैले सिकेको पहिला कुरा के थियो भने मेरा सोधनीहरूलाई आफूलाई सोझै सरोकार भएको कुरामा सीमित राख्नु, अरू हरेक कुराको गहिरो अज्ञानमा रहनु, र जुन कुरा जान्न आफूलाई दरकार परेको छ, त्यसदेखि बाहेक अरू कुनै कुरामा पनि सन्देह लिने तकलीफ आफूले नउठाउनु ।

मैले यो पनि बुझें कि दार्शनिकहरूले मेरा फजूल सन्देहहरूलाई हटाइदिने कुरा त परै रहोस् तिनीहरूले त झन् मेरो मनलाई सन्तप्त गराउने सन्देहहरूलाई कैयौं गुना बढाईदिए र तिनीहरूमध्ये एउटालाई पनि हटाइदिन सकिनन् । यसनिमित्त मैले आफूलाई बाटो देखाउने अर्को अगुवा रोजें र भनें "म भित्री प्रकाशको अनुसरण गरूँ: यसले मलाई अरूहरूले गरेझैं कुबाटोतिर लैजानेछैन; तर यदि यसले यो गऱ्यो भने त्यो मेरै कसूर हुनेछ र मैले उनीहरूको छकाइमा विश्वास गरेझैं गरेर आफ्नै मायाजालको अनुसरण गरें भने मेरो उत्तिको गल्ती हुनेछैन ।

मेरो जीवनभित्र मैले जुन अनेक विचारहरू लिएको थिएँ, तिनीहरूमाथि म फेरि आफ्नो मनमा विचार गर्न लागें र मैले देखें कि उनीहरूमध्ये कुनै पनि पक्का विश्वास गर्न लायकको थिएन, तर कुनै कुनै यसनिम्ति बढी संभावना भएका थिए र यसैअनुसार मेरो आन्तरिक स्वीकृति दिइने या झिकिने हुन्थ्यो । यो पत्ता लगाएर यी विभिन्न विचारहरूको निष्पक्ष तुलना गरें र मैले बुझ कि तिनीहरूमध्ये सबभन्दा पहिला र सबभन्दा साधारण त्यो थियो, जो सबभन्दा सरल र तर्कसङ्गत पनि थियो, र यो सबभन्दा पहिलो हुनुको सट्टा सबभन्दा पछिल्लो भइदिएको भए यो हरेकबाट स्वीकृतियोग्य हुने थियो । जबर्दस्तीको, संयोगको, भाग्यको, आवश्यकताको, अणुहरूको, जीवित संसारको, सचेत प्राणीको र हरेक प्रकारका भौतिकताको आफ्ना अनौठा सैद्धान्तिक क्रमहरू खतम पारिसकेका तिम्रा सबै प्राचीन र आधुनिक दार्शनिकहरूको कल्पना गर । तब ती विख्यात क्लार्क आउँदछन् जो संसारलाई प्रकाश दिन्छन् र प्राणीहरूका प्राण र वस्तुहरूका दाताको घोषणा गर्दछन् । यस नयाँ प्रणालीलाई संसारभरको कत्रो प्रशंसा प्राप्त हुदो हो, सबले एकै स्वरले गरेको कत्रो तारीफ

यसलाई प्राप्त हुंदो हो जो यस्तो महान्, यस्तो उज्ज्वल र यस्तो सरल थियो अरू क्रमहरू वाहियती कुराहरूले पूर्ण छन्; मलाई लाग्छ यस क्रममा त्यस्ता कुराहरू थोरै छन् जो मानिसको समझदेखि बाहिर छन्। मैले विचार गरें, "हरेक प्रथाको आपना गूढ समस्याहरू हुन्छन्, किनभने मानिसको असीम मन पनि तिनीहरूको समाधानका निम्ति ज्यादै सानो हुन्छ; त्यस कारण यी कठिनाइहरू कुनै प्रथाको विरुद्ध पनि आखिरी समाधानका कुरा होइनन्। तर जुन सीधा प्रमाणमा यी प्रथाहरू आधारित छन् तिनीहरूको बीचमा कत्रो भेद छ ! के हामीले त्यस सिद्धान्तलाई रोज्नुपर्दैन जसले मात्र सब कुराहरूको व्याख्या गर्दछ र जो अरूभन्दा कठिन पनि छैन ? मेरो एक मात्र वेदान्त-सत्यमाथिको प्रेमलाई र फजूल, चलाकीका वाद–विवादहरूलाई तिरस्कार गर्ने स्पष्ट र सरल नियमलाई नै आपनो हृदयमा धारण गरेर यसै नियमको सहायताले म त्यो ज्ञानको परीक्षातिर फर्कें, जुनसित मेरो सरोकार थियो; जुन कुराहरूलाई विश्वास गर्न म इनकार गर्न सक्तिनथें, ती सब कुराहरूलाई स्वयंसिद्ध मात्र र तिनीहरूबाट सोझै निस्कने सबै कुरालाई सत्य मात्र मैले दृढ इरादा गरें; अरू बाँकी कुरालाई स्वीकार पनि नगरीकन, तिरस्कार पनि नगरीकन, र जुन कठिनाइहरूले कुनै संभव तात्पर्यहरूतिर लैजाँदैनथे ती कुराहरूलाई स्पष्ट गर्ने तकलीफ पनि नलिईकन तिनीहरूलाई त्यसै छोडिदिने निश्चय गरें ।

तर म को हुँ ? निर्णय गर्ने मेरो हक छ ? जुन कुराले मेरा विचारहरूलाई सुदृढ या निश्चित तुल्याउँदछ त्यो के हो ? यदि तिनीहरू अवश्यम्भावी हुन् भने, यदि तिनीहरू मेरो मनमा परेका प्रभावहरूका नतीजा हुन् भने यस्ता प्रश्नहरूमा म व्यर्थ आपनो बल खेर फालिरहेछु; तिनीहरू मेरा अडकलविना बन्दछन् पनि, बन्दैनन् पनि । मेरो अस्तित्व छ, र मेरा चेतनाहरू छन् जसद्वारा म विचारहरू पाउँदछु। मेरो मनमा लागेको पहिला सत्य यही हो र यो स्वीकार गर्न म लाचार छु । के मेरो अस्तित्वको कुनै स्वाधीन ज्ञान मलाई छ, या के यसलाई म मेरा चेतनाहरूद्वारा मात्र जान्दछु ? मेरो पहिलो कठिनाइ यही हो, र यहाँसम्म यसलाई म समाधान गर्न सक्तिनँ । किनभने या त सीधै, या त स्मरणद्वारा म हरवखत चेतनाहरूको अनुभव गर्दछु; यसनिम्ति आत्माको विचार यी चेतनाहरूदेखि पल्तिर छ, अथवा यो यिनीहरूबाट स्वाधीन भएर रहन सक्तछ त्यो कुरा म कसरी थाहा पाउन सक्तछु ?

मेरा चेतनाहरूको उत्पत्ति मैमा हुन्छ, किनभने तिनीहरूले मलाई मेरो आपनै अस्तित्वको ज्ञान दिन्छन् ; तर उनीहरूको कारण मदेखि बाहिरपट्टि छ,

किनभने तिनीहरूका निम्ति कुनै कारण छ कि छैन भन्ने कुराले मलाई असर पार्दछन्, किनभने मबाट स्वाधीनतापूर्वक उनीहरूको उत्पत्ति या नाश हुन्छ । यसनिम्ति म स्पष्ट थाहा पाउँदछु कि मेरो चेतना जो मभित्रै छ, र यसको कारण या हेतु जो मदेखि बाहिरपट्टि छ, ती दुई भिन्दाभिन्दै कुरा हुन् ।

यस प्रकार मेरो मात्र अस्तित्व भएको होइन कि अरू कुराहरूको पनि अस्तित्व छ, अर्थात् मेरा चेतनाका वस्तुहरूको; यदि यी वस्तुहरू केवल भावनाहरू मात्र हुन् भने पनि यी भावनाहरू म होइनन् ।

तर मदेखि बाहिरका हरेक कुरालाई, मेरा चेतनाहरूमाथि काम गर्ने हरेक कुरालाई म वस्तु भन्दछु र वस्तुका सबै कणहरू मिलेर जुन विभिन्न प्रकारको अस्तित्व बन्न आउँदछ त्यसलाई म तत्त्व भन्दछु । यस प्रकार आदर्शवाद र यथार्थवादहरूका बीच जुन झगडाहरू छन्, ती सबको मेरा निम्ति केही अर्थ छैन; तत्त्वहरूको संभावना र यथार्थताका बीच उनीहरूका भेदहरू बिलकुल काल्पनिक हुन् ।

अब म आफ्नो अस्तित्वमा जत्तिको विश्वस्त छु त्यत्तिकै विश्वको अस्तित्वमा पनि छु । त्यसपछि म आफ्ना चेतनाका वस्तुहरूको विचार गर्दछु, र म थाहा पाउँदछु कि तिनीहरूको तुलना गर्ने मेरो शक्ति छ । यसनिमित्त म बुझ्दछु कि म एउटा जागरूक शक्तिले युक्त छु, जुन कुराको ज्ञान मलाई पहिले थिएन ।

बुझ्नु थाहा पाउनु हो; तुलना गर्नु विचार गर्नु हो; विचार गर्नु र थाहा पाउनु एउटै कुरा होइन । चेतनाद्वारा वस्तुहरू प्रकृतिमा जस्ता छन् त्यस्तै छुट्टाछुट्टै र एकै मेरा सामने देखा पर्दछन् । उनीहरूको तुलना गरेर म उनीहरूलाई फेरि मिलाएर राख्तछु, म उनीहरूलाई, भनूँ कि, सार्दछु; उनीहरू एकै हुन् कि भिन्दै हुन् त्यो निर्णय गर्नलाई, या प्रायः उनीहरूको सम्बन्ध थाहा पाउनलाई म एउटालाई अर्कोमाथि राख्तछु । मेरो मनमा यो लाग्दछ, जागरूक या बुद्धिमान् प्राणीको विशेष शक्ति "अस्ति (छ)" शब्दको अर्थ बुझ्ने शक्ति हो । केवल चेतनशील अस्तित्वमा त्यो बुद्धियुक्त शक्तिलाई व्यर्थ खोज्दछु जसले तुलना गर्दछ र विचार पनि गर्दछ; यसको प्रकृतिमा म यसको कुनै चिन्ह पाउन सक्तिनँ । यो निष्क्रिय अस्तित्वलाई हरेक वस्तुको छुट्टाछुट्टै ज्ञान हुन्छ, यी दुई सँगसँगै मिलेर बनेको सिङ्गैको ज्ञान पनि यसलाई हुन्छ, तर तिनीहरूलाई सँगसँगै राख्ने शक्ति यसमा नहुनाले यसले कहिले पनि यिनीहरूको तुलना गर्न सक्तैन, र यसले कहिले पनि उनीहरूको विषयमा कुनै

विचारको सिर्जना गर्न सक्तैन ।

एकै चोटि दुइटा कुरा देख्नु उनीहरूका सम्बन्धहरू देख्नु होइन न त उनीहरूका बीचका भेदहरूको नै विचार गर्नु हो । अनेक वस्तुहरूलाई छुट्टा-छुट्टै थाहा पाउनु उनीहरूको सम्बन्ध थाहा पाउनु होइन । उनीहरूको तुलना नगरीकन, एउटा अर्कोभन्दा सानो छ भन्ने विचार नगरीकन मलाई एउटा ठूलो लट्ठीको र एउटा सानो लट्ठीको विचार एकै चोटि हुन सक्तछ, जस्तो कि मेरा औंलाहरू नगनीकन मेरो जम्मै हात म देख्न सक्तछु । जब मेरो चेतनाहरू हुन्छन् त्यो बेला मेरो मनले उत्पत्ति मात्र गरे तापनि यी तुलनात्मक विचारहरू जस्तो, झन् ठूलो झन् सानो र संख्याका विचारहरू, जस्तो, एक, दुई इत्यादि अवश्य नै चेतनाहरू होइनन् ।

हामीलाई यो बताइएको छ कि चेतनशील प्राणीले चेतनाहरूमा भएका स्वाभाविक भेदहरूद्वारा चेतनाहरूलाई परस्परबाट छुट्याउँदछ; यसको निम्ति व्याख्याहरू चाहिन्छन् । जब चेतनाहरू भिन्दै हुन्छन्, चेतनशील प्राणीले तिनीहरूका भेदहरूद्वारा तिनीहरूलाई छुट्याउँदछ; जब तिनीहरू उस्तै हुन्छन्, एउटा अर्कोदेखि भिन्दै हो भन्ने उसलाई थाहा भएकोले उसले तिनीहरूलाई छुट्याउँदछ । नत्रभने, साथसाथै अनुभव भएका दुइटा उस्तै वस्तुहरूका बीचको भेद उसले कसरी थाहा पाउन सक्तथ्यो ? उसले स्वभावतः दुई वस्तुहरूको बीचमा अलमलिएर तिनीहरूलाई एउटै भन्ने ठान्दथ्यो, खास गरेर त्यस प्रथामा जसले यो बताउँदछ कि स्थान या समयका प्रतिरूपक चेतनाहरूको विस्तार हुँदैन । तुलना गरिनुपर्ने दुई चेतनाहरूलाई जब हामी थाहा पाउँदछौं उनीहरूको विचार बनिहाल्दछ; प्रत्येक वस्तु थाहा हुन्छ, दुवै वस्तु थाहा हुन्छन्; तर यो सबै भए तापनि उनीहरूको सम्बन्ध थाहा हुँदैन । यदि यो सम्बन्धको विचार केवल चेतना मात्र हुँदो हो र वस्तुबाटै मात्र ममा आउँदो हो त मेरा विचारहरू कहिले पनि गलत हुने थिएनन्, किनभने जो म थाहा पाउँछु त्यो म थाहा पाउँछु भन्ने कुरा कहिले पनि असत्य हुँदैन ।

तब यी दुई लट्ठीहरूका बीचको सम्बन्धको विषयमा म किन गलत हुन्छु, खास गरेर जब उनीहरू समानान्तर छैनन् ? उदाहरणस्वरूप, सानोचाहिं लट्ठो ठूलो चाहिं लट्ठीको चौखण्डी हुँदा हुँदै मैले यसलाई त्रिखण्डी छ भन्ने किन ? तसबीर चेतना हो, जसको तसबीर लिइएको छ, त्यो नमूना, बान्की या आकार वस्तु हो; तब त्यो तसबीर त्यो नमूनासदृश हुँदैन, किन ? त्यो भएको किनभने, जब म विचार गर्दछु त्यस बेला म क्रियाशील हुन्छु, फेरि

किनभने तुलनाको काममा गलती हुन्छ र फेरि किनभने जुन समझले सम्बन्धहरूबारे विचार गर्दछ त्यो मेरो समझले चेतनाहरूको सत्यतासँग आफ्ना गलतीहरू मिसाइदिन्छ, जसले मात्र मलाई वस्तुहरू प्रकट गराइदिन्छन् ।

यसमा एउटा विचार थप, र मलाई निश्चय लाग्दछ कि तिमीले यस विषयमा विचार गर्‍यौ भने यसलेले तिम्रो मनमा प्रभाव पार्नेछ । त्यो यही हो– यदि हाम्रा चेतनाहरूको प्रयोगमा हामी शुद्ध निष्क्रिय रह्यौं भने उनीहरूका बीच पारस्परिक संसर्ग या सम्बन्ध हुँदैन । यो कुरा थाहा पाउन असम्भव हुन्छ कि हामीले स्पर्श गरिरहेको वस्तु र हामीले देखिरहेको वस्तु उही हो । या त हामी आफूदेखि बाहिरको कुनै कुरा पनि कहिले पनि थाहा पाउँदैनौं या हाम्रा निमित्त इन्द्रियहरूले थाहा पाउने पाँच तत्त्व हुन्छन् जसको पहिचान गर्ने कुनै पनि उपाय हामीसँग हुँदैन ।

मेरो मनको यो शक्ति जसले मेरा चेतनाहरूलाई सँगसँगै ल्याउँदछ र उनीहरूको तुलना गर्दछ त्यसलाई मन, ध्यान, विचार या तिमीलाई जो इच्छा लाग्दछ त्यो संज्ञा दिए हुन्छ; तथापि यो सत्य हो कि यो ममा छ, वस्तुहरूमा छैन र वस्तुहरूबाट विचार पाएपछि मात्र मैले यसलाई पैदा गरे तापनि यसलाई पैदा गर्ने मै मात्र हुँ । थाहा पाउन या थाहा नपाउन मलाई कर लागेता पनि जो म थाहा पाउँदछु त्यसलाई धेरै या थोरै जाँच्न म स्वतन्त्र छु ।

अब आत्मविषयमा निश्चित भएपछि म आफूदेखि बाहिरका वस्तुहरूलाई हेर्न थाल्दछु, र भयभीत भएर थरथर काम्दै म आफूलाई यस विशाल विश्वमा जथाभावी फ्याँकिएको, अस्तित्वहरूको विशाल संख्यामा चुर्लुम्म डुबेको, र तिनीहरू आफैं के हुन् या मसितको सम्बन्धमा के हुन् त्यो कुनै कुरो थाहा नपाउने देख्तछु । म तिनीहरूको अध्ययन गर्दछु, म तिनीहरूको बिचार गर्दछु; र तिनीहरूसित तुलनाका निमित्त जुन पहिला वस्तुले आफैं सुझाउ गर्दछ त्यो मै हुँ ।

इन्द्रियहरूद्वारा जो म थाहा पाउँदछु त्यो सबै नै वस्तु हो, र म वस्तुका सँगै मुख्य गुणहरूलाई चेतनशील गुणहरूबाट निकाल्दछु जसले मलाई यो थाहा पाउने तुल्याउँदछन् र जसलाई यसबाट अलग तुल्याउन सकिंदैन । कहिले म यसलाई चलेको देख्तछु, कहिले निश्चल देख्तछु । यसबाट म यो कुरा निकाल्दछु कि यसका निमित्त न त चालको न त निश्चलताको आवश्यकता छ; तर चाल क्रिया हुनाले त्यो कुनै कारणको नतीजा हो, जसको अनुपस्थिति निश्चलता हो । त्यसकारण वस्तुमाथि काम गर्ने जब कुनै कुरा हुँदैन, तब यो चल्दैन र

यसका निम्ति चाल र निश्चलता बेप्रयोजनका कुरा भएकाले नै यसको प्राकृतिक अवस्था निश्चलताको अवस्था हो ।

म वस्तुहरूका दुई प्रकारका चालहरू थाहा पाउँदछु– प्राप्त चाल र सहज या प्राकृतिक चाल । पहिलो कारण वस्तुदेखि बाहिरको हुन्छ, दोस्रो कारण वस्तुभित्रकै हुन्छ । त्यसबाट भनूँ कि, कुनै घडीको चाल सहज हुन्छ भनेर म निष्कर्षमा आउँदिनँ किनभने मूलकमानीमाथि बाहिरी कारणले काम गरेन भने यो कमजोर हुँदै जान्छ र घडी चलन छोड्छ । उसै कारणले तरल पदार्थहरूका चालहरू प्राकृतिक हुन् भनेर मैले मान्नु हुँदैन, न त मैले आगोको चाल प्राकृतिक हो भनेर मान्नु हुन्छ, जसले ती पदार्थहरूलाई तरल तुल्याउँदछ ।

प्राणीहरूका चालहरू प्राकृतिक हुन् कि भनेर तिमी मलाई सोधौला; मेरो उत्तर हुन्छ, "म भन्न सक्तिनँ", तर सादृश्यले त्यस दिशातिर औंल्याउँदछ । तिमी मलाई फेरि सोध्नेछौ, "प्राकृतिक चालहरू हुन्छन् भन्ने कुरा तपाईंलाई कसरी थाहा हुन्छ ?" म तिमीलाई बताउँछु, "म यो जान्दछु किनभने म तिनीहरूलाई थाहा पाउँदछु ।" म आपनो पाखुरा चलाउन चाहन्छु र मेरो इच्छा सिवाय चालको अरू कुनै तात्कालिक कारणविना म यो चलाउँदछु । कुराले जितेर यस विचारबाट मलाई हटाउन अरूहरू व्यर्थ प्रयास गर्दछन्; यो कुनै प्रमाणहरूभन्दा बलियो छ; मेरो अस्तित्व छैन भन्ने कुरामा मलाई विश्वस्त तुल्याउन तिमी पनि कोशिश गर्न सक्छौ ।

यदि मानिसका कामहरूमा र पृथ्वीमा हुने कुनै कुरामा पनि सहजत्व या प्रकृतित्व नहुँदो हो त सबै चालका निमित्त पहिलो कारणको कल्पना गर्नु ज्यादै कठिन हुने थियो । मेरो कुरा गरूँ भने त म यत्तिको विश्वस्त छु कि वस्तुको प्राकृतिक अवस्था निश्चल अवस्था हो र यसको काम गर्ने शक्ति आफैमा हुँदैन; जब म कुनै वस्तु चलेको देख्तछु म तुरुन्त यो सम्झन्छु कि यो कि त कुनै जीवित शरीर हो कि त यसको यो चाल प्रदत्त चाल हो । कुनै जड वस्तु आफ-से-आफ चल्दछ या यसले कुनै काम गर्दछ भन्ने कुरालाई स्वीकार गर्न कुनै तरहबाट पनि म अस्वीकार गर्दछु ।

तथापि यो दृष्टिमा पर्ने विश्व वस्तुको बनेको हुन्छ; यो वस्तु विस्तृत र जड हुन्छ जसको कुनै सम्बन्धित मिलान हुँदैन, कुनै इन्द्रिय-सङ्गठन हुँदैन, कुनै जीवित शरीरका भाग या अंशहरूको सामान्य विचार हुँदैन, किनभने यो निश्चय छ कि जुन अंशहरू हुन् तिनीहरूलाई समूचा या सिङ्गैको ज्ञान हुँदैन । यो उही विश्व चलिरहेको छ, र यसका क्रमिक, एकनासका अटल

नियमहरूमा बद्ध चालहरूमा यसको कुनै त्यो स्वतन्त्रता छैन, जो मानिस र पशुपक्षीहरूका सहज चालहरूमा देखिन्छ। यसनिमित्त विश्व त्यो अजङको जनावर हो, जो आफ्नै इच्छाअनुसार चल्दछ; तसर्थ यसका चालहरू कुनै बाह्य कारणको हेतुबाट हुन्छन्, जुन कारण म थाहा पाउन सक्तिनँ; तर आन्तरिक आवाजले यो कारण मलाई यस्तो स्पष्टसित बताउँदछ कि सूर्यको मार्ग यसलाई चलाउने शक्तिको कल्पना नगरीकन म देख्न सक्तिनँ, र जब पृथ्वीले परिक्रमा गर्दछ, तब म विचार गर्दछु कि म त्यो हात देख्तछु, जसले यसलाई चलाउँदछ।

यदि मैले ती सर्वसाधारण नियमहरू मान्नैपर्छ भने जसको वस्तुसँगको प्रमुख सम्बन्ध मलाई थाहा हुँदैन, तब म कति टाढा पुगेको हुन्छु? यी नियमहरू वास्तविक वस्तु या पदार्थ नभएकोले मलाई थाहा नहुने तिनीहरूको अर्को कुनै आधार हुन्छ। यी नियमहरूले आफ्ना कारणहरू नदेखाईकन नतीजाहरू देखाउँदछन्; तिनीहरू संसारको क्रम र विश्वको गतिको व्याख्या गर्न बिलकुल अपर्याप्त छन्। डेस्कार्टेसले आफ्नो अक्षको सहायताले आकाश र पृथ्वी तुल्याए; तर उनले आफ्नो अक्षलाई चलाउन सकेनन्, न त परिक्रमणको सहायताविना उनको केन्द्रबाट फैलिने शक्तिको कामको आरम्भ उनले गर्न सके। न्यूटनले आकर्षण-शक्तिको नियम पत्ता लगाए; तर आकर्षण-शक्तिले मात्र विश्वलाई एउटा निश्चल राशि बनाउने होइन; ग्रह नक्षत्रहरूको अण्डाकार मार्गको कारण बताउनाको निम्ति एउटा अरू कुनै धकेल्ने शक्ति छ भन्ने कुरा मात्र उनलाई कर्रै लागेको थियो। जुन हातले ग्रह–नक्षत्रहरूलाई उनीहरूको मार्गको स्पर्शरेखामा फ्याँकेर राखिदियो त्यो हात न्यूटनले देखाइदिऊन्।

चालका पहिला कारणहरू वस्तुमा पाइँदैनन्। वस्तुले चाल प्राप्त गर्दछ र सार्दछ, तर यसलाई पैदा गर्दैन। प्रकृतिका शक्तिहरूको आफू–आफूमा पर्ने क्रिया र प्रतिक्रियाहरूलाई जति जति विचार गरेर म हेर्दछु उति उति म देख्तछु कि हामीले सधैं कुनै इच्छाको पहिला कारणमा नआइपुगुन्जेलसम्म एक परिणामबाट अर्को परिणाममा फर्केर जानुपर्दछ, किनभने सधैं नै एकपछि अर्को कारण भइरहन्छ भन्ने सम्झनु पहिला कारण छँदै छैन भन्ने सम्झनु हो। संक्षेपमा, आफ–से–आफ हुने क्रियाद्वारा बाहेक कुनै चाल पनि अर्को चालद्वारा हुन सक्तैन। जड वस्तुहरूको चाल बाहेक अरू क्रिया हुँदैन र इच्छाविना कुनै वास्तविक क्रिया हुँदैन। मेरो पहिला सिद्धान्त यही हो। तसर्थ म विश्वास गर्दछु

कि एउटा इच्छा छ जसले विश्वलाई चलाउँदछ र प्रकृतिलाई जीवन दिन्छ । मेरो पहिला धार्मिक सिद्धान्त या मेरो मनको पहिला दफा यही हो ।

कुनै इच्छाले शारीरिक क्रियाको उत्पत्ति कसरी गर्दछ ? म त्यो भन्न सक्तिनँ, तर म थाहा पाउँदछु कि त्यसले यस्तो मैमा गर्दछ । म कुनै कुरा गर्न इच्छा गर्दछु र म त्यो गर्दछु । म मेरो शरीर चलाउन चाहन्छु र यो चल्दछ, तर कुनै जड वस्तु निश्चल रहेको बेलामा आफैं चलन थाल्दछ भने त्यो कुरा अबोध्य हुन्छ र यस्तो अघि कहिले पनि नभएको कुरा हुन्छ । त्यो इच्छा यसको प्रकृतिमा होइन कि यसको क्रियामा मलाई थाहा हुन्छ । म यो इच्छा चालको कारण हो भन्ने जान्दछु, तर वस्तु नै चालको उत्पत्ति गराउने हो भन्ने ठान्नु स्पष्टतया कारणविनाको परिणाम हो भन्ने ठान्नु हो, जुन कुरा बिलकुल ठान्न नहुने कुरा हो ।

मेरा चेतनाहरूले मेरो मनलाई कत्तिको असर पार्दछन् त्यो थाहा पाउनुभन्दा मेरो इच्छाले कसरी मेरो शरीरलाई चलाउँदछ त्यो थाहा पाउनु मेरो निम्ति ज्यादा असम्भव कुरा छ । म यो पनि जान्दिनँ कि यी रहस्यहरूमध्ये एउटा चाहिँ किन अर्को चाहिँभन्दा कम गूढ प्रतीत हुन्छ । मेरो आफ्नै कुरा गरूँ भने, म सक्रिय होऊँ वा निष्क्रिय होऊँ दुई वस्तुहरूको एकताको माध्यम मलाई बिलकुल अबोध्य प्रतीत हुन्छ । यो बडो आश्चर्यको कुरा छ कि यही अबोध्यत्वलाई नै मानिसहरू दुई वस्तु मिलाउनेतर्फ एक खुडकिलो बनाउँदछन् र किसिममै यस्तो भिन्नता भएका कुराहरूलाई दुइटामाभन्दा एउटैमा व्याख्या गर्न सजिलो हुन्छ भनेझैं ठान्दछन् ।

मैले बताएको धर्म–सिद्धान्त अवश्य नै अस्पष्ट छ; तर कम–से–कम यसले एउटा तात्पर्य बुझाउँदछ र यसमा तर्क–सङ्गत कुरा या अनुभवको विरुद्ध केही छैन; के हामी भौतिकताको विषयमा त्यत्तिकै भन्न सक्तछौं ? के यो स्पष्ट छैन कि वस्तुमा चाल हुनैपर्दछ भने त्यो यसबाट अलग रहन सक्तैन, त्यो सधैं त्यसमा उत्तिकै मात्रामा रहन्छ, वस्तुको हरेक कणमा सधैं उही रहन्छ, यसलाई सार्न सकिँदैन, यो न बढ्न सक्तछ नघट्न सक्तछ, न त हामी वस्तु कहिल्यै निश्चल अवस्थामा रहेको विचार गर्न सक्तछौं ? जब तिमी मलाई वस्तुमा चाल हुनैपर्दछ भन्ने कुरा त छैन तर यसका निमित्त यो आवश्यक त छ भन्ने कुरा बताउँदछौ तिमी मलाई कुराहरूले ठग्न खोज्दछौ, जुन कुराहरूमा अलि बढ्ता अर्थ भइदिएको भए झूट साबित गर्न सजिलो हुने थियो; किनभने या त वस्तुको चालको उत्पत्ति वस्तुबाटै हुन्छ र त्यस कारण यसमा यो हुनै-

पर्दछ; या त बाहिरी कारणहरूबाट यसको उत्पत्ति हुन्छ र वस्तुका निमित्त यसको आवश्यकता छैन, किनभने चलाउने कारणले यसमाथि काम गर्दछ; अब हामी फेरि पहिलेकै मौलिक कठिनाइमा फर्केर आएका छौं ।

मानिसको गल्तीको मूल स्रोत सर्वसाधारण र भाववाचक विचारहरूमा पाइन्छ; आत्मज्ञानविद्याको नबुझिने अन्ठयाङमन्ठयाङ कुराले कहिल्यै कुनै एउटा सत्यतालाई पनि पत्ता लगाएको छैन, र दर्शन–शास्त्रलाई गल्तीहरूले भरिपूर्ण पारेको छ जुन यसका लम्बे लम्बे पदहरू हटाइदिनका साथ हाम्रा निमित्त एउटा शरमको कुरा हुन आउँदछ । ए मेरो दोस्त, मलाई यो कुरा बताऊ कि जब मानिसहरूले तिमीलाई प्रकृतिभर फैलिएको कुनै अन्धो शक्तिको कुरा बताउँदछन् तब के तिनीहरूले तिम्रो मनमा कुनै सच्चा विचार उठाउँदछन् ? उनीहरू विचार गर्दछन् कि—जगद्व्यापी शक्तिप्रधान चाल—यस्ता अस्पष्ट वचनहरूले केही बताइरहेछन्, तर उनीहरूले बिलकुल केही पनि बताइरहेका छैनन् । चालको विचार एक ठाउँबाट अर्को ठाउँमा सर्ने विचार सिवाय अरू केही होइन; दिशाबिना चाल हुँदैन; कुनै व्यक्ति पनि सबतिर एकैचोटी चल्न सक्तैन । तब कुन दिशामा वस्तुले चल्नैपर्ने हुन्छ त ? के वस्तुको समूचा अङ्गको एकैनासको चाल हुन्छ, या हरेक कणको आफ्नै चाल हुन्छ ? पहिलो विचारअनुसार समस्त ब्रह्माण्डको एउटै खँदिलो र विभाजन गर्न या छुट्याउन नसकिने थुप्रो हुनुपर्दछ; दोस्रो विचारअनुसार यसले फैलिएको र नमिलेको तरल पदार्थ मात्र बनाउन सक्तछ जसले दुइटा कणहरूको मिलान असम्भव तुल्याउँदछ । यस चालले सबै वस्तुमा मिल्ने गरी कुन दिशा लिन्छ त ? के यो सोझो रेखामा, चक्रमा, या माथिबाट तलतिर, दाहिने या देब्रेतिर हुन्छ ? यदि हरेक कणको आफ्नो आफ्नो दिशा हुन्छ भने यी सबै दिशाहरूका र यी सबै भिन्नताहरूका कारणहरू के हुन् ? यदि हरेक कण अणु आफ्नै अक्षांश–रेखामा मात्र घुमिरह्यो भने कुनै कुराले पनि आफ्नो ठाउं छोड्दैन र अरूबाट पठाइएको वा सारिएको चाल हुँदैन, र तैंपनि यो वरिपरि घुम्ने चालले पनि कुनै दिशाको अनुसरण गर्नुपर्ने हुन्छ । विचारले वस्तुहरूलाई चल्ने तुल्याउनु अर्थहीन पदहरू भन्नु हो, र वस्तुहरूसँग कुनै दिशाको सम्बन्ध लगाउनु कुनै इच्छित कारणको कल्पना गर्नु हो । म जति जति उदाहरणहरू लिन्छु उति उति कारणहरूको व्याख्या मैले गर्नुपर्ने हुन्छ । तर तिनीहरूलाई नियन्त्रण गर्ने कुनै साझा तत्त्व कहिले पनि म भेट्टाउन सक्तिनँ । तत्त्वहरूको दैवात् हुने मिलानमा क्रमको पूरा अनुपस्थितिको मनमा

चित्रण गर्न असमर्थ हुनु त परै रहोस् म यस्तो बेमिलानको कल्पना पनि गर्न सक्तिनँ, र विश्वको मिलानकोभन्दा गोलमालको समझ समा कम छ । म बुझ्न सक्तछु कि विश्वको यन्त्र मानिसको मनले नबुझ्ने हुन सक्तछ, तर जब मानिस यसको व्याख्या गर्ने काममा लाग्दछ उसले त्यो भन्नुपर्दछ, जुन मानिसहरू बुझ्न सक्तछन् ।

यदि चल वस्तुले मलाई इच्छातिर औँल्याउँदछ भने चल वस्तुले मलाई यसका निश्चत नियमहरूअनुसार बुद्धितिर औँल्याँउदछ; मेरो धर्म–सिद्धान्तको दोस्रो दफा यही हो । काम गर्नु, तुलना गर्नु, छानबिन गर्नु क्रियाशील तथा विचारशील प्राणीका कामहरू हुन्; यस निमित्त यो प्राणी जीवित रहन्छ । तिमी भनौला, ऊ जीवित रहेको तपाइँ कहाँ पाउनुहुन्छ ? परिक्रमा गरिरहेका ग्रह–नक्षत्रहरूमा, हामीलाई प्रकाश दिने सूर्यमा मात्र होइन, मैमा मात्र होइन, तर चर्ने भेडामा, उड्ने चरामा, तलतिर खस्ने ढुंगामा, बतासले उडाएको पातमा ।

म यसको तात्पर्य केही बुझ्दिनँ तापनि म संसारको क्रमको विचार गर्दछु; किनभने यस क्रमको विचार गर्न भागहरूमा एउटा अर्कोसँग तुलना गर्नु, उनीहरूको मिलापका सम्बन्धहरूको अध्ययन गर्नु, उनीहरूको सम्मिलित क्रियालाई विचार गरेर हेर्नु, यति नै मेरो निमित्त पर्याप्त छ । किन यो ब्रह्माण्ड रहेको हो त्यस कुराको ज्ञान मलाई छैन, तर कसरी यो बदलिन्छ त्यो म हरबखत देख्तछु; म त्यो घनिष्ठ सम्बन्ध थाहा पाउनलाई कहिले पनि चुक्तिनँ जसको कारणले गर्दा जुन स्थितिहरूले यो विश्व बनेको छ ती स्थितिहरूले परस्परमा सहायता गर्दछन् । म त्यो मानिस जस्तो छु जसले पहिला चोटि जेबघडीको काम देखेको छ; उसले त्यस यन्त्रको प्रयोग थाहा नपाएको भए तापनि र उसले कहिले पनि यसको मुख नदेखेको भए तापनि ऊ त्यसको प्रशंसा गर्न कहिले पनि थाक्तैन । ऊ भन्दछ:– यो केका निमित्तको हो म जान्दिनँ, तर म यो देख्तछु कि यसको हरेक भाग अरू बाँकी भागसित मिलाएर जडिएको छ; म त्यस कालिगडलाई उसको कामको हरेक कुरामा तारीफ गर्दछु, र मलाई निश्चय छ कि यी सबै पांग्राहरू यस प्रकाशित कुनै साजा उद्देश्यले सँग-सँगै काम गर्दछन् जो म थाहा पाउन सक्तिनँ ।

खास उद्देश्यहरू, उपायहरू, र हरेक प्रकारका क्रमिक सम्बन्धहरूलाई हामी तुलना गरौं, अनि हृदयको भित्री स्वरलाई ध्यान दिएर सुनौं; यसको प्रमाणलाई या साक्षित्वलाई कुन स्वस्थ मनले तिरस्कार गर्न सक्तछ ? गलत

विचारहरूले आँखा अन्धा नभएका भए के तिनीहरू विश्वको दृश्य क्रमले कुनै परम बुद्धिको घोषणा गर्दछ भन्ने कुरा देख्न सक्तैनन् ? विश्वको अस्तित्वको मिलाप र बाँकीको सहाराको निमित्त हरेक भागको आश्चर्यजनक मिलानलाई हामीले बुझ्न सक्नुभन्दा अघि कस्ता मिथ्या ठगी कुराहरूलाइ सँगसँगै जुटाएर ल्याउनुपर्दछ ? मिलानहरू र सम्भावनाहरूको बारेमा तिमीलाई जे मन लाग्दछ भन; यदि तिमी मेरो मन्जूरी पाउन सक्तैनौ भने मलाई चूप तुल्याएर तिमीलाई के लाभ हुन्छ ? आफ-से-आफ उठ्ने मेरो विचारको अपहरण गर्न तिमी कसरी सक्तछौ, जसले तिमीलाई सधैँ मिथ्या कुरा बताउँदछ । यदि निश्चित रूप लिनुभन्दा अगाडि इन्द्रिययुक्त शरीरहरू अकस्मात् हरेक प्रकारले एकै चोटी आएका भए, यदि मुखविना पेटहरू बन्द छन् भने, टाउकाविना खुट्टा बन्द छन् भने, पाखुराविना हात बन्द छन् भने, आफूलाई बचाउन नसकेर मरेका हरेक किसिमका अपूरा अङ्गहरू छन् भने किन यी अपूरा प्रयासहरूमध्ये एउटा पनि अहिले हाम्रा आँखाका अगाडि पर्दैनन् ? जुन नियमहरूलाई प्रकृतिले पहिले मानेको के थिएन तिनै नियमहरूलाई आखिरमा प्रकृतिले आफूमाथि लगाएको हो ? जुन कुरा सम्भव छ । यदि त्यो हुन्छ भने र यदि घटनाको असम्भवताबाट हुने हानिलाई प्रयासहरूको संख्याले पूर्ति गरिदिन्छ भने मलाई अवश्य नै आश्चर्य लाग्नु हुँदैन । म यो मान्दछु; तथापि यदि कसैले मलाई टाढा-टाढासम्म छरिएका छापिएका अक्षरहरूले जम्मै एनिडलाई पूरासित तयार गराएको हो भन्यो भने त्यो असत्यलाई प्रमाणित गर्नको निम्ति म एक पाइला चाल्न पनि मन्जूर गर्नेछैन । असंख्य प्रयत्नहरूलाई तपाइँ बिर्सिरहनुभएको छ भनेर तिमी मलाई भनौला । तर त्यस मिलानलाई सम्भावनाको परिधिभित्र ल्याउन मैले यस्ता कति प्रयत्नहरूलाई मान्नुपर्दछ ? मेरो आफ्नो तरफबाट त एक मात्र सम्भव मानिलिने कुरा यो हो कि त्यो काम संयोगको काम होइन भनेर मान्नलाई मानिसका निम्ति असंख्य मौकाहरू छन् । यसदेखि बाहेक संयोगले हुने मिलानहरूले सम्मिलित तत्त्वहरू जस्तै एउटै प्रकृतिका कुराहरू सिवाय अरू कुनै कुराको उत्पत्ति गराउँदैनन्; यसनिम्ति जीवन र इन्द्रिय-संगठनको उत्पत्ति कणहरूको प्रवाहबाट हुँदैन, र कुनै रासायनिकले आफ्ना रसायनहरू उसको घरियामा मिलाउँदा उसले कहिले पनि तिनीहरूमा आफ्नो विचार र चित्त लगाउँदैन ।

जब मैले निउवेन्तितको अध्ययन गरें त्यो वेला म अचम्म र ज्यादै दुःखित भएँ । यी व्यक्तिले प्रकृतिका आश्चर्यहरूबाट एउटा पुस्तक बनाउने

इच्छा कसरी गर्नसके जुन आश्चर्यहरूले प्रकृतिका निर्माताको बुद्धि देखाउँदछ ? उनले आफ्नो विषय सिध्याउनुभन्दा अगाडि उनको पुस्तक संसार जत्तिकै ठूलो हुने थियो; र जब हामी आश्चर्यहरूमध्ये सबभन्दा ठूलो आश्चर्यको हरेक बयान दिन थाल्दछौं, तब सारा कुराको मेल र मिलान हामीबाट फुत्केर भाग्दछ । जीवित इन्द्रियवाला शरीरहरूको एक पुस्ता मात्र पनि मनुष्यको मनका निमित्त नैराश्यको कुरा छ; उनीहरू आपसमा नमिसियून् भनेर विभिन्न किसिमहरूका बीच प्रकृतिले खडा गरेको जुन छेकबार छ त्यही नै उसको इच्छाको स्पष्ट प्रमाण छ । ऊ क्रम बसालेर मात्र सन्तुष्ट छैन, त्यस क्रममा हुने गोलमाल रोक्नको लागि उसले प्रशस्त उपाय गरेको छ । विश्वमा कुनै यस्तो जीव या वस्तु छैन जसलाई कुनै न कुनै रूपमा सबको केन्द्र मान्न सकिंदैन, जसको वरिपरि तिनीहरू एकत्रित गरिएका हुन्छन्, ताकि ती सबै परस्परको सम्बन्धमा आपस-आसपमा प्रयोजन र उपाय हुन्छन् । यी असंख्य सम्बन्धहरूका बीच मन घबराउँदछ र गुम हुन्छ, तर यिनीहरूमध्ये एउटा पनि त्यस भीडमा आफूचाहिं घबराउँदैन, न त यो कहिल्यै गुम हुन्छ । संयोगले चलाइएको वस्तुको अन्धो यन्त्रबाट यो सब मिलान निकाल्नलाई कस्ता अनुचित कुराहरूलाई मानिलिनुपर्छ ? यो महान् सिङ्गोका सबै अंशहरूका सम्बन्धहरूमा देखाइएको इच्छाको एकतालाई जसले इनकार गर्दछन्, तिनीहरूले यो व्यर्थ गर्दछन्, तिनीहरू व्यर्थ भाववाचक कुराहरूको, समतुल्यताहरूको, सर्वसाधारण सिद्धान्तहरूको, साङ्केतिक वचनहरूको मुनितिर आफ्नो मूर्खतालाई लुकाउँदछन् । तिनीहरू जेसुकै गरून् यदि म उनीहरूमाथि हुकूमत चलाउने कुनै बुद्धिमा विश्वास गर्दिनँ भने यस्तो मजबूतीसाथ क्रमबद्ध भएका अस्तित्वहरूको स्थितिको विचार गर्नु मेरा निमित्त असम्भव हुन्छ । निष्क्रिय र निर्जीव वस्तुले जीवित र चेतनशील प्राणीहरूको उत्पत्ति गराउन सक्तछ, अन्धो संयोगले बुद्धियुक्त प्राणीहरूको सृष्टि गरेको छ, विचार नगर्ने जड वस्तुले विचार गर्ने जीवहरूको उत्पत्ति गराएको छ भन्ने कुरामा विश्वास गर्नु मेरो शक्तिभित्र छैन ।

अतएव म विश्वास गर्दछु कि यस विश्वलाई कुनै बुद्धिमान् र शक्तिमान् इच्छाले नियम र अनुशासनमा चलाएको छ । म यो देख्तछु या अझ बरु थाहा पाउँदछु, र थाहा पाउनु ठूलो कुरा छ । तर के यो उही संसार सधैं रहिआएको थियो या यो सृष्टि गरिएको हो ? के सब कुराको मूल एउटै छ ? दुइटा छन् कि धेरै छन् ? उनीहरूको प्रकृति के छ ? यो मलाई थाहा छैन; र

यो के मेरो सरोकारको कुरा हो र ? जब यी कुराहरू मेरा निम्ति जरूरी हुन आउलान् म तिनीहरूलाई सिक्न कोशिश गरुँला । तबसम्मलाई यी निरर्थक विचारहरूलाई म शपथ खाएर छोडिदिन्छु । जसले मेरो शान्ति भङ्ग गर्न सक्तछन्, तर मेरो आचरणलाई असर गर्न सक्तैनन् न त मेरो विचार शक्तिले तिनीहरूलाई बुझ्न सक्तछ ।

यो सम्झ कि म आफ्नै विचारको प्रचार गरिरहेको छैन, तर यसको व्याख्या गरिरहेको छु । वस्तु नित्य रहेको होस् वा सृष्टि भएको होस्, यसको मूल निष्क्रिय होस् वा नहोस्, यो निश्चय छ कि पूर्णता एउटै हुन्छ र यसले एउटै बुद्धि जनाउँदछ; किनभने म उही एउटै क्रमिक स्थितिको अंश नभएको र उही प्रयोजनका निमित्त मेल नगर्ने अर्थात् संस्थापित क्रमभित्रका सबै कुराको रक्षा या बचाउ नगर्ने कुनै कुरा पनि देख्तिनँ । यो जीवात्मा जसले इच्छा गर्दछ र आफ्नो इच्छालाई पूर्ण गर्न सक्तछ, यो जीवात्मा जो आफ्नै शक्तिद्वारा सक्रिय छ, यो जीवात्मा जो जहाँसुकै हुन सकोस् र जसले विश्वलाई चलाउँदछ र सब कुरामाथि हुकूमत गर्दछ त्यसैलाई म परमेश्वर भन्दछु । यसै नाममा म मैले सँगसँगै ल्याएका बुद्धि, शक्ति, इच्छा र यिनीहरूको आवश्यक परिणाम–जो कृपा हो यी सबैका भावनाहरू जोड्दछु; तर यो सबै भए तापनि जसमा म यी सब गुणहरू संलग्न गराउँदछु त्यो जीवात्माको विषयमा म अरू केही जान्दिनँ । मेरा चेतनाहरू र मेरो समझबाट त्यो लुक्तछ; म जति जति उसको बारेमा विचार गर्दछु उति उति अक्कल गुम हुन्छ; म यो पूरा जान्दछु कि त्यो छ र त्यो स्वयमेव रहन्छ; म जान्दछु, मेरो अस्तित्व उसको अस्तित्वमा निर्भर रहन्छ, र जति कुरा म जान्दछु त्यो पनि उसैमा निर्भर रहन्छ म परमेश्वरलाई उनका कामहरूमा जहाँ पनि देख्तछु; म उनलाई आफूभित्र थाहा पाउँदछु; म उनलाई आपनो वरिपरि सबतिर देख्तछु; तर यदि मैले उनकै विचार गर्ने प्रयत्न गरें भने, यदि मैले उनी कहाँ छन्, के हुन्, उनको सत्त्व के हो भन्ने पत्ता लगाउन प्रयास गरें भने उनी भाग्दछन् र मेरो दुःखी आत्माले केही पनि भेट्टाउँदैन ।

आपनो अयोग्यतामा विश्वस्त भएकोले, यदि म आफूसितका उनका सम्बन्धहरूको विचारले त्यसतिर धकेलिइनँ भने परमेश्वरको प्रकृतिको विषयमा कहिले पनि वाद–विवाद गर्नेछैन । यस्ता तर्कहरू सधैं नै विचारहीन हुन्छन्; बुद्धिमान् मानिसले यस्ता तर्कहरूमा भयभीत भएर साहस गर्नुपर्दछ; उसले निश्चय गर्नुपर्दछ कि उसले कहिले पनि तिनीहरूको गहराइको नापो लिन सक्तैन; किनभने परमेश्वरप्रतिको सबभन्दा अभिमानी भाव उनको विषयमा

विचार गर्नुबाट हट्नु, होइन किन्तु उनको खराबी चिताउनु हो ।

उनको अस्तित्व थाहा पाउन मलाई समर्थ तुल्याउने उनका गुणहरू पत्ता लागेपछि म आफूतिर फर्कन्छु, र उनको नियममा चलेका र मैले आफैं जाँच्न सक्ने वस्तुहरूको क्रममा मेरो स्थान कुन हो त्यो पत्ता लगाउन प्रयास गर्दछु । तुरुन्त र निःसन्देह म आफ्नो किसिम पत्ता लगाउँछु; किनभने मेरो आफ्नै इच्छाले र आफ्नो इच्छापूर्ति गर्न नियन्त्रण गर्न सक्ने यन्त्रहरूले गर्दा मेरो वरिपरिका सब जीव र वस्तुहरूमाथि काम गर्न मेरो बढ्ता शक्ति छ; तिनीहरूको कामको प्रयोग गर्नु या तिनीहरूलाई छोड्नु मेरो खुशीमा छ; तर केवल शारीरिक बलले मात्र मेरो इच्छा विरुद्ध ममाथि काम गर्ने तिनीहरूमध्ये कुनैको पनि त्यत्तिको शक्ति छैन । मेरो बुद्धि हुनाको कारणले गर्दा केवल म नै एउटा व्यक्ति हुँ, जसले अरू बाँकी सबैको परीक्षा गर्न सक्तछ । यस पृथ्वीतलमा मानिस सिवाय अरू कुन प्राणीले अरूहरूलाई विचारपूर्वक हेर्न सक्तछ, नाप्न सक्तछ, विचार गर्न सक्तछ, उनीहरूका चालहरू र तिनका परिणामहरू अघिबाटै बताउन सक्तछ, र सर्वसाधारण अस्तित्वको ज्ञानलाई आफ्नो व्यक्तिगत अस्तित्वको ज्ञानसित मिलाउन सक्तछ ? जब केवल म मात्र सबै वस्तुहरूलाई आफैंसित सम्बन्धित तुल्याउन सक्तछु त सबै वस्तुहरू मेरा निमित्त बनेका हुन् भन्ने विचार गर्नमा त्यस्तो अनुचित के हुन्छ ?

त्यस कारण यो सत्य हो कि मानिस पृथ्वीको मालिक हो जहाँ ऊ रहन्छ; किनभने उसले सबै जनावरहरूलाई सधाउने मात्र होइन, उसले यहाँका सबै तत्त्वहरूलाई आफ्नो परिश्रमद्वारा नियन्त्रणमा राख्ने मात्र होइन, तर ऊ मात्र एक हो जसले यसलाई कसरी नियन्त्रणमा राख्ने त्यो जान्दछ । विचारद्वारा ऊ ताराहरूमाथि अधिकार जमाउँदछ जसको नजीक ऊ पुग्न सक्तैन । मलाई पृथ्वीमा अरू कुनै प्राणी देखाऊ, जसले आगो बनाउन सक्तछ र प्रशंसापूर्वक सूर्यलाई हेर्न सक्तछ । के ! के म सबै प्राणीहरू र उनीहरूका सम्बन्धहरूलाई देख्न र जान्न सक्तछु ? के म क्रम, सौन्दर्य र धर्मको अर्थ के हो त्यो थाहा पाउन सक्तछु ? के म विश्वको विचार गर्न सक्तछु र जुन हातले यसलाई यसको बाटोमा डोऱ्याउँदछ त्यस हाततिर आफूलाई उठाउन सक्तछु ? के म सत्लाई प्रेम गर्दछु र यो गर्दछु; तब के मैले आफूलाई पशुहरू जस्तै तुल्याउनु हुन्छ ? अभागी प्राणी ! यो तेरो अन्धकारमय वेदान्त हो, जसले तँलाई पशुहरू समान तुल्याउँदछ; तँ व्यर्थ आफ्नो अधोगति गराउन खोज्दछस्; तेरो बुद्धिले तेरा सिद्धान्तहरूलाई झूट साबित गर्दछ, तेरो दयालु हृदयले तेरा

मतहरूलाई मिथ्या प्रमाणित गर्दछ, तेरा शक्तिहरूको दुष्प्रयोगले समेत तेरो विरोधमा आफ्ना उत्तम गुणहरू दर्शाउँदछन् ।

मेरो तर्फबाट त, मैले कुनै सिद्धान्तलाई समर्थन गर्न प्रतिज्ञा गरेको छैन । म सादा र ईमानदार मानिस हुँ, जसलाई कुनै दलगत स्वार्थले असर पारेको छैन, जसलाई कुनै सम्प्रदायको प्रधान हुने आकांक्षा छैन; जुन स्थानमा भगवान्ले मलाई राखेका छन्, त्यसैमा म सन्तुष्ट छु; म परमेश्वरदेखि अर्को कोही देख्तिनँ, जो मनुष्यजातिभन्दा असल छन्; र यदि सृष्टिको क्रममा मैले आफ्नो स्थान रोज्नुपर्‍यो भने मानिस हुनुभन्दा बढ्ता म अरू के रोज्न सक्थें ।

यस विचारले म घमंडले फुलेको छैन, म यसले गहिरोसित विचलित छु; किनभने यो अवस्था मेरो पसन्दको थिएन, यो त्यस प्राणीका गुणहरूको कारणले भएको होइन जसको अस्तित्व अहिलेसम्म छैन । के यो सम्मानित स्थानमा आफूलाई बधाई नदिईकन, जुन हातले यो दियो उसलाई आशीर्वाद अर्पण नगरीकन आफूलाई यसरी प्रतिष्ठित भएको देख्न सक्तछु ? आत्मातिरको पहिला निवृत्तिले मेरो जातिका निर्माताप्रति कृतज्ञता र धन्यवादको भावना जगाइदिएको छ, र यही भावनाले ती उपकारी भगवान्प्रति मेरो पहिला आदर उब्जाइदिन्छ । म उनको सर्वशक्तिमान् सत्तालाई पूजा गर्दछु र मेरो हृदयले उनका क्रियाहरूलाई स्वीकार गर्दछ । हाम्रा रक्षकको सम्मान गर्नु र हाम्रा उपकारलाई प्रेम गर्नु के यो हाम्रो आत्मप्रेमको स्वाभाविक परिणाम होइन ?

तर आफ्नो जातिभित्र मेरो आफ्नै स्थान पत्ता लगाउने मेरो इच्छामा जब म यसका विभिन्न श्रेणीहरू र तिनीहरूलाई भर्ने मानिसहरूको विचार गर्दछु तब म अहिले कहाँ हुन्छु ? कस्तो दृश्यले मेरा आँखाहरूलाई भेट्तछ ! मैले थाहा पाएको त्यो क्रम अहिले कहाँ छ ? प्रकृतिले मलाई यसका अंशहरूको आपसी मेलको दृश्य देखायो, तर मनुष्यजातिले मलाई गोलमाल र बेथिति सिवाय अरू केही देखाउँदैन । तत्त्वहरूको आपसमा सामंजस्य छ ; मनुष्यहरू गोलमालको अवस्थामा छन् । पशुहरू सुखी छन्; उनीहरूको राजा मात्र दुःखी छ । ए बुद्धि, तेरा नियमहरू कहाँ छन् ? हे भगवान् ! के संसारमाथि तेरो शासन यही हो ? कृपालु परमेश्वर, तेरो शक्ति कहाँ छ ? म पृथ्वीलाई देख्तछु, र यसमाथि अनिष्ट छ ।

ए प्यारा दोस्त, के यो तिमी विश्वास गर्दछौ कि यो दिक्दार विचार-

हरूबाट र स्पष्टै देखिने विरोधी कुराहरूबाट मेरो मनमा आत्माको गंभीर भावनाको रूप खडा भयो, जुन मेरो अहिलेसम्मको खोजीले पत्ता लगाउन सकेको थिएन। जब मैले मनुष्यको प्रकृतिमाथि ध्यानपूर्वक विचार गरें, मैले यसमा दुइटा अलग अलग स्पष्ट सिद्धान्तहरू पत्ता लगाएको जस्तो मलाई लाग्यो; यीमध्ये एउटाले उसलाई नित्यस्थायी सत्यताहरूतिर, न्यायमाथिको प्रेमतिर, सच्चा नैतिकतातिर, बुद्धिमान्‌हरूले विचार गर्न रमाउने विचार–संसारका प्रान्तहरूतिर उठाउँदछ र अर्कोले उसलाई आफ्नै तलतिर लैजान्छ, र उसलाई इन्द्रियहरूको र उनीहरूका हतियार बनेको उत्कृष्ट भावनाहरूको दास तुल्याउँदछ, र पहेलेका सिद्धान्तहरूले उसलाई सुराएको हरेक कुरालाई उल्टाउँछ। यी परस्परविरोधी तात्पर्यहरूले दुःखित भएर जब आफू विचलित भएको थाहा पाएँ मैले भनें–होइन; मानिस एउटै होइन; म इच्छा गर्छु र म इच्छा गर्दिनँ; म आफूलाई दास र उत्तिखेरै स्वतन्त्र मानिस पाउँदछु; जुन कुरा ठीक हो त्यो म थाहा पाउँदछु; म यसलाई मन पराउँदछु र जुन बेठीक छ त्यो म गर्दछु; जब म विवेकको आवाजलाई ध्यान दिएर सुन्दछु तब म जागरूक हुन्छु; जब मलाई मेरा उत्कृष्ट भावनाहरूले सताउँदछन् तब म निष्क्रिय हुन्छु; र जब म आफ्नो हार स्वीकार गर्दछु त्यस वेला मैले यिनीहरूलाई रोवन सकेको भए हुने थियो भन्ने विचारले मलाई ज्यादा दुःख लाग्दछ।

नौजवान, मेरो कुरा विश्वासपूर्वक सुन। म तिमीसँग सधैँ ईमानदार रहनेछु। यदि हिताहितको ज्ञान नै पक्षपातको सिर्जना हो भने म अवश्य गलत छु, र नैतिकताको प्रमाण भन्ने कुरा हुँदै हुँदैन; तर यदि आफूलाई नै पहिले राख्नु मानिसको स्वाभाविक चित्तवृत्ति हो भने, र यदि सत्यको या विवेकको पहिलो भावना फन् अझ मानिसको हृदयभित्र नै उत्पन्न हुने हो भने जसले मानिस एउटा साधारण जीवात हो भन्दछन् तिनीहरूले यी विरोधी कुराहरूलाई हटाऊन्, अनि म मानिस एउटै तत्त्व हो भन्ने कुरा मान्नेछु।

तिमी यो याद राख कि 'तत्त्व' भन्ने यस वचनले म प्रायः सबै खास र दोस्रा गुणहरूदेखि छुट्टै कुनै मौलिक गुणले युक्त प्राणी भन्ने बुझ्दछु। यदि हामीलाई थाहा भएका सबै मौलिक गुणहरू एउटै र उही प्राणीमा सम्मिलित गराउन सकिन्छन् भने हामीले एउटै तत्त्वलाई मात्र मान्नुपर्दछ; तर यदि परस्परदेखि छुट्टाछुट्टै रहने गुणहरू हुन्छन् भने जति जति यस्ता अतिरिक्तहरू हुन्छन् उति उति भिन्न भिन्न तत्त्वहरू हुन्छन्। तिमी यसमाथि विचार गर; मेरो तर्फबाट त, लोकेले जेसुकै भनून्, वस्तुले विचार गर्न सक्तैन भन्ने कुरामा

आफूलाई विश्वस्त तुल्याउनलाई यसको विस्तार र विभाजन मात्र हुन्छ भन्ने मान्नु मेरा निमित्त पर्याप्त छ; यदि कुनै दार्शनिकले रूखहरू थाहा पाउँदछन् र चट्टानहरू विचार गर्दछन् भन्ने मलाई बताउँदछ भने उसले आफ्ना धूर्त कुराहरूले मलाई घबराहटमा पार्नलाई व्यर्थ कोशिश गर्दछ; म उसलाई केवल बेईमान मिथ्यावादी ठहराउँदछु, जसले मानिसको आत्मा हुन्छ भन्नुभन्दा ढुंगाहरूको विचार हुन्छ भन्न पसन्द गर्दछ ।

मानूं कि कुनै बहिरो मानिसले आवाजहरू हुन्छन् भन्ने कुरालाई इनकार गर्दछ, किनभने उसले तिनीहरूलाई कहिले पनि सुनेको हुँदैन । म उसको आँखाको अगाडि एउटा तारको बाजा राख्तछु र उसको नजरबाट लुकाइएको अर्को बाजाद्वारा यसलाई बज्ने तुल्याउँदछु; त्यो बहिरो मानिसले त्यो तार हल्लेको देख्तछ । म उसलाई बताउँदछु, "आवाजले यसलाई त्यो गराउँदछ ।" ऊ भन्छ, "बिलकुल होइन, तार आफैं हल्लेको हो, त्यसरी हल्लने गुण सबै थोकमा हुन्छ ।" म जवाफ दिन्छु, "तब यो हल्लाइ मलाई अरू वस्तुमा देखाऊ, या कम-से-कम यस तारमा त यसको कारण देखाऊ" । त्यो बहिरोले जवाफ दिन्छ, "म सक्तिनँ, तर त्यो तार कसरी हल्लन्छ त्यो कुरा मैले नबुझ्ने हुनाले तिम्रा आवाजहरूद्वारा यसलाई बुझ्उन मैले किन कोशिश गर्ने, जुन कुराको मलाई अलिकति पनि ज्ञान छैन । यो त एउटा अबोध्य कुरालाई अर्को झन् अबोध्य कुरद्वारा ब्याख्या गर्ने हुन्छ । मलाई तिम्रा आवाजहरू थाहा पाउने तुल्याऊ, नत्रभने म भन्छु त्यस्ता कुराहरू हुँदैनन् ।"

म जति जति मनुष्यको मनको विचार र स्वभाव उपर विचार गर्दछु, उति उति भौतिकवादहरूका र बहिरो मानिसका कुराहरूका बीच सादृश्य पाउँदछु । वास्तवमा, जुन भूल गर्नै सकिन्न त्यस्तो ठूलो स्वरमा उनीहरूलाई कराएर सुनाउने त्यो भित्री आवाजका निम्ति उनीहरू बहिरा हुन्छन् । यन्त्रले विचार गर्दैन; त्यसको न त चाल हुन्छ, न त रूप नै हुन्छ जसले विचार उत्पन्न गर्न सक्तछ; तँभित्रको कुनै कुराले ती बन्धनहरू तोड्न खोज्दछ जसले यसलाई थुनिराख्तछ; ठाउँ तेरो नापो होइन; तँलाई राख्न समस्त ब्रह्माण्ड नै पनि पर्याप्त छैन; तेरा भावनाहरू, तेरा अभिलाषाहरू, तेरो चिन्ता, तेरो अभिमानको पनि यो सानो शरीरदेखि बाहेक अर्कै मूल छ, जसभित्र तँ बन्दी भएर रहेको छस् ।

कुनै भौतिक प्राणी पनि आफैंमा क्रियाशील हुँदैन, र म क्रियाशील छु । यस कुरामा तिमीले मसित वाद-विवाद गर्नु व्यर्थ छ । म यो थाहा पाउँदछु;

र त्यो यही ज्ञान हो जो यससँग विरोध गर्ने तर्कभन्दा ज्यादा जोडसँग मसित बोल्दछ । मेरो एउटा शरीर छ जसमाथि अरू शरीरहरू काम गर्दछन् र यसले पनि त्यसको साटोमा उनीहरूमाथि काम गर्दछ; यस पारस्परिक क्रियाको विषयमा केही सन्देह छैन; तर मेरो इच्छा मेरा इन्द्रियहरूसँग स्वाधीन छ; म मंजूर गर्दछु या विरोध गर्दछु; म हार स्वीकार गर्दछु या विजय प्राप्त गर्दछु, र कहिले मैले आफूले चाहेको कुरा गरेको छु र कहिले मैले आफूलाई मेरा उद्दण्ड भावनाहरूको हातमा छोडिदिएको छु, त्यो कुरा म आफूभित्रै राम्रोसित जान्दछु । इच्छा गर्ने शक्ति ममा सधैं छ; तर जो म इच्छा गर्छु त्यो गर्ने शक्ति ममा सधैं छैन । जब म प्रलोभनको हातमा आफूलाई छोडिदिन्छु त्यस बेला म आफूलाई बाहिरिया वस्तुहरूको कामको हातमा छोडिदिन्छु । जब म यस कमजोरीको निमित्त आफूलाई दोष लगाउँदछु म आफ्नो इच्छाको कुरालाई मात्र ध्यान दिएर सुन्दछु । पापहरू गर्दा म दास हुन्छु, पश्चात्ताप गर्दा म स्वतन्त्र मानिस हुन्छु । तर जब म आफैं गलती गर्दछु, त्यसवेला सिवाय, र जब म आखिरमा शरीरको अधिकारको विरोधमा फिराद गर्नबाट आत्माको स्वरलाई रोक्तिनँ, त्यस वेलामा सिवाय स्वतन्त्रताको विचार मबाट कहिले पनि मेटिँदैन ।

आफ्नै इच्छाको चेतनाद्वारा म इच्छा थाहा पाउँदछु मात्र, र बुद्धि मलाई थाहा हुँदैन । जब तिमी मलाई कुन कारणले मेरो इच्छा उठाउँदछ भनेर सोध्छौ तब सोध्ने पालो मेरो हुन्छ कि कुन कारणले मेरो विचार उठाउँदछ; किनभने यो स्पष्ट छ कि यी दुवै कारणहरू एउटै हुन्; यदि तिमी मानिस आफ्ना विचारहरूमा क्रियाशील हुन्छ र उसको बुद्धि केवल तुलना गर्ने र विचार गर्ने शक्ति मात्र हो भन्ने कुरा स्पष्ट बुझ्दछौ भने तिमी देख्नेछौ कि उसको स्वतन्त्रता उही प्रकारको शक्ति मात्र हो या यसैबाट उत्पन्न भएको शक्ति हो; जस्तो उसले सत्य र असत्यका बीच विचार गर्दछ, त्यस्तै उसले असल र खराबका बीच रोज्दछ; यदि उसको विचार गलत छ भने उसले गलत चाहिं रोज्दछ । तब उसको इच्छा दृढ गराउने कारण कुन हो त ? यो उसको विचार हो । र उसको विचार उठाउने कारण कुन हो ? यो उसको बुद्धि हो, यो उसको विचारशक्ति हो; इच्छा गर्ने कारण उसैभित्र हुन्छ । त्यसदेखि यतातिर म केही पनि बुझ्दिनँ ।

अवश्य नै मेरो आफ्नै कल्याणको इच्छा नगर्ने स्वतन्त्रता ममा छैन, मेरो आफ्नै खराबीको इच्छा गर्ने स्वतन्त्रता ममा छैन, तर मेरो स्वतन्त्रता

यसै कुरामा रहन्छ कि जो मेरो भलाइका निमित्त छ या जुनलाई म यस्तो ठहराउँदछु त्यो म इच्छा गर्न सक्तछु, र यो कुनै बाहिरी दबावटविनाको हुनुपर्दछ । के यसको मतलब म आफूदेखि बाहेक अरू हुन नसक्ने हुनाले मेरो आफ्नो स्वामित्व ममा छैन भन्ने हुन आउँदछ ?

सबै क्रियाको चलाउने शक्ति स्वतन्त्र प्राणीको इच्छामा हुन्छ; यहाँभन्दा पर हामी जान सक्तैनौं । निरर्थक हुने पद 'स्वतन्त्रता' होइन कि 'आवश्यकता' हो । जुन क्रिया जागरूक चलाउने शक्तिको परिणाम हुँदैन त्यसलाई कुनै क्रिया सम्झनु वास्तवमा कारणविनाका परिणामहरू सम्झनु हो, कुनै पापिमण्डलीमा तर्कसङ्गत कुरा गर्नु हो । या त त्यहाँ मौलिक उमङ्ग हुँदैन, या हरेक मौलिक उमङ्गको अग्रगामी कारण हुँदैन, र स्वतन्त्रताविना वास्तविक इच्छा हुँदैन । त्यस कारण मानिस कर्म गर्नलाई स्वतन्त्र छ, र यस्तो हुनाले ऊ कुनै अभौतिक तत्वद्वारा जागरूक हुन्छ । मेरो धर्म-सिद्धान्तको तेस्रो दफा त्यही हो । यी तीन ओटाबाट अरू बाँकी तिमी सजिलैसित निकाल्नेछौ जसले गर्दा मैले तिनीहरूको गिन्ती गरिरहनुपर्दैन ।

यदि मानिस एकदम क्रियाशील र स्वतन्त्र छ भने ऊ आफ्नै इच्छाले काम गर्दछ, जो उसले स्वतन्त्र रूपले गर्दछ त्यो परमेश्वरले लगाइदिएको स्थितिको अंश होइन, र यसको गुण दोष परमेश्वरलाई लगाउन सकिँदैन । परमेश्वर त्यो खराबीको इच्छा गर्दैनन् जो मानिसले आफूलाई दिएको स्वतन्त्रताको दुष्प्रयोग गरेर गर्दछ; न त परमेश्वर उसलाई यो गर्नबाट रोक्तछन्, किनभने या त यस्तो कमजोर प्राणीले गरेको गल्ती उनको दृष्टिमा केही पनि होइन या त उसलाई झन् ठूलो गल्ती नगराईकन र उसको प्रकृतिको अधोगति नगराईकन उनले यो रोक्न सकेनन् । परमेश्वरले उसलाई स्वतन्त्र बनाएका छन् ताकि उसले इष्टलाई रोजोस् र अनिष्टलाई त्यागोस् । यदि उसले आफूलाई दिएका शक्तिहरूको सुप्रयोग गर्दछ भने उनले उसलाई यो रोजाइका निमित्त समर्थ तुल्याएका छन्, तर उनले उसका शक्तिहरूलाई यत्तिको कडासित सीमित तुल्याइदिएका छन् कि उसको स्वतन्त्रताको दुष्प्रयोगले सर्वसाधारण स्थितिलाई गोलमाल गराउन सक्तैन । जुन खराबी मानिसले गर्दछ त्यसले संसारको स्थितिमाथि असर नपारीकन उसैमाथि त्यसको प्रतिक्रिया गराउँदछ, र यसले मनुष्य जातिको संरक्षणमा रोकावट हुँदैन । परमेश्वरले हामीलाई गल्ती गर्नुबाट रोक्तैनन् भन्ने गुनासो गर्नु त उनले मानिसलाई यस्तो उत्तम प्रकृतिको बनाएका छन्, उनले उसका कामहरूलाई उदार नैतिकताले युक्त तुल्याएका छन्, र

उनले धर्मलाई उनको जन्मसिद्ध हक तुल्याइदिएका छन् भनेर गुनासो गर्नु हो। उत्तम सुख आत्मसन्तुष्टिमा रहन्छ; हामी यो आत्मसन्तुष्टि पाऔँ भनेर नै हामी यस पृथ्वीमाथि राखिएका छौं र हामीलाई स्वतन्त्रता प्रदान गरिएको छ, हामी आफ्ना प्रबल इच्छाहरूले प्रलोभित छौँ र अन्तरात्माद्वारा अवरुद्ध छौँ। दैवी शक्तिले यहाँभन्दा बढ्ता हाम्रो पक्षमा के गर्न सक्तथ्यो ? के यसले हाम्रो प्रकृतिलाई यसको बनाएर सत्कार्यको इनाम उसलाई दिन सक्तथ्यो, जसले खराबी गर्न सक्तैनथ्यो ? मानिसलाई दुष्टताबाट रोक्नलाई के भगवान्ले उसलाई पशुबुद्धिमै सीमित राखेर मूर्ख बनाउनुपर्दथ्यो ? यसो होइन, हे मेरो आत्माको भगवान्, तँले मलाई आफ्नो सृष्टिकर्ता जस्तै स्वतन्त्र, असल र सुखी होस् भनेर आफ्नै मूर्तिको अनुरूप बनाएकोले म कहिले पनि तँलाई दोष लगाउनेछैन।

हाम्रा शक्तिहरूको दुष्प्रयोगले नै हामीलाई दुःखी र दुष्ट बनाउँदछ। हाम्रा चिन्ताहरू, हाम्रा अपशोचहरू, हाम्रा दुःखहरू हाम्रा आफ्नै सृजनाका कुरा हुन्। नैतिक खराबीहरू अवश्य नै मानिसका काम हुन्, र हाम्रा पापहरू नभइदिएका भए कुनै भौतिक खराबीहरू हामीले भोग्नुपर्ने थिएन। के प्रकृतिले हाम्रो संरक्षणको उपायको रूपमा हामीलाई आफ्ना आवश्यकताहरू थाहा पाउने तुल्याएको छैन ? के शारीरिक अस्वस्थता–यन्त्रमा गडबडी भएको छ र यसमा ध्यान दिनुपर्दछ भन्ने सङ्केत होइन ? मृत्यु .. .. के दुष्टहरू आफ्नै जीवनमाथि र हाम्रो जीवनमाथि पनि विष-प्रयोग गर्दैनन् ? सधैँ बाँचिरहन को इच्छा गर्दथ्यो ? तिमीले आफैँमाथि ल्याएका खराबीहरूको औषधि मृत्यु हो; प्रकृतिले तिमीलाई सदाकालसम्म दुःख पाइरहन दिँदैन। उत्पत्ति कालको साधारणताको अवस्थामा रहने मानिसले कत्तिको थोरै दुःख पाउँदछ ! उसको जीवन दुःखहरूबाट र प्रबल इच्छाहरूबाट बिलकुल स्वतन्त्र हुन्छ; ऊ न मृत्युदेखि डराउँदछ न त यसलाई थाहा पाउँदछ; यदि उसले यो थाहा पाउँदछ भने उसका दुःखहरूले उसलाई यसको इच्छा गराउँदछन्। यदि हामी जो छौँ त्यही हुनमा सन्तुष्ट भइदिएका भए हामीले आफ्नो भाग्यमा गुनासो गर्नुपर्ने कुनै कारण हुने थिएन; तर एउटा कल्पित भलाइको खोजीमा हामी हजार वास्तविक खराबीहरू पाउँदछौँ। जसले अलिकति पनि वेदना खप्न सक्तैन, उसले धेरै दुःख पाउने अपेक्षा गर्नुपर्दछ। यदि कुनै मानिस दुराचारले आफ्नो शरीर बिगार्दछ भने तिमी औषधिले उसलाई निको पार्न कोशिश गर्दछौ; जुन खराबी ऊ थाहा पाउँदछ त्यसमाथि त्यो खराबी थपिन्छ जसदेखि ऊ

डराउँदछ; मृत्युको विचारले यसलाई भयङ्कर र झन् चाँडो आउने तुल्याउँदछ; जति जति हामी यसबाट उम्कन खोज्दछौं उति उति हामी यो थाहा पाउँदछौं; प्रकृतिका नियमहरूको अपहेलना गरेर आफूले आफैं माथि ल्याएका खराबीहरूका निम्ति प्रकृतिलाई दोष दिंदै मृत्युको भयमा हामी जीवन बिताउँदछौं।

ए मनुष्य ! अनिष्टकर्ताका निमित्त अरू खोजी नगर; त्यो तँ होस्। तँले नै गर्ने या तँले नै खप्नुपर्ने खराबी सिवाय अरू खराबी हुँदैन, र यी दुवै तँबाट आउँदछन्। सर्वसाधारण खराबी क्रम–भङ्गबाट मात्र उत्पन्न हुन सक्तछ, र विश्वको क्रममा म कहिले पनि गल्ती नहुने स्थिति देख्तछु। खास कुराहरूमा जुन खराबी हुन्छ त्यो ती मानिसहरूको मनमा मात्र रहन्छ, जसले यो अनुभव गर्दछन्; र यो अनुभव प्रकृतिको देन होइन, तर मानिसको आफ्नै काम हो। ती मानिसहरूमाथि वेदनाको शक्ति कम हुन्छ, जो कुनै विचार नगरी अघि पछि कतै हेर्दैनन्। हाम्रो घातक उन्नति हटाइदेऊ, हाम्रा अपराधहरू र पापहरू हटाइदेऊ, मानिसको आफ्नै हातको गलत काम हटाइदेऊ, अनि सब कुरा ठीक हुन्छ।

जब सब कुरा ठीक हुन्छ, तब अन्याय भन्ने कुरो रहँदैन। न्याय र भलाइ अलग रहन सक्तैनन्; अब भलाइ असीम शक्तिको र त्यो आत्मप्रेमको आवश्यक परिणाम हो, जो सबै चेतनशील प्राणीहरूमा प्रकृतिले नै रहेको हुन्छ। ती सर्वशक्तिमान् परमेश्वर आफ्ना जीवितहरूका अन्तरात्माभित्र फैलिएका हुन्छन्। सृष्टि र त्यसको संरक्षणशक्तिको नित्य स्थायी काम हुन्; यसले त्यसमाथि काम गर्दैन, जसको अस्तित्व हुँदैन। परमेश्वर जीवरहितहरूको परमेश्वर होइनन्; उनी आफ्नै हानि नगरी अरूको हानि र नाश गर्न सक्तैनन्। ती सर्वशक्तिमान् भगवान् जुन सत् कुरा छ त्यसको मात्र इच्छा गर्न सक्तछन्। त्यस कारण जो परम शक्तिमान् हुनाले परम कल्याणकारी छन् ती परम न्यायी पनि हुनुपर्दछ, नत्रभने उनी आत्मविरोधी हुन्छन्; किनभने जसले स्थितिको सृजना गर्दछ त्यस स्थितिको प्रेमलाई हामी भलाइ भन्दछौं, र जसले स्थितिको संरक्षण गर्दछ त्यस स्थितिको प्रेमलाई हामी न्याय भन्दछौं।

मानिसहरू भन्दछन् कि परमेश्वर आफ्ना प्राणीहरूप्रति कुनै कुराको ऋणी छैनन्। म विचार गर्दछु कि जब उनले तिनीहरूलाई जीव दिए, तब उनी तिनीहरूप्रति आफूले तिनीहरूलाई प्रतिज्ञा गरेको हरेक कुराको निमित्त ऋणी छन्। अब तिनीहरूलाई कुनै असल कुराको विचार दिनु र तिनीहरूलाई यसको आवश्यकता थाहा पाउने तुल्याउनु नै तिनीहरूलाई यो प्रतिज्ञा गर्नु

हो। जति जति गडेर म आफ्नै अध्ययन गर्दछु, जति जति होशियारीपूर्वक म विचार गर्दछु उति उति स्पष्टसित म यी वचनहरू पढ्दछु, "न्यायी होऊ, अनि तिमी सुखी हुनेछौ।" तर वर्तमान परिस्थितिमा यस्तो हुँदैन, दुष्टको उन्नति हुन्छ र धर्मात्माहरूमाथिको अत्याचार चलिरहन्छ। हेर, जब यो आशा निराशामा परिणत हुन्छ, तब हामीलाई कत्तिको रिस उठ्तछ। चित्त सृष्टि-कर्ताका विरुद्ध विद्रोह गर्दछ र गुनगुनाउँदछ, यो विलाप गर्दछ र कराउँदछ, "तैँले मलाई छकाइस्!"

"विचारहीन जीव, मैले तँलाई छकाएँ! यो तँलाई कसले भन्यो? के तेरो आत्माको नाश भएको छ? के तेरो अस्तित्व खतम भएको छ? ए ब्रूटस! ए मेरो छोरा! तेरो उदार जीवनको अन्त्यमा दाग नलागोस्; तेरो आशालाई र फिलिपिन्सको मैदानमाथि तेरो लाशको साथै आफ्नो गौरवलाई नछोड्। तँ किन 'धर्म केही पनि होइन रहेछ' भन्दछस्, जब कि धर्मको इनामको भोग गर्न तैँले आँटेको छस्? तँ मर्न लागेको छस्? होइन, तँ जीवित रहनेछस्, र यस प्रकार मेरो प्रतिज्ञा पूरा हुन्छ।"

अधीर मानिसहरूको गुनासोहरूबाट मानिसले विचार गर्न सक्तछ कि उनीहरू यसका निमित्त योग्य हुनुभन्दा अघि नै भगवान्ले उनीहरूलाई इनाम दिनुपर्दछ र धर्मका निम्ति पेश्की दिन उनी बाध्य छन्। ओः पहिले हामी असल होऔं र अनि हामी सुखी हुनेछौं। इनाम जित्नुभन्दा अगाडि हामी यसका निम्ति दावा नगरौं, र काम सिध्याउनुभन्दा अघि ज्याला नखोजौं। प्लूटार्च भन्दछन्, "पवित्र खेलहरूमा विजयीहरूलाई हामी रङ्गमंचभित्र विभूषित गराउँदैनौं; उनीहरूले आफ्नो दौड सिध्याएपछि मात्र यो हुन्छ।"

यदि आत्मा अभौतिक छ भने यो शरीरपछि पनि रहन सक्तछ; र यदि यो यस प्रकार रहन्छ भने भगवान्ले गरेको ठीक छ। यदि आत्माको अभौतिक प्रकृतिको अरू प्रमाण मसँग नभइदिएको भए संसारमा दुष्टहरूको विजय र धार्मिकहरूमाथिको थिचोमिचो नै मलाई विश्वस्त तुल्याउन पर्याप्त हुन्थे। विश्वको स्थितिको मेलमा यस्तो भयङ्कर अनमेल भएको ठहऱ्याउन मैले खोज्नुपर्दथ्यो। मैले आफ्नै मनमा भन्नुपर्दथ्यो, "जीवनमै सबै कुरा खतम हुँदैन, मृत्युमा हरेक कुराले आफ्नो स्थान पाउँदछ।" मैले अझै यस प्रश्नको उत्तर दिनुपर्दथ्यो, "जब मानिसको सब कुरा लोप हुन्छ, जुन हामी आफ्ना इन्द्रियहरूद्वारा जान्दछौं, तब उसको के हुन्छ?" जब म दुई तत्त्वहरूलाई स्वीकार गर्दछु, तब यस प्रश्नले मलाई केही कठिनाइ पार्दैन। जब म मेरो शारीरिक जीवनभित्र

इन्द्रियहरूद्वारा मात्र थाहा पाउँदछु, तब जुन ती इन्द्रियहरूले थाहा पाउँदैनन् त्यो मलाई थाहा हुँदैन भन्ने कुरा बुझ्न सजिलो छ। जब आत्मा र देहको मिलान खतम हुन्छ म विचार गर्दछु, एउटाको अन्त हुन सक्तछ र अर्कोचाहिँ रहन सक्तछ। एउटाको विनाशले अर्कोको पनि विनाश हुन्छ भन्ने कसरी जनाउँदछ ? त्यसको विपरीतमा, तिनीहरू यस्तो भिन्न प्रकृतिका हुनाले तिनीहरूको मिलान हुँदा पनि तिनीहरू ज्यादै अस्थायी अवस्थामा थिए र जब यो मिलानको अन्त हुन्छ ती दुवै आफ्नो प्राकृतिक अवस्थामा फर्कन्छन्। त्यो क्रियाशील मुख्य तत्त्वले त्यो सम्पूर्ण शक्तिलाई फेरि प्राप्त गर्दछ, जुन शक्ति यसले त्यो निष्क्रिय जीवहीन वस्तुलाई चलाउनमा लगाउँदथ्यो। अफसोस ! मेरा पापहरू मलाई राम्रो ज्ञान दिन्छन् कि मानिस आफ्नो जीवनभित्र अर्धजीवित मात्र हुन्छ ; आत्माको जीवन शरीरको मृत्युको साथै मात्र शुरू हुन्छ।

तर त्यो जीवन के हो ? के मानिसको आत्मा प्रकृतिले नै अमर छ ? मलाई थाहा छैन। मेरो सीमित ज्ञानले असीम कुरा बुझ्न सक्तैन। जसलाई अनन्त भनिन्छ, त्यो मेरो समझदेखि बाहिर छ। म कुन कुरा हो भन्न सक्तछु र कुन कुरा होइन भन्न सक्तछु ? जुन कुरा म बुझ्नै सक्तिनँ त्यसको विषयमा म कसरी तर्क गर्न सक्तछु ? म विश्वास गर्दछु कि स्थितिको प्रतिपालनका निमित्त शरीरपछि आत्मा रहन्छ। यसलाई अनन्त तुल्याउन यो नै पर्याप्त छ भन्ने कुरा कसले जान्दछ ? तर म जान्दछु शरीर खिएर जान्छ र यसका भागहरूको विभाजनले गर्दा यो नाशिन्छ, तर चेतनशील प्रकृतिको यस्तै नाश हुन्छ भन्ने कुरा म बुझ्न सक्तिनँ, र यो कसरी मर्न सक्तछ त्यो कल्पना गर्न म नसक्ने हुनाले म यो भन्न साहस गर्दछु कि यो मर्दैन। यो विचार सान्त्वनादायक हुनाले र स्वभावतः अनुचित नहुनाले यसलाई स्वीकार गर्न मैले किन डराउनुपर्ने ?

म मेरो आत्मालाई जान्दछु, यो मेरो भावना र विचारमा थाहा हुन्छ। यसको तत्त्व थाहा नपाईकन यो के हो त्यो म थाहा पाउँदछु; जुन भावनाहरू मेरा निमित्त अज्ञात छन् तिनीहरूको विषयमा म तर्क गर्न सक्तिनँ। जुन कुरा म जान्दछु त्यो यो हो कि मेरो व्यक्तिगत अस्तित्व स्मरणमा निर्भर गर्दछ र वास्तवमा उही आत्मा हुनलाई मेरो अस्तित्व छ भन्ने कुरा मैले सम्झनुपर्दछ। अब म के थाहा पाउँदथें र त्यस कारणबाट म के गर्दथें त्यो कुरा मैले सम्झिनँ भने म जीवित हुँदा के थिएँ त्यो कुरा मृत्युपछि म सम्झन सक्तिनथें; र मलाई सन्देह छैन कि यो सम्झना एक दिन सज्जनका निमित्त सुख र दुर्जनका निमित्त दुःख हुन आउनेछ। यस संसारमा हाम्रो भित्री

चेतना असंख्य उत्सुक र प्रबल इच्छाहरूमा निमग्न रहन्छ जसले पश्चात्तापलाई ठग्दछन् । धर्मको आचरण गर्दामा हुने दीनता र अपमानले हामीलाई यसको सौन्दर्य बुझ्न दिँदैन । तर जब शारीरिक इन्द्रियहरूका माया जालहरूबाट स्वतन्त्र भएर सर्वेश्वर भगवान्लाई र उनीबाट बहने अनन्त सत्यताहरूलाई हामी आनन्दपूर्वक देख्तछौं, जब हाम्रो आत्माका सबै शक्तिहरू प्रकृतिको क्रमको सौन्दर्यमा जागरूक रहन्छन्, र जब 'हामीले के गर्नु पर्दथ्यो' सित 'हामीले के गरेका छौं" को तुलना गर्नमा हामी बिलकुल व्यस्त रहन्छौं, तब हाम्रो अन्तःकरणले आफ्नो शक्ति र अधिकार पुनः प्राप्त गर्ने वेला यही हो; त्यो यही वेला हो, जब आत्मसन्तुष्टिबाट उत्पन्न हुने शुद्ध आनन्दले र त्यस आत्माको अधःपतनबाट भएको कटु पश्चात्तापले उम्लेर बहने विचारद्वारा हरेकले आफ्ना निमित्त तयार गरिएको कुन प्रकारको भाग्य हुने हो त्यस कुराको निर्णय गर्दछ । ए मेरा प्यारा मित्र, सुख र दुःखका अरू स्रोतहरू पनि छन् कि भन्ने कुरा मलाई नसोध; म बताउन सक्तिनँ; यस जीवनमा मलाई सान्त्वना दिनलाई र भविष्य जीवनका निमित्त दृष्टि दिनलाई प्रेरणा दिन जुन कुरा मेरो कल्पनाले चित्रण गर्दछ त्यही नै पर्याप्त छ । सज्जनहरू पुरस्कृत हुन्छन् भनेर म भन्दिनँ, किनभने सच्चा सज्जनले आफ्नो प्रकृतिअनुसार रहनुभन्दा बढ्ता कुन भलाइको अपेक्षा गर्न सक्तछ ? तर म जोडदार शब्दमा भन्दछु कि साधु सज्जनहरू सुखी हुनेछन्, किनभने उनीहरूका सृष्टिकर्ता जो सबै न्यायका अधिकारी हुन् र जसले उनीहरूलाई विचार गर्न समर्थ तुल्याएका छन्, उनले तिनीहरूलाई दुःख पाउन सृष्टि गरेको होइन; अझ त्यसमाथि पनि उनीहरूले पृथ्वीमा आफ्नो स्वतन्त्रताको दुष्प्रयोग गरेका छैनन्, उनीहरूले आफ्नै कुनै कसूरद्वारा आफ्नो भाग्यमा परिवर्तन ल्याएको पनि होइन; तथापि उनीहरूले यस जीवनमा दुःख पाएका छन् र यसको क्षतिपूर्ति उनीहरूको भावी जीवनमा हुनेछ । यो विचार सत्को भावनामा जत्तिको मानिसका गुणहरूमा निर्भर रहँदैन जो दैवी तत्त्वदेखि अलग रहन सक्तैन जस्तो मलाई लाग्दछ । मेरो धारण यति मात्र छ कि विश्वस्थितिका नियमहरू स्थिर छन् र परमेश्वर सत्य छन् ।

दुष्टहरूले पाउने यातनाहरू अनन्तकालसम्म रहने हुन् कि, उनीहरूको सृष्टिकर्ताको भद्रताले उनीहरूलाई अनन्त दुःख भोग्ने दोषी ठहऱ्याउन सक्तछ कि भन्ने कुराको प्रश्न मलाई नगर; यो पनि म बताउन सक्तिनँ, र निरर्थक समस्याहरूको अनुसन्धानका निमित्त रित्तो उत्सुकता ममा छैन । दुष्टहरूको

भाग्यसँग मेरो के सरोकार ? यस कुरामा मेरो अभिरुचि छैन । जे होस्, यस कुरामा विश्वास गर्न म गाह्रो मान्दछु कि उनीहरू अनन्त यातनाहरूका निमित्त दोषी ठहऱ्याइनेछन् । यदि दैवी न्यायले प्रतिहिंसा खोज्दछ भने यसले यो यसै जीवनमा खोज्दछ । संसारका दोषी जातिहरू यसका प्रतिनिधिहरू हुन् । अपराधहरूका निमित्त उचित दण्ड दिनलाई आफैँले गरेका कुकर्महरूको प्रयोग न्यायले गर्दछ । ईर्ष्या, लोभ र प्रबल अभिलाषाहरूले खाइसकेको तिम्रै असन्तुष्ट मनमा, तिम्रै मिथ्या उन्नतिका बीचमा प्रतिहिंसात्मक भावनाहरूले तिम्रा अपराधहरूका निमित्त उचित इनाम पाउँदछन् । भावी जीवनमा केलाई नर्क खोज्नुपर्दछ ? दुष्टहरूका छातीमा त्यो यहीं छ ।

जब हाम्रा क्षणिक आवश्यकताहरूको अन्त हुन्छ र हाम्रा उन्माद अभिलाषाहरू शान्त हुन्छन्, तब हाम्रा प्रचण्ड भावनाहरूको र हाम्रा अपराधहरूको पनि अन्त हुनुपर्दछ । के हाम्रा पवित्र मनहरू सत्यबाट विचलित हुन सक्तछन् ? कुनै कुराको आवश्यकता नभएपछि तिनीहरूले किन दुष्ट हुनुपर्दछ ? यदि हाम्रा मनहरू अपवित्र दुर्विचारहरूबाट स्वतन्त्र छन् भने, यदि हाम्रो सुख अरू प्राणीहरूको ध्यानमा रहन्छ भने तिनीहरू जुन सत् छ त्यो मात्र इच्छा गर्न सक्तछन्, र जो खराब हुनबाट रोकिन्छ त्यो कहिले पनि दुःखी हुन सक्तैन । कुनै निर्णयमा आउने दुःख मैले नउठाएको भए तापनि म यही विचार गर्नेतिर प्रवृत्त भएको छु । हे कल्याणकारी कृपालु परमेश्वर ! हजूरका आज्ञाहरू जेसुकै भए तापनि म तिनीहरूलाई पूजा गर्दछु । यदि हजूर दुष्टलाई निरन्तर सजायको भागी बनाइबक्सिन्छ भने म आपनो कमजोर विचारलाई हजूरको निसाफमा छोडिदिन्छु; तर यदि कुनै दिन यी अभागी प्राणीहरूको मनोव्यथाको ज्वाला निभ्दछ भने यदि यिनीहरूका दुःखहरूको अन्त हुन्छ भने, यदि एक दिन मनुष्य जाति सबैको भाग्यमा उही शान्ति पाउनु छ भने म यसनिमित्त हजूरलाई धन्यवाद चढाउँदछु । के दुष्ट पनि मेरो भाइ होइन र ? कति चोटि म पनि ऊ जस्तै हुने प्रलोभनमा थिएँ । आफ्नो दुःखबाट र यसको साथै हुने घृणाको भावनाबाट उसले छुटकारा पाओस्; ऊ मै जस्तै सुखी होस्; उसको सुखले मेरो ईर्ष्या बढाउने कुरा त परै रहोस् यसले मेरो सुख अझ झन् बढाइदिनेछ ।

यस प्रकार परमेश्वरका कामहरूको ध्यानमा र मलाई जान्न सरोकार परेका उनका गुणहरूको अध्ययनमा यी असीम भगवान्को विषयमा मेरो पहिले जुन आंशिक र अपूर्ण विचार थियो, त्यसको शनैः शनैः ज्ञान र विकास भएर आएको छ । यदि यो भावना झन् उदार र झन् महान् छ भने यो मनुष्य-

विचारलाई झन् सुहाउने पनि छ। जब मेरो आत्मा त्यो अनन्त प्रकाशको नजीक पुग्दछ म यसको गौरवमय तेजले अलमल्ल पर्दछु र तिरमिर्‍याउँदछु, र सब सांसारिक भावनाहरूलाई त्याग्न बाध्य हुन्छु, जसले मलाई यसको चित्रण गर्नमा मद्दत गरेका थिए। ती सर्वोत्तम भगवान् अब देहधारी र चेतनशील वस्तु छैनन्; जसले यो ब्रह्माण्डलाई नियममा चलाउँदछ ती परमात्मा अब संसार नै होइनन्; कल्पना गर्नै नसकिने उनको तत्त्व बुझ्न मैले प्रयास गर्नु व्यर्थ छ। सबै जीवित शरीरहरूलाई नियन्त्रण जो गर्दछ जीवित र चल वस्तुलाई जीवन र चाल दिने ती उनै हुन् भन्ने विचार जब म गर्दछु, जब म मेरो आत्मा आध्यात्मिक छ र परमेश्वर पनि आत्मा हुन् भनेको सुन्दछु तब म त्यो दैवी तत्त्वको अपमानका विरुद्ध विद्रोह गर्दछु; परमेश्वर र मेरो आत्मा एउटै र उही प्रकृतिका हुन् रे! मानो परमेश्वर एउटै र एक मात्र असीम तत्त्व होइनन् रे, एक मात्र वास्तविक क्रियाशील, थाहा पाउने, विचार गर्ने, इच्छा गर्ने शक्ति होइनन् रे, जसबाट हामी हाम्रो विचार, ज्ञान, चाल, इच्छा, हाम्रो स्वतन्त्रता, र हाम्रो अस्तित्व नै प्राप्त गर्दछौं! हामी स्वतन्त्र छौं किनभने उनी हाम्रो स्वतन्त्रता चाहन्छन्। र उनको अवर्णनीय सत्त्व हाम्रा आत्माहरूका निमित्त उत्तिकै महत्त्वको छ जत्तिको हाम्रा शरीरहरूका निमित्त हाम्रा आत्माहरू महत्त्वका छन्। वस्तु, शरीर, आत्मा र संसार नै पनि उनले सृष्टि गरेका हुन् कि होइनन् त्यो म जान्दिनँ। सृष्टिको विचारले मलाई रन्थन्याइदिन्छ र मेरो समझलाई धोका दिन्छ; जतिसम्म म विचार गर्न सक्तछु त्यो म विश्वास गर्दछु; तर म यो जान्दछु कि विश्व र जो जति छ त्यो उनले बनाएका हुन्, र सब कुरा बनाएर स्थितिमा राखेको उनैले हो। निःसन्देह परमेश्वर अनन्त छन्; तर के मेरो मनले अनन्तताको विचार बुझ्न सक्तछ? निरर्थक शब्दहरूले मैले आफूलाई किन छकाउने? मैले पक्का बुझेको यही हो। वस्तुहरू हुनुभन्दा अघि परमेश्वर थिए; तिनीहरू नहुँदा पनि उनी हुनेछन्, र सब कुराको अन्त भयो भने पनि उनी रहि नै रहन्छन्; मेरो समझदेखि बाहिरको तत्त्वले सबै तत्त्वहरूलाई जीवन दिन्छ, यो बडो कठिन र मेरो ज्ञानदेखि बाहिरको कुरा छ; तर त्यो सत्त्व बाहेक अरू कुनै कुरा पनि परिवर्तनीय शब्द हुनु हुँदैन, यो देखादेखी साँच्चीकै उल्टा कुरा हो, स्पष्टै अनुचित कुरा हो।

परमेश्वर बुद्धिमान् छन्, तर कसरी? मानिस बुद्धिमान् हुन्छ जब उसले आफ्नो तर्क शक्तिको प्रयोग गर्दछ, तर त्यो सर्वोच्च बुद्धिलाई तर्क गर्नुपर्दैन; उसका निमित्त न पूर्वोक्तिको दरकार छ न परिणामको, कुनै कथन

समेत हुंदैन । त्यो सर्वोत्तम बुद्धि पूर्णतया सहज ज्ञानी छ; यसले के भइरहेछ र के हुनेछ त्यो देखतछ; यसका निमित्त सबै सत्यहरू एक छन्, सबै ठाउँहरू एक बिन्दु मात्र छन्, र सबै समय एक क्षण मात्र छ । मानिसको शक्तिले उपायहरूको प्रयोग गर्दछ, दैवी शक्ति स्वयं सक्रिय छ । परमेश्वर शक्त छन् किनभने उनी इच्छा गर्दछन्; उनको इच्छा नै उनको शक्ति हो । परमेश्वर असल छन्; यो निश्चय छ; तर मानिसले आफ्नो जातिको कल्याणमा सुख पाउँदछ, परमेश्वरको सुख प्रकृतिको क्रमको प्रेममा रहन्छ, किनभने क्रम या स्थितिद्वारा नै उनले जो छ त्यसको प्रतिपालन गर्दछन् र हरेक भागलाई सिङ्गोमा मिलाइ दिन्छन् । परमेश्वर न्यायी छन्; यस कुराको मलाई निश्चय छ; यो उनको असलपनको परिणाम हो । मानिसको अन्याय परमेश्वरको काम होइन, तर उसैको काम हो; जुन नैतिक न्याय दार्शनिकहरूलाई परमेश्वरका विरुद्धको घृष्टता प्रतीत हुन्छ, त्यो मलाई यसको विद्यमानताको प्रमाण हुन्छ । तर मानिसको न्याय हरेकलाई उसको हक दिनुमा रहन्छ; परमेश्वरको न्याय भने हामीमध्ये हरेकबाट त्यसको हिसाब खोज्नुमा रहन्छ जो उनले हामीलाई दिएका छन् ।

यदि म यी गुणहरू थाहा पाउनमा सफल भएको छु भने, जसको मलाई पूर्ण ज्ञान छैन, त्यो अत्याज्य फलहरूको रूपमा हुन्छ र मेरो तर्कको ठीक प्रयोगमा हुन्छ; तर तिनीहरूलाई नबुझीकन म तिनीहरूलाई स्वीकार गर्दछु र जड या मूलमा त्यो बिलकुल स्वीकार होइन । म व्यर्थ भन्दछु, परमेश्वर यस प्रकारका छन्, म यो थाहा पाउंदछु, म यो अनुभव गर्दछु, परमेश्वर कसरी यस प्रकारका छन् त्योभन्दा बढ्ता म बुझ्दिनँ ।

संक्षेपमा, म जति जति उनको अनन्त सत्त्वलाई पत्ता लगाउन खोज्दछु उति उति कम म यो बुझदछु; तर यो छ, र त्यही नै मेरा निमित्त पर्याप्त छ; म जति जति कम बुझदछु उति उति बढ्ता पूजा गर्दछु । यसो भनेर म आफूलाई नीचा तुल्याउँदछु, "हे प्राणीहरूका प्राण, म छु किनभने तँ छस् । तँमा मेरो चित्त गाड्नु मेरो अस्तित्वको मूलमा चढ्नु हो । मेरो विचारशक्तिको मैले गर्न सक्ने उत्तम प्रयोग यसलाई तेरो सामने छोडिदिनु हो; आफू तेरो महत्तामा निमग्न भएको थाहा पाउंदा मेरो मन आह्लादित हुन्छ, मेरो कमजोरी आनन्दित हुन्छ ।"

यसरी इन्द्रियका वस्तुहरूको ज्ञानबाट र मेरो आन्तरिक चेतनाबाट, जसले मेरो आफ्नै तर्कद्वारा मलाई कारणहरूको विचार गर्नेतिर लैजान्छ,

मैले आफूले जान्नु पर्ने मुख्य सत्यताहरू निकालेर अब मैले तिनीहरूबाट आफूले निकाल्न सक्ने आचरणका सिद्धान्तहरू, र मेरा सृष्टिकर्ताको तात्पर्य-अनुसार यस संसारमा मैले आफ्नो नसीब पूरा गर्नमा मलाई बाटो देखाउनका लागि मैले बनाउनुपर्ने नियमहरू खोज्नुपर्छ । वेदान्तका उच्च सिद्धान्तहरूबाट यी नियमहरू निकाल्न नसकिने हुँदा यही रीतिको अनुसरण गरेर म तिनीहरूलाई आफ्नो हृदयका गहिराइहरूमा प्रकृतिले कोरेका अक्षरहरूमा पाउँदछु जसलाई कुनै कुराले मेट्न सक्तैन । म जे गर्न इच्छा गर्दछु, त्यस विषयमा मैले आफ्नो मनसित मात्र सल्लाह गर्नुपर्दछ; जो म ठीक छ भन्ने ठान्दछु त्यो ठीक छ; जो म बेठीक छ भन्ने ठान्दछु त्यो बेठीक छ; अन्तःकरण नै उत्तम गुरु हो; र जब हामी अन्तःकरणसित तानातानी गर्दछौं त्यस बेला मात्र हामी वाद-विवादका चलाकीहरूको अवलम्बन गर्दछौं । हाम्रो पहिला कर्तव्य आफैंप्रतिको हुन्छ; तथापि अरूहरूको हानि गरेर अपनो भलाइ गर्न खोज्दा हामी खराबी गरिरहेका हुन्छौं भन्ने कुरा अरूहरूको आवाजले हामीलाई कति फेरा बताउँदछ ? हामी विचार गर्दछौं कि हामी प्रकृतिले देखाएको बाटोको अनुसरण गरिरहेछौं, तर हामी यसको विरुद्ध गइरहेछौं; उसले हाम्रा इन्द्रियहरूलाई जो भन्दछ, त्यो हामी ध्यान दिएर सुन्दछौं; तर उसले हाम्रो हृदयलाई जो भन्दछ, त्यसको वेवास्ता गर्दछौं; क्रियाशील तत्त्वले आज्ञा पालन गर्दछ, निष्क्रियले आज्ञा जारी गर्दछ । अन्तःकरण आत्माको आवाज हो, प्रबल इच्छाहरू शरीरका आवाज हुन् । यो आवाजहरू अक्सर परस्परमा विरोध गर्दछन् भन्ने कुरा के अनौठा हो ? तब हामीले कुनचाहिँलाई ध्यान दिने ? तर्कले हामीलाई धेरैचोटि छकाउँदछ; यसमाथि शङ्का गर्न हाम्रो पूरा हक छ; तर अन्तःकरणले हामीलाई कहिले पनि छकाउँदैन; त्यो मानिसको सच्चा पथप्रदर्शक हो; शरीरका निमित्त स्वाभाविक बुद्धि जो हो आत्माका निमित्त त्यो सोही हो, जसले आफ्नो अन्तःकरणको आज्ञा पालन गर्दछ उसले प्रकृतिको अनुसरण गरिरहेको हुन्छ र उसले भड्केर जाउँला भनी डराउनुपर्दैन । मेरा उपकारकले भन्दै गए, यो बडो महत्त्वको कुरा छ, यो देखेर मैले उनको कुरा काट्न आँटेको थिएँ; यसलाई झन् पूर्णतया व्याख्या गर्नको निम्ति म एकछिन यहा अडूँ ।

हाम्रा कामहरूको नैतिकता पूर्णतया ती विचारहरूमा रहन्छ जो हामी आफैं तिनीहरूको विषयमा गर्दछौं । यदि सत् सत् हो भने यो हाम्रो हृदयको गहराइमा र हाम्रा कार्यहरूमा पनि सत् नै हुनुपर्दछ; र न्यायको

पहिला इनाम हामी ठीकसँग काम गरिरहेछौं भन्ने चेतना हो । यदि नैतिक भलाइ हाम्रो प्रकृतिअनुसारको छ भने मानिस तब मात्र मन र तनमा स्वस्थ हुन सक्तछ जब ऊ असल हुन्छ । यदि यस्तो होइन भने, र यदि मानिस प्रकृतिले नै खराब छ भने आफ्नो प्रकृति नबिगारीकन ऊ असल हुन सक्तैन, र उसमा भएको असलपन प्रकृतिका विरुद्धको अपराध हुन्छ । जस्तो हुँडारलाई आफ्नो शिकार खानको निम्ति बनाइएको हो, त्यस्तै मानिसलाई आफ्ना समाजका जीवातहरूको हानि गर्न बनाइएको हो भने दयालु हुँडार जत्तिको बिग्रेको जनावर हुन्छ दयालु मानिस उत्तिकै बिग्रेको प्राणी हुन्छ; र धर्मले मात्र पश्चात्ताप गराउँदछ ।

ए मेरा प्यारा मित्र, हामी भित्रपट्टि हेरौं, हाम्रा व्यक्तिगत गलत विचारहरूलाई एकातिर पन्छाऔं र हाम्रा प्रवृत्तिहरूले हामीलाई कतातिर लैजान्छन्, त्यो हेरौं । हामी अरूहरूको दुःख देख्ता बढ्ता वा सुख देख्ता बढ्ता खुशी हुन्छौं ? दयाको काम गर्दा बढ्ता मजा हुन्छ कि निष्ठुरताको काम गर्दा बढ्ता मजा हुन्छ ? र कुन चाहिंले आफ्नो पछाडि बढ्ता आनन्दको सम्झना छोड्दछ ? नाटक तिमीलाई किन मजा लाग्दछ ? के तिमीलाई आफूले देखेका अपराधहरूमा आनन्द लाग्दछ ? जुन दण्ड अपराधीले पाउँदछ के त्यसमा तिमी रुन्छौ ? मानिसहरू भन्दछन् कि स्वार्थ बाहेक अरू हरेक कुरामा हामी बेवास्ता गर्दछौं, तैपनि मित्रता र दयामा मोहित भएर हाम्रो आफ्ना दुःखहरूमा सान्त्वना पाउँदछौं, र यदि हामीसँग बाँडेर भाग लिने हामी कोही छैन भने हाम्रा सुखहरूमा पनि अकेला र दुःखी हुन्छौं । यदि मानिसको हृदयमा नैतिकता भन्ने कुनै कुरा छैन भने उदार कामहरूको अत्यन्त आनन्ददायक उसको प्रशंसाको, र महान् व्यक्तिहरूमाथिको उसको उत्सुक भक्तिको मूल के हो ? स्वार्थ र धर्मका निमित्तको यो उत्सुकताका बीच के सम्बन्ध छ ? विजयी भइरहेका सीजर हुनुभन्दा आफ्नै हातले आत्महत्या गर्ने क्याटो हुन मैले किन खोज्ने ? हाम्रा हृदयहरूबाट जुन भलो कुरा छ, त्यसउपरको यो प्रेम झिकिदिन्छौ भने तिमी हामीबाट जीवनको सुखको अपहरण गर्दछौ । त्यो नीच मनको मानिस, जसमा नीच विचारहरूका बीच यी उदार विचारहरू दबाइएका छन्, जो आफ्नो सिवाय अरूको विचार गर्दैन, त्यसको आखिरमा आफूमाथि सिवाय अरू कसैमाथि प्रेम हुँदैन; यो मानिसलाई आनन्द थाहा हुँदैन, उसको कठोर छाती खुशीले फरफराउँदैन, उसका आँखाहरू सहानुभूतिका आनन्दाश्रुहरूले भरिँदैनन्, उसलाई कुनै कुरामा पनि आनन्द लाग्दैन; त्यो

अभागीको न जीवन हुन्छ न दिल, त्यो अघिबाटै मरिसकेको हुन्छ ।

यस संसारमा खराब मानिसहरू धेरै हुन्छन् तर आफ्नो स्वार्थमा मात्र जीवित र जुन ठीक र असल कुरा छ त्यसको चेतना नभएका मरेका आत्माहरू थोरै मात्र हुन्छन् । जहाँसम्म हाम्रो आफ्नै फाइदाका लागि छ त्यहाँसम्म हामी अन्यायमा मात्र रमाउँदछौं; अरू हरेक कुरामा निर्दोषीहरूको रक्षा होस् भन्ने हामी इच्छा गर्दछौं । यदि हामीले शहर या गाउँमा कुनै मारपीट या अन्यायका कामहरू देख्यौं भने हाम्रो दिल स्वभावतः भित्रसम्म रिसले तुरुन्त विचलित हुन्छ, जसले हामीलाई थिचोमिचोमा परेकाहरूको सहायतार्थ जानलाई प्रेरणा दिन्छ, तर झन् प्रबल कर्तव्यबाट हामी रोकिन्छौं, र कानूनले निर्दोषीहरूको रक्षा गर्ने हाम्रा हकबाट हामीलाई वञ्चित गराउँदछ । अर्कोतिर, यदि कुनै दया वा उदारताको काम हाम्रो दृष्टिमा पऱ्यो भने यसले हाम्रो मनमा कस्तो आदर र प्रेमको भावना जगाउँदछ । के हामी आफ्नो मन–मनमा भन्दैनौं, "यो मैले आफैंले गर्न पाएको भए हुन्थ्यो ?" दुई हजार वर्षअघि कुनै मानिस ठीक वा बेठीक होस् त्यस कुराको हामीलाई के मतलब ? तैपनि प्राचीन इतिहासमा मानो यो हिजै मात्र भएको कुरा हो कि भने झैं गरेर हामी उत्तिकै चाख लिन्छौं । क्याटालाइनका अपराधहरू मेरा निम्ति के हुन् र ? म उसको शिकार हुनेछैन । मानो ऊ अहिले नै जीवित छ कि भने झैं गरेर उसका अपराधहरूदेखि मैले उत्तिकै डर मान्नुपर्ने किन ? उनीहरूले हामीलाई नै हानि गर्दछन् भनेर मात्र हामी दुष्टहरूलाई घृणा गर्दैनौं, तर उनीहरू दुष्ट छन् भनेर नै हामी उनीहरूलाई घृणा गर्दछौं । हामी आफूहरू मात्र सुखी होऔं भन्ने इच्छा गर्दैनौं कि अरूहरू पनि सुखी होऊन् भन्ने इच्छा गर्दछौं, र यदि यस सुखले हाम्रो सुखलाई गडबड गराउँदैन भने यसले त्यसलाई झन् बढाउँदछ । निचोडमा, हामी इच्छा गरौं या नगरौं, तर हामी अभागीहरूमाथि दया गर्दछौं; जब हामी उनीहरूले दुःख पाएको देख्तछौं, हामी पनि दुःखी हुन्छौं । जस्तोसुकै नीच मानिसहरू पनि बिलकुलै स्वाभाविक बुद्धिले रहित हुँदैनन्, र यसले तिनीहरूलाई प्रायः आत्मविरोधतिर लैजान्छ । जसले मुसाफिरहरूलाई डाँका मार्दछ, त्यस डाँकूले गरीबहरूको नाङ्गो आङलाई लुगाले ढाकिदिन्छ; जस्तोसुकै भयङ्कर हत्याराले पनि मूर्छा पर्न लागेको मानिसलाई आड दिन्छ ।

मानिसहरू पश्चात्तापको आवाजको कुरा गर्दछन्, जुन लुकाइएका अपराधहरूका निम्तिको गुप्त दण्ड हो, र जसले अक्सर यस्ता अपराधहरूलाई

प्रकाशमा ल्याइदिन्छ । अपशोच ! यसको अप्रिय स्वरलाई कसले जान्दैन? हामी अनुभवबाट बोल्दछौं, र हामी यो हठी भावनालाई दबाउँदछौं जसले हामीलाई यस्तो मानसिक पीडा गराउँदछ । प्रकृतिको बोलाहटलाई हामी मानौं; हामी देख्नेछौं कि यसको जोत या जुवा सजिलो हुन्छ, र जब हामी यसको आवाजलाई ध्यान दिएर सुन्दछौं, तब हामी कुनै सत् ज्ञानको उत्तरमा एक आनन्द पाउँदछौं । दुष्ट ऊदेखि डराउँदछ र भाग्दछ; ऊ आफैबाट उम्कनमा खुशी मान्दछ; उसका उत्सुक आँखाहरू दिल–बहलाहटको कुनै वस्तुको निम्ति उसको चारैतिर हेर्दछन्; उसको कुनै कडा निन्दा र बेमज्जाको उपहास नभए तापनि ऊ सधैं दिक्दार रहन्छ; घृणायुक्त हाँसो उसको एक मात्र खुशियाली हुन्छ । ठीक मानिस यस्तो हुँदैन जसले आफूभित्रै आफ्नो शान्ति पाउँदछ, उसको हाँसोमा खुशी हुन्छ, ईर्ष्या हुँदैन, जुन उसको हृदयबाटै उब्जन्छ; कसैको साथमा होस् वा एक्लै होस् ऊ सधैं उत्तिकै आनन्दित हुन्छ; जो उसका नजीक पर्दछन् तिनीहरूमा उसको सन्तुष्टि निर्भर रहँदैन; यसले उनीहरूलाई आफ्नो अन्तर्गत तुल्याउँदछ ।

संसारका हरेक जातिमाथि तिम्रो दृष्टि फिराऊ; यसको इतिहासको हरेक ठेलीको अध्ययन गर; पूजाका यी अनौठा र निष्ठुर रूपहरूका बीच, गजब लाग्ने अनेक किसिमका चालचलन र रीतिरिवाजहरूका बीच, जहाँ पनि धर्म र न्यायका उस्तै विचारहरू, जहाँ पनि नैतिकताका उस्तै सिद्धान्तहरू, जहाँ पनि असल र खराबका उस्तै भावनाहरू तिमी पाउनेछौ । प्राचीन जङ्गली धर्मले यस्ता देवताहरूको कल्पना गऱ्यो, जो पृथ्वीतलमा भए बदमाश ठहरिएर सजाय पाउँदथे जो अपराध गर्नु र कामलोलुपतालाई तृप्ति गराउनुमै महान् सुखको चित्र देखाउँदथे । तर आफ्नो पवित्र अधिकारले सुसज्जित भएका देवताहरूको घरबाट पाप व्यर्थ तल ओर्ल्यो; नैतिक बुद्धिले यसलाई मानिसको हृदयमा प्रवेश गराउन इनकार गऱ्यो । एकातिर जुपिटरका कामक्रीडाहरू उत्सवको रूपमा मनाइन्थे, अर्कातिर जेनोक्रेष्टसको संयमको आदर गरिन्थ्यो; सती ल्युक्रीस निर्लज्ज भेनसको पूजा गर्दथिन्; शूरो रोमनले भयदेवतालाई बलि चढाउँदथ्यो; ऊ त्यो देवताको आराधना गर्दथ्यो जसले आफ्नो बाबुको हात–खुट्टा काटेको थियो, र कुनै गुनासो नगरीकन ऊ आफ्नै बाबुको हातबाट मरेको थियो । अत्यन्त उदार मानिसहरू अत्यन्त नालायक देवताहरूको पूजा गर्दथे । प्रकृतिको आवाज देवताहरूको आवाजभन्दा बलियो थियो र यसले पृथ्वीमाथि आदर पायो; दोष र दोषीलाई एकै नास गरी

स्वर्गको जिम्मा छोडिदिएको प्रतीत हुन्थ्यो ।

त्यस कारण हाम्रो हृदयको सबभन्दा भित्री तहमा न्याय र धर्मको एउटा आन्तरिक सिद्धान्त हुन्छ, जसद्वारा हाम्रा नैतिक उक्तिहरू भए पनि हाम्रा आफ्नै या अरूहरूका कामहरू असल हुन् या खराब हुन् त्यो विचार गर्दछौं; र यसै सिद्धान्तलाई म अन्तःकरण भन्दछु ।

तर यस शब्दमा बुद्धिमान् कहलिएका सबै मानिसहरूको गुनगुनाहट म सुन्दछु । बच्चाका जस्ता भूलहरू, हाम्रो शिक्षा-दीक्षा, पालन-पोषणका गलत विचारहरू, तिनीहरू सम्मिलित आवाजमा चिल्लाउँदछन् ! अनुभवद्वारा जो प्राप्त गरिएको छ त्यो सिवाय मानिसको मनमा अरू केही हुँदैन; र हामीले प्राप्त गरेका भावनाहरूद्वारा मात्र हामी हरेक कुरा विचार गर्दछौं । तिनीहरू अरू टाढा जान्छन्; सारा जातिहरूले स्पष्ट र व्यापक रूपमा मानेका कुरालाई तिरस्कार गर्न पनि तिनीहरू साहस गर्दछन्, र मनुष्यजातिको विचारको प्रभावयुक्त एकताको विरोधमा जानलाई मानो एउटा मात्र जातिको नीचताले गर्दा प्रकृतिको सारा प्रवृत्ति नै व्यर्थ भएको छ कि भनेझैं गरेर र मानो दानवीपनहरूको अस्तित्वले गर्दा मनुष्य जातिको नै अन्त भएको छ कि भनेझैं गरेर तिनीहरू आफूहरूलाई मात्र थाहा भएको कुनै अन्धकारमय अपवाद खोज्दछन् । तर नास्तिक मन्टेनले संसारको कुनै अँध्यारो कुनामा न्यायका विचारहरूको विरुद्धको चलन पत्ता लगाउन कोशिश गर्नाको मतलब के हो ? सबभन्दा ठूला लेखकहरूमाथि विश्वास नगर्ने मानिस उसले सबभन्दा अनविश्वासी मुसाफिरहरूलाई श्रेय दिनाको मतलब के हो ? हामीलाई थाहा नभएका स्थानीय कारणहरूमा आधारित थोरै अनौठा र सन्देहयुक्त चाल चलनहरू हुन सक्लान्; अरू सबै कुरामा मतभेद भएका तर यस कुरामा एक मत भएका पृथ्वीका सबै जातिहरूले मंजूर गरेको कुरामा आधारित सर्वसाधारण अनुमानलाई यिनीहरू नाश गर्न सक्तछन् ? ए मन्टेन, तिमी आफ्नो सत्यता र ईमानदारीमा गर्व गर्दछौ; यदि कुनै दार्शनिक यस्तो हुन सक्तछ भने सच्चा र निष्कपट होऊ, र मलाई बताऊ के पृथ्वीमाथि यस्तो कुनै मुलुक हुन सक्तछ जहाँ अफ्नो प्रतिज्ञा पूरा गर्नु, सहायता गर्नु, उदार हुनु अपराध हुन्छ, जहाँ सज्जनलाई घृणा गरिन्छ, र विश्वासघातीलाई ठूलो आदर गरिन्छ ?

मानिसहरू भन्दछन् कि स्वार्थले हामीमध्ये हरेकलाई सबको भलाइका निम्ति मंजूर गर्न करै लगाउँदछ । तर असल मानिसले यस्तोमा भित्र दिलैदेखि

मन्जूर गर्ने कसरी हुन्छ ? के मानिस स्वार्थबाट मर्न जान्छ ? अवश्य नै मानिसले आफ्नै भलाइका लागि काम गर्दछ । तर नैतिक भलाइ भन्ने यस्तो कुरा विचारमा लिइँदैन भने स्वार्थले तिमीलाई दुष्टहरूका दुष्कर्महरूको गणना गर्न मात्र समर्थ तुल्याउनेछ; सम्भवतः यहाँभन्दा बढ्ता प्रयास तिमी गरोइनौ । जुन वेदान्तले सत्कर्महरूका निमित्त स्थान पाउँदैन त्यो ज्यादै घृणित हुनेछ; तिमी या त कुनै नीच अभिप्राय, कुनै दुष्ट मतलब राख्न या त सोक्रेटिसलाई गाली गर्न र रेगुलसलाई कलङ्क लगाउन आफूलाई बाध्य भएको पाउनेछौ । यदि यस्ता सिद्धान्तहरूले हामीमा जरा हाले भने यस्तो शिक्षाको कुनै शिष्यले पनि आफू यसको भागी भएकोमा कुनै ईमानदारीपूर्वकको क्षमाको लागि प्रार्थना गर्न नसकुन्जेलसम्म तर्कको आवाजको साथै प्रकृतिको आवाजले हरबखत उनीहरूलाई निषध गर्नेछ ।

आत्मज्ञानविद्याको वाद-विवादमा अहिले पस्ने मेरो योजनाको भाग होइन, जुन कुरा न तिमी बुझ्न सक्तछौ, न म बुझ्न सक्तछु, र जुन वाद-विवादले वास्तवमा कतै पनि लैजाँदैन । मैले तिमीलाई अघिबाटै बताइसकेको छु कि म तिमीसित वेदान्तको चर्चा गर्न इच्छा गर्दिनँ, तर तिमीलाई आफ्नै मनसित सल्लाह गर्नमा मदत गर्न इच्छा गर्दछु । यदि संसारका सबै वेदान्तीहरूले मेरो गल्तीलाई प्रमाणित गर्दछन् भने, र तिमीलाई मैले भनेको कुरा ठीक हो भन्ने लाग्यो भने मैले खोजेको सम्पूर्ण कुरा त्यही हो ।

यसका निमित्त तिमीलाई हाम्रा प्राप्त विचारहरू र प्राकृतिक चेतनाहरूका बीचको भेद छुट्याउन सक्ने तुल्याउनु पर्याप्त छ; किनभने ज्ञानभन्दा अघि चेतना आउँदछ; हामी हाम्रा निमित्त कुन असल कुरा हो र कुन खराब कुरा हो त्यो सिक्न खोज्दैनौ, तर यो इच्छा हामी प्रकृतिबाट पाउँदछौं; त्यसै प्रकार असलप्रतिको प्रेम र खराबप्रतिको घृणा हामीमा यत्तिको प्राकृत हुन्छन् जतिको हाम्रो आत्म–प्रेम हुन्छ । अन्तःकरणका आदेशहरू विचार होइनन् कि चेतना हुन् । हाम्रा सबै विचारहरू बाहिरबाट आउने भए तापनि जसबाट तिनीहरूको लेखाजोखा हुन्छ, ती चेतनाहरू हामीभित्रै हुन्छन्, र यिनै चेतनाहरूद्वारा मात्र हामीसँग सम्बन्ध भएका कुराहरू हाम्रा निमित्त उचित हुन् या अनुचित हुन् हामी थाहा पाउँदछौं, जसले हामीलाई ती कुराहरू खोज्ने या छोड्ने तुल्याउँदछ ।

अस्तित्व हुनु चेतना हुनु हो, हाम्रो चेतना अवश्य नै हाम्रो बुद्धिभन्दा अघिको हो, र हाम्रा विचारहरूभन्दा अघि हाम्रा चेतनाहरू थिए । हाम्रो

अस्तित्वको कारण जेसुकै होस् यसले हाम्रो प्रकृतिलाई सुहाउने चेतनाहरू दिएर हाम्रो रक्षाको प्रबन्ध मिलाएको छ र यो कसैले पनि इनकार गर्न सक्तैन कि यिनीहरू कम-से-कम जन्मँदै देखिएका हुन्छन् । जहाँसम्म व्यक्तिसितको सम्बन्ध छ, यी चेतनाहरू आत्मप्रेम, भय, पीडा, मृत्युको डर, सुखको इच्छा हुन् । फेरि यसमा सन्देह गर्न असम्भव हुनाले, यदि मानिस प्रकृतिले नै सामाजिक हो भने, या कम-से-कम सामाजिक हुन लायक छ भने उसको किसिम या जातिसँग सम्बन्धित अरू स्वाभाविक चेतनाहरूद्वारा मात्र ऊ यस्तो हुन सक्तछ, किनभने यदि शारीरिक कल्याणको मात्र विचार गरिएको भए मानिसहरू सँगसँगै रहनुभन्दा छरिएर रहन्थे । तर यो मनको चलाउने शक्ति आफूसितको र आफ्ना समाजका मानिसहरूसितको दोहोरो सम्बन्धद्वारा बनेको नैतिक क्रमबाट निस्कन्छ । असल कुरा जान्नु यसमाथि प्रेम हुनु होइन; यो ज्ञान मानिसमा स्वभावतः हुने होइन; तर जब उसका विचार शक्तिले उसलाई यो थाहा पाउने तुल्याउँदछ, तब उसको अन्तःकरणले यसमाथि प्रेम राख्न उसलाई करै लगाउँदछ; त्यो यही चेतना हो जो स्वाभाविक हुन्छ ।

ए मेरा जवान मित्र, बिचारदेखि नै स्वाधीन हाम्रो चेतनाको शक्ति हाम्रै प्रकृतिको परिणाम हो भनेर व्याख्या गर्नु असम्भव छ भन्ने म ठान्दिनँ । यो असम्भव नै भए पनि यो अनावश्यक छ, किनभने संसारमा अरू हरेकले मानिएको र लिइएको सिद्धान्तलाई जो इनकार गर्दछ तिनीहरू यस्तो कुरा हुँदैन भन्ने प्रमाणित गर्दैनन्; उनीहरू केवल यस्तो हुँदैन भनेर सन्तुष्ट हुन्छन्, हामी हुन्छ भन्छौं र यो भन्नमा उनीहरूसँग जति कारणहरू छन् हामीसँग पनि उत्तिकै कारणहरू छन्, र अझ त्यसमाथि हामीभित्र साक्षी छ जो अन्तःकरणको आवाज हो र जसले आफ्नै पक्षमा बोलदछ, यदि बिचारका पहिला प्रकाशहरूले हामीलाई तिरमिराएर हामीले देखेका वस्तुहरूमा घबराहट ल्याए भने हामी हाम्रो कमजोर दृष्टि सफा र मजबूत नहुन्जेल पर्खौं र विचार शक्तिको प्रकाशमा हामी चाँडै नै ती वस्तुहरू देखनेछौं जो प्रकृतिले हामीलाई अघिबाटै देखाइसकेको छ । या हामी बढ्ता सरल र कम आडम्बरी होऔं, हामीले आफू भित्रै अनुभव गरेका पहिला विचारहरूमा सन्तुष्ट रहौं, किनभने यदि विज्ञानले भड्काएर हामीलाई अन्यत्र लगेको रहेनछ भने यसले हामीलाई यिनीहरूमै फर्काएर ल्याउँदछ ।

अन्तःकरण ! अन्तःकरण ! दैवी सहज ज्ञान, स्वर्गबाट आएको अमर ध्वनि, अज्ञानी र साँच्चीकै परिमित तर बुद्धियुक्त र स्वतन्त्र प्राणीको निश्चित

पथ-प्रदर्शक, असल र खराबको पक्का विचारक, मानिसलाई परमेश्वर जस्तो तुल्याउने ! मनुष्यस्वभावको उत्तम गुण र मानिसका कामहरूको नैतिकता तँमै रहन्छ; तँदेखि छुट्टै, बेरोकटोक समझ र सिद्धान्तरहित विचारले मदत गरिएको, एक गल्तीबाट अर्कोतिर दगुर्ने शोचनीय सहुलियत सिवाय मलाई पशुहरूभन्दा माथि उठाउने कुनै कुरा म आफूमा पाउँदिनँ ।

परमेश्वरलाई धन्यवाद ! अब हामीले वेदान्तको भयङ्कर प्रदर्शनीबाट छुटकारा पायौं; विद्वान् नभईकन पनि हामी मानिस हुन सक्तै छौं । अब हामीले नैतिकताको अध्ययनमा हाम्रो जीवन बिताउनुपर्दैन; हामीले मनुष्य-विचारको भूलभूलैयाको बीचबाट हामीलाई बाटो देखाएर लैजाने झन् कम खर्चिलो र झन् पक्का पथ–प्रदर्शन भेट्टाएका छौं, यस्तो अगुवा छ भन्ने थाहा पाएर मात्र हुँदैन; हामीले उसलाई जान्नुपर्दछ र उसको अनुसरण गर्नुपर्दछ । यदि ऊ सब हृदयसँग बोल्दछ, भने यति थोरैले उसको आवाजमा ध्यान दिने यो कसरी हुन सक्तछ । हामीसित प्रकृतिको भाषामा बोल्दछ, र हरेक कुराले हामीलाई त्यो भाषा बिर्सनेतिर लैजान्छ । अन्तःकरण कातर हुन्छ, यसले शान्ति र एकान्त मन पराउँदछ; हल्ला र संख्याहरूदेखि ऊ झस्किन्छ; पक्षपातहरूबाट यसको उत्पत्ति हुन्छ भन्दछन्, तर पक्षपातहरू यसका सबभन्दा खराब शत्रु हुन् । यिनीहरूको अगाडि यो भाग्दछ या चुपचाप रहन्छ; उनीहरूको हल्ला गर्ने आवाजहरूले यसका शब्दहरूलाई दबाउँदछन्, त्यसै कारणले उसको सुनुवाइ हुँदैन; अन्धविश्वासले यसको आवाजलाई खोटो तुल्याउन र यसको नाममा अपराधहरूलाई उत्तेजित गराउन साहस गर्दछ । दुर्व्यवहारले यो निराश हुन्छ; यो अब हामीसँग बोल्दैन, हामीले बोलाउँदा अब यसले जबाफ दिँदैन; अहिलेसम्म यसको अपहेलन भएकोले यसलाई निकाल्न जत्तिको कठिन भएको थियो, यसलाई फेरि बोलाउन उत्तिकै कठिन हुन्छ ।

मेरा सोधनीहरूका बीच म आफ्नै हृदयको कठोरतादेखि कति चोटि थाकिसकेको छु । मानसिक दुःख र थकावटले कतिपल्ट मेरा पहिला ध्यानहरूमा उनीहरूको विष खन्याएका छन् र मेरा निमित्त तिनीहरू घृणित तुल्याइएक छन् । मेरो बाँकी हृदयमा कमजोर उत्साह र सत्यप्रतिको मन्द प्रेम सिवाय अरू केही रहेन । मैले मन–मनै भनें, “जुन कुरा छँदै छैन त्यो पाउनलाई मैले किन प्रयास गर्ने ? नैतिक भलाइ एउटा स्वप्न मात्र हो, इन्द्रियका सुखहरू मात्र सच्चा भलाइ हुन्” । अब हामी एक चोटि आत्मसुखहरूको स्वाद

गुमाउँदछौं, तब यसलाई फेरि पाउन कत्तिको कठिन हुन्छ ! र हामीले यो स्वाद कहिले पनि पाएका छैनौं भने यो पाउन झन् कत्तिको कठिन हुन्छ ! जुन कुरो उसले आनन्द मानेर सम्झन सक्तछ र जुन कुराले उसले जीवन पाएकोमा उसलाई आनन्द दिन सक्तछ त्यस्तो कुरा जीवनभरमा कहिल्यै नगरेको यस्तो कुनै अभागी मानिस हुन्छ भने त्यो मानिस आत्म–ज्ञानको लागि असमर्थ हुन्छ, र उसको प्रकृतिले नै उसलाई समर्थ तुल्याउने सत्को ज्ञानले रहित भएर आफ्नो दुष्टतामै रहन ऊ बाध्य हुन्छ र ऊ सधैं दुःखी नै रहन्छ । सत्कर्म गर्ने प्रलोभनमा कहिले पनि नपरेको यस्तो नीच व्यक्ति एक मात्र पनि यस पृथ्वीतलमाथि हुन्छ भन्ने तिमी विचार गर्दछौ ? यी प्रलोभन यस्तो स्वाभाविक, यस्तो आनन्ददायक हुन्छ कि सधैं यसलाई रोक्नु असम्भव हुन्छ; र यसले एकपल्ट दिएको आनन्दको विचार नै यसलाई हरबखत हाम्रो स्मरणमा ल्याउन पर्याप्त हुन्छ । दुर्भाग्यवश यसको निम्ति सन्तुष्टि पाउन पहिले गाह्रो हुन्छ; हाम्रो हृदयका प्रवृत्तिहरूको अनुसरण गर्न इनकार गर्नको निम्तिका कारणहरू हामीसँग जति भने पनि हुन्छन्; जुन बुद्धि कहलाइन्छ, त्यसले आत्माको सीमाना भित्र हृदयलाई रोक लगाइदिन्छ; यी बन्धनहरू तोड्न हजार प्रयासहरू चाहिन्छन् । भलाइ गर्नुको आनन्द नै भलाइ गर्नाको इनाम हो र हामीले यसलाई जित्नुभन्दा अघि हामी यस इनामको योग्य हुनुपर्दछ । धर्मभन्दा मीठो अरू कुरा हुँदैन; तर यसका निम्ति प्रयास नगरुन्जेल यो कुरा हामी थाहा पाउँदैनौं । कथाको प्रोटियस जस्तै पहिले त्यो हजार रूपहरू लिन्छे जब हामी उसलाई अङ्कमाल गर्दछौं, र तिनीहरूलाई मात्र आफ्नो सच्चा रूप देखाउँदछे जो उसलाई छोड्न इनकार गर्दछन् ।

सार्वजनिक कल्याणको विषयमा बोल्ने मेरा स्वाभाविक चेतनाहरू र आफ्नो विषयमा मात्र बोल्ने मेरो तर्कका बीच सधैंको झगडामा यदि मेरो हृदयले अरू बढ्ता प्रकाश नपाएको भए, यदि मेरा विचारहरूलाई निश्चित तुल्याउने त्यस सत्यले मेरो आचरणलाई पनि दृढ नतुल्याएको भए र मलाई आफूसितै शान्तिमा नराखेको भए खराबीलाई घृणा गर्दै, असललाई प्रेम गर्दै म जीवनभर सधैं अनिश्चिततामा उत्रिरहने थिएँ र आफूसितैको लडाइँमा सधैं परिरहने थिएँ । तर्क मात्र धर्मको पर्याप्त जग होइन; कुन खँदिलो ठाउँ पाउन सकिन्छ ? हामीलाई यो बताइएको छ कि धर्म नै प्राकृतिक स्थिति-उपरको प्रेम हो । तर के यस प्रेमले मेरो आफ्नै कल्याणप्रतिको प्रेमलाई जित्न सक्तछ र के यसले यसरी जित्नुपर्छ ? तिनीहरूले मलाई यस कुराको स्पष्ट र

पर्याप्त प्रमाण दिऊन् । उनीहरूको सिद्धान्त वास्तवमा शब्दहरूसितको खेल मात्र हो, किनभने म पनि भन्दछु कि पाप भिन्दै तरीकाले बुझिएको प्रकृतिको क्रमउपरको प्रेम हो । जहाँ ज्ञान र बुद्धि हुन्छ, त्यहाँ कुनै प्रकारको नैतिक क्रम हुन्छ । भेद यही हो; सज्जनले आफ्नो जीवनलाई सबै मानिसहरूसँगको सम्बन्धमा क्रमिक तुल्याउँदछ, दुर्जनले यसलाई आफ्नो स्वार्थसितको सम्बन्धमा मात्र क्रमिक तुल्याउँदछ । दुष्टले सबै कुरालाई आफ्नै वरिपरि केन्द्रित गराउँदछ, सज्जनले आफ्नो अर्धव्यासलाई नाप्तछ र परिधिमा रहन्छ । यस प्रकार उसको स्थान सार्वजनिक केन्द्रमा निर्भर गर्दछ, जो परमेश्वर हुन्, र सार्वजनिक केन्द्र भएका सबै घेराहरूमा निर्भर गर्दछ, जो उनका प्राणीहरू हुन् । यदि परमेश्वर छैनन् भने दुष्ट ठीक हो र सज्जन चाहिं मूर्ख सिवाय अरू केही होइन ।

ए मेरो बच्चा ! मानिसका विचारहरूको घमण्डको गहराइमा पुगेर र उत्कट इच्छाहरूबाट हुने दुःखको अनुभव गरेर जब तिमी नजीकैमा बुद्धिको बाटो पहिल्याउँदछौ, जब तिमी जीवनका परिश्रमहरूको इनाम पाउँदछौ, जब तिमी आफू निराश भइसकेको सुखको मूल भेट्टाउँदछौ, तब तिमी एकदिन कत्रो बोझ हटेछ भन्ने कुरा थाहा पाउन सके । जसलाई मानिसको अन्यायले मेरो हृदयबाट झण्डै मेटिसकेको थियो, प्राकृतिक नियमको त्यो हरेक कर्तव्य त्यो अनन्त न्यायको नाममा मेरो हृदयमा दोस्रो बाजि कुँदिएर रहेको छ जसले यो कर्तव्यहरू ममाथि लगाउँदछ र तिनीहरूलाई मैले पूरा गरेको हेर्दछ । म आफूलाई सर्वशक्तिमान् परमेश्वरको ज्यावल जस्तो मात्र पाउँदछु जो जुन सत् छ त्यो इच्छा गर्दछन्, जो यसलाई पूरा गर्दछन्, जसले मेरो इच्छा र उनको इच्छाको मिलानद्वारा र मेरो स्वतन्त्रताको ठीक प्रयोगद्वारा मेरै भलाइ गरिदिनेछन् । उनले बाँधेको स्थितिलाई म मान्दछु, र मलाई निश्चय छ कि म त्यस स्थितिको उपभोग एक दिन गर्नेछु र यसमा म आफ्नो आनन्द पाउनेछु; किनभने यसभन्दा मीठो आनन्द अरू के हुन्छ, जसमा त्यस स्थितिको एक भाग म हुँ भन्ने आफूलाई थाहा हुन्छ, जहाँ सब कुरा असल नै असल हुन्छ । चाँडै नै यसको अन्त हुनेछ र यो त्यस शरीरबाट उत्पन्न भएको छ जो मेरो होइन यो कुरा सम्झेर पीडा या मानसिक कथाको शिकार भएको म यो दुःख धैर्यपूर्वक सहन गर्दछु । यदि गुप्ती तवरले म कुनै असल काम गर्दछु भने, म जान्दछु कि यो देखिएको छ; र यस जीवनको मेरो चालामाला मेरो भविष्यजीवनको प्रतिज्ञा हो । जब म अन्यायबाट दुःख पाउँदछु म आफ्नो मन-मनमा भन्दछु: जो सब कुरा भलाइका लागि गर्दछन् ती सर्वशक्तिमान् भगवान्‌ले मलाई इनाम

दिनेछन्; मेरा शारीरिक आवश्यकताहरू, र मेरो दरिद्रताले मृत्युको विचारलाई कम असहनीय तुल्याउँदछन्; जब मेरो समय आउँदछ त्यो वेला थोरै जो-जति बन्धनहरू छन् ती सबै तोडिनुपर्दछ ।

मेरो आत्मा किन मेरा इन्द्रियहरूको वशमा छ, र यस शरीरभित्र थुनिएको छ जसले यसलाई दास तुल्याएको छ र पराजित गराएको छ ? मलाई थाहा छैन; सर्व-शक्तिमान् अखिलेश्वरका विचारहरूमा मेरो प्रवेश छ र ? तर म धृष्टताविना सानो अडकल गर्न साहस गर्दछु । म विचार गर्दछु, यदि मानिसको आत्मा स्वतन्त्रता र निर्दोषीपनको अवस्थामा रहेको भए बसालिइसकेको क्रमलाई मन पराउनु र मान्नुमा उसलाई के श्रेय हुन्थ्यो जुन क्रम खलबल्याउनु उसका निमित्त हितको कुरा हुने थिएन ? ऊ अवश्य सुखी हुने थियो; तर उसको सुख उच्च कोटिमा पुग्ने थिएन, जो धर्मको गौरव र उसभित्रको सत्–ज्ञानको साक्षी हो । ऊ देवदूतहरू जस्ता हुन्छन् त्यस्तो मात्र हुने थियो र निश्चय नै सज्जन त उनीहरूभन्दा बढ्ता हुनेछ । उनीहरू जत्तिका शक्तिशाली छन् त्यत्तिकै अनौठा बन्धनहरूले मरणशील देहमा बद्ध रहेकोले यो देहको संरक्षणको उसको चिन्ताले आत्मालाई आपनो मात्र विचार गर्नतिर लोभ्याउँदछ र यसलाई वस्तुहरूको सर्वसांसारिक क्रमका विरुद्ध चाहना दिन्छ जसलाई जान्न र प्रेम गर्न ऊ अझै समर्थ हुन्छ; तब उसको स्वतन्त्रताको ठीक प्रयोग नै तुरुन्त इनाम र पारितोषिक हुन्छ, तब यसका सांसारिक इच्छाहरूलाई रोकेर र यसको मौलिक निर्देशनको अनुसरण गरेर यसले आपनो अनन्त सुखका निमित्त तयारी गर्दछ ।

हाम्रो वर्तमान जीवनमा जुन नीचो स्थानमा हामी राखिएका छौं त्यसमा पनि यदि हाम्रा पहिला मानसिक वेगहरू सधैं असल हुन्छन् भने, यदि सबै हाम्रा पापहरू हाम्रै करतूत हुन् भने तिनीहरू हाम्रा मालिक हुनआएका छन् भनेर हामीले किन गुनासो गर्ने ? हामीले आफै सृजना गरेका खराबीहरूको निम्ति र हामीले आपना विरुद्ध आफै सुसज्जित गराइएका शत्रुहरूको निम्ति हामीले किन सृष्टिकर्तालाई दोष दिने ? मानिस नबिग्रेर रहोस्, उसलाई असल हुन सधैं सजिलो हुनेछ, र ऊ पश्चात्तापले रहित भएर सधैं सुखी रहनेछ । जुन दोषी मानिसहरू हामी अपराधतिर धकेलियौं भन्दछन् ती मिथ्यावादी र कुकर्मी हुन् । जुन कमजोरीका निम्ति तिनीहरू विलाप गर्दछन्, त्यो आफैंले गराएको हो, उनीहरूको सबभन्दा पहिलेको भ्रष्टता उनीहरूको आपनै इच्छाको परिणाम हो, प्रलोभनहरूमा लाग्ने इच्छा आफैंले

गरेर र तिनीहरूलाई रोक्नै नसक्ने तुल्याएर तिनीहरू आफैं ती प्रलोभनहरूमा लाग्दछन् भन्ने इत्यादि कुरा बुझ्नमा असफल हुनु यो कसरी हुन्छ ? अवश्य नै तिनीहरू अब कमजोर र दुष्ट हुनबाट रोकिन सक्तैनन्, तर तिनीहरूले कमजोर र दुष्ट हुनुपर्दैनथ्यो । यदि अहिलेसम्म नबनिसकेका आदतहरूले, फैलिनलाई भरखर शुरू गरेको मनले जुन अज्ञात छ त्यसको ठीकसित कदर गर्नको लागि हामीले ठीकसित थाहा पाउनुपर्ने कुराहरूमा लागिरहन हामी समर्थ भएका भए यसै जीवनमा पनि हाम्रो आफ्नै र हाम्रा उत्कट इच्छाहरूको नियन्त्रणलाई बचाएर राख्न कति सजिलो हुने थियो ! हामी अरूहरूको आँखाको अगाडि फल्फूँ भनेर होइन कि हामी हाम्रो प्रकृतिअनुसार बुद्धिमान् र असल हुँ भनेर र हामी आपनो कर्तव्य पूरा गरेर सुखी हुँ भनेर हामीले सिक्न साँच्चीकै इच्छा गरेको भए कस्तो हुने थियो । यो अध्ययन हामीलाई झर्को लाग्ने र दुःखदायी जस्तो प्रतीत हुन्छ, किनभने हामी पापले भ्रष्ट नभइसकुन्जेलसम्म र हाम्रा उत्कट अभिलाषाहरूको दास नबनुन्जेलसम्म यसका निमित्त प्रयास गर्दैनौं । हामीलाई असल र खराबको ज्ञान हुनुभन्दा अघि हाम्रा विचारहरू र हाम्रा गुणका स्तरहरू निर्धारित हुन्छन्; र अनि हामी यसको सच्चा गुणलाई केही महत्त्व नदिईकन यही मिथ्यासारद्वारा सबै कुराको परिणाम लिन्छौं ।

एक उमेर हुन्छ जब दिल सधैं स्वतन्त्र हुन्छ, तर उत्सुक र चंचल हुन्छ, जुन सुख यसलाई अहिलेसम्म थाहा भएको छैन, जुन सुख यसले उत्सुकता र सन्देहपूर्वक खोज्दछ, त्यसका निम्ति लोभी हुन्छ; इन्द्रियहरूद्वारा छकाइएकोले यो आखिरमा सुखको रित्तो तमाशामा बास गर्दछ र जहाँ यो छैन त्यहाँ यसलाई भेट्टाएँ भन्ने ठान्दछ । मेरो तर्कमा त यी मायाजालहरू धेरै समयसम्म रहे । अपशोच ! मैले तिनीहरूलाई ज्यादै ढीलो थाहा पाएँ, र तिनीहरूलाई पूर्णतया दबाउन म सफल भएको छैन; जसबाट तिनीहरूको उत्पत्ति हुन्छ, त्यो मरणशील शरीर रहुन्जेलसम्म तिनीहरू रहनेछन् । यदि तिनीहरूले मलाई भड्काएर अन्ततिर लगे भने म अब तिनीहरूबाट छकिन्नँ । तिनीहरू के हुन् त्यो म जान्दछु र यदि मैले आफूलाई तिनीहरूको हातमा छोडिदिएँ भने म आफूलाई तुच्छ गर्दछु; तिनीहरूलाई मेरो सुखको लक्ष्य मान्नु त परै रहोस्, म तिनीहरूमा यसका निमित्तको बाधा देख्तछु । म त्यो समयको उत्सुकतापूर्वक अभिलाषा गर्दछु, जब शरीरका बन्धनहरूदेखि मुक्त भएर म जो हुँ त्यही हुनेछु, म आफूसंग एक हुनेछु, जब म द्वैत भावमा बाँडिएको हुनेछैन, जब म आत्म सुखका

निमित्त आफैं पर्याप्त हुनेछु । साथै म यसै जीवनमा पनि सुखी छु, किनभने म यसका खराबीहरूलाई गन्दिनँ जसमा मैले कुनै भाग लिएको जस्तो आफूलाई ठह्राउन्नँ, जब कि यस जीवनबाट मैले प्राप्त गर्न सक्ने सम्पूर्ण वास्तविक भलाई म आफैंमा मात्र निर्भर छ ।

अहिले नै भए पनि आफूलाई सुखको, शक्तिको र स्वतन्त्रताको अवस्थामा उठाउनलाई म उच्च ध्यानमा अभ्यास गर्दछु । बेकारको कुनै क्रमद्वारा यसको व्याख्या गर्नको लागि होइन कि निरन्तर यसको आदर गर्न र जसले आफूलाई यसमा प्रकट गर्दछन् ती बुद्धिमान् परमेश्वरको पूजा गर्नको लागि म विश्वको क्रमको विचार गर्दछु । म उनीसँग सम्पर्क राख्तछु; म मेरा सबै शक्तिहरूलाई उनको दैवी सत्त्वमा निमग्न राख्तछु; म उनको कृपाले भरिपूर्ण छु, म उनलाई र उनका दातव्यहरूलाई आशीर्वाद चढाउँदछु, तर म उनलाई प्रार्थना गर्दिनँ । मैले उनीसँग के माग्ने प्रकृतिको स्थिति बदल्न, मेरा निम्ति अद्भुत कुराहरू गर्न ? जो उनले बुद्धिमत्तापूर्वक बसालेको र उनको संरक्षणले थामिराखेको स्थितिलाई सर्वोपरि प्रेम गर्न बाध्य छ त्यस्तो मैले के यस्तो कुरा गर्ने ? के मैले आफ्नै निम्ति त्यो स्थिति खलबल्याउन इच्छा गर्ने ? होइन, त्यो विचारहीन प्रार्थना स्वीकृत हुनुभन्दा दण्डित हुनु योग्य छ । न त म उनीसित ठीक काम गर्ने शक्ति माग्दछु; जुन कुरा उनले मलाई अघिबाटै दिइसकेका छन् त्यो मैले किन माग्ने ? के उनले मलाई जुन कुरा ठीक छ त्यसलाई प्रेम गर्न सकोस् भनेर हिताहितको बुद्धि दिएको छैन ? यो मैले थाहा पाउन सकूँ भनेर के मलाई तर्कशक्ति दिएको छैन ? मैले यो रोज्न सकूँ भनेर के मलाई स्वतन्त्रता दिएको छैन ? यदि म खराबी गर्छु भने त्यसमा मलाई माफी छैन; म आफ्नै स्वतन्त्र इच्छाले यो गर्दछु । मेरो इच्छा बदलिदेऊ भनेर उनीसँग भन्नु उनले मलाई जो भन्दछन् त्यही गर्नु हो; यो ज्वाला चाहिँ आफूले लिनु, काम चाहिँ उनलाई गराउन खोज्नु हो; मेरो आफ्नो भाग्यमा असन्तुष्ट हुन अबलाई मानिस नहुन इच्छा गर्नु हो, जो म छु त्योभन्दा आर्को हुन इच्छा गर्नु हो, बेस्थिति र खराबीका निमित्त इच्छा गर्नु हो । हे न्याय र सत्यका मूल, हे दयालु कृपालु परमेश्वर ! तिमीमा मेरो पक्का विश्वास छ, र मेरो हृदयको इच्छा यही छ– तिम्रो इच्छाअनुसार होस् ! जब म आफ्नो इच्छालाई तिम्रो इच्छामा मिलाउँदछु, म त्यही गर्दछु जो तिमी गर्दछौं; तिम्रो भलोपनमा मेरो भाग छ; म विश्वास गर्दछु कि म अघिबाटै त्यो सर्वोत्तम सुखको भोग गर्दछु, जुन भलोपनको इनाम हो ।

राम्रोसित जग बसिसकेको आफूप्रतिको मेरो अनविश्वासमा परमेश्वरसँग मैले माग्ने या उनको न्यायबाट आशा गर्ने एक मात्र कुरा यो हो कि यदि म भड्किएर कुमार्गमा लागें भने र यदि मेरो गल्ती मेरा निम्ति भयङ्कर छ भने त्यो गल्ती सुधारियोस् ।

ईमानदारीपूर्वक भनूँ, मैले आफूलाई अचूक ठहराउनु हुँदैन; मेरा विचारहरू जो मलाई सत्य लाग्दछन् तिनीहरू मिथ्या हुन सक्तछन्; किनभने आफ्नै विश्वासहरूमा लागिरहने कुन मानिस हुन्छ; र कति मानिसहरू हरेक कुरामा विश्वास गर्दछन् ? जुन मायाजालले मलाई छकाउँदछ त्यसको मूल वास्तवमा ममै हुन सक्तछ र यसलाई हटाउन सक्ने परमेश्वर मात्र हुन्छन् । सत्य भेट्टाउनलाई मैले सकेसम्म गरेको छु; तर यसको मूल पहुँचदेखि बाहिर छ ; यदि मेरो शक्तिले मलाई असफल तुल्याउँदछ भने यो मेरो दोष हो, र यहाँभन्दा पर म जान सक्तिनँ, सत्य नै मेरो नजीक आउनुपर्दछ ।

ती असल पादरीले जोशपूर्वक बोलेका थिए । उनी र म उमङ्गपूर्ण भयौं । स्वर्गका अर्फियसको सङ्गीत ध्यानपूर्वक सुनिरहेको जस्तो मलाई लाग्यो जब उनले सबभन्दा पहिलेका प्रार्थनाहरू गाएका थिए र मानिसहरूलाई देवताहरूको पूजा गर्न सिकाएका थिए । उठाउन सकिने विरोधहरू मैले जति भने पनि देखें; तर मैले कुनै पनि उठाइन, किनभने मैले थाहा पाएँ कि तिनीहरू साँचाभन्दा पनि बढ्ता अलमल्याउने थिए, र मेरो चित्तवृत्ति पनि उनकै चित्तवृत्ति जस्तो भयो । जब उनले आफ्नो चित्तमा लागेको कुरा मलाई भने मेरो चित्तले उनले जो भने त्यसको समर्थन गरेको जस्तो लाग्यो । मैले भनें, "तपाईंले मलाई बोध गराउनुभएका विचारहरूको नयाँपनले मेरो मनमा झन् बढ्ता प्रभाव पर्‍यो र त्यो तपाईंले जुन कुरा म विश्वास गर्छु भन्नुभयो त्यसलेभन्दा तपाईंले जुन कुरा म जान्दिनँ भन्नुभयो त्यसले भएको हो । ती कुराहरू आस्तिकता या प्राकृतिक धर्म जस्ता लाग्दछन् जुन कुराहरूलाई ईसाईहरूले भ्रमपूर्वक नास्तिकता या अधर्म भन्दछन् जो ठीक उनीहरूको उल्टा कुरा हो । तर मेरो धर्मप्रतिको विश्वासको वर्तमान अवस्थामा तपाईंका विश्वासहरू स्वीकार गर्नलाई ओर्लनुभन्दा उक्लनुपर्ने हुन्छ, र यदि म तपाईं जत्तिकै बुद्धिमान् छैन भने तपाईं जहाँ हुनुहुन्छ ठीक त्यहाँ रहनलाई मलाई मुश्किल हुन्छ । म कम-से-कम ईमानदार त हुन सकूँ भनेर म आफैंसँग सल्लाह लिन समय चाहन्छु । तपाईंले नै देखाउनुभएकोबाट अन्तरात्माको आवाज मलाई बाटो देखाउने अगुवा हुनुपर्दछ, र तपाईंले नै मलाई बताउनुभएको छ कि जब

यसलाई धेरैसम्म चूपचाप राखिन्छ यसलाई एकछिनमा फेरि बोलाउन सकिन्न तपाईंले जुन कुरा भन्नुभएको छ त्यसलाई म हृदयमा लिन्छु । र मैले यसमाथि विचार गर्नैपर्छ । यदि मैले यी कुराहरूको विचार गरिसकेपछि म तपाईं जत्तिकै विश्वस्त भएं भने तपाईं मेरा आखिरी गुरु हुनुहुनेछ र मृत्युपर्यन्त म तपाईंको चेला हुनेछु । तर तपाईंको शिक्षा चलाइ नै रहनोस्; मैले जुन कुरा जान्नुपर्दछ त्यसको आधा मात्र तपाईंले मलाई बताउनुभएको छ । धर्मशास्त्रहरू के बताउँदछन्, ती कठिन सिद्धान्तहरू के बताउँदछन् जसका बीच म बच्चा हुंदादेखि नै तिनीहरूलाई बुझन या विश्वास गर्न असमर्थ भएर, तिनीहरूलाई स्वीकार गर्न या तिरस्कार गर्न अशक्त भएर भड्किरहेको छु-यो कुरा मलाई बुझाइदिनुहोस् ।"

उनले मलाई आलिङ्गन गरेर भने, "हुन्छ, बाबु, म जो विचार गर्दछु त्यो सब म तिमीलाई बताउँदछु; म तिमीलाई मेरो आधा हृदय मात्र खोल्ने छैन; तर जुन इच्छा तिमी प्रकट गर्दछौ त्यो मैले आफ्नो सबै सञ्चित विचारलाई एकातिर राख्नुभन्दा अघि हुनु आवश्यक थियो । अहिलेसम्म तिम्रा निमित्त जुन उपयोगी हुन्छ त्यो सिवाय, जुन कुरामा म पूरा विश्वस्त थिएं, त्यो सिवाय अरू केही पनि मैले तिमीलाई बताएको छैन । जुन प्रश्न गरिनु बाँकी छ, त्यो धेरै नै फरक छ । मलाई लाग्छ यो भ्रमपूर्ण, रहस्यपूर्ण, र अन्धकारमय छ । म यसमा केवल संशय र अविश्वास ल्याउँदछु । म कम्पायमान भएर त्यो गर्न अठोट गर्छु, र म तिमीलाई आफ्ना विश्वासहरूभन्दा आफ्ना सन्देहहरू बताउँदछु । यदि तिम्रा आफ्नै विचारहरू बढ्ता दृढ र निश्चित छन् भने मैले आफ्ना विचारहरू प्रकट गर्न हिचकिचाउनुपर्दछ; तर तिम्रो बर्तमान अवस्थामा मैले जस्तो विचार गर्नु लाभदायक हुन्छ । यसदेखि अतिरिक्त, मेरा कुराहरूलाई केवल विचारको अधिकार मात्र देऊ; मेरो गल्ती छ कि त्यो म जान्दिनं । छलफलमा कहिले कहिले सैद्धान्तिक शब्दहरूलाई त्याग्न कठिन हुन्छ; तर यस सम्बन्धमा यो सम्झ कि मेरा सबै भनाइहरू मलाई शङ्का गर्ने कारणहरू मात्र हुन् । सत्य आफै खोज, मेरो तर्फबाट त म केवल सच्चाइको मात्र प्रतिज्ञा गर्दछु ।

मेरो व्याख्यामा प्राकृतिक धर्म सिवाय अरू केही तिमी पाउँदैनौ; हामीलाई योभन्दा बढ्ता चाहिनु गजप हो ! यस आवश्यकतालाई मैले कसरी थाहा पाउने ? उनले मेरो मनलाई दिएको ज्ञानअनुसार, र उनले मेरो हृदयमा राखिदिएका विचारअनुसार जबसम्म म परमेश्वरको सेवा गर्दछु तबसम्म मेरो के दोष हुन सक्तछ ? यस सिद्धान्तको सहायताविना मेरा शक्तिहरूको

ठीक प्रयोगबाट जुन सिद्धान्त निकाल्न सकिदैन, त्यस सिद्धान्तबाट नैतिकताहरूको कुन पवित्रता र मानिसका निमित्त उपयोगी र यसका निर्माताका निमित्त उचित हुने कुन सिद्धान्त म निकाल्न सक्तछु ? प्राकृतिक नियमहरूमा, परमेश्वरको गौरवका निमित्त, मनुष्यजातिको भलाइका निमित्त, र मेरै कल्याणका निमित्त तिमी के थप्न सक्तछौ ? र नयाँ किसिमको गजबबाट तिमी के धर्म पाउन सक्तछौ जुन मेरो धर्मबाट निस्कन सक्तैन । दैवी प्रकृतिका सबभन्दा उत्तम भावनाहरू हाम्रो विचारशक्तिद्वारा मात्र हामीमा आउन सक्तछन् । प्रकृतिको तमासा हेर; उसको आवाजलाई ध्यान दिएर सुन । के भगवान्ले यी सबै हाम्रो आँखालाई, हाम्रो अन्तःकरणलाई, हाम्रो विचारशक्तिलाई बताएका छैनन् ? यसभन्दा बढ्ता मानिसले हामीलाई के बताउन सक्तछ ? हाम्रा जस्तै उत्कट भावनाहरूले उनलाई युक्त तुल्याएर उनीहरूका व्याख्याहरूले उनलाई होच्याउँदछन् मात्र । अखिलेश्वरका भावनाहरूमाथि प्रकाश पार्नु न परें रहोस्, विशेष सिद्धान्तहरूले यी भावनाहरूलाई गोलमालपार्दछन् जस्तो मलाई लाग्दछ; यिनीहरूको उत्थान गराउनु त कता हो कता, तिनीहरूले यिनीहरूलाई होच्यादउँछन्, जुन अबोध्य रहस्यहरूले ती सर्वशक्तिमान् भगवान् परिवेष्टित छन् त्यसमा तिनीहरू गलत विरोधहरू थप्तछन्; तिनीहरूले मानिसलाई घमण्डी, असहनशील, र निर्दयी तुल्याउँदछन्; पृथ्वीमाथि शान्ति ल्याउनु सट्टा तिनीहरूले आगो र तलबार ल्याउँदछन् । म आफैलाई प्रश्न गर्दछु, यो सबको काम के हो ? र म कुनै उत्तर पाउँदिनँ, मानिसहरूका अपराधहरू र मनुष्यजातिको दुःख सिवाय म केही देख्तिनँ ।

मानिसहरू मलाई बताउँदछन् कि परमेश्वरको सेवा कसरी हुन्छ त्यो सिकाउनलाई प्रकाश चाहिन्छ; यसको प्रमाणमा उनीहरू अनेक अनौठा विधि विधानहरू देखाउदँछन् जो मानिसहरूले चलाएका छन् र तिनीहरू यो कुरा बुझ्दैनन् कि यिनै प्रकाशहरूको कल्पित स्वभावबाट यही बहुरङ्गी प्रथाको उत्पत्ति हुन्छ । जब जातिहरू परमेश्वरलाई बोल्ने तुल्याउनपट्टि लागे हरेकले उनलाई आफ्नै काइदामा बोल्ने तुल्यायो, र ऊ आफूले जे चाहन्थ्यो त्यही भन्ने तुल्यायो । मानिसको हृदयमा परमेश्वरले के भन्दछन् त्यस कुरालाई मात्र उनीहरूले ध्यान दिएर सुनेको भए पृथ्वीमाथि एउटै धर्म मात्र हुने थियो ।

पूजाको एउटै रूप चाहिन्छ; ठीक हो, तर यसको स्थापना गर्न या यो चलाउनको लागि ईश्वरत्वको सारा शक्ति चाहिनुपर्ने के यो त्यत्रो महत्त्वको कुरा हो ? हामी धर्मका बाहिरी रूपहरूलाई खास धर्मसँग गोलमाल नपारूँ । परमे-

भरले खोज्ने सेवा हृदयको हो; र जब हृदय शुद्ध हुन्छ धर्म सधैं उही एउटै हुन्छ। यो अनौठा किसिमको घमण्ड हो जुनले भगवान्‌ले पादरीका लुगाहरूको आकारमा, उसले भनेका शब्दहरूको रूपमा, उसले गिर्जा–घर अगाडि गरेका हाउभाउहरूमा, उसका सबै आराधनाहरूको छाँटमा भगवान्‌ले चाहना राख्तछन् भन्ने कल्पना गर्दछ। हे मेरा मित्र, सीधा खडा होऊ, तिमी सधैं पृथ्वीको नजीकै हुनेछौ। भगवान् हृदयमा र सत्यतामा पूजा गरिन इच्छा गर्दछन्; यो कर्तव्य हरेक धर्मको, हरेक देशको, र हरेक व्यक्तिको हो। पूजाको रूपको विषयमा भनूँ भने यदि स्थितिले एकरूपता खोज्दछ भने यो अनुशासनको कुरा मात्र हो र यसलाई प्रकाश चाहिँदैन।

शुरूमा यी विचारहरू मेरो मनमा आएनन्। मेरो शिक्षाको गलत धारणाहरूले र मानिसलाई उसको उचित स्थानबाट सधैं टिप्न खोज्ने त्यो भयङ्कर घमंडले उडाएर लगिएकोले मैले आफ्ना मन्द विचारहरूलाई ती परमेश्वरसम्म माथि पुर्‍याउन सकिनँ र मैले उनलाई आफ्नै समतामा तल ओह्लाल्न खोजें। उनको प्रकृति र मेरो प्रकृतिका बीच उनले राखिदिएको दूरतालाई घटाउन मैले प्रयत्न गरें। मैले झन् नजीकका सम्बन्धहरूको र झन् बढ्ता व्यक्तिगत शिक्षाको इच्छा गरें। मेरा समाजका अरू मानिसहरूले भन्दा बढ्ता कृपा पाऊँ भनेर परमेश्वरलाई मानिसको मूर्तिमा राखेर सन्तुष्ट नहुँदा मैले अद्भुत ज्ञानको इच्छा गरें; मैले पूजाको विशेषरूप खोजें; जो उनले अरूहरूलाई बताएका थिएनन्, या जो मैले जस्तै अरूहरूले बुझेका थिएनन्, त्यो कुरा परमेश्वरले मलाई बताऊन् भन्ने मैले चाहें।

जुन सर्वसाधारण केन्द्रबाट सबै धर्म-विश्वासीहरू धर्मको बढ्ता प्रकाश भएको रूपको खोजीमा प्रस्थान गर्दछन्, त्यस ठाउँमा म अहिले पुगिसकेको छु भन्ने विचार गर्दा मैले केवल प्राकृतिक धर्ममा सबै धर्मका तत्त्वहरू पाएँ। मैले विभिन्न सम्प्रदायहरूका युद्ध देखें, जसले पृथ्वीमाथि अधिकार जमाएका छन् र जसमध्ये हरेकले अर्कोलाई मिथ्या र गलत भन्ने दोष लगाएका छन्। मैले सोधें, 'यिनीहरूमध्ये कुन चाहिँ ठीक हो ?' हरेकले जवाफ दिए, 'मेरै चाहिँ ठीक हो; म मात्र र जो मसित मंजूर गर्दछन् ती मात्र ठीक विचार गर्दछन्, अरू सबै गलत छन्।' 'तिम्रो सम्प्रदाय ठीक हो भनेर तिमी कसरी थाहा पाउँदछौ ?' 'किनभने भगवान्‌ले यस्तै भनेका छन्' 'भगवान्‌ले यस्तै भनेका छन् भनेर तिमीले कसरी थाहा पायौ ? भगवान्‌ले यस्तै भनेका छन् भनेर तिमीलाई कसले भन्यो ?' मेरा पादरीले भने, 'जसलाई यस विषयको

सब कुराको ज्ञान छ । मेरा पादरी मलाई जुन कुरामा विश्वास गर्नू भन्दछन् म त्यही कुरामा विश्वास गर्दछु । उनले मलाई निश्चित तुल्याएका छन् कि कसैले अरू कुनै कुरा भन्यो भने त्यो गलत हो, र म तिनीहरूमा ध्यान दिन्नँ ।'

मैले विचार गरें, के सत्य एउटै होइन ? जुन कुरा मेरा निमित्त सत्य छ के त्यो तिम्रा निमित्त असत्य हुन सक्तछ ? यदि जो सत्य मार्गको अनुसरण गर्दछन् तिनीहरूको र जो त्यसबाट भड्केर गएर कुमार्गतिर लाग्दछन् तिनीहरूको उही एउटै विधि हो भने एउटालाई अर्कोको भन्दा बढ्ता के श्रेय र के दोष दिन सकिन्छ ? उनीहरूको पसन्द संयोगको परिणाम हो; यसनिमित्त उनीहरूलाई जिम्मेदार ठहराउनु, यो मुलुकमा जन्मेका, ऊ मुलुकमा जन्मेका भनेर इनाम दिनु या दण्ड दिनु अन्याय हुन्छ । परमेश्वरले यस तरीकामा हाम्रो निसाफ गर्दछन् भन्न साहस गर्नु उनको न्यायमाथिको अत्याचार हो ।

या त सबै धर्महरू असल र परमेश्वरलाई मन पर्ने हुन्छन्, या यदि उनले मानिसहरूलाई बताएको एउटै धर्म छ भने, यदि यसलाई तिरस्कार गरेकोनिम्ति मानिसहरू दण्डित हुने हुन् भने उनले यसलाई स्पष्ट र निश्चित चिह्नहरूद्वारा यसलाई छुट्याइदिएको होला, जसबाट सत्य धर्म यही मात्र हो भन्ने जान्न सकिन्छ; यी चिह्नहरू हरेक समय र हरेक ठाउँमा उस्तै हुन्छन्; ठूला साना, विद्वान् मूर्ख, यूरोपियनहरू, हिन्दुस्थानीहरू, अफ्रिकीहरू, जंगली मानिसहरू सबैका निमित्त उत्तिकै स्पष्ट हुन्छन् । यदि पृथ्वीमा एउटै धर्म मात्र भइदिएको भए, यदि यसको सिमानादेखि बाहिरका सबै मानिसहरू अनन्त दण्डका निमित्त दोषी हुने हुन् भने, यदि यस संसारको कुनै पनि कुनामा यस प्रमाणले विश्वस्त नभएको एक मात्र ईमानदार मानिस छ भने यो धर्मको ईश्वर सबभन्दा अन्यायी र अत्याचारीहरूमध्येको सबभन्दा निर्दयी हुनेछ ।

त्यस कारणले हामी ईमानदारीपूर्वक सत्यको खोजी गरौं; जन्मका हकहरू र बाबुआमा र पादरीहरूका अधिकारहरूलाई हामी कुनै कुरा पनि नछोडूं; उनीहरूले हाम्रो बचपनदेखि हामीलाई जो सिकाएको हो त्यो सबै हाम्रो आन्तरिक चित्त र विचारको बन्धेजमा बोलाऔं । तिनीहरू व्यर्थ कराउँदछन्, 'तिम्रो विचार छोड,' ठगले पनि त्यस्तै भन्न सक्तछ; मेरो विचार छोड्नलाई मसित मेरा कारणहरू हुनुपर्दछ ।

विश्वको विचारबाट र मेरा शक्तिहरूको प्रयोगबाट जुन आध्यात्मिक ज्ञान म पाउन सक्तछु त्यो सबै त्यसैमा रहेको छ जो मैले अघिबाटै तिमीलाई बताइसकेको छु, योभन्दा विशेष ज्ञानको लागि मानिसले अद्भुत उपायहरूको

अवलम्बन गर्नुपर्दछ । यी उपायहरू मानिसहरूको अधिकार हुन सक्तैनन्, किनभने हरेक मानिस म जस्तै उही किसिमको हो, र स्वभावतः मानिसले जे–जति जान्दछ त्यो जान्न म पनि समर्थ छु, र अर्को मानिस पनि म जत्तिकै छकिन सक्तछ । जब म उसले जे भन्दछ त्यसमा विश्वास गर्दछु, त्यो उसले भनेको कारणले होइन कि यसको सत्यतालाई उसले प्रमाणित गरेको कारणले हो । तसर्थ मानिसको साक्षी मेरो आफ्नै विचारको साक्षीभन्दा बढ्ता अरू केही होइन, र यसले प्राकृतिक उपायहरूमा अरू बढ्ता केही थप्तैन, जो परमेश्वरले मलाई सत्यको ज्ञानका निमित्त दिएका छन् ।

हे सत्यका उपदेशक, तिमीलाई मेरो के भन्नु छ जसको पारखी म मात्र छैन ? परमेश्वरले नै भनेका छन्, उनका प्रकाशहरूमा ध्यान देऊ । त्यो अर्कै कुरा हो । परमेश्वरले बोलेका छन्; यी साँच्चीकै शब्दहरू हुन्, जो ध्यान खोज्दछन् । उनले कोसित बोलेका छन् ? उनले मानिससित बोलेका छन् । तब मैले किन केही पनि नसुनेको हो ? उनले उनका शब्दहरू तिमीलाई बुझाइदिनू भनेर अरूहरूलाई उपदेश दिएका छन् । म बुझ्दछु, जो परमेश्वरले भनेका छन् त्यो कुरा मकहाँ आएर मलाई बताउने मानिस नै हुन् । परमेश्वरकै शब्दहरू मैले सुन्न पाएको भए हुने थियो । उनका निमित्त पनि सजिलो हुने थियो र म पनि ठगीबाट बच्ने थिएँ; उनबाट उनका दूतहरू आउँदछन् भन्ने देखाएर उनी तिमीलाई ठगीबाट बचाउँदछन् । यो उनले कसरी देखाउँदछन् ? अद्भुत कुराहरूद्वारा । यी अद्भुत कुराहरू कहाँ छन् ? पुस्तकहरूमा । र पुस्तकहरू कसले लेख्यो ? मानिसहरूले र अद्भुत कुराहरू कसले देख्यो ? ती मानिसहरूले देखे-जो, उनीहरूका साक्षी छन् । के मानिसको प्रमाण सिवाय अरू केही छैन ? जो उनीहरूलाई अरूहरूले बताए त्यो मलाई बताउने मानिसहरू सिवाय अरू कोही होइनन् ! परमेश्वरको र मेरो बीचमा कति मानिस छन् ? तर हामी हेरौं, जाँचौं, तुलना गरौं र रुजू गरौं । अहो ! यदि भगवान्ले मलाई यी सब तकलीफबाट बचाइदिने कृपा गरेको भए मेरो सारा हृदयले म उनको सेवा गर्ने थिएँ ।

हे मेरा मित्र, अहिले म कस्तो भयङ्कर विवादमा लागेको छु, त्यो विचार गर । त्यो अति प्राचीनमा फर्केर जानलाई, तुलना गर्नलाई, भविष्यवाणीहरूको, प्रकाशहरूको, तथ्यहरूको संसारभर स्थापित भएका धर्मका स्मारकहरूको सामना गर्नलाई, तिनीहरूको मिति स्थान, संस्थापक, र मौका ठहऱ्याएर बताउनलाई कस्तो अगाध विद्याको आवश्यकता छ ! खास साँच्चीका

लेखहरूलाई कीर्तहरूबाट छुऱ्याउनलाई; विरोधहरूलाई उनीहरूका उत्तरहरूसित, अनुवादहरूलाई उनीहरूका मौलिक प्रतिहरूसित दाँज्नलाई; साक्षीहरूको निष्पक्षता, उनीहरूको साधारण बुद्धि, उनीहरूको ज्ञानको विषयमा निर्णय गर्नलाई, कुनै कुरा छुटचाइएको छैन, कुनै कुरा थपिएको छैन, कुनै कुराको अदलबदल, हेरफेर या झूटो गरिएको छैन भन्ने निश्चय गर्न कुनै रहेका विरोधहरू देखाउन हाम्रा विरोधीहरूमाथि लगाएका दोषहरूको विषयमा उनीहरू चूपचाप रहेकोमा कत्तिको महत्त्व दिने त्यसको ठेगान गर्नलाई कत्तिको ठीक आलोचनात्मक विचार चाहिन्छ ? ती दोषहरूलाई उनीहरूले कत्तिको बुझेका थिए ; के तिनीहरूले ती दोषहरूलाई उत्तर दिनुपर्ने किसिमका ठहऱ्याएका थिए ? के हाम्रा पुस्तकहरू उनीहरूकहाँ पुग्ने किसिमले प्रख्यात थिए ; के उनीहरूका पुस्तकहरूलाई हामीहरूका बीच फैलिन दिने र उनीहरूका अत्यन्त कडा विरोधहरूलाई जस्ताको तस्तो छोडिदिने ईमानदारी हामीहरूमा पर्याप्त मात्रामा छ ?

जब यी सब लेखहरूको सत्यतालाई स्वीकार गरिन्छ, तब हामी तिनीहरूको लेखहरूको कामको प्रमाणतिर जानुपर्दछ; कुन भविष्यवाणी कुनै अद्‌भुत कर्मविना पूरा हुन सक्तैन त्यो निर्णय गर्नलाई हामीले संयोग र सम्भावनाका नियमहरू थाहा पाउनुपर्दछ; भविष्यवाणी र अलङ्कारका बीचको भेद छुटचाउनलाई हामीले मौलिक भाषाहरूको भाव बुझ्नुपर्दछ; कुन कुराहरू प्रकृतिअनुसारका छन् र कुन कुरा त्यस्ता छैनन् त्यसको ज्ञान हामीलाई हुनुपर्दछ, ताकि हामी यो भन्न सकौं कि धूर्त मानिसहरू कहाँसम्म सीधासाधा मानिसहरूको आँखामा छारो हाल्न सक्तछन् र विद्वान्‌हरूलाई समेत आश्चर्यचकित तुल्याउन सक्तछन्; विलक्षण कुराका लक्षयणहरू के हुन् र यसको सत्यता कसरी प्रमाणित गर्न सकिन्छ त्यो कुरा हामीले पत्ता लगाउनुपर्दछ; र त्यसको आवश्यकता विश्वास प्राप्त गर्नको निमित्त मात्र होइन कि यदि त्यो कुरा सन्देहयुक्त रहेछ भने त्यो दण्डयोग्य होस् भन्नाका निमित्त पनि हो । हामीले सत्य र मिथ्या आश्चर्यजनक कुराहरूका प्रमाणहरूको तुलना गर्नुपर्दछ, र तिनीहरूका बीचको भेद छुट्याउनलाई निश्चित प्रमाणहरू पाउनुपर्दछ ।

अन्तमा परमेश्वरले किन आफ्ना वचनहरूका साक्षीका निमित्त मानो उनले मानिसहरूको विश्वाससँग खेलबहाड गरिरहेको झैँ गरेर र विश्वास दिलाउने सच्चा उपायको दृढ तात्पर्यलाई छोडिरहेको झैँ गरेर उनीहरूलाई नै चाहिएको उपाय रोजे त्यो कुरा हामीले बताउनुपर्दछ ।

ती ब्रह्माण्डरक्षक भगवान्ले मानिसलाई आफ्नो पवित्र इच्छाको स्रोत बनाउने कृपा गरेका छन् भन्ने कुराको विचार गर्दा यस कुराको माग गर्नु ठीक र उपयुक्त छ कि सारा मनुष्य जातिले यी भगवान् यस्ता हुन् भन्ने नचिनाईकन उनको आवाजलाई मान्नुपर्दछ। जुन लक्षणहरूलाई अरू प्रत्येक मानिस सुनेको भरले मात्र जान्न सक्तछ र जुन गुप्त कुराहरू केही अगण्य मानिसहरूका अगाडि मात्र गरिएका छन् तिनै लक्षणहरू भगवान्का केवल प्रमाणपत्र हुन् भन्ने के यो ठीक हो ? जुन आश्चर्यजनक कुराहरूलाई अशिक्षित र जे मा पनि विश्वास गर्ने मानिसहरू पृथ्वीका हरेक मुलुकमा हामीले देखेका छौं भन्दछन् त्यस्ता आश्चर्यका कुराहरूमा यदि मानिसले विश्वास गर्ने हो भने तब हरेक सम्प्रदाय ठीक हुनेछ; मामूली घटनाहरूभन्दा आश्चर्यहरू बढ्ता हुनेछन्, जहाँ जहाँ सताइएका अन्धविश्वासीहरू त्यहाँ छन्, त्यहाँ आश्चर्यहरू नभए सबभन्दा ठूलो आश्चर्य यही हुने थियो। जसले यसलाई बाटो देखाउँदछ, त्यो बुद्धिमान् हातको मुख्य साक्षी प्रकृतिको कहिले पनि नबदलिने स्थिति हो। यदि यसमा नमिल्ने कुराहरू धेरै भए के विचार गर्ने, त्यो कुरा म बुझ्ने थिइनँ। मेरो आफ्नै कुरा गरूँ भने, परमेश्वरमाथि मेरो ज्यादै ठूलो विश्वास छ र जो उनका निमित्त योग्य छैनन् त्यस्ता अनेकौं आश्चर्यहरूमाथि म विश्वास गर्दिनँ।

कुनै मानिस आओस् र हामीलाई भनोस्: मानवहो, म तिमीहरूलाई भगवान्को इच्छा प्रकट गरिदिन्छु; जसले मलाई पठाएका छन्, उनैका बचनहरूलाई झैं मेरा बचनहरूलाई स्वीकार गर; म सूर्यलाई आफ्नो बाटो बदल्न, नयाँ क्रममा मिलेर बस्न, अग्ला ठाउँहरूलाई सम्म हुन, बाढीहरूलाई माथि उठ्न र पृथ्वीलाई आफ्नो अनुहार बदल्न आज्ञा दिन्छु। यी आश्चर्यहरूले गर्दा प्रकृतिको मालिकलाई कसले चिन्नेछैन ? उसले ठगहरूको आज्ञा मान्दैन, उनीहरूका आश्चर्यका कामहरू कुनाकाप्चाहरूमा, मरुभूमिहरूमा, ढोका बन्द गरिएका ठाउँहरूभित्र उनीहरूमाथि विश्वास गर्न अघिबाटै प्रवृत्त भएका दर्शकहरूको सानो जमातका बीच जहाँ उनीहरू सजिलैसँग ठगिने मानिसहरू भेट्टाउँदछन्, त्यहाँ गरेर देखाइन्छन्। कुनै आश्चर्यको कामलाई विश्वासयोग्य तुल्याउन कति प्रत्यक्ष साक्षीहरू चाहिन्छन् त्यो कुरा मलाई बताउन को साहस गर्ला ? यदि तिनीहरूले आफैं नै यत्तिको प्रमाण खोज्दछन् भने तिमीहरूले आफ्नो धर्म–सिद्धान्तको प्रमाणका लागि गरिएका अद्भुत कर्महरूको के प्रयोजन छ ? तिमीहरूले तिनीहरूलाई त्यसै छोडिदिए हुन्थ्यो।

घोषित धर्म सिद्धान्तको विषयमा सबभन्दा बढ्ता महत्त्वको प्रश्न अरू बाँकी नै छ; किनभने परमेश्वर यस संसारमा अद्भुत कामहरू गर्दछन् भनेर जो हामीलाई बताउँदछन् तिनीहरू भन्दछन् कि भूतहरूले कहिले कहिले हामीहरूको नकल गर्दछन्; जब हामीले ज्यादै प्रमाणित आश्चर्यहरू भेट्टाएका हुन्छौं, तब हामी ज्यादै कम अगाडि बढेका हुन्छौं । फयाराहोका जादूगरहरूले परमेश्वरका आज्ञाले उनले गरेका सङ्केतहरूलाई मसेजकै अगाडि विरोध गर्ने साहस गरेका थिए त तिनीहरूले उनको पछाडि उनको जस्तै अधिकारको दावा किन नगर्नु ? तसर्थ हामीले अद्भुत कर्महरूद्वारा हाम्रा धर्म-सिद्धान्तहरूलाई प्रमाणित गरेका छौं भने हामीले हाम्रा अद्भुत कर्महरूलाई धर्म–सिद्धान्तहरू-द्वारा प्रमाणित गर्नुपर्दछ, नत्रभने भूतकालका कामहरूलाई परमेश्वरका हातको काम भनी ठानिने डर हुन्छ । यस दुविधाको बारेमा तिमी के विचार गर्दछौ ?

यदि यो धर्म–सिद्धान्त परमेश्वरबाट आउँछ भने यसमा उनको पवित्र छाप लागेको हुनुपर्दछ; जुन दुःखित विचारहरूमाथि विवेकले हाम्रो मनमा छापा मार्दछ, तिनीहरूलाई यसले उज्यालो तुल्याउने मात्र होइन कि जुन गुणहरूद्वारा हामी परमेश्वरको तत्त्वको भावना मात्र राख्तछौं तिनै गुणहरू-अनुसार यसले हामीलाई पूजाको, नैतिकताको; आचरणका नियमहरूको रूप अर्थात् विधि प्रदान गर्नुपर्दछ । तब यदि यसले हामीलाई जुन कुरा अनुचित र बेठीक छ त्यो सिकाउँदछ भने, यदि यसले हाम्रा समाजका मानिसहरूप्रति हाम्रो अनन्त घृणाको भावना उठाउँदछ र हाम्रो आफ्नै निमित्त पनि भय पैदा गराउँदछ भने, यदि यसले क्रोधी, ईर्ष्यात्मक प्रतिहिंसात्मक, पक्षपाती, मानिसहरूलाई घृणा गर्ने, सधैं हान्न र नाश गर्न तयार रहने, लडाईंहरू र समरको देवता, सधैं दण्ड र यातनाको कुरा गर्ने, निर्दोषीहरूलाई दण्ड दिनमा समेत गर्व गर्ने परमेश्वरको चित्रण हाम्रो मनमा गराउँदछ भने यस्तो भयङ्कर परमेश्वरप्रति मेरो हृदय खिँचिदैन; त्यस्तो धर्म अवलम्बन गर्नको लागि प्राकृतिक धर्मको स्थान नछोड्न म राम्रो होशियारी गर्नेछु; किनभने तिमी स्पष्टै देख्तछौं कि तिनीहरूमध्ये एउटालाई मैले रोज्नै पर्दछ । तिम्रा परमेश्वर हाम्रा परमेश्वर होइनन् । जसले एकथरी चुनिएका मानिसलाई अँगालेर अर्को थरीलाई वर्जित गर्दछ, त्यो हामी सबैको साझा पिता होइन; जसले आफ्ना धेरै प्राणीहरूलाई अविच्छिन्न दण्डको हातमा सुम्पिदिन्छ, त्यो मेरो विचारले ममा प्रकट गराइएको दयालु, कृपालु परमेश्वर होइन ।

तर्क–शक्तिले मलाई बताउँदछ कि धर्म–सिद्धान्तहरू साधा, स्पष्ट,

सरल र मनमा गड्ने किसिमका हुनुपर्दछ । यदि प्राकृतिक धर्ममा कुनै कुराको कमी छ भने यो त्यस अस्पष्टताले भएको हो, जसमा यसले आफूले सिकाउने ठूला सत्यताहरूलाई छोडिदिन्छ; प्रकाशले हामीलाई यी सत्यताहरू त्यस तरीकाले सिकाउनुपर्दछ जुन मानिसको मनले बुझ्न सक्तछ । यसले तिनीहरूलाई उसको पहुँचभित्र ल्याउनुपर्दछ; तिनीहरूलाई उसले बुझने तुल्याउनुपर्दछ ताकि उसले तिनीहरूमा विश्वास गरोस् । धर्म·विश्वासलाई समझले पक्का र बलियो तुल्याउँदछ; उत्तम धर्म अवश्य नै सबभन्दा सरल हुन्छ । जसले आफूले ममा प्रचार गरेको धर्मलाई रहस्यहरू र विरोधीहरूको मुन्तिर लुकाउंदछ, उसले साथसाथै मलाई त्यस धर्ममा विश्वास नगर्न सिकाउँदछ । जुन परमेश्वरलाई म पूजा गर्दछु ती अन्धकारका परमेश्वर होइनन् । उनले मलाई यो धर्मको प्रयोगलाई रोक्नका निमित्तको बुद्धि दिएका छैनन् । मलाई मेरो विचार छोड भन्नु विचार दिनेलाई अपमान गर्नु हो । सत्यका देवता मेरो विचारमाथि अत्याचार गर्दैनन्; उनी यसलाई प्रकाश दिन्छन् ।

मानिसका सबै अधिकारलाई हामीले एकातिर पन्छाएका छौं, र योविना कसरी मानिसले ठीक विचारका विरुद्ध मत प्रचार गरेर अरूमाथि विश्वास पार्न सक्तछ त्यो कुरा म बुझ्न सक्तिनँ । उनीहरूले यसमा लडन्त गरून्, र दुवै थरीले साह्रो साह्रो बोली गरेर के भन्दछन् त्यो हामी हेरौं ।

प्रेरणा– बुद्धिले तँलाई बताउँदछ कि जम्मै भागभन्दा ठूलो हुन्छ; तर म तँलाई ईश्वरको नाममा भन्दछु कि भाग जम्मैभन्दा ठूलो हुन्छ ।

बुद्धि– परमेश्वर आफ्नै कुरा काट्तछन् अर्थात् आफ्नै कामलाई उल्टाउँदछन् भनेर मलाई भन्न साहस गर्ने तँ को होस् ? र मैले कुनचाहिँलाई विश्वास गर्ने– जुन परमेश्वरले मलाई मेरो बुद्धिद्वारा अनन्त सत्यको शिक्षा दिन्छन्, तिनलाई कि उनको नाममा बेठीक कुरा बताउने तँलाई ?

प्रेरणा– मलाई विश्वास गर, किनभने मेरो शिक्षा बढ्ता पक्का छ; र निःसन्देह तँलाई म यो प्रमाणित गरिदिन्छु कि मलाई उनले पठाएको हो ।

बुद्धि– के परमेश्वरले तँलाई आफ्नै विरुद्ध साक्षी तुल्याएर पठाएका छन् भन्ने कुरामा तैंले मलाई विश्वस्त तुल्याउने ? उनले मलाई दिएको बुद्धिद्वारा भन्दा उनी तेरो मुखद्वारा बढ्ता निश्चित रूपले बोल्दछन् भन्ने कुरामा मलाई विश्वास दिलाउन तँ कुन किसिमका प्रमाणहरू पेश

गर्दछस् ?

प्रेरणा– उनले तँलाई दिएको बुद्धि ! तुच्छ गर्वी प्राणी ! मानो तँ नै पहिला अधर्मी व्यक्ति होस्, जो आपनो बुद्धिद्वारा पापले भ्रष्ट भएर कुमार्गतिर भडकाएर लगिएको छ ।

बुद्धि– परमेश्वरको मानिस तँ त्यो पहिला बदमाश नभइदिएको भए हुन्थ्यो जो आपनो काम प्रमाणमा आपनो घमण्ड देखाउँदछ !

प्रेरणा– के ! वेदान्तीहरू पनि गाली गर्दछन् ?

बुद्धि– कहिले कहिले, जब महात्माहरू उनीहरूलाई यसको उदाहरण देखाउँदछन् ।

प्रेरणा– अहो ! तर यो गर्ने मेरो हक छ, किनभने म परमेश्वरको पक्षमा बोलिरहेछु ।

बुद्धि– तँले आपना सहुलियतहरूको प्रयोग गर्नुभन्दा अघि आपना प्रमाणपत्रहरू पेश गरेको भए बेश हुने थियो ।

प्रेरणा– मेरा प्रमाणपत्रहरू ठीक छन्, पृथ्वी र आकाशले मेरो पक्षमा साक्षी दिनेछन् । यदि तँलाई मन लाग्छ भने मेरा कुराहरू होशियारीपूर्वक सुन् ।

बुद्धि– तेरा कुराहरू ! तँ के भनिरहेछस् त्यस कुराको याद तँलाई छैन । मेरो बुद्धिले मलाई कुमार्गतिर लगिरहेछ भन्ने कुरा तँले मलाई सिकाउँदा तेरो पक्षमा यसले के बताउन सक्तो हो त्यस कुरालाई तँ नै काट्तैनस् ? जसले बुद्धिको हकलाई अस्वीकार गर्दछ उसले यसको सहायता नलिईकन मलाई विश्वास दिलाउनुपर्दछ । किनभने मानिलिऊँ कि तँले बुद्धिद्वारा मलाई विश्वास दिलाइस्, तर पापले भ्रष्ट भएको मेरो बुद्धिले तँले भनेको कुरा स्वीकार गराएको होइन भन्ने कुरा मैले कसरी थाहा पाउने ? यसदेखि बाहेक, तँले स्वयंसिद्ध प्रमाणलाई बिगार्न यसभन्दा बढ्ता प्रत्यक्ष कुन प्रमाण, कुन तर्क पेश गर्न सक्तछस् ? सिङ्गोभन्दा त्यसको भाग ठूलो हुन्छ भन्ने कुराभन्दा कुनै असल अवयवयुक्त वाक्य झूटो हुन्छ भन्ने कुरा बढ्ता विश्वासयोग्य हुन्छ ।

प्रेरणा– कत्रो भेद ! मेरो प्रमाणलाई कुनै उत्तर छैन, यो अद्भुत किसिमको छ ।

बुद्धि– अद्भुत ! यो शब्दको मतलब के हो ? म यो बुझ्दिनँ ।

प्रेरणा– मेरो भनाइको मतलब यो हो– प्रकृति स्थितिमा हुने परिवर्तनहरू, भविष्यवाणीहरू, सङ्केतहरू, र हरेक किसिमका आश्चर्यहरू ।

बुद्धि- सङ्केतहरू र आश्चर्यहरू ! मैले यस्तो कुरो केही देखेको छैन ।

प्रेरणा- तेरा निमित्त तिनीहरूलाई अरूले देखेका छन् साक्षीहरूका थुप्रा छन्– सारा जातिहरू साक्षी छन् ।

बुद्धि- के जातिहरूको साक्षी आश्चर्यको कुरा हो ?

प्रेरणा- होइन; तर जब यो सर्व–सम्मतिको हुन्छ यो निर्विवाद हुन्छ ।

दुद्धि- बुद्धिका सिद्धान्तहरूभन्दा बढ्ता निर्विवाद अरू केही हुँदैन, र मानिसहरूको प्रमाणलाई अनुचित भन्न कसैले पनि सक्तैन । पुनश्च: तेरो अद्‌भुत प्रमाण हामी हेरूँ, किनभने मानिसहरूको स्वीकृति अद्‌भुत कुरा होइन ।

प्रेरणा- अहो, कठोर हृदय, कृपा भन्ने कुराले तँमा केही असर पार्दैन ।

बुद्धि- त्यो मेरो दोष होइन । तेरै भनाइअनुसार मानिसले यो खोज्नुभन्दा अघि नै यो पाइसकेको हुन्छ । मसँग यसको सट्टा अरू कुरा गर ।

प्रेरणा- त्यही त म गर्दै छु, तर तँ सुन्दैनस् । भविष्यवाणीको विषयमा तेरो भनाइ के छ ?

बुद्धि- पहिलो कुरा म भन्दछु कि जसरी मैले कुनै आश्चर्य देखेको छैन त्यसरी नै मैले कुनै भविष्यवक्ताको बारे केही सुनेको छैन । दोस्रो कुरा, कुनै भविष्यवक्ता या दैवज्ञले ममाथि अधिकारको दावा गर्न सक्तैन ।

प्रेरणा- दैत्यको पछौटे ! दैवज्ञहरूका कुराको अधिकार तँमाथि किन हुँदैन ?

बुद्धि- तीन कुराको आवश्यकता छ जुन तीन कुराहरू कहिले पनि हुँदैनन् : पहिले, भविष्यवाणी मैले सुनेको हुनुपर्दछ; दोस्रो, यो कुरा भएको मैले देखेको हुनुपर्दछ, तेस्रो, यो स्पष्टसित प्रमाणित हुनुपर्दछ कि त्यो भविष्यवाणी मिल्न आएको कुनै सम्भावनाले काकताली मात्र पर्न आएको होइन, किनभने यो रेखा-गणितको स्वयंसिद्ध जस्तै ठीक, स्पष्ट र सफा भए तापनि यो मिल्न आएको त्यो भविष्यवाणीको प्रमाण होइन, यसको कारण यो हो कि संयोगले बोलेको भविष्यवाणी पनि मिल्न आउनु सम्भव हुन्छ ।

तिम्रा दैवी प्रमाणहरूको, तिम्रा आश्चर्यहरूको, तिम्रा भविष्यवाणीहरू के हुन आउँदछ, हेर: यो सबलाई अरूको कुरामा विश्वास गर, जसले मेरो बुद्धिलाई बताउँदछ, त्यो दैवी अधिकारलाई मानिसको अधिकारमा छोडिदेऊ । जुन अनन्त सत्यहरू मेरो मनले थाहा पाउँदछ तिनीहरूमा यदि कुनै धक्का लाग्ने भयो भने मेरा निम्ति कुनै किसिमको निश्चय हुँदैन; र तिमी परमेश्वरका

तर्फबाट मसित बोलिरहेका छौ भन्ने कुरामा निश्चित हुनु ता परै रहोस्, कुनै परमेश्वर छन् भन्ने कुरामा पनि मलाई निश्चय हुनेछैन ।

मेरो बच्चा, यहाँ प्रशस्त कठिनाइहरू छन्, तर यति मात्र सब कुरा होइन । परस्परमा बाहेक गर्ने र वर्जित गर्ने यतिका धर्महरूमध्ये यदि कुनै एक सत्य छ भने त्यो केवल एउटै मात्र सत्य छ, सच्चा धर्म चिन्नलाई एउटामा मात्र होइन सबैमा गडेर विचार गर्नुपर्दछ, र जुनसुकै प्रश्नमा पनि नसुनेको नबुझेको कुरामा दोष लाउने हाम्रो हक छैन । बाधाहरूलाई प्रमाणसित तुलना गर्नुपर्दछ । एउटाले अर्को माथि कुन कुन दोषारोपण गर्दछ र तिनीहरूले के उत्तर पाउँदछन् त्यो हामीले थाहा पाउन पर्दछ । कुनै विचार जति जति हामीलाई सुगम र सरल लाग्दछ उति उति हामीले यो पत्ता लगाउन प्रयास गर्नुपर्दछ कि किन यतिका अरू मानिस यसलाई स्वीकार गर्न अस्वीकार गर्दछन् । अर्काथरीका कुराहरूसँग आफूलाई परिचित गराउन आफ्ना पक्षका धर्माचार्यहरूको कुरा सुन्न हामीले अवश्य नै सरल हुनुपर्दछ । आफ्नो ईमानदारीमा गर्व गर्ने ब्रह्मज्ञानीहरू तिमी कहाँ भेटाउन सक्छौ ? त्यस्ताहरू कहाँ हुन्छन् जो आफूलाई कम महत्त्वको ठानेर आफ्ना विरोधीहरूको कुरा काट्न थाल्दैनन् ? मानिसले आफ्ना मित्रहरूका बीच आफ्नो प्रदर्शनी गर्न सक्छ र आफ्ना कुराहरूको गर्व गर्न सक्छ, तर आफ्ना विपक्षीहरूका बीच तिनै कुराहरूमा ऊ रद्दी ठहरिन सक्छ । पुस्तकहरूबाट तिमी आफ्ना निम्ति केही भेट्टाऔला ? तिमीलाई कत्रो विद्या चाहिएला ! तिमीलाई कति भाषाहरू सिक्नुपर्ने हुन्छ ! तिमीलाई कति पुस्तकालयहरू धाउनुपर्ने हुन्छ ! कति अध्ययन गर्नुपर्ने हुन्छ ! यस्तो रोजाइमा मलाई कसले बाटो देखाउला ? कुनै मुलुकमा विरोधी पक्षका उत्तम पुस्तकहरू पाउन कठिन हुन्छ, र सबै पक्षका यस्ता पुस्तकहरू भेट्टाउन झन् कठिन हुन्छ; पाइएमा उनीहरूको उत्तर सजिलोसँग मिल्दछ । अनुपस्थितहरू अर्थात् नभएकाहरू सधैं गलतीमा हुन्छन् र निडरसँग भनिएका खराब कुराहरूले ईर्ष्यापूर्वक भनिएका असल कुराहरूलाई सजिलैसँग मेटिदिन्छन् । यसदेखि बाहेक, पुस्तकहरू अक्सर गलत बाटोतिर लैजाने हुन्छन्, र लेखकहरूका विचारलाई कम प्रकट गर्दछन् । यदि तिमी बसुएटका लेखहरूबाट क्याथोलिक धर्मको विषयमा ठीक विचार गर्न सक्छु भन्ने ठान्दछौ भने हामीहरूका बीचमा रहेका तिमीले ठूलो गलती गर्नेछौ । तिमी यो देख्नेछौ कि जुन धर्म–सिद्धान्तहरूले प्रोटेस्टेन्टहरूलाई जवाफ दिइन्छ ती सिद्धान्तहरू धर्मोपदेशको आसनबाट बताइएका सिद्धान्तहरूदेखि बिलकुल फरक हुन्छन् ।

कुनै धर्मको विषयमा ठीकसित विचार गर्नलाई तिमीले यसको अध्ययन यसका पक्षपातीका पुस्तकहरूमा गर्नु हुँदैन; तिमीले यो उनीहरूको जीवनको आचारणमा सिक्नुपर्दछ; यो बिलकुल अर्कै कुरा हो। हरेक धर्मका आफ्ना आफ्ना परंपराहरू अर्थ, रीति-थितिहरू, गलत विचारहरू हुन्छन्, जो यसको सिद्धान्तका सार बनेका हुन्छन् र यसको सम्बन्ध तिनीहरूलाई लिनैपर्दछ।

कति ठूला जातिहरू छन् जो न आफ्ना पुस्तकहरू प्रकाश गर्दछन् न हाम्रा पुस्तकहरू पढ्दछन्! हाम्रा रायहरूको विचार उनीहरूले कसरी गर्ने, र उनीहरूका रायहरूको विचार हामीले कसरी गर्ने? हामी उनीहरूलाई गिज्याउँदछौं; उनीहरू हामीलाई घृणा गर्दछन्। यदि हाम्रा पर्यटकहरूले उनीहरूलाह खिज्याउँदछन् भने हामीमाथि यसको बदला लिन उनीहरूले पनि हामीहरूका बीच पर्यटन गर्नुपर्दछ। के हरेक देशमा मामूली बुद्धि, ईमानदारी, सत् विश्वास, सत्यउपर प्रेम भएका मानिसहरू छैनन्, जो सत्य के हो त्यो जान्न र त्यसलाई लिन खोज्दछन्? तैपनि हरेकले आफ्नै धर्ममा सत्य पाउँदछ, अरू जातिहरूको धर्मलाई गलत ठान्दछ, यसनिमित्त यी सबै विदेशी धर्महरू त्यस्तो गलत छैनन् जस्तो हामीलाई लाग्दछ, नत्रभने हामी हाम्रो आफ्नै धर्ममा जुन विचार पाउँदछौं, त्यसले केही पनि प्रमाणित गर्दैन।

यूरोपमा मुख्य तीन प्रकारका धर्महरू छन्। एक थरी एउटै ईश्वरशक्ति मान्दछन्, अर्को थरी दुई शक्ति मान्दछन्, फेरि अर्को थरी तीन शक्ति मान्दछन्। हरेकले अर्कोलाई तुच्छ मान्छ, उनीहरूमाथि सरापको वर्षा गर्दछ, उनीहरूलाई अन्धा, हठी, कठोरहृदय र झूटा भनेर दोष लगाउँदछ। पहिले होशियारीपूर्वक उनीहरूको प्रमाणलाई नतौलीकन, ध्यानपूर्वक उनीहरूको कुरा नसुनीकन उनीहरूमध्ये यहीचाहिँ ठीक हो भनेर निर्णय गर्नलाई कुन स्वच्छ हृदय भएको मानिसले साहस गर्ला? जसले एउटै केवल शक्तिलाई मात्र मान्दछ, त्यही सबभन्दा प्राचीन र उत्तम जस्तो प्रतीत हुन्छ; जसले तीन शक्तिलाई मान्दछ, त्यो सबभन्दा नयाँ र सबभन्दा अनुकूल जस्तो देखिन्छ; र जसले दुईशक्तिलाई मान्दछ र तेस्रोलाई तिरस्कार गर्दछ त्यो शायद उत्तम हुन सक्तछ, तर अवश्य नै गलत धारणा यसको विरोधमा हुन सक्तछ; यसको अदृढता ज्यादै स्पष्टतया झल्किन्छ।

यी सबै तीनओटै प्रकाशहरूमा पवित्र पुस्तकहरू ती भाषाहरूमा लेखिएका छन् जुन भाषाहरू ती धर्महरूका विश्वास गर्नेहरू बुझ्दैनन्। यहूदीहरूले हिब्रु भाषा बुझ्दैनन्; ईसाईहरू न हिब्रु भाषा बुझ्दछन् न ग्रीक

भाषा बुझ्दछन्; तुर्की र पारसीहरू अरबी भाषा बुझ्दैनन् र हाम्रो समयका अरबहरू मुहम्मदको भाषा बोल्दैनन् । नबुझ्ने भाषामा मानिसहरूलाई शिक्षा दिनु के यो ठूलो मूर्खतापूर्ण काइदा होइन ? तिमी भनौला, यो पुस्तकहरू अनूदित भएका छन् । कस्तो उत्तर! ती अनुवादहरू ठीक छन् भनेर मैले कसरी थाहापाउने, या शुद्ध अनुवाद जस्तो कुरा सम्भव छ भन्ने कुरा मैले कसरी निश्चय गर्ने ? यदि परमेश्वरले मानिसहरूसँग बोल्ने भए उनलाई अनुवादक किन चाहिन्थ्यो ?

जुन कुरा पुस्तकहरूमा हुन्छ त्यो हरेक मानिसले जान्नैपर्दछ भन्ने कुरामा, र जो यी पुस्तकहरूको र यिनीहरूलाई बुझ्ने मानिसहरूको पहुँचदेखि बाहिर छ त्यो उसको अज्ञानको निमित्त दण्डित होला भन्ने कुरामा म कहिले पनि विश्वास गर्न सक्तिनँ । किनभने यो उसको दोष होइन । पुस्तकमाथि पुस्तक ! कस्तो बहुलट्टीपन ! सारा यूरोपभर पुस्तकहरू भरिपूर्ण हुनाले यूरोपीहरू तिनीहरूलाई आवश्यक ठहराउँदछन्, तर तिनीहरू यो कुरा बिर्सन्छन् कि पृथ्वीका तीन चौथाइ भागहरूमा ती पुस्तकहरू अज्ञात छन् । के यी सब पुस्तकहरू मानिसले लेखेका होइनन् ? तब मानिसलाई उसको कर्तव्य सिकाउन किन यी पुस्तकहरू चाहिने, र यी पुस्तकहरू हुनुभन्दा अघि उसले आफ्नो कर्तव्य कसरी सिक्यो ? कि त उसले आफ्ना कर्तव्यहरू आफैं सिकेको हुनुपर्दछ, या उसको अज्ञानलाई क्षमा गरिएको हुनुपर्दछ ।

हाम्रा क्याथोलिकहरू उनीहरूको गिर्जाघरको अधिकारको ज्यादै प्रशंसा गर्दछन् । जस्तो अरूहरूले आफ्ना धर्म-सिद्धान्तहरू प्रचार गर्न खोज्दछन्-त्यस्तै यदि उनीहरूले पनि आफ्ना अनेकौं प्रमाणहरू देखाउनु यो सब कुराको के प्रयोजन भो ? गिर्जाघरले यो निर्णय गर्दछ कि गिर्जाघरको यो निर्णय गर्ने अधिकार छ । कस्तो बलियो जग भएको अधिकार ! योदेखि पल्लोपट्टि जाऊ, र हाम्रा छलफलहरूमा तिमी फेरि फर्कन्छौ ।

यहूदीहरू उनीहरूको विरोधमा के भन्दछन्, त्यस कुराको प्रश्न गर्न तकलीफ उठाउने धेरै ईसाईहरूलाई तिमीले चिनेका छौ ? यदि कसैलाई यस विषयमा कुनै कुरा थाहा छ भने त्यो ईसाईहरूका लेखकहरूबाट हो । हाम्रा विरोधीहरूका कुराहरूलाई निश्चित गराउने कस्तो काइदा ! तर के गर्ने ? यदि कसैले हाम्रो समयमा खुल्लमखुल्ला यहूदी धर्मको पक्षमा मात्र पुस्तकहरू प्रकाश गर्न साहस गऱ्यो भने हामीले लेखक, प्रकाशक र पुस्तक-विक्रेतालाई दण्ड गर्नुपर्दछ । यो नियम सधैं ठीकमा रहने निश्चित योजना हो । जो बोल्न

साहस गर्दैनन् तिनीहरूको कुरा काट्न सजिलो हुन्छ ।

हामीहरूमध्ये जसको यहूदीहरूसँग कुरा गर्ने मौका छ, तिनीहरू पनि गतिलो अवस्थामा हुँदैनन् । यी दुःखी मानिसहरू यो ठान्दछन् कि उनीहरू हाम्रो शक्तिभित्र छन्; जुन अत्याचार तिनीहरूले सहेका छन्, त्यसले उनीहरूलाई कातर तुल्याएको छ; उनीहरूलाई थाहा छ कि ईसाई धर्मले अन्याय र कठोरताको कुनै विचार नै राख्तैन; के तिनीहरूले ईश्वर-निन्दाको विरोधमा कोलाहल मचाउने खतरा उठाउन साहस गर्लान् ? हाम्रो लोभले हामीलाई उत्साहित तुल्याउँदछ, र तिनीहरू यस्ता धनी छन् कि तिनीहरू अवश्य गल्तीमा हुनुपर्दछ । तिनीहरू जति जति विद्वान् र जति जति शिक्षित हुन्छन्, उति उति होशियार हुन्छन् । कुनै गरीब दुःखीलाई पैसा दिएर उसको धर्मको निन्दा गराउन तिमी सक्तछौ; कुनै कुत्रेमुत्रे गरीबलाई बोल्न लगाउन तिमी सक्तछौ, र तिमी जो चाहन्छौ त्यो उसले भन्दछ; तिमी उनीहरूको अज्ञान र कातरपनमा गौरव मान्न सक्तछौ, जब कि उनीहरूका विद्वान् मानिसहरूले तिम्रो मूर्ख्याइँमा सधैँ हँस्सी उडाइरहेका हुन्छन् । तर जुन ठाउँमा मानिसहरूले आफूलाई निर्विघ्न जानेका छन् के त्यस ठाउँबाट सजिलैसँग फुत्कुँला भन्ने तिमी ठान्दछौ ? सर्वोनमा यो स्पष्ट छ कि मेसियानीका भविष्यवाणीहरू ईसामसीहलाई उल्लेख गर्दछन् । एम्स्टार्डमका यहूदी धर्मोपदेशकहरूमध्ये यो उत्तिकै स्पष्ट छ कि तिनीहरूको उनीसँग केही सम्बन्ध छैन । जहाँ उनीहरूले निर्विघ्नतापूर्वक बोल्न र छलफल गर्न पाउँदछन् त्यस्तो आफ्नै स्वतन्त्र राज्य, स्वतन्त्र बिद्यालयहरू र विश्वविद्यालयहरू उनीहरूको किन नहुनु भन्ने विषयका कुराहरू मैले कहिल्यै सुनेको जस्तो मलाई लाग्दैन । तब मात्र उनीहरूको भलाइ के छ त्यो हामी जान्न सक्तछौं ।

कुस्तुन्तुनियाँमा तुर्कहरू आफ्नै कुराहरू बताउँदछन्, तर हामी आफ्ना कुराहरू दिन साहस गर्दैनौं; तब झुक्ने हाम्रो पालो हुन्छ । जसरी हामी उनीहरूबाट जसमा उनीहरू विश्वास गर्दैनन् ती ईसामसीहप्रति यहूदीहरूको उत्तिकै मर्यादा हुनुपर्दछ भन्ने खोज्दछौं त्यस्तै तुर्कहरूले हामीबाट जसमा हाम्रो विश्वास छैन ती मुहम्मदप्रति हामीले उत्तिकै मर्यादा राख्नुपर्दछ भन्ने खोजे भने के हामी उनीहरूलाई दोष लाउन सक्तछौं ? के हामी ठीक छौं ? न्यायका कुन कारणहरूद्वारा हामी यस प्रश्नको उत्तर दिन सक्तछौं ?

दुनियाँमा दुई तिहाई मानिसहरू न त यहूदी छन्, न त मुसलमान छन्, न त ईसाई नै छन्; र कैयौं करोड मानिसहरूले मोसेज, ईसामसीह र

मुहम्मदको नाउँ कहिले पनि सुनेका छैनन् । तिनीहरू यस कुरालाई इनकार गर्दछन्; तिनीहरू भन्दछन् कि हाम्रा धर्म प्रचारकहरू जहाँ तहीँ जान्छन् । त्यो त सजिलैसँग भनिन्छ । तर के तिनीहरू अरू पत्ता नलागिसकेको अफ्रिकाको भित्री भागसम्म जान्छन् जहाँ अहिलेसम्म कुनै यूरोपीले जान साहस गरेको छैन ? के तिनीहरू घोडा चढेर ती फिरन्ता जातिहरूको अनुसरण गर्दै पूर्वको तार्तार देशतिर गएका छन्, जसको नजीक कुनै परदेशी पुगेको छैन र जसले ईसाईहरूका महागुरु पोपको विषयमा मात्र केही थाहा नपाएको होइन कि महालामाको विषयमा पनि केही सुनेको छैन । के तिनीहरू अमेरिकाका विशाल महाद्वीपहरूभित्र घुसेका छन् जहाँ कि त्यहाँका सारा मानिसहरूले अर्को संसारका मानिसहरूले उनीहरूका प्रदेशहरूमा पाइला हालेका छन् भन्ने कुरा थाहा पाएका छैनन् । के तिनीहरू जापानमा जान्छन्, जहाँबाट उनीहरूका जालहरूले गर्दा सधैंका लागि धपाइएका छन्, र जहाँ उनीहरूभन्दा अघि जानेहरू गुप्त तौरसँग साम्राज्य हात लाउन देखावटी धर्मोत्साहले आएका धूर्त षडयन्त्रकारीहरू हुन् भन्ने ठहरिएका थिए । के तिनीहरू ती हजारौं गरीब दासहरूमा ईसामसीहको जीवन-चरित्रको प्रचार गर्नलाई एशियाका राजाहरूका जनानाखानाहरूमा पुग्दछन् ? ती देशहरूका स्त्री जातिले के गरेका छन् र उनीहरूमा धर्म प्रचारकहरूले धर्म–प्रचार नगर्नु ? के तिनीहरू सब अलग रहेका हुनाले नरकमा जान्छन् त ?

यदि संसारभर ईसामसीहको जीवनीको प्रचार गरिएको छ भन्ने हो भने त्यसबाट केही फाइदा छैन । पादरीले कुनै मुलुकमा पाइला हाल्नुभन्दा अघिल्लो दिनमा कुनै मानिसको मृत्यु भयो र उसले पादरीजीको धर्मशिक्षा सुन्न पाएन; अब उसको के हुने ? उसको त्यही गति हुन्छ जो संसारका एक तिहाई मानिसहरूको हुन्छ ।

यदि ईसाई धर्मका प्रचारकहरूले टाढा टाढा देशका जातिहरूमा आफ्नो धर्म प्रचार गरेर उनीहरूले त्यो राम्रोसँग सुन्ने गराएका छन् भने उनीहरूले अरू कुनै पक्का प्रमाण नखोजीकन ती पादरीहरूकै कुरामा विश्वास गरेर त्यसलाई स्वीकार गराउन उनीहरूले तिनीहरूलाई के बताएका छन् ? कहाँ हो मलाई थाहा नभएको संसारको पल्लो छेउको कुनै सानो शहरमा दुई हजार वर्षअघि जन्मेका र मरेका भगवान्‌को धर्म तिमी ममा प्रचार गर्दछौ र तिमी मलाई बताउँदछौ कि जसले यस रहस्यमा विश्वास गर्दैनन्, तिनीहरू सबै नरकमा पर्दछन् । कुनै अपरिचित व्यक्तिको अधिकारमा तुरुन्त विश्वास गर्नुपर्ने यी बडा

अनौठा कुराहरू हुन् । यदि तिम्रा भगवान्ले ती कुरामा विश्वास गर्न मलाई बाध्य तुल्याउँदछन् भने किन उनले ती कुराहरू पनि टाढा गराएको हो ? जुन कुरा आधा संसार जति टाढा भइरहेको छ, त्यो कुरा थाहा नपाउनु के यो अपराध हुन्छ ? के पृथ्वीको अर्को गोलार्धमा एउटा यहूदी जाति छ र एउटा जेरुसलेम भन्ने शहर छ भन्ने कुरा म अनुमान गर्न सक्तथें ? त्यसो हो भने चन्द्रमामा के भइरहेको छ, त्यो पनि त म थाहा पाउन सक्तथें । तिमी मलाई धर्मशिक्षा दिन आएको छु भन्दछौ; तर किन तिमीले आएर मेरो बाबुलाई धर्मशिक्षा दिएनौ या किन तिमीले ती वृद्ध सज्जन मानिसलाई यो सब थाहा नपाएको बापतमा नरकमा पारिदियौ ? जो यस्ता कृपालु र सहायवान् छन्, जो सत्यको मात्र खोजीमा छन्, त्यस्तो तिम्रो आलस्यले गर्दा के उनले सदाको निमित्त दण्डित भएर रहनुपर्ने ? ईमानदार बन; आफूलाई मेरो स्थानमा राख; यदि मलाई तिम्रै कुरामा मात्र विश्वास गराउनु छ भने यो विश्वास नलाग्ने कुराहरूमा राम्रो विचार गर, जुन कुराहरू तिमीले मलाई बताएका छौ; र यो सबै अन्यायलाई ती न्यायी परमेश्वरको शरणमा लगेर बुझाइदेऊ, जसको विषयमा तिमी मलाई बताउँदछौ । कम-से-कम मलाई त्यो दूरको स्थानमा जान र त्यसलाई हेर्न देऊ जहाँ मैले आफ्नो देशमा नसुनेका अद्भुत कुराहरू भए; मलाई याहाँ जान देऊ र हेर्न देऊ जेरुसलेमका मानिसहरूले किन आफ्नो भगवान्लाई डाँकूलाई जस्तो गरेर मारे । तिमी मलाई बताउँदछौ कि तिनीहरूलाई उनी भगवान् हुन् भन्ने कुरा थाहा थिएन । तब मैले के गर्नु ? मैले उनको विषयमा तिमीबाट सुनेको मात्र छु । तिमी भन्दछौ उनीहरू दण्डित भएका तितरबितर पारिएका, दबाइएका दास तुल्याइएका थिए, र तिनीहरूमध्ये कोही पनि त्यस शहरको नजीक आउन साहस गर्दैनथें साँचै नै तिनीहरूले उचित दण्ड पाएका रहेछन्; तर उनीहरूले आफ्नो भगवान्लाई मारेको अपराधको विषयमा आजकलका बासिन्दाहरू के भन्दछन् ? तिनीहरू उनलाई इनकार गर्दछन्, तिनीहरू पनि परमेश्वरलाई परमेश्वर मात्र इनकार गर्दछन् । तिनीहरू पहिलेका बासिन्दाहरूका सन्तानभन्दा बढिया छैनन् ।

के ? जुन शहरमा भगवान्लाई मारिएको थियो, त्यसै शहरमा त्यहाँका न अघिका न पछिका बासिन्दाहरू उनलाई चिन्दथे, तर तिमी मैले उनलाई जान्नुपर्दछ भन्ने अपेक्षा गर्दछौ; म त उनको समयभन्दा दुई हजार वर्षपछिको र दुई हजार माइल टाढाको मानिस हुँ ! जुन ग्रन्थलाई तिमी पवित्र भन्दछौ र जुनलाई म रत्ती पनि बुझ्दिनँ, त्यसमा विश्वास गर्नुभन्दा अघि मैले तिमीदेखि

बाहेक अरूबाट यो थाहा पाउनुपर्दछ कि यो कहिले र कसले लेखेको थियो, यो कसरी संरक्षित भएर रहेको हो, यो कसरी तिम्रो पासमा आइपुग्यो, जहाँ यसलाई तिरस्कार गरिएको छ ती देशहरूमा यसको विषयमा मानिसहरू के भन्दछन्, जुन कुरा तिमी मलाई बताइरहेछौ त्यो कुरा तिमीले पनि उनीहरूले पनि जाने तापनि यसलाई उनीहरूले तिरस्कार गर्ने कारणहरू के हुन् ? तिमीलाई थाहा छ कि मैले आफ्ना निमित्त ती कुराहरूको परीक्षा गर्न यूरोप, एशिया र कुस्तुन्तुनियाँमा जानुपर्दछ, त्यसभन्दा अगाडि तिम्रो कुरा ध्यान दिएर सुन्नु बहुलट्टीपन हुनेछ । यो कुरा मात्र मलाई तर्कसङ्गत लाग्ने होइन यो पनि म भन्दछु कि हरेक बुद्धिमान् मानिसले यस्ता अवस्थाहरूमा भन्नुपर्ने कुरा यही हो; उसले यस्तो धर्मप्रचारकलाई बिलकुल टाढा धपाइदिनुपर्दछ जसले धर्म शिक्षा दिन र सत्य प्रमाणित हुनुभन्दा अगाडि सहसा धर्ममा मोड्न खोज्दछ । अब म भन्दछु जसको विरोधमा यी र यी जस्ता बाधाहरू ईसाई धर्मको विरोधमाभन्दा बढ्ता जोडसँग उठाउन सकिँदैन त्यस्तो प्रकाश कुनै पनि हुँदैन । त्यस कारणले यो हुन आउँदछ कि यदि कुनै एक मात्र सत्य धर्म छ भने, र यसलाई हरेक मानिसले करकापसित अवलम्बन गर्नैपर्दछ भने उसले आफ्नो सारा जीवन यी सबै धर्महरूको अध्ययन गर्नमा, यिनीहरूको जाँचबुझ गर्नमा यिनीहरूको तुलना गर्नमा, र जहाँ जहाँ यी धर्महरू चलेका छन् ती देशहरूको यात्रा गर्नमा बिताउनुपर्दछ । कुनै मानिस पनि मानिसको पहिला कर्तव्यबाट स्वतन्त्र हुँदैन; कुनै मानिसलाई पनि अर्काको विचारमा निर्भर रहने हक छैन । जसले आफ्नो दैनिक परिश्रमबाट आफ्नो रोटी कमाउँदछ त्यो कालिगढ, जो लेख्न पढ्न जान्दैन त्यो गोठालो, जो सुकुमारी र कातर छ त्यो लडकी, जसले आफ्नो बिछ्यौना छोड्न सक्तैन त्यो बिरामी, यी साराका साराले अध्ययन गर्नैपर्ने भयो, तर्क–वितर्क गर्नैपर्ने भयो, संसारभर भ्रमण गर्नैपर्ने भयो, निश्चित र सुव्यवस्थित जाति कुनै पनि नहुने भए; आफ्ना निमित्त विभिन्न प्रकारका धर्महरू पाउन र तिनीहरूलाई प्रमाणित गर्न, तिनीहरूको तुलना गर्न, जाँचबुझ गर्न धेरै समय र खर्च लगाएर बाटोमा हिँड्ने यात्रीहरूका झुण्डहरूले पृथ्वी भरिने भयो । तब मानिसका व्यापारहरू, कलाहरू र विज्ञानहरूलाई सलाम ! सबै शान्तिमय व्यवसायहरूलाई सलाम ! तब धर्मको सिवाय अरू कुनै प्रकारको अध्ययन हुन सक्तैन सबभन्दा बलिष्ठ, सबभन्दा परिश्रमी, सबभन्दा बुद्धिमान्, सबभन्दा वृद्ध मानिसले आफ्नो जीवनका अन्तिम वर्षहरूमा पनि आफू कहाँ छ त्यो कुरा थाहा पाउन सक्तैन; र यदि उसले मृत्युको घडीभन्दा अघि कुन धर्म

लिएर उसले रहनुपर्दछ त्यो थाहा पाउन सक्यो भने यो एउटा आश्चर्यको कुरा हुनेछ ।

यी तर्क–वितर्कहरूले ज्यादै दबाइएर कोही कोही मानिस आफ्ना जङ्गली मतहरूलाई त्याग्नुभन्दा बरु परमेश्वरलाई अन्यायी तुल्याउन र उनीहरूका पुर्खाहरूका अपराधका निमित्त निर्दोषीहरूलाई दण्ड दिन अघि सर्दछन् । अरूहरू, जो दुर्दमनीय अज्ञानमा रहेर धार्मिक जीवन बिताइरहेका छन्, त्यस्ता सबैलाई शिक्षा दिनको लागि कृपापूर्वक देवदूतलाई पठाएर, यस कठिनाइबाट उम्कन्छन् । असल विचार ! त्यो देवदूत ! आफ्नै आविष्कारहरूका दास भएर चित्त नबुझी परमेश्वरलाई पनि ती कुराहरूको प्रयोग गराउन तिनीहरू अपेक्षा गर्दछन् ।

ए मेरो बाबु ! घमन्ड र असहिष्णुताले जुन गलतीहरूतिर हामीलाई लैजान्छ ती कुराहरू तिमी हेर, जब हरेक मानिस आफूले विचार गरेजस्तै अरूहरूले पनि विचार गरून् भन्ने चाहन्छ र हरेकले यो विचार गर्दछ कि मनुष्य जातिका अरू सबै व्यक्तिमाथि आफ्नो मात्र एकलौटी दावा छ । जुन भगवान्लाई म पूजा गर्दछु र जसको बारेमा म तिमीलाई बताउँदछु ती शान्तिका भगवान्लाई म साक्षी राखेर भन्दछु कि मेरा प्रश्नहरू ईमानदारीपूर्वक गरिएका थिए; तर तिनीहरू सधैं असफल थिए र सधैं असफल नै रहनेछन्, र म त अगाध महासागरमाथि यो जहाज चढेर गइरहेको रहेछु भन्ने कुरा जब मैले पत्ता लगाएँ तब म फर्कें, र मेरो पुराना विचारहरूको परिधिभित्र आफ्नो विश्वासलाई सीमित तुल्याएँ । परमेश्वरले ममा यस्तो विद्वत्ता चाहन्छन् जुनबिना उनले मलाई नरकमा हाल्दछन् भन्ने कुरामा मैले आफूलाई कहिले पनि विश्वास दिलाउन सकिनँ । यस निमित्त मैले आफ्ना सबै पुस्तकहरू बन्द गरिदिएँ । एउटा पुस्तक छ जो सबैका निमित्त खुला छ; त्यो हो प्रकृतिको पुस्तक । यो उत्तम र महान् ठेलीमा म यसका निर्माताको सेवा र उनलाई पूजा गर्न सिक्तछु । यो पुस्तक नपढेकोमा कसैलाई क्षमा छैन, किनभने सबैले बुझ्न सक्ने भाषामा सबैसित यो बोल्दछ । भनूँ कि म एउटा वैरान टापुमा जन्मेको थिएँ, भनूँ कि मैले आफू सिवाय अरू कुनै मानिस कहिले पनि देखेको थिइनँ, भनूँ कि प्राचीन समयमा संसारको कुनै दूर कुनामा के भएको थियो त्यो मैले कहिले पनि सुनेको थिइनँ; तथापि यदि मैले आफ्नो विचार-शक्तिको प्रयोग गरें भने, यदि मैले यसको विकास गराएँ भने, यदि मैले भगवान्ले मलाई दिएका भित्री शक्तिहरूको ठीकसित प्रयोग गरें भने उनलाई जान्न, उनीमाथि

र उनका कामहरूसाथि प्रेम गर्न, उनी जो इच्छा गर्दछन् त्यही इच्छा गर्न, र पृथ्वीमाथिका मेरा सबै कर्तव्यहरू पूरा गर्न म आफैं सिक्तछु र उनका आनन्दहरूमा रमाउन सक्तछु । समस्त मानुषिक विद्याले योभन्दा बढ्ता मलाई के सिकाउन सक्तछ ?

प्रकाशको विषयमा, यदि म बढ्ता प्रवीण विवादी भइदिएको भए, यदि म बढ्ता विद्वान् मानिस भइदिएको भए शायद म यसको सत्यता र यो बुझ्न सक्ने ती भाग्यशालीहरूका निमित्तको यसको उपयोगिता बुझ्न सक्तो हुँ; तर यदि म यसको प्रमाण पाउँदछु भने जसलाई म उल्टाउन सक्तिनँ, म यसका विरोधका कुराहरू पनि पाउँदछु जसलाई म दबाउन सक्तिनँ । यसका पक्षमा र विपक्षमा यतिका भारी तर्क-वितर्कहरू छन् कि के निर्णय गर्ने त्यो म बुझ्दिनँ; फलस्वरूप, म यसलाई न स्वीकार गर्दछु न इनकार गर्दछु । यसको सत्यतामा विश्वस्त हुनलाई मात्र म सबै लाचारीपनलाई तिरस्कार गर्दछु, किनभने यो लाचारीपन भन्ने कुरा परमेश्वरको न्यायको अनुकूल छैन, र यसरी लाचारीपनहरूलाई हटाउनु त परै रहोस्, यसले त तिनीहरूलाई बढाउँदै लँजान्छ र धेरैजसो मनुष्यजातिका निमित्त दुर्लङ्घनीय तुल्याउँदछ । यस विषयमा म आदरपूर्वकको सन्देहको आकृति लिन्छु । मैले आफूलाई अचूक छु भन्ने ठानेको होइन; यस कुरोमा मलाई सन्देह लागे तापनि अरू मानिसले यसमा निश्चय गर्न सक्तछन्; म आफ्नै निमित्त बोलिरहेछु, उनीहरूका निमित्त होइन; म न उनीहरूलाई दोष दिन्छु, न उनीहरूको पाइलाको अनुसरण गर्दछु; उनीहरूको विचार मेरोभन्दा बढिया हुन सक्तछ, तर मेरो विचार उनीहरूको विचारसित नमिल्नु त्यो मेरो दोष होइन ।

इसामसीहको जीवनचरित्रको पवित्रताले मेरो हृदयलाई स्पर्श गर्दछ, यो म मान्दछु र एउटा कुरा हो जसलाई म दुःखपूर्वक खण्डन गर्दछु । वेदान्तीहरूका बाहिरी ढाँचासहितका पुस्तकहरूको विचार गर; तुलनामा तिनीहरू कस्ता सुन्दर छन् ! के यस्तो भारी र साथै यस्तो सरल पुस्तक मानिसहरूको काम हुन सक्तछ ? जसको इतिहास यस ग्रन्थमा रहेको छ त्यो व्यक्ति मानिसभन्दा केही विशेष होइन भन्ने के यो सम्भव कुरा हो ? के यो ग्रन्थको स्वर उत्साही धार्मिकको स्वर हो या सम्प्रदायवालाको स्वर हो ? उनका कामहरूमा कस्तो सुशीलता, कस्तो पवित्रता, उनका शिक्षामा कस्तो हृदयस्पर्शी कृपा, उनका वचनहरू कस्ता उच्च छन्, उनका धर्मोपदेशहरू कस्ता गम्भीर बुद्धिमतापूर्ण छन्, उनका उत्तरहरू कस्ता तयार, कस्ता विवेकयुक्त र

कस्ता ठीक छन् ? कुन मानिस कमजोरी या ढोङविना रहन, सहन र मर्न सक्तछ ? जब प्लेटो अपराधको कलङ्कले सताइएको र धर्मका सबै पुरस्कार-हरूका निमित्त योग्य आफ्नो कल्पित सज्जन मानिसको वर्णन गर्दछन् । त्यो चित्रणको हरेक आकृति इसामसीहको छ; त्यो सादृश्य यस्तो आश्चर्यजनक छ कि यसलाई सबै पादरीहरूले देखेका छन्, र यसमा कुनै सन्देह हुन सक्तैन। हामीले मेरीका पुत्रसित सोफ्रोनिस्काका पुत्रको तुलना गर्न साहस गर्नुभन्दा अघि कस्ता गलत विचारहरू र कस्तो पन रहेको हुनुपर्दछ ! तिनीहरू कति छुट्टाछुट्टै छन् ! सोक्रेटिसको पीडारहित मृत्यु हुन्छ, उनको खुला बेइज्जत हुँदैन, र उनी आखिरसम्म आफ्नो कर्तव्य सुबिधापूर्वक गर्दछन्; र यदि यो सुविधापूर्वकको मृत्युले उनको जीवनको सन्मान नगरेको भए उनी त्यस्तो बुद्धिमान् भईकन पनि के केवल मिथ्याभासवादी मात्र त होइनन् भन्ने हामी शङ्का गर्न सक्तथ्यौं। उनले नैतिकता पत्ता लगाए, मानिसहरू त्यसै भन्दछन्, उनीभन्दा अघि अरूहरूले यसको अभ्यास गरेका थिए, जो उनीहरूले गरिसकेका थिए त्यो उनले भने मात्र, र उनीहरूको उदाहरणलाई उनले आफ्नो शिक्षामा प्रयोग गरे । सोक्रेटिसले न्यायको परिभाषा दिनुभन्दा अघि आरिस्टाइडिस न्यायी थिए । सोक्रेटिसले मातृ-भूमिप्रतिको प्रेम एउटा धर्म हो भन्ने कुरा बताउनुभन्दा अगाडि ओलिडासले आफ्नो मुलुकका निम्ति ज्यान दिएका थिए; सोक्रेटिसले संयमको प्रशंसा गर्नुभन्दा अघि स्पार्टा संयमी थिए; उनले धर्मको परिभाषा दिनुभन्दा अघि यूनानमा प्रशस्त धर्मात्मा मानिसहरू थिए । तर आफ्नै समयका मानिहरूमध्ये इसामसीहले त्यो पवित्र र उच्च नैतिकता कहाँ पाए जसको उनी शिक्षक र नमूना पनि छन् ? सबभन्दा उच्च बुद्धिको आवाज सबभन्दा भयङ्कर अन्धोपनमध्येबाट उठ्यो; सबभन्दा वीरतापूर्ण गुणहरूको सरलताले राष्ट्रहरूमध्ये सबभन्दा पतित राष्ट्रलाई सन्मान गर्‍यो। सोक्रेटिसको मृत्यु आफना मित्रहरूसित शान्तिपूर्वक वेदान्तमा छलफल गर्दा गर्व भएको थियो, र योभन्दा पनि सजिलो मृत्यु कसैले पनि इच्छा गर्न सक्तैन अपमानहरूका बीच, उपहासका बीच, समस्त जातिको नै सरापहरूका बीच यातना पाउँदै इसामसीहको मृत्यु भइरहेको थियो, र योभन्दा पनि खराब मृत्युको डर कसैलाई हुन सक्तैन । यी भयङ्कर दुःखहरूका बीच इसामसीह आफना निर्दयी हत्याराहरूका निमित्त प्रार्थना गर्दछन् । हो, यदि सोक्रेटिसको जन्म मृत्यु कुनै दार्शनिकको हो भने इसामसीहको जन्म मृत्यु कुनै देवताको हो। के इसामसीहको जीवन-चरित्रको कथालाई हामीले कुनै कल्पनाको कुरा हो

भन्न होला ? हे मेरा दोस्त, यस्ता कुराहरूको कल्पना हुँदैन, र सोक्रैटिसका जुन कृतिहरूमा कसैले सन्देह गर्दैन ती कृतीहरू इसामसीहका कृतिहरूभन्दा कम प्रमाणित छन् । यो कठिनाइ तिमी कम-से-कम आफूबाट हटाऊ मात्र; यसको विषयवस्तु दिने एउटै मानिस थियो भन्नुभन्दा यस्तः ग्रन्थ तयार गर्नमा धेरै मानिसहरू मिलेका थिए भन्नु झन् विश्वास नलाग्ने कुरा हुन्छ । यस कथाको स्वर र नैतिकता कुनै यहूदी ग्रन्थकारहरूको होइन, र यो जीवन–चरित्रमा यस्ता महान्, यस्ता आश्चर्यजनक, यस्ता अनुपम आचरणहरू छन् कि तिनीहरूको आविष्कार तिनीहरूको नायकभन्दा पनि झन् आश्चर्यलाग्दो हुन्छ । यो सबै भए तापनि उही जीवन-चरित्र यस्ता विश्वास नलाग्ने कुराहरूले र यस्ता तर्कविरोधी कुराहरूले भरिपुण पूर्ण छ कि यसलाई कुनै प्राकृतिक मानिसले बुझ्न या स्वीकार गर्न सक्तैन । यतिका विरोधी कुराहरूका बीच तिमी के गर्न सक्तछौ ? तिमी नम्र र होशियार हुन सक्तछौ, बाबु, त्यति मात्र हो; जुन कुरालाई तिमी न तिरस्कार गर्न सक्तछौ न बुझ्न सक्तछौ त्यस कुरालाई तिमी चूपचापसित सन्मान गर, र तो दैवी शक्तिको दृष्टिमा आफूलाई नीचा तुल्याऊ जसले मात्र सत्य जान्दछन् ।

यो अनिच्छुक नास्तिकता हो जसमा म रहेको छु, तर यो नास्तिकता कुनै तरहबाट पनि रोमे निमित्त दुःखदायी छैन, किनभने यो अभ्यासका कुराहरूसम्म पुग्दैन, र मेरा कर्तव्यहरूका सिद्धान्तहरूमा म निश्चित छु । आफ्नो हृदयको सरलतामा भगवान्‌को सेवा गर्दछु, म केवल त्यो मात्र जान्न खोज्दछु जसले मेरो आचरणलाई असर पार्दछ । जुन मतहरूको असर कार्यहरू अथवा नैतिकतामाथि पर्दैन, जुन मतहरूको विषयले यतिका मानिसहरू आफूलाई पीडित तुल्याउँदछन्, त्यस्ता मतहरूमा म ध्यान दिन्नँ । म ती सब धर्महरूलाई हितकारी संस्थाहरू झैं मान्दछु जसले एउटै तरीका बताउँदछन् जुन तरीकाले हरेक मुलुकले सार्वजनिक पूजामा भगवान्‌को सन्मान गर्न सक्तछ; ती यस्ता संस्थाहरू हुन् जसमध्ये हरेकको कारण देशमा, सरकारमा मानिसहरूको जेहनमा या अरू स्थानीय कारणहरूमा रहेको होस् जसले मानिसलाई कुनै दिइएको समयमा या स्थानमा एउटालाई छोडेर अर्कोलाई रोज्ने तुल्याओस् । म ती सबैलाई उत्तिकै असल ठहराउँदछु जब भगवान्‌को सेवा उचित तरीकामा हुन्छ । सच्चा पूजा हृदयको हुन्छ । यदि यो सच्चा छ भने जसरी चढाइएको आदर भए तापनि भगवान्‌ले त्यसलाई तिरस्कार गर्दैनन् । मेरो आफ्नै धर्ममा प्रार्थनाका निमित्त गिर्जाघरमा बोलाइएको वेलामा मलाई बताइएका सबै कर्तव्यहरू सकेसम्म निःसन्देही भएर म पूरा गर्दछु, र यदि मैले जानी–जानीकन कुनै कुराको त्रुटि-

गरें भने मेरो अन्तरात्माले मलाई दोषी बताउँदछ । तिमीलाई थाहै छ कि धेरै समयसम्म स्थगित रहेपछि श्रीयुत मेलारिडीको प्रभावद्वारा मैले आफ्नो जीविकाको निमित्त मेरो पादरीका कामहरू फेरि समाल्ने आज्ञा पाएको छु। म मासप्रानार्थलाई कुनै महत्त्व नदिईकन हल्का तौरबाट गर्दथें, किनभने जस्तोसुकै महत्त्वपूर्ण कुराहरू पनि हामीसित ज्यादै परिचित भए भने र तिनीहरूको अनुभव हामीलाई धेरै समयसम्म भयो भने यस्तै हुन्छन्; तर मेरा नयाँ सिद्धान्तहरूले गर्दा अब म यो काम ज्यादा आदरपूर्वक गर्दछु । म ती सर्वोत्तम पुरुषको महत्ता, उनको सर्वव्यापकता, मनुष्यका मनको क्षुद्रताको विस्तृत वर्णन गर्दछु, जुन क्षुद्रताले सृष्टिकर्तासँग केको सम्बन्ध छ त्यो बुझ्दैन । जब म सबै मानिसहरूका निमित्त आफूले गर्नुपर्ने प्रार्थना उनका अगाडि कसरी प्रस्तुत गर्दछु भन्ने विचार गर्दछु म, सम्पूर्ण विधि ठीकसँग पुऱ्याउँदछु; म के भन्दछु त्यसमा म ध्यान दिन्छु, म कुनै शब्द पनि र कुनै विधि पनि नछुटाउन होशियारी गर्दछु; जब अर्पणको वेला नजीक आइपुग्दछ म मेरा शक्तिहरूलाई एकत्रित गराउँदछु, ताकि गिर्जाघरलाई र यस संसारको महत्तालाई चाहिने सबै कुरा गर्न सकूँ; त्यो सर्वोत्तम मनका सामुन्ने म आफ्नो विचारशक्तिलाई नाश गर्न प्रयास गर्दछु; म आफ्नो मनलाई भन्दछु, त्यो अनन्त शक्तिलाई तौलने तँ को होस् ? म मर्यादापूर्वक संस्कारका शब्दहरू भन्दछु, र तिनीहरूको परिणामका निमित्त मैले लगाउन सक्ने सम्पूर्ण विश्वास लगाउँदछु । समझले भेट्टाउन नसक्ने यो रहस्य जेसुकै होस्, पाप धर्मको निसाफका निमित्त परमेश्वरका अगाडि खडा हुने दिनमा यसलाई मेरो हृदयमा अपवित्र गराएको निम्ति दण्डित हुँला कि भन्ने कुराको डर मलाई लागेको छैन ।

सबभन्दा सानै दर्जामा भए तापनि यो पवित्र काम गर्ने सम्मान पाएकोले मलाई यी उत्तम कर्तव्यहरू पूरा गर्न अयोग्य तुल्याउने कुनै काम कहिले पनि गर्नेछैन र कहिले पनि भन्नेछैन । म सधैं धर्म प्रचार गर्नेछु र मानिसहरूलाई कल्याणतिर लगाउनेछु; र मैले सकेसम्म उनीहरूलाई असल उदाहरण देखाउँदछु । धर्मलाई आकर्षक तुल्याउने मेरो काम हुनेछ; ती सिद्धान्तहरूमा उनीहरूको विश्वासलाई बलियो तुल्याउनु मेरो काम हुनेछ जो साँच्चीकै उपयोगी छन्, र जसमा हरेक मानिसले विश्वास गर्नुपर्दछ; तर हे भगवान्, उनीहरूको छिमेकीलाई तुच्छ मान्न, र उनीहरूले अरूलाई 'तिमी नरक पर्नेछौ, गिर्जाघरदेखि बाहिर मुक्ति छैन' भन्न कहिले पनि सिकाउनेछैन । म कम् प्रतिष्ठित स्थानमा भइदिएको भए यो मौनताले मलाई दुःखमा पार्न

सक्तथ्यो; तर म मामूली स्थानको व्यक्ति भएकोले मैले धेरै डराउनुपर्ने कुरा केही छैन, तर जो म अहिले छु त्योभन्दा तल मैले गाडिनुपर्दैन। जे हुन्छ होस्, भगवान्को निन्दा म कहिले पनि गर्दिनँ र ती पवित्र आत्मासित म कहिले पनि झूटो बोल्दिनँ।

मैले धेरै समयअघिदेखि आफ्नै एउटा पादरी-इलाका स्थापना गर्ने इच्छा गरिरहेको थिएँ, र यो मेरो आकांक्षा अहिले पनि छँदै छ, तर यो प्राप्त गर्न म आशा गर्दिनँ। ए मेरा दोस्त, गाउँको पादरी-इलाकाको पादरी हुनुमा जत्तिको आनन्द अरू केहीमा पनि छैन। कुनै असल अञ्चलाधीश जस्तो न्यायको मन्त्री हुन्छ त्यस्तै कुनै असल पादरी कृपाको मन्त्री हुन्छ। पादरीलाई खराबी गर्नको लागि कहिले पनि बोलाइँदैन; यदि उसले आफैंले सधैं उपकार गर्न सक्तैन भने परोपकारको निम्ति उसले अरूलाई गुहार्नुपर्दछ, यसमा उसको दर्जा घट्ने कुरा छैन, र यदि उसले मर्यादा प्राप्त गर्न जानेको छ भने उसले प्रायः आफूले मागेको कुरा पाउन सक्तछ। अहो! यदि मैले कहिल्यै कुनै गरीब पहाडी पादरी-इलाका पाएँ र त्यहाँ मैले गाउँका सीधा-साधा मानिसहरूलाई धर्मसेवा गराउन सकें भने साँच्चीकै सुखी हुने थिएँ! किनभने मलाई यस्तो लाग्दछ कि मैले मेरा इलाकाका मानिसहरूलाई सुखी तुल्याउनुपर्दछ। मैले उनीहरूलाई धन ल्याइदिनुपर्दैन, तर मैले उनीहरूको दरिद्रताको भाग लिनुपर्दछ। मैले उनीहरूलाई उनीहरूउपरको घृणा र निन्दाबाट बचाउनुपर्दछ, जुन सहनलाई दरिद्रताभन्दा पनि बढ्ता कठिन हुन्छ। मैले उनीहरूलाई शान्ति र समानतामा प्रेम गर्ने तुल्याउनुपर्दछ जस्ले अक्सर दरिद्रतालाई हटाउँदछन्, र सधैं यसलाई सहनीय तुल्याउँदछन्। जब उनीहरूले मलाई उनीहरूभन्दा कुनै तरहबाट पनि बढिया हालतमा नभएको, र तैपनि आफ्नो भाग्यमा सन्तुष्ट भएको देख्ने थिए तब तिनीहरू आफ्नो नसीबलाई सहन र म जस्तै सन्तुष्ट रहन सिक्ने थिए। मेरा धर्म-शिक्षाहरूमा गिर्जाघरको (मन्दिरको) तात्पर्यमाभन्दा ईसामसीहको जीवन-चरित्रको तात्पर्यमा बढ्ता जोड दिने थिएँ; यसको शिक्षा सरल छ, यसको नैतिकता महान् छ, यसमा धर्मको अभ्यासविषयको कुरा कम छ, तर उदारताका कामहरू विषयको कुरा बहुत छ। उनीहरूले के गर्नुपर्छ त्यो कुरा उनीहरूलाई सिकाउनुभन्दा अघि त्यो कुरा आफैंले गर्न प्रयास गर्ने थिएँ, ता कि म जो भन्दछु त्यो कम–से-कम म विचार गर्दछु भन्ने तिनीहरूले देख्न सकून्। यदि छिमेकमा या मेरो इलाकामा धर्मिये मतविरोधीहरू रहेछन् भने जहाँसम्म ईसाई उदारताको सम्बन्ध छ

म उनीहरूमा र मेरो धर्मसमाजका मानिसहरूमा कुनै भेद गर्ने थिइनँ । म उनीहरूलाई परस्परमा प्रेम गर्ने, हरेकले हरेकलाई भाइ समान देख्ने, सबै धर्महरूको मर्यादा गर्ने, र हरेक जना शान्तिपूर्वक आफ्नै धर्ममा रहने तुल्याउने थिएँ । जुन धर्ममा उसको जन्म भएको छ त्यो धर्म छोड भनेर कसैलाई भन्नु उसलाई गल्ती गर भन्नु हो र परिणाममा आफैंमाथि गल्ती गर्नु हो जस्तो मलाई लाग्दछ । जबसम्म हामी अरू बढी ज्ञानका लागि पर्खिरहन्छौं, हामी सरकारी आज्ञा मान्नौं; हरेक मुलुकमा हामी कानूनलाई मान्नौं; कानूनले बताएको पूजाको रूपलाई हामी नखलबल्याऔं; यसका नागरिकहरूलाई अवज्ञातिर हामी नलैजाऔं; किनभने उनीहरूले अरूहरूका निमित्त आफ्नै विचारहरू त्याग्नु उनीहरूका निमित्त असल हुन्छ भन्ने कुराको निश्चित ज्ञान हामीलाई छैन, बरु कानूनलाई नमान्नु खराब कुरा हो भन्ने कुरामा हामी निश्चित छौं ।

ए मेरा नौजवान मित्र, जस्तो परमेश्वरले मेरो हृदयमा पाउँदछन् त्यो मेरो धर्म–सिद्धान्त मैले तिमीलाई दोहोऱ्याएर बताएँ; जसलाई मैले यो बताएँ त्यो पहिला मानिस तिमी नै हौ, र आखिरी मानिस पनि शायद तिमी नै होऔला । जहिलेसम्म मानिसहरूमध्येमा कुनै सच्चा विश्वास रहेको हुन्छ हामीले ती शान्त चित्तहरूलाई तकलीफ दिनु हुँदैन, न त हामीले सीधा अनभिज्ञहरूको विश्वासलाई उनीहरूले समाधान गर्न नसक्ने समस्याहरूद्वारा र उनीहरूलाई बेचैन तुल्याउने कठिनाइहरूद्वारा भड्काइदिनु हुन्छ, तर उनीहरूलाई कुनै निर्देशन दिनु हुँदैन । तर जब एकचोटि जम्मै कुरा हल्लिन्छ बरु हाँगाहरू गए तापनि फेदलाई बचाउनुपर्दछ । विचलित, अनिश्चित र प्रायः निभिसकेको तिम्रो जस्तै मनहरूलाई बलियो तुल्याइदिनुपर्दछ, र जागृत तुल्याइदिनुपर्दछ; अनन्त सत्यको मूलमाथि फेरि पादार्पण गर्न हामीले ती थर्थराइरहेका आडहरूलाई हटाइदिनुपर्दछ जसमा तिनीहरू आड लिन्छन् ।

तिमी त्यो जोखमी उमेरमा छौ, जब मन विश्वासतिर खुला हुन्छ, जब हृदयले आफ्नो आकार र आचरण प्राप्त गर्दछ, जब हामीले, असलका निमित्त होस् या खराबका निमित्त होस्, जीवनभरका निमित्त आफ्नो भाग्यको निर्णय गर्दछौं । पछिको समयमा त्यो वस्तु साह्रै भइसकेको हुन्छ र नयाँ छायाहरूले कुनै चिह्न छोड्दैनन् । ए नौजवान, तिम्रो हृदयमा सत्यको छाया लेऊ जो अहिले कडा भइसकेको छैन । यदि म आफ्नै विषयमा निश्चित भइदिएको भए म निर्णयात्मक र सैद्धान्तिक स्वर निकाल्ने थिएँ; तर म

अजान र गल्ती गर्न सक्ने मानिस छु; म के गर्न सक्तथें? मैले तिमीसित आफ्नो हृदय पूर्णतया खोलेको छु; र जुन कुरा मैले आफैले लिएको छु, त्यही कुरा मैले तिमीलाई बताएको छु। मैले तिमीसित मेरा सन्देहहरूलाई सन्देह भनेको छु, मेरा विचारहरूलाई विचार भनेको छु। विश्वास र सन्देह दुवैका निमित्त मैले आफ्ना कारणहरू तिमीलाई दिएको छु। अब यो विचार गर्ने तिम्रो पालो; तिमीले मसित समय मागेका छौ, त्यो राम्रो होशियारी हो र यसले मलाई तिम्रोबारे राम्रो विचार गराउँदछ। तिमी आफ्नो अन्तःकरणलाई त्यस हालतमा ल्याएर शुरू गर, जसमा यसले स्पष्टसित हेर्न इच्छा गर्दछ; आफैमाथि ईमानदार होऊ। मेरा यस्ता विचारहरू मात्र तिमी लेऊ, जसमा तिमी विश्वस्त छौ; बाँकीलाई तिरस्कार गरिदेऊ। कुमार्गतिर लाग्ने डर हुने गरी अहिलेसम्म तिमीलाई पापले त्यस्तरी बिगारेको छैन। म तिमीसित छलफल गर्न निको मान्दछु; तर जब मानिसहरू वाद–विवाद गर्दछन्, उनीहरू आफ्नो मिजास गुमाउँदछन्; गर्व र हठको प्रवेश हुन्छ, र ईमानदारीको अन्त हुन्छ। ए मेरा दोस्त, वाद-विवाद कहिले पनि नगर; किनभने वाद–विवाद गर्नाले हामी आफ्नै निमित्त र अरूहरूका निमित्त पनि केही प्रकाश पाउँदैनौं। जहाँसम्म म आफै सम्बन्धित छु, धेरै वर्षको ध्यानपछि मात्र मैले आफ्नो सङ्कल्प दृढ गरेको छु; म यहाँ आरामी गर्दछु, मेरो चित्त शान्तिमा छ, मेरो हृदय सन्तुष्ट छ। यदि मैले आफ्ना विचारहरूको नयाँ परीक्षा गर्न खोजें भने मैले त्यसनिम्ति सत्यको अझ फन् पवित्र प्रेम ल्याउनुपर्दैन; र मेरो मन जुन अघिबाटै कम क्रियाशील छ त्यो सत्य बुझ्नलाई कम समर्थ हुनेछ। म यहाँ अड्दछु, नत्रभने अलि अलि गरेर अलसी विचार बढेर जाने ध्यानको प्रेमले मेरा कर्तव्यहरू पूरा गर्नमा मलाई बेपरबाही तुल्याउनेछ, त्यसो भएको पक्षमा म शक्तिहीन भएर र यसबाट बाहिर निस्कन नसक्ने भएर मेरो पहिलेको नास्तिक पनमा गिर्नेछु। मेरो जीवनको आधाभन्दा बढ्ता समय व्यतीत भइसक्यो; मेरा गुणहरूले मेरा दोषहरू मेट्नको लागि समय बाँकी छ त्यसको सुप्रयोग गर्नु मात्र छ। यदि मेरो गल्ती छ भने यो मेरो इच्छाविरुद्ध छ। जसले मेरो भित्री चित्तको अध्ययन गर्दछ, उसले मेरो अन्धोपनमा मेरो प्रेम छैन भन्ने थाहा पाउँदछ। यो अन्धोपनबाट मलाई स्वतन्त्र तुल्याउनको लागि मेरो आफ्नै ज्ञान शक्तिहीन हुनाले यसबाट छुटकारा पाउने एक मात्र उपाय सत् जीवन मात्र छ; र यदि परमेश्वर तिनै शिलाहरूबाटै बच्चाहरूलाई उठाएर इब्राहिमकहाँ पुऱ्याउन सक्तछन् भने, हरेक मानिसको, यदि उसले

आफूलाई यसको योग्य तुल्याउन सक्तछ भने, उसलाई सत्य सिकाइयोस् भन्ती आशा गर्ने हक छ ।

यदि मेरा विचारहरूले मलाई जस्तै तिमीलाई विचार गराउँदछन्, यदि तिमी मेरा विचारहरूमा हिस्सा लिन्छौ भने, यदि हामीहरूको एउटै मत छ भने म तिमीलाई यो सल्लाह दिन्छु: दारिद्र्य र नैराश्यबाट हुने प्रलोभनहरूमा आफ्नो जीवनलाई खुला नगराऊ, र नीचता र परदेशीहरूको कृपामा यसलाई खेर नफाल; दानको लज्जाजनक रोटी पनि नखाऊ । आफ्नै मुलुकमा फर्क, आफ्नै पुरुखाहरूको धर्मतिर फर्क, र हृदयको सचाइपूर्वक यसको अनुसरण गर, र यसलाई कहिले पनि नछोड; यो बडो सरल र बडो पवित्र सरल छ; म विचार गर्दछु कि जसको नैतिकता यसभन्दा बढ्ता पवित्र छ त्यस्तो धर्म पृथ्वीमा अर्को छैन, विचारमा यसभन्दा बढ्ता सन्तोषजनक अर्को ठहरिन्न । यात्राको खर्चका निमित्त फिक्री नलेऊ, त्यो तिम्रो निमित्त पुऱ्याइनेछ । अपमानजनक प्रत्यागमनको लज्जादेखि नडराऊ; हामीले अपराध गर्नमा लाज मान्नुपर्दछ, भूल सच्याउनमा होइन । तिमी अहिलेसम्म त्यो उमेरमा छौ, जब सब कुरा क्षमा गरिन्छ, तर त्यसो भनेर हामी दण्डरहित भएर पाप गर्दै जान सक्तैनौं । यदि तिमी तिम्रो अन्तरात्माको आवाजलाई ध्यान दिएर सुन्न इच्छा गर्दछौ भने यसको आवाजमा हजारौं विघ्नबाधाहरू लोप भएर जानेछन् । तिमी यो कुरा थाहा पाउनेछौ कि अनिश्चितताको हाम्रो वर्तमान अवस्थामा हामी आफू जन्मेको धर्मदेखि बाहेक अरू धर्म लिनु अक्षम्य धृष्टता हुनेछ, र जुन धर्म हामीले लिएका छौं त्यो धर्मको ईमानदारीपूर्वक अभ्यास नगर्नु पनि विश्वासघात हुनेछ । यदि हामी बाटो छोडेर कुबाटोतिर लाग्यौं भने ती सर्वोपरि न्यायाधीशको कचहरीको अगाडि हुने महान् क्षमाबाट हामी वञ्चित हुनेछौं । के हामीले नै रोजेर गरेका भूलहरूभन्दा जुन भूलहरूमा हामी हुर्के-बढेका छौं ती भूलहरू परमेश्वरले क्षमा गरोइनन् ?

मेरो बच्चा, तिमी आफ्नो आत्मालाई यस्तो अवस्थामा राख कि परमेश्वर अवश्य हुनुपर्दछ भन्ने इच्छा रहोस् र यसमा तिमीले कहिले पनि सन्देह गर्नु हुँदैन । अरू त्यसमाथि पनि, जुन निर्णयमा तिमी आउँदछौ यो याद राख कि धर्मका वास्तविक कर्तव्यहरू मानिसका संस्थाहरूबाट स्वतन्त्र हुन्छन्; धार्मिक हृदय परमेश्वरको सच्चा मन्दिर हुन्छ; हरेक देशमा, हरेक सम्प्रदायमा सर्वोपरि भगवान्उपर प्रेम हुनु र आफ्नो छिमेकीउपर आफूउपर जस्तै प्रेम हुनु नै समस्त कानून हो; सम्झिराख, दुनियाँ यस्तो कुनै धर्म हुँदैन

जसले हामीलाई हाम्रो नैतिक कर्तव्यहरूबाट छुटकारा दिन्छ; वास्तवमा यिनै कर्तव्यहरू मात्र जरूरी कुरा हुन्, यी कर्तव्यहरूमध्यें हार्दिक सेवा नै उत्तम हुन्छ र विश्वासविना सच्चा धर्म भन्ने कुनै वस्तु हुँदैन ।

जसले प्रकृतिको व्याख्या गर्ने बहानाले मानिसहरूको हृदयमा हानिकारक सिद्धान्तहरूको बीजारोपण गरिदिन्छन् र जसको खुलम्खुल्ला नास्तिकता उनीहरूका विरोधीहरूको दृढ स्वरभन्दा सय खण्ड बढ्ता जोडदार र प्रमाणित जस्तो हुन्छ त्यस्तालाई त्याग गरिदेऊ । उनीहरू मात्र विद्वान्, सच्चा, ईमानदार हुन् भन्ने हठी दावा गर्दै उनीहरूले घमण्डपूर्वक हामीलाई उनीहरूकै निर्णयहरूको अधीन तुल्याउँदछन् र हामीलाई सब कुराका सच्चा सिद्धान्तहरू दिएको जस्तो देखाउँदछन्, जो उनीहरूकै कल्पनाले रचिएका दुर्बोध्य सिद्धान्तहरू हुन् । अझ त्यसमाथि पनि, मानिसहरूले मर्यादा गरेका सब कुरालाई तिनीहरूले उल्टाउँदछन्, नष्ट गर्दछन् र पैतालामुनि कुल्चन्छन् । तिनीहरूले दुः खहरूको दुःखमा हुने अन्तिम सान्त्वनाको अपहरण गर्दछन्; तिनीहरूले धनी र शक्तिमान्‌हरूका उत्कृष्ट अभिलाषाहरूको एक मात्र लगाम जुन हो त्यो पनि छिनेर लिन्छन्; तिनीहरूले मानिसहरूको हृदयको भित्री गहीराइबाट अपराधका निमित्तको सम्पूर्णको पश्चात्तापलाई र धर्मको सम्पूर्ण आशालाई उखाडिदिन्छन्, र अझै पनि तिनीहरू हामी मनुष्य जातिका उपकारक हौं भन्ने गर्व गर्दछन् । उनीहरू भन्दछन् कि सत्यले मानिसलाई कहिले पनि हानि गर्न सक्तैन म पनि त्यस्तै विचार गर्दछु, र मेरो मनमा यस्तो लाग्दछ कि जो तिनीहरू सिकाउँछन् त्यो सत्य होइन ।

ए मेरा सज्जन नौजवान, ईमानदार र नम्र होऊ, नजान्ने हुन सिक, अनि तिमीले आफूलाई या अरूलाई कहिले पनि छकाउनेछैनौ । यदि तिमीलाई अरू मानिसहरूसित कुरा गर्न समर्थ तुल्याउने तिम्रा बुद्धिहरू यस्तरी खारिएका छन् भने उनीहरूको प्रशंसाको वास्ता नगरीकन सधैं आफ्नो अन्तरात्माको प्रेरणाअनुसार बोल । ज्ञानको दुष्प्रयोगले अविश्वास पैदा गर्दछ । विद्वान्‌हरू जन-समूहका विचारहरूलाई सधैं तुच्छ मान्दछन् । किनभने तिनीहरूमध्ये हरेकको आफ्नो आफ्नो राय हुन्छ । गर्वले युक्त भएको वेदान्तले नास्तिकतातिर लैजान्छ जस्तो कि अन्धभक्तिले धर्मान्धतातिर लैजान्छ । यी दुई अधिकताहरूलाई त्याग; हृदयको सरलतामा सत्यको मार्गमा या जुन तिमीलाई सत्य लाग्दछ त्यसमा दृढतापूर्वक लाग, र कहिले पनि घमण्ड या कमजोरीले आफूलाई विचलित हुन नदेऊ । दार्शनिकहरूका अगाडि परमेश्वरलाई मान्न

साहस गर; कट्टर विरोधीहरूमा मनुष्यत्वको प्रचार गर्न साहस गर। यो हुन सक्तछ कि तिमीले अकेला खडा हुनुपर्नेछ; तर तिमी आफूभित्र यस्तो साक्षी लिनेछौ, जसबाट तिमीलाई मानिसहरूको साक्षीको केही परबाह हुनेछैन। उनीहरूले प्रेम गरून् या घृणा गरून्, तिनीहरूले तिम्रा लेखहरूलाई पढून् या तुच्छ गरून् केही परवाह छैन। सत्य बोल र उचित कर्म गर; साँच्चीकै परवाह गर्नुपर्ने केवल एक मात्र कुरा छ र त्यो हो यस संसारमा मानिसले आफ्नो कर्तव्य गर्नु; र जब हामी आफूलाई बिर्सन्छौं, तब हामी साँच्चै आफ्ना निमित्त कर्म गरिरहेका हुन्छौं। ए मेरा बच्चा स्वार्थले हामीलाई कुमार्गतिर लैजान्छ। न्यायी भगवान्को आज्ञा हाम्रो केवल एक मात्र निश्चित पथ-प्रदर्शक हो।"

मैले यो कथन उद्धृत गरेको धर्मसम्बन्धी कुराहरूमा हामीले जुन भावनाहरू लिनुपर्ने हो तिनीहरूका नियमका निमित्त होइन, तर मैले बनाउन खोजेको नियमलाई नछोडीकन जुन रीतले हामी आफ्नो चेलासित तर्क-वितर्क गर्न सक्तछौं त्यसका निमित्त हो। जहाँसम्म हामीले मानिसको अधिकारमा, न त हाम्रो मातृभूमिको गलत विचारहरूमा नै हामी कुनै कुरा छोड्दैनौं त्यहाँसम्म, प्रकृतिको अवस्थामा तर्कशक्तिको प्रकाशले मात्र हामीलाई प्राकृतिक धर्मभन्दा पलतिर लैजान सक्तैन; र मैले एमिलसँग जानुपर्ने यहींसम्म मात्र हो। यदि उसले अर्को कुनै धर्म लिनै पर्दछ भने मैले उसको अगुवा बन्ने मेरो केही हक छैन; उसले आफ्ना निमित्त आफैं रोज्नुपर्दछ।

हामी प्रकृतिसँग मिलेर काम गरिरहेछौं, उसले मानिसलाई शारीरिक आकार दिइरहेको छ भने हामी उसको नैतिक जीवनको आकार बनाउन प्रयत्न गरिरहेछौं तर हामी उत्तिकै विकास गर्न सक्तैनौं। शरीर अघिबाटै मजबूत र बलियो हुन्छ, आत्मा अझै कमजोर र दुर्बल हुन्छ, र मनुष्यकलाले जतिसुकै गर्न सके तापनि शरीर सधैं नै मनभन्दा अघि बढेको हुन्छ। अहिलेसम्म हाम्रो जम्मै ध्यान एउटालाई दबाउन र अर्कोलाई बढाउनमा लागेको हुन्छ। उसको व्यक्तित्वको विकास गराएर हामीले उसका बढ्दा भावनाहरूलाई नियन्त्रण गरेका हुन्छौं; उसको विचारशक्तिको उत्पत्ति गराएर हामीले त्यो रोकेका हुन्छौं। विचारका वस्तुहरूले इन्द्रियका वस्तुहरूको प्रभावलाई मथ्थर तुल्याउँदछन्। वस्तुहरूका कारणहरूतिर फर्केर हामीले उसलाई इन्द्रियहरूको प्रभावबाट हटाएका हुन्छौं; प्रकृतिको अध्ययनबाट प्रकृतिको निर्माताको खोजीमा उसलाई उठाउनु सजिलो कुरा हुन्छ।

जब हामी यस बुंदामा पुगेका हुन्छौं त हामीले हाम्रो चेलामाथि कस्तो ताजा अधिकार जमाएका हुन्छौं, उसको हृदयसँग बोल्ने कस्तो नयाँ बाटो पहिल्याएका हुन्छौं ! तब मात्र उसले असल हुनाको र उचित काम गर्नाको वास्तविक तात्पर्य बुझदछ जब ऊ मानिसको दृष्टिबाट टाढा हुन्छ र जब ऊ कानूनले यसतर्फ धकेलिएको हुँदैन । उसको आफ्नै दृष्टिमा ठीक हुन परमेश्वरको दृष्टिमा ठीक हुन, जीवनकै खतरामा पनि उसको कर्तव्य गर्न, उसको हृदयमा धर्मको धारण गर्न हाम्रो आत्म–प्रेमभन्दा बढ्ता प्रेम प्रकृतिको क्रममाथि मात्र होइन कि उसको अस्तित्वको निर्माताप्रति हुनुपर्दछ; यो प्रेम यस्तो हुनुपर्दछ जो त्यो आत्म–प्रेममा मिल्दछ ताकि आखिर उसले नित्य-सुखको भोग गर्न सकोस् जुन सुख उसले यस जीवनको सुप्रयोग गरेपछि सत् चित्तको शान्ति र सर्वेश्वर भगवान्को ध्यानबाट पुनर्जन्ममा उसले अवश्य प्राप्त गर्न सक्तछ । यसदेखि पलतिर जान्छौ भने म मानिसहरूका बीच अन्याय कपट र मिथ्या सिवाय अरू केही देख्तिनँ; स्वार्थ भन्ने कुरा त जो सर्वोपरि भएर तँ-छाड् म-छाड् गर्दै अरू हरेक कुरामा विस्तृत भएर रहेको छ त्यसले सबैलाई पापलाई धर्मको बाहिरी देखावटले सिँगार्न सिकाउँदछ । सबै मानिसले आफ्नो कल्याणलाई त्यागेर मेरो कल्याण गरून्; हरेक कुरा मेरै मात्र अधीन रहोस्; मेरो क्षणिक पीडा अथवा भोक हटाउनलाई आवश्यकता पऱ्यो भने सारा मनुष्यजाति नै दुःख र अभावमा परेर नासियोस् । हो, जसले दिलमा "परमेश्वर छैन" भन्दछ, र मुखले परमेश्वरको नाम लिन्छ त्यसलाई म सधैं या त त्यो मिथ्यावादी फटाहा हो या त त्यो पागल हो भनेर जोडदार शब्दमा भन्दछु ।

पाठक, यो सब कुरा व्यर्थ छ, मलाई थाहा छ कि एमिललाई तिमी र म कहिले पनि उही दृष्टिले देख्नेछैनौं; उसलाई तिमी सधैं आफ्ना नौजवान केटाहरू जस्तै हतपते, हठी, चञ्चल, रमझम र मोजमजामा लागिरहने र कुनै कुरामा पनि एकनाससित लागि नरहने कल्पना गर्नेछौ, मैले जवानीको अत्यन्त जोशिलो समयमा एउटा उत्सुक, उत्साही, जाँगरिलो, फुर्तिलो नौजवानलाई एउटा विचारक, एउटा दार्शनिक, एउटा नौजवान ब्रह्मज्ञानी तुल्याउने अपेक्षा गरेको देख्ता तिमी हाँस्नेछौ । तिमी भन्नेछौ यो मनमोजी सधैं आफ्नो कल्पनाको पछि दौडिरहन्छ, त्यो चेलो आफ्नै तालको हुन्छ, ऊ आफै आफूलाई बताउँदछ, आफै सृजना गर्दछ, आफ्नै कल्पनाबाट आफ्नो रूप बनाउँदछ, ऊ प्रकृतिको खुडकिलोमा टेकिरहेको छु भन्दछ, तर ऊ आफूलाई उसबाट झन् झन्

पर पर लगिरहेको हुन्छ । तर मसँग सोध्ने हो भने, तिम्रो चेला र मेरो चेलाको तुलना गर्दा म उनीहरूका बीच मिल्ने कुरा केही पनि पाउँदिनँ । यसरी भिन्न भिन्न वातावरणमा हुर्के–बढेका यिनीहरूका बीच कुनै कुरामा समानता भयो भने यो एउटा आश्चर्यको कुरा हुनेछ । तिम्रो चेलाको बचपन जवानीमा हुनुपर्ने स्वतन्त्रतामा बितेको हुनाले उसको जवानीमा उसले बचपनको जोत लिन थाल्दछ; यो जोत या नियन्त्रण उसलाई घृणित हुन थाल्दछ, यसदेखि ऊ वाक्क हुन्छ, र यसमा उसले आफ्नो गुरुको अत्याचार सिवाय अरू केही देख्तैन । जब ऊ बचपनबाट उम्कन्छ उसले जम्मै नियन्त्रण तोडिदिन्छ, जस्तो नेलहरूको बन्धनबाट मुक्त भएको कुनै कैदीले आफ्ना अङ्गहरू चलाउँदछ, तान्दछ र हल्लाउँदछ त्यस्तै धेरै समयसम्म उसमाथि लादिएको नियन्त्रणको डोरीलाई उसले फालिदिन्छ । तर एमिललाई मानिस हुनमा र उसको बढ्दो विचारशक्तिको जोत स्वीकार गर्नमा गर्दछ; राम्रोसँग बढिसकेको उसको शरीरलाई अब त्यतिको कसरत चाहिँदैन र यसले आफ्नो नियन्त्रण आफैँ गर्न थाल्दछ; र उसको आधा पखेटा हालिसकेको मनले हरेक वेलामा आफ्नो पखेटाको जाँच गर्दछ । यस प्रकार एउटाका निमित्त विचारशक्तिको उमेर अनुचित स्वतन्त्रताको उमेर हुन्छ, र अर्काका निमित्त यही उमेर उचित अनुचितको विचार गर्ने उमेर हुन्छ ।

यी दुईमा कुनचाहिँ प्रकृतिको नियमको ज्यादा नजीक छ के त्यो तिमी जान्न चाहन्छौ ? जो प्रकृतिको अवस्थाबाट ज्यादा हटाइएका छन् या कम हटाइएका छन् तिनीहरूका बीचका भेदहरूको विचार गर । गाउँले ठिटाहरूलाई हेर र यो विचार गर, तिनीहरू तिम्रा विद्वान् छात्रहरू जस्तै अनुशासनहीन छन् कि बचपनमा जङ्गलीहरू सधैं फुर्तिला हुन्छन् र सधैं खेलहरूमा लागिरहन्छन् जसले शरीरलाई चलाइरहन्छ; तर उमेर पुग्नुभन्दा अघि नै उनीहरू शान्त र मनमौजी हुन्छन्; अब उनीहरू सीपका अथवा संयोगका खेलहरूमा लाग्दैनन् । एमिल ती गाउँले र जङ्गली ठिटाहरू जस्तै पूर्ण स्वतन्त्रतामा हुर्के–बढेको हुनाले उसले उनीहरूले जस्तै व्यवहार गर्नु पर्दथ्यो र ठूलो भएर आएपछि त्यसै गरी बदलिनुपर्दथ्यो । सम्पूर्ण भेद यसैमा छ कि खेल या खाने कुरामा मात्र फुर्तिलो हुनुसट्टा उसले विचार गर्न सिकेको छ । यस श्रेणीमा पुगेर र यस मार्गबाट ऊ अर्को श्रेणीमा प्रवेश गर्न बिलकुल तयार छ जसमा म उसलाई प्रवेश गराउँदछु; उसको विचारका निमित्त म जुन विषयहरूको सुझाव गर्दछु तिनीहरूले उसको उत्सुकता उठाउँदछन् किनभने तिनीहरू स्वयं

राम्रा छन्, किनभने तिनीहरू उसका निम्ति बिलकुल नयाँ छन्, र फरि किनभने ऊ तिनीहरूलाई बुझन सक्तछ । अर्कातिर तिम्रा ठिटा चेलाहरू तिम्रो मूढ शिक्षाहरूले, तिम्रा लामा लामा धर्मोपदेशहरूले, तिम्रा दिक्क तुल्याउने प्रश्नोत्तरीहरूले थकित र सताइएका हुन्छन्; जुन कुराले उनीहरूलाई दिक्क तुल्याएको छ त्यसमा, जुन बोझदार शिक्षाहरू उनीहरूमाथि सधैं थुप्र्याइएका छन् तिनीहरूमा, उनीहरूको जीवनका निर्माता जसलाई उनीहरूको मोज मजाका शत्रुको रूपमा देखाइएको छ तिनको विचारमा मन लगाउन उनीहरूले किन इनकार नगर्नू ? यो सब कुराले उनीहरूको मनमा घृणा, दिक्कत र थकावट उठाएको हुन्छ; करमा परेकोले उनीहरू यसको विरोधमा हुन्छन् । उनीहरूले आफ्ना निम्ति आफैं रोज्न थालेका छन् त उनीहरूले यसमा किन ध्यान दिने ? उनीहरूलाई नयाँपन चाहिन्छ, उनीहरूले बचपनमा जुन कुरा सिकेका थिए त्यो कुरा तिमीले दोहऱ्याउन हुँदैन । मेरो आफ्नै चेलासित पनि यस्तै हो, जब ऊ मानिस हुन्छ, तब म उससित मानिससित जस्तै बोल्दछु, र जुन कुरा उसलाई नयाँ हुन्छ त्यो मात्र म उसलाई बताउँदछु; किनभने यो तिम्रा चेलाहरूलाई जस्तै दिक्क लाग्ने नहोस् र उसलाई चाख लाग्ने होस् ।

यसरी विचारशक्तिको वृद्धिका निम्ति प्रकृतिलाईं ढिल्याएर म दोहोरो समय पाउँदछु तर के मैले वास्तवमा प्रकृतिको विकासलाई ढिल्याएको छु ? होइन मैले यसलाई छिटो छिटो ल्याउनुबाट कल्पनालाई रोकेको मात्र छु । अरू स्रोतहरूबाट कलिलो ठिटोले जुन शिक्षा पाउँछ त्यो उल्टाउन मैले अर्कै प्रकारको शिक्षा–पद्धति अपनाएको छु उसलाई अझ नै दस्तुरहरूले छोपिराखेको हुन्छ र म भने उसलाई अरू नै दस्तुरहरूद्वारा उल्टो दिशातिर खिचिरहेको हुन्छु, तर यो गरेको उसलाई उसको स्थानबाट हटाउन होइन कि उसलाई यसभित्र राख्नको निम्ति हो ।

यो आउनै पर्ने हुनाले आखिर प्रकृतिको उचित समय आइहाल्छ । मानिस मर्नैपर्ने हुनाले उसको अवश्य पुनरुत्पत्ति हुन्छ, ताकि मनुष्यजाति रहन सकोस् र विश्वको क्रम चलि नै रहोस् । जब मैले बताएका लक्षणहरूबाट त्यो खतरापूर्ण समय नजीक आइपुगेको तिमी थाहा पाउँदछौ तब सदाका लागि तिम्रो पहिलेको स्वरलाई त्यागिहाल । त्यो अझ पनि तिम्रो चेला नै रहन्छ, तर ऊ तिम्रो विद्वान् छात्र हुँदैन । ऊ मानिस हो र तिम्रो मित्र हो; अब तिमीले उसलाई यस्तै देखेर व्यवहार गर्नुपर्छ ।

के ? जब मलाई यसको ज्यादै आवश्यकता छ त्यो वेला मैले आफ्नो

अधिकार त्याग्नैपर्छ ? जब उसले आफूलाई नियन्त्रणमा राख्न जान्दैन, जब उसले ठूलठूला गल्तीहरू गर्न सक्तछ त्यस्तो वेलामा भरखर हुर्केर मानिस भएको त्यस्तोलाई मैले उसकै जिम्मामा छोडिदिने ? जब मैले उसको भलाइको लागि उसमाथिको मेरा हकहरूको ज्यादै प्रयोग गर्नुपर्दछ के त्यस वेलामा मैले आफ्ना ती हकहरूलाई छोड्ने ? तिमीलाई ती हकहरू छोड भनेर कसले भन्छ ? उसले तिनीहरूलाई भरखर मात्र थाहा पाउन लागेछ । अहिलेसम्म तिमीले जो प्राप्त गरेका छौ, त्यो करकाप र कपटद्वारा प्राप्त गरेका छौ; अधिकार र कर्तव्यको नियम भन्ने कुरा उसले जानेको थिएन । उसलाई आज्ञाकारी तुल्याउन तिमीले उसलाई जोर लगाउनुपरेको थियो र छकाउनुपरेको थियो । तर हेर, उसको हृदयलाई तिमीले कस्ता ताजा बन्धनहरूले बाँधेका छौ । विवेक, मित्रता, स्नेह, कृतज्ञता र हजारौं स्नेहका बन्धनहरूले उसित यस्तो स्वरमा बोलदछन् कि उसले तिनीहरूलाई नसुनीकन सुखै पाउँदैन । उसका कानहरू अहिलेसम्म पापले धीमा भइसकेका छैनन्; अहिलेसम्म ऊ प्रकृतिका भावहरू मात्र जान्दछ । यिनीहरूमध्ये पहिला जुन आत्मप्रेम हो त्यसले उसलाई तिम्रो हातमा सुम्पन्छ; आदतले यस कुराको पुष्टि गर्दछ । यदि तिम्रोबाट चलिरहेको कुनै सवारीले उसलाई तिमीबाट छुट्याएर लग्यो भने पश्चात्तापले तुरुन्त उसलाई तिमीकहाँ फर्काइदिन्छ । जुन मानसिक भावले उसलाई तिमीप्रति आसक्त तुल्याउँदछ त्यही मात्र चिरस्थायी भाव हुन्छ; अरू जम्मै क्षणिक र आफै मेटिएर जाने हुन्छन् । उसलाई भ्रष्ट हुन नदेऊ, र ऊ सधैं सघाउन सकिने हुन्छ; यदि ऊ अघिबाटै बिग्रिसकेको छैन भने उसले विद्रोह गर्न थाल्नेछैन ।

यदि तिमीले उसका बढ्दा इच्छाहरूलाई सोझै विरोध गर्‍यौ भने र उसलाई थाहा हुन लागेका उसका नयाँ आवश्यकताहरूलाई मूर्खतापूर्वक उसका अपराधहरू भै ठहरायौ भने उसले धेरै दिनसम्म तिम्रो कुरा सुन्नेछैन; मैले बताएको तरीकालाई तिमीले छोड्यौ कि त्यसबाट निस्कने परिणामहरूका निमित्त म जवाफदेही हुनेछैन । याद राख तिमी प्रकृतिका प्रतिनिधि हौ; तिमी कहिले पनि उसका शत्रु हुनेछैनौ ।

तर हामीले के गर्ने निर्णय गर्ने ? तिमी उसका इच्छाहरूलाई मान्नु या तिनीहरूलाई रोक्नु, उसलाई सताउनु या उसको बदचलनमा आँखा चिम्लिदिनु सिवाय अर्को उपाय देख्तैनौ, र यी दुवैले यस्ता भयङ्कर परिणामहरू ल्याउँदछन् कि मानिसले यी दुवैमध्ये हिचकिचाउनुपर्ने हुन्छ ।

यस कठिनाइबाट उत्रने पहिला उपाय चाँडै नै बिहा गरिदिनु हो; यो अवश्य नै सबभन्दा निर्विघ्न र सबभन्दा प्राकृतिक उपाय हो। तर मलाई शंका लाग्छ, कदाचित्, यो उत्तम र सबभन्दा उपयोगी उपाय हो या होइन; यस विषयका मेरा तर्कहरू म तिमीलाई पछि दिउँला; साथै म यो स्वीकार गर्दछु कि जब विवाह-योग्य उमेर पुग्दछ जवान मानिसहरूले बिहा गर्नुपर्दछ। तर यो उमेर ज्यादै चाँडो आउँदछ; तर हामीले यसलाई असामयिक तुल्याएका छौं; बिहालाई पाको उमेर नहुन्जेलसम्म थाम्नुपर्दछ।

यदि उनीहरूका इच्छाहरूलाई मात्र सुन्ने हो र उनीहरूले भनेबमोजिम गर्ने हो भने त यो सजिलो कुरा हुने थियो; तर प्रकृतिकाहरू र समाजका नियमहरूका बीच यति विरोधहरू छन् कि उनीहरूलाई मिलाउन हामीहरूले सधैं आत्मविरोधी हुनुपर्दछ। मानिसलाई समाजमा बिलकुल कृत्रिम हुनबाट रोक्नलाई धेरै कलाको आवश्यकता पर्दछ।

अहिले भर्खरै बताइएका कारणहरूका निम्ति म विचार गर्दछु कि मैले सूचना गरेका उपायहरू र त्यस्तै अरू उपायहरूद्वारा नौजवान ठिटोका इच्छाहरूलाई अज्ञानमा राख्न र बीस वर्षको उमेर नपुगुन्जेलसम्म उसका विचारहरूलाई पवित्र राख्न सकिन्छ। यो कुरा यस्तो सत्य छ कि जर्मनहरूमा जुन नौजवान केटोले त्यो उमेरभन्दा अघि बिहा गर्दछ त्यो अपमानित भएको सम्झिन्थ्यो, र लेखकहरूको भनाइ यो छ कि यी मानिसहरूको शरीरको बल र बच्चाहरूको संख्यामा वृद्धि भएको यौवनमा ब्रह्मचर्यमा रहेको कारणले हो।

यस समयलाई अझ बढी लम्ब्याउन सकिन्छ, र केही शताब्दीअघि फ्रान्समा पनि योभन्दा साधारण कुरा अरू थिएन। अरू प्रख्यात उदाहरणहरूमध्ये मन्टेनका बाबु, जो बलिया, निरोगी र सत्यवादी थिए, उनी भन्दथे कि उनको विवाह तेत्तीस वर्षको कच्चा उमेरमा भएको थियो, र उनले धेरै समयसम्म इटलीका लडाईंहरूमा लडेका थिए। उनका छोराका लेखहरूमा उनका बाबुले साठीवर्षभन्दा बढीको उमेरमा कत्रो बल र फूर्ती देखाएका थिए त्यो कुरा हामी पाउँदछौं। अवश्य नै यसको उल्टा विचार जातिको नै अनुभवमाभन्दा हाम्रै नैतिकताहरू र गलत खयालहरूमा निर्भर गर्दछ।

त्यस कारण म हाम्रा नौजवानहरूको अनुभवलाई एकातिर छोडिदिन सक्तछु; जो अर्कै तरीकामा शिक्षित भएका छन् तिनीहरूका निमित्त यो कुनै कुरा ठहरिन आउँदैन। जुन बढाउन र घटाउन सकिँदैनन् त्यस्ता कुनै ठीक हदहरू प्रकृतिले राखेका छैनन् भन्ने कुरा विचार गरेर म खयाल गर्दछु कि प्रकृतिको

नियमदेखि बाहिर नगईकन मेरो तालीममा एमिल अहिलेसम्म उसको पहिला निर्दोषीपनमा रहेको छ, तर म देख्तछु कि यो सुखी अवस्थाको अन्त नजीक आइरहेछ। सधैं बढ्दा खतराहरूले घेरिएर मैले जतिसुकै प्रयत्न गरे तापनि पहिलो मौकामा नै ऊ मबाट फुत्किनेछ, यो मौका आउन अब धेरै ढीलो हुने छैन; ऊ आफ्ना इन्द्रियहरूको अन्धो चेतनाको अनुसरण गर्ने छ; ऊ बिग्रने मौका हजार छन्। मनुष्यजातिका नैतिकताहरूमा मैले ज्यादै गम्भीरतापूर्वक विचार गरेको छु र यो पहिलो मौकाको अवश्यम्भावी प्रभाव उसको बाँकी जीवन भरमा कतिको पर्न आउने छ त्यस कुराको पूर्ण ज्ञान मलाई छैन। यदि मैले केही पनि नदेखेको बहाना गरूँ भने उसले मेरो कमजोरीबाट फाइदा उठाउनेछ; यदि उसले मलाई छकाउन सक्तछु भन्ने विचार गऱ्यो भने उसले मलाई तुच्छ ठान्नेछ र उसको नाशमा म समेत मतियार हुनेछु। यदि म उसलाई फेरि बोलाउन प्रयास गरूँ भने त्यो समय बितिसकेको हुन्छ: ऊ अब मेरो कुरामा ध्यान दिंदैन; उसले मलाई थकाउने, घृणित र असह्य पाउँदछ, उसले चाँडै नै मबाट छुट्कारा लिन्छ। त्यस कारण मेरा निमित्त एउटै मात्र उचित उपाय छ, त्यो हो उसका कामहरूका निमित्त उसैलाई जिम्मेदार तुल्याउनु, तर अकस्मात् उसले पत्तै नपाईकन उसलाई यो गराउनु हुँदैन; मैले उसलाई स्पष्टसित उसको बाटोभरि भएका खतराहरू देखाइदिनुपर्दछ। उसको अज्ञानद्वारा अहिलेसम्म मैले उसलाई नियन्त्रणमा राखेको छु, अबदेखिलाई उसको नियन्त्रण उसको आफ्नै ज्ञान हुनुपर्दछ।

यो नयाँ शिक्षा बडो महत्त्वको छ; उसको र मेरो समय कसरी बित्यो त्यो उसलाई देखाउनु, म को हुँ र ऊ को हो त्यस कुराको ज्ञान उसलाई दिनु, मैले के गरेको छु र उसले के गरेको छ, हामी दुई परस्परमा कत्तिको ऋणी छौं; उसका सबै नैतिक सम्बन्धहरू, उसले आफू उपर लिएका जिम्मेवारीहरू उसको सम्बन्धमा अरूहरूले लिएका ती सबै जिम्मेवारीहरू, उसका शक्तिहरूको विकासमा ऊ अहिले कुन श्रेणीमा पुगेको छ त्यो कुरा, उसले हिंड्नु पर्ने बाँकी बाटो, उसलाई परिआउने कठिनाइ, तिनीहरूलाई हटाउने उपाय, कसरी म उसलाई अझै मद्दत गर्न सक्तछु र अबदेखि कसरी उसले आफैलाई मदत गर्न सक्तछ, त्यो खतरापूर्ण समय जसमा ऊ अहिले आइपुगेको छ, उसको वरिपरिका खतराहरू, सबै ती पक्का कारणहरू जसले उसलाई उसका बदा ढ्इच्छाहरूमा ध्यान दिनुभन्दा अगाडि आफैमापि कडा खबरदारी राख्न जोर लगाउँदछन्, यी कुराहरूको वृत्तान्त मैले दिने समय यही हो।

याद राख, प्रौढलाई बाटो देखाउँदाखेरि बच्चालाई बाटो देखाउँदा तिमीले जो गर्‍यौ त्यसको उल्टो गर्नुपर्दछ। ती भयङ्कर रहस्यहरूका विषयमा उसलाई बताउन नहिचकिचाऊ जो अहिलेसम्म तिमीले होशियारीपूर्वक छिपाएर राखेका थियौ। उसले तिनीहरूलाई थाहा पाउनैपर्ने हुनाले उसले अरूबाट, आफैंबाट पनि उसले ती कुराहरू नसिकोस्, र तिमीबाटै मात्र सिकोस्; अबदेखि उसले तिनीहरूसित लड्नुपर्ने हुनाले उसले आफ्नो शत्रु चिनोस्, र थाहै नपाई अकस्मात् उसमाथि हमला नहोस्।

जुन नौजवानहरूले हामीले यो थाहा नपाईकन यी कुराहरूको ज्ञान प्राप्त गरेका छन्, तिनीहरूले यो ज्ञान निर्विघ्न प्राप्त गरेका छैनन्। यी मूर्ख शिक्षाले अरू केही खराबी नगरे तापनि यसको कुनै सम्मानयोग्य तात्पर्य हुँदैन र यसले त्यस्तो शिक्षा प्राप्त गर्नेहरूको कल्पनामा दाग लगाइदिन्छ र यसले तिनीहरूलाई उनीहरूका शिक्षाहरूका पापहरूतिर प्रवृत्त गराइदिन्छ। यति मात्र होइन, नोकरहरू यस उपायबाट केटाकेटीको कृपापात्र बन्दछन्, उसको विश्वास प्राप्त गर्दछन्, उसको गुरुलाई अँध्यारमुखे र आजित तुल्याउने मानिस जस्तो ठान्न लगाउँछन्, र उनीहरूको गुप्त कुराकानीका मन पर्ने विषयहरूमध्ये एउटा चाहिं उसको बदनाम गर्ने हुन्छ। जब चेलो यहाँसम्म पुग्दछ, तब गुरुले उसलाई छोडिदिनुपर्दछ; अब उसले कुनै भलाइ गर्न सक्तैन।

तर बालकले किन आफ्नो खास विश्वासी रोज्दछ ? किनभने जसले उसलाई नियन्त्रणमा राख्तछन्, तिनीहरूको अत्याचारले गर्दा ऊ यो गर्नतिर नधकेलिएको भए उनीहरूबाट उसले किन लुक्नुपर्दथ्यो ? यदि उसले गुनासो गर्नुपर्ने कुनै कुरा नभइदिएको भए ऊ किन गुनासो गर्दथ्यो। स्वभावतः जसले उसलाई नियन्त्रण गर्दछन् तिनीहरू नै उसका पहिला विश्वासीहरू हुन्। उसले जो विचार गर्दछ त्यो कुरा उनीहरूलाई बताउने उसको उत्सुकताबाट तिमी देख्न सक्तछौं कि उसले आफ्ना विचारहरू उनीहरूलाई नबताउन्जेलसम्म उसका आधा विचारहरू मात्र भएजस्तो उसलाई लाग्छ। तिमी निश्चय हुन सक्तछौ कि जब तिमी शिक्षा पनि दिंदैनौ हप्काउँदा पनि हप्काउँदैनौ भन्ने कुरा उसले बुझ्दछ तब उसले हरेक कुरा तिमीलाई भन्दछ र उसले तिमीबाट कुनै कुरा पनि लुकाउनु हुँदैन भनी उसलाई भन्न कसैले पनि साहस गर्दैन, किनभने उनीहरूलाई राम्रोसित थाहा हुन्छ कि ऊ तिमीलाई हरेक कुरा बताउँदछ।

जुन कुराले मेरो तरीकामा मलाई ज्यादा विश्वास तुल्याउँदछ त्यो यो हो, जब म यसलाई यथासम्भव दृढतापूर्वक अनुसरण गर्दछु म मेरो छात्रको

जीवनमा कुनै यस्तो अवस्था पाउँदिनँ जसले मलाई उसको रमाइलो सम्झना छोड्दैन । उसलाई उसको उत्सुक मिजासले दबाए तापनि या जुन हातले उसलाई नियन्त्रण गर्दछ त्यसको विरूद्ध उसले विद्रोह गरे तापनि, ऊ छटपटाएर मबाट फुत्कने अवस्थामा पुगे तापनि उसको रिस र विचलितपनमा म अझै उसको पहिलेको सरलता पाउँदछु; उसको हृदय उसको शरीर जत्तिकै पवित्र छ; उसलाई पाप र बहानाको ज्ञान छैन, हपकाहट–दपकाहटले उसलाई कातर तुल्याएको छैन; उसका डरहरूले उसलाई कहिले पनि लुक्ने छिप्ने कला सिकाएका छैनन् । निर्दोषीपनको सबै अनभिज्ञता उसमा छ; ऊ बिलकुल स्पष्टवक्ता छ; उसले छकाउने काम जानेको छैन । उसको हृदयको हरेक भाव उसको कुराबाट या अनुहारबाट बुझिन्छ र उसले आफूले थाहा पाउनुभन्दा अगाडि नै उसले के विचार गरिरहेछ त्यो म अवसर थाहा पाउँदछु ।

जहाँसम्म यसरी निस्फिक्रीसँग उसको दिल मलाई खोलेको हुन्छ, जहाँसम्म उसले जो विचार गर्दछ, त्यो मलाई बताउनमा ऊ रमाउँछ, त्यहाँसम्म मैले डराउनुपर्ने कुरा केही छैन; खतरा अझै नजीक छैन; तर यदि ऊ ज्यादा कातर भयो र नबोलीकन बस्न थाल्यो भने, यदि मैले उसको कुराकानीमा घबराहट र लज्जाका पहिला लक्षणहरू पाउन लागें भने, यदि उसका चेतनाहरू विकसित हुन थाले भने, यदि उसले ती चेतनाहरूलाई अनिष्टको भावसित सम्बन्धित तुल्याउन थाल्यो भने एक पला पनि गुमाउनु हुँदैन, यदि मैले उसलाई अर्ती ढीलो गरें भने मेरो विरोधमा यी कुराहरू सिक्नेछ ।

मेरा पाठकहरूमध्ये, र जो मेरो कुरामा मंजूर गर्दछन् तिनीहरूमध्ये पनि कसैले यो विचार गर्नेछन् कि नौजवानहरूसँग यस्ता आर्तका कुराहरू जुन वेला गरे पनि हुन्छ । अहो, मनुष्यको हृदयलाई नियन्त्रण गर्ने यो तरीका होइन । यदि होशियारीपूर्वक मौका मिलाइएको छैन भने हामीले भनेको कुराको केही मतलब आउँदैन । बीउ छर्नुभन्दा अगाडि हामीले खेत जोत्नुपर्छ; धर्मको बीज उम्रन कठिन हुन्छ; यसले जरा हाल्नुभन्दा अगाडि त्यसको तयारीलाई धेरै समय लाग्दछ । धर्मशिक्षाहरूको कुनै नतीजा ननिस्कनाको एउटा कारण यो हो कि कुनै छानबीन नगरीकन एकैनाससँग सबैलाई यो दिइन्छ । भिन्न भिन्न मिजास, भिन्न भिन्न मन, भिन्न भिन्न उमेर, भिन्न भिन्न जाति, भिन्न भिन्न अवस्था, भिन्न भिन्न विचार भएका यतिका श्रोताहरूको लागि उही एउटै धर्मशिक्षा उपयुक्त हुन सक्तछ भनेर कसले कल्पना गर्न सक्तछ । जुन कुरा सबैलाई बताइएको छ त्यो कुरा उपयुक्त हुने तिनीहरूमध्ये साँच्चीकै दुई जना

पनि होओइनन्, र हाम्रा मानसिक प्रवृत्ति या अभिरुचिहरू यस्ता क्षणिक छन् कि कुनै पनि मानिसको जीवनमा यस्ता दुई मौका पनि हुँदैनन्, जब उही एउटै भाषणले उसको मनमा उही एउटै असर पर्दछ, जुन समयमा उत्सुक इन्द्रियहरूले समझ गोलमाल गराउँदछन् र इच्छालाई सताउँदछन् र त्यो समय बुद्धिका गम्भीर शिक्षाहरूलाई ध्यान दिएर भन्ने समय हो यो होइन त्यो आफै विचार गर। त्यस कारण यदि तिमीले पहिले नै बाटो तयार गरेका छैनौ भने, उनीहरू तर्कशक्तिको उमेरमा पुगिसकेका भए तापनि नौजवान केटाहरूसित कहिले पनि तर्कवितर्क नगर। चेलाको गलतीले भन्दा गुरुको गलतीले गर्दा धेरै अर्ती शिक्षाहरू व्यर्थ खेर जान्छन्। पाण्डित्यदम्भी र शिक्षकले उही कुरा धेरै बताउँदछन्, तर अघिल्लोले चाहिं जथाभावी बोल्दछ र शिक्षकले चाहिं जब उसलाई यसको परिणामको निश्चय हुन्छ, अनि मात्र बोल्दछ।

जस्तो निद्रामा उठेर हिँड्ने मानिस कुनै भीरको किनारै किनार हिँडेर जान्छ, जहाँबाट ऊ यदि ब्यूँझेको भए खस्तथ्यो, त्यस्तै अज्ञानको निद्रामा रहेको मेरो एमिल यी आपदहरूबाट उम्कन्छ जसलाई उसले देख्तैन; यदि मैले उसलाई झस्काएर ब्यूझाएँ भने ऊ तल खस्न सक्नेछ। हामी पहिले उसलाई भीरबाट तानेर ल्याउन कोशिश गरौं, र अनि मात्र हामी उसलाई ब्यूँझाऔं र यो भीर उसलाई टाढैबाट देखाऔं।

अध्ययन, एकान्त, आलस्य, विना काम त्यसै बसिरहने जीवन, स्वास्नीमानिसहरू र नौजवानहरूसितको सङ्गत–यी कुराहरू नौजवानहरूका निम्ति भयङ्कर मार्गहरू हुन्, र यिनीहरूले उसलाई सधैं नै आपदतिर लैजान्छन्। बुद्धिका अरू वस्तुहरूले म उसका विचारहरूलाई अरू नै दिशातिर फर्काउँदछु; म उसका जोशहरूका निम्ति अर्कै बाटो पहिल्याउँदछु, जतातिर म उनीहरूले लिन लागेको बाटोबाट तिनीहरूलाई फर्काएर लैजान्छु। शारीरिक व्यायाम र परिश्रमद्वारा उसलाई कुमार्गतिर लैजाने उसका कल्पनाका कार्यहरूलाई म रोक्तछु। जब पाखुराहरू परिश्रममा लाग्दछन् कल्पना शान्त हुन्छ; जब शरीर धेरै थाक्तछन्, इन्द्रियहरू सजिलासित उत्तेजित हुँदैनन्। सबभन्दा छिटो र सबभन्दा सजिलो होशियारी उसलाई नजीकको खतराबाट बचाउनु हो! म उसलाई तुरुन्त शहरहरूबाट र उसलाई प्रलोभनतिर लैजाने कुराहरूबाट टाढा लैजान्छु। तर त्यति मात्र पर्याप्त छैन; जुन विचारहरूले उसलाई लखेटिरहेछन् तिनीहरूबाट उम्कनलाई उसले कुन मरुभूमि या जङ्गलहरूमा भागेर जाने? खतराका वस्तुहरू मात्र हटाएर पुग्दैन; यदि मैले तिनीहरूको सम्झना

हटाइदिन सकिनँ भने, यदि मैले उसलाई हरेक कुराबाट हटाउने उपाय भेट्टाउन सकिनँ भने, यदि मैले उसलाई उसैबाट विचलित तुल्याउन सकिनँ भने मैले उसलाई ऊ जहाँ छ उहीं छोडिदिए हुन्छ ।

एमिलले एउटा व्यवसाय सिकेको छ, तर हामी यसैमा लागिपरेका छैनौं; उसलाई खेतीको सौख छ र उसले यो बुझदछ पनि; तर खेतीले मात्र पुग्दैन; जुन कामहरूसित ऊ परिचित छ, ती एउटा तालिकामा परिणत हुन सक्तछन्; जब ऊ तिनीहरूमा लाग्दछ त्यो बेला पनि उसको मन तिनीहरूमा प्रवृत्त हुँदैन; ऊ अरू नै कुराहरूको विचार गरिरहेको हुन्छ; दिमाग र हात भिन्दाभिन्दै विषयहरूमा लागेका हुन्छन् । उसको कुनै एउटा ताजा काम हुनुपर्दछ, जसमा नयाँपनको अभिरुचि हुन्छ, यो यस्तो काम हुनुपर्दछ जसमा उसको शरीरमा ज्यादै परिश्रम परोस् र यसको उसलाई यत्तिको सौख होस् कि यसमा पूर्णतया उसको ध्यान जाओस्; यी सब कुराका लक्षण भएको काम केवल एक मात्र छ, त्यो हो शिकार । यदि शिकार निर्दोष मनोरञ्जन हो भने यो मानिसका निमित्त उचित छ, हाम्रा यसमा लाग्ने समय यही हो । एमिल यसका निमित्त योग्य छ । ऊ बलियो, सिपालु, धैर्यवान्, र नथाक्ने छ । ऊ अवश्य यस खेलमा रमाउँदछ; उसले यसमा नवयुवकको जस्तै उत्साह लगाउने छ; यसमा उसले कम-से-कम केही समयसम्म आरामको जीवनबाट उत्पत्ति हुने खतरापूर्ण मनको प्रवृत्तिलाई बिर्सनेछ । शिकारले शरीरलाई जस्तै हृदय-लाई पनि कडा तुल्याउँदछ; रगत र निष्ठुरताको दृश्यमा हाम्रो आदत पर्दछ । डायनालाई प्रेमको शत्रु झैं दर्शाइएको छ र दृष्टान्तरूपी कथा जीवनमा सत्य छ; प्रेमका शिथिलताहरू चैन आरामबाट उत्पन्न हुन्छन् र कोमल भावहरू कडा व्यायामबाट दबाइन्छन् । जङ्गलहरूमा र मैदानहरूमा प्रेमी र शिकारी यस्तो भिन्न भिन्न तरीकाले प्रभावित हुन्छन् कि उनीहरूको मनमा बिलकुल भिन्दाभिन्दै प्रभाव पर्दछ । एउटाचाहिं ताजा छहारी, कुञ्जहरू र रमाइला आरामीका ठाउँहरूले प्रभावित हुन्छ, र अर्कोचाहिं जनावरहरूले खाने ठाउँ, शिकार लुक्ने ठाउँ र ऊ भाग्न नपाएर आफैंतिर आइलाग्ने ठाउँले प्रभावित हुन्छ । प्रेमीले जहाँ बाँसुरी र बुलबुल चराको स्वर सुन्दछ शिकारीले त्यहाँ सिङहरूको शिकारी कुकुरहरूको आवाज सुन्दछ; एउटाले सुन्दरी परीहरूको चित्रण मनमा गर्दछ. अर्कोले घोडाहरू शिकारी र शिकारी कुकुरका बथानहरू देख्तछ । यी मानिसहरूमध्ये कहिले एउटाचाहिं कहिले अर्कोचाहिंसित गाउँतिर डुल्न जाऊ; उनीहरूका भिन्न भिन्न कुराले तिमीलाई चाँडै नै यो देखाउनेछ

कि उनीहरू पृथ्वीलाई अर्कै आँखाले हेर्दछन्, र उनीहरूका विचारहरूको दिशा यत्तिको फरक छ जत्तिको उनीहरूको मन परेको लगानमा विभिन्नता छ ।

यी दुई अभिरुचिहरू कसरी मिलाउन सकिन्छन् र आखिरमा मानिसहरूले यी दुवैका निमित्त समय पाउँदछन् भन्ने कुरा म बुझ्दछु तर यौवनका उत्कृष्ट भावहरू यस तरीकाले विभाजित गर्न सकिंदैनन् । नवयुवकलाई मन पर्ने एउटै काम देऊ र अरू बाँकी चाँडै नै बिर्सिनेछन्, विभिन्न प्रकारका इच्छाहरू विभिन्न प्रकारका ज्ञानबाट आउँदछन्, र जुन कुराहरूलाई हामी धेरै समयसम्म इच्छा गर्दछौं तिनै कुराहरू मात्र हाम्रा पहिला आनन्दका कुरा हुन्छन् । एमिलको जम्मै युवावस्था प्राणिहरूलाई मार्नमा बितोस् भन्ने म इच्छा गर्दिनँ, र यो निष्ठुर इच्छा ठीक हो भन्ने कुरा पनि म मान्दिनँ । मेरा निम्ति यत्ति नै पर्याप्त छ कि यसले बढ्ता खतराको इच्छालाई रोक्ने काम दिन्छ ताकि जब म यस विषयको कुरा गर्दछु तब उसले मेरो कुरालाई शान्तिपूर्वक ध्यान दिएर सुन्न सकोस् र यसलाई उत्तेजित नगराईकन यसको वर्णन गर्न मलाई समय दिन सकोस् ।

मनुष्य–जीवनमा यस्ता वेलाहरू हुन्छन् जसलाई कहिले पनि बिर्सन सकिंदैन । एमिलले शिक्षा पाउने यस्तै समय हो जसको विषयमा मैले बताएको छु; यसको प्रभाव उसको जीवनभर रहनुपर्दछ । हामी यसलाई उसको स्मरणमा अक्षर काढेर लेखिदिने प्रयत्न गरौं, ताकि यो कहिले पनि नमेटियोस् । मानिसहरू नै जम्मै तर्क हुन् कि भने झैं गरी गम्भीर तर्कमा निर्भर रहनु हाम्रो युगका दोषहरूमध्येको एक दोष हो । भाव प्रकट गर्ने भाषाको अपहेलन गरेर सबभन्दा जोडदार प्रवचनको तरीका हामीले गुमाएका छौं; बोलिएको वचन सधैं कमजोर हुन्छ, र हाम्रा वचनहरूलाई कानद्वाराभन्दा आँखाद्वारा हृदयमा गडाउने प्रयत्न गर्दछौं । तर्कमा मात्र प्रभाव पार्ने प्रयास गर्दा हामीले आपना शिक्षाहरूलाई शब्दमा मात्र सीमित तुल्याएका छौं, हामीले तिनीहरूलाई कार्यमा साकार तुल्याएका छैनौं । केवल तर्क मात्र क्रियाशील हुँदैन, कहिले कहिले यसले अवरोधन ल्याउँदछ । तर कहिले कहिले त ज्यादै कम उत्तेजना पनि ल्याउँदछ, तर यसले कुनै ठूलो काम गर्दैन । क्षुद्र मनहरूको तर्क गर्ने रोग हुन्छ, उदार मनहरू बिलकुल अर्कै भाषा बोल्दछन्, र यही भाषाले गर्दा मानिसहरू प्रभावित हुन्छन् र कर्मप्रवृत्त हुन्छन् ।

म देख्तछु कि आधुनिक समयमा मानिसहरू अरूहरूमाथि जबर्दस्ती या स्वार्थद्वारा मात्र प्रभाव पार्दछन्; तर प्राचीन मानिसहरू अरूहरूको चित्त बुझ्ने कुराहरूद्वारा, आपनो हृदयको स्नेहद्वारा बढ्ता प्रभाव पार्दथे, किनभने

उनीहरूले साङ्केतिक वचनको भाषालाई अपहेलन गरेनन् । सब स्वीकृत कुराहरू गम्भीरतापूर्वक तयार गरिएका थिए ताकि तिनीहरू भङ्ग नहोऊन् । जबर्जस्तीको राज्यभन्दा अघि, मनुष्यजातिका न्यायाधीशहरू देवताहरू थिए; उनीहरूकै उपस्थितिमा मानिसहरू सन्धिहरू र मित्रताहरू गर्दथे, र आफ्ना प्रतिज्ञाहरू पूरा गर्ने कबूल गर्दथे । पृथ्वीको मुख नै पुस्तक थियो, जसमा पुराना लेख लेखोट, कागजपत्रहरू संरक्षित थिए । यस पुस्तकका पत्रहरू चट्टानहरू, वृक्षहरू र ढुङ्गाका थुप्राहरू थिए, जसलाई यी व्यवहार हरूले पवित्र तुल्याएका थिए, र असभ्य जङ्गली मानिसहरूले आदरपूर्वक सम्मान गरेका थिए, र यी पृष्ठहरू उनीहरूका आँखाका अगाडि सधैं खुला थिए । सपथको कुवा जीवित र हेरिरहनेको कुवा; मामरको प्राचीन सिसौको वृक्ष, साक्षीका पत्थरहरू--यस्ता कुराहरू प्रतिज्ञा, कबूलहरूका पवित्रताको सरल तर भारी स्मारकहरू थिए; यी स्मारकहरूमा कसैले पनि दूषित र अपवित्र हात हाल्न सकेन; कानूनको सम्पूर्ण कडाइमाभन्दा यी मूक साक्षीहरूको अधिकारपत्रमा मानिसको विश्वास ज्यादै बढ्ता र दृढ थियो ।

सरकारमा राजसत्ताको ढाँचा र रवाफ देखेर मानिसहरू भयभीत भएर दब्दथे । महत्ताका चिह्नहरू--गद्दी, राज-दण्ड, बैंजनी रङको शाही पोशाक, शिर-पेच, फलकदार फेटा-यी कुराहरू उनीहरूका दृष्टिमा पवित्र थिए । यी चिह्नहरू र यिनीहरूले जगाउने जुन मर्यादा हो त्यसले उनीहरूलाई यी सब कुराहरूले विभूषित देखिएका यी महान् आदरणीय व्यक्तिको मर्यादा गर्ने तुल्याउँदथ्यो । विनासिपाहीहरू, र विनाधर्मको उनी जो बोलदथे त्यसको पालन हुन्थ्यो । हाम्रो समयमा यी चिह्नलाई नमानेको देखाउँदछन् । यो अपहेलनका परिणामहरू के हुन् ? राजाले सबै दिलमा प्रभाव पार्दैनन् । उनीहरू फौजहरूको मदतले मात्र आफ्नो आज्ञाको पालन गराउँदछन्, र उनीहरूका प्रजाहरूको आदर सजायको डरमा अधारित हुन्छ, राजाहरूको शिरपेचहरू लाउनुपर्ने तकलीफ बच्यो, र हाम्रा भारदारहरू पनि उनीहरूको दर्जा या हैसियतका चिह्नरूको लग्ठाबाट बचे, तर यदि उनीहरूका आज्ञाहरूको पालन गर्नु हो भने उनीहरूको कमानमा लाख मानिसहरू चाहिन्छन् । यो राम्रो कुरा जस्तो देखिए तापनि यो देख्न सजिलै छ कि आखिर उनीहरू लाई केही लाभ हुन सक्नेछैन ।

प्राचीन व्यक्तिहरूले वाक्-शक्तिको मदतले कस्ता कस्ता कुरा हासिल गरे त्यो आश्चर्य-जनक कुरा छ; तर यो वाक्-शक्ति होशियारीपूर्वक तयार गरिएका राम्रा वचनहरूमा मात्र रहेको थिएन कि वक्ताले जतिकम बोल्यो

उति प्रभावकारी थियो । बभन्दा प्रभावकारी प्रवचनहरू शब्दहरूद्वारा होइन कि सङ्केतद्वारा व्यक्त गरिन्थे; तिनीहरू बोलिने थिएनन्, तर देखाइन्थे। आँखाले देखेको कुराले कल्पनालाई जगाउँदछ, उत्सुकतालाई उठाउँदछ, र हामीले के भन्न लागेका छौँ त्यसका निम्ति हाम्रो मनलाई सावधानीमा राख्तछ, र प्रायः त्यसले सम्पूर्ण कथा बताउँदछ थ्र्यूसि बुलसले र टार्क्विनले पेस्ताका बोटका टाउकाहरू काट्नु, सिकन्दरले आफ्नो छाप आफ्ना हजूरियाका मुखमा राख्नु, डायो जिनिस जेनोको सामनेबाट हिँडेर जानु के यी कुराहरू यिनीहरूका लामा लामा वक्तव्यहरूलेभन्दा बढ्ता बोल्दैनन् ? उनीहरूका विचारहरूलाई कुन पदहरूका प्रवाहले यस्तो स्पष्टसित प्रकट गर्न सक्तथे ? सिदियाको लडाइँ भइरहेको समयमा डेरियसले सिदियाको राजाबाट एउटा चरो, एउटा भ्यागुतो, एउटा मुसो, र पाँच ओटा वाणहरू नजरानाको रूपमा पाए । ती राजदूतले यी नजरानाहरू जम्मा गरे र एक लवज नबोलीकन फर्के । हाम्रो समयमा भए उनी बौलाहामा गनिन्थे । यो भयङ्कर वचन बुझियो, र उनी सकेसम्म छिटो गरेर आफ्नो देशतिर फर्के । यो संकेतहरूको सट्टा अक्षर भइदिएको भए यो जति धम्काउने हुन्थ्यो उति कम डर पैदा गर्ने हुन्थ्यो । यो एउटा धाक लगाएको मात्र हुन्थ्यो जसमा डेरियसले ध्यान दिने थिएनन् ।

रोमनहरू संकेतहरूका भाषामा कत्रो ध्यान दिन्थे ? भिन्न भिन्न युगमा भिन्न भिन्न श्रेणीका मानिसहरूका आफूसुहाउँदा लुगा या पोशाकहरू थिए; घाँटीदेखि गोली गाँठासम्मका खुकुला लुगाहरू, कुर्थाहरू, किनारावाल लुगाहरू र तिनका फामलाङ फुमलुङहरू, सम्मानका आसनहरू, स्वेच्छाचारी शासकका हजूरियाहरू, (तिनका) डंडीहरू र बञ्चराहरू, सुनका शिरपेचहरू, पातका शिरपेचहरू, फूलका शिरपेचहरू, करतलध्वनिहरू, विजयोल्लासका जय जयकारहरू इत्यादि हरेक कुराको आफ्नो रोबरवाफ थियो, आफ्ना उत्सवहरू थिए, आफ्ना समारोहहरू थिए यी सब कुराले रोमन नागरिकहरूका हृदयलाई उत्साहित र प्रफुल्लित तुल्याउँदथे । मानिसहरू अर्को ठाउँमा जम्मा हुनुभन्दा एउटै ठाउँमा जम्मा हुनुमा राज्यले महत्त्वको कुरा ठान्दथ्यो, उनीहरूले राजधानी हेरून् या नहेरून्, उनीहरू राजसभा-भवनतिर फर्कून् या नफर्कून्, उनीहरूले आफ्ना विचार विमर्शहरूका निम्ति यो दिन रोजून् या त्यो दिन रोजून् बरु त्यस कुराको मतलब थिएन । दोषी ठहरिएको मानिसले खास किसिमको पोशाक लाउँदथ्यो र चुनावका निम्ति खडा भएका उमेदवारहरूले पनि त्यसै गर्नुपर्दथ्यो ।

लडाकाहरू आफ्ना पराक्रमहरूको गर्व गर्दैनथे, उनीहरू त आफ्ना खतहरू देखाउँदथे। म यो सम्झन सक्तछु कि हाम्रा प्रवक्ताहरूमध्ये एक जनाले सीजरको मृत्युमा उनका घाउहरू उनको रगत, उनको मृत शरीरको वर्णन गर्नमा आफ्ना मामूली अलङ्कारहरू जम्मै सिध्याएका थिए; आएन्थोनी पनि प्रवक्ता थिए; तर उनले यो कुनै कुरा पनि गरेनन्; उनले ती मारिएका सीजरलाई देखाए। यो कस्तो अलङ्कार थियो।

तर धेरै अरू जस्तै यस विषयदेखि बाहिरका कुराले मलाई मेरो आफ्नो विषयदेखि अन्तै लगिरहेछ, र यो ज्यादै बराबर भइरहने हुनाले यसलाई धैर्यपूर्वक सहन गर्न कठिन हुन्छ। त्यस कारण म अब आफ्नै विषयतिर फर्कन्छु।

नवयुवकहरूसँग गम्भीरतापूर्वक तर्क-वितर्क नगर। यदि यसलाई बुझ्ने तुल्याउन चाहन्छौ भने तिम्रो तर्कलाई कुनै वस्तु विषयले ढाक। मनले हृदयको भाषा बोलोस्, ता कि यो बुझ्न सकियोस्। म फेरि भन्दछु कि गम्भीर वाद-विवादद्वारा हाम्रा कामहरू होइनन् कि हाम्रा विचारहरू प्रभावित हुन सक्तछन्; तिनीहरूले हामीलाई विचार गराउँदछन्, काम गराउँदैनन्; हामीले के गर्नुपर्दछ त्यो कुरा होइन कि हामीले के विचार गर्नुपर्दछ त्यो कुरा तिनीहरूले हामीलाई देखाउँदछन्। यदि मानिसहरूको बारेमा यो सत्य हो भने नौजवानहरूको बारेमा यो झन् सत्य हुन्छ किनभने उनीहरू अझै आफ्ना इन्द्रियहरूले घेरिएका हुन्छन्, र उनीहरूले कल्पना गर्नुभन्दा अरू विचार गर्न सक्तैनन्।

जुन कुराको विषयमा मैले बनाएको छु त्यसका तयारीहरूपछि पनि म अकस्मात् एमिलको कोठामा गएर जुन विषयमा उसलाई शिक्षा दिनु छ त्यस विषयमा लम्बे लम्बे गुरुत्वपूर्ण शिक्षा दिन बडो होश गर्दछु। उसको कल्पनालाई जगाएर म प्रारम्भ गर्दछु। जुन कुरा उसको मनमा गडाउनलाई म इच्छा गर्दछु त्यसका निमित्त ज्यादै अनुकूल समय, ठाउँ र वरिपरिको वातावरण म छान्नेछु। हाम्रा कुराकानीको साक्षीको निम्ति म सम्पूर्ण प्रकृतिलाई बोलाउनेछु; जुन कुरा म भन्दछु, त्यसको सत्यताको साक्षी बस्न म प्रकृतिका निर्माता अनन्त परमेश्वरलाई प्रार्थना गर्नेछु। मेरो र एमिलको बीच उनैले विचार गर्नेछन्। हाम्रा वरिपरि म चट्टानहरू, जङ्गलहरू, पहाडहरू, बनाउनेछु, जो मेरा र उसका प्रतिज्ञाहरूका स्मारक चिह्न हुन्। जुन उत्साह म उसको मनमा उठाउन इच्छा गर्दछु त्यो कुरा आँखाहरूले, स्वरले र हाउभाउले देखाउने छन्। तब म बोल्नेछु र उसले ध्यान दिएर सुन्नेछ, र उसको उमङ्ग मेरै उमङ्गद्वारा उठ्नेछ। मेरा

कर्तव्यहरूको पवित्रताले म जति जति प्रभावित हुन्छु उति उति उसले आफ्ना कर्तव्यहरूलाई पवित्र ठान्नेछ । म तर्कको स्वरलाई मूर्तिहरू र आकारहरूले जोर दिनेछु, म उसलाई लम्बे लम्बे घुमाउरा प्रवचनहरू या गम्भीर शिक्षाहरू दिनेछैन, तर मेरा उछल्कँदा विचारहरूले आफ्ना सिमानाहरू तोड्नेछन्, मेरो तर्क गम्भीर र कडा हुनेछ, तर मेरो हृदयले प्रेमपूर्वक बोल्नेछ । त्यसपछि जब मैले उसका निम्ति जो गरेको छु त्यो मैले उसलाई देखाइसकेको हुन्छु अनि म उसलाई ऊ कसरी मेरा निम्ति बनेको हो त्यो कुरा देखाउनेछु; मेरो कोमल स्नेहमा मेरो सबै हेरचाहको कारण उसले देख्नेछ । जब म आफ्नो स्वर बदल्नेछु त्यो वेला मैले उसलाई कत्तिको चकित र विचलित तुल्याउने छु । उसकै स्वार्थहरूको कुरा सधैं गरेर उसको आत्मालाई खुम्च्याउनुको सट्टा म अब आफ्नै स्वार्थको कुरा गर्नेछु; यसले गर्दा ऊ झन् भित्रसम्म प्रभावित हुनेछ । उसको तरुण हृदयमा स्नेह, उदारता, र कृतज्ञताका सब भावहरू जगाउनेछु, जसको उत्पत्ति मैले अघिबाटै गराइसकेकोछु, र तिनीहरूको वृद्धि देख्नु साँच्चीकै आनन्द हुनेछ । म उसलाई आफ्नो छातीमा लगाउनेछु, र मेरो उमङ्गमा उसमाथि रुनेछु । म उसलाई भन्नेछु, "तिमी मेरो धन हौ, बाबु, मेरो हातको सीप; मेरो सुख तिम्रो सुखमा बद्ध छ; यदि तिमीले मेरा आशाहरूलाई भङ्ग गरिदियौ भने तिमीले मेरो जीवनका बीस वर्ष अपहरण गर्नेछौ, र मेरा फुलेका रौँलाई अफसोससाथ चिहानतिर लैजानेछौ ।" नौजवानलाई आफ्नो कुरा सुन्ने तुल्याउने र जो भनिन्छ त्यो उनीहरूको हृदय र स्मरणमा गडाउने तरीका यही हो । अहिलेसम्म मैले गुरुले चेलोलाई शिक्षा दिन कठिन परेको खण्डमा अपनाउने तरीकाका उदाहरणहरू दिन प्रयास गरेको छु । यस कुरामा मैले यसै गर्न प्रयत्न गरेको छु; तर धेरै प्रयास गरिसकेपछि मैले यो काम छोडिदिएको छु, किनभने म विश्वस्त छु कि कुनै विषयहरूमा पहिला पाठहरूका लागि चाहिने बचनको स्पष्टता फ्रान्सिसी भाषामा पाइँदैन ।

भनिन्छ कि फ्रान्सिसी भाषा अरू भाषाभन्दा सफा र शुद्ध छ, तर म त विचार गर्दछु कि यो झन् फोहोर छ, किनभने मलाई यो लाग्दछ कि भाषाको पवित्रता खस्रा वचनहरूलाई छल्नुमा रहँदैन, तर यस्ता वचनहरू हुँदै नहुनुमा रहन्छ । वास्तवमा, यदि हामीले तिनीहरूलाई छल्नु छ भने तिनीहरू हाम्रो विचारमा छलिनुपर्दछ, र फ्रान्सिसी भाषामाभन्दा अरू कुनै भाषामा पनि हरेक विषयमा पवित्रतापूर्वक बोल्नु त्यस्तो कठिन छैन । लेखकले अश्लील अर्थ छल्नुमाभन्दा पाठक त्यो पत्ता लगाउनुमा छिटो हुन्छ, र ऊ हरेक कुराले

दुःखित हुन्छ र झस्किन्छ । जुन कुरा अपवित्र कानले सुनिन्छ त्यसले कसरी खस्रोपनलाई छल्न सक्तछ ? अर्कातिर जुन जातिका नैतिकताहरू पवित्र हुन्छन् त्यो जातिको हरेक कुराको निमित्त ठीक वचनहरू हुन्छन् र तिनीहरू सधैं ठीक हुन्छन्, किनभने तिनीहरू ठीकसँग प्रयोग गरिन्छन् । बाइबिलको भाषाभन्दा अरू कुनै भाषा नम्र होला भन्ने कसैले कल्पना गर्न सक्तैन र यो हुनाको कारण यसको भाषाको सरलता हो । उनै कुराहरूको अनुवाद फ्रान्सिसी भाषामा गर्दा त्यो नम्रता आउँदैन । मैले एमिललाई जो भन्नुपर्दछ त्यो पवित्र र उसका निम्ति मर्यादापूर्ण हुनेछ । तर छापेका पुस्तकहरूबाट मनमा त्यही भावना जगाउनलाई पाठकमा हृदयको पवित्रता झन् बढी मात्रामा हुनुपर्दछ ।

मैले यो पनि विचार गर्नुपर्दछ कि भाषाको सत्य पवित्रतामाथि र पापको नक्कली नम्रतामाथिका विचारहरूले नैतिकताबारे कुराकानीमा उही स्थान पाउनेछन्, जसमा यस विषयले हामीलाई ल्याउनेछ; किनभने जब उसले स्पष्ट बोलीको लाभदायक भाषा सिक्नेछ, तब उसले नम्रताको भाषा पनि सिक्नुपर्दछ, र उसले यो पनि थाहा पाउनुपर्दछ कि यी दुई किन यस्तो फरक छन् । यो जस्तो भए तापनि म भन्दछु कि यदि रित्ता शिक्षाहरूको सट्टा जो समयभन्दा अघि नै बच्चाहरूको कानमा क्याउंक्याउँ गरिदै हुन्छन् र जो उपयोगी हुन सक्ने वेलामा भने तिरस्कृत हुन्छन्; यदि यसको सट्टा हामीले समयलाई पर्खिरह्यौं भने, यदि हामीले यिनीहरूलाई सुन्ने बाटो तयार गर्‍यौं भने, यदि हामीले उनीहरूको सम्पूर्ण सत्यतामा प्रकृतिका नियमहरू उसलाई देखायौं भने, यदि हामीले उसलाई जसले यी प्रकृतिका नियमहरूको अपहेलन गर्दछ उसलाई शारीरिक र नैतिक अनिष्टहरूले खराबी गर्दछन् भन्ने कुरा देखायौं भने, यदि हामीले उसलाई पुस्तौंदेखिको रहस्य बताउँदा प्रकृतिका निर्माणकर्ताले यस काममा दिएको आनन्दको विचारमा सम्मिलित भयौं भने जुन विचार अलग प्रेमको हो जसले यसलाई आनन्दमय तुल्याउँदछ, जुन विचार ईमानदारीपूर्वकको र विनम्रतापूर्वकको हो जसले यसलाई परिवेष्टित गराउँदछ र यसको तात्पर्य पूरा गराउँदै यसको सौन्दर्यलाई दोबर तुल्याउँदछ, यदि हामीले उसलाई विवाह समाजको सबभन्दा आनन्ददायक रूप मात्र होइन कि यो सबभन्दा पवित्र र अभंजनीय प्रतिज्ञा हो भन्ने कुराको चित्रण गरेर देखायौं भने, यदि हामीले उसलाई किन मानिसहरू यसलाई पवित्र बन्धन मान्दछन् र जसले यसलाई अपहेलन गर्न साहस गर्दछ त्यसमाथि घृणा र सरापहरू खत्याउँदछन् त्यसका सबै कारणहरू सफासित बतायौं भने, यदि हामीले उसलाई विलासी-

पनका भयङ्करताहरू र यसका मूर्खतापूर्ण पशुत्वको, जुन दुराचारको पहिलो कदमले नै उसलाई अधोगतितिर लगेर झन् झन् खराब अवस्थामा प्राप्त गराउँदछ र आखिरमा त्यस पापीको नाश गराउँदछ त्यसको एउटा सत्य र भयङ्कर चित्र उसलाई देखायौं भने, यदि हामीले उसलाई संयमको इच्छामाथि स्वास्थ्य, बल, साहस, सद्गुण, प्रेम निर्भर गर्दछन् भन्ने कुराका प्रमाणहरू दियौं भने, म भन्दछु कि यो संयम उसको दृष्टिमा यस्तो प्यारो र वान्छनीय लाग्नेछ कि उसको मन हाम्रो शिक्षा लिनमा सधैं तत्पर रहनेछ र यसलाई सुरक्षित राख्नेछ; किनभने जबसम्म हामी संयमी रहनेछौं तबसम्म हामी संयमलाई कदर गर्नेछौं; हामीले यस गुणलाई गुमाएपछि मात्र हामी यसलाई तुच्छ मान्दछौं।

यो कुरा सत्य हो कि खराबोप्रतिको चित्तवृत्ति हाम्रो नियन्त्रणदेखि बाहिर छ, र यसलाई आत्मसमर्पण गर्ने बानी रहुन्जेलसम्म हामी यसलाई दबाउन सक्तैनौं। अरेलियस भिक्टर भन्दछन् कि आफ्नो जीवनको खतरामा क्लिओप्याट्राको सायमा एकतार बिताउने बौलाहा मानिसहरू धेरै थिए, र मानसिक लालसाको बहुलट्टीपनमा यो अविश्वास गरिने कुरा छैन। हामी यो कुरा मानिलिऔं कि जुन बौलाहामा पनि बौलाहा मानिसका इन्द्रियहरू आफ्नो वशमा छैनन् उसले आफ्नो मृत्युका तयारीहरू देखोस्, उसले आधा घडीको पनि आधा समयमा ठूलो यातनामा परेर मर्नुपर्दछ भन्ने देखोस्, अनि त्यो मानिस त्यो वेलादेखि प्रलोभनलाई रोक्न समर्थ हुने मात्र होइन कि उसलाई यो गर्न बिलकुल सुगम लाग्नेछ। त्यो भयङ्कर चित्र जुनसित यी प्रलोभनहरू सम्बन्धित छन् त्यसले उसको ध्यानलाई यी प्रलोभनहरूबाट चाँडै नै अन्तै फर्काउनेछन्, र जब तिनीहरू वारंवार अन्तै पन्छाइन्छन् तिनीहरू फेरि आउन सक्तैनन्। हाम्रो कमजोरीको एक मात्र कारण हाम्रो इच्छाको कमजोरी हो, र जुन कुराको हामी पक्का इच्छा गर्दछौं त्यो कुरा गर्ने शक्ति सधैं हामीमा हुन्छ। हामी जत्तिको जीवनलाई प्रेम गर्दछौं त्यत्तिकै पापलाई घृणा गर्‍यौं भने हामी मीठो खानेकुराको रिकाबीमा रहेको विषबाट जत्तिको सजिलोसित रोकिन सक्तछौं त्यत्तिकै सजिलोसित रमाइलो पापबाट रोकिन सक्तछौं।

यदि एउटा नवयुवकलाई यस विषयमा दिइएका सबै शिक्षाहरू विफल हुन्छन् भने त्यो कुरा तिमीले थाहा पाउन नसक्नु कसरी सम्भव हुन्छ ? यसको कारण यो हो कि ती शिक्षाहरू उसको उमेरसुहाँउदा हुँदैनन्, र हरेक उमेरमा ठीक–बेठीकको बिचार यस्तो रूपमा देखाउनुपर्दछ कि जसले उसको स्नेह या

अभिरुचि प्राप्त गरोस् । यदि आवश्यकता पऱ्यो भने ऊसित गम्भीरतापूर्वक बोल, तर तिमी उसलाई जे भन्दछौ त्यसमा सधैं मिठोपन रहोस् जसले उसलाई ध्यान दिएर सुन्न कर लाग्ने हुन्छ । रूखा तौरबाट उसका इच्छाहरूको विरोध नगर, उसको कल्पनालाई नदबाऊ, तर यसलाई निर्देशन गर, नत्रभने यसले दैत्यहरू पैदा गर्नेछ । ऊसित प्रेमको, स्वास्नीमानिसको, खुशीको कुरा गर; तिम्रो कुराकानीमा उसले मोहनी पाओस् जसले उसको यौवनपूर्ण हृदयलाई आनन्द देओस्; उसले तिमीलाई आफ्नो विश्वासपात्र बनाउनलाई कुनै प्रयत्न बाँकी नराख; यही कुराले मात्र तिमी साँच्चीकै उसको गुरु बन्नेछौ; तिम्रो कुराकानी उसलाई उचाट लाग्ने होला भन्ने कुराको तिमीले डर मान्नुपर्दैन; तिमीले इच्छा गरेभन्दा पनि बढ्ता कुरा उसले तिमीलाई गराउनेछ ।

यदि मैले यो सिद्धान्तहरूअनुसार सबै आवश्यक होशियारी लिएको छु, भने र एमिलको अहिलेको उमेरलाई चाहिने सबै कुरा उसलाई भनेको छु भने मलाई निश्चय छ कि ऊ त्यस कुरामा आफ्नै इच्छाले आउनेछ, जसमा म उसलाई लैजान चाहन्छु, र ऊ उत्सुकतापूर्वक मेरो हेरचाहमा विश्वास राख्नेछ । जब उसले आफूलाई चारैतिरबाट घेरिराख्ने खतराहरू देख्तछ, तब जवानीको उत्कण्ठासाथ उसले मलाई भन्नेछ, "हे मेरा मित्र, हे मेरा रक्षक, हे मेरा गुरु, तपाईंले पन्छाउन लाग्नुभएको त्यो अधिकार फेरि लिनोस् किनभने यस समयमा मलाई त्यसको ज्यादै आवश्यकता छ; अहिलेसम्म मेरो कमजोरीले तपाईँलाई यो अधिकार दिएको थियो । अब म आफ्नै खुशले यसलाई तपाईँको हातमा राखिदिन्छु, र यो मेरो दृष्टिमा झन् ज्यादै पवित्र हुनेछ । जुन शत्रुहरूले खास गरेर जुन शहरभित्रका धोकादारीहरूले मलाई हमला गरिरहेछन्, तिनीहरूबाट मलाई बचाउनुहोस्; तपाईँको कामको रखवारी गर्नुहोस् जुन तपाईँका निमित्त अझ योग्य हुनेछ । म तपाईँका नियमहरू मान्दछु, म सधैँ यो गर्नेछु; मेरो दृढ तात्पर्य यही छ; यदि मैले कहिल्यै तपाईँको आज्ञाको उल्लङ्घन गरेँ भने त्यो मेरो इच्छाको विरुद्ध हुनेछ; जुन उत्कट मनोभावनाहरूले मलाई हानि गरिरहेछन् तिनीहरूबाट बचाएर मलाई स्वतन्त्र तुल्याउनुहोस्; मलाई तिनीहरूको दास हुन नदिनुहोस्; मलाई आफ्नो गुरु आफैँ हुन र मेरा इन्द्रियहरूको होइन कि मेरो विवेकको आज्ञा मान्न बाध्य गराउनुहोस् ।"

जब तिमी आफ्नो चेलालाई यहाँसम्म लैजान्छौ (यदि तिमीले यो गर्न सकेनौ भने तिम्रै गलती हुनेछ), उसको कुरामा अविश्वास नगर, नत्रभने तिम्रो नियम उसका निमित्त ज्यादै कडा हुनेछ र यसबाट उम्कने उसको हक

हुनेछ र उसलाई तिमीले झुक्याएको दोष लगाउनेछ । गम्भीरता र कडाइको समय यही हो; र यो आकृतिको बढी असर उसमाथि पर्नेछ, किनभने उसले देख्नेछ कि उसमाथि तिम्रो यो आकृति भएको पहिला पटक हो ।

त्यस कारण तिमी उसलाई भन्नेछौ, "हे नवयुवक, जुन पूरा गर्न कठिन छ, त्यस्ता प्रतिज्ञाहरू तिमी गर्दछौ; ती प्रतिज्ञा गर्ने तिम्रो हक हुनुभन्दा अघि तिनीहरूको अर्थ के हो त्यो तिमीले बुझनुपर्दछ; तिमीलाई थाहा छैन कत्ति तिमी जस्ता मानिसहरू खुशी मनाएको बहाना गरेर उत्कृष्ट मनोविकारद्वारा पापतिर खिचिएका छन् । मलाई थाहा छ तिमी मान्य छौ, तिमी कहिले पनि आफ्नो प्रतिज्ञा भङ्ग गर्दैनौ, तर यो प्रतिज्ञा गरेकोमा तिमी कत्तिको पश्चात्ताप गर्दछौ; तिमी आफ्नो मित्रलाई कत्तिको सराप्तछौ जब उसले तिमीलाई लाग्न लागेको रोगको रखवारी गर्नलाई तिम्रो चित्त दुखाउन ऊ बाध्य हुन्छ । युलिसेसले समुद्रका परीहरूको गीत सुनेर आफ्ना मल्लाहहरू मेरो बन्धन फुकाइदेऊ भनेर कराएजस्तै खुशीको बोलाहटमा तिमी आफ्ना बन्धनहरू तोड्नेछौ; तिमी विलाप गरेर मलाई विनति गर्नेछौ; मलाई अत्याचारी भनेर गाली गर्नेछौ; तिम्रो कल्याण मेरो हृदयमा हुँदा हुँदै पनि तिमी यस्तो गर्नेछौ; जब म तिमीलाई सुखी तुल्याउन प्रयास गरिरहेको हुन्छु, त्यस बखत मप्रति तिम्रो घृणा उत्पन्न हुन्छ । अहो एमिल, म तिम्रो दृष्टिमा घृणित हुने कुरा कहिले पनि सहन सक्तिनँ । ए मेरो प्यारो बच्चा, के तिमी यो देख्न सक्तैनौ कि जब तिमीले मेरो आज्ञा पालन गर्न अङ्गीकार गरेका छौ त तिमीले मलाई तिम्रो पथप्रदर्शक हुन, तिम्रो भक्तिमा मैले आफूलाई बिर्सन, तिम्रो गुनासो र गुनगुनाहटहरूलाई सुन्न इनकार गर्न, तिम्रा इच्छाहरू र मेरै इच्छाहरूको विरोधमा अवच्छिन्न लडाइँ गर्न तिमी मलाई बाध्य गराउँदछौ । हामी दुवैले यस कामको जिम्मा लिनुभन्दा अगाडि हामी आफ्ना उपायहरूको गणना गरौं । तिमी आफ्नो समय लेऊ, मलाई विचार गर्ने समय देऊ; र निश्चित होऊ कि कबूल गर्न हामी जति ढीला हुन्छौं उत्तिकै ईमानदारीपूर्वक हामी आफ्नो कबूल पुऱ्याउन सक्तछौं ।

तिमी निश्चिन्त रहन सक्तछौं कि तिम्रो प्रतिज्ञा पाउन उसलाई जति कठिन हुन्छ यो पूरा गर्नलाई तिमीलाई उत्तिकै सजिलो हुन्छ । नवयुवकले यो सिक्नुपर्दछ कि उसले प्रशस्त प्रतिज्ञा गरिरहेको छ र तिमी झन् बढी प्रतिज्ञा गरिरहेका छौं । जब समय आइपुग्दछ, जब, भनौं कि, उसले कबूलनामामा सहीछाप गरिसकेको हुन्छ, तब तिमी आफ्नो स्वर बदल र तिम्रो नियम जत्तिको

कडा हुन्छ भन्दथ्यौ त्यत्तिकै नरम तुल्याऊ । उसलाई भन, "ए मेरा नवयुवक दोस्त, जुन अनुभव भन्ने कुरा हो त्यसको तिमीमा अभाव छ, तर मैले होशियारी गरेको छु कि तिमीमा उचित विचारको कमी नहोस् । हरेक कुरामा मेरो चालचलनको मतलब बुझ्न तिमी तयार छौ; यो गर्नलाई उत्तेजनाबाट स्वतन्त्र नहुन्जेलसम्म तिमीले पर्खनु मात्र पर्दछ । सधैं नै पहिले मैले भनेको मान, अनि मेरा आज्ञाहरूका कारणहरू सोध । तिनीहरूलाई ध्यान दिएर तिमी तयार हुनेबित्तिकै म मेरा कारणहरू दिन सधैं तयार छु, र हामीहरूका बीचमा तिमीलाई न्यायधीश बनाउन म कहिले पनि डराउनेछैन । तिमी मेरो शिक्षाको अनुसरण गर्ने प्रतिज्ञा गर्दछौ, र तिमीलाई मानिसहरूमध्ये सबभन्दा सुखी तुल्याउन तिम्रो आज्ञाकारिताको प्रयोग गर्न मात्र म प्रतिज्ञा गर्दछु । यसको प्रमाण तिमीले अहिलेसम्म यापन गरेको जीवन नै हो । तिम्रो जत्तिकै सुखी जीवन यापन गरेको जो कोही पनि मलाई देखाऊ, र यसभन्दा बढ्ता कुनै कुराको पनि म तिमीसँग बाद गर्दिनँ ।

जब मेरो अधिकार सुदृढ रूपमा स्थापित हुन्छ मेरो पहिला विचार यसको प्रयोग गर्ने आवश्यकतालाई त्याग गरिदिनु हुनेछ । उसको विश्वासमा झन् झन् सुदृढ भएर रहन, उसको विश्वासपात्र बन्न र उनका आनन्दहरूको बिचारी बन्न म कुनै प्रयत्न बाँकी राख्नेछैन । उसको यौवनपूर्ण अभिरुचिहरूलाई विरोध गर्ने कुरा त परै रहोस् म तिनीहरू ठीक छन् कि छैनन् त्यो बुझेर हेर्नेछु; म उसलाई बाटो देखाउन सकूँ भन्ने हेतुले उसकै विचारअनुसार वस्तुहरूलाई हेर्नेछु; उसको वर्तमान सुखलाई हानि हुने गरी धेरै पछि हुने उसको भलाइ खोज्नेछैन; यदि त्यो हुन सक्तछ भने म उसलाई सधैं सुखी राख्नेछु ।

जुन मानिसहरू नौजवानहरूलाई ठीकसित बाटो देखाउन र इन्द्रियका बन्धनहरूबाट बचाउन इच्छा गर्दछन्, तिनीहरू उनीहरूलाई प्रेम घृणित कुरा हो भनी बताउँदछन् र मानो यो बूढाहरूका निमित्त मात्र हो भनेझैं गरी यसको विचारलाई नै पनि एउटा अपराध ठहराउँदछन् । यो सब शिक्षाको केही नतीजा हुँदैन; हृदयले तिनीहरूलाई झूठो पाउँदछ । दृढ विचार भएको नवयुवकले यी अन्धकारमय सिद्धान्तहरूमाथि भित्र भित्र हाँस्तछ, जसलाई उसले स्वीकार गरेको झैं बहाना गर्दछ र तिनीहरूलाई तिरस्कार गर्ने मौका पर्खिरहन्छ त्यो सब प्रकृतिको विरुद्ध हो । उल्टो बाटोको अनुसरण गरेर झन् निर्भयतापूर्वक म उही लक्ष्यमा पुग्दछु । उसमा त्यो कोमल विचारलाई प्रोत्साहन दिन म डराउन्नँ जसका निमित्त ऊ ज्यादै उत्सुक छ । यसलाई म जीवनको ठूलो आनन्द देखाउँ-

दछु जो वास्तवमा हो पनि । जब म उसलाई यसको चित्रण गरेर देखाउँदछु म ऊ यसैमा लागोस् भन्ने विचार गर्दछु; दिलहरूको मेलले मनलाई जुन आनन्द दिन्छ त्यो उसले थाहा पाउने तुल्याएर म उसलाई विलासीपनप्रतिको घृणाले प्रेरित गराउनेछु; म उसलाई एक प्रेमी र सज्जन तुल्याउनेछु । बुद्धि र विवेक सिकाउने बाधाहरू सिवाय एक नवयुवकका दिलमा उठिरहेका इच्छाहरूमा केही पनि नदेख्नु कस्तो सांगुरो मन । मेरो दृष्टिमा उसलाई त्यही शिक्षालाई मान्ने तुल्याउने ठीक उपायहरू यिनै हुन् । उत्कट इच्छाद्वारा मात्रै हामी उत्कट इच्छाहरूलाई दबाउन सक्छौं; उनीहरूको उचित शक्तिले उनीहरूको अत्याचारलाई नियन्त्रण गर्नुपर्दछ, र प्रकृतिले नै हामीलाई उसलाई नियन्त्रणमा राख्ने उपाय दिनुपर्दछ ।

एमिललाई एक्लै रहन बनाइएको होइन, ऊ एउटा समाजको सदस्य हो, र उसले यसप्रतिको आफ्नो कर्तव्य पूरा गर्नैपर्दछ । ऊ आफू जस्तै मानिसहरूका बीचमा रहन बनेको हो र उसले तिनीहरूलाई जान्नैपर्दछ । ऊ सर्वसाधारण मानिसहरूलाई जान्दछ तर उसले व्यक्ति-व्यक्तिहरूलाई चिन्न सिक्नुपर्दछ । संसारमा के भइरहेको छ त्यो ऊ जान्दछ, अब उसले मानिसहरू संसारमा कसरी रहन्छन् त्यो सिक्नुपरेको छ । उसलाई त्यो विशाल नाट्यमंचको अग्र भाग देखाउने बेला भयो, जसका छिपेका कामहरू ऊ अघिबाटै जान्दछ । यसले उसमा रिङटाले माथ चक्कराएको नवयुवकको मूर्ख प्रशंसा उठाउनेछैन, तर ठीक र सत्य मनको विवेक उठाउनेछ । अभिलाषाहरूले ऊ साँच्चीकै ठगिन सक्छ; उत्कट इच्छाहरूले नभडकाईकन अभिलाषाहरूको दास बन्ने यस्तो को हुन सक्छ ? कम-से-कम अरू मानिसहरूको उत्कट अभिलाषाहरूद्वारा ऊ छकिनेछैन । यदि उसले तिनीहरूलाई देख्यो भने उसले बुद्धिमानीको दृष्टिले तिनीहरूको खयाल गर्नेछ, र ऊ न उनीहरूको दृष्टान्तबाट भड्किनेछ न त उनीहरूको गलत विचारबाट फकिनेछ ।

विज्ञानहरूको अध्ययनका निमित्त जस्तो ठीक सुहाँउदो उमेर हुन्छ, त्यस्तै संसारको गतिको अध्ययनका निमित्त ठीक सुहाउँदो उमेर हुन्छ । जो यी कुराहरू ज्यादै चाँडो सिक्छन् तिनीहरू छानबीन र विचार नगरीकन यिनीहरूको अनुसरण गर्दछन् र तिनीहरूले यिनीहरूको खूब राम्रोसित अनुसरण गरे तापनि तिनीहरू नै केमा लागिरहेका छन् त्यो कुरा साँच्चीकै उनीहरूलाई थाहा हुँदैन । तर जो संसारका गतिहरूको अध्ययन गर्दछ र तिनीहरूका निम्तिको कारण बुझ्दछ उसले भित्री दृष्टिले तिनीहरूलाई हेर्दछ र

बढ्ता ठीकसित र राम्रोसित तिनीहरूको अनुसरण गर्दछ । मलाई एउटा बाह्र वर्षको लडका देऊ, जसलाई कुनै कुराको ज्ञान हुँदैन; पन्ध्र वर्षको हुँदा म उसलाई तिमीकहाँ फिर्ता पठाइदिनेछु, र बचपनदेखि नै शिक्षा पाएकाहरूलाई जत्तिको ज्ञान हुन्छ उसलाई उत्तिकै ज्ञान हुनेछ । यस भेदले गर्दा तिम्रा छात्रहरूलाई मनमा मात्र कुराहरूको ज्ञान हुन्छ, तर मेरो छात्रले भने आफ्नो ज्ञानको प्रयोग कसरी गर्ने त्यो कुरा जान्दछ । त्यसै गरी बीस वर्षको नवयुवकलाई समाजमा डुबाऊ; राम्रो बाटो देखायो भने एक वर्षभित्रैमा ऊ बचपनदेखि नै समाजमै हुर्के-बढेको मानिसभन्दा बढ्ता शोभित र बढ्ता नम्र हुनेछ, किनभने अघिल्लो चाहिँ उमेर, स्थान, लिङ्गसम्बन्धी सबै कुराहरूको कारण बुझ्न सक्तछ, जसमा समाजका रीति–रिवाजहरू निर्भर गर्दछन् र उसले तिनीहरूलाई सर्वसाधारण सिद्धान्तहरूमा मिलाउन र अघिबाट नदेखिएका कुराहरूमा पनि लगाउन सक्तछ, तर बानीले मात्र बाटो देखाइएको पछिल्लो चाहिँ भने त्यो बानी छुट्यो कि अलमल्लमा पर्दछ ।

युवती फ्रान्सिसी लडकीहरू विवाह नहुन्जेलसम्म मठहरूमा हुर्काइन्छन्, बढाइन्छन् । के तिनीहरूलाई नयाँ काइदामा ढालिन गाऱ्हो पर्दछ र के फ्रान्सिसी महिलाहरूलाई बेकाइदा र बेतालका चालचलनहरू अथवा समाजको अज्ञानका निमित्त दोष लाउनु हुन्छ, किनभने उनीहरूले ती कुराहरू बचपनमा प्राप्त गरेका थिएनन् ? संसारका मानिसहरूको गलत धारणा यही हो जो यो सानो मामूली विज्ञान सिवाय बढी महत्त्वका कुराहरू केही जान्दैनन्, र यो तिमी चाँडै प्राप्त गर्न सक्तैनौ भन्ने गलत कल्पना गर्दछन् ।

अर्कातिर हामीले यसलाई धेरै ढीला हुन्जेलसम्म पर्खनु हुँदैन, यो कुरा साँचो हो । जसले आफ्नो सारा जवानी यस विशाल संसारदेखि टाढा बिताएको छ, त्यो जीवनभर बेकाइदाको, लाचार र उचित स्थानदेखि बाहिरको हुन्छ; उसको चालचलन गमार र बेकाइदाको हुन्छ, जतिसुकै अभ्यासले पनि यो छुट्न सक्तैन, र यसो गर्न प्रयास गर्नाले ऊ झन् हास्यपात्र हुन्छ । हरेक किसिमको शिक्षाको निमित्त एउटा समय हुन्छ र हामीले यसलाई बुझ्नुपर्दछ, र हरेकका टार्नुपर्ने खतराहरू हुन्छन् । यस उमेरमा अरू कुनै समयमाभन्दा पनि बढ्ता खतराहरू हुन्छन्; तर मेरो चेलालाई बचावट नगरीकन म तिनीहरूमा पर्न दिन्नँ ।

जब मेरो तरीका एउटा मतलब हासिल गर्नमा पूरा सफल हुन्छ र जब एउटा कठिनाइ टार्दामा अर्को कठिनाइ पनि टर्ने हुन्छ, तब म यो बेश तरीका

रहेछ र म ठीक बाटोमा रहेछु भन्ने विचार गर्दछु । अहिले यो चलिरहेको कुरामा मैले सुझाउ गरेको जुन बुद्धियुक्त सम्बन्धी कुरा हो त्यो यही कुरा हो जस्तो मलाई लाग्दछ । यदि म मेरो छात्रप्रति कडा र गम्भीर भएँ भने म उसको विश्वास गुमाउनेछु र उसले चाँडै नै आफूलाई मबाट गुमाउनेछ । यदि मैले आफ्नो आँखा बन्द गरेर उसलाई सजिलो र खुशी तुल्याउने मात्र इच्छा गरें भने उसलाई मेरो हेर-चाहमा रहेर के फाइदा हुन्छ ? यदि मैले उसलाई शिक्षा दिनु सिवाय अरू कुनै मतलब नराखीकन समाजमा प्रवेश गराएँ भने मैले चाहेकोभन्दा बढ्ता उसले सिक्नेछ । उसले ज्यादा गर्न लाग्यो भने मात्र म आफ्नो अधिकारको प्रयोग गर्दछु र आफ्नो चेतनालाई पर सारेर उसैको चित्तलाई छुटकारा दिनेछु । यदि मैले उसलाई समाजदेखि छुट्टै राखें भने उसले मबाट मात्र के सिक्ला ? सभ्य मानिसका निमित्त अत्यन्त आवश्यक कला अर्थात् आफ्ना समाजका मानिसहरूसँग मिलीजुली रहने कला बाहेक उसले सबै कुरा सिक्नेछ; यदि मैले यस कलालाई टाढैबाट सिक्ने तुल्याएँ भने यो व्यर्थ हुनेछ । उसलाई वर्तमानसित मात्र सरोकार हुन्छ । मैले उसलाई आमोद प्रमोद मात्र दिएँ भने उसलाई रवाफको बानी लाग्नेछ र उसले कुनै कुरा सिक्नेछैन ।

यस्तो कुरा हामीसँग केही पनि हुनेछैन । मेरो योजनाले हरेक कुराको प्रबन्ध गरिदएको छ । म त्यो नवयुकलाई भन्दछु, "तिम्रो दिलले साथी खोज्दछ, हामी एउटा मिल्दो साथी खोज्न जाऔं शायद हामी यस्तो साथी सजिलोसँग पाउनेछैनौं, सच्चा गुण सधैं दुर्लभ हुन्छ, तर हतार गर्नेछैनौं, न त हामी सजिलैसँग हतोत्साह हुनेछौं । निःसन्देह, त्यहाँ एउटा यस्तो छ, र आखिरमा हामीले त्यसलाई भेट्टाउनेछौं, या कम-से-कम हामीले ऊ जस्तै एउटा भेट्टाउनेछौं । उसैलाई आकर्षक हुने तात्पर्यले म उसलाई समाजमा प्रवेश गराउँदछु । यसभन्दा बढ्ता म के भनूँ ? के मैले आफ्नो मतलब हासिल गरेको छैन ?

उसकी भविष्यकी प्रियतमा या गृहिणीको वर्णन गरेर तिमी कल्पना गर्न सक्तछौ कि उसले त्यो सुन्नेछ या छैन, उसलाई खुशी र प्यारो लाग्ने गुणहरू बताउनमा म सफल हुनेछु या छैन, जुन कुरा उसका निम्ति असल छ या खराब छ त्यो खोज्न या छोड्न उसका विचारहरूमा प्रभाव पार्नेछु या छैन, जसलाई उसले चिनेको छैन त्यसमाथि उसको प्रेम गराउनमा म असफल भएँ भने म मानिसहरूमध्ये सबभन्दा मूर्ख हुनेछु । यस कुराको पनि केही परवाह छैन कि जुन व्यक्तिको म वर्णन गर्दछु त्यो काल्पनिक हो। जसले उसलाई

आकर्षित गर्न सकेका छन्, तिनीहरूमाथि उसको घृणा उठाउनुनै पर्याप्त छ; यदि यसले बारंबार ती तुलनाहरूको सुझाउ दिइरहन्छ भने जसले उसले देखेका साँच्चीकै मानिसहरूलाई छोडेर आफ्नो कल्पनालाई रोज्दछ भने यति नै पर्याप्त छ; र के प्रेम नै एउटा कल्पना, एउटा मिथ्या कुरा, एउटा मायाजाल होइन ? यसको वस्तुसितको प्रेममा भन्दा आफ्नै कल्पनासितको प्रेममा हामी धेरै बढ्ता मात्रामा हुन्छौं, यदि हामीले हाम्रा स्नेहहरूको वस्तुलाई जस्ताको तस्तो रूपमा देख्यौं भने प्रेम भन्ने यस्तो कुरा नै हुँदैन। जब हामी प्रेम गर्न छोड्छौं हामीले प्रेम गर्ने गरिराखेको मानिस परिवर्तित नभईकन रहन्छ; तर अब हामी उही दृष्टिले हेर्दैनौं; त्यो जादूको पर्दा एकातिर हटाइन्छ र प्रेम लुप्त हुन्छ। तर जब म कल्पनाको वस्तु दिन्छु, तुलनाहरूमाथि मेरो नियन्त्रण हुन्छ र वास्तविकताहरूको सम्बन्धमा मायाजाललाई रोक्नमा म समर्थ हुन्छु।

त्यो सबको निमित्त पूर्णताको एउटा नमूनाको बयान गरेर एउटा नवयुवकलाई म कुबाटोतिर लग्दिनँ, जुन पूर्णत कहिले पनि हुन सक्तैन; तर म यसरी उसकी प्रियतमाका दोषहरूलाई छान्दछु जो उसका निमित्त सुहाउने हुन्छन्; जो देखि ऊ खुशी हुनेछ र जसले उसैका दोषहरूलाई सुधार्ने काम दिनेछन्। म ऊसँग झूठो बोल्दिनँ र वास्तवमा यस्तो व्यक्ति छ भन्दिनँ; ऊ तसबीरमा रमाओस्, अनि उसले चाँडै नै मौलिक चाहिँलाई भेट्टाउने इच्छा गर्नेछ। इच्छाबाट विश्वासमा परिणत हुन सजिलो हुन्छ। यो चातुर्ययुक्त वर्णनको कुरा हो, जसलाई बढ्ता बुझिने रूप दियो भने त्यसले कल्पित वस्तुलाई झन् बढ्ता बास्तविकताको रङ दिन्छ। म यति टाढासम्म जान्छु कि म उनको नाम पनि दिन्छु। म मुस्कुराउँदै भन्नेछु, तिम्री प्रियतमालाई हामी सोफी भनौं; सोफी असल लक्षणको नाम हो; यो तिम्रो मन परेकी महिलाको नाम नभए तापनि उनी कम-से-कम यो नामको योग्य हुनेछन्; साथै हामी उनलाई यही नामले सम्मान गर्नेछौं यदि यी सबै वृत्तान्तहरू पछि स्वीकार या इनकार नगरीकन हामीले जवाफ दिनलाई क्षमा माग्यौं भने उसलाई अवश्य सन्देह लाग्नेछ; उसले विचार गर्नेछ कि उसको भाग्यमा तोकिएकी दुलही जानीजानीकन उसबाट लुकाइएकी छ र उसले उसलाई ठीक समयमा देख्नेछ। यदि ऊ एक चोटि यस निष्कर्षमा आइपुग्यो भने र यदि उसलाई देखाइने लक्षणहरू राम्रोसित छानिएका छन् भने अरू बाँकी कुरा सजिलो हुनेछ; उसलाई संसारको अगाडि ल्याउनमा खतरा हुनेछैन; उसका इन्द्रियहरूबाट उसलाई बचाऊ, र उसको दिल निर्भय हुनेछ।

तर जेसुकै होस् उसलाई यस्तो आकर्षक तुल्याउन मैले रचेको नमूनालाई उसले मानिस नै ठान्दछ, र यो राम्रोसित गरिएको रहेछ भने यसले उसलाई यससित मिल्ने हरेक कुरामा संलग्न तुल्याउँदछ, र सोफी मानो दुनियाँमा रहेकै मानिस हो कि भन्ठानेर यो जस्तो नभएको हरेक कुरासित उसको दिलले घृणा गर्न थाल्नेछ । उसको हृदयलाई आपदहरूबाट बचाउने, उसको कल्पनाद्वारा उसका इन्द्रियहरूलाई दबाउने, जुन स्वास्नीमानिसहरूलाई नवयुवकहरूलाई शिक्षित तुल्याउँदछौं भन्दछन्, र उनीहरूको शिक्षाको निम्ति उनीहरूलाई यस्तो हानि गराउँदछन्, र नवयुवकलाई बिलकुल निर्लज्ज तुल्याउने चालहरू मात्र सिकाउँदछन् त्यस्तोबाट बच्ने यो कस्तो उपाय ! सोफी यति नम्र छे ! त्यस्ता कुराहरूको वृद्धि भएकोमा उसले के भन्ठान्ली ? सोफी यति साधारण छे ! उनीहरूका ढाँचाहरू उसलाई के निको लाग्ला ? ती कुराहरू उसका विचारहरूबाट धेरै टाढा छन् । तिनीहरू उसका विचारहरूदेखि धेरै टाढा छन् र ती विचारहरू खतरायुक्त छन् ।

जसले बच्चाहरूको नियन्त्रण गर्ने काम गर्दछ उसले तिनै गलत विचारहरूको र तिनै सिद्धान्तहरूको अनुसरण गर्दछ, किनभने उनीहरूको रेखदेख गलत छ र तिनीहरूको विचार झन् गलत छ । कुनै नवयुवक पहिले नै कुमार्गमा लाग्ने न त मिजासले हो न त इन्द्रियहरूले हो, तर जनसाधारणको रायले हो । यदि भोजन पाठशालामा हुर्के-बढेका लडकाहरू या मठहरूमा हुर्के-बढेका लडकीहरूसँग हाम्रो सरोकार छ भने म यो देखाउन चाहन्छु कि यो कुरा तिनीहरूमा पनि लाग्दछ, किनभने एक-अर्काबाट तिनीहरू पहिला पाठ जो सिक्तछन् त्यो पापको फल लाग्ने शिक्षा मात्र हुन्छ; र तिनीहरूलाई भ्रष्ट तुल्याउने प्रकृति होइन कि उदाहरण हो । भोजन शिक्षालय र मठहरूका लडका-लडकीहरूको कुरा उनीहरूकै अनैतिकतामा छोडिदिऊँ; उनीहरूका निमित्त केही औषधि छैन । म केवल गृह-शिक्षाको मात्र चर्चा गरिरहेछु । उसको बाबुको गाउँको घरमा राम्रोसित होशियारीपूर्वक तालीम पाएको एउटा लडकालाई लेऊ र जब ऊ पेरिस शहरमा पुग्दछ र समाजमा प्रवेश गर्दछ, त्यस बेला उसलाई जाँच; तिमी उसलाई ईमानदारीका कुराहरूमा सफासित विचार गरिरहेको पाउनेछौ र उसको इच्छालाई उसको विचार जत्तिकै हितकारी पाउनेछौ; उसमा तिमी पापका निमित्त घृणा र विलासीपनका निमित्त तुच्छता पाउनेछौ; उसको अनुहारले वेश्याको नाम लिंदैमा मात्र पनि निर्दोषी त्रास जनाउनेछ । म भन्दछु कि कुनै तरुण मानिस पनि यदि उसलाई तिनी-

हरूको मतलब र आवश्यकता थाहा भयो भने यी अभागीहरूको अँध्यारो घरमा पस्ने इरादा गर्नेछैन ।

त्यही नवयुवकलाई छ महीनापछि हेर, तिमी उसलाई चिन्नेछैनौ; उसको निर्धक्कको कुराकानीबाट, उसका ढाँचावाल सिद्धान्तहरूबाट, उसको सजिलो छाँटकाँटबाट तिमी उसलाई अर्कै मानिस भन्ठान्नेछौ । यदि कसैले उसलाई अघिको सरलता र लाज मान्ने कुरा सम्झाएर ठट्टा गर्‍यो भने ऊ त्यही मानिस हो भन्ने पनि देखिँदैन र ऊ त्यसमा लाज पनि मान्दैन । यति छोटो समयमा ऊ कसरी यत्तिको बदलियो ? केले यस्तो अकस्मात्को र पूर्ण परिवर्तन ल्याएको हो ? उसको शारीरिक विकासले ? के यो उसको बाबुको घरमा हुने थिएन, र अवश्य नै उसले यी सिद्धान्तहरू र यो स्वर घरमा प्राप्त गर्ने थिएन ? बुद्धिका पहिला शोभनीय कुराहरू ! उतातिर जसले आफूलाई यो मोजमजातिर छोडिदिन थालेका छन् ती कातर र चिन्तित हुन्छन्, तिनीहरू उज्यालो र हल्लालाई छोड्छन् । पहिला आनन्दहरू सधैँ गुप्त हुन्छन्; मधुर चालसित तिनीहरूले उनीहरूलाई आपनो स्वाद दिन्छन् र मधुर चालसित उनीहरूलाई लुकाउँदछन्; पहिला प्रियतमाले मानिसलाई शूरो बनाउँदिन तर कातर बनाउँदछे । उसका निम्ति यस्तो नयाँ अवस्थामा ऊ बिलकुल मग्न रहन्छ र यसैको भोग गर्नमा मात्र लागिरहन्छ, र यो उसबाट उम्कन्छ कि भनेर काँपिरहन्छ; यदि ऊ हल्लाबाज छ भने न त उसलाई कुनै उत्कट इच्छा थाहा हुन्छ, न त प्रेम भन्ने कुरा नै थाहा हुन्छ, तर उसले गर्व गर्न सक्तछ कि उसले मोजमजा गरेको छैन ।

यी परिवर्तनहरू बदलिएका विचारहरूको परिणाम मात्र हुन् । उसको हृदय उही छ, तर उसका विचारहरू बदलिएका हुन्छन् । उसका चेतनाहरू बिस्तारै बदलिन्छन् र आखिरमा तिनीहरूले आफूलाई उसकै विचारमा आत्मसमर्पण गरिदिन्छन् र ऊ साँच्चीकै भ्रष्ट हुने त्यही वेलामा हो । पहिलो शिक्षाभन्दा बिलकुल फरक दोस्रो शिक्षा पाउनुभन्दा अगाडि उसले समाजमा प्रवेश गरेको हुँदैन जसले उसलाई जुन कुरालाई ऊ कदर गर्दथ्यो त्यसलाई तुच्छ ठान्न र जुन कुरालाई ऊ तुच्छ ठान्दथ्यो त्यस कुरालाई कदर गर्न सिकाउँदछ; उसले आपना आमा–बाबुहरूको र गुरुहरूको शिक्षालाई दम्भी पण्डितहरूको नबुझिने कुरा जस्तो ठहराउन सिक्तछ, र ऊ अहिले बढेर ठूलो भइसकेको हुनाले जुन कर्तव्यहरूको भावना उनीहरूले उसको मनमा गडाइदिएका छन् त्यसलाई उसले केटाकेटीको नैतिकता जस्तै सम्झेर तुच्छ ठान्नेछ, उसले विचार गर्दछ कि उसको

इज्जतले नै उसलाई चालचलन बदलन लाचार तुल्याउँदछ; ऊ विना इच्छा अग्रसर हुन्छ; र ऊ बनावटी लज्जाबाट मूर्खतापूर्वक कुरा गर्दछ । पापका निम्ति कुनै अभिरुचि हुनुभन्दा नैतिकतालाई खिसी गर्न थाल्दछ, र यसमा कसरी लाग्ने त्यो जान्नुभन्दा अघि ऊ विलासीपनमा गर्व गर्न थाल्दछ । स्विजरल्यान्डका रक्षकहरूमध्ये एक नौजवान अफिसरले आपनो दोष स्वीकार गरेको म कहिले पनि बिर्सनेछैन, जो आपना साथीहरूको होहल्लापूर्ण आमोद–प्रमोदहरूदेखि वाक्क भएको थियो, तर तिनीहरूमा भाग लिनलाई स्वीकार गर्ने साहस गर्दैनथ्यो, किनभने त्यो गर्दा उनीहरू उसलाई गिज्याउँथे । ऊ भन्दथ्यो, "जस्तो मलाई नस हाल्ने बानी परिसकेको छ त्यस्तै मलाई त्यसमा बानी परिसकेको छ । अभिरुचि अभ्यासले हुने रहेछ, तर सधैंको लागि बच्चा हुनु हुँदैन ।"

यसनिम्ति जब कुनै जवान मानिस समाजमा प्रवेश गर्दछ तब ऊ बुद्धिबाट भन्दा घमन्डबाट बच्नुपर्दछ । ऊ आपना अभिरुचिहरूमा भन्दा अरूका अभिरुचिहरूमा लाग्दछ, र प्रेमभन्दा बढ्ता विलासीपनका निम्ति आत्मप्रेम जिम्मेदार हुन्छ ।

यसकुरालाई मानेर म तिमीसँग प्रश्न गर्दछु, के पृथ्वीमा मेरो चेलाभन्दा उसका नैतिकताहरू, उसका विचारहरू, उसका सिद्धान्तहरूका विरुद्ध बढ्ता सुसज्जित भएको मानिस अरू कोही छ ? के यो बाढीलाई रोक्न सक्ने अरू कोही छ ? त्यस्तो प्रलोभन के छ, जसको विरुद्ध ऊ अगावैदेखि सुसज्जित छैन ? यदि उसका इच्छाहरूले उसलाई स्वास्नीमानिसहरूतिर खिचे भने उसले के खोजेको हो त्यो कुरा ऊ थाहा पाउन सक्तैन, र उसको दिल अगावैदेखि अरू नै कुरामा व्यस्त रहेकोले त्यसले उसलाई फर्काउँछ । यदि उसका इन्द्रियहरूले उसलाई विचलित तुल्याएर अगाडि धकेल्यो भने उसले सन्तुष्टि कहाँ पाउनेछ ? परस्त्रीगमन र विलासीपनको उसको भयङ्कर त्रासले उसलाई वेश्याहरू र विवाहिता स्त्रीहरूदेखि टाढै राख्तछ, र यौवनका विकारहरू यिनीहरूमध्ये एउटा न एउटामा सधैं पत्ता लगाउन सकिन्छ । एउटी लडकी मनमोहिनी हुन सक्तछे, तर ऊ निर्लज्ज हुनेछैन, ऊ एउटा नवयुकको गलामा आफूलाई फ्याँक्नेछैन जसलाई यदि उसले उसको गुणमा विश्वास गर्दछ भने बिहा गर्न सक्नेछ, यसदेखि बाहेक ऊ सधैं रेखदेखमा रहेकी हुन्छे । एमिल पनि बिलकुल आफ्नै इच्छामा स्वतन्त्र छोडिनेछैन, उनीहरूमध्ये दुवै जना भय, र लज्जाको संरक्षणमा हुनेछन् जो पहिलो इच्छाका हरदमका साथी हुन्; उनीहरू तुरन्तै बदचलनतिर अगाडि बढ्नेछैनन् र उनीहरूलाई बिस्तारै निर्बिघ्न यतातिर

लाग्ने समय पनि हुनेछैन । यदि ऊ अर्कै दिशातिर लाग्यो भने, उसले आफ्ना साथीहरूबाट पाठ सिकेको हुनुपर्दछ, उसले तिनीहरूबाट आत्म-संयमलाई घृणा गर्न र उनीहरूको शूरोपनको नक्कल गर्न सिकेको हुनुपर्दछ। तर संसारभरमा एमिल जस्तो अरूको नक्कल गर्नमा नलागेको मानिस अरू कुनै हुँदैन । जसको आफ्ना पनि गलत भावनाहरू छैनन् र जो अर्काको गलत भावनाहरूतिर पनि लाग्दैन, त्यस्तो अरूको हँस्सी ठट्टाबाट प्रभावित नहुने मानिस अरू को हुन्छ ? मैले उसलाई हँस्सी–ठट्टाको विरुद्ध सुसज्जित तुल्याउनलाई बीस वर्ष मेहनत गरेको छु । तिनीहरूले उसलाई एकै दिनमा ठगिने तुल्याउन सक्नेछैनन्; किनभने उसको दृष्टिमा उपहास मूर्खहरूको कुरा हो, र कुनै कुराले पनि मानिसलाई गलत भावनाको प्रभावदेखि बाहिर हुनुभन्दा उपहासमा कम ग्रहणशील तुल्याउँदैन । ठट्टाहरूको सट्टा उसले वादविवाद गर्नुपर्दछ र जब ऊ मनको यस अवस्थामा हुन्छ तब उसलाई युवक मूर्खहरूले बिगार्लान् भनेर म डराउँदिनँ, विवेक र सत्य मेरो पक्षमा छन् । यदि कुनै गलत भावना यस कुरामा प्रवेश गर्‍यो भने बीस वर्षको स्नेह केही काम लागेन; मैले उसलाई बेकम्मा शिक्षाहरूले दिक्क गराएको छु भनेर उसलाई कसैले पनि विश्वास दिलाउन सक्तैन, र यस्तो धार्मिक र बुद्धिमान् हृदयमा बीस ओटा व्यभिचारीहरूले कराएको आवाजलाई जाँचिएको र विश्वास गरिएको दोस्तको आवाजलाई जाँचिएको र विश्वास गरिएको दोस्तको आवाजले चाँडै नै मेटिदिनेछ । ऊ छकिएको छ र उनीहरूले उसलाई मानिस झैं व्यवहार गरेर वास्तवमा उसलाई उनीहरूले बच्चा झैं व्यवहार गरिरहेछन् भन्ने कुरा उसलाई देखाउने सवाल मात्र हुनाले म सधैं सरल तर मेरा कुरामा सत्य र साधा हुन खोज्नेछु, ताकि म उसलाई वास्तवमा मानिस झैं व्यवहार गरिरहेछु भन्ने उसको मनमा परोस् । म उसलाई भन्नेछु, "जुन तिम्रो कल्याणमा मेरो कल्याण सम्बद्ध छ, त्यसैले मलाई बोल्न लाचार तुल्याउँदछ; म अरू केही गर्न सक्तिनँ । तर किन यी नवयुवकहरू तिमीलाई फुस्ल्याउन खोज्दछन् ? किनभने तिनीहरू तिमीलाई लोभ्याउन इच्छा गर्दछन्; तिनीहरू तिम्रो परवाह गर्दैनन्, उनीहरूको तिमीमाथि वास्तविक चाहना छैन, उनीहरूको एक मात्र मतलब तिमीमाथिको गुप्त ईर्ष्या हो, किनभने तिनीहरू तिमीलाई आफूभन्दा असल देख्तछन्; तिनीहरू तिमीलाई आफ्नै स्तरमा घिच्याएर ल्याउन खोज्दछन्; तिमी मेरो नियन्त्रणमा रहेकोमा तिनीहरू तिमीलाई गाली गर्दछन्, यसनिम्ति कि उनीहरूले नै तिमीलाई आफ्नो

नियन्त्रणमा राखून् । के यसबाट तिमीलाई केही लाभ होला भन्ने ठान्दछौ ? के तिनीहरू मभन्दा धेरै नै बढ्ता बुद्धिमान् छन् ? के एक दिनको स्नेह मेरोभन्दा बढ्ता मजबूत हुन्छ ? तिनीहरूले आफ्नो उपहासलाई कुनै महत्त्व दिन उनीहरूको अधिकारलाई महत्त्व दिनुपर्दछ । कुन अनुभवले तिनीहरू हाम्रा सिद्धान्तहरूलाई होच्याएर आफ्ना सिद्धान्तहरूलाई समर्थन गर्दछन् ? तिनीहरूले केवल माथ चक्कराएका युवकहरूको उदाहरणको अनुसरण गरेका छन्, जस्तो तिमी उनीहरूको उदाहरणको अनुसरण गर्न खोज्दछौ । आफ्ना बाबुहरूको गलत विचारबाट उम्कनको निम्ति भन्दै आफ्ना साथीहरूको गलत विचारलाई अँगाल्दछन् । उनीहरू केही बेश भएको जस्तो म देख्तिनँ । तर म उनीहरूले दुइटा कीमती कुराहरू गुमाएको देख्तछु—उनीहरूका बाबु-आमाहरूको स्नेह, जसको सल्लाह सत्य र प्रेमको हुन्छ, र अनुभवको बुद्धि, जसले आफूले थाहा पाएका कुराहरूबाट विचार गर्न सिकाउँदछ; किनभने उनीहरूका बाबुहरू एक पटक जवान भएका थिए, तर ती युवकहरू कहिले पनि बाबु भएका छैनन् ।

तर तिमी ठान्दछौ कि तिमीहरू कम-से-कम उनीहरूका मूर्ख शिक्षाहरूमा सत्य छन् । त्यसो होइन, प्रिय एमिल, तिमीलाई छकाउनको निम्ति तिनीहरू आफैं छकिन्छन्; तिनीहरू आफैंसित मंजूरी या मेलमा छैनन्; उनीहरूको हृदयले वारंवार विद्रोह गर्दछ, र उनीहरू अवसर आफ्ना कुराहरूलाई आफैं काट्तछन् । जुन मानिसले हरेक कुरामा घृणा देखाउँदछ उसकी स्वास्नीले पनि त्यस्तै विचार लिई भने ऊ नैराश्यमा पर्दछ । अर्को चाहिँले आफ्नी भविष्यकी स्त्रीसम्मको पनि असल नीतिहरू प्रति वेवास्ता गर्दछ, अर्थात् ऊ बदनामीको यत्तिको गहिराइसम्म डुब्दछ कि ऊ आफ्नी स्वास्नीको आचरणप्रति केही वास्ता राख्तैन; तर एक पाइला अझ पर जाऊ; ऊसँग उसकी आमाको कुरा गर; के ऊ एउटी व्यभिचारिणी स्त्री अथवा खराव आचरण भएकी स्वास्नीमानिसको बच्चा झैं व्यवहार गरिन इच्छा गर्दछ? के ऊ कुनै गोत्रको नाम ग्रहण गर्न सच्चा उत्तराधिकारीको पैत्रिक सम्पत्ति चोरेर लिन चाहन्छ, संक्षेपमा, के ऊ आफूलाई वर्णसङ्कर झैं व्यवहार गरिने कुरा सहन सक्ला ? जसले अर्काकी छोरीको बेइज्जत गर्दछ त्यस्तै आफ्नी छोरीको बेइज्जत गर्न उनीहरूमध्ये कुन चाहिँले देला ? यदि उसले तिमीलाई सिकाउन खोजेका सबै सिद्धान्तहरू तिमीले ऊसँगको व्यवहारमा लगाउन खोज्यौ भने उनीहरूमध्ये कुनै पनि तिमीलाई सिध्याउन नखोज्ने हुँदैन । यस प्रकार तिनीहरू आफ्नै कुराको बेमेललाई प्रमाणित गर्दछन्, र हामी जान्दछौं कि उनीहरू जो भन्दछन् । त्यतमा उनीहरू

बिश्वास गर्दैनन् । यहाँ कारणहरू छन्, प्रिय एमिल, उनीहरूका कुराहरूलाई तौल, र मेरा कुराहरूसित तिनीहरूका कुराहरूको तुलना गर । यदि म उनीहरू जस्तै गरी घृणा र उपहासतिर लागेँ भने तिमीले देख्नेछौ कि तिनीहरूले म जत्तिकै अथवा मभन्दा बढ्ता उपहासतिर आफूलाई लैजानेछन् । तर सत्य प्रश्न गर्न म डराउँदिनँ उपहासकहरूको विजय चाँडै नै खतम हुन्छ; सत्य खप्तछ, र उनीहरूको मूर्ख उपहास बिलाएर जान्छ ।

तिमी विचार गर्दैनौ कि बीस वर्षको हुँदा एमिल सम्भवतः सुशील हुन सक्नेछैन । हामी कस्तो भिन्न भिन्न विचार गर्दछौं म यो विचार गर्न सक्तिनँ कि दश वर्षको उमेरमा ऊ कसरी सुशील हुन सक्तथ्यो, किनभने त्यस उमेरमा उसमाथि मेरो के प्रभाव पर्न सक्तथ्यो ? त्यो प्रभाव पार्नको निम्ति होशियारी-पूर्वक तयारी गर्दा पनि मलाई पन्ध्र वर्ष लाग्यो । म उसलाई शिक्षा दिइरहेको थिइनँ, तर शिक्षाको निम्ति तयारी गरिरहेको थिएँ । अब ऊ सुशील हुनलाई प्रशस्त शिक्षित भइसकेको छ, अब ऊ मित्रताको स्वरलाई बुझ्दछ, र ऊ विवेकको आज्ञा मान्न जान्दछ । यो साँचो हो, म उसलाई देखावटी स्वतन्त्रता दिन्छु, तर ऊ पूरा नियन्त्रणमा कहिले पनि थिएन, किनभने ऊ आफ्नै स्वतन्त्र इच्छाको आज्ञा मान्दछ । जबसम्म मैले उसको इच्छालाई आफ्नो वशमा राख्न सकिनँ, तबसम्म मैले उसको शरीरमाथि आफ्नो नियन्त्रण राखेँ; मैले कहिले पनि उसलाई एक क्षण पनि छोडिनँ । अब म उसलाई कहिलेकाहीं उसैको अधीनमा छोडिदिन्छु, किनभने म उसलाई सधैं नै आफ्नो नियन्त्रणमा राख्तछु । जब म उसलाई छोड्दछु म उसलाई अँगालो मार्दछु र विश्वासपूर्वक भन्दछु, 'एमिल, म तिमीलाई आफ्नो मित्रको हातमा विश्वास गरेर छोडिदिन्छु, ऊ तिमीलाई उनैको इज्जतमा छोडिदिन्छ; तिम्रो निम्ति उनैले जवाफ दिनेछन् । जुन अघिदेखि बिग्रेका छैनन् ती स्वस्थ स्नेहहरूलाई भ्रष्ट पार्नु, जुन आफ्नै विवेकबाट सोझै आएका छन् ती सिद्धान्तहरूलाई मेट्नु एक क्षणको काम होइन । यदि मेरो अनुपस्थितिमा कुनै परिवर्तन भयो भने त्यो अनुपस्थिति लामो हुने छैन, ऊ मबाट लुक्नलाई कहिले पनि समर्थ हुनेछैन, र यसबाट कुनै हानि हुनुभन्दा अघि म त्यो खतरा थाहा पाउनेछु, र बेलैमा म यसको औषधि या उपाय गर्नेछु । हामी अकस्मात् एकदम बिग्रने नहुनाने अकस्मात् एकदम ठग्नलाई सिक्न सक्ने पनि हामी हुँदैनौं; र यदि ठग्ने कलामा ढङ्ग नभएको कुनै मानिस छ भने त्यो एमिल हो, जसले कहिले पनि कुनै ठग्ने मौका पाएको छैन ।

यी होशियारीहरू र यस्तै किसिमका अरू कुराहरूद्वारा अनौठा दृश्यहरू र नीच गँवार शिक्षाहरूका विरुद्ध उसलाई यस्तो पूरा तौरसित रखवारी गर्ने अपेक्षा गर्दछु कि उसलाई उसको कोठामा एक्लै या उसको उमेरको पूर्ण चंचलतामा कुनै सार्वजनिक उद्यानमा छोडिएको देख्नुभन्दा बरु पेरिसको सबभन्दा खराब सङ्गतमा रहेको देख्न चाहन्छु । हामीले जे गरे तापनि तरुण मानिसको सबभन्दा खराब शत्रु ऊ आफै हो, र यस शत्रुलाई हामी छल्न सक्तैनौं । तथापि यो हामी आफैंले बनाएको शत्रु हो, जस्तो कि मैले वारंवार भनिरहेको छुँ यो कल्पना हो जसले इन्द्रियहरूलाई उत्तेजित गराउँदछ । इच्छा शारीरिक आवश्यकता होइन, यो नभई नहुने आवश्यकता हो भन्ने कुरा सत्य होइन । यदि कुनै कामातुर तुल्याउने वस्तु हाम्रो दृष्टिमा नपरेको भए, यदि कुनै अशुद्ध विचार हाम्रो मनमा नपसेको भए यो आवश्यकता भनिने कुरो थाहै हुँदैनथ्यो, र हामी विनाप्रलोभन, विनाप्रयास, विनाप्रतिफल ब्रह्मचर्यमा रहने थियौं । हामी यो थाहा पाउदैनौं कि यौवनको रगत कुनै अवस्थाहरू र कुनै दृश्यहरूद्वारा कसरी उत्तेजित हुन्छ, जब कि त्यस नवयुवकले पनि आफ्नो बेचैनीको कारण बुझ्दैन, जुन बचैनीलाई दबाउन मुश्किल हुन्छ र जुन अवश्य पनि बराबर फेरि भइरहन्छ । मेरो आफ्नो निजी कुरा गरूँ भने, म जति जति यो कडा अवस्थाको र यसका नजीक या टाढाका कारणहरूको विचार गर्दछु, उति उति म विश्वस्त हुन्छु कि कुनै मरुभूमिमा हुर्केको, पुस्तकहरू, शिक्षा र स्वास्नीमानिसहरूदेखि अलग रहेको अकेलो मानिस जतिसुकै धेरै बाँचे तापनि ब्रह्मचर्यमै मर्दछ ।

तर यस किसिमको जंगली मानिससँग हाम्रो सरोकार छैन । जब हामी कुनै मानिसलाई उसका समाजका मानिसहरूका बीच र सामाजिक जीवनका निमित्त शिक्षित तुल्याउँदछौं, हामी उसलाई यो फाइदाजनक अज्ञानमा हुर्काउन बढाउन सक्तैनौं र वास्तवमा हामीले यो गर्न हुँदैन पनि, र अर्धज्ञान अज्ञानभन्दा पनि खराब हुन्छ । हामीले देखेका वस्तुहरूको स्मरण र हामीले प्राप्त गरेका विचारहरू हाम्रो वैराग्यावस्थामा हाम्रो अनुसरण गर्दछन् र हाम्रो इच्छा–विरुद्ध त्यहाँ ती वस्तुहरूभन्दा पनि बढ्ता लोभ्याउने मूर्तिहरू बसाल्दछन्, र यिनीहरूले जसले यो विचार लिन्छन् तिनीहरूको एकान्तवासलाई उत्तिकै घातक तुल्याउँदछन् जत्तिको फाइदाजनक एकान्तवासलाई कहिले पनि नछोडेकाहरूका निमित्त हुन्छ ।

त्यस कारण जवान मानिसको रखवारी बहुतै होशीयारीपूर्वक गर;

उसले अरू सबै शत्रुहरूबाट आफ्नो रक्षा गर्न सक्छ; तर उसकै विरुद्ध उसको रक्षा तिमीले गर्नुपर्दछ। उसलाई दिन या रात कहिले पनि नछोड, या कम-से-कम उसकै कोठामा रहने गर; उसलाई निद्रा लाग्नुभन्दा अगाडि सुत्न नदेऊ, ऊ उ ब्यूझनेबित्तिकै उसलाई उठाऊ। जब तिमी चेतनामा मात्र बिलकुल निर्भर गर्न छोड्दछौ, तब यसमाथि विश्वास नगर। जहाँसम्म ऊ चेतनाले देखाएको बाटोमा मात्र लागेर काम गर्दथ्यो, त्यहाँसम्म यो वेश थियो; अब ऊ मनुष्य–संस्थाहरूको बीचमा हुनाले चेतनाको भरमा रहनु हुँदैन; यसलाई नाश गर्न पनि हुँदैन; यसलाई नियन्त्रणमा राख्नुपर्दछ, जुन शायद ज्यादै मुश्किलको कुरा छ। यदि तिम्रो चेलालाई चेतनाले यसका इन्द्रियहरूको दुष्प्रयोग गर्न सिकायो भने एउटा खतरनाक कुरा हुनेछ; उसलाई एक चोटि मात्र यो खतरनाक बानी लाग्यो भने पनि उसको नाश हुन्छ। यस बेलादेखि शरीर र आत्मा दुवै निर्बल हुन्छन्; यस आदतका दुष्परिणामहरूको ज्यादै नराम्रो अन्त्य हुनेछ; नौजवानहरूमा लाग्न सक्ने यो ज्यादै घातक आदत हो। ए मेरा प्यारा एमिल, यदि तिमी आफ्ना उत्कट इच्छाहरूलाई रोक्न सक्तैनौ भने म तिमीलाई दया गर्दछु; तर म एक छिन पनि हिचकिचाउनेछैन; म प्रकृतिको तात्पर्यहरूलाई मेटिन दिनेछैन। यदि तिमी दास हुनैपर्छ भने म तिमीलाई एउटा अत्याचारीको हातमा छोडिदिन मन पराउँछु, जसबाट म तिमीलाई छुटकारा दिलाउन सक्तछु; जेसुकै होस्, म तिमीलाई तिमी आफैंबाटभन्दा स्वास्नीमानिसहरूको दासत्वबाट सजिलोसँग स्वतन्त्र तुल्याउन सक्तछु।

बीस वर्षको उमेरसम्म शरीर बढिरहेको हुन्छ र यसलाई यसको सबै बल चाहिन्छ; त्यस उमेरसम्म बढिरहनु प्रकृतिको नियम हो; र यो नियम शरीरलाई कुनै हानि नगरीकन चलिरहन्छ। बीस वर्षपछि संयम नैतिक कर्तव्य हो; यो महत्त्वपूर्ण कर्तव्य हो, किनभने यसले हामीलाई आत्मनियन्त्रण गर्न, आफ्नै इच्छाहरूको मालिक बन्न सिकाउँदछ। तर नैतिक कर्तव्यहरूका आफ्ना परिवर्तनहरू हुन्छन्, आफ्ना अपवादहरू हुन्छन्, आफ्ना नियमहरू हुन्छन् जब मनुष्यको कमजोरीले दुई अनिष्टहरूमध्ये एउटालाई अवश्यम्भावी तुल्याउँदछ तब सबभन्दा सानुचाहिलाई रोज। जे भए तापनि पापी आदत लगाउनुभन्दा बरु कुनै एउटा खराब काम गर्नु असल छ।

याद र ख म अहिले आफ्नो चेलाको विषयमा होइन कि तिम्रो चेलाको विषयमा बोलिरहेको छु। उसका उत्कट इच्छाहरूमा तिमीले आफूलाई छोडिदिएका

छौ र तिनीहरू तिम्रा मालिक बनेका छन् । उसको विजयलाई नछिपाईकन खुल्लमखुल्ला आत्मसमर्पण गर । यदि तिमीले यो कुरा उसलाई सत्य प्रकाशमा देखाउन सक्यौ भने ऊ यसमा गर्वित हुनुभन्दा लज्जित हुनेछ, र ऊ भौंतारिएर हिँडेको वेलामा कम-से-कम उसलाई भीरबाट खँगारिनबाट बचाउनलाई उसलाई बाटो देखाउने तिम्रो हक हुनेछ । खराबी नै कुरो भए तापनि गुरुलाई थाहा नदिईकन र उनको मन्जूरी नभईकन चेलाले केही पनि गर्नु हुँदैन । गुरुले आफैलाई छकाउनु या आफ्नो चेलाबाट छकिनु र उनलाई थाहा नदिईकन उसले खराबी गर्नुभन्दा बरु उनले त्यो खराबीमा मन्जूर गर्नु सय खण्ड बढ्ता बेश हुन्छ । जसले एउटा कुरामा आँखा चिम्लिदिन हुन्छ भन्ने ठान्दछ उसले चाँडै नै सबै कुरामा आँखा चिम्लिदिनुपर्ने हुन जान्छ; जुन पहिला खराबीमा मन्जूरी दिइन्छ त्यसले गर्दा अरू खराबीहरूतिर लैजान्छ, र परिणामहरूको यो शृंखला सबै क्रमको र हरेक नियमको भङ्गमा गएर मात्र अन्त हुन्छ ।

त्यहाँ फेरि अर्को गल्ती छ जसको मैले अघिबाटै उल्लेख गरिसकेको छु, यो त्यो गल्ती हो जो साँगुरो दिल भएका मानिसहरूद्वारा बारंबार गरिन्छ । तिनीहरू सधैं गुरुको मर्यादालाई भङ्ग गर्दछन् र आफ्ना चेलाहरूबाट पूर्ण मर्यादा खोज्दछन् । यो तरीका जुन गर्नुपर्ने हो त्यसको ठीक विपरीत छ । तिनीहरूले आफ्नो अधिकार बलियो तुल्याउन खोज्दा वास्तवमा तिनीहरूले यसको नाश गरिरहेछन् भन्ने कुरा बुझ्न नसक्नु यो कसरी हुन्छ ? आफ्नो कुराको सुनुवाइ गराउन मानिसले आफूलाई श्रोताहरूको ठाउँमा राख्नुपर्दछ, र मानिसको हृदयसँग बोल्न मानिसले मानिस नै हुनुपर्दछ । यी सबै पूर्ण गुणले युक्त भएका मानिसहरूले न त हृदयलाई स्पर्श गर्दछन् न त कसैलाई कुनै कुरा गर्न आग्रह गर्दछन्; मानिसहरू सधैं भन्दछन्, "जसका आफ्ना प्रबल इच्छाहरू हुँदैनन् तिनीहरूलाई प्रबल इच्छाहरूसँग लड्न सजिलो हुन्छ ।' यदि तिमी आफ्नो चेलाको कमजोरी हटाउन चाहन्छौ भने तिमी उसलाई आफ्नै कमजोरी देखाऊ, उसले तिमीमा उसका जस्तै लडन्तहरू देखोस् । तिम्रो उदाहरणबाट उसले आत्मनियन्त्रण गर्न सिकोस्, र अरू युवकहरूले जस्तै उसले यो नभनोस्, "यी बूढाहरू आफू जवान नहुनाले दिक्क छन्, र सबै युवकहरूले बूढाहरूले जस्तै व्यवहार गरून् भन्ने इच्छा गर्दछन्, र हाम्रा इच्छाहरूलाई यिनीहरू कुनै अपराध जस्तो ठान्दछन् किनभने उनीहरूका आफ्ना इच्छाहरू मरिसकेका छन् ।"

मन्टेन हामीलाई बताउँदछन् कि सिग्नर डी ल्याङ्गीलाई आफ्नो राजाको सेवामा जर्मनीसँग लेखापढी गर्दा र कुराकानी मिलाउँदा उनी कति

घटक रक्सी पिएर टन्न भएका थिए भनी सोधेका थिए । म कुनै नवयुवकको गुरुलाई इच्छापूर्वक सोध्छु कि उनी आफ्नो चेलाका निमित्त कति चोटि कुनै खराब नाम चलेको घरभित्र पसेका थिए । कति चोटि ? मेरो गल्ती भयो । यदि पहिला चोटिले नै त्यो युवक दुराचारीको फेरि त्यहाँ जाने इच्छा बिलकुल हट्तैन भने, यदि ऊ पश्चाताप लिएर र लज्जित भएर फर्कंदैन भने, यदि उसले तिम्रो छातीमा आँसुका धारा बगाउँदैन भने उसलाई त्यहीँ छोडिदेऊ; कि त त्यो दानव हो कि त तिमी मूर्ख हौ; तिमी कहिले पनि उसको केही भलो गर्नेछैनौ । तर हामी यी सबभन्दा पछिल्ला उपायहरू गरिसकौं, जुन जत्ति खतरनाक छन् उत्तिकै दुःख लाग्ने पनि छन्; हाम्रो किसिमको शिक्षालाई तिनीहरूको आवश्यकता छैन ।

असल कुल घरानको एक नवयुवकलाई हाम्रो जमानाको कलंकी चाल-चलनमा पार्नुभन्दा अघि हामीले कत्रो होशियारी लिनुपर्दछ ! यी होशियारीहरू दुःखदायी छन्, तर आवश्यक छन्; यस कुरामा वेवास्ता गर्नु हाम्रा सबै नवयुवकहरूको नाश गराउनु हो । बिग्रँदै जानु यौवनको असंयम या ज्यादा भोगविलासको परिणाम हो र यिनै असंयमहरूले गर्दा मानिसहरूलाई त्यस्तो तुल्याएको छ जस्तो तिनीहरू छन् । आफ्ना पापहरूले पुराना र नीच भइसकेकाले उनीहरूका मुटुहरू खुम्चिन्छन्, किनभने कलिलै उमेरमा उनीहरूका खिइएका शरीरहरू बिग्रेका हुन्छन्; उनीहरूको हलचल गर्ने बल हुँदैन । उनीहरूका विचारहरूको सूक्ष्मताले सत्वको अभाव भएको मन देखाउँछ, उनीहरूको कुनै ठूलो र उदार बिचार हुँदैन; उनीहरूमा न सरलता हुन्छ, न बल हुन्छ; उनीहरू ज्यादै नीच, दुष्ट, तुच्छ, ठग र फूट हुन्छन्; उनीहरूको आफ्नो अपराध स्वीकार गर्ने साहस हुँदैन । पहिलेदेखि नै भोगविलासमा लागेका घृणित मानिसहरू यस्ता हुन्छन्; यदि उनीहरूमध्ये एउटा मात्र यस्तो भइदिएको भए जसले संयम र परेजमा रहन, आफ्नो दिल, आफ्नो शरीर, र आफ्ना नैतिकताहरूलाई खराब वातावरणबाट रक्षा गर्न जानेको भए तीस वर्षको उमेरमा ऊ यी सब कीराहरूलाई थिच्न सक्तथ्यो र उसलाई आफैमाथि आफ्नो अधिकार जमाउन जति कष्ट हुन्थ्यो त्योभन्दा धेरै कम कष्टसित उसले उनीहरूमाथि आफ्नो अधिकार जमाउँदथ्यो ।

एमिलको कुल-घरान र हैसियत जतिसुकै सानो होस् तापनि, यदि उसले चाह्यो भने ऊ यही मानिस हुन सक्तथ्यो, तर ऊ यस्ता मानिसहरूलाई यस्तो तुच्छ ठान्छ कि ऊ यिनीहरूलाई आफ्ना दाससम्म पनि तुल्याउन

चाहँदैन; जब ऊ त्यहाँ पहिला स्थान खोज्नको निम्ति होइन कि यससित परिचित हुनको निम्ति र आफूसुहाउँदो आफ्नो सहायक साथी खोज्नको निम्ति समाजमा प्रवेश गर्दछ, त्यसवेला हामी उनीहरूका बीच उसको रखवारी गरौं ।

उसको दर्जा र कुल-घरान जस्तो होस्, उसलाई परिचित गराइएको समाज जस्तो होस्, त्यस समाजमा उसको प्रवेश सरल र बहानारहित हुनेछ; परमेश्वरले गरून्, उसको भाग्यले समाजमा उसले उज्ज्वल स्थान पाओस् । पहिला चोटि देख्तैखेरिमा जसले मानिसहरूमा उसमाथिको प्रभाव पार्दछन्, ती गुणहरू उसका होइनन्, ती गुणहरू न उसले प्राप्त गरेका छन्, न तिनीहरूलाई प्राप्त गर्न ऊ इच्छा नै गर्दछ । अरू मानिसहरूका गलत विचारहरूलाई मान्नुपर्दछ भन्ने रायलाई ऊ केही परवाह गर्दैन, र उनीहरूले उसलाई नचिनुन्जेलसम्म उनीहरूले उसको मर्यादा गरून् या नगरून् त्यस कुराको ऊ केही परवाह गर्दैन । उनीहरूसितको उसको कुराकानीमा ऊ न लाज मान्दछ, न घमण्ड देखाउँदछ, तर स्वाभाविक र सच्चा हुन्छ, अरूलाई विवश गराउने अथवा कुरा लुकाउने यस्तो कुरा ऊ केही पनि जान्दैन, ऊ एक्लै रहँदा जस्तो छ मानिसहरूको समूहमा रहँदा पनि उस्तै हुन्छ । के यसले उसलाई गवाँर, ईर्ष्यापूर्ण र अरूहरूको वास्ता नगर्ने तुल्याउँदछ ! होइन, एक्लै रहँदा उसले अरूको वास्ता नगर्ने भए झन् उनीहरूका बीच रहँदा उसले उनीहरूको किन वास्ता गर्दैनथ्यो ? उसको दिलले उनीहरूलाई नरोज्ने हुनाले उसको आचरणले पनि उनीहरूलाई रोज्दैन; तर ऊ कहिले पनि उनीहरूलाई बेवास्ता देखाउँदैन, जो सद्विचारदेखि टाढाको कुरा हो । यदि ऊ नम्रताका कुराहरूसित परिचित छैन भने मनुष्यत्वले सिकाएका कुराहरूसित पनि ऊ अपरिचित छैन । ऊ कसैले दुःख पाएको देख्न सक्तैन; केवल बाहिरी नम्रताबाट उसले अरू मानिसलाई आफ्नो ठाउँ छोडिदिने छैन, तर यदि कसैले उसलाई केही वास्ता राखेन र यसबाट उसको चित्त दुःखेको छ भने इच्छापूर्वक र दयापूर्वक उसले यो गर्नेछ, किनभने अर्को मानिस विवश भएर उभिरहेको हेर्नु भन्दा बरु राजीखुशीसँग आफू नै उभिइरहनु एमिललाई मन पर्ने कुरा हुनेछ ।

सर्वसाधारण मानिसहरूप्रति एमिलको त्यस्तो राम्रो खयाल नभए तापनि ऊ उनीहरूमाथि कुनै अश्रद्धा देखाउँदैन, किनभने ऊ तिनीहरूमाथि दया गर्दछ र उनीहरूका निमित्त ऊ दुःखित छ । जुन कुरा साँच्चीकै असल छ त्यसमा उसले उनीहरूको अभिरुचि उठाइदिन नसक्ने हुनाले उसले उनीहरूलाई त्यो काल्पनिक भलाइमा छोडिदिन्छ जसमा उनीहरू सन्तुष्ट छन्, किनभने

त्यसो नगर्नाले उसले तिनीहरूलाई अधिकोभन्दा पनि झन् खराब हालतमा छोड्नुपर्दछ। त्यस कारण ऊ न वाद विवाद गर्दछ न विरोध गर्दछ, ऊ न खुशामद गर्दछ, न मन्जूर गर्दछ; अरूसंग वाद-विवाद नगरीकन ऊ आफ्नो राय प्रकट गर्दछ, किनभने ऊ सर्वोपरि स्वाधीनतालाई मन पराउँदछ।

ऊ थोरै बोल्दछ, किनभने ऊ कसैको ध्यान खिच्न उत्सुक छैन; त्यसै कारणले भन्नुपर्ने जति कुरा हो ठीक त्यति मात्र ऊ भन्दछ; चाहिनेभन्दा बढ्ता बोल्न उसलाई कसले बाध्य गराउन सक्तछ? बकबके बनुँला, भनेर ऊ बडो होशियारी गर्दछ। कि त बहानाहरू गर्ने या अनेक फरेब लाएर कुरा गर्ने मानिसहरूबाट शब्दहरूको प्रवाह निस्कन्छ जसको बारेमा म अहिले नै बताउनेछु, कि त साना साना कुराहरूलाई ठूलो कुरा पारेकोबाट निस्कन्छ जसलाई हामी हाम्रो दृष्टिमा जस्तै अरूहरूको दृष्टिमा पनि महत्त्वपूर्ण ठहरिएको होला भन्ने मूर्ख विचार गर्दछौं। जसले वस्तुहरूको सच्चा गुणको पारख गर्न जान्दछ उसले कहिले पनि बढ्ता कुरा गर्दैन; उसले आफ्नो कुरामा अरूले कत्तिको ध्यान दिएको छ त्यो र आफूले भनेको कुराले अरूको कत्तिको अभिरुचि उठाएको छ त्यो विचार गर्न सक्तछ। जुन मानिसहरू थोरै जान्दछन् तिनीहरू प्रायः बडा कुरौटे हुन्छन्, र जुन मानिसहरू धेरै जान्दछन् तिनीहरू थोरै बोल्दछन्। यो स्पष्ट छ कि अनभिज्ञ मानिसले आफूले जानेको हरेक कुरालाई महत्त्वपूर्ण ठहराउँदछ, र उसले यो हरेक मानिसलाई बताउँदछ। तर सुशिक्षित मानिस आफ्नो विद्वत्ता देखाउन त्यत्तिको तयार हुँदैन; उसले धेरै कुरा भन्नुपर्ने छ, र उसले यो पनि देख्तछ कि उसले भन्नुपर्ने कुरा त्योभन्दा धेरै नै बढ्ता छन्, त्यसै कारणले ऊ चूपचाप रहन्छ।

अरू मानिसहरूका रीतहरूलाई अपमान गर्नु त परै रहोस् एमिलले तिनीहरूलाई तयारीसाथ मान्दछ; तिनीहरूको बारेमा सबै कुरा जानेको जस्तो देखिन सकूँ भनेर होइन न त ढाँचावाल मानिसको ढाँचा देखाऊँ भनेर नै हो; बरु अरू मानिसहरूको ध्यान खिचिएला भन्ने डरले र अरूको दृष्टिमा नपरूँ भन्ने उद्देश्यले यो गरेको हो; उसमाथि कसैले ध्यान दिएन भने उसले बहुत सुबिस्ता मान्दछ।

उसले समाजमा प्रवेश गरे तापनि उसलाई यसका रीति-रिवाजहरूको केही ज्ञान छैन, यसले उसलाई लज्जालु र कातर तुल्याउँदैन; यदि ऊ पछिल्तिर बस्छ भने यो घबराहटबाट होइन, तर किनभने यदि तिमी देख्न चाहन्छौ भने तिमी आफू देखिनु हुँदैन; किनभने मानिसहरूले उसको बारेमा

जेसुकै विचार गरून् त्यसको ऊ केही परबाह गर्दैन, र उसलाई खिसी गर्लान् भनेर ऊ रत्ति पनि डर मान्दैन । यस कारण ऊ चूपचापसँग आफ्नै विचारमा रहन्छ,र उसमा लाज मान्ने बानी रहँदैन । उसले गर्नुपर्ने कुरा सब गरेको छ र यो कसरी गर्ने त्यो पनि ऊ जान्दछ; मानिसहरूले उसलाई हेरिरहून् या नरहून् त्यसको ऊ परबाह गर्दैन; अरू मानिसहरूको विचार गर्न ऊ सधैं चौकन्ना रहने हुनाले उसले उनीहरूको चालामाला सजिलैसँग बुझ्दछ जुन अरू मानिसका विचारका दासहरूका निमित्त असम्भव छ । हामी यो भन्न सक्तछौं कि ऊ समाजको चालामाला बुझ्दछ, किनभने ऊ त्यसको परबाह गर्दैन ।

तर उसको छाँटकाँटको बारेमा कुनै गलती नगर; तिम्रा नौजवान गुण्डाहरूसँग उसको तुलना गर्नुहुँदैन; यो आत्माधिकारी छ तर अभिमानी छैन; उसको चालचलन सरल छ, जिद्दीवाल छैन; हठी अनुहार दासको लक्षण हो; स्वाधीनतामा कुनै पनि बहाना गरिएको कुरा हुँदैन । कुनै पनि महान् आत्मा भएको मानिसले यसमा आफ्नो छाँट देखाएको मैले कहिले पनि देखिनँ; यो नक्कलीपन नीच र तुच्छ मानिसहरूका निमित्त बढ्ता सुहाउने हुन्छ, जसको आफ्नो व्यक्तित्व प्रकट गर्ने अरू कुनै उपाय हुँदैन । मैले कहीं पढेको थिएँ कि एक दिन ती प्रसिद्ध मार्सेलका अगाडि एउटा विदेशी देखापरे जसलाई ती नर्तकले "तपाईं कुन मुलुकबाट आउनुभएको हो" भनेर सोधे. र ती विदेशीले जवाफ दिए, "म अंग्रेज हुँ," ती नर्तकले भने, तपाईं अंग्रेज हुनुहुन्छ ! तपाईं त्यस टापुबाट आउनुभएको छ, तपाईं त्यस मुलुकबाट आउनुभएको छ, जहाँ नागरिकहरूको सरकारमा भाग हुन्छ, र प्रभुसत्ताको एक अंश बन्दछन् ?" होइन, साहेब, त्यो निदाउरो आकृति, त्यो कातर आँखा, त्यो हिचकिचाउने चाल–यो सब कुराले उसलाई मतदाताको पदवीले विभूषित भएको एउटा दास मात्र हो भन्ने जनाउँदछन् ।

म भन्न सक्तिनँ कि मानिसको आचरण र उसको अनुहारका बीचको सच्चा सम्बन्धको ज्ञान यस भनाइले देखाउँदछ । प्रधान नर्तकको इज्जत पाउने सौभाग्य मैले पाएको छैन र म भए त्यसको ठीक उल्टा विचार गर्ने थिएँ । म भन्ने थिएँ, "यो अंग्रेज दरबारिया होइन । दरबारियाहरू कातर छाँटका र हिचकिचाउने खालका हुन्छन् भन्ने मैले कहिले पनि सुनिनँ । जुन मानिसको अनुहार एउटा नर्तकको अगाडि कातर हुन्छ, त्यो लोकसभामा कातर नहुन सक्तो हो ।" अवश्य नै यी मार्शल महोदयले आफ्ना देशवासीहरूलाई रोमनहरू हुन् भन्ने ठान्नुपर्दछ ।

जसले प्रेम गर्दछ उसले प्रेम गरिन इच्छा गर्दछ। एमिल आफ्ना समाजका मानिसहरूलाई प्रेम गर्दछ र उनीहरूलाई खुशी तुल्याउन इच्छा गर्दछ। स्वास्नीमानिसहरूलाई खुशी तुल्याउन ऊ झन् बढ्ता इच्छा गर्दछ; उसको उमेर, उसको आचरण, उसको तात्पर्य–या सबले उसको इच्छा बढाउँदछन्। म भन्छु, उसको आचरण; किनभने यसको परिणाम हुन्छ; असल आचरण भएका मानिस ती हुन् जसले स्वास्नीमानिसहरूलाई साँच्चीकै पूजा गर्दछन्। उनीहरूको फैं रसिकताको नबुझिने कुरा हुँदैन, तर उनीहरूको उत्सुकता साँच्चीकै बढ्ता कोमल हुन्छ, किनभने यो हृदयबाट आउँदछ। एउटी तरुणी स्वास्नीमानिसको अगाडि म सय हजार दुराचारीहरूमध्येबाट एउटा असल आचरण र आत्मनियन्त्रण भएको नवयुवकलाई छान्न सक्तछु। नवयौवनको सम्पूर्ण उत्सुकता र त्यसको साथै नियन्त्रणका यतिका कारणहरू सहित एमिल कस्तो हुनुपर्दछ, त्यो विचार गर ! किनभने स्वास्नीमानिसहरूको अगाडि, म विचार गर्दछु, ऊ कहिले कहिले लज्जालु र कातर होला; तर यो लज्जाशीलता बेखुशी लाग्ने हुनेछैन, तर तिनीहरूमध्ये समझदारले यसमा मजा उडाउने र यसलाई बढाउन बाटो पाउनेछैन। अझ त्यसमाथि पनि ऊसित सरोकार भएका मानिसहरूअनुसार उसको उत्सुकताले भिन्दै रूप लिनेछ।

विवाहिता स्त्रीहरूप्रति ऊ बढ्ता नम्र र बढ्ता आदरपूर्ण हुनेछ, तरुणी लडकीहरूप्रति बढ्ता उत्सुक र बढ्ता कोमल हुनेछ। आफ्नो जुन अभिप्राय हो त्यसको विचार ऊ कहिले पनि गुमाउँदैन, जसले उसको बढ्ता ध्यान पाउँदछन् तिनीहरूले नै सधैँ उसलाई यस कुराको स्मरण गराउँदछन।

प्रकृतिका नियमहरू र असल समाजका नियमहरूमा पनि आधारित भएको हरेक विचारमा कोही पनि बढ्ता ध्यान दिने हुन सक्तैन, तर पछिल्ला नियमहरूभन्दा अघिल्ला नियमहरू सधैं रोजिन्छन् र एमिलले आफ्नो उमेरको तरुण मजिस्ट्रेट साहेबलाई भन्दा साधारण जीवनमा रहेको बूढो पाको मानिसलाई बढ्ता आदर देखाउनेछ। जनसमूहमा प्रायः सबभन्दा कान्छाहरूमध्येको ऊ एक हुनाले ऊ सधैँ सबभन्दा नम्रहरूमध्येको एक हुनेछ, यो हुने नम्रताको नक्कल गर्ने अभिमानबाट होइन कि तर्कशक्तिमा आधारित भएको स्वाभाविक विचारबाट हो। युवक गुंडाको निर्लज्जता उसमा हुनेछैन, जो बुद्धिमान्हरूभन्दा ठूलो स्वरसंग बोल्दछ र समूहलाई खुशी तुल्याउनको लागि बूढापाकाहरूको कुरा काट्तछ। राजा पन्ध्रौँ लुइले एकचोटि एकजना बूढा भलादमीलाई सोधेका थिए, "तपाईँ यस शताब्दीलाई मन पराउनुहुन्छ कि

गत शताब्दीलाई ? " उनले उत्तर दिए, "सरकार, मैले आफ्नो जवानी बूढापाकाहरूको आदरमा बिताएँ; मेरो वृद्धावस्था चाहिं नवयुवकहरूको आदरमा बिताउन बाध्य भएको म आफूलाई पाउँदछु" यस उत्तरको लागि उसले कहिले पनि कुनै कारण दिनेछैन ।

उसको हृदय कोमल र सचेतन छ; तर ऊ अरूलाई आनन्द दिन मन पराउँछ तापनि ऊ जनसाधारणको रायलाई केही महत्त्व दिँदैन; त्यस कारण ऊ महत्त्वको मानिस हो भन्ने ठहरिन थोरै परवाह गर्छ । यसउसले ऊ नम्र हुनुको सट्टा स्नेही हुनेछ; ऊ कहिले पनि भड्किलो या ढोँगी हुनेछैन, र ऊ सधैँ धेरै प्रशंसाले भन्दा प्यारको घापले बढ्ता प्रभावित हुनेछ । तिनै कारणहरूले गर्दा ऊ आफ्नो चालचलन या लुगाहरूको बारेमा बेहोशी हुनेछैन; शायद ऊ पोशाकको बारेमा केही खयाल गर्नेछ, तर आफूलाई त्यो सौख भएको मानिस भन्ने देखाउनको लागि होइन कि आफ्नो रूप अश्रद्धा नलाग्ने तुल्याउनको लागि हो; उसलाई कहिले पनि सुनौला ठाँठ चाहिनेछैन, र धनको प्रदर्शनी गर्नको लागि उसले कहिले पनि आफ्नो ढंगलाई बिगार्नेछैन ।

जस्तो तिमी देख्तछौ कि यो सबको लागि उसलाई मबाट शिक्षाको भण्डार चाहिंदैन; यो सबै उसको बालककालको शिक्षाको परिणाम हो । जुन उमेरमा समाजका रीतिहरू जानिन्छन् त्यस उमेरमा मानिसहरू ती रीतिहरूलाई ठूलो रहस्य बनाउँदछन् । हामी तिनीहरूमा स्वभावतः लागेका पनि बिलकुल होइनौं र नम्रताका पहिला नियमहरू दयालु हृदयमा नशाइने पनि होइनन् । सच्चा नम्रता मानिसहरूप्रति हाम्रो सदिच्छा देखाउनुमा रहन्छ; यसले कुनै कठिनता विना आफ्नो उपस्थिति देखाउँदछ; जसमा यो सदिच्छा छैन, तिनीहरू मात्र यसका बाहिरिया लक्षणहरूलाई एउटा कलामा परिणत गर्न बाध्य हुन्छन् ।

"बनावटी नम्रताको सबभन्दा खराब परिणाम यो हुन्छ कि यसले हामीलाई नक्कल गरिएका गुणहरू कसरी हटाउने त्यो कुरा सिकाउँदछ । यदि हाम्रो शिक्षाले दया र मनुष्यत्व हामीलाई सिकाउँदछ भने हामी नम्र हुनेछौं, नत्रभने हामीलाई नम्रताको आवश्यकता हुनेछैन । यदि हामीसँग ती गुणहरू छैनन् भने जो आफैं राम्रोसित प्रकट हुन्छन्, हामीसँग ती गुणहरू हुनेछन् जसले हामीलाई ईमानदार मानिस र नागरिक जनाउनेछन्; हामीलाई फूट कुराको आवश्यकता हुनेछैन ।

बनावटी कुराले खुशी पार्न खोज्नुको सट्टामा हामी दयालु भयौं भने

पुग्दछ; झूट कुराले अरूहरूको कमजोरीहरूलाई फुस्ल्याउबुको सट्टा ती कमजोरीहरूलाई सहिदिए पुग्दछ ।

"जोसँग हामीले व्यवहार गर्नु छ तिनीहरू न घमण्डले फुल्दछन्, न भ्रष्ट हुन्छन्; उनीहरू कृतज्ञ हुन्छन् र उनीहरूलाई त यसबाट ज्ञान हुन्छ ।"

यदि कुनै शिक्षाले डूक्लस महोदयले यी वाक्यहरूमा बताउनुभएको किसिमको नम्रताको उत्पत्ति गरोस् भन्ने विचार गर्ने हो भने मलाई लाग्छ कि यो त्यही शिक्षा हो जसको वर्णन मैले अघिबाटै गरिसकेको छु ।

तथापि म स्वीकार गर्दछु कि यस्तो मिन्दै शिक्षाले पनि एमिल अरू हरेक मानिस जस्तो हुनेछैन, र यस्तो भाग्यबाट भगवान्ले उसलाई बचाऊन् । तर जहाँ ऊ अरू मानिस फैं हुनेछैन उसले न कसैलाई दिक्क गर्नेछ, न ऊ बेठीक हुनेछ; त्यो भेद स्पष्टै थाहा पाइने हुनेछ, तर बेमज्जाको हुनेछैन । यदि तिमी चाहन्छौ भने एमिल मजाको विदेशी हुनेछ । पहिले उसका अनौठा चालामालाहरू 'उसले सिक्ला नि" भनेर क्षम्य हुनेछन् । केही समयपछि मानिसहरूलाई उसको चालामालामा बानी लाग्दछ र ऊ अब बदलिन्न भन्ने देखेर उनीहरू अझ पनि उसलाई क्षमा गर्नेछन् र भन्नेछन्, "ऊ त्यही चालको छ ।"

बडो रमाइलो र मजाको मानिस फैं ऊ सत्कार गरिनेछैन, तर किन हो त्यो थाहा नपाईकन हरेक मानिसले उसलाई मन पराउनेछ । कसैले पनि उसको बुद्धिको प्रशंसा गर्नेछैन, तर हरेकले उसलाई बुद्धिमान् मानिसहरूका बीच न्यायकर्ता तुल्याउनेछन् । उसको आफ्नै बुद्धि चाहिं सफा र सीमित हुनेछ, उसको मन ठीक हुनेछ, र उसको विचार निर्विकार र सफा हुनेछ । ऊ कहिले पनि नयाँ विचारहरूको पछि नदौड्ने हुनाले ऊ आफ्नो बुद्धिमा गर्व गर्दैन । मैले उसलाई विश्वस्त तुल्याएको छु कि मनुष्य जातिका निम्ति हितकर साँच्चीकै उपयोगी विचारहरू प्राचीन विचारहरू नै हुन्, र सबै समयमा तिनीहरूले समाजका सच्चा बन्धनहरू बनाएका छन् अर्थात् सच्चा सामाजिक स्थितिहरू बाँधेका छन्, र महत्त्वाकांक्षी मानिसहरूले मनुष्य जातिका निमित्त हानिकारक र घातक विचारहरूद्वारा आफ्नो ख्याति खोज्ने कुरा सिवाय उनीहरूका निम्ति केही बाँकी रहेको छैन । यस प्रकारसँग प्रशंसा प्राप्त गर्ने कुरा उसलाई मन पर्दैन । जीवनमा आत्मसुख खोज्न र अरूहरूको सुखमा पनि आफ्नो हात बढाउन उसले जानेको छ । उसको ज्ञानको परिधि जुन कुरा लाभदायक छ त्यसैमा सीमित छ । उसको बाटो साँगुरो र स्पष्टसित वर्णन

गरिएको छ। उसलाई यो बाटो छोड्ने प्रलोभन नहुनाले ऊ भीडमा हराएको छ; उसले न आफ्नो ख्याति प्राप्त गर्नेछ, न आपनो बाटो हराउनेछ। एमिल सर्वसाधारण विचारको मानिस छ, र उसलाई अरू केही बढ्ता हुने इच्छा छैन। यो कुरा भनेर तिमीले उसको अपमान गर्ने प्रयास गर्नु व्यर्थ छ; उसले यसलाई सधैं सम्मानको पदवी ठहराउनेछ। अरूलाई खुशी तुल्याउने इच्छाले ऊ अरूको रायलाई बिलकुल वास्ता नराख्ने नभए तापनि उसले त्यस रायलाई सोझै आफूसँगको सम्बन्धमा मात्र विचार गर्दछ र यसको मनलागि महत्त्वको बारे केही परबाह राख्तैन, जुन ढाँचा र दस्तूर सिवाय अरू कुनै नियमको अधीनमा छैन। जुन कुरा गर्ने ऊ जिम्मा लिन्छ त्यो राम्रोसँग गर्ने इच्छामा र अरूहरूले-भन्दा यो बढ्ता राम्रोसँग गर्ने इच्छामा ऊ गर्व गर्नेछ; ऊ सबभन्दा छिटो दौडने हुन, सबभन्दा बलियो पहलमान हुन, सबभन्दा चलाक कामदार हुन, शीपका खेलहरूमा सबभन्दा चलाक हुन खोज्नेछ, तर जुन कुराहरू स्पष्ट लाभदायक छैनन् र अरूको विचारले समर्थन गरिनुपर्दछ– जस्तो कि अर्कोभन्दा बढ्ता बुद्धिमान्, बढ्ता बोलैया, बढ्ता विद्वान् इत्यादि– त्यस्ता फाइदाहरू ऊ खोज्नेछैन; त्यस्ता कुराहरूसँग ऊ अझ कम वास्ता राख्नेछ, जसको उच्च कुल, धनका निमित्त, गुणका निमित्त, जनताको आस्थाका निमित्त या बाहिरी देखावटले उत्पत्ति गराएको प्रभावका निमित्त बढ्ता ख्याति छ त्यो मानिससँग उसको केही सम्बन्ध हुनेछैन।

आफू जस्ता मानिसहरूलाई उसले मन पराउने हुनाले ऊ त्यसलाई मन पराउनेछ, जो ज्यादै आफू जस्तो छ; किनभने त्यो असल छ भन्ने उसले ठान्नेछ र जब उसले नैतिकताहरूमा र असल आचरणहरूमा हुने सबै कुराहरूमा मिल्ने सादृश्यको विचार गर्नेछ, तब ऊ स्वीकृति प्राप्त गर्नमा रमाउनेछ। ऊ यतिका शब्दहरू आपनो मनमा विचार गर्नेछैन, "म स्वीकृति प्राप्त गर्नमा रमाएको छु, तर म रमाएको किनभने उनीहरू मैले ठीक गरेको छु भन्दछन्; फेरि म रमाएको किनभने जुन मानिसहरू मलाई सम्मान गर्दछन् तिनीहरू सम्मानयोग्य छन्; उनीहरू यस्तो बुद्धिमानीपूर्वक विचार गर्ने हुनाले उनीहरूबाट सम्मान पाउनु राम्रो कुरा हो।

जस्तो उसले पहिले इतिहासमा मानिसहरूका भावनाहरूद्वारा उनीहरूको अध्ययन गऱ्यो त्यस्तै जब उसले समाजमा मानिसहरूको आचरणद्वारा उनीहरूको अध्ययन गर्दछ, तब उसले प्रायः मानिसको हृदयलाई खुशी तुल्याउने या वेशीखु तुल्याउने कुरा कुन हो त्यो विचार गर्ने मौका पाउनेछ। अहिले ऊ

अभिरुचिका सिद्धान्तहरूको वेदान्तमा व्यस्त छ, र यो उसको वर्तमान अध्ययनका निमित्त सबभन्दा सुहाउने विषय छ ।

हामी जति जति अभिरुचिका व्याख्याहरू खोज्दछौं उति उति ठीक बाटोबाट भड्केर जान्छौं । अभिरुचि भनेको धेरैंजसो मानिहरूलाई खुशी तुल्याउने या बेखुशी तुल्याउने कुरा कुन हो त्यो विचार गर्ने शक्ति मात्र हो । योभन्दा पल्तिर जाऊ, अनि तिमी अभिरुचि भनेको के हो त्यो भन्न सक्तैनौ । यसबाट यो बुझिंदैन कि अभिरुचिवाला मानिसहरू बहुसंख्यक हुन्छन्; किनभने हरेक व्यक्तिगत वस्तुको विषयमा बहुसंख्यक मानिसहरूले बुद्धिमानीपूर्वक विचार गरे तापनि यस्ता थोरैं हुन्छन् जो हरेक कुरामा बहुसंख्यकको विचारको अनुसरण गर्दछन्; र असल अभिरुचिलाई सबैंले मानेको कुरा छ तापनि असल अभिरुचिका मानिसहरू कम हुन्छन् जस्तो कि सबभन्दा मामूली रूपरंगको मिलनमा सौन्दर्य रहने भए तापनि सुन्दर मानिसहरू कम हुन्छन् ।

यो कुरा विचार गर्नुपर्दछ कि यो कुरा हामीलाई काम लाग्ने हुनाले हामी यसलाई मन पराउँदछौं या यसले हामीलाई हानि गर्ने हुनाले हामी यसलाई घृणा गर्दछौं भन्ने कुरासित यहाँ हाम्रो सरोकार छैंन । अभिरुचिले ती कुराहरूसँग मात्र सम्बन्ध राख्तछ, जसको हामीसित केही सरोकार छैंन, या जसले हाम्रा आमोद-प्रमोदहरूमाथि ज्यादैं असर पार्दछ; हाम्रा आवश्यकताहरूसित सम्बन्ध राख्ने कुराहरूसित होइन; यी कुराहरूको विचार गर्न अभिरुचि चाहिंदैन, इच्छा मात्र नैं पर्याप्त छ । यसैंले गर्दा अभिरुचिका निर्णयहरूलाई मात्र पनि ज्यादा कठिन तुल्याउँदछ, र यो ज्यादैं स्वाधीन जस्तो देखिन्छ, किनभने तिनीहरू जुन चेतनाको अनुसरण गर्दछन् त्यसदेखि पल्तिर उनीहरूका निम्ति कुनै कारण भएको प्रतीत हुँदैंन । हामीले असल नैतिक शिक्षाहरूका नियमहरू र यसका भौतिक वस्तुहरूका नियमहरूका बीचको भेद निकाल्नुपर्दछ । पछिल्लो चाहिंमा अभिरुचिका नियमहरू बिलकुल गूढ देखिन्छन् । तर यो कुरा विचार गर्नुपर्दछ कि जसमा नकलीपन हुन्छ त्यो हरेक कुरामा नैतिक तत्त्व पनि हुन्छ । सौन्दर्यहरूको व्याख्या यही हो जो शारीरिक प्रतीत हुन्छन्, तर वास्तवमा तिनीहरू त्यस्ता हुँदैंनन् । म यसमा फेरि अर्को कुरा थप्न सक्तछु कि अभिरुचिका स्थानीय नियमहरू हुन्छन्, जो धेरैं कुरामा हामी बसेको देश, यसका रीति-थितिहरू, यसको सरकार, यसका संस्थाहरूमा निर्भर गर्दछन्; यसका अरू नियमहरू पनि छन् जो उमेर, लिङ्ग र आचरणमा निर्भर गर्दछन्, र यस अर्थमा हामीले अभिरुचिका कुराहरूमा वादविवाद गर्नु

हुँदैन ।

अभिरुचि मानिसका निमित्त स्वाभाविक कुरा हो; तर यो सबै उत्तिकै मात्रामा हुँदैन; हरेक मानिसमा यसको विकास उत्तिकै मात्रामा हुँदैन, र हरेक व्यक्तिमा धेरै कारणले गर्दा यो बदलिन सक्तछ । जस्तो अभिरुचि हामीमा छ, त्यो हाम्रो स्वाभाविक सूक्ष्मेन्द्रियमा निर्भर गर्दछ; यसको उपार्जन र रूप हामी जुन समाजमा रहेका छौं त्यसमाथि निर्भर गर्दछ । पहिलो कुरा हामीले धेरै बिभिन्न किसिमका समाजहरूमा रहनुपर्दछ, र हामी धेरै तुलना गर्न सक्तछौं । दोस्रो कुरा, आमोद-प्रमोद र आलस्यका निम्ति समाजहरू हुनुपर्दछ, किनभने व्यापारका सम्बन्धहरूमा खुशी होइन कि स्वार्थ हाम्रो नियम हुन्छ। आखिरको कुरा, यस्ता समाजहरू हुनुपर्दछ जसमा मानिसहरू राम्रैसित बराबर हुन्छन् जहाँ मानिसहरूको विचारको अत्याचार मध्यम हुन सक्छ, जहाँ घमन्डभन्दा रमिता रानी हुन सक्छ, जहाँ यस्तो हुँदैन त्यहाँ ढाँचाले अभिरुचिलाई दबाउँदछ, र हामी आनन्दभन्दा त्यो कुरा खोज्दछौं जसले हामीलाई विशेषता दिन्छ ।

पछिल्लो चाहिं कुरामा बहुसंख्यकको अभिरुचि असल अभिरुचि हो भन्ने कुरा सत्य होइन । यो किन यसो भो ? किनभने तात्पर्य फरक छ । जनताको समूहको आफ्नो भिन्दै विचार हुँदैन; यसले ती मानिसहरूको विचारको अनुसरण गर्दछ जो यस विषयमा बढ्ता जान्दछन् भन्ने ठानिन्छन्; यसले जुन कुरा असल छ त्यसलाई आफ्नो मञ्जूरी दिंदैन, तर यसले जुन कुरालाई अघिबाट मञ्जूरी दिइसकेको छ त्यसलाई मात्र यो दिन्छ । जुन समयमा पनि हरेक मानिसको आफ्नै विचार हुनुपर्दछ, र जुन कुरा ज्यादा आनन्द दिलाउने हुन्छ त्यसले सधैं सबभन्दा धेरै मत प्राप्त गर्दछ ।

मानिसका कामहरूमा जुन पाइन्छ त्यो हरेक सौन्दर्यको नक्कल गरिन्छ । अभिरुचिका सबै सक्कली नमूनाहरू प्रकृतिमा पाइन्छन् । हामी प्रकृतिदेखि जति जति टाढा जान्छौं उत्ति उत्ति खराब हाम्रा चित्रहरू हुन्छन् । तब हामी जुन कुरा मन पराउँछौं, त्यसमा हामी आफ्ना नमूनाहरू पाउछौं र उमङ्ग र अधिकारको अधीनमा रहेको कल्पनाको सौन्दर्य हाम्रा नेताहरूलाई खुशी तुल्याउने कुरा सिवाय अरू केही होइन ।

ती नेताहरू कलाकारहरू, धनी मानिसहरू र भलाद्मीहरू हुन् र तिनीहरू आफैं नै स्वार्थ या गर्वको नेतृत्वको अनुसरण गर्दछन्, कोही आफ्नो धन देखाउनलाई, कोही यसबाट फाइदा उठाउनलाई तिनीहरू उत्सुकतापूर्वक यो

खर्च गर्ने नयाँ बाटाहरू खोज्दछन् । यही तरीकाबाट रोब-रवाफले आफ्नो शक्ति प्राप्त गर्दछ, र हामीलाई जुन कुरा विरल र कीमती छ त्यो मन पराउने तुल्याउँदछ; सौन्दर्य कहलाइएको यो कुरा प्रकृतिको अनुसरण गर्नमा रहँदैन, तर उसको उल्लङ्घन गर्नमा रहन्छ । यस कारणले रवाफ र खराब अभिरुचि छुट्टिएर भिन्दै रहन सक्दैनन् । जहाँ अभिरूचि ज्यादा मात्रामा हुन्छ यो खराब हुन्छ । असल या खराब अभिरुचिले खास गरेर स्त्री-पुरुषको सम्बन्धमा आफ्नो रूप लिन्छ; अभिरुचिको वृद्धि यस किसिमको समाजको आवश्यक परिणाम हो । जब भोगविलास सजिलैसँग पाइन्छ र खुशी तुल्याउने इच्छासँग हुन्छ – तब अभिरुचि अवश्य खराब भएर जान्छ; र मेरो विचारमा असल अभिरुचिको अर्थ किन असल नैतिक शिक्षाहरू हुन्छन् त्यसका उत्तम कारणहरू मध्ये यो एउटा हो ।

शारीरिक कुराहरूमा, इन्द्रियसम्बन्धी सबै कुरामा स्वास्नीमानिसहरूको राय बुझ; नैतिकताका कुराहरूमा समझसम्बन्धी सबै कुरामा मानिसहरूको राय बुझ । जब स्वास्नीमानिसहरू जस्तो हुनुपर्दछ त्यस्तो हुन्छन् उनीहरूले जो बुझन सक्तछन् त्यत्तिमा उनीहरू रहन्छन्, र उनीहरूको विचार ठीक हुन्छ; तर जहिलेदेखि उनीहरू साहित्यका विचारी हुन थालेका छन्, जहिलेदेखि तिनीहरू पुस्तकहरूको आलोचना गर्न थालेका छन् र बल गरी गरी पुस्तकहरू लेख्न थालेका छन् तिनीहरू बिलकुलै आफ्नो बाटो छोडेर अन्तै लागेका छन् । जुन ग्रन्थकारहरूले आफ्नो विद्वत्ता देखाएर हिंड्ने स्वास्नीमानिसहरूको सल्लाह लिन्छन् तिनीहरूले सधैं खराब सल्लाह पाउँदछन्; जुन भड्किला पोशाकवाला युवकहरूले आफ्नो पोशाकको विषयमा तिनीहरूको सल्लाह खोज्दछन् ती युवकहरू बेकाइदाको पोशाक लाउने तुल्याइन्छन् । मलाई तुरुन्तै स्त्रीजातिको बुद्धि विचारहरूको, यी बुद्धि विचारहरूको वृद्धि गराउने तरीकाको र कुन कुराहरूमा तिनीहरूका निर्णयहरूलाई मान्ने ती कुराहरूको बारेमा बोल्ने मौका मिल्नेछ ।

यी प्रारम्भिक विचार हुन्, जुन म एमिलसित यो कुरा छलफल गर्दा सिद्धान्तका रूपमा राख्नेछु. जो उसका निम्ति अहिलेका उसका प्रश्नहरूमा बेवास्ताको कुरा हुनेछैन । र कसका निम्ति यो बेवास्ताको कुरा हुनेछ त ? कुन मानिसहरूलाई राम्रो लाग्दछ या कुन मानिसहरूलाई नराम्रो लाग्दछ त्यो कुरा जान्नु उसका निमित्त मात्र आवश्यक छैन जसलाई उनीहरूको मद्दत चाहिन्छ; तर त्यसका निमित्त त यो झन् बढ्ता आवश्यक छ जसले

उनीहरूलाई मदत गर्दछ; यदि तिमीले उनीहरूको सेवा गर्ने हो भने तिमीले उनीहरूलाई खुशी तुल्याउनुपर्दछ र लेख्ने कला यदि मानिसहरूलाई सत्य सुन्ने तुल्याउनमा प्रयोग गरियो भने नचाहिने काम होइन ।

यदि मेरो चेलाको अभिरुचिको वृद्धि गर्नको निम्ति जुन मुलुकमा यस किसिमको संस्कृतिको उत्पत्ति अझ भएको छैन त्यो मुलुक र जुन मुलुकहरूमा यसको अघिबाटै ह्रास भइसकेको छ ती मुलुकहरूका बीचमा एउटालाई रोज्न बाध्य भएँ भने म अघि बढ्नुको सट्टा पछि हट्नेछु; म उसको जाँच–पडताल पछिल्लोदेखि शुरू गर्नेछु र अघिल्लोमा अन्त गर्नेछु । मेरो यो अभिरुचिको कारण यो हो कि ज्यादै विलासीपनले अभिरुचि भ्रष्ट हुन्छ, जसले ती वस्तुहरूप्रति सचेतन तुल्याउँदछ जो थोरै मानिसहरू थाहा पाउँदैनन्; यस विलासीपनले वादविवादको भावना जगाउँदछ, किनभने वस्तुहरूको हाम्रो भेद जति जति सूक्ष्म हुन्छ उति उति बढ्ता वस्तुहरू हाम्रा निमित्त हुन्छन् । यस सूक्ष्मताले स्वादलाई बढाउँदछ र हाम्रो स्पर्शको एक रूपतालाई घटाउँदछ । यस निमित्त जति मानिसहरू छन् उति अभिरुचिहरू छन् । हाम्रा अभिरुचिहरू बारेको विवादमा दर्शन र ज्ञान बढ्दछन्, र यसरी हामी विचार गर्न सिक्तछौं । समाजमा प्रशस्त भिजिसकेका मानिसहरू मात्र खूब सूक्ष्म विचार गर्नमा समर्थ हुन्छन् किनभने यो विचारहरू हामीलाई आखिरसम्म सुझ्दैनन्, र जुन मानिसहरूको हरेक किसिमको समाजमा बानी परेको छैन तिनीहरू बढ्ता प्रख्यात रूपरंगको विचारमा आफ्नो ध्यान व्यर्थ खेर फाल्दछन् । पृथ्वीमा शायद यस्तो सभ्य ठाउँ कुनै छैन जहाँ पेरिसमा जस्तो खराब अभिरुचि जनसाधारणको छ । तथापि त्यो यसै राजधानीमा हो जहाँ असल अभिरुचिको उत्पत्ति र वृद्धि हुन्छ, र यो प्रतीत हुन्छ कि यूरोपमा यस्ता पुस्तकहरूले प्रभाव पार्दैनन् जसका ग्रन्थकारहरूले पेरिसमा अध्ययन गरेका छैनन् । जो हाम्रा पुस्तकहरू पढे पुग्छ भन्ने ठान्दछन् तिनीहरूको गल्ती हुन्छ; उनीहरूका ग्रन्थहरूबाट भन्दा ग्रन्थकारहरूसितको कुराकानीबाट बढ्ता सिकिन्छ, र ग्रन्थकारहरूबाट नै ज्यादा सिकिने होइन, सामाजिक जीवनको सत्यले नै विचारशील मनको विकास गराउँदछ, र यसले आँखालाई जहाँसम्म यो पुग्न सक्तछ त्यहाँसम्म पुऱ्याउँदछ । यदि तिमीमा जेहनको कुनै झिल्को छ भने पेरिसमा जाऊ र एक वर्ष बिताऊ, तिमी जे हुन समर्थ छौ त्यो सम्पूर्ण तिमी चाँडै नै हुनेछौ, या तिमी बिलकुल कुनै कुराको निमित्त पनि बेश हुनेछैनौ ।

जहाँ खराब अभिरुचि प्राप्त छ ती ठाउँहरूमा मानिसले विचार गर्न

सिक्न सक्तछ; तर हामीले जसको अभिरुचि खराब छ ती मानिसहरूले झैं विचार गर्नु हुन्न, र यदि हामीले तिनीहरूका बीचमा धेरै समय बितायौं भने यो कुरा हटाउन कठिन हुनेछ। विचारको यन्त्र पूरा गराउनलाई हामीले तिनीहरूका प्रयासहरूको प्रयोग गर्नुपर्दछ, तर हामीले यसको उही प्रयोग नगर्नलाई होशियार हुनुपर्दछ। एमिलको विचारको रूप नबदल्नको निम्ति म यसलाई नसमाल्न होश राख्नेछु, र जब उसले मानिसहरूका विभिन्न किसिमका अभिरुचिहरूलाई थाहा पाउने र तुलना गर्ने शक्ति प्राप्त गर्दछ म उसलाई सरल कुराहरूमा उसको आफ्नै अभिरुचि राख्न लगाउनेछु।

उसको अभिरुचिलाई पवित्र र हितकारी तुल्याएर राख्नको निम्ति म अगाडि बढ्नेछु। दुष्टाचारको हल्लखल्लमा म ऊसित उपयोगी कुराकानी गर्ने मौका पाउनेछु; र जब यी कुराकानीहरू सधैं उसलाई मजा लाग्ने कुराहरूको विषयमा हुन्छन् म तिनीहरूलाई तिनीहरू जत्तिको मजा लाग्नेछन् उत्तिकै शिक्षाप्रद पनि तुल्याउने होशियारी गर्नेछु। रमाइला पुस्तकहरू पढ्ने समय यही हो; बोलेका वचनहरू छुट्याउन र वाक्शक्ति र वाक्यरीतिको पारख गर्न सिकाउने वेला यही हो। भाषाहरू सिक्नु सानु कुरा हो, मानिसहरू जस्तो विचार गर्दछन् त्यसभन्दा तिनीहरू कम उपयोगी छन्; तर भाषाहरूको अध्ययनले हामीलाई सर्व-साधारण व्याकरणको अध्ययनतिर प्रवृत्त गराउँदछ। यदि हामीलाई फ्रान्सिसी भाषाको पूरा ज्ञान हुनु छ भने हामीले ल्याटिन भाषा सिक्नुपर्दछ; यदि हामीलाई बोल्ने कलाका नियमहरू बुझ्नु छ भने यी दुइटा भाषाहरूको अध्ययन र तुलना गर्नुपर्दछ।

अझ त्यसमाथि पनि अभिरुचिको कुनै सरलता हुन्छ, जो सोझै हृदयमा पुग्दछ,; र यो प्राचीन यूनानी र ल्याटिन भाषाहरूमा मात्र पाइन्छ। वाक्पटुता, कविता र हरेक किसिमको साहित्यमा उसले इतिहासमा पाएजस्तै एमिलले विषयवस्तुमा परिपूर्ण र आफ्ना विचारमा गम्भीर प्राचीन यूनानी र ल्याटिन लेखकहरूलाई पाउनेछ। त्यसको विपरित, हाम्रो समयका लेखकहरू धेरै कुरा गर्दछन् र थोरै बढाउँदछन्। उनीहरूको विचारलाई हामीले आफ्नो सदाको नियम बनाउनु हाम्रो आफ्नै विचार बनाउने तरीका होइन। अभिरुचिका यी भिन्नताहरू प्राचीन समयले छुटाएका सबै कुराहरूमा र उनीहरूको समाधिगृहमा समेत थाहा पाइने तुल्याइन्छन्। हाम्रा स्मारकहरू प्रशंसाहरूले ढाकिन्छन्, उनीहरूका चाहिं किताबमा चढेका वास्तविक कुराहरूले ढाकिन्थे।

“स्टा भाएटर; हिरोइम क्यालकास।”

यदि मैले कुनै प्राचीन स्मारकमा कुँदिएको यो लेख देखेको भए त्यो आधुनिक हो भन्ने मैले तुरुन्त अन्जाम गर्नुपर्दथ्यो; किनभने हामीहरूमध्ये वीरहरू जत्तिको सस्तो अरू कुनै कुरा छैन, तर प्राचीनहरूमध्ये तिनीहरू बहुत कम थिए। कुनै मानिस वीर थियो भन्ने सट्टा त्यो नाम पाउनलाई उसले के गरेको थियो त्यो कुरा उनीहरू भन्दथे। यो वीरको स्मारक लेखसित त्यो सुकुमारी सार्डानापालसको स्मारकलेखको तुलना गर–

“टार्सस र आएन्चियालेसलाई मैले एक दिनमा बोलाएँ, र अहिले म मरें।”

कुन चाहिँले ज्यादा बताउँछ भन्ने तिमी ठान्दछौ? हाम्रो फुलेको स्मारकलेख–शैली बाउन्नेहरूको प्रशंसा फुक्नलाई मात्र ठीक छ। प्राचीनहरू मानिसहरू जस्ता थिए उस्तै देखाउँदथे, र यो स्पष्ट थियो कि उनीहरू वास्तवमा मानिसै थिए। जेनोफोनले कुनै वीरहरूको स्मरणलाई सम्मान गरे जो ती दश हजार (सेना) हटेर फर्कँदाखेरि धोकापूर्वक मारिएका थिए। उनले भने, लडाइँमा र प्रेममा कुनै दाग नलगाईकन तिनीहरू मरे।” त्यो सब यत्ति हो, तर विचार गर कि यो छोटो र सरल शोकमय गीतकारको हृदय कतिको भरिपूर्ण थियो। जसले यसको सौन्दर्य बुझ्न सक्तैन त्यसलाई धिक्कार छ।

थर्मोपाइलको एउटा स्मारक गृहमा निम्नाङ्कित पदहरू कुँदेर लेखिएका थिएँ।

“जाऊ, मुसाफिर स्पार्टालाई भनिदेऊ कि हामी सब उसको कानूनको पालन गरेर खतम भयौं।”

यो राम्ररी स्पष्ट हुन्छ कि यो अभिलेखहरूको प्रज्ञा–प्रतिष्ठानको काम थिएन।

यदि मेरो गलती छैन भने पदहरूमा कुनै महत्त्व नराख्ने मेरो चेलाको ध्यान पहिले यी भिन्नताहरूसित जानेछ, र तिनीहरूले उसको अध्ययनमा उसको अभिरुचिमाथि असर पार्नेछन् डेमोस्थेनिसको साहसिलो वक्तृताले ऊ मुग्ध हुनेछ र भन्नेछ, “यो वक्ता हो;” तर जब उसले सिसेरोको अध्ययन गर्नेछ तब उसले भन्नेछ, “यो कानूनवाला वकील हो।”

प्रायः एमिललाई हाम्रा आफ्नै ग्रन्थहरूमा भन्दा प्राचीनहरूका ग्रन्थमा बढ्ता अभिरुचि हुनेछ, किनभने तिनीहरू पहिला थिए, र त्यस कारणले प्राचीनहरू प्रकृतिको बढ्ता नजीक छन् र उनीहरूको जेहन बढ्ता स्पष्ट छ। लामोटी र आवे टेरासनले जेसुकै भनून् मानिसको विचारमा साँच्चीको प्रगति

छैन, किनभने जुन कुरा हामी एकातिर प्राप्त गर्दछौं त्यो अर्कातिर गुमाउँदछौं; किनभने सबै मनहरू एकै ठाउँबाट शुरू हुन्छन्, र जस्तो अरूहरूले विचार गरेका छन् कि विद्यामा बिताएको समय हाम्रा निमित्त सिक्नमा गुमेको समय हो र हामीसँग बढ्ता प्राप्त गरेको ज्ञान हुन्छ, तर मनको बल कम हुन्छ। हाम्रा पाखुराहरूको जस्तै हाम्रा मनहरूको पनि ज्यावलहरू प्रयोग गर्ने र आफूले केही पनि नगर्ने आदत परेको हुन्छ। फन्टेनेली भन्दथे कि प्राचीन र आधुनिकहरूको विषयका सब विवादहरू यसै कुरामा आयो—के उहिलेका वृक्षहरू अहिलेका वृक्षहरूभन्दा अलग थिए? यदि कृषि बदलिएको थियो भने यो प्रश्न सोध्नु उचित छ। मैले एमिललाई साहित्यका मूलस्रोतहरूतिर लगेपछि म उसलाई आधुनिक संग्रहकर्ताहरू, समाचारपत्रहरू, अनुवादहरू र कोषहरूको भंडारहरूमा कुलानालाहरू पनि देखाउनेछु, उसले ती सबैमाथि एकदृष्टि फिराउनेछ, र तिनीहरूलाई सधैंका निमित्त छोडिदिनेछ। उसको दिल बहलाउनलाई उसले प्रज्ञा-प्रतिष्ठानहरूको बकवक सुन्नेछ। म उसको ध्यान यस कुरातिर खिच्नेछु कि ऊ समाजको कुनै सदस्यको रूपमा जो छ त्यो तिनीहरूको हरेक सदस्य आफूलाई बढ्ता योग्य ठान्दछ; तब ऊ यी राम्रा संस्थाहरूको उपयोगिताबारे आफ्नै निष्कर्ष निकाल्नेछ।

म उसलाई नैतिक शिक्षाहरूको अध्ययनका लागि होइन कि अभिरुचिको अध्ययनका लागि नाचघरमा लैजानेछु; किनभने नाचघरमा सर्वोपरि तिनीहरूका लागि रुचि प्रकट गरिन्छ, जसले विचार गर्न सक्तछन्। म भन्दछु शिक्षाहरू र नैतिकतालाई एकातिर पन्छाइदेऊ; ती कुराहरूको अध्ययन गर्ने ठाउँ यो होइन। नाटचशाला सत्यको निमित्त बनेको होइन; यसको उद्देश्य फुस्ल्याउनु र दिल बहलाइदिनु हो। मनुष्य-हृदयलाई खुशी तुल्याउने र मजा दिने कला यस्तो पूरासित सिक्न पाइने ठाउँ अरू हुँदैन। नाटकहरूको अध्ययनले कविताको अध्ययनतिर प्रवृत्त गराउँदछ; दुवैको उही एउटै तात्पर्य हुन्छ। यदि कविताप्रति उसको अभिरुचिको अलिकति मात्र झलक उसमा छ भने ऊ कतिको उत्सुकतापूर्वक ग्रीक, ल्याटिन र इटालियन कविहरूका भाषाहरू पढ्नेछ! यी अध्ययनहरूले उसलाई असीम आनन्द दिनेछन्, र कम महत्त्वका हुनेछैनन्; त्यस उमेरमा र ती अवस्थाहरूमा तिनीहरू उसलाई आनन्ददायक कुरा हुनेछन्, जब हृदयले यसलाई असर गर्ने हरेक किसिमको सौन्दर्यमा यत्तिको ठूलो मोहनी पाउँदछ। एकातिर एमिलको र अर्कातिर एनिडको चौथो पुस्तक, या टिबुलस, या प्लेटोको भोज पढेर महाविद्यालयबाट आएको कुनै

नव-युवक बदमाशको चित्र आफ्नो मनमा खिच; तिनीहरूका बीच कत्रो भिन्नता ! जुन कुराले एमिलको हृदयलाई भित्र गहराइसम्म प्रभावित तुल्याउँदछ त्यस कुराले अर्को चाहिँमा अलिकति पनि प्रभाव पार्दैन । ए असल नौजवान, पर्ख, तिम्रो पढाइमा अड, तिमी ज्यादै भित्रसम्म विचलित भएका छौ; म तिमीलाई प्रेमको भाषामा आनन्द मान्ने तुल्याउँदछु, तर म तिमीलाई यसैले हरण गरिन दिनेछैन; बुद्धिमान् मानिस बन, तर असल मानिस पनि बन । यदि तिमी यी दुइटामध्ये एउटा मात्र बन्यौ भने तिमी केही पनि भएनौ । यसपछि उसले मृत भाषाहरूमा, साहित्यमा, कवितामा नाम कमाओस् वा न कमाओस् म केही परवाह गर्दिनँ । यदि ऊ तिनीहरूमध्ये कुनै पनि जान्दैन भने पनि ऊ खराब हुनेछैन, र उसको शिक्षाको केवल यी पदहरूसँग मात्र केही सरोकार छैन ।

उसलाई हरेक किसिमको सौन्दर्यलाई थाहा पाउन र प्रेम गर्न उसलाई सिकाउनुको मेरो मुख्य उद्देश्य उसका स्नेहहरू र अभिरुचि यिनीहरूमा लगाउनु हो, उसका स्वाभाविक अभिलाषाहरूको भ्रष्टाचार रोक्नु हो, नत्रभने कुनै दिन उसको दौलतका बीच सुखका उपायहरू उसले खोज्नुपर्नेछ, जो नजीकैमा पाइनुपर्दछ । मैले अन्त कहीं भनेको छु कि अभिरुचि साना साना कुराहरूमा आलोचक हुने कला मात्र हो, र यो बिलकुल सत्य हो; तर जीवनको मोहनी यी साना साना कुराहरूको जालीमा निर्भर गर्ने हुनाले यस्ता प्रयत्नहरू साना कुरा होइनन्; उनीहरूकै उपायद्वारा तिनीहरू हामीलाई जति सत्यता देखाउन सक्तछन्, त्यत्तिले हामी आफ्नो जीवनलाई असल कुराहरूले भरिपूर्ण तुल्याउन सिक्तछौं । म नैतिक भलाइको उल्लेख गर्दिनँ जो हृदयको असल स्वभावमा निर्भर गर्दछ, तर म त्यसको मात्र उल्लेख गर्दछु, जो शरीरमा जनताको गलत विचारदेखि छुट्टै वास्तविक आनन्दमा निर्भर गर्दछ ।

मेरो विचार झन् राम्ररी प्रकट गर्नलाई म एक छिन एमिललाई छोडूँ, जसको पवित्र र हितकारी हृदयलाई अरूहरूका निमित्तको नियमका रूपमा लिन सकिँदैन र पाठकका निमित्त बढ्ता उपयुक्त हुने र उसकै आचरणअनुसारको एउटा उदाहरण म आफ्नै समझमा खोजूँ ।

यस्ता रोजगारहरू छन्, जो मानिसको स्वभाव बदल्ने र जुन मानिसहरूले ती रोजगारहरू लिन्छन्-चाहे असलका निमित्त होस्, चाहे खराबका निमित्त होस्, तिनीहरूलाई अर्कै रूपमा ढाल्ने जस्ता प्रतीत हुन्छन् । एउटा कातर नाभारेको पल्टनमा बहादुर मानिस हुन्छ । फौजमा मात्र शरीरको फुर्ती प्राप्त गरिने

होइन, र यसका नतीजाहरू सधैं असलका निमित्त हुँदैनन् । मैले वारंवार भयपूर्वक विचार गरेको छु कि यदि दुर्भाग्यवश मैले विचार गरेको काममा कुनै मुलुकमा मोलिभन्दा अघि नै भर्ना हुनुपऱ्यो भने मैले अवश्य अत्याचारी, दुष्ट, जन-घातक, आफ्ना राजाको हानि गराउने, मनुष्य जातिको कट्टर दुश्मन, न्यायको र हरेक किसिमको धर्मको शत्रु हुनुपर्दछ ।

त्यसै प्रकार यदि म धनी भइदिएको भए धन कमाउनलाई मैले सब कुरा गर्नुपर्दथ्यो; त्यस कारण मैले हठी र पतित, आफ्नै निमित्त मात्र सचेत भएर विचार गर्ने, कठोर र सर्वप्रति निष्ठुर, मानिसहरूलाई म पनि एक बखत गरीब थिएँ भन्ने कुरालाई बिर्साउन तल्लो तहका गरीब मानिसहरूका दुःखहरू उपर घृणाको दृष्टिले हेर्ने हुनुपर्दछ । आखिरमा मैले आफ्नो दौलतलाई आफ्नै मोज-मजाको साधन बनाउनुपर्दछ, जसमा मैले बिलकुल व्यस्त रहनुपर्दछ; र यहाँसम्म मैले ठीक अरू मानिसहरू जस्तै हुनुपर्दछ ।

तर एक कुरामा म तिनीहरू जस्तो हुनु हुँदैन; मैले घमंडी र फजूल हुनुभन्दा बरु भोगी र विलासी हुनुपर्दछ, र मैले अरूहरूलाई ढाँचा देखाउने रवाफमा लाग्नुभन्दा आराम चैनको रवाफमा लाग्नुपर्दछ । मेरो धनको ज्यादा प्रदर्शनी गर्नलाई मैले केही शर्माउनुपर्दछ, र यदि ईर्ष्यालुहरूलाई मैले आफ्नो रवाफले व्याकुल तुल्याएँ भने उनीहरूले भनेको सुनेको यो मैले सधैं कल्पना गर्नुपर्दछ, "यहाँ एउटा बदमाश छ जसलाई हामी त्यो जो छ सो ठहराओनौं भन्ने ठूलो डर छ ।

यस पृथ्वीमाथिका असल वस्तुहरूको बिशाल प्रचुरतामा म जुन कुरालाई सबभन्दा बढ्ता मन पराउँदछु र जुन कुरालाई म सबभन्दा बढी आफ्नो तुल्याउन सक्तछु त्यो मैले खोज्नुपर्दछ । यस प्रयोजनका निमित्त मेरो धनको पहिले गर्नुपर्ने प्रयोग फुर्सत र स्वतन्त्रता खरीद गर्नु हुनेछ, र यदि यो खरीद गर्नुपर्ने रहेछ भने त्यसमा स्वास्थ्य पनि पर्नेछ; तर स्वास्थ्य परेजले मात्र खरीद गर्न सकिन्छ, तर स्वास्थ्यबिना वास्तविक आनन्द नहुने हुनाले मैले विलासी मतलबहरूबाट परेज गर्नुपर्दछ ।

मेरा आनन्दहरूमा प्रकृतिको जति बढ्ता हिस्सा छ त्यति बढ्ता वास्तविक आनन्दहरू म पाउनेछु भन्ने कुरामा विश्वस्त भएर प्रकृतिले मलाई दिएका इन्द्रियहरूलाई सन्तुष्ट तुल्याउनको लागि मैले यथासम्भव प्रकृतिको नजीक रहनु पनि पर्दछ । नक्कलको लागि नमूनाहरूको रोजाइमा मेरो नमूनाको रूपमा म सधैं प्रकृतिलाई रोज्नेछु । मेरा भोजनका इच्छाहरूमा म प्रकृतिलाई नै पसन्द गर्दछु;

मेरा स्वादहरूमा म सधैं प्रकृतिकै सल्लाह लिन्छु; मेरो खानेकुरामा जुन प्रकृतिलाई ज्यादा राम्रो लाग्दछ र जुन भान्सामा आइपुग्दा ज्यादै कम हातमा परेर आएको छ म सधैं त्यही रोज्दछु। धोकादारी मिसावटी नक्कली खाने कुराहरूको विरुद्ध म आफ्नो पहरामा रहनेछु। म आनन्द भेट्टाउनको लागि बाहिर जानेछु। मेरो वाहियात मूर्ख लोभमा कुनै भान्से धनी हुन पाउनेछैन; उसले सुन जत्तिकै महँगो माछाले मलाई विषभक्षण गराउन पाउनेछैन; मेरो खाने टेबुल टाढा मुलुकहरूबाट आएको दुर्गन्धी सडेको मासुले सजाइनेछैन। मेरो ज्ञानेन्द्रियलाई सन्तुष्टि दिन म जति भने पनि परिश्रम गर्नेछु, किनभने यो परिश्रमको आफ्नै आनन्द हुन्छ, र यो आनन्द हामीले अपेक्षा गरेभन्दा बढ्ता हुन्छ। यदि मैले पृथ्वीका छेऊहरूबाट आएका खाने कुराहरू चाख्न इच्छा गरें भने यसलाई मगाउनुभन्दा म एपिसियसले गरेजस्तै गरी यसको खोजीमा जाने थिएँ, किनभने जुन मुलुकको हावामा कुनै खानेकुराहरूको उत्पत्ति हुन्छ तिनीहरूको स्वादिष्ट मिठास न त तिनीहरूलाई अन्त लगेपछि हुन्छ, न त कुनै भान्सेले त्यो हावा दिन सक्तछ।

त्यसै कारणले म तिनीहरूको दृष्टान्तको अनुसरण गर्न चाहन्नँ, जो कहिले पनि आफू बसेको ठाउँमा आनन्द पाउन सक्तैनन्, तर सधैं नै ऋतुहरूलाई निष्फल पारिरहन्छन् र मुलुक र तिनीहरूका ऋतुहरूबारे गोलमालमा परिरहन्छन्; जुन मानिसहरू जाडोमा गर्मी खोज्दछन् र गर्मीमा जाडो खोज्दछन् र ठंडा हुन इटलीमा जान्छन् र गरम हुन उत्तरतिर जान्छन् तिनीहरू यो विचार गर्दैनन् कि उनीहरूले ऋतुहरूको कठिनाइबाट उम्किरहेछौं भन्ने ठान्दा उनीहरूले त्यो कठिनाइ ती ठाउँहरूमा पाइरहेछन् जहाँ मानिसहरू यसनिमित्त तयार छैनन्। म भए एकै ठाउँमा रहने थिएँ या ठीक उल्टो बाटो लिने थिएँ। कुनै तोकिएको मुलुकमा खास कुरा कुन छ त्यो पत्ता लगाउनलाई एउटै ऋतुबाट यथासम्भव सबै मजा लिन चाहन्थें। म आपस आपसमा बिलकुल फरक विभिन्न प्रकारका आनन्दहरू लिने थिएँ र बानीहरू लगाउने थिएँ, तर ती हरेक प्रकृतिअनुसारका हुने थिए; म बर्खा नेपुल्समा र हिउँद सेन्ट पिटर्सवर्गमा बिताउने थिएँ; कहिले कहिले टारेन्टमका शीतल गुफाहरूमा रहने नरम पश्चिमी हावा लिने थिएँ, र फेरि नाचका मजाहरूले निसास्सिएर र थाकेर कुनै बरफको दरबारको दीपावलीको मजा लिने थिएँ।

मेरो भान्साको र घरको सजावटमा सबभन्दा सरल शृङ्गारमा म ऋतुहरूको किसिमको नक्कल गर्नेछु र हरेकबाट त्यसपछि आउनेको अपेक्षा

नगरीकन त्यसको आनन्द लिनेछु; प्रकृतिको क्रमलाई यसरी गडवड गराउँदा कठिनाइ सिवाय कुनै अभिरुचि आउँदैन, उसले मन नलाईकन दुःखपूर्वक दिने उसका दातव्यहरूलाई बलजफत खोसेर लिदा तिनीहरूमा उसको अभिशाप हुन्छ; यस्ता दातव्यहरूमा न त शक्ति हुन्छ, न त स्वाद हुन्छ, जसले न त शरीरलाई पुष्टि गर्न सक्तछ न त स्वादलाई जगाउन सक्तछ। बलात् खोसेर लिइएका फलहरूभन्दा वेस्वादको अरु कुनै कुरा हुंदैन। कैयौं चुलाहरू र आतसखानाहरू भएको पेरिसको एउटा धनी मानिसले धेरै चर्को मोल तिरेर रद्दी फलफूल र रद्दी तरकारीहरू आफ्नो खाने टेबुलमा पाउन सक्तछ। यदि तुसारोमा चेरी फलहरू र मध्य हिउंदमा सुनौला तरबुजाहरू मैले पाएं भने तिनीहरूमा म के मजा पाउंदो हुं जब कि मेरो स्वादले चीसो या जलपान चाहेको थिएन। के बर्खाका ज्यादै गर्मीका दिनहरूमा ती गह्रौं चेस्टनट फलहरू खूब मीठा हुँबा हुन् ? के मैले पृथ्वीले मलाई होशियारीपूर्वक दिएको मेवा, स्ट्रबेरी जस्ता ताजा फलहरूभन्दा चुलोबाट तात्तातै आएका तिनीहरूलाई रोज्नुपर्दथ्यो ? माघ महीनामा जबर्दस्तीसँग सागपातले, पहेँला सुगन्धरहित फूलहरूले ढाकिएको एक टुक्रा जमीनले हिउँद सिंगारिने होइन; तर यसबाट बसन्त ऋतुको सौन्दर्यको अपहरण हुन्छ; हाम्रो जंगलमा पहिला भायोलेट फूलहरू खोज्ने, पहिला कोपिलाहरू देख्ने र आनन्दको आल्हादमा "मानव हो, तिमीहरू त्यक्त भएका छैनौ, प्रकृति अरु जिउँदै छ" भन्ने, आनन्दबाट बञ्चित हुन्छौं।

राम्रो सेवा पाउनलाई म थोरै नोकरहरू राख्ने थिएँ; यो कुरा अघिबाट भनिसकिएको छ, तर यो फेरि भन्न योग्य छ। एउटा साहेबज्यूले आफ्ना वरिपरिका दश ओटा भलादमीहरूबाट भन्दा एउटा वेपारीले आफ्नो एउटा नोकरबाट साँच्चीकै बढ्ता सेवा पाउँदछ। जब म मेरो गिलासको नजीकै आफ्नो टेबुलको अगाडि बसेको हुन्छु त्यो वेला अक्सर मेरो मनमा यो लाग्दछ कि मलाई जुन वेला मन लाग्द छ त्यो वेला म पिउन सक्तछु; जब कि यदि म सरकारी भोजमा भइदिएको भए मैले आफ्नो तिर्खा मेटनुभन्दा अगाडि बीस मानिसहरूले 'रक्सी ल्याऊँ कि' भन्दथे। यस कुरामा निश्चित होऊ कि जुन कुरा तिम्रा निमित्त अरूद्वारा गरिन्छ त्यो खराबसित गरिन्छ। म अरूलाई बजारमा पठाउँदिनथें, म आफैं जाने थिएँ; म आफैं जानुको एउटा मतलब यो हो कि मेरा नोकरहरूले पसलेहरूसँग कुरा मिलाएर सस्तो मोलमा उनीहरूलाई मन लागेजस्तो चीज ल्याउन नपाऊन्; म आफैं जानुको अर्को मतलब यो हो कि

यसमा रमाइलो कसरत हुन्छ र घरदेखि बाहिर के भइरहेछ त्यो देख्न पाइन्छ; यो बडो मजा दिने हुन्छ र कहिले कहिले शिक्षाप्रद हुन्छ, र म आफै जानुको आखिरी मतलब डुलाइका निमित्त हो; त्यसमा सधैँ नै केही कुरा हुन्छ। बसिरहने जीवन उचाट लाग्ने हुन्छ; जब हामी प्रशस्त डुल्दछौँ, तब कहिले पनि हामी मन्दगति र मन्दबुद्धि हुँदैनौं। दरबान र पालेहरू केही कुरा बताउन सक्दैनन्, दुनियाँ र मेरो बीचमा यस्ता मानिसहरूलाई राख्न मैले कहिले पनि इच्छा गर्न हुँदैन, न त मैले मानो मानिसहरूले मसँग बोल्लान् कि भनेर डराए झैं गरी घन्याङ-घुरुङ आवाज निकाल्ने बग्गीमा चढेर सफर गर्ने इच्छा गर्नु हुन्छ। दह्रो खुट्टा भएकी घोडी सधैँ तयार रहन्छे; यदि त्यो थाकी अथवा बिरामी भई भने पहिले उसको मालिकले थाहा पाउँदछ; उसको सवार खेल-बहाडमा भुल्यो भने पनि उसले घरैमा बस्नुपर्ला कि भनेर डराउनुपर्दैन; बाटोमा उसले हरेक किसिमको ढीलाइमा पर्नुपर्ने हुँदैन; उसले अधीर हुनुपर्ने पनि हुँदैन, न त उसले आफूले चाहेकोभन्दा एक क्षण पनि बढ्ता अड्नलाई बाध्य हुनुपर्ने हुन्छ। अन्तमा हामी जो आफ्नो सेवा आफै गर्दछौँ त्यत्तिको राम्रो सेवा अरू कसैले पनि गर्दैन। हामीसँग सिकन्दरको शक्ति र क्रोससको धन भए पनि आफूले गर्न नसक्ने कुरामा बाहेक अरू कुरामा अरूहरूको सेवालाई स्वीकार गर्नु हुँदैन।

म दरबारमा बस्न चाहन्नँ, किनभने दरबारमा पनि मैले लिने एउटै कोठा मात्र हो; किनभने हरेक कोठा जुन साझा सम्पत्ति हो त्यो कसैको पनि हुँदैन, र मेरा निम्ति मेरा नोकरहरूको हरेक कोठा मेरा छिमेकीहरूको कोठा जत्तिकै बिरानो हुन्छ। पूर्वी देशका मानिसहरू खूब रवाफिला भोगी विलासी भए तापनि सादा र मामूली सजावट भएका घरहरूमा बस्तछन्। उनीहरू जीवनलाई एउटा सफर सम्झन्छन्, र आफ्ना घरलाई पाटी सम्झन्छन्। यस कुराले हामी धनी मानिसहरूको मनमा प्रभाव पार्दैन, जो सधैँ बाँचिरहुँला भन्ने विचार गर्दछौँ; तर मैले अर्को कारण पाउनुपर्दछ, जसको उही परिणाम हुनेछ। मलाई यस्तो लाग्दछ कि यदि म यस्तो रवाफका बीच एकै ठाउँमा बसेँ भने मैले आफूलाई अरू हरेक ठाउँबाट धपाउनेछु र आफूलाई आफ्नो दरबारमा कैद गर्नेछु। यो संसार जसको निमित्त पनि एउटा दरबार-मेला हो, र जुन धनी मानिसले मोजमजा खोज्दछ उसको निम्ति मात्र यो हरेक कुरा होइन। जतासुकै उसको घर जहाँ हुन्छ उसको पैसाले उसलाई लैजान्छ; जहाँ उसको बलियो थैलोको निम्ति स्थान छ उही उसको देश हुन्छ, जस्तो फिलिप विचार

गर्दथ्यो कि जुन ठाउँमा चाँदीले लादिएको उसको खच्चर पस्न सक्तछ त्यही उसको ठाउँ हो । तब किन हामीले तिनीहरूलाई कहिले पनि छोड्न मन नलाएझैं गरी आफूलाई भित्ताहरू र ढोकाहरूभित्र थुनिराख्ने ? यदि रोग व्याधि, लडाइँ या विद्रोहले मलाई एक ठाउँबाट धपायो भने म अर्को ठाउँमा जान्छु र त्यहाँ म मेरो अगाडि आफ्नो होटेल पाउँदछु । जब संसार मेरो हातमा छ त मैले किन आफ्नो निम्ति भवन बनाउनुपर्ने ? जुन आनन्दहरू म त्यही ठाउँमा पाउन सक्तछु ती आनन्दहरू मैले किन टाढा टाढाबाट ल्याएर रहनलाई हतपत गर्नुपर्ने ? मानिस सधैं आफैंसँग लडाइँ गरिरहन्छ भने जीवनलाई रमणीय बनाउनु असम्भव हुन्छ । यसरी एम्पेडोक्लेसले एग्रीगेन्टमका मानिसहरूलाई एक दिन मात्र बाँचेर रहने हो कि भनेझैं गरी आनन्दहरू थुपारेकोमा र सधैं बाँचेर रहने हो कि भने झैं गरी भवनहरू बनाएकोमा हप्काउँदथे ।

जब मसँग यसमा रहने यति थोरै मानिस छन् र यसलाई भर्ने झन् थोरै माल-सामानहरू छन् भने यत्रो ठूलो भवनको मलाई के काम छ? मेरा सामानहरू अभिरुचिहरू जस्तै सादा हुने थिए; मलाई खास गरेर पढ्नको सौख र चित्रहरूको विषयमा केही ज्ञान भइदिएको भए तापनि मेरो न त चित्रशाला हुने थियो न त पुस्तकालया नै हुने थियो । त्यो वेलामा म थाहा पाउने थिएँ कि यस्ता संचयहरू कहिले पनि पूरा हुँदैनन्, र जुन कुराको खाँचो छ त्यसको अभावले मानिसलाई दिक्क तुल्याउँदछ–यत्तिको दिक्क तुल्याउँदछ कि ऊसित केही पनि नभएको झैं हुन्छ । यस विषयमा प्रचुरता पनि अभावको कारण हुन्छ जुन कुरा हरेक सञ्चयकर्ताले आफूलाई मर्का पर्ने गरी थाहा पाउँदछ । यदि तिमी पक्का मानिस हौ भने सञ्चय नगर; यदि तिमी आफ्ना कोठाहरूको प्रयोग गर्ने तरीका जान्दछौ भने तिमीले प्रदर्शनी गर्ने कुनै कोठा हुँदैन ।

धनीका निमित्त जुवा कुनै खेल होइन; यो त तिनीहरूको काम हो, जसको अरू केही गर्नु छैन । मेरा आमोद-प्रमोदहरूमा म यस्तरी व्यस्त रहनेछु कि मेरो खेर फाल्ने कुनै समय हुनेछैन । म गरीब र अकेलो छु र कहिले कहिले बुद्धिचाल बाहेक म केही पनि केही खेल्दिनँ, र त्यही नै पर्याप्तभन्दा पनि बढी छ । यदि म धनी भइदिएको भए त्योभन्दा पनि कम खेल्ने थिएँ र त्यो पनि ज्यादै सानो बाजी राखेर, यसनिम्ति कि आफू पनि निराश नहुने र अरूहरू पनि निराश भएको देख्नु नपर्ने । धनी मानिसलाई खेलको केही मतलब हुँदैन र यदि आदत खराब छैन भने खेलको प्रेमले उसलाई जुवाको लततिर

लैजाँदैन । धनी मानिसलाई सधैं नाफाको भन्दा नोक्सानको बढ्ता खयाल हुन्छ, जुन खेलहरूमा ठूलठूला बाजी हुँदैनन्, ती खेलहरूमा आखिर जीतहरू त्यसै सिद्धिएर जाने हुनाले उसले सधैं जित्नुभन्दा बढ्ता हार्दछ, ताकि यदि हामीले ठीकसित विचार गर्‍यौं भने जुन खेलहरूमा हामीले हार्ने सम्भावना बढ्ता हुन्छ- ती खेलहरूमा हामी ठूलो चाख राख्तैनौं । जसले भाग्यले मलाई कृपा गर्दछ भनेर आफ्नो घमण्डलाई फुस्ल्याउँदछ उसले भाग्यको कृपा बढ्ता उत्तेजक तरीकाहरूले खोज्न सक्तछ, र यी भाग्यका कृपा बाजीहरू ठूला साना जस्ता भए तापनि उत्तिकै स्पष्टसित देखाइन्छन् । यस्तो खेलका निम्तिको अरुभिचि जुन लोभ र मन्द बुद्धिको परिणाम हो त्यसले रित्ता मनहरू र दिमागहरूलाई मात्र गाँज्दछ; र म ठान्दछु कि यसको मदतदेखि अलग रहने मेरो प्रशस्त विचार र ज्ञान हुनुपर्दछ । विचारवान् मानिसहरू जुवाडे हुँदैनन् । जुवाले विचार गर्ने आदतलाई रोक्तछ र यसलाई रित्ता संसर्गहरूतिर फर्काउँदछ; विज्ञानप्रतिको अभिरुचिको असल परिणाम, शायद एउटै मात्र असल परिणाम यो हो कि यसले केही मात्रामा यो गँवार इच्छालाई मन्द गराइदिन्छ; वैज्ञानिकहरू आफू यसमा लाग्नुभन्दा यसको उपयोगिता के हो त्यो पत्ता लगाउने प्रयास गर्न मन पराउँदछन् । मैले जुवाडेहरूसँग जुवाको विरुद्ध वादविवाद गर्नुपर्दछ र मैले उनीहरूको पैसा जित्नुभाभन्दा उनीहरूको नोक्सान भएकोमा खिज्याउनमा बढ्ता आनन्द मान्नुपर्दछ ।

मैले मेरो सामाजिक व्यवहारमा जस्तै आफ्नो निजी जीवनमा पनि हुनुपर्दछ । मेरो भाग्यले आफ्नो साथमा आरामीको लहर ल्याओस् भन्ने इच्छा गर्नुपर्दछ, र कहिले पनि मानिसहरूलाई धनको असमानता थाहा पाउने तुल्याउन इन्छा गर्नु हुँदैन । भडकिलो पोशाक धेरै तरहबाट असुविधाजनक हुन्छ । अरू मानिसहरूका बीच जति सक्यो उति स्वतन्त्रता कायम राख्नको लागि मैले यस्तो लुगा लाउनुपर्दछ कि सबै कक्षाका मानिसहरूका बीच म त्यो स्थानदेखि बाहिरको हुनुहुँदैन, र कसैको पनि यसप्रति ध्यान खिच्नु हुँदैन, ताकि कुनै बहाना या अदलीबदली नगरीकन म पाटीमा बसेका मानिसहरूको समूहसित या राजदरबारका भारादारहरूसित मिसिन सकूँ । यस प्रकार म सधैं नै आफ्नै मालिक हुनुपर्दछ, र सबै किसिमका र सबै हालतका मानिसहरूको आनन्दको मजा लिनलाई स्वतन्त्र हुनुपर्दछ । मानिसहरू भन्दछन् कि यस्ता स्वास्नीमानिसहरू पनि जसका ढोकाहरू कार्चोबी बाहुलाहरूका निमित्त बन्द रहन्छन्, यी स्वास्नीमानिसहरू फित्तावाल बाहुला भएका लुगा लाउनेहरूलाई मात्र

स्वागत गर्दछन् । मैले मेरा दिनहरू अन्तै बिताउनुपर्दछ; यी स्वास्नीमानिसहरू तरुणी र सुन्दरी भए भने पनि उनीहरूका साथमा एक दुई साँझ बिताउनलाई म फित्तावाल बाहुला भएको लुगा कहिले कहिले लाउन सक्तछु ।

पारस्परिक स्नेह, उस्तै अभिरुचिहरू, उस्तै आचरण, यिनै कुराहरू मात्र मेरा साथीहरू र मेरा बीचका बन्धन हुन्; उनीहरूमध्ये म कुनै सम्पत्तिवान् पुरुष होइन कि एउटा मानिस मात्र हुनेछु; उनीहरूको समाजको मिठ्ठीपनलाई स्वार्थ खोजेर कहिले पनि तीतो तुल्याइनु हुँदैन । यदि मेरो धनले मबाट सम्पूर्ण मनुष्यत्वको अपहरण नगर्ने भइदिएदेखि म आफ्ना उपकार र सेवाहरूलाई बाहिर छरिदिने थिएँ, तर मेरा वरिपरि मलाई दरबारियाहरू होइनन् कि साथीहरू, शरणागतहरू होइनन् कि मित्रहरू चाहिन्छन् । मेरा मित्रहरूले मलाई संरक्षक झैं होइन कि अतिथि-सत्कारक झैं व्यवहार गरून् भन्ने मैले इच्छा गर्नुपर्दछ । स्वतन्त्रता र समानताले मेरा मित्रहरूसितका मेरा सदिच्छाको निष्कपटता राख्नेछन्; हामीहरूका बीच कर्तव्य र स्वार्थका निमित्त कुनै स्थान हुनेछैन, र हामीले आनन्द र मित्रताको सिवाय अरू कुनै नियम थाहा पाउँनु हुँदैन ।

न त कुनै मित्रलाई, न त कुनै प्रियतमालाई नै खरीद गर्न सकिन्छ । स्वास्नीमानिसहरू पैसाका निम्ति पाइन सकिन्छन्, तर त्यस बाटोले कहिले पनि प्रेमतिर लैजान सक्तैन । प्रेम बिक्रीका निमित्तको होइन पैसाले न यसलाई हिर्काएर मार्दछ । यदि कुनै मानिस साँच्चीकै सबभन्दा प्रेम-योग्य छ भने पनि उसले पैसा तिरेको भन्ने कुराले नै चिरस्थायी स्नेहलाई रोक्तछ । ऊ चाँडै नै अरू कसैका निमित्त पैसा तिर्नेछ, अर्थात् अरू कसैले उसको पैसा पाउनेछ; र प्रेमरहित, सम्मानरहित, र सच्चा आनन्दरहित स्वार्थ र कामुकतामा आधारित यो दोहोरो सम्बन्धमा स्वास्नीमानिस चाहिं गाँज्ने, बेइमान र दुःखी हुन्छे, र जस्तो उसलाई पैसा दिने मूर्खलाई ऊ व्यवहार गर्दछे त्यस्तै उसले पैसा दिएको अभागीले उसप्रति व्यवहार गर्दछ; र उसको कुनैउपर पनि प्रेम हुँदैन । जसप्रति हाम्रो प्रेम छ त्यसप्रति उदार हुनु मीठो हुन्छ, यदि त्यसले प्रेमको व्यापार गरेन भने त्यो अवश्य हुन्छ । आफूले प्रेम गरिएकी स्वास्नीमानिससँगको यस इच्छालाई प्रेमलाई तीतो नतुल्याईकन संतुष्ट तुल्याउने एउटै तरीका मात्र म जान्दछु; यो हो उसलाई आफ्नो सर्वस्व दिनु र उसैको तजबीजमा आफू रहनु । अब यो हेर्नु छ कि यस्ती स्वास्नीमानिस कोही हुन्छे या हुन्न जोसँगको सम्बन्धमा यो चाल बेबुद्धिमानीको हुनेछैन ।

जसले "लेस मेरी हो तर म लेसको होइन" भनेको थियो त्यसले मूर्ख कुरा गरेको थियो। जुन सम्पत्ति पारस्परिक छैन त्यो बिलकुल केही पनि होइन। ज्यादा-से-ज्यादा यो लिङ्ग या जातिको सम्पत्ति हो, व्यक्तिको होइन। तर जहाँ प्रेममा नैतिकता छैन अरू बाँकी कुरामा यस्तो झमेला किन गर्नु ? कुनै कुरा पनि पाउनलाई यस्तो सजिलो छैन। यस विषयमा एउटा खच्चर हाँक्ने मानिस पनि दश लाखको मालिक जत्तिकै सुखको नजीक हुन्छ।

अहो, यदि हामीले पापको अविवेक पत्ता लगाउन सक्यौं भने हामीले कति चोटि यो थाहा पाउन सक्तथ्यौं कि जब यसले आपनो मतलब हासिल गरिसक्तछ अनि यसले थाहा पाउँदछ कि यो जस्तो प्रतीत हुन्थ्यो त्यस्तो रहेनछ। निर्दोषीलाई भ्रष्ट गराउन, एउटी तरुणी लडकीलाई शिकार बनाउन, र जसको हामीले रक्षा गर्नुपर्दछ, र जो यो पहिला कदमले नै दुःखको समुद्रमा घिच्याएर लगिएकी छ जसबाट उसलाई मृत्युले मात्र छुटकारा दिन सक्तछ त्यसलाई बिगार्न किन यत्रो निर्दयी हतपत ? पशुत्व, घमंड, गलती, मूर्खता, र अरू केही होइन। यो आनन्द नै अस्वाभाविक हो, र यो जन-विचार र सबभन्दा खराब जन-विचारमा आधारित हुन्छ, किनभने यो आत्मतुच्छतामा निर्भर रहन्छ। जसले मानिसहरूमध्ये सबभन्दा नीच म छु भन्ने थाहा पाउँदछ ऊ अरूसितको तुलनादेखि डराउँदछ र म कम घृणित हुन सकूँ भनेर इच्छा गर्ने पहिला मानिस हुन्छ। जुन मानिसहरू यस्ता कल्पित सुखहरूका ज्यादै लोभी हुन्छन् ती मानिहरू सधैं आकर्षक नवयुवक हुन्छन् या हुदैनन्, ती मानिसहरू खुशी तुल्याउन योग्य हुन्छन् या हुँदैनन्, यदि तिनीहरूलाई खुशी तुल्याउन मुश्किल छ भने त्यसमा तिनीहरूलाई क्षमा हुन्छ या हुँदैन त्यो कुरा विचार गर। त्यसो होइन; राम्रो अनुहार भएको, गुण भएको र विचार भएको मानिसलाई उसको प्रियतमाको अनुभवको डर हुँदैन; पूर्ण विश्वासपूर्वक त्यसले उसलाई भन्दछ, "सुख के हो त्यो कुरा तिमी जान्दछ्यौ, त्यो मेरो निम्ति के हो र ? मेरो हृदयले मलाई विश्वास दिलाउँछ कि यो त्यो होइन।"

तर भोग-विलासद्वारा गलित भइसकेको, सौन्दर्यले रहित भएको, विवेकहीन भएको, आपनो सिवाय अरूको विचार नभएको, इज्जतको लेस मात्र पनि नभएको, जसलाई प्रेम गर्न योग्य मानिसहरूको विषयमा केही ज्ञान छ त्यस्ती स्वास्नीमानिसको दृष्टिमा कृपा पाउन असमर्थ र अयोग्य भएको बूढो मानिस एउटी लडकीसित उसको अनुभवहीनतामा व्यापार गरेर र पहिला बाजि

उसका उमङ्गहरूलाई उठाएर यी सब कुराको अभावपूर्ति गर्ने अपेक्षा गर्दछ। एउटा नवीनताको रूपमा अनुग्रह पाउने उसको आखिरी आशा हुन्छ; निःसन्देह यस इच्छाको गुप्ती अभिप्राय यही हो; तर उसको गल्ती हो; उसले उठाउन खोजेका इच्छाहरू जत्तिकै उसले उठाउने भययुक्त घृणा स्वाभाविक हुन्छ। उसको मूर्ख प्रयासमा पनि उसको गल्ती छ; आफ्ना हकहरू लिन उही प्रकृतिले नै होश राख्तछ; आफूलाई बेच्ने हरेक लडकी अब कुमारी हुन्न; उसले आफ्नो पसन्दको मानिसको हातमा आफूलाई सुम्पेकी छ, र जुनदेखि ऊ डराउँदछ त्यही तुलना ऊ गरिरहेकी छ। खरीद गरिएको सुख काल्पनिक हुन्छ, तर कम घृणित हुँदैन।

मेरो आफ्नै कुरा गरूँ भने त, धनले मलाई बदल्न सक्तछ, तर एउटा कुरा छ जसमा म कहिले पनि बदलिने छैन। यदि मसित नैतिकता र धर्म छैन भने पनि म बिलकुलै अभिरुचिहीन, विचारहीन, मृदुलताहीन हुनेछैन। यसले मलाई मेरो धन रित्ता स्वप्नहरूको पछि लागेर खर्च गर्नुबाट र मेरो पैसा र बल मलाई धोका दिने र खिसी गर्ने केटाकेटीहरूलाई शिक्षा दिनमा खेर फाल्नुबाट बचाउनेछ। यदि म जवान भइदिएको भए जवानीका आनन्दहरू खोज्ने थिएँ, तर तिनीहरूलाई रात्रसित पाइने हुनाले म धनीको भेषमा तिनीहरूलाई खोज्ने थिइनँ। यदि म मेरो अहिलेको उमेरमा भइदिएको भए त्यो अर्कै कुरा हुने थियो; म बुद्धिमानीपूर्वक आफूलाई आफ्नो उमेरका सुख आनन्दहरूमा थुनिराख्ने थिएँ; म आफूलाई आनन्द दिन सक्ने अभिरुचिहरू राख्ने थिएँ र ती अभिरुचिहरूलाई दबाउने थिएँ जसले दुःख मात्र दिन सक्तथे; म गएर आफ्नो फुलेको दाह्रीलाई युवती लडकीहरूको घृणायुक्त उपहास बनाउन दिन्नथें; मेरा तङ्ग गर्ने धापहरूले उनीहरूलाई दिक्क तुल्याउन, मलाई मर्का पर्ने ज्यादै अनुचित कथाहरू उनीहरूलाई भन्न दिन, उनीहरूले जुन कुरा सहेका थिए त्यसको बदला लिनको लागि उनीहरूले बूढो ढेडु बानरका नीच मजाहरूको बयान गरिरहेको कल्पना गर्न– यी कुराहरू म कहिले पनि सहन सक्तिनथें। तर यदि नरोकिने आदतहरूले मेरा पहिलेका इच्छाहरूलाई आवश्यकताहरूमा बदलेका भए शायद म यी आवश्यकताहरूलाई सन्तुष्ट तुल्याउने थिएँ, तर शरम र लज्जापूर्वक। म उत्कट अभिलाषा र आवश्यकताका बीचको भेद थाहा पाउने थिएँ, म एउटी सुहाउँदी प्रियतमा भेट्टाउने थिएँ र उसैसँग रहन्थें। म आफ्नो कमजोरीको व्यापार गर्ने थिइनँ र सर्वोपरि यो थाहा पाउने म एउटै मानिस मात्र लिन्थें। जब यी कुराहरूले हामीलाई असफल तुल्याउँदछन्, तब

जीवनका अरू मजाहरू हुन्छन्, जो हामीबाट उडेर जान्छन् । व्यर्थमा तिनीहरूको पछि हतारसँग दौडेर जो बाँकी रहन्छन् तिनीहरूबाट हामी आफूलाई वञ्चित गराउँदछौं । हाम्रो उमेरको साथै हाम्रा अभिरुचिहरू पनि बदलिऊन्, अब हामी मौसमहरूसितभन्दा बढी उमेरसित सरोकार नराखौं । प्रकृतिको विरुद्ध लडन्त गर्नुको सट्टा हामीले आफू जो छौं उही हुनुपर्दछ; यस्ता व्यर्थ प्रयासहरूले हाम्रो बल सिध्याउँदछन् र जीवनको ठीक उपयोगलाई रोक्तछन् ।

तल्लो श्रेणीका मानिसहरू मन्द चालका हुँदैनन्, उनीहरूको जीवन जाँगर र फुर्तीले परिपूर्ण हुन्छ; उनीहरूका मनोरञ्जनहरू धेरै प्रकारका हुँदैनन् र तिनीहरू बारंबार भइरहँदैनन् पनि; उनीहरूको परिश्रमका धेरै दिनहरूले उनीहरूका कम छुट्टीहरूमा रमाइलो गर्न उनीहरूलाई सिकाउँदछन् । परिश्रमका लामा समयहरूका बीच फुर्सतका छोटा मध्यान्तरहरूले उनीहरूको श्रेणीका आनन्दहरूमा मसला हालिदिन्छन् । धनीहरूको मुख्य अभिशाप मन्दबुद्धि र मन्द चाल हो; कीमती आमोद, प्रमोदहरूका बीच, उनीहरूलाई आनन्द दिन प्रयास गर्ने यतिका मानिसहरूका बीच मन्दबुद्धि र मन्दचालले उनीहरूलाई खान्छ र खतम गर्दछ; उनीहरूको जीवन यसबाट भाग्दैमा र यसले भेट्टाउँदैमा बित्तछ; उनीहरू असह्य भारले दबाइन्छन्; खास गरेर जो काम गर्न या खेल्न जान्दैनन् ती स्वास्नीमानिसहरू बाई भन्ने नामले ज्यादा उदासीनताको शिकार बन्दछन् । उनीहरूका लागि यसले भयङ्कर रोगको रूप लिन्छ जसले उनीहरूको विवेकको र उनीहरूको जीवनकै पनि अपहरण गर्दछ । म आफ्नो तर्फबाट भनूँ भने, पेरिसकी एउटी सुन्दरी स्वास्नीमानिसकोभन्दा बढ्ता भयङ्कर नसीब अरू कुनै जानेको छैन; एउटा राम्रो बाउन्ने जो भक्तिपूर्वक उसको सेवा गर्दछ, जो ऊ जस्तै अल्छी र स्त्रीको स्वभाव भएको हुन्छ, जसले आफ्नो मनुष्यावस्थाबाट आफूलाई दुईचोटि वञ्चित गराएको छ, जो आफ्ना सफलताहरूमा गर्व गर्दछ, र जो उनीहरूका निम्ति मानिसले कहिले पनि सहन नसक्ने अत्यन्त लामा उदास लाग्ने दिनहरू बिताउँदछ त्यसको पनि त्यो स्वास्नीमानिसको जस्तो भयङ्कर नसीब हुँदैन । प्रभुत्व, ढाँचा र रवाफहरू जो रवाफ र तालीममा निर्भर गर्दछन्, तिनीहरूले जीवनको मार्गलाई अत्यन्त दुःखी एकरूपताका सिमानाहरूभित्र थुनिदिन्छन् । जुन सुख हामीहरू अरूहरूलाई देखाउन इच्छा गर्दछौं त्यो सुख गुमेको सुख हो; यसबाट न हामीलाई मजा आउँदछ न अरूहरूलाई नै मजा आउँदछ । हँस्सी जोदेखि मानिसहरू अरू सब कुरादेखिभन्दा बढी डराउँछन् त्यो अत्याचार गर्न र दण्ड गर्न सधैं तयार

रहन्छ । हाम्रो हँस्सी गराउने तडक-भडक नै हो; यदि हामी आफ्नो ठाउँ र सुखहरू बदल्न सक्छौं भने आजका विचारहरूले हिजोका विचारहरूलाई मेट्न सक्छन्; मानिसहरूको मनमा मानो तिनीहरू कहिल्यै भएकै थिएनन् कि भने जस्तो हुन्छ; तर हामीहरू मजा मान्दछौं किनभने हरेक घण्टा र हरेक कुरामा हामी आफूलाई पयाँक्तछौं । मेरो एक मात्र दृढ नियम यही हुने थियो; म जहाँ भए तापनि म अरू कुनै कुरामा ध्यान दिने थिइनँ । मानो हिजो पनि थिएन भोलि पनि हुनेछैन भनेझैं गरी म हरेक दिनलाई यो जस्तो आउँदथ्यो उस्तै लिने थिएँ । म जनताको मानिस हुनुपर्ने हुनाले जनतासँग म खेतहरूमा काम गर्ने गाउँले हुनुपर्दछ; र यदि मैले खेतीपातीको कुरा गरें भने किसानले मलाई गिज्याएर हाँस्नु हुँदैन । म गएर गाउँमा शहर बनाउने थिइनँ, न त मेरो विकासस्थानको ढोकामा टलरीज खडा गर्ने थिएँ । कुनै रमाइलो छहारीदार पहाडको बगलमा मेरो एउटा सानो छाप्रो– हरियो खिडकीवाल झ्याल भएको एउटा सानो सेतो घर हुने थियो, र सालभरका निमित्त खरको छानो उत्तम हुन्छ तापनि म त्यसको र कालो पत्थरको छानो होइन कि टाइलको छानो हाल्ने थिएं, किनभने त्यो खरभन्दा पनि उज्यालो र राम्रो देखिन्छ, र मेरो आफ्नै गाउँमा घरहरू सधैं टायलले छाइन्छन् र यसनिम्ति तिनीहरूले मलाई मेरो जवानीका सुखी दिनहरूको केही स्मरण दिलाउँदछन् । मेरो चोकको सट्टा म एउटा कुखुरा आदि घरेलु चरा पाल्ने आँगन बनाउने थिएँ, र मेरा तबेलाहरूको सट्टा म एउटा गोठ बनाउने थिएँ र त्यो दूधका निम्ति हो जुन म मन पराउँदछु । मेरो बघैंचा भान्साको बघैंचा हुनुपर्दछ र मेरो उद्यान अगाडि बताइने जस्तै फलफूलको बघैंचा हुनुपर्दछ । जो जो यो बघैंचामा आउँदथे तिनीहरूका निम्ति फलफूल खुला हुने थियो । मेरो बघैंचेले तिनीहरूलाई नगन्न पाउँदथ्यो न जम्मा गर्न पाउँदथ्यो । म लोभी प्रदर्शनी गरेर तिम्रा आँखाको अगाडि कसैले पनि छुन साहस नगर्ने खूब राम्रा वृक्षहरूको बार देखाउने थिइनँ । तर यो सानो अतिव्यय खर्चिलो हुने थिएन, किनभने म आफ्नो वासस्थान कुनै टाढाको गाउँमा छान्ने थिएँ, जहाँ रुपैयाँ थोरै हुन्छ र खानेकुरा प्रशस्त हुन्छ, जहाँ रेलोखेलो र दरिद्रताको स्थान हुन्छ ।

त्यहाँ म धेरैभन्दा छानिएका थोरै साथीहरूको एउटा सानो जमात बनाउँदथें, जसलाई आनन्द भनेको के हो र यो आनन्द कसरी लिने त्यो कुरा थाहा हुन्छ; स्वास्नीमानिस साथीहरू पनि यस्ता होऊन् जो आफ्ना आरामी मेचहरू छोडेर मैदानमा खेल्ने खेलहरू खेल्न सक्छन्, जो लुगा बुन्ने साज या

तासहरूलाई माछा मार्ने टाँगो या चराको पासो, सिला खोज्नेको सामान या अंगूर जम्मा गर्नेको टोकरीसित साट्न सक्तछन् । त्यहाँ शहरका स्वाङहरू सबै बिर्सिनेछन्, र हामीहरू गाउँका गाउँले हुनेछौं; हामी सबै किसिमका भिन्न भिन्न खेलहरू पाउनेछौं, र भोलिको काम के हुनेछ त्यो कुरा हामी थाहा पाउनेछैनौं, व्यायाम र फुर्तिलो जीवनले हाम्रो पाचनशक्ति बढाउनेछन् र हाम्रा स्वादहरू बदल्नेछन् । हरेक छाकको खाना एउटा भोज हुनेछ, जहाँ थोरै मीठा चीजहरूभन्दा रेलोखेलो बढ्ता खुशी लाग्ने हुनेछ । खुशी, गाउँले व्यवसायहरू र मजा लाग्ने खेलहरू जस्ता मान्से संसारमा अरू हुँदैनन्, र मीठा मसिना खानेकुराका रिकाबीहरू ती मानिसहरूको दृष्टिमा बिलकुल हँस्सीयोग्य हुन्छन् जो बिहान सबेरैदेखि खडा रहन्छन् । हाम्रा खानेकुराहरू कुनै नियम या शिष्टाचारविना अघिल्तिर प्रस्तुत गरिनेछन् । हामी आपनो खाने कोठा जहाँ पनि बनाउन सक्नेछौं–बघैंचामा, डुङ्गामा, रूखमुनि, कहिलेकाहीं घरदेखि टाढा बगिरहेको खोलाको किनारमा, ताजा हरियो घाँसमाथि, निगालो र हेजेलका झाङहरूका बीच, पाहुनाहरूको लामो ताँतीले हाँस्तै र गाउँदै भोजका निम्तिका वस्तुहरू बोकेर लैजानेछन्, घाँसका चपरीहरू हाम्रा मेचहरू र टेबुल हुनेछन्, खोलाका किनारहरू हाम्रो तख्ता हुनेछन्, र हाम्रो खानापछि खाने फलफूल रूखमा झुन्डिरहेछ; रिकाबीहरू विनानियम मनलागी राखिनेछन्, रुचि या खाने इच्छालाई तडक-मडक चाहिँदैन; हामीमध्ये हरेकले पहिले आफू खान बसेर अरू हरेकले त्यसै गरेको खुशीसाथ देख्नेछ; यो हार्दिक र निर्मल बसउठबाट कुनै खस्रोपनविना, कुनै बहानाविना, कुनै लाचारीपनविना तँछाड-मछाडको हाँसो चल्नेछ जुन नम्रताभन्दा सयखण्ड बढ्ता आनन्दको हुनेछ र जसले हाम्रो मित्रतालाई बलियोसँग जोडिदिने बढ्ता सम्भावना ल्याउनेछ । हाम्रा कुराहरू ध्यान दिएर सुन्ने, हाम्रो चालचलनको समालोचना गर्दै कानेखुसी गर्ने, खाएको हरेक गाँस लोभी आँखाले हेरेर गन्ने, हाम्रो रक्सीका निम्ति हामीलाई पर्खाइराख्नमा रमाउने, हाम्रो भोज लम्बियो भनेर शिकायत गर्ने यस्ता नोकरहरू त्यहाँ हुनेछैनन् । हामी आपना मालिक हुनको निम्ति हामी आपनै नोकर हुनेछौं । समय पत्तै नपाईकन बित्नेछ; दिनको गर्मीको आरामीको मध्यान्तरमा हाम्रो खाना हुनेछ । आपनो काँधमा आपना साजहरू बोकेर आपनो कामबाट फर्किरहेको कुनै किसान हाम्रो बाटो आयो भने दयालु कुराहरूले र एक-दुई गिलाँस असल रक्सीले म उसको दिललाई प्रसन्न पार्नेछु, जुन कुराले उसलाई उसको दरिद्रता बढ्ता खुशीसँग सहनलाई मदत गर्दछ; मेरो मित्र

दिल उठेको थाहा पाएर मलाई पनि खुशी लाग्नेछ, र मैले आफ्नो मनमनमा भन्नुपर्दछ – म पनि एउटा मानिस हुँ ।

यदि जिल्लाका बासिन्दाहरू कुनै गाउँले भोजका निम्ति जम्मा भए भने म र मेरा साथीहरू पहिले त्यहाँ पुग्नेहरूमध्येका हुनेछौं; यदि शहरका बिहाहरूभन्दा धेरै कल्याणकारी बिहाका उत्सवहरू मेरो घरको नजीकै त्यहाँ मनाइने भए भने हरेकलाई थाहा हुन्थ्यो कि म मानिसहरूलाई सुखी देख्न चाहन्थें र म निम्ता गरिन्थें । म ती असल मानिसहरूलाई उनीहरू जस्तै साधा कुनै नजराना लगिदिन्थें, जुन नजराना त्यो भोजको मेरो भाग हुन्थ्यो र त्यसको बदलामा म अनमोलका नजरानाहरू पाउँदथें, जुन नजरानाहरू म शहरका मानिसहरूलाई थाहा हुँदैनथ्यो र ती हुन् स्वतन्त्रता र सच्चा आनन्द । उनीहरूको लामो टेबुलको सिरानपट्टि बसेर म आनन्दसाथ खान्थें; कुनै गाउँले गीतको सामूहिक गानमा म भाग लिन्थें र नाचघरको नाच–गानमाभन्दा बढ्ता खुशी र आनन्दसित म खलोमा नाच्तथें ।

तिमी भन्नेछौ, "यतिसम्म त खूब बेश भो, तर शिकारको बारेमा के नि ? गाउँ-ठाउँतिर कुनै शिकार पनि त हुनुपर्दछ ।" ठीक हो; म खेत मात्र चाहन्थें, तर मेरो गल्ती थियो । म कल्पना गरूँ कि म धनी छु, मैले आफ्नो मजा आफै गर्नुपर्दछ, कुनै शिकार मार्नलाई म स्वतन्त्र हुनुपर्दछ; यो बिलकुल अर्कै कुरा हो । मेरा जमिन्दारीहरू, जङ्गलहरू, पालेहरू, पोतहरू, स्वामित्वका हकहरू, खास गरेर खुशामदीहरू हुनुपर्दछ ।

बेश बेश ! तर मेरा जमिन्दारीहरूको वरिपरि यस्ता छिमेकीहरू हुनेछन् जो आफ्ना हकहरूको ईर्ष्यापूर्वक बचाउ गर्दछन् र अरूका हकहरूमा हातहाल्न जान्छन् । हाम्रा पालेहरू झगडा गर्नेछन्, र सम्भवतः उनीहरूका मालिकहरू पनि झगडा गर्नेछन्; यसको मतलब कम-से-कम बाझाबाझ, झगडा, ईर्ष्या, द्रोह, नालिश, फिराद इत्यादि हुनेछ । यो त्यसै पनि रमाइलो कुरा होइन । मेरा रैतीहरूलाई मेरा चौगडाहरू उनीहरूको अनाजमा चरेको देखेर या मेरा बनेलहरू उनीहरूका सिमीहरूका बालीको बीचमा चरेको देखेर मज्जा लाग्नेछैन । उनीहरूले शत्रुलाई मार्न साहस नगर्ने हुनाले उनीहरूमध्ये हरेकले उसलाई आफ्ना खेतहरूबाट धपाउने कोशिश गर्नेछ । दिन खेत खनजोत गर्नमा बिताएर पनि रातमा यसको रखवारी गर्नको लागि जागा रहन तिनीहरू बाध्य हुनेछन्; उनीहरूसँग रखवारी गर्ने कुकुरहरू, ढोलकहरू, सिङहरू, र घण्टीहरू हुनेछन्; उनीहरूको हल्लाले मेरो निद्रा गडबड हुनेछ । जो म इच्छा

गर्दछु त्यही गर । यी बिचराहरूको दुःखको विचार नगरीकन म रहन सक्तिनँ, र यसनिम्ति म आफूलाई दोष नदिईकन रहन सक्तिनँ । यदि म राजकुमार हुने मेरो सौभाग्य भइदिएको भए यसले मेरो मनमा कुनै प्रभाव पर्ने थिएन; तर राजकुमारको सम्पत्तिमा आइपुगेको आफ्नै परिश्रमले बनेको मानिस हुनाले म अझ दिलको अलि खस्रो छु ।

यो मात्र सब कुरा होइन; शिकार प्रशस्त भयो भने त्यसले अनधिकार प्रचेष्टाहरूलाई खिच्तछ; मैले चाँडै नै शिकार– चोरहरूलाई सजाय दिनुपर्ने हुनेछ । मलाई झयालखानहरू, तिनका हाकिमहरू, पालेहरू र नाउहरू चाहिनेछन्, यो सब मलाई निष्ठुर जस्तो लाग्दछ । यी दुःखी प्राणीहरूका स्वास्नीहरूले मेरो ढोकालाई घेर्नेछन्, उनीहरू रोएको आवाजले मेरो मन व्याकुल हुनेछ; तिनीहरूलाई धपाउनुपर्नेछ अथवा पिटपाट गर्नुपर्नेछ । त्यसपछि जो शिकार– चोर होइनन् र जसको बाली मेरा शिकारहरूले नासेका छन्, ती बिचराहरू आफ्ना शिकायतहरू लिएर आउनेछन् । कुनै मानिसहरू शिकार मारेको निम्ति मारिनेछन्, बाँकी यो यो बचाएको निम्ति सजाय गरिनेछन्; यो गरे पनि अनिष्ट ऊ गरे पनि अनिष्ट ! जतातिर पनि म दुःख सिवाय अरू केही देख्नेछैन, र रोएको आवाज सिवाय अरू केही सुन्नेछैन । जहाँसम्म म देख्न सक्तछु यसले गर्दा जुन तित्रा र खरायो बगानहरू आफ्नो खुट्टाको वरिपरि दौडने भएर सधिइसकेका छन् तिनीहरूको आफ्नो मन लागेको बेलामा शिकार गर्न कत्ति पनि मजा आउँदैन ।

यदि तिमी मनमा दुःख नलाग्ने गरी आनन्द लिन चाहन्छौ भने एकलौटी हक हुन नदेऊ; तिमी यो जति जति हरेकका निमित्त छोडिदिन्छौ, उति उति साँच्चीकै मजा तिमी पाउनेछौ । त्यस कारण जो अहिले भर्खर बयान गरें त्यो मैले गर्नु हुँदैन, तर अभिरुचिहरूलाई नबदलीकन म तिनीहरूको अनुसरण गर्ने थिएँ, जो मेरो मनलाई अलिकति पनि दुःख दिने जस्ता देखिंदैनन्, जुन जिल्लामा शिकार संरक्षण गरेर पालिंदैन र जहाँ बिनारोकटोक म आफ्नो शिकार पाउन सक्तछु, त्यहीं म आफ्नो गाउँले घर बसाल्ने थिएँ । शिकार त्यत्तिको प्रशस्त हुँदैन, तर यो पाउनलाई बढ्ता शीप चाहिन्छ र यो भेट्टाउँदा बढ्ता मजा हुन्छ । जुन हर्षले मेरा बाबा पहिला तित्रा उडेको हेर्नुहुन्थ्यो र आफूले दिनभर खोजिरहेको खरायो भेट्टाउनुहुन्थ्यो त्यो म सम्झन्छु । हो, म यो पनि बताउँदछु, एक्लै आफ्नै कुकुरको साथमा आफ्नो बन्दूक, छर्रा, गोलीहरू, र आफूले शिकार गरेको खरायोलाई पनि आफ्नो

शिकारी थैलोमा बोकेर उहाँ रात परेपछि घर आउनुभयो; त्यस बखतमा उहाँ जिउभरि काँढे-काँढाले कोरिएको र थकाइले लस्त भएको हुनुहुन्थ्यो; तर जो असल घोडामा चढेर, उनीहरूका निमित्त तयार रहेका बीस ओटा बन्दूक लिएर, खालि एकपछि अर्को बन्दूक बदलेर बिनाशीप, बिनातारीफ र प्राय: बिनाकसरत जो आफ्नो बाटोमा आउँदछ त्यो हरेक शिकारलाई बन्दूकले हान्दछन् र मार्दछन्, त्यस्ता तिम्रा मामूली शिकारीहरूसित भन्दा आफ्नो दिनको शिकारसित उहाँ बढ्ता प्रसन्न हुनुहुन्थ्यो। यसमा बढ्ता मजा हुन्छ र कठिनाइहरू हट्तछन्; कुनै जमिन्दारीलाई संरक्षण गरेर राख्नुपर्दैन, कुनै शिकार चोरलाई सजाय गर्नुपर्दैन, कुनै दु:खीहरूलाई यातना दिनुपर्दैन; यहाँ आफ्नो रोजी खँदिला ठाउँहरू छन्। तिमीले जे गरे पनि मनका अलिकति दु:खको अनुभव नगरीकन तिमी सधैं मानिसहरूलाई यातना दिन सक्तैनौ; र ढिलो चाँडो मानिसहरूको शिकारको सरापको गुनगुनाहटले स्वादलाई नाश गर्नेछ।

फेरि एकलौटीले आनन्दलाई नष्ट गर्दछ। साँच्चीका मजाहरू ती हुन् जुन हामी मानिसहरूका समूहसित बाँडेर लिन्छौं; जुन कुरा हामी आफूसँग मात्र राख्ने कोशिश गर्दछौं त्यो हामी गुमाउँदछौं। यदि मैले आफ्नो उद्यानका वरिपरि बनाएका परखालहरूले यसलाई एउटा अँध्यारो क्यालखानामा परिणत गर्दछु भने मैले धेरै खर्च गरेर आफूलाई भ्रमणको आनन्दबाट वञ्चित गरेको मात्र हुन्छु; अब मैले त्यो आनन्द टाढा खोज्नुपर्दछ। सम्पत्तिको दानवले जुन जुन कुरामा हात हाल्दछ त्यो त्यो हरेक कुरालाई नष्ट गर्दछ। धनी मानिस जहाँ पनि मालिक हुन खोज्दछ, र ऊ जहाँ छ त्यहाँ कहिले पनि सुखी हुँदैन; ऊ सधैं आफैंबाट भागिरहेको हुन्छ। त्यस कारण मैले आफ्नो दरिद्रतामा जो गरें म आफ्नो उन्नतिमा त्यही गरिरहनेछु। अबदेखिलाई आफ्नो धनमाभन्दा अरूहरूको धनमा बढ्ता धनी भएर मेरो छिमेकमा मलाई जुन मजा लाग्दछ त्यो हरेक कुरा म लिनेछु; कुनै विजेता पनि म जत्तिको दृढ इरादा भएको हुँदैन; म राजकुमारहरूका हकहरू पनि खोसेर लिन्छु; जुन मलाई खुशी लाग्छ त्यो हरेक ठाउँको अधिकार म लिन्छु; म तिनीहरूको नाम राख्तछु; यो मेरो उद्यान हो, त्यो मेरो चौतारो हो, र म तिनीहरूको मालिक हुँ; अबदेखि म आफ्नो खुशमा तिनीहरूका बीच घुम्दछु; म आफ्नो स्वामित्वका हकहरू कायम राख्नलाई बराबर फर्कन्छु, म त्यो डुल्ने जमीनको मलाई जस्तो मन लाग्दछ उस्तै प्रयोग गर्दछु, र तिमी मलाई यस कुरामा कहिले पनि विश्वास दिलाउन सक्नेछैनौ कि जुन जमीन मैले आफ्नो तुल्याएको छु त्यो

जमीनको नाम मात्रको मालिकले त्यसबाट उसलाई हुने आमदानीबाट उसको जमीनबाट जुन फाइदा म लिन सक्तछु त्योभन्दा बढ्ता फाइदा उसले लिन सक्तछ। केही परवाह छैन यदि म झाडीहरूले र खाडलहरूले रोकिएँ भने, म मेरो उद्यानलाई आपनो पिठिउँमा लिन्छु र अन्तै कहीं बोकेर लैजान्छु; यसको निम्ति नजीकैमा प्रशस्त ठाउँ हुनेछ, र मेरो स्वागतको ठाउँ छोड्नेभन्दा धेरै नै अघि म मेरा छिमेकीहरूलाई लुट्न सक्तछु।

यो हाम्रा फुर्सतका समयहरूमा गरिने दिलबहलाउका कामहरू रोजनमा असल अभिरुचि जुन हुन्छ त्यसको अर्थ के हो त्यो देखाउने प्रयास हो; आनन्द मनाउनु भन्ने कुराको तत्त्व यही हो; अरू सब भुलभुलैया, कल्पना र मूर्ख घमण्ड हो। जसले यी नियमहरूको पालन गर्दैन त्यो जतिसुकै धनी भए तापनि त्यसले आपनो सुनको उपभोग गोबरको पहाडमा बसेर गर्नेछ, र जीवन रहनु भन्ने कुरा के हो त्यो कहिले पनि जान्नेछैन।

अवश्य नै तिमी भन्नेछौं कि यस्ता आमोद-प्रमोदहरू सबैका पहुँचभित्र पर्दछन् र तिनीहरूको भोग गर्नलाई हामी धनी हुनुपर्दैन। म पनि त त्यही कुरामा आइरहेछु। आनन्द हाम्रो हुन्छ जब हामी यो चाहन्छौं, र यो सामाजिक गलत विचार नै हो जसले हरेक कुरा प्राप्त गर्न कठिन तुल्याउँदछ, र हाम्रै अगाडि आनन्दलाई धपाइदिन्छ। सुखी हुन जस्तो यो प्रतीत हुन्छ त्यसभन्दा सय खण्ड बढ्ता सजिलो हुन्छ। यदि ऊ साँच्चीकै आनन्द मनाउन इच्छा गर्दछ भने अभिरुचि हुने मानिसलाई धनको दरकार हुँदैन; उसलाई जे जति चाहिन्छ त्यो हो स्वाधीन हुनु र आपनै मालिक हुनु। यदि हामीले हाम्रा गलत विचारहरूलाई हटायौं भने स्वास्थ्य र दैनिक रोटीले हामी प्रशस्त धनी छौं; होरेसको "सुनौला माध्यम" यही हो। बलिया थैलावाल तिमी मानिसहरू आपनो धनको अरू नै प्रयोग पाउँदछौ, किनभने यसले तिमीहरूलाई आनन्द किनिदिन सक्तैन। एमिल यो कुरा मैले जत्तिकै राम्रोसँग जान्दछ, तर उसको हृदय झन् पवित्र र झन् स्वस्थ छ, त्यस कारण उसले यो झन् मजबूतसँग थाहा पाउनेछ, र समाजमा उसले जति कुरा देखेको छ ती सबैले उसको विचारलाई झन् दृढ तुल्याउनेछन्।

हाम्रो समय यसरी लगाइरहेको बेलामा हामी सधैं सोफीको खोजमा छौं, र हामीले अझ उसलाई पाएका छैनौं। ऊ ज्यादै सजिलोसँग पाइनुपर्दछ भन्ने कुरा वान्छनीय थिएन र जहाँ हामीले उसलाई पाउनु हुँदैन भन्ने कुरा मलाई थाहा थियो त्यहीं उसलाई खोज्न मैले होशियारी गरेको छु।

त्यो समय आइपुग्यो; अब हामीले उसको साँच्ची खोजी गर्नुपर्दछ, नत्रभने एमिलले भूलले अरू कसैलाई सोफी भनी ठान्नेछ, र ज्यादै ढीलो भएपछि उसले आफ्नो गल्ती पत्ता लगाउनेछ। तब ए पेरिस शहर, टाढा-टाढासम्म नाम फैलिएको ए पेरिस शहर, तेरा सब हल्लाखल्ला, धूवाँ र फोहोर मैला समेत तँलाई सलाम! जहाँ स्वास्नीमानिसहरूले इज्जतमा र लोग्नेमानिसहरूले धर्ममा विश्वास गर्न छोडिसकेका छन्। हामी प्रेम, सुख, निर्दोषताको खोजीमा छौं; पेरिसबाट हामी जति जति टाढा जान्छौं उति उति बेश हुन्छ।

समाप्त

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान